# महालेखापरीक्षकको
# सन्ताउन्नौं वार्षिक प्रतिवेदन
# २०७७




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# सन्ताउन्नौं वार्षिक प्रतिवेदन
# २०७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

नेपालका
महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७६।७७
च.नं. ६०

विषयः **सन्ताउन्नौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७७ साल आषाढ ३१ गते, बुधबार

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सँगठित संस्था र संघीय कानुन बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा आर्थिक वर्ष २०७५।७६ र पेश भएसम्मको सो भन्दा अघिको बक्यौतासमेतको लेखापरीक्षण सम्पन्न गरी नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष यो प्रतिवेदन पेस गरेको छु । यो प्रतिवेदन मेरो कार्यकालको तेस्रो प्रतिवेदन हो । यस प्रतिवेदनमा संघीय सरकार, प्रदेश तथा स्थानीय तहका लेखापरीक्षण गर्दा देखिएका सारभूत व्यहोराहरु खण्डगत रुपमा समावेश गरिएको छ ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गरेको छु । यस वर्ष स्थानीय तह ७५३ मध्ये ७४३ को लेखापरीक्षण भई १० स्थानीय तहको लेखापरीक्षण बक्यौता रहेको छ भने ४ स्थानीय तहको वक्यौताको समेत लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम प्रतिवेदन जारी गरिएको छ । सँगठित संस्था र कार्यमूलक तथा विशेष लेखापरीक्षणबाट देखिएका व्यहोराहरु सम्वन्धित मन्त्रालयगत ब्यहोरामा समावेश गरिएको छ । त्यसैगरी सार्वजनिक निकायबाट भएका कामकारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार पारिएको छ ।

## लेखापरीक्षणको आधार र विधि

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, संघ, प्रदेश तथा स्थानीय तहका सम्वन्धित ऐन, नियम, नीति, योजना, महालेखापरीक्षकबाट जारी भएका आचारसंहिता र अन्य निर्देशिका, सरकारी लेखापरीक्षणमान, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (ईन्टोसाई) द्वारा प्रतिपादित मानदण्ड तथा असल अभ्यासको समेत अनुशरणगरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा संघ र प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृत तथा सँगठित संस्थाका जिम्मेवार पदाधिकारीहरुसँग नियमित छलफल र अन्तरक्रिया गरेको छु । केही प्रदेश र जिल्लामा म स्वयं उपस्थित भई माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय मन्त्रीहरु, सार्वजनिक लेखा समितिका माननीय सभापति तथा सदस्यहरु लगायत संघ, प्रदेश र स्थानीय तहका जिम्मेवार पदाधिकारीहरुसँग समेत छलफल तथा अन्तरक्रिया गरिएको छ ।

यस वर्ष वार्षिक लेखापरीक्षण योजना र समयतालिकावारे नेपाल सरकारका मुख्य सचिव मार्फत सबै तहका सरकारी निकायहरुलाई जानकारी गराई चरणबद्धरुपमा लेखापरीक्षण सम्पन्न गरिएको थियो । लेखापरीक्षण मुख्यतया जोखिममा आधारित भई मन्त्रालयगत तथा इकाईगत लेखापरीक्षण योजना तयार गरी सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा लाभग्राही समूह र सरोकारवालालाई समेत सम्मिलित गराई लेखापरीक्षण कार्यलाई गुणस्तरीय बनाउने प्रयास गरिएको छ । लेखापरीक्षकको आचारसंहिता पालना गर्न गराउन तथा लेखापरीक्षणमा गुणस्तर र एकरुपता कायम गर्न अनुगमन एवं सुपरिवेक्षण कार्यलाई विशेष प्राथमिकता दिइएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरु सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीलाई जानकारी गराइएको र प्राप्त प्रतिकृया समेतका आधारमा फछ्र्यौट हुन नसकेका विषयहरु प्रचलित कानुन बमोजिम लेखाउत्तरदायी अधिकृत

र सम्बन्धित विभागीय मन्त्रीलाई समेत उपलब्ध गराइएको थियो । उक्त प्रक्रिया अवलम्बन गर्दा समेत फछ्र्यौट हुन नसकेका व्यहोराहरु यस प्रतिवेदनमा समावेश गरेको छु ।

यस प्रतिवेदनका ६ परिच्छेद अन्तर्गत लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, लेखापरीक्षणबाट देखिएका समान व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ । स्वीकृत योजना तथा कार्यतालिका अनुसार २०७६ चैत्र मसान्तसम्ममा सम्माननीय राष्ट्रपतिज्यू र प्रदेश प्रमुखज्यूहरु समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने योजनामा विश्वव्यापीरुपमा देखा परेको कोरोना भाइरसको संक्रमण नियन्त्रण र रोकथामका लागि भएको बन्दाबन्दी गरिएका कारणले प्रतिवेदन पेश गर्ने कार्य तोकिएको समयभन्दा झण्डै तीन महिना ढिला हुन पुगेको छ ।

## लेखापरीक्षण अंक र बेरूजु

यस वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सँगठित संस्था, समिति र अन्य संस्था, जिल्ला समन्वय समिति समेतको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सोमध्ये ३ हजार ११० संघीय सरकारी निकाय र ७७ जिल्ला समन्वय समिति समेतको रु.१७ खर्ब ४२ अर्ब ८७ करोड लेखापरीक्षणबाट रु.७१ अर्ब ६ करोड अर्थात् ४.०८ प्रतिशत बेरुजू देखिएको छ । प्रदेशतर्फ ९९८ कार्यालयको रु.१ खर्ब ८९ अर्ब २५ करोडको लेखापरीक्षणबाट रु.८ अर्ब २० करोड अर्थात् ४.३३ प्रतिशत र यस वर्षको ७४३ र बक्यौता ४ समेत ७४७ स्थानीय तहको रु.७ खर्ब ४० अर्ब ६५ करोडको लेखापरीक्षणबाट रु.३८ अर्ब १३ करोड अर्थात् ५.१५ प्रतिशत बेरुजू देखिएको छ । यस्तै संगठित संस्था, र अन्य समितिको रु.२४ खर्ब ८५ अर्ब ७० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको अतिरिक्त ३२ सँगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रु.९ खर्ब ५० अर्ब ८५ करोडको लेखापरीक्षण भएको छ । सो समेत यसवर्ष रु.६१ खर्ब २२ अर्ब ४९ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोड रहेकोमा फछ्र्यौट गरिएको अङ्क घटाई यो वर्ष थप भएको रु.४० अर्ब ८४ करोडसमेत रु.४ खर्ब १८ अर्ब ३२ करोड अद्यावधिक बेरुजू बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.७ अर्ब ४८ करोड असुल भएको छ । अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गतवर्षसम्म रु.६ खर्ब ८३ अर्ब ६६ करोड रहेकोमा विगतको बेरुजू फछ्र्यौटमा भएको वृद्धि, राजश्व बक्यौता समायोजन एवं असुली, सोधभर्ना प्राप्तिमा सुधार लगायतका कारण यसवर्ष केही कमी भई रु.६ खर्ब ६४ अर्ब ४४ करोड कायम भएको छ ।

## आर्थिक अनुशासन

संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलना गर्दा आर्थिक वर्ष २०७३।७४ र २०७४।७५ मा लेखापरीक्षण अङकको तुलनामा क्रमशः ५.४१ र ५.२९ प्रतिशत बेरुजू रहेकोमा यो वर्ष ४.०५ प्रतिशत कायम भएकोले बेरुजू प्रतिशत क्रमिकरुपमा घटेको छ । त्यसै गरी संघीय सरकारी कार्यालयको यस वर्ष रु ८३ अर्ब ४८ करोड २९ लाख बेरुजू फछयौंट भएको छ । गतवर्ष भन्दा यस वर्ष रु.३५ अर्ब बेरुजू घटेको छ । गतवर्ष यसै अवधीमा संघीय कार्यालयतर्फ रु ४६ अर्ब ४८ करोड फछयौंट भएकोमा यस वर्ष रु ३७ अर्ब बढी बेरुजू फछायौंट भएको छ । संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत घटनु र फछयौंटको अंक वृद्धि हुनु आर्थिक अनुशासन पालनाको स्तरमा सुधार हुन लागेको संकेतको रुपमा लिएको छु ।

प्रदेश सरकार तर्फ यो वर्ष लेखापरीक्षण अंकको तुलनामा ४.३३ बेरुजू देखिएको छ, जुन गत वर्ष ७.२५ प्रतिशत रहेको थियो । गत वर्ष भन्दा प्रदेशको बेरुजू प्रतिशत घटेको छ । त्यस्तै स्थानीय तह तर्फ यस वर्ष

लेखापरीक्षण अंकको ५.१५ प्रतिशत बेरुजू रहेको छ । गत वर्ष लेखापरीक्षण अंकको ४.२२ प्रतिशत बेरुजू रहेको थियो । गतवर्षको तुलनामा स्थानीय तहमा रु १३ अर्ब ९९ करोड बेरुजू बढेको छ । यस बिश्लेषणबाट स्थानीयतहको वित्तीय प्रशासनमा सुधार गर्नुपर्ने देखिन्छ ।

## लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरु

संघ, प्रदेश र स्थानीय तहतर्फ मन्त्रालय र निकायगत रुपमा वित्तीय, परिपालना तथा कार्यसम्पादन स्थिति समेत झल्कने गरी प्रत्येक मन्त्रालय तथा निकायहरुको छुट्टा छुट्टै व्होरा उल्लेख गरेको छु । केही निकायहरुको उल्लेख्य बेरुजू नदेखिएको हकमा सोही व्यहोरा प्रतिवेदनमा समावेस गरेको छु । केही सुधार गर्नुपर्ने मूख्य व्यहोरा तपसिलमा प्रस्तुत गरेको छु ।

## संघीय सरकार

संघीय सरकारी निकायहरु तर्फ मूलत बजेट कार्यान्वयनमा अनुशासन कायम गर्न बजेट निर्माण, कार्यान्वयन र नियन्त्रणसँग सम्बन्धित कृयाकलापमा सुधार, विकास सहायता नीति अनुरुप सबै बैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गरी परिचालन एवं लेखापरीक्षण गराउनुपर्ने देखिन्छ । आयोजना व्यवस्थापनमा सुधारको लागि लागत लाभ विश्लेषण गरी योजना छनौट एवं प्राथमिकीकरणमा जोड दिनुपर्ने, परियोजना बैंकको प्रभावकारी कार्यान्वयन गर्ने, राष्ट्रिय गौरव र अन्य आयोजनाहरु समयमै सम्पन्न गर्न विशेष पहल गर्ने, वर्षान्तमा हुने अत्यधिक खर्च नियन्त्रण गर्ने, आयोजना संचालनमा संलग्न व्यवस्थापकीय पदाधिकारीको जवाफदेहिताको मूल्यांकन गर्नुपर्ने लगायतका विषयमा सुधार गर्नु पर्दछ । सरकारी, निजी तथा व्यापारिक क्षेत्रको लागि आवश्यक राष्ट्रिय निर्माण क्षमताको आंकलन गरी क्षमता अभिवृद्धि गरिनु पर्दछ । यसैगरी सरकारी निकायहरुमा अध्ययन अनुसन्धान तथा पद्धति विकासका कार्यले प्राथमिकता नपाएको स्थितिले समग्र कार्य प्रकृयामा सुधार एवं नवीनतम प्रबिधि भित्र्याउन नसकेको स्थिति निराकरण गर्न योजनाबद्ध तवरले अध्ययन र अनुसन्धानका कार्य अगाडि बढाउनुपर्ने देखिन्छ । सार्वजनिक खरिद व्यवस्थापनमा पर्याप्त प्रतिस्पर्धा र निर्माण कार्यको गुणस्तर सुनिश्चितता जस्ता विषयहरुमा सुधार हुनुपर्ने देखिएको छ । सार्वजनिक खरिदलाई बढीभन्दा बढी योजनावद्ध बनाई खरिद योजना, वार्षिक कार्यक्रम तथा मध्यकालीन खर्च संरचनासँग तादात्म्यता हुने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षणमा समुचित ध्यान दिनुपर्ने देखिएको छ ।

राजस्व प्रशासनमा राजस्वको असुली प्रत्येक वर्ष वृद्धि हुँदै गए तापनि अझ पनि राजस्वको महत्वपूर्ण हिस्सा आयातबाट प्राप्त हुने राजस्वले ओगटेकोले आन्तरिक राजस्वको हिस्सा थप वृद्धि गर्न सबै आर्थिक कृयाकलापलाई करको दायरामा ल्याउनु पर्ने देखिएको छ । खासगरी अर्थतन्त्रको अनौपचारिक क्षेत्रलाई व्यवस्थित गरी करको दायरा वृद्धि गर्न सकिन्छ । राजस्व असुलीको तुलनामा चालु खर्च अत्यधिक हुने गरेको अवस्था रहेकोले संघीयता अनुसार संस्थागत तथा सँगठनात्मक सुधार गरी अनुत्पादक तथा बितरणमुखी खर्च नियन्त्रण गरिनु पर्दछ । सवारी साधन खरिद, विदेश भ्रमण, उत्सव समारोह लगायतमा हुने जलपान तथा विविध खर्च नियन्त्रण गर्नु आवश्यक छ ।

संविधानको मर्म र भावनामा प्रतिकूल असर नपर्ने गरी संघीयता कार्यान्वयनको सिलसिलामा संघ, प्रदेश र स्थानीय तहमा दोहोरो नपर्ने गरी संरचना स्थापना र कार्यक्रमहरु संचालन गरिनु पर्दछ । सार्वजनिक निकायहरुको प्रभावकारिता, कार्यदक्षता अभिवृद्धि र खर्च कटौतीका लागि सरकारी निकायहरु एक अर्कामा गाभ्ने वा खारेज गर्ने सम्मका उपायहरु अपनाउनु पर्ने देखिन्छ । सार्वजनिक खर्च व्यवस्थापनमा सुधार गर्दै चालु खर्चलाई वाञ्छित सीमामा राखी पूँजी निर्माणमा वृद्धि गर्ने, तीव्र समावेशी र दिगो आर्थिक विकास हासिल गर्न तीनै तहका सरकारको

कानुनी, संस्थागत, नीतिगत र सञ्चालनगत सामन्जस्यता कायम हुने गरी योजना तर्जुमा एवं कार्यान्वयन गर्नु आवश्यक छ ।

सार्वजनिक निकायको लेखाङ्कन तथा वित्तीय प्रतिवेदन प्रणालीमा समय सापेक्ष सुधार गरी सार्वजनिक कोषको यथार्थता, पारदर्शिता र विश्वसनीयता अभिवृद्धि गरिनु पर्दछ । नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को आधारमा सबै तहको वित्तीय कारोवार समेटी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्दछ । साथै चालू र पूँजीगत खर्च गणना एवं वित्तीय हस्तान्तरणको दोहोरो खर्च गणना पद्धतिमा सुधार गर्नुपर्ने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने एवं आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु पर्दछ ।

विभिन्न वर्ग, उमेर, समुह, जात, उपेक्षित, उत्पीडितलाई राज्यले सुरक्षा प्रदान गर्न सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरुलाई एकीकृत नीति र संस्थागत संरचना अन्तरगत प्रभावकारी तबरले सञ्चालन गर्नुपर्ने देखिएको छ । कृषि, उद्योग, व्यवसाय लगायतलाई प्रोत्साहन गर्न दिइने अनुदानलाई नतिजामुखी बनाई अनुगमनलाई बढावा दिनुपर्दछ । सबै सार्वजनिक निकायहरुले सेवाग्राहीका मागका आधारमा उपलब्ध सार्वजनिक श्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी तथा दक्षतापूर्ण बनाइनुपर्दछ । जनतालाई प्रत्यक्ष सेवा प्रवाह गर्ने निकायहरुमा सेवाको स्तर र समय तथा सेवा प्रदायकको व्यवहारमा ठोस सुधार हुनपर्ने देखिन्छ । सार्वजनिक स्वास्थ्य, शिक्षा, खाद्य पदार्थ लगायतका आम नागरिकको दैनिक जीवनसँग सम्वन्धित सेवाहरुको नियमन गर्ने जिम्मेवारीमा रहेका निकायहरुलाई सबलीकरण गरी प्रभावकारी नियमनको व्यवस्था मिलाउनुपर्दछ । यस प्रयोजनको लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहका अधिकांश निकायमा सूचना प्रविधि प्रणालीको प्रयोग भैरहेको सन्दर्भमा यस प्रविधि मार्फत सेवा प्रवाह, सूचना संकलन, आदान प्रदान, पारदर्शिता र अनुगमन लगायतका विषयलाई समय र लागत प्रभावी बनाउनु आवश्यक देखिएको छ ।

संघ, प्रदेश र स्थानीय तहको पूर्ण स्वामित्वमा रहेका संस्था र अधिकांश स्वामित्व भएका सँगठित सार्वजनिक संस्थाहरुको आर्थिक कारोबार वार्षिक करिब २५ खर्व रुपैया बराबरको हुने गरेको छ । धेरैजसो संस्थाहरुको संचालन स्थिति र त्यसबाट प्राप्त उपलब्धि उद्देश्य अनुरुप रहेको छैन । सँगठित सार्वजनिक संस्थाहरु वाहेक समान प्रकृतिको कार्य गर्ने धेरै संख्यामा समिति, बोर्ड, प्रतिष्ठान, कोष लगायतका संस्थाहरु समेत सञ्चालनमा रहेका छन । संघीय सरकारका मन्त्रालय, विभाग र कार्यालयको कार्यसँग दोहोरो पर्ने कार्यक्षेत्र भएका संस्थाहरु समेत रहेको देखिएकोले सँगठीत संस्थाहरु स्थापनाको उद्देश्य अनुरुप संचालन भए नभएको मूल्यांकन गरी संस्थाको आवश्यकता र योगदानका आधारमा खारेज गर्ने, एक आपसमा गाभ्ने वा सन्चालनको प्रारुपबारे विकल्प सोच्नुपर्ने देखिएको छ ।

## सार्वजनिक जवाफदेहिता

सार्वजनिक जवाफदेहिता र कठोर आर्थिक अनुशासनले मात्र सार्वजनिक प्रशासन र लोकतन्त्र प्रति जनताको विश्वास बढ्ने भएकोले सार्वजनिक निकायका पदाधिकारीलाई बढीभन्दा बढी जवाफदेही बनाई आर्थिक अनुशासन अभिवृद्धि गर्नु अपरिहार्य छ । अनियमित कारोबार गर्ने जिम्मेवार पदाधिकारी उपर समयमै कारबाही गर्ने, कार्यसम्पादन मूल्याङ्कन र सम्बन्धीत कर्मचारीबाट सम्पादित कार्यबीच सम्बन्ध स्थापित गर्ने, क्षमता योग्यता र सदाचारयुक्त व्यवहारको आधारमा कामको जिम्मेवारी तोक्ने, महालेखापरीक्षकले औँल्याएका सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र वित्त व्यवस्थापनका विषयहरुमा तत्काल सुधार गरी जवाफदेहीतापूर्ण वातावरण तयार गर्नुपर्दछ । बेरुजूको लागि जिम्मेवार नहुने तथा वित्तीय अनुशासन कायम नगर्ने सवै सार्वजनिक जवाफदेहीको

पदमा रहने व्यक्तिहरुको अभिलेख राखी विगतको वित्तीय अनुशासन पालनाको स्थिति विश्लेषण गरेर मात्र भविष्यमा विशेष जिम्मेवारी दिने व्यवस्था गरिनु पर्दछ ।

## प्रदेश सरकार

प्रदेश अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मुख्य रुपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी वमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरमा सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्न एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गरिनुपर्ने देखिएको छ । प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्नुपर्ने, राजस्व संकलनलाई प्रभावकारी बनाई संघीय सरकारबाट प्राप्त हुने अनुदान प्रतिको निर्भरतालाई न्यूनीकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययीता सम्बन्धी नीतिलाई प्रभावकारी बनाउने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्न संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्दछ ।

विकास निर्माणतर्फ परियोजना बैंकको कार्यान्वयन, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरु सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनामा लगानी नगर्ने, अनुदान र सहायता जस्ता बितरणमुखी कार्यक्रमहरुमा बजेट परिचालित गर्दा उपलव्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने, उपभोक्ता समितिहरुबाट काम गर्ने गराउने प्रवृत्तिले प्रश्रय पाएको र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरु समेत उपभोक्ता समितिबाट गराउने प्रकृयामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## स्थानीय तह

स्थानीय तहको लेखापरीक्षणबाट मूलतः स्थानीय तहलाई प्राप्त हुने अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँड, अनुदानको प्रक्षेपण यथार्थपरक बनाउनु पर्ने तथा आन्तरिक आय परिचालन बढाई संघीय अनुदान प्रतिको निर्भरता घटाउने, बजेट अनुशासनको पालना गर्दै अबण्डा बजेट राख्ने प्रचलन नियन्त्रण गर्ने, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने प्रवृत्ति रोक्ने, प्रशासनिक खर्च घटाउने र अनुत्पादक तथा वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी विकास निर्माण तर्फ दिगोपना बेगरका टुक्रे योजना छनौट नगर्ने, योजना तर्जुमा तथा कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने र दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरी आबधिक योजना तथा बजेटसँग तालमेल मिलाउनुपर्ने देखिन्छ ।

स्थानीय तहको आन्तरिक व्यवस्थापन तर्फ, आवश्यक जनशक्ति अभाव रहेको देखिएकोले सीपयुक्त जनशक्तिको व्यवस्था गरी सेवा प्रवाहमा सुधार गर्नु पर्ने, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख राख्ने, तोकिएको ढाँचामा संचितकोषको हिसाब तयार गर्ने एवं प्रचलित कानुन बमोजिम आय र व्ययको प्रदेश तथा संघमा प्रतिवेदन हुने व्यवस्था मिलाउनु पर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्ने छुट्टै संयन्त्रको व्यवस्था गरी हालको स्वार्थ बाझेको स्थितिमा सुधार गरिनु पर्दछ । साथै गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी बेरुजू फछ्यौंट र आर्थिक अनुशासन पालनामा ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

## लेखापरीक्षणमा चुनौती

स्थापनाकाल देखि नै महालेखापरीक्षकले सार्वजनिक क्षेत्रमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्दै आर्थिक अनुशासन कायम गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । महालेखापरीक्षकको सार्वजनिक रुपमा उपस्थिति, पहिचान र प्रतिष्ठा अभिवृद्धि भईरहँदा चुनौतीहरु पनि थपिएका छन् । कार्यालयसँग मानवीय र भौतिक क्षमता सीमित रहेको छ । उपलव्ध सीमित क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको

वृद्धि, आर्थिक अनुशासन पालनामा आएको ह्रास, सूचना प्रविधीमा भएको विकास र यसले पारेको प्रभाव, वित्तीय कारोबारको प्रवृत्ति, प्रकृति र लेखांकनमा आएको परिवर्तन, कोरोना भाईरसको महामारी लगायत विपद् र आपतकालीन घटनाहरुको वृद्धि, जलवायु परिवर्तन तथा त्यसको प्रभाव, दिगो विकासको लक्ष्यको प्राप्ती र विकास प्रशासन संचालनमा आएको विविधता जस्ता विषयहरु समेटी मुलुकको शासकीय प्रणालीमा आएको परिवर्तनसँगै संघ, प्रदेश र स्थानीय तहको गुणस्तरीय लेखापरीक्षण कार्य सम्पन्न गर्न चुनौतीपूर्ण छ ।

लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक र प्रभावकारी बनाउन वित्तीय र नियमितताको अतिरिक्त केही राष्ट्रिय महत्वका विषयहरु छनौट गरी कार्यमूलक लेखापरीक्षणको संख्या वृद्धि गर्ने तथा वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण लगायतका विधिहरुको अवलम्बन तथा लेखापरीक्षणमा नागरिक र सम्वद्ध पक्षहरुको सहभागिता अभिवृद्धि गर्ने योजना रहेको छ । नेपालको संविधानले निर्दिष्ट गरे बमोजिमको जिम्मेवारीका आधारमा निष्पक्ष एवं स्वतन्त्रतापूर्वक आधुनिक विधि र प्रक्रिया अवलम्वन गरी विश्वसनीय एवं भरपर्दो लेखापरीक्षणको माध्यमबाट सार्वजनिक वित्तीय व्यवहारमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्दै आर्थिक अनुशासन कायम गर्न गराउन आगामी दिनमा समेत अग्रणी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

## कोरोना भाईरसका कारण सिर्जित परिस्थिति

विश्वव्यापी रुपमा देखिएको कोरोना भाइरस महामारीका कारण आगामी वर्षको लेखापरीक्षण कार्य जटिल देखिएको छ । अहिले विश्वव्यापी रुपमै कोरोना महामारी पश्चात्को लेखापरीक्षणको विधि र प्रक्रियाको सन्दर्भमा अध्ययन, अनुसन्धान र विश्लेषणहरु भइरहेका छन् । हामी पनि अबको हाम्रो लेखापरीक्षणको विधि र प्रकृया कस्तो हुने भन्ने सम्बन्धमा अध्ययनरत छौं । यस विशिष्ट परिस्थिति समेतको मूल्यांकन गरी लेखापरीक्षण विधि र प्रकृयाहरु परिमार्जन गर्नु जरुरी छ ।

कोरोना महामारीको विषम परिस्थिति मध्यनजर गर्दा आगामी लेखापरीक्षण कार्यमा समेत आवश्यक सामाजिक दुरी सहितको उच्च स्वास्थ्य सतर्कता र सावधानी अपनाउनु पर्ने हुन्छ । यस्को लागि अधिकाधिक रुपमा सूचना प्रविधिको प्रयोग गर्दै दूर लेखापरीक्षण (Remote Audit) को माध्यमबाट लेखापरीक्षणको कार्य सम्पादन गर्नुपर्ने वाध्यात्मक परिस्थितिको सिर्जना हुने देखिएको छ । यो प्रतिवेदन तयारीको क्रममा अधिकांश कार्यहरु सूचना प्रविधिको प्रयोगलाई महत्वपूर्ण विकल्पका रुपमा लिई सम्पादन गरिएको छ ।

कोरोना भाईरस नियन्त्रण तथा रोकथाम सम्बन्धमा सवै तहका सरकार र नियामक निकायहरुबाट भए गरेका कार्यहरु, राहत तथा सुविधाका प्याकेजहरुको सम्वन्धमा यथाशीघ्र विशेष लेखापरीक्षण गरी सो को छुट्टै प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने सोच बनाएको छु । यस लेखापरीक्षण गर्न महालेखापरीक्षकले तय गर्ने लेखापरीक्षण विधि र पद्धति, तरिका, समय र क्षेत्र तथा त्यसका निमित्त आवश्यक पर्ने स्रोत सधान र सूचनाको उपलब्धता लगायतका विषयमा सम्बन्धित निकायहरुबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

नेपालको महालेखापरीक्षकले स्वदेशमा मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा समेत सम्मानजनक उपस्थिति र पहिचान बनाएको छ । नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन र एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको सदस्य रही एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको गभर्निङ्ग बोर्डको सदस्य रहेको छ । नेपालमा महालेखापरीक्षकको कार्यालयको आयोजनामा धेरै वटा अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरु संचालन भएका छन् । अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका कार्यक्रममा नेपालको

सहभागिता रहने गरेको छ । सार्कको लेखापरीक्षण गर्न कार्यालयका कर्मचारी समेत खटाइएको छ । यस प्रकारका अन्तर्राष्ट्रिय उपस्थितिले आपसी अनुभव आदन प्रदान गरी दक्षता अभिवृद्धि हुनुको साथै अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थिति र साख समेत बढेको छ ।

## संसदीय समिति एवं सरोकारवालासँगको सम्बन्ध

लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धि गर्न संसदीय समिति एवं सरोकारवालाको सम्बन्धको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लेखापरीक्षणको प्रतिवेदन संघीय र प्रदेश सार्वजनिक लेखा समिति तथा स्थानिय तहको लेखा समितिमा छलफल भै निक्यौल हुने भएकाले महालेखा परीक्षकको कार्यालय र समिति एक आपसमा समन्वयात्मक ढंगले अगाडि बढेमा मात्र बित्तिय सुशासन कायम गर्न सहयोग पुग्दछ । मैले संघीय संसद र प्रदेश सभा अन्तगतका सार्वजनिक लेखा समितिलगायत संसदीय समितिहरुसँग निकटतम् सम्बन्ध कायम गर्दै निरन्तर छलफल, सम्पर्क एवं समन्वय गरी कार्य गर्ने प्रयास गरेको छु । संसदीय समितिहरुले गरेका अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्षहरु र निणर्य समेतलाई लेखापरीक्षण आधारको रुपमा लिने गरिएको छ । सार्बजनिक लेखा समितिहरुले समेत महालेखापरीक्षकको प्रतिवेदनलाई अपनत्व ग्रहण गरी छलफल एवं निश्र्यौल गर्ने गरेको अवस्था छ । संवैधानिक निकायबीच एक आपसमा समन्वय एवं सूचना आदनप्रदान गर्ने ब्यबस्था मिलाउन सकेमा सुशासन प्रवर्द्धनमा थप टेवा पुग्ने देखिन्छ । साथै अन्य सरोकारवाला, सञ्चार माध्यम र नागरिक समाजका संस्थाहरुको सहयोग र समन्वयबाट समेत लेखापरीक्षणको गुणस्तर एवं प्रभाव अभिवृद्धि गर्न सकिने सम्बन्धमा कार्यालयले जोड दिएको छ ।

## महालेखापरीक्षकको स्वतन्त्रता

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गरी यसको प्रभावकारिता बढाउन सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्तावअनुसार सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । महालेखापरीक्षकको कार्यालयमा नेपाल लेखापरीक्षण सेवाका निजामती कर्मचारी रहने व्यवस्था छ र सो सेवाको संचालन नेपाल सरकार अर्थ मन्त्रालयबाट हुने गरेको छ । साथै बित्तिय स्रोतको लागि समेत कार्यकारी निकायमा नै निर्भर रहनुपर्ने अवस्था छ । सो व्यवस्था अन्तर्राष्ट्रिय मान्यता अनुकूल नदेखिएकोले महालेखापरीक्षकलाई पर्याप्त वित्तीय एवं कर्मचारी व्यवस्थापन सम्बन्धी स्वतन्त्रता प्रदान गर्न आवश्यक कानुनी व्यवस्था मिलाउन जरुरी छ ।

महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण ऐन र सरकारी लेखापरीक्षणको अन्तर्राष्ट्रिय मान्यता तथा सिद्धान्तहरु र महालेखापरीक्षकले स्वीकृत गरेको लेखापरीक्षण योजना र जोखिमको आधारमा लेखापरीक्षण गर्ने गर्दछ । लेखापरीक्षणको क्रममा कतिपय श्रेस्ता वा कारोबारमा जालसाजी, किर्ते वा भ्रष्टाचारजन्य कृयाकलापहरु समेत हुनसक्ने जोखिमलाई विश्लेषण गरी सोही अनुसार कार्ययोजना बनाउन जरुरी छ । यस सम्बन्धमा जनचेतना अभिवृद्धि गरी सरकारी लेखापरीक्षकको मनोवल उच्च बनाउनुपर्ने देखिएको छ । लेखापरीक्षण ऐन, २०७५ मा लेखापरीक्षण भन्नाले सम्परीक्षण समेतलाई जनाउने प्रष्ट ब्यवस्था गरिएको छ । तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा फरक ब्यबस्था भएका कारण लेखापरीक्षकले नै सम्परीक्षण गर्ने विश्वव्यापी मान्यतामा असर पर्ने र महालेखापरीक्षकको स्वतन्त्रतामा आँच आउने एवं आर्थिक अनुशासन कायम गर्न समेत कठीनाई पर्ने स्थिति छ । जिम्मेबार व्यक्ति र लेखाउत्तरदायी अधिकृतले बेरुजू फछर्यौट गर्ने र महालेखापरीक्षकको सम्परीक्षण कार्यालयले गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

## कार्यालयको अपेक्षा

संघीय, प्रदेश स्तर र स्थानीय तहका सबै सरकारी कार्यालय र सार्वजनिक संस्थानहरुको लेखापरीक्षण गर्ने जिम्मेवारी महालेखापरीक्षकलाई रहेको छ । प्रदेशस्तरमा महालेखापरीक्षकको कार्यालय स्थापना हुन नसकेकोले हाल पनि लेखापरीक्षणका लागि केन्द्रबाट टोली खटाउनु परेको अवस्था छ । प्रदेशस्तरसम्म कार्यालयको स्थापना एवं आवश्यक दरबन्दी र कर्मचारी व्यवस्थापन गर्ने विषयमा महालेखापरीक्षकको कार्यालयलाई आवश्यक श्रोत र साधनको व्यवस्थाको लागि नेपाल सरकारबाट सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

महालेखापरीक्षकको कार्यालयका कर्मचारीले सीमित श्रोत साधन र क्षमताका भरमा प्रत्येक वर्ष हजारौं संख्याका कार्यालयमा नै गई लेखापरीक्षण सम्पन्न गर्ने कार्य अत्यन्त चुनौती पूर्ण रहेको छ । हाल महालेखापरीक्षकको कार्यालयमा ६१४ जना कर्मचारीको दरबन्दी रहेको छ । यो जनशक्तिबाट चालु वर्ष मात्र ५६१९ कार्यालयको करीब रु ५२ खर्बको लेखापरीक्षण सम्पन्न भएको छ । कार्यालयले सम्पादन गर्नुपर्ने कार्यबोझ अत्यधिक बढी रहेको छ । तसर्थ यस कार्यालयमा कार्यरत कर्मचारीहरुलाई विशेष सुविधा तथा प्रोत्साहनको व्यवस्था हुन सकेमा सार्वजनिक श्रोत साधनको संरक्षणमा थप हौसला मिल्ने हुदा यस तर्फ नेपाल सरकारको ध्यानाकर्षण हुने बिश्वास लिएको छु ।

लेखापरीक्षणको माध्यमबाट सार्वजनिक निष्ठा, सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गरी सुशासन अभिवृद्धि गरी आम नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन भूमिका खेल्नु महालेखापरीक्षकको जिम्मेवारी हो । यस प्रतिवेदनले विकास निर्माण, सार्वजनिक सेवा, राजस्व र खर्च तथा सरकारी काम कारबाहीको अवस्थाबारे बुझ्न मद्दत पुग्ने विश्वास गरेको छु । प्रतिवेदनमा तीनै तहका सरकार संचालन स्थिति, स्रोतको प्राप्ति र उपयोगको अवस्था लगायत जनताका आवश्यकता, चाहना र मागका बारेमा समेत प्रकाश पार्ने प्रयास गरेको छु । यस बाहेक लेखापरीक्षणको कारण खर्चमा मितव्ययिता, कार्यदक्षता आएको एवं राजस्व संकलनमा वृद्धि भई लेखापरीक्षणबाट वित्तीय व्यवस्थापनमा प्रशस्त योगदान पुगेको महसुस गरेको छु ।

महालेखापरीक्षकद्वारा प्रचलित कानुन बमोजिम लेखापरीक्षण गरी पेश गरिएका लेखापरीक्षण प्रतिवेदन उपर नेपालको संविधान, लेखापरीक्षण ऐन तथा अन्य प्रचलित कानुन बमोजिम संघीय संसदको प्रतिनिधि सभा र सम्बन्धित प्रदेशको सार्वजनिक लेखा समिति तथा गाँउसभा वा नगरसभामा प्रभावकारी छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गरेको छु । सार्वजनिक वित्तीय व्यवस्थापन र सेवा प्रवाह सम्वन्धमा मेरो प्रतिवेदनमा उल्लेख भएका कैफियतहरुको सुधार र सुझावहरुको कार्यान्वयनबाट सार्वजनिक निष्ठा, सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा उल्लेख्य योगदान पुग्ने छ भन्ने विश्वास लिएको छु ।

संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त मार्गदर्शन, संघीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायत सबैबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्न चाँहन्छु । साथै, अहोरात्र खटिई लेखापरीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

**नेपालका**
**महालेखापरीक्षक**

बबरमहल, काठमाडौं
नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

प.सं. २०७६।७७
च.नं. ५९

मितिः २०७७।३।२९

विषयः **संघीय सञ्चितकोषको वार्षिक आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन** ।

**श्री अर्थ सचिव,**
**अर्थ मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

१. **कैफियत सहितको राय** - हामीले आर्थिक वर्ष २०७५।७६ को संघीय सञ्चितकोषको वार्षिक आर्थिक विवरण, तत्सम्बन्धमा अपनाएका आधार र लेखानीति तथा टिप्पणीहरु (अनुसूची २४) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को संघीय सञ्चितकोषको वार्षिक आर्थिक विवरण र त्यससङ्ग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुले आर्थिक कार्यविधिलगायत प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नेपाल सार्बजनिक क्षेत्र लेखामान र स्वीकृत लेखा ढाँचाअनुसार महालेखा नियन्त्रक कार्यालयले संघीय सञ्चितकोषको आर्थिक विवरण तयार गरेको छैन ।

२.२. प्रचलित ऐन कानुनको व्यवस्थाअनुरुप सरकारी लेखा नगद आधारमा लेखाङ्कन गरिने व्यवस्था भएकोमा सञ्चितकोषको वार्षिक मौज्दात ऋणात्मक देखिएको छ । गत वर्षसम्म यस्तो मौज्दात रु.१ खर्ब २३ अर्ब ६ करोड ४५ लाख ऋणात्मक भएकोमा यो वर्ष रु.१ खर्ब ७ अर्ब ९७ करोड ५२ लाख ऋणात्मक हुन गई रु.२ खर्ब ३१ अर्ब ३ करोड ९७ लाख ऋणात्मक मौज्दात रहेको छ । नगदमा आधारित लेखाप्रणाली अवलम्बन गरी हिसाब राख्दा ऋणात्मक मौज्दात हुनुले प्राप्तिभन्दा भुक्तानी बढी देखिन्छ । उक्त बढी भुक्तानी नेपाल सरकारको नाममा रहेका कार्यसञ्चालन कोष, धरौटी लगायतका विभिन्न खातामा रहेको मौज्दातबाट व्यहोरिएको उल्लेख गरे पनि खातागत रुपमा प्रयोग भएको विवरण उपलब्ध भएन ।

२.३. दातृ राष्ट्रले निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण (टर्न की बेसिसमा) गर्ने गरी काठमाडौं चक्रपथ विस्तार निर्माण गर्न ३१ करोड २० लाख युआन (ने.रु.४ अर्ब ९६ करोड) र दरबार हाइस्कुल भवन निर्माण गर्न ५ करोड ५० लाख युआन (ने.रु.८७ करोड ५० लाख) मा सम्झौता भई यस

वर्ष पनि निर्माण एवं खर्च भइरहेको छ । उक्त परियोजनामा भएको खर्च सञ्चितकोषको हिसाबमा समावेश गरेको देखिएन ।

२.४. संघीय सञ्चितकोषबाट खर्च लेखी प्रदान गरिएको सशर्त, वित्तीय समानीकरण, समपूरक र विशेष अनुदानबापत निकासा दिएको रकम आर्थिक वर्षभित्र खर्च हुन नसकी सम्बन्धित प्रदेश तहमा खर्च नभई सम्बन्धित प्रदेश तहको सञ्चितकोषमा रु.३९ अर्ब २२ करोड ७२ लाख र स्थानीय तहको सञ्चितकोषमा रु.३१ अर्ब २८ करोड ६२ लाखसमेत रु.७० अर्ब ५१ करोड ३४ लाख मौज्दात रहेको अवस्थामा पनि निकासा अनुरुप नै खर्च भएको आधारमा सञ्चितकोषको हिसाब तयार गरेको देखियो । उक्त मौज्दातमध्ये पनि आर्थिक वर्ष व्यतीत भइसकेपछि प्रदेश र स्थानीय तहको सञ्चितकोषबाट क्रमशः रु.१९ अर्ब ७९ करोड र रु.१४ अर्बसहित रु.३३ अर्ब ७९ करोड फिर्ता भै संघीय सञ्चितकोषमा दाखिला भएकोले आर्थिक विवरणमा खर्च देखाएको सो रकम पछिल्लो वर्ष आम्दानी देखिने स्थिति छ । आर्थिक विवरणमा खर्च देखाएको सो रकमबाट यथार्थरुपमा सेवा प्राप्त भैसकेको अवस्था छैन ।

२.५. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा पर्दछ, खर्च गर्न बाँकी छ र कुनै योजनाको सम्बन्धमा भए सो योजना स्वीकृत भइसकेको छ भन्ने विचार गरी खर्च गर्न वा निकासा दिनुपर्ने उल्लेख छ । अर्थमन्त्रालयले स्वीकृत कार्यक्रमबेगर वर्षान्तमा नेपाल विधुत प्राधिकरणलाई सडक बत्ती बक्यौता भुक्तानीबापत रु.३ अर्ब ३४ करोड १३ लाख र नेपाल विधुत प्राधिकरणलाई नेपाल भारतबीच विद्युत खरिद सम्झौताबमोजिम खरिद गर्दा भएको नोक्सानीबापत दिएको रु.३ अर्ब २६ करोड ३७ लाखसमेत रु.६ अर्ब ६० करोड ५० लाख शेयर लगानी शीर्षकवाट खर्च लेखेको छ । विद्युत प्राधिकरणलाई सडक बत्ती बक्यौताबापत दिएको रु.३ अर्ब ३४ करोड प्राधिकरणवाट पुनः ब्याज प्राप्त भएको भनी सोही रकम आम्दानी बाँधेको देखिन्छ । यसबाट यस वर्षको खर्च र राजस्वको आकार वृद्धि भएको अवस्था छ ।

२.६. यो वर्ष राष्ट्रिय वन, सुरक्षित वन, खानी तथा खनिज, जलविधुत, पर्वतारोहण रोयल्टीबापत उठेको रु.६ अर्ब ३२ करोड ७८ लाख वर्षान्तसम्म राजस्व बाँडफाँड नगरी दायित्व शीर्षकमा नै राखेको पाइयो । उक्त रकममध्ये ५० प्रतिशत संघीय सञ्चितकोष, २५ प्रतिशत प्रदेश सञ्चितकोष र २५ प्रतिशत स्थानीय सञ्चितकोषमा बाँडफाँड गर्नुपर्नेमा वर्षान्तसम्म बाँडफाँड गरेको देखिएन । संघीय सञ्चितकोषको हिसाब तयार गर्दा भने उक्त रोयल्टीबापत यो वर्ष विभाज्य कोषमा प्राप्त भएको रु.५ अर्ब ७४ करोड ३५ लाख २०७६।८।१९ को निर्णयानुसार बाँडफाँड गरेकोमा सञ्चितकोषको राजस्व आम्दानी देखाउँदा बाँडफाँड भएको रोयल्टी भनी रु.३ अर्ब ४५ करोड ८० लाख राजस्व आम्दानीमा समावेश गरेको छ ।

२.७. यस वर्ष लेखापरीक्षणबाट रु.१७ अर्ब ४० करोड ६८ लाख असुल गर्नुपर्ने, रु.३ अर्ब ७६ करोड ३७ लाख अनियमित देखिएको, रु.१६ अर्ब ४७ करोड ९८ लाख प्रमाण कागजात पेस नभएको, रु.१४ करोड ७० लाख शोधभर्ना नलिएको, रु.३३ अर्ब २६ करोड ३४ लाख पेस्की बेरुजू समेत रु.७१ अर्ब ६ करोड ७ लाख बेरुजू देखिएको छ । यस अतिरिक्त राजस्व बक्यौता रु.१ खर्ब ९७ अर्ब ८४ करोड ११ लाख र शोधभर्ना हुन बाँकी वैदेशिक अनुदान र ऋण क्रमशः

रु.१४ अर्ब ९१ करोड ६८ लाख र रु.२६ अर्ब ५६ करोड ८९ लाख रहेकाले राजस्व असुलीमा असर पर्न गएको छ ।

२.८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा उल्लेख भएअनुसार सवारीसाधन कर, घर जग्गा रजिष्ट्रेसन शुल्कलगायतको शुल्क प्रदेश र स्थानीय तहको गैर कर राजस्व हुने उल्लेख छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको सवारीसाधन कर र घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउन प्रदेश तथा गाँउपालिका वा नगरपालिकामा साधन , स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेशले निर्धारण गरेबमोजिमको दरअनुसारको कर तथा शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित विभाज्य तथा सञ्चितकोषमा दाखिला गर्नेछ भन्ने उल्लेख छ । तर संघीय सरकारले कृषि आयमा कर रु.८ करोड १३ लाख, भूमिकर मालपोत रु.८ करोड २५ लाख, सवारीसाधन कर रु.१६ करोड ९० लाख, चालक अनुमतिपत्र सवारी किताबसम्बन्धी दस्तुर रु.१ अर्ब ३ करोड ९९ लाख, अन्य सेवा शुल्क तथा बिक्री कर रु.९ करोड ६ लाखसमेत रु.१ अर्ब ४६ करोड ३३ लाख प्रदेश र स्थानीय तहको राजस्व सङ्कलन गरी संघीय सञ्चितकोषमा नै जम्मा गरी खर्च गरेको पाइयो ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने नेपाल सरकारसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

**३. अन्य व्यहोरा प्रतिवेदन**

३.१. संघीय सञ्चितकोषको आर्थिक विवरणमा बाह्य ऋण रु.१ खर्ब २९ अर्ब ९० करोड २२ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.७१ अर्ब ४२ करोड ४० लाख देखाएकोले वैदेशिक ऋण प्राप्तिमा रु.५८ अर्ब ४७ करोड ८२ लाख फरक परेको सम्बन्धमा हिसाब मिलान गरेको छैन ।

३.२. संघीय सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक अनुदान नगद, शोधभर्ना र सोझै भुक्तानीसमेत रु.२९ अर्ब ५८ करोड ४२ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.१५ अर्ब ३० लाख अनुदान प्राप्त भएको देखाएको छ । यसरी सञ्चितकोष र नेपाल राष्ट्र बैङ्कको अनुदान प्राप्ति हिसाबको रु.१४ अर्ब ५८ करोड १२ लाख फरक परेको सम्बन्धमा हिसाब मिलान गरेको छैन ।

३.३. सम्पत्तिको संरक्षण, स्रोत साधन प्राप्ति र उपयोग, बजेट व्यवस्थापन, वैदेशिक सहायता परिचालन, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना कार्यान्वयन, सार्वजनिक ऋण व्यवस्थापन, अनुदान वितरण तथा अनुगमन, कोष परिचालन, पुनर्निर्माण तथा पुनर्स्थापना, सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ ।

४. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी महालेखा नियन्त्रकमा रहेको छ । अर्थ मन्त्रालय वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजी जन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजीजन्य वा अन्य गल्तीका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।

संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्दछ । धारा २९४(२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरु सँघीय कानुनबमोजिम हुने र धारा २९४(३) मा प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(१) बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने तथा दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरिसकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था रहेको छ ।

२. **उद्देश्य -** संघ, प्रदेश, स्थानीय तह र कानुनद्वारा तोकिएका अन्य निकायको वित्तीय कारोबार र सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी देखिएका कमीकमजोरीहरु पहिचान एवं सुधारको लागि व्यावहारिक सुझावहरु प्रदान गर्नु लेखापरीक्षणको उद्देश्य रहको छ ।सोका अतिरिक्त देहायका विषयहरुसमेत परीक्षण गर्नु लेखापरीक्षणका अन्य उद्देश्य रहेका छन्ः

- तोकिएको ढाँचामा वित्तीय विवरण र प्रतिवेदन तयार भई कारोबारको सही तथा यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही निर्दिष्ट प्रयोजनमा खर्च गरेको,
- आर्थिक कारोबार गर्दा ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण राखेको र खर्चको अभिलेख राख्ने व्यवस्था पर्याप्त र भरपर्दो रहेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि-नोक्सानी र दुरुपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोगको व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- राजस्व, अरु समस्त आम्दानी र धरौटीसमेतको असुली र दाखिला एवं सोको लेखा सही एवं दुरुस्त रहेको,
- प्रभावकारी आन्तरिक लेखापरीक्षण एवं नियन्त्रणको व्यवस्था मिलाएको,
- जवाफदेहिता र जिम्मेवारी पूरा भएको,
- खर्च मितव्ययी र कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति हासिल गरेको,
- कार्यालयको कार्य प्रकृतिअनुसार सेवा प्रवाहस्तर उपयुक्त र गुणस्तरीय रहेको,
- प्रचलित कानुनले व्यवस्था गरे अनुरुप अनुगमन, मूल्याङ्कन गरी पृष्ठपोषण लिएको,

३. **क्षेत्र** - लेखापरीक्षणको क्षेत्रमा संवैधानिक अङ्ग, संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालयसमेत कानुनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेका निकायको आन्तरिक नियन्त्रण प्रणाली, खर्च व्यवस्थापन, राजस्व वा आय निर्धारण, सङ्कलन, दाखिला, वित्तीय विवरणको प्रस्तुति, वित्तीय व्यवस्थापनको सन्दर्भमा बजेट तथा कार्यक्रम, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद, ऐन कानुनको परिपालना आदि विषायहरु मूल्याङ्कन तथा परीक्षणको क्षेत्रमा समेटिएको छ । लेखापरीक्षण गरिने निकाय वा कार्यालयहरुको वित्तीय तथा नियमितता, कार्यमूलक, वातावरणीय पक्ष, दिगो विकास लक्ष्य प्राप्ति सूचकको अतिरिक्त सेवा प्रवाह एवं जिम्मेवारी र जवाफदेहिता जस्ता पक्षको मूल्याङ्कनलाई समेत लेखापरीक्षणमा समेटिएको छ ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्वान्त, सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमनसमेत ४ चरणमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न लेखापरीक्षण योजना तयार गरिएको थियो । तत्पश्चात जोखिमयुक्त क्षेत्रमा केन्द्रित भई आवश्यकताअनुसार नमूना छनौटसमेत गरी नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । साथै कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजसमेतको सहभागिता गराइएको छ ।

सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानन्यायधीश, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुख, सार्वजनिक लेखा समितिका माननीय सदस्यलगायतका पदाधिकारीहरुसँग छलफल गरी प्राप्त सुझावलाई ध्यानमा राखी लेखापरीक्षणको योजना तर्जुमा र कार्यान्वयन गरिएको छ । त्यसैगरी लेखापरीक्षणका क्रममा प्रदेश नं.१, २, वाग्मती, गण्डकी र प्रदेश नं. ५ का माननीय प्रदेश प्रमुखहरु, माननीय मुख्यमन्त्री तथा मन्त्रीहरु, प्रदेशसभाका माननीय सभामुख र सार्वजनिक लेखासमितिका माननीय सदस्यहरुलगायत संघ, प्रदेश र स्थानीय तहका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख तथा लेखा प्रमुख, सार्वजनिक संस्थानका पदाधिकारीसमेतसँग छलफल गरिएको थियो ।

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन समेत गर्ने गरिएको छ । प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति र प्राविधिक समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन** - महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने नेपालको संविधानको धारा २९४ मा व्यवस्था भएबमोजिम यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ६ परिच्छेद तथा २४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार र परिच्छेद ६ मा कार्यालय गतिविधि उल्लेख गरिएको छ । साथै वार्षिक प्रतिवेदनका मुख्य विषय समावेश गरी सारांशसमेत तयार गरिएको छ ।

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | लेखापरीक्षण गरिएका निकायको विवरण ........ | १ |
| **परिच्छेद २:** | लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति ........ | ५ |
| **परिच्छेद ३:** | लेखापरीक्षणबाट देखिएका व्यहोरा | |
| | लेखापरीक्षणबाट देखिएका समान व्यहोरा ........ | ९ |
| | खण्ड - १: संघीय मन्त्रालय तथा निकाय | |
| | १. संघीय संसद सचिवालय ........ | १५ |
| | २. सर्वोच्च अदालत ........ | १७ |
| | ३. लोक सेवा आयोग ........ | १९ |
| | ४. निर्वाचन आयोग ........ | २१ |
| | ५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ........ | २२ |
| | ६. राष्ट्रिय महिला आयोग ........ | २४ |
| | ७. महान्यायाधिवक्ताको कार्यालय ........ | २६ |
| | ८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ | २७ |
| | ९. अर्थ मन्त्रालय ........ | ४१ |
| | १०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ........ | १४२ |
| | ११. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ........ | १५७ |
| | १२. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ........ | १८६ |
| | १३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय ........ | १८८ |
| | १४. खानेपानी मन्त्रालय ........ | २०८ |
| | १५. गृह मन्त्रालय ........ | २१९ |
| | १६. परराष्ट्र मन्त्रालय ........ | २३० |
| | १७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ........ | २३६ |
| | १८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ........ | २५३ |
| | १९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ........ | २८६ |
| | २०. युवा तथा खेलकुद मन्त्रालय ........ | २९० |
| | २१. रक्षा मन्त्रालय ........ | २९९ |
| | २२. वन तथा वातावरण मन्त्रालय ........ | ३०७ |
| | २३. शहरी विकास मन्त्रालय ........ | ३२३ |
| | २४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ........ | ३३८ |
| | २५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ........ | ३७१ |
| | २६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ........ | ३८४ |
| | २७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ........ | ४०४ |

| परिच्छेद | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| | २८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ........................................................ | ४१७ |
| | २९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ........................................................ | ४३५ |
| | ३०. राष्ट्रिय योजना आयोग ........................................................ | ४७९ |
| | ३१. सूचना प्रविधि लेखापरीक्षण ........................................................ | ४९० |
| | खण्ड - २ः प्रदेश मन्त्रालय तथा निकाय ........................................................ | ४९७ |
| | खण्ड - ३ः स्थानीय तह ........................................................ | ५१५ |
| **परिच्छेद ४ः** | लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति ........................................................ | ५७७ |
| **परिच्छेद ५ः** | भविष्यमा गर्नुपर्ने सुधार ........................................................ | ५८१ |
| **परिच्छेद ६ः** | कार्यालय गतिविधि ........................................................ | ६०० |
| **अनुसूचीहरु** | | ६०५ |

# परिच्छेद - १

# लेखापरीक्षण गरिएका निकायको विवरण

### • समष्टिगत लेखापरीक्षण

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु. करोडमा) |
|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण | | |
| १. संघीय मन्त्रालय तथा निकाय | ३११० | १७४२८७ |
| २. प्रदेश मन्त्रालय तथा निकाय | ९९८ | १८९२५ |
| ३. स्थानीय तह (बक्यौता ४ समेत) | ७४७ | ७४०६५ |
| ४. जिल्ला समन्वय समिति | ७७ | १३१७ |
| ५. समिति र अन्य संस्था | ५७७ | १३०६२ |
| ६. संगठित संस्था | ९३ | २३५५०८ |
| (ख) कार्यमूलक लेखापरीक्षण | ११ | - |
| (ग) वातावरणीय लेखापरीक्षण | २ | - |
| (घ) विशेष लेखापरीक्षण | १ | - |
| (ङ) सूचना प्रविधि लेखापरीक्षण | ३ | - |
| **जम्मा** | **५६१९** | **५१७१६४** |

यो वर्ष ३ हजार ११० संघीय मन्त्रालय तथा निकायको रु. १७ खर्ब ४२ अर्ब ८७ करोड र प्रदेश मन्त्रालय तथा निकाय ९९८ को १ खर्ब ८९ अर्ब २५ करोड, स्थानीय तह ७५३ मध्ये ७४३ र गत वर्षको बक्यौता ४ समेत ७४७ को रु.७ खर्ब ४० अर्ब ६५ करोड, जिल्ला समन्वय समिति ७७ को रु.१३ अर्ब १७ करोड, विश्वविद्यालय, समिति, संस्था प्रतिष्ठानसमेत ५७७ को रु.१ खर्ब ३० अर्ब ६२ करोड र संगठित संस्था ९३ को रु.२३ खर्ब ५५ अर्ब ८ करोडसमेत रु.५१ खर्व ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय लेखापरिक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, २ विषयको वातावरणीय, १ विषयको विशेष लेखापरीक्षण र ३ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका कार्यहरुको विवरण अनुसूची १, १क, १ख, २, ४, १४ र २१ मा उल्लेख छ ।




१. **संघीय मन्त्रालय तथा निकाय** - यो वर्ष ३ हजार ११० संघीय सरकारी निकायको विनियोजन/राजस्व/ धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ:

(रु. करोडमा)

| क्र. सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | |
|---|---|---|---|
| | | २०७५।७६ को रकम | जम्मा |
| १ | विनियोजन निकासा | ७३३१३ | ७३३१३ |
| २ | राजस्व असुली | ८३९९१ | ८३९९१ |
| ३ | धरौटी आम्दानी | ५१४१ | ५१४१ |
| ४ | अन्य कारोबार | ११८४२ | ११८४२ |
| **जम्मा** | | **१७४२८७** | **१७४२८७** |

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ । गत वर्षसम्म संघीय सरकारी कार्यालयतर्फ रु.३ अर्ब ४० करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनै कार्यालयले पनि लेखापरीक्षण गराएका छैनन् ।

२. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष सात प्रदेश अन्तर्गत ९९८ निकायको रु.१ खर्ब ८९ अर्ब २५ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यस सम्बन्धी विवरण अनुसूची २ मा छ । प्रदेश तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ खण्ड २ मा समावेश छ ।

३. **स्थानीय तह** - यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका १०, नगरपालिका २७४ र गाँउपालिका ४५७ समेत ७४७ (विगतको बक्यौता ४ समेत) स्थानीय तहको रु.७ खर्ब ४० अर्ब ६५ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यससम्बन्धी विवरण अनुसूची २१ मा छ । स्थानीय तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ खण्ड ३ मा समावेश छ ।

४. **जिल्ला समन्वय समिति** - यो वर्ष जिल्ला समन्वय समिति ७७ को रु.१३ अर्ब १७ करोडको लेखापरीक्षण गरिएको छ । यसको विस्तृत व्यहोरा अनुसूची १४ मा छ ।

५. **समिति र अन्य संस्था** - यो वर्ष ५७७ समिति र अन्य संस्थाको रु.१ खर्ब ३० अर्ब ६२ करोडको लेखापरीक्षण गरिएको छ । समितिहरुको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

६. **संगठित संस्था** - यो वर्ष संगठित संस्थातर्फ ९३ इकाईको रु.२३ खर्ब ५५ अर्ब ८ करोडको लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त ३० संस्थाको रु.९ खर्ब ५० अर्ब ८५ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ । विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

७. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष ११ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

८. **वातावरणीय लेखापरीक्षण** - यो वर्ष २ विषयमा वातावरणीय लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएको विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

९. **विशेष लेखापरीक्षण** - यो वर्ष एक विषयको विशेष लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएको विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

१०. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष ३ विषयको सूचना प्रविधिमा आधारित लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

## • सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

११. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७३।७४ र २०७४।७५ को यथार्थ खर्च तथा २०७५।७६ को संघीय सरकारको क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रु. लाखमा)

| शीर्षक/क्षेत्र | २०७३।७४ को यथार्थ खर्च | २०७४।७५ को यथार्थ खर्च | २०७५।७६ को | | |
|---|---|---|---|---|---|
| | | | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ५१८६१६२ | ६९६९१९६ | ८४५४४७५ | ७१६४१७६ | ८४.७४ |
| पुँजीगत खर्च | २०८७४८३ | २७०७१३७ | ३१३९९८२ | २४१५६२५ | ७६.९३ |
| वित्तीय व्यवस्था(साँवा व्याज भुक्तानी) | १०९८८३३ | ११७०४८८ | १५५७१६० | १५२४७७० | ९७.९२ |
| **जम्मा** | **८३७२४७८** | **१०८४६८२१** | **१३१५१६१७** | **१११०४५७१** | **८४.४४** |
| सामान्य सार्वजनिक सेवा | २०९६८५५ | ४०३६२८१ | ३९६७४५९ | ४९४०३५७ | १२४.५२ |
| रक्षा | ४३११५५ | ४८००६७ | ४४९२८५ | ५००१४६ | १११.३२ |
| सार्वजनिक शान्ति सुरक्षा | ५६९९१५ | ५३९२१३ | ४७५०१२ | ४७९८४९ | १०१.०२ |
| आर्थिक मामिला | २८१२८८७ | ३८८९२९९ | ४८३१४१७ | ३४४६७१८ | ७१.३४ |
| वातावरण संरक्षण | ६२५२५ | १३५१२७ | २२७१८० | १४७३८६ | ६४.८८ |
| आवास तथा सामुदायिक सुविधा | ४१०३०५ | ५०९१३८ | ६६५७६१ | ३८४३८० | ५७.७४ |
| स्वास्थ्य | ४५३५७५ | ३५९२११ | ६५३४३२ | ३५९९९३ | ५५.०९ |
| संस्कृति र धर्म | ६४८६६ | ५२६५१ | ७१०६४ | ६०४२२ | ८५.०२ |
| शिक्षा | १०८५९०१ | ४५०१९० | १३४१८७५ | ३६२१७८ | २६.९९ |
| सामाजिक सुरक्षा | ३८३४९४ | ३९५६४४ | ४६९१३२ | ४२३१४२ | ९०.२० |
| **जम्मा** | **८३७२४७८** | **१०८४२८२१** | **१३१५१६१७** | **१११०४५७१** | **८४.४४** |

१२. **खर्चको स्थिति -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका पाँच मन्त्रालय तथा अन्यको खर्च विवरण निम्नानुसार छ:

(रु. लाखमा)

| चालु खर्च | | | | पुँजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय | रकम | कुल चालु खर्चको प्रतिशत | क्र.सं. | मन्त्रालय | रकम | कुल चालु खर्चको प्रतिशत |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५५८८६९ | ७.८ | १ | भौतिक पूर्वाधार तथा यातायात | ९३०७५४ | ३८.५३ |
| २ | गृह मन्त्रालय | ५३५४९४ | ७.४७ | २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७४९१० | १५.५२ |
| ३ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ४९००१२ | ६.८४ | ३ | उर्जा, जलस्रोत तथा सिञ्चाइ | ३०८७८८ | १२.७८ |
| ४ | रक्षा मन्त्रालय | ४४३६३८ | ६.१९ | ४ | शहरी विकास | १९१९१० | ७.९४ |
| ५ | अर्थ मन्त्रालय | ४०४००१ | ५.६४ | ५ | रक्षा | ११३८८१ | ४.७१ |
| ६ | अन्य | ४७३२१६२ | ६६.०५ | ६ | अन्य | ४९५३८२ | २०.५१ |
| | **जम्मा** | **७१६४१७६** | **१००** | | **जम्मा** | **२४१५६२५** | **१००** |

चालु र पुँजीगत खर्चवाहेक वित्तीय खर्च रु.१ खर्ब ५२ अर्ब ४८ करोड रहेको छ । स्थानीय तह ७५३ लाई गएको अनुदान रकमसमेत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको चालु खर्चतर्फ समावेश रहेकोले त्यस मन्त्रालयको चालु खर्च बढी देखिएको छ ।

१३. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयवाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०७३।७४ र २०७४।७५ को यथार्थ खर्च तथा २०७५।७६ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. लाखमा)

| स्रोत | २०७३।७४ को यथार्थ खर्च | २०७४।७५ को यथार्थ खर्च | २०७५।७६ को | | गत वर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | | अनुमान | यथार्थ खर्च | |
| नेपाल सरकार | ७३७४०६३ | ९५५७५९२ | १००३३१८० | ९६३१८६० | ०.७८ |
| वैदेशिक अनुदान | ४०८१९३ | ३९३१८७ | ५८८१५५ | २२८९८६ | -४१.७६ |
| वैदेशिक ऋण | ५९०२२२ | ८९६०४२ | २५३०२८२ | १२४३७२५ | ३८.८० |
| **जम्मा** | **८३७२४७८** | **१०८४६८२१** | **१३१५१६१७** | **१११०४५७१** | **२.३८** |

१३.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फ रु. ९ खर्ब ६३ अर्ब १९ करोडमध्ये राजस्वबाट रु.८ खर्ब ४२ अर्ब ७४ करोड (८७.४९ प्रतिशत) व्यहोरेको छ ।

१३.२ यो वर्ष चालुतर्फ रु.७ खर्ब १६ अर्ब ४२ करोड खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको रु.२० अर्ब ८३ करोड रहेको छ । यो रकममा बहुपक्षीय र द्विपक्षीय ऋणको व्याज भुक्तानी रु.४ अर्ब ४५ करोड समेत समावेश छ ।

१३.३ यो वर्ष वैदेशिक अनुदानतर्फ २२ निकायअन्तर्गत रु.५८ अर्ब ८२ करोड प्राप्त हुने अनुमान गरेकोमा रु.२२ अर्ब ९० करोड प्राप्त भएको र वैदेशिक ऋणतर्फ १६ निकायअन्तर्गत रु.२ खर्ब ५३ अर्ब ३ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.१ खर्ब २४ अर्ब ३७ करोड प्राप्त भएको छ ।

१४. **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयवाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७३।७४ र २०७४।७५ को यथार्थ असुली तथा २०७५।७६ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०७३।७४ को यथार्थ असुली | २०७४।७५ को यथार्थ असुली | २०७५।७६ को | | |
|---|---|---|---|---|---|
| | | | अनुमान | असुली | प्रतिशत |
| **कुल राजस्व** | **६१५४६८४** | **७८२३९१४** | **९४५५५८०** | **८४२७४१०** | **८९.१३** |
| १. कर राजस्व | ५५३८०१६ | ६५९४९१५ | ८३८३४७९ | ७३७२७२६ | ८८.०५ |
| २. अन्य राजस्व (गत वर्षको नगद मौज्दात र वेरुजूसमेत) | ५८७२६६ | ६७२२६१ | १०७२१०१ | १०२४०२३ | ९५.५१ |
| ३. सॉंवा फिर्ता | २९४०२ | ५५६७३८ | - | ३०६६१ | - |

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ७.७१ प्रतिशतले बढेको देखिन्छ । २०७५।७६ को असुलीमा गत वर्षको नगद मौज्दात र बेरुजूबाट दाखिला भएको रु.१० अर्ब ४ करोड ३ लाख समावेश छ ।बजेट अनुमान नगरेको सॉंवा फिर्ताबाट रु.३ अर्ब ६ करोड प्राप्त भएको छ । यससम्बन्धी विवरण अनुसूची १३ मा उल्लेख छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

# परिच्छेद - २

# लेखापरीक्षणबाट देखिएका बेरुजू स्थिति

१. **बेरुजू** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानि र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू रु.१ खर्ब ३३ अर्ब रहेको छ । सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु. लाखमा)

| वर्गीकरण | संघीय सरकारी कार्यालय | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | समिति/ अन्य संस्था र जिल्ला समन्वय समिति | जम्मा | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **१७४०६८** | **३८०२** | **५२५८७** | **१२८२७** | **२४३२८४** | **१८.२९** |
| **२. नियमित गर्नुपर्ने** | **२०३९०५** | **३८७७५** | **२४८११३** | **१३०९२०** | **६२१७१३** | **४६.७५** |
| २.१ अनियमित भएको | ३७६३७ | १२१७८ | ९८२४२ | २४९७३ | १७३०३० | १३.०१ |
| २.२ प्रमाण कागज पेश नभएको | १६४७९८ | २६५९७ | १४९४६० | १०५५९७ | ४४६४५२ | ३३.५७ |
| २.३ जिम्मेवारी नसारेको | - | - | २९८ | ३३८ | ६३६ | ०.०५ |
| २.४ शोधभर्ना नलिएको | १४७० | - | ११३ | १२ | १५९५ | ०.१२ |
| **३. पेस्की** | **३३२६३४** | **३९४०७** | **८०५७९** | **१२३४२** | **४६४९३२** | **३४.९६** |
| ३.१ कर्मचारी पेस्की | ७६० | १६९९ | १५४०५ | ४८० | १८३४४ | १.३८ |
| ३.२ मोबिलाइजेसन पेस्की | १८०८२० | ३३२५१ | - | - | २१४०७१ | १६.१० |
| ३.३ प्रतीतपत्र पेस्की | १०५७६१ | ४९९ | - | - | १०६२६० | ७.९९ |
| ३.४ अन्य पेस्की | ४५२९३ | ३९५८ | ६५१७८ | ११८६२ | १२६२८७ | ९.५० |
| **जम्मा बेरुजू** | **७१०६०७** | **८१९८४** | **३८१२७९** | **१५६०८९** | **१३२९९५९** | **१००.००** |

*द्रष्टव्यः संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

बेरुजू वर्गीकरणको विवरण अनुसूची-१५, १६ र २१ मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजू** - संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोड रहेको छ । गत वर्षभन्दा बेरुजू १०.८२ प्रतिशतले बढेको छ ।

(रु. लाखमा)

| क्र. सं. | विवरण | गत वर्षसम्म | यस वर्ष थप/घट | अद्यावधिक बेरुजू | | |
|---|---|---|---|---|---|---|
| | | | | पेस्की | अन्य | कुल बेरुजू |
| १ | संघीय सरकारी कार्यालय | २८६००१२ | -१२४२२१ | १००९१७२ | १७२६६१९ | २७३५७९१ |
| २ | प्रदेश सरकारी कार्यालय | १९५१ | ८१९७५ | ४०४८३ | ४३४४३ | ८३९२६ |
| ३ | स्थानीय तह | ३५९९२५ | ३३८१८४ | ८०५७९ | ६१७५३० | ६९८१०९ |
| ४ | जिल्ला समन्वय समिति, अन्य संस्था र समिति | ५५२८७७ | ११२४७० | - | ६६६४२४ | ६६५३४७ |
| जम्मा | | ३७७४७६५ | ४०८४०८ | ११३०२३४ | ३०५४०१६ | ४१८३१७३ |

अद्यावधिक बेरुजूको विवरण अनुसूची १७ र १८ मा उल्लेख छ ।

३. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.२ खर्ब ४६ अर्ब १२ करोड रहेको छ । उक्त रकम गतवर्ष भन्दा १९.६२ प्रतिशत घटेको छ ।

(रु. लाखमा)

| क्र.स. | विवरण | गत वर्षसम्म | यस वर्ष थप /घट | अद्यावधिक रकम |
|---|---|---|---|---|
| १ | लेखापरीक्षण बक्यौता (प्रदेश समेत) | ३४०२१ | १३३९१ | ४७४१२ |
| २ | राजस्व बक्यौता | २५२१३०१ | -५४२८९० | १९७८४११ |
| ३ | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | २०७६२६ | -५८४५८ | १४९१६८ |
| ४ | शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | २७८३६० | -१२६७१ | २६५६८९ |
| ५ | जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज | २०५०० | ० | २०५०० |
| | जम्मा | ३०६१८०८ | -६००६२८ | २४६११८० |

उक्त रकममा अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्ब ६४ अर्ब ४४ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रु.६ खर्ब ८३ अर्ब ६६ करोड रहेको थियो । गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम २.८१ प्रतिशतले घटेको छ । कारबाही टुङ्गो लगाउनुपर्ने रकम घट्नुमा प्रमुखरुपले सरकारी निकायले बेरुजू फछ्र्यौटमा तदारुकता देखाएको, सार्वजनिक संस्थानहरुले भाखा नाघेको ब्याज तथा साँवा चुक्ता गर्नु, शोधभर्ना लिनुपर्ने रकम बढी प्राप्त हुनु र कतिपय करदाताको अदालतको फैसलाको कारण बक्यौता कट्टी गर्नु परेको लगायतका कारणहरु रहेका छन् ।

४. **बेरुजू विश्लेषण** - संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, संगठित संस्था, अन्य समितिको बेरुजूको अवस्था निम्नानुसार रहेको छ:

४.१. यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, संगठित संस्था, अन्य समिति तथा संस्थासमेतको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.१ खर्ब ५२ अर्ब २७ करोड बेरुजू देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रु.१९ अर्ब २६ करोड ९० लाख (कुल बेरुजूको १३.७७ प्रतिशत) सम्परीक्षण गराएबाट रु.१ खर्ब ३३ अर्बको बेरुजू फछ्र्यौट हुन बाँकी रहेको छ । यो वर्षसम्म फछ्र्यौट गर्न बाँकी कुल बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोडको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६, १७ र २१ मा समावेश छ ।

४.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजू फछ्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजू फछ्र्यौट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र

फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । उक्त व्यवस्थाअनुसार बेरुजूको जानकारी सम्बन्धित पदाधिकारीहरुलाई दिइएको छ । सोही ऐनको दफा ५० मा बेरुजू फछ्र्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम यो वर्ष कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची २२ र २३ मा समावेश गरिएको छ ।

प्रदेशको सन्दर्भमा सम्बन्धित प्रदेश आर्थिक कार्यविधि ऐनले उल्लिखित व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्रीलाईसमेत बेरुजू सम्बन्धमा जानकारी गराइएको छ ।

४.३. संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्ः

(रु. लाखमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १ | अर्थ | १०५११०५९ | १२४४८८ | ६४८९५ | १२८५ | १९०६६८ | २६.८३ | १.८१ |
| २ | भौतिक पुर्वाधार तथा यातायात | ११७८८८६ | १०५८६ | २०८८५ | ११५५०१ | १४६९७२ | २०.६८ | १२.४७ |
| ३ | रक्षा | ७०२९३७ | ४ | ३४ | ९०९९२ | ९१०३० | १२.८१ | १२.९५ |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९४१६४५ | २६४ | ५७१० | ४३०५२ | ४९०२६ | ६.९० | ५.२१ |
| ५ | खानेपानी | १७७७६८ | १०८१३ | २१६२७ | १०३८७ | ४२८२७ | ६.०३ | २४.०९ |
| ६ | शहरी विकास | २८२५०९ | १५५५ | ८०९९ | २३७८८ | ३३४४२ | ४.७१ | ११.८४ |
| ७ | शिक्षा, विज्ञान तथा प्रविधि | ३०१७४२ | ९४ | २९००० | ४३७ | २९५३१ | ४.१६ | ९.७९ |
| ८ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ४१५४५१ | २३७४ | २३६७० | ३५४ | २६३९८ | ३.७१ | ६.३५ |
| ९ | ऊर्जा, जलश्रोत तथा सिञ्चाइ | ६४५१९४ | २१७६ | ८५२५ | १०७३४ | २१४३५ | ३.०२ | ३.३२ |
| १० | सञ्चार तथा सूचना प्रविधि | १७७७७३ | १२९०१ | ४९३ | ४२४ | १३८१८ | १.९४ | ७.७७ |
| ११ | अन्य मन्त्रालय | २०९३७०७ | ८८१३ | २०९६७ | ३५६८० | ६५४६० | ९.२१ | ३.१३ |
| **जम्मा** | | **१७४२८६७१** | **१७४०६८** | **२०३९०५** | **३३२६३४** | **७१०६०७** | **१००** | **४.०८** |

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९०.७९ प्रतिशत रहेको छ । यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ४.०८ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी प्रदेश नं. २ को ७.०९ प्रतिशत र सबैभन्दा घटी वाग्मती प्रदेशको २.५० प्रतिशत रहेको छ । स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ५.१५ बेरुजू कायम भएकोमा सबैभन्दा बढी महोत्तरीको सम्सी गाउँपालिकाको ४०.४८ प्रतिशत र सबैभन्दा घटी झापाको मेचीनगर नगरपालिकाको ०.०३ प्रतिशत रहेको छ । यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजू हुने ४६८, ५ देखि १५ प्रतिशतसम्म बेरुजू हुने २४५ र १५ प्रतिशतभन्दा बढी बेरुजू हुने स्थानीय तह ३० रहेका छन् ।

४.४. यो वर्ष ३ हजार ११०संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १ हजार ७४३ कार्यालय (५६.२१ प्रतिशत) मा लगती बेरुजू देखिएन । प्रदेश सरकारी कार्यालयतर्फ ९९८ को लेखापरीक्षण गरेकोमा ३४८ कार्यालय (३४.८७ प्रतिशत) मा र स्थानीय तह १ मा लगति बेरुजू देखिएन ।

४.५. यो वर्ष २ हजार ७५१ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तह एवं जिल्ला समन्वय समितिको ७३ हजार ३१० दफा बेरुजू देखिएकोमा ४३ हजार १४५ दफा सैद्धान्तिक र ३० हजार १६५ दफा लगती बेरुजू कायम भएको छ ।

४.६. संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.२४ अर्ब ३२ करोड ८४ लाखमध्ये संघीय सरकारी कार्यालयतर्फका २९ निकायअन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.६ करोड ८६ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १९ निकायअन्तर्गतका कार्यालयले रु.३१ करोड ४५ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा २० निकाय मातहतका कार्यालयले रु.५ अर्ब २४ करोड ४३ लाख, अन्य निकायबाट असुल भएको रु.९ करोड २३ लाख, प्रदेश सरकारतर्फ असुल भएको रु.६ करोड ४६ लाख र स्थानीय तहतर्फको रु.२ अर्ब ७ करोड ६८ लाखसमेत रु.७ अर्ब ४७ करोड ८० लाख असुल भएको छ ।

यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.१७ अर्ब ४० करोड ६८ लाखमध्ये १० मन्त्रालय/निकायको रु.१७ अर्ब १२ करोड ७७ लाख (९८.४ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.२७ करोड ९१ लाख (१.६० प्रतिशत) देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ९ मा छ ।

४.७. संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.१ खर्ब ३ अर्ब ३३ करोड ९२ लाख बाँकी रहेकोमध्ये रु.३५ अर्ब ९५ करोड ३६लाख (३४.७९प्रतिशत) फछ्र्यौट भई रु.६७ अर्ब ३८ करोड ५६ लाख बाँकी रहेको र सोमा यो वर्ष थप भएको रु.३३ अर्ब २६ करोड ३४ लाखसमेत कुल पेस्की रु.१ खर्ब ६४करोड ९० लाख बाँकी रहेको छ । सोमध्ये कर्मचारी रु.१ अर्ब २८ करोड ८५लाख (१.२८प्रतिशत), मोबिलाइजेसन रु. ४७ अर्ब ८२ करोड ३ लाख (४७.५१ प्रतिशत), प्रतीतपत्र रु. १८ अर्ब १० करोड २६ लाख ( १७.९३प्रतिशत) र अन्य पेस्की रु. ३३ अर्ब ४३ करोड ७७ लाख (३३.३२ प्रतिशत ) रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण अनुसूची ८ मा छ ।

त्यस्तै संघ र प्रदेशतर्फको समिति, अन्य संस्थातर्फ यो वर्षको रु.१ अर्ब २३ करोड ४२ लाख पेस्की बाँकी देखिएको छ । सोमध्ये कर्मचारी रु ४ करोड ८० लाख (३.८९ प्रतिशत) र अन्य पेस्की रु. १ अर्ब १८ करोड ६२ लाख (९६.११ प्रतिशत) रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

***संवैधानिक निकायहरु राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिबासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, न्याय परिषदमा उल्लेख्य व्यहोरा देखिन आएन ।***

परिच्छेद - ३

# लेखापरीक्षणबाट देखिएका व्यहोरा

# लेखापरीक्षणबाट देखिएका समान व्यहोरा

१. **लेखापरीक्षण बक्यौता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ मा महालेखापरीक्षकले तोकेको अवधिभित्र लेखा र वित्तीय विवरण पेस गर्नुपर्ने, तदअनुसार पेस नगर्ने पदाधिकारीलाई विभागीय कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । सरकारी कार्यालय, त्रिभुवन विश्वविद्यालय, संगठित संस्था, समिति तथा अन्य संस्थाले कानुनले तोकेको समयमा लेखा तथा वित्तीय विवरण दाखिला नगरेकोले लेखापरीक्षण बक्यौता रहेको छ । यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा देहायअनुसार छन्:

१.१ संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ९०० इकाईको रु. ३ खर्ब ४० करोड २१ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनैपनि निकायले लेखापरीक्षण गराएका छैनन् । यो वर्ष परराष्ट्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रु. २८ करोड ७ लाख थप भई रु. ३ अर्ब ६८ करोड २८ लाख बाँकी रहेको छ । सार्वजनिक लेखा समितिले बक्यौताको लेखा पेस गरी लेखापरीक्षण गराउन निर्देशन दिए पनि लेखापरीक्षण गराएको छैन । कानुनबमोजिम कारबाही गरी लेखापरीक्षण गराउनुपर्दछ । यससम्बन्धी विवरण अनुसूची ३ मा छ ।

१.२ गत वर्षसम्म ७ संगठित संस्थाको ३३ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ११ संस्थाको १४ आर्थिक वर्षको बाँकी रहेको छ ।

१.३ यस वर्ष सिरहाको भगवानपुर र नवराजपुर गाउँपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, सर्लाहीको बलरा र कविलासी नगरपालिका तथा वसरिया गाउँपालिका, रौतहटको फतुवा विजयपुर नगरपालिका र पर्साको ठोरी र जिराभवानी गाउँपालिका, रामेछापको लिखु तामाकोशी गाउँपालिकासमेत १० स्थानीय तहले लेखापरीक्षण गराएका छैनन् ।

२. **राजस्व बक्यौता** - गत वर्षसम्म राजस्व बक्यौता रु.२ खर्ब ५२ अर्ब १३ करोड रहेकोमा यो वर्ष २१.५३ प्रतिशत कमी भई रु.१ खर्ब ९७ अर्ब ८४ करोड पुगेको छ । बक्यौता रकममध्ये अर्थ मन्त्रालयको ९३.६५ प्रतिशत रहेको छ । मूल्य अभिवृद्धि करतर्फ बक्यौताको लगत कायम गरी आर्थिक विवरणमा नदेखाएकोले राजस्व बक्यौता रकम यकिन हुन सकेन । आन्तरिक राजस्वतर्फ अदालतमा विचाराधीन बक्यौताहरुलाई अपिल प्रविष्टि गर्ने र त्यस्तो रकम आर्थिक विवरणको बक्यौतामा कट्टा गर्ने गरेबाट आर्थिक विवरणको बक्यौता र सिस्टमले देखाएको बक्यौता भिडान हुँदैन । तसर्थ बक्यौता लगत कायम गर्न सिस्टमले देखाएको र आन्तरिक राजस्व विभागले वार्षिक प्रतिवेदनमा देखाएको बक्यौतालाई आधार लिइएको छ । प्रचलित कानुनअनुसार दाखिला गर्नुपर्ने राजस्व निश्चित समयभित्र दाखिला नगर्ने व्यक्तिको कारोबार एवं चल अचल सम्पति रोक्का गरी असुल गर्न सकिने व्यवस्था भए तापनि कार्यालयहरुले कानुनबमोजिम कारबाही नगरेकोले राजस्व बक्यौतामा वृद्धि भएको छ । निकायगत राजस्व बक्यौताको विवरण अनुसूची १० मा छ ।

३. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार करयोग्य रकम भुक्तानी गर्दाकै अवस्थामा अग्रिम कर कट्टी गर्नुपर्नेमा १८ निकायअन्तर्गतका २११ कार्यालयले रु.८ करोड ४८ लाख अग्रिम कर कट्टा नगरी भुक्तानी गरेका छन् । यसैगरी संगठित संस्था, समिति र अन्य संस्था एवं प्रदेश कार्यालयसमेत १८६ निकायले रु.५ करोड ७१ लाख कट्टा नगरेको समेत रु.१४ करोड १९ लाख छुट कर रकम ब्याजसहित असुल गर्नुपर्दछ । यससम्बन्धी विवरण अनुसूची १२ मा छ ।

४. **प्राविधिक तथा अन्य सहायता** - बजेट वक्तव्यसाथ व्यवस्थापिका संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा संघीय सरकारका १८ मन्त्रालय/निकायअन्तर्गत १३५ सम्झौतामा यो वर्ष

रु.२४ अर्ब ८३ करोड ६४ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) अनुसार बैदेशिक सहायतासम्बन्धी विवरण केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आय-व्ययको चित्रण हुन सकेको छैन । सार्वजनिक लेखा समितिबाट प्राविधिक सहायताको लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि ती सहायताको वित्तीय विवरण तथा श्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन । यससम्बन्धी विवरण अनुसूची ११ मा छ ।

५. **कोष सञ्चालन -** संघीय सरकारी कार्यालयतर्फ २० निकायअन्तर्गत सञ्चालनमा रहेका कोषहरुमा गत वर्षको जिम्मेवारी रु.१ खर्ब ३ अर्ब ७३ करोड र यो वर्षको आम्दानी रु.८८ अर्ब ८१ करोडसमेत रु.१ खर्ब ९२ अर्ब ५४ करोडमध्ये रु.७९ अर्ब ७० करोड खर्च भई रु.१ खर्ब १२ अर्ब ८४ करोड बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १९ मा छ । यस्ता कोषमा नेपाली सेना कल्याणकारी कोष, नेपाल प्रहरी कल्याणकारी कोष, सशस्त्र प्रहरी बल कल्याणकारी कोष, पत्रकार कल्याण कोष, वातावरण संरक्षण कोष, छात्र शिक्षा कोषलगायत छन् ।

निश्चित उद्देश्य राखी कोष स्थापन गरी रकम जम्मा गरे तापनि कार्यविधि बनाई कार्यन्वयन नगर्नाले छात्रा शिक्षा कोष, बालश्रम निवारण, प्रत्याभूति र आतंकपीडित कोष, वातावरण संरक्षण कोष, उद्योग मन्त्रालय कार्य सञ्चालन कोषलगायतमा रु.५२ करोड ६८ लाख विगत वर्षदेखि नै निष्क्रिय रहेको छ । अर्थ मन्त्रालयबाट २०६५।४।३० मा कुनै पनि निकायअन्तर्गत कार्य सञ्चालन कोष रहेको भए बन्द गरी विनियोजन ऐनबमोजिम खर्च गर्ने निर्णय भएपनि हालसम्म पनि यस्ता कोषहरु सञ्चालनमा नै रहेका छन् ।

६. **आयोजना हिसाब** - नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार यो वर्ष ७२ आयोजनाको आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन दिनुपर्नेमा पेस हुन आएका ७० आयोजनको हिसाब प्रमाणित गरी लेखापरीक्षण प्रतिवेदनसहित उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये एसियाली विकास बैङ्कतर्फ ३२, विश्व बैङ्क, अन्तराष्ट्रिय विकास संस्थातर्फ २२ र अन्य दातृराष्ट्र/निकायतर्फ १६ रहेको छ । आयोजना २ ले आयोजना हिसाब प्रमाणीकरणका लागि पेस गरेका छैनन् । समयमै आयोजना हिसाब पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष शहरी विकास, खानेपानी, सिँचाइ, भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतका ११२ निकायमा रु.४५ अर्ब ६ करोड ५३ लाखको १ हजार २५३ ठेक्का बन्दोबस्त गरेकोमध्ये रु.४४ अर्ब ७ करोड ५९ लाखको १ हजार १३४ ठेक्का दोस्रो र तेस्रो चौमासिकमा बन्दोबस्त गरेको पाइयो । तेस्रो चौमासिकमा गरेको ठेक्का बन्दोबस्तमध्ये रु.२१ अर्ब १५ करोड ७७ लाखको २३७ ठेक्का आषाढ महिनाको रहेको छ ।

८. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद कार्य गर्न नहुने व्यवस्था छ । यो वर्ष संघीय संसद सचिवालय, शहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ, खानेपानी, भौतिक पुर्वाधार तथा यातायात, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका ३५ कार्यालयले संरचना निर्माण, मर्मत, मालसामान खरिद कार्यलाई विभिन्न टुक्रामा विभाजन गरी रु.७२ अर्ब १३ करोड ७१ लाखको कार्य प्रतिस्पर्धाबिगर सोझै खरिद गरेको पाइयो । ऐनविपरीत प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गराउन हुँदैन ।

९. **परामर्श सेवा** - कार्यालयको मौजुदा जनशक्तिबाट गर्न सकिने कार्यसमेत परामर्शदाताबाट गराएको छ । यो वर्ष भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ, र खानेपानी मन्त्रालय र मातहतका १३४ इकाईले रु.१ अर्ब ६७ करोड ६७ हजार परामर्श सेवा लिई खर्च गरेका छन् । विभागीय जनशक्तिबाट गराउन सकिने काममा समेत परामर्शदाता राखी खर्च गरेकोले आयोजनाको लागत बढ्न गएको छ । अत्यावश्यक सेवाबाहेक बिभागीय जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशतसम्म समावेश गर्न सकिने व्यवस्था छ । कन्टिन्जेन्सी खर्च गर्ने स्पष्ट नीति तय नभएको अवस्थामा भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ, र खानेपानी मन्त्रालय र मातहतका १३४ निकायले यो वर्ष रु.१ अर्ब ४३ करोड ४७ लाख खर्च लेखेका छन् । कन्टिन्जेन्सीबाट खर्च नियन्त्रण गर्नेतर्फ प्रभावकारी कदम चाल्नुपर्दछ ।

११. **म्याद थप** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौता अवधि नबढाई नहुने भएमा अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । यो वर्ष भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ र खानेपानी मन्त्रालय र मातहतका १०३ इकाई अन्तर्गत म्याद थप भएका २० हजार १२५ ठेक्काको विश्लेषण गर्दा ९ हजार ३५९ ठेक्कामा शुरु सम्झौताको ५० प्रतिशतसम्म, ४ हजार ५४० ठेक्कामा शुरु सम्झौताको ५१ देखि १०० प्रतिशतसम्म र ६ हजार २२६ ठेक्कामा शुरु सम्झौताको शतप्रतिशतभन्दा बढी म्याद थप गरेको पाइयो । ठेक्का म्याद थप गर्दा थप हुने व्ययभार र सेवाग्राहीले समयमा सेवा नपाएको सम्बन्धमा पर्याप्त विश्लेषण गर्ने गरेको पाइएन ।

१२. **चौधौं योजनाको उपलब्धि** - चौधौँ योजना अवधि (२०७३।७४-२०७५।७६) मा केही सूचकमा आशातीत सुधार आएको छ यद्यपि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिएको छैन । सूचकाङ्क तथा उपलब्धिको स्थिति निम्नानुसार छः

| क्र.सं. | सूचक | आधार वर्ष (२०७२।७३) | २०७५।७६ सम्मको लक्ष्य | २०७५।७६ सम्मको प्रगति |
|---|---|---|---|---|
| १ | वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत) | ०.८ | ७.२ | ६.९ |
| २ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | १.३ | ४.७ | ४.२ |
| ३ | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ०.६ | ८.४ | ८.० |
| ४ | वार्षिक औसत मुद्रास्फीति (प्रतिशत) | ९.५ | ७.५ | ४.६ |
| ५ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (रु. हजारमा) | ७९.४ | ११६.५ | ११७.५ |
| ६ | गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत) | २१.६ | १७ | १८.७ |
| ७ | मानव विकास सूचकाङ्क | ०.५४ | ०.५७ | ०.५७९ |
| ८ | लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.५६ | ०.५८ | ०.५६८ |
| ९ | अपेक्षित आयु (जन्मेको समयमा, वर्ष) | ६९ | ७२ | ६९.७ |
| १० | खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत) | ८३.६ | ९० | ८९ |
| ११ | माध्यमिक तहमा खुद भर्नादर (प्रतिशत) | ३७.७ | ४५ | ४६ |
| १२ | १५-२४ वर्ष उमेर समूहको साक्षरता दर | ८८.६ | ९२ | ९२ |
| १३ | विद्युत उत्पादन (जडित क्षमता, मेगावाट) | ८५१ | २३०१ | १२५० |
| १४ | विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत) | ७४ | ८७ | ८८ |
| १५ | सिँचाइ (हेक्टर लाखमा) | १३.९ | १५.२ | १४.७ |
| १६ | इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्या (प्रतिशत) | ४४.४ | ६५ | ६५.९ |

माथिको तालिकाको अध्ययनबाट प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन, मानव विकास सूचकाङ्क, माध्यमिक तहमा खुद भर्नादर, १५-२४ वर्ष उमेर समूहको साक्षरता दर, विद्युतमा पँहुच प्राप्त परिवार, वार्षिक औसत मुद्रास्फीति र इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्यासम्बन्धी सूचकमान लक्ष्य हासिल भएको छ ।वार्षिक औसत आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर र गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर २०७५।७६ सम्म क्रमशः ७.२ प्रतिशत, ४.७ प्रतिशत र ८.४ प्रतिशत हासिल गर्ने लक्ष्य लिएकोमा क्रमशः ६.९ प्रतिशत, ४.२ प्रतिशत र ८ प्रतिशतमात्र प्रगति भएको छ । यसैगरी गरिबीको रेखामुनिको जनसंख्या १७ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा १८.७ प्रतिशत, लैङ्गिक सशक्तीकरण सूचकाङ्क ०.५८ पुर्‍याउने पूर्व लक्ष्य राखिएकोमा ०.५६८, अपेक्षित आयु ७२ वर्ष पुर्‍याउने लक्ष्य रहेकोमा योजनाको अन्तिम वर्षसम्ममा अपेक्षित आयु ६९.७, खानेपानी सेवा पुगेको जनसंख्या ९० प्रतिशत पुर्‍याउने लक्ष्य लिएकोमा ८९ प्रतिशत उपलब्धि हासिल भएको छ । विद्युत उत्पादन २ हजार ३०१ मेगावाट जडित क्षमता पुर्‍याउने लक्ष्य लिएकोमा १ हजार २५० मेगावाट मात्र पुगेको छ । सिँचाइ सुविधा १५.२ लाख हेक्टरमा पुर्‍याउने लक्ष्य लिएकोमा १४.७ लाख हेक्टरमा सिँचाइ सुविधा पुगेको छ ।

१३. **राष्ट्रिय गौरवका आयोजना** - राष्ट्रिय योजना आयोगबाट प्राप्त विवरणअनुसार राष्ट्रिय गौरवका आयोजनाहरुको २०७५।७६ सम्मको प्रगतिको स्थिति निम्नानुसार रहेको छः

| क्र.सं. | योजनाको नाम | शुरु भएको वर्ष | सम्पन्न हुनुपर्ने वर्ष | समग्र प्रगति प्रतिशतमा) | | लागत (रु. करोडमा ) | |
|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | शुरुको | संशोधित |
| १ | सिक्टा सिँचाइ आयोजना | २०६१।६२ | २०७६।७७ | ८०.७ | ७३.१ | १२८० | २५०२ |
| २ | बबई सिँचाइ आयोजना | २०४५।४६ | २०७९।८० | ४६.४ | ४०.४ | २८७.३९ | १८९६ |
| ३ | रानीजमरा कुलरिया सिँचाइ आयोजना | २०६७।६८ | २०८०।८१ | ४३ | ४१ | १२३७ | २७७० |
| ४ | भेरी बबई डाईभर्सन वहुउद्धेश्यीय आयोजना | २०६८।६९ | २०७९।८० | ३८.४ | ३० | १६४३ | ३३१९ |
| ५ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | २०६७।६८ | २०७६।७७ | ९९.३ | ९४ | ३५२९ | ४९२९ |
| ६ | बुढीगण्डकी जलविद्युत आयोजना | २०६९।७० | नखुलेको | - | १४ | २६००० | २६००० |
| ७ | पश्चिम सेती जलविद्युत आयोजना | नखुलेको | नखुलेको | - | - | १४८७० | १४८७० |
| ८ | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल | २०७१।७२ | २०७६।७७ | ७४ | ७६ | २९८१ | ३०४१ |
| ९ | पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल | २०७१।७२ | २०७९।८० | ४२ | २९ | २२१० | २२१० |
| १० | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, वारा | २०७१।७२ | नखुलेको | १० | ०.०८ | ७०००० | ७०००० |
| ११ | पशुपति क्षेत्र विकास कोष | २०७०।७१ | नखुलेको | ४० | ३५ | २०१ | २०१ |
| १२ | लुम्बिनी विकास कोष | २०७०।७१ | २०७९।८० | ८५ | ७५ | ५५५ | ६१० |
| १३ | पुष्पलाल मध्य-पहाडी लोकमार्ग | २०६४।६५ | २०७९।८० | ४८ | ४७ | ३३३६ | ८४३३ |
| १४ | रेल्वे तथा मेट्रो विकास आयोजना | २०६६।६७ | नखुलेको | ११.४ | २० | ७०६१ | ७०६१ |
| १५ | हुलाकी लोकमार्ग | २०६६।६७ | २०७९।८० | ४४ | ४२ | ४७२४ | ६५२० |
| १६ | उत्तर-दक्षिण (कोशी कोरिडोर) लोकमार्ग | २०६५।६६ | २०८०।८१ | १५ | १५ | ५७९ | १६२० |
| १७ | उत्तर-दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | २०६६।६७ | २०८०।८१ | १३ | १९ | २८८० | २८८० |
| १८ | उत्तर-दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग | २०६५।६६ | २०७९।८० | २० | १८ | ४१० | ११०० |
| १९ | काठमाडौं तराई मधेश द्रुतमार्ग | २०७४।७५ | २०८०।८१ | ८.५ | ७ | १११०० | २१३९५ |
| २० | मेलम्ची खानेपानी आयोजना | २०५५।५६ | २०७७।७८ | ९५.१२ | ७६ | २४०० | ३५५४ |
| २१ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | २०७१।७२ | २०९३।९४ | ९२.९६ | ९३ | १२५ | ८५५ |
| २२ | विद्युत प्रशारण आयोजना | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | ७००० | ७००० |

उल्लिखित तालिकाअनुसार राष्ट्रिय गौरवका आयोजनाको भौतिक प्रगति मिश्रित देखाएको छ । पश्चिम सेति जलविद्युत आयोजना र विद्युत प्रशारण आयोजनाको काम शुरु नभएको एवं निजगढ

अन्तराष्ट्रिय विमानस्थल, काठमाडौं तराई मधेश फाष्ट ट्रयाक र बुढीगण्डकी जलविद्युत आयोजनाको समग्र भौतिक प्रगति १५ प्रतिशतभन्दा न्यून रहेको देखिन्छ ।

राष्ट्रिय गौरवका ठूला आयोजना कार्यान्वयन र सञ्चालन गर्ने एकीकृत कानुन तर्जुमा नभएको, आयोजना कार्यान्वयनको ढाँचा, विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, कुल लागत, समयावधि, जग्गा प्राप्ति लगायतका आधारभूत विषय तयार नभई राष्ट्रिय गौरवका आयोजनाको रुपमा वर्गिकरण गरेको, कमजोर ठेक्का व्यवस्थापन, जग्गा प्राप्ति र रुख कटानमा समस्या एवं ढिलाई, रेखाङ्कन, सिमाकंन र सीमा विवाद, विस्फोटक पद्धार्थको अभाव, निर्माण सामाग्रिको अभाव, अन्तर निकाय समन्वयको कमी लगायतको कारण यी आयोजना निर्धारित समयमा सम्पन्न हुन नसकी समय र लागत दुबै बृद्धि हुने देखिन्छ ।

१४. **संगठित संस्थाको लेखापरीक्षण** - यो वर्ष ४५ संस्थाको बक्यौतासमेत ६७ आर्थिक वर्षको लेखापरीक्षण गर्नपर्नेमा ३८ संस्थाको ५३ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भएको छ । सम्पन्नमध्ये सबैको अन्तिम प्रतिवेदन जारी भई १२ संस्थाको १४ आर्थिक वर्षको लेखापरीक्षण बाँकी रहेको छ । समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारबाही हुनुपर्दछ ।

१५. **संगठित संस्थाको सञ्चालन नतिजा** - लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायिक लेखा राखी वासलात तयार गर्ने ९० संस्था, समिति र अन्य संस्थाको वित्तीय स्थिति यस प्रतिवेदनमा समावेश गरिएकोमा ६२ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन मुनाफा रु.१ खर्ब १३ अर्ब ३२ करोड र २८ संस्थाको कुल सञ्चालन नोक्सानी रु. ४ अर्ब २४ करोड रहेको छ । यससम्बन्धी विवरण अनुसूची ६ मा उल्लेख छ ।

यस्तै व्यावसायिक लेखा नराखी आय-व्यय हिसाब मात्रै तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था ६० को सञ्चालन बचत रु.१० अर्ब ६८ करोड ३५ लाख र २८ संस्थाको सञ्चालन नोक्सानी रु.२ अर्ब ८४ करोड ३१ लाख रहेको छ । यससम्बन्धी विवरण अनुसूची ७ मा उल्लेख छ ।

१६. **लेखापरीक्षक नियुक्तिमा परामर्श** - लेखापरीक्षण ऐन, २०७५ को दफा ११(२) अनुसार संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन । यो वर्ष ३९ संस्थाले ७० आर्थिक वर्षको मात्र लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गरेका छन् । समयमै परामर्श माग गरी लेखापरीक्षण अद्यावधिक नगराउने संस्थाका सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७. **अनुदानको अनुगमन** - यो वर्ष सात प्रदेशका भूमि व्यवस्था, कृषि वन मन्त्रालय र मातहतका निकायले कृषि तथा पशुपन्छी फार्मको पूर्वाधार सुदृढीकरण, मेशिनरी औजार, हाटबजार, सेड तथा भवन निर्माण, बजारीकरण, ट्रयाक्टर खरिद, मिल्क क्यान, चिलिङ्ग भ्याट कन्टेनरलगायत कार्यमा लागत साझेदारीको आधारमा प्रदेश नं.१ ले रु.३५ करोड ४४ लाख, प्रदेश नं.२ ले रु.१ अर्ब ४ करोड १२ लाख, वाग्मती प्रदेशले रु.७७ करोड ७३ लाख, गण्डकी प्रदेशले रु.३६ करोड ३४ लाख, प्रदेश नं.५ ले रु.२७ करोड ९० लाख, कर्णाली प्रदेशले रु.७५ करोड र सुदूरपश्चिम प्रदेशले रु.३३ करोड ३८ लाखसमेत रु.३ अर्ब ८९ करोड ९१ लाख कार्यक्रमगत कृषि अनुदान उपलब्ध गराएका छन् । यसैगरी, गण्डकी प्रदेशले होमस्टेको पूर्वाधार विकासको लागि विभिन्न २७४ होमस्टेलाई रु.२७ करोड ८९ लाख, वाग्मति प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकायले कृषि उपकरण, मेशिनरी औजार खरिद तथा पूर्वाधार निर्माण लगायतका कार्यको लागि निजी व्यवसायी समेतलाई रु.७७ करोड ७४ लाख,

गण्डकी प्रदेशले वातावरणमैत्री नमूना कृषि गाउँ स्थापनको लागि विभिन्न संस्था एवं समूहलाई रु.८ करोड ५८ प्रदान गरेका छन् । यसरी प्रदान भएको अनुदान तोकिएको कार्यमा खर्च भई उपयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गर्नुपर्ने देखिन्छ ।

१८. **फिर्ता गर्नुपर्ने अनुदान** - नेपाल सरकार तथा प्रदेश सरकारले प्रदान गरेको अनुदान तोकिएको प्रयोजनमा खर्च खर्च नभई बाँकी रहेमा सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष स्थानीय तहहरुलाई सशर्त, समपुरक र विशेष अनुदान वापत रु.१ खर्ब ३६ अर्ब २३ करोड ४३ लाख प्राप्त भएकोमा नेपाल सरकारतर्फको रु.१२ अर्ब २९ करोड ८१ लाख र प्रदेश सरकार तर्फको रु.४ अर्ब २ करोड ५७ लाखसमेत रु.१६ अर्ब ३२ करोड ३८ लाख खर्च नभई बाँकी रहेकोले सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

# खण्ड - १

# संघीय मन्त्रालय तथा निकाय

# संघीय संसद सचिवालय

नेपालको संविधानको भाग ८ धारा ८३ मा दुई सदनसहितको एक संघीय व्यवस्थापिका रहने जसलाई संघीय संसद भनिने उल्लेख छ । राज्य सञ्चालनका क्रममा आवश्यकताअनुसार नेपाल सरकारले पेस गरेका विधेयकउपर सदनमा छलफल गरी कानुन निर्माण गर्नु संघीय संसदको मुख्य कार्य हो । संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रतिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहने राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्था छ । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ अनुसार प्रतिनिधि सभामा १०, राष्ट्रिय सभामा ४ र दुवै सदनको संयुक्तरुपमा २ समेत १६ विषयगत समिति रहेका छन् ।

संसदको काम कारबाही सुचारुरुपले सञ्चालन गर्न व्यवस्थापिका संसद सचिवालयसम्बन्धी ऐन, २०६४ अनुसार व्यवस्थापिका संसद सचिवालयको स्थापना भई हाल संघीय संसद सचिवालयमा रुपान्तरण भएको छ । सचिवालयमा विभिन्न दर्जाका ३८३ जना कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय** - सचिवालयको निम्नानुसार रु.१ अर्ब २४ करोड ६० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १ | १२२१५ | १ | ५७ | १ | १४० | १ | ४८ | १ | १२४६० |

२. **विधेयक दर्ता र पारित** - संघीय संसद गठन पश्चात पहिलोदेखि चौंथो अधिवेशनसम्म प्रतिनिधि सभामा ६५ विधेयक दर्ता भई ५४ पारित भएको एवं राष्ट्रिय सभामा दर्ता भएको २१ मध्ये १८ विधेयक पारित भएको देखिन्छ । यसरी दर्ता भएकोमध्ये दोस्रो अधिवेशनमा प्रतिनिधि सभाबाट १ र चौथो अधिवेशनमा राष्ट्रिय सभाबाट १ विधेयक फिर्ता भएको देखिन्छ । यसैगरी चौथो अधिवेशनमा अनुमोदनको लागि प्रतिनिधि सभामा ४ र राष्ट्रिय सभामा १ अन्तर्राष्ट्रिय सन्धि सम्झौता दर्ता भएको देखिन्छ ।

३. **निजी सचिवालयका कर्मचारीको सुविधा** - संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को दफा ५ र २२ सँग सम्बन्धित अनुसूची २ मा पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधासम्बन्धी व्यवस्था रहेको छ । सोही अनुसूचीको द्रष्टव्यको बुँदा नं.१ मा प्रतिनिधि सभाका सम्माननीय सभामुख र माननीय उपसभामुख एवं राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्षका स्वकीय सचिवालयका कर्मचारीहरुले शुरु स्केलअनुसारको तलबमात्र पाउने उल्लेख भएकोमा तलबको अतिरिक्त प्रोत्साहन भत्ता, मंहगी भत्ता र खाजा/खाना खर्च रु.२३ लाख ८७ हजारसमेत भुक्तानी गरेको देखिन्छ । सचिवालयले संघीय संसद सचिवालयसम्बन्धी ऐन, २०६४ को दफा ६ अनुसार गठित सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयअनुसार उक्त रकम भुक्तानी दिएको व्यहोरा जनाए तापनि ऐनमा स्पष्ट उल्लेख भएभन्दा बढी सुविधा दिने गरी निर्णय गर्न मिल्ने आधार देखिएन ।

४. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित गर्नेगरी खरिद प्रक्रिया अघि बढाउनु हुँदैन भन्ने व्यवस्था रहको एवं दफा ८५(१ख) मा तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नपाइने व्यवस्था रहेकोमा उल्लिखित व्यवस्थाको पालना नभएको सम्बन्धमा गत विगत वर्षमा सोसम्बन्धी व्यहोरा

आँैल्याउँदै आएको भए तापनि यो वर्षसमेत उक्त प्रक्रियामा सुधार भएको देखिएन । यो वर्ष फर्निचर फिक्चर्समा रु.१ करोड ३ लाख ४० हजार, मेसिनरी औजारमा रु.१ करोढ ७९ लाख ५४ हजार र सार्वजनिक निर्माणमा रु.२ करोड ९ लाख ३२ हजार पाँच लाखभन्दा घटीको टुक्रा प्याकेज बनाई सोझै खरिद गरी खर्च गरको पाइयो । कानुनमा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - संघीय संसद सचिवालयको यो वर्ष रु.१५ लाख ५५ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.५ लाख २० हजार कर्मचारी पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची–१५ मा छ ।

# सर्वोच्च अदालत

नेपालको संविधानको भाग ११ धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था छ । सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा २० जना अन्य न्यायाधीश रहने र संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीशको र न्याय परिषद्को सिफारिसमा अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ । सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत मातहत रहने व्यवस्था छ । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतको हुने तथा सर्वोच्च अदालतले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत र न्यायिक निकायको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने एवं आफ्नो र मातहत अदालत वा न्यायिक निकायको अवहेलनामा कारबाही चलाई कानुनबमोजिम सजायँ समेत गर्नसक्ने व्यवस्था छ । नेपालको संविधानमा ३ तहको अदालत हुने व्यवस्थाअनुरुप सर्वोच्च अदालत, उच्च अदालत, विशेष अदालत, जिल्ला अदालतसमेत १०६ निकायमा ४२१ न्यायाधीश र विभिन्न सेवा, समूह र श्रेणीका ६ हजार २०८ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय -** सर्वोच्च अदालत र मातहत अदालतसमेतको निम्नानुसार रु.१४ अर्ब ६२ करोड ६२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १०६ | ४५७९८ | १०५ | १५२३८ | १०५ | ८५२२६ | - | - | १०६ | १४६२६२ |

२. **मुद्दा र फछ्र्यौट -** सर्वोच्च अदालतको तेस्रो रणनीतिक योजनाअनुसार जिल्ला र उच्च अदालतमा रहेका मुद्दा १८ महिनाभित्र र सर्वोच्च अदातलमा रहेका मुद्दा २ वर्षभित्र फछ्र्यौट गर्ने उल्लेख छ । यो वर्ष सर्वोच्च अदालत र मातहत अदालतहरुमा गत वर्षबाट जिम्मेवारी सरेको ३ लाख ७१ हजार ३० मुद्दा मध्ये २ लाख ६५ हजार १९२ फछ्र्यौट भई १ लाख ५ हजार ८३८ बाँकी रहेको देखिन्छ । रणनीतिक योजनामा मुद्दा फछ्र्यौटको अवधि निर्धारण गरेको भए तापनि तीनै तहको अदालतमा दुई बर्ष नाघेका मुद्दाको संख्या १२ हजार ८०२ रहेको देखिन्छ । तीनै तहको अदालतमा ४२१ न्यायाधीशको दरबन्दी रहेकोमा २० रिक्त रहेको देखिन्छ । स्वीकृत दरबन्दीको पद पूर्ति गरी रणनीतिक योजनामा उल्लेख भएको अवधिभित्र मुद्दा फछ्र्यौट गर्नुपर्दछ ।

३. **प्रोत्साहन भत्ता -** न्यायापालिकामा कार्यरत कर्मचारीको लागि अतिरिक्त समय काम गरेबापतको भत्ता उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७५ को दफा ४ मा प्रोत्साहन भत्ता भुक्तानी गर्दा विद्युतीय हाजिरी मेसिनमा उल्लेखित अभिलेखलाई आधार मान्ने, विद्युतीय हाजिरी मेसिन नभएको कार्यालयमा मेसिन तत्काल जडान गर्ने र जडान नभइन्जेल लगबुक तयार गरी अभिलेखाङ्कन गरी सो आधारमा प्रोत्साहन भत्ता दिनुपर्नेमा निर्देशिकामा उल्लिखित व्यवस्था अनुरुप नगरी केही जिल्ला अदालतले रु.५७ लाख ७८ हजार प्रोत्साहन भत्ता भुक्तानी गरेका छन् । प्रोत्साहन भत्ता भुक्तानी गर्दा निर्देशिकाको पालना गरिनुपर्दछ ।

४. **आयकर -** आयकर ऐन, २०५८ को दफा ८७ को उपदफा १ मा कुनै व्यक्तिले भुक्तानीबाट प्राप्त गरेको आय गणना गर्दा ऐनबमोजिम कट्टा गर्न पाउने छुट सुविधा कट्टा गरी कायम भएको आयमा कर निर्धारण गरी राजस्वमा दाखिला गर्नुपर्दछ । यस वर्ष १६ जिल्लाका जिल्ला अदालतमा कार्यरत न्यायाधीशहरूको

पारिश्रमिक भुक्तानी गर्दा रु.२१ लाख १२ हजार पारिश्रमिक कर राजस्वमा दाखिला गरेको छैन । ऐनमा व्यवस्था भएबमोजिम कर निर्धारण गरी राजस्वमा दाखिला हुनुपर्दछ ।

५. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल बीजकको भुक्तानी उपनियम (१) बमोजिम खरिद सम्झौता वा करारका शर्तबमोजिम गर्ने व्यवस्था छ । जिल्ला अदालत झापाको न्यायाधीश तथा अधिकृत भवन निर्माण गर्दा पाँचौ बिलसम्मको रु.१ करोड २५ लाख ७३ हजार भुक्तानी भएकोमा रु.९४ लाख ६६ हजारमात्र छैठौं बिलमा जिम्मेवारी सारेकोले निर्माण व्यवसायीलाई रु.३१ लाख ७ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** सर्वोच्च अदालत र मातहतसमेत ६९ निकायमा यो वर्ष रु.१६ करोड ५३ लाख ७९ हजार बेरुजू देखिएकोमा फछ्र्यौट हुन सक्ने प्रतिक्रिया तथा प्रमाण प्राप्त नभएकोले बाँकी रहेको छ । सोमध्ये रु.३८ लाख ६३ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

# लोक सेवा आयोग

नेपालको संविधानको धारा २४२ मा लोक सेवा आयोगको व्यवस्था छ । आयोगका अध्यक्ष र अन्य ४ सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । धारा २४३ अनुसार निजामती सेवाको अतिरिक्त नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्दछ । नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदको नियुक्ति, कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने र सोको कार्यान्वयन गर्नुपर्ने प्रावधान छ । आयोग र मातहतका १६ निकायमा ३९९ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय** - कार्यालयको निम्नानुसार रु.८७ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १६ | ६०१८ | १६ | २६१२ | १६ | १११ | - | - | १६ | ८७४१ |

२. **खर्च विश्लेषण –** आयोगको खर्चको शीर्षकगत विश्लेषण गर्दा चालु खर्चतर्फ कर्मचारी तलब भत्ता रु.१५ करोड ५५ लाख २२ हजार, कार्यालय सञ्चालनमा रु.५ करोड ५८ लाख १९ हजार, कार्यक्रम खर्चतर्फ रु.१ करोड ४ लाख ९३ हजारसमेत चालुतर्फ रु.५० करोड ९७ लाख ६२ हजार खर्च भएको छ । चालु खर्चतर्फ विविध (परीक्षा सञ्चालन) मा ५५.७९ प्रतिशत, कर्मचारीको तलब भत्तामा ३०.५० प्रतिशत खर्च भएको देखिन्छ । पूँजिगततर्फ भवन निर्माणमा रु.२ करोड ६६ लाख ५४ हजार, मेसिनरी औजारमा रु.१ करोड २२ लाख ७० हजार, सवारीसाधन खरिदमा रु.६१ लाखसमेत रु.६ करोड ३५ लाख ६२ हजार खर्च भएको देखिन्छ ।

३. **पदपूर्ति -** यो वर्ष आयोगले निजामती सेवातर्फ बढुवा, आन्तरिक, खुला तथा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ १ हजार १७४ पदको लागि २५७ विज्ञापन प्रकाशन गरी दरखास्त माग गरेकोमा कुल १ लाख ४४ हजार १७९ दरखास्त परेको देखिन्छ । आयोग र मातहत निकायको यो वर्ष रु.६० करोड १७ लाख ६४ हजार खर्च भएको र पदपूर्ति लागत विश्लेषण गर्दा दरखास्त परेको संख्याको आधारमा प्रति व्यक्ति लागत रु.४ हजार १७४ र पदपूर्ति भएको संख्याको आधारमा प्रति व्यक्ति लागत रु.५ लाख १२ हजार ५७६ परेको देखिन्छ ।

४. **खर्च प्रक्रिया -** यो वर्ष ४ सुरक्षा निकाय र २४ संस्थाको लागि १ हजार १४४ विज्ञापनमार्फत् २७ हजार ५१८ पदमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने सहमति प्रदान गरेको देखिन्छ । ती विज्ञापनका लागि लिइएका लिखित परीक्षामा १ लाख ९८ हजार ६८२ सहभागी भई ३६ हजार ३६४ उम्मेदवार अन्तरवार्ताका लागि छनौट गरेको देखिन्छ । आयोगले संगठित संस्थाहरुको पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालनको लागि विभिन्न संस्थाबाट प्राप्त रकम विविध खातामा राखी भएको खर्चको बिल भरपाई सम्बन्धित संस्थामै पठाउने गरेको छ । संस्थानहरुको परीक्षा खर्च निजामतीतर्फको जस्तै परीक्षा दस्तुर लिई राजस्वमा जम्मा गरेर बजेटमार्फत् खर्च गर्नु उपयुक्त हुने देखिन्छ ।

५. **परामर्श -** निजामती सेवा ऐन, २०४९ को कर्मचारी सेवा शर्तसम्बन्धी कानुन, विभागीय सजाँय आदि विषयमा आयोगवाट परामर्श प्रदान गर्नुपर्ने व्यवस्थाअनुसार यो वर्ष आयोगले कर्मचारी सेवा शर्तसम्बन्धी ६६ र कर्मचारीलाई विभागीय सजाँय गर्ने ८४ समेत १५० परामर्श प्रदान गरेको देखिन्छ। यसमध्ये विभागीय सजायको ६४ परामर्श कार्यान्वयन भएको जानकारी प्राप्त भएको छ भने कर्मचारी सेवा शर्त सम्बन्धी परामर्श कार्यान्वयनको विवरण प्राप्त भएन ।

- **बेरुजू स्थिति –** आयोग र मातहत ५ निकायमा यो वर्ष रु.२ लाख ७४ हजार बेरुजू बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

# निर्वाचन आयोग

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ । आयोगमा प्रमुख आयुक्त र अन्य ४ आयुक्त रहने तथा प्रमुख आयुक्त र आयुक्तहरुको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । आयोगलाई संविधान र संघीय कानुनको अधीनमा रही संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालनलगायतका काम कर्तव्य र अधिकार तोकिएको छ । आयोग र मातहतका ७८ कार्यालयमा ६७१ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय** - कार्यालयको निम्नानुसार रु.५३ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ७८ | ३६३८ | ४३ | १६० | ४५ | १५३३ | - | - | ७८ | ५३३१ |

२. **खर्च विश्लेषण** - आयोगको खर्चको शीर्षकगत विश्लेषण गर्दा आयोगको केन्द्रीय कार्यालयको प्रशासनिक र कार्यालय सञ्चालनमा रु.६ करोड ९६ लाख ६९ हजार र पुँजीगत खर्च रु.१६ लाख ४० हजार, ७७ जिल्ला निर्वाचन कार्यालयको प्रशासनिक एवं कार्यालय सञ्चालनमा रु.२१ करोड ३८ लाख ५२ हजार र पुँजीगत खर्च रु.१ करोड ८९ लाख ६२ हजार, मतदाता नामावली अद्यावधिक र सङ्कलन कार्यक्रममा रु.२ करोड ६८ लाख ४ हजारसमेत रु.३६ करोड ३८ लाख खर्च भएको देखिन्छ । उक्त खर्च शुरु बजेटको तुलनामा ६९.६५ प्रतिशत र खुद बजेटको तुलनामा ८४.९० प्रतिशत रहेको देखिन्छ ।

३. **मेसिन प्रयोग** - आयोगले २०७४ मंसिरमा रु.२१ करोड ८३ लाख ४० हजारमा खरिद गरेको २ थान डिजिटल कलर प्रिन्टर प्रयोगमा नल्याएको सम्बन्धमा गत बर्षको प्रतिवेदनमा औंल्याउँदा आयोगले २०७५।१२।१५ मा आगामी उप निर्वाचनमा मतपत्रलगायत अन्य छपाइ कार्य गरिने जवाफ दिएको भए तापनि २०७६ को उपनिर्वाचनमा समेत प्रयोग भएको देखिएन । आयोगमा रहेका मेसिन सञ्चालनका लागि दक्ष जनशक्ति र मेसिनमा प्रयोग गरिने कागज आयोगमा नभएको काण उल्लेख गरी निर्वाचनसम्बन्धी सामग्री जनक शिक्षा सामग्री केन्द्रमा छपाइ गरी रु.२ करोड ६७ लाख ९ हजार भुक्तानी गरेको छ । उच्च मूल्यको मेसिन खरिद गरी प्रयोगविहीन रहेको उचित देखिएन । आवश्यक जनशक्ति र अन्य व्यवस्थापन गरी मेसिन प्रयोगमा ल्याउनुपर्दछ ।

- **बेरुजू स्थिति** - आयोग र मातहतसमेत २६ निकायमा यो वर्ष रु ४७ लाख ५१ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.२२ हजार कर्मचारी पेस्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची–१५ मा छ ।

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ । आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा अध्यक्ष र सदस्यको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ । हाल आयोगमा अध्यक्ष मात्र नियुक्ति भएको देखिन्छ । संविधानको धारा ६० र धारा २५१ बमोजिम आयोगले राजस्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, आन्तरिक ऋण तथा प्राकृतिक स्रोतको बाँडफाँड तथा उपयोग सम्बन्धमा सिफारिश गर्ने गर्दछ । यसैगरी संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच एवं प्रदेश सञ्चितकोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने, संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने लगायतका काम आयोगबाट हुने व्यवस्था छ । आयोगमा ७३ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.६ करोड २१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १ | ५९० | १ | १ | १ | ३० | ० | ० | १ | ६२१ |

२. **राजस्व बाँडफाँड र अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ३ र परिच्छेद ४ मा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँड र अनुदान, वित्तीय समानीकरण र सशर्त अनुदान आयोगको सिफारिसमा प्रदान गर्ने व्यवस्था छ । जसअनुसार वित्तीय समानीकरण अनुदान सिफरिस गर्दा न्यूनतम अनुदान, अनुदानको आधार र ढाँचासहित अनुदान सिफारिस गर्ने एवं सशर्त अनुदानका आधार सिफारिस गर्ने व्यवस्था छ । त्यस्तै समपूरक र विशेष अनुदान उपलब्ध गराउँदा आयोगको सिफारिस आवश्यक नपर्ने व्यवस्था रहेको देखिन्छ । नेपाल सरकारले वार्षिक बजेटमा उल्लेख गरी २०७५।७६ र २०७६।७७ मा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराएको विभिन्न अनुदान र राजस्व वाँडफाँडको रकम निम्नानुसार देखिन्छः

(रकम रु. करोडमा)

| अनुदान | २०७५।७६ | २०७६।७७ |
|---|---|---|
| राजस्व बाँडफाँड प्रदेश र स्थानीय तह | १,१४,२४ | १,३०,८९ |
| वित्तीय समानीकरण अनुदान प्रदेश र स्थानीय तह | १,३५,५१ | १,४५,२५ |
| सशर्त अनुदान प्रदेश | ६३,१४ | ४४,५५ |
| सशर्त अनुदान प्रदेश र स्थानीय तह | १,०९,८४ | १,२३,८७ |
| आयोगको सिफारिशमा प्रदेश र स्थानीय तहलाई विनियोजित अनुदान | ४,२२,७३ | ४,४४,५६ |
| समपुरक र विशेष अनुदान प्रदेश र स्थानीय तह | २०,०० | २०,०० |
| प्रदेश र स्थानीय तहलाई जाने कुल अनुदान | ४,४२,७३ | ४,६४,५६ |
| कुल बजेट | ११,५९,४५ | १३,६५,११ |
| कुल बजेटको तुलनामा आयोगको सिफारिशमा प्रदेश र स्थानीय तहलाई विनियोजित अनुदान प्रतिशत | ३६.४५ | ३२.५६ |
| कुल बजेटको तुलनामा प्रदेश र स्थानीय तहलाई विनियोजित अनुदान प्रतिशत | ३८ | ३४ |

उल्लिखित तालिकाअनुसार २०७५।७६ मा नेपाल सरकारले आयोगको सिफारिस हुने र नहुने उल्लिखित शीषर्कबाट कुल वार्षिक बजेटको ३८ प्रतिशत प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने गरी बजेट व्यवस्था गरेकोमा २०७६।७७ मा कुल बजेटको ३४ प्रतिशत प्रदेश र स्थानीय तह उपलब्ध गराउने गरी विनियोजन भएको देखिन्छ ।

३. **प्राकृतिक स्रोतको बाँडफाँड -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम आयोगले २०७६।७७ का लागि विद्युत, खानी, पर्वतारोहण र वन क्षेत्रको रोयल्टीको प्रदेश र स्थानीय तहबीच बाँडफाँडको आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको भए तापनि प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा तय गरी नेपाल सरकारमा सिफारिस भएको पाइएन । ऐनको व्यवस्थाअनुसार नेपाल सरकारलाई सिफारिस गर्ने कार्य गर्नुपर्दछ ।

# राष्ट्रिय महिला आयोग

नेपालको संविधानको दफा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था छ । आयोगमा अध्यक्ष र अन्य चार सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा अध्यक्ष र सदस्यको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ । संविधानबमोजिम आयोगले महिलासँग सम्बन्धित नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने, महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपायसहित नेपाल सरकारलाई सुझाव दिने, लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने लगायतका कार्य गर्ने व्यवस्था छ । आयोगमा ३९ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय** - कार्यालयको निम्नानुसार रु.१० करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १ | १०२८ | १ | १ | १ | ४ | - | - | १ | १०३३ |

२. **खर्च विश्लेषण** - आयोगको खर्चको शीर्षकगत विश्लेषण गर्दा चालु खर्चतर्फ कर्मचारी तलब भत्ता रु.१ करोड १९ लाख ४० हजार, कार्यालय सञ्चालनमा रु.१ करोड ३३ लाख ५८ हजार, सीप विकास तथा जनचेतनामा रु.१ करोड १७ लाख २१ हजार, कार्यक्रम खर्चतर्फ रु.२ करोड ७९ लाख २७ हजारसमेत रु.६ करोड ५९ लाख ६ हजार खर्च भएको छ । चालु खर्चतर्फको ठूलो हिस्सा विश्व बैङ्कको सहयोगमा लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजनाअन्तर्गत हेल्पलाइन अपरेटिङ्ग सफ्टवयेर सञ्चालन, तेस्रो पक्षीय अनुगमन, परामर्श तथा आश्रय प्रदानसम्बन्धी कार्यको लागि सीप विकास तथा जनचेतना एवं कार्यक्रम सञ्चालनमा ६०.१५ प्रतिशत र कर्मचारीको तलब भत्तामा १८.१२ प्रतिशत खर्च भएको देखिन्छ । पुंजीगततर्फ सवारीसाधन खरिदमा रु.२ करोड ८५ लाख ७० हजार समेत रु.३ करोड ५८ लाख ८१ हजार खर्च भएको देखिन्छ ।

३. **पदाधिकारी नियुक्ति** - संविधानले आयोगमा अध्यक्षसमेत बढीमा पाँच सदस्य रहने उल्लेख भएकोमा सम्पूर्ण पद २०७४।६।२९ देखि रिक्त रहेको देखिन्छ । पदाधिकारीको अभावमा आयोगले महिलाको हक हितको संरक्षण, संवर्द्धन तथा महिला सशक्तीकरण सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने लगायतका कार्य हुन सकेको देखिएन । यसैगरी पदाधिकारीको अभावमा आयोगको लागि आवश्यक नियम, निर्देशिका, रणनीति निर्माणसम्बन्धी कार्य समेत हुन सकेको छैन ।

४. **उजुरी र कारबाही** - आयोगले पीडित महिलाको उजुरी लिई प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सिफारिस गर्नसक्ने कानूनी व्यवस्थाअनुसार यो वर्ष घरेलु हिंसा १ हजार ३१८ र महिला हिंसा १५६ समेत १ हजार ४७४ उजुरी आयोगमा दर्ता भएको देखिन्छ । उक्त उजुरीमध्ये कानुनी सहायता दिने संस्थामा ४९३, आश्रय स्थलको व्यवस्था गर्ने संस्थामा ९८, अन्य निकायमा २८५ र

सहमति भएर जाने २५९ समेत १ हजार १४४ विभिन्न माध्यमबाट कारबाही भएको र ३३० उजुरीमा कारबाही हुन बाँकी देखिएको छ । आयोगका पदाधिकारी नभएका कारण यसरी परेका उजुरी फछ्र्यौट र तामेलीसम्बन्धी निर्णय हुन सकेको देखिएन ।

५. **आश्रय र परामर्श -** उजुरीकर्ता पीडित महिला र प्रभावित बालबालिकाको संरक्षण प्रदान गर्ने सिलसिलामा आश्रय स्थल, कानुनी एवं मनोसामाजिक परामर्श र बालबालिका संरक्षणको लागि विभिन्न ४ संस्थासँग दुई वर्षको लागि रु.१ करोड ९७ लाख ८४ हजारको सम्झौता भएकोमा यो वर्षसम्म रु.१ करोड ३९ लाख ६७ हजार भुक्तानी भई १८५ पीडित महिला र १२४ प्रभावित बालबालिकालाई आश्रय स्थल, ६२५ लाई कानूनी र ४०४ लाई मनोसामाजिक परामर्श प्रदान गरेको देखिन्छ ।

- **बेरुजू स्थिति -** आयोगमा यो वर्ष रु.२ लाख ८३ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.५० हजार पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

# महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । संविधानमा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारको तर्फबाट चलाइने मुद्दाहरुको सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष अभियोगपत्र वा फिरादपत्र दर्ता गर्ने, मुद्दाको बहस पैरवी प्रतिरक्षा गर्ने एवं नेपाल सरकार वा नेपाल सरकारले तोकेका अधिकारीलाई कानुनी राय प्रदान गर्ने लगायतका काम, कर्तव्य महान्यायाधिवक्तामा निहित रहेको र संघीय संसद वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कानुनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने व्यवस्था छ । महान्याधिवक्ताले आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने गरेको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहत ९७ कार्यालयमा १ हजार ५०४ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय** - कर्यालयको निम्नानुसार रु.१ अर्ब १० करोड २१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ९७ | १०५२५ | ३६ | ३४ | ५४ | ४६२ | ० | ० | ९७ | ११०२१ |

२. **रणनीतिक योजना** - सरकारवादी अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने, सरकारवादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने, सरकारी वकिलको पेशालाई व्यावसायिक बनाउने, महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिल कार्यालयहरुको संस्थागत सुदृढीकरणको लक्ष्यसहित २०७३।७४ देखि दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा रहेको छ । उक्त योजना कार्यान्वयनको लागि यो बर्षको रु.९२ करोड ९० लाख २४ हजार बजेट अनुमान गरिएकोमा कार्यक्रम र पुँजीगतसमेत रु.३५ करोड ८८ लाख ८० हजार अर्थात अनुमानको ३८.६३ प्रतिशतमात्र खर्च भएको देखिन्छ । बजेट खर्चको आधारमा रणनीतिक योजना कार्यान्वयनको अवस्था न्यून देखिएकोले कार्यान्वयनलाई थप तीब्रता दिनुपर्दछ ।

३. **प्रोत्साहन भत्ता** - कार्यालयमा कार्यरत कर्मचारीको लागि अतिरिक्त समयमा काम गरेबापतको भत्ता उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७५ को दफा ४ मा प्रोत्साहन भत्ता भुक्तानी गर्दा विद्युतीय हाजिरी मेसिनमा उल्लिखित अभिलेखलाई आधार मान्ने, विद्युतीय हाजिरी मेसिन नभएको कार्यालयमा मेसिन तत्काल जडान गर्ने र जडान नभइन्जेल लगबुक तयार गरी अभिलेखाङ्कन गरी सो आधारमा प्रोत्साहन भत्ता दिनुपर्नेमा निर्देशिकामा उल्लिखित व्यवस्था अनुरुप नगरी ४ जिल्ला सरकारी वकिल कार्यालयले रु.१० लाख ९ हजार प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । प्रोत्साहन भत्ता भुक्तानी गर्दा निर्देशिकाको पालना गरिनुपर्दछ ।

- **बेरुजू स्थिति** - कार्यालय र मातहतका समेत ३६ निकायमा यो वर्ष रु.४ करोड ६१ लाख ९८ हजार बेरुजू रहेको छ । सोमध्ये रु.४ करोड ६ लाख ६७ हजार पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्य क्षेत्रमा मन्त्रालयहरुको गठन, विघटन तथा संगठन संरचना हेरफेर, नेपाल सरकारको कार्यसम्पादन नियमावली, विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन, विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति, व्यवस्थापिका–संसदको अधिवेशन आव्हान र अन्त्य, सुशासन तथा संघीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी, निर्देशनलगायतका कार्य रहेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १८७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - कार्यालय र मातहतका १७९ निकायको निम्नानुसार रु.९४ अर्ब १६ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १७९ | ८६३३३६ | ११० | १९८२ | १२५ | ३५८७४ | ७ | ४०४५३ | १७९ | ९४१६४५ |

यस कार्यालयमा विनियोजन भई विभिन्न ६ निकायमा निकासा गएको रु.५ अर्ब ७९ करोड १६ लाख घटाई अन्य मन्त्रालयमा विनियोजन भई यस कार्यालयबाट भएको खर्च रु.४ करोड ६० लाख विनियोजन रकममा समावेश छ ।

२. **संगठित संस्था र अन्य संस्था** - यो वर्ष ८ संगठित संस्था तथा समितिको रु.५८ करोड ६२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **निर्णय कार्यान्वयन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ । प्राप्त विवरणअनुसार २०७५।७६ मा मन्त्रिपरिषद्का ६९ बैठक बसी १ हजार ८८५ तथा मन्त्रिपरिषद् समितिका ८१ बैठक बसी २२० निर्णय भएको देखिन्छ । निर्णय कार्यान्वयनको प्रत्यक्ष वा अनलाइन अनुगमन गर्न सफ्टवेयरको व्यवस्था रहे पनि निर्णय कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन तयार गरिनुपर्दछ ।

४. **सूचना प्रकाशन** - राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४ र मन्त्रीहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०४९ मा मन्त्रिपरिषद्को निर्णय अनुरुप प्रदान भएका सेवा सुविधाहरुको सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । मन्त्रिपरिषद्ले राष्ट्रपति र उपराष्ट्रपति कार्यालयका विज्ञको पारिश्रमिक तथा सुविधा एवं मन्त्रीहरुको घरभाडा, निजी सचिवालयको व्यवस्था, मसलन्द तथा अतिथि सत्कार खर्च, अङ्गरक्षक र गार्डको सुविधा सम्बन्धमा मन्त्रिपरिषद्ले गरेको निर्णयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्दछ ।

५. **सूचना प्रविधिको प्रयोग** - कार्यालयले मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनका लागि मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन अनुगमन प्रणाली (सी.डी.आई.एम.एस.), क्याबिनेट अटोमेशन सिस्टम, हेलो सरकार, एक्सन

रुम, वित्तीय व्यवस्थापन सूचना प्रणाली (एफ.एम.आई.एस.) र कम्प्युटरमा आधारित लेखा प्रणाली (सी.ए.एस.) लगायतका सफ्टवेयर प्रयोगमा ल्याएको छ ।

## राष्ट्रिय सतर्कता केन्द्र

६. **उजुरी तथा फछ्र्यौट -** केन्द्रमा प्राप्त उजुरीहरु छानबिन गरी समयमै फछ्र्यौट गर्नुपर्दछ । केन्द्रले गत वर्षको जिम्मेवारी र यो वर्ष दर्ता भएको समेत १ हजार ८७१ उजुरी मध्ये १ हजार ४११ फछ्र्यौट गरी ४६० जिम्मेवारी सारेको छ । यस्ता उजुरीहरूमा सार्वजनिक जग्गा अतिक्रमण र आर्थिक अनियमितका उजुरीहरु बढी मात्रामा रहेका छन् । यसरी पर्न आएका उजुरीका सम्बन्धमा सूचना सङ्कलन सम्बन्धित निकायबाट जवाफ प्राप्त एवं अनुगमन गरी सुधारको लागि लेखी पठाउने गरे तापनि सुधार भए नभएको सम्बन्धमा अभिलेख राखी अनुगमन गरेको छैन ।

७. **प्राविधिक परीक्षण -** केन्द्रले यस वर्ष राष्ट्रिय गौरवका आयोजनालगायत १०७ सार्वजनिक निर्माणका आयोजनाको प्राविधिक परीक्षण गरी प्रतिवेदन पेस गरेको छ । प्रतिवेदनमा आयोजनाहरुले गुणस्तर सुनिश्चित गर्ने कार्ययोजना तयार नगरेको, कार्यबोझ र रकमको आधारमा ठेक्का अवधि निर्धारण नगरेको, जग्गा अधिग्रहण नहुँदै आयोजना कार्यान्वयनमा ल्याएको, माइलस्टोन निर्धारण नगरी म्याद थप गर्ने गरेको लगायतका ४८५ व्यहोरासहितको प्रतिवेदन जारी गरेको देखिन्छ । परीक्षणको क्रममा भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइलगायत ७ मन्त्रालयअन्तर्गतका आयोजनाहरुले गुणस्तर आश्वस्तता योजना स्वीकृत गरी प्रभावकारी कार्यान्वयन नगरेको, कार्यबोझ एवं रकमको आधारमा ठेक्का अवधि निर्धारण नभएको, समयमै म्याद थप नभएको, वातावरणीय अध्ययन विना आयोजनाहरु कार्यान्वयनमा गएको लगायतका व्यहोरा उल्लेख गरी सुधारका लागि प्रतिवेदन आयोजनामा पठाएको देखिन्छ । आयोजनाको ड्रइङ्ग, डिजाइजन र स्पेसिफिकेसन एवं निर्माण संरचनाहरुमा भएका प्राविधिक कमी कमजोरी प्रतिवेदनमा उल्लेख नहुँदा प्राविधिक परीक्षण प्रक्रियागत विषयमा मात्र केन्द्रित भएको देखिन्छ ।

## सार्वजनिक खरिद अनुगमन कार्यालय

८. **कार्यसम्पादन -** सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न स्थापना भएको यस कार्यालयले मुख्य रुपमा खरिदसम्बन्धी नीति र कानुनमा सुधार गर्न सिफारिस गर्ने बोलपत्रसम्बन्धी नमूना कागजात, निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन तयार गर्ने, खरिद प्रक्रियाको अनुगमन गर्ने, विद्युतीय खरिद प्रणाली सञ्चालन गर्ने, खरिदसम्बन्धी परामर्श उपलब्ध गराउने, खरिद ऐन नियमविपरीत कार्य गर्ने बोलपत्रदातालाई कालोसूचीमा राख्ने, सार्वजनिक खरिद सम्बन्धी गुनासाहरुको सुनुवाई गरी सुधारका लागि लेखी पठाउने, खरिद कार्यमा संलग्न कर्मचारी र बोलपत्रदातालाई प्रशिक्षणको व्यवस्था गर्ने लगायतका कार्य गर्दै आएको छ । कार्यालयले उजुरीको आधारमा ११ समेत २१ सार्वजनिक निकायको अनुगमन गरी खरिद कानुनको परिपालना नभएको व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरेको छ । सुधार गर्नुपर्ने भनी प्रतिवेदनमार्फत दिइएका सुझाव कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

खरिद प्रक्रियालाई सरल, सहज, प्रविधि र विकासमैत्री बनाई पुँजीगत खर्च बढाउन विद्यमान कानुनी प्रक्रियाको पालना गराउन, सार्वजनिक निकायहरुलाई नमूना बोलपत्रसम्बन्धी कागजात प्रयोग गर्न, खरिद सम्झौताको कार्यान्वयनमा ध्यान दिन, कार्यालयको संस्थागत क्षमताको अभिवृद्धि गर्न, सरोकारवाला निकायहरुसँगको समन्वय मिलाउन, खरिद कार्यमा संलग्न जनशक्तिलाई पर्याप्त तालिमको व्यवस्था गर्न, सार्वजनिक खरिद कार्यको लागि निजामति सेवामा बेग्लै सेवा समूहको व्यवस्था गर्ने लगायतका कार्य

प्रभावकारी रुपमा सञ्चालन गरी सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा र स्वच्छताको प्रवर्द्धन गरी अधिकतम प्रतिफल हासिल गर्न कार्यालय थप क्रियाशील हुनुपर्ने देखिन्छ ।

९. **खरिद कानुनको परिपालना** - सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने तथा सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्ने उद्देश्यले खरिद कानुन जारी भएको छ । कार्यालयको वार्षिक प्रतिवेदन, २०७६ मा विभिन्न सार्वजनिक निकायको समग्र खरिद प्रक्रियाको अनुगमन गर्दा खरिद इकाई सम्बन्धी अवधारणा कार्यान्वयन हुन नसकेको, बोलपत्र सम्बन्धी कागजातको तयारीमा पर्याप्त मात्रामा ध्यान नदिएको, योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्धतिको स्थापना हुन नसकेको, प्रतिस्पर्धालाई सीमित गर्नेगरी स्लाईसिङ्ग, प्याकेजिङ्ग र स्पेसिफिकेसन तयार गर्ने प्रवृत्ति बढ्दै गएको, मिलेमतो न्यूनीकरणमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको, विशेष परिस्थिति सिर्जना नभएको अवस्थामा समेत विशेष परिस्थिति भन्दै खरिद कार्य गरेको, लागत अनुमान भरपर्दो र विश्वसनीय रुपमा तयार नगरेको, खरिदमा संलग्न कर्मचारीहरुमा सार्वजनिक खरिदसम्बन्धी ज्ञान, सीप, क्षमताको कमी रहेको, खरिद सम्झौताको कार्यान्वयन पक्ष कमजोर देखिएको लगायतका व्यहोरा उल्लेख भएबाट खरिद कानुनको परिपालनामा समस्या रहेको देखिन्छ । कानुनी व्यवस्थाको पूर्ण पालनाको लागि कार्यालयले अनुगमनको दायरा बढाउनुपर्ने, पर्याप्त तालिमको व्यवस्था गर्नुपर्ने, कानुनमा रहेको द्विविधा र जटिलतामा सुधार गर्नुपर्दछ ।

१०. **नियमावली संशोधन** - खरिद कानुनलाई समयानुकूल बनाउन सार्वजनिक खरिद नियमावली, २०६४ मा २०७६।१।३० देखि २०७६।९।४ सम्म चार पटक संशोधन भएको र चारै पटक नियम १२० मा रहेको म्याद थप सम्बन्धी व्यवस्थामा संशोधन भएको छ । संशोधन पूर्व विभागीय प्रमुखलाई असिमित अधिकार रहेकोमा २०७६।१।३० मा सम्झौताको २५ प्रतिशतसम्म विभागीय प्रमुखले र सोभन्दा बढी शुरु सम्झौताको पचास प्रतिशतभन्दा नबढ्ने गरी सचिवले म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ । छैटौं संशोधन भएको एक महिना नबित्दै २०७६।२।२३ मा भएको सातौं संशोधनले शुरु सम्झौताको २५ प्रतिशत म्याद थप भई कार्य सम्पन्न नभएका सम्झौताको हकमा मन्त्रालयको सचिवले बढीमा एक वर्ष म्याद थप गर्नसक्ने व्यवस्था गरेको देखिन्छ । यसैगरी २०७६।४।१६ मा भएको आठौं संशोधनले २०७६ साल जेष्ठ २३ अघि खरिद सम्झौता भई कार्य सम्पन्न हुन नसकी मन्त्रालय वा निकायका विशिष्ट श्रेणीका अधिकारीले एक वर्ष म्याद थप गरेको अवधिमा समेत कार्यसम्पन्न नभएमा कार्य सम्पादन जमानत वा धरौटी जफत गरिने र त्यसरी काम सम्पन्न नभएका कारण हुन गएको हानि नोक्सानीसमेत असुल उपर गरी कालो सूचीमा राख्न कारबाही गरिने व्यवस्था गरेको देखिन्छ । पुनः २०७६।९।१४ मा नवौं संशोधन गरी आठौं संशोधनको आधारमा गरेको म्याद थपको अवधिमा समेत विशेष परिस्थिति वा अन्य मनासिब कारणले सम्झौताबमोजिमको काम सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई थप आर्थिक भार नपर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक म्याद थप गर्नसक्ने व्यवस्था गरेको देखिन्छ । यसरी छोटो समयमै एउटै प्रावधानमा पटक पटक संशोधन गरेको देखिँदा पर्याप्त अध्ययन विना कानुन संशोधन हुने गरेको देखिन्छ ।

११. **बोलपत्रसम्बन्धी कागजात** - सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले विभिन्न खरिद विधिसँग सम्बन्धित बोलपत्रसम्बन्धी कागजात तयार गरेको भए तापनि डिजाइन एण्ड बिल्ट, इन्जिनियरिङ–प्रोक्योरमेन्ट–कन्स्ट्क्सन, फ्रेमवर्क एग्रीमेन्ट, क्याटलग सपिङ्गसम्बन्धी कागजातको नमूना तयार नगरेका कारण उल्लिखित विधिहरु प्रभावकारी रुपमा प्रयोगमा ल्याउन नसकिएको सम्बन्धमा कार्यालयको ध्यान जानुपर्दछ । बोलपत्रसम्बन्धी कागजात तयार भएका विधिहरुमा समेत नमूना कागजातको पूर्ण प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

१२. **कालोसूची -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(१४) बमोजिम कालोसूचीमा राख्न अनुरोध भएको ६ महिनाभित्र निर्णय गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष सार्वजनिक खरिदसम्बन्धी कानुनी प्रावधान तथा खरिद सम्झौता विपरीत काम गर्ने, समयमा तोकिएबमोजिमको कार्य सम्पन्न नगर्ने, काममा लापरवाही तथा अटेरी गरी जिम्मेवारी नलिने, लामो समयसम्म काम नगर्ने, तोकिएबमोजिमको गुणस्तरीय काम नगर्ने विभिन्न ५० निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा बोलपत्रदाताको फर्म तथा कम्पनीहरुलाई निश्चित अवधि सम्मका लागि सार्वजनिक खरिद कार्यमा भाग लिन नपाउने गरी कालोसूचीमा राख्ने निर्णय गर्दा १९ फर्मको निर्णयमा ६ महिनाभन्दा बढी समय लगाएको छ । कानुनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्दछ ।

१३. **ई-जीपीको स्तरोन्नति -** कार्यालयले सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने उद्देश्यले विद्युतीय सरकारी खरिद प्रणाली (ई-जीपी) को विकास गरी यो वर्ष परामर्श सेवा, मालसामान आपूर्ति, निर्माण र प्रिक्वालिफिकेसन सम्बन्धी २८ हजार ६३५ बोलपत्र विद्युतीय खरिद प्रणालीबाट कार्यान्वयन गरेको छ । ई-जीपीको स्तरोन्नति गर्नको लागि यो वर्ष रु.५० लाख बजेट व्यवस्था भएकोमा उक्त कार्य भएको पाइएन ।

## सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

१४. **कार्यसम्पादन -** विभागले सम्पत्ति शुद्धीकरण सम्बन्धमा पर्न आएका उजुरीहरुमा अनुसन्धान गरी अदालतमा मुद्दा दायर गर्ने गरेको छ । यस वर्ष विगतको जिम्मेवारीसहित १ हजार ३८४ उजुरीमध्ये २५ मात्र फछ्र्यौट गरी १ हजार ३५९ आगामी वर्षलाई जिम्मेवारी सारेको छ । फछ्र्यौट उजुरीमध्ये ९ को विस्तृत छानबिन गरी विशेष अदालतमा मुद्दा दायर गरेको देखिन्छ । उजुरी छानबिन र कारबाहीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१५. **सिफारिस कार्यान्वयन -** अवैध धन्दाबाट आर्जित सम्पत्ति तथा साधनहरुलाई प्रक्रियागत ढङ्गबाट शुद्ध बनाउने क्रियाकलापलाई रोकथाम गर्न सन् १९८९ मा गठन भएको वित्तीय कारबाही कार्यदलले गरेको सिफारिसहरु कार्यान्वयन गर्नु सदस्य राष्ट्रको हैसियतले नेपालको दायित्व रहेको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०७६-२०८१ कार्यान्वयनमा रहेको छ । यसैगरी राष्ट्रिय समन्वय समिति, राष्ट्रिय पुनरावलोकन परिषद् लगायतका संरचनाबाट भएको नीतिगत निर्णयहरुको कार्यान्वयन र जिम्मेवार निकायहरुले सम्पत्ति शुद्धीकरणको व्यवस्था परिपालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ । नियमकारी निकायहरु, सूचक संस्थाहरु, अनुसन्धानकारी निकायहरुमा कार्यरत जनशक्तिको क्षमता विकासमा थप ध्यान दिई सन् २०२०/२१ मा हुने पारस्परिक मूल्याङ्कनमा सकारात्मक नतिजा हासिल गर्न प्रयत्न गर्नुपर्दछ ।

## राजस्व अनुसन्धान विभाग

१६. **कार्यसम्पादन -** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार राजस्व चुहावटसम्बन्धी उजुरी एवं सूचनाहरुको अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्ने वा सम्बन्धित निकायलाई लेखी पठाई कारबाही टुङ्गो लगाउने व्यवस्था रहेको छ । यो वर्ष गत वर्षको जिम्मेवारी समेत ३१२ उजुरी फछ्र्यौट गर्नुपर्ने मध्ये ६५ फछ्र्यौट भई २४७ बाँकी रहेको देखिन्छ । प्राप्त उजुरी समयमै अनुसन्धान गरी टुङ्गो लगाउनुपर्दछ । साथै मुलुकमा राजस्व चुहावट तथा आर्थिक अपराधका घटना वृद्धि भइरहेको सन्दर्भमा विभागबाट भएका प्रयासलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणका लागि आवश्यक नीति तर्जुमा गर्ने, बजेट तथा कार्यक्रम स्वीकृत एवं कार्यान्वयन गर्ने उद्देश्यका साथ २०७२ पौषमा प्राधिकरणको स्थापना भएको हो । भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला यसको कार्यक्षेत्र रहेको छ । पुनर्निर्माण कार्यका लागि २०७५ मा गरेको मध्यावधि समीक्षाबाट रु.६ खर्व ३० अर्ब लागत लाग्ने संशोधित अनुमान गरेको छ । यो वर्ष रु.८९ अर्ब ५७ करोड ६३ लाख खर्च गरेको समेत रु.२ खर्ब ७६ अर्ब ५० करोड २२ लाख खर्च भएको छ ।

१७. **लेखापरीक्षण** - आर्थिक कार्यविधि ऐनअनुसार प्रत्येक कार्यालयले सबै प्रकारका आर्थिक कारोबारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्राधिकरणबाट प्राप्त विवरणअनुसार यो वर्ष ७ क्रियाकलापका लागि अमेरिकी डलर ७५ लाख १५ हजार (रु.१०९.९६ ले हुने रु.८२ करोड ६३ लाख) प्राविधिक सहयोग प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण, भौतिक प्रगति र खर्चको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ अनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

१८. **अद्यावधिक प्रगति** - भूकम्पबाट भएको क्षतिको संरचनाहरु ५ वर्षभित्र पुनर्निर्माण गर्ने गरी प्राधिकरण स्थापना भएकोमा ८० प्रतिशत समय बितिसक्दा पुननिर्माण सम्बन्धी प्रगति निम्नानुसार रहेको देखिन्छः

| सि.नं. | विवरण | इकाई | पुनर्निर्माण गर्नुपर्ने संख्या | यो वर्षसम्म निर्माण सम्पन्न संख्या* | सम्पन्न प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निजी आवास | संख्या | ८२६५५८ | ४५६२७२ | ५५.२० |
| २ | निजी आवास प्रबलीकरण | संख्या | ७१४३३ | ४५ | ०.०६३ |
| ३ | स्वास्थ्य संस्था | संख्या | ११९७ | ६६५ | ५५.५५ |
| ४ | सामुदायिक विद्यालय | संख्या | ७५५३ | ५३८४ | ७१.२८ |
| ५ | पुरातात्विक तथा साँस्कृतिक सम्पदा | संख्या | ७५३ | ३८० | ५०.४६ |
| ६ | सरकारी भवन | संख्या | ४८३ | ३०३ | ७३.०१ |
| ७ | सुरक्षा निकायका भवन | संख्या | ३८३ | १८३ | ४७.७८ |
| ८ | खानेपानी आयोजना | संख्या | ३२१२ | ७९१ | २४.६३ |
| ९ | रणनीतिक सडक | कि.मि. | १४० | ८३ | ५९.२८ |
| १० | जिल्लास्तरीय सडक | कि.मि. | १०२० | ३८० | ३७.२५ |
| ११ | विश्वविद्यालय एवं कलेज भवन | संख्या | ६९ | १० | १४.४९ |

***द्रष्टव्यः** *गत वर्षको प्रतिवेदनमा सम्झौता भएका संख्याको आधारमा विश्लेषण गरेकोमा यो वर्ष निर्माण सम्पन्न भएको संख्याको आधारमा विश्लेषण गरेका कारण संख्यात्मक हिसाब फरक पर्न गएको छ ।*

प्राधिकरणले विनाशकारी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निकायहरुलाई थप जिम्मेवार र जवाफदेही तुल्याउँदै सरोकारवाला पक्षको सहभागिता बढाई कार्यविधिमा सरलीकरण, कार्यान्वयन क्षमतामा अभिवृद्धि एवं निकायगत समन्वयमा वृद्धि गर्नुपर्दछ ।

१९. **निजी आवास पुनर्निर्माण** - भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ मा निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्न लाभग्राहीमा नाम समावेश गरी सम्झौता भएपछि पहिलो किस्ता रु.५० हजार, प्लिन्थ तहसम्म निर्माण सम्पन्न भएपछि दोस्रो किस्ता रु.१ लाख ५० हजार र छाना छाउनु अघिसम्मको निर्माण कार्य सम्पन्न भएको प्राविधिकबाट प्रमाणीकरण भएपछि तेस्रो किस्ता रु.१ लाख पाउने व्यवस्था छ । प्राधिकरणले यो वर्षसम्म भूकम्प प्रभावित भनी पहिचान गरेका ८ लाख २६ हजार ५५८ लाभग्राही मध्ये ७ लाख ६८ हजार ४६९ सँग अनुदान सम्झौता गरेको छ । सम्झौता

गरेका मध्ये ७ लाख ६३ हजार ७५५ लाई पहिलो, ५ लाख ९१ हजार ४३८ लाई दोस्रो किस्ता रु.४ लाख ५६ हजार २७२ लाई अन्तिम किस्ता बापत यो वर्षसम्म रु.१ खर्ब ८७ अर्ब ७७ करोड अनुदान भुक्तानी दिएको देखिन्छ ।

पहिलो किस्ता लिई दोस्रो किस्ता नलिने १ लाख ७२ हजार ३१७ लाभग्राहीले पहिलो किस्ता लिएको रु.८ अर्ब ६१ करोड ५८ लाख ५० हजार तथा दोस्रो किस्ता लिई अन्तिम किस्ता नलिने १ लाख ३५ हजार १६६ लाभग्राहीले लिएको रु.२७ अर्ब ३ करोड ३२ लाखका सम्बन्धमा अनुदान रकम तोकिएको कार्यमा खर्च भए नभएको छानबिन गरी अनुदान सदुपयोगको सुनिश्चित गर्नुपर्दछ । पहिचान भएकामध्ये अनुदान सम्झौता नगर्ने ५८ हजार ८९ तथा सम्झौता गरी पहिलो किस्ता नलिने ४ हजार ७१४ लाई लाभग्राही सूचीबाट हटाउनुपर्दछ । अनुदान उपयोग गरी निर्माण भएका घरहरुमध्ये कतिपय लाभग्राहीले निजी आवासको रुपमा प्रयोग नगरी गाईवस्तु, घाँस दाउरा, अन्नपात राख्नमा प्रयोग गरेको देखिएकोले अनुदानबाट निर्मित भवनको सम्झौताअनुसार प्रयोग हुने अवस्था देखिएन ।

२०. **निजी आवास प्रबलीकरण -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ मा निजी आवास प्रबलीकरण अनुदान प्राप्त गर्न लाभग्राहीमा नाम समावेश गरी सम्झौता भएपछि पहिलो र अन्तिम किस्ता बापत रु.५० हजारका दरले रु.१ लाख अनुदान पाउने व्यवस्था छ । गतवर्षसम्म ५२ हजार ५४ लाभग्राही पहिचान भएकोमा यो वर्ष १९ हजार ३७९ समेत ७१ हजार ४३३ लाभग्राही पहिचान गरेको देखिन्छ । पहिचान भएका मध्ये यस वर्षसम्म २२ हजार २५० सँग सम्झौता भई २१ हजार ८०० लाई पहिलो किस्ता बापत रु.१ अर्ब ९ करोड र ४५ लाई दोस्रो किस्ता बापत रु.२२ लाख ५० हजारसमेत रु.१ अर्ब ९ करोड २२ लाख ५० हजार अनुदान भुक्तानी भएको देखिन्छ । पहिलो किस्ता लिनेको तुलनामा निकै कम लाभग्राहीले मात्र दोस्रो किस्ता प्राप्त गरेको कारण पहिलो किस्ता रकमबाट तोकिएबमोजिम कार्य भए नभएकोको सम्बन्धमा अनुगमन गरी तोकिएको कार्य नगर्नेको अनुदान फिर्ता लिनेतर्फ कार्यबाही चलाउनुपर्ने देखिन्छ ।

२१. **जोखिमयुक्त बस्ती -** जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३ मा भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा बस्ती एवं बस्तीका घरपरिवारलाई वर्गीकरण गरी अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । प्राधिकरणले अध्ययन गरेका १ हजार ६० बस्तीमध्ये ५९१ असुरक्षित रहेको उल्लेख छ । असुरक्षित बस्तीमा रहेका ४ हजार ८२९ लाभग्राहीमध्ये २ हजार १८९ ले रु. २ लाखका दरले अनुदान लिई अन्य स्थानमा जग्गा खरिद गरेको र ६२९ लाभग्राहीलाई सार्वजनिक जग्गा उपलब्ध गराएको भए तापनि २ हजार ११ लाभग्राहीले अनुदानको लागि अनुरोध गरेको देखिएन ।

२२. **एकीकृत बस्ती -** भूकम्पबाट प्रभावित एकीकृत बस्ती पुनर्निर्माणका लागि १०० प्रस्ताव प्राप्त भएकोमा ४५ को प्रारम्भिक र २२ को विस्तृत योजना स्वीकृत भई ९ एकीकृत बस्तीको पुनर्निर्माण सम्पन्न भएको छ । त्यस्तै भौगर्भिक अध्ययनबाट ३१३ बस्तीको संरक्षण गर्नुपर्ने देखिएकोमा संरक्षण कार्य अगाडि बढेको पाइएन ।

२३. **गैरसरकारी संस्था -** पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालनसम्बन्धी कार्यविधि, २०७२ मा संस्थाले भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । प्राधिकरणबाट २३८ संस्थाले रु. ५७ अर्ब ७५ करोड ३५ लाख लागतका ३०० परियोजना सञ्चालन गर्न अनुमति लिएकोमा यो वर्षसम्म रु.४२ अर्ब १४ करोड २८ लाख खर्च गरेको उल्लेख छ । स्वदेशी वा विदेशी साझेदार संस्थाको सहयोगमा निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण गर्न समावेश भएका लाभग्राहीले आवास अनुदान नपाउने भए पनि पुनर्निर्माण गर्ने आवासमध्ये साझेदार

संस्था एवं प्राधिकरणले पुनर्निर्माण गर्ने कार्यको स्पष्ट कार्यविभाजन नगरेकाले पुनर्निर्माण कार्यमा दोहोरोपन भए नभएको सम्बन्धमा यकिन गर्ने आधार भएन ।

२४. **विद्यालय पुनर्निर्माण -** भूकम्पबाट क्षति भएका ७ हजार ५५३ सार्वजनिक विद्यालयको पुनर्निर्माण कार्यको लागि यो वर्षसम्म रु.३६ अर्ब ७५ करोड १४ हजार खर्च भई ५ हजार ३८४ विद्यालयको पुनर्निर्माण सम्पन्न भएको र १ हजार ५७७ विद्यालय निर्माणाधीन अवस्थामा रहेको देखिन्छ । यसैगरी पुनर्निर्माणको लागि २१० विद्यालय छनौट भएको एवं ३८२ विद्यालयको पुनर्निर्माण प्रक्रिया शुरु हुन बाँकी रहेको देखिन्छ । प्रभावित जिल्लाका ७० विद्यालयको पुनर्निर्माण कार्य भारत सरकारको सहायताबाट गर्ने उल्लेख भएकोमा भारत सरकारबाट आयोजना व्यवस्थापन परामर्शदाता नियुक्त नभएकाले काम शुरु भएको छैन । चीन सरकारले निर्माण गर्ने उल्लेख भएका ७ विद्यालयमध्ये दरबार हाइस्कूलको पुनर्निर्माण कार्य सम्पन्न भएको र अन्य ६ विद्यालयको संभाव्यता अध्ययन सम्पन्न भए तापनि विस्तृत डिजाइन नभएकाले काम शुरु हुन सकेको छैन । सम्झौता अनुसार पुनर्निर्माणको कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२५. **विद्यालय भवन निर्माण -** विद्यालय भौतिक सुविधा विस्तारका लागि चारकोठे र दुई कोठे विद्यालय भवन निर्माण, विद्यालय भवन मर्मत सुधार, शौचालय निर्माणलगायतका कार्य गर्ने गरी जिल्ला आयोजना कार्यान्वयन इकाई, काठमाडौं, नुवाकोट, सोलुखुम्बुसमेत १५ कार्यालयले १ हजार २९३ विद्यायललाई प्रदान गरेको रु.१ अर्ब १४ करोड १४ लाख र जिल्ला आयोजना कार्यालय, धनकुटा, भोजपुर, पाल्पासमेत १० कार्यालयले ६५८ विद्यालयलाई प्रदान गरेको रु.४२ करोड ११ लाखसमेत १ हजार ९५१ विद्यालयहरुलाई रु.१ अर्ब ५९ करोड ३५ लाख पेस्की प्रदान गरेकोमा निर्माण कार्य सम्पन्न भएको छैन । समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२६. **अधुरा कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिद सम्झौताबमोजिमको निर्माण कार्य सम्झौतामा तोकिएको अवधिभित्रै सम्पन्न गर्नुपर्ने व्यवस्था छ । केन्द्रीय आयोजना कार्यान्वयन इकाई, काठमाडौं, धादिङ, नुवाकोट लगायत ६ कार्यालयले सम्झौतामा तोकेबमोजिमका विद्यालयहरुको पुनर्निर्माण गर्ने गरी २७ निर्माण व्यवसायीसँग रु. ६३ करोड ४८ लाख १२ हजारको सम्झौता गरी यो वर्षसम्म रु.४० करोड ३३ लाख ४६ हजार भुक्तानी दिएकोमा सम्झौता अवधि समाप्त हुदाँसम्म निर्माण कार्य सम्पन्न भएका छैनन् ।

२७. **मूल्य अभिवृद्धिकर -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ बमोजिम सरकारी निकायले वा ठेक्का वा करारअन्तर्गत आपूर्ति हुने वस्तु वा सेवाबापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम राजस्व दाखिला गरी बाँकी रकममात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । जिल्ला आयोजना कार्यान्वयन इकाई रामेछाप, ओखलढुङ्गा, जिल्ला आयोजना कार्यान्वयन इकाई सिन्धुलीले ५० प्रतिशतले हुने रु.५४ लाख २३ हजार कट्टा नगरी पूरै भुक्तानी गरेको छ । यसरी भुक्तानी गरेको रकम सम्बन्धित शीर्षकमा दाखिला भएको सुनिश्चितता गर्नुपर्दछ ।

२८. **गाडी भाडा -** सार्वजनिक लेखा समितिले २०६९।१।१५ मा कुनै पनि निर्माणसम्बन्धी कार्य सम्झौता गर्दा बी.ओ.क्यू.मा निर्माण कार्यसँग असम्बन्धित गाडी भाडालगायतका आइटम समावेश गर्न नहुने निर्देशन दिएकोमा आयोजना कार्यान्वयन इकाई दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली र जिल्ला आयोजना कार्यान्वयन इकाई काठमाडौंले निर्माण कार्यको बी.ओ.क्यू मा सवारीसाधन भाडा समावेश गरी यो वर्ष रु.१ करोड ४७ हजार खर्च लेखेका छन् । सार्वजनिक लेखा समितिको निर्णयको कार्यान्वयन गर्नुपर्दछ ।

२९. **जग्गाधनी पुर्जा** - जिल्ला आयोजना कार्यान्वयन इकाई सोलुखुम्बुले एक सडक आयोजनाअन्तर्गत विभिन्न ४० जग्गाधनीलाई रु.५५ लाख ३ हजार मुआव्जा वितरण गरेकोमा मालपोत कार्यालयबाट दाखिला खारेज गरी आयोजनाको नाममा जग्गाधनी पुर्जा प्राप्त गरेको छैन ।

३०. **जमानतको म्याद** - केन्द्रीय आयोजना कार्यान्वयन इकाई, ओखलढुङ्गाले ओखलढुङ्गा–रुम्जाटार सडक निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसंग २०७५।८।१६ मा कार्यसम्पन्न गर्ने गरी रु.२० करोड ६८ लाख १५ हजारको सम्झौता भई यो वर्षसम्म रु.१४ करोड २४ लाख ४८ हजार भुक्तानी भएको छ । तेस्रो पटक २०७६।८।१४ सम्म म्याद थप भएकोमा कार्य सम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधिसम्म नरहेको एवं पेस्की जमानतको म्याद २०७६।२।२६ मा समाप्त भएकोले रु.७५ लाख २१ हजार पेस्की जोखिममा परेको छ ।

## गरिबी निवारण कोष

गरीब, महिला, दलित र जनजातिलाई अधिकतम मात्रामा परिचालन गर्दै मागमा आधारित कार्यक्रममा प्रत्यक्ष लगानी मार्फत गरिबी निवारण गर्ने उद्देश्यले ६२ जिल्लामा कार्यक्रम सञ्चालन भएको छ । यो वर्ष १३ करोड ८६ लाखसमेत हालसम्म रु.२६ अर्ब ३५ करोड ३ लाख खर्च भएको छ ।

३१. **आयोजना सञ्चालन** - गरिबी निवारण कोष ऐन, २०६३ र नियमावली, २०६४ तथा विभिन्न मितिमा तर्जुमा गरेका कार्यविधिहरुबमोजिम ५५१ स्थानीय तहमा ३२ हजार २७६ सामुदायिक संस्थामार्फत ५ हजार ६०० साना पूर्वाधार विकास आयोजना निर्माण गरी लक्षित समुदायको आय आर्जन, क्षमता विकास, सामाजिक परिचालन र सामुदायिक भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको छ । नेपाल सरकारले २०७५।७।२५ मा कोष पुनः संरचनाको लागि स्वीकृत कार्य योजनाअनुसार सम्पन्न आयोजनाको विस्तृत विवरण तयार गरी स्थानीय तहमा हस्तान्तरण गर्ने उल्लेख गरेकोले कार्यविधिसमेत तयार गरी अभिलेखसहित हस्तान्तरण गर्नुपर्दछ ।

३२. **घुम्ती कोष** - कोषको कार्यक्रम सञ्चालन निर्देशिका, २०६७ मा कोषबाट आय आर्जन क्रियाकलापको लागि निकासा गएको रकम घुम्ती कोषको रुपमा परिचालन गर्नुपर्ने व्यवस्थाअनुसार ३२ हजार २७६ सामुदायिक संस्थामा प्राप्त अनुदान र संस्थाका सदस्यहरुको योगदानसमेत रु.१२ अर्ब ४ करोड ९ लाखको घुम्तीकोष स्थापना भएको देखिन्छ । नेपाल सरकारले २०७५।७।२५ मा कोष पुनः संरचनाको लागि स्वीकृत कार्य योजना तयार गरेकोले सो अनुसार घुम्तीकोषको रकम सदुपयोग हुने प्रबन्ध मिलाउनुपर्दछ ।

३३. **शोधभर्ना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ मा नेपाल सरकारको स्रोतबाट खर्च गरी दातृ पक्षबाट शोधभर्ना लिनुपर्ने रकमको दातृपक्षसमक्ष बढीमा ४५ दिनभित्र शोधभर्ना माग गर्नुपर्ने व्यवस्था छ । यो वर्षसम्म कोषले रु.१ करोड ३ लाख ९३ हजार शोधभर्ना लिन बाँकी देखिएकोले उक्त रकम शोधभर्ना लिनुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

## सरकारी अनुदानमा निजी आवास निर्माण तथा उपयोग

नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा अंगीकार गरेको छ । आवास नीति अनुसार मानव बस्तीलाई समावेशी, सुरक्षित र दिगो बनाउने लक्ष्यलाई सार्थक बनाउन विपन्न तथा प्रकोप प्रभावित

नागरिकको लागि सरकारी अनुदानमा निजी आवास निर्माण गर्न २०६६।६७ देखि विभिन्न कार्यक्रमहरु सञ्चालनमा छन् । निजी आवास केन्द्रित कार्यक्रमहरुको सफल सञ्चालनको लागि लाभग्राहीको छनौट, सुरक्षित तथा दिगो आवास निर्माण र निर्मित आवासको उपयोग पक्ष प्रभावकारी हुनु आवश्यक छ । सरकारी अनुदानमा निजी आवास निर्माणको लागि सञ्चालित कार्यक्रमका लाभग्राही पहिचान, आवास निर्माण तथा निर्मित आवासको उपयोगको प्रभावकारिता मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

- **भूकम्प प्रभावित निजी आवास पुनर्निर्माणतर्फ**

३४. **लाभग्राही पहिचान -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ मा २०७२ सालको भूकम्प र त्यसको पराकम्पनबाट क्षतिग्रस्त भएका घर बाहेक एकाघर परिवारको अन्यत्र बसोबास योग्य घर नभएको व्यक्ति तथा परिवार मात्र लाभग्राही कायम हुनसक्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार भूकम्प पश्चातको शुरु सर्वेक्षणबाट ५ लाख ३१ हजार ९६४ लाभग्राही कायम भएकोमा २०७३ र २०७४ मा भएको दुई चरणको पुनः सर्वेक्षण तथा २०७६ चैत्र १४ गतेसम्मको गुनासो सुनुवाई समेतबाट ३ लाख ७७ हजार ६०२ लाभग्राही थप भई हाल ९ लाख ९ हजार ५६६ लाभग्राही कायम भएको छ ।

लेखापरीक्षणको क्रममा समुदायसँग छलफल गर्दा पँहुचको कमी तथा सम्बद्ध निकायबाट सिफारिसमा भएको विलम्वका कारण दोलखामा ७९, सिन्धुपाल्चोकमा ८, धादिङमा करिब ३५०, गोरखामा १३ भूकम्प पीडितको कहीं घर नभए तापनि लाभग्राही सूचीकृत हुनसकेको पाइएन । पटक पटकको लगत सङ्कलनबाट लाभग्राहीको संख्या शुरु चरणको सर्वेक्षणभन्दा ७१ प्रतिशतले वृद्धि भएको देखिए तापनि सबै वास्तविक पीडितहरु कार्यक्रममा समेटिन सकेको देखिएन । सर्वेक्षणबाट कायम ५८ हजार २५५ पीडितसँग सम्झौता हुनसकेको छैन भने सम्झौता गरेका ३ हजार ७२२ ले पहिलो किस्ता लिएका छैनन् । लाभग्राही पहिचान कार्य यथार्थपरक नहुँदा वास्तविक लाभग्राही छुट्ने तथा गलत व्यक्तिले लाभ लिने अवस्थामा नियन्त्रण कायम गर्न लाभग्राहीको लगत सुधार एवं अद्यावधिक गर्नु पर्दछ ।

३५. **सम्झौता कार्यान्वयन -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि,२०७३ मा सम्झौता भए पश्चात् लाभग्राहीलाई पहिलो किस्ता, सम्बन्धित प्राविधिक र स्थानीय तहको सिफारिसमा डिपिसी गरे पश्चात् दोस्रो किस्ता र छाना छाउने अवस्थामा तेस्रो किस्ता अनुदान रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । तर सम्बद्ध पक्षहरुले सम्झौताको कार्यान्वयन नगरेकाले देहायबमोजिमका अवस्था सिर्जना भएका छन्ः

३५.१ सम्झौता गरी पहिलो किस्ता प्राप्त गरेका १ लाख १ हजार ५५९ लाभग्राहीले प्रतिवेदन अवधिसम्म घर निर्माण शुरु नगरेकोले रु. ५ अर्ब ७ करोड ८० लाख अनुदान रकम उद्देश्यअनुरुप खर्च हुनसकेको देखिएन । अनुगमन गरी किस्ता लिएका लाभग्राहीहरुलाई घर बनाउन उत्प्रेरित गर्नुपर्दछ ।

३५.२ सिन्धुपाल्चोक, धादिङ र दोलखा जिल्लामा घर निर्माण शुरु नगरेका ८२ लाभग्राहीलाई तीनवटै किस्ता, १६ लाभग्राहीलाई दुई किस्ता र डिपिसीसम्म निर्माण गरेका ४१ लाभग्राहीलाई तेस्रो किस्ता समेत कुल रु. ३ करोड ९९ लाख अनुदान कार्यविधिको प्रक्रिया विपरीत भुक्तानी भएको देखियो ।

३५.३ भूकम्प पीडितलाई बसोबासयोग्य जग्गा खरिदसम्बन्धी मापदण्ड, २०७४ मा बसोबासयोग्य जग्गा नभएका लाभग्राहीलाई जग्गा खरिदको लागि रु. २ लाख अनुदान उपलब्ध गराई खरिद गरिएको जग्गामा तीन महिनाभित्र घर निर्माण गरिसक्नुपर्ने व्यवस्था भए तापनि अनुदान प्राप्त गरेका गोरखामा ७४ र धादिङमा २१६ लाभग्राहीले प्रतिवेदन अवधिसम्म घर निर्माण शुरु गरेका छैनन् ।

३५.४ प्रबलीकरणमा सूचीकृत लाभग्राहीले घर प्रबलिकरणको लागि प्राप्त अनुदान रकमबाट प्रवलीकरण नगरेमा कारबाही हुने व्यवस्था छ । प्राप्त विवरणअनुसार प्रबलीकरण गर्ने सम्झौता गरी पहिलो किस्ता प्राप्त गर्ने कुल ४४ हजार ५९० लाभग्राहीमध्ये १३३ ले प्रबलीकरण गरेको अवस्था छ । नमुना छनौटको आधारमा ६ जिल्लाबाट प्राप्त विवरणअनुसार प्रवलीकरणको सम्झौता गरेका ५० प्रतिशतभन्दा बढी लाभग्राहीहरु पुनर्निर्माणमा परिवर्तन हुनचाहेको देखियो । अधिकांश घरधनी पुनर्निर्माणमा परिवर्तन हुन चाहेको र अत्यन्तै न्यून संख्यामा प्रबलीकरण सम्पन्न गरेको अवस्थाले प्रबलीकरण गर्नुपर्ने भनी गरिएको मूल्याङ्कन यथार्थपरक देखिएन । पहिलो किस्ता बापतको अनुदान रकम प्राप्त गरेका लाभग्राहीहरुले प्रबलीकरण नगर्दा रु.२ अर्ब २२ करोड २८ लाख अनुदान रकमको उद्देश्य अनुरुप उपयोग भएको छैन ।

सम्झौता गरी लामो समयसम्म पहिलो किस्ता नलिने, पहिलो किस्ता लिएर पनि आवास निर्माण शुरु नगर्ने अवस्थाले तोकिएको लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ । अनुगमन गरी सम्झौता बमोजिम अनुदान प्राप्त गर्ने व्यक्तिहरुलाई घर निर्माण गर्न उत्प्रेरित गर्ने या अनुदान रकम फिर्ता गराउने सम्बन्धमा आवश्यक कारबाही हुनुपर्दछ ।

३६. **कार्यविधि पालना -** भूकम्पबाट प्रभावित व्यक्ति वा परिवारलाई दिइने अनुदान राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ तथा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ बाट व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

३६.१ राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ मा भूकम्पबाट क्षतिग्रस्त भएको घर बाहेक अन्यत्र बसोवास योग्य घर नभएका व्यक्ति वा परिवारलाई मात्र कार्यविधिअनुसार लाभग्राही कायम गर्नुपर्ने तथा झुट्टा विवरण दिई अनुदान सम्झौता गर्ने व्यक्तिसँगको सम्झौता रद्द गरी कारबाही गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा स्थानीयसँग गरिएको समुहगत छलफलमा गोरखाको २ स्थानमा १०१, धादिङको २ स्थानमा २८, दोलखाको १ स्थानमा १५० भन्दा धेरै, सिन्धुपाल्चोकको ३ स्थानमा २३ भन्दा धेरै लाभग्राहीहरुको अन्यत्र बसोवास योग्य घर भएको जानकारी प्राप्त भयो । कार्यविधि अनुरुप अनुदान प्राप्त गर्न अयोग्य व्यक्तिहरुलाई लाभग्राही कायम भएको देखिएबाट अनुदान रकमको सदुपयोग भएको अवस्था छैन ।

३६.२ स्वदेशी वा विदेशी साझेदार संस्थाबाट आवास पुनर्निर्माण गर्न अनुदान पाएका लाभग्राहीलाई अनुदान वितरण कार्यविधि बमोजिम प्राधिकरणबाट अनुदान उपलब्ध नगराइने व्यवस्था छ । प्राधिकरणको सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा विभिन्न २९ गैरसरकारी संस्थाको सहयोगमा आवास निर्माण भएका ६ हजार ७४४ लाभग्राहीलाई पहिलो किस्ता बापत रु. ३३ करोड ७२ लाख, ९०७ लाभग्राहीलाई दोस्रो किस्ता बापत रु. १३ करोड ६१ लाख, र ८३६ लाभग्राहीलाई तेस्रो किस्ता बापत रु. ८ करोड ३६ लाख समेत कुल रु. ५५ करोड ६९ लाख भुक्तानी गरेकोमा विभिन्न समयमा प्राधिकरणले सम्बन्धितबाट रु. ९ करोड ७१ लाख फिर्ता लिएको र बाँकी रु. ४५ करोड ९८ लाख प्रतिवेदन आवधिसम्म फिर्ता गराउन सकेको छैन । प्राधिकरणको वार्षिक प्रतिवेदन २०७६ अनुसार निजी आवास निर्माण गर्न ३७ संस्थाले अनुमति लिए पनि ५७ संस्था निजी अवास निर्माण कार्यमा संलग्न देखिएकोले प्राधिकरणबाट भुक्तानी गरिएका लाभग्राहीहरु ठूलो संख्यामा दोहोरो लाभान्वित हुनसक्ने सम्भावना छ । प्रभावकारी नियमनको अभावमा दोहोरो लाभग्राही बढ्न गई स्रोतको सदुपयोग हुनसकेको छैन ।

३६.३ राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ मा भूकम्पबाट क्षतिग्रस्त भएको घर बाहेक अन्यत्र बसोवास योग्य घर नभएको व्यक्ति वा परिवारलाई मात्र कार्यविधिअनुसार एक घर निर्माणको लागि अनुदान रकम उपलब्ध गरिने व्यवस्था छ । प्राप्त विवरणअनुसार गोरखामा २८४ र दोलखामा ८०३

लाभग्राही दोहोरो सूचीकृत भएको देखियो । यसरी एउटा लाभग्राहीको नाम २ वा २ भन्दा धेरै पटक वा एक सगोल परिवारको एकभन्दा धेरै सदस्यको नाम लाभग्राहीको रुपमा सूचीकृत हुनसक्ने सम्भावना कार्यक्रम लागू भएका सबै जिल्लामा हुनसक्ने देखिए तापनि सम्बद्ध निकायहरुबाट अनुगमन भएको छैन । एउटै लाभग्राहीलाई दोहोरो अनुदान भुक्तानी हुनसक्ने सम्भावना रहनुका साथै यथार्थ प्रगति समेत नदेखिने अवस्था छ ।

३६.४ एकल व्यक्ति तथा असहाय अशक्त व्यक्तिहरुको लागि एक कोठे भवन बनाउने प्राधिकरणको निर्णय अनुसार एक कोठे भवनको लागि पनि अन्य भवन जसरी नै रु. ३ लाख अनुदान दिइएको अवस्था छ । स्थलगत सर्वेक्षण तथा समुहगत छलफलमा अधिकांश एक कोठे भवनको घरधनी एकल व्यक्ति नभएको जानकारी प्राप्त भयो । उदाहरणको लागि सिन्धुपाल्चोक जिल्लाको २०७५ सालको जिल्लागत प्रोफाईलअनुसार जिल्लामा ७.६४ प्रतिशत परिवारको सदस्य संख्या एक जना रहेको उल्लेख गरेको देखिएकोले कुल ६ हजार ९३६ परिवार एकल रहेको देखिन्छ तर यस जिल्लामा १४ हजार २३० एक कोठे घर निर्माण भएको देखिएको छ । एउटै कोठामा धेरै मानिस बस्ने र भान्छा लागायतका काम गर्दा आगलागी समेत हुनसक्ने भएकोले अनुदान लिनकै लागि बनाइएका भवनहरु नीति अनुरुप सुरक्षित र आधुनिक बनेको छ भन्न सकिने अवस्था छैन ।

प्राधिकरणबाट अनुगमन र आन्तरिक नियन्त्रणको कमीका कारण अनुदान वितरणमा कार्यविधिको पालना भएको पाइएन । यसले गर्दा बढी रकम भुक्तानी भएको, दोहरो भुक्तानी भएको, अयोग्य व्यक्ति लाभग्राही बनेको तथा निर्मित भवनहरु नीति अनुरुप दिगो र सुरक्षित समेत नभएको अवस्था छ । प्राधिकरणले आन्तरिक नियन्त्रण र अनुगमन प्रणालीमा सुधार गरी दोहोरो भुक्तानी भएको रकम असुल गर्ने लगायतका कार्यविधि विपरीतका कार्यको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

३७. **आवास मापदण्डको पालना -** राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ मा प्राधिकरणले उपलब्ध गराएको नमूना नक्सा तथा मापदण्डअनुसार आवास निर्माण गर्नुपर्ने व्यवस्था छ । भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधिमा अस्थाई आवास निर्माणको लागि रु. २ लाख अनुदान दिन सकिने व्यवस्था छ । स्थलगत सर्वेक्षणको क्रममा ३ जिल्लामा २६८ आवास निर्धारित नमूना भन्दा फरक अस्थाई प्रकृतिको रहेको, १६ जिल्लामा ५ हजार १३० आवास प्राविधिकको अनुगमन बेगर बनेको र कुल १२ हजार १७१ आवास तोकिएको मापदण्डभन्दा फरक बनेको अवस्थामा पनि सबै किस्ता अनुदान भुक्तानी गरेको देखियो । तोकिएको न्यूनतम मापदण्डभन्दा फरक निर्मित घरहरु सुरक्षित हुनसक्ने अवस्था देखिँदैन । प्राधिकरणले अनुगमन गरी मापदण्ड विपरीत बनेका आवासहरुमा आवश्यक सुधार गर्नुपर्दछ ।

३८. **गैरसरकारी संस्थाहरुको संलग्नता -** पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ मा गैरसरकारी संस्थाले निजी आवास निर्माण गर्न प्राधिकरणको स्वीकृति लिनुपर्ने र गैरसरकारी संस्थाहरुलाई परिचालन गर्ने जिम्मेवारी प्राधिकरणको हुने व्यवस्था छ । प्राधिकरणको वार्षिक प्रतिवेदन, २०७६ अनुसार ३७ गैरसरकारी संस्थाले निजी आवास निर्माणको लागि अनुमति प्राप्त गरेको भए तापनि प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीमा २९ मात्र समावेश भएको छ । स्थलगत सर्वेक्षणबाट धादिङमा २ र सिन्धुपाल्चोकमा १ संस्था १४७ निजी आवास निर्माणमा संलग्न रहेको देखिए पनि प्राधिकरणलाई जानकारी भएको देखिएन । प्राधिकरणको वार्षिक प्रतिवेदनमा निजी आवास निर्माणमा ५७ गैरसरकारी संस्थाले रु. २९ अर्ब २४ करोड १८ लाख खर्च गरेको देखिए तापनि व्यवस्थापन सूचना प्रणालीअनुसार आवास अनुदानको रुपमा रु.६ अर्ब १६ करोड ४९ लाख खर्च गरी कुल निजी आवास अनुदानमा ३.४ प्रतिशत र गैरसरकारी संस्था मार्फत हुने कुल खर्चको करिब २० प्रतिशत आवास अनुदानकोरुपमा

योगदान गरेको देखियो । अनुमति लिने ३७ गैरसरकारी संस्थाले २३ हजार ३१० आवास निर्माण गर्ने कार्यक्रम रहेकोमा २०७६ आश्विनसम्म ४ हजार ४७० आवास निर्माण कार्य शुरु गरेको देखिएन । निजी आवास निर्माणमा संलग्न सबै गैरसरकारी संस्थाहरुलाई व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी नतिजामूलक अनुगमन प्रणालीको माध्यमबाट तिनीहरुको प्रभावकारी परिचालन गर्नुपर्दछ ।

३९. **जीविकोर्पाजनको सुविधा** - राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ मा बस्तीको पुनर्निर्माण सम्भव भएसम्म यथास्थानमै गर्ने र स्थानान्तरण गर्नु पर्दा स्थानीयबासीको जीविकोपार्जनलाई ध्यान दिनुपर्ने नीति छ । सिन्धुपाल्चोकको नवलपुर र मार्मिङ, गोरखाको देवल, बगुवा र गुम्सीपाखा एकीकृत बस्ती, धादिङको हिमाली र हाँडीखोला एकीकृत बस्ती र दोलखाको जिलु र बोसिम्पा एकीकृत बस्तीहरुमा खानेपानी, सिँचाइ, बजार लगायतका आधारभूत पूर्वाधार नरहेको र सो स्थानहरुमा निर्माण भएका कुल १ हजार ९३० आवासका अधिकाँश किसानका खेतबारीसम्म पँहुच समेत सहज नरहेकोले स्थानीय लाभग्राहीहरुको दैनिकी कष्टकर बनेको अवस्था छ । लाभग्राहीको जीविकोपार्जनसँग एकीकृत बस्ती जोड्न नसकेको अवस्थामा दिर्घकालसम्म उपयोग हुनसक्ने अवस्था देखिँदैन । प्राधिकरणले बनिसकेका एकीकृत बस्तीमा लाभग्राही लक्षित जीविकोपार्जनका कार्यक्रम सञ्चालन तथा पछि बन्ने एकीकृत बस्तीहरुको लागि सम्भव भएसम्म लाभग्राहीहरुको खेतबारीसम्म सहज पँहुच हुने स्थान छनौट गरी जीविकोर्पाजन सहज बनाउनुपर्दछ ।

- **जनता आवास कार्यक्रम**

४०. **निर्माण प्रगति** - चौधौं योजनाले २० हजार जनता आवास निर्माण गर्ने लक्ष्य लिएको थियो । यस कार्यक्रम मार्फत २०७४।७५ सम्म रु. ५ अर्ब ६४ करोड ९१ लाख अनुदान वितरण गरी १७ हजार ३९ निजी आवास निर्माण सम्पन्न भएको छ । २०७५।७६ देखि कार्यक्रम प्रदेश सरकार अन्तर्गत पर्ने भएकोले निर्माणाधीन ३८ हजार ८८४ आवास शहरी विकास मन्त्रालयले सम्बन्धित प्रदेश भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गरेको देखिएकोमा यो वर्ष प्रदेशस्तरमा ५१ करोड ७० लाख खर्च भएको छ । विगत ९ वर्षमा यस कार्यक्रमको प्रगति विश्लेषण गर्दा शुरुका ५ वर्षमा लक्ष्यको औषत ५२ प्रतिशत निर्माण सम्पन्न भएको अवस्थामा पछिल्ला ४ वर्षमा औषत प्रगति २१ प्रतिशत रहेको छ । महोत्तरी जिल्लामा ५२२ घर निर्माण गर्ने लक्ष्य राखेकोमा ४९३ घर निर्माण अधुरो रहेको छ । सम्बन्धित सरोकारवाला निकायहरुले समयमा काम सम्पन्न नगर्नाले निर्माण शुरु भएको ४ वर्ष व्यतीत हुँदा पनि करिब ९५ प्रतिशत आवास उपयोगमा ल्याउन सकिएको छैन । आवास निमार्णमा ढिलाइले गर्दा लक्षित वर्ग सुविधाबाट बञ्चित रहेको छ । अतः आवश्यक अनुगमन गरी निर्माण सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ ।




४१. **अधुरा घरहरु** - जनता आवास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७३ मा अनुदान वितरणको उद्देश्य दलित, विपन्न, लोपोन्मुख तथा अति सीमान्तकृत समुदायको सुरक्षित बसोबास रहेको छ । प्राप्त विवरणअनुसार मोरङ्गमा ३६८, सुनसरीमा ४७०, उदयपुरमा ९८, धनुषामा ५२, सुर्खेतमा ५२, नवलपरासीमा ६७, बाँकेमा ८, रुपन्देहीमा ४ र वर्दियामा ४ समेत कुल १ हजार १२२ आवास सम्झौता भई अनुदान प्रवाह भएपश्चात जग्गा विवाद, लाभग्राही सम्पर्कमा नरहेको, गलत लाभग्राही छनौट आदि

कारणले निर्माण कार्य अघि बढ्न नसकी सम्झौता अन्त्य गरेकाले अवास निर्माणमा प्रवाहित अनुदान रु. २९ करोड ४३ लाखको अपेक्षित उपलब्धि हुनसकेको दखिएन । अनुदान रकमको उद्देश्यअनुरुप उपयोग गराउन निर्माण रोकिएका लाभग्राहीहरुको लगत सङ्कलन गरी आवश्यक निर्णय गर्नुपर्दछ ।

# अन्य संस्था

## नेपाल ट्रष्टको कार्यालय

४२. **सम्पत्ति खोजबिन र उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ९ को उपदफा १(ख) मा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको दफा ४ बमोजिम ट्रष्टमा रहनुपर्ने सम्पत्तिको नेपालभित्र वा बाहिर खोजतलास गर्ने, त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरणसहितको अभिलेख राख्ने उल्लेख छ । सो सम्बन्धमा कार्यालयले सम्पत्ति खोजबिन कार्यविधि, २०६७ तयार गरेको देखिन्छ । नेपाल ट्रष्टको स्थापनाकालदेखि हालसम्म १२ जिल्लाका २१ हजार ५६२ रोपनी ४ आना २ पैसा जग्गा यसको स्वामित्वमा आएको छ । चल सम्पत्तिमा २०७५।७६ को अन्तमा नेपाली मुद्रातर्फ रु.७० करोड ८८ लाख ५५ हजार, अमेरिकी डलर १ लाख ४५ हजार ४३८, स्टर्लिङ पाउण्ड ५० हजार १२४ पुगेको छ । यसैगरी विभिन्न ३ बैङ्क तथा वित्तीयको संस्थाको शेयर संख्या ४ लाख ७२ हजार ८५५ रहेको देखिन्छ । नेपाल ट्रष्टको स्वामित्वमा आउनुपर्ने विदेशस्थित सम्भावित चल तथा अचल सम्पत्ति खोजबिन हुन सकेको छैन । विदेशस्थित नेपाली राजदूतावास तथा नियोगलाई परिचालन गरी विदेशस्थित सम्पत्तिको खोजबिन गर्नुपर्दछ ।

साथै नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्रिय हित, शैक्षिक, प्राज्ञिक र स्वास्थ्यसम्बन्धी कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ । ट्रष्टको स्वामित्वमा आएको उल्लिखित सम्पत्ति ऐनले तोकेको क्षेत्रमा प्रयोग हुन सकेको देखिएन ।

४३. **जग्गाको स्वामित्व -** नेपाल ट्रष्ट सञ्चालक समितिको मिति २०७१।२।४ गते बसेको ३०औं बैठकको निर्णयबाट नुवाकोटको डाँडापौवा, काठमाडौंको इचंगु नारायण, गोलढुङ्गा र बालाजुस्थित वन क्षेत्र रहेको ११३२५-३-३-३ रोपनी जग्गा ट्रष्टको नाममा ल्याउने निर्णय भएकोमा सो जग्गा हालसम्म ट्रष्टको नाममा आउन सकेको छैन । यसैगरी कार्यालयले २०७४ मा तयार गरेको सम्पत्ति विवरण अभिलेखमा काठमाडौं महानगरपालिका कालिमाटीको ३ रोपनी ७ आना र नीलबाराही बोडे–मध्यपुर ठिमी नगरपालिकाको ५ आना ५ पैसा क्षेत्रफलको जग्गा धनी प्रमाणपुर्जा आउन बाँकी उल्लेख भएकोमा उक्त जग्गा हालसम्म ट्रष्टको स्वामित्वमा आएको छैन ।

४४. **मोहीको नाममा जग्गा दर्ता** - भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ को उपदफा ५ बमोजिम नेपाल सरकारको स्वामित्वमा भएको जग्गा कमाउने व्यक्तिलाई मोहीको हक प्राप्त नहुने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।०५।२६ को निर्णय अनुसार मालपोत कार्यालय कलंकीले नेपाल ट्रष्टको नाममा लालपुर्जा भएको काठमाडौंको मातातिर्थ, थानकोट, सतुङ्गल र इचंगुमा रहेको नेपाल ट्रष्टको नाममा रहेको १७२ रोपनी १५ आना जग्गा मोहीको नाममा दर्ता कायम गरेको छ । यस सम्बन्धमा नेपाल ट्रष्टको कार्यालयबाट गठित छानबिन समितिले उक्त जग्गा एकलौटी रुपमा नेपाल ट्रष्टको नाममा कायम हुनुपर्ने भनी २०७६।२।७ मा रायसहितको प्रतिवेदन दिएको छ । भूमिसम्बन्धी ऐनको व्यवस्था र उक्त समितिको रायअनुसार ती जग्गा ट्रष्टको स्वामित्वमा ल्याउनुपर्ने देखिन्छ ।

४५. **बक्यौता -** नेपाल ट्रष्टको पोखरा महानगरपालिका वडा नं. ७ स्थित रत्नचोकको कित्ता नं. ३० को १ रोपनी १२ आना १ पैसा जग्गा २०७३।४।१ देखि २०७८।३।३१ सम्म पाँच वर्षको लागि वार्षिक रु.४ लाख ९२ हजार भाडा बुझाउने गरी एक निजी होटलसँग र चितवन भरतपुर महानगरपालिका वडा

नं. १ स्थित दियालो बंगला परिसरको पूर्वतर्फको ६ बिगाहा ११ धुर जग्गा वार्षिक रु.२७ लाख ५० हजार भाडा बुझाउने गरी २०७३ भाद्रदेखि पाँच वर्षको लागि एक रिसोर्टसँग सम्झौता भएको छ । उक्त दुबै सम्झौतामा बुझाउनुपर्ने भाडाको किस्ता तोकिएको समयमा नबुझाएमा शतप्रतिशत जरिवानासमेत असुल गर्नुपर्ने उल्लेख छ । सम्झौताबमोजिम पोखराको होटलले २०७४।४।१ देखि २०७६।३।३२ सम्म र चितवनको रिसोर्टले २०७४।५।१ देखि २०७६।४।३१ सम्मको भाडा नबुझाएकोले शतप्रतिशत जरिवानासमेत गणना गरी असुल गर्नुपर्दछ ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा खर्च मितव्ययी नभएको, लक्ष्यअनुसार प्रगति नभएको, प्राविधिक परीक्षण प्रतिवेदनले औँल्याएका त्रुटिहरुको अनुगमन नभएको, नेपाल ट्रष्टको सम्पत्तिको उपयोग नभएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजूको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतका समेत ९७ निकायमा यो वर्ष रु.४ अर्ब ९१ करोड १९ लाख १० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायले रु.९३ लाख २४ हजार फछ्र्यौट गरेकोले रु. रु.४ अर्ब ९० करोड २५ लाख ८६ हजार बाँकी रहेको छ । सोमध्ये रु.४ अर्ब ३० करोड ५२ लाख ३१ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची–१५ मा छ ।
  - अन्य संस्था १ तर्फ यस वर्ष रु.९५ लाख ८० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियासाथ प्रमाण पुष्टयाइँ प्राप्त नभएकोले फछ्र्यौट हुन बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची–१६ मा छ ।

# अर्थ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा आर्थिक नीतिको तर्जुमा गरी राजस्व प्रक्षेपण एवं सङ्कलन गर्दै योजना तथा कार्यक्रममा साधनको प्रभावकारी व्यवस्थापन, उच्च, दिगो, भरपर्दो र गरिबी निवारणोन्मुख आर्थिक वृद्धि हासिल गर्ने, पारदर्शिता र वित्तीय जवाफदेहिता वृद्धि गर्ने, वार्षिक कार्यक्रम र बजेटको माध्यमबाट सार्वजनिक खर्च व्यवस्थापन गरी आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १९४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका १८७ सरकारी कार्यालयको निम्नानुसार रु.१० खर्ब ५१ अर्ब १० करोड ६० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १८७ | २२५४३४४ | १८४ | ७९६२२९६ | १७६ | ६२९५६ | ११७ | २३१४६४ | १८७ | १०५११०६० |

२. **संगठित संस्था र अन्य संस्था** : यो वर्ष ७ संस्थाको रु.१४ खर्ब ४४ अर्ब ६९ करोड २३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **दिगो विकास लक्ष्य-प्रगति -** मन्त्रालयसँग सम्बन्धित सन् २०३० सम्म हासिल गर्नुपर्ने लक्ष्यको सन्दर्भमा आवधिक मूल्याङ्कन प्रतिवेदन २०१९ प्रकाशन भइनसकेको हुनाले सो सम्बन्धी विस्तृत विवरण प्राप्त हुन सकेन । तथापि महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय आर्थिक विवरण, अर्थ मन्त्रालयको समष्टिगत आर्थिक स्थिति विश्लेषण प्रतिवेदनलगायतका विवरणका आधारमा कुल गार्हस्थ्य उत्पादनमा सरकारी आयको अनुपात सन् २०१९ सम्ममा २२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २४ प्रतिशत रहेको देखिन्छ । यसैगरी बजेटमा राष्ट्रिय कर राजस्वको अनुपात ७७.१ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४८.८९ प्रतिशत मात्र रहेको देखिन्छ । कुल गार्हस्थ्य उत्पादनमा तिर्न बाँकी ऋणको अनुपात लक्ष्य २८.८ प्रतिशतको तुलनामा करिब १.४५ प्रतिशतले बढी ३०.२५ प्रतिशत रहेको छ । यसैगरी कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको अनुपात ३०.७ प्रतिशत कायम राख्ने लक्ष्य लिएकोमा २५.३८ प्रतिशत प्रगति हासिल भएको देखिन्छ भने कुल गार्हस्थ्य उत्पादनको तुलनामा सोझै वैदेशिक लगानी ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा केवल ०.३८ प्रतिशत प्रगति हासिल भएको देखिन्छ । उल्लिखित विषय लक्ष्य नम्बर १७: दिगो विकासको कार्यन्वयनका उपायहरु/साधानलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउनेसँग सम्बन्धित छ । यसबाट अधिकांश लक्ष्यहरु हासिल गर्न ठूलो चुनौती देखिएको छ जसलाई गम्भीरतापूर्वक समीक्षा गरी निर्धारित लक्ष्य प्राप्तिमा सुधारात्मक कदम चाल्नुपर्दछ ।

## • समष्टिगत आर्थिक स्थिति

४. **समग्र आर्थिक अवस्था -** मुलुकको विद्यमान आर्थिक परिसूचकअन्तर्गत आर्थिक वृद्धिदर, रोजगारीको अवस्था, उपभोग, लगानी र बचत, निजी क्षेत्रको पुँजी तथा सरकारी खर्चको अवस्था, वैदेशिक सहायता परिचालन, मुद्रा स्फीति, आयात निर्यात र शोधनान्तर स्थितिलगायत कुल गार्हस्थ्य उत्पादनमा भएको परिवर्तन जस्ता पक्षहरुको विश्लेषणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:

(प्रतिशतमा)

| विषय | लक्ष्य (चौधौँ योजनाअनुसार) | उपलब्धि | | |
|---|---|---|---|---|
| | | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
| आर्थिक वृद्धिदर | ७.२ | ६.९४ | ६.३० | ७.१ |
| मुद्रास्फीति | ७.५ | ५.१० | ४.२० | ४.६ |
| कुल राजस्व/गार्हस्थ्य उत्पादन | १९.५७ | २२.३० | २४.६८ | २४.८ |
| कुल सरकारी खर्च/गार्हस्थ्य उत्पादन | ३२.१२ | ३१.५९ | ३६.०१ | ३१.६ |
| चालु खर्च/गार्हस्थ्य उत्पादन | २२ | २३.६७ | २४.५७ | २०.६ |
| पुँजीगत खर्च/गार्हस्थ्य उत्पादन | १०.१२ | ७.९२ | ७.८० | ६.८८ |
| वैदेशिक अनुदान/गार्हस्थ्य उत्पादन | ३.७६ | १.५२ | १.४१ | ०.४ |
| वैदेशिक ऋण/गार्हस्थ्य उत्पादन | ६.८५ | १.४८ | २.८० | ३.७५ |
| आन्तरिक ऋण/गार्हस्थ्य उत्पादन | २.२८ | ३.३६ | ४.७२ | २.७७ |
| व्यापार घाटा/गार्हस्थ्य उत्पादन | -३२ | -३४.४० | -३६.९६ | -३८.१ |
| कुल उपभोग/गार्हस्थ्य उत्पादन | ९३ | ८९.७० | ८४.९९ | ७९.५ |
| निर्यात/गार्हस्थ्य उत्पादन | ३.५ | ३.०० | २.७० | २.८ |
| आयात/गार्हस्थ्य उत्पादन | ३५.५१ | ३७.४० | ४१.३३ | ४०.९ |
| बजेट घाटा/गार्हस्थ्य उत्पादन | ७ | ६.५ | ८.९४ | ८.८ |

*स्रोतः चौधौँ योजना, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्क ।*

उपर्युक्त तथ्याङ्क विश्लेषण गर्दा चौधौँ योजनाको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा मुद्रास्फीति दर तथा राजस्व वृद्धि लक्ष्यअनुसार प्रगति राम्रो देखिन्छ । चौधौँ योजनाअनुसार आर्थिक वृद्धि दर ७.२ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा यस वर्ष ७.१ प्रतिशत रहेकोले लक्ष्यको हाराहरीमै छ । पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको १०.१२ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा ६.८८ प्रतिशत रहेकोले अति न्यून देखिएको छ । वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ्य उत्पादनको ३.७६ रहनुपर्नेमा ०.४ प्रतिशत मात्र रहेकोले अपेक्षित रुपमा परिचालन हुन सकेको छैन । समग्रमा बजेट घाटालाई कुल गार्हस्थ उत्पादनको ७ प्रतिशतमा राख्ने उल्लेख भए पनि ८.८ प्रतिशत रहेको छ । आयात नियन्त्रण एवं निर्यात वृद्धि गर्न नसकेका कारण व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको तुलनामा ३२ प्रतिशतमा सीमित राख्ने उल्लेख भएकोमा ३८.१ प्रतिशत रहेको छ ।

समग्रमा अर्थतन्त्रको अवस्थालाई मध्यनजर राख्दै आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, उपभोग, बचत र लगानी विस्तार गर्न सरकारी तथा निजी क्षेत्रसमेतबाट समन्वयात्मक रुपमा प्रयास हुनु जरुरी छ ।

५. **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय आर्थिक विवरणअनुसार विगत २ वर्षको राजस्व असुली देहायअनुसार रहेको छः

(रु. लाखमा)

| विवरण | २०७४।७५ | | | २०७५।७६ | | |
|---|---|---|---|---|---|---|
| | लक्ष्य | असुल | असुली प्रतिशत | लक्ष्य | असुल | असुली प्रतिशत |
| आयकर | १६७१९७५ | १५९८७८६ | ९५.६२ | २०९६८५३ | १९४४२०४ | ९२.७२ |
| मूल्य अभिवृद्धि कर | २१५९६८७ | २०६८००९ | ९५.७५ | २५०८८२६ | २४१६६८० | ९६.३३ |
| अन्तःशुल्क | १०२८८१३ | १०२५७९० | ९९.७० | १२४८८८८ | १२१८५४१ | ९७.५७ |
| भन्सार महसुल | १३७३२७१ | १३७७८४७ | १००.३३ | १५१५९४१ | १४३३१९८ | ९४.५४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अन्य कर | १०६६८०९ | १२५१७६३ | ११७.३३ | १२२९५१५ | १३८४११५ | ११२.५७ |
| **जम्मा** | **७३००५५५** | **७३२२१९५** | **१००.२९** | **८६०००२३** | **८३९६७३८** | **९७.८६** |

सरकारी आयको मेरुदण्डको रुपमा रहेको आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुल लक्ष्यको तुलनामा औसत रुपमा ९५.२९ प्रतिशत असुल भएको छ ।

असुलीमध्ये अन्य करको असुली ११२.५७ प्रतिशत रहेको देखिन्छ । उक्त असुलीमध्ये नेपाल दूरसञ्चार प्राधिकरणलगायतबाट बचत रकम सञ्चितकोषमा दाखिला गरेको रु.९ अर्बसमेत समावेश छ । यस बाहेक विभाज्य कोषमा जम्मा भएको दायित्व रु.९६ अर्ब २६ करोड ७५ लाखसमेत समावेश गरिएको छ ।

## • राजस्व नीति तथा मार्गदर्शन

६. **स्रोतको प्रक्षेपण -** संघीयता कार्यान्वयन पश्चात् तीन तहका सरकारबाट सञ्चालित विकास निर्माण र सेवा प्रवाहलाई स्रोतको अभाव हुन नदिन लगानी मैत्री कर प्रणाली तथा दिगो एवं अनुमान योग्य राजस्व परिचालन पद्धति आवश्यक पर्दछ । संघीय वित्त परिचालनको लागि लगानी मैत्री वातावरण, राष्ट्रिय उत्पादनमा वृद्धि तथा रोजगारीको सिर्जनाबाट दिगो आर्थिक विकासलाई टेवा पुग्ने गरी स्रोतको प्रक्षेपण गर्नु जरुरी छ । राजस्व प्रक्षेपणको आधार कुल गार्हस्थ्य उत्पादनसँग प्रत्यक्ष स्थापित गर्ने गरिएको छ । विश्वका विकसित देशले कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशतको हाराहारीमा राजस्व सङ्कलन गर्दा समेत आन्तरिक स्रोत साधनको परिचालन मजबुत देखिन्छ । नेपालको राजस्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको २४ प्रतिशतको हाराहारीमा छ । तथापि राजस्व सङ्कलन न्यून रहेको अनुमान गरिन्छ । कुल गार्हथ्य उत्पादनको अनुमान गर्न समेट्नुपर्ने सबै नवीनतम व्यावसायिक एवं उपभोग्य कार्यहरु दायरामा नआएकोले कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क यथार्थपरक हुन नसकेको स्थिति छ । यस अवस्थामा कुल गार्हस्थ्य उत्पादनलाई आधार लिएर गरिने प्रक्षेपणले यथार्थ नतिजा दिने अनुमान गर्न कठिन छ ।

तसर्थ राजस्व प्रक्षेपण गर्दा विगतका राजस्व असुलीको आधारमा निश्चित बढोत्तरी गर्ने प्रक्रियामा सुधार गरी समष्टिगत आर्थिक परिसूचकहरु कुल गार्हस्थ्य उत्पादन, उपभोग, राष्ट्रिय आय, अर्थतन्त्रका नवीन क्षेत्रहरु, मुद्रा स्फीति र सरकारको कर नीतिलाई समेत आधार लिनुपर्दछ । साथै कुल गार्हस्थ्य उत्पादनको लेखाङ्कन आधार यथार्थपरक बनाउनुपर्दछ । संघको अतिरिक्त प्रदेश र स्थानीय तहबाट गरिने राजस्व प्रक्षेपणलाई समेत यथार्थतामा आधारित बनाउन निश्चित आधार तय गरी राजस्व नीति र राजस्व प्रशासनको दक्षतामा सुधार गर्नुपर्दछ ।

७. **राजस्व नीति -** बजेटले करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने, आर्थिक क्रियाकलापको विस्तारको लागि उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने, कर संरचना र दरमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने, राजस्व प्रशासनमा सुधार गरी करदातालाई दक्ष, व्यावसायिक, स्वच्छ एवं सुदृढ कर प्रशासनको सुनिश्चितता दिने, कर कानुनको पालनामा जोड दिँदै कर छली तथा चुहावट नियन्त्रण गर्ने र गैर कर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरुलाई समायोजन गरी राजस्व वृद्धि गर्ने उद्देश्य कार्यान्वयन देहायबमोजिम गर्नुपर्ने देखिन्छः

७.१ बीजक जारी नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सघन रुपमा बजार अनुगमन गरी कारोबार स्थलमै जरिवाना गर्ने तथा राजस्व चुहावट गर्ने र कर कानुनको पालना नगर्नेलाई कारबाही हुनुपर्दछ ।

७.२ वित्तीय पारदर्शिताका लागि व्यवसायीहरुले कर प्रशासनमा पेस गरेको वित्तीय विवरण र बैंक तथा वित्तीय संस्थामा पेस गरेको विवरणको सूचना आदान प्रदान गर्ने प्रक्रियाको शुरुवात भएको छ । बजेटमा उल्लेख गरेबमोजिम स्वचालित प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७.३ भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदानप्रदान गर्नुपर्दछ ।

७.४ विभिन्न नियमनकारी निकायमा रहेको करदातासम्बन्धी सूचनाहरुलाई एकीकृत गर्न करदाता सूचना व्यवस्थापन प्रणालीको विकास हुनुपर्दछ ।

७.५ बजेट वक्तव्य २०७५।७६ को बुँदा नम्बर २६० मा उल्लेख भएअनुसार एक पटकमा निश्चित प्रकृति र परिमाणका मालवस्तुमात्र आयात गर्न पाउने व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

७.६ अवैध व्यापार नियन्त्रणका लागि सीमा क्षेत्रमा सघन र नतिजामुखी अनुगमन हुनुपर्दछ ।

७.७ प्रतीतपत्रको माध्यमबाट हुने व्यापारलाई प्रोत्साहित गर्न भन्सार कार्यालयबाट पूर्ण प्रयोग हुने सामान पैठारीमा प्रयोग हुनुपर्दछ ।

७.८ गैरकर राजस्वलाई लागत प्रभावी बनाई राजस्व सङ्कलन वृद्धि गर्न यसका दरहरुलाई समयानुकूल पुनरावलोकन गर्नुपर्ने विद्यमान नीतिगत व्यवस्थाअनुसार समायानुकूल पुनरावलोकन गर्नुपर्दछ ।

८. **राजस्व बक्यौता असुली -** मन्त्रालयले राजस्व बक्यौता असुलीको अनुगमन, निर्देशन र अभिलेखाङ्कनको कार्यमा थप क्रियाशीलता देखाई बक्यौता रकम असुल गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

८.१ महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रु.५१ अर्ब ५६ करोड ७ लाख र ब्याज रु.३७ अर्ब १५ करोड १५ लाखसमेत रु.८८ अर्ब ७१ करोड २२ लाख राजस्व बक्यौता रहेको छ । भाखा नाघेको साँवा चुक्ता नगर्ने ७८ निकायमध्ये सबैभन्दा बढी भाखा नाघेको साँवा हुने ६ निकायमा क्रमशः नेपाल विद्युत प्राधिकरण रु.२९ अर्ब ८० करोड ४४ लाख, नेपाल खानेपानी संस्थान रु.२ अर्ब ५६ करोड ४ लाख, उदयपुर सिमेन्ट कारखाना रु.२ अर्ब २१ करोड, साना किसान विकास बैङ्कमा रु.२ अर्ब २० करोड २५ लाख, काठमाडौं उपत्यका खानेपानी बोर्ड रु.१ अर्ब ८९ करोड २१ लाख र जनकपुर चुरोट कारखाना रु.१ अर्ब ७३ करोड ६ लाखसमेत रु.४० अर्ब ४० करोड रहेको देखिन्छ । यी निकायको भाखा नाघेको साँवा ७८.३५ प्रतिशत रहेको छ । त्यस्तै भाखा नाघेको ब्याजतर्फ ६० निकायमा रु.३७ अर्ब १५ करोड १५ लाख रहेकोमा सबैभन्दा बढी भाखा नाघेको ब्याज बुझाउन बाँकी ६ निकायमा क्रमशः नेपाल विद्युत प्राधिकरण रु.२१ अर्ब ९९ करोड ६२ लाख, नेपाल नागरिक उड्डयन प्राधिकरण रु.१ अर्ब ३३ करोड ९३ लाख, नेपाल खानेपानी संस्थान रु.२ अर्ब ७७ करोड ९० लाख, नेपाल ओरियन्ट म्याग्नेसाइट प्राइभेट लिमिटेड रु.१ अर्ब १६ करोड १७ लाख, उदयपुर सिमेन्ट कारखाना रु.१ अर्ब ६ करोड ७ लाख र काठमाडौं उपत्यका खानेपानी बोर्डमा रु.१ अर्ब २२ करोड ९५ लाखसमेत रु.२९ अर्ब ५६ करोड ६४ लाख रहेको देखिन्छ । जुन बक्यौता ब्याज रकमको ७९.५८ प्रतिशत हुन आउँछ । नियमित सञ्चालनमा रहेका मुनाफा आर्जन समेत गरेका र तिर्न सक्षम रहेका सरकारी संस्थानले समेत भाखाभित्र साँवा र ब्याज नबुझाउनु मनासिब देखिँदैन ।

८.२ सरकारले गरेको ऋण लगानीको भाखा नाघेको साँवा र व्याज बुझाउन बाँकी रहने सार्वजनिक संस्थान, समिति मध्ये कतिपय कम्पनीहरु खारेज भएका तथा सञ्चालनमा रहेका छैनन् । नेपाल यातायात संस्थान, नेपाल ओरियण्ट म्याग्नेसाइट प्राइभेट लिमिटेड, गोरखकाली रबर उद्योग, जनकपुर चुरोट

कारखाना, धानचामल निर्यात कम्पनी, रघुपति जुट मिललगायत २८ कम्पनीमा भाखा नाघेको साँवा रु.६ अर्ब ७८ करोड ३३ लाख र भाखा नाघेको ब्याज रु.५ अर्ब ६६ करोड ७५ लाख बाँकी रहेको देखिन्छ । उक्त भाखा नाघेको कुल साँवा र ब्याजको क्रमशः १३.१५ प्रतिशत र १५.२५ प्रतिशत रहेको देखिन्छ ।

साना किसान विकास बैङ्कसँग रु.२ अर्ब २१ करोड ८७ लाख, कृषि विकास बैङ्कसँग रु.६० करोड १२ लाख, रुरल माइक्रो फाइनान्स लिमिटेडसँग रु.११ करोड ३९ लाखलगायतका वित्तीय संस्थाको समेत भाखा नाघेको साँवा र ब्याज प्राप्त हुन बाँकी रहेको देखिन्छ । त्यस्तै स्थानीय तहतर्फ काठमाडौं महानगरपालिका, पोखरा महानगरपालिका, हेटौंडा उप-महानगरपालिकालगायत १३ निकायको भाखा नाघेको साँवा ब्याज रु.२ अर्ब २७ करोड ७९ लाख प्राप्त हुन बाँकी देखिन्छ ।

यसप्रकार नाफामा सञ्चालन भइरहेका, सञ्चालनमा नरहेका, सञ्चालनमा रहेर पनि घाटामा रहेका सार्वजनिक संस्थान, समिति, स्थानीय तहलगायतसँग भाखा नाघेको साँवा तथा ब्याज असुल गर्नुपर्दछ ।

८.३ आन्तरिक राजस्व विभागको प्रतिवेदन तथा राजस्व बक्यौता प्रणालीअनुसार २०७५।७६ सम्म कर बक्यौतामध्ये आयकर रु.७२ अर्ब १३ करोड, मूल्य अभिवृद्धि कर रु.२४ अर्ब ४३ करोडसमेत रु.९६ अर्ब ५६ करोड रहेको छ । उक्त बक्यौतामध्ये रु.५२ अर्ब ६३ करोड (५४.५० प्रतिशत) का सम्बन्धमा पुनरावेदनमा गएकोले पुनरावेदन (अपिल) प्रविष्टि भएको छ । निर्धारित कर रकम राजस्वको रुपमा सङ्कलन हुनुपर्नेमा सो नभई बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको छ ।

उपर्युक्त बक्यौता विश्लेषण गर्दा सार्वजनिक संस्थान सञ्चालनमा नरहेको, करदाता पलायन भएको, कारोबार सञ्चालन गर्ने करदाता पनि मुद्दा मामिलामा गएको कारण समयमा बक्यौता उठ्न सक्ने अवस्था देखिँदैन । राज्यले सङ्कलन गर्नुपर्ने राजस्व नै बक्यौता रहेको परिप्रेक्ष्यमा नीतिगत एवं कानुनी व्यवस्था मिलाई अभियानकै रुपमा बक्यौता असुली प्रक्रिया अगाडि बढाउनुपर्दछ । आन्तरिक राजस्व विभागको सिस्टम, केन्द्रीय आर्थिक विवरण र प्रतिवेदनमा देखाइएको राजस्व बक्यौता भिडान हुने व्यवस्था हुनुपर्दछ ।

९. **इन्टरनेट टेलिफोन** - आयकर ऐन, २०५८ को दफा ६७(६) को (ज) अनुसार तार, रेडियो अप्टिकल फाइबर्स वा भू-उपग्रह जस्ता सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने व्यवसाय सञ्चालन गर्ने व्यक्तिले नेपालमा स्थापित संयन्त्रबाट खबर वा सूचना सम्प्रेषण गरी प्राप्त गरेको भुक्तानी नेपालमा स्रोत भएको मानिने व्यवस्था छ । सोही ऐनको दफा ६७(६)ठ (२) मा नेपालमा सञ्चालित क्रियाकलापको सम्वन्धमा गरिएका भुक्तानीको स्रोत नेपालमा हुने व्यवस्था छ । इन्टरनेट सेवामार्फत् इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने भाइबर, फेस बूक मेसेन्जर, स्काइप, ह्वाटस् एप, वीच्याट, इमो, जुम, बेभेम्स, सिस्को जस्ता एप्लिकेसनहरु नेपालमा निर्बाध रुपमा सञ्चालन भैरहेका छन् । ती एप्लिकेसनहरु आयकर ऐनको दफा ६७ बमोजिम नेपालको कराधार क्षेत्रभित्र पर्ने भएकोले सेवा प्रदान गर्नुपूर्व दर्ता हुनुपर्नेमा कुनै पनि सेवाप्रदायक संस्था दर्ता भएको पाइएन । ती एप्लिकेसनले ओभर दि टप अफ सर्भिसेजको माध्यमले सेवा दिएकोले टेलिफोन सेवाको महत्वपूर्ण हिस्सा इन्टरनेटको प्रयोग गरी एप्लिकेसनमार्फत् सञ्चालन भैरहेको छ ।

ती एप्लिकेसनमार्फत् सेवा प्रदान गर्ने निकाय दर्ता नभएका र कतिपयले क्रेडिट कार्डलगायत पेमेन्ट गेटवेमार्फत् स्वदेश विदेशबाट भुक्तानी भई नेपालमा सेवा उपभोग गरिरहेको अवस्था छ । ती निकाय दर्ता नभएका कारण प्रप्त हुनुपर्ने राजस्व गुमेको अवस्था छ । तसर्थ कानुनी तथा नीतिगत सुधार गरी यी सेवा प्रदायकलाई दर्ता गराई राजस्व असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।

१०. **गैरकर राजस्वको दर** - दूरसञ्चार नियमावली, २०५४ ले इन्टरनेट सेवा प्रदायक र टेलिफोन सेवा प्रदायकलाई बेग्लाबेग्लै प्रकृतिको व्यवसायको रुपमा लाइसेन्स प्रदान, दर्ता, नवीकरण र सोबापतको शुल्क निर्धारण गर्ने व्यवस्था गरेको देखिन्छ । सोअनुसार इन्टरनेट सेवा प्रदायक दर्ता हुँदा रु.३ लाख र प्रत्येक ५वर्षमा नवीकरण बापत रु. २ लाख ७० हजार शुल्क बुझाउनुपर्ने व्यवस्था छ । यसै गरी

दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति, २०७३ (संशोधन सहित) ले टेलिफोन र मोबाइलको एकीकृत लाइसेन्स लिँदा रु.५ करोड र १ वर्षभित्रमा नवीकरणबापत रु.२० अर्ब १३ करोड २७ लाख ५० हजार बुझाउनुपर्ने व्यवस्था छ । टेलिफोन सेवा प्रदायकले लाइसेन्स नवीकरण गर्दा ५ वर्षमा रु.२० अर्ब नवीकरण दस्तुर बुझाउनुपर्ने व्यवस्था छ ।

विगतमा इन्टरनेट सेवा प्रदायकले डेटा सम्प्रेषण गर्ने र टेलिफोन सेवा प्रदायकले भ्वाइस सम्प्रेषण गर्ने भएकाले व्यावसायिक प्रकृति बेग्लाबेग्लै रहेको थियो । तर प्रविधिमा आएको परिवर्तनसँगै टेलिफोन सेवा प्रदायकबाट हुने भ्वाइस सम्प्रेषण इन्टरनेट सेवा प्रदायकले प्रदान गर्ने इन्टरनेटबाट समेत हुन थालेको छ । इन्टरनेटमार्फत् भ्वाइसको अतिरिक्त भिडियोसमेत डाटाको रुपमा सम्प्रेषण हुने प्रविधि विकास भएको कारण यी दुई प्रकृतिका व्यवसायमा खासै भिन्नता रहेको देखिएन । तथापि गैरकर राजस्वबापत यी दुई सेवा प्रदायकको दर्ता र नवीकरणबापत सरकारले सङ्कलन गर्ने राजस्वमा अस्वाभाविक अन्तर रहेको देखियो । तत्कालीन अवस्थामा इन्टरनेट प्रविधिको भ्वाइस र भिडियो सम्प्रेषण नहुने अवस्थालाई मध्यनजर राखी निर्धारण गरिएको दर्ता अनुमति र नवीकरण शुल्क हाल टेलिफोन सेवा प्रदायकले प्रदान गर्ने प्रकृतिका सेवासमेत इन्टरनेट सेवा प्रदायकबाट प्रदान गरिरहेको परिप्रेक्षमा इन्टरनेट सेवा प्रदायकले तिर्नुपर्ने लाइसेन्स दस्तुर र नवीकरण दस्तुरमा पुनरावलोकन गरी यसप्रकारको अत्यधिक अन्तर न्यून गर्नुपर्ने देखिन्छ ।

११. **राजस्व छुट** - आर्थिक ऐन, २०७५ को दफा १९ ले विभिन्न मालवस्तु, उद्योग व्यवसायी, संस्था, आयोजनालाई राजस्व छुट दिने व्यवस्था गरेको छ । राजस्व छुट दिने व्यवस्थामा सुधार गरे पनि वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरसम्बन्धी द्रष्टव्य अनुसूची, पटके निर्णयका आधारमा हुने छुटमा सुधार गर्न बाँकी छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन्ः

११.१ वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्यका लागि सम्झौतामा व्यवस्था भएबमोजिम आयात गर्ने निर्माण सामग्री तथा उपकरणमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर, शुल्क छुट दिने व्यवस्थाअनुसार यो वर्ष रु. ३ अर्ब ४६ करोड ८३ लाख छुट दिएको छ । यस्ता सुविधामा आयात हुने सामग्री/उपकरणमा लाग्ने राजस्व छुट रकमको अभिलेख राखेको छैन । साथै राजस्व छुट प्राप्त गर्ने आयोजनाको लगानी र उत्पादित वस्तुको लागतमा पनि समावेश गर्ने गरेको छैन । छुटमा आयातित सामान सम्बन्धित आयोजनामा नै उपयोग भएको अनुगमन हुने नगरेबाट तोकिएका शर्तअनुसार उपयोग गरेको सुनिश्चित गर्न अनुगमन गर्ने प्रभावकारी व्यवस्था हुनुपर्दछ ।

११.२ आर्थिक ऐन, २०७५ को अनुसूची १ को दफा १४(१), १४(२) र १४(३) मा भन्सार महसुल पूर्ण एवं आंशिक छुट हुने व्यवस्था छ । सोही ऐनको दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने मालवस्तु उल्लेख गरेको छ । त्यसैगरी सोही ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिमका सामानमा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ । राजस्व छुटको उक्त विवरणमा भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएको कारण, सो छुटले राजस्वमा हुन गएको कमीको रकमगत अभिलेख राखेको छैन । लेखापरीक्षणको क्रममा भन्सार विभागको आसिकुडा, आन्तरिक राजस्व विभागको तथ्याङ्कलगायतबाट सङ्कलित सूचनाअनुसार यो वर्ष रु.४४ अर्ब २१ करोड राजस्व छुट दिएको देखिएको छ । अन्तर्राष्ट्रिय मान्यताअनुरुप सबै प्रकारका राजस्व छुटको रकमगत अभिलेख बजेटसँगै पेस हुने व्यवस्था गर्नुपर्दछ ।

११.३ कुल गार्हस्थ्य उत्पादनको करिब एक तिहाई अंश कृषि क्षेत्रले ओगटेकोले कृषि उत्पादनलाई टेवा पुर्‍याउन कृषि विकास मन्त्रालयमार्फत् यो वर्ष रु.३ अर्ब ९१ करोड र रासायनिक मलमा रु.८अर्ब ३८ करोडसमेत कृषकलाई रु.१२ अर्ब २९ करोड अनुदान उपलब्ध गराएको छ । कृषिजन्य पदार्थमा आत्मनिर्भर बनाउन यसप्रकारको अनुदान दिइरहेको अवस्थामा आर्थिक ऐन, २०७५ को अनुसूची १ को

दफा १४ र १५ को व्यवस्थाअनुसार आयातमा पनि कृषि तथा पशुजन्य उत्पादन लगायतमा रु.१ अर्ब २७ करोड भन्सार महसुल छुट दिएको देखियो । आन्तरिक उत्पादन वृद्धिमा प्रोत्साहन पुऱ्याउन अनुदान दिए पनि कृषि तथा पशुजन्य सामग्रीको आयातमा समेत राजस्व छुट दिने व्यवस्थाको असरबारे अध्ययन हुनुपर्दछ ।

११.४ आर्थिक ऐन, २०७५ को परिच्छेद २१ (६) मा सार्क मुलुकबाट उत्पादित सामानहरु प्रतीतपत्र खोली दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) अन्तर्गत प्रमाणपत्र संलग्न गरेर पैठारी भएमा २०६२।९।१७ मा कायम रहेको भन्सार महसुल दरमा निश्चित प्रतिशतले भन्सार महसुल छुट दिने व्यवस्था गरेको र यो व्यवस्था लागू भएको १५ वर्ष व्यतीत भैसकेको छ । साफ्टाको सुविधा उपयोग गरी २०७५।७६ मा विभिन्न व्यवसायीले प्राईमरी पोलिमर अफ प्लाष्टिक, पेट्रोलियम कोक, प्राइमरी रेजिन एण्ड अदर, पोलिष्टर, ग्लासवेयर, पम्प, प्रिफेव हाउस, पेपर असवेसटस, फलाम वा अमिश्रित स्पातका एङ्गललगायतका सामान पैठारी गर्दा रु.३ अर्ब ६६ करोड ८३ लाख भन्सार महसुल, रु.५४ लाख अन्तःशुल्क र रु.४७ करोड ७६ लाख मूल्य अभिवृद्धि करसमेत रु.४ अर्ब १५ करोड १३ लाख राजस्व छुट भएको छ । साफ्टा छुटमा कच्चापदार्थ तथा पार्टपुर्जालगायतका मालवस्तु पैठारी गरी सोबाट स्वदेशमा उत्पादन वृद्धि गरेर तयारी मालवस्तु निकासी गरी तुलनात्मक रुपमा फाइदा लिन सकिने गरी उपयुक्त रणनीति तयार गर्नुपर्दछ ।

राजस्व छुटको विषयमा भएको सुधारलाई निरन्तरता दिँदै आर्थिक ऐनको द्रष्टव्य र पटके निर्णयबाट दिइने छुटलाई क्रमशः घटाउँदै लैजानुका अतिरिक्त छुटको अभिलेख व्यवस्थित गरेर पारदर्शिता प्रवर्द्धनसमेत गराउनुपर्दछ ।

## • बजेट तर्जुमा तथा कार्यान्वयन

१२. **बजेटभन्दा बढी खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेटभित्र पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न र खर्च गर्न निकासा दिनुपर्ने उल्लेख छ । नियमावलीको व्यवस्था विपरीत चालु खर्चतर्फ ६ उपशीर्षकमा रु.१ अर्ब २५ करोड ५५ लाख ७७ हजार र पुँजीगत खर्चतर्फ यातायात आयोजना तयारी सहयोगलगायत ३ बजेट उपशीर्षकमा रु.८० लाख र वित्तीय व्यवस्थातर्फ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा रु.२४ करोड ७१ लाख स्वीकृत बजेटभन्दा बढी खर्च हुने गरी निकासा तथा खर्च लेखेको पाइयो ।

सोही नियमावलीको नियम ३८ मा बजेटमा रकम भए पनि निकासा भएको रकम अपर्याप्त भएमा सम्बन्धित सचिवको सिफारिसमा अर्थ मन्त्रालयले रकमान्तर वा खर्च समर्थनबाट निकासा दिई त्यस्तो खर्च भएको रकम नियमित गरिदिन सक्ने उल्लेख भए पनि सो बढी खर्चको नियमितसमेत भएको छैन । त्यस्तै एकल खाता कोष प्रणाली लागू भएको अवस्थामा स्वीकृत बजेटभन्दा बढी निकासा दिन नमिल्नेमा बजेटभन्दा बढी निकासा हुन गएकोले एकल खाता कोष प्रणालीको विश्वसनीयतामा असर पर्ने देखियो । विनियोजित बजेटभन्दा बढी हुने गरी निकासा दिनु र खर्च लेख्नु विनियोजन ऐन विपरीत देखिएको र यस्ता कार्यबाट आर्थिक अनुशासन कायम नहुने हुँदा नियन्त्रण हुनुपर्ने देखियो ।

१३. **खर्च व्यवस्थापन -** बजेट तथा खर्च व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

१३.१ सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति सरकारले लिएकोमा विगत ३ वर्षको अवस्था देहायअनुसार छः

(रु. लाखमा)

| विवरण | २०७३।७४ | | २०७४।७५ | | २०७५।७६ | |
|---|---|---|---|---|---|---|
| | खर्च | प्रतिशत | खर्च | प्रतिशत | खर्च | प्रतिशत |
| चालु खर्च | ५१८६१६१ | ६१.९४ | ६९६९१९६ | ६४.२५ | ७१६४१७६ | ६४.५२ |
| पुँजीगत खर्च | २०८७४८३ | २४.९३ | २७०७१३७ | २४.९६ | २४१५६२५ | २१.७५ |
| वित्तीय व्यवस्था | १०९८८३३ | १३.१३ | ११७०४८८ | १०.७९ | १५२४७७० | १३.७३ |

खर्च व्यवस्थापन सम्बन्धमा अध्ययन गर्दा २०७३।७४ को तुलनामा यो वर्ष चालु खर्च ३८.१४ प्रतिशत, पुँजीगत खर्च १५.७२ प्रतिशत वृद्धि भएको छ भने वित्तीय खर्चमा ३८.७६ प्रतिशत वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०७५।७६ को तथ्याङ्कलाई आधार लिँदा गत वर्षको तुलनामा कुल खर्चमा चालु खर्चको हिस्सा यथावत नै रहे पनि पुँजीगत खर्चको हिस्सा कुल खर्चको २४.९६ प्रतिशतबाट घटेर २१.७५ प्रतिशत रहेको छ भने वित्तीय व्यवस्था खर्च १०.७९ प्रतिशतबाट बढेर १३.७३ प्रतिशत पुगेको छ । पुँजीगत प्रकृतिको कार्यका लागि चालुतर्फबाट अनुदान दिने अवस्थाले अन्तर्राष्ट्रिय मुद्रा कोषले जारी गरेको सरकारी वित्तीय तथ्याङ्कको व्यवस्थामा राष्ट्रिय आवश्यकतानुसार वर्गीकरण हुन सकेको छैन । तसर्थ विनियोजन र प्रतिवेदन प्रणाली यथार्थपरक बनाउनुपर्दछ ।

१३.२ व्यय अनुमान तथा यथार्थ खर्चको तुलनात्मक विवरण निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०७३।७४ | | | २०७४।७५ | | | २०७५।७६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत |
| चालु | ६१७१६४१ | ५१८६१६१ | ८४.०३ | ८०३५३१४ | ६९६९१९६ | ८६.७३ | ८४५४४७५ | ७१६४१७६ | ८४.७३ |
| पुँजीगत | ३११९४६३ | २०८७४८३ | ६७.०० | ३३५१७६० | २७०७१३७ | ८०.७६ | ३१३९९८२ | २४१५६२६ | ७६.९० |
| वित्तीय व्यवस्था | ११९८१०९ | १०९८८३३ | ९१.७० | १४०२८७४ | ११७०४८८ | ८३.४३ | १५५७१६० | १५२४७७० | ९७.९० |
| | १०४८९२१३ | ८३७२४७७ | ७९.८२ | १२७८९९४८ | १०८४६८२१ | ८४.८० | १३१५१६१७ | १११०४५७२ | ८४.४४ |

विगत ३ वर्षको बजेटको खर्च शीर्षकगत व्यय अनुमानको तुलना गर्दा चालु खर्च शुरु बजेटको तुलनामा २०७३।७४, २०७४।७५ र २०७५।७६ मा क्रमशः ८४, ८६.७ र ८४.७ प्रतिशत रहेको देखिन्छ । तर पुँजीगत खर्चको स्थिति भने २०७३।७४ मा बजेटको तुलनामा ६७ प्रतिशत रहेकोमा २०७४।७५ मा सो वृद्धि भई ८०.७६ प्रतिशत पुगेको छ भने २०७५।७६ मा यसमा ह्रास आई ७६.९ प्रतिशत कायम भएको छ । यसरी विगत ३ वर्षको खर्च शीर्षकगत व्यय अनुमानको विश्लेषण गर्दा चालु खर्च र वित्तीय व्यवस्थातर्फको खर्च ८० प्रतिशतभन्दा बढी रहेको छ भने पुँजीगत खर्च भने २०७४।७५ मा ८० प्रतिशत रहेकोमा २०७३।७४ र २०७५।७६ मा सोभन्दा कम रहेको छ ।

१४. **अर्थ बजेटबाट निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र निकासा दिनुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा बजेट उपशीर्षक ६०२ (अर्थ विविध) मा एकमुष्ट रु.७० अर्ब ७० करोड ३० लाख विनियोजन गरेकोमा रु.५० अर्ब ५१ करोड ८० लाख रकमान्तर गरी खुद बजेट रु.१९ अर्ब ५५ करोड ३९ लाख कायम गरेको छ । अर्थ मन्त्रालयबाट पटके निर्णयका आधारमा रु.७ अर्ब ३७ करोड १९ लाख विभिन्न संवैधानिक निकाय, आयोग वा मन्त्रालय मातहतका कार्यालयको लागि रकम थप गरेको छ ।

उक्त रकमान्तर र निकासामध्ये भौतिक पूर्वधार तथा निर्माण मन्त्रालय अन्तर्गत पूर्वाधार निर्माण प्रयोजनमा रु.२५ अर्ब ७ करोड, संघ संस्थामा शेयर तथा ऋण लगानीमा रु.१८ अर्ब ८१ करोड, प्रदेश तहलाई अनुदान रु.८ अर्ब ७५ करोड, स्थानीय तहलाई अनुदान रु.७ अर्ब २० करोड र नेपाली सेनाको जहाजको बाँकी रकम भुक्तानी गर्न रु.१ अर्ब ३९ करोड ३१ लाख उल्लेखनीय रहेका छन् ।

उपर्युक्तबमोजिमका कार्य अपर्झट सिर्जना भएको नभई विगतदेखि नै सञ्चालनमा आएका र अनुमान गर्न सकिने कार्यक्रम रहेको देखिन्छ । अर्थ विविध शीर्षकमा रकम विनियोजन गरी पटके निर्णयको आधारमा निकासा दिने तथा सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नै नगर्ने वा कम विनियोजन गरी अर्थ बजेटबाट वर्षान्तमा निकासा तथा रकमान्तर गरी रकम थप गर्ने परिपाटीमा सुधार गरनुपर्दछ ।

१५. **वर्षान्तको खर्च/भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्ष समाप्त हुनु अगावै आषाढ २५ गते खाता बन्दी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कुल रु.१३ खर्ब १५ अर्ब १६ करोड विनियोजन भई रु.११ खर्ब १० अर्ब ४६ करोड खर्च भएकोमा आषाढ महिनामा रु.२ खर्ब ६३ अर्ब ४१ करोड (२३.७२ प्रतिशत) खर्च भएको छ । खर्चमध्ये आषाढ २५ पछि ३१ गतेसम्म रु.१ खर्ब ५७ अर्ब ३३ करोड (कुल खर्चको १४.१७ प्रतिशत) खर्च भएको छ । नियमावलीको व्यवस्था पालना गरी आषाढ २५ पछाडि खर्च/भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । संविधानबमोजिम जेष्ठ १५ मा बजेट प्रस्तुत गरे पनि कार्यान्वयनमा सुधार हुन सकेको देखिएन ।

१६. **रकमान्तर** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ मा तोकिएको कुनै एक वा एकभन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । रकमान्तर सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१६.१ कुल बजेट रु.१३ खर्ब १५ अर्ब १६ करोडमध्ये वर्षभरिमा रु.३ खर्ब ५४ अर्ब ८६ करोड १० लाख रकमान्तर भएको छ । सोमध्ये आषाढ महिनामा रु.९७ अर्ब ७६ करोड ९९ लाख र आषाढ २५ पछि रु.३२ अर्ब ५० करोड २९ लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ । वर्षान्तको अन्तिम हप्तामा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यसरी रकमान्तर भई निकासा भएको रकमको मितव्ययी र दक्षतापूर्ण उपयोगको सुनिश्चितता गरेको देखिएन ।

१६.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार रकम स्वीकृत बजेटबाट मात्र खर्च गर्न मिल्ने व्यवस्था विपरीत शुरुमा बजेट व्यवस्था नगरी रकमान्तरबाट रु.४१ करोड ६९ लाख खर्च गरेको छ ।यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

(रु. हजारमा)

| उपशीर्षक संकेत | शीर्षक उपशीर्षकको नाम | शुरु बजेट | खुद वार्षिक बजेट | निकासा खर्च |
|---|---|---|---|---|
| ३०७१०९४ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ० | ४,५० | ४,३९ |
| ३१२१०२४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ० | १४,३०,०० | ५,४३,९५ |
| ३२९०१२४ | वन तथा भू-संरक्षण विभाग | ० | १२,९६,०० | ११,१८,६४ |
| ३४००१३४ | समाज कल्याण परिषद् | ० | १५,०० | १५,०० |
| ३४०१०८४ | बाल कल्याण समिति | ० | २,५५,०० | ३९,५७ |
| ३४०११३४ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ० | ५,०० | ४,२० |
| ३४७१८०४ | आवास व्यवस्था कार्यक्रम | ० | १५,३९,८४ | ९,२५,०३ |
| ३७००११४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ० | २०,५० | १८,४३ |
| ३७००१२४ | स्वास्थ्य सेवा विभाग | ० | २५,५०,०० | १२,२८,२६ |
| ३७०१०२४ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पतालसमेत) | ० | १,५०,०० | १,५०,०० |
| ३७०१०५४ | परोपकार प्रसुती अस्पताल | ० | ९०,०० | ९०,०० |
| ३७११०७४ | सामाजिक सुरक्षा कोष | ० | १०,०० | ९,८४ |
| ३७११०८४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | १,१६,७५ | २२,३७ |
| | जम्मा | | ७४,८२,५९ | ४१,६९,६८ |

बजेट विनियोजन दक्षतामा सुधार गरी यथार्थमूलक बनाउनुपर्दछ ।

१६.३ विनियोजन ऐन, २०७५ अनुसार कुनै पनि शीर्षकमा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ । मन्त्रालयले सो व्यवस्था विपरीत निम्नानुसार १ हजार १७१ प्रतिशतसम्म रकमान्तर गरी विनियोजन ऐनको प्रावधानको पालना गरेको देखिएन ।

(रु. हजारमा)

| पुँजीगततर्फ | | | | |
|---|---|---|---|---|
| **मन्त्रालय/विभागको नाम** | **वार्षिक बजेट** | **खुद वार्षिक बजेट** | **रकमान्तरबाट थप** | **प्रतिशत** |
| संघिय संसद | १,४१,०० | १७,९१,४८ | १६,५०,४८ | ११७१ |
| राष्ट्रिय मानव अधिकार आयोग | ३२,०० | १,२४,०० | ९२,०० | २८८ |
| राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | १,७५,०० | २,४४,९० | ६९,९० | ४० |
| राष्ट्रिय महिला आयोग | ७१,०० | ३,९१,०० | ३,२०,०० | ४५१ |
| राष्ट्रिय दलित आयोग | १,२३,०० | ३,८४,९० | २,६१,९० | २१३ |
| राष्ट्रिय समावेशी आयोग | १,२३,०० | ४,२४,२० | ३,०१,२० | २४५ |
| आदिवासी जनजाती आयोग | १,२३,०० | ४,०४,८२ | २,८१,८२ | २२९ |
| मधेशी आयोग | १२,३०० | २,३१,०० | १,०८,०० | ८८ |
| मुस्लिम आयोग | १,२३,०० | ४,२३,०० | ३,००,०० | २४४ |
| गृह मन्त्रालय | ६,९८,२३,०० | ११,७६,५८,०५ | ४,७८,३५,०५ | ६९ |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ९३,७२,८२,०० | १,१९,५२,२१,०५ | २५,७९,३९,०५ | २८ |
| रक्षा मन्त्रालय | ६,७८,४१,०० | १२,४८,१२,२९ | ५,६९,७१,२९ | ८४ |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७,५३,८५,०० | ११,९२,९८,१३ | ४,३९,१३,१३ | ५८ |
| चालुतर्फ | | | | |
| **मन्त्रालय/विभागको नाम** | **वार्षिक बजेट** | **खुद वार्षिक बजेट** | **रकमान्तर थप** | **प्रतिशत** |
| शहरी विकास मन्त्रालय | ४,५५,५४,०० | ७,९१,२७,९४ | ३,३५,७३,९४ | ७४ |

## • विकास सहायता परिचालन

१७. **वैदेशिक सहायता** - नेपालको विकासलाई टेवा पुऱ्याउने विकास सहायताको तथ्याङ्कअनुसार २०७५।७६ मा सरकारी बजेटको रु.१ खर्ब ५९ अर्ब ४० करोड अर्थात् १२.१२ प्रतिशत हिस्सा वैदेशिक सहायताले ओगटेको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

१७.१ मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार विकास सहायताको अवस्था विश्लेषण गर्दा २०७४।७५ मा अमेरिकी डलर १ हजार ६२३ मिलियन प्राप्त भएकोमा २०७५।७६ मा अमेरिकी डलर १ हजार ५७८ मिलियन प्राप्त भई गत वर्षको तुलनामा २.७ प्रतिशत कमी आएको छ । प्राप्त रकममध्ये अमेरिकी डलर ९४४ मिलियन ऋण, ४२४ मिलियन अनुदान र २१० मिलियन प्राविधिक सहायता रहेको छ । प्राप्त भएको वैदेशिक सहायतामध्ये ३४१ मिलियन अमेरिकी डलर बजेटरी प्रणालीभन्दा बाहिर रहेको छ । सोको अतिरिक्त अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खर्च भएको अमेरिकी डलर २१५ मिलियनसमेत बजेटरी प्रणालीभन्दा बाहिर रहेको अवस्था छ ।

१७.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७.२ अनुसार वैदेशिक सहायताको रकमलाई कार्यक्रम तथा बजेटमा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था छ । वैदेशिक सहायताको रकमलाई राष्ट्रिय मूलधारमा ल्याई पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गराउन दाता समूहको पेरिस बैठकबाट समेत सहमति जनाएको अवस्थामा बजेटरी प्रणालीमा ल्याउने प्रक्रियामा गत वर्षको तुलनामा सुधार भई ७८.४ प्रतिशतमा पुगेको छ । तथापि २१.६ प्रतिशत विकास सहायता (अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कारोबार बाहेक) बजेट

बाहिर रहेको मन्त्रालयबाट प्रकाशित प्रतिवेदनमा उल्लेख छ । यससम्बन्धी व्यहोरा देहायमा उल्लेख गरिएको छः

(डलर हजारमा)

| दाता | बजेटमा समावेश | बजेट बाहिर | जम्मा |
|---|---|---|---|
| एसियाली विकास बैङ्क | २७७१९८ | १५२८६ | २९२४८४ |
| युरोपियन युनियन (ईयू) | १०३७३ | १५८०४ | २६१७७ |
| फिन्ल्याण्ड | ९४७४ | ११४१ | १०६१६ |
| जर्मनी | १९७७२ | १६३४४ | ३६११६ |
| भारत | ५६५५६ | २३८९ | ५८९४४ |
| जापान | ९६४५८ | १४०४५ | ११०५०२ |
| नर्वे | ६१० | २२९७५ | २३५८४५ |
| स्वीजरल्याण्ड | २१४९७ | ४३८३ | २५८८१ |
| बेलायत | ५७१३१ | ६०१०७ | ११७२३८ |
| यूएसएड | १४०८१ | ६३४६५ | ७७५४५ |
| वर्ल्ड बैङ्क | ५०६७२८ | २१५८५ | ५२८३१३ |
| अन्य | १६८०२१ | १०३०६२ | २७१०८४ |
| **जम्मा** | **१२३७८९९** | **३४०५८६** | **१५७८४८५** |

यसरी अफ बजेट र अफ ट्रेजरीबाट खर्च गर्ने कार्यमा सुधार गर्न दिइएको सुझावको प्रभावकारी कार्यान्वयन भएको छैन । कानुनी व्यवस्था गरी वैदेशिक सहायता नीति र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप वैदेशिक सहायतालाई राष्ट्रिय बजेट तथा लेखा प्रणालीमा ल्याउने व्यवस्था गर्नुपर्दछ ।

१८. **सहायता परिचालन -** अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को बुँदा ३.२.८ मा सामान्यतः सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिने र बजेटमा समावेश भएका सबै सहायताहरुको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने गरी व्यवस्था मिलाइने उल्लेख छ । तथापि यो वर्ष निम्न लिखित १११ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले ४०२ विभिन्न क्षेत्रका आयोजनामा अमेरिकी डलर २१ करोड ५२ लाख ५० हजार निकासा दिएर खर्च गरेको मन्त्रालयको विकास सहायता प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ ।

### अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको क्षेत्रगत निकासा/खर्च २०१८।१९

(अमेरिकी डलरमा)

| क्र.सं. | प्राथमिक क्षेत्र | आयोजना सँख्या | निकासा/खर्च | क्रम | प्राथमिक क्षेत्र | आयोजना सँख्या | निकासा-खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा | ७१ | ६,१५,०४,७०६ | ७ | खानेपानी | २४ | ९२,३५,०१९ |
| २ | स्वास्थ्य | ७६ | ५,२२,५१,४७७ | ८ | अन्य सामाजिक | १६ | ९०,९२,१०२ |
| ३ | जीवनस्तर | ५० | १,८९,४७,९७७ | ९ | वातावरण, विज्ञान र प्रविधि | १० | ४७,२१,२६० |
| ४ | भूकम्प पुनर्निर्माण | १५ | १,६३,११,८२१ | १० | वासस्थान | ११ | ४२,९५,२७६ |
| ५ | महिला, वाल र समाज कल्याण | ४५ | १,४३,४६,५४४ | ११ | अन्य १७ क्षेत्र | ४९ | १,२५,८३,८०४ |
| ६ | कृषि | ३५ | १,१९,६०,४३९ | | **जम्मा ४०२ आयोजना** | | **२१,५२,५०,४२५** |

### अन्तर्राष्ट्रिय गैरसरकारी संस्थागत निकासा/खर्च २०१८।१९

(अमेरिकी डलरमा)

| क्र.सं. | सँस्था | निकासा-खर्च | क्र.सं. | संस्था | निकासा/खर्च | क्र.सं. | संस्था | निकासा/खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | सेभ द चिल्ड्रेन | ३,३१,६४,९८२ | ७ | लुथरन वल्र्ड | ४६,३०,२८९ | १३ | नेपाल योथ फाउण्डेसन | २१,९५,०५८ |
| २ | जर्मन नेपाल हेल्प | १,९२,५३,२५० | ८ | मेर्सीक्रप्स | ३६,९२,७३० | १४ | जियोलोजिकल सोसाइटी | २१,६८,०१७ |
| ३ | वल्र्ड भिजन | १,३०,१५,३८४ | ९ | हेल्भेटास | ३५,१३,९३० | १५ | इन्टरनेसनल डेभलपमेन्ट इन्टरप्राइजेज | २०,८४,९८४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | अक्सफर्म ग्रेट ब्रिटेन | १,१७,२४,५६५ | १० | इन्टरनेशनल नेपाल फेलोसिप | ३१,५१,५८३ | १६ | एक्सन एड | १८,६६,८५६ |
| ५ | प्लान नेपाल | १,१२,५८,२३५ | ११ | स्ट्रिट चाइल्ड अफ नेपाल | २७,३५,२२६ | १७ | अन्य ९५ गैरसरकारी संस्था | १३०,४५,४६७ |
| ६ | यु. एम. एन. | ५३,२९,७२६ | १२ | मेरीस्टप्स नेपाल | २४,२०,१४३ | | **जम्मा १११ सँस्था** | **२१,५२,५०,४२५** |

उक्त सहायता बजेट प्रणालीमा नआएको र लेखापरीक्षण पनि महालेखा परीक्षकको कार्यालयबाट हुने गरेको छैन । सो रकम सम्बन्धित अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै संरचना खडा गरी खर्च गर्ने गरेको पाइयो । सरकारी संरचनामार्फत् सहायता परिचालन नहुँदा सबै रकम परियोजनाको काममा मात्र खर्च नभई ती संस्थाको स्वदेशी/विदेशी कर्मचारी, परामर्श विकास साझेदारहरुको तलब, भत्ता, सुविधा र त्यस्ता संस्थाको प्रशासनिक तथा अन्य शिरोभार खर्च समेतको दायित्व व्यहोर्नु परेको अवस्था छ ।

यसप्रकार वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई परिचालन गर्ने विषयलाई सहायताको प्रभावकारिताको लागि पेरिस घोषणापत्रबाट स्वीकार गरिसकेको अवस्थामा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत् सहयोग रकम कार्यान्वयन गर्नु मनासिब भएन । तसर्थ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र विकास साझेदारबाट प्राप्त रकम राष्ट्रिय प्रणाली वा सरकारी निकाय मार्फत् नै कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१९. **वैदेशिक सहायता उपयोग -** यो वर्ष वैदेशिक अनुदान रु.५८ अर्ब ८२ करोड र वैदेशिक ऋण रु.२ खर्ब ५३ अर्ब ३ करोडसमेत रु.३ खर्ब ११ अर्ब ८५ करोड प्राप्त हुने अनुमान रहेकोमा वैदेशिक अनुदानतर्फ रु.२९ अर्ब ५८ करोड र वैदेशिक ऋणतर्फ रु.१ खर्ब २९ अर्ब ९० करोडसमेत रु.१ खर्ब ५९ अर्ब ४८ करोड प्राप्त भएको देखियो । बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ५०.२८ प्रतिशत र वैदेशिक ऋण ५१.३३ प्रतिशत प्राप्त भई समग्रमा ५१.११ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्ः

१९.१ विकास साझेदारगत रुपमा विश्लेषण गर्दा ४० विकास साझेदारबाट अनुदानतर्फ रु.५८ अर्ब ८२ करोड र ऋणतर्फ १५ दाताबाट रु.२ खर्ब ५३ अर्ब ३ करोड सहायता प्राप्त हुने अनुमान गरेकोमा ३१ दाताबाट अनुदान र १५ दाताबाट ऋण प्राप्त भएको देखिन्छ । यो वर्ष ५० प्रतिशतभन्दा घटी ऋण तथा अनुदान प्राप्त भएको विकास साझेदारगत केही उदाहरण देहायबमोजिम छन्ः

| ऋण | | | | अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| दाता | बजेट | निकासा | प्राप्ति प्रतिशत | दाता | शुरु बजेट | निकासा | प्राप्ति प्रतिशत |
| कुवेत कोष | ६२४६ | ३०१५ | ४८ | भारत | १७८१५९ | ३०१७५ | १७ |
| कोरिया (एक्जिम बैङ्क) | ५००० | २२०३ | ४४ | मिलेनियम च्यालेन्ज कर्पोरेशन | ५०००० | ८८९१ | १८ |
| जापान | ५४०८६ | ४०० | १ | जर्मनी केएफडब्लु | ३००५२ | ४२७७ | १४ |
| भारत (एक्जिम बैङ्क) | ४७०७६१ | ६६३३९ | १४ | बेलायत | १४१४५ | १८५७ | १३ |
| युरोपियन इन्भेस्टमेन्ट बैङ्क | ४१८११ | ३३३५ | ८ | डब्लुएफपी | ४७७२ | ५४८ | ११ |
| वर्ड बैङ्क | १०५८१२ | ३४०७९ | ३२ | यूएनएफसीसी | २९९८ | ७२ | २ |
| साउदी कोष | ६५३८ | ६२८ | १० | यूएनजीईएफ | १३४० | २७ | २ |

दातासँग समन्वय गरी सम्झौता भएको अनुदान तथा ऋण प्राप्तिमा ध्यान दिनु जरुरी छ ।

१९.२ मन्त्रालय एवं निकायगत विश्लेषण गर्दा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ मा ५० प्रतिशतभन्दा न्यून अनुदान तथा ऋण उपयोग गर्ने केही निकायको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

| मन्त्रालय /निकयाको नाम | अनुदान तर्फ | | | ऋणतर्फ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | प्राप्ति | प्राप्ति प्रतिशत | बजेट | प्राप्ति | प्राप्ति प्रतिशत | बजेट | प्राप्ति | प्राप्ति प्रतिशत |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १३८२९६ | १७६४० | १२.७६ | ८८६९२४ | ३०३३९८ | ३४.२१ | १०२५२२० | ३२१०३८ | ३१.३१ |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६९९७ | १३४५ | १९.२३ | ७९११ | २५६५ | ३२.४२ | १४९०८ | ३९१० | २६.२३ |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ३२८१२ | ११५६० | ३५.२३ | ७२१३२ | ३१५३२ | ४३.७१ | १०४९४४ | ४३०९२ | ४१.०६ |
| प्रदेश | ३५६९८ | ७४४९ | २०.८७ | १२३०७५ | ४४७८८ | ३६.३९ | १५८७७३ | ५२२३७ | ३२.९० |
| वन तथा वातावरण मन्त्रालय | ३४०९३ | १५०६० | ६२.५१ | ९८०० | ६१९ | ६.३२ | ३३८९३ | १५६८० | ४६.२६ |

वैदेशिक सहयोगको उपयोग न्यून हुँदा सोको प्रत्यक्ष असर विकास निर्माण र सेवाप्रवाहमा परेको छ । अतः समयमा विकास साझेदारसँग समन्वय गरी स्रोत र साधनको अधिकतम परिचालन गर्नुपर्दछ ।

## ● सार्वजनिक संस्थान व्यवस्थापन

२०. **सार्वजनिक संस्थानको अवस्था** - नेपालमा सञ्चालित ६९ सार्वजनिक संस्थानमध्ये विभिन्न वर्षमा विनिवेश भएका संस्था ३० तथा अस्तित्वमा रहेका ३९ मध्ये सञ्चालनमा रहेका ३६ संस्थानमा नेपाल सरकारको लगानी प्रवाह भएको छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्ः

२०.१ रोजगारी तथा उत्पादनमा टेवा पुऱ्याउने शर्तमा निजीकरण भएका १८ संस्थानमध्ये हाल १२ संस्थान मात्र सञ्चालनमा रहेका छन् । भूकुटी कागज कारखाना, हरिसिद्धि इँटाटायल कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, काँचो छाला सङ्कलन तथा बिक्री कम्पनी, बालाजु कपडा उद्योग, विराटनगर जुट मिल्स सञ्चालनमा नरहेको र हरिसिद्धि इँटाटायल कारखानाको जग्गा जमिनसमेत प्लटिङ गरी बिक्री गरेको अवस्था छ । निजीकरण सम्झौता तथा प्रस्तावनाअनुसार उद्योगहरु सञ्चालन नभएकोमा सम्बन्धित निकाय र मन्त्रालयबाट कानुनी कारबाही गरेको देखिएन । यस सम्बन्धमा विगत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सुधार गरेको देखिएन ।

२०.२ निजीकरण ऐन, २०५० तर्जुमा भएपछि निजीकरणले गति लिए पनि पछिल्ला वर्षहरुमा यो कार्य प्रभावकारी नभएको, निजीकृत संस्था सञ्चालन गर्ने घोषणा गरे पनि पुनः बन्द भएका जस्ता विषयले नीतिगत निरन्तरता नहुने अवस्था सिर्जना भएको छ । सञ्चालनमा नरहेका संस्थाको लिक्विडेसन कार्य समयमा सम्पन्न गरी त्यस्ता संस्थामा रहेका उपकरण तथा अन्य मूल्यवान सम्पत्तिको यथोचित व्यवस्थापन नगरेका कारण उपकरणहरु प्रयोगविहीन भैसकेका, स्रोत साधनको सदुपयोग नभएको, जग्गा तथा अन्य सम्पत्तिको अतिक्रमण भएको जस्ता अवस्था रहेको छ । सञ्चालनमा नरहेका नेपाल ओरिण्ट म्याग्नेसाइट लिमिटेडमा रु.१ करोड ६० लाख, गोरखकाली रबर उद्योगमा रु.६० करोड र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडमा रु.१ करोड १३ लाखसमेत तलब भत्तालगायतका प्रशासनिक खर्च प्रयोजनका लागि ३ संस्थामा मात्र यो वर्ष रु.६२ करोड ७३ लाख ऋण लगानी भएको देखिन्छ ।

तसर्थ निजीकृत तथा निजीकरण हुन बाँकी रहेका सार्वजनिक संस्थाको पुनः वर्गीकरण गरी सञ्चालन हुने र नहुने, कार्यदक्षता भएका र नभएका छुट्याई एक आपसमा गाभ्ने, खारेजी वा सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट नीति तय गर्नुपर्दछ ।

२०.३ समयमै लेखापरीक्षण गराउन निर्देशन दिँदा समेत राष्ट्रिय बीमा संस्थानले २०६९।७० देखि र राष्ट्रिय बीमा कम्पनी लिमिटेडले २०७३।७४ देखिको लेखापरीक्षण गराएका छैनन् । लेखापरीक्षण नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित मन्त्रालयका सचिवलाई लेखी पठाइएको छ । समयमा लेखापरीक्षण नगराउनेलाई कानुनबमोजिम कारबाही गर्न बीमा समितिसमेतलाई जिम्मेवार बनाउनुपर्दछ । साथै अन्य सगठित संस्थाको लेखापरीक्षणमा पनि अनुगमन गर्नु गराउनुपर्दछ ।

२१. **भाडा असुली -** नेपाल रोजिन एण्ड टर्पेन्टाइन कम्पनीमा नेपाल सरकारले हालसम्म शेयरमा रु.२ करोड ७७ लाख ५२ हजार तथा ऋणमा रु.४२ लाख ९६ हजार लगानी गरेकोमा रु.३७ लाख ३३ हजार व्याज असुल गर्न बाँकी देखिन्छ । एक पश्मिना उद्योग तथा नेपाल सरकारबीच २०६३।१।२९ मा १० वर्षे जग्गा भाडा सम्झौता भएको छ । सम्झौताको दफा १४.१ अनुसार प्रतिवर्ष रु.३० लाख १२ हजार अग्रिम रुपमा बुझाउने सम्झौता भएकोमा २०६३।१।६ मा पहिलो किस्ता रु.३० लाख १२ हजार बुझाएपछि यस वर्ष (२०७५।७६) सम्मको १३ औं किस्तासम्म रु.३ करोड ९१ लाख ३२ हजार र सोमा प्राप्त हुनुपर्ने ब्याज रु.१ करोड ४७ लाख ५९ हजार र हर्जाना रु.२ करोड २१ लाख ३८ हजार समेत रु.७ करोड ६० लाख २९ हजार हालसम्म असुल भएको छैन । उक्त कम्पनीसँग १० वर्षको लागि जग्गा भाडा सम्झौता भएकोमा उक्त अवधि समाप्त भए तापनि जग्गा फिर्ता लिएको छैन । साथै उक्त सम्झौता नवीकरण गरेको पनि देखिएन ।

सम्झौतासाथ संलग्न कम्पनीको कार्य योजनाअनुसार १० वर्षमा उत्पादन क्षमता ५० प्रतिशतबाट १०० प्रतिशतमा पुऱ्याउने, रोजिन उत्पादन १ हजार ४४० मे.टनबाट ५ हजार ७६० मे.टन पुऱ्याउने, टर्पेन्टाइन ३६० किलो लिटरबाट १ हजार ६०० किलो लिटर पुऱ्याउने उल्लेख भए तापनि सो शर्तको पालना गरेको छैन । यसबाट प्राप्त हुन सक्ने थप भाडा गुमेको व्यहोरा गत विगत वर्षदेखि औंल्याउदै आएकोमा यो वर्ष पनि कुनै कारबाही भए गरेको देखिएन । यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२. **शेयर लगानी प्रतिफल -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले गत वर्षसम्म विभिन्न ११३ संस्थामा रु २ खर्ब २६ अर्ब ८० करोड शेयर लगानी गरेकोमा यो वर्ष थप रु.५८ अर्ब ६९ करोड, बोनस शेयर प्राप्त र समायोजनबाट रु.११ अर्ब ४३ करोड थप भई यो वर्षसम्म रु.२ खर्ब ९६ अर्ब ९२ करोड शेयर लगानी भएको देखिन्छ ।

शेयर लगानीमध्ये यो वर्ष नेपाल आयल निगमबाट रु.१० अर्ब ६४ करोड ९९ लाख र नागरिक लगानी कोषबाट रु.४ करोड ९४ लाखको बोनस शेयर प्राप्त भएको छ । नेपाल राष्ट्र बैङ्क, नेपाल टेलिकम, नेपाल नागरिक उड्डयन प्राधिकरणलगायत १० संस्थाबाट रु.२० अर्ब ५० करोड १९ लाख नगद प्रतिफल प्राप्त भएको देखिन्छ । ती बाहेक १०३ संस्थामा गरेको लगानी रु.२ खर्ब १६ अर्ब ८२ करोडबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको नदेखिँदा संस्था सञ्चालन व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ ।

२३. **शेयर स्वामित्व -** नेपाल सरकारबाट लगानी गरी निर्माण भएको भवन र सरकारको स्वामित्वमा रहेको जग्गाको स्वामित्व समेतको मूल्याङ्कन गरी सम्बन्धित संस्थानको शेयर संरचना कायम गरेको देखिएन । सो सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छन्ः

२३.१ नेपालको पहिलो सरकारी र निजी साझेदारीअन्तर्गत आयोडिनयुक्त नूनको आपूर्ति गर्ने उद्देश्यले वि.सं. २०२० मा स्थापित साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा १९ लाख २८ हजार शेयर संख्या मध्ये नेपाल सरकारको १ लाख ४२ हजार (७.३६ प्रतिशत) स्वामित्व रहेको देखिन्छ ।

नेपाल र जापान सरकारबीच नून भण्डारण गर्ने आयोजनाको लागि १७ अगष्ट २००१ मा जापानीज येन ९१ करोड ६० लाखको सम्झौता भएको थियो । सो बाहेकका अन्य सम्झौताबाट समेत कर्पोरेसनको सम्पत्ति निर्माण वा वृद्धि भएको छ । नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड र जापान सरकारबीच आयोजना कार्यान्वयन गर्न भएको त्रिपक्षीय सम्झौतामा नून भण्डारणका लागि कर्पोरेसनको स्वामित्वको जग्गामा गोदाम निर्माण गरिने र सो गोदामको स्वामित्व उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको हुने उल्लेख छ । गोदामको प्रयोग र मर्मत सम्भार कर्पोरेसनले गर्ने, गोदामको स्वामित्व मन्त्रालयको हुने र नूनको व्यवसाय गर्न कर्पोरेसनले छाडेमा वा

सरकारले बन्देज गरेमा आयोजनाबाट निर्मित गोदामको मूल्याङ्कन गरी मन्त्रालयसँग फरफारक गर्नुपर्ने व्यहोरा सम्झौतामा उल्लेख छ ।

कर्पोरेसनको वार्षिक प्रतिवेदन २०७४।७५ मा उक्त गोदामको २०७५।३।३१ सम्मको परल मूल्य रु.८५ करोड ८६ लाख १९ हजार र त्यसमा ह्रास कट्टा गरी खुद मूल्य रु.५८ करोड १७ लाख ९ हजार रहेको देखिन्छ । कर्पोरेसनले २०७३।७४ मा रु.१ करोड ६३ लाख ६४ हजारको बोनस शेयर जारी गरेको र विभिन्न वर्षमा लाभांशसमेत वितरण गरेको देखिन्छ । नेपाल सरकारसँगको सम्झौता अनुसार प्राप्त गोदामको प्रयोग गरी आय आर्जन गर्ने तर सोबापतको प्रतिफल नेपाल सरकारलाई प्राप्त भएको छैन । त्रिपक्षीय सम्झौताको शर्तअनुसार निर्मित गोदामको स्वामित्व नेपाल सरकारको हुनाले गठित समितिको प्रतिवेदनको आधारमा अर्थ मन्त्रालयले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई गोदामको परल मूल्य बराबरको शेयर स्वामित्व नेपाल सरकारको नाममा कायम गर्न पत्राचार गरे तापनि कायम गरेको छैन । अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडबीचको समन्वयद्वारा नेपाल सरकारको नाममा शेयर स्वामित्व कायम गरी प्रतिफल प्राप्त गर्नुपर्दछ ।

२३.२ विराटनगर जुट मिल नेपालको पहिलो उद्योगको रुपमा वि.सं.१९९३ सालमा जुटका सामान उत्पादन तथा बिक्री गर्ने र रोजगारी सिर्जना गरी जनताको जीवनस्तर उकास्ने उद्देश्यले स्थापना भएको देखिन्छ । सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७६ अनुसार उक्त उद्योगको कुल शेयर पुँजी रु.१ करोड ६ लाख ७० हजारमध्ये नेपाल सरकारको प्रत्यक्ष लगानी रु.४९ लाख ६३ हजार (४६.५१ प्रतिशत) उल्लेख छ । सोही प्रतिवेदनको विराटनगर जुट मिल्स लिमिटेडको उद्योगसम्बन्धी विवरणमा अधिकृत पुँजी रु.२ करोड र चुक्ता पुँजी रु.१ करोड ७८ लाख उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन २०७६ अनुसार उक्त उद्योगमा नेपाल सरकारको रु.७२ करोड ४८ लाख शेयर लगानी र रु.१ अर्ब १७ करोड ४६ लाख ऋण लगानी भएको देखिन्छ । ऋण लगानी रकमको रु.७४ करोड ५५ लाख २३ हजार ब्याज प्राप्त हुन बाँकी रहेको देखिन्छ ।

विराटनगर जुट मिलमा कायम भएको शेयर संरचनालाई सञ्चालक समितिले शेयर स्वामित्व परिवर्तन गरी निजी क्षेत्रको लगानी थप गरी नेपाल सरकारको स्वामित्वमा संकुचन गरेको विषयमा उच्चस्तरीय जाँचबुझ आयोगले जुट मिलमा नेपाल सरकारको लगानी पुँजीकरण गरी शेयर संरचना बदल्न सुझाव दिएकोमा सुझावअनुसार नेपाल सरकारको लगानी पुँजीकरण गरी शेयर संरचना परिवर्तन गरिनुपर्दछ ।

२४. **घटी शेयर कायम -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्ः

२४.१ नेपाल जलविद्युत लगानी तथा विकास कम्पनीमा २०७४।७५ र २०७५।७६ मा पुँजी वृद्धि योजना नभए पनि नेपाल सरकार अर्थ मन्त्रालयले रु.५ अर्ब ५० करोड शेयर लगानी थप गरी रु.१० अर्ब ५० करोड पुऱ्याएको कानुनसम्मत देखिएन । साथै उक्त थप पुँजी रु.५ अर्ब ५० करोडलाई कम्पनीले शेयर पुँजीमा नदेखाई एडभान्स अन शेयरमा उल्लेख गरी बैङ्कमा राखेर ब्याज आर्जन गरेको छ । फलस्वरुप २०७५।७६ मा उक्त कम्पनीले प्रदान गरेको १० प्रतिशत बोनस शेयर बापतको रु.५० करोड बराबरको बोनस शेयर र उक्त कम्पनीले २०७५।७६ को मुनाफाबाट प्रदान गर्ने रु.५ अर्ब ५० करोडको १२ प्रतिशत नगद लाभांश रु.६६ करोडसमेत नेपाल सरकारलाई प्राप्त नभएको स्थिति छ । यसरी नेपाल सरकारले शेयर लगानी गरे पनि सम्बन्धित संस्थाले पुँजी वृद्धि एवं शेयर लगानी नदेखाएका कारण नेपाल सरकारलाई रु.१ अर्ब १६ करोड प्राप्त हुन नसकेको उपर छानबिन गरी उक्त लगानी

रकमको बोनस शेयर तथा नगद लाभांश प्राप्त गर्नुपर्दछ । अन्यथा उक्त रु.५ अर्ब ५० करोडको ब्याजसहित फिर्ता लिनुपर्ने देखिन्छ ।

२४.२ यो वर्ष नागरिक लगानी कोषमा पुँजी वृद्धि योजना बेगर रु.१६ करोड ५५ लाख १३ हजार शेयर लगानी गरेको छ । उक्त संस्थाले उक्त रकम शेयरमा नदेखाई लगानी गरी ब्याज आम्दानी गर्ने तर नेपाल सरकारले उक्त संस्थाले प्रदान गर्ने लाभांश प्रतिफल प्राप्त नहुने स्थिति छ । गत विगत वर्षमा कोषले वितरण गरेको २२ प्रतिशतको बोनस शेयरको आधारमा उल्लिखित लगानीको प्राप्त हुने प्रतिफल रु.३ करोड ६४ लाख १२ हजार प्राप्त नहुने स्थिति छ ।

- **सार्वजनिक ऋण व्यवस्थापन**

२५. **सार्वजनिक ऋण -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋण हिसाब विवरणमा २०७५।७६ सम्म नेपाल सरकारको कुल ऋण दायित्व रु.१० खर्ब ४८ अर्ब १५ करोड रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.४ खर्ब ५३ अर्ब २३ करोड र वैदेशिक ऋण रु.५ खर्ब ९४ अर्ब ९२ करोड रहेको देखिन्छ । ऋण दायित्व गत वर्षको तुलनामा १४.५१ प्रतिशतले अर्थात् रु.१ खर्ब ३२ अर्ब ८४ करोड वृद्धि भएको देखिन्छ । कुल ऋणमध्ये आन्तरिक ऋण ४३.२४ प्रतिशत र वैदेशिक ऋण ५६.७६ प्रतिशत रहेको छ । यो वर्षसम्म कुल जनसंख्या २ करोड ९६ लाख ७५ हजारलाई आधार मान्दा प्रतिव्यक्ति कुल ऋण दायित्व रु.३५ हजार ३२१ रहेको छ । उक्त ऋण कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.३४ खर्ब ६४ अर्ब ३१ करोडको ३०.२५ प्रतिशत रहेको छ ।

२६. **साँवा ब्याज भुक्तानी अवस्था -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०७५।७६ को ऋण दायित्वको वार्षिक प्रतिवेदनअनुसार यो वर्ष नेपाल सरकारले भुक्तानी गरेको साँवा तथा ब्याजको समष्टिगत स्थिति निम्नानुसार छः

(रकम रु. लाखमा)

| ऋणको किसिम | २०७४।७५ साँवा ब्याज भुक्तानी | २०७५।७६ | | | गत वर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | साँवा भुक्तानी | ब्याज भुक्तानी | जम्मा भुक्तानी | |
| आन्तरिक | ४८४७१५ | ३४३१३१ | १६२०९४ | ५०५२२५ | ४.२३ |
| वैदेशिक | २२४४९५ | २००३८९ | ४५०५२ | २४५४४१ | ९.३३ |
| **जम्मा** | **७०९२१०** | **५४३५२०** | **२०७१४६** | **७५०६६६** | **५.८४** |

उपर्युक्तबमोजिम गत वर्षभन्दा साँवा ब्याज भुक्तानी रकममा वृद्धि हुँदै गएको देखिन्छ । यो वर्ष कुल उठेको राजस्व रु.७ खर्ब ४३ अर्ब ४१ करोड १२ लाखको तुलनामा १०.०९ प्रतिशत साँवा ब्याजमा भुक्तानी भएको देखिन्छ ।

२७. **ऋण लगानी -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विभिन्न ६४ निकायमा नेपाल सरकारको स्रोतबाट लगानी गत वर्षसम्म रु.९५ अर्ब ९१ करोड ४० लाख भएकोमा यो वर्ष लगानी फिर्ता रु.१ अर्ब ९५ करोड ७० लाख र थप लगानी रु.८ अर्ब ६० करोड २८ लाखसमेत रु.१ खर्ब २ अर्ब ५५ करोड ९८ लाख देखिन्छ । वैदेशिक स्रोतबाट गत वर्षसम्म विभिन्न ४१ निकायमा लगानी रु.१ खर्ब १९ अर्ब ९४ करोड ८७ लाख भएकोमा यो वर्ष लगानी फिर्ता र समायोजन रु.१ अर्ब ३६ करोड १४ लाख र थप लगानी भएको रु.३० अर्ब ८२ करोड ४१ लाखसमेत रु.१ खर्ब ४९ अर्ब ४१ करोड १४ लाख देखिन्छ । कुल ऋण लगानी २०७५।७६ सम्म रु.२ खर्ब ५१ अर्ब ९७ करोड १२ लाख देखिन्छ ।

नेपाल सरकारबाट ऋण लगानीमा पाउनुपर्ने ब्याज २०७४।७५ सम्म रु.४८ अर्ब १८ करोड ६० लाख मध्ये रु.१७ अर्ब १८ करोड १ लाख अर्थात् ३५.६५ प्रतिशत प्राप्त भई रु.३१ अर्ब ५९ लाख बाँकी रहेकोमा यो वर्षको थपसमेत रु.३९ अर्ब ७९ करोड १६ लाख भै पाउनुपर्ने ब्याजमा गत वर्षको तुलनामा १७.४२ प्रतिशतले न्यून भएको देखिन्छ ।

२८. **थप राजस्व असुली -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा प्रचलित कानुनबमोजिम प्राप्त भएको राजस्वलाई राजस्व आर्जन गर्ने कार्यालयको नाममा सरकारी कारोबार गर्ने बैङ्कको खातामा राजस्व आम्दानीको रुपमा जम्मा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष राजस्व शीर्षक नम्बर १४५३९ (अन्य राजस्व) मा नेपाल दूरसञ्चार प्राधिकरणबाट रु.९ अर्ब र नेपाल इन्टरमोडल यातायात विकास समितिबाट रु.७० करोडसमेत रु.९ अर्ब ७० करोड राजस्व आम्दानी जनाएको छ । सार्वजनिक निकायबाट राजस्व असुल गर्ने प्रक्रियालाई व्यवस्थित गर्न सार्वजनिक संस्था वा प्राधिकरणको आय गणना गर्ने वा राजस्व गणना गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गरिनुपर्दछ । आवश्यकताभन्दा बढी रकम त्यस्ता संस्थामा जम्मा भई निष्क्रिय रहने अवस्थालाई निराकरण गर्न वर्षान्तमा बचत रकम संघीय सञ्चितकोषमा जम्मा हुने कानुनी व्यवस्था गरनुपर्दछ । यस सम्बन्धमा आर्थिक ऐन, २०७७ ले सो सुझाव कार्यान्वयन गरेको छ ।

## • अनुदान उपयोग

२९. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार विशेष प्रकारका पटके कार्यक्रम तथा आयोजना सञ्चालनार्थ कुनै संस्थालाई अनुदान दिँदा भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिइएको हो सो काममा खर्च गरेको र लेखापरीक्षण गराएको अनुगमन एवं मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयबाट कृषि विकास बैङ्कलाई लघु बीमा सहयोग कार्यक्रमको लागि रु.६ करोड ३३ लाख, साना किसान विकास बैङ्कलाई सहुलियत कर्जा बापत रु.१२ करोड ८२ लाख र लघुबीमा सहयोग कार्यक्रमको लागि रु.१० करोड ८९ लाख, निक्षेप तथा कर्जा सुरक्षण निगमलाई लघु बीमा सहयोग कार्यक्रमको लागि रु.६ करोड ३४ लाख र नेपाल राष्ट्र बैङ्कलाई कृषि तथा पशुपालन ब्याज अनुदान बापत रु.१ अर्ब ३ करोड ८२ लाखसमेत रु.१ अर्ब ४० करोड २० लाख अनुदान उपलब्ध गराएकोमा मन्त्रालयले खर्चको उत्पादकत्व अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार नगरेको र अनुदान प्राप्त गर्ने संस्थाबाट लेखापरीक्षण प्रतिवेदन पनि पेस नहुँदा खर्च एवं अनुदानको उपयोग सुनिश्चित गर्न सकिएन । प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई खर्चको अनुगमन एवं मूल्याङ्कन गरेर अनुदान उपयोग एवं खर्चको सुनिश्चितता गर्नुपर्दछ ।

३०. **कृषि कर्जामा ब्याज अनुदान -** कृषि तथा पशुपन्छी कर्जा ब्याज अनुदान कार्यविधि, २०७३ मा व्यवसायीहरुलाई तोकिएका क्षेत्रहरुमा आकर्षित गर्न प्रवाहित कृषि कर्जामा नेपाल सरकारले ५ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने उल्लेख छ । नेपाल राष्ट्र बैङ्कको "कृषि कर्जा ब्याज अनुदान शोधभर्ना" खातामा मन्त्रालयले २०७४।७५ मा रु.५० करोड कृषि कर्जा ब्याज अनुदान उपलब्ध गराएकोमा सोको अनुगमन नगरी यस वर्ष थप रु.१ अर्ब ३ करोड ८२ लाख ब्याज अनुदान उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

३०.१ यो वर्ष अनुदान उपशीर्षकमा बजेट राखेर मुनाफा आर्जन गर्ने निजी प्रकृतिका ६ शीतघर तथा खाद्यान्न भण्डारलाई आर्थिक वर्षको अन्तमा रकमान्तर गरी रु.३ करोड ८२ लाख ७९ हजार ब्याज अनुदान दिएको देखियो । शीतघर तथा खाद्यान्न भण्डार घर स्थापनाको लागि लिइएको ऋणको ब्याज अनुदान नेपाल राष्ट्र बैङ्कमार्फत उपलब्ध गराउने व्यवस्था भएकोमा उक्त रकम सोझै मन्त्रालयबाट भुक्तानी दिएको छ । मन्त्रालयले तोकेको प्रक्रियाअनुसार नै अनुदान दिने व्यवस्था मिलाउनुपर्दछ ।

३०.२ कृषि उत्पादन र कृषि क्षेत्रमा कृषकको निजी लगानी प्रोत्साहन गर्न नेपाल सरकारले बैङ्कहरुमार्फत् प्रवाह हुने कृषि ऋणमा ५ प्रतिशतसम्म ब्याज अनुदान उपलब्ध गराउँदै आएको छ । नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्क अनुसार ब्याजदर अनुदानका लाभग्राही संख्या २०७२।७३ मा २ हजार ५४२, २०७३।७४ मा ५ हजार ९२७, २०७४।७५ मा ८ हजार ९३० र २०७५।७६ मा १७ हजार ७३० जना भई लाभग्राही संख्या बढेको अवस्था छ । नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कमार्फत् उपलब्ध गराएको ब्याज अनुदान २०७२।७३ को रु.४ करोड १० लाखबाट रु.१ अर्ब २५ करोड ५ लाख पुगेको छ । कृषि कर्जाको ब्याज अनुदान अनुगमन गरी सोको प्रतिवेदन र कर्जा प्रवाह गर्ने वित्तीय संस्थालाई ब्याजको शोधभर्ना उपलब्ध गराएको त्रैमासिक विवरण अर्थ मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेमा नेपाल राष्ट्र बैङ्कले उद्देश्य अनुरुप ब्याज अनुदान उपयोग भए नभएको सम्बन्धमा निरीक्षण एवं अनुगमन प्रतिवेदन समेत पेस गरेको छैन ।

कृषिमा करिब दुईतिहाई जनसंख्या आश्रित रहे पनि सीमित संख्याले मात्र ऋण उपयोग गरिरहेको अवस्था छ । कृषि क्षेत्रमा संघीय, प्रदेश र स्थानीय सरकारबाट विभिन्न प्रकृतिका अनुदान प्रवाह भैरहेको सन्दर्भमा सरकारले प्रदान गर्ने सुविधाको दोहोरोपना र यसको प्रभावकारिता सम्बन्धमा अध्ययन भएको छैन । तसर्थ कृषिसँग सम्बन्धित ब्याज अनुदानलगायत समग्र अनुदानको उपादेयता एवं प्रभावकारिताको मूल्याङ्कन हुनु आवश्यक छ ।

## महालेखा नियन्त्रक कार्यालय

यस कार्यालयले बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको आयव्ययको लेखा राख्ने र सोको केन्द्रीय वार्षिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गर्ने, निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुल उपर र प्रचलित कानुनद्वारा तोकिएका अन्य कार्यसमेत सम्पादन गर्दै आएको छ । केन्द्रीय, चौमासिक तथा कोषपूर्ति निकासा हुँदै वेबमा आधारित एकल खाता कोष प्रणालीको कार्यान्वयनबाट सूचना प्रविधि प्रयोग गर्ने मुलुककै अग्रणी संस्थाको रुपमा रहेको छ । यो कार्यालयअन्तर्गत २०३८ सालबाट प्रतिनिधि कार्यालयका रुपमा ७७ जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालय स्थापना गरी तोकिएको जिम्मेवारी वहन गर्दै आएको छ ।

३१. **सञ्चितकोष** - कार्यालयले पेस गरेको सञ्चितकोषको आर्थिक विवरणअनुसार प्राप्ति र भुक्तानीको अवस्था निम्नानुसार छः

(रकम रु.लाखमा)

| विवरण | आ.व. २०७५।७६ | | आ.व. २०७४।७५ | | घट बढ प्रतिशत |
|---|---|---|---|---|---|
| प्राप्ति | | | | | |
| **१. राजस्व तथा अनुदान** | | **७७२९९५४** | | **७७४६७७२** | **-०.२२** |
| क. राजस्व | ७४३४११२ | | ७३२२४१४ | | १.५२ |
| ख. अनुदान | २९५८४२ | | ४२४३५८ | | -३०.२८ |
| **२. वित्तीय व्यवस्था** | | **२२९३५०३** | | **२२९५५०५** | **-०.०९** |
| क. ऋण लगानी फिर्ता | ३०६६१ | | ३२३५३ | | -५.२२ |
| ख. वैदेशिक ऋण प्राप्ति | १२९९०२२ | | ८४२७८४ | | ५४.१३ |
| ग. आन्तरिक ऋण प्राप्ति | ९६३८२० | | १४२०३६८ | | -३२.१४ |
| **३. अन्य प्राप्ति** | | **७** | | **२८२८८०** | **-९९.९९** |
| **जम्मा** | | **१००२३४६४** | | **१०३२५१५७** | **-२.९३** |
| भुक्तानी | | | | | |
| १. चालु वर्षको भुक्तानी | | ९५७९८०१ | | ९६७६३३२ | -०.९९ |
| क. सञ्चितकोष माथि व्ययभार हुने रकममा खर्च | २०८७२० | | १६३७५३ | | २७.४६ |
| ख. विनियोजन ऐनबाट भएको खर्च | ९३७१०८१ | | ९५१२५७९ | | -१.४८ |
| २. वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानी | | १५२४७६९ | | ११७०४८८ | ३०.२६ |
| क. सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च | ५४३५१९ | | ५५६७३८ | | -२.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. विनियोजन ऐनद्वारा भएको खर्च | ९८१२५० | | ६१३७५० | | ५९.८७ |
| ३. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खर्च भएको तर बैंकबाट भुक्तानी नभएको खर्च समायोजन | | -१३५४ | | -३६३५ | -६२.७५ |
| **जम्मा** | | **१११०३२१६** | | **१०८४३१८५** | २.४० |
| ४. गत वर्षको छुट भुक्तानी | | ० | | २ | -१०० |
| नगदमा परिवर्तन | | -१०७९७५२ | | -५१८०२८ | ९५.२० |
| आ.व.को शुरुको मौज्दात | | -१२३०६४५ | | -७१२६१७ | ४२.०८ |
| आ.व.को अन्तिम मौज्दात | | -२३१०३९७ | | -१२३०६४५ | ४६.७१ |
| कार्यसञ्चालन कोष, धरौटीलगायतका विभिन्न खातामा नेपाल सरकारका नाममा रहेको मौज्दात रकमका आधारमा गरिएको खर्च | | २३१०३९७ | | | - |
| सञ्चितकोषको मौन्दात | | ० | | | - |
| कार्यसञ्चालन कोष, धरौटीलगायतका विभिन्न खातामा तिर्नुपर्ने दायित्व | | २३१०३९७ | | | - |

सञ्चितकोषको आर्थिक विवरणअनुसार वैदेशिक ऋण प्राप्ति गत वर्षभन्दा ५४.१३ प्रतिशत बढेको छ भने अनुदान प्राप्ति ३०.२८ प्रतिशतले घटेको देखिन्छ । वित्तीय व्यवस्थातर्फको खर्चमा ३०.२६ प्रतिशत वृद्धि भएको छ ।

३१.१ सरकारी लेखा नगद आधारमा लेखाङ्कन गरिने कानुनी व्यवस्था रहेकोमा सञ्चितकोषको वार्षिक मौज्दात ऋणात्मक देखिएको छ । ऋणात्मक रकम गत वर्षसम्म रु.१ खर्ब २३ अर्ब ६ करोड ४५ लाख रहेकोमा यो वर्ष वृद्धि भई रु.२ खर्ब ३१ अर्ब ३ करोड ९७ लाख पुगको छ । व्यय अनुमानको विवरणमा उल्लिखित स्रोतहरुबाट अनुमानअनुसार प्राप्त हुन नसकेको तर खर्च भने बढी हुन गई न्यून हुन गएको नगद रकम नेपाल सरकारका नाममा रहेको कार्यसञ्चालन कोष, धरौटीलगायतका विभिन्न खाताको मौज्दात रकमबाट खर्च गरेको देखिन्छ । यसरी खर्च गरे पनि खातागत खर्च रकम खुल्दैन र खर्च गर्नु पूर्व सापटी जनाउने गरेको देखिँदैन । अन्य खाताबाट खर्च गर्दा सापटी जनाई खर्च गर्ने एवं वर्षान्तमा हिसाब मिलान गर्ने व्यवस्था हुनुपर्दछ ।

सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक ऋणअन्तर्गत नगद प्राप्ति रु.३० अर्ब ७४ करोड ८५ लाख, शोधभर्ना हुने ऋण प्राप्त रु.६४ अर्ब ३४ करोड ९३ लाख र सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु.३४ अर्ब ८० करोड ४४ लाखसमेत रु.१ खर्ब २९ अर्ब ९० करोड २२ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.७१ अर्ब ४२ करोड ४० लाख देखाएकोले कार्यालयले प्रस्तुत गरेको सञ्चितकोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.५८ अर्ब ४७ करोड ८२ लाख फरक पर्नाको कारण यकिन गरी नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरेर हिसाब मिलानको विवरण प्रस्तुत भएको छैन ।

३१.२ सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक अनुदानअन्तर्गत नगद प्राप्त रु.१ अर्ब १७ करोड ११ लाख, शोधभर्ना प्राप्त रु.२० अर्ब १८ करोड ५४ लाख, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.६ अर्ब ८३ करोड ९५ लाख र वस्तुगत सहायता रु.१ अर्ब ३८ करोड ८२ लाखसमेत रु.२९ अर्ब ५८ करोड ४२ लाख आम्दानी देखाएको छ । यस्तै नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.१५ अर्ब ३० लाख अनुदान प्राप्त भएको देखाएको छ । यसरी सञ्चितकोष र नेपाल राष्ट्र बैङ्कको अनुदान प्राप्ति हिसाबमा रु.१४ अर्ब ५८ करोड १२ लाख फरक देखिएकोले यकिन गरी हिसाब मिलान हुनुपर्दछ ।

३१.३ आर्थिक वर्षभित्र प्राप्त भएका सम्पूर्ण वस्तुगत सहायतासमेत समावेश गरी सञ्चितकोषको हिसाब तयार हुनुपर्दछ । दातृ राष्ट्रले निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण (टर्न की बेसिस) गर्ने गरी चक्रपथ विस्तार आयोजना निर्माण गर्न ३१ करोड २० लाख आरएमबी (ने.रु.४ अर्ब ९६ करोड) र दरवार हाइस्कुलको भवन निर्माण गर्न ५ करोड ५० लाख आरएमबी (ने.रु.८७ करोड ५० लाख) मा सम्झौता भएकोमा

उक्त कार्यमा भएको खर्च सञ्चितकोषको हिसाबमा समावेश गरेको देखिएन । उक्त योजनाको कार्य सम्पन्न भई खर्च भैसकेको अवस्थामा विवरण प्राप्त गरी सञ्चितकोषको हिसाबमा नदेखाउँदा यथार्थ खर्च नदेखिने अवस्था छ ।

३१.४ आर्थिक वर्षभित्र खर्च भएको रकमको आधारमा सञ्चितकोषको हिसाब तयार गरिनुपर्दछ । संघीय सञ्चितकोषबाट प्रदेश तहलाई खर्च लेखी प्रदान गरिएको सशर्त, वित्तीय समानीकरण, समपूरक र विशेष अनुदान रु.१ खर्ब १० अर्ब ४६ करोड ६९ लाखमध्ये सम्बन्धित प्रदेश तहबाट खर्च नभई सम्बन्धित तहको सञ्चितकोषमा रु.३९ अर्ब २२ करोड ७२ लाख मौज्दात रहेको छ । स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान रु.२ खर्ब २६ अर्ब ८७ करोड ४ लाख खर्च लेखिएको मध्ये रु.१ खर्ब ९५ अर्ब ५८ लाख ४२ हजार खर्च भई रु.३१ अर्ब २८ करोड ६२ लाख मौज्दात रहेको छ । यसरी संघीय सञ्चितकोषमा खर्च देखाएको मध्ये रु.७० अर्ब ५१ करोड ३४ लाख खर्च नभई प्रदेश र स्थानीय तह सञ्चितकोषमा मौज्दात रहेको पाइयो । अनुदानमार्फत् वित्तीय हस्तान्तरण गरिएको रकम संघीय सञ्चितकोषमा खर्च लेखिए पनि यथार्थमा खर्च नभई प्रदेश स्थानीय तहमा बैङ्क मौज्दात नै रहने अवस्थाले संघीय सञ्चितकोषले खर्च देखाए पनि सेवा र कार्यमा यथार्थ रुपमा खर्च भएको छैन । यस्तो रकममध्ये सशर्त, समपूरक र विशेष अनुदान प्रदेश तहबाट रु.१९ अर्ब ७९ करोड र स्थानीय तहबाट रु.१४ अर्बसहित रु.३३ अर्ब ७९ करोड फिर्ता भई संघीय सञ्चितकोषमा दाखिला भएको देखिन्छ । यसरी संघीय सञ्चित कोषमा दाखिला भएको रकम विगत वर्ष खर्च देखिने र चालु वर्षमा राजस्व आम्दानी देखिने अवस्था छ । तसर्थ अनुदान वा वित्तीय हस्तान्तरणको खर्च अभिलेखाङ्कन सम्बन्धमा स्पष्ट नीति तय हुनुपर्दछ ।

३१.५ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम राष्ट्रिय वन, संरक्षित वन, खानी तथा खनिज, जलविद्युत र पर्वतारोहण जस्ता रोयल्टीबापत यो वर्ष प्राप्त भएको रु.५ अर्ब ७४ करोड ३४ लाख २०७६।८।१९ को निर्णयानुसार बाँडफाँड गरेकोमा सञ्चितकोषको राजस्व आम्दानी देखाउँदा बाँडफाँड भएको रोयल्टी रु.३ अर्ब ४५ करोड ७९ लाख यो वर्षको राजस्व आम्दानीमा समावेश गरेको छ । सम्बन्धित राजस्व शीर्षकमा दाखिला भएपछि मात्र सञ्चितकोषमा राजस्व आम्दानी देखाउनुपर्ने देखिन्छ ।

३१.६ नेपालको संविधानको अनुसूची ८ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख भएअनुसार सवारीसाधन कर, घर जग्गा रजिष्ट्रेसन शुल्कलगायतको शुल्क स्थानीय तहको राजस्व हुने उल्लेख छ । आर्थिक ऐन, २०७५ को दफा २५ बमोजिम सवारीसाधन कर र घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउन प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेशले निर्धारण गरेबमोजिमको दरअनुसारको कर तथा शुल्क उठाई सोही ऐनले व्यवस्था गरेबमोजिमको सम्बन्धित विभाज्य तथा सञ्चितकोषमा दाखिला गर्ने उल्लेख छ । तर कृषि आयमा कर रु.८ करोड १३ लाख ५४ हजार, भूमिकर तथा मालपोत कर रु.८ करोड २४ लाख ६४ हजार, सवारीसाधन कर रु.१६ करोड ८९ लाख ६७ हजार, चालक अनुमतिपत्र सवारी किताब दस्तुर रु.१ अर्ब ३ करोड ९९ लाख ८ हजार, अन्य सेवा शुल्क तथा बिक्री कर रु.९ करोड ६ लाख ३ हजारसमेत रु.१ अर्ब ४६ करोड ३२ लाख ९६ हजार प्रदेश र स्थानीय तहको सञ्चितकोषमा जम्मा नगरी संघीय सञ्चितकोषमा नै जम्मा गरी खर्च गरेको पाइयो । यसरी प्रदेश र स्थानीय तहको राजस्व संघीय सञ्चितकोषमा जम्मा गरी खर्च गर्नु संविधान र कानुनसम्मत देखिँदैन । यसबाट प्रदेश र स्थानीय तहको राजस्व संकुचन र संघीय सरकारको राजस्वमा विस्तार देखिएकोले यथार्थपरक छैन । ऐनको व्यवस्था कार्यान्वयन गर्न आवश्यक समन्वय गर्नुपर्ने र हिसाब मिलान गरनुपर्दछ ।

३१.७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ, खर्च गर्न बाँकी छ र कुनै योजनाको सम्बन्धमा भए सो योजना स्वीकृत भइसकेको छ भन्ने विचार गरी खर्च गर्न वा निकासा दिनुपर्ने उल्लेख छ । अर्थ मन्त्रालयले स्वीकृत कार्यक्रम बेगर नेपाल विद्युत प्राधिकरणलाई सडकबत्ती बक्यौता भुक्तानी बापत रु.३ अर्ब ३४ करोड १३ लाख र नेपाल-भारतबीच विद्युत खरिद सम्झौताबमोजिम खरिद गर्दा नेपाल विद्युत प्राधिकरणलाई भएको नोक्सानी बापत दिएको रु.३ अर्ब २६ करोड ३७ लाख समेत रु.६ अर्ब ६० करोड ५० लाख शेयर लगानी शीर्षकबाट निकासा दिएको देखियो । यस्तो खर्च चालु खर्चबाट लेखी भुक्तानी दिनुपर्नेमा शेयर लगानी शीर्षकबाट दिनु खर्च सिद्धान्त विपरीत छ । साथै नेपाल विद्युत प्राधिकरणलाई सडक बत्ती बक्यौताबापत दिएको रु.३ अर्ब ३४ करोड प्राधिकरणबाट पुनः ब्याज प्राप्त भएको भनी सोही रकम आम्दानी बाँधेको देखिन्छ । यसबाट राजस्व तथा शेयर लगानीको हिसाब समेत यथार्थपरक देखिँदैन ।

३२. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भन्सार विन्दुमा सङ्कलन हुने मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठने अन्तःशुल्क व्यवस्थापनका लागि संघीय विभाज्य कोष, प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोष खडा गरी ३ खाता खोलिने र उक्त खाताको सञ्चालन महालेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । विभाज्य कोष खाता सञ्चालनसम्बन्धी कार्यविधिमा मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठ्ने अन्तःशुल्क सम्बन्धित दायित्व शीर्षकमा जम्मा हुने र भोलिपल्ट ७० प्रतिशत संघीय सञ्चितकोषमा र १५/१५ प्रतिशत प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रदेश र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम मासिक रुपमा प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्नुपर्ने उल्लेख छ । कार्यविधिमा उक्त प्रावधान भए तापनि २०७६ आषाढ २० गते पश्चात् उठेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रु.१९ अर्ब ७० करोड ६९ लाख संघीय सञ्चितकोषमा दाखिला गरी प्रदेश र स्थानीय सञ्चित कोषमा बाँडफाँड नगरी आषाढ मसान्तमा सम्बन्धित विभाज्य कोषमा नै राखेको पाइयो । उक्त रकम २०७६।७।२९ मा मात्र बाँडफाँड गरेको छ । यसबाट प्रदेश र स्थानीय तहको राजस्व रु.५ अर्ब ९१ करोड २० लाखले न्यून हुन गएको छ ।

त्यसैगरी राष्ट्रिय वन, संरक्षित वन, खानी तथा खनिज जलविद्युत र पर्वतारोहण जस्ता रोयल्टीबापत प्राप्त हुने रकम शुरुमा दायित्व शीर्षकमा जम्मा हुने र भोलिपल्ट ५० प्रतिशत संघीय विभाज्य कोषमा र २५/२५ प्रतिशत प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था छ । यसरी जम्मा भएको रकम वर्षको एक पल्ट विभिन्न निकायमा बाँडफाँड गर्नुपर्ने उल्लेख छ । यो वर्ष यस खातामा जम्मा भएको रु.५ अर्ब ७४ करोड ३४ लाख आषाढ मसान्तसम्म बाँडफाँड नगरी सम्बन्धित विभाज्य कोषमा नै मौज्दात राखेको पाइयो । सो रकम २०७६।८।१९ मा मात्र बाँडफाँड गरेको देखियो । राजस्व असुली भएको रकम समयमै बाँडफाँड नगर्दा प्रदेश र स्थानीय तहको राजस्वमा समावेश नभै दायित्वमा रहेकोले राजस्व हिसाब यथार्थपरक देखिँदैन । यस्तो रकम समयमै बाँडफाँड गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३. **शोधभर्ना हुन बाँकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ को उपनियम (३) र (४) मा विभिन्न दातृपक्षसँग भएको सम्झौताको आधारमा शोधभर्ना हुने गरी भएको खर्च सम्बन्धित कार्यालय/आयोजनाबाट शोधभर्ना माग गर्ने, दातृपक्षबाट शोधभर्ना प्राप्त भएको र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी समयमै शोधभर्ना माग गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३३.१ अनुदानतर्फ शोधभर्ना लिन गत वर्षसम्म रु.२० अर्ब ७६ करोड २६ लाख बाँकी रहेकोमा यस वर्ष शोधभर्ना प्राप्त गर्ने गरी खर्च भएको रु.१३ अर्ब ४९ करोड ९८ लाखसमेत रु.३४ अर्ब २६ करोड २४ लाखमध्ये यो वर्ष रु.१९ अर्ब ३९ करोड ३४ प्राप्त भएको र रु.४ करोड ७७ लाख हिसाब मिलान भई वर्षान्तमा रु.१४ अर्ब ९१ करोड ६७ लाख शोधभर्ना लिन बाँकी रहेको छ । शोधभर्ना लिन बाँकी अनुदान गत वर्षको तुलनामा २८.१६ प्रतिशतले घटेको छ ।

अनुदानतर्फ शोधभर्ना हुन बाँकी रहेका मन्त्रालयहरुमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रु. ५ अर्ब ८२ करोड ७४ लाख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.५ अर्ब ५२ करोड ४६ लाख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रु.२ अर्ब २२ करोड ६८ लाख, वन तथा वातावरण मन्त्रालयको रु.९८ करोड ६ लाख, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको रु.३६ करोड ६६ लाख, शहरी विकास मन्त्रालयको रु.१५ करोड ५६ लाखसमेत रु.१५ अर्ब ८ करोड १६ लाख देखिन्छ । वैदेशिक अनुदान परिचालन गर्ने मन्त्रालयसँग समन्वय गरी शोधभर्ना लिने कार्यमा तदारुकता ल्याउनुपर्दछ ।

३३.२ गत वर्ष वैदेशिक ऋणतर्फ शोधभर्ना हुने गरी खर्च भएको रु.२७ अर्ब ८३ करोड ६० लाख शोधभर्ना बाँकी रहेकोमा यो वर्षको खर्च रु.५८ अर्ब ८१ करोड ९६ लाखसमेत शोधभर्ना हुनुपर्ने रु.८६ अर्ब ६५ करोड ५६ लाखमध्ये रु.६१ अर्ब ९६ करोड ५२ लाख प्राप्त भएको तथा रु.१ अर्ब ८७ करोड ८५ लाख हिसाब मिलान गरी वर्षान्तमा रु.२६ अर्ब ५६ करोड ८९ लाख प्राप्त गर्न बाँकी देखिएको छ । ऋण शोधभर्ना बाँकी रकम गत वर्षभन्दा ४.५५ प्रतिशतले घटेको छ ।

वैदेशिक ऋणशोधभर्ना हुन बढी रकम बाँकी रहेका मन्त्रालयहरुमा अर्थ मन्त्रालय (सार्वजनिक संस्थान लगानी) को रु.१२ अर्ब १३ करोड ४८ लाख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.८ अर्ब ७४ करोड ४९ लाख, शहरी विकास मन्त्रालयको रु.२ अर्ब १३ करोड ११ लाख, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रु.१ अर्ब ६० करोड ४१ लाख, खानेपानी मन्त्रालयको रु.७१ करोड ५० लाख, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रु.६९ करोड ३५ लाखसहित रु.२६ अर्ब २करोड ३४ लाख देखिन्छ । उक्त रकम शोधभर्ना लिन बाँकी कुल अनुदान रकमको ९७.९४ प्रतिशत रहेको छ ।

३३.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ मा शोधभर्ना माग गर्ने कर्तव्य भएको कार्यालयले मातहत कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाइलाई सम्झौताबमोजिम शोधभर्ना हुने र नहुने खर्च रकमको जानकारी पठाउनुपर्ने उल्लेख छ । दातृपक्षबाट शोधभर्ना हुने गरी निकासा भएको रकमबाट शोधभर्ना हुन नसक्ने रकम खर्च गर्न गराउन नहुने व्यवस्था छ । आयोजनाले शोधभर्ना रकम माग गर्दा दातृ पक्षसँग भएको सम्झौतामा शोधभर्ना नहुने उल्लेख भएको मूल्यअभिवृद्धि कर बापतको रकमसमेत शोधभर्ना हुने खर्चमा समावेश गरी शोधभर्ना माग गरेकोमा शोधभर्ना नभएको कारणले यो वर्ष नेपाल सरकारको स्रोतमा स्रोतान्तर गरी रु.२० करोड ६१ लाख समायोजन गरेको देखिन्छ । त्यस्तै गत विगत वर्ष वैदेशिक स्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारको स्रोतबाट खर्च भएकोमा यो वर्ष वैदेशिक स्रोतमा स्रोतान्तर गरी शोधभर्ना प्राप्त हुनपर्ने गरी रु.२ अर्ब १३ करोड २४ लाख समायोजन गरेको देखियो । अतः सम्झौताअनुसार खर्च हुने रकम मात्र शोधभर्ना माग गर्ने तथा समयमै स्रोतअनुसार खर्च गर्नु गराउनुपर्ने देखिन्छ ।

३३.४ बन्द भइसकेका आयोजनामा शोधभर्ना हुन बाँकीको विवरणमा गत वर्षसम्म अनुदानतर्फ रु.२२ करोड ३६ लाख र वैदेशिक ऋणतर्फ रु.३५ करोड २ लाख बाँकी रहेकोमा यो वर्ष कुनै पनि रकम प्राप्त नभएकोले सो रकम शोधभर्ना हुन बाँकी रहेको छ । अनुदान तर्फ ११ विभिन्न आयोजनामा शोधभर्ना हुन बाँकी रु.३० करोड ३ लाख र वैदेशिक ऋणतर्फ विभिन्न १३ आयोजनामा रु.२६ करोड ८० लाख ऋणात्मक देखिएकोमा कारण खुलाएको छैन । यसरी बन्द भइसकेको आयोजनाको शोधभर्ना बाँकी हुनुमा शोधभर्ना समयमा लिनको लागि खर्चको लेखा समयमा पेस नभएको वा अन्य कारण रहेको

सम्बन्धमा खोजबिन गरी सम्बन्धित मन्त्रालय/आयोजनासँग समेत समन्वय गरी समयमै शोधभर्ना माग नगर्ने कर्मचारीलाई आवश्यक कारबाही गरी शोधभर्ना प्राप्त हुन सक्ने अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ ।

३४. **कार्यसञ्चालन कोष** - महालेखा नियन्त्रक कार्यालयले पेस गरेको २०७५।७६ को कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.२९ अर्ब ८३ करोड ७१ लाख र यो वर्षको आय रु.६४ अर्ब ७२ करोड २३ लाखसमेत रु.९४ अर्ब ५५ करोड ९४ लाखमध्ये रु.५६ अर्ब ८७ करोड १७ लाख खर्च भई रु.३७ अर्ब ६८ करोड ७७ लाख मौज्दात देखिन्छ । कार्यसञ्चालन कोष सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

३४.१ कार्यसञ्चालन कोष २०७४।७५ को केन्द्रीय आर्थिक विवरणअनुसार अन्तिम मौज्दात रु.३० अर्ब ११ करोड ८४ लाख रहेकोमा २०७५।७६ मा रु.२९ अर्ब ८३ करोड ७१ लाखमात्र जिम्मेवारी सारेको छ । यो वर्ष रु.२८ करोड १३ लाख घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान हुनुपर्दछ ।

३४.२ कार्यसञ्चालन कोष (ख६ खाता) को आय व्यय विवरणमा कोषको स्रेस्ताअनुसार बाँकी मौज्दात रु.३७ अर्ब ६८ करोड ७७ लाख देखिएकोमा बैङ्क मौज्दात रु.३५ अर्ब १८ करोड ५२ लाख उल्लेख गरेकोले रु.२ अर्ब ५० करोड २५ लाख बैङ्क मौज्दात घटी देखिन्छ । विगत वर्ष पनि स्रेस्ताभन्दा रु.३ अर्ब ७१ करोड ६० लाख बैङ्क मौज्दात घटी देखिएकोले कार्यालयले आवश्यक छानबिन गरी यथार्थ हिसाब पेस गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि यथार्थ हिसाब पेस हुन आएन । बैङ्कमा मौज्दात घटी देखाएको सम्बन्धमा कार्यालयले आवश्यक छानबिन गरी यथार्थ हिसाब पेस गर्नुपर्दछ ।

३५. **मौज्दात फरक** - स्रेस्ता र बैङ्कबाट प्राप्त विवरणमा मौज्दात फरक देखिएमा सोको कारण पहिचान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । मौज्दात फरक देखिएका व्यहोरा निम्नानुसार छन्ः

३५.१ कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणमा विभिन्न १२ कार्यालयको स्रेस्तामा रु.९३ करोड ९४ लाख मौज्दात रहे तापनि बैङ्क मौज्दात शून्य रहेको उल्लेख छ । कार्यालयबाट आर्थिक विवरण लिई महालेखा नियन्त्रक कार्यालयले कोषको आर्थिक विवरण तयार गर्नुपर्नेमा आर्थिक विवरण नै नलिई गत वर्षको तथ्याङ्कको आधारमा तयार गर्दा १७ कार्यालयको रु.१ अर्ब ५६ करोड ३१ लाख स्रेस्ताअनुसार मौज्दात देखिए पनि बैङ्क मौज्दात शून्य रहेको छ । उपर्युक्त अवस्थाले केन्द्रीय आर्थिक विवरणले यथार्थ र सही स्थिति चित्रण गरेको छैन ।

३५.२ वैदेशिक अनुदानतर्फ ख ५ को स्रेस्ताअनुसार रु.४१ अर्ब ७२ करोड ४६ लाख ८९ हजार बाँकी रहेकोमा बैङ्कमा रु.२ करोड ५७ लाख ९३ हजार मात्र मौज्दात रहेकोले रु.४१ अर्ब ६९ करोड ८८ लाख ९६ हजार फरक परेको देखियो । फरक पर्नाको कारणसहित बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन ।

३५.३ अनुदानतर्फ काठमाडौँ जिल्लाका विभिन्न ५५ कार्यालयमा रु.४१ अर्ब ६७ करोड ८५ लाख ७४ हजार गत वर्षकै मौज्दात रकम आम्दानी देखाएकोमा यो वर्ष उक्त कार्यालयमा कुनै रकम आम्दानी खर्च नभएको र उक्त आम्दानी रकमको मौज्दात रकम पनि शून्य देखाई बैङ्क मौज्दात फरक परेको छ । त्यस्तै २ कार्यालयमा गत वर्षको रु.५५ लाख २७ हजार आम्दानीभन्दा बढी खर्च भएको कारणबाट ऋणात्मक जिम्मेवारी सारेको छ । यसरी फरक परेको सम्बन्धमा छानबिन गरी यथार्थ हिसाब पेस हुनुपर्दछ ।

३६. **खाता सञ्चालन** - अनुदान दाता खाता (ख७ र ख८ खाता) मा ४१ कार्यालयको रु.१ करोड ३५ लाख गत वर्ष पनि खर्च नभएको र यो वर्ष पनि खर्च नभई सोही मौज्दात यस आर्थिक वर्षमा जिम्मेवारी सारेको देखिन्छ । कार्यसञ्चालन नहुने खाता बन्द गरी उक्त खातामा रहेको रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

३७. **आन्तरिक लेखापरीक्षणको प्रभावकारिता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्री समक्ष पेस गर्नुपर्ने उल्लेख छ । त्यस्तै सोही ऐनको दफा ३५ मा महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समेत आधार लिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

३७.१ महालेखा नियन्त्रक कार्यालयले २०७५।७६ को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदनमा नियमित गर्नुपर्ने रु.१ अर्ब ५८ करोड २० लाख ८६ हजार, असुल गर्नुपर्ने रु.४० करोड ८७ लाख ६७ हजार र पेस्की बाँकी रु.४५ अर्ब ६३ करोड ८१ लाख ७२ हजारसमेत रु.४७ अर्ब ६२ करोड ९० लाख २५ हजार आन्तरिक लेखापरीक्षण गर्दा बेरुजू देखिएको छ । आन्तरिक लेखापरीक्षणको लागि दक्ष कर्मचारीको व्यवस्थापन नभएको, चौमासिक रुपमा लेखापरीक्षण नगरेको, कर्मचारीहरुको पहिलो पदस्थापना कोष तथा लेखा नियन्त्रक कार्यालयमा भई पर्याप्त तालिम बेगर लेखापरीक्षणमा खटाउँदा आन्तरिक लेखापरीक्षण कार्य प्रभावकारी नभएको, लेखा राख्ने एवं लेखापरीक्षण गर्ने लेखाप्रणाली विषय अध्ययन गरेको योग्यता हुनुपर्ने अनिवार्यता नभएको कारण आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको पेशागत क्षमता कमजोर देखिन्छ । दरबन्दीअनुसार पदपूर्ति नभई एकै कर्मचारीबाट विभिन्न कार्यालयको लेखा राख्ने र आन्तरिक लेखापरीक्षकको भूमिका निर्वाह गर्दा आन्तरिक लेखापरीक्षणको निष्पक्षता एवं प्रभावकारितामा असर पर्ने अवस्था रहेको छ ।

३७.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(२) अनुसार कार्यालयमा हुने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानुनद्वारा निर्धारित प्रक्रियाअनुरुप भए वा नभएको, वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रमअनुसार लक्ष्य प्राप्ति गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए वा नभएको जस्ता कुरामा केन्द्रित भई आन्तरिक लेखापरीक्षण निर्देशिकाबमोजिमको कार्यविधि अपनाई आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था भएकोमा अधिकांश कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा जारी भएको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा यस्ता विषय समावेश भएको पाइएन । साथै जारी भएको आन्तरिक लेखापरीक्षण निर्देशिकाको पूर्ण पालना भएको छैन ।

३७.३ आन्तरिक लेखापरीक्षणको कार्य प्रभावकारी नहुँदा संघीय कार्यालयतर्फ अन्तिम लेखापरीक्षणले प्रमाण कागजात पेस नभएको२३.१९ प्रतिशत, अनियमित भएको ५.३ प्रतिशत बेरुजू औंल्याएको स्थिति छ । यसको अतिरिक्त आर्थिक कारोबारमा भएको वृद्धिको अनुपातमा मौजुदा जनशक्ति न्यून देखिएको, अनुगमन र निगरानी पर्याप्त नभएकोले कार्यसम्पादनमा सुधार ल्याउनु जरुरी छ । साथै समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी कारोबारको शुद्धता र नियमिततासम्बन्धी गल्ती कमजोरीमा अन्तिम लेखापरीक्षण हुनु पूर्व नै सुधार गर्ने व्यवस्था गर्नुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ को उपदफा १० बमोजिम महालेखा नियन्त्रक कार्यालयले लेखा समुहका कर्मचारीलाई निश्चित अवधि तोकी आन्तरिक लेखापरीक्षणका लागि खटाउने व्यवस्था गर्ने र एउटै कर्मचारीलाई लेखा राख्ने र लेखापरीक्षण गर्ने काममा नखटाउने व्यवस्थाको कार्यान्वयन गरी लेखापरीक्षण गर्ने जनशक्तिको पेशागत क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

## आन्तरिक राजस्व विभाग

कर राजस्वको लक्ष्य निर्धारण र असुली, अनुसन्धानमा आधारित कर नीतिको तर्जुमा, आवश्यकतामा आधारित करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, आन्तरिक कर कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यका साथ साविकको कर विभाग र मूल्य अभिवृद्धि कर विभागलाई एकीकृत गरी २०५८।४।२ मा यस विभागको गठन भएको हो । विभागले प्रत्यक्ष करतर्फ आयकर तथा अप्रत्यक्ष करतर्फ मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क जस्ता आन्तरिक कर, सोसँग सम्बन्धित नीति निर्माण तथा सोको कार्यान्वयन, प्रशासन तथा अनुगमन गर्दछ । विभागले देशका विभिन्न ३८ आन्तरिक राजस्व कार्यालय, ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यलय र काठमाडौं उपत्यका बाहिर १९ करदाता सेवा कार्यालयमार्फत् कर प्रशासनको व्यवस्थापन एवं सञ्चालन गर्दै आएको छ ।

३८. **आन्तरिक राजस्व संरचना -** आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार २०७५।७६ मा रु.४ खर्ब ४ अर्ब २२ करोड राजस्व असुल गर्ने लक्ष्य रहेकोमा रु.३ खर्ब ५८ अर्ब ३५ करोड (८८.६५ प्रतिशत) असुली गरेको छ । कुल राजस्व सङ्कलनमा आयकर ४७.६४ प्रतिशत, मूल्य अभिवृद्धि कर २४.६४ प्रतिशत, अन्तःशुल्क २०.५४ प्रतिशत, ब्याज कर ५.२५ प्रतिशत, बहाल कर ०.९३ प्रतिशत, स्वास्थ्य सेवा शुल्क ०.७० प्रतिशत र शिक्षा सेवा शुल्क ०.३० प्रतिशत रहेको छ । गत वर्ष कुल राजस्व सङ्कलनमा आयकर ४७.०१, मूल्य अभिवृद्धि कर २५.५२, र अन्तःशुल्क २०.२५ प्रतिशत रहेको थियो । विभागको राजस्व असुली २०७३।७४ को तुलनामा २०७४।७५ मा १५.६८ प्रतिशतले बढेकोमा यसवर्ष २०७४।७५ को तुलनामा २० प्रतिशतले वृद्धि भएको छ ।

३९. **रणनीतिक योजना कार्यान्वयन -** नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्न करदाताको कर सहभागिता लागत र समय घटाउन, विद्युतीय सुशासन कायम गर्न, करदाता शिक्षा र सेवा बढाउने, आन्तरिक कार्य प्रक्रियाको सरलीकरण, जोखिममा आधारित कर परीक्षण, २१ औं शताब्दीलाई सुहाउँदो जनशक्ति विकास, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टीकरणको लागि संस्थागत सुधार गर्ने आन्तरिक राजस्व विभागको उद्देश्यसमेत दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०१८।१९-२०२२।२३) कार्यान्वयनमा रहेको छ । उक्त योजनाले कर नीतिहरुमा सुधार, करदाता सेवा र शिक्षाको अभिवृद्धि, कानुन परिपालना सम्बन्धी संयन्त्रको सुदृढीकरण तथा संरचना र प्रणालीको सुदृढीकरणको लागि निम्नानुसारका कार्यसम्पादन सूचकाङ्क तोकेको छ । लक्षित सूचकाङ्क पूरा गर्नाका लागि सोही किसिमको विभागीय सुधार कार्ययोजना तयार हुनुपर्नेमा यो वर्ष सुधार कार्ययोजना तयार हुन सकेको छैन ।

| क्र.सं. | सूचकाङ्क | इकाई | लक्ष्य | २०७५।७६ को प्रगति |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको योगदान | प्रतिशत | २५ | २१.९१ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा आयकरको योगदान | प्रतिशत | ७ | ५.६१ |
| ३ | कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि करको योगदान | प्रतिशत | ९ | ६.९७ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा अन्तःशुल्कको योगदान | प्रतिशत | ५ | ३.५२ |
| ५ | कूल करदाता | संख्या (लाखमा) | ३० | २२ |
| ६ | मूल्य अभिवृद्धि कर नन्फाइलर | प्रतिशत | १० | २५.१० |
| ७ | मूल्य अभिवृद्धि करमा डेबिट रिटर्न | प्रतिशत | २० | २५.६० |
| ८ | आयकर नन्फाइलर | प्रतिशत | ३० | ४८ |

दोस्रो रणनीतिक योजनामा उल्लिखित सूचकाङ्क पूरा गर्नको लागि २०७५।७६ को प्रगति सन्तोषजनक देखिँदैन । तसर्थ उक्त लक्ष्य प्राप्तिका लागि सोही किसिमको सुधार योजना तय गरी वार्षिक रुपमा गरिने कार्यसम्पादनमा सुधार गर्नुपर्ने देखिन्छ ।

४०. **राजस्वको लगत कट्टा तथा मिनाहा -** आयकर ऐन, २०५८ को दफा ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क र अन्तःशुल्क ऐन २०५८ को दफा १९ मा प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्थाअनुसार पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले निर्धारित कर रकममध्ये विवादरहित करको सम्पूर्ण रकम र विवादित करको एक तिहाई रकम बुझाउनुपर्ने व्यवस्था छ । राजस्व लगत कायम गरिएको रकम असुली भएमा वा अदालती फैसला वा अन्य कानुनी प्रक्रियाबाट लगत कट्टा/मिनाहा हुने व्यवस्था छ । गत वर्षको लगत रु.१ खर्ब १४ अर्ब ५४ करोड १४ लाख ८३ हजारमध्ये रु.६७ अर्ब ३१ करोड ८५ लाख ९२ हजार (५८.७७ प्रतिशत) लगत कट्टा गरेको छ ।

कार्यालयहरुले लगत कट्टा मिनाहाको व्यवस्थित अभिलेख राख्ने गरेको देखिएन । उक्त लगत कट्टामा एक करदाताको सर्वोच्च अदालतबाट भएको फैसलाको आधारमा पुनः कर निर्धारण गर्नुपर्ने भई रु.६१ अर्ब ५४ करोड ९१ लाख लगत कट्टा गरेको देखिन्छ । एकमुष्ठ रकम आर्थिक विवरणमा उल्लेख गरी लगत कट्टा गरी प्राप्त हुनुपर्ने राजस्व मिनाहा दिएकोमा व्यवस्थित अभिलेखको अभावमा उक्त रकम यकिन गर्न सकिएन । तसर्थ कार्यालयको लगत कट्टा/मिनाहा रकम छानबिन हुनुपर्दछ । यससम्बन्धी प्रमुख व्यहोरा निम्न छन्ः

४०.१ करदाता न्यायिक निकायमा पुनरावलोकन गएको आधारमा पनि लगत कट्टा गर्ने गरेको देखिन्छ । सोही आधारमा न्यायिक निकायमा विचाराधीन रहेको अवस्थामा ठूला करदाता कार्यालय, हरिहरभवनले रु.३८ करोड ८ लाख २३ हजार र आन्तरिक राजस्व कार्यालय, बानेश्वरले रु.१५ करोड ४१ लाख १९ हजारसमेत रु.५३ करोड ४९ लाख ४२ हजार राजस्व बक्यौताको लगत कट्टा गरेको छ । उक्त रकम लगत कायम गरिनुपर्दछ ।

४०.२ एक कार्यालयबाट लगत हस्तान्तरण भई अर्को कार्यालयमा पठाउँदा सम्बन्धित कार्यालयले आम्दानी बाँधेको आधारमा लगत कट्टा गर्नुपर्नेमा आन्तरिक राजस्व कार्यालय, ललितपुर १ ले रु.२८ करोड ४४ लाख ६८ हजार राजस्व बक्यौता आन्तरिक राजस्व कार्यालय, ललितपुर २ मा पठाएकोमा ललितपुर १ ले लगत कट्टा गरेको तर ललितपुर २ ले आम्दानी नजनाएकोले उक्त रकमको राजस्व बक्यौता आर्थिक विवरणबाट लोप हुने अवस्था सिर्जना भएको छ । सो रकम लगत कायम गरिनुपर्दछ ।

४०.३ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरले यो वर्ष रु.७६ करोड ३१ लाख लगत कट्टा/मिनाहा गरेको छ । सो कार्यालयले अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजू रु.६७ करोड ३ लाखलाई समेत राजस्व बक्यौतामा कायम गरेको देखिन्छ । राजस्व बक्यौता र बेरुजू लगत एउटै विषय होइन । तसर्थ बेग्ला बेग्लै लगत कायम गरिनुपर्दछ ।

४१. **बक्यौता असुली -** आयकर ऐन, २०५८ को दफा १०९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १०(८) मा कर बक्यौता असुल गर्ने सम्बन्धी व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

४१.१ आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार रु.९६ अर्ब ५६ करोड ५ लाख ३० हजार लगत रहेकोमा राजस्वको केन्द्रीय आर्थिक विवरणमा रु.४२ अर्ब ७० करोड १४ लाख ५२ हजार मात्र लगत बाँकी देखिएकोले वार्षिक प्रतिवेदन र आर्थिक विवरणअनुसारको बक्यौतामा रु.५३ अर्ब ८५ करोड ९१ लाख फरक परेकोले राजस्व बक्यौताको हिसाब यथार्थपरक देखिएन ।

४१.२ राजस्व बक्यौता असुली सम्बन्धमा कार्य तालिका वनाई प्रभावकारी तवरले असुली प्रकृया अगाडी बढाउनुपर्नेमा बाँकी बक्यौतामध्ये यो वर्ष कट्टा भई कायम भएको लगतमा न्यून रकम मात्र असुली भएको छ । केही कार्यालयको बक्यौता असुलीका उदाहरण निम्नानुसार छः

(रु.लाखमा)

| आन्तरिक राजस्व कार्यालय | लगत कट्टा भई बाँकी लगत | यो वर्ष असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ठूला करदाता | १६,९३,९६ | ५९,२९ | ३.५० |
| बानेश्वर | ७७,९३ | १,०६ | १.३६ |
| चितवन | ११,३३,२८ | ११,८३ | १.०४ |
| विराटनगर | ८०,२१ | १,९३ | २.४१ |
| कोटेश्वर | १५,९९ | ० | ० |
| भद्रपुर | २८,३८ | १,०१ | ३.५६ |
| सिमरा | ७३,५८ | ४५ | ०.६१ |
| नयाँसडक | ७,७५९ | ११७ | १.५१ |

४१.३ आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार आयकरतर्फको पुनरावेदन नगएका करदाताको रु.३२ अर्ब ५४ करोड ४८ लाख र मूल्य अभिवृद्धि करतर्फ रु.११ अर्ब ३८ करोड ८१ लाख समेत रु.४३ अर्ब ९३ करोड २९ लाख विवादरहित कर बक्यौता रहेकोले कानुनी व्यवस्थाअनुसार सो रकम असुलीमा तदारुकता ल्याउनुपर्दछ ।

४१.४ विभागको वार्षिक प्रतिवेदनअनुसार बक्यौतामध्ये आयकरतर्फ स्थायी लेखा नम्बर नलिएका १५ हजार ८५४ को रु.१३ अर्ब ४१ करोड ७१ लाख १३ हजार र मूल्य अभिवृद्धि करतर्फ नन्-फाइलर रहेका २५ हजार ५०६ करदाताको रु.५ अर्ब ४५ करोड ४४ लाख ९० हजार बक्यौता रहेको छ । स्थायी लेखा नम्बर नलिएका र मूल्य अभिवृद्धि करतर्फ नन्-फाइलर रहेका यस्ता करदाताको बक्यौता असुलीका लागि कानुनी व्यवस्थाअनुसार कारबाही गर्नुपर्दछ ।

निर्धारित कर रकम राजस्वको रुपमा सङ्कलन हुनुपर्नेमा सो नभई बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको छ । प्रचलित कानुनमा कर अधिकृतले बक्यौता रहेको व्यक्तिको चल अचल सम्पत्ति कब्जामा लिई लिलाम गरी बक्यौता रकम असुल गर्न सक्ने, बक्यौता रहेको व्यक्तिको बैङ्क तथा वित्तीय संस्थामा रहेको रकममाथि दाबी गर्न सक्ने, बक्यौता राख्ने व्यक्ति विरुद्ध अदालतमा मुद्दा दायर गर्न सक्नेसम्मका अधिकार रहेका छन् । बक्यौता असुलीको लागि पर्याप्त कानुनी व्यवस्था रहेकोमा समेत असुल हुन सकेको छैन । विवादरहित बक्यौता असुलीको लागि आयकर, मूल्य अभिवृद्धि कर कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि करदातालाई सामान्य ताकेता, पत्राचार, खोजबिन, सम्पत्ति तथा बैङ्क खाता रोक्का, राहदानी रोक्का, सम्पत्तिको लिलाम बिक्रीलगायतका कार्यमा अपेक्षित सक्रियताको कमी देखिएको छ । मातहतका कार्यालयसँग कार्ययोजना र कार्यान्वयन अवस्थाको जानकारी लिई यथोचित निर्देशन दिने कार्यमा विभागले समेत थप क्रियाशीलता देखाउन जरुरी छ ।

४२. **आन्तरिक नियन्त्रण प्रणाली -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम आन्तरिक राजस्व विभागबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षतापूर्ण र प्रभावकारी ढङ्गबाट सम्पादन गर्ने प्रयोजनको लागि करसम्बन्धी कानुनमा भएको व्यवस्थालाई सरलीकरण गरी कर प्रशासनलाई सरल, सहज र व्यवस्थित बनाउन विभिन्न निर्देशिका, कार्यविधि, प्रक्रिया, ढाँचा र तरिका तोक्न सक्ने व्यवस्था रहेकोमा विभागबाट ऐन नियममा भएको व्यवस्था अनुसार कतिपय निर्देशिका, कार्यविधि र प्रक्रिया तोकेको छैन ।

अनुसूची १३ लाई आय विवरणको अङ्ग नबनाएको, क्यास मेसिन एवं कम्प्युटर बिलिङ्ग मेसिनको न्यून प्रयोग भएको, कर परीक्षण निर्देशिकाले तोकेबमोजिमका विवरण कर परीक्षण फाइलमा नखुलाएको

अवस्था छ । कर अधिकृतले आयकर ऐन, २०५८ को दफा ८३(१) बमोजिम माग गरेका कागजात कर परीक्षण फाइलमा नराखेको, दफा २७ बमोजिमको रकम परिमाणीकरण, दफा ३४ बमोजिम आयको खण्डीकरण र दफा ३५ बमोजिम करमुक्ति विरुद्धको सामान्य नियमको स्पष्ट व्याख्या र निर्देशिका नबनाएको स्थिति छ । दफा ४५ बमोजिम सम्बद्ध व्यक्तिहरुबीच मूल्य हस्तान्तरण र अन्य प्रबन्ध सम्बन्धमा विभागले लिखित रुपमा सूचना जारी गरेको छैन । कर परीक्षण प्रतिवेदन र संशोधित कर निर्धारण आदेश सूचना प्रणाली पोर्टलमा अपलोड गरिँदैन । मिसम्याच सम्बन्धमा एउटै कार्यक्षेत्रमा रहेका करदाताको समेत समाधान एवं कैफियत (रिजोल्भ र रिमार्कस) गरिँदैन । फलस्वरुप करदाताले पेस गरेको विवरण भिडान एवं कर परीक्षण गर्नमा समस्या परेको, कर चुहावट भएको र लेखापरीक्षण गर्दा पटक पटक कागजात माग गर्नु परेको छ । यसर्थ यस्ता अवस्था र तिनका असरहरुको निराकरण हुने गरी आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्दछ ।

४३. **मूल्य अभिवृद्धि कर विवरणको संरचना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण बुझाउनुपर्ने व्यवस्था छ । विभागले पेस गरेको २०७५।७६ को वार्षिक प्रतिवेदनअनुसार विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको अवस्था निम्नानुसार देखिएको छः

| विवरण | २०७१।७२ | २०७२।७३ | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|---|---|
| डेबिट विवरण प्रतिशत | १८.९८ | १३.३० | १३.२५ | १४.०६ | २५.६ |
| क्रेडिट विवरण प्रतिशत | ४४.०३ | ५१.११ | ५१.१४ | ५१.९७ | ४५.९ |
| शून्य विवरण प्रतिशत | २५ | ३५.५८ | ३५.६१ | ३३.९७ | २८.५ |
| आषाढमा डेबिट (रु.अर्बमा) | ३.४० | ४४.८ | ४९.३२ | ६९.८५ | १२.६९ |
| आषाढमा क्रेडिट (रु.अर्बमा) | १७.७७ | २६.४ | २९.१६ | ३८.१९ | ३९.७४ |
| क्रेडिट/डेबिट अनुपात (गुणा) | ५.२२ | ०.५९ | ०.५९ | ०.५४ | ३.१३ |

४३.१ मूल्य अभिवृद्धि करमा दर्ता भएका कुल करदाता २ लाख ४० हजार ४६० मध्ये २०७६ आषाढ मसान्तमा २५.१० प्रतिशत करदाताले विवरण नै नबुझाएको अवस्था देखिन्छ । दोस्रो रणनीतिक योजनामा मूल्य अभिवृद्धि करतर्फ नन्-फाईलरको संख्या १० प्रतिशतमा झार्ने लक्ष्य पूर्तिका लागि विवरण नबुझाई नन्-फाईलर रहेका करदाताको खोजी गरी त्यस्ता करदाताले बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर असुली गर्न थप क्रियाशीलता देखाउनुपर्दछ ।

४३.२ विवरण नबुझाउने करदातामध्ये डेबिट विवरण बुझाउने २५.६ प्रतिशत, क्रेडिट विवरण बुझाउने ४५.९ प्रतिशत, शून्य विवरण बुझाउने २८.५ प्रतिशत रहेको देखिन्छ । डेबिट विवरण बुझाउनेमा यस वर्ष केही सुधार आए पनि क्रेडिट विवरण र शून्य विवरण वुझाउनेको संख्या बढी नै देखिन्छ । मूल्य अभिवृद्धि कर डेबिट गत वर्ष रु.६९ अर्ब ८५ करोड रहेकोमा यो वर्ष ४५०.४३ प्रतिशतले कमी आई रु.१२ अर्ब ६९ करोड, क्रेडिट रकम गत वर्ष रु.३८ अर्ब १९ करोड रहेकोमा यस वर्ष ४.०५ प्रतिशतले वृद्धि भई रु.३९ अर्ब ७४ करोड रहेको छ । त्यसैगरी डेबिट र क्रेडिट रकमको अनुपात गत वर्ष ०.५४ रहेकोमा यो वर्ष ३.१३ रहेको छ । उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा मूल्य अभिवृद्धि कर प्रणालीबाट अपेक्षित रुपमा राजस्व असुली हुन सकेको देखिँदैन । तसर्थ डेबिट विवरण र रकम वृद्धि गर्न तथा क्रेडिट विवरण र रकम कमी ल्याउन कर प्रशासनबाट नियमित बजार अनुगमनलाई प्रभावकारी बनाइनुपर्दछ ।

४४. **आन्तरिक र पैठारीमा सङ्कलन अनुपात -** मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारीमा सङ्कलनको विगत १० वर्षको अवस्था निम्नानुसारको रहेको छ ।

| मूल्य अभिवृद्धि कर शीर्षक | २०६६/६७ | २०७०/७१ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|
| आन्तरिक (रु. अर्बमा) | १९.१ | ३४.४ | ७६.२२ | ८८.१९ |
| पैठारी (रु. अर्बमा) | ३४.५४ | ६६.५७ | १३०.६४ | १५३.७१ |
| असुली (रु. अर्बमा) | ५३.६४ | १००.९७ | २०६.८६ | २४१.९ |
| आन्तरिक पैठारी अनुपात | ३६:६४ | ३४:६६ | ३७:६३ | ३६:६४ |
| कुल राजस्वमा मूल्य अभिवृद्धि कर असुली प्रतिशत | ३५.११ | २०.९२ | २५.५२ | २४.६३ |

उल्लिखित विवरणअनुसार २०६६।६७ मा जम्मा मूल्य अभिवृद्धि कर सङ्कलन रु. ५३ अर्ब ६४ करोड रहेकोमा आन्तरिकतर्फ रु.१९ अर्ब १ करोड र पैठारीतर्फ रु.३४ अर्ब ५४ करोड सङ्कलन भई आन्तरिक र पैठारीतर्फको अनुपात ३६:६४ रहेको छ । मूल्य अभिवृद्धि कर सङ्कलन २०७५।७६ मा रु. २४१ अर्ब ९१ करोड ८ लाखमध्ये आन्तरिकतर्फ रु.८८ अर्ब १९ करोड ४२ लाख र पैठारीतर्फ रु.१ खर्ब ५३ अर्ब ७१ करोड ६६ लाख सङ्कलन भई आन्तरिक पैठारी अनुपात ३६:६४ नै रहेको छ । मुलुकमा उपभोगको मात्रा बढिरहेको अवस्थामा आन्तरिक उपभोगमा सङ्कलन गरिएको मूल्य अभिवृद्धि कर कूल गारहस्थ्य उत्पादनको तुलनामा ६.९७ प्रतिशत रहेको छ । कूल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २०६६।६७ मा ३५.११ रहेकोमा २०७५।७६ मा १०.४८ प्रतिशतले कमी आई २४.६३ प्रतिशत रहेको छ । यसबाट १० वर्षको अवधिमा मूल्य अभिवृद्धि कर सङ्कलनमा अपेक्षाकृत सुधार भएको देखिँदैन । तसर्थ कानुनको कार्यान्वयनमा कडाई गर्दै नियमित बजार अनुगमनलाई प्रभावकारी बनाइनुपर्दछ ।

४५. **प्रशासकीय पुनरावलोकन -** आयकर ऐन, २०५८ को दफा ११४ र ११५, मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३१क र अन्तःशुल्क ऐन, २०५८ को दफा १९ मा प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्थाअनुसार प्रशासकीय पुनरावलोकनका लागि गत वर्षसम्म १ हजार २७९ कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ४६२ निवेदन थप भएकोमा यस वर्ष ५०१ निवेदन उपर कारबाही भई १ हजार २४० निवेदन कारबाही हुन बाँकी देखिन्छ । कारबाही टुङ्गो लगाएको ५०१ मध्ये १३२ राजस्व न्यायाधिकरणबाट र ३६९ विभागबाट भएको देखिन्छ । यो वर्ष प्रशासकीय पुनरावलोकनबाट टुङ्गो लागेको ३६९ मध्ये २९९ निवेदनको कार्यालयको कर निर्धारण पूरै सदर भएको र ७० निवेदनको कार्यालयको निर्णय आंशिक सदर गरी केही पुनः छानबिन गर्न निर्णय भएको देखिन्छ । प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने करदाता, विवादित विषय टुङ्गो लगाएकोमा विवादलाई सदर वा बदर गरेको विषय र रकमसहितको अद्यावधिक अभिलेख राखेको देखिएन । ऐनको व्यवस्थानुसार निवेदन परेको ६० दिनभित्र कारबाही गरी निर्णय हुनुपर्नेमा १ हजार २४० निवेदन उपर टुङ्गो लागेको छैन । समयमा विवादित विषयमा टुङ्गो नलाग्दा प्राप्त हुनुपर्ने राजस्व र करदाताले प्राप्त गर्नुपर्ने सेवा दुवै प्रभावित भएको छ । तसर्थ अभिलेख अद्यावधिक गरी कानुनी व्यवस्था अनुसार तोकिएको समयमा कारबाही टुङ्गो लगाउनुपर्दछ ।

४६. **विद्युतीय व्यापारमा कर -** हाल विश्वमा भौतिक उपस्थिति बेगर ई-कमर्श र डिजिटलाइजेसनको माध्यमबाट हुने व्यवसाय बढ्दै गएको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

४६.१ फेसबुक, मेसेन्जर, भाइबर, इमो, ह्वाट्स एपलगायतका सामाजिक सञ्जालहरुमार्फत् गरिने विज्ञापनहरुको माध्यमबाट राज्यको ठूलो धनराशि विदेशिएको अवस्था छ । यस्ता सामाजिक सञ्जालहरु नेपालमा दर्ता नभएको र नेपालबाट वैधानिकरुपमा ती सञ्जाल सञ्चालकहरुलाई भुक्तानी गर्ने पेमेन्ट गेटवे समेत नभएकोले स्वदेश र विदेशमा रहेका व्यक्ति वा व्यवसायीले पेटिएम, पेपल क्रेडिट कार्ड लगायतका अन्तर्राष्ट्रिय विद्युतीय भुक्तानी माध्यम प्रयोग गरी सम्बन्धित सञ्जालका सञ्चालकलाई रकम भुक्तानी गरेपश्चात् विज्ञापन अपलोड हुने गरेको स्थिति छ । यसरी अपलोड हुने विज्ञापनको पहुँच वा विज्ञापन हेरिएको आधारमा विज्ञापन शुल्क सम्बन्धित सामाजिक सञ्जाल सञ्चालकले असुल गर्दछन् । उक्त विज्ञापन

सेवा नेपालमा प्रदान गरिएकोले आयको स्रोत सिद्धान्तको आधारमा सो बापतको भुक्तानी जहाँ भए पनि नेपालमा कर तिर्नुपर्ने हुन्छ । तर कारोबारको पहिचान हुन नसकेको र ती सञ्चालहरु नेपालमा दर्ता नभएकोले यस कारोबारबाट राज्यलाई कुनै कर प्राप्त हुन सकेको छैन । त्यस्ता सञ्चालकलाई करको दायरामा ल्याउने व्यवस्था मिलाउनुपर्दछ ।

४६.२ डिजिटल व्यवसायलाई कर लगाउने सम्बन्धमा ओइसिडी, युरोपियन युनियन जस्ता संस्थाबाट अध्ययन भएको देखिन्छ । युरोपियन युनियनले सन् २०१५ देखि टेलिकम्युनिकेसन सप्लायर्स, सूचना सम्प्रेषण र इलेक्ट्रोनिक सेवा उपलब्ध गराउने गैरबासिन्दालाई समेत मूल्य अभिवृद्धि कर लगाउने व्यवस्था गरेको छ । चीन, मलेसिया, बंगलादेश र थाइल्याण्डले डिजिटिल व्यवसायको नाफामा समेत कर लगाउने गरी कानुन तर्जुमा गरेका छन् । नेपालमा इ–कमर्शको कर निर्धारणसम्बन्धी संरचना नीति नियम र कानुनी व्यवस्थाको अभावमा यस्तो कारोबार भए तापनि कर प्रशासनको दायरामा ल्याई व्यवसायीले कर तिर्ने गरेको पाइँदैन । उपर्युक्त अवस्थामा समेत राज्यले सङ्कलन गर्नुपर्ने कर र कारोबारबारे औपचारिक रुपमा अध्ययन समेत भएको छैन ।

४६.३ ई–कमर्शबाट हुने व्यापारलाई करको दायरामा ल्याउने ऐन, नियम, संरचना र पूर्वाधार तयार गर्ने र तत्सम्बन्धी ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । यसैगरी अन्तर्राष्ट्रिय रुपमा ई–कमर्श सञ्चालन गर्ने व्यवसायीलाई नेपालमा दर्ता गर्नुपर्ने कानुनी व्यवस्था मिलाउने वा स्थायी संस्थापनको परिभाषालाई परिमार्जन गरी भौतिक उपस्थिति बेगर नै अन्य देशबाट व्यवसाय गरेको अवस्थामा समेत स्थायी संस्थापन मान्न सकिने व्यवस्था गर्ने र त्यस्ता कम्पनीको आम्दानी र कराधारलाई व्यावसायिक क्रियाकलाप सम्पादन भएको स्थानको आधारमा बाँडफाँड गर्ने वा स्थानगत आम्दानी प्राप्तिको आधारमा बाँडफाँड गर्ने विकल्प प्रयोग गरी कानुन संशोधन गर्नुपर्दछ । यस सम्बन्धमा ओइसिडीले तयार गरेको कराधार क्षयीकरण तथा नाफा हस्तान्तरणको कार्यायोजना कार्यन्वयन गर्नुपर्दछ । सो आधारमा राजस्व सङ्कलन व्यवस्था मिलाउन अन्तर्राष्ट्रिय स्तरमा पहल गर्नुपर्ने देखिन्छ ।

४७. **ठेक्का वा करार -** आयकर ऐन, २०५८ को दफा ८९(१) मा ठेक्का वा करारको भुक्तानीमा १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यसैगरी दफा ८९(३)(क) मा वायुयान मर्मत तथा अन्य ठेक्का वा करारको भुक्तानीमा ५ प्रतिशत कर कट्टा गर्ने व्यवस्था छ । ठेक्का वा करारलाई आयकर निर्देशिका, २०६६ ले थप व्याख्या गरेको छ । जसअनुसार "ठेक्का वा करार" भन्नाले कुनै वस्तु वा श्रमिकको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता तथा विभागले ठेक्का वा करार भनी तोकेको कार्यलाई सम्झनुपर्छ । विभागले "ठेक्का वा करार" भनी तोकेको कार्यलाई समेत ठेक्का वा करार मानिने उल्लेख गरे तापनि विभागले "ठेक्का वा करार" तोकेको छैन । सरकारी एवं वित्तीय क्षेत्रका संस्था एवं करदाताले विदेशी गैरबासिन्दासँग ठेक्का वा करार गर्ने, प्रतीतपत्रमार्फत् सामान, उपकरण, मालवस्तु प्राप्त गर्दछन् । विमान सेवाप्रदायकबाट हवाईजहाज खरिद, नेपाल आयल निगमद्वारा इन्धन खरिद, अन्य संस्थाहरुबाट मल, नून, विद्युतीय उपकरण, सवारीसाधन, भारी उपकरणलगायत खरिद गर्दा कुनै न कुनै प्रकारको करार हुने गर्दछ । सोमा ठेक्का वा करारको आधारमा भुक्तानीमा कर कट्टी गर्ने वा नगर्नेमा फरक फरक मापदण्ड लिएको देखिन्छ । तसर्थ भुक्तानीमा कर कट्टीसम्बन्धी व्यवस्थालाई सरलीकरण गर्न विभागले ठेक्का वा करारसम्बन्धी कार्य तोक्ने र वायुयान मर्मत तथा अन्य ठेक्का वा करारलाई थप व्याख्या गर्नुपर्दछ ।

४८. **वैदेशिक अध्ययन स्वास्थ्य बीमा** – आयकर ऐन, २०५८ को दफा ८९(३)(ख) मा गैरबासिन्दा बीमा कम्पनीलाई प्रिमियम भुक्तानी गर्दा १.५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नेपालबाट विदेशमा उच्च शिक्षा अध्ययनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट वैदेशिक अध्ययन अनुमति लिनुपर्ने व्यवस्थाअनुसार अष्ट्रेलियामा अध्ययनका लागि देहायका संख्यामा नेपाली विद्यार्थीले अनुमति

लिएको देखिन्छ । सो मन्त्रालयको अनुमतिमा वैदेशिक अध्ययनमा जाने विद्यार्थीले मुख्यतः आवेदन शुल्क, शिक्षण शुल्क र बीमा शुल्क शीर्षकमा वैदेशिक मुद्रा भुक्तानी गर्ने गरेको देखिन्छ । स्वास्थ्य बीमा पोलिसीका सम्बन्धमा नमूना परीक्षण गर्दा औसतमा एक विद्यार्थीले २४ महिनाको लागि स्वास्थ्य बीमा पोलिसी नेपालमा रहेका बखत अष्ट्रेलियाबाट खरिद गर्नुपर्ने र सो बापत औसतमा अष्ट्रेलियन डलर १ हजार ७५ लाग्ने गरेको देखिन्छ । उक्त रकम बीमा पोलिसीको भुक्तानी उल्लेख गरी शिक्षा सेवा शुल्क असुल गरेको छैन । यस्तो कारोबारमा २०७३।७४ देखि २०७५।७६ सम्म मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम रु.१ अर्ब ३ करोड ६८ लाख ७४ हजार मूल्य अभिवृद्धि कर असुल गरेको देखिँदैन । शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयबाट प्राप्त विद्यार्थीको विवरणमा औसत स्वास्थ्य बीमा कभरेजका आधारमा हिसाब गर्दा ३ वर्षमा स्वास्थ्य बीमा कभरेजबापत रु.७ अर्ब ९७ करोड ५९ लाख भुक्तानी भएको देखिन्छ । उक्त रकममा आयकर ऐन, २०५८ को दफा ८९(३)(ख) बमोजिम १.५ प्रतिशतले हुने कर रु.११ करोड ९६ लाख ३९ हजार छुट भएकाले सोमा नियमानुसार लाग्ने शुल्क एवं ब्याज सम्बन्धमा छानबिन गरी असुल हुनुपर्दछ ।

(रकम रु. हजारमा)

| आर्थिक वर्ष | विद्यार्थी संख्या | औसत बीमा प्रिमियम (प्रति विद्यार्थी) | औसत सटही दर (आषाढ मसान्त) | जम्मा रु. | भुक्तानीमा कट्टा गर्नुपर्ने कर |
|---|---|---|---|---|---|
| २०७३/७४ | २४२३३ | १०७५ | ७७.३२ | २,०१,४२,२२ | ३,०२,१३ |
| २०७४/७५ | ३२२१२ | १०७५ | ८१.६६ | २,८२,७७,१४ | ४,२४,१६ |
| २०७५/७६ | १०७५ | १०७५ | ८०.२६ | ३,१३,४०,१६ | ४,७०,१० |
| **जम्मा** | **५७५२०** | | | **७,९७,५९,५४** | **११,९६,३९** |

४९. **वैदेशिक अध्ययनमा शिक्षा सेवा शुल्क -** आर्थिक ऐन, २०७५ को दफा ८(१) मा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्कबापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा दुई प्रतिशत शिक्षा सेवा शुल्क लगाइने र असुल उपर गरिने व्यवस्था छ । यस्तो सटही सुविधामा प्राप्त गरेको शिक्षा सेवा शुल्कको अभिलेख नराखेको र मित्र राष्ट्र भारतमा अध्ययन गर्ने विद्यार्थीबाट यस्तो शिक्षा सेवा शुल्क असुल नभएको अवस्था छ । त्रिभुवन विश्वविद्यालयको समकक्षता अभिलेख अनुसार २०७५।७६ मा १० हजार ५०० विद्यार्थीले भारतमा गई स्नातक तहको अध्ययन गरेपश्चात समकक्षता लिएको देखिन्छ । गत वर्षको तथ्याङ्कअनुसार विभिन्न संकायमा प्रतिविद्यार्थी खर्च ब्यापार प्रशासनमा रु.८ लाख, इन्जिनियरिङ्गमा रु.१० लाख र फार्मेसीमा रु.१२ लाख औसत खर्च लागेको देखिन्छ । तसर्थ यस वर्ष समकक्षता लिने विद्यार्थीहरुको प्रतिविद्यार्थी औसत खर्च रु.१० लाखले जम्मा खर्च रु.१० अर्ब ५० करोड हुने देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रबाट प्राप्त विवरणबमोजिम विद्यालय तहमा अध्ययन गरी २०७५।७६ मा दश कक्षा र १२ कक्षा उत्तीर्ण गरी समकक्षता प्रमाणपत्र लिने विद्यार्थी संख्या ११ हजार ६५४ रहेको छ । उपर्युक्तबमोजिम २०७५।७६ को तथ्याङ्कलाई आधार लिँदा १ वर्षको अवधिमा ती विद्यार्थीले भारतस्थित विद्यालय र विश्वविद्यालयमा तिरेको औसत शिक्षण शुल्कको आधारमा न्यूनतम पनि रु.१३ अर्ब ८७ करोड ८१ लाख ७५ हजार शिक्षण शुल्क खर्च भएको देखिन्छ । उक्त रकमको २ प्रतिशतले हिसाब गर्दा पनि राज्यले आर्थिक ऐन नियमबमोजिम लाग्ने रु.२७ करोड ७५ लाख ६३ हजार राजस्व असुल गर्न सकेको छैन । तसर्थ भारतमा अध्ययन गर्ने विद्यार्थी र उनीहरुले भुक्तानी गरेको शिक्षण शुल्कको अभिलेख राख्ने संयन्त्रको विकास र अनुगमन गरी राजस्व असुलीको दायरा बढाउनुपर्दछ ।

५०. **वैदेशिक शिक्षण शुल्कमा कर -** आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिसन, बिक्री, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर

कट्टी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले आन्तरिक राजस्व विभागसँग नेपालमा अध्ययन अध्यापन गराए बापतको शुल्क विदेशी संस्थालाई भुक्तानी गर्दा अग्रिम करको दरबारे सोधनी गरेकोमा विभागबाट २०७६।७।२६ मा जारी पत्रमा विदेशी सम्बन्धन प्राप्त विश्वविद्यालयले नेपालको विद्यार्थीबाट लिने रकममा दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५०.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७५।७६ मा निम्नानुसार रु. ७ करोड ९३ लाख ६८ हजार विदेश पठाउन स्वीकृति दिएको देखिन्छ । ऐनको व्यवस्थाअनुसार उक्त रकममा कर कट्टा गरेको नदेखिएकोले १५ प्रतिशतले हुने कर रु.१ करोड १९ लाख ४ हजारमा लाग्ने शुल्क र ब्याजसहित छानबिन गरी असुल गर्नुपर्दछ ।

(रु. हजारमा)

| कार्यालय | शिक्षण संस्थाको संख्या | वैदेशिक मुद्रा | भुक्तानी | विनिमय दर | रकम (रु.हजारमा) | १५ प्रतिशत कर (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| पुतलीसडक | २ | अमेरिकी डलर | ११८१२ | १०९.९६ | १२९९ | १९५ |
| महाराजगन्ज | २ | स्टर्लिङ पाउण्ड | ९५७०० | १३७.२५ | १३१३५ | १९७० |
| कालिमाटी | १ | अमेरिकी डलर | ४४५९० | १०९.९६ | ४९०३ | ७३५ |
| ललितपुर १ | २ | अमेरिकी डलर | १०२००० | १११.३९ | ११३६२ | १७०४ |
| ललितपुर २ | १ | स्टर्लिङ पाउण्ड | १०९२१५ | १३७.२५ | १४९९० | २२४८ |
| चाबहिल | ५ | स्टर्लिङ पाउण्ड | २४५३८६ | १३७.२५ | ३३६७९ | ५०५२ |
| जम्मा | | | | | ७९३६८ | १,१९,०४ |

५०.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गत रहेको एक कलेजबाट २०७५।७६ मा सो कलेजमा अध्ययनरत विभिन्न विद्यार्थीले स्टर्लिङ पाउण्ड घटीमा १७५ देखि बढीमा १ हजार ७०० सम्मका दरले जम्मा स्टर्लिङ पाउण्ड ६ लाख ३० हजार ८४८ बेलायत पठाएको देखिन्छ । सो रकम उक्त कलेजले सङ्कलन गरी कलेजमार्फत् नै पठाउनुपर्नेमा विद्यार्थीबाट व्यक्तिगत तवरले शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको स्वीकृति बेगर एक मध्यस्थ विदेशी संस्था खडा गरी पठाएको देखिन्छ । उक्त रकममा कुनै प्रकारको कर कट्टी गरेको देखिएन । तसर्थ २०७६ आषाढ मसान्तको विनिमय दर रु.१३७।२५ ले हिसाब गर्दा सो स्टर्लिङ पाउण्ड बराबर रु.८ करोड ६५ लाख ८४ हजारमा १५ प्रतिशतले हुने कर रु.१ करोड २९ लाख ८८ हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

५१. **शेयरको लागत खर्च** - आयकर ऐन, २०५८ को दफा ९५क(२) मा प्रचलित कानुनबमोजिम दर्ता भई धितोपत्रको खरिद बिक्रीको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायमा रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पाँच प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने उल्लेख छ । आयकर ऐन, २०५८ को दफा ९५क(२क) मा उपदफा २ को खण्ड (क) बमोजिम लाभ गणना गर्दा जुन निकायको हित निसर्ग हुने हो त्यस्तो निकायमा सो मितिमा सो व्यक्तिको स्वामित्वमा रहेको हितको भारित औसत लागतको आधारमा गर्नुपर्ने व्यवस्था थप गरेको छ ।

विगत वर्षहरुमा लागत मूल्य बढी दाबीको कारणले कर असुल गर्न छुट भएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेपछि भारित औसत लागतसम्बन्धी व्यवस्था भएको हो । नीतिगत रुपमा विगतमा औँल्याइएको विषय सम्बोधन भए पनि कार्यान्वयन पक्षमा सुधार भएको देखिएन ।

कानुनबमोजिम दर्ता भई धितोपत्रको खरिद बिक्रीको फरफारक गर्न स्थापित सिडिएस एण्ड क्लियरिंग लिमिटेडले उल्लिखित उपदफा २क बमोजिमको भारित औसत लागत गणनाका लागि मेरो शेयर एप्लिकेसन प्रयोग गरेको छ । उक्त प्रणालीको औसत लागत स्वीकार्य नभएमा प्रमाणका आधारमा शेयरधनी आफैँले मूल्य राख्न पाउने गरी प्रयोगकर्तालाई सुविधा दिएको छ । यस सुविधा अनुसार प्रयोगकर्ताले प्रणालीमा देखाएको डिम्याट, बोनस शेयर, आईपीओ र हकप्रद शेयरको मूल्यभन्दा बढी लागत उल्लेख गरेका कारण प्रणालीले देखाएको भन्दा देहायबमोजिम रु.१४ अर्ब १५ करोड ७६ लाख बढी लागत देखाएको अवस्था छ । यसबाट रु.७० करोड ७९ लाख घटी असुल हुने देखिन्छ ।

| क्र.सं. | विवरण | शेयर संख्या | रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रणालीले देखाएको लागत | प्रयोगकर्ताले देखाएको लागत | लागत बढी दाबी | फरक हुने कर रकम (५ प्रतिशत) |
| १ | डिम्याटमा खरिद | ७८३५७४६ | ७६५९४४ | ५३६८५९४ | ४६०२६५० | २३०१३३ |
| २ | आई.पी.ओ. | १०८९६५ | ८०८८ | २९९९४ | २१९०६ | १०९५ |
| ३ | बोनस, हकप्रद र अन्य | ३५२१०७६९ | ५१३१५७० | १४६६४५६८ | ९५३२९९७ | ४७६६५० |
| | **जम्मा** | | **५,९०,५६,०२** | **२०,०६,३१,५६** | **१४,१५,७५,५३** | **७०,७८,७८** |

तसर्थ यथार्थ औसत लागतको आधारमा लागत गणना हुने तथ्याङ्क उपलब्ध नभएमात्र घोषणा गराउने व्यवस्था गर्नुपर्दछ ।

५२. **म्युचुअल फण्ड -** आयकर ऐन, २०५८ को दफा २(ड)(३) मा "कम्पनी" भन्नाले कर प्रयोजनको लागि प्रचलित कानुनबमोजिम दर्ता भए वा नभएको युनिट ट्रष्ट समेतलाई कम्पनी सरह व्यवहार गरिने उल्लेख छ । ऐनको अनुसूची १ को दफा १(२) अनुसार वित्तीय संस्था वा यस्ता निकायको करयोग्य आयमा ३० प्रतिशत कर लाग्ने व्यवस्था छ । त्यस्तै दफा ८८(४)(ङ) अनुसार सामूहिक लगानी कोषमा अग्रिम कर कट्टा गर्नु नपर्ने व्यवस्था गरेतापनि त्यस्ता निकायलाई कर छुट हुने देखिँदैन । सामूहिक लगानी (म्युचुअल फण्ड) को आयलाई ऐनको दफा १० अनुसार कर छुट दिएको छैन । नेपालमा हाल १७ सामूहिक लगानी फण्ड रहेको देखिन्छ । यस्ता निकायहरुले व्यवस्थापन शुल्क लिई म्युचुअल फण्ड व्यवस्थापकको रुपमा स्कीम सञ्चालन गरेको देखिन्छ । सामूहिक लगानीमध्ये नमूना परीक्षणको आधारमा परीक्षण गर्दा ४ म्युचअल फण्डले रु.४३ करोड १ लाख नाफा कमाएको देखिन्छ । सबै म्युचुअल फण्डलाई करको दायरामा ल्याई कर असुल गर्नुपर्दछ ।

५३. **मुनाफा बाहेकको लाभांशमा कर -** आयकर ऐन, २०५८ को दफा ५६(३) अनुसार कुनै निकायले कुनै हिताधिकारीलाई लाभांशको रुपमा मुनाफा बाहेकको लाभांश वितरण गरेमा त्यस्तो लाभांश (निकायबाट हुने वितरण) को रकमलाई सो निकायको आय गणना गर्दा समावेश गर्नुपर्दछ । त्यसैगरी दफा ७(२)(ज) र दफा ९(२)(छ) मा कुनै व्यक्तिको कुनै आयवर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्ष दफा ५६ बमोजिमको रकम समावेश गरी गणना गर्नुपर्ने व्यवस्था छ । यसर्थ निकायको व्यवसाय सञ्चालनको सिलसिलामा भएको मुनाफा बाहेकको लाभांश वितरण गरेमा आय गणनामा समावेश हुने देखिन्छ । त्यस्तै आयकर निर्देशिका, २०६६ मा कुनै निकायको नाफा नोक्सानमा प्रतिविम्बित नभएको मुनाफा वा लाभ वा आयको उल्लेखनीय उदाहरण शेयर प्रिमियम भएको उल्लेख छ । उपर्युक्त व्यवस्था बमोजिम ठूला करदाता कार्यालयअन्तर्गतका ६ करदातालाई विभिन्न मितिमा फर्दर पब्लिक अफरिङ्ग (एफ.पी.ओ.) बाट शेयर प्रिमियममा जारी गरी प्राप्त रकमबाट हिताधिकारीलाई २०७४।७५ र २०७५।७६ मा बोनस शेयरको रुपमा रु.७ अर्ब १३ करोड २३ लाख लाभांश वितरण गरेकोले सो रकमलाई आयकर ऐन, २०५८ दफा ७(२)(ज) बमोजिम आयमा समावेश गरी ३० प्रतिशतले हुने कर रु.२ अर्ब १३ करोड ९७ लाख शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

५४. **अवकाश भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको कमिसन, बिक्री बोनस र अन्य कुनै प्रतिफल भुक्तानी गर्दा भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । विभिन्न कम्पनीले नागरिक लगानी कोषमा अवकाश भुक्तानीका लागि एकमुष्ट रकम जम्मा गरेको मध्ये रु.१० लाखभन्दा बढीको रकममा २०७४।७५ मा रु.९९ करोड ३६ लाख र २०७५।७६ मा रु.१ अर्ब ३१ करोड ८७ लाखसमेत रु.२ अर्ब ३१ करोड २३ लाख कोषले ब्याज भुक्तानी गरेको देखिन्छ । उक्त भुक्तानीमा उपर्युक्त व्यवस्थाबमोजिम १५ प्रतिशत अग्रिम कर कट्टा नगरेकाले रु.३४ करोड ६८ लाख कर असुल हुनुपर्दछ ।

५५. **हितको निसर्गमा प्राप्त लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५क(२)(ख) मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निसर्गबाट प्राप्त लाभको हकमा बासिन्दा निकायको हकमा लाभ रकमको १५ प्रतिशत र गैरबासिन्दाको हकमा लाभ रकमको २५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । यस्तो अग्रिम कर दाखिला भएको प्रमाण पेस भएपछि मात्र कम्पनी रजिष्ट्रार कार्यालयले शेयर अभिलेखीकरण गर्नुपर्ने व्यहोरा सोही दफाको उपदफा (३) मा उल्लेख छ । यस सन्दर्भमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः

५५.१ ठूला करदाता कार्यालयअन्तर्गतका एक स्थायी बासिन्दा कम्पनीको वार्षिक प्रतिवेदन, २००८ मा सो करदाताले एक पावर लिमिटेडको ३ लाख ४८ हजार १६८ कित्ता शेयर रु.४७१.९१ मा खरिद गरेको उल्लेख छ । सो पावर लिमिटेडको शेयर होल्ड गर्ने नर्वेको एक गैरबासिन्दा कम्पनीले २०७१।१२।१० मा दुई विदेशी कम्पनीलाई १६ लाख ५३ हजार ९८४ कित्ता र एक स्वदेशी कम्पनीलाई ३ लाख ४८ हजारसमेत जम्मा २० लाख २ हजार १५२ कित्ता शेयर बिक्री गरेको शेयर अभिलेखबाट देखिन्छ । तर उक्त कारोबारमा भएको लाभकर दाखिला भएको देखिएन । सो पावर लिमिटेडको शेयरको बजार मूल्य रु.४७१.९१ लाई आधार लिई शेयरको अंकित मूल्य रु. १०० कट्टा गर्दा सो नर्वेस्थित गैरबासिन्दा कम्पनीले प्रतिशेयर रु. ३७१.९१ लाभ प्राप्त गरेको देखिन्छ । तसर्थ दफा ९५क(२)(ख) अनुसार उक्त शेयर कारोबारमा रु.७४ करोड ४६ लाख लाभ भएकोले छानबिन गरी सो बापत आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर रु.१८ करोड ६२ लाखमा शुल्क एवं ब्याजसहित असुल हुनुपर्दछ ।

५५.२ आयकर ऐन, २०५८ को दफा ३७(१) अनुसार कुनै सम्पत्ति वा दायित्वको निसर्गबाट हुन गएको कुनै व्यक्तिको लाभ निसर्गको समयमा सो सम्पत्ति वा दायित्वबापतको खर्चहरुको योगभन्दा सो सम्पत्ति वा दायित्वबापत प्राप्त आम्दानीको योग बढी भए जतिको रकम मानी गणना गर्नुपर्ने उल्लेख छ । ठूला करदाता कार्यालयअन्तर्गतको एक करदाताको लगानीकर्ता एक विदेशी कम्पनीको २०१७ को वार्षिक प्रतिवेदनमा उक्त विदेशी कम्पनीमा अर्को विदेशी कम्पनीको सम्पूर्ण शेयर हस्तान्तरण भएको उल्लेख छ । उक्त कारोबार पश्चात एउटा विदेशी कम्पनी पूर्णरुपमा अर्को विदेशी कम्पनीको लगानीमा गएको देखिन्छ । यस अवधिसम्ममा उपर्युक्त २ विदेशी कम्पनीले जलविद्युत कारोबार गर्ने करदाताको ५७.१० प्रतिशत स्वामित्व ओगटेकोमा २८.५५ प्रतिशत शेयर स्वामित्व एक कम्पनीबाट अर्को कम्पनीमा हस्तान्तरण हुँदा दफा ९५क(२)(ख) बमोजिमको पुँजीगत लाभकर असुल भएको छैन । प्रत्यक्ष वा अप्रत्यक्ष खरिद बिक्रीको लागतमा पुँजीगत लाभकर असुल हुनुपर्ने कानुनी प्रावधान छ । तसर्थ करदाताको जम्मा शेयर १ करोड ७६ लाख ४१ हजार ४३९ को २८.५५ प्रतिशत अर्थात् ५० लाख ३६ हजार ६३१ शेयर स्वामित्व परिवर्तन भएको देखिन्छ । करदाताको २०१६ को प्रतिशेयर नेटवर्थ रु.४०१।२० मा लागत रु.१०० घटाउँदा प्रतिशेयर रु.३०१।२० लाभ हुने देखिन्छ । तसर्थ हस्तान्तरण भएको ५० लाख ३६ हजार ६३१ शेयरमा रु.१ अर्ब ५१ करोड ७० लाख ३३ हजार पुँजीगत लाभ प्राप्त गरेकोले दफा

९५क(२)(ख) बमोजिम २५ प्रतिशतले लाग्ने कर रु.३७ करोड ९२ लाख ५८ हजार  छानबिन गरी असुल हुनुपर्दछ ।

५५.३ ठूला करदाता कार्यालयअन्तर्गतका एक डिस्टिलरीको वित्तीय विवरण तथा लेखा टिप्पणीअनुसार डिस्टिलरिजको १०० प्रतिशत शेयर स्वामित्व एक प्लानर्स प्रा.लि. ले २०७४।४।१६ बाट लागू हुने गरी खरिद गरेको उल्लेख छ । साथै सो  मिति भन्दा अघि सो डिष्टिलरिजमा सो प्लानर्स प्रा.लि. को स्वामित्व ५५.३० प्रतिशत रहेको व्यहोरा २०७३।७४ को लेखा टिप्पणीमा उल्लेख छ । यसरी सो प्लानर्सको सहायक कम्पनीको रुपमा उक्त डिष्टिलजरिज रहेकोमा २०७४।७५ बाट उक्त दुवै प्रा.लि.बीच एक्विजिसन सम्झौता सम्पन्न भै डिष्टिलरिज प्रा.लि.को नामबाट कारोबार सञ्चालन गर्दै आएको देखिन्छ । कम्पनी खरिद गर्दा प्राप्त गरेको खुद सम्पत्तिभन्दा बढी मूल्य तिरेको रकमलाई ख्याति स्वरुप रु.६५ करोड २८ लाख लेखाङ्कन गरी सो प्लानर्स प्रा.लि.का शेयर होल्डरलाई एक डिष्टिलरिज प्रा.लि.ले सो रकम बराबरको शेयर जारी गरेर भुक्तानी गरेको पनि उल्लेख छ । यसरी लेखाङ्कन गरिएको ख्यातिलाई २०७५।७६ देखि १० वर्षभित्र अपलेखन गर्ने व्यहोरा पनि कम्पनी खरिद बिक्री सम्झौतामा उल्लेख छ । कम्पनी गाभिनुपूर्व उक्त डिष्टिलरिज प्रा.लि.मा सिंगापुरको एक कम्पनीको ४४.७० प्रतिशत शेयर स्वामित्व रहेकोमा कम्पनी गाभिएपछि सो शेयर स्वामित्व ७५ प्रतिशत पुगेको देखिन्छ । कम्पनी गाभिनुपूर्व ५५.३० प्रतिशत शेयर स्वामित्व भएका शेयर होल्डरहरुको भने कम्पनी गाभिएपछि शेयर स्वामित्व घटेर २५ प्रतिशत पुगेको देखिन्छ । यसरी साविक ५५.३० प्रतिशत शेयर स्वामित्व भएका शेयरहोल्डरले ३०.३० प्रतिशत शेयर स्वामित्व सिंगापुरको कम्पनीलाई बिक्री गरेबापत भएको लाभ रु.६५ करोड २८ लाखलाई ख्यातिको रुपमा लेखाङ्कन गरे पनि प्राप्त भएको पुँजीगत लाभमा अग्रिम कर असुल गरेको देखिएन । साथै कम्पनी रजिष्ट्रार कार्यालयले त्यसतर्फ ध्यान नदिई शेयर अभिलेखीकरण गरेको देखिन्छ । यसैले आयकर ऐनको अनुसूची १ अनुसार २५ प्रतिशत कर रु.१६ करोड ३२ लाख र दफा ११९ बमोजिम ब्याज र दफा १२० बमोजिम शुल्कसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

५५.४ आयकर ऐन, २०५८ को दफा ९५क(२)(ख) मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हित निसर्गबाट प्राप्त भएको लाभमा सो निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको दश प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गत एक करदाताले २०६९।८।२६ मा पेस गरेको लेखापरीक्षण प्रतिवेदनमा दफा ५७ अनुसार निकायको स्वामित्व २०६८।२।१९ देखि ७५ प्रतिशतले परिवर्तन भएको व्यहोरा उल्लेख छ । यस क्रममा ७५ प्रतिशत स्वामित्व परिवर्तनमध्ये दक्षिण कोरियाको एक कम्पनीले ३१ डिसेम्बर २०१२ मा ५० प्रतिशत र ३१ डिसेम्बर २०१३ (२०७०।९।१६) मा ४३.६ प्रतिशत स्वामित्व रहेको व्यहोरा उक्त कम्पनीले सोही मितिमा प्रकाशन गरेको एकीकृत वित्तीय विवरणबाट देखिन्छ । त्रिशूली नदीमा २१६ मेगावाटको माथिल्लो त्रिशूली-प्रथम जलविद्युत आयोजनाको लाइसेन्स प्राप्त करदाता निकाय २०६० सालमा स्थापना हुँदा, काठमाडौंका एक प्राकृतिक व्यक्तिले संस्थापकको रुपमा शतप्रतिशत शेयर स्वामित्व लिएको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयमा सो करदाता निकायले पेस गरेको शेयरवाला दर्ता किताबबाट देखिन्छ ।

दक्षिण कोरियाको उक्त कम्पनीले ३१ डिसेम्बर २०१३ मा प्रकाशित गरेको एकीकृत वित्तीय विवरणअनुसार सो कम्पनीको ४३.६ प्रतिशत स्वामित्व रहेको र उक्त संस्थापक प्राकृतिक व्यक्तिबाट दक्षिण कोरियाको कम्पनीलाई ८० हजार थान शेयर बिक्री गरेको कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेखबाट देखिन्छ । कोरियाली कम्पनीको वार्षिक प्रतिवेदन अनुसार सो शेयर स्वामित्व खरिद बापत तिरेको कोरियाली वन १२ अर्ब ५४ करोड ३९ लाख ३८ हजारमा ३१ डिसेम्वर २०१३ को १०० दक्षिण कोरियाली वनको रु ९.४२ का दरले रु १ अर्ब १८ करोड १६ लाख ४० हजार हुने देखिन्छ । उक्त शेयरको लागि संस्थापक प्राकृतिक व्यक्तिको लागत रु ८० लाख मात्र भएकोले निज बिक्रेता

प्राकृतिक व्यक्तिलाई रु १ अर्ब १७ करोड ३६ लाख ४० हजार लाभ प्राप्त भएको देखिन्छ । यसैले माथि उल्लिखित ७५ प्रतिशत स्वामित्व परिवर्तनमा हित निसर्ग (शेयर बिक्री) गर्नेलाई भएको लाभ यकिन गर्न छानबिन गरी सोमध्ये ४३.६ प्रतिशत शेयर स्वामित्व कोरियाका कम्पनीलाई निसर्ग गर्दा भएको उक्त लाभ रकममा दश प्रतिशतले हुने रु ११ करोड ७३ लाख ६४ हजार कर लाग्नेमा यस करदाता निकायले ऐनको दफा ९५क.(२)(ख) अनुसार शेयर बिक्रेताबाट अग्रिम कर समेत कट्टा नगरेकोले ऐनअनुसार ब्याज तथा शुल्क समेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

५५.५ आन्तरिक राजस्व कार्यालय पुतलीसडकअन्तर्गतका लगानीसम्बन्धी कारोबार गर्ने एक प्राइभेट लिमिटेड कम्पनीको २ लाख ५५ हजार थान शेयर एक प्राकृतिक व्यक्तिले विभिन्न ३ प्राकृतिक व्यक्तिबाट २०७१।९।२ मा खरिद गरेको कम्पनी रजिष्ट्रार कार्यालयको शेयर लगत किताबबाट देखिन्छ । उक्त शेयर बिक्री गर्दा बिक्रेतालाई भएको लाभमा कर तिरेको देखिएन । उक्त दिनको कम्पनीको अन्तिम मौज्दातको रुपमा रहेको धितोपत्रमा सूचीकृत बिक्री योग्य शेयरको बजार मूल्य तथा कम्पनीको सञ्चित नोक्सानी कट्टा गर्दा हुने कम्पनीको खुद सम्पत्तिको मूल्यका आधारमा प्रति शेयर मूल्य रु.५०२।९५ रहेकोले सो मा लागत रु.१००।- घटाउँदा रु.४०२।९५ शेयर बिक्रेतालाई लाभ भएको देखिन्छ । सोअनुसार जम्मा लाभ रु.१२ करोड ८२ लाख ५२ हजार हुन आउँछ । उक्त लाभ रकममा दश प्रतिशतले हुने रु.१ करोड २८ लाख २५ हजार कर लाग्नेमा यस करदाता निकायले ऐनको दफा ९५क.(२)(ख) अनुसार अग्रिम करसमेत कट्टा नगरेकोले ऐनअनुसार ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

५६. **दायित्व निसर्ग** - आयकर ऐन, २०५८ को दफा ४०(२) मा कुनै व्यक्ति दायित्वको भारबाट हटेमा निजले सो दायित्वको निसर्ग गरेको मानिने व्यवस्था छ । दायित्वको निसर्गमा दायित्व फछ्र्यौट, रद्द, मुक्त, समापन हुनु वा अर्को दायित्व वा सम्पत्तिमा गाभिनु जस्ता कार्य समेत समावेश गर्नुपर्ने, दफा ७(२)(ग) मा परिच्छेद ८ बमोजिम गणना गरिएको कुनै व्यावसायिक सम्पत्ति वा दायित्वको निसर्गबाट प्राप्त खुद लाभ सो व्यक्तिले सो वर्ष प्राप्त गरेको मानिने र दफा २७(१)(क) मा कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी भुक्तानी (कुनै एक व्यक्तिबाट सिर्जित सम्पत्ति सो सम्पत्तिको सिर्जनापछि अर्को व्यक्तिको स्वामित्वमा भएमा) गरिएको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम परिमाणीकरण गर्नुपर्ने उल्लेख छ । ठूला करदाता कार्यालयअन्तर्गतका एक करदाताले एक दूरसञ्चार सेवा प्रदायकको २ लाख कित्ता शेयर स्वामित्व २०७२।१२।२६ मा आन्तरिक राजस्व कार्यालय, कालिमाटीका एक क्यापिटल भेन्चरलाई बिक्री गरेको उल्लेख छ । पुँजीगत लाभ गणना गर्ने प्रयोजनका लागि उक्त दूरसञ्चार सेवा प्रदायक कम्पनीको शेयर स्वामित्व निसर्ग गर्दा एक विदेशी गैरबासिन्दाले अमेरिकी डलर १७० मिलियन (नेपाली रु.१ खर्ब ८० अर्ब ९८ करोड ३७ लाख ६४ हजार) तिरेको र सो को २० प्रतिशत शेयरको बिक्री मूल्य रु.३६ अर्ब १९ करोड ६७ लाख ५३ हजार हुने उल्लेख गरी संशोधित कर निर्धारण गरिएको छ ।

उक्त बिक्रीमा पुँजीगत लाभको आय विवरण पेस गर्दा बिक्रेता व्यक्तिले रु. ११ अर्ब ५७ करोड ६० लाखमा उक्त क्यापिटल भेन्चरलाई एक दूरसञ्चार सेवा प्रदायकको शेयर बिक्री गरेको उल्लेख गरी पुँजीगत लाभकर तिरेको छ । तर खरिदकर्ता क्यापिटल भेन्चरले उक्त शेयर रु.३ अर्ब ३१ करोड २४ लाख १५ हजारमा खरिद गरेको उल्लेख गरी २०७२।७३ को वित्तीय विवरणमा लगानी देखाएको छ । शेयर बिक्रेता निज व्यक्तिले आफैंले घोषणा गरी ठूला करदाता कार्यालयमा पेस गरेको आय विवरणअनुसारको बिक्री रु. ११ अर्ब ५७ करोड ६० लाख र सोही शेयर क्रेता करदाताले देखाएको लगानी रु.३ अर्ब ३१ करोड २४ लाख १५ हजारमा फरक रु.८ अर्ब २६ करोड ३५ लाख ८५ हजार सम्बन्धमा छानबिन गर्दा सो रकमलाई दफा ४०(२) अनुसार दायित्व निसर्ग वा दफा २७ (१) (क)

बमोजिम सम्पत्तिको बजार मूल्यका आधारमा प्रमाणीकरण गर्दा हुने आयमा २५ प्रतिशतले कर रु.२ अर्ब ६ करोड ५८ लाख ९६ हजार असुल गर्नुपर्ने हुन आउँछ । यसैगरी सोही कारोबार सम्बन्धमा बिक्रेताको कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले रु.३६ अर्ब १९ करोड ६७ लाख ५३ हजार बिक्री कायम गरेकोलाई आधार लिंदा करदाताले देखाएको लगानीको फरक रु.३२ अर्ब ८८ करोड ४३ लाख ३८ हजार हुन आउँछ । सो रकममा २५ प्रतिशतले रु.८ अर्ब २२ करोड १० लाख ८४ हजार कर लाग्ने देखिन्छ । यस सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ३५ अनुसार कर मुक्तिको योजना समेत बनाएको देंखिदा छानबिन गरी कर निर्धारण गर्नुपर्ने व्यहोरा औंल्याइएकोमा सम्बन्धित कार्यालयले छानबिन गरिने प्रतिक्रिया दिएको छ ।

५७. **हकप्रद शेयर मनोनयन र हस्तान्तरण -** धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १२ मा साविकको शेयरवालाले हकप्रद शेयर अन्य व्यक्तिले खरिद गर्न पाइने गरी मनोनयन गर्न सक्ने व्यवस्था छ । आयकर ऐन, २०५८ को दफा ९५क. मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निसर्गबाट बासिन्दा प्राकृतिक व्यक्तिलाई प्राप्त लाभमा ५ प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको अनुसूची-१(४) मा यस्तो लाभमा पाँच प्रतिशत कर लाग्ने व्यवस्था छ । अनुसूची-१(२) मा निकायको करयोग्य आयमा आयकर ऐन, २०५८ को दफा २७(१)(क) बमोजिम कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी भुक्तानी (कुनै एक व्यक्तिबाट सिर्जित सम्पत्ति सो सम्पत्तिको सिर्जनापछि अर्को व्यक्तिको स्वामित्वमा भएमा) गरिएको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम परिमाणीकरण गर्नुपर्ने व्यवस्था छ । विभिन्न हिताधिकारी (शेयरहोल्डर) ले मनोनयनबाट शेयरको हक हस्तान्तरण गर्दा हुने लाभ गणना तथा यस्तो लाभमा कर तिर्ने, तिराउने गरेको पाइएन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

५७.१ आन्तरिक राजस्व कार्यालय, नयाँसडकका एक करदाताले २०७३।७४ मा एक वाणिज्य बैङ्कको डिम्याट गरिएको ३ लाख ५४ हजार ५२२ र डिम्याट नगरेको १ लाख ४५ हजार ४७८ समेत ५ लाख कित्ता हकप्रद शेयर एक प्राकृतिक व्यक्तिको नाममा मनोनयन गरी हस्तान्तरण गरेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनलाइन प्रणालीबाट २०७३।७४ को पछिल्लो १८० दिनको साधारण शेयरको बजार मूल्य औसतमा रु.९३४।- रहेको देखिन्छ । हक हस्तान्तरण पाउने व्यक्तिले हकप्रद शेयर खरिद गर्न खर्च गर्नुपरेको प्रति शेयर मूल्य रु.१००।- कटाउँदा प्रतिशेयर लाभ रु.८३४।- देखिन्छ । उक्त लाभलाई आयकर ऐन, २०५८ अनुसार बजार मूल्यमा चारित्रीकरण गर्दा औसत लाभ रु.४१ करोड ७० लाखमा २५ प्रतिशत कर रु.१० करोड ४२ लाख ५० हजार र शुल्क तथा ब्याजसमेत असुल गर्न छानबिन गर्नुपर्दछ ।

५७.२ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ का एक करदाताले २०७५।७६ मा एक बीमा कम्पनीको ४ लाख ५५ हजार ९६ कित्ता शेयर एक प्राकृतिक व्यक्तिको नाममा मनोनयन गरी हस्तान्तरण गरेको छ । उक्त हकप्रद शेयरको मनोनयनबापत प्राप्त लाभ र हक हस्तान्तरण भएको महिना र गते खुलाएको छैन । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनलाइन सिष्टमबाट २०७५।७६ को पछिल्लो १८० दिनको साधारण शेयरको बजार मूल्य औसतमा रु.१०७७।२१ रहेको देखिन्छ । हक हस्तान्तरण पाउने व्यक्तिले हकप्रद शेयर खरिद गर्न खर्च गर्नुपरेको प्रति शेयर मूल्य रु.१००।- कटाउँदा प्रतिशेयर हुन आउने लाभ रु.९७७।२१ लाई आयकर ऐन, २०५८ अनुसार बजार मूल्यमा चारित्रीकरण गर्दा औसत लाभ रु.४४ करोड ४७ लाख २४ हजारमा २५ प्रतिशत कर रु.११ करोड ११ लाख ८१ हजार र शुल्क तथा ब्याजसमेत असुल गर्न छानबिन हुनुपर्ने देखिन्छ ।

५७.३ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकका एक करदाताले डिम्याट गरिएको १ लाख ३९ हजार ५६८ र नगरिएको १ लाख ७६ हजार ६३२ गरी ३ लाख १६ हजार २०० कित्ता एक बीमा कम्पनीको

हकप्रद शेयर मनोनयन गरी एक प्राकृतिक व्यक्तिको नाममा शेयर हक हस्तान्तरण भएको नेपाल धितोपत्र बोर्डको अभिलेखबाट देखिन्छ । तर उक्त शेयरको हक हस्तान्तरण वा निसर्गमा भएको लाभ खुलाएको र लाभमा कर लगाएको देखिँदैन । उक्त बीमा कम्पनीको २०७३।७४ को पछिल्लो १८० दिनको साधारण शेयरको बजार मूल्य औसतमा रु.१ हजार ७७ रहेको नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनलाइन सिष्टमबाट देखिन्छ । हक हस्तान्तरण गर्न पाउने करदाताले हकप्रद शेयर खरिद गर्न खर्च गर्नुपरेको प्रति शेयर मूल्य रु.१००।- कटाउँदा प्रतिशेयर हुन आउने लाभ रु.९७७।- लाई बजार मूल्यमा चारित्रीकरण गर्दा औसत लाभ रु.३० करोड ८९ लाख ९४ हजारमा २५ प्रतिशत कर रु.७ करोड ७२ लाख ४८ हजार र शुल्क तथा ब्याजसमेत असुल गर्न छानबिन हुनुपर्ने देखिन्छ ।

५७.४ विभिन्न कम्पनीका ३६४ हिताधिकारी प्राकृतिक व्यक्ति (शेयरहोल्डर) ले १० हजारभन्दा बढी कित्ता शेयरको २०७३।७४, २०७४।७५ र २०७५।७६ मा ३ करोड ८ लाख १९ हजार १०८ कित्ता शेयर हक हस्तान्तरण गरेको नेपाल धितोपत्र बोर्डको अभिलेखबाट देखिन्छ । सोअनुसार उपरोक्त तीन वर्षको मनोनयनबाट हक हस्तान्तरण भएको शेयरको पछिल्लो १८० दिनको साधारण शेयरको औसत बजार मूल्यका आधारमा रु. १७ अर्ब ८६ करोड १८ लाखबाट हक हस्तान्तरण पाउने व्यक्तिले हकप्रद शेयर खरिद गर्न खर्च गर्नुपरेको प्रति शेयर मूल्य रु.१००।- का दरले ३ करोड ८ लाख १९ हजार १०८ हकप्रद शेयरको खरिद मूल्य रु ३ अर्ब ८ करोड १९लाख लागत कटाउँदा हुन आउने लाभ रु.१४ अर्ब ७७ बरोड ९९ लाखमा आयकर ऐन, २०५८ अनुसार बजार मूल्यमा चारित्रीकरण गर्दा हुने ५ प्रतिशत कर रु. ७३ करोड ९० लाख र शुल्क तथा ब्याजसमेत असुल गर्न छानबिन हुनुपर्ने देखिन्छ ।

५८. **कार्गो सेवाको आयकर -** आयकर ऐन, २०५८ को दफा ७०(१) (ख) अनुसार नेपालबाट चलान गरिएको मालसामानको ओसार पसार गर्दा हुने अन्तर चलानमा गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । भिविन्न ५ आन्तरिक राजस्व कार्यालयअन्तर्गतका १४ करदाताले २०७४।७५ मा विभिन्न जहाज कम्पनीमार्फत् कार्गो ढुवानी गरी रु.३ अर्ब ३६ करोड ५ लाख भुक्तानी गरेकोले सो सम्बन्धमा छानबिन गरी छुट भएको कर रु.१६ करोड ८० लाखमा शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

५९. **हवाई सेवा सञ्चालनमा कर -** आयकर ऐन, २०५८ को दफा ७० अनुसार नेपालबाट प्रस्थान हुने यात्रुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । जसअनुसार नेपालबाट उडान भर्ने एअरलाइन्सको टिकट जुनसुकै देशबाट जारी भएपनि नेपालबाट प्रस्थान हुने यात्रुको आधारमा हवाई सेवामा कर लाग्ने देखिन्छ ।

आन्तरिक राजस्व कार्यालय पुतलीसडकको कार्यक्षेत्रका ५ हवाई कम्पनीले २०७४।७५ मा नेपालबाट उडान भर्दा प्राप्त तथ्याङ्कको आधारमा निम्नानुसार घटी कर दाखिला गरेको पाइएकोले रु.३४ करोड ३७ लाख ५१ हजार छानबिन गरी कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

(रु.हजारमा)

| हवाइ कम्पनी र उडान भर्ने स्थान | उडान भरेको यात्रु | औसत भाडा (रु.) | ५ प्रतिशतले हुने कर (रु.) | दाखिला | घटी दाखिला |
|---|---|---|---|---|---|
| अबुधाबी उडान गर्ने एक एयरवेज | ६३८४६ | ५९७५२ | १९०७४६ | ७०८५३ | ११९८९३ |
| भुटान उडान गर्ने एक एयरवेज | २२२१० | १७५६० | १९५०० | ८१९ | १८६८१ |
| ढाका उडान गर्ने एक विमान | ३७७६० | २१८७९ | ४१३०८ | १२७०२ | २८६०६ |
| सिंगापुर उडान गर्ने एक विमान | ३६४१६ | ७६९८६ | १४०१७६ | ५०३४३ | ८९८३३ |
| यू.ए.ई. उडान गर्ने एक एयरवेज | १०८४३० | २१५०० | ११६५६२ | २९८२४ | ८६७३८ |
| **जम्मा** | | | | | **३४३७५१** |

माथिको तथ्याङ्कमा तिर्नुपर्ने कर पहिलो गन्तव्यसम्मको मात्र गणना गरिएको छ । नेपालबाट उडान भएकोमा कनेक्टिङ फ्लाइटबाट दोस्रो गन्तव्यको भाडा रकम थप गर्दा माथि उल्लिखित रकम अझै बढी आउने देखिएकोले सो समेत छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । उपर्युक्त बाहेक अन्य हवाई कम्पनीको समेत छानबिन हुनुपर्दछ ।

६०. **सुनको आय -** आयकर ऐन, २०५८ को दफा २ (द) मा व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात बाहेकका जग्गा, भवन र कुनै निकायमा रहेको हित वा सुरक्षणलाई गैर व्यावसायिक करयोग्य सम्पत्तिमा उल्लेख गरी यस्ता सम्पत्तिको निसर्गबाट हुने लाभमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ९५ क अनुसार शेयरको बिक्रीमा समेत न्यूनतम ५ प्रतिशत पुँजीगत लाभकर लाग्ने व्यवस्था छ । सुन चाँदीलगायत जवाहरत, धातु र बहुमूल्य वस्तु एवं त्यससम्बन्धी गहनाको निसर्गबाट हुने लाभमा कर लाग्ने व्यवस्था छैन । अन्य मुलुकमा यस्ता सम्पत्तिहरुको हस्तान्तरणबाट हुने लाभमा कर लाग्ने व्यवस्था छ । ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय नयाँसडक र ठमेलअन्तर्गतका २२ करदाताहरुले बैकिङ्ग माध्यमबाट भन्दा पनि ठूलो परिमाणमा निजी व्यक्ति र व्यवसायीबाट सुन खरिद गरेको देखियो । बैङ्क तथा वित्तीय संस्थाबाट खरिद गरेको रु ४ अर्ब ३९ करोड ९३ लाख ती करदाताले बिक्रीमा समावेश गरी कर तिर्ने भए पनि व्यक्तिगत तबरबाट सुन बिक्री गरेकोमा त्यस्ता व्यक्तिबाट कर असुलको अवस्था छैन । सो कारोबारमा समेत आय आर्जन हुने भएकाले यसवर्ष केही करदाताको नमूना छनौट गरी परीक्षण गर्दा रु.६ अर्ब ९७ करोड ७७ लाखको व्यक्तिगत तवरबाट सुन खरिद बिक्री भएको देखिन्छ । निश्चित परिमाण वा रकमभन्दा बढी सुनको कारोबारलाई करको दायरामा ल्याई खरिदको आय स्रोत सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

६१. **नियन्त्रणमा परिवर्तन -** आयकर ऐन, २०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निसर्ग गरेको मानिने, त्यस्तो निसर्गलाई दफा ४१ अनुसार थमौती सहितको निसर्ग मानिने, दफा ५७(३) अनुसार स्वामित्व परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० अनुसार कट्टी गर्न नपाउने र निसर्ग हुँदा सम्पत्तिको हकमा बजार मूल्यअनुसार मूल्याङ्कन भएको र दायित्वको हकमा बजार मूल्यअनुसारको निसर्ग भएको मानिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्ः

६१.१ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गतका लगानीसम्बन्धी कारोबार गर्ने एक प्राइभेट लिमिटेड कम्पनीको २०६६।३।२२ मा पहिलो पटक ५० प्रतिशतभन्दा बढीको स्वामित्व परिवर्तन भएको छ । त्यस पश्चात २०७१।९।२ मा पुनः ५० प्रतिशत भन्दा बढीको स्वामित्व परिवर्तन भएको छ । यसरी स्वामित्व परिवर्तन हुँदा ऐनको दफा ५७(३) को व्यवस्था अनुसार सो आय वर्षको स्वामित्व परिवर्तन अघि र पछिको भागलाई छुट्टा छुट्टै आयवर्ष मानी आय विवरण पेस गर्नुपर्नेमा गरेको छैन । पछिल्लो पटक ५१ प्रतिशत शेयर स्वामित्व परिवर्तन हुँदा करदाताको अन्तिम मौज्दातको रुपमा रु.११ करोड ८८ लाख ५० हजारको एक सूचीकृत कम्पनीको साधारण शेयर ३ लाख ४३ हजार ६९६ र प्रोमोटर्स शेयर ९ लाख ४ हजार २२८ समेत १२ लाख ४७ हजार ९२४ शेयर रहेको देखिन्छ । उक्त शेयरको सम्बन्धित दिनको औसत बजार मूल्यले हिसाब गर्दा रु.४५ करोड ९ लाख ४४ हजार मूल्याङ्कन हुने देखिन्छ । सो मूल्यबाट करदाताले देखाएको अन्तिम मौज्दात घटाउँदा रु.३३ करोड २० लाख ९४ हजार लाभ हुन आउँछ । ऐनको दफा ५७(३) अनुसार आयमा समावेश गरी आय विवरण पेस नगरेको उक्त लाभमा ऐनको अनुसूची १ अनुसार २५ प्रतिशत कर रु.८ करोड ३० लाख २४ हजारमा ब्याज तथा शुल्क एवँ अघिल्लो पटकको स्वामित्व परिवर्तन हुँदाको समयको समेत कर निर्धारण हुनुपर्दछ ।

६१.२ आन्तरिक राजस्व कार्यालय, नयाँसडकका एक फर्ममा २०७१।७२ सम्म ७९.२० प्रतिशत शेयर स्वामित्व एक मौरीसस कम्पनीको रहेको व्यहोरा उल्लिखित दुवै कम्पनीको प्यारेन्ट कम्पनी एक लिमिटेड इण्डियाको ३१ मार्च २०१५ को एकीकृत वित्तीय विवरणबाट देखिन्छ । तर २०७२।७३ देखि उक्त मौरीसस लिमिटेडबाट शेयर स्वामित्व सबै एक लिमिटेड इण्डियामा आइसकेको व्यहोरा सो कम्पनीको ३१ मार्च २०१६ को वित्तीय विवरणबाट देखिन्छ । सर्वोच्च अदालतको बृहद इजलासबाट २०७५।१०।२३ मा भएको फैसलाको पृष्ठ ३० मा शेयरको खरिद बिक्रीमा बासिन्दा कम्पनी रहेको मुलुकको कानुनी दायित्वबाट उम्कन माध्यम कम्पनी खडा गरिन्छन् भन्ने उल्लेख छ । यसरी नेपालको एक फर्मको ५० प्रतिशतभन्दा बढी शेयर स्वामित्व एक मौरीसस लिमिटेडबाट एक भारतीय कम्पनीमा हस्तान्तरण भै दफा ५७ बमोजिम नियन्त्रणको परिवर्तन भएको देखिन्छ । उक्त फेमको २०७१।७२ को वित्तीय विवरणअनुसार रु.४ करोड ७७ लाख ५० हजारको जग्गासहित जम्मा रु.३८ करोड ८ लाख २३ हजारको स्थिर सम्पत्ति रहेको देखिन्छ । तर दफा ५७ अनुसार स्वामित्व परिवर्तनमा सम्पत्ति वा दायित्वको निसर्ग मानेर कर निर्धारण गरेको छैन । साथै सोही दफाअनुसार यसरी स्वामित्व परिवर्तनपछि स्वामित्व परिवर्तन हुनुभन्दा अघिल्लो अवधिको व्यवसायको नोक्सानी जिम्मेवारी सार्न नपाइनेमा यस्तो नोक्सानी रु.२ करोड १७ हजार जिम्मेवारी सारेको छ । यसैले दफा ५७ अनुसार सम्पत्ति वा दायित्वको निसर्गमा हुने खुद लाभ अनुसार आय गणना गरी कर निर्धारण हुनुपर्ने तथा अघिल्लो अवधिको नोक्सानी कट्टी गरेको रकम समेत अमान्य गर्नुपर्दछ ।

६१.३ आन्तरिक राजस्व कार्यालय, पोखराका एक रिसोर्टको २०७५।३।१३ मा ५० प्रतिशतभन्दा बढी स्वामित्व परिवर्तन भएको छ । वित्तीय विवरणअनुसार स्थिर सम्पत्तिमध्ये २०७३ मा खरिद जग्गा गत वर्ष रु.६ करोड ५५ लाख ८९ हजार रहेको छ । करदाताले स्वामित्व परिवर्तन भएको २०७४।१२।१३ मा जग्गाको पुनर्मूल्याङ्कन गरी लेखाङ्कन गर्नुपर्नेमा गरेको देखिँदैन । तसर्थ उक्त जग्गाको पुनर्मूल्याङ्कन गरी लाभ यकिन गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

६२. **स्रोतको छानबिन** - आयकर ऐन, २०५८ को दफा ११ख मा राष्ट्रिय महत्वका पूर्वाधार विकास आयोजना तथा तीन सय जनाभन्दा बढी स्वदेशी कामदारलाई रोजगारी दिने र पचास प्रतिशतभन्दा बढी कच्चा पदार्थ उपयोग गर्ने उत्पादनशील उद्योग (चुरोट, बिडी, सिगार, खानेसुर्ती, खैनी, गुड्का, पान मसला, मदिरा र बियर उद्योगबाहेक) मा लगानीको आयस्रोत नखोजिने व्यवस्था छ । स्रोत वृद्धि सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ११ख बमोजिम छानबिन गरी स्रोतको वैधता सम्बन्धमा यकिन हुनुपर्दछ । आन्तरिक राजस्व विभागको २०६९।९।२९ को परिपत्रबाट समेत सञ्चालकबाट प्राप्त सापटीको रकम बैङ्कमार्फत् प्राप्त हुनुपर्ने, सापटीको स्रोत यकिन गरी सापटी लगानीको रकममा कानुनअनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नुपर्ने उल्लेख गरेको छ । ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय बानेश्वर, कालिमाटी र भरतपुरका २२ करदाताको शेयर पुँजी पेस्की रु.१ अर्ब ५८ करोड ८६ लाख २५ हजार, ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय बानेश्वर, कालिमाटी, भैरहवा, चितवनका २८ करदाताको शेयर पुँजी थप रु.१ अर्ब ९५ करोड ४९ लाख ३२ हजार र ठूला करदाता कार्यालय, हरिहरभवन र आन्तरिक राजस्व कार्यालय बानेश्वर, कालिमाटी, भैरहवा, चितवन, विराटनगरका २७ करदाताको सञ्चालक सापटी रु.११ अर्ब ३५ करोड ६ लाख ८८ हजार गरी जम्मा रु.१४ अर्ब ८९ करोड ४२ लाख ४५ हजार सञ्चालकले व्यवसायमा लगानी गरेकोमा उक्त रकमको आयकर ऐन, २०५८ को दफा ११ख बमोजिम स्रोत खोज्नुपर्ने र बैंकिङ्ग प्रणालीमार्फत् आए नआएको सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन्:

६२.१ आन्तरिक राजस्व कार्यालय, बानेश्वरअन्तर्गतका एक टेलिकम्युनिकेसन सम्बद्ध करदाताले सञ्चालक सापटीअन्तर्गत एक विदेशी गैरबासिन्दाबाट रु.६ अर्ब १० करोड ४४ लाख र अर्को एक विदेशी लिमिटेड कम्पनीबाट रु.१ अर्ब ५२ करोड ६१ लाखसमेत जम्मा रु.७ अर्ब ६३ करोड ५ लाख प्राप्त गरेको देखिन्छ । उक्त रकमको स्वीकृति उद्योग विभाग र नेपाल राष्ट्र बैङ्कबाट भएको देखिएन । उक्त करदाताको रु.२ अर्ब १६ करोड ३२ लाख ९ हजार (अमेरिकी डलर २१.९३ मिलियन) बैङ्क मौज्दात रहेको देखिन्छ । यस सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ११ख बमोजिम स्रोत छानबिन गर्ने एवं त्यसबाट सिर्जना हुने कर दायित्व यकिन गर्नुपर्दछ ।

६२.२ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतका एक एग्रो मिल्सको २०७४।७५ को पूर्ण करपरीक्षण प्रतिवेदनअनुसार २०७३।७४ मा ९ जना सञ्चालकको शेयर लगानी रु.६ करोड रहेकोमा यस वर्ष रु.३ करोड वृद्धि गरी शेयर रु.९ करोड पुगेको छ । यस वर्ष ३ जना सञ्चालकले शेयर फिर्ता लिएको र ६ जना सञ्चालकले रु.४ करोड २५ लाख शेयर थप गरेका छन् । आयकर ऐन, २०५८ को दफा ११ख मा समावेश भएको व्यवसायअन्तर्गत करदाताको व्यवसाय नपर्ने हुँदा उक्त रकमको स्रोत छानबिन गरी कर दायित्व यकिन गर्नुपर्ने देखिन्छ ।

६२.३ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतका एक किराना स्टोर्सले २०७४।७५ मा सञ्चालकबाट रु.४ करोड १९ लाख ९० हजार सापटी लिएको देखिन्छ । स्रोतको सम्बन्धमा सञ्चालककी आमाको नाममा रहेको ललितपुर उपमहानगरपालिका १४ को जग्गा र घर २०७२।१२।३ मा एक बचत तथा ऋण सहकारी संस्थालाई बिक्री गरेको देखाई प्राप्त रु.२ करोड ३० लाख र एक कोअपरेटिभ सोसाइटीबाट १० जना सदस्यहरुको अनुरोधमार्फत् रु.२ करोड ५० लाख ऋण लिएको उल्लेख छ । साथै आमाको जग्गा बिक्रीको रकम गत विगत वर्षमा नै प्राप्त भएको र उक्त रकम बैकिङ्ग कारोबारमार्फत् प्राप्त भएको आधार पेस नभएकाले उक्त रकमको भरपर्दो स्रोत पुष्टि भएको देखिएन । कार्यालयले सो सम्बन्धमा पूर्ण करपरीक्षणमा उल्लेख गरेको छैन । तथ्यगत स्रोत नभएको र सो रकम कर तिरेपछिको भन्ने समेत नखुलेकाले छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

६३. **सिमेन्ट उद्योगको उत्पादनशीलता -** सिमेन्ट उत्पादनमा प्रयोग हुने क्लिङ्कर, चून, ढुङ्गा र अन्य कच्चा पदार्थको मिश्रणलाई भट्टीमा १ हजार ४५० डिग्री सेन्टिग्रेडसम्मको तातोमा क्याल्सिनेसन र सिन्टरिङको प्रक्रियाबाट सिमेन्ट तयार हुन्छ । क्लिङ्करलाई ग्राइन्डिङ्ग मिलमा पिँध्दा सोको तौलमा ह्रास हुने स्थिति नरहेकोले प्रयोग भएको पदार्थको परिमाणको शतप्रतिशत नै उत्पादन हुने देखिन्छ । नगण्य मात्रामा अन्य सहायक पदार्थको वजनमा ह्रास भए पनि उत्पादनका क्रममा क्लिङ्कर र सहायक पदार्थको मिश्रणलाई पिध्दा ग्रयान्डिङ्ग मिलमा फलामको मेडिया बल पिँध्ने क्रममा खिइने र यसरी खिएको बलको फलामको धूलो पनि सिमेन्टमा नै मिश्रण हुने हुनाले कच्चा पदार्थको खपत परिमाणअनुसार नै उत्पादन हुनुपर्दछ । कर परीक्षण गरिएका फाइलको अध्ययन गर्दा सरकारको स्वामित्वमा रहेका दुई सिमेन्ट उद्योगले क्लिङ्करको खपतबाट शतप्रतिशत परिमाणमा सिमेन्टको उत्पादन गरेका र निजी क्षेत्रबाट सञ्चालित १ उद्योगले पनि २०७३।७४ मा शतप्रतिशत नै उत्पादन गरेको पाइयो ।

ठूला करदाता कार्यालयको क्षेत्राधिकारका ६ करदाताले सोअनुसार शतप्रतिशत उत्पादन नदेखाई ३८ हजार ८९५ मेट्रिकटन सिमेन्टको उत्पादन घटी देखाएकोले सोमा लाग्ने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर रु.७ करोड ४० लाख ९२ हजार र करदाताको करयोग्य आयमा समावेश नभएको बिक्री रु.५० करोड ९० लाख ८६ हजारका सम्बन्धमा छानबिन गर्नुपर्दछ । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनउपर छलफल गरी २०७६ श्रावणमा उद्योग मन्त्रालयको समन्वयमा विद्यमान जर्तीको मापदण्डमा सुधार गर्नुपर्ने निर्देशन दिएकोले नर्म्समा सुधार गर्नुपर्दछ ।

६४. **थ्रेसहोल्ड भन्दा बढीको कारोबार (डे १) -** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिनाभित्र दफा ९७, ९८, १०० को अधीनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा ४ बमोजिम रु.२ लाख रुपैयाँ आय र व्यवसायको कारोबार रु.२० लाख रुपैयाँभन्दा बढी नभएको करदाताले डे १ कर विवरण बुझाउन पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरका २ करदाताले २०७४।७५ मा डे १ कर विवरण दाखिला गरेको देखिन्छ तर मिसम्याच तथ्याङ्कबमोजिम रु.५ करोड ४३ लाख ७९ हजार खरिद गरेको देखिन्छ । यसरी निज करदाताहरुको कारोबार हेर्दा थ्रेसहोल्ड नाघेको र मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता हुनुपर्नेमा दर्ता नभएकाले छानबिन गरी आयकरतर्फ रु.११ लाख ४ हजार र मूल्य अभिवृद्धि करतर्फ रु.७० लाख ६९ हजार गरी जम्मा रु.८१ लाख ७३ हजार असुल गर्नुपर्दछ ।

६५. **आय लेखाङ्कन -** आयकर ऐन, २०५८ को दफा ७(१) मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभ सो व्यक्तिको सो व्यवसायको सो वर्षको आय हुने उल्लेख छ । त्यस्तै अनुसूची १ को दफा २(६) मा कुनै आय वर्षमा कुनै गैरबासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । मध्यमस्तरीय करदाता कार्यालयका ३ र आन्तरिक राजस्व कार्यालय, बानेश्वरका एक करदाताले एक हाइड्रोपावर कम्पनीको निर्माण कार्य गर्नका लागि नेपाली रुपैयाँ र वैदेशिक मुद्रामा ठेक्का सम्झौता गरेको देखिन्छ ।

ती करदाताहरुले पेस गरेको आय विवरणमा नेपाली अंशको मात्र आय देखाएको छ । करदाताले स्थायी लेखा नम्बर लिएर नेपाली रुपैयाँ एवं वैदेशिक मुद्रामा भुक्तानी लिने गरी सम्झौता गरेको र भुक्तानीसमेत लिएको तर आय विवरणमा नेपाली अंश मात्र समावेश गरेको छ । वैदेशिक मुद्रामा भुक्तानी गरेको अंशमा भुक्तानी दिने कम्पनीले अग्रिम कर कट्टासमेत गरेको छैन । तसर्थ ती करदाताले देहायअनुसार २०७६ आषाढ मसान्तसम्म रु.१५ अर्ब ९० करोड ९९ लाख ५६ हजार भुक्तानी लिएकोमा न्यूनतम रुपमा कारोबारमा आधारित करको दर १.५ प्रतिशतले पनि रु.२३ करोड ८६ लाख ४९ हजार असुल हुनुपर्नेमा रु.५ करोड ६ लाख ९९ हजार असुल गरेकाले बाँकी रु. १८ करोड ७९ लाख ५० हजार छानबिन गरी असुल हुनुपर्दछ ।

(रकम हजारमा)

| कार्यालय | करदाता | २०७६ आषाढ मसान्तसम्मको भुक्तानी (वैदेशिक मुद्रा) | २०७६ आषाढ मसान्तको विनिमय दर | जम्मा भुक्तानी रु. | १.५ प्रतिशतले हुने कर रु. | असुल भएको कर | थप असुल हुनुपर्ने |
|---|---|---|---|---|---|---|---|
| बानेश्वर | एक इन्जिनियरिङ्ग कम्पनी | युरो ८०४६ | १२४.०१ | ९९७७३३ | १४९६६ | ६१८ | १४३४८ |
| मध्यमस्तरीय | एक इन्टरनेशनल जे.भी. | अमेरिकी डलर ३०२५३ | १०९.९६ | ३३२६६१० | ४९८९९ | ४४१५९ | ५७४० |
| | एक हाइड्रो कम्पनी | अमेरिकी डलर ९०३५० | १०९.९६ | ९९३४८६५ | १४९०२३ | ५६१९ | १४३४०४ |
| | एक अर्को इन्टरनेसनल | अमेरिकी डलर १५०१२ | १०९.९६ | १६५०७४८ | २४७६१ | ३०३ | २४४५८ |
| | | | जम्मा | १५,९०,९९,५६ | २३,८६,४९ | ५,०६,९९ | १८,७९,५० |

६६. **घटी आय देखाएको -** आयकर ऐन, २०५८ को दफा ७ मा कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभहरु सो व्यक्तिको सोही वर्षको आय हुने व्यवस्था छ । घटी आय देखाएको सन्दर्भमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्:

६६.१ आन्तरिक राजस्व कार्यालय, दमकका एक ट्राभल्स कम्पनीले २०७१।७२ मा रु.२९ करोड ७६ लाख १७ हजारको खरिदबापत एक ट्रेडिङ्ग इन्टरप्राईजेजबाट रिचार्ज कार्डको कारोबारमा रु.१ करोड ४८ लाख १७ हजार कमिसन आय प्राप्त गरेको देखिन्छ । उक्त कमिसनमा रु.२ लाख २२ हजार अग्रिम कर कट्टी दाबी गरेको छ । करदाताले कमिसनलाई आयमा समावेश गरेको देखिएन । कमिसनलाई आयमा समावेश गरी सोमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशत कर रु.३७ लाख ४ हजार र सो मा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

६६.२ नयाँ र पुराना मोटरसाइकल खरिद गरी बिक्री गर्ने ठूला करदाता कार्यालयअन्तर्गतको एक करदाताले २०७२।७३ मा रु.६१ करोड ४६ लाख १४ हजार कारोबार देखाएको मध्ये रु.१ करोड ५६ लाख ३७ हजार मूल्यका १७२ वटा पुराना मोटरसाइकल खरिदसम्बन्धी विवरण पेस गरेको छ । पुराना मोटरसाइकल खरिद बापतको लागत समावेश गरेको तर त्यसको बिक्री गरेको आम्दानी नदेखाएको एवं मौज्दात समेत रहेको पाइएन । तसर्थ पुराना मोटरसाइकलको खरिद मूल्यको आधारमा त्यसलाई करदाताको मार्क अप ५.३५ प्रतिशतले हुने बिक्री आय रु.१ करोड ६४ लाख ७३ हजारको मूल्य अभिवृद्धि कर रु.२१ लाख ४१ हजार हुने देखिन्छ । खरिदमा समावेश गरी बिक्रीमा समावेश नगरेको उक्त वस्तुको बिक्री आयलाई खुद आय मानी आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशत कर रु.४१ लाख १८ हजारसमेत रु.६२ लाख ६० हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल हनुपर्दछ ।

६७. **क्यासिनोको लगानी -** आयकर ऐन, २०५८ को दफा २१ बमोजिम रु.२० लाख भन्दा बढीको कारोबार गर्ने करदाताले एक पटकमा रु. ५० हजारभन्दा बढी नगदमा भुक्तानी गर्दा खर्च कट्टी गर्न नमिल्ने व्यवस्था छ । दफा ९ अनुसार लगानी आयको छुट्टै आय विवरण पेस गर्नुपर्दछ । आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गतका क्यासिनो सञ्चालन गर्ने करदाताले विगत ४ वर्षको औसतमा नगद तथा बैङ्कको अन्तिम मौज्दात रु.३० करोड ३० लाख ८७ हजार देखाएको मध्ये नगद मौज्दात रु.१९ करोड २९ लाख ४७ हजार देखिन्छ । करदाताले २०७४।७५ मा रु.२१ करोड २५ लाख लगानी देखाएको छ । क्यासिनोको काम कानुनबमोजिम जुवा खेलाई आम्दानी गर्नुपर्नेमा ठूलो रकम लगानी र नगद मौज्दातमा देखाएको छ । लगानी बैङ्कमार्फत् गरेको छैन भने सो बापत आम्दानी समेत देखाएको छैन । करदाताको वित्तीय विवरणमा ब्याज आम्दानी रु.३८ लाख ५९ हजार देखाएको छ । औसत नगद मौज्दात ठूलो रहेको र उद्देश्य विपरीत रु.२१ करोड २५ लाख लगानी देखाएकोले आयकर ऐन, २०५८ को दफा ४० बमोजिम सम्पत्ति दायित्वको निसर्ग सम्बन्धी छानबिन गरी सोही ऐनको अनुसूची १ बमोजिम २५ प्रतिशतले हुने रु.५ करोड ३१ लाख छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

६८. **विदेशी संस्थाबाट अनुदान -** आयकर ऐन, २०५८ को दफा ७(२)(ङ) मा व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार व्यवसायको आयमा समावेश गरिने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय ललितपुर २ अन्तर्गतका स्कुल सञ्चालन गर्ने करदाताले २०७३।७४ मा एक विदेशी संस्थाबाट रु.३८ करोड ८२ लाख ८१ हजार पुँजीगत अनुदानको रुपमा प्राप्त गरेको छ । यस्ता रकम व्यवसायको करयोग्य आयमा समावेश गर्नुपर्ने देखिन्छ । आयकर ऐनले कर छुट नदिएको र करयोग्य आयमा समावेश नगरेको यस्तो रकम आयमा समावेश गरी करदाताले देखाएको नोक्सानी रु.१ करोड ७ लाख ४ हजार समायोजन पश्चात बाँकी हुने आय रु.३७ करोड ७५ लाख ७७ हजारमा ऐन अनुसार २५ प्रतिशत कर रु.९ करोड ४३ लाख ९४ हजार र शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

६९. **रोजगारीको आयमा खर्च दाबी -** आयकर ऐन, २०५८ को दफा ८(२) ले रोजगारदाताहरुबाट कुनै आय वर्षमा प्राप्त ज्याला, तलबलगायतका सबै सुविधा बापतको रकमलाई पारिश्रमिकमा गणना गर्नुपर्ने व्यवस्था छ । निजी क्षेत्रका ठूला अस्पतालहरुले चिकित्सक तथा अन्य पदाधिकारीलाई अस्पतालमा काम गरे बापतको पारिश्रमिकलाई परामर्श सेवाको रुपमा खर्च लेखी १५ प्रतिशत अग्रिम कर कट्टा गरेको छ । अस्पतालबाट प्राप्त रकमलाई आयमा देखाई आय विवरण दाखिला गर्ने परामर्शदाता चिकित्सकले अस्पतालमा सेवा दिँदा अन्य स्रोत साधन र सहयोगी कर्मचारीको सेवा सुविधाको रकम अस्पतालले नै व्यहोर्ने अवस्थामा पुनः परामर्श प्रदान गर्ने चिकित्सकले आफूले छुट्टै कर्मचारी राखेको उल्लेख गरी खर्च दाबी गरेको देखिन्छ ।

अस्पतालको सामग्री, भौतिक पूर्वाधार र सहयोगी जनशक्ति प्रयोग गरी रोजगारीको हैसियतबाट पारिश्रमिक प्राप्त गरेको अवस्थामा अन्य खर्च दाबी गर्न मिल्ने देखिँदैन । अस्पताल र चिकित्सकबीचको सम्झौतामा समेत सामग्री, भौतिक पूर्वाधार र जनशक्ति चिकित्सकले राख्नुपर्ने व्यवस्था छैन । तसर्थ चिकित्सकले एउटै अस्पतालबाट लिएको रकमलाई आय देखाएको अवस्थामा खर्च कट्टी लिएको नपाउने देखिन्छ । तसर्थ सो सम्बन्धमा छानबिन गरी अस्पतालबाट प्राप्त आय मात्र देखाई आय विवरण पेस गर्ने ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय बानेश्वर, त्रिपुरेश्वर, चाबहिल, बत्तीसपुतली, टंगाल, ललितपुर १, पोखराअन्तर्गत रहेका २८ चिकित्सकहरुलाई रु.३१ करोड २६ लाख ४ हजार रोजगारीको आयलाई परामर्श सेवा आय देखाई २०७४।७५ मा रु.१३ करोड २३ लाख ५५ हजार नपाउने खर्च कट्टी लिएकाले सो अमान्य गरी सोही ऐनको अनुसूची १ बमोजिम ३५ प्रतिशत कर रु.४ करोड ६३ लाख २४ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

७०. **घर जग्गा व्यवसायमा कर -** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

७०.१ आयकर ऐन २०५८ को दफा २(द) मा गैरव्यावसायिक करयोग्य सम्पत्ति भन्नाले व्यावसायिक कारोबारसँग असम्बन्धित तर करयोग्य सम्पत्ति मान्नुपर्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, भैरहवाअन्तर्गतका एक करदाताले २०७३।७४ मा जग्गा बिक्री गरी व्यावसायिक कारोबार गरेको सम्बन्धमा घोषणा गरेको मुनाफा रु.७ करोड ५ लाख ६९ हजारमा गैरव्यावसायिक करयोग्य सम्पत्ति उल्लेख गरी ५ प्रतिशत कर तिरेको तर उक्त बिक्री व्यावसायिक कारोबारसँग सम्बन्धित बिक्री देखिँदा छानबिन गरी नपुग कर रु.२ करोड १८ लाख १७ हजार र सोको ब्याजसमेत असुल गर्नुपर्दछ ।

७०.२ मालपोत कार्यालय सुनसरी, कैलाली र ललितपुरले उपलब्ध गराएको विवरणअनुसार २०७४।७५ मा आन्तरिक राजस्व कार्यालय, ललितपुर १, धरान र धनगढीका देहायका व्यावसायिक कारोबार गर्ने ४ करदाताले मालपोत कार्यालयबाट बिक्री गरेको जग्गा तथा सम्पत्तिको बिक्री आम्दानी रु.३० करोड ८० लाख ८२ हजार आय विवरणमा समावेश गरेको नदेखिएकोले सोलाई करयोग्य आयमा समावेश गरी लाग्ने कर रु.७ करोड १२ लाख ६२ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

(रु. हजारमा)

| आ.रा.का. | करदाता | मालपोतमा पेस गरेको | आय विवरणमा समावेश | फरक रकम | कर |
|---|---|---|---|---|---|
| ललितपुर १ | एक रेजिडेन्सी प्रा.लि. | ७४७२४३ | ५१४८१९ | २३२४२४ | ५८१०६ |
| | एक रियल स्टेट प्रा.लि. | ६३३० | २४५७ | ३८७३ | ९६८ |
| | एक आवास कम्पनी प्रा.लि. | ११५३१ | ९२५० | २२८१ | ५७० |
| | एक इन्फ्रास्ट्रक्चर प्रा.लि. | ११६७० | ०.०० | ११६७० | २९१८ |
| धरान | एक एकेडेमी | २५३३४ | ०.०० | २५३३४ | ३८०० |
| धनगढी | एक फुड प्रोडक्ट | ३२५०० | ०.०० | ३२५०० | ४९०० |
| | **जम्मा** | | | **३०८०८२** | **७१२६२** |

७१. **दीर्घकालीन करार -** आयकर ऐन, २०५८ को दफा २६(क) उपदफा (१) र आयकर निर्देशिका २०७३ को परिच्छेद २० बुँदा २०.१४.१ मा दीर्घकालीन करारको आयमा कट्टी हुने रकम तथा बुँदा २०.१३ मा दीर्घकालीन करारको सम्पन्न प्रतिशतका आधारमा आय लेखाङ्कन हुने व्यवस्था गरेको छ । आन्तरिक राजस्व कार्यालय टंगालको एक कन्स्ट्रक्सन कम्पनीले २०७१।७२ देखि २०७४।७५ सम्म जम्मा रु.१ अर्ब ५९ करोड ५९ लाख ७२ हजार आय लेखाङ्कन गरेको छ । करदाताको कार्यसम्पन्न विवरणअनुसार २०७४।७५ सम्मको करार मूल्य रु.५ अर्ब ५० करोड ८९ लाख ५५ हजार देखाएकोमा लागततर्फ २०७३।७४ र २०७४।७५ मा थप अनुमानित लागत रु.१ अर्ब ७३ करोड ४५ लाख ८८ हजार उल्लेख गरी जम्मा अनुमानित लागत रु.७ अर्ब ६ करोड ४९ लाख ७६

हजार भएको देखाएको छ । करदाताले संशोधित लागत अनुमानको आधारमा कार्य सम्पन्न प्रतिशत २४.६६ निर्धारण गरेको तर आय गणना गर्ने क्रममा संशोधन भई वृद्धि भएको ठेक्का रकम समावेश नगरी २०७४।७५ सम्मको आय रु.१ अर्ब ५९ करोड ५९ लाख ७२ हजारमात्र आयमा लेखाङ्कन गरेको छ । तसर्थ वृद्धि भएको ठेक्का रकममा कार्यसम्पन्न प्रतिशत २४.६६ गणना गर्दा हुन आउने आय रु.१ अर्ब ७८ करोड ६२ लाख ५८ लाख लेखाङ्कन गर्नुपर्नेमा करदाताले रु.१ अर्ब ५९करोड ५९ लाख ७२ हजार मात्र लेखाङ्कन गरेको देखिँदा रु.१९ करोड २ लाख ८५ हजार न्यून आय देखाएको पाइयो । तसर्थ दीर्घकालीन करारअनुसार आयमा लेखाङ्कन गर्न छुटाएको रकमलाई करदाताले देखाएको नोक्सानी रु.४८ करोड १२ लाख ६ हजारमा समायोजन गर्नुपर्ने देखिन्छ ।

७२. **व्यावसायिक आय -** आयकर ऐन, २०५८ को दफा ९२ अनुसार व्यवसाय सञ्चालन गरिरहेको बाहेक प्राकृतिक व्यक्तिले जग्गा वा घर बापतको भाडा भुक्तानीमा कट्टा गरिने कर अन्तिम कर कट्टी मानिने व्यवस्था छ । आयकर निर्देशिका, २०७३ को उदाहरण नं. २१.२.२ मा घरभाडामा लगाई सक्रिय रुपमा त्यस्को व्यवस्थापन गरेको देखिएकामा निजको आय व्यावसायिक करयोग्य आय मानिने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, कलंकीका एक करदाताले एकभन्दा बढी भवन भाडामा लगाई त्यसमा निरन्तर सहभागिता जनाउँदै आएकोमा व्यावसायिक आयको रुपमा कर गणना गरी सो अनुरुप कर तिरेको देखिएन । तसर्थ व्यावसायिक आय रु.२ करोड ४३ लाख ७ हजार आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ अनुसार लाग्ने कर रु.५७ लाख १६ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

७३. **आयकरतर्फ नन्-फाइलर -** आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिनाभित्र दफा ९७, ९८ र १०० को अधीनमा रही आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयका देहायका करदाताहरु २०७४।७५ देखि नन्-फाइलर रहेका देखिन्छन्ः

(रु. हजारमा)

| क्र.सं. | करदाता | कारोबार रकम | गत आ.ब.को मुनाफा प्रतिशत | मुनाफा रकम |
|---|---|---|---|---|
| १. | एक ग्रुप प्रा.लि. | १२४०८२१ | ३.२१ | ३९८३० |
| २. | एक कम्पनी लि. | १३५२८१२ | ४.५६ | ६१६८८ |
| ३. | एक कम्पनी लि. | ८८८३६५ | ३०.९४ | ३४५५४० |
| ४. | एक टेक्टर सप्लायर्स | १०९५०७९ | १२.३१ | १३४८०४ |
| ५. | एक प्रा.लि. | ७२१२७ | ७.२ | ५१९३ |
| | **जम्मा** | ४,६४,९२,०४ | | ४६,७०,५६ |

ती करदाताहरुले मूल्य अभिवृद्धि करतर्फ विवरण पेस गरे तापनि आयकरतर्फ विवरण पेस गरेको छैन । करदाताको २०७४।७५ को रिटर्न डिटेल अनुसारको कारोबार अङ्क रु.४ अर्ब ६४ करोड ९२ लाख ४ हजारको लाग्ने कर असुल भएको छैन । निज करदाताहरुको अघिल्लो आर्थिक वर्षमा पेस गरेको कुल मुनाफा प्रतिशतले हुन आउने रकममा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम लाग्ने कर रु.४६ करोड ७० लाख ५६ हजार कर असुल गर्नुपर्ने देखिन्छ ।

७४. **करको दर -** आयकर ऐन २०५८ को दफा ११(३)क मा कुनै व्यक्तिलाई कुनै आय वर्षमा विशेष उद्योग र सूचना प्रविधि उद्योगबाट भएको आयमा एकसयभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको ९० प्रतिशत, तीनसय वा सोभन्दा बढी रोजगारी दिएमा ८० प्रतिशत, पाँचसय वा सोभन्दा बढी रोजगारी दिएमा ७० प्रतिशत कर लाग्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा ११(३)ख मा वर्षभरी कम्तीमा एक सय नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिएको

विशेष उद्योग, कृषिजन्य उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई सो वर्षको आयमा लाग्ने करको ७० प्रतिशत कर लाग्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्ः

७४.१ ठूला करदाता कार्यालयअन्तर्गत केबल नेट सेवा प्रदान गर्ने एक सेवा प्रदायक कम्पनी दफा ११(३) बमोजिम विशेष उद्योग र सूचना प्रविधि उद्योगको परिभाषाभित्र पर्ने देखिँदैन । करदाताले २०७३।७४ देखि २०७५।७६ सम्म पेस गरेको वित्तीय विवरण तथा आय विवरणमा करदाताले लाग्ने करको दरमा छुट लिएको देखिन्छ । ठूला करदाताअन्तर्गत दर्ता भएका सूचना प्रविधि सेवा प्रदान गर्ने सवै करदाताहरुले छुट नलिई कर दाखिला गरेको देखिन्छ । उक्त करदाताको कारोबार सूचना प्रविधि सेवा भएकाले उद्योगको रुपमा छुट दिन मिल्ने देखिँदैन । अतः निज करदाताले ३ वर्षको अवधिमा छुट लिएको रकम अमान्य गरी नपुग कर रकम रु.११ करोड ९७ लाख ९६ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

७४.२ ठूला करदाता कार्यालयअन्तर्गत विभिन्न कारोबार गर्ने ४ करदाताले ऐनमा भएको व्यवस्थाबमोजिम पुष्टि हुने विवरण पेस नगरी कर छुट लिएकोले पाउनेभन्दा बढी कर छुट लिएको रु.१ करोड ८८ लाख ४५ हजारमा शुल्क र ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

७४.३ ठूला करदाता कार्यालय, हरिहरभवन र आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गतका दुई क्यासिनो तथा विविध मनोरञ्जनात्मक सेवा प्रदान गर्ने करदाता दफा ११(३) बमोजिम विशेष उद्योग र सूचना प्रविधि उद्योगमा पर्ने देखिँदन । उक्त करदाताले २०७२।७३ देखि २०७४।७५ सम्मको वित्तीय विवरण तथा आय विवरणबमोजिम करयोग्य आय रु.७६ करोड ८१ लाख ९८ हजार देखाई लाग्ने कर २५ प्रतिशतमा ३०० जना भन्दा बढीलाई रोजगारी प्रदान गरेको उल्लेख गरी दफा ११ बमोजिम ७.५ प्रतिशत उद्योगले पाउने छुट लिएको देखिन्छ । तर यस किसिमको सेवा प्रदान गर्ने व्यवसाय छुट हुने उद्योगको रुपमा नदेखिँदा रु.७६ करोड ८१ लाख ९८ हजारको ७.५ प्रतिशतले हुने रु.५ करोड ७६ लाख १५ हजार शुल्क र ब्याजसहित असुल हुनुपर्दछ ।

७५. **लगानीको प्रतिफल -** कम्पनी रजिष्टारको कार्यालयबाट प्रमाणित शेयरवालाको दर्ता किताबमा ठूला करदाता कार्यालयअन्तर्गतका एक करदाताले ७ कम्पनीमा रु.५२ करोड ७९ लाख ७ हजार लगानी गरेको वित्तीय विवरणअनुसार देखिन्छ । डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने उक्त करदाताको सो लगानी बापत कुनै प्रकारको लाभांश तथा मुनाफा नदेखिएको र आयकर ऐन, २०५८ को दफा ९ बमोजिम लगानीबाट भएको आयको छुट्टै विवरण पेस गर्नुपर्नेमा पेस गरेको देखिएन । लगानी प्रतिफल प्राप्त गर्नका लागि गरिनेमा लामो समयसम्म ऋण स्रोतबाट सञ्चालित व्यवसायले कुनै प्रतिफल प्राप्त नहुने गरी लगानी गरेको देखिन्छ । करदाताले लिएको ऋण व्यवसायको आयआर्जन हुने कार्यमा प्रयोग गर्नुको सट्टा लगानीमा प्रयोग गरेको देखिन्छ । वित्तीय स्रोत न्यून भई वित्तीय संस्थामार्फत् ऋण लिने र सोको अंश व्यावसायिक प्रयोजनमा खर्च नगरी लगानी प्रयोजनमा औसत रुपमा रु.२ अर्ब ७२ करोड ७४ लाख ५० हजार ऋण प्रवाह गरेको पाइएकाले ऋण रकममा दिएको ९.१६ प्रतिशत ब्याज दरले गणना गर्दा हुन आउने ब्याज खर्च रु.५ करोड २९ लाख ३६ हजार अमान्य गरी हुने आयमा २५ प्रतिशतले हुने कर रु.१ करोड ३२ लाख ३४ हजार शुल्क, ब्याजसमेत असुल एवं कर निर्धारण र लगानीको बेग्लै आय विवरण पेस गर्ने व्यवस्था हुनुपर्दछ ।

७६. **प्रत्यक्ष खर्च समावेश -** आयकर ऐन, २०५८ को दफा १५(४) अनुसार व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्य लागत वा बजार मूल्यमा जुन घटी हुन्छ सोको आधारमा मूल्याङ्कन गर्नुपर्दछ । जसमा लागत भन्नाले खरिद मूल्य र सोमा लाग्ने प्रत्यक्ष खर्च र शिरोभारसमेत जनाउँदछ । आन्तरिक राजस्व कार्यालय भैरहवा, चितवन, नेपालगन्ज, सुर्खेतसमेत ६ कार्यालयअन्तर्गतका ७ करदाताले व्यापार मौज्दातको लागत गणना गर्दा प्रत्यक्ष सामग्री लागतमा समावेश भएका सबै खर्चहरु समावेश गरी

गणना गर्नुपर्नेमा प्रत्यक्ष खर्चलाई समावेश नगरेकोले कुल खरिदमा प्रत्यक्ष खर्चको अनुपात कायम गरी हुने अन्तिम मौज्दात रकममा कुल नाफा अनुपातले गणना गर्दा हुन आउने रकम बराबरले लागत खर्च बढी कट्टी लिएको देखिन्छ । तसर्थ उक्त बढी कट्टी लिएको रु.६ करोड ३२ लाख ७० हजारलाई खरिद लागत खर्च दिन नमिल्ने हुँदा उक्त खर्च अमान्य गरी रु.१९ लाख २९ हजार नोक्सानी समायोजन पश्चात् हुने आयमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम रु.१ करोड ४४ लाख २५ हजार कर र सोमा लाग्ने शुल्क, जरिवाना र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

७७. **सम्बद्ध पक्षबीच कारोबार -** आयकर ऐन, २०५८ को दफा ३३ मा सम्बद्ध व्यक्तिहरुबीच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहार (आर्मस लेन्थ) अनुसार सञ्चालन गरिएको भए तिनीहरुको लागि कायम हुनसक्ने कर योग्य आय वा बुझाउनुपर्ने कर प्रतिविम्बित हुने किसिमले ती व्यक्तिहरुबीच आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरु विभागले लिखित रुपमा सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँड गर्न सक्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, पोखराका एक करदाताले २०७०।७१ भन्दा अघिल्लो वर्ष कन्फेक्सनरी उत्पादन लागतको ३१.७ प्रतिशतले कुल नाफा थप गरी बिक्री गरेको स्थितिमा २०७०।७१ मा लागतभन्दा पनि घटी मूल्यमा सम्बद्ध कम्पनीलाई बिक्री गरेको छ ।संशोधित कर निर्धारणमा लागत बराबर हुने गरी आयमा रु.१९ लाख ६८ हजार थप गरेको भए पनि सामान्य बजार व्यवहारअनुसारको मूल्य कायम गरेको पाइएन । करदाताले सम्बद्ध कम्पनीलाई बिक्री गरेको सामग्रीको लागत रु.४ करोड ५५ लाख ९५ हजारमा गत वर्षको आधारमा तुलना गर्दा कुल नाफाको अंश रु.१ करोड ४४ लाख ५३ हजार थप गर्दा कायम हुने बजार मूल्यसम्ममा पनि बिक्री नगरी कर दायित्व नियोजन हुने गरी घटी मूल्यमा बिक्री गरेको देखियो । उक्त कुल नाफा आयमा समावेश गर्दा हुने २५ प्रतिशत आय कर रु.३६ लाख १३ हजार र मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१८ लाख ७९ हजारसमेत रु.५४ लाख ९२ हजारमा ऐनबमोजिम शुल्क, थप दस्तुर, जरिवाना र ब्याजसमेत कर निर्धारण गर्नुपर्दछ ।

७८. **बढी खर्च दाबी -** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित खर्चहरु कट्टी गर्न पाउने र दफा २१ मा कट्टी गर्न नपाउने खर्चको व्यवस्था छ । बढी खर्च दाबी सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्ः

७८.१ नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को नियम २२(२)(ङ) मा दर्तावाला चिकित्सकले कसैलाई आफ्नो पारिश्रमिकको हिस्सा कबोली आफूकहाँ बिरामी ल्याउन प्रत्यक्ष रुपले एजेन्ट बन्न नहुने आचारसंहितासम्बन्धी व्यवस्था छ । त्यस्तै मेडिकल काउन्सिलको आचारसंहिताको बुँदा नं. २.७ मा मेडिकल तथा सर्जिकल उपचार, उपचारात्मक अन्वेषण र कन्सल्टेसन कार्यमा कुनै किसिमको रेफर, सिफारिस गराएबापत कुनै पनि उपहार, कमिसन, बोनस लिनु आचारसंहिता विपरीत हुने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, बानेश्वरका एक ल्याबोरेटरीले २०७३।७४ मा चिकित्सकहरुले बिमारी रिफर गरेबापत चिकित्सकहरुलाई कमिसन भुक्तानी गरेको भनी रु.१ करोड ९४ लाख ३३ हजार प्रत्यक्ष खर्च देखाएको छ । करदाताले चिकित्सकलाई एजेन्ट बनाई प्रयोगशाला परीक्षणको लागि बिरामी रेफर गराएबापत कमिसन भुक्तानी दिनु नियमावली विपरीतको खर्च भएकोले उक्त खर्च आयमा समावेश गरी २५ प्रतिशतले हुने कर रु.४८ लाख ५८ हजार र त्यसमा लाग्ने शुल्क एवं ब्याज निर्धारण गर्नुपर्दछ ।

७८.२ आन्तरिक राजस्व कार्यालय, चितवनअन्तर्गतका एक डिस्टिलर्सले २०७४।७५ मा आफ्नो सम्पूर्ण बिक्री एक स्प्रिट्स प्रा.लि.लाई मात्र गरेको अवस्थामा बिक्री प्रवर्द्धन खर्च गत वर्ष रु.२ करोड ८६ लाख ३० हजार र यस वर्ष रु.२ करोड १२ लाख ६१ हजारसमेत रु.४ करोड ९८ लाख ९१ हजार दाबी गरेको छ । यसरी एउटा निकाय सम्बद्ध व्यक्तिलाई मात्र बिक्री गर्दा बिक्री प्रवर्द्धन खर्च गर्नुपर्ने आधार

नभएकाले छानबिन गरी सो रकमलाई आयकर ऐन, २०५८ को दफा १३ बमोजिम अमान्य गर्नुपर्ने र ऐनको दफा ३३ र ३४ अनुसार सामान्य बजार व्यवहारअनुसार कारोबार भए नभएको सम्बन्धमा छानबिन गरी कर रु.१ करोड ५० लाख तथा सोमा नियमानुसार लाग्ने शुल्क र ब्याज समेत निर्धारण गर्नुपर्ने देखिन्छ ।

७८.३ आयकर ऐन, २०५८ को दफा ७ मा कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभह सो व्यक्तिको सो वर्षको आय हुने व्यवस्था रहेको छ । आन्तरिक राजस्व कार्यालय, चितवनका एक फुड्स प्रा.लि.ले २०७२।७३ देखि २०७४।७५ सम्म व्यापार मौज्दातको लागत खर्च कट्टी गर्ने क्रममा जम्मा रु.१ करोड ८९ लाख अपलेखन बापतको खर्च कट्टी लिएकोले नपाउने खर्चलाई अमान्य गरी २५ प्रतिशतले लाग्ने कर रु.४७ लाख र सोमा नियमानुसार लाग्ने शुल्क र ब्याज असुल गर्नुपर्दछ ।

७८.४ आयकर ऐन, २०५८ को दफा १९ (१) मा कुनै व्यक्तिले कुनै आयवर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्न सो वर्षमा प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास खर्च कट्टी गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, महाराजगन्जअन्तर्गतका एक ग्रुपहोल्डिङ्सले नेपालले बासस्थानको लागि घर बनाई बिक्री गर्ने र होटेल मोटेल सञ्चालन कारोबार गर्ने गरेको लेखा टिप्पणीमा उल्लेख छ । गत विगत वर्षदेखि नै उक्त संस्थाले लगानीसम्बन्धी केही आय देखाएकोमा सो आयबाट ह्रास खर्च कट्टी लिएको समेत देखिन्छ । करदाताले आफ्नो उद्देश्य अनुसारको व्यवसाय शुरु नगरेको अवस्थामा उक्त आय ह्रास योग्य सम्पत्तिसँग सम्बन्धित देखिएन । उक्त संस्थाले २०७४।७५ मा रु.७९ लाख ५ हजार आय ह्रास खर्च रु.६३ लाख ९७ हजार र प्रशासनिक खर्च रु.१ करोड ९७ लाख ६१ हजार लिएको छ । त्यसैगरी २०७२।७३ र २०७३।७४ मा क्रमशः रु.५० लाख ९० हजार र रु.७० लाख ४७ हजार ह्रास खर्च दाबी गरेको छ । ह्रास योग्य सम्पत्तिको प्रयोगसँग असम्बन्धित आयमा ह्रास खर्च र अत्यधिक प्रशासनिक खर्च लिएकोले व्यवसायमा रु.१० करोड ३२ लाख ४८ हजार नोक्सानी देखिएको छ । निर्माण अवधिको प्रशासनिकलगायत अन्य खर्च सम्बन्धित सम्पत्तिमा जोड्नुपर्ने र व्यावसायिक भवन कम्प्लेक्स निर्माण चरणमा रहेको र व्यावसायिक प्रयोजनमा प्रयोग नभएकोले दाबी गर्न नपाउने ह्रास खर्च रु.१ करोड ८५ लाख ३४ हजार र प्रशासनिक खर्च रु.१ करोड ९७ लाख ६१ हजारसमेत रु.३ करोड ८२ लाख ९४ हजारलाई अमान्य गरी नोक्सानी समायोजन तथा ऐनअनुसार कर निर्धारण हुनुपर्दछ ।

७९. **नपाउने खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १३ मा व्यवसायसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, हेटौंडाका एक यातायात व्यवसायी संघले २०७४।७५ मा पेस गरेको आयविवरण र अनुसूचीअनुसार एकमुष्ट कर्मचारी उपदान खर्च रु.१२ करोड ३२ लाख खर्च दाबी गरेको छ । संघले आफ्नो स्वामित्वको यातायात सञ्चालन नगरेकोमा कर्मचारी उपदानमा ठूलो मात्रामा गरेको उक्त खर्चहरु व्यवसायसँग सम्बन्धित भएको नदेखिएकोले खर्च अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन हुनुपर्ने देखिन्छ ।

आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित बाहेकका खर्चहरु दफा २१ अनुसार कट्टी गर्न नपाउनेमा गाडी विस्थापन खर्च रु.१ करोड ८ लाख ५० हजार र दुर्घटना सहायता खर्च रु.११ लाख ६१ हजारसमेत रु.१ करोड २८ लाख १९ हजार खर्च दाबी गरेको छ । उक्त खर्च करदाताको व्यवसायसँग सम्बन्धित नदेखिएकोले खर्च अमान्य गरी हुने आयमा २५ प्रतिशत कर रु.३२ लाख ५ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

८०. **ब्याज खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुने आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले एकातर्फ आफ्नो उठ्नुपर्ने रकम

नउठाउने र अर्कोतर्फ ऋण लिई बढी ब्याज खर्च दाबी गर्ने, व्यावसायिक प्रयोजनबेगरको कार्यमा प्रयोग भएको ऋणमा तिरेको ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय बानेश्वर, कालिमाटी, हेटौँडासमेत १० कार्यालयका ३३ करदाताको ब्याज खर्च अमान्य गरी रु.२ करोड ७० लाख २२ हजार नोक्सानी समायोजन तथा बाँकी आयमा कर रु.७ करोड ५९ लाख ८९ हजार र शुल्क एवं ब्याजसमेत असुल गरनुपर्दछ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्ः

८०.१ आन्तरिक राजस्व कार्यालय, कालिमाटीअन्तर्गतका एक करदाताले २०७२।७३ को आय विवरणमा सेवा शुल्क रु.९६ लाख ३५ हजार र जम्मा नोक्सानी रु.८ करोड ३२ लाख १२ हजार उल्लेख गरेको छ । सोभन्दा पछिल्लो अवधिको आय विवरण पेस गरेको छैन । २०७१।७२ को वित्तीय विवरण अनुसार सञ्चित नोक्सानी रु.१९ करोड ६४ लाख ३१ हजार रहेको छ भने बैङ्क ऋण रु.२५ करोड ३३ लाख र सोको ब्याज खर्च रु.२ करोड १५ लाख ३१ हजार दाबी गरेको देखिन्छ । करदाताले अन्य कम्पनीमा रु.२४ करोड १० लाख ५८ हजार शेयर लगानी र सिमेन्ट प्रोजेक्टको लागि रु.५ करोड ४२ लाख ४ हजार पेश्की दिएको देखिन्छ । व्यावसायिक प्रयोजनको लागि लिएको ऋण सोही कार्यमा प्रयोग नगरी पूरै रकम अन्य प्रयोजनमा लगाएको तर ब्याज खर्च भने दाबी गरेको देखिन्छ । तसर्थ अन्य वर्षको समेत छानबिन गरी व्यवसायमा प्रयोग नगरेको ऋणको ब्याज खर्च रु.२ करोड १५ लाख ३१ हजार अमान्य गरी सञ्चित नोक्सानी घटाउनुपर्दछ ।

८०.२ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतका एक प्रा.लि.ले २०७३।७४ मा रु.२० करोड ९८ लाख र २०७२।७३ मा रु.२५ करोड बैङ्क ऋण लिई ब्याज खर्च क्रमशः रु.६ करोड ४४ लाख १० हजार र रु.२ करोड ८५ लाख २७ हजार दाबी गरेको देखिन्छ । करदाताले विभिन्न ४ व्यक्ति तथा संस्थाहरुलाई विगत वर्षदेखि दिएको सापटी रु.७ करोड ३९ लाख ९९ हजार नउठाएको र सो बापत कुनै प्रतिफल पाएको देखिँदैन । बैङ्क ऋण व्यावसायिक प्रयोजनमा प्रयोग भएको नदेखिएकोले ब्याज खर्च दाबी गरेको दरअनुसार गत वर्ष र यो वर्षको कुल ब्याज खर्च रु.३ करोड ११ लाख ६१ हजार आयकर ऐन, २०५८ बमोजिम अमान्य गरी सोको २५ प्रतिशतले हुने कर रकम रु.७७ लाख ९० हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

८०.३ आन्तरिक राजस्व कार्यालय, ललितपुर २ अन्तर्गतका एक विद्यालयले २०७४।७५ मा रु.४ करोड ५७ लाख ६३ हजार ब्याज खर्च कट्टी लिएको छ र औसत ब्याज दर ९.७० प्रतिशत रहेको छ । ऋण रकमबाट निर्माणाधीन रु.२ करोड ९२ लाख २४ हजारको भवन प्रयोगमा नआएसम्मको ब्याज पुँजीकृत गर्नुपर्नेमा खर्च कट्टी लिएको छ । साथै जग्गा किन्नको लागि करदाताले गत वर्षदेखि नै पेस्की दिएकोमा रु.९२ लाख ५० हजार र विना ब्याज सापटी रु.४४ लाख ९८ हजार दिएको छ । साथै करदाताको वित्तीय विवरणअनुसार करदातासँग औसत नगद रु.२ करोड ६५ हजार रहेको देखिन्छ । करदातासँग पर्याप्त तरलता रहँदारहँदै एकातिर ब्याज खर्च लेख्ने र अर्कोतिर अस्वाभाविक रुपमा नगद मौज्दात एवं व्यावसायिक प्रयोगमा आइनसकेका सम्पत्ति खरिदमा खर्च भएकाले ऋणको ब्याज खर्च कट्टी गर्न मिल्दैन । यस वर्ष जम्मा ऋण रु.६ करोड ३९ लाख ९८ हजार व्यवसायको आय आर्जनसँग सम्बन्धित नदेखिएकोले औसत ब्याज दर ९.७० प्रतिशतले हुने रु.६२ लाख ५ हजार अमान्य गरी नोक्सानी समायोजन गरी कर निर्धारण हुनुपर्दछ ।

८०.४ आन्तरिक राजस्व कार्यालय, ठमेलका एक करदाताले २०७४।७५ मा रु.२२ करोड २४ लाख ६० हजार ब्याज खर्च कट्टी लिएको देखिन्छ । गत विगत वर्षदेखि नै शेयर खरिद बापतको पेस्की र अन्य लिनुपर्ने समेत रु.१ अर्ब ३८ करोड २३ लाख ५२ हजार देखाएको छ । शेयर खरिद बापतको पेस्कीबाट शेयर खरिद गर्ने कार्य गरेको छैन । करदाताले व्यवसायमा ऋण लिई ब्याज खर्च कट्टी लिने र सम्वद्ध व्यक्तिबाट लिनपर्ने रकम नउठाउने गर्दा ऋणको सही प्रयोग भएको देखिएन । यसैले लिनुपर्ने

रकमबाट कुनै आय प्राप्त गरेको समेत नदेखिँदा यस्तो रकमको समानुपातिक ब्याज खर्च रु.१४ करोड १६ लाख ७० हजार छानबिन गरी अमान्य गर्दा हुने आयमा आयकर ऐन, २०५८ बमोजिम २५ प्रतिशत कर रु.३ करोड ५४ लाख १७ हजारमा शुल्क र ब्याजसमेत कर निर्धारण हुनुपर्ने देखिन्छ ।

८०.५ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका एक करदाताको औसत ऋण र ब्याज खर्च दाबीअनुसार औसत ब्याज खर्च १०.८६ प्रतिशत देखिन्छ । बैङ्कबाट २०७४।७५ मा ऋण लिई सम्बद्ध पक्षमा रु.३० करोड ५६ लाख १६ हजार लगानी गरे तापनि त्यसको प्रतिफल लेखाङ्कन गरेको देखिँदैन । यसरी व्यवसायको लागि लिएको ऋणले अर्को कम्पनीमा लगानी गरेकोमा ऐनको दफा ९ अनुसार लगानी आयको विवरण पेस गरेको छैन । अतः व्यावसायिक प्रयोजनका लागि ऋण लिई अन्य कम्पनीमा लगानी गरेको उक्त रकमसँग सम्बन्धित ऋणमा तिरेको ब्याज रु.३ करोड ३१ लाख ९० हजार खर्च कट्टी अमान्य गर्दा हुने आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने २० प्रतिशत कर रु.६६ लाख ३८ हजार शुल्क तथा ब्याजसमेत कर निर्धारण गर्नुपर्दछ ।

८१. **लगानीको ब्याज -** आयकर ऐन, २०५८ को दफा ७ (१) मा कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभहरु सो व्यक्तिको सो व्यवसायको सो वर्षको आय हुने उल्लेख छ । दफा ९(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरु सो व्यक्तिको सो लगानीको सो वर्षको आय हुने उल्लेख छ । दफा २०(२) मा लगानीबाट भएको आयमा लगानीबाट भएको नोक्सानी कट्टी गर्न पाउने तर व्यवसायबाट भएको आयमा लगानीबाट भएको नोक्सानी कट्टी गर्न नपाउने उल्लेख छ । मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतका एक करदाताले आयमा समावेश गर्नुपर्ने रु.५५ करोड ८४ लाख ३४ हजारमा खर्च तथा गत वर्षको नोक्सानी कट्टी पश्चात रु.८ करोड ३९ लाख ३४ हजार नोक्सानीको आय विवरण पेस गरेको छ । ऐनअनुसार व्यवसाय र लगानीको आय विवरण छुट्टाछुट्टै पेस गर्नुपर्नेमा नगरी लगानीसम्बन्धी खर्च र नोक्सानी व्यवसायको आयबाट कट्टी हुने गरी आय विवरण पेस गरेको देखिन्छ । करदाताले ब्याज खर्च रु.१४ करोड १३ लाख ५८ हजार दाबी गरेकोमा लगानीसँग सम्बन्धित ऋणको समानुपातिक ब्याज खर्च रु.१ करोड ४४ लाख ३४ हजार व्यवसायको खर्चतर्फबाट अमान्य गरी नोक्सानी घटाउन कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

८२. **ब्याजको पुँजीकरण** : आयकर ऐन, २०५८ को दफा १४ अनुसार व्यवसायमा प्रयोग भएको ऋणमा तिरेको ब्याज खर्च दाबी गर्न पाउने व्यवस्था छ । व्यावसायिक प्रयोजनमा नआएको पुँजीगत सम्पत्तिको ब्याज पुँजीकरण गर्नुपर्दछ । यस्तो ब्याज खर्च कट्टी लिएकोले ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय बानेश्वर, भरतपुर, विराटनगर, महाराजगन्जसमेत ९ कार्यालयका २३ करदाताको ब्याज खर्च रु.२२ करोड ५० लाख २३ हजार अमान्य गरी नोक्सानी समायोजन रु.१ करोड ३९ लाख ८७ हजार गर्नुपर्ने र कर रु.१० करोड ८७ लाख ८१ हजार शुल्क एवं ब्याजसहित असुली हुनुपर्दछ ।

८३. **भुक्तानीमा कर कट्टी -** आयकर ऐन, २०५८ दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्था रहेको छ । आन्तरिक राजस्व कार्यालय कालिमाटी, भैरहवा, नेपालगन्ज, महाराजगन्ज, नयाँसडकअन्तर्गतका ५ करदाताले पेस गरेको विवरणअनुसार रु.७ करोड ३५ लाख २२ हजार पारिश्रमिक तथा ढुवानी भाडालगायत भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी दाखिला गरेको नदेखिएकोले आयकर ऐन, २०५८ अनुसार लाग्ने कर रु.१ करोड ३६ लाख १८ हजार र शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्ः

८३.१ आयकर ऐन, २०५८ को दफा ५३ मा निकायबाट भएको वितरणलाई लाभांश मानिने र दफा ५४ मा लाभांश वितरण गरेमा अन्तिम रुपमा कर कट्टी हुने व्यवस्था छ भने दफा ८८(२) मा लाभांश भुक्तानीमा ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, कालिमाटी अन्तर्गतका एक स्कुल सञ्चालन गर्ने ट्रष्टलाई स्कुलले २०७३।७४ मा रु.५ करोड ८९ लाख ११ हजार र

२०७४।७५ मा रु.६ करोड २४ लाख २० हजारसमेत रु.१२ करोड १३ लाख ३१ हजार भुक्तानी गरेकोमा उल्लिखित व्यवस्थाबमोजिम ५ प्रतिशतले हुने लाभांश कर रु.६० लाख ६६ हजार दाखिला गरेको नदेखिएकोले शुल्क तथा ब्याजसहित असुल हुनुपर्दछ ।

८३.२ आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनअन्तर्गतका एक शिक्षा सदनले २०७४।७५ मा कर्मचारी/शिक्षक २८३ जनाको तलब खर्च दाबी गरेको रु.९ करोड १९ लाख ६९ हजारमध्ये सञ्चयकोष, नागरिक लगानी कोष कट्टा गरेका ४३ जनाको तलब रु.२ करोड ४६ लाख ९४ हजार रहेको छ । बाँकी २४० जना शिक्षक पूर्णकालीन रुपमा रोजगारीमा रहेको देखिँदैन । पूर्णकालीन रुपमा अध्यापन नगराउने शिक्षकलाई भुक्तानी भएको रु.६ करोड ७२ लाख ७५ हजारमा आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा करमात्र कट्टी भएकोले नपुग १४ प्रतिशतले हुने कर रु.९८ लाख १९ हजार तथा सोमा नियमानुसार लाग्ने शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

८३.३ आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । आन्तरिक राजस्व कार्यालय, कोटेश्वरका एक रिक्रिएसन कम्पनीले २०७४।७५ मा क्यासिनो सञ्चालनको क्रममा भाडा, कर्मचारी पारिश्रमिक लगायतको रु.१५ करोड ५६ लाख ९२ हजार भुक्तानी गर्दा कर कट्टी नगरी भुक्तानी गरेको पाइयो । भुक्तानीमा कर कट्टी नगरी भुक्तानी भएको रकममा विभिन्न दरले हुने कर रु.५० लाख ८५ हजार दाखिला हुनुपर्दछ ।

८४. **ठेक्का/करारको भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८९(३) मा वायुयान मर्मत तथा अन्य ठेक्का वा करारअन्तर्गत गैरबासिन्दालाई हुने भुक्तानीमा ५ प्रतिशत कर कट्टी गरी बाँकी रकम भुक्तानी गर्नुपर्ने आयकर निर्देशिका २०६६ मा उल्लेख गरिएको छ । आन्तरिक राजस्व विभागको परिपत्रमा नेपाल रेल्वे कम्पनी लिमिटेडलाई रेल्वेसँग सम्बन्धित मालसामान आपूर्ति गर्दा नेपाल आयल निगमलाई एल.पी. ग्याँस ढुवानी भाडाको ठेक्का वा करारअन्तर्गत गैरबासिन्दालाई भुक्तानी गर्दा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । सम्बन्धित विभागको परिपत्र तथा ठेक्का सम्झौतासमेतको आधारमा ठूला करदाता कार्यालयअन्तर्गतका एक कर्पोरेसनले आय वर्ष २०७३।७४, २०७४।७५ र २०७५।७६ मा गरेको भन्सार आयात तथ्याङ्क विश्लेषण गर्दा रु.४६ अर्ब ४ करोड ४८ लाख ४७ हजार बराबरको सामान अन्तर्राष्ट्रिय वोलपत्र तथा अन्य खरिदबाट आयात गरेको देखिन्छ । आयकर ऐन, २०५८ को दफा ८९(३) मा भएको व्यवस्थाबमोजिम ५ प्रतिशत अग्रिम कर रु.२ अर्ब ३० करोड २२ लाख ४२ हजार असुल भएको छैन । तसर्थ आयकर ऐनको व्यवस्थाबमोजिम छानबिन गरी ब्याजसहित असुल हुनुपर्दछ ।

८५. **नोक्सानी समायोजन -** आयकर ऐन, २०५८ को दफा २० मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत ७ (सात) वर्षको कट्टी हुन नपाएको नोक्सानी मात्र खर्च कट्टीको रुपमा दाबी गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, टंगालअन्तर्गतका एक मर्चेन्ट कम्पनी विगत वर्षदेखि नै नोक्सानीमा रहेको र २०७४।७५ सम्मको नोक्सानी रु.८ करोड ८४ लाख ५८ हजार देखाएको छ । सो करदाताको विगत ७ वर्षभन्दा अघिदेखिकै नोक्सानी जिम्मेवारी सार्दै ल्याएको छ । तसर्थ ७ वर्षभन्दा पहिले २०६८।६९ को नोक्सानी रु.९ करोड ६ लाख ९१ हजार घटाई बाँकी नोक्सानी कट्टी गर्न पाउनेमा पूरै कट्टी गरेकोले रु.९ करोड ६ लाख ९१ हजार नपाउने नोक्सानी कट्टी समायोजन गरी कर निर्धारण गर्नुपर्दछ ।

८६. **सिलिण्डरको ह्रास -** आयकर ऐन, २०५८ को दफा १९(१) अनुसार कुनै व्यक्तिले व्यवसायबाट भएको आय गणना गर्दा सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको अनुसूची २

बमोजिम ह्रास खर्च कट्टी गर्नुपर्ने उल्लेख छ । आन्तरिक राजस्व विभागले सम्मानित सर्वोच्च अदालतबाट २०६३।९।२८ मा भएको फैसला बमोजिम संशोधित कर निर्धारण गर्दा ग्याँस सिलिण्डरलाई उद्योगको पुँजीगत सम्पत्ति मानी ह्रास खर्च दिन र सिलिण्डर डिपोजिटमा रहेको अवस्थामा उद्योगको स्थिर सम्पत्ति हुने साथै कार्यालयबाट धरौटी रकम र धरौटीमा रहेको सिलिण्डर संख्या भिडान गर्दा संख्या फरक पर्न गएमा न्यून भएको सिलिण्डर संख्याको बजार मूल्य कायम गरी मूल्य अभिवृद्धिकर निर्धारण गर्ने र फरक परेका सिलिण्डरलाई बिक्री मानी आयमा समावेश गर्नुपर्ने मिति २०६४।६।१५ मा निर्णय गरेको छ ।

ग्याँस उत्पादन तथा वितरणको कारोबार गर्ने मध्यमस्तरीय करदाता कार्यालयका २७ करदाताहरुले ग्याँस बिक्री गर्दा ग्राहकबाट सिलिण्डरबापतको रकम धरौटी लिने र सिलिण्डरलाई ह्रासयोग्य सम्पत्तिमा देखाई ह्रास खर्च र मर्मत सम्भार खर्च कट्टी लिने गरेको छ । धरौटी बापत ग्राहकबाट २०७५।७६ सम्म प्राप्त रु.९ अर्ब ८४ करोड ६७ लाख ९८ हजार करदाताले व्यवसायमा प्रयोग गरी रहेकोमा सो रकमको ब्याज ग्राहकलाई नदिने, प्रायः ग्राहकबाट सिलिण्डर फिर्ता नमाग्ने हुँदा धरौटी रकम फिर्ता दिन नपर्ने स्थिति देखिन्छ । पुराना सिलिण्डरहरुको गुणस्तर जाँच तथा गुणस्तरयुक्त नदेखिएका सिलिण्डरहरु प्रयोगबाट हटाएर अपलेखन गर्ने गरेको समेत छैन । यसरी असीमित अवधिसम्म सिलिण्डरहरु सबै प्रयोगमा रहिरहेने अवस्था रहदैन । साथै पत्रु भएर पनि अपलेखन नगर्दा ती पत्रु गरेका सिलिण्डर संख्या बराबरले न्यून हुने भए तापनि विभागको परिपत्रानुसार सो न्यून संख्या भिडान गरी करनिर्धारण गरेको छैन । ग्याँस सिलिण्डरको धरौटी सम्बन्धमा महालेखापरीक्षकको ५३ औं वार्षिक प्रतिवेदन, २०७२ मा समेत व्यहोरा उल्लेख भई उक्त सम्बन्धमा सार्वजनिक लेखा समितिले ६ महिनाभित्र छानबिन गरी समितिमा प्रतिवेदन पेस गर्न निर्देशन दिएकोमा छानबिन गरेको स्थिति देखिएन । आवधिक रुपमा ग्याँस सिलिण्डरको गुणस्तर जाँच नगरेको, सिलिण्डर अपलेखन गर्ने नगरेको र धरौटी रकम वृद्धि हुँदै गएको छ । यसैले विभागको परिपत्र तथा सार्वजनिक लेखासमितिको निर्णयको आधारमा धरौटी रकम र सोसँग सम्बन्धित सिलिण्डर संख्या भिडान गरी न्यून हुन आउने यस्ता सिलिण्डरहरु बापतको बजारमूल्य कायम गरेर कर दायित्वमा परेको असर यकिन गर्न छानबिन हुनुपर्दछ ।

८७. **कारोबारमा आधारित कर (डे.२) -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०(२) बमोजिम इँट्टा उत्पादन, मदिरा डिष्ट्रिव्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ्ग, न्याफ्टिङ्ग, अल्ट्रालाइट, प्यारग्लाइडिङ्ग, पर्यटक, सवारी, क्रसर, बालुवा खानी, स्लेट र ढुङ्गा उद्योगसम्बन्धी व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई साथै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्सचर, फर्निसिङ्ग, अटोमोबाइल्सलगायतका कारोबार गर्ने व्यवसाय अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता गराउनुपर्ने व्यवस्था छ ।

आन्तरिक राजस्व कार्यालय, धरान, धनगढीसमेत चार कार्यालयअन्तर्गतका ५२ करदाताले २०७५।७६ मा कारोबारमा आधारित कर (डे २) विवरण बुझाउने करदाताको आय विवरण परीक्षण गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम ती करदाताले देखाएको कुल कारोबार रु.२२ करोड ८३ लाख ६८ हजारको कारोबार रहेको र अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने देखिन्छ । उपर्युक्तअनुसार ती करदाताहरु अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भई मूल्य अभिवृद्धि कर विवरण र कर दाखिला गर्नुपर्नेमा हालसम्म दर्ता नभएको र आन्तरिक राजस्व कार्यालयले यसतर्फ अनुगमन गरी दर्ता अनिवार्य गराउन सकेको पाइएन । तसर्थ ती करदातालाई अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता गराई छानबिनको दायरामा ल्याई मूल्य अभिवृद्धि कर रु.२ करोड ९६ लाख ८८ हजार निर्धारण गर्नुपर्दछ ।

८८. **दर्ता बेगरको कारोबार -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(छ) मा दर्ता हुनुपर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा कर अधिकृतले कर निर्धारण गर्नसक्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर निर्देशिका ९.२.७ मा यसरी दर्ता हुनुपर्ने दायित्व भएका व्यक्तिले दर्ता नगरी कारोबार गरेको पाइएमा कर अधिकृतले कर निर्धारण गर्दा सो व्यक्तिको कुल बिक्रीलाई मूल्य अभिवृद्धि करसहितको बिक्री मान्नुपर्ने, सो बिक्रीलाई ११३ ले भाग गरी आउने भिन्नलाई १०० ले गुणन गर्दा हुन आउने रकमलाई कर बाहेकको बिक्री मानी सोको १३ प्रतिशतका दरले हुने रकम कर निर्धारण गर्नुपर्ने र यसका अतिरिक्त त्यस्ता व्यक्तिलाई मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता गर्न आदेशसमेत दिनुपर्ने उल्लेख छ ।

आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गत एक ट्रेकिङ्ग एजेन्ट एसोसिएसनले नेपाल पर्यटन बोर्डसँग सम्झौता गरी उक्त बोर्डबाट टिम्स कार्ड खरिद गरेर बिक्री गर्ने गरेको देखिन्छ । यस्तो कार्डको कारोबारमा मूल्य अभिवृद्धि कर लाग्ने हुँदा नेपाल पर्यटन बोर्डले सो कर सङ्कलन गरी सरकारलाई बुझाउँदै आएको देखिन्छ । यो ट्रेकिङ एजेण्ट मूल्य अभिवृद्धि करमा दर्ता नभई मूल्य अभिवृद्धि कर लाग्ने सामान मूल्य अभिवृद्धि कर नलिई २०७२।७३ देखि २०७४।७५ सम्म तीन आर्थिक वर्ष कारोबार गरी गरेको कुल बिक्री रु.४६ करोड ८३ लाख १४ हजारमा मूल्य अभिवृद्धि कर बापत रु.५ करोड ३८ लाख ७७ हजार नेपाल सरकारलाई तिर्नुपर्ने देखिएकोले ऐनअनुसार ब्याज र थप दस्तुरसमेत कर निर्धारण गर्नुपर्दछ ।

८९. **निर्माणाधीन सम्पत्ति -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार रु ५० लाख भन्दा बढीको संरचना निर्माण कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताबाट गराउनुपर्ने, सो नगरेमा सो मूल्य अभिवृद्धि कर सम्पत्तिको स्वामित्वकर्ताबाट असुल गर्नपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय बानेश्वर, भरतपुर, भैरहवा, विराटनगर, महाराजगन्ज, टंगालसमेत १७ कार्यालयअन्तर्गतका ५१ करदातासँग यस वर्षसम्म रु.२ अर्ब १८ करोड २४ लाख ३२ हजारका निर्माणाधीन संरचना रहेको वित्तीय विवरणबाट देखिन्छ । उक्त निर्माण कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसायीबाट गराएको देखिएन । तसर्थ उक्त रकममा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.२८ करोड ३७ लाख १६ हजार र सोमा नियमानुसार लाग्ने जरिवाना र ब्याजसमेत असुली गर्नुपर्दछ ।

९०. **ट्रेक्टरको मूल्य अभिवृद्धि कर -** आर्थिक ऐन, २०७४ मा मूल्य कर अभिवृद्धि करसम्बन्धी संशोधन ज्येष्ठ १५ बाट लागू हुने व्यवस्था छ । उक्त ऐनको अनुसूची १ को समूह ४ मा ट्रेक्टरहरुलाई विगत वर्षहरुमा मूल्य अभिवृद्धि कर छुट दिँदै आएकोमा २०७४।७५ देखि मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेको छ । ट्रेक्टरको कारोबार गर्ने ३ कार्यालयअन्तर्गतका ७ करदाताले किस्ताबन्दीमा ट्रेक्टर बिक्री गर्ने गरेका छन् । अघिल्ला वर्षहरुमा ग्राहकबाट प्राप्त किस्ता पेश्की जनाई पूरा मूल्य प्राप्त भएपछि मात्र बिक्री लेखाङ्कन गर्ने गरेकोमा आर्थिक ऐन, २०७४ जारी भएपछि श्रावण १ देखि मूल्य अभिवृद्धि कर सङ्कलन गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर सङ्कलन नगर्ने मनसायले ग्राहकबाट पूरा मूल्य रकम प्राप्त नभएका ट्रेक्टरको समेत बिक्री लेखाङ्कन गरेकोले आषाढ महिनाको बिक्री अस्वभाविक रुपमा बढी छ । मूल्य अभिवृद्धि करसम्बन्धी उक्त दफा ६ तुरुन्त लागू नगर्दा, २०७४ श्रावणदेखि ट्रेक्टरमा मूल्य अभिवृद्धि कर लाग्ने कुरा अग्रिम जानकारी भई करदाताले विगतका आफ्ना लेखाङ्कनका तरिका परिवर्तन गरेको देखिन्छ । मूल्य अभिवृद्धि कर सङ्कलन नगर्ने मनसायले ट्रेक्टर बिक्री लेखाङ्कन गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ दफा २२ क(१)ख बमोजिम करको दायित्व कम गर्ने बदनियतले कुनै कार्य गरेमा कर निर्धारण गर्नुपर्ने उल्लेख हुँदा निम्नानुसार मूल्य अभिवृद्धिकर रु.२० करोड ९९ लाख कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

(रु. हजारमा)

| कार्यालय | करदाता | २०७३।७४ मा बिक्री रु. | २०७३।७४ को आषाढ मा बिक्री रु. | बाँकी ११ महिनामा बिक्री रु. | मासिक औसत बिक्री रु. | औसत भन्दा बढी बिक्री देखाएको रु. | औसत भन्दा बढी बिक्री देखाएर मु अ कर सङ्कलन नगरेको रु. |
|---|---|---|---|---|---|---|---|
| ठूला करदाता कार्यालय | एक ट्रेक्टर सप्लायर्स | ६९९५५६ | १०३२८९ | ५९६२६७ | ५४२०६ | ४९०८३ | ६३८१ |
| | एक इन्जिनियरिंग एण्ड सेल्स लि. | २५२८०९८ | ६७९८२१ | १८४८२७७ | १६८०२५ | ५११७९६ | ६६५३३ |
| आन्तरिक राजस्व कार्यालय, वीरगन्ज | एक टरेक्टर कम्पनी | २२८२९४ | ३३४३९७ | २८१३४५ | ५६६७३७ | २९५३९२ | २८४०१ |
| | एक एग्रो इन्टरप्राइजेज | ५११५८७ | ० | ० | १६४४०१ | ३४७१८६ | ४५१३४ |
| | एक अटो टरेडिङ्ग प्रा.लि. | ५१६३८७ | २६४०९८ | २५२२८९ | २२९३५ | २४११६३ | ३१३५१ |
| मध्यमस्तरीय करदाता कार्यालय | एक इन्टरनेशनल फर्म | २६३०६१ | जेठ र आषाढ दुवै महिनाको गरी बिक्री अस्वभाविक बढी देखिएकोले औसत निकाल्दा २०७२।७३ र २०७३।७४ गरी दुई आर्थिक वर्षलाई आधार लिइएको छ । | | | ७५३८३ | ९७०० |
| | एक अटोमोबाइल्स कम्पनी | ५८५२२७ | | | | १७२६०५ | २२४३९ |
| | जम्मा | ५३३२२१० | १३८१६०५ | २९७८१७८ | ९७६३०४ | **१६९२६०८** | **२०९९३९** |

आयकर ऐन, २०५८ को दफा २२ (५) मा लेखाङ्कन गर्ने तरिकामा परिवर्तन गर्नु पर्दा आन्तरिक राजस्व विभागको स्वीकृति चाहिने उल्लेख छ । यसरी विभागको स्वीकृति बेगर लेखाङ्कनका तरिका परिवर्तन गरिएकोले यसबाट करदायित्वमा पर्ने असरसमेत यकिन गरी ऐनबमोजिम शुल्क ब्याजसहित आयकर निर्धारण हुनुपर्दछ ।

९१. **डेबिट रकम दाखिला -** रियल स्टेटसम्बन्धी कारोबार गर्ने आन्तरिक राजस्व कार्यालय, बानेश्वर अन्तर्गतका एक कम्पनीले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम २०७३।७४ मा रु.३० लाख ६४ हजार करयोग्य आय रहेको आय विवरण पेस गरेकोमा २०७४।७५ को आय विवरण साथ कुनै पनि वित्तीय विवरणहरु अपलोड गरेको छैन । करदाताले २०७४।७५ को अन्तमा मूल्य अभिवृद्धि कर डेबिट रु.४ करोड ७८ हजार रहेकोमा रु.४० हजार राजस्व दाखिला गरी रु.४ करोड ३८ हजार राजस्व दाखिला गर्न बाँकी रहेको देखिन्छ । तसर्थ कारोबारको यथार्थता छानबिन गरी २०७४।७५ को आयकर निर्धारण गर्नुपर्ने तथा मूल्य अभिवृद्धि कर रु.४ करोड ३८ हजारमा ब्याज तथा जरिवानासमेत असुल गर्नुपर्दछ ।

९२. **दर्ता स्थगनको कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ (४) अनुसार कर कट्टी सुविधा प्रदान गरिएका वस्तुको तोकिएको उपयोगिता अवधि समाप्त हुनु अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिएबमोजिमको वस्तु तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर निर्धारण गरिने व्यवस्था छ भने नियमावली २०५३ को नियम ४० मा कर लाग्ने र कर छुट दुवै प्रयोजनमा प्रयोग हुने सामग्रीमा कट्टी लिएको कर छुट्याउन नसकिने भएमा समानुपातिक हिसाबले कट्टी गर्नुपर्ने व्यहोरा उल्लेख छ । समानुपातिक कर कट्टी गर्ने प्रयोजनको लागि मूल्य अभिवृद्धि कर निर्देशिका, २०७३ को बुँदा ७.३ मा विगतमा लिएको कर कट्टीको समेत समानुपातिक हिसाब गरी कर कट्टी पाउने र नपाउने हिसाब गर्नुपर्ने उल्लेख छ । आन्तरिक राजस्व विभागले समेत मौज्दातमा रहेको करयोग्य वस्तुको तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल गर्ने गरी २०७५।९।१५ मा परिपत्र गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९२.१ आन्तरिक राजस्व कार्यालय, महाराजगन्जको कार्यक्षेत्रमा पर्ने एक मेडिकल इन्स्टिच्युटले सामान्य सर्जिकल सामग्रीको बिक्री कर योग्य देखाई अस्पताल सेवाको आयलाई कर छुटमा देखाउने गरेको छ । निज करदाताले गर्ने प्रमुख कारोबारमा मूल्य अभिवृद्धि कर नलाग्ने र मूल्य अभिवृद्धि कर कट्टी लिएको रकम करदाताले डेबिट समायोजन गरी राजस्व दाखिला गरेको देखिँदैन । विगतमा स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर लाग्ने अवस्थामा निर्मित संरचना हाल मूल्य अभिवृद्धि कर नलाग्ने प्रयोजनमा प्रयोग

भएको देखिँदा २०७५ असारमा ह्रास खर्च कट्टा गरेपछिको सम्पत्तिको मूल्यलाई नै बजार मूल्य कायम गरी सोही आधारमा आउने रकम रु.७ करोड ८२ लाख ३१ हजारमा मूल्य अभिवृद्धि कर रु.१ करोड १ लाख ७० हजार र थप दस्तुर तथा जरिवाना र ब्याजसमेत हिसाब गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ ।

९२.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका एक स्वास्थ्य सेवा प्रदायक करदाताले पहिले अस्पताल स्थापनाको समयमा भवन र उपकरण थप गर्दा कर कट्टी लिएकोमा आर्थिक ऐन, २०७५ मा स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरेको छ । यसैले अस्पतालले २०७५ श्रावणदेखि मूल्य अभिवृद्धि कर विवरण पेस गरेको पनि छैन । तर २०७५ आषाढमा मूल्य अभिवृद्धि कर क्रेडिट रु.४ करोड ३४ लाख ७५ हजार बाँकी रहेको देखिन्छ । यसैले छानबिन गरी उक्त क्रेडिट अमान्य गर्न कर निर्धारण हुनुपर्दछ ।

९३. **मूल्य अभिवृद्धि कर नउठाएको** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७(३) अनुसार करयोग्य कारोबार गर्ने व्यक्तिले दर्ता भई रीतपूर्वक कर बीजक जारी गरी कर सङ्कलन गर्नुपर्दछ । आन्तरिक राजस्व कार्यालय टंगालका २ ट्रेकिङ व्यवसायीले टुर्स र ट्रेकिङ प्याकेज बिक्रीबाट रु.३२ करोड ६६ लाख ६५ हजारको आम्दानी सबै कर छुटको बिक्रीमा समावेश गरेको छ । टुर्स र ट्रेकिङ्ग प्याकेजमा मूल्य अभिवृद्धि कर लाग्ने भएकोले दर्ता भई मूल्य अभिवृद्धि कर सङ्कलन गर्नुपर्नेमा गरेको नदेखिँदा छानबिन गरी छुट भएको मूल्य अभिवृद्धि कर रु.४ करोड २४ लाख ६६ हजार शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ ।

९४. **समानुपातिक कट्टी** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(३) मा कुनै महिनामा कारोबार भएको वस्तु वा सेवा पूर्ण अंश कर लाग्ने कारोबारमा प्रयोग नभएमा उक्त वस्तु वा सेवामा पहिला तिरेको कर कट्टी सो वस्तु वा सेवाको कर लाग्ने कारोबारमा प्रयोग भएको अंशमा मात्र तोकिए बमोजिम प्रदान गरिने व्यवस्था छ । कर लाग्ने र कर छुट भएको दुवै प्रकारको वस्तु वा सेवाको कारोबार गर्ने करदाताले उपनियम ३ बमोजिम कर लाग्ने वस्तु वा सेवाको बिक्रीसँग सम्बन्धित खरिद वा आयात भएको वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले बिक्री भएको मूल्यमध्ये कर लाग्ने कारोबारको मूल्यको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

९४.१ आन्तरिक राजस्व कार्यालय, विराटनगरका एक एग्रो प्रोडक्ट इण्डष्ट्रिजले २०७४।७५ मा कर लाग्ने र नलाग्ने दुवै खरिद बिक्री गरेकोमा समानुपातिक रुपमा बढी कर कट्टी गरेको रु.२९ लाख ७८ हजार असुल गरी सोमा लाग्ने ब्याज र जरिवानासमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

९४.२ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतका ट्रेकिङ्ग र रेफ्टिङ्गसम्बन्धी कार्य गर्ने एक करदाताले २०७२।७३ देखि २०७५।७६ सम्म कर लाग्ने र नलाग्ने दुवै कारोबार गरेकोले समानुपातिक कर कट्टी गर्नुपर्नेमा खरिद बिक्रीको विवरणअनुसार घटी समानुपातिक कर समायोजन गरेको रु.९८ लाख ३ हजार डेबिट समायोजन गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

९५. **क्रेडिट अमान्य** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम करदाताले बिक्रीमा सङ्कलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी भएमा करदाताले क्रेडिट सुविधा पाउने व्यवस्था छ ।यसरी क्रेडिट सुविधा लिएका करदाताको कारोबार परीक्षण गर्दा देहायबमोजिम करदाताले नपाउने क्रेडिट सुविधा लिएको देखिएकोले सो सुविधा अमान्य गर्नुपर्ने देखिएको छः

९५.१ आन्तरिक राजस्व कार्यालय, बानेश्वरअन्तर्गतका एक टेलिकम प्रा.लि.ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम पेस गरेको विवरण (रिटर्न डिटेल) अनुसार करदाता १३५ महिनादेखि मूल्य

अभिवृद्धि कर रु.२३ करोड ५२ लाख ९६ हजार क्रेडिटमा रहेको देखिन्छ । करदाताको कुनै निर्यात कारोबार देखिँदैन । स्थापनाकालदेखि हालसम्म रु.१ अर्ब ३८ लाख बिक्री देखिन्छ । तर रु.३ अर्ब ६९ लाखको खरिद रहेको छ । हालसम्म २ पटक रु.९ करोड ६८ लाख मूल्य अभिवृद्धि कर फिर्ता लिएको छ । करदाताले सम्पत्ति सिर्जना गरेको तर उपयोगबाट आय आर्जन गरेको नदेखिँदा त्यस्तो सम्पत्तिको मूल्य अभिवृद्धि कर क्रेडिट सम्बन्धमा छानबिन गरी मूल्य अभिवृद्धि कर क्रेडिट अमान्य गर्नुपर्दछ ।

९५.२ आन्तरिक राजस्व कार्यालय, बानेश्वरअन्तर्गतका एक संयुक्त उपक्रमले २०७४।७५ मा आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम पेस गरेको आय विवरणअनुसार २०७३।७४ मा नोक्सानी रु.४ करोड २४ लाख ९७ हजार उल्लेख छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम पेस गरेको विवरणअनुसार २०७४।७५ को मूल्य अभिवृद्धि कर क्रेडिट रु.१ करोड २ लाख ४५ हजार रहेको देखिन्छ । स्थिर सम्पत्ति र अन्य मूल्य अभिवृद्धि कर योग्य खरिद कम भएको अवस्थामा ठूलो रकम मूल्य अभिवृद्धि कर क्रेडिट बाँकी राखी आय विवरण पेस गरेको र व्यवसायले घाटा देखाई कर नतिरेको सम्बन्धमा एवं मूल्य अभिवृद्धि कर क्रेडिट रकमको वास्तविकता सम्बन्धमा छानबिन गरी रु.१ करोड २ लाख ४५ हजार क्रेडिट अमान्य गर्नुपर्दछ ।

९५.३ आयकर र मूल्य अभिवृद्धि करमा २०६८ मा दर्ता भएको आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीका एक डिष्टिलरीले गत विगत वर्षदेखि नै आम्दानी नदेखाई खर्च मात्र देखाएकोले २०७४।७५ को नोक्सानी रु.१ करोड ७४ लाख २८ हजार रहेको छ । साथै मूल्य अभिवृद्धि कर क्रेडिट रु.१ करोड ६ लाख ५२ हजार पुगेको छ । सामग्री मौज्दात बाँकी देखिँदैन । गत विगत वर्षदेखि नै न्यूनतम खरिद देखाएर बिक्री भने नदेखाएको यस करदाताको करयोग्य आय यकिन तथा मूल्य अभिवृद्धि कर क्रेडिट रु.१ करोड ६ लाख ५२ हजार अमान्य गर्न छानबिन एवं कर निर्धारण गरनुपर्दछ ।

९५.४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(३)मा कर लाग्ने र कर नलाग्ने वस्तुमा प्रयोग भएको वस्तुको कर समानुपानिक रुपमा कर लाग्ने वस्तुको हदसम्म मात्र कट्टी गर्नपर्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, महाराजगन्जअन्तर्गतका व्यावसायिक कम्प्लेक्स निर्माण र पाँचतारे होटेल स्थापना गर्ने उद्देश्य रहेको एक करदाताको २०७४।७५ सम्ममा मूल्य अभिवृद्धि कर क्रेडिट रु.१५ करोड १७ लाख ६८ हजार देखिन्छ । करदाताले गर्ने कारोबारमध्ये कम्प्लेक्स निर्माण सञ्चालनमा मूल्य अभिवृद्धि कर लाग्दैन । होटेल तथा रेष्टुराँ कारोबारमा मात्र मूल्य अभिवृद्धि कर लाग्नेमा हाल उक्त कम्प्लेक्सभित्र ब्रान्डेड पसलहरु खुलेको, सिनेमा हल सञ्चालनमा रहेको र होटेल तयार भै नसकेको अवस्थामा छ । कम्प्लेक्स निर्माण गरी भाडामा लगाउने र पसल, रेष्टुँरा, सिनेमाहल सञ्चालन गर्न दिएमा मूल्य अभिवृद्धि कर लाग्दैन । तसर्थ निर्माणसँग सम्बन्धित खरिदमा तिरेको सबै मूल्य अभिवृद्धि कर क्रेडिट पाउने अवस्था देखिँदैन । क्रेडिट नपाउने मूल्य अभिवृद्धि कर रकम समानुपातिक रुपमा समायोजन गरेको पनि छैन । यसैले होटेल व्यवसायसँग मात्र सम्बन्धित देखिने बाहेकका अन्य निर्माण तथा खरिदसँग सम्बन्धित मूल्य अभिवृद्धि कर क्रेडिट छानबिन गरी रु.१५ करोड १७ लाख ६८ हजार अमान्य गर्नुपर्दछ ।

९५.५ मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ११(१)(ङ) अनुसार लगातार १२ महिनासम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा दर्ता खारेज गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, ललितपुर १ का एक करदाताले २०७४।७५ पश्चात् हालसम्म मूल्य अभिवृद्धि कर विवरण पेस नगरेको र आयकरतर्फ २०७२।७३ मा रु.७ करोड २६ लाख ८५ हजार नोक्सानीको आय विवरण पेस गरी त्यसपछि आय विवरण पेस नगरेकोले छानबिन गरी उक्त नोक्सानी अमान्य गर्नुपर्दछ । साथै मूल्य अभिवृद्धि कर क्रेडिट रहेको रु.११ करोड ९ लाख ५० हजार अमान्य गर्नुपर्दछ ।

९६. **कर छुटको कारोबार -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ मा सामाजिक सेवा परिचालन गर्ने कार्यलाई कर छुट हुने वस्तु तथा सेवाअन्तर्गत सूचीकृत गरेको छैन । मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको सन्दर्भमा करदाताले सम्झौता गरेका संस्थाहरुको पत्रमा मूल्य अभिवृद्धि कर बाहेकको भुक्तानी दिएको उल्लेख भए पनि उक्त सेवा र सामाजिक परिचालन कार्यक्रमको लागि भुक्तानी भएको रकमलाई मूल्य अभिवृद्धि करसहितको रकम मानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार करदाताले स्वयम् निर्धारण गरी विवरण पेस गर्नुपर्ने हुन्छ भनी आन्तरिक राजस्व विभागको २०७३।५।१९ को परिपत्रमा उल्लेख गरिएको छ । करदाताले एउटा प्याकेजको रुपमा सेवाको कार्य गर्ने गरी प्राप्त गरेको सेवाको सम्पूर्ण रकममा मूल्य अभिवृद्धि कर लाग्ने हुन्छ । आयकर छुट पाउने संस्थाले समेत मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गरेमा कर लाग्ने देखिन्छ । आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर, धनगढी, सुर्खेत, भद्रपुर र धरान अन्तर्गतका ९ करदाताको रु.२९ करोड ७९ लाख कारोबारमा रु.३ करोड ८८ लाख मूल्य अभिवृद्धि कर दाखिला गरेको नदेखिएकाले छानबिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

९७. **मूल्य अभिवृद्धि कर फिर्ता -** आर्थिक ऐन, २०७३ अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३) सँग सम्बन्धित अनुसूची १ को बुँदा १४ मा स्वदेशी उद्योगले आफ्नो उत्पादनको तोरीको तेल र अन्य प्रशोधित खानेतेल मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा चालीस प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता दिइने र यस्तो तेल अन्य उद्योगलाई वा ठूलो परिमाणमा अन्य व्यक्तिलाई बिक्री गरेमा यस्तो सुविधा प्रदान नगरिने व्यवस्था गरेको छ । आन्तरिक राजस्व कार्यालय, सिमराका एक करदाताले आफ्नो सम्पूर्ण उत्पादन भटमासको तेल मूल्य अभिवृद्धि करमा दर्ता नरहेका सम्बद्ध कम्पनीलाई ठूलो परिमाणमा बिक्री गरेको छ । ऐनको उपर्युक्त व्यवस्थाअनुसार मूल्य अभिवृद्धि करमा दर्ता नरहेका उद्योगलाई तेल बिक्री गरेको अवस्थामा मूल्य अभिवृद्धि कर फिर्ता दिन नमिल्ने हुँदा करदातालाई फिर्ता दिएको मूल्य अभिवृद्धि कर २०७३।७४ मा रु.१८ लाख ८७ हजार तथा २०७४।७५ मा रु.१९ लाख ९३ हजारसमेत रु.३८ लाख ८० हजार ऐनअनुसार थपदस्तुर, जरिवाना र ब्याजसमेत निर्धारण गरी असुल गर्नुपर्दछ ।

९८. **तोरीको तेलमा कर फिर्ता -** मूल्य अभिवृद्धि कर फिर्ता दिने प्रावधान अनुरुप तेल बिक्रीमा सङ्कलन गरेको ५० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा व्यवस्था भएकोमा आर्थिक ऐन, २०७५ ले तोरीको तेल उत्पादन तथा बिक्रीमा दिंदै आएको फिर्ता खारेज गरेको देखिन्छ । ठूला करदाता कार्यालय र मध्यमस्तरिय करदाता कार्यालयमा दर्ता भएका क्रमश दुई र एक तेल उद्योगले हालसम्म पनि मूल्य अभिवृद्धि कर क्रेडिट समायोजन गरी दाबी गरिरहेको देखिन्छ । उक्त क्रेडिट ती करदाताले पछिल्ला वर्षमा सङ्कलन गरेको रकमबाट डेबिट समायोजन गरी फिर्ता प्राप्त गर्दछन् । तसर्थ प्रोदभावी लेखा प्रणालीअन्तर्गत यस्तो समायोजित क्रेडिट रकम रु.१३ करोड ७१ लाख १८ हजार करदाताको २०७४।७५ मा आय गणना गर्नुपर्नेमा आम्दानी नबाँधेकोले आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम मुनाफा र लाभमा समावेश गरी करयोग्य आय कायम गरी सोही ऐनको अनुसूची १ बमोजिम हुन आउने कर रकम रु. ३ करोड ९९ लाख ९९ हजार शुल्क तथा ब्याजसहित असुल हुनुपर्दछ ।यस्तै अन्य तेल उत्पादक उद्योगहरुले समेत प्रोदभावी लेखाको आधारमा आम्दानी देखाए नदेखाएको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

९९. **मोबाइलमा मूल्य अभिवृद्धि कर फिर्ता -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४(३) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९(४)अनुसार लगातार ६ महिना क्रेडिटको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को प्रकरण १९ मा भएको व्यवस्थाबमोजिम सेलुलर मोबाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोबाइल फोन सेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान मूल्य अभिवृद्धि करमा दर्ता भएका

करदाताहरुलाई बिक्री गरेको प्रमाण पेस गरेमा विभागले तोकेको प्रक्रिया बमोजिम ४० प्रतिशत फिर्ता दिइने व्यवस्था आर्थिक ऐन, २०७४ मा व्यवस्था भएकोमा आर्थिक ऐन, २०७५ देखि सेलुलर मोबाइल फोन सेटको उत्पादन तथा बिक्रीमा दिँदै आएको फिर्ता खारेज गरेको छ । ठूला करदाता कार्यालयअन्तर्गतका ३ मोबाइल फोन बिक्रेताहरुले हालसम्म पनि मूल्य अभिवृद्धि कर क्रेडिट समायोजन गरी दाबी गर्दै आएको र २०७४।७५ मा रु.११ करोड ८६ लाख ९० हजार दाबी गरेको देखिन्छ । उक्त क्रेडिट ती करदाताले पछिल्ला वर्षमा सङ्कलन गरेको रकमबाट डेबिट समायोजन गरी फिर्ता प्राप्त गर्दछन् । तसर्थ प्रोदभावी लेखा प्रणालीअन्तर्गत यस्तो रकम करदाताको २०७४।७५ मा आय गणना गर्नुपर्नेमा नगरेकोले आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम मुनाफा र लाभमा समावेश गरी करयोग्य आय कायम गरी सोही ऐनको अनुसूची १ बमोजिम २५ प्रतिशत कर रु.२ करोड ९६ लाख ७३ हजार तथा दफा ११९ बमोजिम ब्याज र दफा १२० बमोजिम शुल्कसमेत असुल हुनुपर्दछ ।

यस्तै अन्य मोबाइल पैठारीकर्ताले समेत प्रोदभावी आधारमा आम्दानी देखाए नदेखाएको छानबिन हुनुपर्दछ ।

१००. **मूल्य अभिवृद्धि कर समायोजन -** मूल्य अभिवृद्धि कर, २०५२ को अनुसूची १ मा स्वदेशी कपडा उद्योगले आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ७० प्रतिशत कर फिर्ता दिइने व्यवस्थाअनुसार व्यवसायीले कर फिर्ता दाबी गरेका छन् ।यसरी फिर्ता दिने कानुनी व्यवस्था आर्थिक ऐन, २०७५ ले हटाएको छ । करदाताले बिक्रीमा उठाएको कर फिर्ता पाउँदा आयमा समावेश गरे तापनि फिर्ता नभएको रकमलाई क्रेडिट समायोजन गर्दा भने आयकर ऐन, २०५८ को दफा ७(२) अनुसार आयमा समावेश गर्नुपर्नेमा गरेको छैन ।आन्तरिक राजस्व कार्यालय, वीरगन्जका २२ र मध्यमस्तरिय करदाता कार्यालयका १ गरी २३ कपडा उद्योगीहरूले यसरी मूल्य अभिवृद्धि कर क्रेडिट समायोजन गरेको रु.४९ करोड ३४ लाख ६४ हजारलाई आयमा समावेश गरी ऐनअनुसार आयकर रु.९ करोड ८५ लाख ९२ हजार शुल्क तथा ब्याजसमेत असुल गर्न कर निर्धारण हुनुपर्दछ।

१०१. **नपाउने क्रेडिट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ मा मूल्य अभिवृद्धि कर कट्टी सम्बन्धी व्यवस्था रहेको छ । जसअनुसार लगातार ६ महिनासम्म मिलान गरेर बाँकी रहेको क्रेडिट रकम एकमुष्ट फिर्ता पाउन कर अधिकृतसमक्ष निवेदन दिन सक्ने व्यवस्था छ । त्यस्तै दफा २५घ. मा ऐनबमोजिम फिर्ता लिनुपर्ने रकम कर अवधि समाप्त भएको मितिले तीन वर्षभित्र फिर्ताको लागि निवेदन नदिएमा फिर्ता नहुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०१.१ सेलुलर मोबाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोबाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई बिक्री गरेमा विभागले तोकेको प्रक्रियाबमोजिम ४० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता दिइने व्यवस्था आर्थिक ऐन, २०७४ ले गरेकोमा २०७५।७६ देखि हटाइएको छ । मध्यमस्तरिय करदाता कार्यालयका एक करदाताले कानुनी प्रावधान संशोधन पश्चात् पनि २०७५।७६ मा मूल्य अभिवृद्धि कर रु.५० लाख २० हजार क्रेडिट समायोजन गरेको छ । यसरी क्रेडिट समायोजन गर्न नपाउने रकम समायोजन गरी क्रेडिट बढाएकोले त्यसतर्फ अमान्य गरी कर निर्धारण गर्नुपर्दछ ।

१०१.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ अनुसार कर लाग्ने वस्तुमा तिरेको कर उठाएको करबाट कट्टा गरी दाखिला गर्नुपर्दछ । दफा १७(३) मा कर लाग्ने र कर नलाग्ने वस्तुमा प्रयोग भएको वस्तुको कर समानुपानिक रुपमा कर लाग्ने वस्तुको हदसम्म मात्र कट्टी गर्नुपर्ने उल्लेख छ । बिजिनेस कम्प्लेक्स निर्माण, वासस्थान योग्य घर निर्माण तथा बिक्री र अन्तर्राष्ट्रिय स्तरको होटेल तथा रेष्टुराँ स्थापना गर्न आन्तरिक राजस्व कार्यालय, महाराजगन्जमा दर्ता भएको एक करदाताको २०७४।७५ मा मूल्य अभिवृद्धि कर क्रेडिट रु.११ करोड १६ लाख ६४ हजार देखिन्छ । करदाताले गर्ने कारोबारमध्ये बिजिनेस

कम्प्लेक्स निर्माण सञ्चालन र वासस्थान योग्य घर निर्माण तथा बिक्री कारोबारमा यस्तो कर लाग्दैन । करदाताको उक्त उल्लिखित होटेल तथा रेष्टुराँ कारोबारमा मात्र यस्तो कर लाग्नेमा हाल निर्माणसँग सम्बन्धित खरिदमा तिरेको सबै कर क्रेडिट पाउने देखिँदैन । क्रेडिट नपाउने कर रकम समानुपातिकरुपमा समायोजन गरेको पनि छैन । यसैले होटेल तथा रेष्टुराँसँग सम्बन्धित देखिने बाहेकका अन्य निर्माण तथा खरिदसँग सम्बन्धित मूल्य अभिवृद्धि कर क्रेडिट छानबिन गरी अमान्य गर्नुपर्ने देखिन्छ ।

१०२. **फिर्ता क्रेडिट अमान्य -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूचीमा स्वदेशी कपडा उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई बिक्री गरेको अवस्थामा उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम फिर्ता पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, वीरगन्जअन्तर्गतको कपडामा छपाइ/प्रिन्टिङ्गसम्बन्धी काम गर्ने एक करदाता उत्पादनमूलक उद्योग नरहेकोले उक्त करदाताको २०७२।७३ र २०७३।७४ को मूल्य अभिवृद्धि कर फिर्ताबापत क्रेडिट समायोजन गर्न नपाउने भनी बेरुजू औँल्याइएकोमा कार्यालयले २०७३।७४ को पूर्ण करपरीक्षण सम्पन्न गरी, उत्पादनमूलक उद्योग नरहेको कारण जनाई बेरुजूमा औँल्याइएको २०७२।७३ र २०७३।७४ को मूल्य अभिवृद्धि कर फिर्ताबापतको क्रेडिट समायोजन अमान्य गरी शुल्क ब्याज र जरिवानासहित असुल हुन कर निर्धारण गरेको छ । यसरी करदाताले नपाउने मूल्य अभिवृद्धि कर फिर्ता क्रेडिट लिएको सम्बन्धमा कार्यालयले विगत वर्षको सम्बन्धमा समेत छानबिन गरी कर निर्धारण गर्नुपर्नेमा नगरेकोले २०७१।७२ सम्मको मूल्य अभिवृद्धि कर रु.२ करोड ४२ लाख ३८ हजार फिर्ताबापत क्रेडिट समायोजन गरेकोमा सो फिर्ता क्रेडिट अमान्य गर्न छानबिन गरी लाग्ने, शुल्क, ब्याज र जरिवाना रकमसमेत असुल हुनुपर्दछ ।

१०३. **फ्लोमिटरको जर्ती -** अन्तःशुल्क निर्देशिकाको प्रकरण ५.२.१ मा फ्लोमिटरमा बियर उत्पादन गर्ने अनुमति प्राप्त गरेका व्यक्ति वा प्रतिष्ठानले फ्लोमिटर प्रयोग गरी उत्पादन गर्नुपर्ने व्यवस्था छ । विभागले पेस गरेको विवरण अनुसार बियर उत्पादन गर्ने १० उद्योगले फ्लोमिटर जडान गरेकोमा कुनै पनि चालु अवस्थामा रहेको देखिँदैन । भौतिक नियन्त्रण प्रणालीअनुसार बियर निष्काशन हुने भए तापनि उत्पादकले देखाएको उत्पादनलाई नै यथार्थ मान्नुपर्ने अवस्था छ । राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई चुहावट नियन्त्रण गर्नका लागि बियर उद्योगमा जडान गरिएको फ्लोमिटर सञ्चालनमा ल्याउनु आवश्यक देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

१०३.१ अन्तःशुल्क नियमावली, २०५९ को नियम २३(क) मा बियर उत्पादन गर्ने इजाजतपत्रवालाले तयारी बियरको अन्तिम रुपमा बोतलबन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाणभन्दा बोतलबन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी र पाश्चराइजेसन, प्याकेजिङ्ग तथा गोदाम भण्डारण गर्दा टुटफुट वा बिग्रिएर बोतलमा प्रयोग हुन नसक्ने अवस्थामा मिनाहाको लागि पेस गर्नुपर्ने व्यवस्था छ । नियमावलीको व्यवस्थाबमोजिम कार्यालयबाट ३० दिनभित्र जाँच गरी मनासिब देखिएमा मिनाहा दिने अन्यथा अन्तःशुल्क निर्धारण गर्नुपर्नेमा कार्यालयले निर्धारित समयावधिमा जाँच तथा कारबाही टुङ्गो लगाएको देखिएन । आन्तरिक राजस्व कार्यालय, भरतपुरका एक ब्रुअरीले जर्ती दाबी गरेमध्ये २ प्रतिशतले हुने बियरतर्फ रु.२४ करोड २९ लाख ८१ हजार र साईडरतर्फ रु.३६ लाख २७ हजार जर्ती दाबी मिनाहा निर्धारित समयावधिमा नभएकाले रु.२४ करोड ६६ लाख ८ हजार अन्तःशुल्क र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गर्नुपर्दछ ।

१०३.२ अन्तःशुल्क नियमावली, २०५९ को नियम २३(क) मा बियर उत्पादन गर्ने उद्योगलाई तयारी बोतलबन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाणभन्दा बोतलबन्दीपछि बोतल गणनाबाट देखाएको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशतसम्म र पाश्चाराइजेसन, प्याकेजिङ तथा गोदाम भण्डारण गर्दा टुटफुट बियरको भौतिक

परीक्षण गर्दा बढीमा २ प्रतिशतसम्म मिनाहा दिन सक्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, भरतपुरका उक्त करदाताले फ्लोमिटर बिग्रिएको अवस्थामा समेत पाश्चाराइजेसन र प्याकिङ्गतर्फ २ प्रतिशतभन्दा बढी करदाताको नोक्सानी बियरतर्फ ३.०७८९ प्रतिशत र साइडरतर्फ ३.०३७७ रहेकोले नियमानुसार मिनाहा दिन सक्ने सीमा २ प्रतिशतभन्दा बढीको बियर तर्फ रु.१३ करोड १० लाख ८६ हजार र साईडरतर्फ रु.१७ लाख २२ हजार जर्ती दाबी अमान्य गरी रु.१३ करोड २८ लाख ८ हजार अन्तःशुल्क र सोमा लाग्ने शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

१०४. **फलामको कारोबारमा अन्तःशुल्क** - अन्तःशुल्क ऐन, २०५८ को दफा ९ मा इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न नहुने व्यवस्था रहेको छ । आर्थिक ऐन २०७५ ले जेष्ठ १५ देखि लागू हुने गरी फलाम वा इस्पातको संरचनाहरु र संरचनाका अङ्गहरुमा प्रति मेट्रिकटन रु.१ हजार ५०० का दरले अन्तःशुल्क लाग्ने व्यवस्था रहेको छ । आन्तरिक राजस्व कार्यालय, चितवनअन्तर्गतको एक मेटल कम्पनीले इजाजतपत्र नलिई अन्तःशुल्कजन्य वस्तुको कारोबार गरेको र सो वस्तुको कारोबार गर्दा आर्थिक ऐनअनुसार अन्तःशुल्क दाखिला गरेको देखिएन । कानुनी व्यवस्थाअनुसार इजाजतपत्र नलिई अन्तःशुल्कजन्य वस्तुको कारोबार गरी अन्तःशुल्क दाखिला नगरेकोले करदाताले पेस गरेको रिटर्न डिटेलको आधारमा अन्तःशुल्क रु.३८ लाख २७ हजार र दफा १०(झ) अनुसारको शुल्क तथा दफा १६ अनुसारको जरिवानासमेत गणना गरी असुल गर्नुपर्दछ ।

१०५. **प्याकिङ्ग मेटेरियलको अन्तःशुल्क कट्टी** - अन्तःशुल्क ऐन, २०५८ को दफा ३क(५) मा अन्तःशुल्क कट्टा गर्दा सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्री तथा भन्सार महसुल माफी भएका कच्चा पदार्थ र पार्टपुर्जा पैठारी गर्दा तिरेको अन्तःशुल्क कट्टा गर्न नपाइने व्यवस्था रहेको छ । चाउचाउ, भुजियाको उत्पादन गर्ने आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतको एक फूड्स प्रा.लि.ले प्लाष्टिकजन्य पदार्थ प्रयोग गरी प्याकिङ्ग सामग्री उत्पादन गर्दा खरिदमा तिरेको अन्तःशुल्क २०७३।७४, २०७४।७५ र २०७५।७६ मा रु.१ करोड ६६ लाख ५१ हजार क्रेडिट लिएकोले छानबिन गरी नपाउने अन्तःशुल्क कट्टी लिएको रकममा दफा १०(झ) अनुसारको शुल्क तथा दफा १६ अनुसारको जरिवानासमेत गणना गरी असुल गर्नुपर्दछ ।

१०६. **अन्तःशुल्क दाखिला** - अन्तःशुल्क ऐन, २०५८ को दफा ३ मा अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा अनुसूचीमा उल्लेख भएबमोजिम अन्तःशुल्क लाग्ने व्यवस्था छ । अन्तःशुल्क ऐन, २०५८ तथा आर्थिक ऐन, २०७५ को अन्तःशुल्क दरबन्दी शीर्षकको अनुसूचीको ३४०१ मा साबुन नेपालभित्र उत्पादन वा तयारी वा पैठारीमा मोल प्रतिशत ५ ले अन्तःशुल्क लाग्ने उल्लेख छ । मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतका एक साबुन उत्पादक कम्पनी अन्तःशुल्कमा नभएको र अन्तःशुल्क विवरण तथा रकम बुझाएको पनि छैन । यस करदाताको २०७५।७६ मा बिक्री रु.४७ करोड ४६ लाख ३१ हजार देखिन्छ । त्यसैले उक्त रकममा ५ प्रतिशतले हुने रु.२ करोड ३७ लाख ३२ हजार अन्तःशुल्क र ऐनको दफा १०झ. अनुसार प्रतिदिन ०.०५ प्रतिशतले हुने विलम्ब शुल्कसमेत निर्धारण गर्न छानबिन हुनुपर्ने देखिन्छ ।

१०७. **शिक्षा सेवा शुल्क** - आर्थिक ऐन, २०७४ को दफा ८ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्चमाध्यमिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरु तथा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र जिल्ला सदरमुकाम तथा आन्तरिक राजस्व विभागले तोकेको स्थानमा सञ्चालित शिक्षण संस्थाहरुले असुल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असुल गर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय बत्तीसपुतली, कोटेश्वर र बालाजुअन्तर्गतका १३ शिक्षणसंस्थाले २०७४।७५ मा शिक्षा सेवा शुल्कबापत जम्मा रु.८३ करोड ४८ लाख ६३ हजार आम्दानी गरेको देखिन्छ । सो रकमको १ प्रतिशतले हुने शिक्षा सेवा शुल्क बापत

जम्मा रु.८३ लाख ४८ हजार दाखिला हुनुपर्नेमा रु.१४ लाख ६६ हजार दाखिला गरेको देखिन्छ । तसर्थ घटी दाखिला भएको रु.६८ लाख ८२ हजार शिक्षा सेवा शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

१०८. **स्वास्थ्य सेवा कर** - आर्थिक ऐन, २०७४ को दफा ७ अनुसार नेपाल सरकार र सामुदायिक अस्पतालहरु बाहेकका संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा ५ प्रतिशत स्वास्थ्य सेवा कर लगाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय भद्रपुर, चाबहिल, कोटेश्वर, त्रिपुरेश्वरसमेत ६ कार्यालयका स्वास्थ्य सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएका १३ करदाताले २०७४।७५ मा पेस गरेको कुल आय रु.१ अर्ब ५२ करोड २८ लाख १० हजारमा ५ प्रतिशतले लाग्ने स्वास्थ्य सेवा कर रु. ७ करोड ६१ लाख ४१ हजार असुल हुनुपर्नेमा रु.१ करोड ५१ लाख १९ हजारमात्र असुल गरेकोले घटी असुल भएको स्वास्थ्य सेवा कर रु.६ करोड १० लाख २२ हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

## भन्सार विभाग

विभागले विदेशबाट पैठारी हुने मालवस्तुमा लाग्ने भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर सङ्कलन गर्ने, प्रतिबन्धित मालवस्तुको आयात निर्यातलाई नियन्त्रण गर्ने, वैध व्यापारलाई प्रोत्साहन गर्ने र अन्तर्राष्ट्रिय आधार अनुरुप व्यापार सहजीकरण गर्ने जस्ता कार्य गर्दै आएको छ । भन्सार विभाग र मातहतका कार्यालयको लागि यो वर्ष रु १ अर्ब २५ करोड ९८ लाख बजेट व्यवस्था भएकोमा रु ९६ करोड ९९ लाख ९९ हजार खर्च गरेको देखिन्छ । भन्सार विभाग अन्तर्गत ३५ मुख्य भन्सार कार्यालय, एक भन्सार जाँचपास परीक्षण कार्यालय र १३५ छोटी भन्सार कार्यालय रहेका छन् ।

१०९. **राजस्वको लक्ष्य प्रगति** - भन्सार विभागले संकलन गर्नुपर्ने राजस्वको लक्ष्य र प्रगतिको तुलनात्मक स्थिति देहायअनुसार गरिएको छः

(रु. करोडमा)

| विवरण | २०७४।७५ मा असुली | २०७५।७६ को लक्ष्य | २०७५।७६ को असुली | चालु वर्षको लक्ष्यको तुलनामा असुली प्रतिशन | गत वर्षको तुलनामा राजस्व वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| भन्सार राजस्व | १३८१३ | १५१५९ | १४३३२ | ९४.५४ | ३.७६ |
| पैठारी मू.अ.कर | १३६४४ | १८२६८ | १५७८२ | ८६.३९ | १५.६७ |
| पैठारी अन्तःशुल्क | ४२०८ | ५८८५ | ४८१२ | ८१.७६ | १४.३५ |
| **जम्मा** | **३१६६५** | **३९३३०** | **३४९२६** | **८८.८०** | **१०.३०** |

यो वर्ष पैठारीमा लाग्ने भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर राजस्वको लक्ष्य रु.३ खर्ब ९३ अर्ब ३० करोड रहेकोमा रु.३ खर्ब ४९ अर्ब २६ करोड अर्थात् ८६.७७ प्रतिशत असुली भएको छ । गतवर्ष आयातित सामग्रीको मूल्य रु.१२ खर्ब ४४ अर्ब ८१ करोड रहेकोमा यो वर्ष रु.१४ खर्ब १८ अर्ब ५२ करोड पुगी १३.९५ प्रतिशत बढेकोमा राजस्व असुली १४.५५ प्रतिशत बढेको छ । प्रक्षेपित राजस्वको लक्ष्य पूरा गर्न जोखिममा आधारित मालवस्तुको जाँचपास प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

११०. **अनुगमन** - भन्सार प्रशासनमा संलग्न विभिन्न निकायबाट हुँदै आएको कार्यलाई एउटै प्रणालीबाट सेवा दिन नेपालमा राष्ट्रिय एकद्वार प्रणाली लागू गर्ने भन्सार विभागको कार्यक्रम रहेको छ । राष्ट्रिय एकद्वार प्रणाली लागू गर्न कार्ययोजना बनाउने, क्षमता अभिवृद्धि गर्ने, सफ्टवेयर खरिदको लागि टेण्डर डकुमेन्ट तयार गर्ने लगायत सफ्टवेयर खरिद पश्चात् नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकास गर्न खरिद सफ्टवेयरले सेवा दिन स्वीकार योग्य भए नभएको अनुगमनसम्मको कार्यको लागि एक परामर्शदातासँग ३६ महिनामा कार्यसम्पन्न गर्ने गरी १८ जून २०१५ मा अमेरिकी डलर ११ लाख ९९ हजार सिधै भुक्तानी र रु.४ करोड ४६ लाख ९३ हजार भुक्तानी गर्ने गरी सम्झौता भएको देखिन्छ ।

सो परामर्शदातासँग परामर्श सेवाको लागि समयको आधारमा सम्झौता गरेको छ । समयमै राष्ट्रिय एकद्वार प्रणालीको लागि ठेक्का व्यवस्थापन नभएको कारणले उक्त परामर्शदाताले सम्झौताबमोजिमका कार्यसम्पादन गर्न सकेको देखिएन । परामर्शदातासँग भएको सम्झौताको शर्तमा राष्ट्रिय एकद्वार प्रणालीको प्रस्तावदाताले प्रस्ताव गरेको एकद्वार प्रणालीले सेवा दिन योग्य भए नभएको, स्वीकार योग्य भए नभएको मूल्याङ्कन गर्ने र सफ्टवेयर विकासको अनुगमन गर्ने लगायतका खरिद पश्चात् गर्नुपर्ने विभिन्न कार्य सम्पन्न नभए पनि सम्झौताकै हाराहारीमा अमेरिकी डलर १० लाख ५८ हजार र रु.४ करोड ५७ लाख २० हजार भुक्तानी भएको देखियो । राष्ट्रिय एकद्वार प्रणालीको खरिद पश्चात् उक्त परामर्शदाताले गर्नुपर्ने कार्य गर्न पुनः परामर्शदातासँग सम्झौता गर्नुपर्ने अवस्था सिर्जना भई थप दायित्व व्यहोर्नुपर्ने देखिएको छ ।

१११. **बढी लागत अनुमान -** नेपालमा राष्ट्रिय एकद्वार प्रणाली लागू गर्न अमेरिकी डलर १ करोड १८ लाख ७४ हजारको लागत अनुमान तयार गरेकोमा लागत अनुमानभन्दा ३५.९२ प्रतिशत घटी अमेरिकी डलर ७६ लाख ८ हजारमा एक फर्मसँग २४ महिनामा कार्य सम्पन्न गर्ने गरी २६ मे २०१९ मा सम्झौता भएको देखिन्छ । लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारसमेत लिई लागत अनुमान तयार गर्नुपर्नेमा भन्सार विभागमा कार्यरत यसै कार्यको लागत अनुमान गर्ने परामर्शदाताको अधिकतम मासिक पारिश्रमिक अमेरिकी डलर १४ हजार ५२७.८८ भुक्तानी गरेकोमा विभिन्न विशेषज्ञको लागि मासिक पारिश्रमिक अमेरिकी डलर ३० हजारसम्म कायम गरेकोले मासिक अमेरिकी डलर १५ हजारका दरले भन्दा बढी हुने गरी अमेरिकी डलर ६ लाख ५५ हजार अर्थात् तत्कालको विनिमय दरमा हुने रु.७ करोड ४८ लाख ७३ हजार बढी लागत अनुमान कायम गरेको देखिन्छ । त्यस्तै लागत अनुमानमा आयोजना व्यवस्थापक, आयोजना सहायक, आईटी विशेषज्ञलगायत विभिन्न पदका पदामर्शदाताको कार्यदिन उल्लेख गरेकोमा उक्त कार्यदिन लाग्ने आधार नखुलाएको, एमएनएसडब्लु हार्डवेयरलगायत विभिन्न सामानको लागत अनुमान तयार गरेकोमा सोको आधारसमेत नखुलाएको तथा उक्त खरिदमा भन्सार कर ४० प्रतिशत नलाग्नेमा भन्सार तथा कर उल्लेख गरी अमेरिकी डलर ९ लाख ६१ हजार समावेश गरेकोले लागत अनुमान यथार्थपरक देखिएन ।

११२. **जोखिम व्यवस्थापन -** आर्थिक ऐन, २०७५ को अनुसूची १(१८) मा पैठारी भएको मालवस्तुहरुको हकमा प्रोफर्मा इन्भ्वाइस तथा तिनका बीजकमा मालवस्तुको किटानी विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति ईकाइ मूल्य र परिमाण खुलाउनुपर्ने उल्लेख छ । वान (वाइड एरिया नेटवर्क) मार्फत् विभागस्थित इन्टेलिजेन्स शाखाबाट आसिकुडा विश्लेषण गरी असुल हुन लागेको राजस्व रकमको परीक्षण गर्ने व्यवस्था छ । यस्तो परीक्षणबाट २०७३।७४ मा रु.२१ करोड ५८ लाख ९ हजार र २०७४।७५ मा रु.२४ करोड १ लाख ७४ हजार असुल भएको देखिन्छ । यो वर्ष दरबन्दी फरक भएको, मूल्याङ्कन फरक परेको र प्रणाली परीक्षणबाट जम्मा रु.५८ करोड ७२ लाख ६२ हजार असुल भएको देखिन्छ । यसरी दरबन्दी र मूल्याङ्कनमा फरक भएको कारणबाट राजस्व असुल हुने क्रम प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखियो । भन्सार विभागको कार्यक्रममा प्रमुख भन्सार कार्यालयले प्रतिमहिना न्यून बीजकीकरण भएर आएका मालवस्तुको कम्तीमा एक कन्साइनमेन्टको सामान खरिद गर्ने कार्यक्रम रहे तापनि नेपालगन्ज भन्सार कार्यालयबाट रु.३ लाख मूल्यको एउटा कन्साइनमेन्टको मात्र खरिद गरेको देखियो । न्यून बीजकीकरण नियन्त्रण गर्न न्यून बीजकीकरण भई आएका सामान खरिद गर्ने कार्यमा वृद्धि गर्ने, ऐनमा भएको व्यवस्थाको पालना गराउने र जोखिमयुक्त कन्साइनमेन्ट छनौट गरी अनुगमन एवं असुलीलाई प्रभावकारी बनाउनुपर्दछ ।

११३. **अन्तःशुल्क छुट सुविधा -** आर्थिक ऐन, २०७५ को द्रष्टब्य ७ बमोजिम एसेम्बल गरी सवारीसाधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल अवस्थाका सवारीसाधन पैठारी गर्दा लाग्ने अन्तःशुल्कमा १० प्रतिशत र तयारी साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्कमा २५ प्रतिशत छुट हुने व्यवस्था छ । एक पैठारी कर्ताले भैरहवा भन्सार कार्यालयमा एक ब्राण्डका मोटरसाइकल तयार गर्न रु.४ अर्ब २९ करोड ११ लाख मूल्य बराबरको विभिन्न अनएसेम्बल मालवस्तु पैठारी गर्दा रु.५५ करोड १९ लाख अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुट लिएको देखिन्छ । पैठारी गरिएका र नेपालमा एसेम्बल गरिएका मोटरसाइकलको विशेषता र उपभोक्ताले खरिद गर्ने मूल्यमा अन्तर देखिँदैन । सिकेडी अवस्थामा ल्याई एसेम्बल गर्दा न्यून भ्यालु एड (वित्तीय विवरणअनुसार बिक्री गरेको मूल्यको ५ प्रतिशतको हाराहारीमा मात्र भ्यालु एड) भएको देखिन्छ । सरकारले दिएको राजस्व छुट बराबरको पनि भ्यालु एड नहुँदा एवं उपभोक्ताले प्राप्त गर्ने बिक्री मूल्यमा समेत अन्तर नदेखिँदा राजस्व छुटको फाईदा पैठारीकर्ताले मात्र प्राप्त गरेको अवस्था छ । यसबाट अर्थतन्त्र एवं उपभोक्तालाई योगदान पुगेको देखिँदैन । कम्तीमा पनि सरकारबाट दिएको छुट बराबर वा सो भन्दा बढी भ्यालु एड नभएको अवस्थामा छुट नदिने गरी व्यवस्था गर्न पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

११४. **प्रयोजन नखुलेको पैठारी -** भन्सार उपशीर्षक ८७०११० मा पावर टिलर र मिनिटिलर पर्ने र भन्सार उपशीर्षक ८७०१२० मा सेमी ट्रेलरको लागि सडकमा गुड्ने ट्र्याक्टर (रोड ट्र्याक्टर फर सेमी ट्रेलर्स) भन्ने उल्लेख छ । वीरगन्ज भन्सार कार्यालयमा यो वर्ष भन्सार उपशीर्षक ८७०११० मा रु.५७ करोड ४३ लाख ८७ हजार मूल्यका पावर टिलर र मिनीटिलर पैठारी भएकोमा रु.३२ करोड ५४ लाख ६९ हजारको पावर टिलर पैठारी गर्नुको प्रयोजन उल्लेख भएको देखिएन । पैठारीकर्ताबाट पैठारी गरी ल्याएका अधिकांश पावरटिलरमा ट्रेलर जडान गरी सडकमा गुडाई इँटा, रड, काठ आदि ढुवानी गर्ने प्रयोजनको लागि समेत प्रयोग गर्ने गरेको देखिन्छ । उक्त सामान बहुउद्देश्यीय कार्यमा प्रयोग हुने अवस्था रहेबाट भन्सार उपशीर्षक ८७०१२० (सेमी ट्रेलरको लागि सडकमा गुडने ट्र्याक्टर) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल असुल गर्नुपर्नेमा भन्सार शीर्षक ८७०११० बाट जाँचपास गरी १ प्रतिशत मात्र भन्सार महसुल असुल गरेकोले रु.१ करोड ३० लाख १८ हजार घटी भन्सार महसुल असुल भएको देखिन्छ । यसतर्फ सम्बद्ध निकायको ध्यान जानुपर्ने देखिन्छ ।

११५. **साफ्टा छुट सुविधा -** देहायका मालवस्तु पैठारी गर्दा साफ्टा सुविधा नपाउने भए पनि छुट दिई जाँचपास गरेको पाइएको छः

११५.१ भारत पेट्रोलियम कर्पोरेसन, हिन्दुस्थान पट्रोलियम कर्पोरेसन लि. तथा इन्डियन आयल कर्पोरेसनले तेस्रो मुलुकबाट क्रुड आयल खरिद गरी सोको बाइप्रडक्टको रुपमा बिटुमिन तयार गर्ने गरेको देखिन्छ । यस सम्बन्धमा भारत पेट्रोलियम कर्पोरेसन लिमिटेडले एक एडभोकेटमार्फत् अध्ययन गराउँदा उल्लिखित उत्पादक कम्पनीहरुले बल्कमा क्रुड आयल आयात गरी बाइप्रोडक्टको रुपमा बिटुमिन उत्पादन गर्ने र बिटुमिन उत्पादन गर्न ६० प्रतिशत भन्दा बढी आयातित मालवस्तुको प्रयोग भएको हुँदा साफ्टा उत्पत्तिको प्रमाणपत्र जारी गर्न नमिल्ने उल्लेख भएको देखिन्छ । भारतीय पेट्रोलियम कर्पोरेसनले नेपालको एक पैठारीकर्तालाई १० जुलाई २०१५ मा नै साफ्टा सर्टिफिकेट दिन नसकिने उल्लेख गरी पत्रसमेत दिएको छ । तसर्थ बिटुमिनले भारतीय उत्पत्तिको प्रमाण पाउने देखिँदैन । यस्तो अवस्थामा अन्य कम्पनीको पत्रको आधारमा साफ्टा सुविधा दिँदा भैरहवा, कृष्णनगर, वीरगन्ज, नेपालगन्ज, कैलाली र मेची भन्सार कार्यालयसमेतले रु.३ अर्ब २३ करोड ३ लाख मूल्यको बिटुमिन पैठारी गर्दा साफ्टा सुविधा दिएको कारण भन्सार महसुल तथा मूल्य अभिवृद्धि करसमेत रु.२६ करोड ३१ लाख ७९ हजार घटी असुल भएको रकम असुल गरी साफ्टा छुटको प्रयोग समुचित तवरले गर्नुपर्दछ ।

११५.२ विभिन्न पैठारीकर्ताले भन्सार उपशीर्षक २७१३११ बाट पेट्रोलियम कोक अभष्मितलाई समेत उत्पत्तिको प्रमाणपत्र जारी गर्न नमिल्नेमा जारी गरी नपाउने साफ्टा सुविधा दिएको कारणले वीरगन्ज र भैरहवा भन्सार कार्यालयबाट छुट दिएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसहित रु.५३ लाख १० हजार असुल हुनुपर्दछ ।

११६. **खण्डीकरणको सुविधा** - च्यासिस मात्र पैठारी गर्दा भन्सार उपशीर्षक ८७०६ बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने र गाडीको बस वडीमा भन्सार उपशीर्षक ८७०७१० बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने व्यवस्था छ । यो वर्ष ३ पैठारीकर्ताले कानुनी व्यवस्थाअनुसार च्यासिस पैठारी गरी पुनः भारत निकासी गरी गाडीको बडी तयार गरी पैठारी गरेबापत १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी बस पैठारी गर्ने क्रममा च्यासिस र वडीमा खण्डीकरण गरेको देखियो । शुरुमा च्यासिस पैठारी गरी ल्याउने र पछि बडी बनाउन निकासी गरी पुनः पैठारी गर्दा शुरुमै तयारी साधन पैठारी गरेको अवस्थामा लाग्ने भन्दा रु.४ करोड ३४ लाख ४ हजार कम राजस्व प्राप्त भएको छ । यसतर्फ सम्बद्ध निकायको ध्यान जानुपर्ने देखिन्छ ।

११७. **घटी मूल्याङ्कन** - भन्सार नियमावली, २०६४ को नियम ९ मा जफत भई वा भन्सार कार्यालयबाट छुटाई नलगेको कारणबाट नेपाल सरकारको नाममा प्राप्त हुन आएको सुन, चाँदी, हिरा, जवाहरत, मूल्यवान खनिज पदार्थ वा यसबाट बनेका गहना तथा अन्य वस्तुहरु नेपाल राष्ट्र बैङ्कले खरिद गर्ने भएमा सो बैङ्कमा दाखिला गर्न पठाई प्रचलित मूल्यबमोजिम बिक्री गर्नुपर्ने व्यवस्था छ । त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाट जफत भएको सुन, चाँदी नेपाल राष्ट्र बैङ्कमा पठाई नेपाल राष्ट्र बैङ्कले गलान गरेको सुन, चाँदीको गलान र आस्से परीक्षण पश्चात् कायम भएको तौल तथा गुणस्तर र सोको आधारमा भुक्तानी दिनुपर्ने रकममा नेपाल राष्ट्र बैङ्क खरिद विनियमावली, २०७१ को विनियम १३४ बमोजिम गलान भएको दिनको अन्तर्राष्ट्रिय दरमा ५ प्रतिशत थप गर्दा हुन आउने रकम कार्यालयलाई पठाउने गरेको देखियो । भन्सार नियमावलीमा उल्लेख भएअनुसार प्रचलित मूल्यबमोजिम (चलन चल्तीको तेजाबी सुनको मूल्य) बिक्री गर्नुपर्ने व्यवस्था अनुरुप बिक्री नगर्दा रु. २ करोड ७७ लाख ६३ हजार घटी रकम प्राप्त भएको छ । यस सम्बन्धमा स्पष्ट निर्णय गरी घटी भएको रकम असुल गर्नुपर्दछ ।

११८. **आयोजनामा छुट** - आर्थिक ऐन २०७५ तथा आर्थिक ऐन, २०७६ को अनुसूची १ को दफा १३ को ४(झ) मा नेपालमा वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाका लागि पैठारी भई आयोजनामा खपत हुने मालवस्तुमा भन्सार सुविधा वा आंशिक महसुल सुविधा प्रदान गर्दा नेपाल सरकारले पूर्ण छुट नदिई पैठारीको अवस्थामा न्यूनतम एक प्रतिशत भन्सार महसुल लाग्ने गरी छुट दिइनेछ भन्ने व्यवस्था रहेकोमा मेची भन्सार कार्यालयबाट विभिन्न आयोजनाले रु.१ अर्ब ५ करोड ५३ लाख कारोबार मूल्यका मालवस्तु पैठारी गरेकोमा सोको १ प्रतिशतले हुने भन्सार महसुल असुल गर्नुपर्नेमा छुट भएकोले रु.१ करोड ५ लाख ५३ हजार असुल हुनुपर्दछ ।

आर्थिक ऐन, २०७५ को दफा १८ मा नेपाल सरकारले आवश्यकताअनुसार दस्तुर, शुल्क तथा कर आंशिक वा पूरण छुट दिनसक्ने उल्लेख छ । रसुवा भन्सार कार्यालयबाट एक आयोजनाले रु.४२ करोड ५८ लाख ७९ हजारको एक्स.एल.पी.ई. आर्मर्ड केबल पैठारी गर्दा भन्सार विभागको २०७५।८।२८ को पत्रानुसार १ प्रतिशतमात्र भन्सार महसुल लिएर बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने उल्लेख छ । प्रज्ञापनपत्रअनुसार कारोबार मूल्यको १ प्रतिशतले हुने भन्सार महसुल रु.४२ लाख ५९ हजार असुल गर्न छुट भएकोले असुल गर्नुपर्दछ ।

११९. **छुट सुविधा** - आर्थिक ऐन, २०७५ मा उद्योगहरुले विभिन्न सामान पैठारी गर्दा भन्सार छुट सुविधा प्रदान गरेकोमा सो ऐनमा व्यवस्था भए भन्दा फरक किसिमबाट देहायअनुसार सुविधा उपलब्ध गराएको देखियोः

११९.१ आर्थिक ऐन, २०७५ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको धागो उद्योगहरुले पैठारी गर्ने उपशीर्षक ५५०३२० (नफडक्ेको, नकोरेको वा कान्नको लागि अन्य प्रकारले प्रशोधन नगरिएको संश्लेषित स्टेपल रेशाहरु पोलिष्टरको) लगायतका शीर्षकमा भन्सार महसुल पूर्ण छुट हुने उल्लेख छ । भैरहवा भन्सार कार्यालयका एक पैठारीकर्ताले पैठारी गरी ल्याएको सामानमा धागो उत्पादन गर्ने उद्योगले पाउने छुट दिएको रु.८ लाख ३३ हजार र आर्थिक ऐन, २०७५ मा दाना तथा पशुपन्छी उद्योगहरुले पैठारी गर्ने भन्सार उपशीर्षक २३०११० मा पर्ने फिडसप्लिमेण्टको कच्चा पदार्थमा १ प्रतिशत भन्सार महसुल र अन्यले पैठारी गरी ल्याएमा १० प्रतिशत भन्सार महसुल लाग्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयअन्तरगत ट्रेडर्सले पैठारी गरी ल्याएको २३०११० मा पर्ने फिड सप्लिमेन्टमा १ प्रतिशत भन्सार महसुल लगाई जाँचपास गरेकोले छुट दिएको भन्सार रु.११ लाख ४३ हजार समेत रु.१९ लाख ७६ हजार असुल हुनुपर्दछ ।

११९.२ आर्थिक ऐन, २०७५ मा उद्योगले पैठारी गर्ने भन्सार उपशीर्षक १२०७५० मा पर्ने सरस्युको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ भन्ने उल्लेख छ । उद्योगले पैठारी गरेमा छुट हुनेमा ट्रेडर्सले पैठारी गरी ल्याएकोमा पनि पचास प्रतिशत छुट दिएकोले भैरहवा र कृष्णनगर भन्सार कार्यालयमा छुट दिएको रु.४२ लाख ८८ हजार असुल हुनुपर्दछ । कृष्णनगर भन्सार कार्यालयमा पैठारी गरी ल्याएका पैठारी कर्ता मध्ये एक पैठारीकर्ता ट्रेडर्स नभई उद्योग भएको जवाफ दिएको छ । उक्त पैठारीकर्ता दर्ता हुँदा उद्योग र विविध कारोबार गर्न दर्ता भएको र २०७५।७६ को विवरणमा उक्त ट्रेडर्सले पैठारी गरी ल्याएको सामान तेल उद्योगलाई बिक्री गरी उद्योगको छुट नलिई अन्य कारोबार गर्ने सरह कर बुझाएको देखिएको हुँदा उक्त रकम छानबिन गरी असुल हुनुपर्दछ ।

११९.३ एकीकृत भन्सार दरबन्दीमा तयारी टेलिभिजन ल्याउँदा भन्सार उपशीर्षक नं ८५२८७२ मा २० प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने र भन्सार उपशीर्षक नं ८५२९ (शीर्षक ८५२५ देखि ८५२८ सम्मका उपकरणहरुको लागि पूर्णतया तथा मुख्यतया प्रयोगयोग्य पार्टपुर्जाहरु) अन्तर्गत ८५२९९० (टेलिभिजन रिसिभर) का लागि अन्तःशुल्क १० प्रतिशत र मूल्य अभिवृद्धि कर लाग्ने उल्लेख भएको देखिन्छ । विश्व भन्सार संगठनको हार्मोनाइज्ड कोड सिष्टमसम्बन्धी सामान्य नियमबमोजिम भन्सार विभागको २०७५।४।२४ को निर्णयमा एलइडी टीभी प्यानलको सम्बन्धमा च्यानल तथा भोल्युम बढाउने र घटाउने बटन जडान गरिएको टीभीकार्ड ट्युनर जोड्न मिल्ने गरी बनाइएको वस्तु प्याक गरेको कार्टुनमा नै एलइडी टीभी भनी उल्लेख भई आएको र तयारी टीभीमा हुनुपर्ने आधारभूत चरित्र ग्रहण गरिसकेकोले भन्सार उपशीर्षक ८५२८७२ बाट वर्गीकरण हुने भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तै भन्सार विभागको २०७६।५।६ को निर्णयमा एलइडी प्यानल अफ एलइडी टिभी भनिएको मालवस्तु तयारी अवस्थामा नभई अर्ध तयारी वा अपूर्ण अवस्थामा रहेको भए तापनि भन्सार उपशीर्षक ८५२८७२ बाट नै वर्गीकरण गर्ने निर्णय गरेको देखिन्छ । उक्त शीर्षकबाट जाँचपास भएको कतिपय एलइडी टीभी प्यानलको परीक्षण गर्दा रु.१ लाख १६ हजार सम्म पर्ने लाई पनि पार्टस शीर्षकबाट जाँचपास गरेको देखियो ।

अन एसेम्बल अवस्थाको टेलिभिजनको पार्टस पैठारी गरी ल्याउनको लागि भन्सार उपशीर्षकको व्यवस्था नभएको अवस्थामा टेलिभिजनको मुख्य अंगको रुपमा आएको एलइडी टीभी प्यानल, एलइडी प्यानल फर एलइडी टीभी जस्ता सामानलाई भन्सार उपशीर्षक ८५२८७२ अनुसारको दरबन्दी लगाई २० प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा कम दरको भन्सार उपशीर्षक ८५२९९० बाट जाँचपास गर्दा वीरगन्ज, भैरहवा, सुख्खा बन्दरगाह, त्रिभुवन विमानस्थल र विराटनगर भन्सार कार्यालयसमेतबाट छुट भएको रु.४८ करोड ९६ लाख ९४ हजार असुल हुनुपर्दछ ।

१२०. **इमल्सन -** भन्सार विभागले २०७६।२।३० मा इमल्सनलाई भन्सार उपशीर्षक ३२०९१० (पोलिमरमा आधारित एक्रेलिक वा भिनाइल) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने उल्लेख गरेको छ । आर्थिक वर्षभरि नै समान प्रकृतिको सामान पैठारी भएकोमा वीरगन्ज, विराटनगर, भैरहवा र कृष्णनगर भन्सार कार्यालयले ३९०६९० (प्राथमिक रुपका एक्रेलिक पोलिमर, अन्य) बाट जाँचपास गरेको कारण विभिन्न पैठारीकर्ताबाट छुट हुन गएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रु.१३ करोड ५३ लाख ५ हजार असुल हुनुपर्दछ ।

१२१. **ब्याङकीरा स टिम्बर -** व्याङकीरा स टिम्बरलाई भन्सार उपशीर्षक नं ४४०९२९ (देवदार जातबाहेकको अन्य) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने भनी भन्सार विभागले २०७६।२।३० मा वर्गीकरण/व्याख्या गरेको छ ।आर्थिक वर्षभरि नै समान प्रकृतिको सामान पैठारी भएकोमा सुख्खा बन्दरगाह, वीरगन्ज र विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरी ल्याएको व्याङकीरा स टिम्बरलाई भन्सार उपशीर्षक ४४०७९९ (अन्य) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेकोले छुट भएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर बापतको रु.६ करोड ७३ लाख ४८ हजार असुल हुनुपर्दछ ।

१२२. **प्याकेजिङ पेपर -** विभिन्न पैठारीकर्ताले पैठारी गरी ल्याएको एसपेटिक प्याकिङ्ग मेटेरीयल लेमिनेट फर कार्टुन र एप २०० दुगर एफएससी सामानलाई भन्सार उपशीर्षक नं ४८११५९ (एडहेसिभ बाहेकका प्लाष्टिक कोटेड कागज) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा भन्सार उपशीर्षक ७६०७२० बाट वर्गीकरण गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गरेको छ । पैठारीकर्ताले पेस गरेको संलग्न बीजकमा समेत भन्सार उपशीर्षक ४८११५९ उल्लेख गरेको देखिन्छ ।

सोही सामानलाई २०७६ जेठ तथा आषाढ महिनामा भन्सार उपशीर्षक ४८११५९ बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल असुल गरेको देखिन्छ । वीरगन्ज, सुख्खा बन्दरगाह र विराटनगर भन्सार कार्यालबाट विभिन्न पैठारीकर्ताहरुले पैठारी गरी ल्याएको उक्त सामानमा छुट भएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर समेत रु.३ करोड १ लाख ९४ हजार असुल हुनुपर्दछ ।गत विगत वर्षमा पनि उक्त बेरुजू औंल्याइएको थियो । उक्त व्यहोराअनुसार भन्सार कार्यालयले छुट राजस्व रकम असुलको लागि पत्राचार गरेकोमा महालेखापरीक्षकको कार्यालयको वेरुजुको आधारमा थप भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्ने निर्णय गैरकानुनी भएकोले उक्त सामानलाई भन्सार उपशीर्षक ७६०७२० बाट जाँचपासमा कुनै अवरोध सिर्जना नगर्न विपक्षीको नाममा अन्तरिम आदेश जारी गर्न र थप राजस्व तिर्नु नपर्ने मागदावी राखि पाटन उच्च अदालतमा रीट निवेदन दिए तापनि पाटन उच्च अदालतले २०७६।७।६ मा रिट निवेदन खारेज गरेको छ ।

१२३. **डिजेल गाडी -** डिजेल गाडीको लागि व्यवस्था भएको भन्सार उपशीर्षक नं.८७०३३२/८७०३३३ बाट जाँचपास गरी महसुल असुल गर्नुपर्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले डिजेल गाडीहरुलाई पेट्रोल गाडीको लागि व्यवस्था भएको भन्सार उपशीर्षक ८७०३२३ बाट जाँचपास गरी महसुल लगाएको हुँदा फरक दरबन्दी लगाएको कारणबाट घटी असुल भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रु.२ करोड २३ लाख ९४ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१२४. **सोडियम फ्याटी एसिड साल्ट -** सोडियम फयाटी एसिड साल्टलाई भन्सार उपशीर्षक ३४०१२०( अन्य रुपका साबुन) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने व्यवस्था छ । वीरगन्ज, सुख्खा बन्दरगाह, विराटनगर र भैरहवा भन्सार कार्यालयले भन्सार उपशीर्षक ३८२३१९ (अन्य) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि

कर असुल गरेकोले फरक दरबन्दी लगाएको कारण छुट हुन गएको महसुल रु.४ करोड ७३ लाख ८३ हजार असुल हुनु पर्दछ ।

१२५. **फरक दरबन्दी -** विभिन्न पैठारीकर्ताले विभिन्न मिति र प्रज्ञापन पत्रबाट पैठारी भएको मालसामानको जाँचपास गर्दा आर्थिक ऐन, २०७५ को अनुसूची १ र भन्सार दरबन्दी पुस्तिकामा उल्लिखित संकेत नम्बर अनुसार मालवस्तुको यथार्थ संकेत यकिन गरी जाँचपास गर्नुपर्नेमा प्रज्ञापनपत्रको परीक्षण गर्दा फरक संकेत नम्बर तथा दरबन्दी लगाएको कारण घटी राजस्व असुल सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहायबमोजिम छन्:

१२५.१ आर्थिक ऐन, २०७५ को दफा १५(२)त मा विद्युत विकास विभाग वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारको लागि आवश्यक पर्ने निर्माण उपकरणहरु, मेसिनरी औजारहरु र सोको सम्बन्धित पार्टपुर्जा तथा त्यस्ता उपकरणहरु निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थमा १ प्रतिशत भन्सार महसुल लाग्ने उल्लेख छ । वीरगन्ज भन्सार कार्यालयले अटो मिटर रिडिङ्ग मोडेमलाई भन्सार उपशीर्षक नं ८४७१७० (सञ्चय इकाईहरुको अन्य) बाट वर्गीकरण गरी विद्युत विकास विभागको सिफारिसमा १ प्रतिशत भन्सार महसुल असुल गरेको देखिन्छ । सोही प्रकृतिको सामानलाई भन्सार उपशीर्षक ९०२८३० (विद्युत मापक) बाट वर्गीकरण गरी छुट नदिई दरबन्दी अनुरुप लाग्ने १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेको देखिन्छ । उपर्युक्तबमोजिम छुट दिएको कारणबाट घटी असुल भएको रु.८४ लाख ५६ हजार असुल हुनुपर्दछ ।

१२५.२ हाइड्रोजेनेटेड पाम कर्नल आयललाई भन्सार उपशीर्षक १५१६२० (वनस्पतिको बोसो, तेल र तैलांस) बाट भन्सार जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । विराटनगर र सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार उपशीर्षक नं १५१३२९ (ताडको वा बाबासुको तेल तैलांसको अन्य) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेकोले फरक शीर्षकबाट जाँचपास गर्दा घटी असुल हुन गएको रु.५७ लाख ७४ हजार असुल हुनुपर्दछ ।

१२५.३ वेस्ट हिट रिकभरी पावर प्लान्टलाई भन्सार उपशीर्षक ८४०४१० (ब्यालरको साथ प्रयोग हुने सहायक संयन्त्र) बाट जाँचपास गरी ४ प्रतिशत भन्सार महसुल असुल गर्नु पर्ने व्यवस्था छ । भैरहवा भन्सार कार्यालयले प्रदूषण नियन्त्रण गर्ने यन्त्रको रुपमा वर्गीकरण गरी भन्सार उपशीर्षक ८४२१३९ (अन्य) बाट जाँचपास गरी १ प्रतिशत मात्र भन्सार महसुल असुल गरेको पाइयो । उक्त सामान सिमेन्ट उद्योगमा प्रयोग गरिने तापबाट विद्युत उत्पादन गर्ने यन्त्र भएकोले फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट हुन गएको भन्सार महसुल रु.५४ लाख ४८ हजार असुल गर्नुपर्दछ ।

१२५.४ थर्मोप्लास्टिकलाई भन्सार उपशीर्षक ३२१००० (अन्य रंगलेप र रंगरोगन) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने व्यवस्था छ । विराटनगर, वीरगन्ज र भैरहवा भन्सार कार्यालयले भन्सार उपशीर्षक ३८०६२० (खोटोको, लिसोको, अम्लको वा खोटोका व्युत्पतिका लवण) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेकोले छुट हुन गएको भन्सार महसुल, अन्तःशुल्क र सोको मूल्यअभिवृद्धि कर समेत रु.५७ लाख २१ हजार असुल गर्नुपर्दछ ।

१२५.५ चिलर भनिने सामानलाई भन्सार उपशीर्षक ८४१८६९ (रेफ्रिजेरेटर, रेफ्रिज, अन्य) बाट जाँचपास गरी भन्सार महसुल १५ प्रतिशत र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्ने व्यवस्था छ । विराटनगर, वीरगन्ज र भैरहवा भन्सार कार्यालयले महसुल नलाग्ने उपशीर्षक ८४१९८९ र ८४१९५०

बाट जाँचपास गरेकाले घटी असुल हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत गरी रु.१ करोड ७२ लाख ७५ हजार असुल गर्नुपर्दछ ।

१२५.६ इलेक्ट्रोनिक लोडरलाई भन्सार दरबन्दी ८७०४९० (अन्य) बाट वर्गीकरण गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क तथा मूल्य  अभिवृद्धि कर लगाउनुपर्नेमा विराटनगर, वीरगन्ज र सुख्खा बन्दरगाह भन्सार कार्यालयले ८७०३ (मानिसका लागि बनेका यातायातको) अन्तर्गत वर्गीकरण गरी १० प्रतिशत भन्सार महसुल तथा मूल्य  अभिवृद्धि कर लिई जाँचपास गरेको देखिन्छ । यसरी फरक शीर्षकबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्यअभिवृद्धि करसमेत गरी रु.५९ लाख ४२ हजार छुट भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१२५.७ काठको काम गर्ने फरक फरक प्रकृतिका मेसिनलाई फरक-फरक भन्सार उपशीर्षकबाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्ने व्यवस्था छ । भैरहवा भन्सार कार्यालयमा पैठारीकर्ताहरुबाट पैठारी गरेको काठको काम गर्ने फरक-फरक प्रकृतिका मेसिनलाई एउटै भन्सार उपशीर्षक ८४६५९२ (रण्डा गर्ने वा समतल गर्ने, मिलिङ वा मोल्डिङ मेसिनहरु) बाट जाँचपास गरी ४ प्रतिशत भन्सार महसुल मात्र असुल गरी जाँचपास भएको छ । ती मेसिनहरु ग्राईडिङ्ग स्याण्डिङ्ग वा पोलिसिङ्ग गर्ने, वेण्डिङ्ग वा एसेम्बलिङ्ग गर्ने लगायत विभिन्न प्रयोजनमा प्रयोग हुने भएकोले भन्सार दरबन्दी फरक गरी जाँचपास गरेको कारणले घटी असुल हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि गरी रु.५२ लाख ६२ हजार असुल गर्नुपर्दछ ।

१२५.८ बस र लहरीमा प्रयोग हुने टायरहरुलाई भन्सार उपशीर्षक ४०११२० (बस र लहरीमा प्रयोग हुने खालको) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्ने व्यवस्था छ । भैरहवा र वीरगन्ज भन्सार कार्यालयले त्यस्तो प्रकृतिका टायरहरुलाई भन्सार उपशीर्षक ४०११८० (निर्माण कार्य खानी वा उद्योग संचालन निमित्तका गाडी) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूअकर लगाई जाँचपास गरेकोले घटी भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर गरी रु.४८ लाख ६३ हजार असुल हुनुपर्दछ ।

१२५.९ गमवेशमेकलाई भन्सार उपशीर्षक २१०६९० (अन्यत्र नपरेको खाद्य पदार्थको अन्य) बाट जाँचपास गर्नुपर्ने निर्णय भएको देखिन्छ । विराटनगर र वीरगन्ज भन्सार कार्यालयले सोअनुसार जाँचपास नगरी भन्सार उपशीर्षक ३८२४९० (अन्य) बाट जाँचपास गरेकोले फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट हुन गएको रु.३१ लाख ५६ हजार असुल हुनुपर्दछ ।

१२५.१० स्टोन कोटेड रुफिङ शिटलाई भन्सार उपशीर्षक ७२१०९० (लेपित कोटेडको अन्य) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल असुल गर्नुपर्नेमा वीरगन्ज र सुख्खा बन्दरगाहा भन्सार कार्यालयले भन्सार उपशीर्षक ७३०८९० (अन्य) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल लगाई जाँचपास गर्दा छुट हुन गएको रु.१५ लाख ५० हजार र विराटनगर भन्सार कार्यालयबाट पैठारीकर्ताले पैठारी गरी ल्याएको प्राइम कोटेड कोरुगेटेड स्टील सीटलाई उपशीर्षक ७२१०७० बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ७२१०४१ (जिंक लेपित कर्कटीकृत वा गरागरा पारिएको वा कोरुगेटेड) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेकोले छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर समेत रु.३ करोड ४९ लाख ९३ हजारसमेत रु.३ करोड ६५ लाख ४३ हजार असुल गर्नुपर्ने देखिन्छ ।

१२५.११ सिरिङ्ग सलिभि प्रिन्टिङ्ग प्याकिङ्ग मेटेरियललाई भन्सार दरबन्दी ३९२६९० (अन्य) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर तथा ३९२०९९ (अन्य प्लास्टिकको मुद्रण गरिएको) बाट २० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क तथा मूल्य

अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा बीजकमा प्रिन्टेड उल्लेख भएकोमा वीरगन्ज भन्सार कार्यालयले भन्सार उपशीर्षक ३९२०६९ र ४८२११० लगायतका भन्सार उपशीर्षकबाट जाँचपास गरेको छ । यसैगरी कास्ट एक्रेलीक सीटलाई भन्सार उपशीर्षक ३९२५९० (अन्य) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा सुख्खा बन्दरगाहा भन्सार कार्यालयले भन्सार उपशीर्षक ३९१९९०, ३९२०५१ लगायतको भन्सार उपशीर्षकबाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गरेको छ । यसरी फरक दरबन्दी लगाएको कारण यी २ मालवस्तुमा छुट हुन गएको राजस्व रु.३२ लाख १५ हजार असुल हुनुपर्दछ ।

१२५.१२ भिटामिन प्रिमिक्सलाई भन्सार शीर्षक २९३६९० (प्रो भिटामिनहरु भिटामिनहरुको अन्य) बाट भन्सार जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा भैरहवा भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताबाट पैठारी गरी ल्याएको उक्त सामानलाई भन्सार शीर्षक २३०९९० (जीवजन्तुको आहारको रुपमा प्रयोग हुने तयारी वस्तुको अन्य) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल असुल गरेकोले छुट हुन गएको मूल्य अभिवृद्धि कर रु.३३ लाख २३ हजार र माछा तथा पशुपन्छीको आहाराको कारोबार गर्ने पैठारीकर्ताले माछाको दाना आयात गर्दा भन्सार दरबन्दी २३०१ बाट भन्सार महसुल १० प्रतिशत लगाई जाँचपास गर्नुपर्नेमा विराटनगर र नेपालगन्ज भन्सार कार्यालयले उल्लिखित सामानहरुको जाँचपास गर्दा भन्सार दरबन्दी २३०९९० बाट भन्सार महसुल ५ प्रतिशत मात्र लगाई जाँचपास गर्दा छुट हुन गएको भन्सार महसुल रु.१७ लाख ८३ हजार समेत रु.५१ लाख ६ हजार असुल हुनुपर्दछ ।

१२५.१३ त्रिपोलिन पी.भी.सी. त्रिपाललाई भन्सार उपशीर्षक ३९२६९० बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगञ्ज, कैलाली र महेन्द्रनगर भन्सार कार्यालयले कम दर लाग्ने भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट हुन गएको रु.४ करोड १ लाख ११ हजार असुल हुनुपर्दछ ।

१२५.१४ कैलाली भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको रोलर एस्लीलाई भन्सार उपशीर्षक ८४७४९० (मिक्सिङ्ग वा निडिङ्ग मेसिनका पार्टपुर्जाहरु) बाट जाँचपास गरी भन्सार महसुल ५ प्रतिशत र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा ८४७४२० (क्रसिङ्ग वा ग्राइण्डिङ्ग मेसिनहरु) बाट जाँचपास गर्दा छुट हुन गएको मूल्य अभिवृद्धि कर रु.७४ लाख ३० हजार असुल हुनुपर्दछ ।

१२५.१५ विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताहरुबाट पैठारी गरी ल्याएको प्रिक्युर्ड रबर ट्रेडलाई भन्सार उपशीर्षक ४०१२९० (पादन्यास फेरिएका पाङ्ग्राहरुको रिट्रेडेड् टायर्स अन्य) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ४००८२९ (नन् सेल्युलर रबरको अन्य) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेकोले छुट हुन गएको रु.३० लाख ८१ हजार असुल हुनुपर्दछ ।

१२५.१६ प्रिन्टरलाई भन्सार उपशीर्षक ८४४३३९(मुद्रण यन्त्रको अन्य) बाट जाँचपास गरी १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, काठमाडौँबाट फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा घटी असुल भएको अन्तःशुल्क र मूल्य अभिवृद्धि कर रु.३६ लाख ७८ हजार असुल हुनुपर्दछ ।

१२५.१७ डाटा स्टोरेज डिभाईसलाई भन्सार उपशीर्षक ८४७१७०९० (अन्य सञ्चय इकाई) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार

कार्यालय, काठमाडौंबाट विभिन्न फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेकोले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ७१ लाख ८६ हजार असुल हुनुपर्दछ ।

१२५.१८ एल.सी.डी. भिडियो वाल स्क्रिन तथा प्रोफेसनल मोनिटरलाई ८५२८५९ (अन्य मनिटर) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले फरक उपशीर्षकबाट जाँचपास गरेकोले छुट हुन गएको रु.१ करोड ४६ लाख २३ हजार र सामसुङ्ग मोनिटरलाई भन्सार उपशीर्षक ८५२८७२ (अन्य रंगिन) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा सुख्खा बन्दरगाहा भन्सार कार्यालयले भन्सार उपशीर्षक ८५२८५१ (स्वचालित आँकडा प्रशोधन प्रणालीमा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने किसिमको) बाट जाँचपास गरी मूल्य अभिवृद्धि कर मात्र लगाएकोले फरक दरबन्दी लगाएको कारणबाट छुट हुन गएको रु.१० लाख ४९ हजारसमेत रु.१ करोड ५६ लाख ७२ हजार असुल हुनुपर्दछ ।

१२५.१९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले पैठारीकर्ताले कम्प्युटर सर्भरमा र अन्यत्रसमेत प्रयोग हुने सफ्टवेयर पैठारीमा भन्सार उपशीर्षक ८५२३८० (सफ्टवेरहरु) बाट ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४७१५० बाट कम्प्युटर सर्भर भनी १३ प्रतिशत मूल्य अभिवृद्धि कर मात्र लगाई जाँचपास गरेकोले घटी भएको अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर रु.४८ लाख ५५ हजार असुल गर्नुपर्दछ ।

१२५.२० त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका र्यालयले टी.भी. सेट टप बक्स पैठारीमा भन्सार उपशीर्षक ८५२८७१ बाट १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५१७६२ बाट ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचपाँस गरेको छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रु.३५ लाख ३१ हजार असुल गर्नुपर्दछ ।

१२५.२१ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताले फ्रोजन बोनलेस चिकेन ल्याउँदा भन्सार उपशीर्षक ०२०७१४ (हिमीकृत टुक्रा र अवशेष) बाट जाँचपास गरी भन्सार महसुल १० प्रतिशत र ५ प्रतिशत अन्तःशुल्क मात्र असुल गरेको देखियो । उक्त चिकेन प्रशोधित भई भ्याकुम प्याकमा पैठारी हुने र २ वर्ष उपभोग अवधिसमेत हुने भएकाले १६०२३९ (तयारी वा सुरक्षित मासु) बाट वर्गीकरण गरी १५ प्रतिशत भन्सार, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाएर जाँचपास गर्नुपर्नेमा सोअनुसार नगरी फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट हुन गएको रु.९५ लाख ८५ हजार असुल गर्नुपर्दछ ।

१२५.२२ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले विभिन्न पैठारीकताले भिटामिन डी र टोटल इलेक्सिस कोवास ई पैठारी गरेकोमा उक्त मालवस्तु किट्स नभएकोले भन्सार उपशीर्षक ३८२२०० (पृष्ठाङ्कनमा भएका नैदानिक (ड्यागनोष्टिक) वा प्रयोगशालाका प्रतिकारकहरु) बाट ५ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा किट्स तथा औजार भनी भन्सार उपशीर्षक ३००२९० (परीक्षण किट्स) बाट ५ प्रतिशत भन्सार मात्र लगाई जाचपाँस गरेकोले छुट हुन गएको मूल्य अभिवृद्धि कर रु.१ करोड ९४ लाख ८२ हजार असुल हुनुपर्दछ ।

१२५.२३ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताले एल्वुमिनहरु पैठारी गरेकोमा भन्सार उपशीर्षक ३५०२९० (एल्वुमिनहरुको अन्य) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट कुनै महसुल असुल नगरी जाँचपास गरेकोले घटी असुल भएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि करसमेत रु.६८ लाख असुल हुनुपर्दछ ।

१२५.२४ विभिन्न पैठारीकर्ताले ग्राइण्डिङ मेसिन स्पेयर्स पार्टस पैठारीमा भन्सार उपशीर्षक ८४७४९० (पार्टपुर्जाहरु) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा रसुवा भन्सार कार्यालयले फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेकोले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर समेत रु.५१ लाख १७ हजार असुल गर्नुपर्दछ ।

१२५.२५ मोबाइल टेम्पर ग्लासलाई भन्सार उपशीर्षक ७००७२९ (पटलित सुरक्षित काँचको अन्य) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा विराटनगर, रसुवा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले भन्सार उपशीर्षक ७०२००० (काँचका अन्य सामान) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाएको कारण छुट भएको रु.६३ लाख ७६ हजार असुल हुनुपर्दछ ।

१२५.२६ विभिन्न पैठारीकर्ताले स्प्लीटर पैठारी गर्दा भन्सार उपशीर्षक ८५३६७०/८५४४४२ बाट जाँचपास गरी १५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नपर्नेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले फरक दरबन्दी लगाएर जाँचपास गरेकोले छुट भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रु.४० लाख ४९ हजार असुल हुनुपर्दछ ।

१२६. **भिटामिन तथा एन्टिबायोटिक पैठारी -** मेची र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताहरुले जनावरका भिटामिन तथा एन्टिवायोटिक पैठारी गरेकोमा भन्सार उपशीर्षक २३०९९० (जीवजन्तुको आहारको रुपमा प्रयोग हुने तयारी वस्तुको अन्य) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल मात्र लगाएको छ । उक्त मालवस्तु भन्सार उपशीर्षक २९३६ (प्रो भिटामिनहरु भिटामीनहरुको अन्य) तथा एन्टीवायोटिकलाई भन्सार उपशीर्षक २९४१ बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेकोले छुट हुन गएको रु.५ करोड ४६ लाख ८९ हजार असुल हुनुपर्दछ ।

१२७. **मूल्य अभिवृद्धि कर छुट -** विभिन्न पैठारीकर्ताबाट पैठारी गरी ल्याएको ट्याक्टरलाई भन्सार उपशीर्षक ८७०१२० (सेमी टेलरको लागि सडकमा गुडने ट्र्याक्टर) बाट भन्सार जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा विराटनगर र वीरगन्ज भन्सार कार्यालयले भन्सार उपशीर्षक ८७०११० (अन्य) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल मात्र असुल गरेकोले छुट हुन गएको मूल्य अभिवृद्धि कर रु.५३ लाख ३९ हजार असुल गर्नुपर्दछ ।

१२८. **मालवस्तु घोषणा -** आर्थिक ऐन, २०७५ अनुसूची १ को वुदा नं १८ मा पैठारीकर्ताले पैठारी भएको मालवस्तुहरुको हकमा प्रोफर्मा इन्भ्वाइस तथा तिनका बीजकमा मालवस्तुको किटानी विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रतिईकाइ मूल्य र परिमाण खुलाउनुपर्ने उल्लेख छ । प्रति वर्गमिटर २०० ग्रामभन्दा बढी तौलको, ८५ प्रतिशत वा बढी कपासको तौल भएको कपासका बुनिएका कपडाहरु भन्सार उपशीर्षक ५२०९४२ (डेनिम) बाट जाँचपास गर्दा र २०० ग्राम प्रति वर्गमिटरभन्दा बढी तौल नभएको, तौलमा ८५ प्रतिशत वा बढी कपास भएको कपासका बुनिएका कपडाहरु भन्सार उपशीर्षक नं. ५२०८ बाट जाँचपास गर्दा साफ्टा छुट भई ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लाग्ने र सोअनुरुप नभएमा यी भन्सार उपशीर्षकबाट जाँचपास नगरी अन्य भन्सार उपशीर्षकबाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लाग्ने उल्लेख छ । पैठारीकर्ताले पैठारी गरी ल्याएको वस्तु सोही अनुरुप रहेको भनी प्रोफर्मा इन्भ्वाइस तथा अन्य प्रमाणबेगर मेची, वीरगन्ज, भैरहवा र नेपालगन्ज भन्सार कार्यालयले साफ्टा छुट दिंदा रु.९२ लाख १९ हजार रकम छुट भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१२९. **उपकरण व्यवस्थापन -** आर्थिक ऐन, २०७५ को अनुसूची १ दफा २(१) सँग सम्बन्धित दफा १३ मा बैङ्क जमानतमा पैठारी भएका सवारीसाधन, यन्त्र उपकरण एवं अन्य मालवस्तुहरु कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिई वा बिक्री गरी वा आफैंले प्रयोग गर्ने गरी महसुल बुझाइसकेको अवस्थामा बाहेक त्रुटि सच्याउने अवधि समाप्त भएको मितिले ३ महिनाभित्र फिर्ता लगिसक्नुपर्ने अन्यथा जफत गर्ने व्यवस्था रहेको छ । एसियाली विकास बैङ्कको सहयोगमा निर्माणाधीन मेलम्ची खानेपानी आयोजनाको निर्माणकार्य गर्ने एक निर्माण व्यवसायीले अर्थ मन्त्रालयले स्वीकृत गरेको मास्टर लिस्टअनुसारका विभिन्न सवारीसाधन, यन्त्र उपकरण तथा औजारहरु पछि फिर्ता लैजाने शर्तमा बैङ्क जमानतमा आयात गरेको र हाल उक्त निर्माण व्यवसायीसँग नेपाल सरकारले ठेक्का तोडेको अवस्था छ । वीरगन्ज भन्सार कार्यालयले उक्त निर्माण व्यवसायीले स्वीकृत मास्टर लिस्टअनुसारका विभिन्न सवारीसाधन, यन्त्र उपकरण तथा औजारहरु पछि फिर्ता लैजाने शर्तमा राखेको रु.४५ करोड ७४ लाख १९ हजार बैङ्क जमानत सदरस्याहा गरेको छ । उक्त निर्माण व्यवसायीले आयात गरेको रु.१ अर्ब २० करोड १६ लाख ३१ हजार ३९४ मूल्यका एक्साभेटर, टाटासुमो, ड्रम्प ट्रक, टाटा मोबाइललगायतका विभिन्न यन्त्र उपकरणहरुको सम्बन्धित निकायले व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१३०. **वेयर हाउस सुविधा -** भन्सार नियमावली, २०६४ को नियम १० बमोजिम वण्डेड वेयर हाउसको सुविधा प्राप्त गर्नका लागि वण्डेड वेयर हाउसको इजाजत प्राप्त गरी नवीकरण गरेको हुनुपर्दछ । भन्सार विभागमा वण्डेड वेयर हाउसको नवीकरण नै नगराएको एक पैठारीकर्ताले सुख्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यालयमा सो सुविधाअन्तर्गत रु.५ करोड १९ लाख ११ हजारका कच्चापदार्थ पैठारी गरेकोमा बैङ्क जमानत फुकुवा गरेको देखियो । उक्त रकममध्ये बैङ्क जमानतबाट असुल गरी रु.४ करोड ५२ लाख ३१ हजार राजस्व दाखिला गरेको देखिन्छ भने बाँकी रु.६६ लाख ८० हजार मध्ये वीरगन्ज भन्सार कार्यालयले रु.३६ लाख ३३ हजार रकम प्राप्त गरी धरौटी खातामा राखेकोले सदरस्याहा र सुख्खा बन्दरगाह भन्सार कार्यालयले रु.३० लाख ४७ हजार असुल गर्नुपर्दछ ।

१३१. **बैङ्क ग्यारेन्टी -** भन्सार नियमावली, २०६४ को नियम १६ मा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थबाट तयारी वस्तु म्याद थपसमेत १७ महिनाभित्र निकासी नगरेमा लाग्ने महसुल र २५ प्रतिशत थप जरिवाना असुल गरिने व्यवस्था छ । मेची, वीरगन्ज, सुख्खा बन्दरगाह, रसुवा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताले म्याद थपसहित १७ महिनाभित्र तयारी वस्तु निकासी गरेको नदेखिएकोले उक्त कच्चापदार्थमा लाग्ने भन्सार महसुल र सोको २५ प्रतिशत थप महसुलसमेत रु.१३ करोड ६० लाख २२ हजार असुल हुनुपर्दछ ।

१३२. **पासबूक धरौटी -** आर्थिक ऐन, २०७५ को अनुसूची १ को दफा ११ मा बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगहरुले आफ्नो उत्पादन निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा नै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटी राखी पैठारी गर्न पाउने व्यवस्था छ । यस दफाबमोजिम पैठारी भएको सामान १२ महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री भएको प्रमाण सहित धरौटी फुकुवाको लागि निवेदन दिनुपर्ने र सो म्याद भित्र निकासी वा परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी, स्थानीय बिक्री गरे जतिको हकमा नियमानुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको १० प्रतिशतको जरिवाना समेत पैठारीकर्ताबाट असुल गरिने व्यवस्था छ । वीरगन्ज भन्सार कार्यालय र सुख्खा बन्दरगाह भन्सार कार्यालयमा क्रमश रु.८२ लाख ४ हजार र रु.६३ लाख ८७ हजारको पैठारीकर्ताले पैठारीगरेका कच्चा पदार्थबाट तयारी मालवस्तु बनाई

तोकिएको समयभित्र निकासी तथा बिक्री गरी पासबुक धरौटी फुकुवा गर्नुपर्नेमा समयभित्र निकासी गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

## निवृत्तभरण व्यवस्थापन कार्यालय

सेवा निवृत्त भएपछि राष्ट्रसेवकहरुलाई दिइने निवृत्तभरणसम्बन्धी अभिलेख राख्ने, निवृत्तभरणलगायत अन्य आर्थिक सुविधा वितरणसम्बन्धी व्यवस्था गर्ने, राष्ट्रको तर्फबाट गरिने पर्वपूजा सामग्रीको व्यवस्थापनलगायतका कार्य गर्न यस कार्यालयको स्थापना भएको हो ।

१३३. **निवृत्तभरण सेवा शुल्क -** उक्त कार्यालयले सेवा निवृत्त निजामती, प्रहरी, नेपाली सेनाका कर्मचारीलाई निवृत्तभरणको रकम उपलब्ध गराए बापत निवृत्तभरणको ह्याण्डलिङ चार्जलाई २०५२।२।२८ को निर्णयअनुसार प्रति सैकडा ६० पैसाबाट वृद्धि गरी रु.१।- कायम गरेको छ । हालसम्म निवृत्तभरण रकमको १ प्रतिशतले हुने रकम ह्याण्डलिङ चार्जबापत बैङ्कलाई उपलब्ध गराउँदै आएको छ । निवृत्तभरण ह्याण्डलिङ चार्ज २०७३।७४ मा रु.३६ करोड ७२ लाख, २०७४।७५ मा रु.३९ करोड ७८ लाख र २०७५।७६ मा रु.४२ करोड भै प्रतिवर्ष बढिरहेको अवस्था छ । विगतमा सूचना प्रविधिको प्रयोग नहुँदा निर्धारण गरेको सेवा शुल्क हाल विद्युतीय माध्यमबाट रकम ट्रान्सफर हुने, विवरण तयार गर्ने, सूचना आदान-प्रदान गर्न सहज हुँदा लागत घट्न जाने अवस्था छ । साथै बैङ्कहरुबीच प्रतिस्पर्धा अभिवृद्धि भई न्यून लागत वा बिना लागत नै यस्तो सेवा प्राप्त हुने अवस्था रहेको परिप्रेक्षमा साविकको निर्णयमा पुनरावलोकन भएको छैन । निवृत्तभरण ह्याण्डलिङ दरमा पुनरावलोकन गरी सरकारी खर्चमा मितव्ययिता ल्याउनुपर्ने व्यहोरा विगत वर्षदेखि औंल्याउदै आएकोमा स्थिति यथावत छ ।

# कार्यमूलक लेखापरीक्षण

## कर निर्धारण र असुली व्यवस्था

नेपालले सन् २०२२ सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य राखेको छ । यसका लागि पर्याप्त स्रोतको आवश्यकता रहने भएकोले पर्याप्त राजस्व परिचालन गर्न आन्तरिक रावश्वको हिस्सा महत्वपूर्ण मानिन्छ । कर प्रशासन राजस्वमा अभिवृद्धि, मितव्ययी र प्रभावकारी खर्च व्यवस्थापन, न्यायोचित कर निर्धारण, प्रभावकारी असुली र अनौपचारीक अर्थतन्त्र नियन्त्रणतर्फ लक्षित हुनुपर्दछ । अनौपचारिक अर्थतन्त्रलाई नियन्त्रण गर्न न्यायोचित कर परीक्षण एवं अनुसन्धान प्रणालीको व्यवस्थापन गर्न र कर कानुनहरूको प्रभावकारी एवं कुशल कार्यान्वयन गर्न आवश्यक देखिन्छ । कर निर्धारण र असुली व्यवस्थाको मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहाय बमोजिम छन् :

१३४. **करको दायरा-** आयकर नियमावली, २०५९ को नियम २३ मा निर्धारण योग्य आय आर्जन गर्ने वा आयकर ऐनको परिच्छेद १७ अन्तर्गत कर कट्टी गर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु अघि कारोबार दर्ताको लागि मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । अन्तःशुल्क ऐन, २०५८ को दफा ८ मा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१३४.१ करको दायरा विस्तारको लागि स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने, भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिहरुलाई स्थायी लेखा नम्बर प्रदान गर्ने, सबै किसिमका व्यवसायहरुलाई समेट्ने गरी परिमार्जित व्यावसायिक संकेत नम्बर तयार गर्ने कार्यक्रम रहेकोमा वार्षिक प्रतिवेदनअनुसार देहायअनुसार देखिएको छः

| विवरण | २०७३।७४ | २०७४।७५ | २०७५।७६ मा थप | २०७५।७६ सम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | ९३४६५८ | १०३८२६६ | १९७१४६ | १२३५४१२ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ६८८४२० | ७६६६४६ | २२९३९५ | ९९६०४१ |
| अग्रिम कर स्थायी लेखा नम्बर | ० | ० | ७३७ | ७३७ |
| जम्मा | १६२३०७८ | १८०४९१२ | ४२७२७८ | २२३२१९० |
| मूल्य अभिवृद्धि करमा दर्ता | १७४८९४ | १९४५४७ | ४५९१३ | २४०४६० |
| अन्तः शुल्क इजाजतपत्र | ६७६६७ | ६५५११ | २७०२ | ६८२१३ |

१३४.२ करदाता संख्या गत वर्षको तुलनामा २०७४।७५ मा ११.२० प्रतिशतले वृद्धि भएकोमा यो वर्ष २३.६७ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष उद्योग प्रतिष्ठानमा कार्यरत सबै श्रमिक कर्मचारीलाई स्थायी लेखा नम्बर अनिवार्य गरिएकोले करदाता दर्तामा उल्लेख्य वृद्धि भएको देखिन्छ । कुल करदातामध्ये ९ लाख ९६ हजार ४१ अर्थात् ४४.६२ प्रतिशतलाई व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरेको छ । त्यस्ता करदाताले विवरण बुझाउनु नपर्ने भएकाले ती करदाताहरुको सम्बन्धमा अनुगमन गर्ने गरिएको छैन ।

१३४.३ करको दायरा विस्तार गर्ने उद्देश्यअन्तर्गत यो वर्ष १ लाख ९७ हजार १४६ लाई व्यावसायिक स्थायी लेखा नम्बर, २ लाख २९ हजार ३९५ लाई व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरिएको, ४५ हजार ९१३ करदाता मूल्य अभिवृद्धि करमा र २ हजार ७०२ करदाता अन्तःशुल्कमा थप भएको देखिन्छ । विभागको कार्य योजनामा उल्लिखित कर छुट पाउने संस्थाको अभिलेख व्यवस्थापन गर्ने, वार्षिक रु.१ करोडसम्मको कारोबार गर्ने तोकिएका करदाताले आफ्नो आय विवरण आफैं प्रमाणित गर्ने व्यवस्था कार्यन्वयनमा ल्याउने, मूल्य अभिवृद्धि कर विवरण फाराममा खरिद, बिक्री, बीजकको जम्मा संख्या उल्लेख गर्ने, करदाताको प्रकृतिअनुसार आय विवरण साथ पेस गर्नुपर्ने कागजातको ढाँचा अद्यावधिक गर्ने व्यवस्था कार्यान्वयन हुन सकेको देखिएन ।

१३४.४ व्यावसायिक स्थायी लेखा नम्बर लिएका १२ लाख ३५ हजार ४१२, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ९ लाख ९६ हजार ४१ र अग्रिम कर कट्टी स्थायी लेखा नंबर ७३७ समेत २२ लाख ३२ हजार १९० करदाता करको दायरामा आएको देखिन्छ । उक्त संख्या कुल जनसंख्याको ७ प्रतिशतको हाराहारी हुन आउँछ । मुलुकको विद्यमान जनसंख्या, आर्थिक क्रियाकलाप र सोमा संलग्न व्यक्तिहरुको तुलनामा यो संख्या न्यून देखिएको छ । अतः आन्तरिक राजस्व विभाग र अन्य निकायहरुबीच सूचना सञ्जाल स्थापना गर्ने र कर प्रशासनलाई सूचनामा आधारित तथा गुणस्तरीय बनाउन आन्तरिक राजस्व विभागको अन्य सम्बद्ध निकायहरु, अर्थ मन्त्रालय, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, वाणिज्य विभाग, उद्योग विभाग, सहकारी विभाग, महालेखा नियन्त्रक कार्यालय, भूमिसुधार तथा व्यवस्थापन विभाग, जिल्ला प्रशासन कार्यालयहरु लगायतका निकायहरुसँग रहेका प्रणालीहरु एक आपसमा अन्तर आबद्ध गर्ने कार्य गरी करयोग्य कारोबार गर्ने सबैलाई करको दायरामा ल्याउनुपर्दछ ।

१३४.५ व्यावसायिक कारोबार पारदर्शी तथा सूचनामूलक बनाउन व्यवसाय स्थापना गर्दा, शेयर, सवारीसाधन, घरजग्गा खरिद गर्दा, बैङ्क खाता खोल्दा, बैङ्क ऋण प्राप्त गर्दा अनिवार्य रुपमा व्यक्तिगत लेखा नम्बर लिनुपर्ने व्यवस्था लागू भएको छैन । चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिले स्थायी लेखा नम्बर लिए तापनि यस्तो आय भएका सम्पूर्ण व्यक्तिहरुले आय विवरण दाखिला गरेको अवस्था छैन । पेशाविद्हरुले आफ्नो पेशालाई निरन्तरता दिन प्रत्येक वर्ष पेशागत प्रमाणपत्रलाई नियमनकारी निकायमा नवीकरण गर्दा कर चुक्ता वा कर दाखिला प्रमाणपत्र माग गर्ने गरेको छैन । संस्थागत

भुक्तानीमा अनिवार्य रुपमा स्थायी लेखा नंबर उल्लेख गर्ने व्यवस्था लागू गर्नुको अतिरिक्त पेशाविद जस्तै डाक्टर, इन्जिनियर, वकिलहरुलाई नियमनकारी निकायमा सदस्यता नवीकरण गर्दा स्थायी लेखा नम्बर र कर चुक्ता वा दाखिलाको प्रमाण देखाउनुपर्ने, रकम भुक्तानी गर्दा अनिवार्य स्थायी लेखा नम्बर लिई भुक्तानी गर्ने व्यवस्था लागू गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा अपेक्षित सुधार हुन सकेको छैन ।

१३४.६ काठमाडौं उपत्यकामा खानेपानी आपूर्ति गर्ने आपूर्तक, फोहोरमैला सङ्कलनकर्ताहरु नियमानुसार दर्ता भै करको दायरामा आएको अवस्था छैन । साथै व्यक्तिगत घर निर्माणको सम्पूर्ण जिम्मा लिई ठेक्काको रुपमा कार्य गर्ने निर्माण व्यवसायीहरुसमेत दर्ता बेगर काम गरेको अवस्था छ । तसर्थ पेशाविद्, शेयर, सवारीसाधन, घरजग्गा, सुनलगायतका कारोबार गर्नेहरुको आर्थिक क्रियाकलापहरुको सूक्ष्म अनुगमन गरी करको दायरामा ल्याउनुपर्दछ ।

१३५. **जोखिममा आधारित करदाता छनौट** — सामान्यतया कर परीक्षणका लागि करदाता छनौट गर्ने आधारहरुमा बढ्दो क्रेडिट, घट्दो डेबिड, शुन्य विवरण, उच्च नोक्सानी, उच्च जर्ति, न्यून रिकभरी, ऋणात्मक मूल्य अभिवृद्धि अनुपात, उच्च संचालक सापटी, उच्च नाफा अनुपात, समान किसिमका व्यवसायमा देखिने नाफा नोक्सानको उच्च फरकपना, भन्सार घोषणा विवरण र कर विवरण नबुझाउने करदाताहरुलाई आधारको रुपमा लिइन्छ । त्यसैगरी दर्ता भएको थोरै अवधिमा ठुलो कारोबार गर्ने व्यवसायीहरु, एउटै समूहबाट संचालित बिभिन्न फर्मको संबद्ध कारोबार, न्यून बिलिङ्ग हुने प्रकृतिका ब्यवसाय, साझेदारी व्यवसाय, महालेखापरीक्षकको बेरुजुको स्थिति, उच्च प्रशासनिक खर्च दावी गर्ने करदाता, उच्च ऋण कारोबार भएका करदाताजस्ता विषयलाई समेत आधार लिएको देखिन्छ । विभागले रिस्क इन्जिनबाट करदाता छनौट गर्ने प्रणालीले स्वचालित रुपमा कार्य गर्न सकेको देखिदैन । उक्त रिस्क इन्जिनमा २०७१।९।२० पश्चात् परिमार्जन नभएको र कहिल्यै छनौटमा नपरेको करदाता छनौट गर्न बढी अंकभार नदिएको एवं क्षेत्रगत करदाताबीच तुलना गर्न नसकिने स्थिति छ । तसर्थ रिस्क इन्जिनका सूचक पुनरावलोकन गरी करदाता छनौट गर्ने र छनौट गरिएकालाई सोही वर्षमा कर परीक्षण गर्नुपर्दछ ।

१३६. **कर परीक्षण व्यवस्थापन** - आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको कर दायित्व ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । विभागको वार्षिक प्रतिवेदन २०७५।७६ अनुसार व्यावसायिक स्थायी लेखा नम्बर लिने १२ लाख ३५ हजार ४१२ र व्यक्तिगत स्थायी लेखा नम्बर लिने ९ लाख ९६ हजार ४१ रहेकोमध्ये २ लाख ४० हजार ४६० मूल्य अभिवृद्धि कर र ६८ हजार २१३ अन्तःशुल्कमा दर्ता रहेको देखिन्छ । कर परीक्षण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

| विवरण | गत वर्षको बक्यौता | यो वर्षको छनौट | जम्मा | यो वर्ष परीक्षण | | | | परीक्षण गर्न बाँकी बक्यौता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको | यो वर्षको | जम्मा | प्रगति प्रतिशत | गत वर्षको | यो वर्षको | जम्मा |
| **विभाग** | **४४९७** | **४३६०** | **८८५७** | **१७३४** | **१४५०** | **३१८४** | **३५.९५** | **२७६३** | **२९१०** | **५६७३** |
| बक्यौता धेरै हुने र न्यून कार्यसम्पादन हुने कार्यालयहरु | | | | | | | | | | |
| ठूला करदाता कार्यालय | २२३ | ३०० | ५२३ | १७७ | ३८ | २१५ | ३७.५२ | ४६ | २६२ | ३०८ |
| मध्यमस्तरीय करदाता कार्यालय | २७२ | ३०१ | ५७३ | ११८ | ७४ | १९२ | ३३.५० | १५४ | २२७ | ३८१ |
| आ.रा.का पुतलीसडक | २६७ | १३६ | ४०३ | ४९ | ३३ | ८२ | २०.३४ | २१८ | १०३ | ३२१ |
| आ.रा.का चाबहिल | १७६ | १३५ | ३११ | ३१ | ४२ | ७३ | २३.४७ | १४५ | ९३ | २३८ |
| आ.रा.का त्रिपुरेश्वर | २४८ | १३८ | ३८६ | ७४ | ५२ | १२६ | ३२.६४ | १७४ | ८६ | २६० |
| आ.रा.का नयाँसडक | २९१ | १३० | ४२१ | ५० | ४६ | ९६ | २२.८० | २४१ | ८४ | ३२५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.रा.का ठमेल | १५७ | ८६ | २४३ | ३५ | १ | ३६ | १४.८१ | १२२ | ८५ | २०७ |
| आ.रा.का वीरगन्ज | २०७ | १३५ | २४२ | ६७ | २९ | ९६ | ३९.६६ | १४० | १०६ | २४६ |
| आ.रा.का भरतपुर | २०७ | १३५ | ३४२ | ४८ | ७५ | १२३ | ३५.९६ | १५९ | ६० | २१९ |
| आ.रा.का हटौंडा | १०० | ९२ | १९२ | ४१ | २० | ६१ | ३१.७७ | ५९ | ७२ | १३१ |
| आ.रा.का धनगढी | ७६ | ९० | १६६ | २३ | ११ | ३४ | २०.४८ | ५३ | ७९ | १३२ |
| आ.रा.का दमौली | ४३ | ४५ | ८८ | ३ | ५ | ८ | ९.०९ | ४० | ४० | ८० |
| आ.रा.का चाबहिल | १७६ | १३५ | ३११ | ३१ | ४२ | ७३ | २३.४७ | १४५ | ९३ | २३८ |
| आ.रा.का कोटेश्वर | १३० | ९० | २२० | ४८ | ८ | ५६ | २५.४५ | ८२ | ८२ | १६४ |

१३६.१ विभागअन्तर्गत गत वर्ष छनौट भै बक्यौता रहेका ४ हजार ४९७ करदातामध्ये यस वर्ष १ हजार ७३४ अर्थात ३८.५५ प्रतिशत कर परीक्षण भै २ हजार ७६३ अर्थात ६१.४५ प्रतिशत करदाताको कर परीक्षण हुन नसकी पुनः अर्को वर्षलाई सारिएको छ । यसरी विगतमा छनौट भएका करदाताको समेत कर परीक्षण आगामी वर्षलाई सार्दै चारवर्ष नाघ्ने अवस्थामा पुगेपछि मात्र कर परीक्षण हुनुले विभागीय कार्यसम्पादन कमजोर देखिन्छ । कार्यालयगत विश्लेषण गर्दा पनि आन्तरिक राजस्व कार्यालय, ठमेलले यस वर्ष छनौट भएको एक मात्र कर परीक्षण गरी बाँकी सबै विगतमा छनौट भएका फाइल परीक्षण गरेको छ । ठूला करदाता कार्यालयले २१५ मध्ये १७७ विगतमा छनौट भएका करदाताको परीक्षण गरेको देखिन्छ । यसबाट छनौट भएका करदाताका फाइल सोही वर्ष लेखापरीक्षण हुने अवस्था न्यून देखिन्छ । यो वर्ष छनौट भएका ४ हजार ३६० करदातामध्ये १ हजार ४५० अर्थात् ३३ प्रतिशत मात्र यो वर्ष कर परीक्षण भएको देखिन्छ । छनौट गर्ने तर परीक्षण नगरी जिम्मेवारी सार्ने परीपाटी मानसिब भएन । छनौट भएका करदाताको समयमा नै करपरीक्षण गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१३७. **कर परीक्षणको चौमासिक स्थिति —** व्यवसायिक स्थायी लेखा नम्बर लिएका २०७५।७६ सम्मका १२ लाख ३५ हजार ४१२ करदातामध्ये जम्मा ३ हजार ६९९ अर्थात ०.३० प्रतिशत करदाताको मात्र २०७५।७६ मा पूर्णकर परीक्षण गरेको देखिएको छ । कुल कर परीक्षणको कार्यसम्पादन प्रथम, दोस्रो र तेस्रो चौमासिकमा क्रमशः २३.४१ प्रतिशत, ११.९१ प्रतिशत र ६४.६८ प्रतिशत र आषाढ महिनामा मात्र करिब एक तिहाइ अर्थात् ३१.२६ प्रतिशत देखिन्छ । यसरी परीक्षण गरिएका अधिकांश करदाताको म्याद गुज्रने समयमा कर परीक्षण गरेकाले त्यसमाथि निगरानी राख्ने निकायहरुबाट गरिने गुणस्तर परीक्षण र अन्तिम लेखापरीक्षणमा प्रत्यक्ष असर पर्ने र यसरी थप कर निर्धारण गर्दा करदातालाई तोकिएको ४ वर्षको म्याद समाप्त हुने अवस्था आउने भएकाले निर्धारित कर असुल गर्न जटिलता हुने स्थिति रहन्छ । यसरी वर्षको अन्त्यमा कर परीक्षणको चाप बढेका कारण परीक्षणको गुणस्तरमा असर पर्ने हुँदा कार्यतालिका बनाई समयसारिणी बमोजिम समयको समान भार पर्नेगरी कर परीक्षण गर्नुपर्ने देखिन्छ ।

१३८. **कर परीक्षण गुणस्तर -** पूर्णकर परीक्षणतर्फ ४ हजार ३५८ फाइल परीक्षणबाट रु.९ अर्ब ५२ करोड आयकर र रु.२ अर्ब ४ करोड मूल्य अभिवृद्धि कर निर्धारण गर्ने लक्ष्य रहेकोमा ३ हजार ६९९ परीक्षण सम्पन्न भई रु.४७ अर्ब ८७ करोड आयकर रु.२ अर्ब ४७ करोड मूल्य अभिवृद्धि कर रु.४५ करोड अन्तःशुल्क निर्धारण भएको विभागको वार्षिक प्रतिवेदनबाट देखिन्छ । आयकरतर्फ लक्ष्यभन्दा बढी कर निर्धारण हुनुमा सर्वोच्च अदालतको फैसलाबाट विगतको कर निर्धारण खारेज गरी पुन :संशोधित कर निर्धारण भएको कारण प्रमुख रहेको छ ।

आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भएको रकमगत लक्ष्य पूरा भए पनि विगत वर्षदेखि ५ हजार ८४९ करदाता पुनरावेदनमा गएकोले रु.५२ अर्ब ६२ करोड ४७ लाख बक्यौता रहेको छ । यसैगरी मध्यमस्तरीय करदाता कार्यालय बबरमहल ,आन्तरिक राजस्व कार्यालय बानेश्वर, भैरहवा समेत

पाँच कार्यालयका १८ करदाताको रु.१ अर्ब ३७ करोड ८९ लाख ६ हजार कर निर्धारण भएकोमा तत्पश्चात् करदाता पलायन भएको अवस्था छ । निर्धारण भएको कर स्वीकार नगरी पुनरावेदनमा जाने वा व्यवसाय नै छाडेर पलायन हुने अवस्थाले करपरीक्षणको गुणस्तर सुधार गर्नुपर्ने स्थितिलाई संकेत गर्दछ । यी समग्र तथ्याङ्कले करपरीक्षणमा सुधार गर्न जरुरी देखिएको छ ।

१३९. **कर निर्धारणमा ढिलाइ -** आयकर ऐन, २०५८ को दफा १०१ बमोजिमको संशोधन कर निर्धारण, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम अन्तिम कर निर्धारण र अन्तःशुल्क ऐन, २०५८ को दफा १०)१ (बमोजिम अन्तिम कर निर्धारण गर्ने व्यवस्था छ । कर निर्धारण गर्न २०७१।७२ देखि २०७५।७६ मा औसत क्रमशः ९० दिन, ९१ दिन, ७८ दिन, ७४ दिन र ७४ दिन लागेको देखिन्छ । कर निर्धारण गर्न सबैभन्दा बढी समय ठूला करदाता कार्यालयलाई लागेको र उक्त कार्यालयले औसतमा २०७१।७२ मा २२५ दिन, २०७२।७३ मा २५५ दिन, २०७३।७४ मा १३५ दिन र २०७४।७५ मा १०५ दिनमा कर निर्धारण कार्य सम्पन्न गर्न सकेको देखिएको छ । करदाताको कर परीक्षण गरी कर निर्धारण गर्न प्रति करदाता अधिकतम ९ महिनासम्म समय लगाउने गरेको र पछिल्ला वर्षहरुको औसत कर निर्धारण प्रकृया टुंग्याउन पनि करिब ७४ दिन लागेको देखिन्छ । यसबाट संख्यात्मक रुपमा न्यून प्रगति भई तोकिएको लक्ष्य पूरा नगरी अर्को वर्षलाई जिम्मेवारी सारेकोले कार्यदक्षतामा सुधार गर्नुपर्ने देखियो ।

१४०. **कर राजस्वमा योगदान-** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ को व्यवस्थाबमोजिम पूर्ण कर परीक्षण र अनुसन्धनात्मक परीक्षणबाट कर राजस्वमा पुगेको योगदान निम्नानुसार देखिन्छः

(रकम रु .अर्बमा)

| आर्थिक वर्ष | कुल कर राजस्व | पूर्ण कर परीक्षणबाट योगदान | | अनुसन्धनात्मक परीक्षणबाट योगदान | |
|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| २०७१।७२ | १६०.०९ | ८.३९ | ५.२४ | १.७८ | १.११ |
| २०७२।७३ | २०४.४३ | ८.२३ | ४.०२ | ०.८३ | ०.४० |
| २०७३।७४ | २५८.१७ | ७०.१० | २७.१५ | १.७१ | ०.६६ |
| २०७४।७५ | २९८.६५ | २३.८८ | ८.०० | १.६८ | ०.५६ |
| २०७५।७६ | ३५८.३५ | ५०.७९ | १४.१७ | ६.४५ | १.८० |

पूर्ण कर परीक्षणबाट २०७३।७४ मा सबैभन्दा बढी २७.१५ प्रतिशत अर्थात् ७० अर्ब १० करोड कर निर्धारण भएको देखिन्छ भने २०७४।७५ मा पुनः ८ प्रतिशतमा घटेको र २०७५।७६ मा पुनः १४.१७ प्रतिशत भई ५० अर्ब ७९ करोड कर निर्धारण गरेको देखिन्छ । विगत ५ वर्षमध्ये २०७३।७४ मा योगदान बढी देखिनुमा एक करदाताको ठूलो रकम कर निर्धारण हुनु कारक रहेको आन्तरिक राजस्व विभागले जनाएको छ । त्यसैगरी अनुसन्धनात्मक परीक्षणबाट कर निर्धारणतर्फ २०७२।७३ मा सबैभन्दा घटी ०.४० प्रतिशत रहेकोमा २०७५।७६ मा १.८० प्रतिशत पुगी रु.६ अर्ब ४५ करोड योगदान रहेको देखिन्छ । कर निर्धारणबाट वास्तविकरुपमा असुली भएको अभिलेख माग गरिएकोमा सोसमेत प्राप्त हुन सकेन । स्वयं कर निर्धारणबाट भएको असुली एवं पूर्ण कर तथा अनुसन्धनात्मक परीक्षणबाट भएको असुली छुट्टिने गरी अभिलेख राख्न एकीकृत कर प्रणालीमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

१४१. **राजस्व न्यायाधीकरण —** कर दायित्व निर्धारण भइसकेपछि पनि विभिन्न बहानामा कर दायित्व भुक्तानी नगर्ने प्रवृत्तिको विकास हुँदै गएको सन्दर्भमा राज्यलाई प्राप्त हुनुपर्ने यथार्थ कर रकमभन्दा निकै कम रकम असुली भएको देखिन्छ । कर अधिकृतले गरेको निर्णय र पुनरावलोकनकर्ताको निर्णय उपर चित्त नबुझी राजस्व न्यायाधीकरणतर्फ पुनरावेदन दिएका मुद्दा मध्ये २०७४।७५ बाट जिम्मेवारी सरी आएका २८०

र २०७५।७६ मा थप भएका ४१४ समेत ६९४ मुद्दा कारवाही किनारा लगाउनु पर्नेमा २१५ मुद्दा फछ्र्यौट भई ४७९ मुद्दा अर्को वर्षलाई जिम्मेवारी सरेको देखिन्छ । यसबाट गत वर्षभन्दा फछ्र्यौट हुन बाँकी मुद्दामा ७१.०७ प्रतिशतले वृद्धि भएको तथा सोही बर्ष दर्ता भएको मुद्दा संख्यासँग तुलना गर्दा उक्त थप भएको संख्या मध्ये ५१.९३ मात्र फछ्र्यौट भएको देखिएको छ । फछ्र्यौट भएका २१५ मुद्दा मध्ये ९४ )४३.७२ प्रतिशत (सदर, ९२ )४२.७९ प्रतिशत (केहि उल्टी भएको, ८ )३.७२ प्रतिशत ( उल्टी भएको, १० )४.६५ प्रतिशत (पुनर्निर्णय गर्न पठाइएको, १० खारेजी भएको र एक मुद्दा क्षेत्राधिकारका कारण विराटनगरमा फिर्ता गरेको देखिन्छ । राजस्व न्यायाधीकरणबाट ४७९ मुद्दा टुङ्गो लाग्न बाँकी रहेको कारणले पनि ठूलो राजस्व बक्यौता रहेको हुँदा शीघ्र न्याय निरुपण भई राजस्व रकम निक्र्यौल हुनु जरुरी देखिन्छ ।

१४२. **बजार अनुगमन** - कर प्रशासनले आर्थिक कारोवारमा पारदर्शिता ल्याउन, सही कर निर्धारण गर्न समय समयमा अनुगमन गर्नुपर्दछ । करदाताको कारोबारको अनुगमनको स्थिति, बिलिङ्ग इन्फोर्समेन्ट तथा कर परिपालना नतिजा मूल्यांकन गर्दा २०७२/७३ मा १८ हजार ३८६ करदाताको अनुगमन भएकोमा २०७४/७५ मा ८ हजार ५९८ करदाताको मात्र अनुगमन भएको र गैरकानूनी मदिरा विरुद्धको कार्यवाही २०७३/७४ मा ३१९ रहेकोमा २०७४/७५ मा २७९ मात्र रहेको छ । २०७५/७६ मा बजार अनुगमनको क्रममा कर कानुनको पालना नगर्ने करदातालाई स्थलगत रुपमा रु .३ करोड ७५ लाख ४८ हजार जरिवाना गरेको छ । अनुगमन संख्या र गुणस्तर सुधारको कार्य वृद्धि हुन नसकेका कारण आन्तरिक राजस्वको लक्ष्य पुरा हुन सकेको छैन । बजार अनुगमन संख्या वृद्धि गरी करदाताको संख्या बढाउने र अनुगमनको गुणस्तरमा सुधार गरी करको दायरा वृद्धि गर्नुपर्ने देखिन्छ ।

१४३. **विद्युतीय बीजक** - बिक्रेतालाई विद्युतीय माध्यमबाट बीजक जारी गर्न अनिवार्य गरिने र जारी भएका बीजकलाई आन्तरिक राजस्व विभागको केन्द्रीय बीजक अनुगमन प्रणालीमा आवद्ध गरिने २०७५।७६ को बजेट वक्तव्यमा उल्लेख छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४क .को उपदफा )२ ( तथा आयकर ऐन, २०५८ को दफा ८१)४ (अनुसार रु.३५ करोड भन्दा बढी कारोबार हुने करदाताले अनिवार्य रुपमा विद्युतीय बीजक जारी गर्न तथा सो को अभिलेख राख्न विभागले सूचना प्रकाशन गरेको छ । त्यसैगरी बिद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४ अनुसार विद्युतीय बीजक सफ्ट्वेयर प्रमाणीकरण अनुमति लिनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम २०७४।१०।२८ देखि हालसम्म एक सिस्टम प्रा.लि., काठमाडौं लगायतका सफ्ट्वेयर कम्पनीले ४३३ प्रकारका सफ्ट्वेयर २०७७ जेष्ठ २२ सम्म सूचीकृत भई ४ हजार ६०३ करदाताले यस्तो कम्प्युटर बिलिङ्गको अनुमति लिएको देखिन्छ । तोकिएको रु.३५ करोड भन्दा बढी कारोबार गर्ने १ हजार ६८२ करदाताले २०७४।७५ मा कुल रु. २६ खर्ब ९२ अर्ब ११ करोड ३३ लाख १० हजारको कारोबार गरेको देखिन्छ । विद्युतीय बिलिङ्गको अनुमति अनिवार्य नभएका करदाताले समेत यस्तो विद्युतीय बिलिङ्गको अनुमति लिई प्रयोग गर्ने गरेको र अनिवार्य अनुमति लिनुपर्ने रु.३५ करोड माथिको कारोबार गर्ने करदाता सबैले यस्तो अनुमति लिए नलिएको सम्बन्धमा अनुगमन भएको देखिँदैन । सफ्ट्वेयर प्रमाणीकरणको अनुमति तथ्याङ्कलाई हेर्दा २०७७ फाल्गुणसम्म कुल व्यावसायिक स्थायी लेखा नम्बर लिएका १३ लाख ६० हजार ९३८ मध्ये ४ हजार ६०३ )०.३३ प्रतिशत (करदाताले मात्र विद्युतीय बीजक जारी गर्ने अनुमति लिएकोले कर प्रणालीमा विद्युतीय माध्यमबाट जारी हुने बीजकको प्रयोग न्यून देखिएको छ । यसबाट कर प्रणालीमा यथार्थ कारोबार देखाएको छ भनी विश्वस्त हुन सकिँदैन । सफ्ट्वेयरको आधिकारिकता तथा साइबर सुरक्षा सम्बन्धमा सम्बन्धित विज्ञबाट परीक्षण पश्चात् मात्र प्रयोगको अनुमति दिने तथा विद्युतीय बीजक प्रणाली क्रमशः सबै करदातालाई अनिवार्य गराई कार्यान्वयनको अनुगमन भएमा कर परिपालनामा बढोत्तरी हुने र अनौपचारिक अर्थतन्त्रमा समेत नियन्त्रण हुने देखिन्छ ।

१४४. **किस्ताबन्दीमा कर दाखिला** - आयकर ऐन २०५८ को दफा ९४)१ (मा किस्ताबन्दीमा कर रकम बुझाउनुपर्ने व्यवस्था छ । किस्ताबन्दीमा आयकर बुझाउने करदाताको संख्या २०७१।७२ मा २० हजार ९६८ रहेकोमा २०७५।७६ मा २४ हजार ६४ पुगी ५ वर्षमा १४.७७ प्रतिशतले वृद्धि भएको र २०७५।७६ मा कुल व्यावसायिक स्थायी लेखा नम्बर लिएका १२ लाख ३५ हजार ४१२ रहेकोमा १.९५ प्रतिशतले मात्र किस्ताबन्दीमा कर बुझाएको देखिएको छ । यसबाट अधिकांश करदाताले व्यवसाय नोक्सानीमा देखाउने र कर लाग्ने सीमा भन्दा घटी मुनाफा देखाउने गरेका कारण यस्तो संख्या अत्यन्त न्यून देखिएको छ । २०७१।७२ मा संकलित कुल आयकर रु .८८ अर्ब ४६ करोड मध्ये किस्ताबन्दीमा २९.८३ प्रतिशत अर्थात् रु.२६ अर्ब ३९ करोड संकलन भएको देखिन्छ । त्यसैगरी २०७२/७३ देखि २०७५/७६ सम्म किस्ताबन्दीमा संकलित कर रकमको प्रतिशत क्रमशः ३२.१२, ३३.२५, ३१.४२ र २८.१८ रहेको देखिन्छ । अघिल्ला वर्षमा भन्दा घटेर २०७५।७६ मा कुल संकलित आयकर रु .१ अर्ब ९२ करोड ८४ लाखको २८.१८ प्रतिशत अर्थात् ५४ अर्ब ३५ करोड किस्ताबन्दीमा संकलन भएको देखिन्छ । यसबाट किस्ताबन्दीमा कर दाखिला गर्ने व्यवस्थाको कार्यान्वयन प्रभावकारी देखिएन । विभाग तथा सम्बन्धित कार्यालयले प्रभावकारी बजार अनुगमन र राजस्व सूचना मार्फत करदाताले नियतवश नोक्सानी देखाउने परिपाटीलाई निरुत्साहित गरी करयोग्य आयमा बढोत्तरी गराउन सकेमा किस्ताबन्दीमा समयमै कर दाखिला हुने प्रणालीको कार्यान्वयनमा प्रभावकारिता आउने देखिन्छ ।

## सरकारी सम्पत्ति भवन, सवारीसाधन, उपकरणको संरक्षण एवं उपयोग

आर्थिक कार्यविधि ऐनबमोजिम आफ्नो निकाय वा मन्त्रालय अन्तर्गतका सबै प्रकारका चल-अचल सम्पत्ति र दायित्वको अभिलेख लेखा उत्तरदायी अधिकृतले राख्नुपर्ने , महालेखा नियन्त्रक कार्यालयले सोको आधारमा एकीकृत विवरण तयार गर्नुपर्ने व्यबस्था गरेको छ । लेखापरीक्षण ऐन ,२०७५ मा सरकारी नगदी जिन्सी लगायत उपलब्ध स्रोत साधन र सम्पत्तिको उचित रुपमा उपयोग गरे नगरेको, सरकारी सम्पत्तिको प्रचलित कानुनबमोजिम अभिलेख राखे नराखेको र सरकारी सम्पत्तिको हानी नोक्सानी नहुने गरी उचित संरक्षण तथा मर्मतसम्भारको व्यवस्था गरे नगरेको बिषयमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने व्यवस्था छ । सरकारी कार्यालयको नाममा रहेका वा प्राप्त भएका (सरकारी भवन, १० लाख रुपैयाँभन्दा बढी मूल्यका सवारीसाधन तथा मेसिन उपकरणहरु) सरकारी सम्पतिको अभिलेख, संरक्षण एबं उपयोगको अवस्था मूल्याङ्कन गर्ने उद्धेश्यले कार्यमूलक लेखापरीक्षण गरिएको हो ।

१४५. **सरकारी सम्पतिको अभिलेख-** आर्थिक कार्यविधि ऐनमा आफ्नो निकाय वा मन्त्रालय अन्तर्गतका सबै प्रकारका चल अचल सम्पत्ति र दायित्वको अभिलेख लेखा उत्तरदायी अधिकृतले राख्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६, ४७ र ४८ मा कार्यालयमा प्राप्त हुने जुनसुकै प्रकारको जिन्सी मालसमानको विवरण मूल्य खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी राख्नुपर्ने र महालेखानियन्त्रक कार्यालयले वार्षिक केन्द्रीय आर्थिक विवरण समेत तयार गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्:

१४५.१ नेपाल सरकारका २२ मन्त्रालय, १३ संवैधानिक निकाय, महालेखा नियन्त्रक कार्यालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग र ७ प्रदेशका कोष तथा लेखा नियन्त्रक कार्यालयहरु समेत ४४ निकायबाट सरकारी सम्पत्तिको अभिलेख, संरक्षण र उपयोग सम्बन्धमा सूचना माग गर्दा १३ मन्त्रालय, ९ संवैधानिक निकाय, महालेखा नियन्त्रक कार्यालय र २ नं प्रदेश लेखा नियन्त्रक कार्यालय समेत २५ निकायबाट प्राप्त विवरण अध्ययनबाट परराष्ट्र मन्त्रालय, निर्वाचन आयोग, लोक सेवा आयोग र महालेखापरीक्षकको कार्यालयले मात्र केन्द्रीयस्तरमा सरकारी सम्पत्तिको अभिलेख अद्यावधिक राखेको

पाइयो । अधिकांश सरकारी निकायहरुले आफू र अन्तर्गतको निकायहरुको सम्पत्तिको एकीकृत अभिलेख राखेको पाईएन ।

१४५.२ सरकारी निकायहरुबाट वार्षिक औसत रु ६.४० अर्ब सवारीसाधन खरिदमा खर्च हुने गरेकोमा २०७३।७४, २०७४।७५ र २०७५।७६ मा क्रमशः रु.६ अर्ब ७१ करोड ३४ लाख, रु.६ अर्ब ६१ करोड ४५ लाख र रु.५ अर्ब ८६ करोड ८३ लाख खर्च गरेको देखिन्छ । परराष्ट्र मन्त्रालय, निर्वाचन आयोग, लोक सेवा आयोग, महालेखापरीक्षकको कार्यालय बाहेकका अन्य केन्द्रीय निकायले आफू र अन्तर्गत कार्यालयमा रहेका सबारी साधनको केन्द्रीय लगत राखेको पाइएन ।

१४५.३ सरकारी निकायहरुले मेसिन उपकरण खरिदमा २०७३।७४ मा रु .७ अर्ब ७० करोड ४२ लाख २०७४।७५ मा रु.९ अर्ब ७४ करोड ३४ लाख र २०७५।७६ मा रु.१२ अर्ब २७ करोड ८३ लाख खर्च गरेको देखिन्छ । तर ती सबै मेसिन तथा उपकरणको सम्बन्धित निकायहरुले सम्पत्तिमा अभिलेखन गरी अद्याबधिक विवरण तयार गरेका छैनन् । सबैभन्दा धेरै हेभी इक्वीपमेन्टहरु खरिद एबं प्रयोग गर्ने भौतिक पूर्वाधार तथा यातायात, सिँचाइ, खानेपानी मन्त्रालयहरुले समेत हेभी इक्यूप्मेन्ट तथा मेसिन उपकरणको केन्द्रीय अभिलेख खडा गरी अद्यावधिक गरेका छैनन् ।

सरकारी निकायहरुबाट सम्पत्तिको एकीकृत अभिलेख नराख्नुमा जिम्मेवारी तोकिएका लेखा उत्तरदायी अधिकृत र कार्यालय प्रमुखहरुबाट अनुगमनको कमी, महालेखा नियन्त्रक कार्यालयबाट जिन्सी निरीक्षण प्रतिवेदनहरु एकीकृत गरी समयमै सरकारी सम्पत्तिको अद्यावधिक केन्द्रीय अभिलेख तयार गर्न सम्पत्ति सूचना प्रणालीको कमी जस्ता कारणहरु रहेको पाइयो । यसले गर्दा प्रत्येक वर्ष सरकारी लगानीबाट सिर्जना गरेको सम्पत्तिको यथार्थ मूल्याङ्कन सरकारसँग छैन । मर्मतसम्भार बजेट तथा कार्यक्रम तर्जुमा र सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण प्रभावकारी हुन नसक्ने अवस्था छ । सरकारी सम्पत्तिको प्रभावकारी संरक्षण र उपयोग गर्न महालेखा नियन्त्रक कार्यालयको समन्वयमा सबै सरकारी निकायहरुले सरकारी सम्पत्तिको अवस्था र मूल्य सहितको दुरुस्त अभिलेख तयार गर्ने तथा लेखा उत्तरदायी अधिकृत र कार्यालय प्रमुखहरुबाट लगतको नियमित अनुगमन गर्नुपर्दछ ।

१४६. **लिलाम बिक्री -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० र ५८ ले टुटफुट भै बेकम्मा भएका र पुनःमर्मत नहुने भनी किटान भएका मालसामान जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएको ६ महिनाभित्र लिलाम बिक्रीको कारबाही गर्नुपर्ने व्यवस्था छ । यससम्बन्धी सूचना माग गरिएका ४४ निकायमध्ये १६ निकायबाट प्राप्त विवरण अनुसार ३० सवारीसाधन लिलाम बिक्री नगरेको पाइयो । सवारीसाधन धेरै हुने प्रधानमन्त्री कार्यालय, गृह, रक्षा र विकास निर्माणतर्फका संघीय मन्त्रालयहरु र अन्तर्गत कार्यालयमा रहेका सवारीसाधनको अवस्था खुल्ने विवरण प्राप्त नभएको र महालेखा नियन्त्रक कार्यालय लगायत अन्य निकायमा समेत सवारीसाधनको अद्यावधिक विवरण राखेको पाइएन । सबैभन्दा कम सवारीसाधन भएको सुदूर पश्चिम प्रदेशमामा मात्र ११ सवारीसाधन लिलाम बिक्री गर्नुपर्ने अवस्थामा रहेको तथ्यले यसको राष्ट्रिय स्तरमा एकीकृत तथ्याङ्क निकै ठूलो रहेको पुष्टि गर्दछ । काम नलाग्ने अवस्थामा पुगी लिलाम बिक्री गर्नुपर्ने सवारीसाधनहरु जिम्मेवार पदाधिकारीबाट अनुगमनको कमीले समयमा लिलाम नहुनाले सम्पत्तिको मूल्यमा ह्रास भै कम राजस्व प्राप्त हुनुका साथै भण्डारण लागत समेत बढ्ने देखिन्छ । जिम्मेवार पदाधिकारीले नियमित अनुगमन गरी सवारीसाधनको खरिदमा बाई ब्याक मेथड कार्यान्वयन गरी लिलाम बिक्री गर्नुपर्ने सवारीसाधन प्रतिस्थापन गर्ने तथा सो सम्भव नभए समयमै लिलाम बिक्री कारबाही गरी सम्पत्ति व्यवस्थापन चुस्त बनाउनुपर्दछ ।

१४७. **सरकारी भवनको अभिलेख -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४)१ (अनुसार प्रत्येक कार्यालयले कार्यालयको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घरजग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने, त्यस्तो घरजग्गा अन्य कुनै सरकारी

कार्यालयको नाममा भएको अवस्थामा बाहेक अन्य अवस्थामा आफ्नो नाममा दर्ता गराउनुपर्ने र यस्तो घरजग्गाको विवरण तालुक विभाग, मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । सरकारी निकायहरुबाट २०७३।७४ मा रु .२४ अर्ब ३६ करोड ३२ लाख २०७४।७५ मा रु .३५ अर्ब ७३ करोड ५१ लाख र २०७५।७६ मा रु .४२ अर्ब ८० करोड ७२ लाख भवन निर्माणमा खर्च गरेको देखिन्छ । ती सबै निर्माण भएका भवनको मूल्य सम्पत्तिमा अभिलेखन गरी अद्यावधिक विवरण तयार गरिएको छैन । केन्द्रीय, प्रदेश तथा स्थानीय सरकार समेतले सरकारी भवनको अभिलेख अद्यावधिक नगरेको कारण हालसम्म सरकारी स्वामित्वमा रहेका भवनको संख्या, मर्मत गर्नुपर्ने र संरक्षण गर्नुपर्ने अवस्थाको अभिलेख छैन । साथै साविकमा संघ अन्तर्गत रहेका विभिन्न कार्यालय हाल प्रदेश र स्थानीय सरकार अन्तर्गत रहेकोमा सम्पत्ति हस्तान्तरणको अद्यावधिक अभिलेख देखिएन । यसबाट स्वामित्वको अस्पष्टता, उचित मर्मतसम्भारको कमीका साथै सरकारी सम्पत्तिको मूल्याङ्कन समेत अद्यावधिक नहुने भएकोले तीनै तहका सरकारले आफू र अन्तर्गत रहेका सरकारी भवनको मूल्य, अवस्था र उपयोगको अद्यावधिक लगत राखी केन्द्रीय अभिलेखका लागि महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्दछ ।

१४८. **स्थिर सम्पत्तिको खुलासा-** नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम वित्तीय प्रतिवेदनमा सबै प्रकारको भवन, मेसिन र अन्य स्थिर सम्पत्तिको रकम तथा विवरण सहितको खुलासा गर्नुपर्दछ । यससम्बन्धी विवरण ४४ निकायबाट जानकारी माग गरिएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालय लगायतका १० निकायले २०७५।०७६ मा रु .२ खर्ब ४० अर्ब १८ करोड ५१ लाखको स्थिर सम्पत्ति खुलाए तापनि भौतिक योजना तथा यातायात, खानेपानी, सिँचाइ जस्ता मन्त्रालय र केही संवैधानिक निकायहरुबाट उक्त व्यवस्थाको पालना भएको छैन । प्रत्येक मन्त्रालय र केन्द्रीय निकायले सार्वजनिक क्षेत्र लेखामानअनुसार वित्तीय विवरण तयार गर्ने गरेको भए पनि सोमा मन्त्रालय र निकाय अन्तर्गतका सबै स्थिर सम्पत्ति समावेश गरी सोको मूल्य खुलाएको देखिएन । यस सम्बन्धमा निकायहरुले सम्पत्तिको अभिलेख एवं मूल्य उपलब्ध नहुनु, सम्पत्तिको मूल्याङ्कन गर्ने आधार समेत नभएकोले सरकारी स्थिर सम्पत्तिको यथार्थ मूल्य चित्रण हुने स्थिति छैन । तसर्थ सरकारी निकायहरुले आफ्नो र मातहतका कार्यालयहरु समेतको स्थिर सम्पत्तिको मूल्य सहितको विवरण समाबेश गरी वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।

१४९. **सरकारी सम्पत्ति उपयोग मापदण्ड-** जिन्सी मालसमान, मेसिन तथा उपकरण र सवारीसाधनहरु निश्चित् मापदण्ड प्रयोग गरी लागत लाभको आधारमा सञ्चालनमा ल्याउँदा अधिकतम उपयोगिता लिन सकिन्छ । सरकारी सम्पत्ति प्राप्ति एवं मर्मतसम्भारको लागि वार्षिक रुपमा बजेटको ठूलो अंश प्रयोग हुने गरेको छ । यथोचित कार्य वातावरण तयार गर्न कार्यालयको कार्य प्रकृति अनुसार आवश्यक पर्ने भवन, सवारीसाधन, मेसिन तथा उपकरण सम्बन्धमा स्पष्ट मापदण्ड नभएको कारण उपलब्ध साधन स्रोतको दक्षतापूर्वक उपयोग हुनसकेको छैन । तीनवटै तहका सरकारबाट सवारीसाधन खरिदमा वर्षेनि अर्बौं रुपैयाँ खर्च हुने गरेको छ । नेपाल सरकारले सरकारी सम्पत्तिको उपयोगसम्बन्धी एकीकृतरुपमा लागू हुने निश्चित मापदण्ड बनाएको देखिँदैन । कर्मचारी वा पदाधिकारीको स्तरअनुसार सरकारी सम्पत्तिको परिमाण, गुणस्तर, प्रयोगको मापदण्ड तोकिएको छैन । कार्यालय भवनको कार्यकक्ष, आवास सुविधा, सवारीसाधन र अन्य मेसिन उपकरणका सम्बन्धमा समेत मापदण्डको कार्यान्वयनको अभावमा सम्बन्धित पदाधिकारीहरुले बजेट र उपलब्ध स्रोतको आधारमा उपयोग गर्ने परिपाटी बसेको छ । फलस्वरुप समान तहका पदाधिकारीमा समेत स्रोत साधनको उपलब्धता एवं प्रयोगमा विभिन्नता देखिन्छ । तसर्थ, सरकारी सम्पत्तिको प्राप्ति र उपयोगमा प्रभावकारिता अभिवृद्धिको लागि अर्थ मन्त्रालयबाट सरकारी सम्पत्तिको उपयोगसम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

## सार्वजनिक संस्थान सञ्चालन

आम नागरिकका दैनिक आधारभूत आवश्यकताका वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति गर्ने, रोजगारी सिर्जना गर्ने, विकासका लागि पूर्वाधार तयार गर्ने, आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने, आयात प्रतिस्थापन गर्ने र समतामुलक राज्यको स्थापना गर्ने उद्देश्यले सार्वजनिक संस्थानहरुको सञ्चालन गरिएको हो । सातौँ योजनाको अन्त्यसम्म पूर्ण एवं अधिकांश स्वामित्व भएका संस्थानको संख्या ६२ रहेकोमा ३० निजीकरण भएका र केही गाभिई तथा नयाँ स्थापना हुँदा हाल ४४ सञ्चालनमा रहेका छन् । सार्वजनिक संस्थानलाई सेवा, उद्योग, व्यापार, वित्तीय, उत्पादनमूलक र जनोपयोगी गरी ६ क्षेत्रमा वर्गीकरण गरी सञ्चालन गरिएको छ । सार्वजनिक संस्थानको सञ्चालन दक्षताको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी सुझाव प्रस्तुत गर्नु कार्यमुलक लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१५०. **एकीकृत ऐन -** पन्ध्रौं योजनामा संस्थान नियमन, सञ्चालन र व्यवस्थापन सम्बन्धमा एकीकृत ऐन तर्जुमाका लागि आवश्यक कानुनी व्यवस्था तथा परिमार्जन गरिने उल्लेख छ । नेपालमा सञ्चालित ४४ संस्थानमध्ये ३३ कम्पनी ऐन, ७ विशेष ऐन, २ सञ्चार संस्थान ऐन, १ सहकारी ऐन र १ संस्थान ऐनबमोजिम स्थापना भएका छन् । त्यसैगरी संस्थानको नियमित कार्य सञ्चालन र व्यवस्थापनका लागि आ-आफ्नै नियमावली तथा विनियमावली समेत रहेका छन् । भिन्ना भिन्नै कानुनद्वारा स्थापना भएको हुँदा सञ्चालन तथा व्यवस्थापनमा पनि एकरुपता रहेको छैन । यसले गर्दा साधारणसभा, सञ्चालक समिति, व्यवस्थापन समूह समेतमा फरक फरक संख्या र प्रावधान रहेको छ । त्यसैगरी कर्मचारी भर्ना, सेवा सुविधा, वृत्ति विकास, निर्णय निर्माण, उत्तरदायित्व, जवाफदेहिता लगायतका विषयमा एकरुपता कायम हुनसकेको छैन । यसर्थ एकीकृत कानुन तयार गरी संस्थान सञ्चालन र व्यवस्थापनमा एकरुपता ल्याउनुपर्दछ ।

१५१. **लगानी नीति -** भविष्यमा प्राप्त हुने प्रतिफल तथा आय वृद्धि समेत बिचार गरी सार्वजनिक संस्थानहरुमा लगानी गर्ने आधार तयार गरी सोहीबमोजिम प्राथमिकता निर्धारण गरी लगानी गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनअनुसार सार्वजनिक संस्थान तथा अन्य संस्थाहरुमा २०७५।७६ सम्म सरकार तथा बाह्य पक्षको रु.५ खर्ब ४८ अर्ब ९० करोड लगानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१५१.१ सार्वजनिक संस्थानमा सरकारको शेयर लगानी वर्षेनी बढ्दो क्रममा रहेको देखिन्छ । अर्थ मन्त्रालयको प्रतिवेदनअनुसार २०७५।७६ सम्म ४४ संस्थानमा भएको कुल लगानीमध्ये शेयर लगानी रु.२ खर्ब ७१ अर्ब ८३ करोड ९९ लाख (५८.५१ प्रतिशत) रहेको छ । शेयर लगानी २०७४/७५ मा १६.८९ प्रतिशतले वृद्धि भएकोमा २०७५/७६ मा ३५.६७ प्रतिशतले वृद्धि भएको छ । हाल अस्तित्वमा नरहेका २९ संस्थान तथा कम्पनीमा नेपाल सरकारको रु.६५ करोड ४७ लाख शेयर लगानी रहेको छ । सञ्चालनमा नरहेका संस्थान तथा समितिको शेयरको अपलेखन वा सरकारीकरण गरी हिसाव समायोजन गरेको देखिएन ।

१५१.२ आर्थिक वर्ष २०७५।७६ सम्म ४४ संस्थानमा रु.१ खर्ब ९२ अर्ब ७५ करोड ३२ लाख ऋण लगानी भएको छ । ऋण लगानी गत वर्षभन्दा १७.२३ प्रतिशतले वृद्धि भएको छ । महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनअनुसार २०७५/७६ सम्म रु.१ अर्ब ९३ करोड ऋण लगानी रहेका २३ संस्थान तथा समिति हाल अस्तित्वमा नरहेका र १३१ संस्थान, कम्पनी तथा समितिमा भाखा नाघेको साँवा रु.५१ अर्ब ५६ करोड ७ लाख र ब्याज रु.३७ अर्ब १५ करोड १६ लाख गरी रु.८८ अर्ब ७१ करोड २३ लाख रहेको छ ।

१५१.३ आर्थिक वर्ष २०७५।७६ मा सञ्चालनमा नरहेका नेपाल ओरियण्ड म्याग्नासाइट प्राइभेट लिमिटेड मा रु.१ करोड ६० लाख र गोरखकाली रबर उद्योगमा रु.६० करोड, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक

विकास केन्द्रमा रु.१ करोड १३ लाख, नेपाल औषधी लिमिटेडमा रु.८ करोड २१ लाख कर्मचारीहरुको तलव भत्ता भुक्तानी तथा अन्य सुविधा भुक्तानीको लागि ऋण लगानी भएको छ । सञ्चालनमा नरहेका संस्थानका कर्मचारीको तलवभत्ता भुक्तानी प्रयोजनार्थ समेत ऋण लगानीले प्रतिफल दिने देखिएन ।

१५१.४ आर्थिक वर्ष २०७५/७६ को लगानी विविध(५०११२५५) शीर्षकमा शुरुमा रु.३ अर्ब ९० करोड बजेट व्यवस्था भएकोमा पछि रकमान्तर मार्फत रु.१४ अर्ब ५९ करोड ५३ लाख थप भई रु.१७ अर्ब ६४ करोड ८ लाख खर्च भएको छ । वार्षिक बजेट तयार गर्दा सरकारले गर्ने लगानीको पूर्वानुमान यथार्थपरक नगरी पछि आवश्यकता अनुसार उच्च रकम रकमान्तर गरी बजेट व्यवस्था गर्ने अभ्यासले लगानी पूर्वानुमान, वस्तुनिष्ठ र यथार्थपरक हुनसकेको देखिदैन ।

संस्थान तथा समितिहरुमा सरकारले ठूलो रकम लगानी गरेता पनि लगानी नीति तयार नहुँदा लगानीको प्राथमिकता, सदुपयोग, अनुगमन तथा मूल्याङ्कन, ऋण व्यवस्थापन, लगानीको हिसाब फरफारक, पूँजीकरण मोडल, लगानी प्रतिफलको सुनिश्चितता जस्ता विषयहरुमा अन्यौलता रहेको छ । तसर्थ लगानी नीति तयार गरी सोमार्फत सार्वजनिक संस्थानको लगानीलाई व्यवस्थित गर्नुपर्दछ ।

१५२. **पुनर्संरचना -** एकै प्रकृतिका कार्य गर्ने वा एक अर्कासँग सम्बन्धित संस्थानहरुलाई गाभ्ने वा मिलाउने कार्य गर्नुपर्दछ । संस्थानहरु गाभ्दा प्रशासनिक खर्च लगायत तत्पश्चातको संस्थानको क्षमता, उत्पादन, वस्तु विकास, बजार विस्तार, बजारीकरण लगायतका विषयमा अध्ययन गर्नुपर्दछ । उदाहरणको रुपमा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड र नेपाल औषधी लिमिटेडलाई, कृषि सामग्री संस्थान र राष्ट्रिय बीउ बीजन कम्पनी लिमिटेडलाई, उदयपुर तथा हेटौडा सिमेन्ट उद्योगलाई, मुद्रण विभाग र जनक शिक्षा सामग्री केन्द्रलाई, नेपाल मेटल कम्पनी लिमिटेड र नेपाल ढलौट उद्योगलाई एक आपसमा गाभ्नसक्ने देखिन्छ । यसबाट जनशक्ति व्यवस्थापन गर्न सजिलो हुने, समिति, बोर्ड तथा व्यवस्थापनका कर्मचारीमा कटौती भई मितव्ययिता कायम हुने तथा कच्चा पदार्थको उपलब्धतामा सहजता हुने तथा वस्तु तथा सेवाको बजार विस्तारमा समेत सहयोग हुने देखिँदा त्यस्ता संस्थान गाभी दक्षतापूर्वक सञ्चालन गर्नुपर्दछ । अतः कार्यप्रकृति सुहाउँदो र एक आपसमा अन्तरसम्बन्धित संस्थानहरुलाई पुनर्संरचना गरी गाभ्ने वा मिलाउने तर्फ सरकारले अध्ययन गरी टुंगो लगाउनुपर्दछ ।

१५३. **व्यावसायिक योजना तथा रणनीति -** सार्वजनिक संस्थानहरुले व्यावसायिक योजना तथा रणनीति तयार गरी दिगो सञ्चालन तथा सेवाको व्यवस्था गर्नुपर्दछ । नेपालका संस्थानहरुले यस्तो योजना तथा रणनीति तयार गरी सञ्चालन गरेको देखिँदैन । अधिकांश संस्थानहरु परम्परागत तवरले सञ्चालन भएका छन् । व्यावसायिक योजना नहुँदा प्रचुर सम्भावना भएका तथा आन्तरिक बजार ओगटी आयात प्रतिस्थापन गर्न नसकेको केही उदाहरण देहायबमोजिम छः

१५३.१ नेपाल वन निगम लिमिटेड व्यावसायिक रुपमा सञ्चालन हुन नसकेकोले भारत, मलेशिया, इन्डोनेसिया, श्रीलंका लगायतका देशबाट काठ र फर्निचर आयात वर्षेनी बढ्दो क्रममा रहेको छ । वन तथा भूसंरक्षण विभागले २०७१।७२ देखि २०७४।७५ सम्म ३ वर्षमा २२ लाख ७५ हजार क्यूफिट काठ आयात गरेको जनाए तापनि भन्सार विभागको आर्शिकुडा अभिलेखले सो अवधिमा ५६ लाख ६४ हजार ११७ क्यूफिट काठ आयात भएको देखिन्छ । आयातित काठको मूल्य रु.४ अर्ब ६५ करोड ७१ लाख र विभिन्न देशबाट आयात गरिएको तयारी फर्निचरको मूल्य रु.३ अर्ब २६ करोड ३८ लाख समेत रु.७ अर्ब ९२ करोड ९ लाख बराबरको विदेशी मुद्रा भुक्तानी भएको छ । जसले गर्दा देशभित्रको काठको उपयोग भएको छैन भने आयातले गर्दा व्यापार सन्तुलनमा समेत नकारात्मक असर परेको छ ।

१५३.२ राष्ट्रिय बीउ बीजन कम्पनी लिमिटेडले प्रभावकारी रुपमा कार्य गर्न नसक्दा कृषकहरुले सहज रुपमा बीउ बीजन प्राप्त गर्नसकेका छैनन भने २०७१।७२ देखि २०७४।७५ सम्म धान, मकै, तरकारी र

तेलवालीको १३ हजार ५०५ मेट्रिक टन बीउ आयात गरी रु.८ अर्ब ७७ करोड ३७ लाख खर्च भएको छ ।

१५३.३ औषधि र औषधिजन्य सामग्रीमा उपभोक्ता माझ राम्रो छाप छोड्न सफल रहेको नेपाल औषधि लिमिटेड सञ्चालनको लागि सरकारको सहयोगमा निर्भर रहनुपरेको छ । नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार २०७३।७४ देखि २०७५।७६ सम्म ३ आर्थिक वर्षमा भारत, चीन र अन्य राष्ट्रबाट रु.८८ अर्ब ३० करोडको औषधि र रु.२५ अर्ब ३८ करोडको औषधिजन्य सामग्री, उपकरण र औजार आयात भएको छ ।

१५३.४ देशभित्र सवारीसाधनको संख्या वर्षेनी बढ्दो क्रममा रहेका छ । तर दक्षिण एसिया मै राम्रो रबर उद्योगको रुपमा रहेको नेपालको गोरखकाली रबर उद्योग लिमिटेड बन्द अवस्थामा रहँदा नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार २०७३।७४ देखि २०७५।७६ सम्म ३ आर्थिक वर्षमा मात्र रु.२५ अर्ब ३२ करोडको रबर, टायर, ट्युव तथा प्लेप्स भारत, चीन र अन्य राष्ट्रबाट आयात भएको देखिन्छ ।

१५३.५ व्यावसायिक योजना नहुँदा वस्तु तथा सेवा विकास, विस्तार, विक्री वितरण, बजारीकरण लगायतका विषयमा स्पष्टता रहेको छैन भने केही संस्थान सञ्चालन मात्र हुँदा प्रशासनिक खर्चमा वृद्धि भई सरकारका लागि बोझमात्र बन्न पुगेका छन् । अतः प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभ लिन तथा आयात प्रतिस्थापन गर्न सार्वजनिक संस्थानले व्यावसायिक योजना तथा रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

# संगठित संस्था र समिति

## नेपाल राष्ट्र बैङ्क - २०७५।७६

नेपालको केन्द्रीय बैङ्कको रुपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत २०१३ सालमा यस बैङ्कको स्थापना भएको हो। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित बैङ्कले नोट तथा सिक्का निष्काशन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ। साथै नेपाल सरकारको बैङ्किङ सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा समेत बैङ्कले कार्य गर्दै आएको छ। यस बैङ्कको विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढीसमेत ७ शाखा कार्यालय सञ्चालनमा छन्। बैङ्कमा १ हजार २४ कर्मचारी कार्यरत छन्।

१५४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०७६ असार मसान्तमा पुँजी रु. ५ अर्ब, जगेडा तथा सञ्चित मुनाफा रु. २ खर्ब २१ अर्ब ५० करोड ३४ लाख भै इक्वीटी रु. २ खर्ब २६ अर्ब ५० करोड ३४ लाख, दायित्व रु. ८ खर्ब ४५ अर्ब २० करोड १५ लाख समेत रु. १० खर्ब ७१ अर्ब ७० करोड ४९ लाख रहेको छ। कुल सम्पत्तिमध्ये नगद तथा नगद सरहको सम्पत्ति रु. ७ खर्ब ५५ अर्ब ८४ करोड ७७ लाख तथा धितोपत्र लगानी रु. २ खर्ब २३ अर्ब १२ करोड ७८ लाख र अन्य सम्पत्ति ९२ अर्ब ७२ करोड ९४ लाख समेत कुल सम्पत्ति रु.१० खर्ब ७१ अर्ब ७० करोड ४९ लाख रहेको देखिन्छ। वितरण योग्य आम्दानी गत वर्ष रु. २७ अर्ब ८९ करोड २ लाख रहेकोमा यो वर्ष रु. ३४ अर्ब ४३ करोड २१ लाख रहेको छ।

१५५. **वित्तीय प्रतिवेदनमान -** बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ५८ मा बैङ्क तथा वित्तीय संस्थाले स्रेस्ता र लेखाको अभिलेख दोहोरो लेखाप्रणालीमा आधारित सिद्धान्त अनुरुप नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय अवस्था स्पष्ट देखिने गरी राख्नुपर्ने व्यवस्था छ । बैङ्क तथा वित्तीय संस्थाहरुमा विगतमा प्रयोग भैरहेको नेपाल लेखामानको सट्टा हाल नेपाल वित्तीय प्रतिवेदनमान लागू भएको छ। बैङ्कबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन अनुसार विकास बैङ्कतर्फ हालसम्म १ विकास बैङ्कले मात्र उक्त

व्यवस्थाको पालना गरेको र बाँकी विकास बैङ्क तथा वित्त कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गरेको पाइएन। कानूनको पालना गराउन प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१५६. **सुन, चाँदी तथा सिक्काको भौतिक परीक्षण -** प्रत्येक वर्ष सम्पत्तिको भौतिक परीक्षण गरी सम्पत्तिको मौज्दातको अवस्था यकिन गर्नु पर्दछ। जगेडा सुन तथा चाँदी मौज्दातको भौतिक परीक्षण २०७२ मा गरे तापनि सो पश्चात् सुन तथा चाँदीको मौज्दातको भौतिक परीक्षण भएको छैन। उक्त भौतिक परीक्षण प्रतिवेदनमा सुनको मौज्दात २ हजार ६१५ किलो र चाँदी १ लाख २६ हजार १९० किलो मौज्दात रहेको उल्लेख छ। विभागले उपर्युक्त मौज्दातको शुद्धताको मात्रा अनुसार टच नम्बरसहितको विवरण राख्नुपर्नेमा कुल मौज्दातको तौल परिमाण र रकम मात्रको विवरण राखेको छ। टक्सार विभागको भण्डारण कक्ष अत्यन्त जीर्ण र अनुपयुक्त अवस्थामा रहेको पाइयो। राज्यको मूल ढुकुटीको उचित व्यवस्थापन गर्नुपर्दछ।

१५७. **सीमा भन्दा बढी लगानी -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७(२)(क) ले बैङ्कलाई कुनै पनि संस्थाको कुल पुँजीको दश प्रतिशत भन्दा बढी शेयरमा लगानी गर्न रोक लगाएकोमा बैङ्कले कृषि उत्पादन सेवा केन्द्रमा ६२.५० प्रतिशत, राष्ट्रिय बीमा संस्थानमा ५५.५६ प्रतिशत, नेपाल स्टक एक्सचेञ्जमा ३४.६० प्रतिशत, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रमा ३१.५२ प्रतिशत, नागरिक लगानी कोषमा १३.३५ प्रतिशत र कर्जा सूचना केन्द्रमा १०.२५ प्रतिशत शेयर लगानी गरी सीमा भन्दा बढी लगानी गरेको छ। ऐनको सीमाभित्र रही लगानी गर्नुपर्दछ।

१५८. **कर्मचारी सुविधा -** सरकारी खर्चमा मितव्ययिता सम्बन्धी निर्देशिका २०७५।१।२६ अनुसार सबै सरकारी निकायमा विगतमा प्रदान गर्दै आएको स्थानीय भत्ता, पोशाक भत्ता र महंगी भत्ताबाहेक अन्य सबै प्रकारका भत्ताहरु खारेज भएको छ। निर्देशिकाको उक्त प्रावधान सार्वजनिक संस्थामासमेत लागू हुने उल्लेख छ। नेपाल राष्ट्र बैङ्कका कर्मचारीलाई कर्मचारी सञ्चय कोष, औषधि उपचार कोष, उपदान कोष र कर्मचारी सुरक्षा कोषका अलावा सबै कर्मचारीलाई ८ किसिमका र विशेष समूहका कर्मचारीलाई १५ किसिमका भत्ता उपलब्ध गराएको देखियो। यो वर्ष तलबबाहेक रु. ५९ करोड ५० लाख अन्य भत्तामा खर्च लेखेको छ। निर्देशिकाको उक्त प्रावधान पालना गर्नुपर्दछ।

१५९. **विनिमय दर परिवर्तन -** नेपाल राष्ट्र बैङ्कको सम्पत्तिको रुपमा रहेको वैदेशिक मुद्राको सटही दरमा हुने घटबढले बैङ्कको वित्तीय स्थितिमा असर गर्दछ। बैङ्कलाई २०७३।७४ मा अमेरिकी डलरमा ३.६३ प्रतिशत गिरावट आउँदा रु. २३ अर्ब ७५ करोड घाटा र २०७४।७५ मा अमेरिकी डलरमा ६.४८ प्रतिशत वृद्धि हुँदा रु. ३८ अर्ब २७ करोड नाफा भएको छ। त्यसैगरी २०७५।७६ मा अमेरिकी डलरमा ०.०२ प्रतिशत वृद्धि हुँदा समेत रु.२ अर्ब १९ करोड घाटा लेखांकन गरेको छ । विनिमय दर परिवर्तनबाट हुने जोखिम न्यूनीकरण गर्न हेजिङ्गलगायतका उपयुक्त मौद्रिक उपकरणको व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

१६०. **वाणिज्य बैङ्कलाई निर्देशन -** नेपालमा कार्यरत एक विदेशी निर्माण व्यवसायीले नेपालको जलविद्युत तथा खानेपानी आयोजनामा कार्यरत रहँदा २ बैङ्क जमानत बसेकोमा उक्त निर्माण व्यवसायी फरार भएकोले जमानतबापतको रकम सम्बन्धित आयोजनाले माग गरेको आधारमा क्रमशः रु. १ अर्ब १७ करोड र रु.१ अर्ब ९९ करोड सम्बन्धित आयोजनालाई भुक्तानी गरेको छ। तर यसरी भुक्तानी गरेको रकम दुवै बैङ्कले विदेशी बैङ्कबाट प्राप्त गर्न नसकेको हुँदा नोक्सानी परेको अवस्था देखियो। यसरी परेको नोक्सानी रकम सम्बन्धित वाणिज्य बैङ्कमध्ये एक बैङ्कले आफ्नो वित्तीय विवरणमा यो वर्ष ५० प्रतिशत नोक्सानी बापतको व्यवस्था र बाँकी रकम आगामी आर्थिक वर्षमा व्यवस्था गर्नका लागि बैङ्कको सञ्चालक समितिले अनुमति प्रदान गरेको पाइयो। अर्को वाणिज्य बैङ्कले अन्य प्राप्त गर्नुपर्ने शीर्षकमा देखाएको पाइयो। बैङ्कले एकै प्रकृतिको कारोबारलाई सम्बन्धित वाणिज्य बैङ्कहरुलाई खर्च दाबी गर्दा समान तरिकाले खुलासा गर्ने

गरी निर्देशन दिनु पर्नेमा फरक हुने गरी वित्तीय विवरण पेस गरेका कारण वाणिज्य बैङ्कको वित्तीय नतिजा फरक पर्ने अवस्था देखियो। समान प्रकृतिका अवस्थालाई एकै किसिमले समाधान गर्नु उपयुक्त हुन्छ।

१६१. **वित्तीय संस्थानले वितरण गरेको लाभांश -** आयकर ऐन, २०५८ को दफा ५६(३) मा मुनाफा बाहेकबाट वितरण भएको लाभांशलाई आयको रुपमा लिनुपर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरुले थप सार्वजनिक निष्काशनबाट संकलित शेयर प्रिमियम तथा नाफाको बाँडफाँडबाट सिर्जना नभएका अन्य जगेडा कोषबाट बोनस शेयरका रुपमा लाभांश वितरण गर्दा अग्रिम कर कट्टी गर्नुपर्नेमा सो गरेको छैन। त्यस्तो रकम करयोग्य आयमा समावेश गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन नगरिएबाट आयकर दायित्व न्यून मूल्याङ्कन भई राजस्व कम सङ्कलन हुने अवस्था देखियो। बैङ्क तथा वित्तीय संस्थाहरुबाट वितरण भएको लाभांश रकमलाई आयकर ऐनको दफा ७(२)(ज) अनुसार आयमा समावेश गरी राजस्व सङ्कलन गर्नुपर्दछ ।

१६२. **मौद्रिक नीति तर्जुमा र कार्यान्वयन -** बैङ्कले २०७५।३।२७ मा जारी गरेको २०७५।७६ को मौद्रिक नीतिको वार्षिक मूल्याङ्कनअनुसार लक्ष्य तथा प्रगति स्थिति देहायअनुसार रहेको छः

१६२.१ बैङ्क तथा वित्तीय संस्थाहरुले आफ्नो प्राथमिक पुँजीको शतप्रतिशतसम्म अन्य मुलुकबाट विदेशी मुद्रामा ऋण लिन पाउने व्यवस्था भएअनुसार विभिन्न वाणिज्य बैङ्कले यो वर्ष ४ करोड अमेरिकी डलर ऋण लिन स्वीकृति लिएकोमा ३ करोड १५ लाख अमेरिकी डलर मात्र ऋण लिएको देखिन्छ। त्यसैगरी ३ लघुवित्त वित्तीय संस्थाले २ करोड ६ लाख अमेरिकी डलर र १ करोड १० लाख जापानिज येन ऋण लिन स्वीकृति प्राप्त गरेपनि ऋण लिएका छैनन्। वाणिज्य बैङ्कहरुले आफ्नो कुल कर्जाको पर्यटन क्षेत्रमा न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा ८.६ प्रतिशत कर्जा प्रवाह भएको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाह गरिएको कर्जामध्ये पशुपंक्षी व्यवसाय कर्जाअन्तर्गत १५ हजार ९१६ जना ऋणीको रु. २९ अर्ब ३६ करोड कर्जा बक्यौता रहेको छ। कर्जा असुलीको बीमा दाबी तथा असुली विवरण तयार गरेको देखिएन।

१६२.२ बैङ्किङ्ग सेवा प्रभावकारी बनाउने र वित्तीय पहुँच अभिवृद्धि गर्ने कार्यक्रम रहेकोमा सबै वाणिज्य बैङ्कले प्रत्येक प्रदेशमा प्रादेशिक कार्यालय स्थापना नगरेको, घरजग्गाको मूल्यमा भइरहने उतारचढाव मापन गर्ने घरजग्गा मूल्य सूचकाङ्क तयार गर्न सर्वेक्षण कार्य नगरेको, बैङ्क तथा वित्तीय संस्था गाभ्ने वा गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गरेपश्चात् २०७६ असार मसान्तसम्म कुल १७१ बैङ्क तथा वित्तीय संस्था मर्जर वा प्राप्ति प्रक्रियामा सामेल भएका छन्। यसमध्ये १२८ संस्थाको इजाजत खारेज हुन गई कुल ४३ संस्था कायम गरेको उल्लेख छ। लक्ष्य किटान नगरेकोले उक्त संख्या प्रर्याप्त भएको हो होइन यकिन गरेको छैन। स्पष्ट लक्ष्य किटान गर्नुपर्दछ।

१६२.३ सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुर्‍याउने नीति भए तापनि २०७६ असारसम्म १८ स्थानीय तहमा वाणिज्य बैङ्कका शाखा पुगेको छैन। वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाहरुको कुल शाखा संख्या ८ हजार ५६४ पुगेको हुंदा हाल एक शाखाबाट औसतमा ३ हजार ४११ व्याक्तिले सेवा लिनसक्ने अवस्था रहेको छ। सबै नेपालीको बैङ्क खाता खोल्ने अभियानलाई निरन्तरता दिइए पनि हालसम्म कतिपय नेपालीको बैङ्क खाता नभएको अवस्था छ। यो वर्षको अन्त्यसम्म नेपालमा एटीएम संख्या ३ हजार, मोबाइल बैङ्किङ्गका ग्राहकहरुको संख्या ७० लाख, इन्टरनेट बैङ्किङ्गका ग्राहकहरुको संख्या ८ लाख, जारी भएका डेबिट कार्डको संख्या ६२ लाख तथा क्रेडिट कार्डको संख्या १ लाख रहेको छ। सूचना प्रविधिको विकासले गर्दा खाता ह्याक गरी रकम अन्यत्र सार्ने गरेको, सूचना प्रविधि तथा सफ्टवेयरमा आएको परिवर्तनले सबै बैङ्कले रकम सुरक्षाको प्रत्याभूति दिन नसकेको र सर्वसाधारणको खातामा रहेको रकम इलेक्ट्रोनिक माध्यमबाट झिक्ने जस्ता वित्तीय विचलनका घटना भैरहेको अवस्था छ। यस सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले सर्वसाधारणको रकम सुरक्षित गर्ने लगायतका विषयलाई थप व्यवस्थित गर्नुपर्ने देखियो।

१६३. **बैंकिङ्ग सेवा विस्तार र प्रभावकारिता -** बैङ्कको प्रतिवेदनअनुसार नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थाहरु (सीमित बैंकिङ कारोबार गर्ने सहकारी तथा गैर-सरकारी संस्थाहरु समेत) को संख्या २०७५ असार मसान्तमा १८९ रहेकोमा २०७६ असार मसान्तमा १७१ कायम भएको देखिन्छ । सोमध्ये वाणिज्य बैङ्क २८, विकास बैङ्क २९, वित्त कम्पनी २३, लघुवित्त वित्तीय संस्था ९० र पूर्वाधार विकास बैङ्क १ रहेका छन् । देशको ७५३ स्थानीय तहमध्ये २०७५ असार मसान्तमा ६३१ तहमा वाणिज्य बैङ्कका शाखा विस्तार भएकोमा २०७६ असार मसान्तमा ७३५ तहमा मात्र शाखा विस्तार भएको छ। प्राप्त विवरण अनुसार २०७५ असार मसान्तमा वाणिज्य बैङ्क, विकास बैङ्क तथा वित्त कम्पनीहरुको निक्षेप खाता संख्या करिब २ करोड ३५ लाख र ऋण खाता संख्या करिब १३ लाख रहेकोमा २०७६ असार मसान्तमा कुल निक्षेप खाता संख्या करिब २ करोड ७८ लाख र ऋण खाता संख्या करिब १४ लाख पुगेको छ। सबै जनतामा सर्वसुलभ र गुणस्तरीय बैंकिङ्ग सेवा पुर्‍याउन थप पहल गर्नुपर्दछ ।

१६४. **अनौपचारिक क्षेत्र -** नेपाल राष्ट्र बैङ्कले बैङ्क, वित्तीय एवं अन्य संस्थाहरुबाट अर्थतन्त्रसंग सम्बन्धित विभिन्न आर्थिक कारोबारसम्बन्धी तथ्यांकहरु सङ्कलन गरी समष्टिगत आर्थिक सूचकांकहरु मूल्याङ्कन विश्लेषण गरे तापनि बजारमा हुने सबै कारोबारको अवस्था र भूमिका सम्बन्धमा अध्ययन, अनुसन्धान गरेको देखिएन। राष्ट्रको समष्टिगत आर्थिक कारोबारको अवस्था यकिन गर्न हाल तथ्याङ्क सङ्कलन गरिरहेका क्षेत्र भन्दा वाहिरबाट समेत आर्थिक गतिविधि हुने र तथ्यांक सङ्कलन हुन नसकेका त्यस्ता अनौपचारिक क्षेत्रसमेतको अध्ययन गर्ने गराउने र सो तथ्यांकलाई समेत आधार मानी राष्ट्रिय अर्थतन्त्रको वास्तविक अवस्था चित्रण हुने सूचकाङ्कहरु अद्यावधिक गर्न आवश्यक देखिएको व्यहोरा गत वर्षसमेत औंल्याएकोमा यो वर्ष पनि स्थिति यथावत छ।

१६५. **वित्तीय कारोबारमा प्रविधिको प्रयोग -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४(१) (ग) अनुसार सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्नु बैङ्कको उद्देश्य हुने उल्लेख छ। सो व्यवस्थाअनुसार बैङ्कले नगद प्रणालीबाट हुने कारोबारलाई बायोमेट्रिक प्रविधिबाट हुने कारोबारको प्रयोगमा जोड दिन पहिचानको आधार भौतिक गुण, औंला छाप, हस्तरेखा, हस्तलिखित वा स्वरको पहिचान गर्न सकिने प्रविधिको उपयोगमा जोड दिनुपर्दछ । कोरोना भाइरसलगायतका महामारी भएको अवस्थामा भौतिक दूरी कायम गर्न सहज हुने र सम्बन्धित व्यक्तिलाई मात्र जानकारीमा रहने पिन कोड र सम्बन्धितसँग मात्र रहने स्मार्ट कार्डको प्रयोगबाट आर्थिक कारोबार गर्दा भुक्तानी प्रणालीमा लाग्ने लागतसमेतलाई कमी ल्याउन सक्ने अवस्था देखिन्छ। त्यस्तै डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल वालेट, सम्पर्कविहीन कार्ड, अनलाइन भुक्तानी प्रणालीको प्रयोग गर्दा हुने जोखिमहरु व्यक्तिको गोपनियता, सम्बन्धित व्यक्तिको जानकारी बेगर ह्याकरहरुले रकम झिक्ने जस्ता दुरुपयोग रोक्न नियमन कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ।

१६६. **वित्तीय संस्थाहरुको अनुगमन -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५(१) (च) मा वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई बैंकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारका सम्बन्धमा निरीक्षण, सुपरिवेक्षण, अनगुमन तथा नियमन गर्नसक्ने व्यवस्था छ।

बैङ्कले २०७५।७६ मा २८ वाणिज्य बैङ्कमध्ये १५ को र २९ विकास बैङ्कमध्ये २४ को समष्टिगत निरीक्षण गरेको छ। त्यसैगरी १२ वित्तीय संस्थाको सम्पत्ति शुद्धीकरणका विषयमा निरीक्षण गरेको छ। कतिपय वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा वित्तीय संस्थाको व्यवस्थापनले कर्जाबाट व्यवसाय सञ्चालन हुने सुनिश्चितता नगरी तथा धितो जमानतको उचित प्रबन्ध नगरी गलत मूल्याङ्कन गरी, कृत्रिम ऋणी खडा गरी र कतिपयमा व्यवस्थापकले प्रयोग गर्ने गरी कर्जा प्रवाह भएको देखिन्छ। त्यस्तै निक्षेप सङ्कलन गर्दा निक्षेपमा प्रचलित दर भन्दा बढीको ब्याज प्रदान गर्ने गरेको, तोकिएको समयमा प्राप्त नभएको साँवा तथा ब्याज खराब ऋणीबाट रकम असुल नगरेको, असल ऋणीलाई उचित समयको मौका

नदिई तत्काल धितो बिक्री गरी ऋण असुल गरेको देखिन्छ। खराब ऋणीलाई कारवाही गर्ने, असल ऋणीलाई उचित संरक्षण गर्ने तथा निश्चित प्रकृया र मापदण्ड पुरा गरेर मात्र कर्जा प्रदान गर्ने व्यवस्था कायम गर्न केन्द्रीय बैङ्कबाट थप निर्देशन तथा अनुगमन गर्नुपर्ने देखिन्छ ।

१६७. **समष्टिगत लगानी अवस्था -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४(१) (क) मा अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। तर राष्ट्र बैङ्कले तीव्रतर आर्थिक वृद्धिदर हासिल गर्न मूल्य नियन्त्रणलाई सीमाभित्र ल्याउने, विदेशी मुद्राको घटबढबाट पर्ने भुक्तानी प्रणालीलाई न्यूनीकरण पार्ने, निजी लगानीलाई कर्जाको माध्यमबाट उत्पादनशील क्षेत्रतर्फ उत्प्रेरित गर्ने, कर्जा प्रवाह तथा असुलीलाई प्रभावकारी पार्ने, रोजगारी सिर्जना गर्ने नीतिको कार्यान्वयन गर्ने, घरजग्गा तथा विलासिताको सामग्रीको उपभोगको मात्रालाई तोकिएको सीमाभित्र ल्याउनेलगायतका व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरेको छैन। साथै भौतिक पूर्वाधार र उद्योग व्यापारको लगानीलाई तीव्रतर पार्न आवश्यक पर्ने वैदेशिक स्रोतको लगानी र अन्तर्राष्ट्रिय संस्थाको समेत सहयोग लिने वातावरण तयार गराउन सकेको छैन। यसतर्फ केन्द्रीय बैङ्कको ध्यान जानुपर्ने देखियो।

## नागरिक लगानी कोष - २०७५।७६

निजामती कर्मचारी, शिक्षक, सैनिक, प्रहरी र अन्य संस्थाका कर्मचारीको लागि निवृत्तभरण कोष, उपदान कोष, कर्मचारी बचत वृद्धि कोष र बीमा कोषजस्ता कार्यक्रम सञ्चालन गर्न नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत कोषको स्थापना भएको हो। कोषको शाखा कार्यालय पोखरा र विराटनगरमा रहेका छन्। कोषमा नेपाल सरकारको १०, नेपाल राष्ट्र बैङ्कको १३, नेपाल स्टक एक्सचेन्जको १०, राष्ट्रिय बीमा संस्थानको ३२, बैङ्क तथा वित्तीय सँस्थाहरुको २० र सर्वसाधारणको १८ प्रतिशत शेयर स्वामित्व रहेको छ।

१६८. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कोषको २०७६ असार मसान्तमा शेयर पुँजी रु. १ अर्ब २६ करोड ७८ लाख, जगेडा तथा सञ्चित मुनाफा रु. १ अर्ब ७६ करोड ८० लाख र अन्य दायित्व रु.२ अर्ब ९५ करोड ६८ लाखसमेत पुँजी तथा दायित्व रु.छ अर्ब ९९ करोड २६ लाख रहेको छ। स्थायी सम्पत्ति रु. १ अर्ब २४ करोड २७ लाख, लगानी रु. ५३ करोड १० लाख, खुद चालु सम्पत्ति रु. १७ करोड ११ लाख र अन्य सम्पत्ति रु.४ अर्ब ४ करोड ६८ लासमेत सम्पत्ति रु.५ अर्ब ९९ करोड २६ लाख रहेको छ । कोषको खुद नाफा गत वर्ष रु. ३५ करोड ८३ लाख भएकोमा यो वर्ष रु.४६ करोड २३ लाख रहेको छ। उक्त वित्तीय विवरणमा स्किमहरुको रकम समावेश भएको छैन ।

१६९. **प्रतिफल दर -** नागरिक लगानी कोष ऐन, २०४७ को १९(१) मा लगानीकर्तालाई प्रत्येक आर्थिक वर्षमा दिने प्रतिफल दर नेपाल सरकारले समय समयमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुने व्यवस्था छ। तर नेपाल सरकारले हालसम्म प्रतिफल दर तोकेको देखिएन। कोषले नै हाल ७.५ प्रतिशतसम्म प्रतिफल दर तोकेको पाइयो। त्यस्तै यस कोषले लगानी गरेका सञ्चयकर्ताबाट ९ प्रतिशतका दरले ब्याज लिने गरेको छ। नेपाल सरकारको सहमतिबेगर कोषले प्रतिफल दर निर्धारण गरेको देखियो। ऐनको व्यवस्था अनुसार प्रतिफल दर निर्धारण गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१७०. **अन्तरस्किम हिसाब -** कोषको अन्तरस्किम कारोबार भिडान नहुँदा तिर्नु पर्नेतर्फ (क्रेडिट) रु. ५२ करोड ९६ लाख तथा लिनु पर्नेतर्फ (डेबिट) रु. ८० करोड ६० लाख भई खुद रु.२७ करोड ६४ लाख डेविट फरक रहेको छ। फरक सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ।

१७१. **बैङ्क हिसाब मिलान -** केन्द्रीय कोषतर्फ २०७६ असार मसान्तमा विभिन्न १४ बैङ्कका ४१ खातामा रु. ४ अर्ब १० करोड ४३ लाख लेजर मौज्दात देखिए तापनि बैङ्क विवरणसँग भिडान गरी हिसाब अद्यावधिक गरेको पाइएन। त्यस्तै केन्द्रीय कोष र विभिन्न स्किमको बैङ्क खातामा रु.६ अर्ब ३५ करोड ७६ लाख

मौज्दात रहेको देखिए तापनि रु.३१ अर्ब ८८ करोड ६३ लाख ऋणात्मक मौज्दात रहेको छ। समयमै बैङ्क हिसाब मिलान विवरण तयार नगर्ने र हिसाब भिडान नगर्ने प्रवृत्तिका कारण स्रेस्ता तथा बैङ्कको मौज्दात रकम फरक पर्ने, मौज्दात ऋणात्मक देखिने र रकम हिनामिना भएमा पत्ता नलाग्ने स्थिति सिर्जना भएको छ । अतः समयमै हिसाब मिलान गर्न गत वर्ष समेत औंल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन।

१७२. **वित्तीय विवरण -** कोषको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६८ को विनियम २१ बमोजिम जिम्मेवार व्यक्तिले आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक र वार्षिक लेखाको विवरण वुझाउनुपर्ने व्यवस्था छ। त्यस्तै विनियम २३ बमोजिम कोषको वार्षिक नाफा नोक्सानसहितको वासलात तयार गरी आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिनभित्र कार्यकारी निर्देशकसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। कोषले उल्लिखित विवरणहरु समयमा तयार नगरेकोले कानुनको पालना भएको छैन। तोकिएको समयभित्र वित्तीय विवरण तयार गर्नुपर्दछ।

१७३. **कोष परिचालन -** कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम ४ अनुसार कोषमा प्राप्त हुने रकमहरु सञ्चालक समितिले तोकेको वाणिज्य बैङ्कहरुमा कार्यक्रमगत रुपमा नन्अपरेटिभ खाता खोली जम्मा गर्नुपर्ने र भुक्तानी प्रयोजनका लागि कार्यक्रमगत कार्य सञ्चालन खाता राख्नुपर्ने व्यवस्था छ। नन्अपरेटिभ खातामा जम्मा भएको रकम भुक्तानी खातामा ट्रान्सफर गरी खर्च गर्नुपर्ने उल्लेख भएकोमा कोषले नन्अपरेटिभ खाता सञ्चालन नगरी प्राप्त भएका सबै आम्दानी कार्यसञ्चालन खातामा जम्मा गरी खर्च गरेको छ। यसबाट विनियमावलीमा उल्लेख भएको व्यवस्था पालना भएको छैन। उक्त व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा अवस्था यथावत छ।

१७४. **लगानी -** कोषले लगानी नीति तथा आधार तयार नगरी सञ्चालक समितिको बैठकको पटके निर्णयको आधारमा लगानी गर्ने गरेको छ। कोषको केन्द्रीय हिसाब र विभिन्न ११ योजना समेत १२ योजनाको विवरण अनुसार २०७५।७६ सम्म रु.१ खर्ब २३ अर्ब ९१ करोड मौज्दात रहेकोमा रु.१ खर्ब १ अर्ब ८६ करोड ३७ लाख (सहभागी ऋण र सापटीबाहेक) लगानी रहेको छ । समस्याग्रस्त घोषित भएका वित्तीय संस्थामा रु.६४ करोड ४२ लाख मौज्दात रहेको छ । लगानी सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहाय अनुसार छः

१७४.१ कोषको लेखातर्फको अभिलेख अनुसार कर्मचारी बचत वृद्धि कार्यक्रमतर्फ २०७५।७६ सम्ममा ८० प्रतिशत सापटी र शेयर ऋणमा क्रमश कुल रु. २४ अर्ब १९ करोड ५३ लाख र रु. १ करोड २१ लाख लगानी रहेको देखिन्छ। लगानी रकम तोकिएको समयमा फिर्ता लिनुपर्दछ ।

१७४.२ कोषले ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनीमा रु. २ अर्ब कर्जा र रु.२१ करोड १८ लाख शेयर लगानी गरेको छ। कोषले उक्त कम्पनीसँग २०७६ असार मसान्तमा कर्जा र सोको ब्याजसमेत रु. ३ अर्ब ४९ करोड लिनुपर्ने देखिएको छ। कोषले १५ वर्षको लागि गरेको ऋण सम्झौताको अवधिमध्ये ९ वर्ष परियोजना निर्माण कार्यमा व्यतीत भैसकेको छ। ऋण लगानीका शर्तअनुसार बाँकी ६ वर्षभित्र कोषको ऋण चुक्ता हुने अवस्था रहेको छैन।

१७४.३ नेपाल वायुसेवा निगमसँग २०७४।२।२९ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रु.१२ अर्ब ऋण प्रवाह गरेको छ। निगमले २०७६ असार मसान्तसम्म किस्ता र ब्याज समेत रु. ८९ करोड भुक्तानी गर्नुपर्ने रकम चुक्ता गरेको देखिएन। ठूला र दीर्घकालीन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरु र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयहरुमा अध्ययन, विश्लेषण र मूल्याङ्कन पश्चात् मात्र कर्जा प्रवाह गर्नुपर्दछ।

१७४.४ कोषले जनक शिक्षा सामग्री केन्द्रलाई दैनिक कार्य संञ्चालनको लागि चालु पुँजीको रुपमा पटक पटक छोटो अवधिको ऋण प्रवाह गरेकोमा कर्जा प्रवाह गर्नु पूर्व ऋणीको वित्तीय अवस्थाको विश्लेषण गरेको देखिएन। सो केन्द्रमा यो वर्षको अन्तसम्म कोषको साँवा लगानी रु. २५ करोड रहको छ।

१७५. **सूचना प्रणाली** - सूचना प्रणालीको प्रयोग भरपर्दो र विश्वसनीय हुनुपर्दछ। कोषले प्रयोग गरेको सूचना प्रणालीको सफ्टवेयरमा प्रयोगकर्ताले आफूखुसी तथ्यांङ्क परिवर्तन गर्न सक्ने, सबै शाखासँग प्रणाली नजोडिएको र सूचना प्रविधि परीक्षण समेत गरेको छैन। जसले गर्दा लाभग्राहीको रकम समयमा प्रविष्ट नहुने, अन्तरशाखा हिसाब फरक पर्ने देखिन्छ। सूचना प्रविधिको उचित व्यवस्थापन गरी कार्य सञ्चालन गर्नुपर्दछ।

१७६. **प्रतिवेदन** - नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४७ बमोजिम कोषले आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन र कोषको काम तथा कारोबारसंग सम्बन्धित कुराको संक्षेषित विवरण नेपाल सरकार समक्ष पेस गर्नुपर्नेमा गरेको छैन। नीतिगत निर्णयमा नेपाल सरकारको तर्फबाट सहभागी हुने गरेको भएपनि बीमा योजनालगायत अन्य महत्वपूर्ण नीतिगत निर्णयमा सरकारको सहमति लिएको छैन। विगतको लेखापरीक्षण प्रतिवेदनहरुमा यस विषयमा उल्लेख भएकोमा अवस्था यथाबत रहेको छ।

## कर्मचारी सञ्चय कोष - २०७५।७६

निजामती, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार कोषको स्थापना भएको हो। कोषले सार्वजनिक र निजी क्षेत्रका कर्मचारीहरुलाई पनि आफ्नो दायरामा समेटेको र २०७६ असार मसान्तसम्म करिब ६ लाख ५० हजार सञ्चयकर्ताको सञ्चित कोष रकम व्यवस्थापन गर्दै आएको छ।

१७७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - कोषको २०७६ असार मसान्तमा जगेडा तथा बचत रु.२८ अर्ब ८ करोड र सञ्चय कोषमा रु.३ खर्ब ९ अर्ब ८५ करोडसमेत कोष तथा जगेडा रु. ३ खर्ब ३७ अर्ब ९३ करोड रहेको देखिन्छ। कर्मचारी सुविधालगायतका दायित्व रु.४ अर्ब ४७ करोड ९ लाख समावेश गर्दा कुल दायित्व रु. ३ खर्ब ४२ अर्ब ४० करोड रहेको छ। बैङ्क तथा वित्तीय संस्थामा मौज्दात रु.८२ अर्ब ९४ करोड, सञ्चयकर्तालाई दिएको कर्जा, सापटी रु.१ खर्ब ८० अर्ब ५८ करोड, परियोजना, संगठित संस्थालाई दिएको कर्जा रु.५२ अर्ब १९ करोड, धितोपत्रहरुमा गरेको लगानी रु.२२ अर्ब ९७ करोड र अन्य सम्पत्ति रु.३ अर्ब ७२ करोड रहेको छ।

१७८. **सञ्चालन नतिजा** - कोषको कुल आम्दानी रु. २९ अर्ब ९५ करोड ९० लाख रहेको र खुद मुनाफा गत वर्षको तुलनामा १२.८३ प्रतिशत ले वृद्धि भई रु. ४ अर्ब ४४ करोड ६३ लाख पुगेको छ।

१७९. **कार्यसम्पादन स्थिति** - सञ्चालक समितिको निर्णयबाट सञ्चयकर्तालाई २०७४।७५ मा ८.५ प्रतिशत ब्याज प्रदान गरेकोमा २०७५।४।१ देखि यो दर ८.२५ प्रतिशत निर्धारण भएको छ। कोषले विभिन्न वाणिज्य बैङ्कसँगको सहकार्यमा कन्सोर्टियम ऋण, नेपाल सरकारको जमानतमा विभिन्न संगठित संस्थालाई परियोजना ऋण, सञ्चयकर्ताहरुको लागि विशेष ऋण, घर निर्माण तथा मर्मत ऋण, शैक्षिक ऋण आदि प्रदान गर्दै आएको छ। त्यस्तै कोषले सञ्चयकर्ताको लागि दुर्घटना बीमा, औषधि उपचार खर्च र क्रिया खर्चको सुविधा समेत प्रदान गर्दै आएको छ ।

१८०. **परियोजना कर्जा** - कोषले २०७६ असार मसान्तमा रु. ५३ अर्ब २० करोड ५८ लाखको परियोजना कर्जामा लगानी गरेको छ र सो मा रु. १ अर्ब १ करोड २० लाखको क्षयीकरण नोक्सानीको लागि

व्यवस्था कायम गरेको छ। कोषले प्रवाह गरेका परियोजना कर्जा सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहायबमोजिम रहेका छन्:

१८०.१ माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेड, मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड र सान्जेन जलविद्युत कम्पनी लिमिटेडमा कोषले रु.२७ अर्ब १६ करोड ७ लाख ५५ हजार कर्जा लगानी गरेको छ। ती कम्पनीसँग ऋण सम्झौता गर्दा आयोजना निर्माण अवधि कर्जाको पहिलो किस्ता प्रवाह भएको मितिले ५ वर्षको हुने, सोपछि ऋण भुक्तानी शुरु हुने र अर्को १० वर्षमा सम्पूर्ण ऋण भुक्तानी भइसक्ने उल्लेख छ। ती आयोजनाको निर्माण अवधि बढ्न गई लागत समेत बढेको अवस्था छ।

१८०.२ नेपाल वायुसेवा निगमलाई न्यारो बडी तथा वाईड बडी जहाज खरिद गर्न विभिन्न ३ स्किमका ऋण सम्झौता गरेकोमा कोषको २०७६ आषाढ मसान्तको वासलातमा रु.२३ अर्ब ४० करोड २३ लाख ऋण लगानी देखाएको छ। तर निगमबाट उक्त रकम यकिन गरेको छैन। साँवा तथा ब्याजको रकम यकिन गरी असुली हुनुपर्दछ।

१८०.३ लामो समयदेखि असुली प्रक्रियामा रहेको एक हाउजिङ्ग कम्पनीलाई रु.६३ करोड ३ लाख, एक होटललाई रु. ८७ लाख ४२ हजार र एक अर्को लिमिटेडलाई रु.२७ करोड ५२ लाख कर्जा दिएकोमा यो वर्ष साँवा तथा ब्याज रकम असुली भएको छैन। गत वर्षको प्रतिवेदनमा सो व्यहोरा औंल्याए पश्चात् पोखराको एक लिमिटेडसँगको कर्जा पुनर्संरचनाको निर्णय भएको भए पनि सोको कार्यान्वयन भएको पाइएन। अन्य कर्जा सम्बन्धमा स्थिति यथावत् छ। साँवा, ब्याज असुली कार्यमा थप ध्यान दिनुपर्दछ।

१८१. **सञ्चयकर्ता सापटी** - कोषले २०७६ असार मसान्तसम्म रु. १ खर्ब ८० अर्ब ५८ करोड सञ्चयकर्ता सापटीको रुपमा लगानी गरेको छ। सो सापटीमध्ये रु. १ अर्ब २ करोड ८० लाखको ब्याज प्राप्त हुन बाँकी रहेको छ भने रु. ३ अर्ब ४६ करोड ९४ लाखको क्षयीकरण नोक्सानीको लागि व्यवस्था कायम गरेको छ। सञ्चयकर्तालाई विशेष सापटी रु. १ खर्ब ४३ अर्ब, घर सापटी रु. ३२ अर्ब ९१ करोड, शैक्षिक कर्जा रु. ७६ करोड, घर मर्मत सापटी रु. १ अर्ब ४४ करोड र सरल चक्र कर्जा रु. ४ अर्ब ५७ करोड कर्जा उपलव्ध गराएको छ। कर्जा रकम तोकिएको समयमा असुल गर्नुपर्दछ।

१८२. **भाडा असुली** - कोषको २०७६ असार मसान्तमा रु. ४९ करोड ९४ लाख असुल हुन बाँकी भाडा तथा महसुलमध्ये रु. २२ करोड ५४ लाख मात्र व्यवस्था कायम गरेको छ। कोषले भाडा उठाउने प्रक्रियालाई चुस्त दुरुस्त बनाउनु पर्ने देखिन्छ। यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छः

१८२.१ कोषको सुन्धारास्थित भवन भाडामा लगाउनेसम्बन्धी सम्झौताअनुसार भाडामा लिनेले २०७३।१०।६ देखि प्रथम तीन महिनाको अग्रिम भाडा रु.८ करोड १३ लाख र २०७५ जेठमा रु. २ करोड ७१ लाख समेत रु.१० करोड ८४ लाख ४५ हजार मात्र कोषलाई बुझाएको पाइयो। त्यसपछि सम्झौताअनुसारको भाडा नियमित रुपमा प्राप्त नभएकोले कोषले २०७५।१।५ मा रु.३२ करोड ५३ लाखको बैङ्क जमानत जफत गरी बक्यौता रकम चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ। जमानत जफत गरेको रकम कटाई २०७६ असारसम्म रु.१० करोड ५८ लाख उठाउन बाँकी रहेको छ। सोही भवनको अर्को एक भाडावालाको सम्झौता २०७२ आश्विनमा रद्द गरेकोमा रु.१० करोड ८३ लाख भाडा उठाउन बाँकी रहेको छ। लिन बाँकी भाडा रकमको ब्याज तथा जरिवानासमेत असुल गर्नुपर्दछ।

१८२.२ कोषको लगनखेलस्थित भवन रु.५४ लाख ७० हजार मासिक भाडामा एक कम्पनीलाई २०७१।९।९ मा १५ वर्षको लागि भाडामा उपलव्ध गराएको छ। उक्त कम्पनीले विगतदेखि सम्झौता अनुसारको भाडा रकम उपलव्ध नगराएको कारण २०७५।५।१४ मा सम्झौता अन्त्य गरेको छ। कोषले हालसम्म भाडा र जरिवानासमेत रु. १२ करोड ५२ लाख असुल गर्न बाँकी देखिन्छ। सम्झौताअनुसारको उक्त रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

१८३. **बैङ्क हिसाब भिडान -** कोषले कोष सङ्कलनका लागि पूर्व समायोजन (प्रि-रिकन्सिलेसन) र अन्य कारोबारका लागि पछि समायोजन (पोष्ट रिकन्सिलेसन) विधि अपनाएको छ। बैङ्किङ्ग कारोबारको हिसाब मिलान सामान्यतया वर्षको अन्त्यमा गर्ने गरेको कारणले हिसाब मिलान यथासमयमा हुने गरेको छैन। बैङ्क मौज्दात भिडान नभएको २०७२।७३ सम्म रु.१ अर्ब ५६ करोड ३३ लाख, २०७३।७४ सम्म रु. १ अर्ब ९० करोड ८८ लाख, २०७४।७५ सम्म रु.१ अर्ब ९७ करोड १६ लाख रहेकोमा २०७५।७६ मा रु. १ अर्ब ५४ करोड २८ लाख रहन पुगेको छ। बैङ्क हिसाब भिडान नहुँदा सञ्चयकर्ताको मौज्दात यकिन नहुने र मस्यौट समेत हुने अवस्था रहन्छ। बैङ्क हिसाब भिडान नभएको रकम प्रत्येक वर्ष वृद्धि भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई बैङ्क हिसाब विवरण तयार गर्नुपर्दछ।

१८४. **सञ्चयकर्ता खाता -** कोषले पूर्ण विवरण नआएका वा विवरणमा अपूर्ण वा द्विविधा भएका सञ्चयकर्ताको सम्बन्धमा अस्थायी सञ्चयकोष नम्बर/कोड सिर्जना गरी सो खातामा अभिलेख राख्ने गरेकोमा यो वर्षको अन्त्यसम्ममा अस्थायी सञ्चयकर्ता खाता संख्या ४१ हजार २३७ रहेको छ। कोषले सम्बन्धित कार्यालयबाट कर्मचारीको पूर्ण विवरण लिई सञ्चयकर्ताको हिसाब मिलान गर्नुपर्दछ।

१८५. **ग्राहक पहिचान -** कोषमा यस आर्थिक वर्षको अन्त्यसम्म ६ लाख ५० हजारमध्ये १ लाख ७५ हजार ५९२ सञ्चयकर्ताको मात्र ग्राहक पहिचान (के.वाई.सी.) विवरण अद्यावधिक भएको पाइयो। सबै सञ्चयकर्ताको विवरण अधावधिक गर्नुपर्दछ।

१८६. **जगेडा कोष -** कोषको वित्तीय विवरणमा साधारण जगेडा कोषमा वर्षान्तमा रु. ७४ करोड ४० लाख मौज्दात रहेको देखिन्छ। जगेडा कोषमा ठूलो रकम मौज्दात राखेकोमा प्रयोजन यकिन गर्ने अन्यथा सञ्चयकर्तालाई उक्त रकम वितरण गर्नुपर्दछ।

१८७. **सञ्चयकर्ता सुविधा -** कोषबाट प्राप्त विवरण अनुसार सञ्चयकर्ताको सुविधा/हितको लागि देहायबमोजिमको रकम भुक्तानी गरेको छ।

| सि.नं | विवरण | सुविधा | २०७५।७६ |
|---|---|---|---|
| १ | सामान्य रोगको औषधि उपचार | साधारण रोगको उपचारमा प्रत्येक वर्ष रु. १ लाख बढीमा २ पटक र कडा रोगतर्फ रु. १० लाख नोकरी अवधिमा एकपटक मात्र | औषधोपचार सहयोग कार्यक्रम अन्तर्गत २०७५।४।१ देखि २०७५।७।३० सम्म ११९ जनालाई रु. ३० लाख ५८ हजार भुक्तानी गरेको। |
| २ | सञ्चयकर्ता औषधि उपचार बीमा | सञ्चयकर्ता औषधि उपचार बीमा गर्ने | ६ लाख सञ्चयकर्ताको प्रति व्यक्ति रु. ४२० का दरले राष्ट्रिय बीमा कम्पनीमा २०७५।८।१ देखि २०७६।७।३० सम्मको लागि स्वास्थ्य बीमा गरेको। |
| ३ | सुत्केरी तथा शिशु हेरचाह सुविधा कार्यक्रम | प्रति प्रसुति रु. ७ हजार ५०० बढीमा २ पटकको लागि | यस वर्ष १९ हजार ९४४ सञ्चयकर्तालाई रु. १४ करोड ९५ लाख ८० हजार भुक्तानी गरेको। |
| ४ | काजकृया अनुदान | सञ्चयकर्ताको मृत्युमा काजकृया खर्च प्रदान गर्ने | यस वर्ष ७९४ सञ्चयकर्ताका हकवालालाई रु. २ करोड ७५ लाख २८ हजार भुक्तानी गरेको। |
| ५ | दुर्घटना क्षतिपूर्ति | दुर्घटनाबाट मुत्यु भएमा क्षतिपूर्ति रु. २ लाखसम्म प्रदान गर्ने | यस वर्ष १३९ सञ्चयकर्ताका हकवालालाई रु. १ करोड ९२ लाख २५ हजार भुक्तानी गरेको। |

उल्लिखित सुविधाका अतिरिक्त घर सापटी कर्जा, सरल चक्र कर्जा, घर मर्मत सापटी कर्जा, शैक्षिक सापटी कर्जा, विशेष सापटी कर्जा प्रदान गर्दै आएको छ। कोषले सञ्चयकर्तालाई थप सुविधा प्रदान गर्न सहुलियतपूर्ण बस सेवा सञ्चालन, सञ्चयकर्ता केन्द्रित अपार्टमेन्ट वा हाउजिङ निर्माण, विद्यालय वा अस्पताल सञ्चालन, सञ्चयकर्ताको सामाजिक कार्यमा सहयोगलगायतमा कोषको रकम प्रयोग गर्नुपर्दछ।

१८८. **कर्मचारी सुविधा -** कोषका कर्मचारीलाई कोष भत्ताबापत प्रतिमहिना रु. १२ हजारसम्म, दैनिक खाजा खर्च रु.१ सय, इन्टरनेट तथा पत्रपत्रिका खर्च मासिक रु. १ हजार ५००, महंगी भत्ता मासिक रु. २ हजार, अतिथि सत्कार खर्च सहायक प्रबन्धकदेखि माथिका तहलाई मासिक रु. ५०० सम्म, बाह्य स्टेसन

भत्ता रु. ४ हजार ७५० सम्म, वार्षिकोत्सवबापत ६७ दिनको तलब भत्ता, औषधि उपचार सुविधाबापत वार्षिक ५५ दिनको तलब बराबरको रकम, पोशाक भत्ता लगायतका सुविधा प्रदान गर्दै आएको छ। यसका अतिरिक्त घर सापटी कर्जा कार्यक्रमबाट ३ वर्षको आधारभूत तलब, घर मर्मत सापटी कर्जा रु.२५ लाखसम्मको सुविधा प्रदान गर्दै आएको छ। सञ्चयकर्ताको हितमा समेत थप सुविधा दिने गरी कोषको रकम परिचालन गर्नुपर्दछ।

## निक्षेप तथा कर्जा सुरक्षण कोष - २०७५।७६

बैङ्क तथा वित्तीय संस्थामा रहेको रु. ३ लाखसम्मको निक्षेपको सुरक्षण गर्ने र प्राथमिकता प्राप्त क्षेत्र, साना तथा मझौला उद्यम क्षेत्र, लघुवित्त तथा विपन्न वर्गको लगानी सुरक्षण गरी वित्तीय स्थायित्व कायम गर्ने उद्देश्यले निक्षेप तथा कर्जा सुरक्षण ऐन बमोजिम २०३१ सालमा कोषको स्थापना भएको हो। कर्जा तथा सुरक्षण ऐन, २०७३ बमोजिम नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैङ्कको १० प्रतिशत लगानी रहेको छ। कोषअन्तर्गत रहेका केन्द्रीय कार्यालयसमेत ८ कार्यालयमा ५२ कर्मचारी कार्यरत छन्।

१८९. **सञ्चालन नतिजा** - कोषको नाफा गत वर्ष रु. ३७ करोड २८ लाख रहेकोमा यस वर्ष रु. १ अर्ब ३८ करोड ६२ लाख रहेको छ । त्यस्तै नेटवर्थ गत वर्ष रु. ९ अर्ब ४० करोड १७ लाख रहेकोमा यस वर्ष रु. १२ अर्ब ५६ करोड ८० लाख पुगेको छ।

१९०. **शेयर पुँजी** - कोषको अधिकृत पुँजी रु. १० अर्ब रहेकोमा नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको २०७४।१२।२९ को निर्देशन बमोजिम २०७४।७५ मा कर्जा सुरक्षण कोषबाट रु. ३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट रु. २ अर्ब ५४ करोड ७७ लाख पुँजीकरण गरी हालसम्म रु. ९ अर्ब ८० करोड मात्र चुक्ता पुँजी रहेको छ।

१९१. **लक्ष्य तथा प्रगति** - यो वर्ष कोषले ब्याज आम्दानी र निक्षेप सुरक्षण दस्तुर सङ्कलनमा शत प्रतिशत प्रगति गरेको भए तापनि पशुधन सुरक्षण दस्तुरमा ६९.६१ प्रतिशत, साना तथा मझौला उद्यम कर्जा सुरक्षण दस्तुरमा ५५.५ प्रतिशत, कृषि कर्जा सुरक्षण दस्तुरमा ९३ प्रतिशतमात्र आम्दानी प्राप्त गरेकोले लक्ष्यको तुलनामा घटी आम्दानी गरेको छ। लक्ष्य अनुसार आम्दानी वृद्धि गरी निक्षेप सुरक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

१९२. **स्थिर सम्पत्ति व्यवस्थापन** - कोषले ७ प्रदेशमा कार्यालय स्थापना गर्न यो वर्ष रु. २२ करोडमा जग्गा खरिद गरेकोमा उक्त जग्गा उपयोगमा ल्याउनु पर्ने देखिन्छ। कोषको भवन निर्माणाधीन अवस्थामा रहेकोले कोषले घर भाडामा लिई सञ्चालन गरेकोमा कोषमा रहेको स्थिर सम्पत्तिहरु खासगरी निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी सूचना प्रविधि तथा सफ्टवेयरको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यस्तै सवारी साधन, मोटरसाइकल र स्कुटर लगायतका सम्पत्ति मर्मत सम्भार गरी व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

१९३. **कार्यक्षेत्रमा विस्तार** - नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थाले प्राकृतिक व्यक्तिको नाममा कल, चल्ती, बचत, तथा मुद्दती खातामा जम्मा गरेको रु. ३ लाखसम्मको निक्षेप रकमको सुरक्षण गर्नुपर्ने व्यवस्था छ । यसअन्तर्गत हाल कोषले वाणिज्य बैङ्क, विकास बैङ्क, वित्तीय संस्था र लघुवित्त विकास बैङ्क तथा वित्तीय संस्थाहरुको निक्षेपको सुरक्षण गर्दै आएको छ। तर सबै लघुवित्त संस्थाको निक्षेप सुरक्षणको व्यवस्था गरेको छैन। यसका अतिरिक्त बैङ्क तथा वित्तीय संस्थाले साना तथा मझौला, कृषि र लघुवित्त तथा विपन्न वर्गका क्षेत्रमा प्रवाह गरेको कर्जाको सुरक्षण गर्ने, पशुधनको क्षेत्रमा गरिएको कर्जाको सुरक्षण गर्ने र निर्यात कर्जाहरुको सुरक्षण गर्ने कार्य समेत गर्ने व्यवस्था भएअनुसार यो वर्ष रु. २५ अर्ब ७० करोड कर्जाको मात्र सुरक्षण गर्ने कार्य गरेको छ। त्यसै गरी निक्षेप सुरक्षणतर्फ

रु. ६ खर्ब ३ अर्बको सुरक्षण गरेको छ। निक्षेप र कर्जा सुरक्षण जस्ता ऋणात्मक र धनात्मक प्रकृतिका सुरक्षण गर्ने कार्य एउटै निकायबाट हुँदै आएको सम्बन्धमा थप नीतिगत स्पष्टता ल्याउनु पर्ने देखिन्छ।

## नेपाल बैङ्क लिमिटेड - २०७५।७६

नेपाल बैङ्क लिमिटेड १९९४ मा स्थापना भएको नेपालको पहिलो वाणिज्य बैङ्क हो। यो बैङ्क हाल बैङ्किङ्ग तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालनमा रहेको छ। बैङ्कमा नेपाल सरकारको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत शेयर स्वामित्व रहेको छ। बैङ्कको केन्द्रीय र शाखा कार्यालयहरुसमेत १६५ कार्यालयमा २ हजार ३१८ कर्मचारी कार्यरत छन्।

१९४. **वित्तीय स्थिति  तथा सञ्चालन नतिजा** - बैङ्कको शेयर पुँजी रु. ९ अर्ब ८१ करोड, शेयर प्रिमियम रु. ३ अर्ब २६ करोड,  सञ्चित नाफा रु. २ अर्ब ९० करोड, जगेडा कोष रु. १३ अर्ब ३१ करोड र  निक्षेप दायित्व रु. १ खर्ब ४२ अर्ब २३ करोड रहेको रहेको छ । सम्पत्तिअन्तर्गत खुद कर्जा रु. १ खर्ब ८ अर्ब ८४ करोड, खुद लगानी रु. १६ अर्ब ४३ करोड, नगद तथा बैङ्क मौज्दात रु. १० अर्ब ४३ करोड, स्थिर सम्पत्ति रु. ११ अर्ब ८३ करोड, अदृष्य सम्पत्ति रु. ३ करोड, गैरबैङ्किङ्ग सम्पत्ति रु. ११ करोड र अन्य सम्पत्ति रु. २३ अर्ब ८५ करोडसमेत बैङ्कको कुल सम्पत्ति रु. १ खर्ब ७१ अर्ब ५१ करोड रहेको छ। खुद मुनाफा गत वर्ष रु ३ अर्ब २१ करोड रहेकोमा यस वर्ष रु. २ अर्ब ६० करोड रहेको छ।

१९५. **अनुपात विश्लेषण** - बैङ्कबाट प्राप्त विवरण अनुसार वित्तीय विवरणको अनुपात अवस्था देहायअनुसार रहेको पाइयो।

| क्र.स. | विवरण | सूचकाङ्क | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|---|---|
| १ | जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा | प्रतिशत | ३०.८१ | ३०.५७ | २१.५१ |
| २ | प्रति शेयर आम्दानी | रुपैयाँ | ३८.७४ | ३९.९८ | २६.९९ |
| ३ | निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च | प्रतिशत | २.४१ | ४.३७ | ३.६३ |
| ४ | ऋण लगानीको अनुपातमा प्राप्त ब्याज | प्रतिशत | ९.७३ | १२.२२ | ११.२३ |
| ५ | सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च | प्रतिशत | ४९.७७ | ३७.८६ | २७.८५ |
| ६ | कूल सम्पत्तिको अनुपातमा खुद मुनाफा | प्रतिशत | २.७८ | २.४१ | १.५१ |
| ७ | ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा | प्रतिशत | ३.३२ | ३.३७ | २.६४ |

बैङ्कले गत वर्षमा रु. ३ अर्ब २१ करोड ५६ लाख नाफा गरेकोमा यस वर्ष रु. २ अर्ब ५९ करोड ६७ लाख नाफा गरेको छ। गैरसञ्चालन आम्दानी गत वर्ष रु. ८ करोड १९ लाख प्राप्त गरेकोमा यो वर्ष रु. १० करोड १६ लाख प्राप्त गरेको छ।

१९६. **स्थिर सम्पति** - स्थिर सम्पतिको कुल परल मोल गत वर्ष रु. १२ अर्ब ४८ करोड ७८ लाख भएकोमा यस वर्ष रु.३१ करोड ७७ लाख थप र रु. १ करोड ८० लाख रकमको सम्पत्ति निसर्ग भई रु.१२ अर्ब ७८ करोड ७५ लाख कायम भएको देखिन्छ। सोमध्ये २०७५।७६ सम्मको कुल ह्रास कट्टी रु.९७ करोड १ लाख घटाउँदा र पुँजीगत निर्माण सम्पत्ति रु. १ करोड ७ लाख जोड्दा खुद सम्पति रु. ११ अर्ब ८२ करोड ८१ लाख कायम भएको देखिन्छ। बैङ्कले आयकर ऐन, २०५८ को अनुसूची २ को अधीनमा रही ह्रास खर्चको गणना गरेको हुँदा नेपाल लेखामानको पालना गरेको छैन।

१९७. **अन्तर कार्यालय हिसाब** - बैङ्कको एक शाखाले अर्को शाखाबाट सोधभर्ना गर्ने गरी रकम भुक्तानी गरेकोमा भुक्तानीको विवरण सम्बन्धित शाखामा नपठाएकाले अन्तरकार्यालय हिसाबमा फरक परेको देखिन्छ। डेबिटतर्फ २०६०।६१ देखि यस वर्षको अन्त्यसम्म रु. १२ अर्ब ३६ करोड ४९ लाख र क्रेडिटतर्फ रु. १४ अर्ब ८ करोड ९० लाख गरी क्रेडिट रु. १ अर्ब ७२ करोड ४१ लाख हिसाब भिडान गर्न बाँकी रहेको छ। समयमा नै हिसाब भिडान गर्नुपर्दछ।

१९८. **विप्रेषण -** बैङ्कले विभिन्न अन्तर्राष्ट्रिय विप्रेषण ब्रोकरहरुसंग सम्झौता गरी कार्य गर्दै आएकोमा २०७१।७२ देखि ६ ब्रोकरसंग कुनै कारोबार र हिसाब राफसाफ नभएकोले रु. १८ लाख ६ हजार मुल्तबीमा रहेको देखिन्छ। विप्रेषणको कारोबारको बाँकी रकम रु. ९ करोड ४१ लाखको मिलान नगरी विगत वर्षदेखि हिसाबमा देखाउँदै आएको छ। छानबिन गरी हिसाब मिलान गर्नु पर्दछ।

१९९. **शेयरको धितोमा कर्जा -** नेपाल राष्ट्र बैङ्क एकीकृत निर्देशिका नं.२ (१६) (५) बमोजिम, धितोपत्र विनिमय बजारमा सूचीकृत संस्थाहरुको शेयरको धितोमा कर्जा प्रदान गर्दा, अन्य कर्जा प्रदान गरे सरह अबलम्बन गर्नुपर्ने सम्पूर्ण प्रकृया पुरा गरेको हुनुपर्दछ। यस प्रकारको कर्जा अतिरिक्त सुरक्षण बिना नै तोकिएका कम्पनीहरुका साधारण शेयरहरुको धितोमा मात्र लगानी हुने र उक्त शेयरहरुको बजार मूल्यमा ह्रास आउन सक्ने, सम्बन्धित कम्पनी वा अन्य आधिकारिक निकायबाट सो शेयरको सूचीकरण रोक्का हुन सक्ने वा कम्पनी नै विघटन हुन सक्ने कारणले कर्जा जोखिमपूर्ण हुन सक्दछ । त्यस्ता शेयरको धितोमा प्रदान गर्ने कर्जा सम्बन्धमा ऋणीको तिर्न सक्ने क्षमताको बारेमा बैङ्कद्वारा विस्तृत वित्तीय मूल्याङ्कन गर्नुपर्दछ।

२००. **गैरबैङ्किङ्ग सम्पत्ति -** बैङ्कको हिसाबमा विगत वर्षका बैङ्किङ्ग सम्पत्ति रु. ११ करोड ३३ लाखमध्ये केही जग्गामा विवाद परेको कारण बैङ्कको नाममा हाल साविक नगरेको हुँदा बैङ्कले समयमा स्वामित्व यकिन गरी सम्पत्ति सुरक्षित गर्नुपर्ने देखिन्छ।

२०१. **सेवा प्रवाह -** यस वर्षसम्म बैङ्कको शाखा संख्या १६५ र कुल ग्राहक संख्या २८ लाख रहेको छ। बैङ्कले सूचना-प्रविधिमा आधारित डेबिट कार्ड, क्रेडिट कार्ड, स्मार्ट बैङ्किङ्ग र ग्रिन बैङ्किङ्ग सेवा लगायतका सेवा सञ्चालनमा ल्याएको भए तापनि कर्जा प्रवाह, सर्वसाधारणको रकमको सुरक्षा, तथा बैङ्किङ्ग सेवामा विविधता ल्याएको छैन। अन्य बैङ्कको तुलनामा स्थिर सम्पत्ति पर्याप्त मात्रामा रहेको भए तापनि उक्त सम्पत्तिलाई व्यावसायिक रुपमा प्रयोग गर्न नसकेको, सेवाग्राहीलाई दिने सेवामा आधुनिकतामा कमी रहेको, कर्जा लगानी तथा निक्षेप सङ्कलन कार्यमा स्पष्ट नीति लिन सकेको देखिँदैन।

## राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड - २०७५।७६

सर्वसाधारणलाई बैकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले २०२२ सालमा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ अन्तर्गत सञ्चालन हुँदै आएको छ। बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत शेयर स्वामित्व रहेको छ। बैङ्कको केन्द्रीय र शाखा कार्यालयहरु समेत २२७ कार्यालयमा २ हजार १०४ कर्मचारी कार्यरत छन्।

२०२. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** २०७६ आषाढ मसान्तमा बैङ्कको कुल निक्षेप रु. १ खर्ब ८९ अर्ब २६ करोड र कुल कर्जा रु. १ खर्ब ४६ अर्ब ५६ करोड रहेको छ। गत वर्ष रु. ३ अर्ब ८२ करोड नाफा भएकोमा यस वर्ष नाफा रु. ५ अर्ब २४ करोड रहेको छ । बैङ्कको प्रमुख वित्तीय परिसूचकको अनुपात देहायअनुसार रहेको छः

| क्र.स. | विवरण | सूचकाङ्क | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|---|---|
| १ | जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा | प्रतिशत | ३३.९५ | २५.९७ | ३०.४३ |
| २ | प्रति शेयर आम्दानी | रुपैया | ३२.३२ | ३०.२६ | ५६.०४ |
| ३ | निक्षेप र ऋण प्राप्तीको अनुपातमा ब्याज खर्च | प्रतिशत | १.२४ | १.७६ | २.५९ |
| ४ | ऋण लगानीको अनुपातमा प्राप्त ब्याज | प्रतिशत | ७.७८ | ९.२० | ८.९७ |
| ५ | सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च | प्रतिशत | ४६.९६ | ३१.४८ | ३०.५७ |
| ६ | कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा | प्रतिशत | १.६० | १.४२ | २.२३ |
| ७ | ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा | प्रतिशत | ३.७७ | ४.७५ | ४.५९ |

२०३. **शाखा हिसाब मिलान -** बैङ्कको वित्तीय कारोबारको अन्तरशाखा हिसाब मिलान हुन बाँकी रकम गत वर्षसम्म रु. १ अर्ब ६८ करोड ४८ लाख रहेकोमा यो वर्षको अन्तमा रु. ७७ करोड ३५ लाख देखिएको छ। वर्षौदेखि हिसाब मिलान हुन नसकी बाँकी रहेको रकमको आयुगत वर्गीकरण तथा चारित्रीकरण गरेको छैन। यसबाट बैङ्कको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ ।

२०४. **अन्य हिसाब मिलान -** पुराना पहिचान हुन नसकेका अन्य सम्पति/दायित्व, हिसाब मिलान नभएका बैङ्क ब्यालेन्स, पे-अर्डर, दाबी नपरेको दायित्व, असुलउपर गर्नुपर्ने कर्जा तथा सापटीमा नमिलेको हिसाब रु. १ अर्ब ५७ करोड ५८ लाख विगत वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको छ। यसबाट बैङ्कको सम्पत्ति, दायित्व, आय व्ययमा पर्नसक्ने असर यकिन गर्न नसकिएको हुँदा आवश्यक कारवाही हुनु पर्दछ।

२०५. **ब्याज असुली -** बैङ्कले प्रदान गरेको ऋण असुली गर्दा ब्याज बाँकी हुने तर साँवा सबै असुली हुने अवस्था रहनु हुँदैन। विगत वर्षदेखि नै बैङ्कको केही कर्जाको साँवा शून्य भइसक्दा पनि उक्त कर्जाको ब्याज रु. १ अर्ब १५ करोड ४७ लाख असुल गर्न बाँकी देखिन्छ। यसरी ब्याज बाँकी राखेर साँवा मात्र असुल गरी बैङ्कलाई नोक्सानी पुऱ्याउने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ। साथै यस्तो निर्णय गर्न कर्मचारीलाई कार्यवाही गर्नुपर्दछ।

२०६. **वित्तीय विवरण -** बैङ्कले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गरेको घोषणा गरेकोमा स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरिएको स्थितिमा अभिलेख बमोजिमको स्थिर सम्पत्ति भौतिक रुपमा रहे नरहेको यकिन गर्न नसकिएको, गैरबैंकिङ सम्पत्तिको रुपमा सकार गरेका घरजग्गा बैङ्कले हकभोग नगरेको, अन्तरशाखा हिसाब मिलान गर्न रु. ७७ करोड बाँकी रहेकोमा सम्पत्ति र दायित्वमा धेरै लामो समयदेखि तिर्नुपर्ने खुद रकम रु. १५ करोडको हिसाब मिलान नभएको, कर्जा असुल भएको हिसाब समायोजन गर्न बांकी रु. ३१ करोड रहेको, साँवा बाँकी शून्य भएपश्चात् पनि कर्जाअन्तर्गतका ब्याज बाँकी रु. १ अर्ब १५ करोडको हिसाब मिलान नगरिएको, पाकिसकेको मुद्दती निक्षेप जम्मा रु. ५४ करोड र अप्रमाणित निक्षेप रु. ३३ करोड गरी जम्मा रु ३ अर्ब २५ करोड दायित्वको हिसाब मिलान भएको छैन। पुराना पहिचान हुन नसकेका अन्य सम्पति/दायित्व, हिसाब मिलान नभएका बैङ्क मौज्दात, पेअर्डर, दाबी नपरेको दायित्व, असुलउपर गर्नुपर्ने कर्जा तथा सापटमा नमिलेको हिसाब विगत वर्षदेखि रु. १ अर्ब ५७ करोड ५८ लाख जिम्मेवारी सार्दै ल्याएको पाइयो। लेखामान बमोजिम रकम र विवरणको खुलासा गर्नुपर्दछ।

२०७. **जग्गाधनी प्रमाणपुर्जा -** नेपाल खाद्य संस्थानबाट खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनी १ आना ३ पैसा जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन। यसबारेमा विगत वर्षदेखि औंल्याउदै आएकोमा स्थिति यथावत छ।

२०८. **नीति निर्देशनको परिपालन -** नेपाल राष्ट्र बैङ्कबाट जारी एकीकृत निर्देशन, २०७५ अनुसार ऋण जोखिम अवधि गणना विद्युतीय सफ्टवेयरबाट गर्नुपर्नेमा म्यानुअल विधिबाट गर्ने गरेको, जोखिम व्यवस्थापन सम्बन्धी ऋण नतिर्ने ऋणीहरुलाई मार्गदर्शन बमोजिम कालोसूचीमा राख्नपर्नेमा सोअनुसार नराखिएको, जोखिममा आधारित प्रणालीको प्रयोग गरी ग्राहक पहिचान पद्धति कायम गर्ने व्यवस्था लागू नभएको, लाइसेन्स विनाको कम्प्युटर सफ्टवेयर प्रयोग भएको, विगत लामो समयदेखि खराब कर्जा अपलेखन गरिएका तथा कालोसूचीमा राखिएका कर्जाहरुको धरौटीको रुपमा रहेका सम्पत्तिलाई लिलामी तथा गैरबैङ्किग सम्पत्तिमा वर्गीकरण गरी धितो सकार नगरेको जस्ता अवस्था देखिएको हुँदा सुधार गर्नुपर्ने देखियो।

२०९. **आन्तरिक नियन्त्रण -** केन्द्रीय बैङ्कबाट कर्जा प्रवाहमा कर्जाको सदुपयोग अवस्था र व्यवसाय सञ्चालनको स्थलगत निरीक्षण नगरेको, बैङ्कको अधिकांश शाखाहरुले चालु पुँजीको लागि ऋण प्रवाह गर्दा ऋणीको

क्षमताको विश्लेषण गर्ने गरेको छैन। त्यस्तै गैरबैंकिङ्ग सम्पत्तिको मूल्याङ्कन गर्दा लेखा नीतिको समान रुपमा पालना नभएको, निक्षेप खाता ओभरड्रन हुने गरेको, वित्तीय विवरण अनुसार कर्मचारीहरुलाई रु. ५ करोड ३० लाख २ हजार पेस्की दिएकोमा समयमा फछ्र्यौट नगरेको, क्रेडिट ब्यालेन्स रहेका कर्जा तथा भाखा ननाघेका तर अवकाश भईसकेका कर्मचारीहरुको कर्जा रकम अपलेखन नगरेको र आर्थिक वर्षको खाताबन्दी गर्दा एकरुपता नभएको देखिन्छ। आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

२१०. **खराब कर्जा -** बैङ्कको कुल कर्जा रु. १ खर्ब ४६ अर्ब ५६ करोडमध्ये कमसल कर्जा रु. १ अर्ब ७७ करोड, शंकास्पद कर्जा रु. १ अर्ब ३५ करोड र खराब कर्जा रु. ३ अर्ब ९४ करोड रहेको छ। सो अनुसार खराब कर्जाको अनुपात ५ प्रतिशत रहेको छ। बैङ्कले नन्-पर्फमिङ ऋण र अपलेखन भएका कर्जा असुली गर्न विशेष समिति गठन गरी ठूला ऋणीहरुसँग नियमित सम्पर्क र सम्झौताका लागि वार्तालाप गर्ने गरिएको जनाए तापनि केही ऋणी सम्पर्कमा नआउने, उल्लेखित ठेगानामा पत्राचार गर्दा नपुग्ने, पत्र नबुझने, बैङ्कलाई आश्वासन दिने तर कार्यान्वयनमा ढिलाई गर्ने, केहीको हकमा अंशियारहरुबाट अंश मूद्दा परी अदालतबाट रोक्का आदेश आउने, केही ऋणीहरुले आंशिक रकम भुक्तानी गरी थप समय माग्ने गरेको लगायतका कारण रहेको जनाएको छ। ऋण सम्झौता र कानुनी प्रकृया अनुसार ऋण गुणस्तरीय कर्जा प्रवाह र असुलीमा जोडदिनु पर्दछ।

२११. **कर्जा असुली -** गत वर्षको कुल कर्जा रु. १ खर्ब २१ अर्ब ४६ करोड रहेकोमा यस वर्ष रु. १ खर्ब ४६ अर्ब ५६ करोड कर्जा लगानी भई रु. २५ अर्ब १० करोडले वृद्धि भएको छ। गत वर्षको ब्याज आम्दानी रु. १२ अर्ब ९ करोड रहेकोमा यस वर्ष रु. १४ अर्ब ९२ करोड भई ब्याज आम्दानी रु. २ अर्ब ८३ करोडले वृद्धि भएको छ। ब्याज खर्च गत वर्ष रु. २ अर्ब ९७ करोड रहेकोमा यो वर्ष रु. ४ अर्ब ९६ करोड भई ब्याज खर्च रु. १ अर्ब ९९ करोड वृद्धि भएको छ। त्यस्तै गत वर्ष खुद ब्याज आम्दानी रु. ९ अर्ब १२ करोड रहेको यस वर्ष रु. ९ अर्ब ९६ करोड भई खुद ब्याज आम्दानी रु. ८४ करोड थप भएको छ। साथै गैरबैङ्किङ्ग सम्पत्ति गत वर्ष रु. ५ करोड रहेको र यस वर्ष रु. ६ करोड रहेकोमा ३५ लाखको बिक्री भई १० करोड ६५ लाख बाँकी रहेको छ। कमसल धितो समयमा बिक्री नहुँदा गैह्र बैङ्किङ्ग सम्पत्तिमा वृद्धि भएको छ।

२१२. **सेवा प्रवाह -** बैङ्कले सेवा प्रवाहलाई सेवाग्राहीमैत्री, आधुनिक प्रविधिसहितको बैङ्किङ्ग सेवा, कर्जा लगानीमा सहज वातावरण, छिटो निर्णय, विश्वव्यापी पहुँचलगायतका कार्य गरी बैङ्किङ्ग क्षेत्रलाई विश्वसनीय र भरपर्दो सहयोगीको रुपमा विकास गर्नु पर्दछ। बैङ्कको सेवा प्रवाहमा कोषको लागत बढी हुने गरेको, कर्पोरेट ग्राहक आधार बलियो नरहेको, आधुनिक बैंकिङ्क प्रणाली अन्तर्राष्ट्रिय मापदण्डअनुसार नरहेको, निर्णयमा ढिलासुस्ती हुने गरेको, असल ग्राहक आधार र ग्राहकमैत्री सेवा उपलव्ध हुने नगरेको अवस्था छ। यी र यस्तै कार्यमा निजी क्षेत्रसंग प्रतिस्पर्धा गर्न सक्ने गरी सेवा प्रवाहमा थप प्रभावकारी बनाउनु पर्दछ।

## कृषि विकास बैङ्क - २०७५।७६

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले संस्थागत ऋण उपलब्ध गराउन २०२५ मा बैङ्कको स्थापना भई २०३० सालदेखि बैङ्किङ्ग सेवा प्रदान गर्दै आएको छ। बैङ्कमा नेपाल सरकारको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। बैङ्कको ६७ प्रतिशत लगानी ग्रामिण क्षेत्रमा रहेको छ। बैङ्कको केन्द्रीय र शाखा कार्यालयहरु समेत २७५ कार्यालयमा २ हजार ३०८ कर्मचारी कार्यरत रहेका छन्।

२१३. **सञ्चालन नतिजा -** बैङ्कले गत वर्ष रु. ६ अर्ब ९९ करोड खुद ब्याज आम्दानी गरेकोमा यो वर्ष रु. ७ अर्ब ६१ करोड गरेकोले ८.८६ प्रतिशतले वृद्धि भएको छ। बैङ्कको सञ्चालन मुनाफा गत वर्ष रु. ४ अर्ब ९४ करोड रहेकोमा यो वर्ष ८.०९ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ३४ करोड पुगेको छ । बैङ्कले गत

वर्ष रु. ३ अर्ब ६५ करोड खुद मुनाफा गरेकोमा यो वर्ष १४.७९ प्रतिशतले वृद्धि भई रु.४ अर्ब १९ करोड नाफा गरेको छ । बैङ्कको प्रमुख वित्तीय अनुपात देहाय बमोजिम रहेको छः

| क्र.सं | विवरण | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|---|
| १. | जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा प्रतिशत | १८.०८ | २३.७६ | २४.२५ |
| २. | प्रति शेयर आम्दानी | ३१.५९ | ३६.९१ | ४२.८८ |
| ३. | ऋण तथा सापटीमा ब्याज खर्च प्रतिशत | ४.४३ | ६.६६ | ६.६१ |
| ४. | ऋण लगानीमा ब्याज आम्दानी प्रतिशत | १२.५५ | १३.९३ | १३.८५ |
| ५. | सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च प्रतिशत | ३९.५३ | २८.८८ | २४.७२ |
| ६. | कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा प्रतिशत | २.१५ | २.७१ | २.७७ |
| ७. | जम्मा ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा प्रतिशत | ४.६० | ३.५० | ३.२९ |

बैङ्कको जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा प्रतिशत र प्रति शेयर आम्दानीको नतिजा सुधार हुनुमा कर्मचारी संख्या घटेकोले साधारण खर्चमा कमी आएको लगायतका कारण रहेको देखिन्छ। गत वर्ष निष्क्रिय कर्जा ३.५० प्रतिशत रहेकोमा यस वर्ष निष्क्रिय कर्जा ३.२९ प्रतिशत कायम रहेको छ। कर्जा असुली प्रक्रियालाई थप प्रभावकारी बनाई निष्क्रिय कर्जा अनुपात न्यून अवस्थामा ल्याउनु पर्दछ।

२१४. **स्थिर सम्पत्ति -** बैङ्कको स्थिर सम्पत्तिको ह्रास कट्टी पश्चातको मूल्य रु. १ अर्ब २६ करोड रहेको छ। स्थिर सम्पत्तिको शुरु मौज्दात, चालु वर्षमा गरिएका खरिद, चालु वर्षमा गरिएका निसर्ग र अन्तिम मौज्दातको उचित तवरले अभिलेख राखेको पाइएन। सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ।

२१५. **बोनस वितरण -** बैङ्कको बासलातमा कर्मचारी बोनस पेस्कीअन्तर्गत रु. २६ करोड ७३ लाख देखाएको छ। उक्त रकममध्ये बैङ्कले २०६७।६८ मा कर्मचारी बोनस रु. २५ करोड ९० लाख पेस्कीको रुपमा वितरण गरेको देखिएको छ। अर्थ मन्त्रालयको पूर्व स्वीकृतिबेगर पेस्कीको रुपमा वितरण गरिएको बोनस नियमित मान्न सकिएन।

२१६. **शाखा हिसाब मिलान -** बैङ्कले तोकिएको समयमा अन्तर शाखा हिसाब मिलान गरेर वित्तीय विवरण तयार गर्नुपर्नेमा यस वर्षको अन्त्यमा बैङ्कको अन्तर शाखा हिसाब रु. १ अर्ब ५१ करोड फरक देखिएको छ । फरक रकम यथाशीघ्र मिलान गर्नुपर्दछ ।

२१७. **सूचना प्रणाली -** बैङ्कले हाल सञ्चालनमा ल्याइरहेको बैङ्किङ्ग सफ्टवेयर टि-ट्वान्टी-फोर बैङ्कका सबै शाखामा सञ्चालनमा रहेको अवस्थामा पनि उक्त सफ्टवेयरले सबै शाखाको कारोबारलाई समेटी वित्तीय विवरण तयार गर्न सकेको छैन। बैङ्कले उक्त सफ्टवेयरमा भएका सबै विशेषता उपयोग गर्न सकेको छैन। बैङ्कले आफ्नो व्यवस्थापनको सूचना प्रणालीलाई प्रभावकारी तथा चुस्त बनाउनुपर्दछ।

२१८. **कर्जा असुली स्थिति -** गत वर्षको कुल कर्जा रु. ९८ अर्ब ५९ करोड रहेकोमा यस वर्ष रु. १ खर्ब १० अर्ब ४१ करोड भई कर्जा लगानी रु. ११ अर्ब ८२ करोडले वृद्धि भएको छ। गत वर्ष ब्याज आम्दानी रु. १३ अर्ब ९५ करोड रहेकोमा यस वर्ष रु. १५ अर्ब ४६ करोड भई ब्याज आम्दानी रु. १ अर्ब ५१ करोडले वृद्धि भएको छ। ब्याज खर्च गत वर्ष रु. ६ अर्ब ९६ करोड रहेकोमा यस वर्ष रु. ७ अर्ब ८६ करोड भई ब्याज खर्च रु.९० करोड वृद्धि भएको छ। त्यस्तै खुद ब्याज आम्दानी रु. ६ अर्ब ९८ करोड रहेको यस वर्ष रु. ७ अर्ब ६० करोड भई खुद ब्याज आम्दानी ६२ करोडले वृद्धि भएको छ। साथै गैह्र बैङ्किङ्ग सम्पत्ति गत वर्ष रु. २४ करोड रहेकोमा यस वर्ष रु. १ करोड थप भई रु. २५ करोड रहेको छ। कमसल धितो समयमा बिक्री नहुँदा गैरबैङ्किङ्ग सम्पत्तिमा वृद्धि भएको छ।

२१९. **कर्जा असुली -** बैङ्कले कर्जा असुली कार्यविधि, २०६८ र कर्जा असुली विनियमावली, २०६८ मा व्यवस्था भए बमोजिम कर्जा भुक्तानी गर्ने बारेको स्मरणपत्रहरु पठाउने, कर्जा भुक्तानी गर्न ताकेतापत्र पठाउने,

कर्जा भुक्तानी तथा लिलामीको सुचना प्रकाशित गर्ने, कालोसूचीमा नाम समावेश गरिदिने र ऋण असुली न्यायाधिकरणमा उजुरी दर्ता गर्ने कार्यहरु गरे तापनि खराब कर्जा अन्तर्गत रु. ५० लाख वा सोभन्दा बढीको खराब कर्जाको संख्या १५ रहेको र बाँकी रु. ५० लाखभन्दा कमका स-साना कर्जाहरु रहेको, सुरक्षण धितो लिलामी गर्दा अदालतबाट रोक्का आदेश प्राप्त हुने, व्यक्तिगत मुद्दा परी विचाराधीन रहने, ग्राहकको मृत्यु आदि कारणले असुलीमा ढिलाइ हुने गरेको छ। कर्जा असुली कार्य प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्दछ।

२२०. **सेवा प्रवाह** - बैङ्कले सेवा प्रवाहलाई सेवाग्राहीमैत्री, कृषकको सहज पहुँच, छिटोछरितो कर्जा प्रवाह, मोवाईल बैङ्किङ्ग सेवा, विद्युतीय प्रविधिमा आधारित भुक्तानी प्रणालीको विकासमा थप जोड दिनु पर्दछ। बैङ्कले कृषकलाई कर्जा प्रवाहमा सरलीकरण गर्नुपर्ने, सेवामा विविधीकरण गर्ने, सेवाग्राहीलाई बैङ्क काउण्टरमा नगद जम्मा तथा भुक्तानीका सेवामा सुधार गर्ने, अनलाइन सेवा प्रभावकारी बनाई बैङ्किङ्ग सेवा प्रदान गर्ने, बैङ्किङ्ग कार्यालयलाई अपाङ्ग, अशक्त तथा ज्येष्ठ नागिरकमैत्री बनाउने र यस्ता कार्यमा निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्ने गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ।

## बीमा समिति

विकसित स्वास्थ्य र पेशागत बीमा बजारको विकास गर्ने मूल उद्देश्य लिई बीमा व्यवसायलाई व्यवस्थित, विकसित, नियमित र नियन्त्रण गर्नका लागि एक स्वायत्त संस्थाको रुपमा बीमा ऐन, २०४९ अनुसार बीमा समितिको स्थापना भएको हो । हाल समितिले बीमा क्षेत्रमा नियमनकारी भूमिका निर्वाह गर्दै आएको छ ।

२२१. **निरीक्षण तथा निर्देशन** - बीमा ऐन, २०४९ को दफा ३९ मा समितिले बीमा लेख लिनेको हितको लागि वा अन्य कुनै मनासिब कारणले आवश्यकता अनुसार सोधपुछ वा जाँचवुझ गर्न सक्ने र बीमा नियमावली, २०४९ को दफा ३८ मा समितिले बीमकले गर्ने बीमा व्यवसायका सम्वन्धमा निरीक्षण गरी समय समयमा आवश्यक निर्देशन दिन सक्ने उल्लेख छ । यो वर्ष बीमा समितिबाट ९ बीमा कम्पनीको निरीक्षण भएको देखियो । नियम ३२(३) मा सर्भेयर नियुक्त गरेको १५ दिनभित्र सर्भे प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था भएकोमा ६६८ दिनसम्म ढिला गरी सर्भे प्रतिवेदन पेस गरेको, सर्वेयरले प्रतिवेदन पेस गरेको ३५ दिनभित्र दाबी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा ८३३ दिनसम्म ढिला गरी भुक्तानी गरेको र दाबी भुक्तानीको सहजताको लागि समयमै सर्वेयर प्रतिवेदन पेस हुने गरी नियुक्ति गर्नुपर्नेमा एउटै सर्वेयरबाट १४९ सर्भे प्रतिवेदन बुझाउन बाँकी रहेको जस्ता कमी कमजोरी रहेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । यस सम्बन्धमा बीमा समितिले कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

२२२. **बचत रकम** - समितिको आय व्यय विवरणअनुसार विगत ३ वर्षको आयबाट खर्च कटाउँदा २०७३।७४ मा रु.६५ करोड ७७ लाख (आयको ५८.१६ प्रतिशत), २०७४।७५ मा रु.६६ करोड ३७ लाख (आयको ६७.२२ प्रतिशत) र २०७५।७६ मा रु.१ अर्ब ३ करोड ८२ लाख (आयको ६८.६९ प्रतिशत) बचत रहेको छ । समितिको बचत रकम हालसम्म रु.४ अर्ब ५७ करोड ३८ लाख पुगेको छ । प्रतिवर्ष बचत रकम वृद्धि हुँदै गएकोले कानुनी व्यवस्था मिलाई उक्त रकम सञ्चितकोष दाखिला हुनुपर्ने देखिन्छ ।

२२३. **लगानीको प्रतिफल** - बीमा समितिबाट विभिन्न निकायमा लगानी भएको रकमलाई अभिलेख राखी व्यवस्थित गर्नुपर्दछ । समितिले २०६९।१।२७ मा एक बैङ्कको मुद्दती खातामा रु.३ करोड लगानी गरेकोमा उक्त लगानीको अभिलेख नराखेको तथा २०७४।७५ सम्मको वित्तीय विवरणमा समेत उक्त लगानी समावेश गरेको देखिएन । मुद्दती खातामा लगानी भएको उक्त रकम बैकले २०७०।१।२६ मा समितिको सोही शाखामा रहेको कलखातामा जम्मा गरेको देखिएको छ । समितिले उक्त रकम २०७६।६।३० मा मात्र पत्ता लगाएको भनी रु.१८ लाख २४ हजार ब्याजसमेत रु.३ करोड १८

लाख २४ हजार आम्दानी बाँधेको देखिन्छ । समितिले मुद्दती खातामा लगानी गरेको रकम परिपक्व भएपछि माग गर्नुपर्ने र सम्बन्धित कार्यालयले माग नगरे पनि बैङ्कले फिर्ता गर्नुपर्नेमा कलखातामा ट्रान्सफर गरी न्यूनतम ब्याज उपलब्ध गराएको कारण न्यूनतम त्रैमासिक ९ प्रतिशत ब्याजको आधार लिँदा ७६ महिनामा रु.२ करोड २३ लाख २५ हजार ब्याज गुमेको देखिन्छ । लगानी रकमको अभिलेख राखी वित्तीय विवरणमा समावेश नगर्ने समितिका कर्मचारी तथा मुद्दती खातामा लगानी भएको रकम परिपक्व भएपछि समितिलाई फिर्ता नगर्ने बैङ्कका कर्मचारीसमेतलाई जिम्मेवार बनाउनुपर्दछ ।

## नेपाल धितोपत्र बोर्ड

पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गर्नका निम्ति धितोपत्रको निष्काशन खरिद, बिक्री, वितरण तथा विनियमलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिको कामकारबाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि २०५९ मा बोर्डको स्थापना भएको हो ।

२२४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बोर्डमा २०७५।७६ को अन्तमा कोष तथा जगेडा रु.१ अर्ब ८ करोड ३७ लाख, चालु दायित्व तथा व्यवस्था रु.२१ करोड ७१ लाख, खुद स्थिर सम्पत्ति रु.२ करोड २९ लाख, लगानी रु.१ अर्ब ७ करोड ८१ लाख, चालु सम्पत्ति रु.१९ करोड ९८ लाख रहेको छ । सञ्चालन नाफा गत वर्ष रु.२९ करोड ६२ लाख रहेकोमा यो वर्ष रु.२५ करोड ९८ लाख रहेको छ ।

२२५. **अनुगमन, सुपरिवेक्षण र कार्यान्वयन -** धितोपत्रसम्बन्धी ऐन, २०६३ को परिच्छेद ८ अनुसार धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा दलालहरुको कार्य उपर बोर्डले नियमित रुपमा प्रभावकारी ढङ्गबाट नियमन, अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्नुपर्ने व्यवस्था छ ।

२२५.१ धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट नियमावली, २०७६ मा धितोपत्र दोस्रो बजार कारोबारको भुक्तानी सुनिश्चितताको लागि आवश्यक भुक्तानी सुनिश्चितता कोष स्थापना गर्ने व्यवस्था गरेकोमा कोष स्थापना भएको छैन । यस्तै धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ५(झ) र धितोपत्र बोर्ड सम्बन्धी नियामावली, २०६४ को नियम ३३ मा धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने व्यवस्था रहेकोमा धितोपत्र व्यवसायीको वर्गीकरण र स्तर कायम गरेको देखिएन । ऐनको दफा ७९ मा प्रतिनिधिबाहेक धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त प्रत्येक धितोपत्र व्यवसायीले आफूले गर्ने व्यवसायको बीमा गराउनुपर्ने व्यवस्था छ । बोर्डले यसका लागि बीमा समितिसँग समन्वय गरी बीमा गराउनुपर्दछ ।

२२५.२ धितोपत्र बोर्डमा सूचीकृत कम्पनीहरुले लेखा व्यवसायको नियमन गर्ने संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमानलाई अनुसरण गरी लेखा तयार गरे नगरेको र उक्त मानको पालना नहुँदा लगानीकर्ताको हित एवं धितोपत्र व्यवसायमा पर्ने असर सम्बन्धमा अनुगमन एवं निर्देशन गर्ने गरेको छैन ।

ऐन कानुनले तोकेका जिम्मेवारीको पालना एवं बोर्डले अनुगमन सुपरिवेक्षण गरी दिएका सुझावको अभिलेख राखी कार्यान्वयनको अनुगमन गर्नुपर्दछ ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन** - प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, समयमा ऋण तथा अनुदान शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, सञ्चितकोषको ढाँचाअनुसार विवरण नबनाएको, सञ्चितकोषको फरक रकमको हिसाब मिलान नगरेकोले यथार्थ हिसाब नदेखाएको, भन्सारतर्फ दरबन्दी फरक पारी घटी असुली गरेको व्यहोराबाट

राजस्व असुलीमा कमी भएको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानुनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, नपाउने क्रेडिट लिएको, समानुपातिक कट्टी नगरेको कारण मूल्य अभिवृद्धि कर क्रेडिट बढेको, आदि कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रुपमा बढ्न नसकेको जस्ता व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ १०४ निकायमा यो वर्ष रु.२५ अर्ब ३३ करोड ४६ लाख ७८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ अर्ब २६ करोड ७८ लाख ८५ हजार फछ्र्यौट गरेकोले रु.१९ अर्ब ६ करोड ६७ लाख ९३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.१२ करोड ८५ लाख १८ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था र समितितर्फ ४ निकायमा रु.४ करोड ८६ लाख १७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ४८ लाख ८४ हजार फछ्र्यौट भएकोले रु.३ करोड ३७ लाख ३३ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा औद्योगिक नीति, कानुन, मापदण्ड र नियमन, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, रुग्ण उद्योग, व्यावसायिक फर्म व्यवस्थापन, खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानुनी मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय व्यापार पारवहन तथा सोसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, उपक्षेत्रीय र बहुपक्षीय वार्ता, सन्धि सम्झौता कार्यान्वयन र नियमन, विदेशस्थित नियोगसँग समन्वय, वाणिज्यदूत, अन्तरप्रादेशिक व्यापारसम्बन्धी नीति, कानुनी सहजीकरण र नियमन, पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्थालगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ४५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ३६ सरकारी कार्यालयको निम्नानुसार रु.७ अर्ब ३९ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ३६ | ४४६४५ | २९ | २१७५२ | १४ | ३३११ | ७ | ४२५९ | ३६ | ७३९६७ |

यस मन्त्रालयमा विनियोजन भई रक्षा, भौतिक पूर्वाधार तथा यातायात, अर्थ र कृषि मन्त्रालयअन्तर्गतका निकायबाट खर्च भएको रु.८३ करोड ६३ लाख समावेश गरिएको छैन । प्रदेश सरकारबाट ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाको लागि निकासा तथा खर्च भएको रकम रु.११ करोड ५० लाख लेखापरीक्षण रकममा समावेश छ ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ९ संस्थाको रु.१२ अर्ब ५५ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्यक्रम संशोधन -** तोकिएका २३ दुर्गम जिल्लामा खाद्यान्न ढुवानी गर्न रु.४४ करोड र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात राख्न रु.४ करोड ४९ लाख ५६ हजार बजेट विनियोजन भएकोमा क्रमशः रु.४४ करोड ४८ लाख ४७ हजार र रु.५ करोड ९३ लाख २२ हजार खर्च गरेकोले रु.१ करोड ९२ लाख १३ हजार बढी खर्च भएको छ । कार्यक्रम संशोधन बेगर अन्य कार्यक्रमको बजेटबाट गरेको उक्त खर्च नियमसम्मत देखिएन । नियमविपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४. **वार्षिक कार्यक्रम र प्रगति -** मन्त्रालय र अन्तर्गत निकायको लागि यो वर्ष रु.७ अर्ब ५८ करोड ५९ लाख बजेट विनियोजन भएकोमा रु.५ अर्ब १३ लाख ७५ हजार खर्च भएको छ । यो वर्ष उद्योग क्षेत्रमा १ लाख ८१ हजार रोजगारी सिर्जना गर्ने, १६० ठुला, १०० मझौला र २० हजार घरेलु तथा साना उद्योग दर्ता गर्ने, १७ हजार लघु उद्यमीको स्तरोन्नति गर्ने, २३ हजार लघु उद्यमी सिर्जना गर्ने, २२ हजार कम्पनी दर्ता र ३ लाख ३७ हजार फर्म डिजिटाइजेसनमा ल्याउने लक्ष्य रहेकोमा सोको प्रगति उल्लेख भएको देखिएन ।त्यसैगरी ४ प्रदेशमा पेट्रोलियम पदार्थको भण्डार निर्माण गर्ने लक्ष्य रहेकोमा सो कार्य सम्पन्न भएको छैन । मन्त्रालयले कार्यसम्पादन प्रतिवेदन तयार गर्दा वार्षिक विकास कार्यक्रममा तोकिएका सबै सूचकको लक्ष्यसहितको प्रगति प्रतिवेदन तयार गरेको छैन । तोकिएका कार्य सम्पादन गरी लक्ष्यसहितको प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

५. **चौधौं योजना -** चौधौं योजना (२०७३।७४-७५।७६) मा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.४ प्रतिशत रहने, औद्योगिक लगानीको वृद्धि दर ८.२ प्रतिशत हुने, उत्पादनमूलक उद्योगमा

निजी क्षेत्रको लगानी रु.२ खर्ब ७७ अर्ब पुग्ने, २ सय ७५ ठूला उद्योग, २ सय ७५ मझौला उद्योग, ६० हजार घरेलु तथा साना उद्योग दर्ता गर्ने, ५७ हजार लघु उद्यमीको स्तरोन्नति गर्ने, ६३ हजार लघु उद्यमी सिर्जना गर्ने लगायतका ३६ सूचक उल्लेख गरी लक्ष्य तोकिएकोमा सोको प्रगति विवरण तयार गरेको छैन । प्रगति विवरण तयार गरी घटी प्रगति भएको क्षेत्रमा सुधार गर्नुपर्दछ ।

६. **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्य २०७५।७६ मा कबोल गरेको अवधिभित्र उत्पादन शुरु गर्ने उत्पादनमूलक उद्योगलाई कर सहुलियत दिइने उल्लेख भएकोमा उक्त कार्य हुन सकेको छैन । प्रत्येक प्रदेशमा २०/२० उद्योगग्रामको पूर्वाधार विकास गर्न विस्तृत अध्ययन प्रतिवेदन तयारीको लागि रु.२१ लाख र उद्योग ग्राम स्थापनाका लागि रु.४८ करोड २१ लाख बजेट व्यवस्था भएकोमा सो कार्य भएको देखिएन । निजी क्षेत्रको सहभागितामा सम्भाव्य देखिएका खनिज र बहुमूल्य धातुहरुको अन्वेषण, उत्खनन् तथा प्रशोधन गर्ने उल्लेख भएकोमा खानी उत्खननमा चूनढुङ्गाको हिस्सा ९२ प्रतिशतभन्दा बढी रहेको छ । महिला उद्यमशीलता विकास गरी परियोजनामा आधारित रु.१५ लाखसम्मको सामूहिक ऋणमा ६ प्रतिशत ब्याज अनुदानको व्यवस्था गर्ने उल्लेख भएकोमा राष्ट्रिय वाणिज्य बैङ्कलाई रु.६ करोड ५१लाख ३१ हजार उपलब्ध गराएकोमा उद्योगको स्थापना तथा सञ्चालन सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन भएको देखिएन ।

प्रत्येक स्थानीय तहमा सहकारी संस्थाहरुमार्फत् सुपथ मूल्यमा आधारभूत खाद्यान्न प्राप्त गर्ने व्यवस्थाको लागि यस वर्ष रु.४ करोड उपलब्ध गराएकोमा रु.२ लाख ४ हजारमात्र खर्च भएको छ । सबै प्रकारका वस्तु तथा सेवाको एकाधिकार र मूल्य मिलेमतोको अन्त्य गर्न, स्थानीय तहको सहकार्यमा बजार अनुगमनलाई नियमित गर्न तथा प्रभावकारी बनाउन यो वर्ष ७ हजार पटक द्रुत एवं सघन अनुगमन गर्ने लक्ष्य रहेकोमा १ हजार ६६१ पटकमात्र अनुगमन भएकोले २३.७२ प्रतिशतमात्र प्रगति भएको छ ।

७. **प्राविधिक सहायताको लेखापरीक्षण -** बजेट वक्तव्य २०७५।७६ मा मन्त्रालय अन्तर्गत व्यापार तथा निजी क्षेत्र विकासको लागि युरोपियन युनियनबाट २० लाख र नेपाल भारत क्षेत्रीय व्यापार आयोजनाको लागि विश्व बैङ्कबाट अमेरिकी डलर ७ लाख ५० हजार प्राविधिक सहायता उपलब्ध हुने उल्लेख भएकोमा सोको आर्थिक विवरण र खर्चको स्रेस्ता लेखापरीक्षणमा पेस भएन । सबै सहायता रकमको आर्थिक विवरण उपलब्ध गराई लेखापरीक्षण गराउनुपर्दछ ।

८. **आयात निर्यात स्थिति -** चौधौं योजनामा व्यापार तथा निकासी सम्बन्धमा आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत् प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्ने, तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्ने उद्देश्य रहेको छ । यी उद्देश्य पूरा गर्न निर्यातजन्य क्षमताको सुदृढीकरण गरी अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य र कम आयतन भएका वस्तु र सेवाहरूको निकासी बढाउने कार्यनीति तयार गरी यस आर्थिक वर्षमा रु.१ खर्ब ४० अर्ब निकासी गर्ने, कुल गार्हस्थ्य उत्पादनमा निकासीको अनुपात ३.४ रहने, निर्यात आयात अनुपात १:८.६ रहने र कुल गार्हस्थ्य उत्पादनमा व्यापार घाटा ३० प्रतिशत रहने अनुमान गरिएको छ । प्राप्त विवरणअनुसार विगत ३ वर्षको आयात निर्यातको अवस्था देहायबमोजिम छः

(रु. अर्बमा)

| आर्थिक वर्ष | निर्यात | आयात | कुल वैदेशिक व्यापार | व्यापार घाटा | अनुपात |
|---|---|---|---|---|---|
| २०७३।७४ | ७३.१३ | ९८५.९५ | १,०५९.०८ | ९१२.८३ | १:१६.२ |
| २०७४।७५ | ८१.३३ | १,२४५.१९ | १,३२६.५२ | १,१६३.८६ | १:१३.९ |
| २०७५।७६ | ९७.११ | १,४१८.५६ | १,५१५.६७ | १,३२१.४५ | १:१४.६ |

उपर्युक्त विवरणबाट निर्याततर्फ सामान्य रुपमा सुधार भएको देखिए पनि आयातमा भएको वृद्धिले आयात निर्यात अनुपात १:१४.६ पुगेको छ ।

८.१ गत विगत वर्षमा निर्यात नभएको पाम आयल यो वर्ष रु.१० अर्ब ३३ लाखको निर्यात भएको छ । यो कुल निर्यातको १०.६३ प्रतिशत हो । गत वर्ष अदुवाको निर्यातमा २१७.३८ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ३३ प्रतिशतले घटेको छ । त्यस्तै मासु ५५.९, छाला ३७.९, जुत्ता २६.९, रोजिन एण्ड एसिड १३.३, उनी तथा पश्मिना सल १६.१, अलैंची ११.७ प्रतिशतले निर्यात घटेको छ भने चाउचाउ ३८.९, मुसुरोको दाल २६.९, फेल्ट २५.५ र हस्तकलाका सामान १६.४ प्रतिशतले निर्यात वृद्धि भएको छ । निर्यातमा वृद्धि भएका सामानको निर्यात परिमाण अत्यन्त न्यून भएकोले कुल निर्यातमा यसको प्रभाव न्यून देखिएको छ ।

८.२ आयाततर्फ यस वर्ष पामको कच्चातेल १५१.७, तयारी पोशाक ९८.२, कपास ६८.१, रसायन १३.९१, सेन्थेटिक यार्न ३९.५, विद्युतीय उपकरण ३६, फलाम तथा फलामका उत्पादनमा २५.२ प्रतिशतले वृद्धि भएको छ भने सिमेन्ट क्लिङ्कर ६१.३, भटमासको कच्चा तेल १०.६, दूरसञ्चारका सामान ७.७ प्रतिशतले आयात घटेको छ । सिमेन्ट क्लिङ्करको आयात घटेको भए पनि तयारी सिमेन्टको आयातमा भएको वृद्धिले सिमेन्टमा पूर्णरुपमा आत्म निर्भर बन्न सकेको देखिएन ।

९. **खाद्यान्न ढुवानी अनुदान -** यस वर्ष दुर्गम क्षेत्रमा चामल ढुवानी, राष्ट्रिय खाद्य सुरक्षा भण्डार व्यवस्था, सार्क खाद्य सुरक्षा भण्डार व्यवस्थालगायतका कार्यको लागि नेपाल खाद्य सस्थानलाई रु.५७ करोड ६० लाख बजेट निकासा भएकोमा रु.५३ करोड ५७ लाख २३ हजार खर्च भएको छ । प्रत्येक स्थानीय तहमा सहकारी संस्थाहरुमार्फत सुपथ मूल्यमा उपभोग्य वस्तुको थोक मूल्य पसलको व्यवस्था गरी ५० हजार क्विन्टल चामल उपलब्ध गराउने लक्ष्य रहेकोमा रु.२ लाख ३ हजार खर्च गरी ५९२ क्विन्टलमात्र उपलब्ध गराएको छ । राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २ लाख ५० हजार क्विन्टल चामल मौज्दात राख्ने लक्ष्य रहेकोमा १ लाख ७५६ क्विन्टल मौज्दात रहेको छ । सार्क खाद्य सुरक्षा भण्डारमा ३ लाख ३० हजार क्विन्टल चामल मौज्दात राख्ने लक्ष्य रहेकोमा १ लाख ८० हजार ७५६ क्विन्टलमात्र मौज्दात राखेको छ । तोकिएको लक्ष्यअनुसार प्रगति हासिल हुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

१०. **सशर्त अनुदान -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा संघ, संस्था र संस्थानलाई दिएको अनुदान रकमको आय व्ययको विवरण, प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदनसमेत लिई अनुगमन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले नेपाल औषधि लिमिटेडलाई हेमोडाइलासिस युनिट पुनः सञ्चालन गर्न रु.१ करोड ६० लाख, हेटौंडा सिमेन्ट उद्योगलाई विभिन्न मेसिनरी उपकरण जडान गर्न रु.१ करोड, दक्षिणकाली नगरपालिकालाई फूटवेयर जोन निर्माण गर्न रु.३ करोडसमेत रु.५ करोड ६० लाख सशर्त अनुदान दिएकोमा नियमावलीअनुसार आय व्यय विवरण, प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरी तोकिएको कार्यमा खर्च भएको सुनिश्चित गर्नुपर्दछ ।

## उद्योग विभाग

११. **नगद प्रोत्साहन अनुदान -** उत्पादित वस्तु र सेवा तेस्रो मुलुक निर्यात गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्न नगद प्रोत्साहन कार्यविधि, २०७० को दफा ४ मा अर्थ मन्त्रालयले आवश्यक रकम समय समयमा अग्रिम रुपमा नेपाल राष्ट्र बैङ्कको खातामा जम्मा गर्ने व्यवस्था छ । उक्त खातामा गत वर्षको बाँकी रु.१२ करोड ३५ लाख ३३ हजारसमेत रु.७२ करोड २ लाख ६० हजार जम्मा भएकोमा २०७६।३।१६ सम्म निर्यातकर्ता फर्मलाई रु.३५ करोड १८ लाख ६२ हजार प्रोत्साहन रकम वितरण गरी रु.३६ करोड ८३ लाख ९७ हजार मौज्दात रहेको देखिँदा उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

निकासीमा प्रोत्साहन अनुदान दिएका वस्तुहरुमध्ये ऊनी गलैंचा ४ प्रतिशत, तयारी पोशाक ६.२, जडीबुटी २७, फेल्ट २५.५, मुसुरोको दाल २७ र हस्तकलाका सामान १६.४ प्रतिशतले वृद्धि भएको छ ।

अनुदान दिएका वस्तुको निर्यातमा केही वृद्धि भए पनि निर्यात वृद्धिमा उल्लेख्य योगदान हुन सकेको देखिएन । ठूलो परिमाणमा निर्यात हुन सक्ने वस्तुको पहिचान गरी निर्यात बढाउन उपयुक्त नीतिको तर्जुमा गर्नुपर्दछ ।

१२. **वैदेशिक लगानी** - वैदेशिक लगानी नीति, २०७१ को बुँदा नम्बर ११.४.१ र ११.४.३ मा प्रचलित कानुनले दिएको सीमा र अधिकार क्षेत्रअन्तर्गत रही विदेशी तथा संयुक्त लगानीका उद्योग व्यवसायको दर्ता, प्रशासन एवं सुविधा, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको स्वीकृति र अभिलेखसम्बन्धी कार्यहरु गर्ने, विदेशी लगानीकर्तालाई विदेशी मुद्रासम्बन्धी काममा नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी सहजीकरण गर्ने जिम्मेवारी यस विभागमा रहेको छ । आर्थिक वर्ष २०७४।७५ सम्म विभिन्न प्रकारका ४ हजार ४९७ लगानी आयोजना स्वीकृत भएकोमा आर्थिक वर्ष २०७५।७६ मा थप ३४३ विदेशी लगानी स्वीकृत भई विदेशी लगानी आयोजनाको कुल स्वीकृत संख्या ४ हजार ८२२ पुगेको छ । हालसम्म ४ हजार ८२२ आयोजनाका लागि रु.२ खर्ब ९३ अर्ब ७ करोड ६६ लाख वैदेशिक लगानी स्वीकृत भएको र यसबाट २ लाख ५८ हजार १२५ व्यक्ति रोजगार हुने प्रस्ताव गरिएकोमा सञ्चालनमा आएका आयोजना, वास्तविक लगानी र रोजगारीको सम्बन्धी अभिलेख राखेको देखिएन । स्वीकृत वैदेशिक लगानीमध्ये वास्तविक लगानी, उत्पादन तथा रोजगारी सम्बन्धमा तथ्याङ्क अद्यावधिक गरी अभिलेख राख्नुपर्दछ ।

## खानी तथा भूगर्भ विभाग

१३. **खानी उत्खनन् व्यवस्था** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ मा खानी खोजतलास तथा उत्खननको अनुमतिपत्र, बढाबढ, न्यूनतम रकम, रोयल्टी दस्तुर, धरौटी, जरिवानालगायतका व्यवस्था छन् । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्ः

१३.१ नियमावलीको नियम २४(३) मा खोजतलास कार्य गर्दा लागेको प्रत्यक्ष खर्चको वर्तमान मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य कायम गर्ने र उपनियम ५ बमोजिम प्रस्ताव पेस गर्दा उपनियम (३) बमोजिमको न्यूनतम मूल्यको २ प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था छ । विभागबाट खानीको खोजतलास गर्दा खर्च भएको लागतलाई न्यूनतम कबोल रकम कायम गरेकोमा बढाबढ हुँदा प्रस्ताव भएको रकम र न्यूनतम बढाबढ रकममा ठूलो अन्तर रहेको देखियो । यससम्बन्धी केही उदाहरण देहायबमोजिम छन्ः

(रु. हजारमा)

| क्र.सं. | खानीको विवरण | न्यूनतम कबोल रकम | बढाबढ कबोल रकम |
|---|---|---|---|
| १. | लाखापाटा चूनढुङ्गा खानी, सुर्खेत (खानी उत्खनन्) | २६,६२ | १४,८८,८९ |
| २. | लावाङ्ग-खैराङ, मकवानपुर (खानी खोजतलास) | ३२,०० | २,१९,०० |
| ३. | पानी खर्क, मकवानपुर (चूनढुङ्गा खोजतलास) | ७,०० | ६०,००,०० |
| ४. | कैलास चूनढुङ्गा, धादिङ (चूनढुङ्गा, खोजतलास) | ७,०० | ६,२०,०० |
| ५. | केपछाकी, झापा (चूनढुङ्गा अन्वेषण) | ५,६० | १,०१,०० |

खानी खोजतलासको लागि विभागीय खर्चको आधारमा न्यूनतम रकम कायम गरेकोले न्यूनतम रकम र प्रस्ताव रकमबीच अत्यधिक अन्तर देखिएको छ । खोजतलासमा भएको खर्चको २ प्रतिशतले धरौटी माग गर्दा अत्यधिक रकम प्रस्ताव गरेका प्रस्तावकर्ताले सम्झौता गर्न नआएमा न्यून धरौटी जफत हुने अवस्था छ । यसबाट प्रस्तावकहरुबीच मिलेमतो भएमा सरकारलाई आर्थिक क्षति हुने अवस्था देखियो । प्रस्तावकर्ताले खानीको परिमाण, महत्व र बजार स्थिति समेतको आधारमा प्रस्ताव पेस गर्ने भएकोले सो समेत आधार लिई न्यूनतम मूल्य कायम गरी धरौटी लिन नियमावलीमा सुधार गर्नु पर्ने देखिन्छ ।

१३.२ सुर्खेत जिल्लाको बराहताल गाउँपालिकामा चूनढुङ्गा खनिजको उत्खनन् कार्यका लागि छनौट भएका एक प्रस्तावदाताको रु.१४ करोड ८८ लाख ८९ हजारको प्रस्ताव स्वीकृत भएकोमा प्रस्तावदाता सम्झौता गर्न नआएको व्यहोरा जनाई दोस्रो बढी कबोल गर्ने प्रस्तावदाताको रु.७ करोड ११ लाख ११ हजारको प्रस्ताव स्वीकृत गरी सम्झौता गरेको र प्रस्ताव स्वीकृत भई सम्झौता गर्न नआउने प्रस्तावदातालाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गरेकोमा कालोसूचीमा राखेको जानकारी प्राप्त भएको छैन ।

१३.३ नियमावलीको नियम २१(३) मा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएको म्यादभित्र रोयल्टी बापतको रकम दाखिला नगरेमा सो म्याद समाप्त भएको मितिले तीन महिनासम्म बुझाउनुपर्ने रोयल्टी रकमको दश प्रतिशत, छ महिनासम्म बीस प्रतिशत र एक वर्षसम्म तीस प्रतिशतका दरले अतिरिक्त रकम रोयल्टीमा थप गरी बुझाउनुपर्ने उल्लेख छ । खानी उत्खननको जिम्मेवारी पाएको कम्पनीले कबोल गरेको रु.७ करोड ११ लाख ११ हजारमध्ये रु.३ करोड ५५ लाख ५५ हजार सम्झौता गर्दाका बखत र बाँकी रकम एक वर्षभित्र बुझाउने गरी २०७५।५।१२ मा सम्झौता भएकोमा बाँकी रकम दाखिला नभएकोले नियमानुसार हजार्नासहित असुल हुनुपर्दछ ।

१४. **खनिज पदार्थ उत्खनन् -** विभागले प्राप्त गरेको रोयल्टी विश्लेषण गर्दा कुल खानी उत्खनन् रोयल्टी रु.७६ करोड ८३ लाख ३० हजारमध्ये चूनढुङ्गाबाट रु.७० करोड ८२ लाख २७ हजार, कोइलाबाट रु.३८ लाख २२ हजार, फलाम रु.२७ लाख ६० हजार, खरी रु.५२ लाख ४ हजार र क्वारजाइटबाट रु.४३ लाख ७५ हजार प्राप्त भएको छ । सो बाहेक अन्य धातुहरु म्याग्नेसाइटबाट, तामा, मार्बल, निर्वाणमुखी, टुर्नामाईट, डोलमाईट, सिसा, रातोमाटोलगायतका पदार्थको उत्खनन् रोयल्टी रु.४ करोड ३९ लाख ४२ हजार रहेकोले कुल रोयल्टी आम्दानीमा चूनढुङ्गाको रोयल्टीको हिस्सा ९२.१७ प्रतिशत रहेको छ । बहुमूल्य धातुको अन्वेषण तथा उत्खनन् सन्तोषप्रद नदेखिएकोले यसको अन्वेषण तथा उत्खनन् गर्नेतर्फ विभागले ध्यान दिनुपर्ने देखिएको छ ।

## नेपाल गुणस्तर तथा नापतौल विभाग

१५. **कार्यक्रम स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा तालुक निकायबाट कार्यक्रम स्वीकृत गराएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । विभागले तालुक निकायबाट कार्यक्रम स्वीकृत नगरी राष्ट्रिय ओजोन इकाईतर्फ तलब, भ्रमण खर्च, बैठक भत्ता, तालिम गोष्ठी, अध्ययन अनुसन्धान, कार्यालय सञ्चालन लगायतका कार्यमा रु.५८ लाख ८६ हजार खर्च गरेको देखियो । उक्त बजेट राष्ट्रसंघीय ओजोन कार्यक्रमको भएकोले उक्त संस्थाबाट कार्यक्रम स्वीकृत गराई खर्च गरेको विभागको भनाइ रहेको छ । विदेशी राष्ट्र वा संस्थाबाट अनुदान प्राप्त गर्दा तालुक निकायबाट कार्यक्रम स्वीकृत गराएर मात्र खर्च गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा सुधार भएको देखिएन ।

१६. **उद्योग तथा बजार अनुगमन -** नेपाल गुणस्तर (प्रमाण चिन्ह) निर्धारण चिन्ह ऐन, २०३७ को दफा १० बमोजिम जनस्वास्थ्य र जन सुरक्षासम्बन्धी पदार्थको गुणस्तर तोक्न सक्ने व्यवस्थाअनुसार तोकिएको पदार्थ वा प्रक्रियामा निर्धारित गुणस्तर नभएको वा कसैले त्यस्तो पदार्थ वा प्रक्रिया चिन्ह नलगाई प्रयोगमा ल्याएमा त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजायँ हुन सक्ने व्यवस्था छ । विभागले यो वर्ष सिमेन्ट, छड, पाइप, बिजुलीतार, जी.आई.तार, इनामेललगायत ५८५ नमूना परीक्षण गरेकोमा ६५ नमूनामा तोकिएबमोजिमको गुणस्तर नभएकोले २ मुद्दा दायर गरिएको, १६ को इजाजत स्थगन तथा रद्द गरिएको, १९ को बिक्री रोक्का गरी बजारमा भएको उत्पादन फिर्ता गराएको, स्पष्टीकरण मागिएको लगायतका कारबाही गरेको उल्लेख छ । त्यस्तै दुई कम्पनीले नेपाल गुणस्तर

चिन्ह बेगर जी.आई. तार उत्पादन तथा बिक्री गरेको उल्लेख छ । नेपाल गुणस्तर चिन्ह प्राप्त वस्तुको संख्याको आधारमा अनुगमन तथा निरीक्षणको दायरा बढाई वस्तुको गुणस्तर कायम गर्नुपर्दछ ।

## कम्पनी रजिष्ट्रारको कार्यालय

१७. **सेवा प्रवाह -** कम्पनी रजिष्ट्रारको कार्यालयमा ५७ जनाको दरबन्दी रहेकोमा ४३ मात्र पदपूर्ति भएको छ । कार्यालयले कम्पनी दर्ता, परिवर्तन तथा खारेजीसम्बन्धी कार्यतर्फ यो वर्ष पब्लिक लिमिटेड कम्पनी दर्ता ६६, प्राईभेट लिमिटेड दर्ता २४ हजार ७६६, मुनाफा वितरण नगर्ने कम्पनी दर्ता ५८२, विदेशी कम्पनी दर्ता ४८, कम्पनी खारेजी ९५, कम्पनी गाभ्ने कार्य ३०, नाम परिवर्तन १ हजार २३४, ठेगाना परिवर्तन ३ हजार ७७२, शेयर खरिद बिक्री ८ हजार ६८५, एकलबाट बहुल लाने ५८९, पुँजी वृद्धि तथा पुँजी संरचना परिवर्तन २ हजार ७२०, उद्देश्य परिवर्तन १ हजार ८१२ र प्रबन्धपत्र वा नियमावलीको दफा संशोधन २ हजार ८३६ गरेको देखिन्छ । कम्पनी दर्तालगायतका कार्य सम्पादन एकै कार्यालयबाट भइरहेकोमा हाल प्रदेश नं. १ र ५ मा कार्यालय स्थापना भएको छ ।

१८. **अभिलेख व्यवस्थापन -** कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीहरुले प्रबन्धपत्र वा नियमावलीमा भएको संशोधन, शेयरको अभिलेख, कम्पनीको स्थिति, आर्थिक प्रतिवेदन, लेखापरीक्षक नियुक्ति आदि व्यहोरा परिवर्तन भएमा सोको विवरण कम्पनी रजिष्ट्रारको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत यो वर्ष २ लाख १६ हजार ८०२ कम्पनीको संख्या रहेको छ । कार्यालयले विवरण पेस नगरेका र अनलाईनमा विवरण पेस गरेका तर कारबाही टुङ्गो लगाउन बाँकी रहेका कम्पनीको संख्या यकिन गरेको छैन । विवरण अद्यावधिक नगराउने कम्पनीले प्रत्येक वर्ष न्यूनतम रु.५ हजारदेखि रु.२० हजारसम्म जरिवाना तिर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट कम्पनी ऐनबमोजिम विवरण पेस गरेका कम्पनीको कारबाही टुङ्गो लगाउनुपर्ने र पेस नगर्ने तथा सञ्चालनमा नरहेका कम्पनी खारेज गर्न प्रक्रिया शुरु गर्न अनुगमन कार्य प्रभावकारी बनाउनुपर्दछ ।

## ग्रामीण उद्यम तथा विप्रेषण आयोजना

१९. **कार्यक्रम सञ्चालन -** स्वीकृत कार्यक्रममध्ये साना कृषकका लागि क्लष्टर, भ्रमण तथा जागरण यात्रा, गरिबी पहिचानको लागि आधार सर्वेक्षण, समुदायका लागि वित्तीय व्यावसायिक साक्षरता कक्षा, विद्यालयस्तरीय वित्तीय साक्षरता कक्षा, विद्यालयस्तरीय वित्तीय साक्षरता गोष्ठी, क्षेत्रगत विकास सहयोग कोष, स्वयं लेखा जोखा गोष्ठी, आप्रवासन स्रोत केन्द्र सबलीकरण सहयोग कार्यक्रम, सामाजिक परामर्शकर्ता र उत्पीडित घरधुरीको लागि लैंगिक कार्य सिकाइसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम, क्लष्टर तथा वडास्तरमा आयोजना हुने अभिमुखीकरण गोष्ठी, बहुसरोकारवालासँगको गोष्ठी र औद्योगिक प्रशिक्षार्थी तालिमका माध्यमबाट दक्ष जनशक्ति विकासलगायतका कार्यक्रममा रु.११ करोड ५१ लाख ९० हजार विनियोजन भएकोमा उल्लेखित कार्यक्रम कार्यान्वयन गरेको देखिएन । स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यक्रम कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ ।

२०. **परामर्श खर्च -** आयोजनाको यस वर्षको कुल खर्च रु.११ करोड ५० लाख १३ हजारमध्ये कर्मचारीको पारिश्रमिक, परामर्शदाताको पारिश्रमिक तथा कार्यालयको विभिन्न प्रशासनिक खर्चमा रु.४ करोड ६२ लाख ९२ हजार, प्राविधिक सहयोग बापत हेल्भेटासलाई रु.१ करोड २६ लाख ६५ हजार, सहयोगी संस्था कृषि उद्यम केन्द्रका परामर्शदाता तथा विज्ञको पारिश्रमिकमा रु.२ करोड १३ लाख ८४ हजारसमेत रु.८ करोड ३ लाख ४१ हजार (६९.८४ प्रतिशत) र सीप विकास तालिम, विभिन्न कार्यक्रम सञ्चालन तथा सहयोगी संस्थाअन्तर्गतका स्थानीय तहलाई अनुदानसमेतमा रु.३ करोड ४६ लाख ७२ हजार (३०.१६ प्रतिशत) खर्च भएको छ । समग्र खर्चमध्ये प्रशासनिक र परामर्शदाताको पारिश्रमिक तर्फ ६९.८४

प्रतिशत खर्च भएको देखियो । स्वीकृत कार्यक्रममा तोकिएका महत्वपूर्ण कार्यहरु सम्पादन नभएको सन्दर्भमा परामर्श तथा प्रशासनिक कार्यमा ६९.८४ प्रतिशत खर्च हुनुले परामर्श खर्च मितव्ययी तथा प्रभावकारी रहेको पाइएन ।

## विशेष आर्थिक क्षेत्र प्राधिकरण

२१. **सञ्चालन स्थिति -** दीर्घकालीन तथा बहुवर्षीय योजनाको लक्ष्य तथा प्रगतिको अभिलेख राख्न तथा प्रतिवेदन गर्न योजनाको समष्टिगत लक्ष्य, गत वर्षसम्मको खर्च, यस वर्षको लक्ष्य, यस वर्षको प्रगति र हालसम्मको प्रगति आदि सूचना खुल्ने प्रगति प्रतिवेदन तयार नगरेकोले विशेष आर्थिक क्षेत्रहरु को समष्टिगत प्रगति स्थिति र हालसम्मको खर्च खुल्ने अवस्था छैन । चालु आवधिक योजनामा भैरहवा, सिमरा लगायतका स्थानमा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने लक्ष्य रहेकोमा भैरहवा विशेष आर्थिक क्षेत्रको निर्माण कार्य सम्पन्न भएको तथा ४ उद्योग स्थापना भई ३ उद्योगले उत्पादन प्रारम्भ गरेको विवरण प्राप्त भएको छ । सिमरा विशेष आर्थिक क्षेत्रको निर्माण कार्य सम्पन्न नभएको तथा पाँचखालमा प्रशासनिक भवनको निर्माण कार्य प्रारम्भ भए पनि विशेष आर्थिक क्षेत्रको निर्माण कार्य प्रारम्भ हुन सकेको छैन । विशेष आर्थिक क्षेत्र स्थापना गर्ने कार्य २०५८।५९ देखि शुरु भए तापनि कार्य प्रगति सन्तोषजनक देखिएन ।

२२. **मूल्य समायोजन -** निर्माण व्यवसायीसँग भएको सम्झौतामा ट्रान्सपोर्ट, भेहिकल एण्ड मेसिनरी आइटमको मूल्य सूचकाङ्कमा हुने परिवर्तनको आधारमा मूल्य समायोजन गर्ने उल्लेख छ । सम्झौतामा उक्त व्यवस्था भए तापनि प्राधिकरणले २०१८ को जुलाई/अगष्ट (२०७५ श्रावण) पश्चात् नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित सूचकाङ्कमा उक्त आइटम नभएकोले ट्रान्सपोर्ट, इक्विपमेन्ट एण्ड पार्टस आईटमको मूल्य सूचकाङ्कको आधारमा भवन र सडकका ३ निर्माण व्यवसायीलाई यस वर्ष रु.५ करोड ५७ लाख ८७ हजार मूल्य वृद्धि भुक्तानी दिएको छ । सम्झौतामा उल्लेखित आईटमसँग मिल्ने गरी मूल्य सूचकाङ्क नभएकोले वास्तविक लागत यकिन भएको छैन । यथार्थ सूचकाङ्कको आधारमा मूल्य वृद्धि रकम यकिन हुनुपर्दछ ।

## वाणिज्य विभाग

२३. **अनुगमन -** यो वर्ष २ हजार ८ सय व्यापारी एवं वाणिज्य क्षेत्रको द्रुत एवं सघन अनुगमन गर्ने कार्यक्रम रहेकोमा १ हजार ६६१ मात्र अनुगमन गरेकोले लक्ष्यको तुलनामा ५९.३२ प्रतिशत मात्र प्रगति भएको छ । अनुगमनबाट साइनबोर्ड नभएको, मूल्यसूची नभएको, पूँजी वृद्धि नगरी कारोबार गरेको, करमा दर्ता नभएको, व्यवसाय प्रमाणपत्र देखिने गरी नराखेको, बिल बीजकको प्रयोग नगरेको जस्ता व्यहोरा देखिएकोमा अनुगमन प्रतिवेदनअनुसार विभागले कारबाही गरेको देखिएन । अनुगमन प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन हुनुपर्दछ ।

## नेपाल-भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना

२४. **प्रगति -** सन् २०१३ जुलाई ११ मा शुरु भई २०१९ डिसेम्बर ३१ मा सम्पन्न हुने लक्ष्य रहेको यस आयोजना अन्तर्गत रु.४ अर्ब ४३ करोड ७० लाख (अमेरिकी डलर ९९ मिलियन) सहयोग प्राप्त हुने उल्लेख छ । आयोजनाअन्तर्गत सुख्खा बन्दरगाह स्तरोन्नति गर्ने कार्यको लागि हालसम्म रु.२ अर्ब २९ करोड ४० लाख बजेट व्यवस्था भएको मध्ये रु.६४ करोड ३७ लाख (२८.०६ प्रतिशत), व्यापार पोर्टल निर्माण गर्न रु.१५ करोड ८९ लाख बजेट व्यवस्था भएकोमा रु.२ करोड २३ लाख (१४.०३ प्रतिशत), भन्सारमा एकद्वार प्रणाली लागू गर्न रु.१ अर्ब ७२ करोड ६० लाखमध्ये रु.१८ करोड ९५ लाख (१०.९८ प्रतिशत) सडक दुर्घटना सूचना व्यवस्थापन प्रणालीअन्तर्गत यातायत व्यवस्था विभागमा रु.२८ करोड २२ लाख व्यवस्था भएको मध्ये रु.१० करोड ५५ लाख (३७.३८ प्रतिशत) र निर्यात गरिने

वस्तुको गुणस्तर परीक्षण गर्न अन्तर्राष्ट्रियस्तरको ल्याब निर्माण गर्न, केन्द्रीय कृषि प्रयोगशालाको लागि रु.२९ करोड ६८ लाख बजेट विनियोजन भएकोमा रु.६ करोड ७९ लाख (२२.८८ प्रतिशत) मात्र खर्च भएको छ । आयोजनाको ६ वर्षको अवधि २०७७ पौष १५ मा व्यतीत हुने भएको र समग्र प्रगति २६.५७ प्रतिशतमात्र रहेकोले आयोजनाको लक्ष्यअनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

# संगठित संस्था तथा समिति

## नेपाल खाद्य संस्थान - २०७३।७४ देखि २०७५।७६

सरकारको खाद्य नीतिको प्रभावकारी कार्यान्वयन गर्न, खाद्यान्न कमी हुने दुर्गम क्षेत्रका लागि खाद्यान्न ढुवानी गरी सुपथ मूल्यमा बिक्री वितरण गर्ने उद्देश्यले संस्थान ऐन, २०२१ अनुसार २०३१ मा यस संस्थानको स्थापना भएको हो। यो वर्ष २०७३।७४ देखि २०७५।७६ सम्मको लेखापरीक्षण सम्पन्न भएको छ। संस्थानमा २८० कर्मचारी कार्यरत छन्।

२५. **कर्मचारी दायित्व हिसाब** - संस्थानमा कार्यरत तथा अवकाश प्राप्त कर्मचारीहरुलाई २०७५।७६ को अन्त्यसम्ममा भुक्तानी गर्नुपर्ने रु.१ करोड ३१ लाख दायित्वमा देखाए तापनि कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने रकमहरुमध्ये केही रकम २०४०।४१ देखि नै दिन बाँकी रहेको र सो रकममा दाबी पर्न नआएकोले छानविन गरी भुक्तानी गर्न नपर्ने रकमलाई अपलेखन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ।

२६. **सम्भावित नोक्सानीको व्यवस्था** - संस्थानले विगत १६ वर्षभन्दा अगाडिदेखि लगानीको लागि संभावित नोक्सानीको व्यवस्था बापत रु. ५२ लाख ७८ हजार व्यवस्था गरेकोमा संस्थानले लगानी गरेका मेची, सगरमाथा, जनकपुर, लुम्बिनी, सेती महाकाली र सुदूरपश्चिम धान चामल कम्पनीको लगानी उठ्ने सम्भावना न्यून रहेको छ। त्यस्तै लगानी गरिएका अन्य संस्थाहरु विघटन भइसकेकाले नोक्सानीको व्यवस्था र लगानीको आवश्यक समायोजन गर्न सबन्धित निकायसँग कम्पनीहरु विघटन भएको आधिकारिक प्रमाण लिएर नोक्सानीबापत गरिएको व्यवस्थालाई अपलेखन तथा लगानीको समायोजन गर्नुपर्दछ ।

२७. **क्षतिपूर्ति** - विगत लामो समयदेखि एक भारतीय कम्पनीसँग भारतीय उच्च अदालत, कोलकातामा चलेको मुद्दा उच्च अदालतबाट सन् २०१३ मा फैसला भई चामलको क्षतिपूर्ति रु. ६ करोड ६६ लाख संस्थानलाई उपलब्ध गराउने उल्लेख छ। सो रकममध्ये २०७४।७५ सम्ममा रु.६ करोड २२ लाख प्राप्त भएकोमा २०७५।७६ मा कुनै रकम प्राप्त भएको छैन। सो फैसलाबाट संस्थानलाई थप रु.४४ लाख प्राप्त हुनुपर्ने देखिन्छ। संस्थानले उक्त रकम आफ्नो खातामा लेखाङ्कन गरेको छैन ।

२८. **दायित्व** - संस्थानको दिनुपर्ने शीर्षकमा २०७४।७५ मा रु. ६१ करोड ९७ लाख ८० हजार रहेकोमा २०७५।७६ मा रु. ४८ करोड १५ लाख ३३ हजार रहेको छ। उक्त रकममध्ये केही रकम विगत लामो समयदेखि जिम्मेवारी सार्दै ल्याइएको तथा सो सम्बन्धी विवरण संस्थानमा नभएकाले सरकारी कार्यालयहरुलाई दिनुपर्ने भनी देखाइएको रकमको वास्तविकता यकिन हुन सकेन। विगत दस वर्ष पहिले देखि जिम्मेवारी सार्दै आएका ठूला रकमहरुमा सार्क खाद्य सुरक्षा भण्डारको रु. २३ करोड ८० लाख, गोदाम निर्माणको रु. १३ करोड १ लाख, सिइसी विश्व बैंक रु. ८ करोड ३२ लाख लगायत रहेको छन्। अतः सम्बन्धित कार्यालयहरुबाट प्रमाण लिई सो रकम समायोजन गर्नुपर्ने देखिन्छ ।

२९. **लिज भाडा** - प्रधान कार्यालयको अधीनमा रहेको थापाथली स्थित कि.नं ७७५ को ११-७-०-३ रोपनी जग्गा एक हाउजिङ कम्पनीलाई लिजमा दिएको छ। सो कम्पनीसँग गरेको करारपत्रको बुँदा नं ९.२ मा महिना सुरु भएको तीसौं दिनभित्र बहाल रकम नबुझाएमा सो रकममा वार्षिक दश प्रतिशतका दरले हुने

ब्याज हर्जना बापत बुझाउनु पर्ने उल्लेख भएको हुँदा यो वर्षको चौथो त्रैमासिकको बाँकी रु. १५ लाख ८८ र सोमा लाग्ने ब्याज समेत असुल गर्नु पर्दछ।

३०. **मिल सञ्चालन खर्च** - राजापुरस्थित आधुनिक चामल कारखाना मिलबाट २०७३।७४ मा ३३ हजार ४१८ क्विन्टल धान कुटानी हुँदा प्रति क्विन्टल रु. ६३.६८ खर्च भएको थियो। त्यसैगरी २०७४।७५ मा ११ हजार ७०९ क्वीन्टल धान कुटानी हुँदा प्रति क्वीन्टल रु. १३५.०९ खर्च भएको र २०७५।७६ मा ६ हजार ५९१ क्वीन्टल धान कुटानी हुँदा प्रति क्वीन्टल रु. १६७.३४ खर्च भएको देखिन्छ। मिल सञ्चालन खर्चमा अधिकांश खर्च परिवर्तनशील भएकोमा प्रति क्वीन्टल मिल सञ्चालन खर्चमा यसरी अधिक फरक आउनुको कारण उपर छानविन गरी सञ्चालन खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३१. **लगानी** - संस्थानले सूचीकृत कम्पनीमा रु. १५ लाख र सूचीकृत नभएको कम्पनीमा रु.८७ लाख ४१ हजार र साझा पसलमा रु. १५ लाखको लगानी गरेको छ। एक धानचामल निर्यात कम्पनीको ७ हजार ३९ कित्ता शेयरमध्ये ५ हजार ४३३ कित्ताको शेयर प्रमाणपत्र र अर्को एक धानचामल निर्यात कम्पनीको ७ हजार २१६ कित्ता शेयरमध्ये २१३ कित्ताको शेयर प्रमाणपत्र प्राप्त गरेको पाइएन। साथै संस्थानले लगानी गरेका केही कम्पनीहरु विघटन भइसकेकोले लगानी समायोजन गर्न पहल गर्नु पर्दछ।

३२. **चामल खरिद र बिक्री** - संस्थानले यो वर्ष १ हजार ७६० मेट्रिकटन चामल, २२ हजार ५९२ मेट्रिकटन धान खरिद गरेको र सहायता स्वरुप ४ हजार ९२२ मेट्रिकटन चामल प्राप्त गरेको छ। त्यसैगरी यो वर्ष १७ हजार ११८ मेट्रिकटन चामल बिक्री गरेकोमा दुर्गम स्थानमा १० हजार ५८६ मेट्रिकटन, कारागारमा ४ हजार ५४७ मेट्रिकटन र अन्य स्थानमा १ हजार ९८५ मेट्रिकटन बिक्री गरेको छ । चामलको गुणस्तरको मापदण्ड निर्धारण नगरेको, दुर्गम स्थानमा पर्याप्त चामल आपूर्ति नगरेको तथा समयमा चामल ढुवानी गर्न नसक्दा दुर्गम स्थानमा हुने खाद्यान्न अभावको व्यवस्थापन गर्न सकेको देखिँदैन। निश्चित कार्य योजना तयार गरी दुर्गम स्थानमा खाद्यान्न अभाव नहुने गरी ढुवानी व्यवस्था गर्नुपर्दछ ।

३३. **वार्षिक लक्ष्य प्रगति** - संस्थानले धान र चामल खरिद लक्ष्यको क्रमश ६४.५५ प्रतिशत तथा ५० प्रतिशत प्रगति हासिल गरेको छ। यसैगरी गहुँ, खसी बोका र च्याङ्ग्रा खरिद लक्ष्यको क्रमशः ३१.५ प्रतिशत, ३०.७ प्रतिशत र ९२.५ प्रतिशत प्रगति हासिल गरेको छ। संस्थानले चामल बिक्री लक्ष्यको ४५.०४ प्रतिशत, गहुँ/पिठो बिक्रीमा लक्ष्यको ६० प्रतिशत, सिमी/दाल/फापर/उवा बिक्रीमा लक्ष्यको २८.५७ प्रतिशत, खसीबोका बिक्री लक्ष्यको ३०.४० प्रतिशत र च्याङ्ग्रा बिक्री लक्ष्यको ९१.१० प्रतिशत मात्र प्रगति हासिल गरेको छ। लक्ष्य अनुसार कार्य योजना बनाई निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

## उदयपुर सिमेन्ट उद्योग लिमिटेड - २०७३।७४ देखि २०७५।७६

गुणस्तरीय सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले यो उद्योग २०४४ मा स्थापना भएको हो। यो वर्ष २०७३।७४ देखि २०७५।७६ सम्मको लेखापरीक्षण सम्पन्न गरिएको छ। हाल यस उद्योगमा ३९१ कर्मचारी कार्यरत छन्।

३४. **सञ्चालन नतिजा** - उद्योगको उत्पादन बिक्रीको तुलनामा खर्च बढेको कारणले गत वर्ष रु. १० करोड ४१ लाख ८३ हजार नाफा रहेकोमा यस वर्ष रु. १९ करोड ६२ लाख ९७ हजार नोक्सान भएको छ। उद्योगको २०७४।७५ मा नेटवर्थ रु. ७१ करोड २७ लाख ६१ हजार ऋणात्मक रहेकोमा यस वर्ष रु. ९० करोड ९० लाख ५८ हजार ऋणात्मक रहेको छ।

३५. **लक्ष्य तथा प्रगति** - उद्योगले चुनढुङ्गा, फलामे धाउ, जिप्सम जस्ता मुख्य कच्चा पदार्थ प्रयोग गरी ओ.पी.सी. सिमेन्ट उत्पादन गर्दै आएको छ। उद्योगमा प्रयोग भएको मेशीन औजार तथा उपकरण पुरानो

भएकोले बारम्बार मर्मत तथा सम्भार गर्दा उत्पादन कार्य नै रोक्नुपर्ने स्थिति रहेको उल्लेख गरी उद्योगले मेशीनको उत्पादन क्षमताको ५० प्रतिशत मात्र उत्पादन गर्ने लक्ष्य राखी सोही अनुरुप उत्पादन तथा बिक्री वितरण गर्ने गरेको छ। उद्योगले २०७५।७६ मा १ लाख ३४ हजार मेट्रिक टन सिमेन्ट उत्पादन गर्ने लक्ष्य राखेकोमा १ लाख १२ हजार मेट्रिक टन (८३.५८ प्रतिशत) मात्र सिमेन्ट उत्पादन गरेको छ। नयाँ उपकरण खरिद गर्ने, उद्योगमा रहेको सबै पूर्वाधारको उचित प्रयोग गर्दै बजार माग अनुरुप सिमेन्ट उत्पादन गरी उद्योग सञ्चालन कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३६. **सम्पत्ति तथा दायित्व -** उद्योगमा चुनढुङ्गाको मौज्दात रु. १ करोड ८२ लाख ९ हजार घटी तथा क्लिङ्करमा रु. १२ करोड ५८ लाख ५४ हजार बढी लेखाङ्कन भएको सम्बन्धमा छानविन गरी मौज्दात यकिन गर्नुपर्दछ। उद्योगले उपदान बापत व्यवस्था गरेको दायित्व रु. ६४ करोड १२ लाख १७ हजार रहेकोमा नागरिक लगानी कोषमा रु. ८ करोड २२ लाख ९४ हजार मात्रै जम्मा गरेको छ। त्यस्तै कर्मचारी औषधी उपचार दायित्व बापत व्यवस्था गरिएको रु. १६ करोड ९३ लाख ८७ हजारमध्ये रु. ६४ लाख ६३ हजारमात्र जम्मा गरेको छ। दायित्व बापतको रकम दाखिला नगर्दा उद्योग सञ्चालनमा कठिनाइ पर्न जाने हुँदा कार्ययोजना तयार गरी दायित्व रकम दाखिला गर्नुपर्दछ।

३७. **पेस्की -** उद्योगको खरिद पेस्की रु.५ करोड ७ लाख ९४ हजारमध्ये विभिन्न ९ संघ, संस्था तथा व्यक्तिलाई दिएको विगतदेखिको पेस्की रु.३ करोड ८४ लाख ६८ हजार असुल फछर्यौट गरेको छैन। उक्त पेस्की असुल वा फछर्यौट गर्नुपर्दछ।

३८. **ऋण हिसाब -** संस्थाले नेपाल सरकार मन्त्रिपरिषद्को २०५७।५।१५ को निर्णय अनुसार पुँजीकरण गर्दा कायम भएको ऋण रु. २ अर्ब ५५ करोड ६२ लाखमध्ये बाँकी साँवा रु. १ अर्ब ७२ करोड ५० लाख तथा सो ऋणमा लागेको ब्याज रु. १ अर्ब ५७ करोड ४७ लाख समेत जम्मा रु. ३ अर्ब २९ करोड ९७ लाख भुक्तानी गरेको छैन। उक्त बाँकी ऋण तथा ब्याज रकम महालेखा नियन्त्रक कार्यालयसँग भिडान गरी समर्थन पत्र समेत लिएको छैन।

३९. **ऋण लगानी -** संस्थाले विराटनगर जुट मिल्स लिमिटेडलाई २०५१।५२ मा अल्पकालीन ऋण प्रदान गरेकोमा सो ऋणमा लाग्ने ब्याज तथा हर्जाना समेत रु.११ करोड ६६ लाख ६ हजार असुल गरेको छैन। सो बापत जोखिम कोष व्यवस्था समेत गरेको छैन।

४०. **जिन्सी मौज्दात -** उद्योगको जिन्सी मौज्दातमध्ये जापान सरकारद्वारा उद्योग हस्तान्तरण गर्दा एकमुष्ट मूल्याङ्कन गरी हस्तान्तरण गरिएको जिन्सी मौज्दात रु. १४ करोड १९ लाख २६ हजारको वास्तविक भौतिक स्थिति यकिन गर्नुपर्नेमा गरेको छैन। त्यसैगरी संस्थाले २०४८।४९ देखि २०६८।६९ सम्म पटक पटक गरी खरिद गरेको तर प्रयोगमा नल्याएको रु. १ करोड ३८ लाख १२ हजारको फर्नेश आयल समेतको भौतिक स्थिति यकिन गरी हिसाब समायोजन गर्नुपर्दछ।

४१. **कर दाखिला -** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम रुपमा कट्टी गरिएको कर प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। संस्थाले २०६८।६९ देखि २०७४।७५ सम्मको पारिश्रमिक आयकर तथा २०७४।७५ को सामाजिक सुरक्षा कर कट्टी बापतको रु.३ करोड २५ लाख २१ हजार दाखिला गरेको छैन। कर रकम समयमा दाखिला गर्नुपर्दछ।

४२. **बिक्री आय -** उद्योगले २०७५।७६ मा २२ लाख ६२ हजार बोरा सिमेन्ट बिक्री गरी रु. १ अर्ब ६५ करोड ५२ लाख आय गरेको छ। उक्त बिक्री गत वर्षको तुलनामा १ लाख ४५ हजार बोरा र बिक्री रकम रु. १८ करोड ६२ लाख ३२ हजारले घटी छ । बजारमा यो सिमेन्टको माग उच्च रहँदा पनि माग अनुरुप उत्पादन तथा बिक्री गर्न नसकेको सम्बन्धमा छानविन गरी सुधार गर्नुपर्दछ।

४३. **कच्चा पदार्थ खरिद -** उद्योगले कच्चा पदार्थको रुपमा चुनढुङ्गा, फलामे धाउ, कोईला, वक्साईट, जिप्सम र बोरा लगायतका सामग्री खरिद गरी २०७५।७६ मा रु ५५ करोड भुक्तानी गरेको छ। उक्त खरिदमध्ये नेपाल सरकारलाई रोयल्टी तिर्नुपर्ने शर्तमा २७ किलोमिटरको दुरीमा अवस्थित खानीबाट चुनढुङ्गा ढुवानी गर्ने गरेको छ। समयमा कच्चा पदार्थ खरिद गर्न नसक्दा उद्योग बन्द रहने गरेको देखिँदा खरिदमा सुधार गर्नुपर्दछ।

४४. **संस्थागत सुधार -** विगत केही वर्षदेखि स्वदेशी तथा विदेशी लगानीमा नयाँ सिमेन्ट उद्योगहरुको स्थापना भई सिमेन्ट उत्पादन तथा बिक्री वितरणमा थप प्रतिस्पर्धा हुँदै आएको छ। अन्य उद्योगको तुलनामा यो उद्योगवाट उत्पादित सिमेन्टको माग उच्च रहेको र यसमा प्रयाप्त भौतिक पूर्वाधार र संरचना रहेको भए तापनि करिब ३० वर्ष पहिले खरिद भएको उपकरणलाई प्रतिस्थापन गर्न नसकेको, समयमा कच्चा पदार्थ उपलब्ध गराउन नसकेको, मर्मतको लागि लामो समय उद्योग बन्द गर्नुपर्ने अवस्था रहेको, दायित्व समयमा भुक्तानी गर्न नसकेको लगायतको अवस्था रहेको छ। यसको लागि उच्चतम प्रविधि र उपकरणको प्रयोगमा जोड, व्यावसायिक क्षमताको विकास, उत्पादन र बजारीकरणमा सुधार गरी उद्योग सञ्चालन गर्नुपर्दछ।

## नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड - २०७५।७६

नेपालबाट समुद्रपार मुलुकमा निकासी तथा नेपालभित्र पैठारी हुने सामानहरुको पारवहनसम्बन्धी विभिन्न सेवा सुविधा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०२८ मा स्थापना भएको हो। हाल भारतको कोलकाता, राधिकापुर र हल्दियामा यसको उप-शाखा विस्तार भएको छ। यसको प्रमुख कार्यमा क्लियरिङ्ग, फरवार्डिङ्ग, अण्डरटेकिङ्ग र गोदाम व्यवस्थापन सेवा रहेका छन्। कम्पनीमा स्थायी, अस्थायी तथा करारसमेत ५८ कर्मचारी कार्यरत छन्।

४५. **निष्क्रिय नगद मौज्दात -** कम्पनीले गत वर्ष रु. ६ करोड ७५ लाख आम्दानी गरेकोमा यो वर्ष रु.६ करोड २८ लाख गरेको छ।यो वर्ष अण्डरटेकिङ्ग सेवा शुल्कबाट रु.३ करोड ५८ लाख, क्लियरिङ्ग सेवा शुल्कबाट रु.२ करोड ४ लाख र गोदाम सेवा शुल्कबापत रु.६६ लाख आम्दानी गरेको छ। यो वर्षको अन्तसम्म कम्पनीसँग रु.३१ करोड ६५ लाख ८४ हजार नगद मौज्दात रहेको छ। उक्त नगद उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा ब्याजमात्र आर्जन गर्ने गरी बैङ्कमा राखेकोमा जोखिम विश्लेषण गरेको देखिएन।

४६. **लक्षित कार्यक्रम -** कम्पनीले नेपाल भारत सीमानास्थित प्रमुख नेपाली भन्सार क्षेत्रमा आधुनिक गोदाम घरहरु निर्माण गरी सेवा प्रदान गर्ने उद्देश्य लिएको भए तापनि एयरपोर्ट र वीरगन्ज भन्सारबाहेक अन्यत्र गोदामघर निर्माण गरेको पाइएन। साथै आयात तथा निर्यात हुने सरकारी निकायका मालसामानको लागि क्लियरिङ्ग तथा फरवार्डिङ्ग सेवा उपलब्ध गराउने लक्ष्य समेत पूर्णरुपमा कार्यान्वयन भएको छैन। कम्पनीलाई वित्तीय र व्यवस्थापकीय रुपमा सक्षम, सुदृढ र सबल बनाउनका लागि सरकारी निकायसँग समन्वय गरी सुधार र विस्तारका कार्य गर्नुपर्दछ।

४७. **वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारले १६ जुलाई २०१६ देखि सबै सार्वजनिक संस्थानहरुमा नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्ने निर्णय भएकोमा संस्थानले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति तथा दायित्व स्पष्ट रुपमा खुल्ने गरी वित्तीय विवरण तयार गरेको छैन। कम्पनीले भारतको कोलकाता, राधिकापुर तथा हल्दियामा भएको कारोबारको कर विवरण सोही देशमा समेत पेश गरी कर चुक्ता लिनुपर्ने व्यवस्था भएकोमा कम्पनीको आयव्यय विवरण यथासमयमा तयार गरेको छैन। यो वर्ष लेखा व्यवस्थित गर्न सफ्टवेयर खरिद गरी रु.८८ हजार भुक्तानी गरेको भए तापनि कारोबार सफ्टवेयरमा नराखी हस्तलिखित

रुपमै राखेको छ। सबै कारोबार समेट्ने गरी सफ्टवेयरको प्रयोग गरी नेपाल वित्तीय प्रतिवेदन मान लागू गर्नुपर्दछ।

४८. **बन्दरगाह सञ्चालन -** कम्पनीले कोलकाता, हल्दिया तथा राधिकापुरमा रहेको बन्दरगाह प्रयोग गरी पानीजहाजबाट सामग्री आयात तथा निर्यात हुने सामानहरुको गोदामको व्यवस्था, भन्सार र जाँचपास लगायतका सेवा सञ्चालन गर्दै आएकोमा यो वर्ष हल्दिया र राधिकापुरबाट कुनै पनि सेवा सञ्चालन गरेको देखिएन । कोलकातास्थित बन्दरगाहबाट रु. १ करोड ७ लाख आम्दानी प्राप्त भएकोमा रु. ९९ लाख ४४ हजार खर्च गरी रु. ७ लाख ५६ हजार खुद मुनाफा गरेको छ । खर्चमध्ये बन्दरगाहमा जग्गा उपभोग गरे बापत विगतको समेत रु. २१ लाख ९५ हजार भुक्तानी गरेको छ। कम्पनीले भारतसँग सम्झौता गरी भाडामा लिएको जग्गामा वर्षातको समयमा हेभी इक्विपमेन्ट्स तथा कन्टेनरबाट सामग्री ओसार-पसार गर्न कठिन रहेको हुँदा उक्त जग्गालाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम प्रयोगयोग्य बनाउनुपर्ने देखिन्छ।

## नेपाल औषधि लिमिटेड - २०७५।७६

देशमा उपलब्ध जडिबुटीको प्रयोगबाट गुणस्तरीय औषधिहरु उत्पादन गरी आम जनतालाई आवश्यक पर्ने अत्यावश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराई देशको स्वास्थ्य सेवामा टेवा पुऱ्याउने उद्देश्यले सरकारी पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०२९ मा यस संस्थाको स्थापना भएको हो। हाल यसले जीवन जलको उत्पादन तथा बिक्री कार्य गरिरहेको छ। हाल कम्पनीमा १०४ कर्मचारी कार्यरत छन्।

४९. **सञ्चालन नतिजा -** लिमिटेडको गत वर्षको नोक्सान रु.१० करोड ९१ लाख रहेकोमा यो वर्ष रु.८ करोड ८२ लाख नोक्सान भएको छ। कम्पनीको गत वर्षको नेटवर्थ रु.१ अर्ब ४३ करोड ६५ लाख ऋणात्मक रहेकोमा यो वर्ष रु.१ अर्ब ५२ करोड ५० लाख ऋणात्मक रहेको छ।

५०. **कार्य प्रगति -** संस्थाले विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार औषधि उत्पादन गर्नका लागि उद्योगको भौतिक संरचना एवं मेसिनरी प्राप्त गरी उत्पादन सुरु गरेको र हेमोडायलासिस औषधि निर्माणको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्झौता भए तापनि सम्झौताअनुसार रु. १३ करोड ५० लाख बजेट प्राप्त नभएकोले सो कार्य शुरु गरेको देखिएन।

## जनकपुर चुरोट कारखाना लिमिटेड - २०७५।७६

कारखानाको उत्पादन २०६७ देखि बन्द रहेको र मन्त्रिपरिषद्को २०७०।३।२० को निर्णयबाट कारखानामा कार्यरत सबै कर्मचारीहरुलाई अवकाश दिइएको छ। हाल महाप्रबन्धक समेत मन्त्रालयबाट खटिएका २ जना, सुरक्षा निकाय अन्तर्गत ११ जना, अन्य ८ जना तथा कानुनी परामर्शदातालाई करारमा राखी कार्य गर्दैआएको छ।

५१. **सञ्चालन नतिजा -** उक्त कारखानाको शेयर पुँजी रु.३ अर्ब ४ करोड २५ लाखसमेत दायित्व रहेकोमा खुद सम्पत्ति कट्टा गर्दा यो वर्षसम्म रु. २ अर्ब ९१ करोड सञ्चित नोक्सानी रहेको छ।

५२. जग्गाको स्वामित्व - यस कारखानाको जनकपुरमा ३३ बिघा, महोत्तरीमा २ बिघा, पोखरामा ४ रोपनी ६ आना, पर्वतमा ३ रोपनी ९ आनालगायत विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ। जग्गाको क्षेत्रफल यकिन नगरेको, वासलातमा रु.१ करोड १० लाखको मात्र जग्गा मूल्याङ्कन गरेको देखिएकोमा वर्तमान बजार मूल्यअनुसार मूल्याङ्कन नगरेको, धनुषामा रहेको जग्गा प्रदेश कार्यालयलाई जग्गाको क्षेत्रफल तथा मूल्य नखुलाई हस्तातरण गरेकोमा लगत कट्टा गरेको छैन । सम्पत्तिको समुचित लेखाङ्कन गरी घरजग्गा कर समेत तिर्नुपर्दछ ।

## नेपाल आयल निगम लिमिटेड - २०७५।७६

देशभर पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले २०२७ मा निगमको स्थापना भएको हो। निगममा नेपाल सरकारको ९९.४६ प्रतिशत, नेशनल ट्रेडिङ लिमिटेडको ०.२६ प्रतिशत, राष्ट्रिय बीमा कम्पनीको ०.१५ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.०८ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्कको ०.०५ प्रतिशत सेयर स्वामित्व रहको छ। निगमअन्तर्गत पाँच क्षेत्रीय, तीन शाखा कार्यालय, पाँच हवाई इन्धन डिपो, तीन हवाई इन्धन रिफिलिङ स्टेसन रहेका छन्। हाल निगममा ८७२ कर्मचारी कार्यरत छन्।

५३. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** निगमको यो वर्ष कुल बिक्री रु. २ खर्ब ४६ अर्ब ६९ करोड ९२ लाख, बिक्री लागत रु.२ खर्ब ३० अर्ब ३६ करोड ७७ लाख, प्रशासनिक र अन्य खर्च रु. ५ अर्ब २९ करोड ९२ लाख, बोनस व्यवस्था रु. ११ करोड ६७ लाख रहेकोमा कर व्यवस्था पछिको नाफा रु. ८ अर्ब ७५ करोड ३७ लाख रहेको छ।

५४. **अनुपात विश्लेषण -** सम्पत्ति र आम्दानी अनुपात गत वर्ष १०.३५ प्रतिशत रहेकोमा यो वर्ष वृद्धि भई १९.४३ प्रतिशत पुगेको छ। पुँजी लगानीमा सञ्चालन नाफाको अवस्था गत वर्ष २९.११ प्रतिशत रहेकोमा यो वर्ष वृद्धि भई ४८.१६ प्रतिशत पुगेको छ। त्यस्तै चालु सम्पत्ति र चालु दायित्वको अवस्था गत वर्ष १.८७ गुणा रहेकोमा यो वर्ष केही वृद्धि भई २.२५ पुगेको छ। चालु दायित्वमा नगद र बिक्री योग्य धितोपत्रको अवस्था हेर्ने नगद अनुपात गत वर्ष ०.९९ गुणा रहेकोमा यो वर्ष वृद्धि भई १.३७ भएको छ। खुद चालु सम्पत्ति गत वर्ष रु. ११ अर्ब ७२ करोड रहेकोमा यो वर्ष उल्लेख्य वृद्धि भई रु. १९ अर्ब ४० करोड पुगेको देखियो। कुल नाफा अनुपात गत वर्ष ४.३७ प्रतिशत रहेकोमा यो वर्ष वृद्धि भई ६.६२ प्रतिशत पुगेको देखिन्छ।

५५. **आयको अवस्था -** पेट्रोलियम पदार्थ तथा हवाइ इन्धनको बिक्री गत वर्षमा रु. १ खर्ब ९५ अर्ब ९४ करोड रहेकोमा यो वर्ष उल्लेख्य वृद्धि भई रु. २ खर्ब ४६ अर्ब ६९ करोड पुगेको देखियो। अन्य आम्दानी बापत डिपोजिट तथा कर्मचारी सापटीमा ब्याज आम्दानी रु. ५० करोड ९२ लाख, आई.ओ.सी.सँगको खरिद समायोजन आम्दानी रु. १० करोड ५ लाख, सम्पत्ति बिक्री तथा लिलाम आम्दानी रु. ८ करोड ६८ लाख, व्यावसायिक आम्दानी रु. ३ करोड ४ लाख, घरभाडा आम्दानी रु. २ करोड ४१ लाख, विविध आम्दानी रु. ४८ लाख ८८ हजार र लाभांस आम्दानी रु. १ लाख ४२ हजार रहेको छ।

५६. **इन्धन खरिद तथा बिक्री -** निगमले नेपाल सरकारलाई यो वर्ष विभिन्न कर बापत रु.६५ अर्ब ८७ करोड ४९ लाख भुक्तानी गरेको छ। निगमले यो वर्ष पेट्रोलियम पदार्थको खरिद तथा बिक्री स्थिति देहायबमोजिम छः

| सि.नं | पेट्रोलियम पदार्थ | इकाई | खरिद परिमाण (हजारमा) | बिक्री परिमाण (हजारमा) |
|---|---|---|---|---|
| १ | पेट्रोल | लिटर | ५६६८६६ | ५६२८६५ |
| २ | डिजेल | लिटर | १७१७५१७ | १७०२१३६ |
| ३ | मट्टीतेल | लिटर | २४९३२ | २१४८५ |
| ४ | ए.टी.एफ. | लिटर | २००११२ | १९९८६१ |
| ५ | एल.पी.जी. | मेट्रिकटन | ४२९ | ४२९ |

इन्धनको माग वर्षेनि बढ्दो क्रममा रहेको तर संस्थाको भण्डारण क्षमता ६८ हजार ३८४ किलो लिटर मात्र भएको हुँदा भण्डारण क्षमतामा वृद्धि गरी इन्धन आपूर्तिलाई व्यवस्थित गर्न दीर्घकालीन योजना तयार गर्नुपर्दछ।

५७. **अनुदान -** चीन सरकारले २०७४।७५ मा अनुदानमा दिएको पेट्रोलियम पदार्थको मूल्य रसुवागढी भन्सार कार्यालयले रु. ६ करोड २७ लाख मूल्याङ्कन गरेको देखिन्छ। उक्त रकम हालसम्म नेपाल सरकारलाई भुक्तानी गरेको छैन। सो रकम नेपाल सरकारलाई फिर्ता गर्नुपर्दछ।

५८. **कर्मचारी कल्याणकारी कोष -** बोनस ऐन, २०३० को दफा १३ मा बोनस बाँडफाँड पछि बाँकी रहेको बोनसको ७० प्रतिशत श्रम ऐन, २०७४ अनुसार स्थापना भएको राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। निगमले २०६२।६३ देखि राष्ट्रिय कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रु. ११ करोड ५१ लाख जम्मा नगरी व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको छ। उक्त रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।

५९. **मूल्य निर्धारण -** निगमले स्वचालित मूल्य प्रणालीअनुसार पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्दै आएको छ। यस वर्ष १४ पटकसम्म मूल्य समायोजन भएको छ। यसरी मूल्य निर्धारण गर्दा वर्षभरिमा न्यूनतम र अधिकतम दर फरक अवस्था विश्लेषण गर्दा पेट्रोलमा प्रति लिटर रु. ६, डिजलमा रु. ६ र मट्टीतेलमा रु.४.५० फरक परेको छ। अन्तर्राष्ट्रिय मूल्यमा कतिसम्म फरक पर्दा नेपालको आधार मूल्य परिवर्तन गरिएको हो खुलाएको छैन। मूल्य परिवर्तन सम्बन्धी स्पष्ट नीति तय गर्नुपर्दछ।

६०. **नेपाल वित्तीय प्रतिवेदनमान -** सबै संस्थानमा नेपाल वित्तीय प्रतिवेदनमान २०७३।७४ देखि लागू भए तापनि नियमले सो अनुरुप नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा वित्तीय प्रतिवेदन तयार गरेको छैन।

६१. **गाडी फिर्ता -** निगमले २०७३।७४ मा रु.१ करोड २४ लाख २ हजारमा खरिद गरेको जीप आपूर्ति मन्त्रालयलाई उपलब्ध गराएकोमा हालसम्म पनि फिर्ता भएको छैन। स्वामित्व हस्तान्तरण गरी वा फिर्ता लिई सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।

## इन्टरमोडल यातायात विकास समिति

६२. **सुख्खा बन्दरगाह निर्माण -** चोभारमा सुख्खा बन्दरगाह निर्माण गर्न रु.१ अर्ब ५९ करोडको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग १८ महिनाभित्र कार्य सम्पन्न गर्नेगरी ५ जुलाई २०१८ मा रु.१ अर्ब २८ करोड १० लाखमा सम्झौता भएको देखिन्छ । निर्माण कार्यको लागि मोबिलाइजेसन पेस्की बाहेक हालसम्म रु.९ करोड २२ लाख ४४ हजार भुक्तानी भई ७.२० प्रतिशत वित्तीय र १२ प्रतिशत भौतिक प्रगति भएको छ । त्यस्तै सोही स्थानमा कार्यालय तथा आवास भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२२ करोड ७६ लाख ८० हजारमा १८ महिनाभित्र सम्पन्न गर्ने गरी २९ जुलाई २०१८ मा सम्झौता भएकोमा ६ प्रतिशतमात्र भौतिक प्रगति भएको छ । निर्माण कार्यको ६६ प्रतिशत समयावधि व्यतीत भइसकेको अवस्थामा न्यून भौतिक प्रगति भएकोले समयमा निर्माण कार्य सम्पन्न गर्न ध्यान दिनुपर्दछ ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा विशेष आर्थिक क्षेत्र प्राधिकरण सञ्चालन तथा भूबहाल रकम, निकासी प्रवर्द्धन केन्द्रको मौज्दात रकमको उपयोग, दुर्गम क्षेत्रमा नून ढुवानी, अनुदान कोटा र नियन्त्रण व्यवस्था सम्बन्धमा अनुगमन गर्ने, नेपाल इन्टरमोडल यातायात विकास समितिको मौज्दात रकमको उपयोगलगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले त्यस्ता व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

- सरकारी कार्यालयतर्फ १२ निकायमा रु.२५ करोड ८३ लाख ६० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ३ लाख ३२ हजार फछ्र्यौट गरेकोले रु.२१ करोड ८० लाख २८ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ करोड ९१ लाख २ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
- समितितर्फ २ निकायमा रु.१४ करोड ४६ लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.१२ करोड ७४ लाख ७९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा ऊर्जा, सिँचाइ तथा जलउत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानुन तर्जुमा, गुरु योजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय गर्ने तथा जलस्रोत तथा ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्नेलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ८५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ७६ सरकारी कार्यालयको निम्नानुसार रु.६४ अर्ब ५१ करोड ९४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ७६ | ३३५३६६ | ५८ | ४१४४१ | ६८ | ४९०२८ | १६ | २१९३५९ | ७६ | ६४५१९४ |

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ९ संस्थाको रु.३ खर्ब ६० अर्ब ७६ करोडको लेखापरीक्षण गरिएको छ ।

३. **नीति कार्यान्वयन -** जलविद्युत विकास नीति, २०५८ अनुसार विद्युतको गार्हस्थ्य आवश्यकता पूर्ति गर्न देशको जलविद्युत क्षमताको अधिकतम उपयोग गरिने मुख्य नीति रहेकोमा गार्हस्थ्य आवश्यकता पूर्ति गर्न स्वदेशी विद्युत उत्पादनले १ हजार २५० मेगावाट अपुग भई आयात गर्नुपरेको छ । प्रतिस्पर्धात्मक रुपमा जलाशययुक्त आयोजना विकास गरिने, जलविद्युत आयोजनाको कार्यान्वयन निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरण सिद्धान्तको आधारमा गर्न प्रोत्साहन गरिने नीति रहेकोमा प्रारम्भिक चरणका कार्य भएको जनाए तापनि निर्माण चरणका कार्यहरु नै नभएको, उचित मूल्यमा विद्युत ऊर्जा आपूर्ति हुने गरी विद्युतको मूल्य निर्धारण प्रक्रिया औचित्यपूर्ण र पारदर्शी तुल्याइने नीति रहेकोमा विद्युत नियमन आयोग गठन गरी कार्य प्रारम्भ गरेको देखिन्छ ।

सिँचाइ नीति, २०७० अनुसार नदी जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापनसमेत हुने गरी राष्ट्रियस्तर तथा जिल्लास्तरमा सिँचाइ गुरुयोजना बनाई कार्यान्वयन गरिने, सिँचाइ सुविधा प्राप्त क्षेत्रलाई सिँचित क्षेत्र घोषणा गर्ने तथा घोषित सिँचित क्षेत्रको जग्गा गैरकृषि प्रयोजनका लागि उपयोग गर्नु पूर्व नेपाल सरकारबाट अनिवार्य रुपमा अनुमति लिनुपर्ने व्यवस्था गर्ने, बहुउद्देश्यीय जलाशययुक्त तथा अन्तर जलाधार जलस्थानान्तरण प्रकृतिका जलस्रोत आयोजनाहरु प्राथमिकताका साथ कार्यान्वयन गरिने नीति रहेकोमा जलाशययुक्त आयोजना कार्यान्वयन नभएको, भेरी बबई र सुनकोशी मरिन अन्तर जलस्थानान्तरण प्रकृतिका जलस्रोत आयोजनाहरु कार्यान्वयन चरणमा रहेको, सिँचाइ ऐन तर्जुमा नभएको तथा सिँचित क्षेत्रमा बस्ती विकास भएको देखिएको छ । राष्ट्रिय नीतिहरुको प्राथमिकताका साथ कार्यान्वयन हुनुपर्दछ ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७५।७६ मा तमोर चिसाङ्ग, सुनकोशी-मरिन, सुनकोशी कमला, कालीगण्डकी तिनाउ, पश्चिम सेती, कैलाली पाण्डुला सिँचाइ आयोजनाको सम्भाव्यता अध्ययन र बृहत दाङ उपत्यका सिँचाइ आयोजनाको शुरुवात गर्ने कार्यक्रम रहेकोमा सुनकोशी मरिनको अध्ययन बाहेक अन्य कार्य प्रारम्भ नभएको, मौसम पूर्वानुमानलाई सहज बनाउन सुर्खेत, पाल्पा र उदयपुरमा राडार

जडान गर्ने कार्यक्रम रहेकोमा सुर्खेतमा मात्र जडान भएको, प्रस्तावित सिँचाइ आयोजनाहरु तमोर, कन्काई, उत्तरगंगा, नौमुरे, सुनकोशी दोस्रो र तेस्रो, कालीगण्डकी तथा नलगाडको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्य अघि वढाउने कार्यक्रम रहेकोमा सम्भाव्यता अध्ययनको कार्य मात्र भइरहेको, बुढीगण्डकी जलविद्युत आयोजनाको मुआवजा वितरण कार्य सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउने उल्लेख भएकोमा मुआवजा वितरणा कार्य सम्पन्न नभएको र कर्णाली बहुउद्देश्यीय आयोजनाको प्रारम्भिक कार्य शुरु गर्ने उल्लेख भएकोमा सो हुन सकेको देखिएन । बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

५. **चौधौं योजनाको प्रगति -** चौधौं योजनाअनुसार २०७५।७६ सम्म सतह सिँचाइतर्फ २६ हजार ६ सय हेक्टर सुविधा विस्तार गर्ने लक्ष्य रहेकोमा ३ हजार ७०५ हेक्टरमात्र सुविधा विस्तार भएको र कुल विद्युत जडित क्षमता १ हजार ८३३ मेघावाट पुऱ्याउने लक्ष्य रहेकोमा एक हजार २५० मेघावाटमात्र पूरा भएको देखिएको छ । आवधिक योजनाको परिमाणात्मक लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

६. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) मा सबै प्रकारको कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यो वर्ष १० कार्यक्रममा अमेरिकी डलर ८३ लाख २७ हजार को २०७६ को आषाढ मसान्तको विनिमय दर रु.१०९.९६ ले हुने रु. ९१ करोड ५६ लाख ३७ हजार प्राविधिक सहायता प्राप्त हुने अनुमान रहेकोमा त्यससम्बन्धी सम्झौता तथा खर्चको विवरणलगायत स्रेस्ता पेस नगरेकोले लेखापरीक्षण भएको छैन । ऐनको व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

७. **दिगो विकास लक्ष्य र प्रगति -** दिगो विकासको लक्ष्यबमोजिम प्रगति हासिल हुने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार ऊर्जा तथा सिँचाइ क्षेत्रसँग सम्बन्धित दिगो विकास लक्ष्यअन्तर्गत परिमाणात्मक लक्ष्य र हालसम्मको उपलब्धि निम्नानुसार रहेको छः

| सि.न. | सूचकहरु | आधार वर्ष सन् २०१५ को स्थिति | सन् २०१९ सम्मको लक्ष्य | सन् २०१९ सम्मको प्रगती |
|---|---|---|---|---|
| १. | विद्युतमा पहुँच भएको जनसंख्याको अनुपात (प्रतिशत) | ७४ | ८०.७ | ८८ |
| २. | प्रति व्यक्ति ऊर्जा खपत (GigaJoules) | १६ | १८.१ | १९.७५ |
| ३. | खाना पकाउन सोलिड फ्यूल्स उपयोग गर्ने घरधुरी संख्या (प्रतिशत) | ७४.७ | ६५ | - |
| ४. | खाना पकाउन एल.पी.जी. ग्याँस उपयोग गर्ने जनसंख्या (प्रतिशत) | १८ | २३.६ | - |
| ५. | विद्युत खपत (प्रति व्यक्ति KW) | ८० | २३० | २४५ |
| ६. | कुल ऊर्जा खपतमा नविकरणीय ऊर्जाको अंश (प्रतिशत) | ११.९ (५.९) | २२.१ (१०.०) | ७.५७ |
| ७. | जडित जलविद्युत क्षमता (मेगावाट) | ७८२ | २३०१ | १३३७ |
| ८. | कुल गार्हस्थ्य उत्पादनमा व्यावसायिक ऊर्जाको उपयोग प्रति इकाई | ३.२० | ३.२८ | ४.५८ |
| ९. | उद्योगमा ऊर्जा दक्षता (MegaJoules per 1000 Rupees of product) | ४७.२० | ४५.३ | ७२.८ |
| १०. | सार्वजनिक यातायात प्रणालीमा विद्युतीय सवारीसाधनको प्रयोग | १ | ५ | - |
| ११. | कृषियोग्य जमिनमध्ये वर्षै भरि सिँचाइ हुने क्षेत्र (प्रतिशत) | २५.२ | ४० | करिब ३० |

उपर्युक्त दिगो विकास सूचकको विश्लेषण गर्दा सि.नं. ३, ४ र १० मा उल्लिखित ३ सूचकको प्रगति पेस नभएको, कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंशको प्रगति आधार वर्षभन्दा घटेको, जडित जलविद्युत क्षमता र कृषियोग्य जमिनमध्ये वर्षैभरि सिँचाइ सुविधा उपलब्ध हुने क्षेत्रसमेत २ सूचकको प्रगति न्यून रहेको छ । दिगो विकासको लक्ष्यबमोजिम प्रगति हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनुपर्दछ ।

८. **अधुरो ठेक्का** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयनसम्बन्धी व्यवस्था छ । मन्त्रालय मातहत विभिन्न आयोजना निर्माणतर्फ गत विगतमा सम्झौता भई शुरु म्याद नाघेका रु.४४ अर्ब ७७ करोड ९७ लाखका २०६ ठेक्कामा यो वर्षसम्म रु.२३ अर्ब ३८ करोड ८९ लाख भुक्तानी भएको छ । उक्त ठेक्काहरु अधुरो रहनुमा म्याद थपलगायतका निर्णयमा ढिलाई हुनु, खरिदसम्झौताको शर्तबमोजिम समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही तथा आयोजना/कार्यालय प्रमुखलाई जिम्मेवार नबनाउनु, निर्माण सामग्री प्राप्तीको स्रोत स्थान नतोकिनु, पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन हुनु आदि रहेका देखिन्छ । कार्य योजनासहितको अनुगमन तथा आवश्यक कारबाही गरी योजना पूरा गर्नुपर्दछ ।

## जलस्रोत तथा सिँचाइ विभाग

९. **कार्यक्रम सञ्चालन** - विभागको लागि स्वीकृत कार्य विवरणमा विभागले बजेट निर्माण, नीति निर्माण, आयोजना अनुगमन तथा मूल्याङ्कन, म्याद थप, भेरिएसन, स्रोत व्यवस्थापन, गुणस्तर नियन्त्रण, कर्मचारी व्यवस्थापनजस्ता कार्य गर्नुपर्ने उल्लेख छ । कार्यविवरणमा व्यवस्था भए पनि विभागले प्रदेशस्तरमा हस्तान्तरण भइसकेका तथा अन्तर्गत निकायबाट कार्यान्वयन गर्नुपर्ने देशैभरि छरिएका रु.५ लाख सम्मका स-साना रु.१९ करोड २० लाख ३ हजारका ११५ योजना/कार्यक्रम कार्यान्वयन गरेको छ । प्रदेशमा हस्तान्तरण भएका र मातहतका निकायबाट गराउन सकिने कामहरु सम्बन्धित निकायबाटै कार्यान्वयन गर्नुपर्दछ ।

१०. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार रु.२० लाखभन्दा बढी लागत अनुमान भएको परामर्श सेवा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । विभागले रु.२० लाखभन्दा घटीको लागत अनुमान तयार गरी लिफ्ट तथा साधारण सतह सिँचाइ योजनाहरुको सम्भाव्यता अध्ययन कार्य लागत अनुमानको हाराहारीमा ६४ टुक्रा गराई परामर्शदातालाई रु.५ करोड १४ लाख ३० हजार भुक्तानी दिएको छ । विभाग र मातहत निकायले गत वर्ष रु.२२ करोडको सोझै काम गराएको व्यहोरा औंल्याएकोमा प्रदेश र स्थानीय तहहरुमा हस्तान्तरण भएका योजनाको सम्भाव्यता अध्ययन कार्य समेत यो वर्ष पनि प्रतिस्पर्धा बेगर सोझै गराएको कानुनसम्मत देखिएन । आर्थिक कार्यवधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५३ बमोजिम सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

११. **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति लिने व्यवस्था छ । विभागअन्तर्गत जलसाधन योजना तयारी सुविधा आयोजनाबाट सर्लाही र रौतहट जिल्लामा एक हजार डिप ट्युबवेल निर्माण गरी निजी क्षेत्रमार्फत मर्मत सम्भार र सञ्चालन गर्ने कार्यका परामर्शदातासँग युरो ९ लाख २ हजार ५४६, अमेरिकी डलर ९ लाख १७ हजार ५२३ र रु.५ करोड ४ लाख ७ हजारमा सम्झौता गरी यो वर्षसम्म रु.१६ करोड ४४ लाख ४६ हजार भुक्तानी गरेको छ । परामर्शदाताको कार्यतालिकाअनुसार २०७५।१२।१२ भित्र कार्य सम्पन्न गर्नुपर्ने भए तापनि शुरु सम्झौताको समय सीमा कम भएको र गुणस्तरीय प्रतिवेदन तयार गर्नुपरेको कारण देखाई करिब ९ महिना पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरे तापनि कार्य सम्पन्न भएको छैन । सम्झौता पश्चात् समय कम भएको र गुणस्तरीय काम गर्नुपर्ने उल्लेख गरी म्याद थप गरेको उपयुक्त देखिएन ।

१२. **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा

परियोजनको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिमार्फत कार्य गराउन सकिने व्यवस्था छ । नियमविपरीत उपभोक्ता समितिबाट काम गराएका उदाहरण निम्नबमोजिम छन्:

१२.१ जनताको तटबन्ध कार्यक्रम, झापाले एक्जाभेटर, रोलर, डोजर जस्ता हेभी मेसिनहरु आवश्यक पर्ने तटबन्ध निर्माणको काम त्यस प्रकारका उपकरण र पुँजीसमेत नभएका उपभोक्ता समितिहरुमार्फत गराई २०७३।७४ देखि यो वर्षसम्म रु.७१ करोड १३ लाख खर्च गरेको छ ।

१२.२ सोही कार्यालयले जोखिमयुक्त सदरमुकाम बचावटअन्तर्गत झापाको सदरमुकाम चन्द्रगढी संरक्षणको लागि प्राप्त बजेटबाट रु.५ करोड ३७ लाख ४८ हजारको कार्य सदरमुकामभन्दा १२ कि.मि. टाढा देउनिया खोलामा माटोको तटबन्ध र ग्याबिन पर्खाल निर्माण, करिब ४ कि.मि. टाढा भद्रपुरमा मेची नदी पुलको माथिल्लो, तल्लो भागमा चार स्थानमा उपभोक्तामार्फत खर्च गरेको छ । ती कामबाट सदरमुकामको बचावटमा योगदान हुने नदेखिएकोले उद्देश्यअनुरुप खर्च गरेको पाइएन ।

१२.३ कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजना, विराटनगरले बक्राहा नदी नियन्त्रणको लागि २० उपभोक्ता समितिलाई रु.७ करोड ९५ लाख ७ हजार भुक्तानी गरेको छ । यसैगरी रुपताल संरक्षण कार्यालय, कास्कीले ४० उपभोक्ता समितिमार्फत् निर्माण कार्य गराई रु.१७ करोड २५ लाख ३ हजार भुक्तानी दिएको छ । महाकाली सिँचाइ व्यवस्थापन कार्यालयले यस वर्ष रु.७ करोड ८३ लाख १८ हजार लागत अनुमानका १५ नहर संरचना निर्माण तथा मर्मत सम्भार कार्य र डिप ट्यूवेल जडान कार्य २ उपभोक्ता समितिसँग १५ पटक सम्झौता गरी यो वर्ष रु.६ करोड २३ लाख २० हजार भुक्तानी गरेको छ ।

१२.४ जनताको तटबन्ध फिल्ड, कार्यालय रुपन्देहीले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग एक करोडभन्दा घटिका टुक्रा टुक्रा लागत अनुमान तयार गरी निर्माण कार्यको रु.६ करोड ८१ लाख ९१ हजार भुक्तानी गरेको देखियो । कार्यालयले यो वर्ष ६ प्याकेजमा तटबन्ध निर्माण कार्यको लागि वोलपत्र गरेकोमा ४० देखि ४५ प्रतिशत (औसतमा ४४ प्रतिशत) घटिमा रु.२ करोड ९८ लाखको खरिदसम्झौता गरेको देखियो । उपभोक्ता समितिलाई लागत अनुमानकै दररेटमा भुक्तानी हुने हुँदा बोलपत्रको तुलनामा रु.३ करोड ४५ लाख ५ हजार बढी खर्च भएको छ ।

१२.५ बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना, बर्दियाले नदी व्यवस्थापन कार्यअन्तर्गत ग्याबियन तटबन्धको कार्य रु.१ करोड घटीका स-साना प्याकेजमा काम गराई उपभोक्ता समितिलाई रु.२ करोड ९९ लाख ७५ हजार भुक्तानी गरेको छ । यस्तै पंरकृतिको ग्याबिन जालीमा ढुङ्गा भरी तटबन्ध निर्माण गर्ने कार्य बोलपत्रको माध्यमबाट गराएकोमा लागत अनुमानको तुलनामा औसतमा ४२.८८ प्रतिशत घटिमा कार्य सम्पन्न भएको देखिन्छ । उपभोक्ता मार्फत कार्य गराउँदा वोलपत्रको तुलनामा रु.८० लाख ६३ हजार बढी खर्च हुन गएको छ ।

१२.६ कर्णाली नदी व्यवस्थापन आयोजनाले तटबन्ध निर्माण कार्यको रु.१ करोड भन्दा घटीका स-साना प्याकेज बनाई उपभोक्ता समितिमार्फत कार्य गराई रु.४ करोड ७ लाख ९९ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिमार्फत गराएकै प्रकृतिको ग्याबिन जालीमा ढुङ्गा भरी तटबन्ध निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउँदा लागत अनुमानको तुलनामा औसतमा ३८ प्रतिशत घटीमा सम्झौता भएकोले उपभोक्तालाई भुक्तानी गर्दा रु.८१ लाख ६४ हजार बढी खर्च भएको छ ।

१२.७ सुनसरी मोरङ सिँचाइ आयोजनाले १२१ टुक्रे लागत अनुमान स्वीकृत गरी १२ उपभोक्ता समितिमार्फत रु.१५ करोड ६५ लाख १४ हजारको कार्य गराएको देखियो ।

नियम विपरीत लागत अनुमान टुक्र्याएको, जटिल प्रकृतिको कार्य उपभोक्तामार्फत गराएको तथा लागत अनुमानको हाराहारीमा काम गराएकोले बढी खर्च भएको, गुणस्तर परीक्षण नभएको तथा उपभोक्ता समिति परिचालनसम्बन्धी उल्लिखित व्यवस्था पालना नभएकोले मितव्ययिता तथा गुणस्तरमा असर परेको देखिँदा यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१३. **जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको मान्य अवधि त्रुटि सच्चाउने अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । जनताको तटबन्ध कार्यक्रम, महोत्तरीले नदी नियन्त्रण कार्य गर्न एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा तटबन्ध निर्माणको काम बाँकी रहेकोमा जमानतको म्याद थप भएको छैन । निर्माण व्यवसायीलाई दिएको पेस्की रु.८ लाख ६० हजारको बैङ्क जमानत र रु.२१ लाख ५७ हजारको कार्यसम्पादन जमानतको म्याद समाप्त भई सकेकोले जमानत रकम जोखिममा रहेकोले नियमानुसार कारबाही गर्नुपर्दछ । ।

१४. **डिप ट्युबवेल वन्द रहेको -** भैरहवा लुम्बिनी भूमिगत जल सिँचाइ व्यवस्थापन कार्यालय, रुपन्देही मातहत रहेका १६९ डिप ट्युबवेल सिँचाइ प्रणालीमध्ये ३२ वटा सिँचाइ प्रणाली (ट्युबवेल) बन्द रहेको छ । एउटा डिप ट्युबवेलले १२० हेक्टर जमिन सिँचाइ गर्ने क्षमता रहेअनुसार ३ हजार ८४० हेक्टरमा सिँचाइ गर्ने कार्य हुन सकेको छैन । निर्माण भएका सिँचाइ संरचनाहरु सञ्चालन गर्नेतर्फ ध्यान जानुपर्ने देखिएको छ ।

१५. **नर्म्सको गलत प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सबमोजिम तयार गर्नुपर्ने उल्लेख छ । सिँचाइ विभागले प्रयोग गर्दै आएको सार्वजनिक निर्माणसम्बन्धी नर्म्स, २०५० मा ग्याबियन क्रेटमा ढुङ्गा भर्ने कामको लागि दक्ष ज्यामी संख्या ०.५ को सट्टामा अदक्ष ज्यामी ०.५ कायम गरेको छ । वाग्मती सिँचाइ आयोजनाले ग्याबियन क्रेरटमा ढुङ्गा भर्ने कार्य गर्न दुई वटा ठेक्काको लागत अनुमानमा अदक्ष ज्यामी ०.५ राख्नुपर्नेमा दक्ष ज्यामी ०.५ राखेकोले ग्याबियन क्रेटमा ढुङ्गा भर्ने काम १४ हजार ७९२.८८ घनमिटरको प्रति घनमिटर रु.१३८।- ले रु.२० लाख ४१ हजार बढी लागत परेको छ । त्यस्तै जनताको तटबन्ध कार्यालय, सर्लाहीले ग्याबियन क्रेरटमा ढुङ्गा भर्ने कार्य गर्न २७ वटा उपभोक्ता समितिसँग सम्झौता गरेकोमा लागत अनुमानमा अदक्ष ज्यामी ०.५ राख्नुपर्नेमा दक्ष ज्यामी ०.५ राखेको कारण १२ हजार ९४६.७७ घनमिटरको प्रति घन मिटर रु. १६०।- ले रु. २० लाख ७१ हजार बढी भुक्तानी भएको छ । त्रुटिपूर्ण लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

## जल तथा मौसम विज्ञान विभाग

१६. **लमसम सम्झौतामा भेरिएसन -** विश्व बैङ्कको खरिदसम्बन्धी मार्गदर्शनको बुँदा ४.१ मा लमसम सम्झौता निश्चित अवधिमा, निश्चित कार्यको लागि निश्चित रकममा आधारित हुने साथै भुक्तानीको आधार प्राप्त नतिजा र माइलस्टोन पूरा गरेअनुसार हुने व्यहोरा उल्लेख छ । परामर्शदातासँगको सम्झौतामा दुवै पक्षको लिखित सहमतिमा सम्झौताको शर्त तथा अवस्था र कार्यक्षेत्रमा संशोधन गर्न सक्ने व्यहोरा उल्लेख छ । तर सम्झौता रकममा वृद्धि गर्ने सम्बन्धमा उल्लेख गरेको देखिँदैन । जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाले एक अन्तर्राष्ट्रिय परामर्शदातासँग अमेरिकी डलर २१ लाख ४१ हजार २६४ मा लमसम खरिद सम्झौता गरेकोमा अमेरिकी डलर २२ लाख ८५ हजार ३८३ हुने गरी भेरिएसन स्वीकृत गरेको छ । भेरिएसनवाट डेपुटी टिम लिडरको पारिश्रमिक, परामर्शदाताको भ्रमण खर्च र कार्यालय सञ्चालन खर्चमा वृद्धि गरेको छ । बैङ्कको मार्गदर्शनविपरीत लमसम खरिद सम्झौतामा रु.१ करोड ४४ लाख १२

हजार थप भुक्तानी दिने गरी भेरिएसन गर्नु कानुनसम्मत देखिएन । अतः कानुनविपरीत भेरिएसन आदेश जारी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७. **कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ बमोजिम स्वीकृत कार्यक्रम तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ । सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधारका लागि उपकरण खरिद तथा जडान गर्न एक कम्पनीसँग रु.१ करोड ९७ लाख ४१ हजारको खरिदसम्झौता भएकोमा रु.१ करोड ३८ लाख १९ हजार भुक्तानी भएको छ भने म्याद थप गर्दा समेत काम सम्पन्न गरेको छैन । खरिदसम्झौतामा उल्लिखित काममध्ये भी.एम.वेयर लाइसेन्सको काम बाँकी रहेको छ । उक्त लाइसेन्स उपलब्ध गराउने कार्य नभएमा जडान भएको उपकरणलगायतका संरचना क्रियाशील नहुने अवस्था छ । सार्वजनिक खरिद ऐनबमोजिम आवश्यक कारबाही गरी उक्त काम सम्पन्न गर्नुपर्दछ ।

## विद्युत विकास विभाग

१८. **सम्झौता रद्द** - विद्युत नियमावली, २०५० को नियम ११ मा सर्वेक्षण अनुमतिपत्रमा उल्लिखित अवधि भित्र सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संस्थालाई अनुमतिपत्र प्रदान नगरिने उल्लेख छ । कर्णाली स्टेज १ (१८४ मेगावाट) जल विद्युत आयोजनाको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न एक परामर्शदातासँग रु.१७ करोड ७२ लाख ३४ हजारको सम्झौता भएकोमा उक्त आयोजनाको कार्य क्षेत्रमा ४० मिटर दोहोरो पर्ने गरी फुकोट कर्णाली जलविद्युत आयोजनालाई सर्वेक्षण अनुमतिपत्र जारी भएको कारण कर्णाली स्टेज १ आयोजनासँगको सम्झौता रद्द गरेको छ । सम्झौताअनुसार प्रारम्भिक (इन्स्सेप्सन) रिपोर्ट तयार गरेबापत परामर्शदातालाई रु.२ करोड ६४ लाख ७२ हजार भुक्तानी दिएपछि सम्झौता रद्द भएकोले उक्त खर्च उपलव्धिविहीन हुन गएको छ ।

त्यसैगरी अपरखुदी ए जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न परामर्शदातासँग रु.१ करोड ६४ लाख २६ हजारको सम्झौता भएकोमा भौगोलिक विकटता र अन्नपूर्ण संरक्षित क्षेत्रभित्र परेको उल्लेख गरी सम्झौता रद्द गरेकोले परामर्शदातालाई प्रारम्भिक प्रतिवेदन तयारी बापत भुक्तानी दिएको रु.२७ लाख ८४ हजार उपलब्धिविहीन हुन गएको छ । भौगोलिक विकटता र अन्नपूर्ण संरक्षित क्षेत्रभित्र पर्ने विषय आयोजना छनौट गर्नुपूर्व नै जानकारी हुने विषय भएकोले सो पक्षमा ध्यान नदिँदा उक्त रकम नोक्सानी भएको छ ।

उल्लिखित दुवै कार्यमा नेपाल सरकारलाई परेको नोक्सानी सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१९. **प्रभाव मूल्याङ्कन** - विश्व बैङ्कको अनुदान सहयोगमा सञ्चालित कावेली ए जलविद्युत योजनाको तमोर वेशिनको समष्टिगत प्रभाव मूल्याङ्कन गर्न एक परामर्शदातासँग २०७५।५।१८ मा ३ वर्षको लागि अमेरिकी डलर ११ लाख ७८ हजार १४० र ने.रु.३ करोड ३९ लाख ८८ हजारको सम्झौता भएकोमा प्रारम्भिक प्रतिवेदन तयारी बापत अमेरिकी डलर १ लाख १७ हजार ८१४ र ने.रु.३३ लाख ९९ हजार भुक्तानी भएको छ । विश्व बैङ्कसँगको सम्झौता २०७६।९।१४ मा समाप्त भएकोमा म्याद थप भएको छैन । प्रभाव मूल्याङ्कन कार्य समाप्त नहुँदै अनुदान सहायता सम्झौताको म्याद समाप्त भएको कारण हालसम्मको खर्च उपलब्धिविहीन भएको देखिन्छ ।

२०. **अनुमतिपत्र** - विद्युत नियमावली,२०५० को नियम २१ (१) मा अनुमति प्राप्त गरेको मितिवाट सर्वेक्षण कार्य ३ महिनाभित्र र उत्पादन, प्रसारण तथा वितरण कार्य एक वर्षभित्र कार्य शुरु गरी विभागलाई

जानकारी दिनुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त विवरण अनुसार २०७५।७६ सम्म कुल ७ हजार ३९५ मेघावाट क्षमताका १९८ आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र जारी भइ निर्माण चरणमा रहेको र १४ हजार २६८ मेघावाट क्षमताका १७१ आयोजनाका प्रवर्द्धकलाई सर्वेक्षण अनुमतिपत्र जारी भई अध्ययन चरणमा रहेको देखिएको छ । उक्त प्रवर्द्धकहरुले गरेको कामको अद्यावधिक प्रगति विवरण तथा विभागवाट भएको अनुगमन अवस्था देखिने अभिलेख नराखेकोले उक्त दुवै कामको वास्तविक अवस्थाको मूल्याङ्कन हुन सक्ने देखिएन । अभिलेख अद्यावधिक गरी सम्झौताअनुसार कार्य नगर्नेलाई प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

२१. **रोयल्टी** - विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेपछि नेपाल सरकारलाइ रोयल्टी वुझाउनुपर्ने व्यवस्था छ । गत वर्षसम्मको असुल गर्न बाँकी रोयल्टी रु.९६ करोड २२ लाख १० हजारसमेत रु.३ अर्ब ४६ करोड ४४ लाख ५६ हजारमध्ये रु.३ अर्ब १ करोड ७० लाख १४ हजार असुल भई रु.४४ करोड ७४ लाख ४२ हजार बाँकी रहेकोमा प्रारम्भिक प्रतिवेदनमा औंल्याएपछि विभिन्न मितिमा रु.३७ करोड ८० लाख १२ हजार असुल भई रु. ६ करोड ९४ लाख ३० हजार असुल गर्नुपर्ने देखिएको छ । उक्त रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

## रानी जमरा कुलरिया सिँचाइ आयोजना, कैलाली

रानी, जमरा र कुलरीया सिँचाइ प्रणालीको आधुनिकीकरण र सुदृढीकरण गरी कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले यस आयोजनाको स्थापना भएको देखिन्छ । कर्णाली नदीको चिसापानीमा साइड इन्टेक निर्माण गरी मूल नहर तथा फिडर नहर निर्माण गरी रानी, जमरा र कुलरीया नहर प्रणालीबाट १४ हजार, लम्की विस्तारबाट ६ हजारसमेत २० हजार हेक्टर जग्गामा सिँचाइ गर्ने, १०.६ कि.मि. फिडर नहर, तीन कन्ट्रोल रेगुलेटर, पहुँच मार्ग निर्माणसमेतको काम विश्व बैङ्कको प्रथम चरणको सहयोगमा सम्पन्न भइसकेको छ । दोस्रो चरणमा रानी, जमरा र कुलरिया क्षेत्रको कमाण्ड क्षेत्र विकास र पथरैया नदी नियन्त्रण गरी कमान्ड क्षेत्र बचाउ कार्यक्रमको सम्झौता भई कार्यान्वयन शुरु भएको छ ।

२२. **प्रगति** - प्रथम र दोस्रो चरणमा विश्व बैङ्कको १०९ मिलियन, नेपाल सरकारको ८ मिलियन तथा उपभोक्ता संस्थाबाट ४ मिलियनसमेत अमेरिकी डलर १२१ मिलियन खर्च गर्ने गरी विश्व बैङ्कसँग सम्झौता भएको देखिन्छ । यो वर्ष इन्टेक निर्माण सिभिल कार्य, कार्यालय भवन निर्माण, विस्तृत अध्ययन, वातावरणीय अध्ययन र तेस्रो चरणको तयारीका लागि आवश्यक अध्ययन, परामर्श लगायत ५ क्रियाकलापमा शून्य, ३ मा ५० प्रतिशतभन्दा कम र ४ मा ७५ प्रतिशतभन्दा कम प्रगति रहेको देखिन्छ । आयोजनाले स्वीकृत लक्ष्यअनुसार प्रगति नभएको सम्बन्धमा कारण खुलाएको छैन । स्वीकृत कार्यक्रमअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

२३. **संरचना निर्माण र उपयोग** - साइड इन्टेकवाट मूल नहरमा प्राप्त हुने १०० क्युमेक पानीमध्ये डिसिल्टिङ्ग बेसिनमा जम्मा भएको बालुवा सफा गर्न २० क्युमेक प्रयोग हुने र बाँकी ८० मध्ये ५५ क्युमेक पानी रानी जमरा र कुलरिया शाखा नहरमा छाड्ने गरी ७.८ किलोमिटर नहर प्रथम चरणमा सम्पन्न भएको छ । तत्पश्चात बाँकी रहने २५ क्युमेक पानी लम्की विस्तार फिडर नहरमा छोड्ने योजना रहेको देखिन्छ । तर आयोजनाले लम्की विस्तार फिडर नहरलाई पथरैयादेखि कान्द्रासम्म विस्तार गरी २४ हजार हेक्टर जग्गामा सिँचाइ गर्न ४० क्युमेक क्षमताको फिडर नहर निर्माण गरेको छ । लम्की नहरतर्फ ४० क्युमेक पानी पठाएपछि रानी, जमरा र कुलरिया क्षेत्रको लागि बाँकी रहेको ४० क्युमेक पानीले १४ हजार हेक्टर

कमान्ड क्षेत्र सिँचित गर्न पर्याप्त हुने देखिँदैन । लम्की विस्तार फिडर नहरमा जाने ४० क्युमेक पानीवाट २४ हजार हेक्टर सिँचित हुन नसक्ने कारण आलोपालो प्रणालीबाट सिँचाइ गर्नुपर्ने अवस्था देखियो ।

त्यसैगरी हाइड्रोपावर पूर्ण क्षमतामा सञ्चालन गरी ४.७१ मेघावाट विद्युत उत्पादन गर्न ८० क्युमेक पानी चाहिने भए तापनि फिडर नहरमा उपलब्ध ४० क्युमेकबाट एक तिहाईमात्र विद्युत उत्पादन हुन गई दुई तिहाई क्षमता खेर जाने अवस्था देखिन्छ भने ८० क्युमेक पानीको लागि ९५ क्युमेक क्षमताको नहर निर्माण गरेकोले नहरको क्षमता समेत निष्क्रिय रहन जाने अवस्था देखिन्छ । यस कार्यको निर्णय लिने सम्बन्धित आयोजना प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

२४. **सिँचाइ र कृषि कार्यक्रम -** कृषि तथा सहकारी मन्त्रालय मातहत कृषि कार्यक्रम कार्यान्वयन इकाई संचालित छ । आयोजना अवधिमा कुल २३ हजार ६२२ कृषक घरधुरीमध्ये ५ हजार ६०० घरधुरीमा मात्र कृषि कार्यक्रम पुऱ्याएको देखिन्छ । कृषि उत्पादन प्रसोधन र भण्डारणको लागि निर्माण भइरहेको पूर्वाधार अपर्याप्त रहेको र वजारीकरणको लागि कार्यक्रम नै राखेको देखिँदैन । सिँचाइतर्फ रानी, जमरा र कुलरीया क्षेत्रमा प्रथम चरणमा १०.६ कि.मि. फिडर नहर तथा रेगुलेटिङ गेटहरु निर्माण गरिए पनि कमान्ड क्षेत्रको विकास तथा सुदृढीकरण गर्ने कार्य शुरु भई नसकेको तथा निर्मित नयाँ सिँचाइ प्रणालीका कामहरु अधुरा रहन गई पानी सञ्चालन हुन नसकेकोले पुरानो प्रणालीबाट प्राप्त पानी गर्मी याममा नपुग भई धान बाहेक अन्य बालीको लागि आलोपालो सिँचाइ गर्नु परेको अवस्था देखिन्छ । रानी, जमरा र कुलरीया शाखा नहरको क्षेत्रमा पर्ने १४ हजार हेक्टरमध्ये करिब ३ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छैन । सिँचाइ र कृषिका कार्यक्रमम समन्वयात्मक रुपले अघि बढाउनुपर्दछ ।

२५. **पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद सम्झौतामा व्यवस्था भएअनुसार पेस्की दिने, भुक्तानी तथा फछ्र्यौट गर्ने व्यवस्था छ ।

२५.१ निर्माण व्यवसायीसँग भएको सम्झौतामा उल्लेख भएअनुसार १० प्रतिशत भुक्तानीपछि प्रत्येक रनिङ बिलबाट ३० प्रतिशतका दरले मोबिलाइजेसन पेस्की कट्टा गर्दै जानुपर्नेमा दुई ठेक्काको भुक्तानी गर्दा रु.८ करोड ७० लाख ४ हजार पेस्की कट्टी गरेको छैन ।

२५.२ खरिद सम्झौतामा निर्माण सामग्री पेस्की दिने व्यवस्था नरहेकोमा फिडिक निर्देशिकालाई आधार लिई एक निर्माण व्यवसायीलाई विगत ३ वर्ष देखि रु.३३ करोड ७५ लाख ८१ हजार निर्माण सामग्री पेस्की भुक्तानी दिएको मध्ये २०७५।७६ सम्म रु.२५ करोड ६५ लाख ३० हजार बाँकी रहेको छ । फिडिक निर्देशिका अनुसार सामान खरिद गरेको बिलको आधारमा यस्तो पेस्की दिन सकिनेमा बिल बेगर चालु आर्थिक वर्षमा रु.३ करोड २९ लाख ६० हजार थप पेस्की दिएको छ । सम्झौता विपरीत दिएको निर्माण सामग्री पेस्कीमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) अनुसार बैङ्क जमानतको रकम प्राप्त गरी वार्षिक १० प्रतिशतका दरले रु.३३ लाख ८६ हजार ब्याज लगाई पेस्की रकमसमेत असुल गर्नुपर्दछ ।

२५.३ सोही निर्माण व्यवसायीलाई फलामे डण्डी खरिद गर्न २०७४।६।६ मा दिएको पेस्कीमध्ये २०७६ आषाढसम्म रु.६ करोड ७६ लाख ६४ हजार बाँकी देखिन्छ । खरिद गरिएको डण्डी प्रयोग गरेपछि नापजाँचको आधारमा पेस्की फछ्र्यौट गर्नुपर्नेमा स्थलगत अवलोकन गर्दा कार्यस्थलमा उक्त डण्डीहरु मौज्दात नरहेकोले फलामे डण्डी खरिदगर्न उक्त पेस्की प्रयोग भएको देखिएन । सोही नियमअनुसार २ वर्ष १ महिनाको वार्षिक १० प्रतिशतका दरले रु.१ करोड ४० लाख ९७ हजार ब्याज लगाई पेस्की रकमसमेत असुल गर्नुपर्दछ ।

२५.४ यो वर्षको अन्त्यमा विभिन्न निर्माण व्यवसायीको नाममा रु.५५ करोड १ लाख ५८ हजार पेस्की बाँकी भएकोमा निर्माण व्यवसायीले खर्चको प्रयोजन खुल्ने विवरण पेस गर्ने नगरेका र आयोजनाले पेस्की रकमको उपयोग सम्बन्धमा अनुगमन गरेको पाइएन । नियमको पालना गरी पेस्की रकमको अनुगमन गरी कारबाही गर्नुपर्दछ ।

२६. **मूल्य समायोजन** - आयोजनाले एक परामर्शदातासँग गरेको सम्झौतामा पेस्की दिने व्यवस्था नभए तापनि सम्झौताविपरीत रु.१ करोड १५ लाख पेस्की दिएको र सो पेस्की मूल्य समायोजन गणना गर्दा घटाउनु पर्नेमा नघटाई गणना गरेकोले बढी भुक्तानी भएको मूल्य समायोजन रु.१४ लाख ९३ हजार असुल गर्नुपर्ने तथा सम्झौताविपरीत पेस्की दिन पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२७. **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) तथा खरिद सम्झौताको विशेष शर्तमा निर्माण कार्यको भुक्तानीमा कट्टा गरेको धरौटीको ५० प्रतिशत रकम त्रुटि सच्चाउने अवधि समाप्त भई आयोजनाले निर्मित संरचना जिम्मा लिएपछि भुक्तानी दिने प्रावधान भएकोमा त्रुटि सच्चाउने अवधिमा गर्नुपर्ने कार्य सम्पन्न नगरेको र कार्य सम्पन्न प्रमाणपत्र जारी नभएको अवस्थामा प्रथम चरणमा निर्मित फिडर नहरका एक निर्माण व्यवसायीलाई पहिलो किस्ता धरौटी रु.२ करोड १३ लाख ९ हजार फिर्ता गरेको छ । सो अवधिमा सच्चाउनुपर्ने त्रुटि सच्चाउन आयोजनाले जारी गरेको सूचीअनुसारका केही कार्यहरु नगरेको र साइट निरीक्षण गर्दा निर्माण व्यवसायी साइटमा कार्यरतसमेत नरहेको अवस्थामा सम्झौताविपरीत भुक्तानी गरेको धरौटी रकम असुल गरी त्रुटिपूर्ण कामहरु सच्चाउनुपर्दछ ।

२८. **सवारीसाधन भाडा** - सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन भाडामा लिने प्रावधान नराख्ने उल्लेख छ । एक निर्माण व्यवसायीलाई यस वर्ष निर्माण कार्यको गाडी भाडा रु.१९ लाख ३६ हजार भुक्तानी गरेको छ । आयोजनामा ११ सवारीसाधन चालु हालतमा रहेको अवस्थामा सार्वजनिक लेखा समितिको निर्णयविपरीत भुक्तानी गर्न मिल्ने देखिँदैन ।

२९. **गुणस्तर व्यवस्थापन** - निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा गुणस्तर कायम गर्ने सम्बन्धमा उल्लेख भएका व्यवस्थाहरुको पालना गरी निर्माण कार्य गुणस्तरयुक्त रहेको सुनिश्चित गर्नुपर्दछ । एक ठेक्काको सर्तमा साइटमा प्रयोगशाला स्थापना गरेपछि प्रयोगशाला स्थापना बापतको रकम भुक्तानी दिनुपर्नेमा प्रयोगशाला स्थापना नगरी रु.१५ लाख भुक्तानी दिएकोले उक्त रकम निर्माण व्यवसायीवाट असुल गर्नुपर्दछ । अर्को एक निर्माण व्यवसायीलाई प्रयोगशाला स्थापना गर्न रु.१५ लाख भुक्तानी गरेको छ । साइट निरीक्षण गर्दा प्रयोगशालामा फलामे डन्डी, सीबीआर र डिस्परसिभ स्वायल परीक्षण गर्ने मेसिनहरु नराखेको कारण बाहिरवाट परीक्षण गर्ने गरेको जानकारी प्राप्त भयो । निजले प्राप्त गरेको रकमबाट स्पेसिफिकेसनअनुसार त्यस्तो परीक्षण गर्ने मेसिनहरु निर्माण व्यवसायीले खरिद गर्नुपर्नेमा नगरी ल्याव अधुरो रहेको हुँदा खरिदनभएका मेसिनहरुको मूल्य यकिन गरी असुल गर्नुपर्दछ ।

एक ठेक्कामा परामर्शदाताले पेस गरेको प्रतिवेदनमा माटोको घुलनशीलता परीक्षण गर्ने सुविधा प्रयोगशालामा नभएको व्यहोरा उल्लेख छ । प्रयोगशाला स्थापना र परीक्षणसमेतको लागि निर्माण व्यवसायीलाई रु.२ करोड ४० लाख भुक्तानी गरेकोमा सो रकमबाट स्पेसिफिकेसनअनुसार सुविधा सम्पन्न ल्याव स्थापना गर्नुपर्नेमा उक्त परीक्षण गर्ने मेसिन/उपकरण खरिद नगरेको कारण प्रयोगशाला अधुरो रहेको छ । सोको लागि चाहिने मेसिन प्रयोगशालामा राख्न लगाउनुपर्ने र नराखेमा सो बापत भुक्तानी रकम असुल गर्नुपर्दछ ।

## सिक्टा सिँचाइ आयोजना

बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी ४२ हजार ७६६ हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यसहित स्थापित आयोजनाको शुरु लागत अनुमान रु.७ अर्ब ४४ करोड ७६ लाख रहेकोमा पटक-पटक संशोधन गरी हाल रु.२५ अर्ब २ करोड पुऱ्याएको र अवधि २०७६।७७ सम्म रहेको छ । तीन चरणमा पूरा हुने आयोजनाको पहिलो चरणमा हेडवर्क्स, डिसिल्टिङ्ग बेसिन र ब्यारेज गेट निर्माण, दोस्रो चरणमा मूल नहर तथा शाखा नहरको काम र तेस्रो चरणमा कमाण्ड क्षेत्र विकास सम्बन्धी काम गरिने लक्ष्य रहेको छ । गत वर्षसम्म रु.१४ अर्ब ४७ करोड १९ लाख र यो वर्ष रु.१ अर्ब ४७ करोड २३ लाखसमेत कुल रु.१५ अर्ब ९४ करोड ४२ लाख (लागत अनुमानको ६३.७ प्रतिशत) खर्च भएको छ ।

३०. **समग्र प्रगति -** आयोजनाको मूल बाँधको संरचना निर्माण कार्य र गेट निर्माण तथा जडान कार्य सम्पन्न भएको, पश्चिमतर्फको ४५.२५० कि.मि. नहर निर्माण कार्य सम्पन्न भएको, पूर्वतर्फको ५३ कि.मि. नहर र सिँचाइ प्रणालीको काम चालु रहेको छ । पश्चिम मूल नहरअन्तर्गत ७ वटा शाखा नहर रहेकोमा सिंधनिया शाखा नहर करिब ७९ प्रतिशत सम्पन्न भएको, डुण्डुवा शाखा नहरको प्रगति ६ प्रतिशत रहेको र अन्य ५ शाखा नहरको प्रगति ४ प्रतिशत देखिन्छ । आयोजना सम्पन्न हुने अवधि १ वर्षमात्र बाँकी रहेको र हालसम्मको कुल भौतिक प्रगति ६० प्रतिशतमात्र भएकोले आयोजना लक्षित अवधिमा सम्पन्न हुने अवस्था छैन । तसर्थ लक्षित अवधिमा योजना सम्पन्न गर्न थप सक्रियतापूर्वक कार्य गर्नुपर्दछ ।

३१. **पूर्वी नहर निर्माण -** आयोजनाको पूर्व क्षेत्रमा पर्ने ९ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन ५३ कि.मि. मूल नहर शाखा/उपशाखा नहरहरु र सोसँग सम्बन्धित संरचनाहरु निर्माण गर्न अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसँग २७ महिनामा सम्पन्न गर्ने गरी रु.३ अर्ब ६ करोड ९९ लाखको सम्झौता २०७४।७।२४ मा भएको छ । निर्माण व्यवसायीलाई रु.७३ करोड ८५ लाख २७ हजार (सम्झौता रकमको २४.०६ प्रतिशत) तथा मूल्य समायोजन रु.१० करोड ५२ लाख ८० हजारसमेत रु.८४ करोड ३८ लाख ७ हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

३१.१ उक्त ठेक्काको ८५ प्रतिशत अवधि समाप्त भएकोमा २४ प्रतिशतमात्र वित्तीय प्रगति भएको छ भने भौतिक प्रगति सोभन्दा कम रहेको छ । निर्माण व्यवसायीले गत वर्ष रु.३९ करोड ५० लाख पेस्की लिएको देखिन्छ । खरिद सम्झौतामा प्रत्येक महिनाको अन्तमा अन्तरिम भुक्तानीको लागि बिल पेस गर्नुपर्ने व्यवस्था भए तापनि निजले २०७५ आश्विनमा मात्र प्रथम बिल पेस गरेको देखिन्छ । साइटमा पूर्णरुपमा परिचालित भएको भनी २०७४ फागुनमा दोस्रो किस्ता पेस्की दिएकोमा ४ महिना (२०७५ आषाढ मसान्त) सम्म पनि रनिङ बिल प्राप्त नभएकोले सम्झौताको शर्त पूरा नहुँदै दोस्रो किस्ता पेस्की दिएको देखिन्छ । निजले समयमै काम शुरु नगरेको कारण प्रथम रनिङ बिलबाटै ११.१४ प्रतिशत मूल्य समायोजन दिनु परेको छ । कार्यतालिकाअनुसार काम नगरेकोले बढी दरमा मूल्यवृद्धि दिनुपरेको देखिन्छ । कार्यतालिकाबमोजिम समयमै कार्य सम्पन्न गर्नुपर्दछ ।

३१.२ खरिद सम्झौतामा निर्माण व्यवसायीले निर्माण कार्य, तेस्रो पक्ष र निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । सम्झौताको बिल अफ क्वान्टिटिमा बीमाको लागि ३ आइटममा प्रोभिजनल सममा रु.१ करोड १८ लाख ३७ हजार राखेको र बीमा गरी निर्माण व्यवसायीले प्रिमियम तिरेको बिल बीजकको आधारमा ३ किस्तामा भुक्तानी हुने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गरी रु.४ लाख ४२ हजार र निर्माण कार्य, मेसिन उपकरण तथा तेस्रो पक्ष बीमा गरी रु.९९ लाख ३६ हजार प्रिमियम तिरेको बिल बिजक पेस गरेको छ । निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा प्रिमियम रु.४ लाख ४२ हजारको बिल पेस भएकोमा रु.२६ लाख ३१ हजार

भुक्तानी भएकोले बिलभन्दा बढी भुक्तानी भएको मूल्य अभिवृद्धि करसमेत रु.२४ लाख ७३ हजार असुल हुनुपर्दछ ।

३१.३ कार्यसम्पादन जमानत बापतको बैङ्क कमिसनको लागि बिल अफ क्वान्टिटीमा प्रोभिजनल सममा रु.१३ लाख १५ हजार राखेकोमा सो रकम वास्तविक खर्चको आधारमा भुक्तानी गर्नुपर्नेमा बिल बिजक बेगर पूरै रकम भुक्तानी गरेकोले मूल्य अभिवृद्धि करसमेत रु.१४ लाख ८६ हजार असुल हुनुपर्दछ ।

३२. **पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा परामर्शदातालाई दिएको पेस्की खरिद सम्झौताबमोजिम कट्टा गर्नुपर्ने व्यवस्था छ । पश्चिमतर्फको १०.२५० किलोमिटर मूल नहर निर्माण कार्यको लागि परामर्शदातासँग भएको सम्झौतामा प्रत्येक बिलबाट २५ प्रतिशतका दरले पेस्की कट्टा गर्नुपर्नेमा निजलाई दिएको पेस्की रु.२४ लाख अन्तिम बिल रु.१ करोड ५५ लाख २१ हजार भुक्तानी गर्दा समेत पेस्की कट्टा गरेको देखिएन । सम्झौता बमोजिम पेस्की कट्टा नगरी भुक्तानी दिने जिम्मेवार पदाधिकारीलाई कारबाही गरी पेस्की तथा १० प्रतिशत ब्याज रु.९ लाख ५६ हजारसमेत असुल हुनुपर्दछ ।

३३. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले कार्यसम्पादन नगरेको कारण खरिद सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ । सिंघानिया शाखा नहर प्रणाली निर्माण कार्यको निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेको कारण खरिद सम्झौताको अन्त्य गरी कालोसूचीमा राखेको छ । ठेक्का अन्त्य गरेपछि निजको नाममा बाँकी रहेको पेस्की र कार्यसम्पादन जमानत जफत गरेपनि बाँकी काम गर्न लाग्ने थप रकम,जफत भएको पेस्की रकमको ब्याज, प्रथम रनिङ बिल भुक्तानी भएकोमा सो काममा भएको त्रुटि सच्चाउन लाग्ने रकम, आयोजनाले गुमाउनु परेको प्रतिफल, निजले तयार गरेको संरचना भत्काउनुपर्ने लागत, साइट सफा गर्दा लाग्ने लागत र मध्यस्थकर्ता तथा कानुन व्यवसायीलाई दिनुपर्ने शुल्कसमेत रु.१ अर्ब १३ करोड ११ लाख असुल गर्ने निर्णय भए तापनि असुल भएको छैन ।

साथै, उक्त कामको सुपरिवेक्षण गर्न नियुक्त परामर्शदातालाई परामर्श शुल्क रु.१ करोड २६ लाख ३३ हजार भुक्तानी भएकोमा निर्माण कार्य नगरेको कारण सो खर्च उपयोगविहीन देखिएकोले सो समेत निर्माण व्यवसायीसँग सरकारी बाँकी सरह असुल हुनुपर्दछ ।

३४. **ठेक्का कार्यान्वयन** - यस आयोजनामा २०७५।७६ मा चालु रहेका र विगतमा सम्पन्न भएता पनि ठेक्का फरफारक नभएका संख्या ३५ रहेको मध्ये १२ ठेक्काको काम सम्पन्न भएको, १ ठेक्का तोडेको र २२ ठेक्काको काम चालु रहेको मध्ये १५ वटा ठेक्काको म्याद समाप्त भै सकेको छ । ती ठेक्काका निर्माण व्यवसायीलाई दिएको पेस्की रु.५ करोड १६ लाख ४० हजार फछर्यौट हुन बाँकी नै रहेको छ । सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता बमोजिम ती ठेक्काको म्याद थप गर्ने वा पूर्व निर्धारित क्षतिपूर्ति लिने सम्बन्धमा निर्णय गरेको देखिएन । म्याद समाप्त भैसकेको उक्त पेस्कीमा ब्याजसमेत असुल गर्नुपर्दछ ।

३५. **समस्याग्रस्त नहर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यसम्पन्न भई त्रुटि सच्चाउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ, डिजाइन र स्पेसिफिकेसनबमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस आयोजनाले निर्माण कार्य गराएको पश्चिमतर्फको मूल नहरको १७.७०० देखि ३५ किलोमिटरसम्म मूल नहर र सम्बन्धित संरचनाहरु निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ अर्ब ११ करोड ७६ लाखको सम्झौता भएकोमा भेरिएसन गरी रु.२ अर्ब ४३ करोड ९ लाख कायम गरेको छ । निर्माण व्यवसायीलाई २०७२।१।९ सम्म मूल्य समायोजन र नोक्सानी दावी समेत रु. ३ अर्ब २ करोड ४८ लाख भुक्तानी भएको देखिन्छ ।

निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको भनी अन्तिम बिल पेस गरी मूल्य समायोजन समेत रु.१ करोड ८७ लाख ७१ हजार भुक्तानी दाबी गरेको छ ।

आयोजनाले त्रुटि सच्चाउने अवधि २०७३।१।१९ सम्म रहने गरी २०७२।२।१० मा नहर जिम्मा लिएकोमा ९ महिना त्रुटि सच्चाउने अवधि थप गरेको र सो अवधिमा सच्चाउनुपर्ने त्रुटिहरु सच्चाउन आयोजनाले पटक-पटक ताकेता गर्दा पनि निर्माण व्यवसायीले सुधार गरेको छैन । मूल नहरमा पानी परीक्षण गर्ने क्रममा २०७३।३।१३ मा नहर एक स्थानमा भत्कन गएको र पुनः पानी सञ्चालन गर्दा २०७५।४।७ मा समेत नहरको चंगाई नाला नजिक एक स्थानमा भत्कन गई नहर समस्याग्रस्त हुन गएको देखिन्छ । उक्त नहरमा थप क्षति हुन नदिन मन्त्रिपरिषदबाट २०७६।१।१० मा नहर मर्मत गर्न स्वीकृति दिएअनुसार क्षतिग्रस्त स्थानमा रिभर बेड मेटेरियलमा चुना मिसाई कम्प्याक्सन गर्ने कार्य गरी रु.१८ लाख २२ हजार खर्च गरेको छ । समस्याग्रस्त नहर मर्मत गर्न उपयुक्त प्रविधि र लागत सम्बन्धमा आयोजना अन्यौलमा रहेको अवस्था छ । मर्मत सम्भारका उपयुक्त प्रविधिको खोजी गरी नहर संरचनाको संरक्षण हुनुपर्दछ ।

३६. **ठेक्का फरफारक -** पश्चिमतर्फको मूल नहरको ३५ देखि ४५.२५० किलोमिटरसम्म निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७२।२।३२ मा रु.१ अर्ब ६३ करोड ५८ लाखको सम्झौता भएकोमा मूल्य समायोजन रु.६ करोड १४ लाख ८९ हजारसमेत रु.१ अर्ब ६४ करोड ६९ लाख भुक्तानी भएको छ । निर्माण कार्य सम्पन्न भई आयोजनाले २०७४।१२।२३ मा नहर जिम्मा लिएकोमा र त्रुटि सच्चाउने अवधि बाँकी रहेकोमा कार्य सम्पादन जमानत र बीमाको म्याद समाप्त भैसकेको छ । नहरमा हालसम्म पानी सञ्चालन भएको छैन भने ठेक्का समेत फरफारक भएको देखिएन । कार्यसम्पादन जमानत र बीमाको म्याद थप नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३७. **ठेक्काको कार्यक्षेत्र -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायले खरिद सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था छ । सिधानिया शाखा नहरको ६ किलोमिटरसम्म नहर र सोसँग सम्बन्धित संरचनाहरु निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७१।३।५ मा रु.९ करोड ३२ लाखको खरिद सम्झौता भएकोमा सम्झौताको म्याद २०७५।१०।२३ सम्म रहेको छ । उक्त ठेक्कामा इमबैङ्कमेन्टको उचाई बढाउनु परेको, नहरको विभिन्न स्थानमा स्थानीय मागअनुसार कंक्रिट संरचना थप गर्नुपरेको भनि १०.६९ प्रतिशत भेरिएसनबाट वृद्धि गरी संम्झौता रकम रु.१० करोड ३१ लाख ६३ हजार कायम गरेकोमा बिल अफ क्वान्टिटीको परिमाण समाप्त भएकोले ५.२ किलोमिटरसम्म मात्र काम सम्पन्न गरी निर्माण व्यवसायीलाई रु.९ करोड ९७ लाख ९७ हजार भुक्तानी दिई ठेक्का अन्त्य गरेको देखियो । सुरु सम्झौतामा उल्लिखित काममध्ये ८०० मिटरको काम बाँकी रहेको अवस्थामा निर्माण व्यवसायीले थप काम गर्न इन्कार गरेको कारण जनाई ठेक्का फरफारक गरेको छ । सम्झौताबमोजिमको कार्य सम्पन्न नगरी ठेक्का फरफारक गर्न मिल्ने देखिएन । बाँकी कार्य गर्न रु.४ करोड ३० लाख ५ हजारको लागत अनुमान स्वीकृत गरी अर्को एक निर्माण व्यवसायीसँग २०७६।२।५ मा रु.३ करोड २२ लाख ५४ हजारको सम्झौता गरेको छ । सम्झौता भएको करिब ५ वर्ष पछि सम्झौताको कार्यक्षेत्र भित्रको काम गर्न नसक्ने भनी सो ठेक्का फरफारक तथा अर्को ठेक्का सम्झौता गरी नेपाल सरकारलाई थप व्ययभार पार्नेलाई कानुनबमोजिम जिम्मेवार बनाउनुपर्दछ ।

३८. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५क(३) मा निसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्तिमा अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यो वर्ष मुआवजा रु.१६ करोड २९ लाख ६५ हजार भुक्तानी गर्दा कट्टा गर्नुपर्ने पुँजीगत लाभकर रु.४० लाख ७४ हजार कट्टा नगरेकोले असुल हुनुपर्दछ ।

## भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुर्खेत जिल्ला स्थित चिप्लेमा बाँध निर्माण गरी १२ किलोमिटर लामो सुरुङबाट भेरी नदीको पानी बबई नदीमा मिसाई ४८ मेगावाट विद्युत उत्पादन र ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा प्रदान गर्ने उद्देश्यले यो आयोजना २०६८।६९ मा शुरु गरी २०७६।७७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधन गरी २०७९।८० कायम भएको छ । आयोजनाको शुरु लागत अनुमान रु.१६ अर्ब ४३ करोड रहेकोमा संशोधित लागत अनुमान रु. ३६ अर्ब ८० करोड ११ लाख कायम भएको छ । आयोजनाले २०७६ आषाढसम्म टनेल निर्माण, परामर्श सेवा, आयोजना व्यवस्थापन, ग्यारेज एक्सेस रोड, क्याम्प निर्माणसमेत गरी रु.१० अर्ब ७७ करोड ९८ लाख खर्च गरी ३८.०४ प्रतिशत भौतिक प्रगति गरेको र सुरुङ खन्ने काम २०७६ वैशाखमा सम्पन्न भएको छ ।

३९. **बीमा भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बिमा गराउनुपर्ने व्यवस्था छ । खरिदसम्झौताअनुसार निमार्ण व्यवसायीले निर्माण सामग्री, मेसिन औजार र तेस्रो पक्ष कामदारको बीमा गर्नुपर्दछ । सम्झौता बिल अफ क्वान्टिटीमा प्रोभिजनल समअन्तर्गत निर्माण कार्य तथा उपकरणको बीमा गर्न प्रोभिजनल सममा रु.१ करोड ५० लाख व्यवस्था भएकोमा रु.२ करोड ६० लाख ६३ हजार भुक्तानी गरेकोले सम्झौताभन्दा रु.१ करोड १० लाख ६३ हजार बढी भुक्तानी भएको छ । यस वर्ष बढी भुक्तानी भएको रु.२३ लाख ९० हजार असुल हुनुपर्दछ ।

४०. **इन्जिनियरिङ सुविधा** - सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटमहरु मात्र समावेश गर्नुपर्ने र २०६९।१।८ पछि ठेक्का सम्झौता गर्दा निर्माण कार्यसँग असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिले निर्णय गरेको छ । टनेल निर्माणको बिल अफ क्वान्टिटीमा डबल क्याबिन पिकअप, मोटरसाइकल, भेइकल मन्थमा लजिस्टिक फेसिलिटी, कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, साइट अफिस क्वार्टर लगायतको कार्यको लागि रु. १६ करोड ६३ लाख ३७ हजार समावेश गरी यो वर्षको रु.४९ लाख ६० हजारसमेत रु.४ करोड ५२ लाख ५४ हजार भुक्तानी भएको छ । आयोजनाले खरिद गरेको रु.१ करोड १६ लाखको टोयोटा फर्चुनर गाडी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाएकोमा फिर्ता भएको छैन । आयोजनाको बजेटबाट खरिद गरेको गाडी अन्यत्र पठाई आयोजनाको लागि निर्माण कार्यको लागतमा समावेश गरी सवारीसाधन लगायत कार्यमा खर्च गरेको उचित देखिएन ।

४१. **धरौटी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ तथा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा अमेरिकी डलरमा भुक्तानी गर्दा सोको ५ प्रतिशतले हुने नेपाली रुपैयाँ कट्टा गरी धरौटी खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । भुक्तानी गर्दाको विनिमय दरअनुसार रु.९ करोड ३५ लाख १५ हजार धरौटी कट्टा गर्नुपर्नेमा सम्झौता गर्दाको विनिमय दरअनुसार रु.८ करोड ३ लाख ११ हजार धरौटी कट्टी गरेकोले घटी रु.१ करोड ३२ लाख ४ हजार धरौटी खातामा दाखिला गर्नुपर्दछ ।

## बबई सिँचाइ आयोजना

बबई नदीको पूर्वतर्फ २१ हजार र पश्चिमतर्फ १५ हजार गरी ३६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ आयोजना कार्यान्वयनमा रहेको छ । मन्त्रालयबाट २०७६।१।१० मा चौथो पटक संसोधित गुरुयोजनाअनुसार अनुमानित लागत रु.१८ अर्ब ९६ करोड ३० लाख हुने र २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनामा २०७६ आषाढ मसान्तसम्म रु.७ अर्ब ६५ करोड ४० लाख (कुल लागत अनुमानको ४०.३६ प्रतिशत) खर्च भएको देखिन्छ ।

४२. **प्रगति -** गुरुयोजनाअनुसारको कुल कार्यमध्ये २०७५।७६ सम्मको भौतिक प्रगति तयार गरेको छैन । आयोजनाको कुल कार्यमध्ये मूल नहर निर्माण गर्ने कार्य २०.२० कि.मि., शाखा उपशाखा नहर १३७ कि.मि., सर्भिस रोड विस्तार ११२.१२ कि.मि., ड्रेनेज निर्माण कार्य १९.७० कि.मि., सिँचित क्षेत्र विकास तथा विस्तार कार्य ३५ हजार ८७० हेक्टरमा सम्पन्न गर्न बाँकी रहेको देखिन्छ । आयोजनाको कार्यतालिकाबमोजिम कार्यसम्पन्न गरी प्रगति विवरण तयार गर्नपर्दछ ।

४३. **बजेट उपयोग -** आयोजनालाई यो वर्ष रु.१ अर्ब २४ करोड ९७ लाख विनियोजन भएकोमा रु.७५ करोड ८० लाख (६०.६५ प्रतिशत) मात्र खर्च गरेको देखिन्छ । तोकिएको अवधिमा आयोजना सम्पन्न गर्न आवश्यक पर्ने बजेटको तुलनामा न्यून बजेट विनियोजन हुने र विनियोजित बजेटसमेत खर्च गर्न नसक्ने अवस्था छ । आयोजनाका कार्यहरु समयमा पूरा गर्न आवश्यक पर्ने बजेट विनियोजन गरी खर्च गर्ने क्षमता वृद्धि गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४४. **ठेक्का कार्यान्वयन -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद सम्झौतामा उल्लिखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । २०७५।७६ मा २९ खरिद सम्झौता कार्यान्वयनमा रहेको मध्ये ८ सम्पन्न भै २१ चालु अवस्थामा रहेका छन् । चालुमध्ये पटक-पटक म्याद थप गर्दासमेत १२ ठेक्काको कार्य सम्पन्न भएको छैन । तीमध्ये ८ ठेक्काका निर्माण व्यवसायीले लिएको मोविलाइजेशन पेस्की रु.२ करोड ८८ लाख ८० हजार बाँकी रहेको छ । खरिद सम्झौता, खरिद ऐन तथा नियमबमोजिम कारबाही गरी काम सम्पन्न गर्नुपर्दछ ।

४५. **रुग्ण ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(१) मा मनासिव कारण भएमा खरिद सम्झौताको अवधि थप गर्न सक्ने व्यवस्था छ । विगत वर्ष सम्झौता भएको मध्ये ४ ठेक्काका निर्माण व्यवसायीले विगत वर्षमा केही काम गरि भुक्तानी लिएकोमा यो वर्ष कुनै काम गरेको देखिएन । ती सबै ठेक्काको थप भएको म्याद समेत समाप्त भै सकेको छ । ती ठेक्काका निर्माण व्यवसायीले लिएको मोबिलाइजेसन पेस्की रु.१ करोड ८३ लाख ५० हजार बाँकी रहेको छ ।

४६. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा निर्माण कार्यमा मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । एक ठेक्काका निर्माण व्यवसायीसँग सम्झौताको शुरु अवधिभन्दा पछिको मूल्य वृद्धि दाबी नगर्ने सहमतिअनुसार रु.५२ करोड ३५ लाख ९४ हजारको सम्झौताको म्याद २०७७।६।३ सम्म थप गरेको छ । सोअनुसार निर्माण व्यवसायीलाई २०७४ आषाढको मूल्य सूचीअनुसार मूल्य समायोजन गणना गरी भुक्तानी गर्नुपर्नेमा २०७४ आषाढ पछिको मूल्य वृद्धिसमेत गणना गरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.४३ लाख ५४ हजार असुल हुनुपर्दछ ।

## जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं.६, दाङ

४७. **खरिद सम्झौता कार्यान्वयन -** राप्ती र बबई नदीमा तटबन्ध निर्माण गरी मानव बस्ती जोगाउन तथा खेतियोग्य जग्गाको संरक्षण गर्न ४२ ठेक्काको सम्झौता रकम रु.२ अर्ब ४९ करोड ७७ लाखमध्ये रु.१ अर्ब १२ करोड ५४ लाखको काम शतप्रतिशत वा सोभन्दा बढी अवधि थप गर्दासमेत २५ ठेक्का अधुरै रहेको छ । अधुरा ठेक्कामध्ये रु.१४ करोड ९१ लाखको खरिदसम्झौता गर्ने एक निर्माण व्यवसायीले काम शुरु नगरे पनि पटक पटक म्यादथप गरेको छ । सोही ठेक्काको कार्य क्षेत्रबाट मानव बस्तीतर्फ बाढी पसेको छ । त्यसै गरी सम्झौता अङ्क रु.४ करोड १७ लाखका दुई निर्माण व्यवसायीले २०७५।७६ मा काम नगरेका र सम्झौता रकम रु.६ करोड ७२ लाख भएका एक निर्माण व्यवसायीले

थपिएको २६ प्रतिशत र सम्झौता रकम रु.११ करोड ३८ लाखभएका एक निर्माण व्यवसायीले ३४ प्रतिशत मात्र काम गरेको छ । खरिद सम्झौताबमोजिम कारबाही गरी अधुरो ठेक्का सम्पन्न गर्नुपर्दछ ।

४८. **अधुरो काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयनसम्बन्धी व्यवस्था छ । तटबन्ध निर्माण गर्न सम्झौता भएको ११ उपभोक्ता समितिले ८० प्रतिशतभन्दा कम काम गरेको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको र बाँकी काम गर्न २०७६।७७ मा बजेट व्यवस्था गरेको देखिएन । त्यसमध्ये राप्ती नदीको बाँके खण्डको जोरैयामा ४ उपभोक्ता समितिमार्फत ४०० मिटर तटबन्ध निर्माण गर्न रु.२ करोड ६९ लाख ९१ हजारमा सम्झौता गरी रु.१ करोड ७५ लाख ९ हजारको मात्र काम गराई अधुरो छाडेको छ । सम्झौताअनुसारको पूरै कार्य सम्पन्न नगरी फरफारक गर्न मिल्ने देखिएन ।

४९. **कार्यक्षेत्र बाहिरको काम** - प्रदेश सरकार मातहत रहेको डिभिजन सिँचाइ कार्यालय, दाङको कार्य क्षेत्रमा पर्ने दाङ्ग जिल्लाको तुलसीपुरस्थित पातु खोलामा २ सिँचाइ योजनाका हेडवर्क्स संरक्षण गर्ने कार्य संघीय कार्यालयबाट विनियोजन गरेको रकमबाट उपभोक्ता समितिमार्फत गराई रु.७५ लाख ९८ हजार भुक्तानी दिएको छ । यसैगरी आपत्कालीन नदी नियन्त्रण कार्य अन्तर्गत जोखिमयुक्त घर, बस्ती र मानिसको सुरक्षाको लागि कार्यक्रम सञ्चालन गर्नुपर्नेमा व्यक्तिगत पाखो, बाँझो जग्गा र खेतको संरक्षणको लागि रु.५ करोड ६६ लाख २४ हजार खर्च गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना

५०. **बजेट व्यवस्थापन** - खरिद गुरुयोजनाअनुसार यो वर्ष रु.९४ करोड ५४ लाख खर्च गर्नुपर्ने तथा गत वर्षको ठेक्का दायित्व रु.१ अर्ब १७ करोड रहेकोमा आर्थिक वर्षको शुरुमा रु.२८ करोड विनियोजन भई २०७६।१।३१ मा रु.२७ करोड १३ लाख र २०७६।३।८ मा रु.४६ करोड ५० लाख बजेट थप भएको छ । आर्थिक वर्षको अन्त्यमा बजेट थप गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५१. **खरिद विधि** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाखभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । बोलपत्रको माध्यमबाट खरिद कार्य गर्न सकिने अवस्थामा समेत ग्याबियन तारजालीमा ढुँङ्गा भर्ने कार्यको लागि १७ स-साना प्याकेज बनाई रु.३ करोड ३१ लाख ७९ हजारको लागत अनुमान गरेको देखियो । रु.३ करोड १३ लाख ४९ हजार (लागत अनुमानको तुलनामा ०.०६ प्रतिशत घटी) मा सम्झौता भएको र कार्य सम्पन्न गरी रु.३ करोड १२ लाख ८२ हजार भुक्तानी भएको छ । त्यस्तै प्रकृतिको कार्य ४५ पटक सोझै खरिद गरी रु.२ करोड ८ लाख ९८ हजार खर्च लेखेको छ । सोही प्रकृतिका काम बोलपत्रको माध्यमबाट ४ प्याकेजमा रु.२ करोड ३१ लाख ५६ हजार (लागत अनुमानको तुलनामा ४२.८८ प्रतिशत घटी) को खरिद सझौता भई कार्य सम्पन्न गरेको छ । सोझै खरिद तथा सिलबन्दी दरभाउपत्रमा पर्याप्त प्रतिस्पर्धाको अभावमा बोलपत्रको तुलनामा रु.२ करोड ३२ लाख थप व्ययभार परेको छ । सार्वजनिक खरिद कानुनको पालना गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

## सुनसरी मोरङ सिँचाइ आयोजना

५२. **पानीको डिस्चार्ज** - यस आयोजनाको मूल नहरमा वर्षा याममा ३८.३७ देखि ५७.६२ क्युमेक पानी डिस्चार्ज हुने गरेकोमा हिउँद र सुख्खा याममा पानीको डिस्चार्ज घट्दै मंसिर, पुष, माघ, फाल्गुण, चैत्र, वैशाख र जेष्ठमा २१.५८ देखि २६.५१ क्युमेक्स पानी डिस्चार्ज भएको देखिन्छ । इन्टेकको डिस्चार्ज

क्षमता ६० क्युमेक्स भए तापनि सुख्खा याममा कुल क्षमताको औसत ४१.३२ प्रतिशत मात्र पानी डिस्चार्ज भएको छ । आयोजनालाई पूर्ण क्षमतामा सञ्चालन गर्न ध्यान दिनुपर्ने देखिएको छ ।

५३. **जग्गा अधिग्रहण** - आयोजनाको लागि १ हजार ७७५ बिघा ६ कठ्ठा १५.२५ धुर जग्गा अधिग्रहण गर्ने निर्णय भएकोमा १ हजार ३७ बिघा ९ कठ्ठा ३.२५ धुर अधिग्रहण गरी रु.६ करोड ८० लाख ६७ हजार मुआवजा वितरण गरेको छ । मुआवजा भुक्तानी गरेको मध्ये ७३७ बिघा ७ कठ्ठा १२ धुर जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको छैन । अधिग्रहण गरेको जग्गा आयोजनाको नाममा ल्याउनुपर्दछ ।

५४. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । आयोजनाले रु.५ लाखभन्दा घटीको ८३ प्याकेज बनाई ५३ फर्मबाट रु.२ करोड २७ लाख १ हजारको कार्य सोझै गराएको देखियो । बोलपत्रको माध्यमबाट काम गराउन सक्ने अवस्थामा प्रतिस्पर्धा नगराई सोझै निर्माण कार्य गराई खर्च लेख्न मिल्ने देखिँदैन ।

## खाँडो नदी व्यवस्थापन कार्यालय, सप्तरी

५५. **जिल्ला दररेट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा निर्माण सामग्रीको जिल्ला दररेट निर्धारण गर्ने व्यवस्था छ । उदयपुर जिल्ला हुँदै सप्तरी जिल्लामा बग्ने खाँडो नदी नियन्त्रण गर्न आवश्यक पर्ने ढुङ्गाको दररेट प्रति घनमिटर उदयपुर जिल्लामा रु.१ हजार ४०० तथा सप्तरी जिल्लामा रु.५ हजार ४२७ कायम गरेको देखियो । एउटै नदीको उदयपुर खण्डमा ढुवानीसहित प्रतिघनमिटर रु.२ हजार ३८० तथा सप्तरीतर्फ रु.५ हजार ९४८ का दरले उपभोक्ता समितिलाई भुक्तानी गर्दा रु.१ करोड १ लाख ७३ हजार थप व्ययभार परेको छ । सप्तरी जिल्लाको दररेटमा पुनरावलोकन हुनुपर्दछ ।

५६. **तटबन्धमा क्षति** - त्रियुगा नदी नियन्त्रणको लागि स्वीकृत परियोजना प्रतिवेदनमा तटबन्धको ग्याबिनको लञ्चिङ्ग ९ मिटर र स्लोपिङ्ग ६ मिटर हुने गरी डिजाइन स्वीकृत भएको छ । उपभोक्ता समितिलाई रु. २ करोड २३ लाख ६१ हजार भुक्तानी दिई निर्माण भएको तटबन्धको लञ्चिङ्ग र स्लोपिङ्ग ३/३ मिटरको रहेको र उक्त तटबन्ध २०७६ आषाढको बाढीले क्षतिग्रस्त बनाएको देखियो । विभागीय स्वीकृति बेगर डिजाइन परिवर्तन गरेको र क्षतिग्रस्त तटबन्ध मर्मत गरेको छैन । उपभोक्ता समितिबाट तटबन्ध मर्मत गराउनुपर्दछ ।

## कर्णाली नदी व्यवस्थापन आयोजना

५७. **गुरुयोजना** - आयोजनाले कर्णाली नदीको बायाँ किनारा र गेरुवा नदीको दायाँ बायाँ किनारासमेत कुल ७१.३ किलोमिटर ग्याबियन तार जालीमा ढुङ्गा भरी तटबन्ध निर्माण गर्ने आयोजनाको कार्यक्षेत्र रहेको विगत वर्ष सम्पन्न भई बाँकी रहेको ५३.७५ किलोमिटर कार्य गर्न रु.१२ अर्ब ८० करोड ७४ लाख लागत लाग्ने गरी विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेको देखियो । आयोजनाको कुल लागत गणना नगरी बाँकी कामको मात्र लागत अनुमान स्वीकृत गरेकोले आयोजनाको कुल लागत यकिन हुने अवस्था देखिएन । खरिद गुरुयोजना स्वीकृत नभएकोले आयोजना सम्पन्न गर्ने अवधिसमेत यकिन गरेको छैन ।

५८. **तटबन्ध कटान** - कर्णाली नदी किनाराको मुर्गहवामा २०७३।२।२० मा ७०० मिटर तटबन्ध निर्माण गरी २०७२।७३ मा रु.३ करोड ९४ लाख ७८ हजार खर्च गरेको देखिन्छ । उक्त स्थानको लन्चिङ्गमा समस्या आएको भनी सोको मर्मत गर्न यो वर्ष एक निर्माण व्यवसायीसँग रु.३ करोड २३ लाख १३ हजारको खरिद सम्झौता भई रु.२३ लाख ३१ हजार भुक्तानी दिएको छ । सो स्थानको अवलोकन

गर्दा करिब २०० मिटर तटबन्धमा कर्णाली नदीले कटान गरी निर्माण सम्पन्न लंचिङ तथा यो वर्ष गरेको मर्मतको कामसमेत बगाएको र स्लोप रिभेटमेन्ट तथा स्टड/स्परहरुको जालीबाट ढुङ्गा खस्न लागेको अवस्था देखियो । यस्तै एक निर्माण व्यवसायीले रु.१ करोड ८५ लाख ४५ हजारको लागतमा कर्णाली नदी किनारको सनकट्टीमा २०७२।७३ मा ३०० मिटर तटबन्ध निर्माण गरेकोमा सो तटबन्ध सँगैको स्थानमा नदीले कटान गरीरहेको देखियो । निर्माण सम्पन्न तटबन्धको रिभेटमेन्टको छेउको ग्याबिनको जाली भत्किई ढुङ्गा खस्न थालेकोले तत्काल मर्मत सम्भार नगरेमा उक्त संरचना भत्किने अवस्था देखिएको छ । यस्तै टिहुनीमा निर्माण गरेको तटबन्ध कटान गरी साविकको संरचनामा क्षति पुगेको देखियो । उक्त तिनै स्थानको संरचनामा थप क्षति पुग्ने अवस्था देखिएकोले तत्काल संरक्षण कार्य गर्नुपर्दछ ।

## महाकाली सिँचाइ आयोजना, तेस्रो

५९. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५क(५) मा निसर्ग भएको गैरव्यावसायिक करयोग्य सम्पत्तिमा अग्रिम कर लाग्ने व्यवस्था छ । महाकाली सिँचाइ आयोजना, तेस्रोले जग्गा अधिग्रहण गरी रु.१५ करोड २७ लाख २६ हजार मुआवजा भुक्तानी गर्दा स्रोतमा कट्टा गर्नुपर्ने अग्रिम कर रु.७६ लाख ३६ हजार कट्टा नगरेकोले असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

६०. **मूल्य समायोजन -** आयोजनाले एक निर्माण व्यवसायीसँग भएको सम्झौतामा मूल्य समायोजन प्रयोजनका लागि समायोजन नहुने ०.१५, श्रमको लागि ०.२५ सामग्रीका लागि ०.३५ र उपकरण प्रयोगका लागि ०.२५ भार कायम गर्नुपर्ने व्यवस्था रहेकोमा क्रमशः ०.१५, ०.१५, ०.४० र ०.३० भार राखी मूल्य समायोजन गणना गरेबाट बढी भुक्तानी भएको रु.१६ लाख १६ हजार असुल गर्नुपर्दछ ।

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

६१. **न्यून प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक कार्यालयले त्यसको भौतिक र वित्तीय प्रगति समीक्षा गर्नुपर्ने उल्लेख छ । पुँजीगततर्फ ४ र चालुतर्फ ६७ समेत ७१ कार्यक्रम सञ्चालन भएकोमा जैविक गुइँठाको स्तरोन्नति, विद्युतीकरण परियोजनाको सम्भाव्यता अध्ययन, प्रदेश तथा स्थानीय तहको ऊर्जा योजना निर्माणमा सहयोगलगायत ९ कार्यक्रममा शून्य प्रगति, ६ कार्यक्रममा लक्ष्यको तुलनामा २५ प्रतिशतभन्दा घटी, १५ कार्यक्रममा २५ प्रतिशतदेखि ५० प्रतिशतसम्म र २ कार्यक्रममा ७५ प्रतिशतभन्दा घटी भौतिक प्रगति भएको छ । समग्रमा ६६ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । लक्ष्यअनुसार प्रगति नहुँदा लक्षित वर्ग सुविधाबाट वञ्चित हुने हुँदा तोकिएका कार्यक्रम लक्ष्यबमोजिम सम्पन्न गर्नुपर्दछ ।

६२. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एकपटक स्वीकृत भएको लागत अनुमान संशोधन गर्नुपर्दा त्यस्तो संशोधन शुरुको लागत अङ्कमा पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा लागत अनुमान तयार गर्ने, जाँच वा स्वीकृत गर्ने पदाधिकारीलाई कारबाही हुने उल्लेख छ । पाल्पा जिल्लाको मित्यालमा वायु सौर्य मिश्रित प्रणालीबाट विद्युतीकरण कार्य गर्न रु.१ करोड ७४ लाख ६४ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गर्दा पेस भएका ४ बोलपत्र मूल्याङ्कन गर्दा कबोल अङ्क लागत अनुमानभन्दा धेरै बढी रहेको, विज्ञबाट लागत अनुमान जाँच गराउँदा महत्वपूर्ण उपकरण छुटेको र भएको उपकरणको दर बजार दररेटभन्दा कम भएको उल्लेख गरी बोलपत्र रद्द गरेको छ । उक्त कार्यको लागि रु. २ करोड ४८ लाख ११ हजारको संशोधित लागत अनुमान स्वीकृत गरेको पाइयो । संशोधित लागत अनुमान शुरुको लागत भन्दा ४२.०६ प्रतिशत बढी भएको हुँदा ऐनको व्यवस्थाअनुसार कारबाही हुनुपर्दछ ।

६३. **हर्जना -** नवीकरणीय ऊर्जा, अनुदान कार्यविधि, २०७३ मा घरेलु सौर्य ऊर्जा प्रविधिको अनुदान भुक्तानी भएको एक वर्षपछि जडान गरिएको सौर्य प्रणालीवाट १० प्रतिशत नमूना लिई स्वतन्त्र परामर्शदातामार्फत अनुगमन गर्ने र सम्झौताअनुसार सोलार जडान नगरेको, दोहोरो अनुदान दाबी गरेको पाइएमा अनुदान रकमको २०० प्रतिशत, एउटै परिवारका दुई सदस्यको नाममा जडान भएकोमा अनुदान रकमको ५० प्रतिशत हर्जना लगाउने उल्लेख छ । उक्त व्यवस्थाअनुसार केन्द्रबाट अनुगमन गर्दा सम्झौताबमोजिम कार्य नगरेका ४४ कम्पनीलाई रु.१ करोड ३७ लाख ३६ हजार हर्जना लगाएकोमा असुल गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

६४. **करारमा नियुक्ति -** अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७५ अनुसार अस्थायी दरबन्दी सिर्जना गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ । केन्द्रमा ५४ कर्मचारीको लागि दरबन्दी स्वीकृत भएकोमा १० पद रिक्त रहेको छ । जनशक्ति कम भएको उल्लेख गरी अर्थ मन्त्रालयको सहमति बेगर ९२ कर्मचारी करारमा नियुक्त गरी पुँजीगत अनुदान तथा कार्यक्रम बजेटबाट रु.१ करोड ८० लाख ८६ हजार तलब खर्च लेखेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी यकिन गरेर मात्र नियुक्ति गर्नुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

### विद्युत प्रसारण लाइन निर्माण र सञ्चालन

नेपालको सम्भाव्य विद्युत उत्पादन क्षमता करिब ८३ हजार मेगावाट र आर्थिक तथा प्राविधिक रुपले सम्भाव्य विद्युत उत्पादन क्षमता ४३ हजार मेगावाट रहेको छ । प्राथमिकता प्राप्त गरेको अवस्थामा पनि मुलुकले प्राविधिक हिसावले जडान गर्नसकिने क्षमताको करिब ३ प्रतिशतभन्दा कम विद्युत उत्पादन गर्नसकेको छ । ऊर्जा खपतको करिब तीन चौथाई हिस्सा परम्परागत स्रोतको छ । जलविद्युत उत्पादनको प्रचुर सम्भावना हुँदा पनि कुल ऊर्जा खपतमा विद्युतको अंश ३.२ प्रतिशत मात्र रहेको छ भने आन्तरिक विद्युतको माग धान्न भारतबाट विद्युत आयात गर्नु परिरहेको अवस्था छ । विद्युत प्रणालीका तीन महत्वपूर्ण पक्ष उत्पादन, प्रसारण र वितरण (विद्युत माग) मध्ये विद्युत प्रसारण लाइन व्यवस्थापनको कार्यदक्षता र प्रभावकारिता पक्षको अध्ययन विश्लेषण गरी सुझाव प्रस्तुत गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको हो ।

६५. **प्रसारण कोरिडोरको निर्माण -** निजी क्षेत्रबाट विकास गरिने जल विद्युत आयोजनाबाट उत्पादित विद्युत प्रसारण गर्न बाह्रौं आवधिक योजना देखिनै कालीगण्डकी प्रसारण कोरिडोर, मर्स्याङ्दी कोरिडोर, कोशी कोरिडोर, सोलु कोरिडोर लगायतका प्रसारण लाइनहरुको निर्माण कार्यलाई प्राथमिकताका आधारमा तीव्रता दिने कार्यक्रम रहेको देखिन्छ । उक्त कार्यक्रम तोकिएको समय भित्र सम्पन्न हुने व्यवस्था गर्नुपर्नेमा रुख कटान स्वीकृति प्राप्त गर्न ढिलाइ र जग्गा मुआब्जा वितरणमा विवाद, अनुगमनको कमी आदि कारणले निम्न विद्युत प्रसारण कोरिडोरको निर्माण सम्पन्न गर्न नसकेको अवस्था छ ।

| विद्युत कोरीडोर | प्रसारण लाइन | | | जोडिने आयोजनाहरु | |
|---|---|---|---|---|---|
| | विवरण | सम्पन्न गर्नुपर्ने मिति | २०७५।७६ सम्मको प्रगति प्रतिशत | आयोजनाको नाम | कुल मे.वा) |
| त्रिशूली | चिलिमे त्रिशूली २२० के.भी. प्रसारण लाइन | २०७६।२।३० | ४५ | माथिल्लो सान्जेन (१४.८मे.वा), रसुवागढी (१११मे.वा), सान्जेन (४२.५मे.वा), लाङटाङ खोला (२० | १८८.३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मे.वा) | |
| | समुन्द्रटार त्रिशूली थ्री वी हव १३२ के.भी. प्रसारण लाइन | २०७५।८।१२ | ७०.५४ | आँखु खोला ( ३४मे.वा), माथिल्लो मैलुन(ज्ञढाघ मे.वा) पलखुँ खोला (१३.७ मे.वा), फलाँकु खोला ( छ मे.वा) अपर टाडी (११मे.वा) | ७८ |
| काली गण्डकी | दाना कुश्मा प्रसारण लाइन आयोजना | २०७६।८।१४ | ८५.५२ | मिस्त्री खोला (४३ मे.वा), दरवाङ म्याग्दी( २५मे.वा), घार खोला( ज्ञढ मे.वा), रुपसे खोला ४) मे.वा) | ८६ |
| मर्स्याङ्दी | उदिपुर भरतपुर २२० के.भी. प्रसारण लाइन | २०७६।२।३० | २१ | दोर्दी खोला (२७ मे.वा), दोर्दी (१२मे.वा), माथिल्लो दोर्दी ए(२५ मे.वा) | ६४ |
| सोलु | सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन | २०७६।१० | ८८ | तल्लो सोलु जलविद्युत (ड्ड्मे.वा), माथिल्लो सोलु जलविद्युत १८)मे.वा), सोलु खोला दुधकोशी (८६मे.वा), सोलु खोला जलविद्युत (२३.५मे.वा) | २०९.५ |
| कोशी | इनरुवा-बसन्तपुर-तुम्लिङटार-बानेश्वर | २०७६।२।३१<br>२०७७।८।२५ | (प्याकेज १) ३७<br>(प्याकेज-२) | सभा खोला ए ९.९) मे.वा) | ९.९ |

स्वतन्त्र ऊर्जा उत्पादकसँग गरिएको विद्युत खरिद सम्झौताबमोजिम विद्युत आयोजनाहरु लक्षित समयमा सम्पन्न भई विद्युत जोडन नसकेमा प्राधिकरणले ५ प्रतिशत देखि ४५ प्रतिशतसम्म क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणले प्रसारण लाइन निमार्णमा देखिएका समस्याहरु समाधान गरी कोरिडोर निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ ।

६६. **निर्माणाधीन विद्युत प्रसारण लाइन -** नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १९(४) मा कार्यक्रमअनुसार निर्धारित समयभित्र प्राप्त गर्नुपर्ने र कामको गुणस्तर सन्तोषजनक हुनुपर्ने व्यवस्था छ । तर अधिकांश निर्माणाधीन प्रसारण लाइन परियोजनाको प्रगति सन्तोषजनक नभएको र तोकिएको समयमा सम्पन्न हुन नसकेको अवस्था छ । निर्माणाधीन १७ विद्युत प्रसारण लाइन तथा सवस्टेसन आयोजनामध्ये शुरु सम्झौता म्याद समाप्त भएका ११ आयोजनामा २५ प्रतिशतभन्दा कम प्रगति भएका ३, २५ देखि ५० सम्म प्रगति भएका ४, ५० देखि ७५ प्रतिशत प्रगति भएका १ र ७५ प्रतिशतभन्दा माथि प्रगति भएका ३ रहेका छन ।प्राप्त विवरण अनुसार १५ महिनामा सम्पन्न गनुपर्ने आयोजना ११२ महिना वितिसक्दा पनि सम्पन्न नभएको अवस्था छ । त्यसैगरी म्याद बाँकी रहेका ६ आयोजनामा पनि ७५ प्रतिशतभन्दा बढी अवधि व्यतीत हुँदा समेत २५ प्रतिशतभन्दा कम प्रगति भएका २, २५ देखि ५० सम्म प्रगति भएका २, ५० देखि ७५ प्रतिशत प्रगति भएका १ रहेका छन । आयोजना व्यवस्थापनले देहायका समस्याहरु समाधान नगरी म्याद थप गर्ने गरेकोले तोकिएको समयमा कार्यसम्पन्न गर्नसकेको पाईएन ।

६६.१ खरिद कारबाही अघि गर्नुपर्ने पूर्वतयारी, निर्माणस्थलको व्यवस्था, राईट अफ वेमा पर्ने वन क्षेत्रको रुख कटान, मुआब्जा वितरण नभई खरिद सम्झौता गरी निर्माण शुरु गर्ने गरेकोले स्थानीयबाट अवरोध हुने गरेको,

६६.२ नियमित रुपमा सुपरीवेक्षण, अनुगमन गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चित गर्नेतर्फ ध्यान नदिएको,

प्रसारण लाइन समयमा सम्पन्न नहुँदा निर्माण लागत बढने, उत्पादित विद्युत राष्ट्रिय ग्रिडमा जोडिन नसकी विद्युत खेर जाने, ठेक्का तोडिएको छ । नेपाल विद्युत प्राधिकरणले सम्बन्धित निकायसँग समन्वय

गरी एलाईन्मेन्ट छनौट, रुखको कटान स्वीकृति र मुआब्जा वितरण आदि पूर्वतयारी पुरा गरी ठेक्का व्यवस्था गर्नुपर्दछ ।

६७. **प्रसारण लाइन निर्माणमा ढिलाइ -** तोकिएको लागत र समय भित्र प्रसारण लाइनहरुको निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा समस्याग्रस्त बनेका प्रसारण लाइनको अवस्था निम्नानुसार छः

६७.१ नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजना अन्तर्गत हेटौंडा-ढल्केवर-इनरुवा ४०० के.भी. प्रसारण लाइन शुरु सम्झौता अनुसार २०७२।६।१४ मा सम्पन्न हुनुपर्नेमा २०७६ आषाढ मसान्तसम्म पनि सम्पन्न भएको छैन । कुल ७९२ टावर प्याडमध्ये ६०९ को फाउण्डेसनको कार्य सम्पन्न भई ५७५ टावर इरेक्सन कार्य सम्पन्न भएको छ । सम्झौता अवधि ३२ महिना भएकोमा हालसम्म ५१ महिना अर्थात् शुरु सम्झौताको १९४ प्रतिशत म्याद थप हुदाँ समेत निर्माण कार्य सम्पन्न भएको छैन । राईट अफ वे मा पर्ने रुख कटानको स्वीकृति प्राप्त नभएको, जग्गाको क्षतिपूर्ति सम्बन्धमा निर्णय हुन नसकेको कारणले निर्माण कार्यमा ढिलाइ भएको उल्लेख छ ।

६७.२ खिम्ती ढल्केवर २२० के.भी (दोस्रो सर्किट) प्रसारण लाइन शुरु सम्झौता अनुसार २०७०।९।२६ मा सम्पन्न हुनुपर्नेमा हालसम्म ७५ किलोमिटरमध्ये ६९ किलोमिटर कार्य सम्पन्न भई ७ किलोमिटर बाँकी रहेको छ । आयोजना २० महिनामा सम्पन्न गनुपर्नेमा ५२ महिना अर्थात शुरु सम्झौताको २७० प्रतिशत थप हुँदा समेत सम्पन्न भएको छैन । आयोजनाको म्याद २०७५।३।३१ पछि थप भएको छैन ।

६७.३ सिंगटी-लामोसाँघु १३२ के.भी.प्रसारण लाइन २०६८।७।२७ मा सम्पन्न हुनुपर्नेमा २०७६ आषाढ मसान्तसम्म कार्य सम्पन्न भएको छैन ।आयोजना १५ महिनामा सम्पन्न गनुपर्नेमा ९ पटकसम्म १०१ महिना (शुरु सम्झौताको ६७३ प्रतिशत) थप हुँदा समेत सम्पन्न भएको छैन ।

निर्माण अघिको पूर्वतयारी पर्याप्त नगरी खरिद कारबाही गरेको तथा सम्झौता कार्यान्वयनको क्रममा देखिएका समस्या समाधान नगर्दा ८ वर्ष म्याद थप हुँदा समेत कार्य सम्पन्न भएको छैन । यसबाट निर्माण लागत बढने, उक्त लाइनमा जोडिने विद्युत वितरणमा प्रभाव पर्ने, नेपाल विद्युत प्राधिकरणले समेत नोक्सानी व्यहोनुपर्ने देखिन्छ । ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणले सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रसारण लाइन निमार्णमा देखिएका रुख कटानको स्वीकृति, जग्गाको क्षतिपूर्ति लगायतका विवाद समाधान गर्नुपर्दछ ।

६८. **विद्युत नोक्सानी -** नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २०(च) मा निजी क्षेत्रबाट उत्पादित विद्युत शक्ति खरिद गर्न प्राधिकरणको अधिकार रहेको छ । निजी क्षेत्रबाट उत्पादित १८ जलविद्युत आयोजनाको उत्पादन र प्रसारणको अवस्था विश्लेषण गर्दा प्रसारण लाइनको भार वहन क्षमताको कमी, प्रसारण लाइनको नियमित मर्मतसम्भार तथा गुणस्तरको कमीले गर्दा निजी आयोजनाहरु पूर्णक्षमतामा सञ्चालन गरी उत्पादन हुनसकेको देखिएन । यसको कारणबाट ती आयोजनाहरुले उत्पादन गरेको वार्षिक ९५.६१ गिगावाट प्रतिघण्टा )GWH( विद्युत विक्री गर्न नसकेको अवस्था छ । उत्पादन गरेको विद्युत विक्री गर्न नसक्दा निजी आयोजनाले अपेक्षित लाभ र नेपाल विद्युत प्राधिकरणले क्षतिपूर्ति दिनुपर्ने अवस्था रहेको छ भने विद्युतको आन्तरिक माग धान्न भारतबाट विद्युत खरिद गर्नुपर्ने अवस्था रहेको छ । यसरी विक्री हुन नसकेको ९५.६१ गिगावाट प्रति घण्टा विद्युत खरिद सम्झौता (पीपीए) को औषत दर रु.४ प्रति किलोवाट प्रतिघण्टाका दरले कुल रु.३८ करोड २४ लाख ५९ हजार नोक्सानी भएको देखिन्छ । उक्त ९५.६१ गिगावाट प्रतिघण्टा विद्युत भारतबाट खरिद गर्दा औषत दर रु.८ प्रति किलोवाट प्रतिघण्टाका दरले कुल रु.७६ करोड ४९ लाख १९ हजार भुक्तानी गर्नुपर्ने हुन्छ । नेपाल विद्युत

प्राधिकरणले प्रसारण लाइनको भार वहन क्षमताको वृद्धि गरी नेपालमा उत्पादित विद्युत उपयोग बढाउनुपर्दछ ।

६९. **स्टेसन नोक्सानी -** नेपाल विद्युत प्राधिकरणले प्रसारण लाइनहरुको नियमित मर्मतसम्भार वा स्तरोन्नति गरी ऊर्जा उत्पादन सक्षमता बढाउनुपर्दछ । नेपाल विद्युत प्राधिकरणका चार्जिङ्ग स्टेसन र पावर हाउसमध्ये सबैभन्दा अधिकतम चुहावट हुने ५ विद्युत स्टेसनको अवस्था निम्नानुसार रहेको छः

| क्र.सं. | पावर स्टेसन | उपलब्ध ऊर्जा (मेगावाट आवर) | उपयोग ऊर्जा (मेगावाट आवर) | स्टेसन नोक्सानी (मेगावाट आवर) | नोक्सानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सेती | १००३१.०० | ९३४१.३७ | ६८९.६३ | ६.८७ |
| २ | मर्स्याङदी | ६८४८४३.०० | ६६८००५.८० | १६८३७.२ | २.४६ |
| ३ | चतरा | ३४०७.५६ | २११२.६२ | १२९४.९४ | १.६८ |
| ४ | मध्य- मर्स्याङ्दी | ८३३४४५.८५ | ८२१८५५.८१ | ११५९०.०४ | १.३९ |
| ५ | कुलेखानी दोश्रो | ४५१३७.०९ | ४४६८६.७९ | ४५०.३० | १.०० |
| | जम्मा | १५७६८६४.५ | १५४६००२.३९ | ३०८६२.११ | |

उल्लिखित तालिकाअनुसार सबैभन्दा बढी नोक्सानी भएका ५ पावर स्टेसनबाट कुल ३० हजार ८६२.११ मेगावाट प्रतिघण्टा विद्युत नोक्सानी भएको छ । पावर स्टेसनमा प्राप्त भएको विद्युत नोक्सानी हुनु उचित देखिँदैन । प्राविधिकरुपमा प्रसारण लाइनको क्षमताभन्दा अत्याधिक भार रहेमा, गुणस्तरीय उपकरणको प्रयोग नभएमा तथा प्रसारण लाइन खण्डको लम्बाई अत्याधिक भएमा चुहावट धेरै हुनेगरेको छ । यसबाट नेपाल विद्युत प्राधिकरणलाई प्रतियुनिट विद्युत रु.४ का दरले गणना गर्दा कुल रु.१२ करोड ३४ लाख ४८ हजार नोक्सानी भएको देखिन्छ । नेपाल विद्युत प्राधिकरणले प्रसारण लाइन तथा विद्युत स्टेसनहरुको नियमित मर्मतसम्भार तथा प्रसारण लाइनहरुको स्तरोन्नति तथा प्राविधिकरुपमा आवश्यक ठाउँहरुमा सवस्टेसनहरुको निर्माण तथा गुणस्तरीय उपकरणहरुको प्रयोग गरी स्टेसन नोक्सानी कम गर्नुपर्दछ ।

७०. **वन क्षेत्रको प्रयोग -** वन ऐन, २०७६ को दफा ४२ मा राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न, वनक्षेत्र प्रयोग भएको बराबर आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग जोडिएको, समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउने तथा रुख रोप्ने वा सो सम्भब नभएमा आवश्यक पर्ने रकम उपलब्ध गराउनुपर्ने, त्यस्तो जग्गामा ५ वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने रकम त्यस्तो आयोजनाको सञ्चालकले उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

जग्गा प्राप्ति ऐन, २०३४ मा सट्टा जग्गा खरिदसम्बन्धी व्यवस्था रहेको छैन । वन कार्यविधि, २०७६ मा सट्टा जग्गा सम्बन्धी व्यवस्था भए तापनि वन तथा वातावरण मन्त्रालयले वनसम्बन्धी विषय स्थानीय स्तरमा पठाइ दिने गरेकोले उचित समन्वय नभई शीघ्र निर्णय हुन नसकी परियोजनाको कार्य समयमा सम्पन्न गर्न समस्या परेको देखिन्छ ।

वन ऐन, २०७६ मा विद्युत प्रसारण लाइनमा पर्ने वन क्षेत्रको जमिनको प्रसारण लाइन निर्माणकर्ता (सरकारी वा निजी) पक्षले पूरै मुआब्जा दिनुपर्ने व्यवस्था छ । वन क्षेत्रमा प्रसारण लाइन निर्माण गर्न बहु निकायको सहमति र स्वीकृति आवश्यक पर्ने भएकोले निर्णय प्रक्रियामा धेरै समय लाग्ने

गरेको हुँदा निर्माण कार्य ढिला हुने गरेको छ । प्रसारण लाइन निर्माण कार्यमा एकद्धार नीति अवलम्बन गरी देखिएका समस्या तत्काल सम्बोधन गर्ने पहल गर्नुपर्दछ ।

७१. **जग्गा अधिग्रहण, मुआव्जा तथा क्षतिपूर्ति -** नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २१ मा प्राधिकरणलाई नेपाल सरकारले प्रचलित कानुनबमोजिम आवश्यक जग्गा प्राप्त गरिदिनसक्ने व्यवस्था छ । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४(१) मा संस्थाको लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि मुआब्जा व्यहोर्ने गरी नेपाल सरकार समक्ष अनुरोध गर्ने व्यवस्था छ । तर जग्गा अधिग्रहण, मुआव्जा तथा क्षतिपूर्तिसम्बन्धी विवादले गर्दा प्रसारण लाइनको राइट अफ वेमा पर्ने जग्गा प्राप्तिमा देहायका कारणले ढिलाइ हुँदा प्रसारण लाइन निर्माणमा समस्या हुने गरेको पाईयोः

७१.१ जग्गा प्राप्ति ऐन ,२०३४ को दफा ५(१) मा जग्गा प्राप्त गर्ने गरी नेपाल सरकारले निर्णय गरेपछि कुनै परियोजनाको लागि भए सम्बन्धित परियोजना प्रमुखले प्राप्त गर्नुपर्ने जग्गा यकिन गर्न प्रारम्भिक कारबाही चलाउनसक्ने व्यबस्था छ । तर यससम्बन्धी प्रारम्भिक कारबाही गर्ने प्रारम्भिक अधिकृत तोक्न ढिलाइ हुने गरेको छ ।

७१.२ ऐलानी जग्गामा निर्मित संरचना (घर टहरा) को मुआव्जा वितरण गर्दा उक्त जग्गा आयोजनाको स्वामित्वमा नआउने र त्यस्तो संरचनाको क्षतिपूर्ति दिने स्पष्ट नीति निर्धारण नहुँदा मुआव्जा वितरणमा समस्या आई निर्माण कार्यमा जग्गा भोगकर्ताबाट अवरोध हुने गरेको छ ।

७१.३ आयोजनाको राईट अफ वेमा पर्ने जग्गा सम्बन्धित जग्गाधनीकै हुने अवस्थामा समेत जग्गाधनीहरुले जग्गाको पुरै मूल्य माग गर्ने, निर्धारित मुआब्जा रकम नबुझ्ने, क्षतिपूर्ति नबुझ्ने गरेको कारण प्रसारण लाइनको राइट अफ वे परिवर्तन गर्न बाध्य पार्ने गरेको देखिएको छ ।

जग्गा अधिग्रहण, मुआव्जा तथा क्षतिपूर्ति सम्बन्धमा देखिएका उपरोक्त समस्याले प्रसारण लाइन निर्माणमा ढिलाइ हुने गरेको छ । नेपाल सरकारबाट ऐलानी जग्गाको मुआब्जा वितरण सम्बन्धमा स्पष्ट नीतिगत निर्णय गर्नुका साथै ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणबाट सम्बन्धित सरकारी निकाय र स्थानीयतहसँग प्रभावकारी समन्वय एवं सम्बन्ध स्थापित गरी जग्गा अधिग्रहणको कार्यलाई शीघ्रतापूर्वक सम्पन्न गर्नुपर्दछ ।

# संगठित संस्था

## नेपाल विद्युत प्राधिकरण - २०७५।७६

विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२ मा नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो। प्राधिकरण जलविद्युत उत्पादन, प्रसारण र वितरण गर्न नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो। प्राधिकरणको काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि संचालक समिति जिम्मेवार रहने गर्दछ। प्राधिकरणबाट २०७५।७६ मा उत्पादित विद्युत २ हजार ५४८ गिगावाट घण्टा, अन्य उत्पादकबाट उत्पादित २ हजार १९० गिगावाट घण्टा तथा आयात २ हजार ८१३ गिगाबाट घण्टा गरी जम्मा ७ हजार ५५१ गिगावाट घण्टा रहेको छ। प्राधिकरणको २०७५।७६ को आषाढ मसान्तसम्म ३९ लाख ९ हजार ६४१ ग्राहक र करिव ९ हजार कर्मचारी छन्।

७२. **सञ्चालन नतिजा -** प्राधिकरणको यो वर्ष बिक्रीबाट रु. ६६ अर्ब ६१ करोड र अन्यबाट रु. ९ अर्ब ६७ करोड समेत रु. ७६ अर्ब २८ करोड आम्दानी भएकोमा सञ्चालन खर्च रु. ४१ अर्ब ७७ करोड र

कर्मचारी खर्च रु. ५ अर्ब २१ करोड समेत रु. ६६ अर्ब ४१ करोड खर्च भै रु. ९ अर्ब ८७ करोड खुद आम्दानी देखिन्छ ।

७३. **एकीकृत वित्तीय विवरण -** प्राधिकरणले देखाएको शेयर पुँजी, दीर्घकालीन ऋण, महालेखा नियन्त्रक कार्यलयको तथ्याङ्कसंग विगत लामो समयदेखि भिडान गर्ने गरेको छैन। वर्षान्तमा रहेको अन्तिम मौज्दातलाई समर्थन पत्रद्वारा भिडान गर्ने नगरेकोले प्रस्तुत वित्तीय विवरणमा असर गर्ने देखिन्छ। प्राधिकरणको लगानी रहेका अन्य कम्पनीले प्रस्तुत गर्ने तथ्याङ्कलाई समेत समयमै एकीकृत गरी सही र यथार्थ वित्तीय विवरण तयार गर्नुपर्ने देखिन्छ। प्राधिकरणले तयार गरेको वित्तीय विवरणमा कतिपय चालु प्रकृतिका खर्चलाई समेत निर्माणाधीन सम्पत्तिहरुमा पुँजीकृत गर्ने गरेको, अतिक्रमणमा परेको १ हजार ४७४ रोपनी जग्गाको छानविन गरी सम्पत्ति यकिन नगरेको, केही निर्माण आयोजना सम्पन्न भएकोमा पुँजीकृत नगरिएकोले ह्रास कट्टी नहुने गरेको आदि कारणबाट वित्तीय नतिजामा फरक पर्ने हुँदा संस्थाको वित्तीय विवरणले सही र यथार्थ चित्रण नगरेको कारण प्राधिकरणको लेखापरीक्षण प्रतिवेदनमा कैफियत सहितको राय प्रतिवेदन जारी भएको छ।

७४. **अनुपात विश्लेषण -** वित्तीय तथा गैरवित्तीय सूचनाको अनुपात विश्लेषण गर्दा देहायअनुसार देखियोः

| सि.नं. | अनुपातको नाम | २०७५।७६ | २०७४।७५ |
|---|---|---|---|
| १. | कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा) प्रतिशत | २१.७४ | १५.५२ |
| २. | खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य आम्दानी समेत प्रतिशत | १६.०१ | ६.११ |
| ३. | खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य आम्दानी बाहेक प्रतिशत | १४.७९ | ६.२१ |
| ४. | कुल सम्पत्तिमा खुद आम्दानीको अनुपात प्रतिशत | ३.०५ | १.१५ |
| ५. | चालु अनुपात | १:१.०५ | १:०.९१ |
| ६. | दीर्घकालीन ऋण तथा ईक्विटीको अनुपात | १:०.९८ | १:१.२८ |
| ७. | कर्मचारीको खर्च तथा कुल सञ्चालन खर्चको अनुपात प्रतिशत | १८.३४ | १८.८२ |
| ८. | प्राधिकरणको उत्पादन (गिगावाट घण्टा) | २,५४८.११ | २,३०८.३७ |
| ९. | स्वतन्त्र उर्जा उत्पादकको उत्पादन (गिगावाट घण्टा) | २,१९०.०५ | २,१६७.७६ |
| १०. | आयात (गिगावाट घण्टा) | २,८१३.०७ | २,५८१.८० |
| ११. | ग्राहक विवरण संख्या | ३९,०९,६४१ | ३,५५१,२२६ |

प्राधिकरणले पहिलो पटक २०७५।७६ मा नेपाल वित्तीय प्रतिवेदनमान लागू गरी वित्तीय विवरण तयार गरेकोले २०७४।७५ को रकमहरु पुनः वर्गीकरण गरी प्रस्तुत गरेको छ।

७५. **सहायक ऋण सम्झौता -** प्राधिकरणले नेपाल सरकार र दातृ निकायबाट, विदेशी बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिंदा नेपाल सरकारसँग सहायक ऋण सम्झौता गरी लिने गरेको छ। यस्तो ऋण २०७६ आषाढ मसान्तसम्म रु. १ खर्ब २३ अर्ब ७६ करोड रहेको छ। विगतदेखि नै नेपाल सरकारको हिसाबसँग मिलान गरी मौज्दात यकिन गरेको छैन। ऋण तथा ब्याज रकम भुक्तानी तालिका अनुसार भुक्तानी हुन सकेको छैन। भाखा ननाघेको र भाखा नाघेको साँवा तथा ब्याज देखिने गरी विवरण समेत तयार गरेको छैन। ब्याज रकम भुक्तानी नगरी दायित्वमा देखाउँदै आएकोले बर्षेनी ऋण रकम वृद्धि भइरहेको छ। ऋण तथा ब्याज हिसाब अद्यावधिक गरी तालिकाअनुसार ऋण भुक्तानी गर्नुपर्दछ।

७६. **आय लेखाङ्कन -** आय लेखाङ्कन सफ्टवेयरले देखाएको र वित्तीय विवरणमा उल्लेख भएको असामी रकम बीचको भिन्नताको कारण पत्तालगाई विगत वर्षदेखि नै हिसाब मिलान गरिएको छैन। आय लेखाङ्कन सफ्टवेयरमा २०७६ आषाढ मसान्तको विवरण सबै कार्यालयले नराखेकोले वास्तविक भिन्नता रकम यकिन गर्न सकिने अवस्था छैन। ग्राहकको घर, कलकारखाना तथा कार्यालयमा जडान भएको मिटर रिडिङको शुद्धता सम्बन्धमा नियमित रुपमा प्रयोग भइरहेको ऊर्जा भारसँग तुलनात्मक विश्लेषण गर्ने, तेस्रो

पक्ष परीक्षण गर्ने तथा ग्राहकसँग मौज्दात समर्थन गरी हिसाब भिडान गर्ने लगायतका कार्य नगरेका कारण विद्युत बिक्री बापतको आम्दानी रकम भिडान एवं यकिन गर्न सकिने अवस्था छैन।

७७. **ट्रंक तथा डेडिकेटेड लाइन -** प्राधिकरणले ओद्योगिक, व्यापारिक एवं अन्य केही प्रतिष्ठानलाई चरम लोडसेडिंगको बेला संवेदनशील क्षेत्र एवं ग्राहक मानी सुविधा दिने उद्देश्यले २०७२ श्रावणदेखि २०७५ वैशाख ३१ गतेसम्म डेडिकेटेड फिडर एवं ट्रंक लाईनबाट प्रिमियम दस्तुर सहितको नयां महसुलका आधारमा दैनिक २० घण्टासम्म विद्युत सेवा उपलव्ध गराउँदै आएको थियो। उक्त अवधिमा उपलव्ध गराइएको डेडिकेटेड लाइनको अतिरिक्त महसुल, लोडसेडिंग मुक्त भैसकेपछि लागू हुने महसुल लगायतका विषयमा अध्ययन गर्न गठन गरेको उपसमितिले २०७५।४।३१ मा प्रतिवेदन पेस गरेको थियो। उक्त प्रतिवेदन अनुसार प्राधिकरणले कन्टिजेन्ट सम्पत्तिको रुपमा २०७२।७३ सम्म रु. १ अर्ब २२ करोड ३६ लाख र २०७३।७४ देखि २०७५।७६ सम्मको रु. ५ अर्ब ११ करोड ७४ लाख समेत रु. ६ अर्ब ३४ करोड १० लाख डेडिकेटेड फिडर लाईनको महसुल प्राप्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा आवश्यक कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ।

७८. **विगत वर्षको खर्च -** लेखाको सर्वमान्य सिद्धान्तअनुसार आम्दानी एवं खर्च सम्बन्धित वर्षमा नै लेखाङ्कन गर्नुपर्दछ। जटिल प्रकृतिका र विगतमा त्रुटि भएका रकमहरुको मात्र समायोजन गर्नुपर्नेमा विगत वर्षका नियमित प्रकृतिका तलब तथा ज्याला,प्रशासनिक खर्च, ब्याज, मर्मत सम्भार, ह्रास कट्टी, जिन्सी र अन्य खर्च रु. ९ करोड ९० लाख र लेखाङ्कन गर्न छुट आम्दानी रु. २० करोड ७८ लाख गत वर्ष लेखाङ्कन गर्न नसकी समायोजन हिसाब अन्तर्गत सञ्चित नाफा शीर्षकबाट यस वर्षको आम्दानीबाट घटाई खुद रु. १० करोड ८८ लाख मात्र आम्दानी लेखाङ्कन गरेको छ। समयमै खर्च लेखाङ्कन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

७९. **लेखापरीक्षण समिति -** प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को नियम २७(४)(ट) मा लेखापरीक्षण समितिले वर्षमा कम्तीमा दुई पटक कार्य सम्पादन प्रतिवेदन सञ्चालक समितिमा पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष उक्त समितिले कुनै पनि प्रतिवेदन पेस गरेको पाईएन। सबै कार्यालयको आन्तरिक लेखापरीक्षण हुने नगरेको, लेखापरीक्षणको प्रतिवेदन ढाँचा निश्चित नभएको र यी कार्यमा लेखापरीक्षण समितिबाट अनुगमनसमेत हुने नगरेकोले लेखापरीक्षण समिति प्रभावकारी देखिएन।

८०. **सम्पत्ति कर -** प्राधिकरणले २०६६।६७ सम्म व्यवस्था गरेको सम्पत्ति कर दायित्व रु. ६ करोड २४ लाख ७३ हजार भुक्तानी गरेको छैन भने विगत वर्षको लागि थप दायित्व बापत व्यवस्था गरेको रु. १० लाख ४० हजार समेत २०७६ आषाढ मसान्तसम्म भुक्तानी गरेको देखिएन। प्राधिकरणले २०७६ आषाढ मसान्तसम्म तिर्नुपर्ने सम्पत्ति कर यकिन गरेको छैन। दायित्व यकिन गरी समयमा कर तिर्नु पर्दछ।

८१. **आयकर -** आयकर ऐन, २०५८ बमोजिम प्रत्येक आर्थिक वर्षको आय विवरण आश्विन मसान्तभित्र बुझाउनु पर्ने व्यवस्था छ। प्राधिकरणले हरेक वर्ष वित्तीय विवरण समयमा बुझाएको छैन। यो वर्षको आय विवरण ढिला बुझाए बापत बैशाख मसान्तसम्मको जरिबाना रु. ४ करोड ४४ लाख पुगेकोमा सोको लेखाङ्कन गरेको छैन ।

८२. **निर्माणाधीन सम्पत्ति -** प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को नियम ३६(६) बमोजिम व्यवस्थापनले निर्माणाधीन सम्पतिको भौतिक परीक्षण गरेको पाइएन। वर्षान्तमा निर्माणाधीन सम्पत्ति रु. १ खर्ब ४ अर्ब ८४ करोड रहेको छ। निर्माणाधीन सम्पत्तिको इकाईगत विवरण खुलासा गरेको छैन। सम्पत्तिको यथार्थ हिसाब लेखाङ्कन गर्नुपर्दछ।

८३. **बक्यौता महसुल** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष १४.४४ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ५४ करोड ६९ लाख ८७ हजार पुगेको छ। बक्यौता रकम उठाउन पर्याप्त पहल गरेको पाईएन। महसुल बक्यौतामध्ये सडक बत्तीको मात्र रु.४ अर्ब ४५ करोड २० लाख रहेको छ।

८४. **नगद तथा बैङ्क** - प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ बमोजिम सबै बैङ्क हिसाबको मासिक रुपमा हिसाब मिलान विवरण तयार गरेको पाईएन। प्राधिकरणले विगत वर्षदेखि नै नगद तथा बैङ्क मौज्दात फरकका लागि रु. ३ करोड ५४ लाख व्यवस्था गरेको छ। नगदमा प्राप्त आय दाखिला नगरेको सम्बन्धमा छानविन गरी हिनामिना रकम असुल गरी कारबाही गर्नुपर्दछ।

८५. **विद्युत नोक्सानी** - प्राधिकरणबाट प्राप्त विवरणअनुसार २०७५।७६ र २०७४।७५ को विद्युत, प्रसारण/ वितरणको नोक्सानी निम्नानुसार छः

| सि.नं | विवरण | २०७५।७६ प्रतिशत | २०७४।७५ प्रतिशत |
|---|---|---|---|
| १ | प्रशारण नोक्सानी | ४.३५ | ५.७८ |
| २ | वितरण नोक्सानी | ११.२८ | १४.८२ |
| | **कुल नोक्सानी** | **१५.६३** | **२०.६०** |

नोक्सानीको कारण पत्ता लगाई चुहावट नियन्त्रण कम गर्नुपर्दछ। यसको लागि स्वतन्त्र तेस्रो पक्षबाट मूल्याङ्कन गराई यथार्थ अवस्था यकिन गर्नुपर्दछ।

८६. **आयातित विद्युतको महसुल** - नेपाल र भारत सरकार बीच भएको महाकाली सन्धिअनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डर अनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सोभन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। नेपाल सरकारले यसरी निस्शुल्क प्राप्त गरेको विजुली विद्युत प्राद्यिकरणलाई प्रति युनिट रु. ४.७५ का दरले तिर्नुपर्ने गरी उपलब्ध गराएको देखिन्छ। प्राधिकरणले २०७५।७६ मा भारतबाट ४ करोड ९४ लाख ४६ हजार ४२९ युनिट विद्युत आयात गरेको देखिन्छ। प्राधिकरणले सो बापत २०७३।७४ देखि यो वर्षसम्म रु. १ अर्ब ७ करोड ९९ लाख १३ हजार नेपाल सरकारलाई तिर्नुपर्ने रकम लेखाङ्कन गरे तापनि २०७६ अषाढ मसान्तसम्म भुक्तानी गरेको देखिएन।

८७. **खरिद व्यवस्थापन** - प्राधिकरणअन्तर्गत रहेका विभिन्न ४ निर्देशनालय र सोअन्तर्गतका निकायले यो वर्ष रु. १५ करोड भन्दा माथिका बहुवर्षीय आयोजनाको रुपमा सञ्चालित ११३ ठेक्का व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा ७१ योजनाको मात्र ठेक्का व्यवस्थापन भएको छ। आयोजनाले खरिद सम्झौता गर्दा अमेरिकी डलर तथा भारतीय रुपैयामा समेत सम्झौता गर्ने गरेको छ। प्राप्त विवरण अनुसार कुल ७१ योजना कार्यान्वयन गर्न अमेरिकी डलर ७२ करोड ३८ लाख, भारतीय रुपैया ३६ करोड ५१ लाख र नेपाली मुद्रामा रु. ३० अर्ब ९३ करोड ३४ लाख लाग्ने देखिन्छ । सो मध्ये ३२ योजनाको संझौता रकम अमेरिकी डलर ११ करोड २४ लाख, भारतीय रुपया २७ करोड र नेपाली मुद्रा रु. १२ अर्ब ४६ करोड रहेको ठेक्का फाइल परीक्षण गर्दा देखिएका प्रमुख व्यहोरा देहाय अनुसार छन्।

८७.१ नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १५३ (४) मा एउटा मात्र बोलपत्र पर्न आएमा सोको मूल्याङ्कन गर्दा त्यस्तो बोलपत्र सारभूत रुपमा प्रभावकारी भएमा तथा स्वीकृत लागत अनुमान भन्दा बढी नभएमा स्वीकृत गर्न बाधा पर्ने छैन भन्ने उल्लेख छ। प्राधिकरणबाट प्राप्त विवरण अनुसार यो वर्ष देहायका ९ विद्युतीय उपकरण खरिद, ट्रान्समिसन लाईन जडान, विद्युतीय तार प्रशारण लाईन निर्माण लगायका कार्य गर्न लागत अनुमान रु.७ अर्ब ८ करोड ६५ लाख स्विकृत

भएकोमा बोलपत्रबाट खरिद गर्दा रु.७ अर्ब ९२ करोड ७२ लाखमा गर्ने गरी सम्झौता भएको छ। यसले गर्दा लागत अनुमान भन्दा रु.८४ करोड ७ लाख प्राधिकरणलाई बढी व्ययभार पर्न गएको देखियो। लागत अनुमान तयारी र बोलपत्रमा प्रतिस्पर्धा गराउने कार्यमा उचित व्यवस्थापन हुन सकेको देखिएन। यस सम्बन्धमा आवश्यक सुधार हुनुपर्दछ।

(रु. लाखमा)

| सि.नं. | योजनाको नाम | लागत अनुमान | बोलपत्र स्वीकृत रकम | बढी प्रतिशत |
|---|---|---|---|---|
| १ | कण्डक्टरहरुको सप्लाई र डेलिभरी, पोखरा | १५५२ | १८४४ | ११८.८१ |
| २ | एसिएसआर कण्डक्टर सप्लाई र डेलिभरी, विराटनगर | ३४३० | ४०७८ | ११८.८९ |
| ३ | आइसिवि डिजाइनिंग सप्लाई र डेलिभरी इन्स्टलेसन, ग्रिन सोलार आयोजना, इलाम, ताप्लेजुंग | १३४२१ | १७६१४ | १३१.२४ |
| ४ | चिलिमे त्रिशुली आयोजना हव स्टेशन ट्रान्समिसन लाईन | ९५३६ | १०६०६ | १११.९२ |
| ५ | प्रशारण केन्द्र तथा वितरण नेटवर्क सुधार | १५५७७ | १६४८६ | ११५.८४ |
| ६ | नयां मोदी लेखनाथ ट्रान्समिसन लाइन योजना | ७१९१ | ७२१४ | १००.३१ |
| ७ | सिंगटी लोमान्चु कोरिडोर आयोजना | ४३१३ | ४६४६ | १०७.७२ |
| ८ | वुटवल लुम्बिनी सवस्टेशन निर्माण | ५७१४ | ५८२३ | १०१.९१ |
| ९ | चिलिमे त्रिशुली निर्माण आयोजना | १०१३१ | १०९६१ | १०८.१९ |
| | जम्मा | ७०८६५ | ७९२७२ | |

८७.२ काठमाडौं उपत्यकाको रत्नपार्क र महाराजगञ्ज वितरण केन्द्रअन्तर्गत रहेका ग्राहकहरुका लागि स्मार्ट मिटर जडान गर्न अमेरिकी डलर १ करोड ११ लाख र नेपाली रुपैया रु १५ करोड ६६ लाखको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा पहिलो घटी बोलपत्र पेस गर्ने एक अन्तर्राष्ट्रिय कम्पनीको अमेरीकी डलर ८७ लाख ७ हजारको हुने नेपाली रुपैया रु. ९१ करोड ६ लाख रहेकोमा बोलपत्रको अनुभव र अन्य प्रमाण विश्वसनीय नदेखिएको भनी एशियाली विकास बैङ्कको राय अनुसार दोश्रो घटीवाला कम्पनीको अमेरिकी डलर ८१ लाख २४ हजार र नेपाली रु. ८ करोड १० लाख समेत रु. ९३ करोड ६ लाखको बोलपत्र २०७५।११।१९ मा स्वीकृत गरेको पाइयो। पहिलो बोलपत्र अस्वीकृत गरी दोस्रो बोलपत्र स्वीकृत गर्दा रु २ करोड बढी व्ययभार परेको छ। मितव्ययीतवरले खरिद गर्नु पर्दछ।

८७.३ प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १८९ मा खरिद सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गरी खरिद सम्झौता कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। देहायका २ आयोजना सञ्चालन गर्न पेस्की दिए तापनि निर्माण कार्य शुरु गरेको देखिएन। सम्झौता अनुसार निर्माण कार्य गराउने वा ठेक्का तोडी विनियमावलीको विनियम १९९ अनुसार प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति र पेस्की बाँकी रकम ब्याज सहित असुल गर्नुपर्दछ ।

| सि.नं. | निर्देशनालय | आयोजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | पेश्की खर्च |
|---|---|---|---|---|---|---|
| १ | आयोजना व्यवस्थापन निर्देशनालय | लप्सीफेदी तथा चाँगुनारायण सब-स्टेशन निर्माण | १४ डिसेम्बर २०१७ | ४ नोभेम्बर २०१९ | नेपाली रुपैया रु.४३ करोड १४ लाख र अमेरिकी डलर १ करोड २४ लाख | नेपाली रु.४ करोड ३१ लाख र अमेरिकी डलर १२ लाख ४० हजार |
| २ | आयोजना व्यवस्थापन निर्देशनालय | मर्स्यङ्दी करीडोर २२० के.भि. प्रसारण लाईन निर्माण | ५ नोभेम्बर २०१७ | १६ जुन २०२१ | नेपाली रु.२ अर्ब ६० करोड ५२ लाख | रु.२४ करोड ९६ लाख |

८७.४ प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७२ मा खरिद सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ। प्राधिकरणले निर्माण कार्य गर्दा गराउँदा नियमावलीमा उल्लेखित प्रावधान कार्यान्वयन गरेको देखिएन । बोलपत्र प्रस्तावनामा उल्लेख भएका जनशक्ति एवं उपकरणको प्रयोग

नभएको, संम्झौतामा उल्लेख भएको मितिभित्र कार्य आरम्भ नभएको, कार्यसम्पादन गर्दा भएका वाधा व्यवधानहरुको अग्रिम जानकारी नलिएको कार्यतालिका अनुरुप प्रगति नगरेकोमा आपुर्तक तथा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने एवं खरिद सम्झौता अन्त्य गर्ने जस्ता कार्य गरेको छैन। प्रचलित कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

८७.५ प्रधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १९८ ९२० अनुसार काबु बाहिरको परिस्थिति वा प्राधिकरणले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झोता अवधि बढाउन सक्ने व्यवस्था छ । विनियमावलीको विनियम १९८ मा मनासिव कारण देखिएमा तीन महिनाको अवधिसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढिको अवधि थप गर्नुपर्ने भएमा एक तह माथिको अधिकारी समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले ४ किसिमका २ हजार थान ट्रान्सफरमर खरिद गर्न सम्झौता गरी सम्झौता मितिले १२० दिनभित्र परीक्षण गराई २४० दिनभित्र सामान आपूर्ति गर्ने गरी एक आपूर्तकलाई १७ मार्च २०१७ मा कार्यदिश दिएको थियो। सम्झौता अनुसार १६ जुन, २०१७ सम्ममा सबै किसिमको परीक्षण गरी प्रतिवेदन प्राप्त हुनुपर्नेमा ५ जनवरी २०१८ मा आंसिक रुपमा प्राप्त भएको छ। सम्झौता अनुसार २४० दिनभित्र सबै सामान आपूर्ति गरी सक्नु पर्नेमा कार्यकारी निर्देशकबाट १४ अगस्ट २०१९ सम्म ९५०६ दिन० म्याद थप भएको पाइयो। मनासिब माफिकको कारण तथा सामान आपूर्ति गर्ने कार्य तालिकाबेगर शुरु सम्झौताको १४० प्रतिशतसम्म म्याद थप भएको छ। म्याद थपको अवधिसम्म १ हजार ८२० थान ट्रान्सफर मात्र आपूर्ति भएको छ। अतः स्पष्ट कारणबेगर म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई समयमै सामान आपूर्ति नगर्ने आपूर्तकबाट विनियम तथा सम्झौता अनुसार लाग्ने पूर्व निर्धारित क्षतिपूर्तिबपतको रकम यकिन गरी असुल गर्नुपर्दछ ।

## तामाकोशी जलविद्युत कम्पनी लिमिटेड - २०७४।७५ देखि २०७५।७६

जलविद्युत निर्माण, उत्पादन तथा वितरण गर्ने उद्देश्यले कम्पनी ऐन,२०६३ अनुसार २०६३।११।२५ मा कम्पनी स्थापना भएको हो। कम्पनीले आफ्नो उद्देश्यअनुसार आयोजना सञ्चालन गर्न आवश्यक कार्य सञ्चालन गरिरहेको छ।

८८. **वित्तीय स्थिति** - कम्पनीको शेयर पुँजी रु. १८ करोड ३३ लाख र जम्मा दायित्व तथा व्यवस्था रु. ४४ लाख रहेको छ। स्थिर सम्पत्ति रु. १३ करोड १६ लाख र चालु सम्पत्ति रु. ५ करोड ६१ लाख समेत जम्मा सम्पत्ति रु. १८ करोड ७७ लाख रहेको छ। गत वर्षसम्म रु. ३३ करोड ९० लाख खर्च भएकोमा यस वर्ष रु. ७० लाख मात्र खर्च गरेको छ।

८९. **शेयर पुँजी** - कम्पनीको प्रबन्धपत्रको दफा १५ मा उल्लेख भए अनुसार कम्पनीको सम्पूर्ण जारी पुँजी रु. २ अर्ब ५५ करोड नेपाल विद्युत प्राधिकरणले शेयर लिन कवुल गरेको भए तापनि यस बापत कुनै पनि रकम विद्युत प्राधिकरणबाट प्राप्त भएको छैन। तर यस कम्पनीको खातामा २०७५।७६ सम्म नेपाल विद्युत प्राधिकरणबाट रु. १९ करोड ५ लाख १० हजार प्राप्त भएको र उक्त रकमलाई शेयर पुँजीअन्तर्गत लेखाङ्कन गरेको छ।

## अपर तामाकोशी जलविद्युत आयोजना - २०७५।७६

कम्पनी ऐन, २०६३ अनुसार ४५६ मेगाबाटको जलविद्युत उत्पादन तथा वितरण गर्ने उद्देश्यले आयोजनाको स्थापना भएको हो। यस आयोजनामा नेपाल विद्युत प्राधिकरणको ४१ प्रतिशत, नेपाल दुरसञ्चार कम्पनी लिमिटेडको ६ प्रतिशत, नागरीक लगानी कोषको २ प्रतिशत र राष्ट्रिय बीमा संस्थानको २ प्रतिशत सहित

५१ प्रतिशत संस्थापक शेयर र बाँकी ४९ प्रतिशत शेयरमध्ये सर्वसाधारणको १५ प्रतिशत, स्थानीय दोलखावासीको १० प्रतिशत र अन्यको २४ प्रतिशत रहेको छ।

९०. **वित्तीय स्थिति** - यस आयोजनाको अधिकृत पुँजी रु.११ अर्ब र चुक्ता पुँजी रु.१० अर्ब ५९ करोड र ऋण रु. ३६ अर्ब ५० करोड रहेको छ भने सम्पत्ति रु.६९ अर्ब ४६ करोड १४ लाखमा दायित्व रु.५९ अर्ब ५० करोड ९९ लाख कट्टा गर्दा नेटवर्थ रु.९ अर्ब ९५ करोड १५ लाख रहेको छ। आयोजना संचालन भई नसकेकोले संचालन आम्दानी भएको छैन भने बैङ्क मौज्दातमा प्राप्त ब्याज गत वर्ष रु. ७८ लाख रहेकोमा यस वर्ष रु. ७१ लाख रहेको छ।

९१. **लागत अनुमान** - शुरुमा आयोजना २०७२।७३ सम्म सम्पन्न हुने गरी रु. ३५ अर्ब २९ करोड लागत अनुमान तयार गर्दा वित्तीय खर्च, निर्माणाधीन अवस्थाको ब्याज खर्च, विनिमय नाफा र नोक्सानी समावेश गरिएको थिएन। हाल सञ्चालन अवधिमा रु. ५ अर्बको भेरिएशनबाट कार्य थप गरेको, मूल्य समायोजन बापत रु. ९२ करोड, विनिमय नोक्सानी बापत रु. ७ अर्ब ६ करोड, भन्सार, कर र मूल्य अभिवृद्धि कर बापत रु.८२ करोड लगायतमा खर्च भएको र बैङ्क तथा अन्य संस्थाबाट लिएको ऋणको ब्याज रकम पुँजीकृत गर्नु परेको तथा योजनाको निर्माणाधीन अवधि लम्बिएको आदि कारण वा सञ्चालक समितिको २०७४।१२।३० को निर्णयले रु. ४९ अर्ब २९ करोड ५५ लाखको संशोधित लागत अनुमान स्वीकृत गरेको छ। पर्याप्त अध्ययनबेगर शुरु लागत तयार गर्ने र पछि विभिन्न समस्या देखाई लागत परिवर्तन गर्ने कार्य उपयुक्त देखिएन । पर्याप्त अध्ययन गरेर मात्र लागत अनुमान तयार गर्नु पर्दछ।

९२. **आयोजनाको प्रगति** - परियोजनाको हालसम्म ९९ प्रतिशत भौतिक प्रगति भएकोमा वित्तीय प्रगति ९३.८० प्रतिशत रहेको छ। व्यवस्थापनले दिएको जानकारी अनुसार २०७२ बैशाखमा गएको विनाशकारी भूकम्प, नेपाल-भारत सीमा नाकाबन्दी, डिजाईनमा संशोधन, प्रवेश मार्ग विस्तार, सुदृढीकरण आदि विभिन्न कारणले गर्दा आयोजनाको अवधि थप भई २०७५।७६ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिए तापनि सो सम्पन्न भएको छैन।

९३. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम ब्याज भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिमकर कट्टी गर्नुपर्ने र दफा ९० अनुसार प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र कर कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणमार्फत प्रदान गरेको ऋणको १०.५ प्रतिशतका दरले हुने ब्याज नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा रु. १ अर्ब १९ करोड ९४ लाख ब्याज खर्चमा हुने कर रु.१७ करोड ९९ लाख कट्टी गरेको देखिएन।

९४. **सम्पत्ति व्यवस्थापन** - कम्पनीको वित्तीय विवरणमा निर्माणाधीन सम्पत्तिअन्तर्गत लेखाङ्कन भएको जम्मा रु.१० करोड ८५ लाखमध्ये रु.४ करोड ९ लाखको विस्तृत विवरण सहित जग्गाधनी पुर्जा अद्यावधिक नगरेको, भूकम्पद्वारा क्षति भएको भवनको विवरण तयारी गरी क्षय भएको रकमको लेखाङ्कन नगरेको र विगत वर्षदेखि जिल्ला विकास समिति, दोलखाको नाममा रहेको रु.४३ लाख, जिल्ला प्रशासन कार्यालय, दोलखाको नामको रु.१ करोड १२ लाख र अन्य विभिन्न पार्टीहरुको रु.१४ लाखसमेत रु.१ करोड ६९ लाखको पेस्की फछ्र्यौट भएको छैन।

## अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार आयोजनाहरु कार्यान्वयन नभएको, खरिद सम्झौता कार्यान्वयन गर्दा निर्माण कार्यको गुणस्तर परीक्षण नभएको, निर्माण व्यवसायीबाट ठेक्का सम्झौताअनुसारको

अवधिमा ठेक्काको कार्य सम्पन्न गराउन नसकेको, बोलपत्रको माध्यबाट गर्नुपर्ने खरिद कार्य सोअनुसार नगरी सोझै गराएको, निर्माण व्यवसायीहरुलाई मूल्य समायोजन बापतको रकम भुक्तानी दिँदा फरक मूल्य सूचकाङ्कको प्रयोग गरी भुक्तानी दिएको लगायत व्यहोराहरु औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत ५५ निकायमा यो वर्ष रु.२ अर्ब १८ करोड ७६ लाख ३१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ४१ लाख ७१ हजार फर्छ्यौट गरेकोले रु.२ अर्ब १४ करोड ३४ लाख ६० हजार बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ७ करोड ३४ लाख १ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५मा रहेको छ ।

# कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा संघीय विधेयक, अध्यादेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति, कानुनी राय, नेपाल राजपत्रमा सूचना प्रकाशन, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, समझदारीको अनुमोदन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानुनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श दिने, संघीय कानुनको प्रकाशन तथा वितरण, नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण तथा प्रकाशन, सत्य निरुपण तथा मेलमिलाप, बेपत्ता पारिएका व्यक्तिको छानबिन लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १२ कार्यालयको निम्नानुसार रु.३१ करोड २ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १२ | ३०३८ | ५ | १२ | ५ | ८ | २ | ४४ | १२ | ३१०२ |

यस मन्त्रालयमा विनियोजन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निकासा भएको रु.१५ लाख विनियोजन बजेटमा समावेश गरिएको छैन ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ३ संगठित संस्थाको रु.१९ करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **वार्षिक कार्यक्रम -** स्वीकृत वार्षिक कार्यक्रमअनुसार यो वर्ष सम्पन्न गर्नुपर्ने सन्धिसम्बन्धी निर्देशिका तर्जुमा, कार्य सम्पादन दिग्दर्शन तयारी, महत्वपूर्ण कानुनी दस्तावेजको विद्युतीय संरक्षण, स्वीकृत एकीकृत कानुनी सहायता नीति तर्जुमा, प्रदेश र स्थानीय तहको लागि कानुनको तर्जुमासम्बन्धी आवश्यक सहजीकरण र सहयोग गर्ने, संविधान कार्यान्वयन गर्न आवश्यक कानुन तर्जुमासम्बन्धी अध्ययन/अन्तरक्रिया गर्ने, मौजुदा कानुनलाई नेपालको संविधान र संघीयताको भावनाअनुरुप हुने गरी आवश्यक संशोधन र परिमार्जनसम्बन्धी अध्ययन अनुसन्धान र नेपाल मध्यस्थता परिषद् गठन लगायतका कार्यक्रम सञ्चालन भएको छैन । स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **अनुदान -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार कुनै पनि संघ संस्थालाई अनुदान दिँदा ती संस्थाको आय-व्यय एवं प्रगति विवरण लिनुपर्ने एवं जुन कामको लागि रकम दिएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्यअनुसार प्रगति गरे नगरेको र प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराए नगराएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले केन्द्रीय सहायता समितिलाई रु.१ करोड ७५ लाख, पूर्व सांसद मञ्चलाई रु.७० लाख, केन्द्रीय कानुन पुस्तकालयलाई रु.४५ लाख, कानुन किताब व्यवस्था समितिलाई रु.१० लाखसमेत विभिन्न ६ निकायलाई रु.३ करोड ७ लाख अनुदान प्रदान गरेकोमा उल्लिखित व्यवस्थाबमोजिम सबै

संस्थाको आय व्यय विवरण, लक्ष्य प्रगति तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको छैन । मन्त्रालयले अनुदान रकम सदुपयोगको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

## सत्य निरुपण तथा मेलमिलाप आयोग

बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना छानबिन गरी कानुनी कारबाहीको लागि सिफारिस गर्न यस आयोगको गठन भएको हो । आयोगमा अध्यक्षसहित पाँचजना सदस्य रहने व्यवस्था छ । स्थापना भएको २ वर्षमा कार्यसम्पन्न गर्ने गरी गठन भएको यस आयोगको पटक पटक म्याद थप भएको छ । आयोगमा विभिन्न पद र श्रेणीका १०० जना कर्मचारीको दरबन्दी रहेको छ ।

५. **उजुरी र छानबिन** - आयोग स्थापना भएदेखि २०७६ आषाढ मसान्तसम्म हत्या १० हजार ८८१, अपहरण तथा शरीर बन्धक ४ हजार १४०, अङ्ग भंग वा अपाङ्ग बनाउने ४ हजार ९१८, शारीरिक तथा मानसिक यातना २० हजार ५१, बलात्कार तथा यौनजन्य हिंसा ३११, सम्पत्तिसम्बन्धी १६ हजार १६६, विस्थापन ५ हजार ८८१ विषय नखुलेको ५९१ समेत ६२ हजार ९३९ उजुरी दर्ता भएकोमा ३ हजार ६१५ को प्रारम्भिक छानबिन भएको छ ।

## बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

बेपत्ता पारिएका व्यक्तिका छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना छानबिन गरी कानुनी कारबाहीको लागि सिफारिस गर्न आयोगको गठन भएको हो । आयोगमा अध्यक्षसहित पाँचजना सदस्य रहने व्यवस्था छ । स्थापना भएको २ वर्षमा कार्यसम्पन्न गर्ने गरी गठन भएको यस आयोगको पटक पटक म्याद थप भएको छ । आयोगमा विभिन्न पद र श्रेणीको ५० दरबन्दी रहेको छ ।

६. **उजुरी र छानबिन** - आयोग स्थापना भएदेखि यस वर्षसम्म ३ हजार १९७ उजुरी प्राप्त भएकोमा ४१४ उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाएकोमा कार्यक्षेत्र नमिलेको भनी १३७ फिर्ता आएको, १२५ उजुरी दोहोरो परेकोले लगत कट्टा गरेको एवं २८९ उजुरी तामेलीमा राखी २ हजार ५०६ उजुरी विस्तृत छानबिन गर्ने निर्णय भएको देखिन्छ । विस्तृत छानबिन गर्नुपर्ने उजुरीमध्ये २ हजार ८ उजुरीमा पीडित र साक्षीको कागज गर्ने, एन्टिमोर्टम (बेपत्ता हुनु अघिको स्थिति) र परिपूरण फाराम भराउने लगायत विस्तृत छानबिनको पहिलो चरण कार्य सम्पन्न गरेको छ ।

- **बेरुजू स्थिति** - मन्त्रालय मातहत १ निकायमा यो वर्ष रु १ लाख २० हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.१ लाख पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची–१५ मा छ ।

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा कृषि र पशु विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदेबाली, औद्योगिकबाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन गर्ने, कृषि अनुसन्धान र प्रविधि विस्तार, कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान विकास तथा विस्तार, पशु नश्लको गुणस्तर सुधार, प्रमाणीकरण तथा नियमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत २३६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका २२३ सरकारी कार्यालयको निम्नानुसार रु.१९ अर्ब ७९ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| २२३ | १८७८२४ | ३८ | ३४२० | १७ | १८५४ | ५५ | ४८७५ | ३०१ | १९७९७३ |

२. **संगठित संस्था र अन्य संस्था** - यो वर्ष १३ संस्थाको रु.१२ अर्ब ३८ करोड ८३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **योजना कार्यान्वयन** - चौधौं योजनाअनुसार कृषि क्षेत्रको वृद्धि लक्ष्य ४.७ प्रतिशत रहेकोमा ५ प्रतिशत पुगेको र कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९.५ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा २६.९८ प्रतिशत पुगेको उल्लेख छ । दलहन, फलफूल, मासु, दूध र माछामा लक्ष्यअनुसार उत्पादन भएको देखिएन । कृषिजन्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, साना र मझौलास्तरका कृषियन्त्रको आपूर्ति, कृषि व्यवसायलाई व्यावसायिक तथा नाफामूलक बनाउने, नयाँ प्रविधिको उपयोग तथा कृषि प्रसार सेवामा गरीब किसानको पहुँच पुर्‍याउने उल्लेख भए पनि कार्यान्वयन स्थिति कमजोर हुँदा कृषि क्षेत्रले अर्थतन्त्रमा गुणात्मक प्रभाव पार्न सकेको देखिएन । योजनामा उल्लेखित लक्ष्य प्रगति स्थिति यसप्रकार छः

| नतिजा सूचक | इकाई | २०७५।७६ को लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ४.७ | ५ | १०६.३८ |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २९.५ | २६.९८ | ९१.४६ |
| धान | मे.टन (हजारमा) | ५५६१ | ५६१० | १००.८८ |
| मकै | मे.टन (हजारमा) | २६९६ | २७१३ | १००.६३ |
| गहुँ | मे.टन (हजारमा) | २२१९ | २००५ | ९०.३५ |
| आलु | मे.टन (हजारमा) | ३२५० | ३११२ | ९५.७५ |
| तेलहन | मे.टन (हजारमा) | २३६ | २८२ | ११९.४९ |
| दलहन | मे.टन (हजारमा) | ४३८ | ३८१ | ८६.९८ |
| उखु | मे.टन (हजारमा) | ३४०० | ३५५७ | १०४.६१ |
| फलफूल | मे.टन (हजारमा) | १४८० | ११७८ | ७९.५९ |
| तरकारी | मे.टन (हजारमा) | ४००० | ४२७१ | १०६.७७ |
| मासु | मे.टन (हजारमा) | ४१७ | ३५७ | ८५.६१ |

| | | | | |
|---|---|---|---|---|
| अण्डा | गोटा (करोडमा) | १५७ | १५५ | ९८.७२ |
| दूध | मे.टन (हजारमा) | २५९४ | २१६८ | ८३.५७ |
| माछा | मे.टन (हजारमा) | १०३ | ८८ | ८५.४४ |

४. **बजेट कार्यान्वयन** - बजेट वक्तव्य २०७५।७६ मा कृषिजन्य बालीहरुको उन्नत बीउ र बिरुवा तथा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा ब्याज अनुदान दिने, कार्यक्रममा उपलब्ध गराएको अनुदानको अभिलेख व्यवस्थित गर्ने, युवालाई कृषि व्यवसायमा आकर्षित गर्ने, घुम्ती प्रयोगशाला, कृषि औजार कारखाना स्थापना र प्रत्येक प्रदेशमा कम्तीमा एक जैविक विषादी प्रयोगशाला स्थापना गर्ने लगायतका कार्यक्रम सञ्चालन भएको देखिएन । यसैगरी उच्च मूल्यका कृषि उपजहरुको अर्गानिक उत्पादन गरी निर्यात वृद्धि गर्ने, कृषि उत्पादन वृद्धिका सेवाहरु स्थानीय तहको कृषि सेवा केन्द्रमार्फत उपलब्ध गराउने, कृषि तथा पशु विकास केन्द्रित अध्ययन अनुसन्धान गर्न प्रोत्साहित गर्ने कार्यक्रमसमेत सञ्चालन भएको छैन । बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको कार्यान्वयन स्थिति अनुगमन गरी प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

५. **संगठन संरचना** - मन्त्रालय र मातहत ३०१ कार्यालयको स्वीकृत दरबन्दी ५ हजार ५ सय ९४ रहेकोमा ५ हजार ४५१ दरबन्दी पदपूर्ति भई १४३ पदको पदपूर्ति हुन सकेको देखिएन ।

६. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य अन्तर्गत कृषि क्षेत्रसँग सम्बन्धित लक्ष्यमा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ति र कृषिको प्रवर्द्धन गर्ने लक्ष्य तोकेकोमा लक्ष्यअनुसार प्रगति हुन सकेको छैन । यसवर्ष विश्वव्यापी खाद्य सुरक्षा सूचकाङ्क ५७ अंकमध्ये ४६ अङ्क, कूल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको क्षेत्रफल ३३ प्रतिशत र सामुदायिक बीज बैङ्कहरुको संख्या ११५ मध्ये ४० मात्र पुगेको छ । दिगो विकास लक्ष्य अनुसार नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **अनुदान** - मन्त्रालयले यो वर्ष रासायनिक मल खरिद, उन्नत बीउ बिजन, उत्पादन एवं खरिद, मत्स्य विकास, बाली संरक्षण तथा विकास, कृषि यान्त्रीकरण तथा खाद्य सुरक्षा, बाली तथा पशुधन बीमा, तरकारी खेती, पोखरी निर्माण, कृषि औजार लगायतका क्रियाकलापमा अनुदान वितरण गर्न २५ आयोजनामा रु.१३ अर्ब ७२ करोड ५० लाख विनियोजन भएकोमा रासायनिक र अन्य मल खरिदको लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रु.५ अर्ब ७५ करोड २२ लाख र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रु.२ अर्ब ६२ करोड ६९ लाखसमेत रु.१२ अर्ब २९ करोड भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

७.१ मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा कृषि क्षेत्रको अनुदान वितरण र उत्पादनको अवस्था निम्नानुसार रहेको छः

| आर्थिक वर्ष | अनुदान रु. करोडमा | खाद्यान्न उत्पादन (मे.टन हजारमा) | | | तरकारी उत्पादन (मे.टन हजारमा) | | | फलफूल उत्पादन (मे.टन हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
| २०७१।७२ | १०७१ | १०२१० | ९२६६ | ९०.७५ | ३६०० | ३६२९ | १००.८१ | ११८० | ९९२ | ८४.०७ |
| २०७२।७३ | १००४ | १०८८१ | ८६१४ | ७९.१७ | ३६५६ | ३६४३ | ९९.६४ | १२६० | १०९७ | ८७.०६ |
| २०७३।७४ | १०७८ | ९३२५ | ९३४५ | १००.२१ | ३७०० | ४१२५ | १११.४९ | १२११ | ९७५ | ८०.५१ |
| २०७४।७५ | ८७६ | ९७९२ | ९६५७ | ९८.६२ | ३८०० | ४०९९ | १०७.८७ | १३३९ | १०१० | ७५.४३ |
| २०७५।७६ | १२२९ | १०५९४ | १०६२८ | १००.३२ | ४००० | ४१७५ | १०४.३८ | १४८० | ११५३ | ७७.९१ |

गत वर्षको तुलनामा यो वर्ष ४०.३० प्रतिशतले अनुदान वृद्धि गरी रु.१२ अर्ब २९ करोड वितरण गर्दा उत्पादनतर्फ खाद्यान्नमा १०.०५ प्रतिशत, तरकारीमा १.८५ प्रतिशत र फलफूलमा १४.१६ प्रतिशतले मात्र वृद्धि भएको छ । विगत ५ वर्षमा फलफूलतर्फ लक्ष्यअनुसार उत्पादन भएको छैन । अनुदानको उपयोग गरी उत्पादन वृद्धि गर्नुपर्दछ ।

७.२ कार्यक्रम कार्यान्वयन, कार्यविधि र निर्देशिकामा पटक पटक संशोधन हुने, एकै प्रकृतिका क्रियाकलापमा फरक फरक कार्यविधि तयार गर्ने, कार्यक्रम सञ्चालन निर्देशिका सरल र स्पष्ट नहुने, वास्तविक कृषकको पहिचान नगरी कार्यक्रम बनाउने जस्ता कारणबाट अनुदानको उपयोग प्रभावकारी भएको देखिएन ।

७.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ मा अर्थ मन्त्रालयको सहमति लिई आर्थिक कार्यविधिसम्बन्धी आन्तरिक निर्देशिका बनाई लागू गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले कृषकलाई अनुदान उपलब्ध गराउन अर्थ मन्त्रालयको सहमति नलिई ९८ निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको छ । ती निर्देशिकामा ५० प्रतिशतदेखि १०० प्रतिशतसम्म अनुदान प्रदान गर्ने गरी कार्यविधि स्वीकृत गरेको छ । अनुदान वितरण गर्दा सबै क्षेत्र र वर्ग नसमेटिएको, क्षमतावान् कृषकको पहिचान हुन नसकेको तथा अनुदानमा कमजोर र विपन्न कृषकको पहुँच नपुगेको जस्ता व्यहोरा देखिएको छ । अर्थ मन्त्रालयको सहमतिमा कार्यविधि स्वीकृत गरी लागू गर्नुपर्दछ ।

यो वर्ष मन्त्रालय, कृषि र पशु सेवा विभाग, आयोजना तथा विभिन्न केन्द्रहरुमार्फत् रासायनिक मल खरिद, शीत भण्डार, कृषि औजार, पोष्ट हार्भेष्टर, सिँचाइ, प्रांगारिक मल कारखाना स्थापना, पशु तथा बाली बीमा, फार्म स्थापना, बजार व्यवस्थापन तथा प्रोत्साहन अनुदानमा लागतको ७० देखि १०० प्रतिशतसम्म हुने गरी रु.१० अर्ब ५५ करोड ९७ लाख अनुदान दिएको देखियो ।

कृषि तथा पशुपालन क्षेत्रबाट कुल गार्हस्थ्य उत्पादनमा योगदान बढाउन, कृषिलाई व्यवसायीकरण गर्न दिगो विकास लक्ष्यअन्तर्गत गरिबी न्यूनीकरण र भोकमरीको अन्त्य गर्ने जस्ता लक्ष्य प्राप्तिका लागि कृषि शिक्षा, कृषि उद्यमशीलता विकास, कृषि यान्त्रीकरण, व्यवसायीकरण र विविधीकरण गर्न प्रदान गरिने अनुदान पारदर्शी, स्पष्ट एवं प्रभावकारी बनाउनुपर्दछ ।

८. **वैदेशिक सहायता -** दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ८ आयोजनामा रु.३४ अर्ब ६९ करोड ५७ लाख खर्च गर्ने सम्झौता भएकोमा हालसम्म रु. १२ अर्ब १० करोड १५ लाख खर्च भएको छ ।

(रकम रु.लाखमा)

| सि.नं. | आयोजनाको नाम | दातृ निकाय | आयोजना सञ्चालन भएका जिल्लाहरु | आयोजना शुरु वर्ष | आयोजना सम्पन्न वर्ष | सम्झौता रकम | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १. | कृषि क्षेत्र विकास कार्यक्रम | आइफाड | | २०७५।७६ | २०८०।८१ | ७४४६३ | ५८० | ०.७७ |
| २. | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | विश्व बैङ्क | झापादेखि कैलाली सम्म २६ जिल्ला | २०६९।७० | २०७७।७८ | ६००० | ६६४६ | ११०.८ |
| ३. | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | आई.डी.ए. | ८ जिल्ला | २०७५।७६ | २०८०।८१ | ३१००२ | ८१५ | २.६३ |
| ४. | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | आईफाड | साविक मध्यपश्चिमका ७ जिल्ला | २०६८।६९ | २०७५।७६ | १४७२० | १५३४२ | १०४.२२ |
| ५. | किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम | आईफाड | साविक पश्चिम र मध्यपश्चिमका ७ जिल्ला | २०६९।७० | २०७६।७७ | ५११८० | २६१२२ | ५१.०४ |
| ६. | नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना | विश्व बैङ्क | २८ जिल्ला | २०७४।७५ | २०८०।८१ | ८७८७२ | ४५४३ | ५.१७ |
| ७. | साना मझौला कृषक आयस्तरवृद्धि आयोजना | ए.डी.बी. | साविक मध्यपश्चिम र सुदुरपश्चिमका १० | २०६७।६८ | २०७५।७६ | २५९२० | १५२३२ | ५८.७६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | | | | | |
| ८. | व्यावासयिक कृषि तथा व्यापार आयोजना | विश्व बैङ्क | ७७ जिल्ला | २०६६।६७ | २०७४।७५ | ५५८०० | ५१७३५ | ९२.७१ |
| | | | | | जम्मा | ३४६९५७ | १२१०१५ | ३४.८ |

साना, मझौला कृषक आयस्तर वृद्धि आयोजनाको सम्झौता अवधि समाप्त हुँदासम्म ५८.७६ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ । उच्च मूल्य कृषि वस्तु विकास आयोजनाअन्तर्गतको २०३ उप-आयोजनाले पहिलो र दोस्रो किस्ताको अनुदान लिएकोमा तेस्रो किस्ता अनुदान लिन नआएकोले आयोजनाको अपेक्षित लक्ष्य हासिल हुन सकेको देखिएन । नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना तोकिएको अवधिको करिव ५० प्रतिशत समय व्यतीत हुँदासम्म ५.१७ प्रतिशत र किसानका लागि उन्नत बीउ बिजन कार्यक्रमको ९० प्रतिशत अवधि समाप्त हुँदा ५१.०४ प्रतिशतमात्र खर्च भएको देखियो । लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्न आयोजनाले ध्यान दिनुपर्दछ ।

९. **परामर्श सेवा** - साना तथा मझौला कृषक आयस्तर वृद्धि, उच्च मूल्य कृषि वस्तु विकास, खाद्य तथा पोषण सुरक्षा सुधारलगायत ८ आयोजनाको कुल लागत रु.३४ अर्ब ६९ करोड ५७ लाख भएकोमा यो वर्ष रु.१ अर्ब ४९ करोड १२ लाखसमेत हालसम्म रु.१२ अर्ब १० करोड १५ लाख खर्च गरेका छन् । उक्त खर्चमध्ये परामर्श सेवामा रु.१ अर्ब ९४ करोड २९ लाख (१६.०६ प्रतिशत) खर्च गरेको देखिन्छ । विभिन्न आयोजनाबाट परामर्शसेवामा देहायबमोजिम ०.६१ देखि २६.७८ प्रतिशतसम्म खर्च भएको छ ।

(रकम रु.लाखमा)

| सि.नं. | आयोजनाको नाम | कुल लागत | यो वर्षको खर्च | हाल सम्मको खर्च | परामर्श सेवाको खर्च | खर्च मध्ये परामर्श सेवाको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | कृषि क्षेत्र विकास कार्यक्रम | ७४४६३ | ५८० | ५८० | ६७ | ११.५५ |
| २. | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ६००० | ५७३ | ६६४६ | १६४३ | २४.७२ |
| ३. | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ३१००२ | ८१५ | ८१५ | ५ | ०.६१ |
| ४. | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | १४७२० | ४६४ | १५३४२ | ३५८९ | २३.३९ |
| ५. | किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम | ५११८० | ३६७२ | २६१२२ | २१२८ | ८.१५ |
| ६. | नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना | ८७८७२ | ३८०१ | ४५४३ | १२१७ | २६.७८ |
| ७. | साना मझौला कृषक आयस्तर वृद्धि आयोजना | २५९२० | ३३९८ | १५२३२ | २६२८ | १७.२५ |
| ८. | व्यावसयिक कृषि तथा व्यापार आयोजना | ५५८०० | १६०९ | ५१७३५ | ८१५२ | १५.७५ |
| | जम्मा | ३४६९५७ | १४९१२ | १२१०१५ | १९४२९ | १६.०६ |

९.१ दातृ निकायसँगको सम्झौतामा वैदेशिक परामर्श सेवाको अनिवार्यताले गर्दा सरकारी निकायमा कार्यरत जनशक्तिको उपयोग अवस्था न्यून देखिएको छ । आयोजना सञ्चालन गर्दा सरकारी निकायमा उपलब्ध जनशक्तिको उपयोग गरी परामर्श खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

९.२ यसवर्ष ४ आयोजनामा २४ व्यक्तिगत परामर्शदाता छनौट गरी रु.२ करोड ७७ लाख २१ हजार खर्च गरेको देखियो । व्यक्तिगत परामर्शदाता छनौट गर्दा ३ जनासँग व्यक्तिगत विवरण तथा अनुभव माग गरी लागत अनुमानका हाराहारीमा नै सम्झौता गरी भुक्तानी गरेकोले परामर्शदाता नियुक्तिमा प्रतिस्पर्धा भएको देखिएन ।

१०. **रासायनिक मल** - राष्ट्रिय मल नीति, २०५८ मा रासायनिक मलको सम्भाव्य खपतको करिब २० प्रतिशत परिमाण जगेडा रहनुपर्ने व्यवस्था छ । कृषकको माग विश्लेषण नगरी वार्षिक ४ लाख २५ हजार मेट्रिक टन रासायनिक मल खरिदको लागि अनुदान उपलब्ध गराएकोमा माग अनुसार आपूर्ति हुन सकेको छैन ।

रासायानिक मल आवश्यकताको विश्लेषण गरी खरिद कार्ययोजना तयार नहुँदा मल आपूर्तिमा समस्या देखिएको छ । माग, आपूर्ति र वितरण वीच सन्तुलन कायम गर्नुपर्ने देखिन्छ ।

११. **सञ्चालन खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा स्वीकृत बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार रासायनिक मल खरिदको लागि अनुदान दिने व्यवस्थाअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई मलको परिमाणको आधारमा सञ्चालन खर्च रु.५१ करोड ५० लाख १३ हजार थप अनुदान दिएको छ । स्वीकृत कार्यक्रममा मल खरिदमा अनुदान दिने व्यवस्था भएकोमा अन्य प्रशासनिक कार्यमा अनुदान खर्च गर्न मिल्ने देखिदैन । यसमा नियन्त्रण हुनुपर्दछ ।

१२. **खरिद दरमा फरक** - मन्त्रालयले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रासायानिक मल खरिद गर्न अनुदान दिएको छ । कृषि सामग्री कम्पनीले युरिया मल ओमानको मल्टी कम्मोडिटिजबाट भन्दा युनाइटेड अरब इमिरेट्सको एक कम्पनीबाट प्रति मेट्रिक टन रु.१० हजार १५७ बढी दरले खरिद गरी रु.२६ करोड ६४ लाख र डी.ए.पी. मल चीनबाट खरिद दरको तुलनामा साउदी अरेबियाको इण्डियन पोटास लिमिटेडको भन्दा प्रति मेट्रिकटन रु.४ हजार २३७ बढी दरले खरिद गरेकोले रु.१० करोड ७४ लाखसमेत रु.३७ करोड ३८ लाख बढी लागत परेको छ । यसैगरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले युरिया मल चिनियाँ कम्पनीबाट भन्दा ओमानको कम्पनीबाट प्रति मेट्रिकटन रु.२ हजार २२८ बढीले खरिद गरी रु.४ करोड ५२ लाख र डी.ए.पी. मल चीनको एक कम्पनीभन्दा अर्को कम्पनीबाट प्रति मेट्रिकटन रु.५ हजार ४२४ बढी दरले खरिद गरेको रु.५ करोड ९५ लाखसमेत रु.१० करोड ४७ लाख बढी लागतमा मल आयात गरेको छ । दुवै कम्पनीले कुल रु.४७ करोड ८५ लाख बढी लागतमा मल आयात गरेकोले खरिद लागत कम पर्ने गरी खरिद योजना र खरिद प्रक्रियाको अवलम्बन गर्नुपर्दछ ।

१३. **निष्क्रिय बजेट** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (१)मा कार्यालयले स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कृषि विभाग, पशु सेवा विभाग, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायत २१ कार्यालयमा मल खरिद, बीमा पुँजीगत अनुदान, परामर्श र सफ्टवेयर खरिदको लागि विनियोजित रु.३ अर्ब ६३ करोड ३७ लाख कार्यक्रम सञ्चालन नगरी निष्क्रिय राखेको छ । बजेट निष्क्रिय राख्ने पदाधिकारीलाई जिम्मेवार बनाई बजेटको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१४. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढीको मालसामान बोलपत्रको माध्यमबाट तथा नियम ८४ मा बीस लाख रुपैयाँसम्मको मालसामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । पशु सेवा विभाग, क्षेत्रीय कृषि अनुसन्धान केन्द्र तरहरा, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना भक्तपुरलगायतका २० निकायले ल्यापटप, सोफासेट, कार्पेट, कम्प्युटर, प्रिन्टर, कस्टम हायरिङ सेन्टर र पोष्ट हार्भेष्ट सेन्टर सञ्चालनका यन्त्र उपकरणलगायतका मालसामान पटक पटक सोझै खरिद गरी रु.६ करोड १८ लाख ८९ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन । नियमावलीमा भएको व्यवस्था कार्यान्वयन नगर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

१५. **अनुगमन मूल्याङ्कन** - यसवर्ष मन्त्रालय, विभाग, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायत ७ कार्यालयले अनुगमन मूल्याङ्कनमा रु.२ करोड ४६ लाख खर्च गरेका छन् । अनुगमन मूल्याङ्कन गर्दा स्वीकृत कार्यक्रम, लक्षित सूचक, अनुगमन संख्या र उपलब्धिसमेत यकिन हुने कार्ययोजनाअनुसार अनुगमन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

१६. **जिन्सी दाखिला -** आर्थिक कार्यविधि निमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले हस्तान्तरण भई प्राप्त जिन्सी मालसामानको स्रेस्ता खडा गरी राख्नुपर्ने व्यवस्था छ । यस्तै नियम ५२(२) बमोजिम कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएमा ३५ दिनभित्र खारेज वा गाभिएको कार्यालयको जिन्सी मालसामानको मौज्दात, मूल्य र सामानको स्थितिसमेत खुलाई प्रतिवेदनसहित मालसामान जिम्मा लिने व्यवस्था मिलाउनुपर्दछ ।

राष्ट्रिय खोप उत्पादन प्रयोगशालाले खोरेत खोप, कुल बक्स, भ्याक्सिनेटर खोप तथा अन्य सामान रु.४१ लाख २० हजार, जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाले डेस्क टप कम्प्युटर, डिजिटल डिस्प्ले बोर्ड, प्रिन्टर/स्क्यानर/फोटोकपी, यु.पी.एस रु.३७ लाख १८ हजारका समेत रु.७८ लाख ३८ हजारका जिन्सी सामान खर्च जनाई अन्य सरकारी निकायमा पठाएको तथा कृषि विभागले ३ सवारीसाधन र ४ मोटरसाइकल ५ निकायमा पठाएकोमा उक्त सामान हस्तान्तरण गरी सम्बन्धित कार्यालयले जिन्सी खातामा आम्दानी गरेको प्रमाण लिएको छैन ।

यसैगरी साविक कृषि तालिम निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय, खाद्य सुरक्षा आयोजना, व्यावसायिक कृषि तथा व्यापार आयोजना, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना लगायतका योजना तथा कार्यालयहरु गाभिएका वा खारेज भएको कारण ती आयोजनामा रहेका जिन्सी मालसामानहरु कृषि विभागमा हस्तान्तरण गरेकोमा विभागले ती सामानहरु मौज्दात राखेको छ । सवारीसाधन, डेक्सटप तथा ल्यापटप, फोटोकपी मेसिन, फर्निचर लगायतका प्रयोगमा ल्याउन सकिने मालसामान मर्मत गरी उपयोगमा ल्याउनुपर्दछ ।

## कृषि विभाग

१७. **विद्युत महसुल -** कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शीतघर तथा दुग्ध चिस्यान केन्द्र सञ्चालनमा लाग्ने विद्युत महसुलमा ५० प्रतिशत छुट दिने नीति अनुरुप २०७०।७१ देखि २०७३।७४ सम्म ३८ शितभण्डारको बक्यौता विद्युत महसुल रु.६ करोड ६४ लाख मध्ये जरिवाना बाहेक रु.५ करोड विभागले नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी दिएको छ । सचिवस्तरको २०७४।७।२८ को निर्णयमा कृषि शीतगृह र दुग्ध चिस्यान केन्द्रहरुको हालको अवस्थाको बारेमा अनुगमन गर्ने उल्लेख भएकोमा विद्युत महसुल बक्यौता रहनुको कारण पहिचान एवं मूल्याङ्कन नगरी भुक्तानी दिनु उपयुक्त देखिएन ।

१८. **असम्बन्धित खर्च** - सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटी (बी.ओ.क्यू.) मा सवारीसाधन तथा मेसिनरी सामान समावेश गरी खरिद नगर्ने उल्लेख छ । कीर्तिपुरस्थित विभागको कार्यालय, तालिम भवन र कम्पाउण्ड पर्खाल निर्माण कार्यको बी.ओ.क्यू.मा सवारीसाधन खरिद गर्ने काम समेत समावेश गरी रु.२८ लाख ७० हजार भुक्तानी गरेको छ । भवन निर्माण सम्पन्न पश्चात् खरिद गरेको उक्त सवारीसाधन विभागमा फिर्ता गरेको छैन । सार्वजनिक लेखा समितिको निर्णय विपरीत बी.ओ.क्यू.मा सवारीसाधन राखी खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त सवारीसाधन फिर्ता गर्नुपर्दछ ।

१९. **भवन उपयोग** - स्वीकृत कार्यक्रम तथा बजेटअनुसार निर्मित संरचनाको उपयोग हुनुपर्दछ । विभागले कीर्तिपुरमा रु.१३ करोड ८० लाख ९३ हजारको लागतमा कार्यालय भवन निर्माण गरेको छ । विभागको कार्यालय रहने उद्देश्यले निर्माण गरेको उक्त भवनमा राष्ट्रिय किसान आयोग, राष्ट्रिय फलफूल विकास केन्द्र, राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र रहेको देखियो । ललितपुरको हरिहरभवनमा पर्याप्त स्थान हुँदाहुँदै छुट्टै नयाँ भवन निर्माण गरी प्रयोग नगर्नु औचित्यपूर्ण देखिएन ।

२०. **तलब खर्च** - निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यालयलमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्न सकिने व्यवस्था छ । विभागले यसवर्ष फाजिलमा रहेका, अध्ययन बिदामा रहेका कर्मचारी र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको तलब, भत्ता, चाडपर्व र पोशाक भत्तासमेत रु २ करोड ५ लाख खर्च लेखेको छ । तलबी वा बेतलबी अध्ययन विदामा रहेका कर्मचारीको अभिलेख नराखेको, फाजिल तथा समायोजनमा परेका कर्मचारीको साविक कार्यालयबाट तलब भत्ता भुक्तानी भए नभएको प्रमाण संलग्न नगरी तलब भत्ता खर्च लेखेकोले उक्त खर्च यकिन गर्न सकिएन । कर्मचारी अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

२१. **बजार निरीक्षण** - खाद्य ऐन, २०२३ ले उपभोग गर्ने खाद्य पदार्थबाट मानवीय स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन गुणस्तर परीक्षणको व्यवस्था गरेको छ । विभागले यो वर्ष ३ हजार ४३६ खाद्य वस्तुको नमूना सङ्कलन र विश्लेषण गरेकोमा प्रशोधित खानेपानीका ४३, दूध तथा दूधबाट बनेका वस्तुका २८, फ्याट तथा तेल ३८ र अन्य उत्पादनका २९ नमूना समेत १७२ नमूना प्रतिकूल गुणस्तरको देखिएको छ । प्रतिकूल गुणस्तर देखिएको सम्बन्धमा विभागले १८ जिल्ला प्रशासन कार्यालयमा १४९ मुद्दा दायर गरेको छ । खाद्य वस्तुको न्यूनतम गुणस्तर मापदण्ड पूरा नगर्ने उत्पादक तथा बिक्रेतामाथि हुने कारबाही प्रक्रियामा विलम्ब हुँदा मानव स्वास्थ्यमा प्रतिकूल असर पर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

## पशु सेवा विभाग

२२. **बीमा प्रिमियम** - बजेट वक्तव्यमा बाली तथा पशुपन्छी बीमा बापत तिरेको प्रिमियमको ७५ प्रतिशत कृषकलाई अनुदान उपलब्ध गराउने व्यवस्थाअन्तर्गत यो वर्ष रु.८० करोड २१ लाख २० हजार बाली तथा पशुधन बीमाकोष व्यवस्थापन समितिको नाममा निकासा दिएको छ । पशुधनतर्फ उक्त रकमबाट भुक्तानी हुन बाँकी रहेको प्रमाण पेस नगरी गत वर्षको बीमा प्रिमियम रु.३२ करोड ७६ लाख खर्च लेखेको छ । बीमा प्रिमियम भुक्तानीको लागि माग भएको विवरण परीक्षण गर्दा केहीमा बीमित पशुपन्छीको संख्या खुलेको देखिएन । बीमित पशुपन्छीको संख्या यकिन नगरी प्रिमियम भुक्तानी गरेकोले बीमाङ्क रकम र बीमा प्रिमियम रकम वास्तविक भए नभएको, कृषकले क्षतिको दाबी रकम सहज रुपमा प्राप्त गरे नगरेको लगायतका विषयमा मन्त्रालयले अनुगमन नगरेकोले बीमा अनुदानको प्रभावकारीता सुनिश्चित गर्न सकिएन । अनुगमनलाई प्रभावकारी बनाइनुपर्दछ ।

२३. **पशुजन्य उत्पादन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार मासुतर्फ वार्षिक ४ लाख १७ हजार मेट्रिक टन उत्पादन गर्ने लक्ष्य रहेकोमा ३ लाख ७२ हजार मेट्रिकटन र दूध वार्षिक २५ लाख ९४ हजार मेट्रिक टन उत्पादन गर्ने लक्ष्य राखेकोमा २२ लाख १२ हजार मेट्रिकटन उत्पादन भएको छ । लक्ष्यअनुसार दूध र मासुको उत्पादन हुन सकेको देखिएन । दुग्ध उत्पादनमा वृद्धि भएसँगै भण्डारण क्षमतामा वृद्धि नभएको र दुग्ध पदार्थको खपतमा जोड नदिँदा किसानले उत्पादन गरेको दूध बिक्री नहुने अवस्था देखिएको छ ।

## केन्द्रीय रिफरल पशु चिकित्सालय

२४. **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा प्रगति विवरण तयार गरी मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । चिकित्सालयले १७ हजार ३३ पशुपन्छीको उपचार, ७२१ गाई भैंसीमा कृत्रिम गर्भाधान गरी नश्ल सुधार, ८ हजार २६१ विभिन्न रोगका नमूना सङ्कलन, ४७९ एक्सरे सेवा, ७५० पोथी

कुकुरको बन्ध्याकरण र २ हजार ८४३ कुकुरलाई रेबिज खोप लगाएको देखिन्छ । पशु स्वास्थ्य एक्सरे सेवातर्फ ६३.८६ प्रतिशत, पशु स्वास्थ्य अल्ट्रा साउन्डमा ८७ प्रतिशत, निःशुल्क रेबिज खोप कार्यक्रमतर्फ ९४ प्रतिशत मात्र प्रगति भएकोले वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल गर्न ध्यान दिनुपर्दछ ।

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको उत्पादन र उत्पादनकत्व वृद्धि गर्ने उद्देश्यले बाली/वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने लगायतका कार्य गर्न यो परियोजनाको स्थापना भएको हो । परियोजना ७७ जिल्लामा सञ्चालित छ ।

२५. **परियोजना खर्च -** परियोजनाको कुल लागत अनुमान रु.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेकोमा गत वर्षसम्म रु.५ अर्ब १० करोड २ लाख र यसवर्ष रु.१ अर्ब ८४ करोड ९८ लाख, अन्य मन्त्रालय र निकायबाट रु.१५ करोड ४९ लाख समेत जम्मा रु.६ अर्ब ९५ करोड खर्च भएको छ । पकेट तथा ब्लक विकास कार्यक्रममा गत वर्षसम्म रु.१ अर्ब ५५ करोड ९७ लाख ८४ हजार खर्च भएकोमा यो वर्ष त्यस कार्यक्रम स्थानीय निकाय तथा प्रदेशतर्फ हस्तान्तरण भएकोमा ती निकायबाट भएको खर्च र प्रगति विवरण प्राप्त नभएकोले समावेश भएको छैन । ती निकायबाट खर्चको विवरण प्राप्त गरी कुल वित्तीय प्रगति यकिन गर्नुपर्दछ ।

२६. **कार्यविधि तयारी, संशोधन र सम्झौता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ मा अर्थ मन्त्रालयको सहमति लिई आर्थिक कार्यविधिसम्बन्धी आन्तरिक निर्देशिका बनाई लागू गर्न सक्ने प्रावधान छ । यस परियोजनाले अर्थ मन्त्रालयको स्वीकृति बेगर सचिवस्तरबाट शीत भण्डार गृह स्थापना र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ स्वीकृत गरेकोमा २०७५।६।११ मा मन्त्रीस्तरबाट संशोधन भएको छ । परियोजनाले कार्यक्रमअन्तर्गत १० लाभग्राहीसँग सम्झौता गरी रु.२४ करोड ३० लाख अनुदान दिएको छ । अर्थ मन्त्रालयको सहमति बेगर निर्देशिका कार्यान्वयनमा ल्याएको उपयुक्त देखिएन ।

२७. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । परियोजनाले रु.८४ करोड ५६ लाख लागत अनुमान रहेको ८ शीतभण्डार गृह निर्माणको लागि यो वर्ष रु.२२ करोड १९ लाख अनुदान उपलब्ध गराएको छ । उक्त कार्यको लागत अनुमान तयार गर्दा सम्बन्धित जिल्लाको स्वीकृत जिल्ला दररेट तथा नर्म्सका आधारमा नगरी गत वर्ष एक परामर्शदाताले नुवाकोटको शीतभण्डार गृह निर्माणका लागि तयार गरेको लागत अनुमानलाई आधार लिई धादिङ, धनुषा, कैलाली, सर्लाही, कपिलवस्तु, सुनसरी, मोरङ र झापामा निर्माण गरिने शीतभण्डार गृहको लागत अनुमान तयार गरेको छ । यसबाट लागत अनुमान यथार्थपरक हुने देखिएन । नियमविपरीत लागत अनुमान तयार गरी स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

२८. **बढी भुक्तानी -** उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार रकम भुक्तानी गर्नुपर्दछ । नुवाकोट जिल्लामा शीतभण्डार गृह निर्माण कार्यको लागत अनुमान रु.१८ करोड ७८ लाख रहेकोमा रु.१० करोड ५० लाख अनुदान दिने गरी एक निजी कम्पनीसँग अनुदान सम्झौता भएको छ । सम्झौताबमोजिम उपलब्ध गराएको पेस्की रु.२ करोड ५६ लाख रनिङ बिलबाट कट्टा नगरी रु.११ करोड ५ लाख ५९ हजार भुक्तानी गरेको छ । उक्त कम्पनीसँग भएको सम्झौताभन्दा बढी भुक्तानी गरेको रु.५५ लाख ५९ हजार असुल गर्नुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड र जनसहभागिताको

अंश कट्टा गर्नुपर्ने व्यवस्था छ । परियोजनाले १५ प्रतिशत ओभरहेड रु.२ करोड ४४ लाख ६९ हजार लागत अनुमानमा समावेश गरी सम्झौताअनुसार ५६ प्रतिशत अनुदान दिएको आधारमा उपभोक्ता समितिलाई रु.१ करोड ३७ लाख ३ हजार बढी ओभरहेड भुक्तानी गरेकोले बढी ओभरहेड रकम असुल हुनुपर्दछ ।

२९. **सम्झौता कार्यान्वयन** - शीतभण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा शीतभण्डार निर्माणमा ७० प्रतिशतसम्म अनुदान दिन सकिने व्यवस्था रहेकोमा ३९ प्रतिशतदेखि ५९ प्रतिशतसम्म अनुदान दिएको छ । परियोजना व्यवस्थापन इकाईबाट धादिङ, धनुषालगायत ११ जिल्लामा शीतभण्डार गृह निर्माण गर्न रु.२ अर्ब ३३ करोड ७४ लाखको लागत अनुमान स्वीकृत गरी रु.१ अर्ब १४ करोड ५६ लाख अनुदान उपलब्ध गराउने सम्झौता गरेको छ । यो वर्षसम्म ७ भण्डार गृह निर्माणमा रु.२४ करोड २९ लाख ३० हजार खर्च गरेको छ । कास्की र काभ्रेपलाञ्चोकमा शीतभण्डार गृह निर्माण गर्ने कार्यक्रम रहेकोमा सम्झौता हुन सकेको देखिएन । सम्झौता भएका मध्ये मनाङमा एक वर्षसम्म निर्माण कार्य शुरु नभएकोले आयोजनाले सम्झौता रद्द गरेको छ । यो वर्ष कैलाली, कपिलवस्तु, सर्लाही, सुनसरी, झापा र मोरङका शीतभण्डारसँग सम्झौता भए तापनि कार्य शुरु भएको छैन । कैलाली, कपिलवस्तु र सर्लाही जिल्लामा शीतभण्डार निर्माण गर्ने लाभग्राहीसँगको सम्झौता २०७६।७७ मा रद्द गरी रु.६ करोड ३५ लाख पेस्की फिर्ता गरेको छ । शीतभण्डार गृहको आवश्यकता पहिचान उपयुक्त देखिएन ।

३०. **प्रोत्साहन अनुदान** - प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम कार्यविधि, २०७३ मा प्रोत्साहन अनुदान प्राप्त गर्न उत्पादित बाली सम्बन्धित जिल्लाको औसत उत्पादकत्व र अघिल्लो आर्थिक वर्षको औसत उत्पादकत्व भन्दा १० प्रतिशत बढी हुनुपर्ने उल्लेख छ । प्रोत्साहन अनुदान वितरण गर्न तोकिएको लक्ष्य प्राप्त भए नभएको मापन गर्न प्रत्येक जोनमा कम्तीमा ४५ नमूना छनोट गरी क्रप कटिङ गर्नुपर्ने उल्लेख छ । तरकारी जोन कार्यालय, चितवन र धान जोन कार्यालय, झापाले जोन सञ्चालक समितिलाई प्रतिफलमा आधारित अनुदानमा रु.५० लाख भुक्तानी गरेको छ । नमूना छनोट भएका ४५ क्रप कटिङबाट प्राप्त नतिजा विश्लेषणात्मक नगरी गत वर्षभन्दा १० प्रतिशतले उत्पादकत्व बढी भएको व्यहोरा उल्लेख गरी अनुदान दिएको देखियो ।कार्यविधिको पालना गरी अनुदान दिनुपर्दछ ।

## जलवायु प्रकोप समुत्थान निर्माण आयोजना

३१. **प्रगति विवरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५(१) मा प्रत्येक कार्यालयले चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । आयोजनाले प्रगति विवरण तयार नगरेकोले आयोजनाबाट सम्पादित क्रियाकलापको भौतिक तथा वित्तीय स्थिति यकिन हुन सकेन । नियमानुसार प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

३२. **सफ्टवेयरको प्रभावकारिता** - कृषि व्यवस्थापन सूचना प्रणाली पोर्टल निर्माण गर्न एक परामर्शदातासँग भएको रु.५ करोड १४ लाख ७२ हजारको सम्झौतामा त्यस्तै पोर्टलको प्रयोग गर्ने बाह्य एप्लिकेशनहरुसँग लिंक अप गर्नुपर्ने व्यवस्था रहेको छ । परामर्शदातालाई पूरै रकम भुक्तानी दिएको छ । त्यस्ता निकायहरुबाट एप्लीकेशन प्रोग्रामिङ्ग इन्टरफेस, एपिआई फरम्याटमा कम्पलिट वेदर इन्फरमेसन, सर्टकोडको प्राप्ति नगरेकोले पोर्टलमा एसएमएस गेटवे सञ्चालन नभएको र अन्य प्राविधिक कारणले कार्य सम्पन्न हुन सकेको छैन । आयोजनाको अवधि समाप्त भएको र भुक्तानीसमेत भई सकेकोले सफ्टवेयरको उपयोगिता तथा प्रभावकारिता अध्ययन गरी यसको निरन्तरताको लागि तालुक निकायले आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

## नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

३३. **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । आयोजनाले समग्रमा ५३.८२ प्रतिशत भौतिक प्रगति गरेको र स्वीकृत ३८ क्रियाकलाप मध्ये क्वारेन्टाइन कार्यालय भवन निर्माण, जैविक प्रयोगशाला उपकरण खरिद, प्रजननका लागि उन्नत बोका बाख्रा खरिद गर्ने लगायतका क्रियाकलापमा शून्य प्रगति तथा अन्य २ क्रियाकलापमा ४० प्रतिशत भन्दा कम प्रगति गरेको अवस्था छ । लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्न नसक्ने आयोजना प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

३४. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा प्राविधिक पुष्ट्याइँसहित भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । साविकको व्यावसायिक कृषि तथा व्यापार आयोजनाअन्तर्गतको झापास्थित कृषि तथा थोक बजार भवन निर्माण कार्यको भेरिएसन आदेश जारी गरी फलामे डण्डीको कार्यमा १ लाख ४ हजार ७७६ के.जी. बाट १ लाख ८४ हजार ९७२ के.जी. वृद्धि गरेकोमा २ लाख ४० हजार १९५ के.जी. को भुक्तानी दिएको छ । भेरिएसन पश्चात् कायम भएको परिमाणभन्दा ५५ हजार २२३ के.जी. बढाई रु.५० लाख २३ हजार थप भुक्तानी गरेको देखियो । फलामे डण्डी बढ्नु पर्नाको प्राविधिक पुष्ट्याइँ पेस गरी खर्च यकिन गर्नुपर्दछ ।

## रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन इकाई

३५. **कृषि औजार अनुदान** - आयोजनाको वार्षिक कार्यक्रममा किसानको मागअनुसार कृषि औजार खरिद अनुदान वितरण गर्नुपर्ने उल्लेख छ । यो वर्ष अनुदानको लागि रु.३ करोड बजेट व्यवस्था भएकोमा रु.२ करोड ९८ लाख १० हजार खर्च भएको छ । पावर टिलर, पोट्याटो डिगरलगायत १२ प्रकारका ५४० औजार उपकरणको रु.५ करोड ९८ लाख ३३ हजारको लागत अनुमान स्वीकृत भएको मध्ये न्यूनतम दररेटको ५० प्रतिशतले हुने रकम सम्बन्धित बिक्रेतालाई भुक्तानी गरेको छ । अनुदान दिएका कृषि औजारहरुको अभिलेख व्यवस्थित नराखेकोले समुचित उपयोग सम्बन्धमा यकिन गर्ने आधार भएन । आयोजनाले अभिलेख व्यवस्थापनसहित अनुदान उपयोग सम्बन्धमा अनुगमन गर्नुपदछ ।

३६. **केरा पकाउने चेम्बर निर्माण** - आयोजनाले कैलालीको टीकापुरमा केरा पकाउने चेम्बर निर्माणको लागि अनुदान दिएको छ । स्वीकृत लागत अनुमानअनुसार रु ७६ लाख ५६ हजारको कार्य गर्नुपर्नेमा रु.६२ लाख ५० हजारको कार्य गरी रु.१४ लाख ६ हजारको काम गरेको देखिएन । चेम्बरको निर्माण कार्य सम्पन्न नभएकोले खरिद भएको उपकरण प्रयोगमा आएको छैन । कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.४९ लाख ४० हजारको १० थान ब्लु स्टार स्टेनलेस स्टील इभापोरेटर जडान गरेको उल्लेख भएकोमा ७ थान मात्र जडान भएको देखिएको छ । कार्य सम्पन्न नगरी भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

## व्यावसायिक कृषि तथा व्यापार आयोजना

३७. **भवन निर्माण** - चोभारमा फलफूल तथा पुष्प थोक बजार भवन निर्माण गर्न रु.६० करोड ६० लाखको लागत अनुमान तयार गरी रु.३५ करोड ८८ लाखमा एक निर्माण व्यवसायीसँग २०७४ असोजभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७६।९।३० सम्म म्याद थप गरेको र हालसम्म रु.१९ करोड ९० लाख भुक्तानी गरेको छ । भवन निर्माण कार्य ५५.४६ प्रतिशत मात्र सम्पन्न भएको छ ।

समयमा निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

३८. **सम्पन्न भवनको उपयोग** - निर्माण सम्पन्न भएका भौतिक संरचनाको उपयोग हुनुपर्दछ । काठमाडौंको कीर्तिपुरमा एक फुमिगेसन च्याम्बर र पोष्ट क्वारेन्टाइन भवन निर्माण कार्य रु.११ करोड ९२ लाखमा सम्पन्न गरी गत आर्थिक वर्षमा हस्तान्तरण भएकोमा उक्त भवन हालसम्म सञ्चालनमा आएको देखिएन । निर्मित भवनको उचित उपयोग गर्नुपर्दछ ।

## किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम, रुपन्देही

३९. **प्रगति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा प्रगति विवरण तयार गरी मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । आयोजनाले योजना अवधिभरमा धानको बीउ ६ हजार ७५६ मेट्रिकटन उत्पादन गर्ने, सहकारीमा कृषकको आवद्धता ४५ हजार पुऱ्याउने, संस्थामा ऋण लिनेको संख्या ३२ हजार पुऱ्याउने लक्ष्य राखेकोमा धानको बीउ ३ हजार ७५० मेट्रिकटन सहकारीमा आबद्ध कृषक संख्या ४० हजार र ऋण लिने कृषक संख्या २३ हजार रहेकोले लक्ष्यअनुसार प्रगति भएको देखिएन । कार्यक्रमको लक्ष्यअनुसार प्रगति नहुनुका कारण स्पष्ट गरी लक्ष्यअनुरुप प्रगति हासिल गर्न पहल गर्नुपर्दछ ।

४०. **सोझै भुक्तानीको लेखापरीक्षण** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै कारोबारको लेखा तथा आर्थिक विवरण पेस गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आयोजनाबाट प्राप्त आर्थिक विवरणमा सोझै भुक्तानीतर्फ एक संस्थालाई रु.२ करोड ५५ लाख र ३ गैरसरकारी संस्थालाई यो वर्ष रु.१२ करोड ३ लाखसमेत हालसम्म रु.४४ करोड २९ लाख उपलब्ध गराएकोमा उक्त खर्चको स्रेस्ता लेखापरीक्षणको लागि पेस गरेको छैन । लेखापरीक्षण नगराउने जिम्मेवार पदाधिकारीलाई प्रचलित कानुनबमोजिम कारबाही हुनुपर्दछ ।

४१. **ब्याज** - कृषकलाई ५ प्रतिशत ब्याज दरमा ऋण उपलब्ध गराउने नेपाल सरकारको नीतिअनुसार साना किसान विकास बैङ्क लिमिटेडसँग रु.८० करोडको सम्झौता भएको छ । सम्झौतामा बैङ्कबाट १.५ प्रतिशत ब्याज नेपाल सरकारले लिने, बैङ्कले सोही रकममा ३.५ प्रतिशत ब्याजदरमा सहकारी संस्थालाई ऋण उपलब्ध गराउने र सहकारी संस्थाले ९ प्रतिशत ब्याजमा कृषकलाई ऋण उपलब्ध गराउने व्यवस्था छ । यो वर्षसम्म रुपन्देही, बांके र सुर्खेतका ३  वित्तीय संस्थाले ७७ साना किसान कृषि सहकारी संस्थालाई रु.६९ करोड ६८ लाख ८१ हजार ऋण प्रवाह गरेको देखिन्छ । नीतिमा कृषकलाई ५ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउने उल्लेख भएतापनि कृषकले ९ प्रतिशतसम्म ब्याज तिर्नुपर्ने अवस्था देखिएको छ ।

## राष्ट्रिय फलफूल विकास केन्द्र

४२. **कार्यक्रमको दिगोपना** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रतिफलसमेतको विचार गरी आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रुकुम पश्चिमका ५, सोलुखुम्बु, रामेछापका ४/४, अर्घाखाँचीका ३, भोजपुर, कपिलवस्तुका २/२, मकवानपुर, ओखलढुङ्गा र कैलालीका १/१ गरी ९ जिल्लाका २३ संस्था मार्फत किवी, कागती र सुन्तलाका बिरुवा रोपण गरी रु.८ करोड ७२ लाख ४३ हजार खर्च लेखेको छ । रोपण गरिएका फलफूल बिरुवाको संरक्षण सम्बन्धमा उचित व्यवस्था गरेको छैन । बिरुवा रोपण गरी अनुदान प्राप्त गर्ने संस्थालाई  संरक्षण सम्बन्धमा समेत जवाफदेही बनाउने कानुनी व्यवस्था गर्नुपर्दछ ।

४३. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र नियमावली, २०६४ को नियम १० मा खरिद गरिने सामानको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । केन्द्रले किवी, कागती, अनार, आँप र सुन्तला जातका बिरुवाहरु रोपण तथा व्यवस्थापनका लागि रु.११ करोड ८२ लाख ९४ हजारको लागत अनुमान तयार गरी २३ फर्मसँग प्रस्ताव माग गरेको छ । कुल लागत अनुमानमध्ये रु.८ करोड ९८ लाख ८० हजार केन्द्रले व्यहोर्ने गरी सम्झौता भएकोमा रु.१२ करोड ९७ लाख ५७ हजारको कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त गरी रु.८ करोड ७२ लाख ४३ हजार विभिन्न फर्मलाई भुक्तानी गरेको छ । नियमावलीको व्यवस्थाअनुसार लागत अनुमान तयार नगरेकोले लागत अनुमानको स्पष्ट आधार तय गरी सोको आधारमा हुन सक्ने लागत र भुक्तानी रकम यकिन हुनुपर्दछ ।

४४. **बढी भुक्तानी -** रामेछापमा १६.५ हेक्टर जमिनमा ६ हजार ५०० किवीको बिरुवा रोपण गर्न रु.६८ लाख ८० हजारको लागत अनुमान स्वीकृत गरी केन्द्रले रु.५२ लाख व्यहोर्ने गरी एक सहकारी संस्थासँग सम्झौता भएकोमा ५ हजार बिरुवा मात्र रोपण गरी रु.४९ लाख ९५ हजार भुक्तानी गरेको छ । सम्झौताअनुसार ५ हजार बिरुवा रोपण गर्दा रु.४० लाख भुक्तानी दिनुपर्नेमा रु.९ लाख ९५ हजार बढी दिएको छ । यस्तै भोजपुरमा ८ हजार कागतीको बिरुवा रोपणको लागि रु.२६ लाख ४० हजारको लागत अनुमान तयार गरी केन्द्रले रु.२० लाख व्यहोर्ने गरी एक निजी कम्पनीसँग सम्झौता गरेकोमा ४ हजार ५०० मात्रै बिरुवा रोपण गरेको पाइयो । सोअनुसार रु.११ लाख २५ हजार भुक्तानी दिनुपर्नेमा रु.१२ लाख ९८ हजार दिएकोले रु.१ लाख ७४ हजार बढी दिएको छ । बढी भुक्तानी भएको कुल रु.११ लाख ६९ हजार असुल गर्नुपर्दछ ।

## प्लान्ट क्वारेन्टिन एवं विषादी व्यवस्थापन केन्द्र

४५. **विषादी आयातको अवस्था** - बाली शत्रुहरुबाट हुने नोक्सानीबाट जोगाउन नेपालमा कीटनाशक, सुलसुलेनाशक, ढुसीनासक, ब्याक्टेरियानाशक लगायत १० प्रकारका विषादीका ३ हजार ३५ व्यापारिक र १६९ सामान्य नाम दर्ता भएका छन् । प्लान्ट क्वारेन्टीन एवं विषादी व्यवस्थापन केन्द्र, ललितपुरबाट प्राप्त विवरण अनुसार विगत ५ वर्षको विषादी आयातको स्थिति देहायअनुसार छः

(रकम रु. हजारमा)

| आ.व. | आयातित विषादीको परिमाण (के.जी.) | रकम | २०७०।७१ को तुलनामा वृद्धि परिमाण (के.जी.) | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| २०७०।७१ | १६२९५९९ | ५५१९९२ | - | |
| २०७१।७२ | १७३८३७० | ६४६१८७ | १०८७७१ | ६.६८ |
| २०७२।७३ | १६४०३१७ | ६९४८०४ | १०७१८ | ०.६६ |
| २०७३।७४ | १८५७९६४ | ७४७७८६ | २२८३६५ | १४.०१ |
| २०७४।७५ | २२७१७३४ | ८३५७८१ | ६४२१३५ | ३९.४० |

माथिको तालिकाअनुसार २०७०।७१ मा रु.५५ करोड १९ लाख ९२ हजारको १६ लाख ३० हजार के.वी. विषादी आयात भएकोमा २०७४।७५ सम्ममा सोको मात्रा ३९.४० प्रतिशतले वृद्धि भई रु.८३ करोड ५७ लाख ८० हजार मूल्यको २२ लाख ७२ हजार के.जी. विषादी आयात भएको देखिन्छ । यसअनुसार विषादी प्रयोगको मात्रा बढ्दो क्रममा रहेकोले मानिस, जीवजन्तु र बिरुवाको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव पर्ने देखिएको छ । बजेट वक्तव्य २०७५।७६ मा प्रत्येक

प्रदेशमा एक जैविक विषादी प्रयोगशाला स्थापना गर्न अनुदान दिने उल्लेख भएकोमा कार्यान्वयन गरेको पाइएन । आयात हुने विषादीको गुणस्तर परीक्षण गर्ने नगरेको, म्याद नाघेका तथा टुटेफुटेका विषादी सुरक्षित भण्डारण र विसर्जन गृहको अभाव रहेकोले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पर्ने देखिन्छ । विषादीको आयात, उपयोग र भण्डारणको उचित व्यवस्थापन हुनुपर्दछ ।

४६. **विषादी अवशेषको परीक्षण -** नेपालमा १ हजार ७६७ कृषि उपज बजार सञ्चालनमा रहेका छन् । केन्द्रीय कृषि प्रयोगशालाअन्तर्गतका ७ स्थानका थोक बजारमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला इकाईबाट तरकारी तथा फलफूलमा रहेको विषादी अवशेषको परीक्षण हुने गरेको छ । प्रयोगशालामा रहेको स्पेक्टोफोटोमिटर मेसिनबाट कार्बामेट र अर्गानोफस्फेट समूहको मात्र स्क्रीनिङ टेष्ट गरी उपभोग योग्य र अयोग्य निकाल्ने गरेकोले उक्त नतिजा वैज्ञानिक एंव पूर्ण रहेको छैन । प्रयोगशालाबाट तरकारीमा बढी मात्रामा प्रयोग हुने सिन्थेटिक पायरेथ्रोइड्स, ढुसीनाशकलगायतका नयाँ विषादीको परीक्षण हुने अवस्था देखिएन । सिन्थेटिक पायरेथ्रोइड्सअन्तर्गतका अल्फा साइपरमेथ्रिन, बिटासाइफ्लुथ्रिन, साइफ्लुथ्रिनलगायत १२ किसिमका विषादीको अवशेष परीक्षण गरेको पाइएन । फलफूल तथा तरकारीको सबै थोक बजारमा विषादीको परीक्षणका लागि प्रयोगशाला स्थापना गर्नुपर्दछ ।

४७. **परीक्षण अवधिमै बिक्री -** गत वर्ष विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाबाट ४ हजार ७८२ नमूना परीक्षण गरेकोमा १०३ पहेंलो (क्वारेन्टाइनमा राखुपर्ने) र ३३ रातो (उपभोग अयोग्य ) देखिएको छ । यसैगरी यो वर्ष ८ हजार ४९ नमूना परीक्षण गरेकोमा ४१ पहेंलो र ११ रातो देखिएको छ । प्रयोगशालाहरुले जथाभावी नमूना छनौट (रेन्डम सेम्पलिङ) गरी विषादी अवशेषको परीक्षण गर्दा विषादी प्रयोग पश्चात् तोकिएको मापदण्डअनुसरको अवधि व्यतीत नहुँदै गत वर्ष १०३ र यो वर्ष ४१ नमूना बिक्री गरेको फेला परेको छ । निश्चित अवधि व्यतीत नहुँदै बिक्री वितरण गर्ने कृषक तथा बिक्रेताहरुलाई प्रचलित कानुनबमोजिम कारबाही हुनुपर्दछ ।

# संगठित संस्था

## नेपाल कृषि अनुसन्धान परिषद्

४८. **स्रोत उपयोग** - परिषद्को विगत ५ वर्षको कुल खर्च रु.११ अर्ब ३९ करोड ६६ लाखमध्ये तलब, भत्तालगायत अन्य उपभोग खर्चमा करिब ७० प्रतिशत र पुँजीगत तथा अनुसन्धान कार्यक्रममा ३० प्रतिशत खर्च गरेको छ । परिषद्को स्वामित्वमा रहेको जग्गामध्ये करिब ९५० हेक्टर (५७ प्रतिशत) जग्गा मात्र अनुसन्धानमा प्रयोग भएको देखियो । परिषद्को स्थापना पश्चात् धानका ४८, मकैका २५, गहुँका २५ र दलहन लगायत अन्य बालीका ११६ समेत २१४ जातको विकास एवं उन्मोचन गरेकोमा मकै, कोदो, फापरको उत्पादन दर परिषद्को सिफारिस मापदण्डभन्दा कम देखिएको, परिषद्लाई उपलब्ध जग्गा अनुसन्धानमा उपयोग नभएको, प्राविधिक कर्मचारी पदपूर्ति हुननसकेको, अनुसन्धानभन्दा प्रशासनिक खर्च बढी भएको, ननअपरेटिभ आय मौज्दात रु.१ अर्ब ५२ करोड उत्पादनशील क्षेत्रमा प्रयोग हुननसकेको आदि कारणबाट कृषि अनुसन्धान परिषद्को प्रभावकारिता न्यून देखिएको छ ।

४९. **बीउ उत्पादन र अनुसन्धान खर्च** - परिषद्ले २०७२।७३ देखि २०७५।७६ सम्म बीउ उत्पादन र अनुसन्धानमा भएको खर्च अनुपात निम्नानुसार छः

| आर्थिक वर्ष | बीउ उत्पादन ( मेट्रिक टन) | अनुसन्धान खर्च (रु. लाखमा) | उत्पादन खर्च अनुपात (प्रति मेट्रिक टन) |
|---|---|---|---|
| २०७२।७३ | ९७०.६७ | २१४५९ | २२.१० |
| २०७३।७४ | १०११.८५ | २४०५३ | २३.७७ |
| २०७४।७५ | ९०६.९३ | २६९०४ | २९.६६ |
| २०७५।७६ | ९५१ | २३११९ | २४.३१ |

प्रत्येक वर्ष बीउ उत्पादन र अनुसन्धान खर्चको अनुपात वृद्धि हुँदै गएको, सोही अनुपातमा बीउ उत्पादन वृद्धि नभएको र अनुसन्धान गरी सिफारिस गरिएको प्रजनन बीउ र मूल बीउको उत्पादन क्षमता क्रमशः घट्दै गएको छ ।

५०. **बीउ माग, आपूर्ति र प्रतिस्थापन दर -** बीउ बिजन ऐन, २०४५ अनुसार सूचीकृत जातका बीउ बिजनमात्र कारोबार गर्न पाउने व्यवस्था छ । राष्ट्रिय बीउ बिजन समितिद्वारा उन्मोचन विधिबाट २७३ जात र दर्ता विधिबाट ३९८ जातसमेत ६७१ जात सूचीकृत गरेको छ । विगत ३ वर्षमा ५ लाख ७० हजार मेट्रिकटन बीउ आवश्यक भएकोमा ७७ हजार मेट्रिकटन (कुल मागको १३.६० प्रतिशत) मात्र औपचारिक माध्यमबाट आपूर्ति भएको छ भने ८६.४ प्रतिशत बीउ अनौपचारिक माध्यमबाट पूर्ति भएकोले सूचीकृत जातका बीउबिजन आपूर्ति भएको सुनिश्चित हुने आधार भएन ।

५१. **कृषि प्रविधि -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ मा कृषि उत्पादन वा गुणस्तर बढाउनका लागि आवश्यक प्रविधि, ज्ञान तथा सीपहरुको खोजपूर्ण अध्ययन अनुसन्धान गर्ने उल्लेख छ । कृषि इन्जिनियरिङ महाशाखाबाट प्राप्त विवरणअनुसार महाशाखाले विकास गरेका यन्त्र उपकरणको प्रयोग निम्नानुसार देखिन्छः

| यन्त्र उपकरणको नाम | संख्या | यन्त्र उपकरणको नाम | संख्या |
|---|---|---|---|
| धान गहुँ चुट्ने मेसिन | १५० | कोदो चुट्ने मेसिन | १३०० |
| मकै छोडाउने मेसिन | ४००० | मकै रोप्ने मेसिन | ३०० |
| अदुवा धुने मेसिन | २५ | तरकारी गोड्ने मेसिन | ३०० |
| बीउ सफा गर्ने मेसिन | १५० | धान गोड्ने मेसिन | ४५० |
| कफी पल्पर | ४०० | सुधारिएको चुल्हो | १०० |
| प्लाष्टिकपोखरी | ४५०० | ब्लक बनाउने मेसिन | ८०० |
| सोलार टनेल | ४० | भुसे चुल्हो | ३५०० |
| प्लाष्टिक घर | २५० | | |

तालिकाबमोजिम कृषि पेसामा आबद्ध जनसंख्याअनुसार यन्त्र उपकरणको प्रयोग न्यून रहेको देखिन्छ । भौगोलिक धरातलअनुसार खनजोत गर्ने, बाली रोप्ने तथा स्याहार्ने कृषकमैत्री उपकरणको विकास हुनसकेको देखिएन । परिषद्ले आवश्यकतानुसार कृषकमैत्री उपकरण र प्रविधिको विस्तार र प्रयोगमा जोड दिनुपर्दछ ।

५२. **परिस्थितिकीय परिवर्तनमा अनुसन्धान -** कृषि अनुसन्धान परिषद् (कार्य सञ्चालन) विनियम, २०४९ ले हावापानी अनुकूल कृषि प्रविधि विकासको लागि उपयुक्त अनुसन्धानमा जोड दिनुपर्ने व्यवस्था गरेको छ । परिस्थितिकीय परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने प्रभाव कम गर्न नवीनतम अनुसन्धानको आवश्यकता पर्दछ । परिषद्ले अनुसन्धानको लागि जुम्लामा उच्च पर्वतीय कृषि अनुसन्धान प्रतिष्ठान स्थापना गरे तापनि क्षेत्र सुहाउँदो उल्लेखनीय अनुसन्धान कार्य नभएको, उच्च पहाडतर्फ बढ्दो तापक्रमले खेती योग्य जग्गाको

क्षेत्रफल बढिरहेको, ग्रामीण क्षेत्रको जनशक्ति देश बाहिर रहेको, मौसमको तालिकामा फेरबदल हुने गरेकोमा सोको सम्बोधन हुने गरी अनुसन्धान भएको पाइएन । विकसित परिवेशसँगै शून्य खनजोत प्रविधि, युवा आकर्षक बाली विकास र नवीन प्रविधि अनुसन्धानबाट कृषि उत्पादन वृद्धि गर्नुपर्दछ भनी गत प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ ।

५३. **जनशक्ति व्यवस्थापन** - नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ ले परिषद्का कार्यकारी निर्देशकको कार्यकाल ४ वर्षको हुने व्यवस्था गरेको र परिषद् स्थापना भएको २८ वर्षमा ३१ कार्यकारी निर्देशकले नेतृत्व गरेको देखियो । परिषदमा वैज्ञानिक, प्राविधिक र प्रशासनिकसमेत १ हजार ८२३ दरबन्दीमध्ये १ हजार २४१ पदपूर्ति भएकोमा अनुसन्धानमा प्रत्यक्ष संलग्न प्राविधिक कर्मचारीको दरबन्दीको ६४ प्रतिशत मात्र पदपूर्ति भएको छ । विदेशमा अध्ययन गर्न गएका कर्मचारीमध्ये १६ कर्मचारी सेवामा फर्केका छैनन् । पटक पटक संस्थाको नेतृत्व परिवर्तन गर्ने र वैज्ञानिकहरु अध्ययन बिदाबाट कार्यालयमा नफर्कने र प्राविधिक जनशक्ति पूर्ति नहुने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ ।

५४. **अध्ययन बिदा -** परिषदको कर्मचारी प्रशासन विनियमावली, २०४९ को विनियम ३७, ३८ र ३९ मा अध्ययनमा जाने कर्मचारीले अध्ययनपछि कार्यालयमा अनिवार्य सेवा गर्नुपर्ने र नगरेमा अध्ययन अवधिभर भुक्तानी भएको तलबलगायतका सबै रकम असुल गर्नुपर्ने व्यवस्था छ । परिषद्ले तलब तथा अन्य सुविधासहित अध्ययन बिदा दिएका ४६ वैज्ञानिक तथा पीएचडी अध्ययनरत कर्मचारीमध्ये २ जनाको समय समाप्त भइसक्दा पनि कार्यालयमा हाजिर नभएकाले ती २ कर्मचारीलाई उपलब्ध गराएको रु.११ लाख तथा अन्य सुविधा यकिन गरी असुल गर्नुपर्दछ ।

५५. **उत्पादन मौज्दात -** परिषद्को वासलातअनुसार यो वर्ष अनुसन्धानबाट उत्पादन भएका विभिन्न बालीको बीउ तथा खाद्यान्न परिषद्का ३४ फार्ममा रु.३ करोड ४१ लाख २० हजार मूल्यको मौज्दात रहेको छ । उत्पादित बीउको मौज्दात समयमा प्रयोग नहुँदा उमारशक्ति नष्ट हुने, गुणस्तरमा ह्रास आउने हुनाले सरोकारवाला निकाय एवं कृषकसँग समन्वय गरी उपयोग गर्नुपर्दछ ।

५६. **मुद्दती खाता** - परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आफ्नो स्रोतबाट प्राप्त आम्दानी समेतलाई बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा बजेटमा समावेश नगरी मुद्दती खातामा जम्मा गरेको छ । नन अपरेटिभ खातामा रु.१ अर्ब ५२ करोड २ लाख मौज्दात रहेको छ । परिषदको कार्यसञ्चालन खर्च, पुँजीगत खर्च र अनुसन्धान तथा विकास खर्च नेपाल सरकारबाट हुँदै आएकोले उक्त खातामा रहेको मौज्दात सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

## दुग्ध विकास संस्थान - २०७५।७६

ग्रामीण क्षेत्रका कृषकहरुबाट उत्पादित दूधको सुरक्षित बजारका साथै सहरी क्षेत्रका उपभोक्ताहरुलाई गुणस्तरयुक्त दूध तथा दुग्ध पदार्थहरुको आपूर्ति गर्ने उद्देश्यले तत्कालीन दुग्ध विकास बोर्डलाई संस्थान ऐन, २०२१ को व्यवस्थाअनुसार २०२६ मा दुग्ध विकास संस्थानको स्थापना भएको हो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस संस्थानको केन्द्रीय र शाखा कार्यालयमा प्राविधिक ५९९ सहित १ हजार ८५ कर्मचारी कार्यरत छन्।

५७. **सञ्चालन नतिजा -** संस्थानको गत वर्षको बिक्री रु. ३ अर्ब ९८ करोड ३९ लाख रहेकोमा यस वर्ष रु.४ अर्ब ७ करोड ४८ लाख रहेको छ। गत वर्ष नाफा रु. ८ करोड ५७ लाख देखिन गएको छ। यस वर्ष नोक्सानी रु. ४ करोड ६२ लाख १० हजार रहेको छ।

५८. **सञ्चालनमा नरहेका बैङ्कखाता** - संस्थानको सञ्चालनमा नरहेका २५ बैङ्क खातामा रु. ३८ लाख ९ हजार रहेको र उक्त खाताहरु विगत धेरै वर्षदेखि सञ्चालनमा आएको देखिएन। उक्त बैङ्क खाताहरु बन्द गरी अन्य खातामा ट्रान्सफर गर्नुपर्दछ ।

५९. **लक्ष्य र प्रगति** - संस्थानले यस वर्ष रु. ६ करोड १७ लाख लिटर दूध उत्पादन गरी लक्षको तुलनामा ७७.७ प्रतिशत, ८६९ मेट्रिकटन नौनी उत्पादन गरी १०५.७१ प्रतिशत, ४११ मेट्रिकटन घ्यू उत्पादन गरी ७५.२७ प्रतिशत, २५२ मेट्रिकटन चिज उत्पादन गरी ९३.३३ प्रतिशत र ८४० मेट्रिकटन धुलो दूध (स्किम्ड दूध) उत्पादन गरी १२७.२७ प्रतिशत प्रगति गरेको छ। त्यसैगरी संस्थानले यो वर्ष ४ करोड ८३ लाख लिटर दूध, २७८ मेट्रिकटन नौनी, ४११ मेट्रिकटन घ्यू र २५२ मेट्रिकटन मक्खन बिक्री गरेको छ। लक्ष्य अनुसार उत्पादन बढाई आय वृद्धि गर्नुपर्दछ।

६०. **उठ्न बाँकी रकम** - दुग्ध चिस्यान सेवा केन्द्रहरुले संस्थानको घ्यू तथा दाना उधारोमा बिक्री गर्ने गरेको छ। उधारो बिक्रीको हिसाब मिलान समयमा हुने नगरेका कारण आर्थिक वर्षको अन्त्यमा चिस्यान केन्द्रबाट उठ्न बाँकी रु. १ करोड ४० लाख ६८ हजार रहेको छ। बक्यौता रकम समयमा नै असुल गर्नुपर्दछ।

६१. **बिक्री** - पर्याप्त धरौटी वा बैंङ्क जमानत लिएर मात्र उधारो बिक्री गर्नुपर्ने संस्थानको नीति रहेको छ। आयोजनाबाट नियमित रुपमा दूध तथा दुग्ध पदार्थ खरिद गर्ने खरिदकर्ताहरुले बैङ्क जमानत राखी उधारोमा खरिद गर्ने गरेको देखिन्छ। जमानत रकम भन्दा बढी उधारोमा बिक्री गर्न नहुनेमा रु. २४ लाख ५१ हजार बढी बिक्री गरेको पाइयो। पाउनुपर्ने रकम आर्थिक वर्षको अन्त्यमा मात्र बैङ्क जमानतको सीमाभित्र रहने गरी प्राप्त हुने गरेको देखिन्छ। बैङ्क जमानतभन्दा बढी रकमको दुग्ध पदार्थ उधारोमा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६२. **पोलिथिन फिल्म खरिद** - संस्थाले यस आर्थिक वर्षमा फोर्टिफाइड दुग्ध उत्पादन गर्न आवश्यक पर्ने पोलिथिन फिल्म रु. ८ लाख ४५ हजारमा खरिद गरेकोमा उक्त प्रकारको दुग्ध पदार्थ उत्पादन नगरेको हुँदा उक्त सामग्री मौज्दात रहेको छ। प्रयोग नहुने सामग्री खरिद गरेको सम्बन्धमा छानबिन गरी उक्त सामग्रीको उचित उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

६३. **दूध बिक्रीको हिसाब** - संस्थानले एक दुग्ध उत्पादक संस्थासँग गरेको सम्झौता अनुसार दूधबाट निस्कने मक्खन तथा घृतांश ८० प्रतिशतका दरले मक्खन १ लाख ३० हजार र घृतांश ९६ हजार किलोग्राम यस संस्थानलाई वुझाउनु पर्नेमा ७३.७६ प्रतिशतका दरले मक्खन १ लाख २४ हजार र घृतांश ९१ हजार किलोग्राम मात्र बुझाएको पाइयो । नपुग मक्खन ६ हजार र घृतांश ५ हजार किलोग्राम उक्त संस्थाबाट असुल गर्नुपर्दछ।

## राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड - २०७५।७६

खाद्यन्न बाली उत्पादनको लागि आवश्यक पर्ने मल, गुणस्तरीय बीउ, रसायन र उपकरणको आयात गरी देशभरी बिक्री वितरण गर्न २०५९ मा यसको स्थापना भएको हो। कम्पनीले मौसमअनुसारको बालीका बीउ तथा मल सहजै कृषकसमक्ष पुऱ्याउन इटहरी, हेटौंडा, भैरहवा, नेपालगञ्ज, धनगढीलगायतका क्षेत्रमा उत्पादन एवं बिक्री केन्द्र स्थापना गरेको छ। यस कम्पनीमा ६३ कर्मचारी कार्यरत छन्।

६४. **सञ्चालन नतिजा -** कम्पनीले यो वर्ष रु.२२ करोड ७६ लाख आय प्राप्त गरेकोमा प्रत्यक्ष लागत रु.१६ करोड २२ लाख, प्रशासनिक खर्च रु.४ करोड १९ लाख र ह्रास कट्टी एवं बिक्री खर्च रु.३५ लाखसमेत रु.२० करोड ७६ लाख खर्च भई रु.२ करोड कर अघिको मुनाफा रहेको छ।

६५. **सम्पत्तिको अभिलेख -** कम्पनीले स्थिर सम्पत्तिको शुरु मौज्दात, चालु वर्षमा गरिएका खरिद, निसर्ग र अन्तिम मौज्दातको व्यवस्थित अभिलेख राखेको छैन। कम्पनीको वासलात अनुसार स्थिर सम्पत्तिको ह्रास कट्टि पश्चातको मूल्य रु. १ अर्ब २६ करोड कायम गरेकोमा सम्पत्तिगत अभिलेख नहुँदा भिडान हुन सकेन। सम्पत्तिको अभिलेख प्रणालीमा सुधार गर्नुपर्दछ।

६६. **बीउ मौज्दात -** कम्पनीले यो वर्ष विभिन्न बीउ बिजन रु. १६ करोड ४४ लाख ६० हजारको खरिद गरेकोमा विगतको मौज्दात समेतबाट रु. २१ करोड २५ लाखको बिक्री गरेको देखिन्छ। आर्थिक वर्षको अन्तमा गहुँ, धान, मकै, मुसुरो, तोरी, तरकारी, जै घास, विषादीलगायतको बीउ रु. १४ करोड ७ लाख ८५ हजारको मौज्दात रहेको छ। गत वर्ष रु. ९ करोड ४४ लाख २४ हजारको बीउ मौज्दात रहेकोमा यो वर्ष रु. ४ करोड ६३ लाख ६१ हजार मौज्दात थप भएको छ। मौज्दातमध्ये गहुँ रु. १० करोड ९९ लाख र विषादी रु. १ करोड ५१ लाखको रहेको छ। लामो समय बीउ मौज्दातमा रहँदा गुणस्तरमा ह्रास आउने भएकोले समयमा बीउ बिक्री गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

## कृषि सामग्री कम्पनी लिमिटेड - २०७५।७६

देशमा कृषि बाली उत्पादनको लागि आवश्यक पर्ने मल, गुणस्तरीय बीउ, रसायन र उपकरणको आयात गरी सर्वसुलभ मूल्यमा बिक्री वितरण गर्नको लागि २०२२ मा यो कम्पनीको स्थापना भएकोमा २०५९ देखि कम्पनी ऐनअन्तर्गत नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी सञ्चालन हुँदै आएको छ। नेपालमा आवश्यक पर्ने रसायनिक मल यस कम्पनीले आयात गर्ने गरेको छ। कम्पनीको केन्द्र, प्रदेश तथा शाखा समेत ४८ कार्यालयमा २८८ कर्मचारी कार्यरत छन्।

६७. **खरिद योजना -** गत वर्ष रु. ८ अर्ब ४५ करोड ४८ लाखको रासायनिक मल खरिद गरेकोमा यो वर्ष रु. १० अर्ब ४२ करोड ३३ लाखको खरिद गरेको छ। कम्पनीले वार्षिक रुपमा मलको माग र आपूर्तिको विश्लेषण गरी खरिद योजना तयार गर्नु पर्नेमा नगरेकोले सार्वजनिक खरिद ऐन, नियमावलीबमोजिम वार्षिक खरिद योजना तयार गरी मल आपूर्तिलाई व्यवस्थित गर्नुपर्दछ।

६८. **अनुदान हिसाब -** यस वर्ष नेपाल सरकारबाट युरिया मल १ लाख ४४ हजार ७७५ मेट्रिकटनका लागि रु. ४ अर्ब १४ करोड ५९ लाख, डी.पी.ए मल ७२ हजार १९२ मेट्रिकटनका लागि रु. १ अर्ब ३१ करोड ७० लाख र पोटास ४ हजार ९९४ मेट्रिकटनका लागि रु. ७ करोड ३१ लाख समेत रु. ५ अर्ब ५३ करोड ६० लाख ढुवानी अनुदानबापत प्राप्त गरेकोमा मन्त्रालयले प्रत्येक वर्ष समिति गठन गरी हिसाब फरकफारक गर्ने गरेकोमा यो वर्ष हिसाब फरकफारक गरेको छैन ।

६९. **बोलपत्रबाट मल खरिद -** यो वर्ष रु. १० अर्ब ४२ करोडको युरिया मल ५ पटक बोलपत्र गरी अमेरिकी डलर प्रति मेट्रिकटन क्रमश: ३५९, ३५७, ४०९, ३६५, ३२२, डी.ए.पी. मल ३ पटक बोलपत्रबाट प्रति मेट्रिकटन क्रमश ५२२, ५२२, ५०३ र पोटास मल एक पटक बोलपत्र गरी प्रति मेट्रिकटन ३८० का दरले खरिद गरी अमेरिकी डलरमा भुक्तानी गरेको छ। प्रति मेट्रिकटन दर न्यूनतम र अधिकतम युरिया मलमा अमेरिकी डलर ८७ र डी.ए.पी. मलमा अमेरिकी डलर १९ फरक परेको छ। मितव्ययी रुपमा खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७०. **मौज्दात मलको गुणस्तर** - कृषकलाई मौसम अनुसारका बालीको लागि आवश्यक पर्ने रसायनिक मल उपलव्ध गराउन पर्याप्त मौज्दातको व्यवस्था गर्नुपर्दछ। यस वर्ष कम्पनीसंग वर्षान्तमा युरिया १० हजार मेट्रिकटन, डी.ए.पी. १९७ मेट्रिकटन र पोटास १ हजार ३६४ मेट्रिकटन, कृषि चून, कम्पोस्ट मललगायत रु.१८ करोड ४७ लाख मूल्यका सामग्री मौज्दातमा रहेको छ ।मौज्दात रहेको रासायनिक मलको गुणस्तरमा ह्रास आउन सक्ने हुँदा मौज्दातको उचित व्यवस्थापन गरी गुणस्तरयुक्त मल वितरण गर्नुपर्दछ।

७१. **आयकर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(३) क मा गैरबासिन्दा व्यक्तिलाई अन्य ठेक्का तथा करारको भुक्तानी गर्दा ५ प्रतिशतले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कृषि सामग्री कम्पनी लिमिटेडले विदेशबाट आयात गरेको मलको भुक्तानीमा उक्त व्यवस्थाबमोजिम ५ प्रतिशत अग्रीम आयकर कट्टी गरेको छैन। विगत वर्षको खरिदको भुक्तानी रकममा ५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नुपर्नेमा नगरेकोले आन्तरिक राजस्व कार्यालयबाट कर परीक्षणमार्फत रु.५८ करोड ५ लाख ७ हजार थप कर निर्धारण गरेको छ । सोअनुसार २०७२।७३ देखि २०७४।७५ को खरिद रु.२५ अर्ब १३ करोड १८ लाखको ५ प्रतिशतले हुने रु.१ अर्ब २५ करोड ६६ लाख कर थप हुने देखिएकोमा सोको लागि हिसाबमा कुनै व्यवस्था गरेको छैन।

७२. **जग्गा जमिन** - कम्पनीको वासलातमा जग्गा जमिन रु. ५७ करोड २० लाख र भवन तथा गोदाम रु. ३८ करोड ६७ लाखसमेत रु.१ अर्ब ४ करोड मूल्यको स्थिर सम्पत्ति देखाए तापनि उक्त सम्पत्तिहरुको पुनर्मूल्याङ्कन नगरेको, कतिपय जग्गाहरु बेवारिसे अवस्थामा रहेको, अन्य कार्यालयले प्रयोग गरेको, अतिक्रमणमा परेको र सार्वजनिक बाटोको रुपमा प्रयोग भएको देखिन्छ। कम्पनीको स्थिर सम्पत्तिको यथार्थ अवस्था यकिन गरी संरक्षण गर्नुपर्दछ ।

७३. **वित्तीय प्रतिवेदन** - सबै सरकारी संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेकोमा यस कम्पनीले तयार गरेको वित्तीय विवरणमा गत आर्थिक वर्षको खरिदसंग सम्बन्धित रहेको मल बिक्रीबाट प्राप्त रकम नेपाल लेखामान २ अनुसार गत वर्षको विवरणमा आम्दानी देखाउनुपर्नेमा यो वर्षको वित्तीय विवरणमा आम्दानी देखाएको, नेपाल लेखामान २१ अनुसार मल बिक्रीमा भएको विनियम दरको फरक रकमलाई सोही मितिमा लेखाङ्कन गर्नुपर्नेमा नगरेकोलगायतका कैफियतहरु देखिएको हुँदा नेपाल लेखामानको पूर्ण प्रयोग हुनुपर्दछ।

७४. **आन्तरिक नियन्त्रण** - कम्पनीको कमजोर आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार गर्न कम्पनी अन्तर्गत रहेका शाखा कार्यालयको सम्पत्तिको अभिलेख, जग्गाको लालपुर्जा तथा जग्गा, मलको मौज्दात, तेस्रो पक्षको समर्थन पत्र लिनुपर्ने तथा धरौटीको बैंक हिसाब भिडान, कर कट्टी दाखिला, बिल नम्बर व्यवस्थापन, बिक्रीको परिमाण, कर बीजकलगायतका अभिलेख व्यवस्थित गरी निरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

## कालिमाटी फलफूल तथा तरकारी विकास समिति

७५. **स्टल/पसलको भाडा** - समितिको नियमावली, २०६० को नियम १८ अनुसार समितिले आफनो सटर तथा स्टल आय आर्जनका लागि भाडामा लगाउन सक्ने व्यवस्था छ । समितिले यो वर्ष निम्नानुसार भाडामा लगाई रु.७ करोड ७० लाख आय आर्जन गरेको छ ।

| सि.न | भाडामा दिएका निकायगत विवरण | पसल संख्या | क्षेत्रफल (वर्गफिट) | प्रति वर्ग फिट भाडा दर |
|---|---|---|---|---|
| १ | सहकारी संघ सस्था | १५ | ७८ देखि ८० सम्म | ४५.९३ |
| २ | फलफूल कारोबार सञ्चालन | ११ | २०० देखि २८१ सम्म | ८१.५३ |
| ३ | भण्डार प्रयोजनका लागि | ३५ | १२९ देखि २०० | ५५.९५ |
| ४ | माछा कारोबारका लागि | २७ | १०० | ५६.५५ |
| ५ | थोक कारोबारका लागि | ३८० | ६३ देखि २५५ सम्म | ५७.७६ |
| ६ | खुद्रा बजारतर्फ | ६७ | ४० देखि ४१ सम्म | ५९.३३ |

७५.१ नियमावलीको व्यवस्था अनुसार भाडादरलाई प्रत्येक ५/५ वर्षमा पुनरावलोकन गरी समय सापेक्ष बनाउनुपर्ने व्यवस्था छ । समितिले २०६५ मा कुल ६२१ सटर, कबल, टहरामध्ये मुख्य स्थानमा रहेका बढी कारोबार हुने ४०७ सटर १५ वर्षको लागि र अन्य सटर ५ वर्षका लागि सम्झौता गरी भाडामा दिएको छ । समितिले २०७३ पौष मसान्त भन्दा पहिला सम्झौता भएका सटरको दरमा वार्षिक ७ प्रतिशत र त्यसपछि भाडामा दिएको सटरको दरमा वार्षिक १० प्रतिशतले वृद्धि गरे तापनि समसामयिक रुपमा बहाल दर अद्यावधिक नगरेकोले भाडादर यथार्थपरक छ भन्ने आधार भएन । नियमावलीको व्यवस्था अनुसार ५/५ वर्षमा भाडा दर पुनरावलोकन हुनुपर्दछ ।

७५.२ समितिको आर्थिक कार्यविधि नियमावली, २०७३ को नियम २९(२) मा कृषि उपज बिक्री वितरणका लागि तोकेको स्थान वा पसलभन्दा बाहेक अन्य स्टल बोलपत्रको माध्यमद्वारा वितरण गर्नुपर्ने व्यवस्था छ । समिति अन्तर्गत कालिमाटी र बालाजुमा विगत वर्षदेखि ७२ सटर, स्टल खाली रहेकोले समितिको आय गुमेको अवस्था छ । नियममा व्यवस्था भएअनुसार खाली रहेका सटर, स्टल भाडामा लगाई आयआर्जन गर्नुपर्दछ ।

७५.३ समितिको स्टल, शटरमा व्यवसाय गर्ने मध्ये ९८ फर्मलाई रातो सूचीमा राखी स्पष्टीकरण सोधेकोमा ९३ ले स्पष्टीकरणको जवाफ दिएका र जवाफ दिने मध्ये ४१ फर्मले सफाई पाएको र ५७ फर्म/स्टलमध्ये २८ फर्मको सम्बन्धमा अदालतबाट अन्तरिम आदेश जारी भएको, ५ मुद्दाको फैसला भएको र २४ स्टल/फर्म/शटरको मुद्दा विचाराधीन छ । ती फर्मबाट भाडा उठ्न बाँकी रु.४५ लाख ९९ हजार र अदालतमा बुझाएको बहालसमेत असुल तथा फिर्ता हुनुपर्दछ ।

## अनुगमन र बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा रासायानिक मलमा सञ्चालन खर्च अनुदान दिएको, सम्भाव्यता अध्ययन र प्रतिफललाई ध्यानमा राखी योजना छनौट नगरेको, तोकिएको लक्ष्यअनुसार आयोजनामा प्रगति नभएको, परामर्श सेवा खर्चमा नियन्त्रण नभएको, खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्नेलाई कारबाही नगरेको, खरिद सामानको उपयोग नभएको, पशु स्वास्थ्य घुम्ती कोषको प्रभावकारिता नरहेको, प्रोत्साहन अनुदानको आधार नखुलेको, लाभग्राहीलाई अनुपातिक रुपमा बढी अनुदान दिएको, केही सम्पन्न उपआयोजनाहरु सञ्चालनमा नरहेका लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सोमा सुधार भएको नदेखिँदा त्यस्ता व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

- सरकारी कार्यालयतर्फ १०३ निकायमा रु.१ अर्ब ३२ करोड ६९ लाख ८७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ करोड ६१ लाख ७० हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब २५ करोड ८ लाख १७ हजार बाँकी रहेको छ । सोमध्ये रु.२१ करोड ६ लाख ७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
- सँगठित संस्था, समिति र अन्य संस्थातर्फ रु.२ करोड ४३ लाख ७१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६९ लाख ४५ हजार फछ्र्यौट गरेकोले रु.१ करोड ७४ लाख २६ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ लाख ४२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# खानेपानी मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रभित्रमा खानेपानी, सरसफाइ र ढल निकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने तथा त्यस सम्बन्धी अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थासँग सम्पर्क गरी स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा संगठित संस्था समेत २७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय –** मन्त्रालय र मातहतका २३ सरकारी कार्यालयको निम्नानुसार रु.१७ अर्ब ७७ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| २३ | १२६३५८ | १६ | १५६१२ | २२ | ३५६१७ | ५ | १८१ | २३ | १७७७६८ |

२. **संगठित संस्था र अन्य संस्था –** यो वर्ष ४ संगठित संस्थाको रु.६० अर्ब ८४ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **संगठन संरचना –** मन्त्रालय र मातहत २३ कार्यालयमा ३५२ कर्मचारी रहने गरी संगठन तथा दरबन्दी स्वीकृत भएकोमा २५५ पदपूर्ति भएको छ । समायोजनको क्रममा २६ जना महिला कार्यकर्तासमेत ५९ जना फाजिलमा कार्यरत छन् ।

४. **नीति तथा कार्यक्रम –** राष्ट्रिय जल योजना, २०६२ अनुसार विक्रम सम्वत् २०८४ सम्ममा उच्च तथा मध्यमस्तरको खानेपानी सेवा प्राप्त गर्ने जनसंख्या ५० प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा १४ वर्ष व्यतीत भैसक्दा २१ प्रतिशतसम्म मात्र पुगेको छ । बाँकी ८ वर्षमा नपुग २९ प्रतिशत जनसंख्यालाई उक्त सेवा उपलब्ध गराउने कार्य चुनौतीपूर्ण छ । निर्धारित समयमा लक्ष्य प्राप्ति गर्ने गरी कार्ययोजना बनाई नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

५. **दिगो विकास लक्ष्य र प्रगति** – दिगो विकास लक्ष्य-६ ले सन २०३० सम्म सबैका लागि सरसफाइ तथा स्वच्छ खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्ने लक्ष्य निर्धारण गरेको छ । उक्त लक्ष्यअनुसार शतप्रतिशत जनतालाई आधारभूत स्तरको सरसफाइ र खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा क्रमशः १०० र ९१ प्रतिशत सुविधा पुगेको, उच्च तथा मध्यमस्तरको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य ९० प्रतिशत रहेकोमा २१.३ प्रतिशत पुगेको छ । प्रशोधनसहितको ढल प्रणाली ५० प्रतिशत जनसंख्यामा पुर्‍याउने लक्ष्य रहेकोमा १ प्रतिशत मात्र प्रगति भएको छ ।

६. **चौधौं योजना कार्यान्वयन** – मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार ४२ हजार ३९ खानेपानी प्रणालीको निर्माण भएको, ८९ प्रतिशत जनसंख्यालाई आधारभूतस्तरको खानेपानी उपलब्ध गराएको, ९९.७ प्रतिशत घरधुरीलाई आधारभूत सरसफाइ सुविधा पुगेको, २१ प्रतिशत जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवा उपलब्ध भएको उल्लेख छ । ती प्रणालीहरुमध्ये २० हजार २११ मर्मत गर्नुपर्ने, ६ हजार ६६७ पुनःस्थापना गर्नुपर्ने, ३ हजार ३३३ पुनःनिर्माण गर्नुपर्ने अवस्थामा रहेका तथा पोष्ट डिजास्टर रिकोभरी फ्रेमवर्कअनुसार भूकम्प, अव्यवस्थित शहरीकरण, वातावरणीय प्रभाव, मेलम्चीलगायतका आयोजना अधुरा रहेका जस्ता कारणले खानेपानी अपर्याप्त भइरहेको अवस्थामा प्रस्तुत प्रगति विवरण यथार्थपरक देखिँदैन ।

७. **बजेट वक्तव्य कार्यान्वयन –** बजेट वक्तव्य २०७५।७६ मा अधुरा आयोजनाहरु सम्पन्न गर्ने, शहरी क्षेत्रमा खानेपानी उपलब्ध गराउन विशेष जलाधार क्षेत्र संरक्षण र व्यवस्थापन गर्ने, खानेपानी र सिँचाईको आवश्यकता एकसाथ परिपूर्ति गर्ने जस्ता लक्ष्यहरु राखिए पनि पूरा भएका छैनन् । जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनामा रु.२ अर्ब २१ करोड ४३ लाख, खानेपानी तथा सरसफाइ सहलगानी कार्यक्रममा रु.१ अर्ब २६ करोड ६१ लाख, खानेपानी सेवा नियमन तथा पुनर्स्थापनामा रु.३२ करोड ६५ लाख, खानेपानी तथा गुणस्तर सुधार कार्यक्रममा रु.११ करोड ५६ लाखलगायतका कार्यक्रममा कुल रु.१२ अर्ब ६३ करोड ५७ लाख विनियोजन गरेकोमा निमार्ण सम्पन्न भएका ३० हजार २११ खानेपानी प्रणाली पूर्ण क्षमतामा उपयोगमा आएको छैन ।

नेपाललाई खुला दिशामुक्त राष्ट्र घोषणा गरी स्थानीय तहको सहकार्यमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेकोमा पानीको अभाव, चेतनाको कमी, अव्यवस्थित शौचालय आदि कारणले उक्त कार्यक्रम प्रभावकारी देखिएको छैन । शहरी क्षेत्र, राजमार्ग आसपासका क्षेत्र र सार्वजनिक स्थानहरुमा रु.३ करोड ८५ लाखको लागतमा सुविधा सम्पन्न ९ स्मार्ट शौचालय निर्माण गर्ने कार्यक्रम रहे पनि कार्यान्वयन भएको छैन । विगतमा निर्मित दुई स्मार्ट शौचालयको उपयोग सन्तोषजनक नभएको अवस्थामा पुनः स्मार्ट शौचालय निर्माण गर्ने कार्यक्रम तर्जुमा गर्नु मनासिब होइन ।

८. **वर्षान्तमा अख्तियारी –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको पन्ध्र दिनभित्र कार्यालयगत बजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च गर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पठाउनुपर्ने व्यवस्था छ । सो विपरीत सशर्त अनुदानतर्फ प्रदेश नम्बर २ मा हस्तान्तरण भएका खानेपानी आयोजनाहरुको लागि २०७६ आषाढ ५ मा रु.११ करोड ५० लाख र खानेपानी संस्थानलाई २०७६ आषाढ ८ मा ऋण लगानी गर्ने प्रयोजनको लागि रु.८५ करोडको अख्तियारी प्रदान गरेको छ । साथै काठमाडौं उपत्यका खानेपानी सुधार आयोजनामा ऋण लगानी गर्न २०७६ आषाढ १२ मा पहिलो र दोस्रो चौमासिकको रु ४ अर्ब ४० करोड ११ लाख निकासा दिएको छ । उक्त रकममध्ये काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा वर्षान्तमा रु.३ अर्ब ८७ करोड ८९ लाख मौज्दात रहेको छ ।

९. **प्राविधिक सहायता –** मन्त्रालयले अर्धशहरी क्षेत्रमा खानेपानी व्यवस्थापन सुधार र पोखरा खानेपानी सुधार परियोजनाको लागि जापान सरकारबाट रु.१ अर्ब १२ करोड ८१ लाख र पुँजीगत लगानी तथा सम्पत्ति व्यवस्थापनको लागि एसियाली विकास बैङ्कबाट रु.२० करोड २६ लाख प्राविधिक सहायता प्राप्त गरेकोमा लेखापरीक्षण नगराएका कारण सहायताको उपयोगको सम्बन्धमा प्रतिवेदन गर्न सकिने अवस्था छैन ।

## खानेपानी तथा ढल निकास विभाग

१०. **प्रगति –** वार्षिक कार्यक्रममा चौमासिक रुपमा सञ्चालन गरिने कार्यक्रमहरुको लागत, परिमाण र भारसमेत खुलाई स्वीकृत गर्ने र तोकिएका कार्यक्रमहरु समयमै सम्पन्न गर्नुपर्दछ । विभागबाट प्राप्त प्रतिवेदन अनुसार यो वर्ष विभाग र मातहतका आयोजनाबाट विभिन्न कार्यक्रम सञ्चालन गरेकोमा शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजनाको २९.२४ प्रतिशत, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको ४१.११ प्रतिशत, खानेपानी गुणस्तर सुधार कार्यक्रमको ५९.५५ प्रतिशत र ढल निर्माण तथा प्रशोधन कार्यक्रमको ६३.०२ प्रतिशत प्रगति भएको देखिन्छ । लक्ष्यअनुसार प्रगति नगर्ने उपर आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ बमोजिम कारबाही गरेको पाइएन ।

११. **बजेट अबण्डा –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा कार्यालयलाई आगामी वर्षको लागि चाहिने बजेट र कार्यक्रम निर्धारित समयभित्र तालुक कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ ।

जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनातर्फ रु.९६ करोड ९ लाख ९६ हजारको कार्यक्रम स्वीकृत भएकोमा रु.५० करोड र ढल निर्माण तथा प्रशोधन कार्यक्रमतर्फ रु.२६ करोड ७३ लाखको कार्यक्रम स्वीकृत भएकोमा रु.२५ करोड समेत रु. ७५ करोड बाँडफाँड नगरी अबण्डामा राखेको देखियो । तत्काल प्रतिफल देखिने आयोजनाहरुमा कार्यक्रम संशोधन गरी खर्च गरेको प्रतिक्रिया प्राप्त भएको छ ।

१२. **कार्यक्रम संशोधन** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ मा रकमान्तरसम्बन्धी व्यवस्था छ । विभागले कारण नखुलाई जलवायु अनुकूलित बृहत् खानेपानी आयोजना, खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम र ढल निर्माण तथा प्रशोधन कार्यक्रमको शुरु बजेट रु.१ अर्ब २३ करोड ४७ लाख रहेकोमा ९०.६९ प्रतिशतले घटाई रु.११ करोड ४९ लाख खुद बजेट कायम गरेकोले शुरुको बजेट विनियोजन यथार्थ परक देखिएन । कामको प्रकृतिअनुसार निर्माण कार्यको सम्भावना रहेको र तत्काल प्रतिफल दिनसक्ने कार्यक्रममा बजेट संशोधन गरेको प्रतिक्रिया प्राप्त भएको छ ।

१३. **खानेपानीको गुणस्तर** – राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ बमोजिम पहिलो चरणमा मापदण्ड स्वीकृत भएको पाँच वर्षभित्र र दोस्रो चरणमा पाँचदेखि दश वर्षभित्र कार्यान्वयन हुने आयोजनाहरुको व्यवस्था गरेको छ । विभागले यो वर्ष खानेपानीको गुणस्तर कायम गर्न रु.१ करोड ३६ लाख ३१ हजार खर्च गरेको छ । खानेपानी वितरण गर्ने आयोजनाहरुले मापदण्ड पूरा गरी गुणस्तरयुक्त खानेपानी वितरण गरे नगरेको सम्बन्धमा अभिलेख नराखेकोले वितरित खानेपानी मापदण्डअनुसार भएको सुनिश्चित हुने स्थिति देखिएन । मापदण्डको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । क्षेत्रीय प्रयोगशालामार्फत गुणस्तर परीक्षण गरिएको र गुणस्तर मापदण्डको परीमार्जित मस्यौदा तयार गरी स्वीकृतिको क्रममा रहेको प्रतिक्रिया प्राप्त भएको छ ।

१४. **पाइप जडान –** भौतिक योजना तथा निर्माण मन्त्रालयको २०६२।११।०८ को निर्णयमा योजनामा प्रयोग हुने निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च मान्य नहुने उल्लेख छ । यो वर्ष संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना मकवानपुर, कास्की, अर्घाखाँची, सुर्खेत, धनुषा र रुपन्देहीले रु.६ करोड ६९ लाख ६३ हजारको पाइप कार्यालयको जिन्सी खाताबाट खर्च देखाए तापनि योजनाको नापी किताबमा प्रविष्टि नगरेकोले पाइप खर्च पुष्टि हुने स्थिति छैन । पाइप उपयोगको पुष्टि हुनुपर्दछ ।

१५. **भेरिएसन –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा भेरिएसनसम्बन्धी व्यवस्था रहेको छ । बालकोट खानेपानी आयोजना, भक्तपुरको ४५० घनमिटर क्षमताको ओभरहेड टैंक रु.१ करोड ९४ लाख ४१ हजारमा निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग सम्झौता भएको थियो । टैंक निर्माण गर्ने जग्गा कम भएको, माटोको प्रकृतिअनुसारको भार वहन क्षमता र भूकम्प प्रतिरोधी डिजाइन नभएको कारण देखाई डिजाइन परिवर्तन गरी टैंकीको क्षमता घटाई ३५० घनमिटर र सम्झौता अङ्क रु.२ करोड ४ लाख ५ हजार कायम गरेकोमा रु.६७ लाख ८ हजार भुक्तानी दिएको छ । आयोजनाको पूर्व तयारी यथार्थपरक नभएकोले आयोजनाको क्षमता घटे तापनि लागतमा वृद्धि भएको छ ।

१६. **उपभोक्ता समितिबाट काम** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि करसमेत रु.१ करोडसम्म लागत अनुमानको काम उपभोक्ता समितिबाट गराउन सकिने र जनसहभागिता परिचालन गर्नुपर्ने व्यवस्था छ । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, लमजुङले रु.१६ करोड ५९ लाख २७ हजारमा बेंसीशहर खानेपानी योजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता गरी २०७५।७६ सम्म रु.१३ करोड ५० लाख ४६ हजारको काम सम्पन्न गर्दा सम्झौतानुसार उपभोक्ता समितिलाई जनसहभागिताको रु.१ करोड ६८ लाख ७५ हजार कट्टा गर्नुपर्नेमा घटी कट्टा गरेको रु.६४ लाख ९९ हजार उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

त्यस्तै रु.१ करोड २० लाख लागत भएको भागुकुन्छा खानेपानी आयोजना र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, कास्कीले रु.१ करोड ५४ लाखको पुम्दीभुम्दी र रु.१ करोड ५ लाखको बाच्छा खोला खानेपानी आयोजना निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएका छन् । नियमले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराउनेलाई कारबाही गर्नुपर्दछ ।

खानेपानी तथा ढल व्यवस्थापन आयोजना मोरङ र लमजुङले ५ उपभोक्ता समितिमार्फत कार्यान्वयन गरेका खानेपानी योजनाहरुको लागि चाहिने सोलार, पाइप, विद्युतीय सामग्री, फिटिङ्स आदि मालसामान उपभोक्ता समितिले विना प्रतिस्पर्धा खरिद गरी रु.२ करोड १७ लाख २३ हजार भुक्तानी दिएका छन् । यसरी खरिद भएको मालसामानको गुणस्तर परीक्षणसमेत गरेको पाइएन ।

१७. **बढी खरिद** – खानेपानी आयोजना निर्माण गर्न डिजाइन र लागत अनुमानअनुसार आवश्यक पाइप खरिद गर्नुपर्नेमा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, मोरङअन्तर्गतको रु.१४ करोड लागतको लखनपुर सहलगानी खानेपानी आयोजनाले रु.५५ लाख १० हजारका पाइप तथा फिटिङ्सका सामान खरिद गरेकोमा योजनामा आवश्यक नभएकोले उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छ । योजनामा आवश्यकताभन्दा बढी परिमाणमा खरिदगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१८. **मालसामान खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा ड्रइङ्ग डिजाइन र आवश्यकताको आधारमा सामान खरिद गरी प्रयोग गर्नुपर्दछ । गुलरिया खानेपानी योजनाअन्तर्गत प्रेसर फिल्टर निर्माण गर्न आवश्यक सामान एक फर्मसँग खरिदगरी रु.४३ लाख १७ हजार भुक्तानी दिएको छ । खरिद भएका मालसामानमध्ये रु.१० लाख ७३ हजारको मल्टिपल ट्रे एरेटर बेगर नै प्रेसर फिल्टर जडान गरेकोले उक्त सामान प्रयोगविहीन अवस्थामा रहेको छ । अनावश्यक सामान खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१९. **दोहोरो खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार सम्भाव्यता अध्ययन, डिजाइन र लागत अनुमान तयार गरी आयोजना स्वीकृति पश्चात कार्यक्रम र बजेट व्यवस्था गरेर आयोजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । संघीय खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, ईलामले साविकमा सर्भे तथा डिजाइन भई निर्माण शुरु भएका खामलु, चुलाचुलीलगायत रु.२३ करोड ५० लाख लागतका ६ योजनाको विस्तृत सम्भाव्यता अध्ययन, डिजाइन र लागत अनुमान तयारीमा यो वर्ष रु.२० लाख २१ हजार खर्च गरेको छ । विगतदेखि शुरु भइसकेका आयोजनाको सर्भे, डिजाइन र लागत अनुमान प्राप्त नभएको कारण देखाई दोहोरो खर्च गरेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

## तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ कार्यक्रम

२०. **मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२०.१ निर्माण व्यवसायीको ढिलाइको कारण निर्माण कार्य सम्पन्न नभएकोमा सो अवधिको मूल्य समायोजन दिन नमिल्नेमा सम्झौता रकम रु.५६ करोड ८८ लाख भएको नवलपरासीको तम्सरिया र तनहुँको डुम्रे खानेपानी आयोजनाका निर्माण व्यवसायीकै कारण ढिलाइ भएको उल्लेख गरी रु.३ करोड ९२ लाख ४९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने निर्णय गरेकोमा सो अवधिको समेत मूल्य समायोजन रु.७० लाख ३६ हजार भुक्तानी दिएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

२०.२ सुडा कञ्चनपुर साना सहरी खानेपानी आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२८ करोड ३५ लाख ४ हजारमा सम्झौता भएकोमा बोलपत्र खोलिएको मितिभन्दा २८ दिन अघिको मूल्यसूचीअनुसार

मूल्य समायोजन गणना गर्ने व्यवस्था रहेकोमा सोअनुसार नगरी बढी मूल्य समायोजन भुक्तानी भएको रु.६९ लाख ३१ हजार असुल गर्नुपर्दछ ।

२१. **पूर्वनिर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । तम्सरिया खानेपानी आयोजना, नवलपुरका एक निर्माण व्यवसायीबाट रु.२ करोड ४० लाख १५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय भएकोमा रु.६१ लाख ५८ हजारमात्र असुल गरेकोले नपुग रु.१ करोड ७८ लाख ५७ हजार असुल गर्नुपर्दछ ।

२२. **पाइप वितरण** – खानेपानी आयोजना निर्माण गर्दा डिजाइन र लागत अनुमानअनुसार आवश्यक पर्ने पाइपहरु खरिद गर्नुपर्नेमा रु.२८ करोड ६ लाख लागतको वीरेन्द्रनगर खानेपानी आयोजना, चितवन र रु.१५ करोड २३ लाख लागतको डुम्रे खानेपानी आयोजना, तनहुँका निर्माण व्यवसायीले आवश्यकता भन्दा बढी रु.१ करोड ९५ लाख ७१ हजारका पाइप खरिद गरी आयोजना सम्पन्न भएपश्चात उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखियो । ती योजनामा उपभोक्ता समितिलाई पाइप उपलब्ध गराउने उल्लेख नभएकोले खरिद गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ । खरिद भएका पाइप योजनाको मर्मत सम्भारमा प्रयोग हुने प्रतिक्रिया प्राप्त भएको छ ।

## मेलम्ची खानेपानी विकास समिति

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची खोलामा हेडवर्क्स निर्माण र सुन्दरीजलसम्म २७.५ कि.मि.सुरुङ निर्माण गरी पहिलो चरणमा १७ करोड र दोस्रो चरणमा याङग्री र लार्के खोलाबाट ३४ करोड गरी दैनिक ५१ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याउन २०५५।५६ देखि यो समिति स्थापना भएको हो । एसियाली विकास बैङ्कसँग भएको थप वित्तीय सहायता सम्झौता समेत मेलम्ची उपत्यका उप-आयोजना १ को लागि २८७.५ मिलियन र काठमाडौं उपत्यका उपआयोजना २ को लागि ६७.९ मिलियन गरी जम्मा अमेरिकी डलर ३५५.४ मिलियन (रु. ३९ अर्ब ७ करोड ९८ लाख) को संशोधित लागत अनुमान रहेकोमा २०७५।७६ सम्म रु.२७ अर्ब ६५ करोड २३ लाख खर्च भएको छ । यस वर्ष रु.५ अर्ब ९१ करोड ९९ लाख बजेट विनियोजन भएकोमा रु.२ अर्ब ४५ करोड १८ लाख खर्च भएको छ ।

२३. **प्रगति** – आयोजना प्रारम्भ भएको २० वर्षमा हेडवर्क्स ७२.७ प्रतिशत, सुरुङ निर्माण शतप्रतिशत र पानी प्रशोधन केन्द्र निर्माणको ९१ प्रतिशत भौतिक प्रगति भएको छ ।

२४. **खरिद सम्झौताको अन्त्य** – हेडवर्क्स तथा सुरङ निर्माण कार्यका निर्माण व्यवसायीले २०७५।८।२९ देखि परामर्शदाता एवं आयोजनालाई जानकारी नदिई निर्माण स्थल छोडी गएको कारणबाट निर्माण कार्य अवरुद्ध भएको र निजबाट बाँकी निर्माण कार्य हुन नसक्ने जानकारी परामर्शदाताले दिएअनुसार २०७५।१०।२४ को निर्णयानुसार खरिदसम्झौताको अन्त्य गरेको छ । खरिद सम्झौताअनुसार निर्माण व्यवसायीले साइटमा छाडेका उपकरण, निर्माण सामग्री र सम्पन्न भएको कामको मूल्याङ्कन गर्नुपर्नेमा गरेको छैन । सम्झौता रकम रु.७ अर्ब ७२ करोड ३४ लाखमध्ये रु.५ अर्ब ९१ करोड ९ लाखको काम सम्पन्न गरी रु.१ अर्ब ८१ करोड २५ लाखको काम बाँकी रहेको छ । बाँकी कामको लागि रु.२ अर्ब २७ करोड ८२ लाखमा अन्य १० निर्माण व्यवसायीसँग मन्त्रिपरिषद्को निर्णयअनुसार सोझै खरिद सम्झौता भएको देखियो । बाँकी काम पूरा गर्न लाग्ने थप लागत रु.४६ करोड ५७ लाख, ४६ औं रनिङ बिल सम्मबाट कट्टा नगरेको रु.४९ करोड ५ लाख, निर्माण सामग्री पेस्की बाँकी रु.१९ करोड ६२ लाखसमेत जम्मा रु.१ अर्ब १५ करोड ६२ लाख र अन्य आपूर्तिकर्ता र सेवा प्रदायकलाई सो निर्माण व्यवसायीले भुक्तानी गर्न बाँकी रकमसमेत असुल गरी कालोसूचीमा राख्नुपर्नेमा राखेको छैन ।

२४.१ हेडवर्क्सअन्तर्गत ३२ हजार ९५० घनमिटर माटो काट्ने काममा ८९ हजार ७०० घनमिटर वृद्धि भई भेरिएसनबाट सो काम गराउँदा लाग्ने थप समयको जनशक्ति, मर्मत सम्भार खर्च, निर्माण व्यवसायीको कार्यालय सञ्चालन खर्च, सामग्रीहरुको क्षमतामा ह्रास र वित्तीय लागत खर्चहरुसमेत रु.७० करोड ३१ लाख निर्माण व्यवसायीले क्षति दाबी गरेकोमा विवाद समाधान समितिले रु.३६ करोड २७ लाख भुक्तानी दिने निर्णय गरे तापनि भुक्तानी भएको छैन ।

२४.२ खरिद सम्झौताको भुक्तानी तालिकामा निर्माण व्यवसायीलाई नेपाली रुपैयाँ २८.१ प्रतिशत र वैदेशिक मुद्रा (युरो) मा ७१.९ प्रतिशत भुक्तानी दिने व्यवस्था भए अनुसार रु. ८ अर्ब ४६ करोड १३ लाख भुक्तानी दिएको छ । युरोमा गरेको भुक्तानी निर्माण व्यवसायीको इटालीस्थित बैङ्क खातामा जम्मा भएको छ । निर्माण व्यवसायीले नगद प्रवाहको समस्या देखाए तापनि समितिले सम्झौताअनुसार भुक्तानी दिएको २० प्रतिशत मोबिलाइजेसन पेस्कीको अतिरिक्त सम्झौतामा व्यवस्था नभएको रु.९५ करोड ९१ लाख ८५ हजार थप पेस्की दिनुका साथै मालसामान पेस्कीसमेत दिएको छ । आयोजनाले परामर्शदाताको सिफारिसमा निर्माण व्यवसायीलाई भुक्तानी दिएको मालसामान पेस्की र फछर्यौटको लेखा नै राखेको छैन । फछर्यौट हुन बाँकी मालसामान पेस्की रु. १९ करोड ६२ लाख ५७ हजार छ । सो पेस्कीको यथार्थ विवरण तयार गरी फछर्यौट हुन बाँकी मालसामान पेस्की असुल गरी सो पेस्कीको लेखा नराख्ने पदाधिकारीलाई कारबाही गर्नुपर्दछ । निर्माण व्यवसायीको हिसाब फरफारक गर्दा उल्लिखित रकम निजको दायित्वमा राखी मिलान गरिने प्रतिक्रिया समितिबाट प्राप्त भएको छ ।

२४.३ सोही कार्यको लागि २०७०।३।३१ मा भएको सम्झौतामा प्रोभिजनल सममा रहेको सबै रकम स्थानीय मुद्रामा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई प्रोभिजनल समबाट रु.२ अर्ब ९५ करोड ८९ लाख ३५ हजार भुक्तानी गर्दा ७१.९ प्रतिशत रकम विदेशी मुद्रामा भुक्तानी गरी नेपाल सरकारलाई विनिमय नोक्सानी बापत थप व्ययभार पारेको रु.२१ करोड १३ लाख ७ हजार असुल गर्नुपर्दछ । बिल अफ क्वान्टिटीमा भएको परिमाणलाई प्रोभिजनलसममा राखी भुक्तानी भएकोले परामर्शदाता र एसियाली विकाश बैङ्कसँग परामर्श गरी समायोजन गर्ने प्रतिक्रिया प्राप्त भएको छ ।

२४.४ निर्माण व्यवसायीसँग भएको सम्झौतामा साइटमा उपकरण र सामग्री आपूर्ति भएपछि ८० प्रतिशत सामग्री पेस्की दिन सक्ने व्यवस्थाअनुसार निर्माण व्यवसायीलाई भुक्तानी दिएको पेस्की नघटाई मूल्य समायोजन गणना गरी भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.१९ लाख ५३ हजार असुल गर्नुपर्दछ । साथै ठेक्काको म्याद २०७५।२।३१ सम्म थप गरेकोमा म्याद थप नभएको अवधिको मूल्य समायोजन रु.१५ करोड ११ लाख ८० हजार भुक्तानी दिएको देखिन्छ ।

२४.५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६५ अनुसार निर्माण व्यवसायीबाट जफत गरेको धरौटी रु.२ करोड १० लाख ६३ हजार राजस्व दाखिला गर्नुपर्नेमा धरौटी खातामा राखेकोले राजस्व दाखिला गर्नुपर्दछ ।

२५. **बढी भुक्तानी** – निर्माण व्यवसायीसँग भएको सम्झौतामा ओभरहेड १५ प्रतिशत समावेश गर्न मिल्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई ४६ औं बिलसम्म नयाँ आइटमको नयाँ दरमा भेरिएसन गरेको कामको दर विश्लेषण गर्दा २० प्रतिशत ओभरहेड भुक्तानी गरेकोले बढी भुक्तानी रु.८ करोड १ लाख ४७ हजार असुल गर्नुपर्दछ ।

निर्माण व्यवसायीलाई ४१ औं बिलसम्म रु.१ अर्ब ५ करोड ६६ लाख भुक्तानी गरेकोमा ४२ औं बिलसम्म भुक्तानी योग्य रकम रु.१ अर्ब ५ करोड १८ लाख निर्धारण भएकोले रु.४८ लाख १० हजार निर्माण व्यवसायीको ४२ औं बिलबाट कट्टा गर्नुपर्नेमा नगरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । परामर्शदातालाई पुनः यकिन गर्न लगाई असुल गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

## आयोजना कार्यान्वयन निर्देशनालय

मेलम्ची खानेपानीको वितरण प्रणालीलाई व्यवस्थित गर्न यो आयोजना २०६५।६६ बाट शुरु भई एसियाली विकास बैङ्कसँग उप-आयोजना-२ को लागि ४ ऋण सम्झौताबाट अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार, नेपाल सरकारको स्रोतबाट अमेरिकी डलर १७ करोड ७ लाख र ओफिडको अमेरिकी डलर १ करोड ६० लाखसमेत जम्मा अमेरिकी डलर ४६ करोड ६० लाख ८० हजार (रु. ५१ अर्ब २५ करोड २ लाख) खर्च गर्ने अनुमान रहेकोमा यस वर्षसम्म रु.२३ अर्ब ३९ करोड ६८ लाख खर्च भएको छ । यस वर्ष रु.८ अर्ब २८ करोड १ लाख बजेट विनियोजन भएकोमा रु.४ अर्ब १४ करोड ६ लाख खर्च भएको छ ।

२६. **प्रगति** – सल्लाघारी, बालकुमारी र धोबीघाटमा निर्माण शुरु गरिएका फोहोर पानी प्रशोधन केन्द्रको हालसम्म ५० प्रतिशत निर्माण कार्य सम्पन्न भई सक्नुपर्नेमा डिजाइन र उपकरण ४.६ प्रतिशत र संरचना निर्माण कार्य ११.७० प्रतिशत सम्पन्न भई औसतमा ९.२३ प्रतिशत प्रगति भएको छ । धोबीघाटमा दोस्रो फोहोर पानी प्रशोधन केन्द्रको यस वर्षसम्म ३० प्रतिशत कार्यसम्पन्न गर्ने लक्ष्य रहेकोमा डिजाइन ९०.६० प्रतिशत र सिभिल निर्माण कार्य १.११ प्रतिशत सम्पन्न भई औसतमा ६ प्रतिशत प्रगति देखिएको छ । निर्देशनालयले गुहेश्वरी फोहोर पानी प्रशोधन केन्द्रको औसत प्रगति ९२.६० प्रतिशत देखाए तापनि उपकरणसम्बन्धी कार्य १९ प्रतिशत र कमिसनिङको कार्य १० प्रतिशत प्रगति भएको छ । पानी पोखरी नौ वटा मध्ये महाँकालचौर, पानीपोखरी, खुमलटार र बालाजुको निर्माण कार्य सम्पन्न भएको तथा कीर्तिपुर, बाँसवारी, आरुबारी र टिङ्गेनीको निर्माण कार्य ९७ प्रतिशत सम्पन्न भएको देखिन्छ । कटुन्जेस्थित पानीपोखरी निर्माण कार्यको प्रगति १ प्रतिशतमात्र भएको छ ।

२७. **ऋण अनुदानको उपयोग** – एसियाली विकास बैङ्कबाट अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार ऋण प्राप्त गर्ने गरी सम्झौता भएकोमा आयोजना कार्यान्वयन अवधि ६० देखि ८७.५ प्रतिशतसम्म सकिएको अवस्थामा ऋणको उपयोग ५६.८३ प्रतिशत रहेको छ ।

२८. **मालसामान आपूर्तिमा ओभरहेड** – सार्वजनिक खरिद नियमावली, २०६४ मा मालसामान खरिदको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्ने व्यवस्था छैन । निर्देशनालयले ४ ठेक्का प्याकेजमा पाइप तथा फिटिङ्गस् खरिद गर्दा रु.१ करोड २५ लाख ओभरहेड भुक्तानी दिएको छ । नियमविपरीत भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्दछ । कारखाना मूल्यमा ओभरहेड नराखी निर्माण व्यवसायीबाट सामान आपूर्ति गराउन कठिन हुने प्रतिक्रिया प्राप्त भएको छ ।

२९. **पाइपको क्षति** – सार्वजनिक लेखा समितिले सडक, खानेपानी, सिंचाई, विद्युतीकरण, सञ्चारलगायतको पूर्वाधार विकास गर्दा अन्तर निकाय समन्वय गरी क्षति नहुने गरी निर्माण कार्य गर्न गराउन पटक पटक निर्देशन दिएको छ । निर्देशनालय र सडक विभागवीच भएको सहमति तथा सम्झौताको दफा ७ मा निर्देशनालयबाट पाइप विच्छ्याएको सडकहरुमा ढल निर्माणको क्रममा पाइपमा क्षति पुग्न गएमा पुनः निर्माण गर्न लाग्ने रकम सडक विभागले यस निर्देशनालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ । निर्माण कार्य गर्दा पर्याप्त सावधानी अपनाउन नसक्दा थोक वितरण प्रणालीअन्तर्गतका ४ र वितरण सञ्जाल सुधारअन्तर्गतका ४ समेत ८ ठेक्काको साइटमा बिछ्याई पुर्ने कार्य सम्पन्न गरेपछि विभिन्न निकायले सडक मर्मत तथा सुधार गर्ने क्रममा नोक्सान भएका पाइपको मूल्य, बिछ्याउने, पुर्ने र जडानलगायत खर्च समावेश गरी निर्देशनालयले रु.१६ करोड ४ लाख ५० हजार क्षति मूल्याङ्कन गरेको छ । क्षति भएको रकमको सम्बन्धमा सम्बन्धित निकाय एवं पदाधिकारीलाई जिम्मेवार बनाई उक्त खर्च शोधभर्ना लिनुपर्दछ ।

३०. **मूल्य अभिवृद्धि कर भुक्तानी** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि भएको रकममा मात्र मूल्य अभिवृद्धि कर लाग्ने गर्दछ । निर्देशनालयले निर्माण व्यवसायीले पेस गरेको मूल्य अभिवृद्धि करसहितको बीजक मूल्यमा पुनः मूल्य अभिवृद्धि कर थप गरी बीमाको रकम भुक्तानी गरेकोले बढी

भुक्तानी भएको रु.७४ लाख २५ हजार असुल गर्नुपर्दछ । प्रोभिजनल समबाट भुक्तानी दिँदा बिल बमोजिमको रकम भुक्तानी गर्नुपर्नेमा बैङ्क कमिसन रु.९४ लाख १५ हजार भुक्तानी गर्दा ओभरहेड र मूल्य अभिवृद्धिकर थप गरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.२२ लाख २ हजार असुल गर्नुपर्दछ ।

३१. **मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा मूल्य समायोजन गर्न सकिने उल्लेख छ । निर्देशनालयले विभिन्न निर्माण कार्यको म्याद थप गर्दा आइडल लागत, प्रोलङ्ग लागतलगायतका थप आर्थिक दायित्व नबढ्ने गरी म्याद थप गरेको छ । विभिन्न ६ ठेक्काको शुरु सम्झौताअनुसार काम सम्पन्न गर्नुपर्ने अवधि २०७२ चैत्रदेखि २०७४ माघसम्म रहेको देखिन्छ । म्याद थपको निर्णयानुसार २०७४ माघको मूल्यसूचीलाई आधार लिई मूल्य समायोजन गणना गर्नुपर्नेमा निर्माण कार्य सम्पन्न अवधिको मूल्यसूचीअनुसार मूल्य समायोजन गणना गरेकोले रु.१२ करोड ९९ हजार बढी व्ययभार पारेको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

# संगठित संस्था तथा समिति

## नेपाल खानेपानी संस्थान - २०७२।७३ देखि २०७५।७६

नेपाल सरकारले तोकिदिएको क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी उपलब्ध गराउने तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्ने उद्देश्यले नेपाल खानेपानी संस्थान ऐन, २०४६ अनुसार यो संस्थान स्थापना भएको हो। संस्थानअन्तर्गतका २३ कार्यालयका लागि ९३३ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा स्थायी २५३ र करारमा २८६ समेत ५३९ कर्मचारी कार्यरत छन्। यो वर्ष २०७२।७३ देखि २०७५।७६ सम्मको लेखापरीक्षण सम्पन्न भएको छ।

३२. **सञ्चालन नतिजा -** संस्थानको खुद सञ्चित नोक्सानी गत वर्ष रु.५ करोड ४७ लाख रहेकोमा वृद्धि भई यो वर्ष रु.१२ करोड ५५ लाख पुगेको छ ।

३३. **सञ्चालन खर्च -** स्थायी र करार समेत कुल दरबन्दीको ५८ प्रतिशत मात्र पदपूर्ति भएको अवस्थामा तलव भत्तामा यस वर्ष रु.२१ करोड ६१ लाख २३ हजार खर्च भएको छ। दरबन्दीबमोजिम पदपूर्ति भएको अवस्थामा उल्लेखित खर्च र संस्थानको सञ्चालन नोक्सानी अझ बढ्न जाने देखिएको छ। खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा ११ समेतलाई ध्यान दिई संस्थानले लागत लाभको विश्लेषण गरी खानेपानीको महसुल प्रस्ताव गर्नुपर्नेमा संस्थानबाट सञ्चालित कुनै पनि आयोजना, शाखाको परियोजना खर्चको लागत लाभ विश्लेषण गरेको देखिएन। आवश्यक सूचना विश्लेषण गरी योजना सञ्चालन हुनुपर्दछ।

३४. **लेखापरीक्षण** - संस्थानले प्रत्येक वर्ष नेपाल लेखामानका आधारमा वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गर्नुपर्ने व्यवस्था भए तापनि विगतदेखि सवै वित्तीय कारोबारको अभिलेख यकिन गरी प्रमाणित वित्तीय विवरण तयार गरी स्रेस्ता पेस नगरेको कारण २०६९।७० र २०७०।७१ को लेखापरीक्षण भएको छैन। ढिला गरी वित्तीय प्रतिवेदन पेस गरेको, विगतको जिम्मेवारीको यकिन गर्न नसकेको लगायतको व्यहोरा यो वर्ष पनि देखिएको छ। विगतदेखि कुनै वर्षको वित्तीय विवरण तयार नगर्दा वित्तीय नतिजा तथा जिम्मेवारीसमेत फरक पर्ने हुदा सवै आर्थिक वर्षको प्रमाणित वित्तीय विवरण पेस गरी यथासमयमा लेखापरीक्षण गराउनु पर्ने भनी गत वर्ष सुझाव दिएकोमा यो वर्ष समेत लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध नभएको हुँदा लेखापरीक्षण ऐन, २०७५ दफा २५ बमोजिम कारबाही हुनुपर्दछ ।

३५. **पाइप लाइन विस्तार र आय -** संस्थानले खानेपानी वितरणको लागि नयाँ योजनाहरुमा समेत लागत लाभ विश्लेषण गर्ने नगरेकोले पाइप लाइन विस्तार भएका स्थानमा आम्दानीमा समेत वृद्धि हुनुपर्नेमा आय वृद्धि नभएको देखिएको छ । यो वर्ष पाइप लाईन विस्तार कार्य सम्पन्न भएका योजनामध्ये जलेश्वर शाखामा रु.४२ लाख ६५ हजारको पाइप लाइन विस्तारमा खर्च भएकोमा पानी महसुल रु.२ लाख ४७ हजार (११ प्रतिशत) ले कमी आएको, राजविराज शाखामा रु.१ करोड १५ लाख १८ हजारको पाइप लाइन विस्तार हुँदा पानी महसुल रु.२ लाख ९० हजार (५ प्रतिशत) ले न्यून आय भएको छ। पाईप लाइन विस्तार भएको स्थानमा थप भएको मिटर तथा ग्राहक संख्या, थप पानी उत्पादन र वितरणलगायतका अभिलेख व्यवस्थित गरी आय वृद्धिमा जोड दिनुपर्दछ।

३६. **उद्देश्य तथा रणनैतिक योजना -** संस्थानको मुख्य उद्देश्य नेपाल सरकारले तोकिदिएको क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी उपलब्ध गराउने तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्ने रहेकोमा यो वर्ष २३ शहरी क्षेत्रमा १ लाख ४१ हजार धारामार्फत पानी उपलब्ध गराएको छ भने स्वच्छ खानेपानी उपलव्ध गराउन सकेको छैन । संस्थानको कार्यक्षेत्र विस्तारसंगै यसको वित्तीय, प्राविधिक तथा संरचनात्मक क्षमता विकासको रणनैतिक योजना तयार गरी सर्वसाधारणलाई सुलभ र गुणस्तरीय पानी उपलव्ध गराउने व्यवस्था हुनुपर्दछ।

३७. **खरिद व्यवस्थापन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वुटवल र नेपालगंजको खानेपानी आयोजनाले पाइप तथा फिटिङ्ग सामग्रीहरु खरिद गरी रु.४६ करोड ७९ लाख भुक्तानी गरेकोमा ती सामग्री उपयोगविहीन अवस्थामा कार्यालयमा मौज्दात राखेको देखिन्छ। आयोजनामा उक्त सामग्री आवश्यकता सम्बन्धमा छानविन गरी अनावश्यक सामग्री खरिद गर्नेलाई कारबाही हुनुपर्दछ ।

३८. **असामी तथा बक्यौता -** संस्थानले शंकास्पद असामी व्यवस्था बापत असामी मौज्दातको १० प्रतिशतका दरले व्यवस्था गर्ने गरेको छ। संस्थानको असामी गत वर्ष रु.५८ करोड ८ लाख ७१ हजार रहेकोमा यस वर्ष रु.७ करोड ५६ लाख १ हजारले वृद्धि भई रु.६५ करोड ६४ लाख ७२ हजार पुगेको छ। संस्थानले रु.६ करोड ५६ लाख ४७ हजार शंकास्पद असामी व्यवस्था गरेको छ। शंकास्पद असामी लेखाङ्कन गर्दा असामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नुपर्नेमा सो बमोजिम नगरेको र बक्यौता रकम असुली गरेको छैन। उपभोक्ताहरुबाट अग्रिम प्राप्त रकम दायित्वतर्फ प्रस्तुत नगरी बक्यौता रकमबाट घटाएकोले बक्यौता रकम यकिन गरी असुल गर्नुपर्दछ।

## २०७४।७५

३९. **बैङ्क ऋण -** विश्व बैङ्कबाट प्राप्त ऋण रु.१४ करोड २७ लाख २८ हजार र नेपाल सरकारको ऋण रु.५ अर्ब ५ करोड ७० लाख ५ हजारमा यस वर्षको व्याज रु.१८ करोड ४९ लाख ३० हजार समेत वर्षान्तसम्मको व्याज रु.८० करोड ८९ लाख ४ हजार भुक्तानी दिन बाँकी छ। सो रकमको महालेखा नियन्त्रक कार्यालयबाट भिडान गरी समर्थन लिएको छैन। सम्झौता अनुसारको रकम भुक्तानी गर्ने वा हिसाव मिलान गर्नुपर्ने देखियो।

४०. **धरौटी दायित्व -** नयाँ धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैङ्क खातामा (धरौटी) जम्मा गर्ने नीति रहेको छ। धरौटी बापतको दायित्व २०७५ आषाढ मसान्तमा रु.१० करोड ८४ लाख ५९ हजार भएकोमा सम्बन्धित नगद तथा बैङ्क खातामा रु.१० करोड ४५ लाख ६९ हजार भएबाट रु.३८ लाख ९१ हजार बैङ्कमा घटी मौज्दात रहेको छ। छानविन गरी हिसाव यकिन गर्नुपर्दछ।

४१. **अवकाश कोष व्यवस्था -** गत वर्षसम्म अवकाश कोषमा रु.६१ करोड ६२ लाख ६४ हजार रहेकोमा यस वर्ष रु.१ करोड ८१ लाख ५६ हजार थप व्यवस्था गरी रु.९ करोड ७९ लाख २ हजार भुक्तानी भई वर्षान्तमा अवकाश कोष शीर्षकमा रु.५३ करोड ६५ लाख १८ हजार देखाएकोमा नेपाल लेखामान बमोजिम एक्च्यूरियल मूल्यांकन नगरेकोले उक्त रकम पर्याप्त भए नभएको यकिन हुने अवस्था छैन।

४२. **स्थिर सम्पत्ति -** संस्थानले यस वर्ष स्थिर सम्पत्तिमा रु.२ अर्ब ३६ करोड ७० लाख ३३ हजार प्रस्तुत गरेकोमा उक्त सम्पत्तिमा भवन, भूमि, सर्भिस रिजभयर, पाइप लाइन, ढल, वेल, प्लान्ट एण्ड मेशिनरी र अन्य उल्लेख गरेको छ। संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्तिको विस्तृत विवरण जस्तै सम्पत्तिको नाम, मोडल र स्पेसिफिकेशन, कोड नम्बर, जग्गाधनी नम्बर, प्रयोग भएको स्थान, सम्पत्तिको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मूल्य, निर्माण सम्पन्न भएको मिति एवं कार्य सम्पन्न मूल्य, योजनाहरु रहेको स्थान आदि खुल्ने गरी स्थिर सम्पत्ति अभिलेख तयार गरी अद्यावधिक गरेको छैन। सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४३. **निर्माणाधीन सम्पत्ति -** वर्षान्तमा निर्माणाधीन सम्पत्तिमा देखाएको रु.६१ करोड ९५ लाख २५ हजारमध्ये कतिपय सम्पन्न भइसकेका आयोजना समेत रहेको र अस्तित्वमा नरहेका सम्पत्ति समेत उपरोक्त शीर्षकमा लेखाङ्कन गरेको छ। हेटौंडा खानेपानी योजनाको रु.१४ लाख ४२ हजार र भरतपुर खानेपानी योजनाको रु.१९ लाख ३० हजार कार्य सम्पन्न भइसकेको तर कार्य सम्पन्न प्रमाणपत्र उपलब्ध नहुंदा पुँजीकरण भएको छैन। त्यस्तै जुगेडी निर्माण आयोजनाको भौतिक पूर्वाधार नष्ट भएको रु.३५ लाख २३ हजार र उत्पादन वृद्धि (बनेपा) आयोजना पूरा नगरेको रु.३ लाख ९५ हजारलाई समेत निर्माणाधीन सम्पत्तिमा प्रस्तुत गरेको छ। त्यस्तै संस्थानले विगत वर्षहरुमा धरानमा वि.पि. खानेपानी परियोजना समितिमार्फत निर्माण गरी रु.२ करोड ३३ लाख ६२ हजार खर्च गरेको भए तापनि उक्त खानेपानी योजना सोही समितिले संचालन गर्दैआएको छ । संस्थानले सो खर्चलाई निर्माणाधीन सम्पत्तिमा प्रस्तुत गरेबाट निर्माणाधीन सम्पत्तिको यथार्थ अवस्था प्रस्तुत हुन सकेको छैन। यथार्थ अवस्था देखिने गरी लेखाङ्कन गर्नुपर्दछ।

४४. **हिसाब समायोजन -** शाखा कार्यालयहरुले देखाएको मौज्दात र केन्द्रीय कार्यालयले देखाएको मौज्दात बीच फरक परेको रकमको प्रमाण कागजातबेगर विभिन्न शीर्षकमा रु. ६ करोड ६० लाख ३६ हजार हिसाब समायोजन गरी वित्तीय विवरण तयार गरेको छ। हिसाव मिलानको प्रमाण पेस हुनुपर्दछ।

## ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति

४५. **निलम्बन अवधिको खर्च** – विकास समिति ऐन, २०१३ बमोजिम गठन भएका सबै विषय क्षेत्रका समितिहरुमध्ये १५ दिनभित्र सम्बन्धित मन्त्रालयले कायमै राख्ने वा विघटन गर्ने सम्बन्धमा नेपाल सरकारको २०७५।३।२० को निर्णयअनुसार यो समिति निलम्बन गरेकोमा २०७५।९।१३ मा फुकुवा गर्ने निर्णय गरेको छ । सो अवधिमा कुनै पनि योजना तथा कार्यक्रम सञ्चालन नभएको अवस्थामा परामर्श सेवामा रु.४३ लाख १० हजार खर्च गरेको देखियो । समिति निष्क्रिय रहेको अवधिको परामर्श सेवा खर्च असुल गर्नुपर्दछ ।

४६. **गैरसरकारी संस्थामार्फत सामग्री खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ । समितिले दशौं ब्याचको सम्झौता रकम रु.३ अर्ब १९ लाखमध्ये सिमेन्ट, जी.आई. पाइप, एचडीपी पाइप, फिटिङ्स, भल्भस्, टुल्सलगायतका निर्माण सामग्री खरिद गरी रु.१५ करोड ३५ लाख ७४ हजार गैरसरकारी संस्थालाई भुक्तानी दिएको छ । ऐनको व्यवस्थाबमोजिम निर्माण कार्य र

सामान आपूर्ति गर्ने कार्य गैरसरकारी संस्थामार्फत गर्न मिल्ने देखिएन । ऐनविपरीत खरिद कार्य गर्ने पदाधिकारीलाई कारबाही गर्नुपर्दछ ।

४७. **योजना सञ्चालन** – आशापुरी खानेपानी आयोजना भक्तपुरमा रु. २७ लाख ३५ हजारमा निर्माण सम्पन्न गरेको इन्टेकमा खोलाको पानी पसेको र सडक विस्तार गर्दा निकालेको पाइप पुनः स्थापना नगरेको कारण करिब १८ महिनादेखि पानी सञ्चालन भएको छैन । मनोहरा बेंसी खानेपानी आयोजना रु. ८४ लाख ९१ हजारको लागतमा निर्माण कार्य सम्पन्न भएको उल्लेख भए तापनि पानी प्रशोधन प्लाण्ट निर्माण गरेको छैन । उक्त प्लाण्टको अभावमा पिउन अयोग्य धमिलो पानी वितरण गरेको देखियो ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन –** गत विगतका प्रतिवेदनमा उल्लेख भएका अधुरा योजना सम्पन्न नभएको, नियमित प्रकृतिको कार्यमा परामर्श सेवा लिएको, खानेपानीको मुहान विवाद, पाइप मौज्दात तथा पाइप घटी जडान, नपाउने मूल्य समायोजन भुक्तानी, पटक पटक म्याद थप, न्यून प्रतिस्पर्धालगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको देखिँदैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ २१ निकायमा रु.४ अर्ब ४४ करोड ४३ लाख ३० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ करोड १६ लाख ८९ हजार फछ्र्यौट गरेकोले रु.४ अर्ब २८ करोड २६ लाख ४१ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ३ करोड ८६ लाख ७७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित सस्था २ तर्फ रु.२५ करोड ८८ लाख ८ हजार बेरुजू बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# गृह मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम आन्तरिक सुरक्षा नीति तर्जुमा, शान्ति सुव्यवस्था, हातहतियार तथा खरखजानाको इजाजत तथा नियन्त्रण, विस्फोटक पदार्थ नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकता वितरण, विपद् व्यवस्थापन, अध्यागमन व्यवस्थापन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागू औषध नियन्त्रण, सीमा प्रशासन, गृह प्रशासन, संगठित अपराध नियन्त्रणलगायतका कार्य र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय मन्त्रालयको कार्यक्षेत्रमा रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सगठित संस्थासमेत ८२२ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ८१९ सरकारी कार्यालयहरुको निम्नानुसार रु.८६ अर्ब १३ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ८१९ | ६२९०३६ | ३६१ | ६६३७५ | ४२० | १७७६५ | १४७ | १४८१७८ | ८१९ | ८६१३५४ |

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ३ संस्थाको रु.८ अर्ब ७९ करोड ७८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **चौधौं योजना -** योजनाले उपत्यकाका प्रवेश नाका र सिंहदरबार प्रवेशद्वारमा १२ भेहिकल स्क्यानर जडान गर्ने, ४० जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण गर्ने, प्रदेश स्तरमा ५ लागू औषध पुनर्स्थापना केन्द्र स्थापना गर्ने जस्ता लक्ष्य लिएकोमा भेहिकल स्क्यानर जडान गर्न बजेट व्यवस्थापन नभएको, १६ जिल्लामा मात्र राष्ट्रिय परिचयपत्र वितरण कार्य शुरु भएको, गण्डकी प्रदेशमा मात्र लागू औषध पुनर्स्थापना केन्द्र सञ्चालन भएको अवस्था छ । योजनाका घोषित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापनमार्फत प्रतिफल देखिने गरी सुधार गर्नुपर्दछ ।

४. **प्राविधिक सहायता -** प्राविधिक तथा अन्य सहायता विवरण (२०७५।७६) अनुसार महिला तथा बालबालिका सेवा केन्द्र स्थापना गर्न एसियाली विकास बैङ्कबाट मे २०१५ देखि सेप्टेम्वर २०१८ सम्म अवधि रहने गरी ५ लाख अमेरिकी डलर स्वीकृत भएको थियो । उक्त सहायतामध्ये यो वर्ष अमेरिकी डलर ८ हजार प्राप्त हुने देखिन्छ । त्यसैगरी न्याय सुदृढीकरणका लागि एकीकृत कार्यक्रम तथा न्याय सेवाको आधुनिकीकरण र सुधारको लागि प्रहरी परिचालन परियोजनामा २०१५ देखि २०२० डिसेम्बरसम्म संयुक्त विकास साझेदारबाट स्वीकृत अमेरिकी डलर ४ करोड ३० लाखमध्ये अमेरिकी डलर ७० लाख प्राप्त हुने देखिन्छ । सहायता रकमको वित्तीय तथा भौतिक प्रगति विवरण लेखापरीक्षणका लागि पेस भएको छैन । उक्त प्राविधिक सहायता रकमको नियमानुसार लेखापरीक्षण गराउनुपर्दछ ।

५. **शान्तिसुरक्षा खर्च -** मन्त्रिपरिषद्को २०५०।२।१३ को निर्णयानुसार शान्ति सुरक्षाका लागि एक पटकमा गृहमन्त्रीले रु.५० हजार र गृह सचिवले रु.२० हजारसम्म खर्च गर्न सक्ने व्यबस्था छ । मन्त्रालयले यो वर्ष गृहमन्त्रीबाट रु.७२ लाख र गृह सचिवबाट रु.७३ लाख ९ हजारसमेत रु.१ करोड ४५ लाख ९ हजार खर्च गरेको छ । मन्त्रिपरिषद्को निर्णयले एक पटकको खर्चको सीमा तोके पनि दैनिक, साप्ताहिक वा मासिक अवधि किटान गरेको छैन । तत्कालीन शान्ति सुरक्षाको अवस्थाका

आधारमा लागू भएको व्यवस्था पुनरावलोकन गरी तजबिजी खर्च नियन्त्रण गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि औंल्याए पनि सुधार भएको छैन ।

६. **आर्थिक सहायता -** नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६८ को दफा १२ मा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुलाई तोकिएको दरमा औषधोपचार तथा आर्थिक सहायता उपलब्ध गराउने उल्लेख छ । यो वर्ष देशभरिका १७४ नागरिकलाई प्रति व्यक्ति रु.५० हजारदेखि रु.३० लाखसम्मका दरले जम्मा रु.९ करोड ८० लाख ८८ हजार, विभिन्न घटनामा उपचारबापत रु. ३३ लाख ७ हजार र संस्थागत अनुदान रु.२ करोड ९१ लाख समेत कुल रु. १३ करोड ४ लाख ९५ हजार वितरण गरेको छ । आर्थिक वर्ष २०७२।७३ मा रु.१६ करोड ४० लाख ३५ हजार, २०७३।७४ मा रु.२९ करोड ६ लाख ८ हजार र २०७४।७५ मा रु. ३१ करोड ८० लाख २७ हजार आर्थिक सहायता वितरण गरेकोमा पारदर्शी र व्यवस्थित बनाउन मापदण्ड तर्जुमा गरेको देखिएन । सहायता माग गर्दा निवेदन, चिकित्सकको प्रेस्क्रिप्सन, उपचार सहायता समितिको सिफारिस जस्ता कागजात संलग्न गरेको छैन । कार्यविधिको दफा १२.१(ग) मा समाजिक र राष्ट्रिय जीवनमा योगदान पुऱ्याएका व्यक्तिका लागि बढीमा रु.७ लाखसम्म आर्थिक सहायता दिन सकिनेमा सीमा नघाई एकै व्यक्तिलाई रु.३० लाखसम्म आर्थिक सहायता प्रदान गरेको छ । कार्यविधिको पालना गरी तोकिएको सीमाभित्र रही आर्थिक सहायता प्रदान गरी मापदण्डभन्दा बढी वितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

७. **व्यक्तिगत सुरक्षाकर्मी -** मन्त्रालयले बहालवाला एवं पूर्व पदाधिकारीको व्यक्तिगत सुरक्षाका लागि प्रहरी कर्मचारी खटाउने गरेको छ । सर्वोच्च अदालतले २०६८।८।२२ मा कानुनमा व्यवस्था गरेर मात्र विशिष्ट व्यक्तिहरुलाई सुविधा उपलव्ध गराउने आदेश दिएको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, मन्त्री, सम्बैधानिक निकायका प्रमुखलगायत बहालवालातर्फ ३२९ र भूतपूर्व विशिष्ट व्यक्तिहरुका लागि ५९५ सुरक्षाकर्मी उपलब्ध गराएको छ । सुरक्षाकर्मी उपलव्ध गराउने सम्बन्धमा छुट्टै कानुनी व्यवस्था गरेको देखिएन । कानुनमा व्यवस्था गरी सुरक्षाकर्मीको व्यवस्थापन गर्नुपर्दछ ।

८. **विभूषण तयारी -** विभूषण नियमावली, २०६५ मा १२ श्रेणीका ४ मानपदवी, ९ अलङ्कार र १३ पदकबाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने महानुभावलाई विभूषित गर्ने व्यवस्था छ । यो वर्ष पुरस्कृत व्यक्तिलाई विभूषित गर्ने प्रयोजनार्थ ३४४ मानपदवी, ८७ अलङ्कार र ८७ पदक तयार गर्न घरेलु तथा साना उद्योग कार्यालय, पाटनलाई रु.५ करोड २७ लाख ५० हजार पेस्की र रु.४० लाख ३६ हजार शोधभर्नासमेत रु. ५ करोड ६७ लाख ८६ हजार, नेपाल राष्ट्र बैङ्कलाई तामा र चाँदीको लागि रु.९० हजार र सुन्दरीजल आर्सनललाई हुकपट्टीसमेतका लागि रु.१ लाख ५१ हजारसमेत रु.५ करोड ७० लाख २७ हजार खर्च गरेको छ । विभूषण तयार गर्दा समावेश गर्नुपर्ने धातुको परिमाण २०६८।४।१५ को सचिवस्तरीय निर्णयले तोकेको छ । घरेलु तथा साना उद्योग कार्यालयको बिलभरपाई परीक्षण गर्दा ३३७ मानपदवी, ६० अलंकार र २६ पदकसमेत ४२३ विभूषणमा प्रयोग भएको सुन तथा चाँदीलगायत धातु खरिदको बिल, ज्याला तथा जर्तीको आधारमा परिमाण र मूल्य खुल्ने देखिएन । धातुको तोकिएको परिमाण संलग्न गरी तयार भएको सुनिश्चित गरी विभूषण वितरण गर्नुपर्दछ ।

९. **राष्ट्रिय विपद् व्यवस्थापन कोष -** कोषमा गत वर्षको जिम्मेवारी रु.१ अर्ब ६८ करोड ५७ लाख ८३ हजारमा यो वर्ष रु.२ करोड थप गरी जम्मा रु.१ अर्ब ७० करोड ५७ लाख ८३ हजारमध्ये रु.१३ करोड ६१ लाख ६० हजार खर्च भई रु. १ अर्ब ५६ करोड ९६ लाख २३ हजार मौज्दात रहेको छ । बढी जोखिमयुक्त नदीहरु छनौट गरी पूर्व सूचना प्राप्त गर्न र आधुनिक प्रणाली जडान गरी विपद् व्यवस्थापन कार्य संघीय संरचनाअनुसार सञ्चालन गर्न रु.१ करोड ५० लाख बजेट व्यवस्था भएकोमा खर्च भएको छैन । प्रदेशस्तरको विपद् सामना गर्न विपद् व्यवस्थापन सामग्री खरिदका लागि रु.१ करोड

७५ लाख बजेट व्यवस्था गरेकोमा निकासा तथा खर्च भएको देखिएन । कोष स्थापना र सञ्चालनको उद्देश्यअनुरुप कार्य सम्पादन गर्नुपर्दछ ।

१०. **हेलिकोप्टर भाडा -** मन्त्रालयले प्राकृतिक तथा अन्य विपद् उद्धार तथा सुरक्षा प्रयोजनका लागि हेलिकोप्टर भाडा उपलब्ध गराउँदै आएको छ । यो वर्ष राष्ट्रिय विपद् व्यवस्थान कोषबाट रु.३ करोड ९६ लाख ९५ हजार र चालु खर्च शीर्षकबाट रु.१ करोड ८० लाख ९८ हजारसमेत रु.५ करोड ७७ लाख ९३ हजार हेलिकोप्टर भाडा भुक्तानी गरेको छ । विपद् व्यवस्थापन कोषबाट शान्ति सुरक्षासँग सम्बन्धित सुरक्षा गोष्ठीमा सहभागी हुन तथा सोलुखुम्बु र भोजपुरमा नियमित काममा सुरक्षाकर्मी पुऱ्याउन क्रमशः रु.१४ लाख ३६ हजार र रु. ३५ लाख २६ हजार भुक्तानी भएको छ । उक्त रकम उदेश्य अनुसारको कार्यमा खर्च भएको नदेखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## अध्यागमन विभाग

११. **अध्यागमन अभिलेख -** अध्यागमन विभागबाट प्राप्त विवरणअनुसार सन् २०१७ देखि २०१९ सम्म ३५ लाख ४ हजार स्वदेशी र २८ लाख ५९ हजार विदेशीको आगमन भएको देखिन्छ । उक्त अवधिमा ३१३ विदेशीलाई भिसा अवधिभन्दा बढी नेपालमा बसेकोले कारबाही गरी निष्कासन गरेको छ । उल्लिखित अवधिभित्र आगमन अभिलेखमा उल्लेख नभएका ४ हजार विदेशी फिर्ता भएको देखिन्छ । आगमन, प्रस्थान र निष्कासन अभिलेख एकीकृत र अद्यावधिक नभएकोले ती यात्रीको नेपाल प्रवेश र बसाइ अवधि यकिन हुने देखिएन । मुलुकभित्र आगमन तथा प्रस्थान गर्ने व्यक्तिहरुको अभिलेख व्यवस्थित गर्न नेपाली पोर्ट प्रणाली सफ्टवेयर विकास गर्न परामर्शदातासँग सम्झौता गरी रु.३२ लाख ४२ हजार भुक्तानी भएको छ । उक्त कार्य सम्पन्न गरी सफ्टवेयर पूर्णरुपमा सञ्चालनमा ल्याई आगमन र प्रस्थानको अभिलेख अद्यावधिक गर्नुपर्ने र अनुमति नलिई स्थल मार्गबाट प्रवेश गर्नेको पहिचान गरी कारबाही तथा निष्कासन गर्नुपर्दछ ।

१२. **भिसा अभिलेख -** विभागले कूटनैतिक, सरकारी, पर्यटक, गैरपर्यटक, अध्ययन, व्यापार, ट्रान्जिट, आवासीय, गैरआवासीय, डिपेन्डेन्टलगायत २३ प्रकारका भिसा जारी गर्ने गरेको छ । भिसा जारी गर्दा १५, ३० र ९० दिनको लागि अमेरिकी डलर क्रमशः २५,४० र १०० शुल्क निर्धारण गरेको छ । यो वर्ष ६ लाख १३ हजार ८६ भिसा स्टिकरबाट रु.४९ करोड ७१ लाख ८५ हजार राजस्व प्राप्त गरेको छ । विभागका विभिन्न शाखाबाट खपत भएका भिसा स्टिकरबाट भएको आम्दानी भिडान गर्ने प्रणाली तयार गरेको छैन । विदेशी नागरिकको नाम, राष्ट्रियता, राहदानी नम्बर र भिसा अवधि खुलेको विवरण राख्न आई.एम.एम.आई सफ्टवेयर प्रयोगमा ल्याए तापनि रद्द भएका, प्रयोगमा आएका र मौज्दात रहेका भिसा स्टिकरको अवस्था खुल्ने अभिलेख अद्यावधिक गरेको छैन । प्रयोगमा आएका रद्द भएका र मौज्दातमा रहेका भिसा स्टिकरको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

१३. **राजस्व लेखाङ्कन -** विभागले प्रयोगमा ल्याएको राजस्व व्यवस्थापन सूचना प्रणालीअनुसार रु.८७ करोड ६८ लाख ७० हजार राजस्व असुली देखिएको छ । राजस्व सङ्कलन गर्ने निजी क्षेत्रको एक बैङ्कले देखाएको आम्दानीको आधारमा राजस्वको आर्थिक विवरण तयार गरेको छ । राजस्व सङ्कलनमा प्रयोग गर्न स्वीकृत मलेप फारामहरु प्रयोगमा ल्याएको छैन। यसैगरी विभागले विदेशस्थित नियोगहरुलाई १५ दिने ९० हजार ६४, ३० दिने २३ हजार १८४ र ९० दिने ३ हजार थान भिसा स्टिकर उपलब्ध गराएकोमा स्टिकर र राजस्व आम्दानी खर्चको विवरण पेस भएन । परराष्ट्र मन्त्रालयले पेस गरेको राजस्वको आर्थिक विवरणमा रु.३५ करोड ७० लाख २० हजार राजस्व देखाएकोमा भिसा स्टिकरको वार्षिक आम्दानी, खर्च र मौज्दात विवरण तयार गरी राजस्वसँग भिडान गरेको छैन । भिसा स्टिकरको

अभिलेख अद्यावधिक गरी खपतका आधारमा राजस्व आम्दानी भएको यकिन गर्नुकासाथै राजस्व लेखाङ्कनमा मलेप फारमहरु प्रयोग गरी  नियन्त्रण व्यवस्था प्रभावकारी गर्नुपर्दछ ।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

१४. **घटना दर्ता** - विभागले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ जस्ता ५ प्रकारका व्यक्तिगत घटना दर्ताका साथै १० प्रकारका सामाजिक सुरक्षा कार्यक्रम स्थानीय निकायमार्फत सञ्चालन गर्ने अभिलेख व्यवस्थापन गर्दै आएको छ । स्थानीय तहका ६ हजार ७४३ वडामध्ये २ हजार ५८३ वडामा अनलाइन प्रणालीमार्फत व्यक्तिगत घटना दर्ता प्रारम्भ भए तापनि अन्य वडाले म्यानुअल विधि प्रयोग गर्दै आइरहेका छन् । म्यानुअल विवरणसमेत समावेश गरी विभागले वास्तविक तथ्याङ्कसहितको एकीकृत विवरण तयार गर्नुपर्नेमा सो गरेको छैन । तथ्याङ्क एकीकृत गरी वास्तविक विवरण तयार गर्नुपर्दछ ।

१५. **सामाजिक सुरक्षा** - यस वर्ष सामाजिक सुरक्षामा समावेश भएका लाभग्राही संख्या २८ लाख ७८ हजार ७०७ का लागि रु.४४ अर्ब १ करोड ४५ लाख ८६ हजार विनियोजन गरी २७ लाख २३ हजार ६०२ लाभग्राही अभिलेखित गरी खर्च लेखेको छ । आर्थिक वर्षको अन्तसम्म १ लाख ५५ हजार १०५ लाभग्राही अनलाईन प्रणालीमा आवद्ध हुन बाँकी छ । अनलाइन प्रणाली प्रभावकारी बनाई सामाजिक सुरक्षासम्बन्धी तथ्याङ्क भरपर्दो बनाउनुपर्दछ ।

१६. **परामर्श सेवा खरिद** - नेपाल सरकारको निर्णय अनुसार राष्ट्रिय परिचयपत्र पर्सनलाइजेसन तथा वितरण गर्ने कार्यका लागि एक परामर्शदातासँग रु.८७ करोड २६ लाख ११ हजारको सम्झौता भएको छ । सम्झौतामा उल्लेखित कामको नियमित अनुगमन र प्रतिवेदन लिने व्यवस्था मिलाई संझौतामा उल्लेखित समयभित्र कार्य सम्पन्न गर्नुपर्दछ ।

## कारागार व्यवस्थापन विभाग

१७. **कारागार व्यवस्थापन** - विभागअन्तर्गत ७२ जिल्लामा ७४ कारागार सञ्चालनमा रहेका छन् । कारागारमा कैदी बन्दी राख्ने क्षमताबारे मापदण्ड तयार भएको देखिएन । हालको पूर्वाधारले १४ हजार ८७५ पुरुष र १ हजार ६९१ महिलासमेत १६ हजार ५६६ कैदी बन्दीहरू राख्न सक्ने क्षमता रहेकोमा कारागारमा क्षमताभन्दा ४४ प्रतिशत बढी २२ हजार ३७१ पुरुष र १ हजार ५०४ महिलासमेत २३ हजार ८७५ कैदीबन्दी रहेको देखिन्छ । नख्खु कारागारमा रहेका कैदीबन्दी मध्ये २४ प्रतिशतले दैनिक औषधि सेवन गर्नुपर्ने तथा १५८ जना मानसिक र ३ जना एचआईभी एड्स विरामी रहेका छन् । काभ्रे कारागारमा २० जना र लम्जुङ कारागारमा २ जना मानसिक कैदीबन्दी रहेका छन् । मानसिक कैदीबन्दी छुट्टै राख्ने व्यवस्था गरेको छैन । महान्यायाधिवक्ताको कार्यालयले ३३ जिल्लाका २९ कारागार अनुगमन गरी सार्वजनिक गरेको कारागार तथा हिरासत अनुगमनको एकीकृत प्रतिवेदनअनुसार कारागारमा सीप विकास एवं रोजगारमूलक कार्यको अवसरको अभाव रहेको, जीर्ण भौतिक पूर्वाधार, क्षमताभन्दा अत्यधिक मात्रामा थुनुवा र कैदीहरु रहेको, दरबन्दीअनुसारका कर्मचारी नरहेको, सहायक कर्मचारीबाट कारागार सञ्चालन गरेको, स्वास्थ्यकर्मीको पद रिक्त रहेको, पर्याप्त औषधि उपलब्ध नभएको, आफन्त र कानुन व्यवसायीसँग भेटघाटका लागि अलग कोठा नभएको, कैदी बन्दी र थुनुवालाई एकै ठाउँमा राखेको जस्ता समस्याहरु रहेको उल्लेख छ । कारागार र हिरासत सुधार कार्ययोजना कार्यान्वयनमा ल्याई उल्लिखित व्यहोरामा सुधार गर्नुपर्दछ ।

१८. **खुल्ला कारागार** - जेल अवधि भुक्तान गरी निकट भविष्यमा रिहा हुने कैदीबन्दीलाई समाजमा घुलमिल हुन सहयोग पुऱ्याउने उद्देश्यले खुल्ला कारागारको अवधारणा लागू भएको छ । बाँकेको गनापुरमा खुल्ला

कारागार २०७६।२।३० भित्र निर्माण सम्पन्न गर्ने रु.१ करोड ७८ लाख ८८ हजारको निर्माण सम्झौता भएको छ । दुई पटकसम्म १३ महिना म्याद थप भएकोमा यस वर्षसम्म रु.८८ लाख ६५ हजार भुक्तानी भएपनि निर्माण सम्पन्न भएको छैन । सम्झौताअनुसार निर्माण सम्पन्न गरी खुल्ला कारागारको अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१९. **प्रतिवेदन कार्यान्वयन -** शहरी विकास मन्त्रालयअन्तगर्तको सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयको प्राविधिक टोलीद्वारा कारागार कार्यालय डिल्लीबजारको प्रशासनिक भवन, कैदीबन्दी आवास र भवनसँग जोडिएका संरचनाको निरीक्षण गरी तयार पारेको प्राविधिक प्रतिवेदनमा भवनहरु जीर्ण अवस्थामा रहेको देखाएको छ । प्रतिवेदनले भवनको क्षति वर्गीकरणको निम्ति ''युरोपियन म्याक्रो सेस्मिक स्केल ९८'' लाई आधार मानी साधारण क्षति, मध्यम क्षति, उल्लेख्य अधिक क्षति, अत्यधिक क्षति र विनाशयोग्य क्षति गरी ग्रेड १ देखि ग्रेड ५ सम्मको मापदण्डको आधारमा वर्गीकरण गरेको छ । उक्त मापदण्डको आधारमा तुलना गर्दा केही ठाउँमा अत्यधिक क्षति र विनाशयोग्य क्षति भएको देखिएको तथा धेरै ठाउँमा उल्लेख्य अधिक क्षति भएको उल्लेख छ । प्रतिवेदनका सुझाव कार्यान्वयन गरी कारागार बस्नयोग्य र सुरक्षित बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

## नेपाल प्रहरी

२०. **योजना कार्यान्वयन -** आर्थिक वर्ष २०७४।७५ मा समाप्त भएको त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान योजनाले १२ वटा कार्य नीतिगत क्षेत्रमा १७८ क्रियाकलाप सञ्चालन गर्ने लक्ष्य लिएको मध्ये ६७ क्रियाकलाप कार्यान्वयनको चरणमा रहेको र ३५ क्रियाकलाप सञ्चालन हुन सकेको छैन । कार्य योजनाको उद्देश्य पूरा गर्न २०७७।७८ सम्ममा सम्पन्न हुने गरी २०७५।७६ मा दोस्रो त्रिवर्षीय योजना लागू गरेको छ । कुल लागत रु.२ अर्ब ५३ करोड १६ लाख २६ हजारमध्ये पहिलो वर्ष अपराध अनुसन्धानको संस्थागत विकास, मानव स्रोत व्यवस्थापन र सेवा विशिष्टीकरण, वैज्ञानिक अनुसन्धान पद्दतिको सशक्तीकरण जस्ता १२ कार्यनीतिमा काम गर्ने गरी रु.१ अर्ब १४ करोड १६ लाख १ हजार बजेट प्रस्ताव गरेकोमा रु.६ करोड ९८ लाख ६३ हजार मात्र खर्च भएको छ । खर्चको आधारमा भौतिक प्रगति ६ प्रतिशत भन्दा न्यून छ । हालको गतिमा प्रगति हुँदा कार्ययोजनाले तोकेको समयभित्र निर्धारित क्रियाकलाप सम्पन्न हुने देखिएन । कार्य योजनाको उद्देश्य प्राप्त हुने गरी स्रोत परिचालन गर्नुपर्दछ ।

२१. **मानवस्रोत व्यवस्थापन -** प्रहरीमा दक्ष जनशक्ति भर्ना देखि अवकास र अवकासपछिको सेवा संचालन गर्न संगठन भित्र मानव स्रोत विभाग रहेको छ । विभागले भर्ना, छनौट, पदस्थापन, सरुवा, बढुवा, तालिम अवकासपछिको सेवा जस्ता मानव स्रोत व्यवस्थापनका कार्य गर्दै आएको छ । प्रहरी कर्मचारीमा बीचमै नोकरी छोडने संख्या वर्षेनी उल्लेख्य बृद्धि भइरहेको देखिन्छ । मानव स्रोत व्यवस्थापन योजना तयार गरी बीचमै नोकरी छाड्ने अवस्थामा सुधार गर्नुपर्दछ ।

२२. **अपराध अनुसन्धान -** नेपाल प्रहरीको प्रमुख कार्य अपराध अनुसन्धान गर्ने, अपराध नियन्त्रण गर्ने तथा शान्ति सुव्यवस्था कायम राख्ने रहेको छ । केन्द्रीय अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्यूरो, महिला बेचविखन अनुसन्धान ब्युरो, साइबर ब्युरो, लागू औषध नियन्त्रण ब्युरोलगायत सम्पूर्ण प्रहरी संगठन क्रियाशील रहे तापनि अपराध नियन्त्रण र अनुसन्धान कार्य अपेक्षित रुपमा प्रभावकारी हुन सकेको छैन । अपराधसम्बन्धी घटना प्रत्येक वर्ष बढ्दो क्रममा रहेको र छानबिन गरी समयमै टुंगाउन नसकेको स्थिति देहायबमोजिम छः

| अपराधको किसिम | २०७१।७२ | २०७२।७३ | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|---|---|
| ज्यानसम्बन्धी (संख्या) | ४६८७ | ५३३६ | ५९०४ | ६४०५ | ६९८५ |
| आत्महत्या (संख्या) | ४५०४ | ४६८० | ५१२४ | ५३१७ | ५७४९ |
| चोरी अपराधसम्बन्धी (संख्या) | ११२८ | १५७८ | १६२७ | १६२८ | २८७४ |
| संगठित तथा आर्थिक अपराध (संख्या) | ३००२ | ३७२३ | ३५९३ | ४६५६ | ५३०० |
| सामाजिक अपराध (संख्या) | १०१३३ | ८६८९ | १०२५६ | १४४५० | ११११८६ |
| महिला तथा बालबालिकासम्बन्धी (संख्या) | २०१६ | २२९५ | २४३९ | ३२५५ | ४४२७ |
| सवारीसम्बन्धी (संख्या) | १६४१ | १८२० | २१५० | २३२० | २५४१ |
| विविध (संख्या) | २७५ | ४११ | ३६९ | १२८४ | ३९८५ |
| **जम्मा** | **२७३८६** | **२८५३२** | **३१४६२** | **३९३१५** | **४३०४७** |
| फछ्र्यौट | १८२५६ | ९२६९ | ८९८२ | १३५९६ | १२४३४ |
| फछ्र्यौट प्रतिशत | **६७** | **३२** | **२९** | **३५** | **२९** |
| अघिल्लो वर्षको तुलनामा अपराध वृद्धि प्रतिशत | | **४.२५** | **१०.२६** | **२४.९६** | **९.४९** |

अघिल्लो वर्षको तुलनामा ज्यानसम्बन्धी अपराध ९ प्रतिशत, चोरी ७६ प्रतिशत, संगठित तथा आर्थिक अपराध १३ प्रतिशत, बालबालिकासम्बन्धी अपराध २६ प्रतिशत, सबारीसम्बन्धी अपराध ९ प्रतिशत र अन्य अपराध २१० प्रतिशत बढेकोमा सामाजिक अपराध २२ प्रतिशत घटेको अवस्था छ । अपराध घटना दर्ता प्रत्येक वर्ष बढिरहेकोमा फछ्र्यौट प्रतिशतमा वृद्धि हुन सकेको छैन । अपराधका घटना दर्ता हुनु सकारात्मक भए तापनि घटनामा कमी नआउनुले निरोधात्मक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ । यो बर्ष फछ्र्यौट दर २९ प्रतिशत रहेकोमा अघिल्लो वर्षको तुलनामा ६ प्रतिशत न्यून छ । अपराधिक क्रियाकलाप बढ्नुको कारण पत्ता लगाई बढ्दो अपराध रोकथाम गरी शान्ति सुव्यवस्था कायम गर्न प्रभावकारी कदम चाल्नुपर्दछ ।

२३. **ट्राफिक व्यवस्थापन -** सडक अनुशासन कायम गर्न ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण रहँदै आएको छ । यसका लागि नियमित तथा आकस्मिक चेकिङ्ग, संयुक्त चेकिङ्ग, मादक पर्दाथ सेवन चेकिङ्गजस्ता क्रियाकलापका साथै अवैध सवारीसाधन पक्राउ, अनावश्यक हर्न बजाउने र तीव्र गतिमा सवारी चलाउनेलाई कारबाही गर्ने अभियान सञ्चालन गरेको छ । यो वर्ष चेकजाँचको क्रममा १६ लाख ८६ हजार सवारी साधनका चालक कारबाहीमा परी रू.१ अर्ब ८ करोड २८ लाख ६८ हजार राजस्व सङ्कलन भएको छ । काठमाडौं उपत्यकामा ध्वनि नियन्त्रण गर्न २१ हजार ७४९ र तीव्र गतिमा सवारी चलाउने १६ हजार १६२ सवारी चालकलाई कारबाही गरी सडक अनुशासन पालना गराउन जानकारी दिएको छ । जिम्मेवार निकयबीच समन्वय गरी सडक संकेत तथा चिन्हको उचित व्यवस्थापन, जनचेतना अभिवृद्धि, ट्राफिक लाईट व्यवस्थापन, राडार गनको उचित प्रयोगका साथै अनलाइन ट्रयाकिङ्ग प्रणालीको प्रयोग गरी सवारी व्यवस्थापन चुस्त र भरपर्दो बनाउनुपर्दछ ।

२४. **सडक सुरक्षा -** सडकको अवस्था, सवारी चाप, यात्रु चाप, सवारी ज्ञानको कमी, अव्यवस्थित पार्किङ र सवारी नियम पालना नगर्दा सवारी दुर्घटना बढीरहेको छ । विगत ६ वर्षको सडक दुर्घटना अवस्था विश्लेषण गर्दा २०७४।७५ सम्म वर्षेनी औसत ८ प्रतिशतका दरले दुर्घटना वृद्धि भएको देखिएकोमा २०७५।७६ मा मात्र दुर्घटना वृद्धि प्रतिशत ३३ रहेको छ । दुर्घटनामा ३ प्रतिशतको घटना स्थलमै मृत्यु हुने तथा ४ प्रतिशत गम्भीर घाईते हुने गरेको देखिन्छ । यससम्बन्धी विवरण देहायबमोजिम छः

| क्र.सं. | आर्थिक वर्ष | कुल दुर्घटना | | मृत्यु | | गम्भीर दुर्घटना | | सामान्य दुर्घटना | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | वृद्धि प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | २०७०।७१ | ४६७२ | - | १४३ | ३ | २२९ | ५ | ३४८१ | ७५ |
| २ | २०७१।७२ | ४९९९ | ७ | १३३ | ३ | २३३ | ५ | ३६४३ | ७३ |
| ३ | २०७२।७३ | ५५६८ | ११ | १६६ | ३ | २७५ | ५ | ३९०१ | ७० |
| ४ | २०७३।७४ | ५५३० | -१ | १८२ | ३ | २०१ | ४ | ३९१४ | ७१ |
| ५ | २०७४।७५ | ६३८१ | १५ | १९४ | ३ | २१९ | ३ | ४३३३ | ६८ |
| ६ | २०७५।७६ | ८५११ | ३३ | २५४ | ३ | ३१७ | ४ | ५९१३ | ६९ |
| | **औसत** | **५९४४** | **११** | **१७९** | **३** | **२४६** | **४** | **४१९८** | **७१** |

सवारीसाधन र सडकको अवस्था, सवारी चाप, पूर्वाधार बेगर सडक अनुमति, सवारी नियमनको कमी, चालक अनुमतिपत्र नियमनको कमी, सवारी नियमसम्बन्धी ज्ञानको कमी जस्ता कारणले दुर्घटना बढेको अवस्था छ । सम्बन्धित निकायहरुबाट सडकको अवस्था, क्रसिङ व्यवस्था, सवारीसाधन पार्किङ्ग स्थल, ट्राफिक बत्ती, सडक चिन्हको उपयुक्त व्यवस्था र सचेतना कार्यक्रमहरु सञ्चालन गरी प्रत्येक वर्ष बढिरहेको दुर्घटना संख्या न्यूनीकरण गर्नुपर्दछ ।

२५. **प्रहरी अस्पताल -** नेपाल प्रहरी संगठनमातहत नेपाल प्रहरी अस्पताल, पूर्व क्षेत्रीय प्रहरी अस्पताल, मध्य पश्चिम क्षेत्रीय अस्पताल, सुदूर पश्चिम क्षेत्रीय अस्पतालसमेत ४ अस्पताल सञ्चालनमा रहेका छन् । अस्पतालले सेवारत, अवकाश प्राप्त, प्रहरी परिवार र सर्वसाधारणलाई सेवा प्रदान गर्दै आएको छ । अस्पतालले २०७५।७६ मा सेवारत ५९ हजार, अवकाश प्राप्त ३४ हजार, प्रहरी परिवार ५६ हजार र सर्वसाधारण ८ हजारसमेत १ लाख ५७ हजारलाई उपचार सुविधा प्रदान गरेको छ भने २२ बिरामी अन्य अस्पतालमा रिफर गरेको छ । अस्पतालले २०७४ कार्तिकदेखि सर्वसाधारणले समेत उपचार गराउन पाउने गरी सेवा खुल्ला गरेको छ । सर्वसाधारणका लागि अस्पतालको सेवा खुल्ला गरे तापनि शल्यकृया र फार्मेसीमा सर्वसाधारणको पहुँच देखिएन । जटिल उपचार गराउनु पर्दा अन्य अस्पतालमा रिफर हुनुपर्ने र औषधि खरिद गर्नसमेत अस्पतालबाहिरका फार्मेसीमा जानुपर्ने अवस्था छ । अस्पतालको उपकरण र क्षमता सुदृढ गरी सर्वसाधारणले सहजरुपमा उपचार सुविधा पाउने व्यवस्था गर्नुपर्दछ ।

२६. **मेगासिटी परियोजना -** सञ्चार सुरक्षाको चुनौती र जोखिम कम गर्न मोरङ, सुनसरी र धनकुटाका ६ स्थानमा स्टेशन खडा गरी सञ्चार सामग्री र उपकरण जडान कार्यका लागि सञ्चार नेटवर्क खरिद गर्न अमेरिकी डलर ४६ लाख ७९ हजारको लागत अनुमान तयार गरेकोमा अमेरिकी डलर ४५ लाख ४ हजार कबोल गर्ने हङकङस्थित एक आपूर्तिकर्ताको बोलपत्र स्वीकृत भई २०७४।१।२४ मा खरिद सम्झौता भएको छ । सम्झौताको मुख्य साइट बेस स्टेशन १ र रिमोट साइट बेस स्टेसन ५ तथा टावर निर्माण कार्यमा स्थानीयरुपमा प्राप्त हुने सिमेन्ट, माटो, ढुङ्गा, डण्डी, कंक्रिटजस्ता सामग्री स्थानीयस्तरमा उपलब्ध हुनेमा समेत प्रतीतपत्र खोली पेस्की दिएको पाइयो । प्रतीतपत्र खोलेको १८० दिनभित्र कार्य सम्पन्न गरिसक्नुपर्ने गरी भएको सम्झौतामा ३०० दिन व्यतीत भइसक्दासमेत प्रगति भएको छैन । स्थानीयस्तरमा उपलब्ध हुने सामग्री सम्बन्धमा सम्झौताका बखत छुट्टै व्यवस्था गरी आयात गनुपर्ने सामग्रीको प्रतीतपत्रमार्फत भुक्तानी गर्ने साथै अन्य निर्माण सामग्री र कार्यको नेपाली रुपैयाँमा भुक्तानी गर्ने गरी सम्झौतामा सुधार गर्नुपर्दछ ।

२७. **कारगेड मोटरसाइकल -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक खरिद गर्नुपर्ने व्यवस्था छ । बिमस्टेक सम्मेलनमा प्रयोग गर्ने गरी प्रति इकाई रु.४१ लाख २८ हजारका दरले ३० थानका लागि रु.१२ करोड ३८ लाख ४० हजार लागत अनुमान तयार गरेकोमा प्रति इकाई रु.४१ लाख २४ हजार कबोल गर्ने एक आपूर्तिकर्ताको प्रस्ताव स्वीकृत गरी

सम्झौता भएको छ । उक्त रकम लागत अनुमान तयार गर्ने प्रयोजनका लागि उक्त फर्मले उपलब्ध गराएको दर रु.३८ लाख ५ हजारभन्दा रु.३ लाख १९ हजार बढी देखिन्छ । बोलपत्र पेस गर्नु पूर्वको बैठकबाट आपूर्ति हुने मोटरसाइकल नेपाल भित्र न्यूनतम १ वर्ष नियमित प्रयोगमा आएको हुनुपर्ने भनी कायम भएको व्यहोरा हटाएको र सुरक्षा निकाय तथा सरकारी कार्यालयमा सामान आपूर्ति गरेको अनुभव न्यूनतम ३ वर्षको सट्टा १ वर्ष कायम गर्ने गरी बोलपत्रमा संशोधन गरी खरिद सम्झौता भएको छ । आपूर्तिको गुणस्तरमा असर गर्ने भएकोले बोलपत्रको शर्त सशोधन गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

२८. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६८ मा मालसमानको नमूना परीक्षण सम्बन्धी व्यवस्था छ । कार्यालयले चुस्ता, डी.एम.एस. बुट, उलन सर्टसमेत १४ प्रकारका सामानको लागि रु.४९ करोड १३ लाख २६ हजारको लागत अनुमान तयार गरी औसत १३ प्रतिशत घटी रु.४२ करोड ८४ लाख ४८ हजारमा खरिद गरी भुक्तानी गरेको छ । सामानको गुणस्तर एस.जी.एस/ आइ.टी.एस.बाट परीक्षण प्रतिवेदन पेस गर्नुपर्ने सम्झौतामा उल्लेख छ । गुणस्तर तथा नापतौल विभागमार्फत गुणस्तर परीक्षण गर्न सक्ने गरी क्षमता अभिवृद्धि गराउन सुधार गर्नुपर्ने देखिन्छ ।

## सशस्त्र प्रहरी बल नेपाल

२९. **कार्यसम्पादन अवस्था -** सशस्त्र प्रहरी बल, नेपालले कार्य प्रभावकारी बनाउने क्रममा बोर्डर अब्जरभेसन पोष्टको संख्या ८७ बाट वृद्धि गरी १०७ पुऱ्याएको, सशस्त्र प्रहरी अस्पतालले १८ हजार २७० सर्वसाधारण र १ हजार ४६२ विद्यार्थीलाई स्वास्थ्य सेवा प्रदान गरेको, अपराधमा संलग्न ६८६ लाई पक्राउ गरेको, ५५ पटक समकक्षी सीमा बैठक सम्पन्न गरेको, अवैध चोरी पैठारी नियन्त्रण गरी रु.४३ करोड ३९ लाख ६७ हजार राजस्व दाखिला गराएको, विभिन्न घटनाका घाइते तथा मृतकको समेत गरी ७ हजार ५६८ को उद्धार गरेको र विद्यालय तथा क्लबमा गरी ६७ हजार ३२१ जनालाई विपद् व्यवस्थापन जोखिम न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रममा सहभागी गराएको छ । पूर्ण क्षमतामा जनशक्ति तथा स्रोत परिचालन गरी सेवा प्रवाह थप चुस्त बनाउनुपर्दछ ।

३०. **पोशाक खरिद -** सशस्त्र प्रहरी कर्मचारीका लागि चुस्ता ४० हजार सेटसमेत ७ किसिमका र रुकस्याक ब्याग १० हजार थानसमेत १७ किसिमका मालसामानका लागि २०७४ भदौ र असोजमा बोलपत्र आह्वान गर्दा १६ ठेक्काका लागि ५१ बोलपत्र दाखिला भएकोमा उक्त बोलपत्र प्रक्रिया रद्द गरेको छ । तत्पश्चात १७ किसिमका पोशाक सामान खरिद गर्न टप बूटको लागत अनुमान संशोधन गरी अन्यका हकमा सोही लागत अनुमानका आधारमा २०७४ माघमा बोलपत्र आह्वान गरी विद्युतीय बोलपत्र दाखिला नभएको आधारमा २०७४ चैत्रमा रद्ध गरेको छ । न्यून कबोल गरी छनौट भएका बोलपत्रदाताले सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिए पश्चात रद्द गर्ने निर्णय बदर भएको र खर्च सुनिश्चिततासमेत लिई २०७५।२।२४ मा ठेक्का स्वीकृत गरी लागत अनुमान रु.३९ करोड २२ लाख ८३ हजारका १६ किसिमका सामान रु.३८ करोड २७ लाख ६९ हजारमा खरिद गर्ने गरी सम्झौता भएको छ । उक्त सामान २०७६।९।२५ सम्म आपूर्ति गर्न सम्झौता गरेकोमा १६ सम्झौता मध्ये ९ को म्याद थप गरेको छ । म्याद थपभित्र कार्य सम्पन्न नभई ३ ठेक्कामा पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप भएको छ । पोशाक खरिद तथा आपूर्तिमा १८ महिनासम्म लागेको छ । प्रहरीका लागि आवश्यक पोशाक खरिद तथा आपूर्ति समयमा हुने व्यवस्था गर्नुपर्दछ ।

## प्रहरी कल्याण कोष

३१. **वित्तीय अवस्था -** कल्याण कोषको स्थिर सम्पत्ति रु.४ करोड ३ लाख ५४ हजार, ऋण तथा सापटी रु.२ अर्ब ३७ करोड ६७ लाख ४६ हजार, मिसनमा रहेको सम्पत्ति रु.२३ करोड ४७ लाख २० हजार, विशेष कल्याणकारी आर्थिक योजना रु.२ अर्ब १५ करोड ९८ लाख ८९ हजार र नगद तथा बैङ्क रु.१० करोड ४१ लाख २ हजारसमेत रु.४ अर्ब ९१ करोड ५८ लाख ११ हजार कुल सम्पत्ति रहेको छ । कल्याण कोष, खेलकुद कोष, छात्रवृत्ति कोष र विशेष कल्याणकारी कार्यक्रममा रु.२ अर्ब १५ करोड ९८ लाख ८९ हजार गरी रु. ५ अर्ब १६ करोड ७६ लाख १५ हजार दायित्व रहेको छ । जम्मा आय रु.१ अर्ब ३ करोड ३० लाख ९ हजार र व्यय रु.६६ करोड १७ लाख ९० हजार तथा रु. ३७ करोड १२ लाख १९ हजार बचत रहेको देखिन्छ ।

३२. **जनशक्ति व्यवस्थापन -** कल्याण कोष मातहत नाफामूलक संस्थाको रुपमा पेट्रोल पम्प सञ्चालनमा रहेको छ । पम्पमा प्रहरीको दरबन्दीभित्रका १६ कर्मचारी काजमा खटाई शुरु तलब स्केलका आधारमा रु.५४ लाख २७ हजार तलब भत्ता भुक्तानी गरेको छ । नाफामूलक संस्थामा सरकारी बजेटबाट खर्च हुनेगरी कर्मचारी खटाएको उपयुक्त देखिएन । आवश्यकताको अध्ययन गरी कल्याणकारी कोषमा खटेका कर्मचारीको तलब सुविधा कोषबाटै व्यहोर्नुपर्दछ ।

३३. **स्थिर सम्पत्ति -** कोषको स्वामित्वमा रहेका जिन्सी सम्पत्तिको मूल्य यकिन तथा वार्षिक ह्रासकट्टी गरी वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्दछ । गत आर्थिक वर्ष जग्गा, भवन, कार्यालय सामान, फर्निचर, उपकरण तथा अन्य सम्पत्ति गरी रु.६ करोड ८९ लाख ३२ हजार स्थिर सम्पत्ति रहेकोमा रु.२ करोड ८५ लाख ७८ हजार ह्रासकट्टी गरी रु.४ करोड ३ लाख ५५ हजार बाँकी देखिन्छ । सम्पत्तिअनुसार ५ देखि १५ प्रतिशतसम्म ह्रासकट्टी गरेकोमा बाँकी सम्पत्तिको स्थान र अवस्था यकिन छैन । सम्पत्ति मूल्याङ्कनको आधार स्पष्ट नभएको तथा मूल्यमा ह्रासकट्टी रकम यथार्थ नभएकोले वास्तविक सम्पत्तिको अवस्था चित्रण गरेको छैन । भौतिक परीक्षण गरी वास्तविक मूल्यका आधारमा सम्पत्ति लेखाङ्कन गर्नुपर्दछ ।

३४. **श्रृङ्केज तथा वर्किङ्ग लस -** नेपाल आयल निगमको २०७४।७।२३ को पत्रअनुसार पेट्रोलियम पर्दाथको बिक्रीमा बिक्रेताले पेट्रोलमा १.१३ प्रतिशत र डिजलमा ०.६८ प्रतिशत श्रृङ्केज तथा वर्किङ्ग लस लेखाङ्कन गर्नसक्ने व्यवस्था छ । महालक्ष्मी फ्युल सेन्टर, सामाखुशीले श्रृङ्केज लस १.३० प्रतिशत र वोर्किङ्ग लस ०.९४ प्रतिशत हुने गरी वार्षिक पेट्रोल ४२ लाख १६ हजार र डिजेल १५ लाख २ हजार लिटर बिक्री गरेको छ । मापदण्डभन्दा बढी हुने गरी पेट्रोलमा ७ हजार ३३८ लिटर र डिजेलमा ६ हजार ५४५ लिटर श्रृङ्केज तथा वोर्किङ्ग लस देखाएको छ । औसत बिक्री मूल्यको आधारमा पेट्रोलमा रु.७ लाख १९ हजार र डिजेलमा रु.५ लाख ५० हजार गरी वार्षिक रु.१२ लाख ६९ हजार बढी हुनेगरी श्रृङ्केज तथा वोर्किङ्ग लस लेखाङ्कन गरेकोले स्वीकृत मापदण्डभित्र रही लेखाङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३५. **स्पेयर पार्ट -** कोषले एफ.पी.यू. सुडानको १६ औं समूहका लागि आवश्यक पर्ने सवारी साधनका जगेडा पार्ट खरिद गर्न रु. १ करोड ५८ लाख ८७ हजार लागत अनुमान तयार गरी रु. १ करोड ४६ लाख ६५ हजार कबोल भएको आपूर्तकको बोलपत्र स्वीकृत गरी २०७५ असोजमा खरिद गरेको छ । खटिएका ट्रुपले साथै लिएर जानुपर्ने सामान ६ महिना ढिला गरी पठाउँदा कार्यसम्पादनमा पर्ने असरको बारेमा समीक्षा गरी उपयुक्त समयमा सामग्री उपलब्ध गराउने गरी व्यवस्थापन गर्नुपर्दछ ।

## सशस्त्र प्रहरी बल नेपाल कल्याणकारी सेवा केन्द्र

३६. **जनशक्ति व्यवस्थापन -** कल्याणकारी सेवा केन्द्रमातहत नाफामूलक संस्थाको रुपमा पेट्रोलपम्प सञ्चालनमा रहेको छ । पम्पमा सशस्त्र प्रहरीको दरबन्दीभित्रका १२ कर्मचारी काजमा खटाई शुरु तलब स्केलका आधारमा रु.३४ लाख ८० हजार तलब, भत्ता भुक्तानी गरेको छ । नाफामूलक संस्थामा सरकारी बजेटबाट खर्च हुनेगरी कर्मचारी खटाएको उपयुक्त देखिएन । आवश्यकताको अध्ययन गरी कल्याणकारी कोषमा खटेका कर्मचारीको तलब सुविधा कोषबाटै व्यहोर्नुपर्दछ ।

३७. **शोधभर्ना अवस्था -** संयुक्त राष्ट्र संघ (यु.एन.) सँगको समझदारीपत्रअनुसार मेजर इक्युपमेन्ट, सेल्फ सस्टेन तथा ट्रुप्स एलाउन्स शोधभर्ना लिनुपर्ने व्यवस्था छ । सेवा केन्द्रको सुडान वोर (तेस्रो) र जुवा (चौथो) मिसनको मेजर इक्युपमेन्टको अमेरिकी डलर १७ लाख ७० हजार र सेल्फ सस्टेनको अमेरिकी डलर १६ लाख २१ हजार शोधभर्ना प्राप्त गर्नुपर्नेमा बोर मिसनको अमेरिकी डलर ३ लाख ६२ हजार र जुबा मिसनको अमेरिकी डलर २ लाख ३८ हजार घटी शोधभर्ना प्राप्त भएको छ । वार्षिक शोधभर्ना हिसाब यकिन गरी घटी प्राप्त भएको कारण पहिचान गरी समाधान गर्नुपर्दछ ।

३८. **निर्वाह भत्ता -** सुडानको जुबा र बोरमा सहभागिता जनाएवापत सन् २०१४ सेप्टेम्बरदेखि २०१९ सेप्टेम्बरसम्म सहभागी संख्याका आधारमा अमेरिकी डलर २ करोड ५२ लाख ९६ हजार प्राप्त हुनुपर्नेमा सामान आपूर्ति, मर्मत, आपूर्ति समयजस्ता सहमतिका मापदण्ड पूरा नभएकोले अमेरिकी डलर ३५ लाख ३६ हजार कट्टी भई अमेरिकी डलर २ करोड १७ लाख ६० हजार प्राप्त भएको देखिन्छ । सन् २०१८ अगस्टदेखि २०१९ जुलाईसम्म सहमतिपत्रअनुसार कुल अमेरिकी डलर ५५ लाख ५ हजार शोधभर्ना प्राप्त हुनु पर्नेमा २०१४ अक्टोबरदेखि २०१९ मार्चसम्मको सर्टफल समायोजन कट्टीसमेत अमेरिकी डलर २५ लाख ६ हजार कम हुने गरी अमेरिकी डलर २९ लाख ९९ हजारमात्र प्राप्त भएको देखिन्छ । मापदण्ड पालना हुने गरी कार्य गराई समयमै शोधभर्ना लिने व्यवस्था गरी कोषको अवस्था मजबुत बनाउनुपर्दछ ।

## हज समिति

३९. **खर्च व्यवस्थापन -** समितिअन्तर्गत नेपाल सरकारको अनुदानतर्फ गत वर्षको मौज्दात रु.७७ लाख ६३ हजार र यो वर्ष रु.२ करोड ७० लाखसमेत रु.३ करोड ४७ लाख ६३ हजारमध्ये यो वर्ष रु.२ करोड ७० लाख खर्च भई रु.७७ लाख ६३ हजार मौज्दात देखिन्छ । त्यस्तै समितितर्फ गत वर्षको मौज्दात रु.८ करोड ८८ लाख ४१ हजार र यो वर्ष प्राप्त रु.३४ करोड १५ लाख ५९ हजारमध्ये रु.३२ करोड ३२ लाख ९१ हजार खर्च भई १० करोड ७१ लाख ९ हजार मौज्दात रहेको छ ।

४०. **सेवा प्रवाह -** हज समितिले यो वर्ष सन् २०१८ मा छनौट भएका १ हजार १९१ जनालाई प्रति व्यक्ति रु. ८७ हजार ६ सय र सन् २०१९ मा सहभागी भएका १ हजार ४९२ जनाका लागि प्रतिव्यक्ति रु.८४ हजार ९०० मा यात्रा गराउने गरी सम्झौता गरी हवाई टिकट व्यवस्थापन गरेको छ । समितिले २०१८ मा प्रतिव्यक्ति रु.२ लाख १३ हजार र २०१९ मा प्रतिव्यक्ति लागत रु.२ लाख ३२ हजार खर्च गरेको देखिन्छ । जेद्दास्थित नेपाली महावाणिज्य दूतावाससमेतबाट पेस्की प्रदान गरी कार्य सञ्चालन गरेको छ । दूतावासको नाममा गत वर्षसम्मको रु.३५ करोड ८० लाख ६४ हजार समेत रु.५२ करोड ८० लाख ६४ हजार पेस्की फछ्र्यौट हुन बाँकी छ । सम्झौताअनुसार बिल भरपाई संलग्न गरी पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा कारागारको क्षमता विस्तार नभएको, भिसा स्टिकर अभिलेख अद्यावधिक नभएको, ट्राफिक व्यवस्थापन गर्ने निकायबीच समन्वय नगरेको, सोझै खरिद गरेको, लागत अनुमान टुक्रा पारेको, राष्ट्रिय परिचयपत्र वितरण कार्य हुन नसकेको र कल्याण कोषको व्यावसायिक क्रियाकलापमा कार्यालयको जनशक्ति प्रयोग गरेका लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ १७४ निकायमा रु.१ अर्ब ५० करोड ७६ लाख ५७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ करोड २८ लाख ६३ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ३४ करोड ४७ लाख ९४ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब १७ करोड ४३ लाख ३२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था ३ तर्फ रु. ४० करोड ४ लाख ५६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४९ लाख ९५ हजार फछ्यौंट गरेकोले रु.३९ करोड ५४ लाख ६१ हजार बाँकी रहेको छ । सोमध्ये रु. २० करोड ८१ लाख ५५ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# परराष्ट्र मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, विदेशी राष्ट्रहरुबीच सम्बन्ध स्थापना, नेपालसम्बन्धी प्रचार-प्रसार, राहदानी तथा भिसा, शिष्टाचार, कूटनीतिक संरक्षण तथा उन्मुक्ति, विदेशस्थित नेपाली नागरिकको हक, हित संरक्षण, आर्थिक कूटनीति र वाणिज्यदूतसम्बन्धी अभ्यास, कूटनीतिक तहमा हुने वार्ता र सम्झौता गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ४६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** यो वर्ष मन्त्रालय र मातहतका ४३ सरकारी कार्यालयको निम्नानुसार रु.७ अर्ब ९८ करोड ४० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ४३ | ३७६०२ | ४ | ३२०४० | ३ | ३५ | २ | १०१६३ | ४३ | ७९८४० |

यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रकम माथिको लेखापरीक्षण रकममा समावेश गरिएको छैन । नेपाली राजदूतावास, नयाँ दिल्लीको रु.२१ करोड ५० लाख २२ हजारको लेखापरीक्षण बाँकी रहेको छ ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष २ संस्थामध्ये परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको रु.२४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । बी.पी. कोइराला नेपाल-भारत फाउण्डेसन, नयाँ दिल्लीको रु.२३ करोड ४९ लाख ५७ हजारको लेखापरीक्षण बाँकी रहेको छ ।

३. **वित्तीय प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ८५(३) मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र वार्षिक आर्थिक विवरण तयार गरी आर्थिक वर्षको अन्तमा रहेको पेश्की तथा भुक्तानी हुन बाँकीको विवरण तयार गर्नुपर्ने र सोही नियमावलीको नियम ८७(१) बमोजिम केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।

मन्त्रालयले यो वर्ष २ विभाग, १ प्रतिष्ठान, १ कार्यालय र ३८ नियोगहरुको विनियोजन तथा राजस्वको केन्द्रीय आर्थिक विवरण तयार गरेको छ । नियोगहरुको वित्तीय विवरणमा देखिएका प्रमुख व्यहोराहरु देहायबमोजिम छन्ः

३.१ केन्द्रीय आर्थिक विवरणअनुसार यो वर्ष विदेशस्थित नेपाली नियोगहरुतर्फ रु.२ अर्ब ९५ करोड ६६ लाख निकासा तथा खर्च भएको देखिन्छ । नियोगहरुमा निकासाबाट बाँकी रहेको रकम समेत खर्च जनाएकोले रु.१५ करोड ६४ लाख बढी खर्च देखिएको छ । नियोगहरुको आर्थिक विवरणको आधारमा मन्त्रालयले निकासा बाँकी रकम यकिन गरी केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्दछ ।

३.२ मन्त्रालयले नियोगहरुलाई चौमासिक रुपमा बजेट निकासा दिँदा तत्कालको विनिमय दरले निकासा गर्ने र वर्षान्तमा मौज्दात रहँदा निकासा पठाउँदाको विनिमय दर घटबढ हुने कारणले आर्थिक विवरणले देखाएको मौज्दात र बैङ्क मौज्दातमा फरक पर्ने गरेको छ । नियोगहरुले उक्त फरक रकमको लेखाङ्कन गरी हिसाब मिलान गर्ने गरेको पाइएन । नियोगहरुले आर्थिक विवरण तयार गर्दा विनिमय दरका कारण फरक परेको रकम र व्यहोरा समेत उल्लेख गर्नुपर्दछ ।

३.३ मन्त्रालयले २०७५।७६ मा ३८ नियोगको कुल राजस्व रु. १ अर्ब ७६ करोड ३६ लाख आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा २०७६/७७ मा नियोगहरुको बजेट निकासाबाट कट्टा गरी रु.१ अर्ब १३ करोड ६ लाखमात्र राजस्वको आर्थिक विवरणमा समावेश गरेको छ । नियोगहरुबाट राजस्व खातामा हस्तान्तरण गर्न बाँकी रु.६३ करोड ३० लाख आर्थिक विवरणमा समावेश भएको छैन । नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा तयार नगरेको साथै मन्त्रालयले एकीकृत आर्थिक विवरणमा नियोगगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेकोले राजस्वको हिसाब भिडान हुन सकेन । राजस्वको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

३.४ आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ६८(२) मा प्रत्येक कार्यालयले धरौटीको वार्षिक आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । ओमान, बहराइन, इजिप्ट र अबुधाबीसमेत ४ नियोगले घरेलु कामदारको सुरक्षण बापत सम्बन्धित रोजगारदाताबाट सुरक्षण बापत सङ्कलन गरेको रु.१३ करोड ३७ लाख गत विगत वर्षदेखि आर्थिक विवरणमा समावेश गरेका छैनन् । उक्त रकम आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराउनुपर्दछ ।

३.५ राजदूतावासहरुले चान्सरी भवन र कर्मचारी आवास गृह भाडामा लिँदा सुरक्षणको लागि धरौटी राख्ने गरेको पाइयो । गत विगत र यस आर्थिक वर्षमा समेत सुरक्षण बापत मलेसिया, दक्षिण अफ्रिका, ब्राजिल, स्पेनलगायतका १२ नियोगले विभिन्न ३५ घर तथा फ्ल्याट भाडामा लिँदा रु.२ करोड १९ लाख ६२ हजार सुरक्षण राखेको छ । नियोग तथा मन्त्रालयले घरको सुरक्षण बापत डिपोजिट राखेको रकमको अभिलेख व्यवस्थित रुपमा राखेको देखिएन । अतः मन्त्रालय तथा नियोगहरुमा रहेको सुरक्षण रकमको गतविगत समेतको जिम्मेवारी देखिने गरी अद्यावधिक अभिलेख राख्ने र अवधि समाप्त भए पश्चात् सम्बन्धित घरधनीबाट फिर्ता लिई राजस्व दाखिला हुने व्यवस्था मिलाउनुपर्दछ ।

४. **नीति तथा कार्यक्रम -** चौधौं योजना र वार्षिक नीति तथा कार्यक्रमअनुसार राहदानी सेवालाई विद्युतीय राहदानी प्रणालीमा स्तरोन्नति गर्न आवश्यक प्रकृया प्रारम्भ गर्ने, विदेशस्थित नियोगहरुको आवश्यकता, औचित्य र प्रभावकारिताको पुनरावलोकन गर्ने, परराष्ट्र मन्त्रालयअन्तर्गत विदेशस्थित नियोगहरुमा आवश्यकताअनुसार जग्गा खरिद, भवन निर्माण एवं भौतिक संरचनामा सुधार गर्ने उल्लेख छ । सोअनुसार सुधार गर्न रु.१७ करोड ४५ लाख बजेट व्यवस्था भएकोमा रु.६ करोड ९० लाख खर्च भई रु.१० करोड ५५ लाख खर्च हुन सकेको छैन । त्यस्तै उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलको सुझावअनुसार परराष्ट्र नीतिका प्राथमिकता निर्धारण गरी प्रभावकारी कार्यान्वयन हुन नसकेको, नेपालको अन्तर्राष्ट्रिय व्यापार र पर्यटन प्रवर्द्धन तथा वैदेशिक लगानी आकर्षण गर्नका लागि देशगत व्यापार रणनीति तर्जुमा एवं कार्यान्वयन भएको देखिएन । आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

५. **सेवा प्रवाह -** मन्त्रालय तथा मातहतका निकायले विगत ९ वर्षमा ५९ लाख ६३ हजार मेसिन रिडेबल पासपोर्ट जारी गरेको, हालसम्म १६६ देशसँग कूटनीतिक सम्बन्ध विस्तार गरेको, अन्तर्राष्ट्रिय सीमा स्तम्भको निर्माण/पुनः स्थापना तथा नियमन गरिरहेको छ ।

६. **सेवा सुविधा -** मन्त्रिपरिषद् एवं मन्त्रालयको सचिवस्तरबाट भएका निर्णयका आधारमा नियोगका कर्मचारीलाई वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता, औषधि उपचार खर्च, आवासलगायतका सुविधा उपलब्ध गराउँदै आएको देखिन्छ । मन्त्रालयले एकै प्रकृतिका विषयमा २०३१ सालदेखि पटक पटक र मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयका आधारमा आर्थिक सुविधा उपलब्ध गराउने गरेको देखिन्छ । परराष्ट्र सेवाअन्तर्गत विभिन्न नियोगमा कार्यरत कर्मचारीहरुलाई एकीकृत रुपमा समयसापेक्ष कानुन बनाई सेवा सुविधा उपलब्ध गराउनुपर्ने व्यहोरा गत, विगतका

लेखापरीक्षण प्रतिवेदनमा औंल्याउँदै आएकोमा स्थिति यथावत् छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

६.१ नियोग कार्यालय र कर्मचारीको लागि घर भाडा बापत यो वर्ष रु. ८४ करोड ३४ लाख (चालु खर्चको २८.५२ प्रतिशत) खर्च भएको छ । कर्मचारी आवासको लागि लिइएको घरमा उपलब्ध गराएको सुविधा र भाडा रकमसम्बन्धी मापदण्डमा विविधता देखिएकोले मन्त्रालयले स्पष्ट मापदण्डसहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९।१।५ मा निर्देशन दिएकोमा हालसम्म कार्यान्वयन भएको छैन ।

६.२ स्थानीय कर्मचारीबाहेक नियोग प्रमुख, अन्यकर्मचारी र निजका आश्रित परिवार तथा निजी कामदारको स्वास्थ्य बीमा र बीमकले आफैंले तिर्नुपर्ने शुल्क वा कमिसन केही भएमा सोसमेत लाग्ने सम्पूर्ण रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । बीमा हुननसक्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई स्वास्थ्योपचार गराइएको रहेछ भने त्यस्तो स्वास्थ्योपचारमा लागेको खर्च रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । यो वर्ष विदेशस्थित ३८ कूटनैतिक नियोगले नियोग प्रमुख, कूटनीतिक कर्मचारी, आश्रित परिवार र निजी कामदारको उपचार खर्चमा रु.२१ करोड ३१ लाख ८८ हजार खर्च लेखेका छन् । पदाधिकारी, कर्मचारी तथा तिनका परिवारको औषधोपचार खर्चमा सम्बन्धित पदाधिकारीको अपनत्व वृद्धि गर्न निश्चित प्रतिशत योगदान हुने गरी लागत सहभागितामूलक बनाउनुपर्दछ ।

६.३ संयुक्त राज्य अमेरिका स्थित ३ नियोगमध्ये संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग न्युर्योकको बीमा शुल्क अन्य दुई नियोगको भन्दा प्रतिमहिना प्रतिपरिवार अमेरिकी डलर १ हजार ९३३.९१ ले बढी रहेको छ । एउटै कम्पनीसँग समान किसिमको बीमा योजनाका लागि नेपाली राजदूतावास, वाशिङ्गटन डी. सी.को भन्दा नेपाली महावाणिज्य दूतावास, न्युयोर्कको बीमा शुल्क प्रतिमहिना प्रतिपरिवार अमेरिकी डलर २३०.४४ ले बढी रहेको छ । स्थायी नियोग, न्युयोर्कले उल्लिखित बीमा शुल्कका अतिरिक्त औषधि खरिदका लागि समेत थप शुल्क भुक्तानी गर्ने गरेको छ । अतः एकै मुलुक र स्थानमा रहेका नियोगहरुको बीमा खर्चमा उल्लेखनीय भिन्नता देखिन आएकाले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न नियोगको आवश्यकताअनुसारको बीमा पोलिसी, जोखिम वहन, प्याकेज तथा मूल्यसमेतमा एकरुपता कायम हुने गरी विदेशस्थित नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३ मा भएको व्यवस्थाअनुसार प्रतिस्पर्धाको माध्यमबाट बीमा सेवा खरिद गर्नुपर्दछ ।

६.४ निजामती सेवा ऐन, २०४९ को दफा ७१क (१) अनुसार कुनै निजामती कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो निजामती कर्मचारीले तोकिएबमोजिम बेतलबी बिदा पाउने र त्यस्तो बिदाको अवधि निजको सेवा अवधिमा गणना नगरिने व्यवस्था छ । मन्त्रालयले त्यस्ता कर्मचारी परिवारको अभिलेख राखी उल्लिखित कानुनी व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । कर्मचारीका पति वा पत्नीले तोकिएबमोजिम बिदा स्वीकृत नगराई नियोगबाट प्राप्त हुने सुविधा र कार्यरत निकायबाट समेत आफ्नो नियमित सेवा सुविधा लिने अवस्था देखिएको छ । अतः सार्वजनिक सेवामा बहाल त्यस्ता कर्मचारीको पति वा पत्नीको अद्यावधिक अभिलेख राखी एकै समयमा दोहोरो सुविधा भुक्तानी हुने अवस्थामा नियन्त्रण गरी प्रचलित कानुनको पालना हुने अवस्थाको सुनिश्चित गर्नुपर्दछ ।

७. **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । विदेशस्थित नियोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीका लागि भ्रमण खर्च भुक्तानी सम्बन्धमा छुट्टै प्रावधान नरहेको अवस्थामा विदेशस्थित नेपाली नियोगमा कार्यरत कर्मचारीले भ्रमण गर्दा भ्रमण खर्च नियमावली, २०६४

बमोजिम दैनिक भत्ता र सोमा तोकिएबमोजिम थप रकम भुक्तानी गर्ने गरेको छ । यो वर्ष ३८ नियोगले कर्मचारीहरुको भ्रमणको लागि रु.४ करोड ६५ लाख उपलब्ध गराएकोमा ३० नियोगहरुले भ्रमण अवधिसँग दोहोरो पर्ने गरी वैदेशिक भत्ता बापत रु.४८ लाख भुक्तानी गरेका छन् । कूटनीतिक कर्मचारीले आफ्नो तोकिएको कार्यक्षेत्रमा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता प्राप्त गरेको अवधिमा वैदेशिक भत्ता दोहोरो नपर्ने व्यवस्था गर्नुपर्दछ ।

८. **सम्पत्ति खरिद तथा व्यवस्थापन -** विदेशस्थित ३९ नियोगमध्ये ९ राजदूतावास कार्यालय र ११ राजदूत निवासमात्र आफ्नो घर वा लिजमा र बाँकीले भाडामा लिएका छन् । नियोगहरुको लागि क्रमशः भवन खरिद गर्दै जाने नेपाल सरकारको नीतिअनुरुप यो वर्ष भवन खरिद र भवन निर्माणको लागि रु.१७ करोड ४४ लाख बजेट विनियोजन भएकोमा  देखिएका व्यहोरा निम्नानुसार छन्ः

८.१ नियोगहरुको घर भाडाको लागि २०७१।७२ मा रु.५७ करोड, २०७२।७३ मा रु.६५ करोड, २०७३।७४ मा रु.६८ करोड, २०७४।७५ मा रु.७४ करोड र २०७५।७६ मा रु.८४ करोड खर्च भएकोले उक्त खर्च प्रत्येक वर्ष बढिरहेको देखिन्छ । घर निर्माण गर्ने प्रयोजनका लागि विगतमा क्वालालम्पुर, कोलम्बो र इस्लामावादमा खरिद गरिएका जग्गासमेत प्रयोगविहीन अवस्थामा रहेका छन् । भवन निर्माणका लागि विनियोजित रकम आवश्यक कार्यमा प्रयोग नगर्दा स्रोतको सदुपयोग नहुने, पटक पटक बजेट व्यवस्था गर्नुपर्ने, समयक्रमअनुसार घरजग्गाको मूल्य बढ्दै जाने हुनाले लागत बढ्ने अवस्था छ । यस सम्बन्धमा मन्त्रालयले भवन निर्माण गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

८.२ जर्मनी एकीकरण अघि पश्चिम जर्मनीको बोनमा रहेको नेपाली राजदूतावास सन् २००० मा बर्लिन सरे पश्चात् बोनस्थित नेपाल सरकारको स्वामित्वमा रहेको २ भवन र त्यसले चर्चेको समेत २ हजार ८४६ वर्गमिटर जग्गा प्रयोगविहीन अवस्थामा रहेको छ । उक्त भवनको पालोपहरा विद्युत र पानी महसुल बापत यो वर्ष युरो ८ हजार ४०० खर्च भएको छ । प्रयोगविहीन घर जग्गाको लागि राज्य कोषबाट प्रत्येक वर्ष करीब रु.८ लाख ५० हजारभन्दा बढी खर्च भइरहेको देखिन्छ । नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६।८।१७ को निर्णयानुसार उक्त घर जग्गा बिक्री सम्बन्धमा तोकिएका प्रक्रिया पूरा गरी सोको प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्न नेपाली राजदूतलाई अख्तियारी प्रदान गरेको छ । तोकिएको प्रक्रिया पूरा गरी घरजग्गा बिक्रीको कारबाहीलाई यथाशीघ्र अगाडि बढाउनुपर्दछ ।

८.३ नेपाली राजदूतावास, क्यानबेराले ९९ वर्षको लिजमा ६ हजार १९८ वर्गमिटर जग्गा १२ लाख अष्ट्रेलियन डलरमा खरिद गरेको छ । जग्गा खरिदको लिज सम्झौताको दफा ३(ए) मा लिजमा लिएको सो जग्गामा १८ महिनाभित्र भवन निर्माण कार्य शुरु गरी ३६ महिनाभित्र सम्पन्न गर्नुपर्ने उल्लेख छ । जग्गा खरिदको २२ महिना बितिसक्दा समेत भवनको ड्रइङ डिजाइन तयार भई निर्माण कार्य अगाडि बढेको छैन । लिज सम्झौताको दफा ५(ए) अनुसार उक्त अवधिभित्र भवन निर्माण कार्य शुरु तथा सम्पन्न नगरेको अवस्थामा सम्झौताको अन्त्य समेत हुन सक्ने व्यवस्था रहेकोले यथाशीघ्र भवन निर्माण कार्य प्रारम्भ गरी तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्दछ ।

८.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६४ मा विदेशस्थित नियोगको राजस्व व्यवस्थापन, खाता सञ्चालन, बजेट निकासा र खर्च र धरौटी तथा लिलाम सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयले छुट्टै कार्यविधि बनाई नेपाल सरकारबाट स्वीकृत गराई लागू गर्ने व्यवस्था रहेको भए तापनि उक्त व्यवस्थाअनुसारको कार्यविधि निर्माण भएको छैन । विदेश स्थित नियोगहरुमा रहेका पुराना सवारी साधनलगायत अन्य जिन्सी मालसामानको व्यवस्थापन गर्न कठिन भएको तथा थप आर्थिक दायित्वसमेत सिर्जना भइरहेको देखिन्छ । त्यसैले पुनः प्रयोगमा आउन नसक्ने सवारी साधन, मेसिनरी औजार तथा अन्य जिन्सी मालसामानको व्यवस्थापनका लागि यथाशीघ्र आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

९. **ढुवानी सुविधामा कर -** आयकर ऐन, २०५८ को दफा ८(२)(ग) मा व्यक्तिगत प्रयोजनका लागि भएको खर्चको फछ्र्यौट वा शोधभर्ना बापत प्राप्त गरेको रकमलाई आयमा समावेश गरी रोजगारीको आय मानी सोही ऐनको दफा ८७ बमोजिम पारिश्रमिक कर गणना गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले नियोगमा कार्यकाल समाप्त गरी फर्कने पदाधिकारी तथा कर्मचारीहरुलाई ढुवानी खर्च बापत शोधभर्नाको भुक्तानी गर्दा सो रकमलाई आयमा समावेश गरेको पाइएन । वर्षभरिमा प्राप्त गरेको रकममा ढुवानी बापत प्राप्त रकमसमेत जोडी कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा मन्त्रालयले कर कट्टी नगरी भुक्तानी गरेकोले यो वर्ष ४३ कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी भएको ढुवानी खर्च रु.१ करोड ६१ लाख पारिश्रमिक आयमा समावेश गरी त्यसमा लाग्ने कर रु.४६ लाख असुल गर्नुपर्दछ ।

१०. **आर्थिक कूटनीति -** चौधौं योजनाअनुसार व्यापार, लगानी, पर्यटन तथा रोजगारी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सम्बन्ध सुदृढ गर्न आर्थिक कूटनीतिका विभिन्न क्रियाकलाप कार्यान्वयनमा रहेका छन् । नेपालको आर्थिर्क वि‍िकासमा बाह्य सहायता एवं प्रत्यक्ष वैदेशिक लगानी बढाउन र अन्तर्राष्ट्रि‍िय व्यापार प्रवर्द्धन गर्न आर्थिक तथा विकास कूटनीति परिचालन गर्ने नीति लिएको छ । मन्त्रालयले नियोगहरु मार्फत कार्यान्वयन गर्ने गरी निर्यात प्रवर्द्धन, लगानी सम्मेलनको आयोजना, धार्मिक र सांस्कृतिक, पर्यटन प्रवर्द्धन, रोजगारीको नयाँ सम्भावनाहरुको पहिचान, पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम र नेपाली डायस्पोराको परिचालन गर्ने कार्यक्रम तय गरी रु.१३ करोड २१ लाख विनियोजन भएकोमा रु.१२ करोड ९६ लाख खर्च गरेको छ ।

आर्थिक क्रियाकलापको दायरामा भएको वृद्धिअनुसार आर्थिक कूटनीति परिचालन गर्न नसक्नु र प्रत्येक वर्ष बजेटको आकार वृद्धि हुँदै गए तापनि यसमा रहेका अवसरहरु पहिचान गरी प्रभावकारी बनाउनुपर्ने प्रमुख चुनौती रहेको छ । नेपाल पर्यटन बोर्ड, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डसमेतले कार्यक्रम सञ्चालन गर्न मन्त्रालयमार्फत नियोगहरुमा बजेट पठाउने गरेका छन् । अतः आर्थिक कूटनीतिको उद्देश्य प्राप्त गर्न क्रियाशील सबै निकायबीचको समन्वयमा एकीकृत कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

११. **हवाइ टिकट खरिद -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ । मन्त्रालयले एक ट्राभल एजेन्सीसँग भएको सम्झौताबमोजिम हवाई टिकट खरिद गरी भुक्तानी गर्ने गरेकोमा गन्तव्य स्थल एउटै भएको अवस्थामा स्वीकृत सम्झौताभन्दा फरक रुटबाट यात्रा गरेको कारणबाट सम्झौतामा तोकिएको दरभन्दा रु.७५ लाख र टिकट रद्द, मिति परिवर्तन तथा रुट परिर्वतन लगायतका कारणबाट रु.१ करोड १० लाखसमेत १ करोड ८५ लाख थप भुक्तानी गरेको छ । तोकिएभन्दा फरक रुटबाट यात्रा गर्दा, टिकट रद्द र मिति परिवर्तन गर्दा अतिरिक्त व्ययभार पर्ने गरको छ । त्यसैले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न तोकिएको हवाई रुट प्रयोग गर्ने, समयमा नै भ्रमण योजना बनाउने तथा स्वीकृत भाडा दरअनुसार मात्र रकम भुक्तानी हुने व्यवस्थाको सुनिश्चितता गर्नुपर्दछ ।

## संगठित संस्था

## परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

१२. **सुझाव/परामर्श -** परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन आदेश, २०६८ को दफा ३ मा नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिन परराष्ट्र मन्त्रीको अध्यक्षतामा ११ सदस्यीय ''परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति'' गठन हुने व्यवस्था रहेको छ । उक्त गठन आदेशको दफा ४ अनुसार समितिले परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा, नेपालले अवलम्बन गर्नुपर्ने रणनीतिसम्बन्धी अवधारणापत्र तथा

विदेशी मुलुकमा राजदूतावास, महावाणिज्यदूतावास वा अन्य नियोग खोल्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई परामर्श/सुझाव दिने जिम्मेवारी तोकिएको छ । यद्यपि नेपाल सरकारले प्रतिष्ठानसँग सुझाव माग गरेको तथा प्रतिष्ठानले सुझाव प्रदान गरेको समेत देखिएन । प्रतिष्ठानको काम-कारबाहीलाई प्रभावकारी बनाउदैं परराष्ट्र नीति मामिला अध्ययन अनुसन्धानमा विज्ञ समूहको रुपमा विकास गर्न यसको संगठनात्मक संरचनामा सुधार हुनुपर्दछ ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा भिसा स्टिकरको अभिलेख, अनुगमन तथा बेरुजू राजस्वको यथार्थ हिसाब, कर फिर्ताको अभिलेख, यथार्थ आय व्यय विवरण, विनिमय दरको भिन्नताका कारणले पार्ने वित्तीय असर लगायतका विषयहरु समावेश गरी आर्थिक विवरण तयार गर्नुपर्ने, विदेशस्थित नेपाली नियोगहरुको कार्य विश्लेषण गरी सोको संख्या पुनरावलोकन गर्नुपर्ने, नियोगहरुले घर भाडा वृद्धि गर्दा तोकिएबमोजिम सहमति लिनुपर्ने, सुविधा सम्पन्न आवास उपलब्ध गराएको अवस्थामा सेटलमेन्ट भत्ताको औचित्यमा पुनरावलोकन गर्नुपर्ने, नियोगहरुको जग्गा खरिद र भवन निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने, सेवा सुविधा सम्बन्धी एकीकृत र समयसापेक्ष कानुन तर्जुमा गर्नुपर्ने, पारिवारिक भत्ताको अभिलेख राखी दुरुपयोग नहुने अवस्थाको सुनिश्चित गर्नुपर्ने, हवाई टिकट खरिदमा देखिएका समस्या निराकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने लगायतका विषयहरु गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यस वर्ष पनि सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ मन्त्रालय र मातहतसमेत ४३ निकायको लेखापरीक्षणबाट रु.१६ करोड ७३ लाख ५४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २७ निकायले रु.६ करोड ८३ लाख ५२ हजार फछ्र्यौट गरी रु.९ करोड ९० लाख. २ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.१ करोड १० लाख ६३ हजार पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा रहेको छ ।

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रभित्र भूमि नीति, भूउपयोग नीति, सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत २७२ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २७० सरकारी कार्यालयको निम्नानुसार रु.४१ अर्ब ५४ करोड ५१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| ईकाइ | रकम | ईकाइ | रकम | ईकाइ | रकम | ईकाइ | रकम | ईकाइ | रकम |
| २७० | ६५०१४ | २५६ | ६६०७९ | १४५ | ८६७३ | २३२ | २७५६८५ | २७० | ४१५४५१ |

२. **संगठित संस्था –** यो वर्ष मन्त्रालय मातहतको २ संगठित संस्थाको रु.२ अर्ब १३ करोड ८६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** राष्ट्रिय योजना आयोगबाट स्वीकृत २०७५।७६ को वार्षिक कार्यक्रम अनुसार मन्त्रालयको प्रगति स्थिति निम्नानुसार रहेको छः

| क्र सं | कार्यक्रम | प्रगति प्रतिशत | |
|---|---|---|---|
| | | भौतिक | वित्तीय |
| १. | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण | ८५.०३ | ४९.७६ |
| २. | भूमिसुधार, मुक्त कमैया तथा हलिया पुनःस्थापना | १००.०० | ७३.६८ |
| ३. | कित्ता नापी | ९६.०७ | ७६.४० |
| ४. | स्थलरुप नापी, भूउपयोग व्यवस्थापन, भौगौलिक सूचना पूर्वाधार | १००.०० | ५५.७९ |
| ५. | खगोल तथा भूमापन | ९६.०९ | ८१.२८ |
| ६. | सहकारी प्रशिक्षण केन्द्र | ९४.७४ | ८०.३३ |
| ७. | सहकारी क्षेत्र सुदृढीकरण आयोजना | ८०.७५ | २८.०८ |
| ८. | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १००.०० | ९८.९६ |
| ९. | राष्ट्रिय सहकारी विकास बोर्ड | १००.०० | ९९.२८ |
| १०. | गरिबसँग विश्वेश्वर कार्यक्रम | १००.०० | ९०.४३ |
| ११. | गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम | ६०.०० | ४९.५३ |
| | **औसत प्रगति प्रतिशत** | ९६.०० | ७५.६० |

मुक्त कमैया तथा हलिया पुनर्स्थापन, गरिबसँग विश्वेश्वर कार्यक्रम, गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण जस्ता कार्यक्रममा बजेट निकासा दिएको आधारमा प्रगति जनाएकोले उल्लिखित भौतिक प्रगति यथार्थपरक देखिएन ।

४. **चौधौं योजना कार्यान्वयन -** भूमिसुधार तथा मालपोत कार्यालयमा सबै स्रेस्ता, लिखत बाइण्डिङ्ग गर्ने लक्ष्य रहेकोमा लिखत बाइण्डिङ्ग तथा मोठ मर्मत कार्य बाँकी रहेको छ । सबै स्थानीय तहको भू-उपयोग नक्सा डाटा तयार गर्ने लक्ष्य रहेकोमा ५३२ स्थानीय तहको भू-उपयोग नक्सा तयार भई ३६९ स्थानीय तहमा हस्तान्तरण गरिएको छ । मुक्त कमैया र हलिया पुनर्स्थापना कार्य सम्पन्न गर्ने लक्ष्यअनुसार पुनर्स्थापना कार्यक्रम सम्पन्न गर्न बाँकी रहेका मालपोत कार्यालय र स्थानीय तहमा रकम हस्तान्तरण गरी पठाएकोमा

लक्ष्यअनुसार पुनर्स्थापन नभएको, जमिनको हदबन्दी पुनरावलोकन गर्ने कार्य नभएको, द्वैध स्वामित्वको अन्त्य नभएको, मालपोत तथा नापी कार्यालयहरुको सञ्चालिकीकरण गरी एकीकृत केन्द्रीय भू-सूचना प्रणालीको विकास गर्ने लक्ष्य रहेकोमा उक्त कार्य पूरा हुन सकेको छैन ।

त्यसैगरी, सार्वजनिक र गुठी जग्गाको संरक्षण गर्ने नीति तथा कार्यक्रमअनुसार आयोग गठन भई कार्य अगाडि बढाएको, सम्पूर्ण जग्गाधनी पुर्जा विद्युतीय बनाउने लक्ष्य रहेकोमा ६२ मालपोत कार्यालयको जग्गाधनी पुर्जा र मोठ स्रेस्ता स्क्यानिङ्गको लागि सम्झौता भएको छ । सहकारी तथा गरिबी निवारणतर्फ सहकारीको माध्यमबाट आर्थिक, सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने उल्लेख गरेकोमा अनुगमन तथा नियमन कार्य प्रभावकारी हुन सकेको छैन ।

५. **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्य २०७५।७६ मा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरुको कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः

५.१ कृषियोग्य भूमिको खण्डीकरण र अतिक्रमण रोक्ने गरी मन्त्रालयबाट २०७४।४।२६ मा सिञ्चित तथा अन्य भूमिलाई घर घडेरीको रुपमा परिवर्तन गर्न नपाइने र वर्षको एकपटक बाहेक खेतीयोग्य जग्गाको कित्ताकाट गर्न नपाइने मन्त्रालयबाट २०७४।४।२६ मा निर्णय गरेकोमा पुनः २०७५।९।२७ को निर्णयले स्थानीय तहले प्राविधिक समिति गठन गरी खेतीयोग्य जग्गा नभएको र जग्गा विकास गर्न उपयुक्त रहेको भनी सिफारिस गरेमा वस्तुगत मापदण्ड बमोजिमको स्वीकृति लिई कित्ताकाट गर्न सकिने व्यवस्था गरेकोमा सोको प्रभावकारी कार्यान्वयन भएको देखिएन । एउटै बाटोमा पर्ने जग्गा प्रत्येक अंशियारको भागमा चार पाँच कित्ता हुनेगरी अंशवण्डाबाट कित्ताकाट गरी तेस्रो पक्षलाई घडेरीको रुपमा बिक्री वितरण गर्ने गरेको र अड्डा अदालतमा मुद्दा मामिला खडा गरी मिलापत्रको नाममा कित्ताकाट गर्ने प्रवृति मौलाएको कारणबाट खेतीयोग्य जग्गाको कित्ताकाट रोकिएको छैन भने अत्यावश्यक अवस्थामा समेत जग्गाको कित्ताकाटमा कठिनाइ हुने गरेको छ । कित्ताकाट सम्बन्धमा देखिएका अन्यौल निराकरण गरी सर्वसाधारण जनतालाई सुसूचित गर्ने, सहज सेवा प्रवाहको वातावरण बनाउने तथा कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण गर्ने सम्बन्धमा उचित व्यवस्थापन गर्नुपर्दछ ।

५.२ विगतमा गरिएको गरिबी सर्वेक्षणको नतिजाअनुसार २६ जिल्लाका गरीब घर परिवारलाई राज्य सुरक्षा परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेकोमा मन्त्रालयले स्थानीय तहबाट परिचयपत्र वितरण गर्ने उल्लेख गरेको छ । यो वर्ष ५१ जिल्लामा गरिबी घर परिवारको सर्वेक्षण गरी परिचयपत्र वितरण गर्ने कार्यक्रम लागि १२ जिल्लाका स्थानीय तहलाई रु.१८ करोड ६ लाख ९० हजार वित्तीय हस्तान्तरण गरेकोमा सुपरिवेक्षक तालिम सम्पन्न गरी तथ्यांक सङ्कलन गर्ने कार्य भैरहेको छ ।

५.३ जाँचबुँझ आयोग ऐन, २०२६ को दफा ३ अनसार नेपाल सरकारले २०७६।२।१३ मा राजपत्रमा सूचना प्रकाशन गरी २०७६।२।१३ मा सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षणसम्बन्धी जाँचबुँझ आयोग गठन गरेको छ । सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी काम गर्न आयोगको कार्यावधि ६ महिनासम्मको हुने उल्लेख छ । आयोगबाट ६ महिनाभित्र कार्यसम्पन्न नगरेकोले पुनः ६ महिना थप भएको छ ।

५.४ कृषि जमिनको अभिलेख अद्यावधिक नभएको र पूर्णरुपमा विद्युतीय माध्यमबाट जग्गाधनी पुर्जा दिने कार्य हुन नसकेको, गरीबसँग विश्वेश्वर कार्यक्रमलाई अन्य गरिबी निवारण कार्यक्रमसँग समन्वय गरी चरम गरिबी भएका स्थानीय तहमा सञ्चालन गर्ने उल्लेख भएकोमा सोअनुसार कार्यान्वयन भएको छैन ।

५.५ सहकारी ऐन, नियमअनुसार सहकारी संस्थाको नियमन प्रभावकारी रुपमा हुन सकेको छैन । सहकारी संस्थालाई सदस्य केन्द्रित र समुदायमा आधारित व्यवसायको रुपमा प्रवर्द्धन गर्ने उद्देश्य रहेकोमा तोकेको

सूचकअनुसार सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गरेको छैन । समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन गर्न समिति गठन गरी कार्यारम्भ गरेतापनि समस्या समाधान हुन सकेको छैन ।

बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ ।

६. **दिगो विकासको लक्ष्य र प्रगति -** मन्त्रालयसँग सम्बन्धित सूचकमा उल्लिखित सबै प्रकारका गरिबीको अन्त्य गरी सन् २०३० सम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्या ४.९ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । यस्तो जनसंख्या सन् २०१९ मा १७ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा १८.७ प्रतिशत रहेको छ ।

७. **सेवा प्रवाह -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा प्रत्येक पदाधिकारी तथा कर्मचारीले कार्यविवरणमा तोकिएबमोजिम कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । सेवा प्रवाह सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

७.१ मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत यसवर्ष १४ कार्यालय भवन तथा कम्पाउण्ड वाल निर्माण गर्ने लक्ष्य रहेकोमा २ कार्यालय भवन निर्माण सम्पन्न भएको छ । भू-अभिलेख व्यवस्थापन सूचना प्रणाली १०८ कार्यालयमा लागू गर्ने उल्लेख भएकोमा ७५ मालपोत र ६ नापी कार्यालयमा मात्र सञ्चालनमा आएको, १५ कार्यालयमा डाटा माइग्रेसनसम्बन्धी परामर्श सेवा खरिद गर्ने उल्लेख भएकोमा सो कार्य नभएको, ३० मालपोत कार्यालयमा पुराना अभिलेख स्क्यानिङ्ग गर्ने लक्ष्य रहेकोमा एक कार्यालयमा मात्र सम्पन्न भएको, ४३ कार्यालयमा फर्निचर तथा फिक्चर्स उपलब्ध गराउने उल्लेख भएकोमा अनलाइन सेवा सञ्चालन गर्ने कार्यालयमा आवश्यकताअनुसार उपलब्ध गराएको उल्लेख छ । भू-सूचना प्रणाली कार्यान्वयनका लागि सम्बन्धित मालपोत कार्यालयहरुमा पठाउन खरिद गरेका राउटर, वेभ क्यामरा, सिग्नेचर थम, प्रिन्टर, कम्प्युटर, स्क्यानरलगायत रु.८१ लाख २३ हजारका उपकरण सम्बन्धित कार्यालयमा नपठाई विभागमै रहेको छ ।

७.२ भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त विवरणअनुसार ९४ मालपोत कार्यालयका १ लाख ६ हजार १८० लिखत बाइण्डिङ्ग र मोठ मर्मत गर्नुपर्ने उल्लेख भएकोमा ३६ हजार २२८ लिखत बाइण्डिङ्ग तथा मोठ ठेली मर्मत गर्न बाँकी रहेको छ ।

७.३ सेवा प्रवाहमा बढी चाप रहेको भूमिसुधार तथा मालपोत कार्यालयहरुमा टोकन प्रणाली लागू गर्ने उल्लेख भएकोमा मालपोत कार्यालय डिल्लीबजार, चाबहिल र भक्तपुरमा प्रभावकारी रुपमा टोकन प्रणाली लागू भएको छैन । त्यसैगरी मालपोत तथा नापी कार्यालय गडसेरा डोटी, नरैनापुर बाँके, सिम्रौनगढ बारामा टोकन प्रणाली स्थापना गरे तापनि सञ्चालनमा नआएको भनी गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यस वर्ष पनि स्थिति यथावत् छ । मालपोत तथा नापी कार्यालयहरुमा विद्युत अवरोध एवं तालिम प्राप्त जनशक्तिको अभावमा सेवाप्रवाह प्रभावकारी हुन सकेको छैन ।

७.४ सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ३६ मा प्रत्येक पदाधिकारी वा कर्मचारीले आफैंले कार्य फछ्र्यौट गर्नुपर्नेमा १० दिन र माथिल्लो तहमा पेस गर्नुपर्नेमा थप ७ दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । उपत्यकास्थित ८ नापी कार्यालय र अन्य २ नापी कार्यालयमा जग्गा रेखांकनको लागि दिएका निवेदनमध्ये १९ देखि ८० प्रतिशतसम्म फछ्र्यौट भएको छ ।

माथि उल्लिखित व्यहोराहरुमा सुधार गरी सेवाप्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ ।

८. **दरबन्दी तथा पदपूर्ति -** मन्त्रालय र मातहत निकायको स्वीकृत दरबन्दी ६ हजार ३६७ रहेकोमा भूमि व्यवस्थापन तथा अभिलेख विभागतर्फ ४१४, नापी विभागतर्फ ३९७ र सहकारी विभागतर्फ ४ समेत ८१५ जनाको पद रिक्त रहेको छ । आवश्यक दरबन्दी पदपूर्ति नहुँदा सेवा प्रवाह प्रभावित हुने भएकोले दरबन्दीअनुसारको पदपूर्ति गर्नुपर्दछ ।

९. **जग्गा बाँडफाँड -** नेपाल राजपत्र भाग ५ को २०७३।५।६ को सूचनामा मोही लागेका जग्गाधनी र मोहीले जग्गा बाँडफाँड गरी लिन निवेदन दिने म्याद सूचना प्रकाशित भएको मितिले एक वर्ष र मोहीबीच बाँडफाँड गर्नुपर्ने कारबाही टुङ्गो लगाउने अवधि दुई वर्ष तोकेकोमा जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड गरी कारबाही टुङ्गो लगाएको छैन । उक्त व्यवस्थाबमोजिम निवेदन दिने अन्तिम म्याद थप भई २०७५।५।४ सम्म रहेको देखिन्छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार मोहीको संख्या २ लाख ७५ हजार रहेकोमा १ लाख ४० हजार १५३ निवेदन प्राप्त भएको देखिन्छ । सोमध्ये ७६ हजार ३९५ फछ्र्यौट भएको र ६३ हजार ७५८ फछ्र्यौट हुन बाँकी रहेको छ ।

१०. **मुक्त कमैया र हलिया पुनर्स्थापना -** दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा रहेका कमैयालाई २०५७।४।२ मा सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, अछाम, बझाङ, बाजुरा, बैतडी र दार्चुलासमेत १२ जिल्लामा रहेका हलियालाई २०६५।५।२१ देखि मुक्त घोषणा गरेको छ । ती जिल्लामा रहेका मुक्त कमैया २७ हजार ५७० र मुक्त हलिया १६ हजार ९५३ घरपरिवारको पुनर्स्थापना कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा निम्न व्यहोरा देखिएको छः

१०.१ मुक्त कमैया पुनर्स्थापनको लागि मालपोत कार्यालयहरुमा रु.८१ करोड १४ लाख ९२ हजार र स्थानीय निकायमा रु.२० करोड ८६ लाख ६७ हजारसमेत रु.१ अर्ब २ करोड १ लाख ५९ हजार र मुक्त हलिया पुनर्स्थापन कार्यको लागि मालपोत कार्यालयहरुमा रु.९७ करोड ५८ लाख ५४ हजार र स्थानीय तहहरुमा रु.२६ करोड १७ लाख ७७ हजार समेत रु.१ अर्ब २३ करोड ७६ लाख ३१ हजारसमेत कुल जम्मा रु.२ अर्ब २५ करोड ७७ लाख ९० हजार निकासा दिएकोमा सोमा भएको खर्च र उपलब्धिको अनुगमन गरी भौतिक प्रगति तयार गरेको देखिएन ।

१०.२ मन्त्रालयले गत वर्षसम्म मुक्त कमैयाको लागि जग्गा खरिद गर्नुपर्ने घर परिवारको संख्या ७५५ रहेकोमा यसवर्ष ३६१ परिवारको मालपोत कार्यालयलाई अनुदान र ३९४ परिवारको स्थानीय तहमा स्रोत हस्तान्तरण गरेको छ । घर निमार्णको लागि ७५८ परिवार संख्या रहेकोमा ३६४ परिवारको मालपोत कार्यालयलाई अनुदान र ३९४ परिवारलाई स्थानीय तहमा स्रोत हस्तान्तरण गरेको छ । काठ खरिद गर्नुपर्ने परिवार संख्या ११ हजार ४१३ रहेकोमा १० हजार २०८ परिवारको अनुदान पठाएको र बाँकी परिवारको स्रोत हस्तान्तरण गरिएको छ ।

१०.३ मुक्त हलिया पुनर्स्थापनाको लागि जग्गा खरिद गर्ने परिवार संख्या १ हजार २७६ रहेकोमा ४८६ परिवारलाई अनुदान, ४५० परिवारको स्रोत हस्तान्तरण गरेको छ । घर निर्माणतर्फ घरपरिवार संख्या १ हजार ७१८ रहेकोमा ४५० परिवारलाई अनुदान र ६३९ परिवारको स्रोत हस्तान्तरण गरेको, घर मर्मतको लागि ४ हजार ५०४ घरपरिवार संख्या रहेकोमा ३ हजार ५९६ घरपरिवारका स्थानीय तहमा स्रोत हस्तान्तरण गरी पठाएकोमा लाभान्वित घरपरिवार संख्याको प्रगति विवरण लिएको छैन । एउटै कार्यक्रमको बजेट पृथक पृथक निकायमा बाँडफाँड गर्दा कार्यक्रमबीच समन्वय नहुने, कार्यक्रम दोहोरिन सक्ने, प्रभावकारिता नरहने अवस्था देखिएको छ । मन्त्रालयले समन्वय गरी वित्तीय तथा भौतिक प्रगति तयार गर्नुपर्दछ ।

१०.४ मालपोत कार्यालय, बाजुरास्थित बुढीनन्दा नगरपालिका वडा नं. १ मा २०७१।७२ मा ७ हजार ७९० वर्गमिटर जग्गा रु.२२ लाख ५० हजारमा खरिद गरेकोमा यसवर्ष १५ जनालाई रु.३ लाखका दरले रु.४५ लाख घर निर्माणको लागि अनुदान दिएको देखिन्छ । उक्त स्थानको स्थलगत निरीक्षणमा ३ जनाले घर नबनाएको, ३ जनाले निर्माण गरेको घर उपयोग नगरेको, ३ जनाले घर बनाएर बिक्री गरेको र १ जनाले मसानघाट नजिक भएको भनी बनाएको घर भत्काएको देखिएकोले अनुदान रकमको प्रभावकारी उपयोग भएको देखिएन ।

११. **सरकारी जग्गाको लिज** - सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ को दफा २१ मा कार्यनीति प्रारम्भ हुनु अघि भोगाधिकारको रुपमा सरकारी जग्गा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो भोगाधिकारलाई लिजमा परिणत गर्नुपर्ने र तोकिएको म्यादभित्र निवेदन नदिएकाको भोगाधिकार रद्द गरी त्यस्तो जग्गा नेपाल सरकारको नाममा ल्याउनुपर्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न ३५१ संस्थालाई ६ लाख ४९ हजार ६९२ वर्गमिटर जग्गाको भोगाधिकार दिएकोमा २०७६ आषाढ मसान्त सम्म ९ जिल्लामा अवस्थित १० संस्थाले १ लाख ३१ हजार ९४१ वर्गमिटर जग्गामात्र लिजमा परिणत गरेको देखिन्छ । यसैगरी ११ जिल्लामा अवस्थित ११ सरकारी निकायको नाममा २ लाख ८६ हजार ३६७ वर्गमिटर जग्गा दाखिल खारेज गरेको उल्लेख छ । भोगाधिकार दिएका जग्गामध्ये लिजमा परिणत नगराएका ३३० संस्थाले उपयोग गरेको २ लाख ३१ हजार ३८४ वर्गमिटर जग्गा नेपाल सरकारको नियन्त्रणमा ल्याउनुपर्दछ ।

१२. **सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त विवरणअनुसार ५४ मालपोत कार्यालयको अभिलेखमा १ करोड ८६ लाख ७७ हजार रोपनी, १ लाख ३७ हजार बिघा, २ अर्ब ३७ करोड ५७ लाख ३९ हजार वर्गमिटर सरकारी तथा सार्वजनिक जग्गा रहेको उल्लेख छ । मन्त्रालयले अतिक्रमणमा परेका जग्गाको समेत सबै जिल्लास्थित मालपोत कार्यालयअन्तर्गत रहेका सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख तयार नगरेकोले त्यस्तो अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१३. **हदबन्दी जग्गा** - भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ मा कुनै परिवारले भित्रीमधेशसमेत तराई क्षेत्रमा १० बिघा, काठमाडौं उपत्यकामा २५ रोपनी र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनीको हदसम्म जग्गा राख्नसक्ने व्यवस्था छ । सोही ऐनको दफा १२ बमोजिम जारी भएको जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७४ बमोजिम ऐनले तोकेको हदभन्दा बढी जग्गा आवश्यक पर्ने उद्योग वा प्रतिष्ठानले हदबन्दीभन्दा बढी जग्गा खरिद गर्ने तोकिएको प्रक्रिया पुरा गरेमा भूमि व्यवस्था मन्त्रालयले स्वीकृत दिने र सोको अद्यावधिक अभिलेख मन्त्रालय, विभाग र कार्यालयमा अनिवार्य रुपमा राख्नुपर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार गतवर्षसम्म हदबन्दी छुट भएका १६७ संस्थाको नाममा ५६ हजार ९८० रोपनी र ८ हजार ४२९ बिघा जग्गा रहेकोमा उक्त उद्योग वा प्रतिष्ठानले उक्त जग्गा उद्देश्यअनुरुप प्रयोग गरे नगरेको सम्बन्धमा प्रत्येक वर्ष स्थलगत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेकोले हदबन्दीभन्दा बढी जग्गाको उपयोगको अवस्था यकिन गर्न सकिएन । अनुगमन गरी प्रतिवेदन लिनुपर्दछ ।

१४. **गुठी जग्गाको अतिक्रमण** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ अनुसूची २(६) मा यस मन्त्रालयले निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले गुठी जग्गाको अतिक्रमणसम्बन्धी अभिलेख राखेको छैन । धनुषा जिल्लास्थित गुठी जग्गाको अतिक्रमण अवस्थाको अध्ययन गरी प्रतिवेदन पेस गर्न २०७५।१०।२९ मा गठित समितिले पेस गरेको प्रतिवेदनमा विभिन्न २५ गुठीको ९ हजार ८४३ बिघा १२ कट्ठा जग्गा रहेको मध्ये २११ घरधुरीले १२ गुठीको नाममा रहेको ९६ बिघा १२ कट्ठा जग्गा अतिक्रमित गरेको उल्लेख छ । यस सम्बन्धमा अतिक्रमित जग्गा फिर्ता गराउनेतर्फ कारबाही भैरहेको मन्त्रालयले जनाएको छ ।

१५. **सहकारी संस्थाको सञ्चालन** – चौधौं आवधिक योजनामा सहकारी संस्थाहरुलाई सदस्य केन्द्रित र समुदायमा आधारित व्यवसायको रुपमा प्रवर्द्धन गर्ने उद्देश्यअन्तर्गत यो वर्षसम्म रहेकोमा सहकारीमा आबद्ध प्रत्यक्ष रोजगारी ६२ हजार ५००, सहकारी सदस्य ५५ लाख, सहकारी संस्था ३५ हजार ६३३, सहकारी

संस्थामा तालिम प्राप्त जनशक्ति १ लाख २८ हजार, लगानी बचत सङ्कलन रु.२ खर्ब २५ अर्ब, सहकारी संघ संस्थाको शेयरपुँजी रु ८० अर्ब पुऱ्याउने लक्ष्य तोकेकोमा सूचकअनुसारको प्रगति विवरण तयार नगरेकोले मूल्याङ्कन गर्न सकिएन । मन्त्रालयले अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

१६. **सहकारी बैङ्क** - सहकारी ऐन, २०७४ मा संस्था वा संघको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा संघलाई ऋण प्रवाह गर्ने वा बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्य लिई संस्था वा संघ आपसमा मिलि नेपाल राष्ट्र बैङ्कको पूर्वस्वीकृति लिई सहकारी बैङ्कहरु गठन गर्न सक्ने, सहकारी बैङ्कको पुँजी साधारण शेयरले मात्र बनेको हुनुपर्ने र बैङ्कको न्यूनतम पुँजी नेपाल राष्ट्र बैङ्कले तोकेबमोजिम हुने, सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत ढाँचामा हिसाब किताब र स्रेस्ताहरु राख्नुपर्ने, ऋण लगानी, जायजेथा र दायित्वको विवरण समेत स्पष्ट रुपमा राख्नुपर्ने उल्लेख गरेकोमा मन्त्रालयले सहकारी बैङ्कको गठन, न्यूनतम पुँजी, बैङ्क सञ्चालन, आर्थिक कारोबार सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन ।

१७. **सहकारी संस्थाको नियमन** - सहकारी ऐन, २०७४ को दफा ९७(४) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघको नियमन र अनुगमन तोकिएबमोजिम हुने व्यवस्था छ । साविकमा ३४ हजार ५१२ सहकारी संस्था रहेकोमा संविधान जारी भएपश्चात् सहकारी संस्थाहरु प्रदेश र स्थानीय तहमा हस्तान्तरण भई विभागअन्तर्गत १४५ सहकारी संस्थाहरु रहेका छन् । सहकारी नियमावली, २०७५ को नियम ७२ अनुसार मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, विभाग, प्रदेश सरकार र स्थानीय तहको सयुक्त टोली बनाई सघन अनुगमन गर्ने व्यवस्था रहेकोमा मन्त्रीस्तरीय २०७५।३।३ मा निर्णय भएबमोजिम मन्त्रालय, विभाग र नेपाल राष्ट्र बैङ्कसमेतको सहभागितामा सात ठूला सहकारी संस्थाहरुको अनुगमन सम्पन्न गरेकोमा अनुगमन प्रतिवेदन तयार गरेको देखिएन ।

१८. **समस्याग्रस्त संस्था व्यवस्थापन** - सहकारी ऐन, २०७४ को दफा १०४(३) अनुसार नेपाल सरकारबाट २०७४।७।२ मा मैतीदेवीस्थित एक सहकारी संस्थालाई समस्याग्रस्त संस्था घोषणा गरी सो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न समिति गठन गरेको थियो । समितिको सूचनाअनुसार सहकारी संस्था र उक्त सहकारी संस्थासँग संलग्न अन्य १० सहकारी संस्थासमेत ११ सहकारी संस्थाको जम्मा दायित्व साँवा रु.९ अर्ब १२ करोड १४ लाख र २०७४ चैत्रसम्मको ब्याज रु.६ अर्ब ८९ करोड ३१ लाखसमेत रु.१६ अर्ब १ करोड ४५ लाख रहेको छ । समस्याग्रस्त सहकारी संस्थामा रहेको सर्वसाधारणको बचत, सदस्यहरुको शेयर, नेपाल सरकारलाई बुझाउनुपर्ने कर, बैङ्क तथा वित्तीय संस्थाको कर्जा, अपार्टमेन्टकर्ताले बुझाएको रकमको छानबिन गरी फिर्ता गरेको छैन । उक्त संस्थाको दायित्व सम्बन्धमा उचित निर्णय गरी समस्या समाधान गर्नुपर्ने भनी गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यसवर्ष पनि सुधार भएको छैन ।

## भूमि व्यवस्थापन तथा अभिलेख विभाग

१९. **जिन्सी व्यवस्थापन** - भूमि व्यवस्थापन तथा अभिलेख विभागले भू-अभिलेख व्यवस्थापन सूचना प्रणाली कार्यान्वयन अन्तर्गत भू-सूचना प्रणाली लागू भएका मालपोत कार्यालयहरुमा कार्यक्रम कार्यान्वयनको लागि राउटर, सिग्नेचर प्याड, वेभ क्यामरा, प्रिन्टर, स्वीच, कम्प्युटर डेस्कटप, फिङ्गर प्रिन्ट, स्क्यानर गत वर्षको मौज्दात २१० र यस वर्ष खरिद ६७० समेत ८८० संख्या रहेकोमा १९ कार्यालयमा ४४३ थान सामान पठाएको देखिन्छ । विभागले मातहतका कार्यालयमा पठाउनुपर्ने रु.८१ लाख २३ हजारको जिन्सी सामान मौज्दात राखेको छ । खरिदको उद्देश्यबमोजिम उक्त सामानको उपयोग व्यवस्था मिलाउनुपर्दछ ।

२०. **अनुमति भन्दा बढी कित्ताकाट** - उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १० मा योजना क्षेत्रको कुनै भागमा नेपाल सरकारको सम्बन्धित निकाय, कुनै संगठित संस्था, नगरपालिका वा स्थानीय जनताले लगानी गर्ने गरी जग्गा बिकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था छ । काठमाडौं उपत्यका विकास

प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, भक्तपुरले २०७४।१२।१२ को निर्णयअनुसार एक हाउजिङ्ग कम्पनीलाई भक्तपुर जिल्लाको साविक सिपाडोल-२ स्थित एक फर्म तथा विभिन्न व्यक्तिको स्वामित्वमा रहेको २५ कित्ताको १६ रोपनी ४ आना २ पैसा २ दाम जग्गालाई ३६ प्लट आवासीय घडेरी विकास गर्ने अनुमति प्रदान गरेकोमा थप १६ कित्ताको ९ रोपनी २ पैसा १ दामसमेत २५ रोपनी ५ आना ३ दाम क्षेत्रफल जग्गा नगरपालिकाको सिफारिसबमोजिम मालपोत कार्यालय, भक्तपुरले कित्ताकाट गरेको देखियो । प्राधिकरणको प्लानिङ्ग परमिटभन्दा बढीको कित्ताकाट गरेको सम्बन्धमा सूर्यविनायक नगरपालिका र मालपोत कार्यालयका पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

२१. **आयकर -** आयकर ऐन, २०५८ तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम कुनै समयमा एउटा समूहमा पर्ने सम्पत्ति अन्य प्रयोजनको लागि प्रयोग हुन थालेमा सो सम्पत्ति सोही समयमा निसर्ग भए सरह हुने व्यवस्था छ । मालपोत कार्यालय डिल्लीबजार, चाबहिल, कलंकी र ललितपुरसमेत ६ कार्यालयका कार्यक्षेत्रभित्र रहेका जग्गा उल्लिखित व्यवस्थाविपरीत आफ्नो स्वामित्वमा रहेको जग्गालाई साविकको जग्गाको स्वरुपमा परिवर्तन गरी बिक्री गरेको संलग्न ट्रेस नक्साबाट देखिन्छ । प्राकृतिक व्यक्तिले व्यावसायिक प्रयोजनबाट घरजग्गाको कारोबार गर्दा पुँजीगत लाभकर नभई व्यवसायको लाभ रु.२० लाखभन्दा बढी भएमा २० प्रतिशत थप अतिरिक्त करसमेत ३६ प्रतिशतसम्म आयकर तिर्नुपर्दछ । व्यावसायिक प्रकृतिको निसर्ग गर्ने १०६ निसर्गकर्ताको निसर्ग रकम रु.१ अर्ब १६ करोड १४ लाखमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गरी लाग्ने कर असुल गर्नुपर्नेमा सो गरे नगरेको खुलाएको छैन । उक्त कारोबारसहितको आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा आयकर ऐन,२०५८ को अनुसूची १ बमोजिम ३६ प्रतिशतले हुने कर रु.४१ करोड ८१ लाख असुल गर्नुपर्दछ ।

२२. **अग्रिम लाभकर -** आफ्नो स्वामित्वमा रहेका घर तथा जग्गा निसर्ग गर्दा अग्रिम लाभकर कट्टी गर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्ः

२२.१ आन्तरिक राजस्व विभागको परिपत्रानुसार लाग्ने अग्रिम लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको मिति २०७५।१२।१ को पत्र बमोजिम कुनै एकलौटी फर्म, कम्पनी, गैरसरकारी संस्था लगायतका निकायहरु र घर वा फ्ल्याट निर्माण गरी बिक्रीको कारोबार गर्ने व्यवसायीले आफ्नो स्वामित्वको जतिसुकै मूल्यको जग्गा वा भवन निसर्ग गर्दा भएको लाभमा रजिष्ट्रेसनका बखत १० प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको परिपत्रबमोजिम २०७५।१२।१ देखि मालपोत कार्यालय, चाबहिल र साँखुअन्तर्गतका ७ निसर्गकर्ताले निसर्ग गरेको रु.२० करोड ४४ लाख ९३ हजारमा लागत खर्च घटाई १० प्रतिशतले हुने कर रकम असुल गर्नुपर्दछ ।

२२.२ रियल स्टेट बाहेकका संस्थागत निसर्गकर्ताको गैरव्यावसायिक करयोग्य सम्पत्तिमा आन्तरिक राजस्व विभागको २०७३।४।९ को परिपत्रबमोजिम १० प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय ललितपुर, कलंकी, मनमैजु, दमक र जसपुरा रौतहटसमेत ५ कार्यालयका १८ वटा संस्थाको २३ करोड ५४ लाख ९ हजार निसर्गमा खर्च कट्टा पछिको पुँजीगत लाभमा रु.१ करोड ९५ लाख ६४ हजार अग्रिम लाभकर असुल नगरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२२.३ सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गरी कर तिरेको प्रमाण बेगर भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरले ३० निसर्गकर्ताको रु.९ करोड ४७ लाख, कलंकीले ७ निसर्गकर्ताको रु.७२ लाख ४८ हजार, बुटवलले एक निसर्गकताको रु.८० लाखसमेत रु.१० करोड ९९ लाख ५० हजार अग्रिम लाभकर असुल गरेका छैनन् । ऐनअनुसार अग्रिम कर बापतको रकम असुल गर्नुपर्दछ ।

२३. **अग्रिम कर -** आयकर ऐन, २०५८ र जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ ले गरेका व्यवस्थाअनुसार पुँजीगत लाभकर असुल गर्नुपर्दछ । निर्देशिकाबमोजिम जुनसुकै किसिमबाट स्वामित्व प्राप्त गरेको जग्गा तथा घरजग्गा भए तापनि ५ वर्ष अवधि नपुगेको भए ५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए २.५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने व्यवस्था रहेकोमा पुँजीगत लाभकर असुल नभएका व्यहोरा निम्नानुसार छन्ः

२३.१ मालपोत कार्यालय, चाबहिलका १० निसर्गकर्ताबाट ५ प्रतिशतले असुल गर्नुपर्ने अग्रिम कर २.५ प्रतिशतले असुल गर्दा घटी असुल भएको रु.४३ लाख ३८ हजार, मालपोत कार्यालय डिल्लीबजारले ५ निसर्गकर्ताको रु.१९ लाख ९३ हजार, मालपोत कार्यालय गौर, रौतहटले १५ निसर्गकर्ताको रु.१७ लाख, अन्य १६ कार्यालयका ४३ निसर्गकर्ताको रु.३६ लाख ३० हजारसमेत रु.१ करोड १६ लाख ६१ हजार घटी पुँजीगत लाभकर लिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२३.२ मालपोत कार्यालय घोराही, सुर्खेत, धनुषालगायत १२ कार्यालयका २९ निसर्गकर्ताको रु.१० लाखभन्दा बढीको निसर्ग रु.१६ करोड ८७ लाख ९५ हजारमा लाग्ने पुँजीगत लाभकर रु.४४ लाख १० हजार छुट भएको देखिँदा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२४. **खर्च कट्टी –** आयकर ऐन, २०५८ को दफा ९५(क) को उपदफा (३) मा निसर्गकर्ताले जग्गा तथा भवनको बिक्री गर्दा निसर्गकर्ताले खरिद गरेको मूल्य तथा प्रशासनिक दस्तुर घटाई राजस्व तिर्ने व्यवस्था भएकोमा मालपोत कार्यालय चाबहिल, डिल्लीबजार, मनमैजु, कलंकी, परासी, बाँके, बेलबारीसमेतका ५८ निसर्गकर्ताको जग्गा तथा घर बिक्री गर्दा खर्च दाबी गरेको रु.२४ करोड ४० लाख ८८ हजारको खर्चको प्रमाण पेस नगरेकोले सोमा लाग्ने पुँजीगत लाभकर रु.१ करोड ४ लाख ६६ हजार असुल गर्नुपर्दछ ।

पुँजीगत लाभ करसम्बन्धी निर्देशिका, २०७२ बमोजिम अंशबण्डा गर्दा र बकस दिँदा कायम गरेको थैली रकमलाई लागत खर्च दाबी गर्न नमिल्नेमा मालपोत कार्यालय, लमजुङ्गका ८ निसर्गकर्ताले लाभकर गणना प्रयोजनको लागि अंशबण्डा र बकस दिँदा कायम गरेको थैली रु.१ करोड ८२ लाख ७२ हजारलाई लागत खर्चमा दाबी गरेकोले घटी दाखिला भएको पुँजीगत लाभकर रु.९ लाख १४ हजार असुल गर्नुपर्दछ ।

२५. **पुँजीगत लाभकरमा सुविधा -** जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभ करसम्बन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ मा कुनै प्राकृतिक व्यक्तिको घरजग्गा (घर तथा घरले ओगटेको जग्गा) गैरव्यावसायिक करयोग्य सम्पत्तिको रुपमा पहिचान नहुन प्राकृतिक व्यक्तिको निजी भवनको स्वामित्व १० वर्षभन्दा बढी अवधि रहेको र दश वा सोभन्दा बढी अवधि पटक पटक वा अविच्छिन्न रुपमा बसोबास गरेको अवस्था पूरा भएकोमा मात्र सम्पत्ति निसर्ग गर्दा पुँजीगत लाभकर नलाग्ने उल्लेख छ । तत्सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्ः

२५.१ अविच्छिन्न १० वर्ष वा सोभन्दा बढी बसोबास गरेको घर र घरले ओगटेको क्षेत्रफल बराबरको जग्गाको निसर्गमा मात्र पुँजीगत लाभकर छुट हुनुपर्नेमा मालपोत कार्यालय डिल्लीबजारका ३२ निसर्गकर्ता, कंलकीका ३ निसर्गकर्ता र ललितपुरका ४ निसर्गकर्तासमेत ३९ निसर्गकर्ताको निसर्गमा भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गाभन्दा बढी जग्गाको मूल्यमा समेत पुँजीगत लाभकर छुट दिएको कारण रु.५७ करोड ९९ लाख १९ हजारको जग्गा निसर्गमा २.५ प्रतिशतका दरले हुने पुँजीगत लाभकर रु.१ करोड ४४ लाख ९८ हजार असुल गर्नुपर्दछ ।

२५.२ मालपोत कार्यालय, डिल्लीबजारका ४ निसर्गकताले १० वर्षभन्दा कम अवधि बसोबास वा स्वामित्वमा रहेको रु.९ करोड ५ लाख ९५ को घरजग्गा निसर्ग गर्दा पुँजीगत लाभकर छुट दिएको देखिएकोले २.५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.२२ लाख ६५ हजार असुल गर्नुपर्दछ ।

२५.३ मालपोत कार्यालय, डिल्लीबजारको कार्यक्षेत्र अन्तर्गतका ६ निसर्गकर्ताबाट पेस भएको सम्बन्धित स्थानीय तहको करचुक्ता प्रमाण र जग्गाधनी प्रमाणपुर्जामा एकभन्दा बढी घर भएको ६ निसर्गकर्ताबाट निसर्ग रकम रु.२० करोड ६८ लाखमा २.५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.५१ लाख ७० हजार छुट लिएको देखिन्छ । स्थानीय तहबाट त्यस्तो व्यक्ति अविछिन्न वा पटक पटक गरी १० वर्षभन्दा बढी बसोबास गरेको प्रमाण संलग्न नरहेबाट छुट लिएको पुँजीगत लाभकर पाउने सम्बन्धमा यकिन गरी छुट भएको पुँजीगत लाभकर असुल गर्नुपर्दछ ।

२५.४ मालपोत कार्यालय, डिल्लीबजारले काठमाडौं महानगरपालिका वडा नं. ३१ को कित्ता नं. ३२४ को ४ आना ३ पैसा जग्गा र सोमा बनेको घरसमेत रु.५ करोड ३० लाखमा निसर्ग गरेकोमा १० वर्षसम्म अविछिन्न रुपमा बसोबास गरेको भनी पुँजीगत लाभकर छुट लिएको छ । निसर्गकर्ताले पेस गरेको कर चुक्ता प्रमाणमा अन्य घरसमेत रहेको र घरको नक्सापासको प्रमाणपत्रमा व्यापारिक प्रयोजनको घर भएको उल्लेख गरेको र स्थानीय तहबाट अविछिन्न रुपमा बसोबास गरेको सिफारिस नलिएको हुँदा व्यापारिक प्रयोजनको घरको हुने लाभ रु.४ करोड ६९ लाख ४६ हजारमा २.५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.११ लाख ७३ हजार लिन छुट भएकोले असुल गर्नुपर्दछ ।

२५.५ मालपोत कार्यालय डिल्लीबजारले एक निसर्गकर्तालाई कित्ता नं.१४६ को जग्गा र सोमा बनेको २४० वर्गफिट टहरा रु.७ करोडमा निसर्ग गर्दा १० वर्ष अविछिन्न बसोबास गरेको भनी लाभकर छुट गरेको देखिन्छ । सो निसर्गकर्ताको पत्नीलाई कित्ता नं.१४५ को जग्गा र सोमा बनेको टहरा रु.११ करोड ५० लाखमा निसर्ग गर्दा समेत लाभकर छुट दिएको छ । निज निसर्गकर्ताहरु पति र पत्नी एउटै घरपरिवारको परिभाषाभित्र पर्ने हुँदा पतिले निसर्ग गरेको घरजग्गाको निसर्ग रकममा लाभकर छुट दिई सकेको अवस्थामा पुनः पत्नीले निसर्ग गरेको घरजग्गामा १० वर्ष अविछिन्न बसोबास गरेको भनी लाभकर छुट दिन मिल्ने नदेखिएकोले छुट दिएको लाभकर रु.२८ लाख ६१ हजार असुल गर्नुपर्दछ ।

२५.६ पुँजीगत लाभकर निर्देशिका, २०७२ मा १० वर्षसम्म अविच्छिन्न रुपमा बसोबास गरेको प्रमाण पेस गरेको खण्डमा मात्र पुँजीगत लाभकर छुट हुनेमा सो प्रमाण बेगर मालपोत कार्यालय, डिल्लीबजारले २३ निसर्गकर्ताको रु.९८ लाख ९४ हजार, चाबहिलले ८ निसर्गकर्ताको रु.२७ लाख ४ हजार, कंलकीले ७ निसर्गकर्ताको रु.२१ लाख ६० हजार, बाँकेले १ निसर्गकर्ताको रु.१५ लाखसमेत रु.१ करोड ६२ लाख ५८ हजार पुँजीगत लाभकर छुट दिएको छ । उक्त पुँजीगत लाभकर असुल गर्नुपर्दछ ।

२५.७ मालपोत कार्यालय, डिल्लीबजारअन्तर्गतका १४ निसर्गकर्ताले घरको लागत खर्च दाबी गर्दा घर खरिद गर्दाको लिखतमा उल्लिखित मूल्यमात्र कट्टी गर्न पाउनेमा स्थानीय तहले यस वर्ष सिफारिस गरेको घरको मूल्य खर्च कट्टी गरेकोले खरिद लागतभन्दा बढी दाबी गरेको खर्च रु.४ करोड ४४ लाख १० हजारको पुँजीगत लाभकर रु.१८ लाख १४ हजार असुल गर्नुपर्दछ ।

२६. **थैली -** मालपोत कार्यालयबाट पारित हुने लिखतमा जग्गाको बाटोको स्तरको आधारमा न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लिखित दरभन्दा घटी थैली कायम गरी राजीनामा पास गर्न नमिल्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:

२६.१ मालपोत कार्यालय, डिल्लीबजारले जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख गरेभन्दा घटी थैली अङ्क कायम गरी लिखत पारित गर्दा ११ निसर्गकर्ताको रु ४ करोड २४ लाख ७५ हजार, चाबहिलका ३ निसर्गकर्ताको रु ३ करोड ५ लाख ८८ हजार, परासीका २ निसर्गकर्ताको रु.३ करोड ९ लाख ८६ हजार, कंलकीका ६ निसर्गकर्ताको रु.१ करोड ६५ लाख ८४ हजारसमेत १६ कर्यालयका ५० निसर्गकर्ताको रु.१८ करोड ५९ लाख ७७ हजार थैली रकम घटी कायम हुन गई रजिष्ट्रेसन दस्तुर

रु.७४ लाख ५३ हजार र पुँजीगत लाभकर रु.८७ लाख १३ हजारसमेत रु.१ करोड ६१ लाख ६६ हजार घटी असुल भएको हुँदा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२६.२ मालपोत कार्यालय, डिल्लीबजारअन्तर्गतको एक प्रा.लि.ले काठमाडौं महानगरपालिका वडा नं.११ को कित्ता नं. २४२५ को ६ रोपनी क्षेत्रफल जग्गाको रु.८८ करोड ३ लाख ३० हजार र भवनको रु.३६ करोड ९६ लाख ७० समेत रु.१ अर्ब २५ करोड थैली कायम गरी निसर्ग गरेकोमा लिखत साथ संलग्न मूल्याङ्कनकर्ताको लागत निर्धारण तालिकामा शहरी विकास तथा भवन निर्माण विभागको नर्म्सबमोजिम निर्माणाधीन घरको मूल्य रु.४० करोड ७५ लाख ४४ हजार उल्लेख गरेकोमा सोही अङ्क थैली कायम गर्नुपर्नेमा रु.३ करोड ७८ लाख ७४ हजार घटी थैली कायम गरेको पाइएकोले उक्त रकममा ५.५ प्रतिशतले हुने रजिष्ट्रेसन दस्तुर रु.२० लाख ८३ हजार र १० प्रतिशतले हुने अग्रिम कर रु.३७ लाख ८७ हजारसमेत रु.५८ लाख ७१ हजार असुल गर्नुपर्ने देखिन्छ ।

२६.३ भूमि व्यवस्थापन तथा अभिलेख विभागको २०७२।११।१९ को परिपत्रबमोजिम एकपटक कायम गरेको थैली रकम घटाउन नमिल्ने उल्लेख छ । उक्त परिपत्रविपरीत मालपोत कार्यालय चन्द्रनिगाहापुर, वीरगन्ज र डिल्लीबजारका ९ निसर्गकर्ताले एकपटक कायम भैसकेको थैली रकमभन्दा रु.८५ लाख ३७ हजार घटाई निसर्ग गरेको हुँदा घटी थैली रकमको रजिष्ट्रेसन दस्तुर रु.३ लाख ९८ हजार र पुँजीगत लाभकर रु.२ लाख ३५ हजारसमेत रु.६ लाख ३३ हजार घटी राजस्व असुल गर्नुपर्दछ ।

२६.४ जग्गाको न्यूनतम मूल्याङ्कन गर्दा स्थानीय तहबाट जारी गरेको घरबाटो सिफारिसअनुसार कायम हुने न्यूनतम थैली वा वास्तविक कारोबारमध्ये जुन बढी हुन्छ सोही अङ्क कायम गर्नुपर्दछ । मालपोत कार्यालय चाबहिल, डिल्लीबजार र मनमैजुअन्तर्गतका ४ निसर्गकर्ताले जग्गाको वास्तविक कारोबार देखिने बैनाबट्टाको लिखतमा उल्लेख गरेको भन्दा रु.२ करोड १० लाख ९६ हजार घटी थैली कायम गरेकोले रजिष्ट्रेसन दस्तुर रु.९ लाख ४९ हजार र लाभकर रु.१० लाख ३४ हजारसमेत रु.१९ लाख ८३ हजार असुल गर्नुपर्दछ ।

२७. **घरबाटो सिफारिस -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ङ(२८) मा वडा समितिले जग्गा मूल्याङ्कनको सिफारिस गर्ने व्यवस्था छ । स्थानीय निकायले घरबाटो सिफारिस गर्दा वास्तविक अवस्था खुलाई सिफारिस गर्नुपर्ने र सोही सिफारिसबमोजिम न्यूनतम मूल्याङ्कन पुस्तिकाको आधारमा घरजग्गाको थैली अङ्क कायम गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालयबाट लिखत पास भएका कित्ताहरुको नापी नक्सा भिडान गर्दा नक्सामा देखिएभन्दा फरक सिफारिस भई आएको मालपोत कार्यालय, कंलकीका ५ निसर्गकर्ताको ६ करोड ८४ लाख १९ हजार, भक्तपुरका ६ निसर्गकर्ताको ५ करोड १९ लाख १२ हजार, टोखाका ३ निसर्गकर्ताको ५ करोड २५ लाख ५७ हजारसमेत ५ कार्यालयका २८ निसर्गकर्ताको रु.२४ करोड २९ लाख २६ हजार थैली रकम घटी कायम हुन गई रजिष्ट्रेसन दस्तुर रु.१ करोड ६ लाख १६ हजार र पुँजीगत लाभकर रु.१ करोड ३७ लाख ३० हजार समेत रु.२ करोड ४३ लाख ४६ हजार घटी असुल भएको हुँदा सम्बन्धित सिफारिसकर्तालाई जिम्मेवार बनाई घटी राजस्व असुल गर्नुपर्दछ ।

मालपोत कार्यालय, कलंकीअन्तर्गतको एक कम्पनीले साविक मच्छेगाउँ गाउँ विकास समिति वडा नं.९ स्थित १७ रोपनी ४ आना १ पैसा जग्गाको स्थानीय तहले घरबाटोको सिफारिस गर्दा बाटो नभएको सिफारिस गरी सोहीबमोजिम रु.२ करोड ७ लाख १९ हजार थैली अङ्क कायम गरी कारोबार भएको छ । लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा कित्ता नं.६५ मा पक्की बाटो जोडिएको र उक्त कित्तामा कित्ता नं.६४, २२ र १०८ समेत जोडिएको छ । त्यसैगरी नापी कार्यालयबाट प्राप्त नक्साअनुसार कित्ता नं. २६ मा कच्ची बाटो जोडिएको र उक्त कित्तासँग कित्ता नं. ५२ र ५३ समेत जोडिएको हुँदा क्रमशः पक्की बाटो र कच्ची बाटोको मूल्याङ्कन दरबमोजिम न्यूनतम मूल्याङ्कन रु.६ करोड २४ लाख ५० हजार

थैली कायम गरी कारोबार गर्नुपर्नेमा रु.४ करोड १७ लाख ३१ हजार घटी थैली कायम हुन गएकोले घरबाटोको सिफारिसकर्ता समेतलाई जिम्मेवार बनाई रजिष्ट्रेसन शुल्क, वाग्मती सभ्यता शुल्क र पुँजीगत लाभकरसमेत रु.६० लाख ५१ हजार असुल गर्नुपर्दछ ।

२८. **छोडपत्र -** वाग्मती प्रदेशको आर्थिक ऐन, २०७५ को अनुसुची १ क(१) र (२) मा राजीनामा/सगोलनामा र छोडपत्रको लिखतमा लाग्ने दस्तुर क्रमशः ५ प्रतिशत र २.५ प्रतिशत हुने उल्लेख छ । संयुक्त दर्तावालाबीच छोडपत्रको लिखतको थैली अङ्कमा २.५ प्रतिशत रजिष्ट्रेसन दस्तुर लाग्ने व्यवस्था छ । मालपोत कार्यालय, चाबहिलअन्तर्गत कर छुट पाएको एक संस्थाले खरिद गरेको काठमाडौं महानगरपालिका वडा नं.६ को कित्ता नं.३२० को जग्गा २०७५।४।२९ को सगोलनामाको लिखतबाट संस्थाका ३ जना सदस्यलाई जग्गाको आधा हिस्सा रु.३ करोड २० लाख थैली राखी सगोलनामा मार्फत संयूक्त स्वामित्व कायम गरेकोमा १ दिन पछि बाँकी हिस्साको जग्गा रु.३ करोड २० लाख थैली राखी छोडपत्रको लिखतबाट ३ जना सदस्यको नाममा स्वामित्व हस्तान्तरण गर्दा घटी असुल भएको रजिष्ट्रेसन दस्तुर रु.८ लाख असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

त्यसैगरी, मालपोत कार्यालय, डिल्लीबजार र चाबहिलले ४ सहकारी संस्थाको राजीनामा लिखत पारित गर्दा थैली अङ्क रु.९ करोड २३ लाख ७५ हजारको रजिष्ट्रेसन शुल्कमात्र छुट दिनुपर्नेमा वाग्मती सभ्यता शुल्कसमेत छुट दिएको देखिएकोले बढी छुट दिएको रु.४ लाख ६२ हजार असुल गर्नुपर्दछ ।

२९. **वाग्मती सभ्यता शुल्क -** काठमाडौं उपत्यकाभित्रका महानगरपालिका, नगरपालिका र सो क्षेत्रसँग जोडिएका गाउँपालिकाभित्रको पारित हुने लिखतमा घर जग्गा रजिष्ट्रेसन दस्तुरको थैली अङ्कमा ०.५ प्रतिशत वाग्मती सभ्यता तथा संरक्षण कोषको लागि शुल्क असुल गरिने व्यवस्था छ । वाग्मती प्रदेशको आर्थिक ऐन, २०७५ मा सो व्यहोरा उल्लेख गर्न छुट भएको कारण प्रदेश सरकारको मिति २०७५।४।१४ को निर्णयले वाग्मती सभ्यता शुल्क असुल गर्ने उल्लेख छ । मालपोत कार्यालय चाबहिल, डिल्लीवजार, कलंकी, ललितपुर, भक्तपुर, साँखु, मनमैजुलगायत ७ कार्यालयले २०७५।४।१५ देखि २०७५।५।४ सम्म राजीनामा, सगोलनामा, दर्ताफारी, छोडपत्र र हालैको बकसपत्रको लिखतको थैली रकम रु.९ अर्ब ८८ करोड ६० लाख ८९ हजारमा वाग्मती सभ्यता शुल्क असुल गरेको छैन । छुट शुल्क रु.४ करोड ९४ लाख ३० हजार असुल गर्नुपर्दछ ।

३०. **मुख्यमन्त्री स्वच्छता अभियान शुल्क -** प्रदेश नं.२ को प्रदेश आर्थिक ऐन, २०७५ मा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने राजीनामा, सगोलनामा, छोडपत्र र हालैदेखिको बकसपत्रको लिखतको थैली अङ्कमा शून्य दशमलब पाँच प्रतिशत दस्तुर मुख्यमन्त्री स्वच्छता अभियान कोषको लागि असुल गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय जनकपुरले २०७५।४।१ देखि २०७५।५।३ सम्म उल्लिखित लिखत पारित गर्दा सो दस्तुर असुल नगरेकोले रु.३५ लाख ६६ हजार असुल गरी कोषमा दाखिला गर्नुपर्दछ ।

३१. **जग्गाको फरक प्रयोग -** वाग्मती प्रदेशको आर्थिक ऐन, २०७५ को दफा २ मा तोकिएका उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा ७५ प्रतिशत छुट हुने तर त्यस्तो जग्गाको प्रयोग उद्देश्यविपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट दिएको रजिष्ट्रेसन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय कंलकीअन्तर्गतको पशुपन्छी पालन गर्ने उद्योगका रुपमा दर्ता भएको एक फर्मले चोभार भुतखेलको ३ रोपनी ८ आना जग्गा २०७२।९।२८ मा खरिद गर्दा थैली अङ्क रु.२ करोड ३१ लाख ५० हजारमा लाग्ने रजिष्ट्रेसन शुल्कमा ७५ प्रतिशतले हुने रु.६ लाख ९४ हजार छुट लिएकोमा उक्त जग्गा उद्देश्यअनुरुप प्रयोग नगरी एक व्यक्तिलाई बिक्री गरेकोले खरिदमा छुट दिएको रजिष्ट्रेसन दस्तुर रु.६ लाख ९४ हजार र सोही बराबरको जरिवाना समेत रु.१३ लाख ८८ हजार असुल गर्नुपर्दछ ।

त्यसैगरी, सुदूर पश्चिम प्रदेश आर्थिक विधेयक, २०७५ मा उत्पादनमूलक उद्योगले जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्था छ । मालपोत कार्यालय, धनगढीले होटल व्यवसाय गर्ने एक प्रा.लि.लाई रु ९ करोड ४३ लाख ५८ हजार थैली कायम गरी घर जग्गा खरिद गर्दा ५० प्रतिशत रजिष्ट्रेसन शुल्क छुट दिनेगरी लिखत पारित गरेकोमा औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची–६ अनुसार पर्यटन उद्योगअन्तर्गत पर्ने होटललाई उत्पादनमूलक उद्योगको रुपमा रजिष्ट्रेसन शुल्क छुट दिन मिल्ने देखिँदैन । अतः छुट दिएको रु.२३ लाख ५९ हजार असुल गर्नुपर्दछ ।

३२. **धितो लिलाम -** बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ तथा नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशिका, २०७५ को दफा ११(४)ख अनुसार बैङ्कले धितो सम्पत्ति लिलाम गर्दा स्वतन्त्र मूल्याङ्कनकर्ताबाट यथार्थपरक मूल्याङ्कन गराउनुपर्ने व्यवस्था छ । मालपोत कार्यालय, पोखराअन्तर्गतको एक प्रा.लि.को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १० को २१४.६० वर्गमिटर घरजग्गा साथै अन्य एक व्यक्तिको नाममा रहेको ७४९ वर्गमिटर जग्गासमेत ९६३.६ वर्गमिटर जग्गा एक निजी क्षेत्रको बैङ्कले ९ करोड ८० लाखमा धितो बन्धक पारित गरी ऋण प्रवाह गरेकोमा स्वतन्त्र मूल्याङ्कनकर्ताको सिफारिस बेगर रु.४ करोड ६० लाखमा लिलाम सकारेको अङ्क थैली राखी दाखिला खारेज गरेकोले स्पष्ट आधार विना धितोको मूल्याङ्कनभन्दा रु.५ करोड ७४ लाख न्यून रकममा लिलाम गर्दा रजिष्ट्रेसन शुल्क र पुँजीगत लाभकरसमेत रु.८६ लाख १० हजार राजस्व घटी भएको देखियो ।

३३. **सम्बद्ध व्यक्तिबीचको कारोबार -** आयकर ऐन, २०५८ को दफा २(क) मा सम्बद्ध ब्यक्ति भन्नाले एक अर्का व्यक्तिको मनसायअनुसार काम गर्ने एक वा एकभन्दा बढी व्यक्ति त्यस्ता व्यक्तिहरुको समूह सम्झनुपर्दछ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

३३.१ मालपोत कार्यालय, टोखा अन्तर्गत एक रियल स्टेट कम्पनीले २०६९।११।१० देखि २०७३।३।१७ सम्म रु.१२ करोड ६५ लाख ८९ हजारमा खरिद गरेको साविक साङ्ला-८ क र ख मा रहेको ७५ रोपनी २ आना ३ पैसा १ दाम जग्गा एकै संस्थापक रहेको ३ रियल स्टेट कम्पनीलाई मूल्य अभिवृद्धि नगरी खरिद मूल्यमा नै निसर्ग गरेको छ । निसर्ग गर्ने कम्पनीमा शेयर रहेको कम्पनीको सञ्चालक र खरिद गर्ने ३ रियल स्टेट कम्पनीको सञ्चालक एकै व्यक्ति रहेको र सम्बद्ध व्यक्तिबीच कारोबार गर्दा सामान्य बजार भाउ अनुसार कारोबार भएको नदेखिएको सम्बन्धमा आवश्यक छानबिन गरी कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

३३.२ मालपोत कार्यालय, चाबहिलअन्तर्गतको एक कम्पनीले आफ्नो स्वामित्वमा रहेको बुढानीलकण्ठ नगरपालिका वडा नं.३ स्थित कित्ता नं. ५०, ५१ र ३०२ को ५ रोपनी १५ आना जग्गा रु.३ करोड ९१ लाख ९८ हजारमा एक व्यक्तिलाई निसर्ग गरी १८ दिनपछि उक्त जग्गा पुनः सोही सञ्चालकहरु आबद्ध भएको अर्को कम्पनीले उक्त व्यक्तिबाट रु.३० करोडमा खरिद गरेको छ । पहिलो कारोबारमा २५ प्रतिशत दर आकर्षित हुने हुँदा न्यून मूल्याङ्कनमा एक व्यक्तिलाई निसर्ग गरिएको र दोस्रो कारोबारमा ५ प्रतिशत दर आकर्षित हुने हुँदा अधिक मूल्याङ्कनमा पुनः सोही व्यक्तिमार्फत आफ्नै स्वामित्वको कम्पनीले खरिद गर्दा फरक २० प्रतिशतले हुने संस्थागत आयकर छुट भएको देखिएकोले यस सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

३४. **हदबन्दी -** जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७४ को दफा ३ मा ऐनले तोकेको हदभन्दा बढी जग्गा आवश्यक पर्ने उद्योग वा प्रतिष्ठानले भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट स्वीकृति लिनुपर्ने र दफा १२ मा यस आदेश बमोजिम हदभन्दा बढी जग्गा राख्न स्वीकृति पाएका उद्योग वा प्रतिष्ठानले उद्देश्यअनुरुप तोकिएको शर्तबमोजिमको कार्य नगरेमा त्यस्तो जग्गा प्रचलित ऐन, कानुनबमोजिम जफत हुने व्यवस्था छ । मालपोत कार्यालय, टोखाअन्तर्गतको एक जग्गा विकास कम्पनीले २०६९।११।१० देखि २०७३।३।१७ सम्म खरिद गरेको ७५ रोपनी २ आना ३ पैसा १ दाम जग्गा

३ रियल स्टेट कम्पनीलाई बिक्री गरेको छ । उक्त कम्पनीले हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न मन्त्रालयबाट स्वीकृति लिए नलिएको एवं उद्देश्यअनुरुप कार्य गरे नगरेको कार्यालयबाट यकिन गरेको पाइएन । हदबन्दीभन्दा बढी परिमाणमा जग्गा खरिद बिक्री गर्दा कार्यालयले प्रचलित ऐन, नियम र पद्धतिको पालना गर्नुपर्दछ ।

३५. **स्रेस्ता पेस नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को राजस्व र ख ६ समूहतर्फ मालपोत कार्यालय, सिमरा बाराको रु.१८ करोड ४ लाख ५९ हजार र मालपोत कार्यालय कलैया बाराको रु.४१ करोड २२ लाख ८६ हजारसमेत रु.५९ करोड २७ लाख ४५ हजारको स्रेस्ता लेखापरीक्षणको लागि पेस भएको छैन । स्रेस्ता पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

## नापी विभाग

३६. **लक्ष्य र प्रगति -** वार्षिक लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ । नापी विभाग र अन्तर्गतका कार्यालयको लागि पुँजीगततर्फ रु.७३ करोड ९४ लाख ३८ हजार बजेट विनियोजन भएकोमा रु.५७ करोड ४० लाख ३४ हजार खर्च गरेको छ । नापी कार्यालय ७ मा भवन निर्माण गर्ने लक्ष्य राखिएकोमा ३ (४२.८५ प्रतिशत) को निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी, सगरमाथा उचाइ मापन गर्ने कार्य ९० प्रतिशत पूरा भएको विभागले जनाएको छ । तोकिएको लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

३७. **भू–उपयोग नक्सा -** भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दीगो लाभ हासिल गर्न भू-उपयोगसम्बन्धी त्रि-वर्षीय नीतिमा सबै गाउँपालिका र नगरपालिकामा भू-उपयोगसम्बन्धी नक्सा डाटा तयार गरी वर्गीकरण गर्नुपर्ने व्यवस्था छ । सोअनुसार भू-क्षमता नक्सा, भू-उपयोग क्षेत्र नक्सा र कित्ता नापी नक्सा तयार गरेकोमा ३६९ स्थानीय तहमा मात्र हस्तान्तरण गरेको छ । बाँकी नक्सा तथा डाटा स्थानीय तहमा हस्तान्तरण गरी २०७६।५।६ मा जारी भएको भू-उपयोग ऐन, २०७६ को मर्मअनुरुप उपयोग गर्नुपर्दछ ।

३८. **सगरमाथा उचाइ मापन -** सगरमाथाको उचाइ मापन कार्य २०७४।७५ मा शुरु गरी यो वर्षसम्म रु.११ करोड ८० लाख खर्च भएको छ । सगरमाथा उचाइ मापन कार्ययोजना २०७६ अनुसार पौषमा सगरमाथाको उचाइ मापन कार्य सम्पन्न गरी अन्तर्राष्ट्रिय गोष्ठी गर्ने भनिएकोमा ग्राभिटी र ट्रिगोनोमेट्रिक सर्भे तथा डाटा प्रशोधनको कार्य सम्पन्न भएको छैन । यस कार्यका लागि बजेटमा समावेश नगरी नेदरल्यान्डको एक कम्पनीले सहयोग स्वरुप रु.१ करोड ८१ लाख ४२ हजारका यन्त्र उपकरणहरु उपलब्ध गराएकोमा आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन । प्राप्त सहायता आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराउनुपर्दछ ।

## सहकारी विभाग

३९. **एकै जिल्लामा अनुदान -** सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ मा अनुदान वितरण समन्यायिक, समतामूलक तथा प्रभावकारी हुनुपर्ने उल्लेख छ । विभागले यो वर्ष २० सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको रु.२ करोड २१ लाख ७८ हजारको ३६ प्रतिशतले हुने रु.७९ लाख ८४ हजार एक जिल्लाका ११ सहकारी संस्थालाई उपलब्ध गराएको छ । त्यसैगरी बीउपुँजी अनुदानको ५० प्रतिशतले हुने प्रथम किस्ता रु.३१ लाख ५० हजार सोही जिल्लाका २ सहकारी

संस्थालाई कुखुरापालन लगायतका कार्यको लागि अनुदान उपलब्ध गराएको छ । अन्य जिल्लाबाट प्रस्ताव प्राप्त नभएको कारणबाट अन्य स्थानमा अनुदान नगएको उल्लेख छ । स्पष्ट मापदण्ड र कार्यविधि तयार गरी अनुदान उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

४०. **अनुदानको उपयोग** - आर्थिक कार्यविधि नियमायली, २०६४ को नियम ४१ मा प्राप्त अनुदानको उपयोग देखिने अभिलेख राख्नुपर्ने व्यवस्था छ । विभागले २०६९।३।१३ को निर्णयअनुसार चनौली सहकारी शीत भण्डारलाई तीन वर्षभित्र कार्य सम्पन्न गर्ने गरी हालसम्म रु.५ करोड ८ लाख ८२ हजार अनुदान उपलब्ध गराएकोमा सम्झौता अनुसार हालसम्म गरेको कार्य देखिने अभिलेख तयार गरेको छैन । उक्त कार्यको अनुगमन गरी उपलव्धि मूल्याङ्कन गर्नुपर्दछ ।

# संगठित संस्था तथा अन्य संस्था

## गुठी संस्थान - २०७३।७४ देखि २०७४।७५

गुठीको स्वामित्व प्रबन्ध गर्न, महोत्सव सञ्चालन गर्न, मन्दिरहरुको दान तथा दानपात्र व्यवस्थित गर्न, देवीदेवताहरुको मूर्तिहरु र गहनाहरु सुरक्षित गर्न, राज गुठीको आम्दानीलाई धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक हितकारी गतिविधिको रुपमा उपयोग गर्न तथा मठमन्दिरमा पूजाआजा गर्नेे व्यवस्था मिलाउन २०२१ मा यो संस्थान स्थापना भएको हो । गुठीको केन्द्रीय कार्यालय समेत १० कार्यालय रहेका छन्। यो वर्ष २०७३।७४ र २०७४।७५ को लेखापरीक्षण सम्पन्न भएको छ।

४१. **सञ्चालन नतिजा** - संस्थानको २०७४।७५ सम्मको सञ्चालन आम्दानी रु.१९ करोड १७ लाख, कुल व्याज आम्दानी रु.१७ करोड १४ लाख र अन्य विविध आय रु.४ करोड ८२ लाखसमेत आय ४१ करोड १३ लाख रहेकोमा प्रशासनिक खर्च रु.१० करोड ९१ लाख, पर्वपूजा खर्च रु.८ करोड ७९ लाख, मर्मत खर्च रु.१ करोड ६० लाख र अन्य विविध खर्च रु.७७ लाखसमेत रु.२२ करोड ७ लाख खर्च भै रु.१९ करोड ६ लाख बचत रहेको छ।

४२. **वित्तीय विवरण** - संस्थानको आर्थिक प्रशासन विनियमावली, २०६३ को नियम ४.१ अनुसार संस्थानको लेखा दोहोरो श्रेस्ता प्रणालीमा आधारित हुने व्यवस्था छ। त्यस्तै नेपाल सरकारले १६ जुलाई २०१६ देखि सबै सार्वजनिक संस्थानहरुमा नेपाल वित्तीय प्रतिवेदन मान लागू गर्ने उल्लेख भएकोमा संस्थानले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति तथा तिर्नुपर्ने दायित्व स्पष्ट रुपमा खुल्ने गरी वित्तीय विवरण तयार गरेको छैन। जसबाट गुठीको यर्थाथ आय-व्यय यकीन गर्न सकिएन। साथै अक्षय कोष, गुठी कोष, पेन्सन कोष, कर्मचारी कल्याण कोषलगायत केन्द्रीय आय व्यय विवरण समेतको जिम्मेवारी यकिन गरी हिसाब समावेश गरेको छैन।

४३. **घरजग्गा तथा अन्य सम्पत्तिको लगत** - गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को नियम १७ (१) बमोजिम कार्यालयले आफ्नो जिल्लाभित्र वा आफ्नो अधिकार क्षेत्रभित्र संस्थानको के कति जग्गा नेपाल सरकार वा अन्य व्यक्तिबाट उपभोग भइरहेको छ, सो सम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। संस्थानले उपलब्ध गराएको विवरणअनुसार पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३२० विगाहा जग्गा गुठीको नाममा रहेको देखिन्छ। संस्थानले नेपाल सरकार तथा नेपाल सरकारका निकायहरुले प्रयोग गरिआएको जग्गाहरुको स्थान, कित्ता नम्बर तथा क्षेत्रफल सहितको विस्तृत विवरण र नम्बरी जग्गाको हकमा नेपाल सरकारलाई बुझाउनु पर्ने रकम तथा सोको विस्तृत विवरण तथा आफ्नो स्वामित्वमा रहेको गुठी तैनाथी, गुठी अधिनस्थ, गुठी रैतानी, गुठी नम्बरी र गुठी ऐलानी जग्गाको विवरण तयार गरेको पाइएन। साथै मठमन्दिरमा रहेको अमूल्य गरगहना तथा

सम्पत्तिको लगत व्यवस्थित रुपमा नराखेकोले राज्यको स्रोत लोप हुन सक्ने देखिन्छ। लगत व्यवस्थित गर्नु पर्ने देखिन्छ।

४४. **बक्यौता अभिलेख -** संस्थानले एकीकृत रुपमा आय आर्जन गर्ने घरजग्गा, तैनाथी जग्गा, पोखरी तथा बगैंचाहरुको अभिलेख बनाएको पाइएन। घर, पसल बहाल, तैनाथी जग्गा, पोखरी, बगैंचा आदिको ठेक्का बापत प्राप्त हुनुपर्ने रकम, विभिन्न बहालवालाहरुसँग लिनुपर्ने रकम तथा मालपोत र कूतबाली बापत असुल गर्नुपर्ने बाँकी रकमको विवरण यकिन नगरी यो वर्ष रु.४१ करोड १३ लाख आम्दानी देखाएको छ। यस्तो रकम यकिन गर्नुपर्दछ। गुठी नम्बरी जग्गाको मालपोत संस्थान आफैँले असुल गर्दै आएकोमा सरकारलाई बुझाउनुपर्ने रकमको विवरण यकिन गरेको छैन।

४५. **जग्गा रैतानी परिणत -** सर्वोच्च अदालतको २०६४।१०।१० को निर्णयबाट रैतानी परिणतलाई गुठीको सम्पति दुरुपयोगको प्रमुख कारकको रुपमा लिई गुठी जग्गा रैतानी परिणत सम्बन्धी व्यवस्था बदर गरिएको छ। यस्तो अवस्थामा रैतानी परिणत भएको जग्गाको शुल्क असुलीमा संस्थानले विशेष ध्यान पुऱ्याउनु पर्नेमा संस्थानले त्यस सम्बन्धी कुनै अभिलेख राखेको पाइएन।

४६. **धरौटी -** संस्थानले विभिन्न व्यक्तिहरुबाट लिएको धरौटी रकमको नाम नामेसीसहितको धरौटी खाता राखेको छैन। धरौटी खाताबाट सोधभर्ना हुने गरी २०७४।७५ सम्म सापटी लिई विनियोजनतर्फ रु.१२ लाख २३ हजार खर्च गरेकोमा सोधभर्ना गरेको छैन। व्यक्तिको नाम र प्रयोजनको अभिलेख राखी धरौटीको लेखा अद्यावधिक गर्नुपर्दछ।

४७. **जग्गा उपयोग नीति -** गुठी जग्गाको उपयोग सम्बन्धमा दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गर्नुपर्दछ। संस्थान मातहतका ५ प्रकारका जग्गाहरुको प्रभावकारी उपयोग गर्न संस्थानले कुनै नीति तयार गरेको छैन । संस्थानको सेवालाई प्रभावकारी र आधुनिक तवरले सञ्चालन गर्न संस्थानले अध्ययन मूल्याङ्कन गरेको पाइएन। संस्थानका समग्र कार्य सञ्चालन तथा जग्गाको उपयोगलाई प्रभावकारी बनाउन नयाँ गुठी ऐनको मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा पेस गरेको १ वर्ष भए तापनि त्यसले अन्तिम रुप लिएको पाइएन । तसर्थ नीति तथा रणनीति तयार गरी प्रभावकारी रुपमा कार्य सञ्चालन गर्नुपर्दछ।

४८. **जग्गाको अतिक्रमण -** मुलुकभर ७० जिल्लामा संस्थानका जग्गाहरु रहेका छन् । अधिकांश जिल्लाका गुठी जग्गाहरु अतिक्रमण भएको, गुठीको जग्गा रैकरमा परिणत भएको, सार्वजनिक बाटोको रुपमा प्रयोग भएको लगायतका कारण गुठीको जग्गा हिनामिना तथा लोप हुने अवस्था देखिएको हुँदा लगत अद्यावधिक गरी जग्गाको संरक्षण गर्नु पर्दछ।

## साझा भण्डार सहकारी संस्था लिमिटेड - २०७५।७६

गुणस्तरीय औषधी, मल, पेट्रोल, बीमा, घरजग्गा कारोबार, बीउ बिजन र विभिन्न वस्तुको उत्पादन, सञ्चय, खरिद, बिक्री, आयात, निर्यात, ओसार पसारलगायतका कार्य गरी सर्वसाधारणलाई सर्व सुलभ रुपमा उपलब्ध गराउने उद्देश्यले सहकारी संस्था ऐन, २०१६ बमोजिम २०२१ मा स्थापना भएको हो। यस संस्थामा चार सदस्यीय सञ्चालक समिति १२ जना कर्मचारी कार्यरत छन्।

४९. **सञ्चालन नतिजा -** संस्थाको यो वर्षको नोक्सानी रु.४३ लाखसमेत रु.१ करोड ९३ लाख सञ्चित नोक्सानी रहेको छ।

५०. **भाडा -** यो वर्ष घरजग्गा भाडा, पेट्रोल पम्प सञ्चालनबाट प्राप्त रोयल्टीलगायतबाट रु.१९ लाख ८७ हजार आय प्राप्त भएको छ। घरभाडा र पेट्रोल पम्प सञ्चालन बाहेक अन्य कार्य गरेको छैन । सम्पत्ति भाडामा लगाएर मात्र संस्था सञ्चालन गरेको देखिन्छ। उद्देश्य अनुरुप संस्था सञ्चालन गर्न संस्थाको पुर्नसंरचना गर्न

जरुरी देखिन्छ। धनगढीलगायतका स्थानबाट लिनुपर्ने भनिएको घरजग्गा भाडा रु.१८ लाख ८८ हजार सम्बन्धमा छानबिन गरी उठ्न नसक्ने भए नोक्सानी व्यवस्था गर्नुपर्दछ।

५१. **लगानी -** संस्थाले सहज रुपमा इन्धन उपलब्ध गराउन दुई पेट्रोल पम्पमा लगानी गरेकोमा हाल उक्त पम्प बन्द भैसकेका छन्। त्यसरी बन्द भैसकेका २ पेट्रोल पम्पमा संस्थाको लगानी क्रमश रु. ३ लाख ५९ हजार र रु.३ लाख १२ हजार रहेको छ। ती पेट्रोल पम्पहरुबाट विगत वर्षहरुदेखि लिनुपर्ने देखिएको क्रमशः रु.३८ लाख ९४ हजार र रु.२१ लाख ४९ हजार समेत छानविन गरी असुल गर्नुपर्दछ।

## साझा यातायात सहकारी संस्था लिमिटेड - २०७५।७६

सर्वसाधारण व्यक्तिलाई सर्वसुलभ तथा विश्वसनीय सार्वजनिक यातायात सेवा प्रदान गर्ने उद्देश्यले सहकारी ऐन, २०४८ अन्तर्गत २०१८ मा  यस संस्थाको स्थापना भएको हो। संस्थामा नेपाल सरकार, काठमाडौं र ललितपुर महानगरपालिका, स्थानीय तह एवं सर्वसाधारण जनताको शेयर रहेको छ। संस्थाले हाल ६७ बसमार्फत् काठमाडौं उपत्यकालगायत वाग्लुङ र भैरहवासम्म यातायात सेवा उपलब्ध गराउँदै आएको छ। यस संस्थामा २७६ कर्मचारी तथा अन्य व्यक्ति कार्यरत छन्।

५२. **सञ्चालन नतिजा -** संस्थाको गत वर्षसम्म रु.२० करोड ७५ लाख सञ्चित नोक्सानी रहेकोमा यो वर्ष उक्त नोक्सानी रु.२४ करोड पुगेको छ।

५३. **मूल्य अभिवृद्धि कर -** संस्थाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर लाग्ने विज्ञापन सेवाको कारोबारमा कर बीजक जारी गरी मूल्य अभिवृद्धि कर संकलन गर्ने गरेको छैन। संस्थाले २०७१।७२ देखि २०७५।७६ सम्ममा रु.४ करोड २५ लाख ३० हजार बराबरको मूल्य अभिवृद्धि कर लाग्ने विज्ञापन सेवा प्रदान गरेको र सो सेवा बापत असुल गर्नुपर्ने मूल्य अभिवृद्धि कर रु.५५ लाख २८ हजार असुल गरेको छैन। मूल्य अभिवृद्धि करबापतको उक्त रकम र सोमा लाग्ने ब्याज तथा जरिवानाबापत हुने दायित्व हिसाबमा लेखाङ्कन गरेको छैन। वित्तीय विवरणमा उक्त रकम समेत समावेश गरी कर भुक्तानी गर्नुपर्दछ ।

५४. **शंकास्पद असामी -** संस्थाको वित्तीय विवरणमा उल्लेख भएको असुल गर्नुपर्ने असामी तथा पेस्की रु.५२ लाख ४२ हजार, कर्मचारी पेस्की रु.१३ लाख ८५ हजार र धरौटी रु.१ लाख ६३ हजार समेत रु.६७ लाख ९० हजार रहेको छ। उक्त रकम विगतदेखि असुल नभएको सम्वन्धमा छानविन गरी असुल गर्नुपर्दछ।

५५. **दायित्व रकम -** श्रम ऐन, २०७४ मा तोकिए बमोजिम संस्थामा कार्यरत कर्मचारीहरुलाई उपदान भुक्तानी नभएको र सोबापतको दायित्व लेखाङ्कन गरेको छैन। त्यस्तै संस्थाको स्वामित्वमा रहेको जग्गा तथा भवनको एकीकृत सम्पत्ति कर विगतदेखि भुक्तानी नगरेकोमा सो करबापतको रकमसमेत दायित्व लेखाङ्कन गरेको छैन। प्रचालित कानुनको पालना गरी हिसाब यकिन गर्नुपर्दछ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा सरकारी तथा भोगाधिकारमा दिएका जग्गाको केन्द्रीय अभिलेख अद्यावधिक नगरेको, हदबन्दीभन्दा बढी जग्गाको उपयोगको प्रभावकारी अनुगमन नभएको, मालपोत कार्यालयहरुले सङ्कलन गरेको राजस्व समयमै बाँडफाँड नगरेको तथा अन्य सञ्चितकोषमा नपठाएको, खेतीयोग्य जग्गाको अधिक कित्ताकाट गरेको, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल

नगरेको, पुँजीगत लाभकर निर्धारण सम्बन्धमा १० वर्षसम्म अविच्छिन्न बसोबास गरेको प्रमाण पेस नगरेको, रियल स्टेट कम्पनीको निसर्गमा अनुसूची १३ बमोजिमको आयकर समायोजनको प्रमाण र संस्थागत निसर्गमा पुँजीगत लाभकर छुट भएको, समस्याग्रस्त सहकारी संस्थाहरुको दायित्व फरफारक नभएको, फरार सहकारी संस्थाहरुलाई कारबाही नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका समेत १४९ कार्यालयमा रु.३ अर्ब ११ करोड २९ लाख ६३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४७ करोड ३१ लाख ३५ हजार फछ्र्यौट गरेकोले रु.२ अर्ब ६३ करोड ९८ लाख २८ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ करोड ५४ लाख १९ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय यातायात विकास र व्यवस्थापन, राष्ट्रिय रेलमार्ग, मेट्रो रेललगायत यातायात सुरक्षा प्रणाली, राष्ट्रिय लोकमार्ग, जलमार्गलगायत वैकल्पिक यातायात, आधारभूत यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, समन्वय र नियमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १२२ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका १२१ सरकारी कार्यालयको निम्नानुसार रु.१ खर्ब १७ अर्ब ८८ करोड ८७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १२१ | ९४०१५८ | १०७ | २५४१८ | ११६ | १२३८७३ | ६६ | ८९४३८ | १२१ | ११७८८८७ |

लेखापरीक्षण अङ्कमा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खर्च गरेको रु.६ अर्ब ६२ करोड ३७ लाख समावेश गरेको छैन भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग र खानेपानी मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयले खर्च गरेको रु.१ अर्ब ८७ करोड ५ लाख समावेश छ ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष सडक बोर्ड नेपालको रु.७ अर्ब ५६ करोड १२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **पुँजीगत खर्च -** मन्त्रालय अन्तर्गतका कार्यालयको पुँजीगत शीर्षकबाट विगत तीन वर्षमा भएको खर्चको स्थिति देहायबमोजिम छः

(रु. लाखमा)

| आर्थिक वर्ष | शुरु बजेट | रकमान्तरबाट थप | | संशोधित बजेट | कुल निकासा/खर्च | |
|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | | खर्च | खर्च प्रतिशत |
| २०७३।७४ | ७२६७६० | ६७४९६ | ९.२८ | ७९४२५६ | ७१७३२३ | ९०.३१ |
| २०७४।७५ | ८९५०६७ | १४०६२० | १५.७१ | १०३५६८७ | ९६०१०५ | ९२.७० |
| २०७५।७६ | ९३७२८२ | २५५६११ | २७.२७ | ११९२८९३ | ९१४८४९ | ७६.६९ |

गत वर्षको तुलनामा २०७५।७६ मा पुँजीगत खर्च १६ प्रतिशतले घटेको छ ।

३.१ यो वर्ष वैदेशिक ऋण रु.४७ अर्ब ६४ करोड २४ लाख र अनुदान रु.३ अर्ब ७९ करोड ६३ लाख समेत वैदेशिक स्रोतबाट रु. ५१ अर्ब ४३ करोड ८७ लाख प्राप्त हुने शुरु अनुमान रहेकोमा ऋणबाट रु.२६ अर्ब २२ करोड ४३ लाख (५५.०४ प्रतिशत) र अनुदानबाट रु.२ अर्ब ३० करोड ८४ लाख (६०.८१ प्रतिशत) समेत रु.२८ अर्ब ५३ करोड २७ लाख शुरु अनुमानको ५५.४६ प्रतिशत मात्र वैदेशिक सहायता प्राप्त भई उपयोग भएको छ ।

३.२ सासेक रोड कनेक्टिभिटी आयोजनाको लागि एसियाली विकास बैङ्क (एडीबी) को सोझै भुक्तानी ऋणबाट रु.२ अर्ब ४९ करोड ४५ लाख र ए.डी.बी. शोधभर्ना ऋणबाट रु.१ अर्ब १८ करोड ५ लाखसमेत रु.३ अर्ब ६७ करोड ५० लाख प्राप्त हुने अनुमान गरेकोमा प्राप्त भएको छैन । नागढुङ्गा सुरुङ मार्ग

आयोजनाको लागि जापान सरकारबाट शोधभर्ना हुने ऋण रु.२ अर्ब २८ करोड ८ लाख खर्च गर्ने अनुमान गरेकोमा रु.१ करोड ४५ लाख (०.६३ प्रतिशत) खर्च गरेको छ ।

३.३ मन्त्रालय र मातहतका निकायका लागि पुँजीगत शीर्षकमा विनियोजित रु.९३ अर्ब ७२ करोड ८२ लाखमा रकमान्तरबाट ८० कार्यालयमा रु.५९ अर्ब ३४ करोड ४ लाख थप भएको र ५३ कार्यालयमा रु.३३ अर्ब ७७ करोड ९३ लाख घटाई रु.१ खर्ब १९ अर्ब २९ करोड कायम भएकोले शुरु विनियोजन यथार्थपरक देखिएन । यो वर्ष रकमान्तरबाट बजेट थप तथा घट भएका केही उदाहरण देहाय बमोजिम छन्ः

(रु. लाखमा)

| रकमान्तरबाट थप गरेका बजेट शीर्षक | | | | रकमान्तरबाट घटाएका बजेट शीर्षक | | | |
|---|---|---|---|---|---|---|---|
| ब.उ.शी.नं. | शुरु बजेट | थप बजेट | थप प्रतिशत | ब.उ.शी.नं. | शुरु बजेट | घट बजेट | घट प्रतिशत |
| ३३७१२९४ | १०४९० | १०००० | ९५.३२ | ३३७१२५४ | २४६८८ | ११५१२ | ४६.६३ |
| ३३७१३८४ | ५५०३० | ६२२४२ | ११३.१० | ३३७१४१४ | १५३९७८ | ९४५१७ | ६१.३८ |
| ३३७१४९४ | १४९०० | २०५०९ | १३७.६४ | ३३७१४२४ | २२८२९ | ६२०७ | २७.१९ |
| ३३७१५७४ | २८९९६ | १०८९५० | ३७५.७४ | ३३७३२०४ | १५१०५ | १०१५० | ६७.२० |
| ३३७२२४४ | ५४५२७ | ५११७५ | ९३.८५ | ३३७३३९४ | ३७८०० | ३५१३५ | ९२.९५ |
| ३३७३१२४ | २९७१० | ३१८२५ | १०७.१२ | ३३७३५७४ | २१००० | १३६५५ | ६५.०२ |
| ३३७३५६४ | ११००० | ५७५१३ | ५२२.८४ | ३३७३७०४ | ७००० | ७००० | १००.०० |

३.४ कार्यप्रगतिको आधारमा बजेट थप/घट गर्दा आषाढ महिनामा मात्र २३ आयोजनामा रु.९ अर्ब ३९ करोड ७५ लाख थप गरेको छ भने १८ आयोजनामा रु.९ अर्ब ८ करोड ४९ लाख घटाएको छ ।

३.५ एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित आयोजना निर्देशनालयअन्तर्गत सञ्चालित ४ आयोजनामा अमेरिकी डलर २७ करोड ३० हजार प्राप्त हुने सम्झौता भएकोमा ३६ प्रतिशत अवधि समाप्त हुँदासम्म अमेरिकी डलर ७ करोड ४१ लाख ४७ हजार (२७.१६ प्रतिशत) प्राप्त भएको छ ।

३.६ विनियोजनतर्फ मन्त्रालयले देखाएको कुल खर्चभन्दा महालेखा नियन्त्रक कार्यालयले दुई बजेट उपशीर्षकमा रु.६४ लाख ९० हजार बढी खर्च देखाएको छ ।

३.७ मन्त्रालय र अन्तरगतका ८३ कार्यालयले यो वर्ष रु.७८ अर्ब ८५ करोड ७८ लाख पुँजीगत खर्च गरेकोमा पहिलो चौमासिकमा ८ अर्ब २५ करोड ४९ लाख (१०.४६ प्रतिशत), दोस्रो चौमासिकमा रु.२० अर्ब ८५ करोड ८२ लाख (२६.४५ प्रतिशत) र तेस्रो चौमासिकमा रु.४९ अर्ब ७४ करोड ४७ लाख (६३.०८ प्रतिशत) तथा आषाढ महिनामा रु.२३ अर्ब ६१ करोड ८० लाख (२९.९५ प्रतिशत) खर्च गरेको देखियो । चौमासिक बजेट बाँडफाँडअनुसार खर्च नगरी तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च गरेको पाइयो । अतः समयमै बजेट कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।

४. **स्रोत सुनिश्चितता -** आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७६ को दफा ३ मा बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नु अघि सम्बन्धित मन्त्रालयले राष्ट्रिय योजना आयोगको पूर्व स्वीकृति लिनुपर्ने र पूर्व स्वीकृति पश्चात स्रोत व्यवस्थापनको सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिई प्रचलित कानुनबमोजिम ठेक्का प्रक्रिया अगाडि बढाउनुपर्ने उल्लेख छ । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ (२) मा अर्थ मन्त्रालयको पूर्व सहमति बेगर कुनैपनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउन नहुने उल्लेख छ । अर्थ मन्त्रालयले यो वर्ष ८० कार्यालयका बहुवर्षीय ठेक्का कार्यान्वयनको समयमा रु.५९ अर्ब ३४ करोड ४ लाखको स्रोत सुनिश्चितता एवं थप बजेटको सहमति प्रदान गरेको पाइयो । स्रोत सुनिश्चितता र बजेटको व्यवस्थापन पश्चात मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

५. **कानुनको पालना** - संसदबाट पारित ऐन तथा सोबमोजिम बनेका नियमावलीको पालना गर्नुपर्दछ । कानुनको पालनासम्बन्धी देखिएका केही व्यहोरा देहायअनुसार छन्ः

५.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा विनियोजन ऐन जारी भएपछि मातहत कार्यालयलाई स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । रकमान्तरबाट बजेट थप गरी आर्थिक वर्षको अन्तसम्म रु.२५ अर्ब ५६ करोड ११ लाखको थप अख्तियारी दिएको छ भने आषाढ महिनामा मात्र रु.९ अर्ब ३९ करोड ७५ लाखको थप अख्तियारी दिएको छ । वर्षान्तमा अख्तियारी दिएको कारण रु.३ अर्बको काम हुन सकेको देखिएन ।

५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माणस्थलको व्यवस्था एवं वातावरणीय प्रभाव मूल्याङ्कन नगरी खरीद कार्य सुरु गर्न नहुने उल्लेख भएकोमा सोको पालना नगरी ठेक्का सम्झौता हुने गरेका कारण धेरै आयोजना अधुरो रहेको देखिन्छ । निर्माणस्थलको व्यवस्था भएपछि ठेक्का व्यवस्थापन गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

५.३ वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ तथा बहुवर्षीय ठेक्का बन्दोबस्तसम्बन्धी निर्देशिका, २०७३ अनुसार बहुवर्षीय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन हुनुपर्नेमा २०६६।६७ देखि २०७४।७५ सम्म सडक विभाग मातहत ठेक्का सम्झौता गरेका ५१ योजनाको वातावरणीय प्रभाव मूल्याङ्कन भएको छैन ।

५.४ सार्वजनिक सडक ऐन, २०३१ तथा नेपाल सडक स्टाडरण्ड, २०७० बमोजिम सडकको स्तरअनुसार २० मिटरदेखि ५० मिटरसम्म र सडक बोर्ड निर्देशिका, २०६१ बमोजिम सहायक मार्ग १५/१५ मिटर, जिल्ला सडक १०/१० मिटर र ग्रामीण तथा कृषि सडक ७.५/७.५ मिटर सडक सीमा कायम गरी सडक निर्माण सुरु गर्नुपर्ने भनी गतवर्ष उल्लेख गरे तापनि सुधार भएको छैन ।

कार्य सम्पादन गर्दा अवलम्बन गर्नुपर्ने कानुनको पालना गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

६. **नीति तर्जुमा र कार्यान्वयन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले भौतिक पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ ।

६.१ वातावरणमैत्री सवारी तथा यातायात सेवाको उच्चतम उपयोग गरी आर्थिक तथा वातावरणीय क्षेत्रको विकास गर्न वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ कार्यान्वयनमा ल्याए तापनि सोसम्बन्धी कार्यको अद्यावधिक प्रगति तयार नगरेकोले नीति कार्यान्वयन स्थिति मूल्याङ्कन गर्न सकिएन ।

६.२ सडक, रेल तथा यातायातको विकास गर्न पाँच वर्षे रणनीतिक योजना (२०७३-२०७८) मा सडक पूर्वाधार क्षेत्रका लागि रु.६ खर्ब २० अर्ब, रेल पूर्वाधार क्षेत्रका लागि रु.१ खर्ब ८० अर्ब एवं यातायात व्यवस्थापन क्षेत्रका लागि रु.१६ अर्बसमेत रु.८ खर्ब १६ अर्ब लगानी गर्नुपर्ने उल्लेख छ । योजना लागू भएको ३ वर्ष बितिसक्दा रु.२ खर्ब ५९ अर्ब (३१.७४ प्रतिशत) मात्र खर्च भएकोले नीति कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ ।

६.३ रेल सञ्चालन एवं सुरक्षासम्बन्धी नीति, अन्तर्देशीय रेलसेवा सञ्चालन नीति, रेल सेवा भाडा दर र महसुल निर्धारणको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा रेल विभागले २० वर्षे, १० वर्षे एवं ५ वर्षे अवधारणापत्र तयार गरेको भए पनि मन्त्रालयले रेल सञ्चालन एवं सुरक्षासम्बन्धी नीति एवं मापदण्ड तयार गरेको छैन ।

मन्त्रालयले रेल मार्ग, मेट्रो रेल, राष्ट्रिय लोकमार्ग, सडक सुरक्षासम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रमको तर्जुमा गरी कार्ययोजनासहित कार्यान्वयन गर्नुपर्दछ ।

७. **वार्षिक लक्ष्य र प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन एवं प्रगति समीक्षा गर्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालित राष्ट्रिय गौरवका आयोजना तथा प्राथमिकता प्राप्त र अन्य केही आयोजनामा प्रगति स्थिति देहायबमोजिम देखिएको छः

७.१ पहिलो प्राथमिकता प्राप्त ४१ आयोजनामध्ये ४ आयोजनाको प्रगति शून्य, ५ को ५० प्रतिशतभन्दा कम, १० को ७५ प्रतिशतभन्दा कम र २२ को ७५ प्रतिशतभन्दा बढी रहेको छ । न्यून प्रगति भएका केही आयोजनाको स्थिति देहायबमोजिम छः

७.१.१ शून्य प्रगति भएका ४ आयोजनामध्ये सासेक राजमार्ग सुधार आयोजना, उपक्षेत्रीय यातायात अभिवृद्धि आयोजना र काठमाडौं बाहिरी चक्रपथ आयोजना समेत ३ को लागि यो वर्ष रु.२६ करोड ८२ लाख ३६ हजार बजेट विनियोजन गरे तापनि खर्च गरेको छैन भने दोस्रो पुल सुधार तथा सञ्चार आयोजनाको लागि यो वर्ष बजेट विनियोजन गरेको देखिएन ।

७.१.२ भेरी करीडोर (मरीम-तिन्जेधो सडक) अन्तर्गत २५ कि.मि. ट्र्याक खोली १५ कि.मि. सडक ग्राभेल गर्न रु.२४ करोड ५० हजार विनियोजन भएकोमा रु.७ करोड ७९ लाख खर्च गरी ५ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न गरी २० प्रतिशत भौतिक प्रगति गरेको छ ।

७.१.३ साँघुटार ओखलढुंगा कुइभीर सडक आयोजनाअन्तर्गत १५ कि.मि. ग्राभेल सडक निर्माण गर्न रु.२५ करोड विनियोजन भएकोमा रु.७ करोड २५ लाख खर्च गरी केही संरचना निर्माण गरे तापनि ग्राभेलस्तरको सडक निर्माण भएको छैन ।

७.१.४ चक्रपथ विस्तार आयोजनाअन्तर्गत ३ कि.मि. कालोपत्रे सडक निर्माण गर्न रु.१ अर्ब ४५ करोड ४८ लाख विनियोजन भएकोमा रु.४३ करोड ९१ लाख (३०.१८ प्रतिशत) खर्च गरी एक कि.मि. सडक कालोपत्र े गरी ३३ प्रतिशत भौतिक प्रगति गरेको छ ।

७.१.५ मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला सडक निर्माण सुधारको लागि रु.८ करोड २५ लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ७८ लाख (२१.५७ प्रतिशत) खर्च गरेको छ । प्रगति विवरणमा भौतिक लक्ष्य उल्लेख नगरेकोले मूल्याङ्कन गर्न सकिएन ।

७.२ सडक विभाग र अन्तर्गत निकायबाट भएको तीन आर्थिक वर्षको सडक निर्माणको लक्ष्य तथा प्रगति स्थिति यसप्रकार छः

| सडकको प्रकार | इकाई | २०७३।७४ | | २०७४।७५ | | २०७५।७६ | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| कालोपत्रे सडक | कि.मि. | ७२७ | ६३० | १०२७ | ९०४ | १२२६ | ९८८ |
| ग्राभेल सडक | कि.मि. | ११५५ | ९९२ | १२५७ | १३१३ | १४१६ | १३६३ |
| माटे सडक | कि.मि. | १०५४ | ८०९ | १०२० | ९७१ | ६५२ | ४४० |
| पुल | कि.मि. | १०० | ७२ | १०० | ८२ | ३०० | २४३ |

विगत तीनै वर्ष लक्ष्यअनुसार प्रगति हुन नसकेको देखि ँदा लक्ष्यअनुसार प्रगति गर्न गराउन विभाग एवं मन्त्रालयले ध्यान दिनुपर्दछ ।

७.३ महाकाली पुल आयोजना, महेन्द्रनगरले ३ पुल र कृत्रिम ताललगायतको संरचना निर्माण कार्य रु.३ अर्ब २७ करोड ९३ लाखमा २०७८।२।१९ सम्म सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग सम्झौता गरेकोमा हालसम्म रु ९४ करोड ७१ लाख ३९ हजार भुक्तानी भएको छ । ठेक्का अवधि ४५ महिना

मध्ये २४ महिना समाप्त हुँदासम्म वित्तीय प्रगति २५.१७ प्रतिशत र भौतिक प्रगति ३२ प्रतिशत रहेको छ ।

लक्ष्यअनुसार प्रगति हुन नसक्नुमा जग्गा अधिग्रहण एवं रेखाङ्कनमा विवाद, अन्तर निकाय समन्वयको अभाव, जनशक्ति एवं आवश्यक बजेटको अभाव आदि रहेका छन् । ती समस्या समाधान गरी कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

८. **चौधौँ योजनाको कार्यान्वयन -** चौधौं योजना (२०७३।७४-२०७५।७६) मा मन्त्रालय अन्तर्गत भूकम्पबाट क्षतिग्रस्त सडक संरचनाको पुनर्निर्माण, थप नयाँ सडक निर्माण, इन्टरमिडियट/डबललेन सडक निर्माण, सडकको स्तरोन्नति, आवधिक मर्मत, नियमित मर्मत, थप पुल निर्माण, नयाँ पुल निर्माण कार्य थालनी, सडक घनत्व, कालोपत्रे सडक पहुँच, रेल मार्गको ट्र्याक निर्माण तथा स्तरोन्नति, रेल मार्ग तथा मेट्रो रेलको विस्तृत आयोजना प्रतिवेदन तयार, भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर सञ्चालन, तौल पुल सञ्चालन, ट्राफिक संकेत चिन्ह निर्माण, अनलाइन दरखास्त प्रणाली उपयोग सेवाग्राही, सवारी दर्ता प्रमाणपत्र र सवारी चालक अनुमतिपत्र स्मार्ट कार्डमा परिणत, इम्बोस्ड नम्बर प्लेट प्रयोग, सिण्डीकेट प्रणालीको अन्त्य, रोजगारीको सिर्जनालगायत विविध लक्ष्य राखेको छ । मन्त्रालयले चौधौँ योजनामा उल्लेख भएअनुसार सबै कामको लक्ष्य अनुरुप प्रगति विवरण तयार नगरेकाले प्रगति स्थिति मूल्याङ्कन गर्न सकिएन । अद्यावधिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

९. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७५।७६ मा मन्त्रालयसँग सम्बन्धित विभिन्न कार्यक्रमसञ्चालन गरिने उल्लेख छ । उक्त कार्यक्रममध्ये केही कार्यक्रममा शतप्रतिशत प्रगति गरेको उल्लेख भए तापनि नारायणगढ-बुटवल ११५ कि.मि. सडक ४ लेनमा विस्तार शुरु गर्ने, पुष्पलाल (मध्यपहाडी) लोकमार्गको ३०० कि.मि.सडक कालोपत्रे गर्ने, हुलाकी राजमार्गको ५५४ कि.मि. सडक कालोपत्रे गर्ने, मदन भण्डारी राजमार्गको ४०३ कि.मि. सडक स्तरोन्नति र बड्डीचौर-रुपाल सडकको डी.पी.आर तयार गर्ने, कोशी करिडोरअन्तर्गत २० कि.मि. ट्र्याक निर्माण र २०० पुल निर्माण सुरु गर्ने, कर्णाली करिडोरको ट्र्याक निर्माण गरी कालोपत्रे कार्य शुरु गर्ने, भक्तपुरको साँगामा सुरुङसहित ४ लेनको सडक निर्माण गर्ने, स्थानीय सडक अन्तर्गतका १५० र रणनीतिक सडकअन्तर्गतका ४० समेत १९० पुल निर्माण गर्ने, १२ हजार कि.मि. राष्ट्रिय राजमार्ग मर्मत गर्ने, ७०० कि.मि. रेलमार्गको डी.पी.आर. र ४० कि.मि. निर्माण कार्य गर्ने, पानी जहाज सञ्चालनको लागि कानुनी, नीतिगत, संस्थागत व्यवस्था गर्ने र नौबिसे-नागढुङ्गा सुरुङमार्ग निर्माण कार्य प्रारम्भ गरिने समेत १२ कार्यक्रमको लागि रु.७४ अर्ब ७५ करोड ६८ लाख खर्च गर्ने लक्ष्य रहेकोमा जम्मा रु.४६ अर्ब ६१ करोड ५४ लाख (६२.३४ प्रतिशत) खर्च गरी ३ कार्यक्रममा १९ देखि ४७ प्रतिशत र बाँकी ९ कार्यक्रममा ५३ प्रतिशतदेखि ७४ प्रतिशत वित्तीय प्रगति भएको उल्लेख छ ।

कमला-कञ्चनपुर ८० कि.मि. सडक खण्डको निर्माण सुरु गर्न रु.३ अर्ब ७८ करोड बजेट व्यवस्था गरे तापनि कार्यक्रम सञ्चालन गरेको छैन । बजेट वक्तव्यमार्फत कार्यान्वयन गर्ने भनी उल्लेख भएका कार्यक्रम सम्पन्न गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

१०. **दिगो विकास लक्ष्य एवं प्रगति -** दिगो विकास सम्बन्धी लक्ष्यको सूचकअनुसार बाह्रै महिना सञ्चालनयोग्य सडकको निर्माण २ कि.मि. दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसंख्याको अनुपात सडक घनत्व (किलोमिटर/वर्ग किलोमिटर) सन् २०१५ मा ०.५५ रहेकोमा २०१९ सम्म १.३० पुऱ्याउने, यातायातका प्रकारअनुसार यात्रुहरु र ओसार पसार भएका मालसामानको आयतन पक्की/कालोपत्रे सडकको घनत्व (किलोमिटर/वर्ग किलोमिटर) २०१५ मा ०.०१ रहेकोमा २०१९ मा ०.०७ पुऱ्याउने लक्ष्य रहेको छ । मन्त्रालयबाट प्राप्त प्रतिवेदनअनुसार २०१९ मा २ किलोमिटर दूरीभित्र बस्ने जनसंख्याको अनुपात ०.६३ प्रतिशत र कालोपत्रे पक्की सडकको घनत्व अनुपात ०.१२ प्रतिशत पुगेको उल्लेख छ ।

दिगो विकाससम्बन्धी माग र आपूर्तिको अन्तरलाई घटाउन मन्त्रालयले लगानी वृद्धि गर्नुपर्ने, नयाँ सडक निर्माणलाई प्राथमिकता दिनुपर्ने र सडक निर्माणमा जनताको संलग्नता वृद्धि गर्नुपर्ने उल्लेख छ । सुझाउ कार्यान्वयन गरी दिगो विकासको लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

११. **समग्र उपलब्धि -** शुसासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम मन्त्रालयले हासिल गरेको प्रमुख उपलब्धिको सम्बन्धमा अर्थ मन्त्रालयले प्रस्तुत गरेको आर्थिक सर्वेक्षण पुस्तिकामा २०७५।११।३० सम्म कालोपत्रे सडक १४ हजार १०२ कि.मि, ग्राभेल सडक ७ हजार ८८१ कि.मि., कच्ची सडक ९ हजार ४१० कि.मि.समेत ३१ हजार ३९३ कि.मि. सडक निर्माण भएको उल्लेख छ भने सडक विभागबाट प्राप्त २०७६।३।३० सम्मको प्रगति प्रतिवेदनमा कालोपत्रे सडक १४ हजार ६९५ कि.मि., ग्राभेल सडक ८ हजार ५९४ कि.मि., कच्ची सडक ९ हजार ५९० कि.मि.समेत ३२ हजार ८७९ कि.मि. रहेको छ । निर्माण सम्पन्न भएका सडकको सम्पन्न वर्ष, लगानी र सडकको अवस्था खुल्ने अभिलेख नराखेकाले सडक संरचना निर्माण कार्यमा भएको खर्च यकिन गर्न सकिएन । अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

१२. **संगठन संरचना -** कर्मचारी समायोजन ऐन, २०७४ को दफा ४ मा नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी निर्धारण गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्न सक्ने व्यवस्था छ । मन्त्रालय र मातहतका कार्यालयको दरबन्दी र पदपूर्तिको अवस्था निम्नानुसार रहेको छः

| क्र. सं. | कार्यालय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | मन्त्रालय | ९४ | ६३ | ३१ |
| २ | सडक विभाग | २०५५ | १७८८ | २६७ |
| ३ | यातायात व्यवस्था विभाग | ७४ | ६३ | ११ |
| ४ | रेल विभाग | ३५ | २७ | ८ |
| ५ | नेपाल पानी जहाज कार्यालय | १६ | ११ | ५ |
| | **जम्मा** | **२२७४** | **१९५२** | **३२२** |

स्वीकृत दरबन्दीमध्ये रिक्त रहेको ३२२ पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । कार्यालय र दरबन्दी पुनरावलोकन गर्दा सडक विभागअन्तर्गत रहेका ३३ सडक डिभिजनमध्ये १४ डिभिजन प्रदेशमा हस्तान्तरण गरेकोमा जनशक्ति नपुग भएको जनाई प्रदेशअन्तर्गतका डिभिजनबाट संघीय कार्यक्रम सञ्चालन गरेको छ ।

१३. **मुआवजा दर मूल्याङ्कन -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १६ मा जग्गाको मुआवजा निर्धारण गर्दा सरोकारवाला व्यक्ति अन्यत्र सार्नु परेबाट व्यहोर्नु परेको नोक्सानी र प्रचलित जग्गाको मुआवजासमेत विचार गरी मूल्य निर्धारण गर्नुपर्ने उल्लेख छ । मुआवजा खर्चसम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

१३.१ नागढुङ्गा सुरुङ निर्माणस्थलको पूर्वी विन्दुदेखि त्रिभुवन लोकपथसम्म जोड्ने सडक मार्गमा पर्ने जग्गा मालपोत कार्यालयको मूल्याङ्कन पुस्तिकामा प्रतिआना न्यूनतम रु.५० हजारदेखि अधिकतम ६ लाखसम्म मूल्य कायम भएको देखिन्छ । उक्त जग्गा अधिग्रहण गर्दा २०७५।३।२४ मा बसेको मुआवजा निर्धारण समितिले राजमार्गले छोएको, मूल पक्की सडकले छोएको, सहायक पक्की सडकले छोएको, कच्ची मोटर बाटाले छोएको, गोरेटो बाटाले छोएको र बाटोले नछोएको समेत ६ वर्गमा विभाजन गरी प्रति आना क्रमशः रु.४२ लाख, रु.२१ लाख, रु.१९ लाख, रु.१७ लाख, रु.१३ लाख र रु.९ लाख मूल्याङ्कन गरी मुआवजा दिने निर्णय गरेको छ । उक्त वर्गीकरणअनुसारको जग्गा मालपोत कार्यालय, कलंकीमा कारोबार हुँदा प्रतिआना क्रमशः रु.८ लाख, रु.८ लाख, रु.२ लाख रु.७५ हजार, रु.२ लाख, रु.१ लाख र रु.५०

हजारमा कारोबार भएको देखिन्छ । मुआवजा निर्धारण समितिले निर्धारण गरेको जग्गाको दर प्रचलित कारोबार दरभन्दा १८ गुणासम्म बढी देखिएको छ ।

१३.२ रेल आयोजनाले २० वर्षभन्दा बढी ऐलानी जग्गा भोगचलन गरी बसोवास गर्दै आएको आधारमा पूर्वपश्चिम रेलमार्गको ट्र्याकमा पर्ने ६ बिघा १२ कट्ठा १३ धुर जग्गाको मुआवजा सो स्थानमा पर्ने नम्बरी जग्गाको लागि कायम गरेको दरको ७५ प्रतिशतले हुनेगरी निर्धारण गरेको छ । नेपाल सरकारले समयमै ऐलानी जग्गाको संरक्षण नगरेका कारण ती जग्गाको समेत मुआवजा वितरण गर्नुपरेको देखिन्छ ।

अधिग्रहण गरिने जग्गाको मूल्य निर्धारण सम्बन्धमा नीतिगत निर्णय परिमार्जन हुन नसकेकोले नेपाल सरकारलाई थप व्ययभार पर्न गएको देखिन्छ ।

## सडक विभाग

विभागले दीर्घकालीन एवं अल्पकालीन सडक संरचनाहरुको निर्माण एवं सुधार कार्य मातहत डिभिजन एवं योजना कार्यालयहरुमार्फत सञ्चालन गर्ने गरेको छ । सडकहरुको मर्मत सम्भारको कार्यमा हेभी इक्वीपमेन्ट डिभिजन र यान्त्रिक कार्यालयहरुमा रहेको उपकरण समेत परिचालन गर्ने गरेको छ । विभाग मातहतका १४ डिभिजन सडक कार्यालय प्रदेश सरकारलाई हस्तान्तरण भएको छ ।

१४. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौतामा तोकिएको समयमा काम सम्पन्न नगर्ने आपूर्तिकर्ताले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । विभागले ७ थान वाटर टैंकर २०७५।५।१४ भित्र आपूर्ति गर्ने गरी रु.१ करोड ९३ लाख १३ हजारको सम्झौता गरेकोमा तोकिएको अवधिमा आपूर्ति गर्न नसकी १५ दिन समय थप गरेको छ । खरिद गरिएका टैंकर स्पेसिफिकेसनबमोजिम नभएकाले फिर्ता लगी २०७५।१२।११ मा मात्र आपूर्ति गरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.१७ लाख ९ हजार असुल हुनुपर्नेमा रु.३ लाख ९ हजार असुल गरेकोले नपुग रु.१४ लाख असुल गर्नुपर्दछ ।

१५. **फरक स्पेसिफिकेसन** - सार्वजनिक खरिद नियमावली, २०६४ एवं खरीद सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिमको सामान प्राप्त भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । विभाग अन्तर्गतको यान्त्रीक महाशाखाले ४ थान ट्रक माउन्टेन्ट बिटुमिन डिष्ट्रिव्युटर खरिद गर्न जर्मनीको एक कम्पनीसँग सम्झौता गरेको छ । उक्त सामानको लागि स्वीकृत स्पेसिफिकेसनमा ९ गियर ट्रान्समिसन हुनुपर्नेमा ६ गियर ट्रान्समिसन आपूर्ति गरेको समेत १० प्रकारका कैफियत देखिएको प्राविधिक प्रतिवेदन प्रिन्सिपल कम्पनीलाई पठाएको छ । उक्त कम्पनीबाट ६ गियर ट्रान्समिसन बढी भरपर्दो भएकोले त्यसलाई स्वीकार गर्न र परल मूल्यमा युरो ३ हजार २ सय कट्टा गर्न सकिने प्रस्ताव पठाएकोमा युरो ८ हजार कट्टा गरी युरो ५ लाख १३ हजार २०० र रु.८५ लाख २ हजार भुक्तानी गरेको छ । स्वीकृत स्पेसिफिकेसनभन्दा फरक उपकरण प्राप्त भएकोमा स्वीकार गरी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

१६. **मातहतको ठेक्का व्यवस्थापन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त अधिकारीको काममा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नहुने उल्लेख छ । केन्द्रीय निकायको रुपमा रहेको सडक विभाग र निर्देशनालयहरुले मातहतका कार्यालयले सम्पादन गरेको कामको अनुगमन तथा मूल्याङ्कन एवं नीति निर्माण कार्यमा केन्द्रित हुनुपर्नेमा मातहत कार्यालयबाट कार्यान्वयन गर्ने ठेक्कासमेत विभागबाट खरिद व्यवस्थापन गरेको देखियो । यो वर्ष पुष्पलाल (मध्यपहाडी) आयोजना निर्देशनालयले वसन्तपुर-म्याङलुङ्ग खण्डमा सडक निर्माण र स्तरोन्नति गर्ने कार्यको लागि रु.१ अर्ब ५१

करोड ६ लाखका ३ खरिद सम्झौता गरी निर्माण व्यवसायीलाई रु.९ करोड ९४ लाख पेस्की उपलब्ध गराएको छ । मातहत कार्यालयको क्षेत्राधिकारको काम तालुक कार्यालयबाट गर्नु उपयुक्त देखिएन ।

१७. **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्ने, बिना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गर्ने सम्बन्धमा बिभिन्न व्यबस्था गरेको देखिन्छ । यो वर्ष ८ कार्यालयले रु.३ अर्ब ४८ करोड ५६ लाख लागत अनुमान भएको निर्माण कार्य गर्न बोलपत्रको माध्यमबाट ५१ निर्माण व्यवसायीसँग रु.३ अर्ब ४६ करोड ८ लाख (लागत अनुमानको तुलनामा ०.०१ देखि १.३६ प्रतिशत घटी) को खरिद सम्झौता गरेको छ । प्रतिस्पर्धा कायम हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१८. **ठेक्का व्यवस्थापन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था छ । विभाग मातहतका ३० कार्यालयले यो वर्ष प्रथम चौमासिकमा ११० (१०.०५ प्रतिशत), दोस्रो चौमासिकमा ३२४ (२९.६२ प्रतिशत), तेस्रो चौमासिकमा ६६० (६०.३३ प्रतिशत) र २०७६ आषाढमा १९३ (१७.६४ प्रतिशत) समेत १ हजार ९४ खरिद सम्झौता गरेका छन् । खरिद सम्झौता भएकामध्ये प्रथम चौमासिक पछि ८९.९५ प्रतिशत सम्झौता गरेको र १७.६४ प्रतिशत आषाढ महिनामा सम्झौता गरेकोले अधिकांश निर्माण कार्य सम्पन्न भएको छैन । नियमावलीअनुसार समयमै ठेक्का बन्दोबस्त गरी सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्दछ ।

१९. **अधुरो निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । मन्त्रालय मातहत (प्रदेशमा हस्तान्तरण भएका बाहेक) यो वर्ष कार्यान्वयनमा रहेका रु.२ खर्ब ९१ अर्ब ६४ करोडका ३ हजारका ११४ ठेक्का सम्झौतामध्ये रु.१ खर्ब ८२ अर्ब ३२ करोडका १ हजार ३६५ ठेक्का शुरु म्याद समाप्त हुँदासम्म अधुरो रहेका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१९.१ पुल योजना पूर्वी सेक्टर नम्बर १ अन्तर्गत ११ पुल निर्माण कार्यको सम्झौता रकम रु.२ अर्ब २१ करोड १२ लाख रहेकोमा उक्त आयोजनाहरुको शुरु म्याद समाप्त हुँदासम्म रु.७४ करोड ६७ लाख (३३.७६ प्रतिशत) भुक्तानी भई ७ देखि अधिकतम ६० प्रतिशत मात्र भौतिक प्रगति भएको उल्लेख छ ।

१९.२ पुल योजना पश्चिम क्षेत्र सेक्टर नम्बर ३, बाँकेले कर्णाली नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.३० करोड ७ लाखमा २०७६।३।२८ सम्म सम्पन्न गर्ने गरी २०७२।३।२८ मा सम्झौता भएकोमा शुरु म्याद समाप्त हुँदासम्म रु.११ करोड २४ लाख १४ हजार (३७.३८ प्रतिशत) भुक्तानी गरी ४२ प्रतिशत भौतिक प्रगति गरेको छ । पुलको डिजाइन प्रतिवेदन २०७२।९।२४ मा प्राप्त भए तापनि जटिल प्रकृतिको पुल भएकोले डिजाइन जाँच गर्न चीन पठाउँदा समय लागेको भनी २०७४।१०।२३ मा मात्र स्वीकृत भएको छ । महानिर्देशकबाट उक्त खरिद सम्झौताको म्याद २०७७।३।२७ सम्म थप भएको छ ।

१९.३ हुलाकी राजमार्ग योजना कार्यालय, बाँकेले सुर्जुखोला पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७५।३।२० सम्म सम्पन्न गर्नेगरी रु.६ करोड ८४ लाख २७ हजारमा सम्झौता गरेकोमा ठेक्काको म्याद ११ महिना थप गर्दा समेत रु.३ करोड ७४ लाख ६० हजार भुक्तानी गरी एक साइडको एबुटमेन्ट र अर्को साइडको फाउण्डेसनको काम मात्र गरी करिब ४५ प्रतिशत प्रगति गरेको देखिन्छ ।

१९.४ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना, दैलेखले जहारी खोला पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७०।६।३० सम्म कार्य सम्पन्न गर्ने गरी रु.१ करोड ८७ लाख १५ हजारमा सम्झौता गरेकोमा २०७२।१२।२९ सम्म म्याद थप भएको थियो । २०७६ आषाढसम्म रु.१ करोड ४३ लाख

७४ हजार भुक्तानी गरी ७५ प्रतिशत प्रगति भए तापनि निर्माण कार्य अधुरो रहेको छ । आयोजनाले म्याद थप नभएको कारण १० प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गरे तापनि ठेक्का अन्त्य गर्नेतर्फ कारबाही गरेको देखिएन ।

१९.५ सडक डिभिजन कार्यालय, रुपन्देहीले मणिग्राम र मोतिपुर जोड्ने तिनाउ नदी पुल रु.१० करोड ३७ लाख ९५ हजारमा २०६९।९।१६ सम्म सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २०६७।३।१५ मा सम्झौता गरेकोमा २०७२।३।२४ सम्म म्याद थप गरी रु.३ करोड ४८ लाख ९७ हजार भुक्तानी गरेको छ । तत्पश्चात म्याद थप नभएको र काम नगरेकोले गतवर्षको लेखापरीक्षणबाट रु.१ करोड ३ लाख ७९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख गरेकोमा सो असुल गरेको छैन भने ८ वर्ष बितिसक्दा समेत काम अलपत्र अवस्थामा रहेको छ ।

१९.६ कालिगण्डकी करिडोर सडक योजना, पाल्पाले ज्यागदी खोला पुल १८ महिनाभित्र सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग रु ३ करोड ६१ लाख ७६ हजारमा २०७४।३।२८ मा सम्झौता गरेको छ । सम्झौताको म्याद २०७६।३।२७ सम्म थप गरी रु.१ करोड ५५ लाख ८० हजार भुक्तानी भएको छ । स्थलगत निरीक्षण गर्दा पुलको दायाँबायाँको एबुटमेन्ट उठाउने बाहेक अन्य कुनै कार्य भएको देखिएन ।

१९.७ सडक डिभिजन कार्यालय, डोटीले डडेल्धुराको रडुवा खोलामा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७३।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा २०७३।९।१५ सम्म म्याद थप गरी रु.१ करोड ३ लाख ८२ हजार (४८.९२ प्रतिशत) भुक्तानी दिएको छ । लेखापरीक्षणको क्रममा २०७६।५।१२ मा कार्यालय प्रमुख र सम्बन्धित प्राविधिक समेतको उपस्थितिमा स्थलगत अवलोकन गर्दा दुवै तर्फको आधा एबुट्मेन्टसम्म निर्माण भएको र पुलको गर्डर, स्लाब, एप्रोच रोडको काम पूरै बाँकी देखिएको छ ।

१९.८ सडक डिभिजन कार्यालय, डोटीले सेती नदी पुल निर्माण कार्य एक निर्माण व्यवसायीबाट २०७४।३।२९ सम्म सम्पन्न गर्नुपर्नेमा २०७५।८।५ सम्म म्याद थप गरी रु.३ करोड २५लाख ९८ हजार (सम्झौताको १२.४४ प्रतिशत) भुक्तानी गरी भौतिक प्रगति २० प्रतिशत रहेको छ । कार्यालयबाट बैङ्क जमानत जफत गर्न पत्राचार भएकोमा जफत भएको छैन । पुलको २ वटा एबुटमेन्ट आधा तयार भएको र ७ वटा पियरको काम शुरु नै भएको छैन । भू-बनौटका कारण पियर राख्न नमिलेको प्राविधिकको भनाइ छ । पुलको सर्भे, ड्रइङ्ग डिजाइन कार्य प्रभावकारी देखिएन ।

सम्झौताबमोजिमको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

२०. **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना, दैलेखले जाजरकोट जिल्लाको कुदु जोड्ने भेरी नदी पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१३ करोड १३ लाख ५२ हजारमा २०७२।३।२८ मा सम्पन्न गर्न सम्झौता गरेकोमा २०७५।३।२० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीलाई २०७३।१२।१० सम्म रु.२ करोड ६९ लाख १६ हजार भुक्तानी भएपछि निर्माण कार्य स्थगित गरेको देखियो । उक्त कामको प्रगति ३० प्रतिशतमात्र भएको र निर्माण कार्य अगाडि नबढाएमा ठेक्का तोड्नेसम्मको कारबाही गरिने पटक पटक जानकारी गराएकोमा समेत निर्माण कार्य सुचारु गरेको छैन ।

२०.१ हुलाकी राजमार्ग योजना, कैलालीले सडक स्तरोन्नति गर्न एक संयुक्त उपक्रमसँग २०७३।११।२ सम्म निर्माण सम्पन्न गर्न रु.४१ करोड ४१ लाखमा सम्झौता गरी रु.३ करोड १५ लाख पेस्की दिएकोमा २०७६।५।२७ सम्म म्याद थप गर्दा समेत कुनै काम नगरेकोमा पेस्की जमानत असुल गरेको छैन ।

त्यस्तै कान्द्रा नदीमा पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७२।९।३० सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी रु.४ करोड ४२ लाखमा सम्झौता भएकोमा निर्माण कार्य शुरु गरेको छैन ।

२०.२ सेती राजमार्ग (उत्तर खण्ड) चैनपुर ताक्लाकोट सडक योजनाले एक संयुक्त उपक्रमसँग सम्झौता गरी रु.८६ लाख ८४ हजार पेस्की दिएकोमा निर्माण कार्य शुरु गरेको छैन । यसैगरी देवसैन खोलाको मोटरेबल पुल निर्माणका लागि अर्को एक निर्माण व्यवसायीसँग २०७१।०७।२७ सम्ममा रु.१० करोड ३४ लाखको कार्य सम्पन्न गर्नेगरी रु.१ करोड ३ लाख पेस्की दिएकोमा निर्माण कार्य शुरु गरेको छैन । सम्झौताबमोजिम काम सुरु नगर्ने वा बीचमा स्थगित गर्ने निर्माण व्यवसायीबाट पेश्की बाँकी रकमको व्याजसमेत असुल गरी नियमावली बमोजिम कारबाही गर्नुपर्दछ ।

२१. **कन्टिन्जेन्सी खर्च -** नेपाल सरकारले जारी गरेको आर्थिक संकेत तथा खर्च वर्गीकरणमा खर्चसम्बन्धी संकेतहरु तोकिएका छन् । उक्त संकेतसँग मेल नखाने गरी सार्वजनिक निर्माण खर्च शीर्षकबाट विभाग र अन्तगतका ६८ कार्यालयले मष्टरोल ज्याला रु.१९ करोड ८८ लाख, इन्धन खर्च रु.९ करोड १२ लाख, सूचना प्रकाशन खर्च रु.६ करोड २० लाख, दैनिक तथा भ्रमण भत्ता खर्च रु.५ करोड १३ लाख, मर्मत खर्च रु.११ करोड ४ लाख, कार्यालय सामान रु.८ करोड ५८ लाख र अन्य खर्च रु.१२ करोड ७७ लाखसमेत रु.७२ करोड ७२ लाख कन्टिन्जेन्सी रकमबाट खर्च गरेका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः

२१.१ मन्त्रालय र अन्तर्गत ८५ कार्यालयले पुँजीगत कार्यमा रु.७९ अर्ब ३ करोड २८ लाख खर्च गरेकोमा कन्टिन्जेन्सीमा रु.७२ करोड ७२ लाख (०.९२ प्रतिशत) खर्च गरेका छन् ।

२१.२ विभागले मातहत कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएकोमध्ये गत वर्ष सम्बन्धित कार्यालयले कन्टिन्जेन्सी खर्च जनाई विभागमा पठाएको रु.११ करोड १२ लाख ७५ हजार कार्य सञ्चालन कोषमा राखी योवर्ष रु.२ करोड ७१ लाख ८ हजारको मेसिनरी औजार खरिद गरेको छ । मातहत कार्यालयलाई अख्तियारी दिएको रकम विभागमा प्राप्त गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२१.३ मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकाले कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्का गत खर्चको अभिलेख राख्ने व्यवस्था गरे तापनि विभाग र मातहतका कार्यालयले सो अनुरुप अभिलेख राखेको पाइएन । स्वीकृत निर्देशिकाको पालना गर्नुपर्दछ ।

२२. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ (संशोधनसहित) दफा ९५क(५) मा प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा रु.१० लाख वा सोभन्दा बढीको जग्गा वा निजी भवन निसर्ग गरेमा पुँजीगत लाभकर असुल गर्ने व्यवस्था छ । महाकाली पुल योजना, कञ्चनपुर, हुलाकी राजमार्ग योजना कार्यालय, पर्सा र ए.डी.बी. आयोजना निर्देशनालयले ७३ व्यक्तिलाई रु.१ अर्ब रु.१६ करोड ४० लाख मुआवजा तथा क्षतिपूर्ती भुक्तानी गर्दा रु.७७ लाख ६७ हजार पुँजीगत लाभकर असुल गरेको छैन । उक्त रकम असुल गर्नु पर्दछ ।

२३. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)(क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ ।

२३.१ वैदेशिक परामर्शदातासँगको निर्भरता घटाउँदै स्वदेशी प्राविधिक जनशक्तिको उपयोग गरी दक्षता अभिवृद्धि गर्दै जानुपर्नेमा आयोजना निर्देशनालय (ए.डी.बी.) अन्तर्गत वैदेशिक सहायतामा सञ्चालित ४ आयोजनाको कुल आयोजना लागत अमेरिकी डलर २७ करोड ३१ हजार रहेकोमा परामर्श सेवामा अमेरिकी डलर २ करोड २६ लाख ९१ हजार (औसत ८.४० प्रतिशत) खर्च भएको छ ।

परामर्श खर्चबाट ७ परामर्शदाता नियुक्ति भई निर्माण कार्यको विस्तृत ड्रइङ्ग डिजाइन र लागत अनुमान तयार गर्ने, निर्माण कार्यको अनुगमन गरी गुणस्तर कायम गर्ने र निर्माण व्यवसायीले पेस गरेको बिल प्रमाणीकरण गर्ने कार्य गरेको छ । चार आयोजनाअन्तर्गत १६ खरिद सम्झौता भई ४४१.२२ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेकोमा हाल २८३.९२ कि.मी सम्पन्न भई १५७.३ कि.मि. निर्माणाधीन अवस्थामा रहेका छन् । निर्देशनालयमा अधिकृतस्तरका २७ प्राविधिक जनशक्ति रहेकोमा निर्माण कार्यको सबै पक्षको जिम्मेवारी परामर्शदातालाई दिई निर्देशनालयको मौजुदा जनशक्ति व्यवस्थापन कार्यमा मात्र सिमित रहेको देखियो । जनशक्तिको उचित प्रयोग गर्नुपर्दछ ।

२३.२ मन्त्रालयअन्तर्गतका विभिन्न ५ आयोजनाले यस वर्ष रु.१० अर्ब ५४ करोड १० लाख खर्च गरेकोमा परामर्श सेवामा रु. ६३ करोड ७ लाख खर्च गरेका छन् ।उक्त खर्चबाट रेल आयोजनाले पूर्वपश्चिम रेलमार्गको ८७६ कि.मि. को डी.पी.आर तयार गरेको, सडक सुधार आयोजनाले २३ सडकको सुपरभिजनको काम परामर्शदाताबाट गराएको, सडक क्षेत्र विकास आयोजनाले ४ सडक र ३७ पुलको विस्तृत सर्वेक्षण डिजाइन तयार गरी सुपरिवेक्षण र अनुगमन कार्य गरेको, नेपाल भारत व्यापार तथा यातायात आयोजनाले २० पुलको विस्तृत डिजाइन कार्य सम्पन्न गरेको र नागढुङ्गा सुरुङ मार्गले विस्तृत सर्भे, डिजाइन लागत अनुमान तयार गरी सुरुङ र एप्रोच सडकको निर्माण कार्यको सुपरभिजन गराएको देखिन्छ । निर्माण खर्चको तुलनामा १७.७७ प्रतिशतसम्म परामर्श खर्च गरेकोले त्यसमा उचित नियन्त्रण हुनुपर्दछ ।

२४. **निर्माणस्थल एवं समन्वय -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा अन्य निकायसँग सहयोग स्वीकृति र छलफल गर्ने कार्य प्रथम चौमासिकमा गर्नुपर्ने व्यवस्था छ ।

२४.१ सडक विस्तार आयोजना, रानी, सुनसरीले विराटनगरदेखि धरानसम्म ६ लेन सडकको इटहरीदेखि दुहबी खण्डमा करिब ५.५ कि.मि. सडकको किनारबाट टेंग्रा खोला बगेको र त्यस खण्डमा रु.१ अर्ब ६९ करोड २७ लाखको ३ ठेक्का सम्झौता भएको छ । परामर्शदाताले २०११ मा खोलाको विस्तृत अध्ययन र विश्लेषण नगरी ३० मिटर सडक विस्तार गर्नेगरी डिजाइन तयार गरेको र विभागले स्वीकृत गरेको छ । आयोजनाले डिजाइन र निर्माणस्थलको अध्ययन नगरी ठेक्का सम्झौता गरेको कारण खोलातर्फ पर्ने सडकमा काम हुनसकेको देखिएन । उक्त सडक खण्डको निर्माण कार्य २०७५।११।२ मा सम्पन्न गर्नुपर्नेमा यो वर्षसम्ममा रु.६९ करोड ३५ लाख (४१ प्रतिशत) खर्च गरेको छ । सडकको सीमा र खोलाको व्यवस्थापन नगरी ठेक्का सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सडक निर्माण गराउनुपर्दछ ।

२४.२ हुलाकी सडक आयोजना, बाँकेले ढडेरी-राजापुर-सत्तीघाट एप्रोचरोड निर्माण गर्न एक निर्माण व्यावसायीसँग २०७२।१०।७ मा भएको रु.७ करोड २६ लाख ८ हजारको सम्झौताको म्याद २०७३।१०।५ सम्म रहेकोमा सडक रेखाङ्कनमा सामुदायिक बन परेको, रुख कटान गर्नुपर्ने कारण जनाई २०७५।४।५ सम्म म्याद थप भएको र भेरिएसनबाट सम्झौता रकम रु.८ करोड २३ लाख ४४ हजार कायम भएको छ । हालसम्म रु.५ करोड ८२ लाख (७१ प्रतिशत) भुक्तानी भई निर्माण कार्य अधुरो रहेको छ ।

२४.३ पुल योजनामध्ये सेक्टर नं. २, ललितपुरले लामोसाँघु-जिरी सडक खण्डमा सुनकोशी पुल निर्माण गर्न निर्माण व्यवसायीसँग रु.९ करोड ५६ लाख ८८ हजारको काम २०७५।५।५ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पुलको एक साइडको व्यक्तिगत जग्गाको मुआवजा दिन २०७५।४।२७ मा मन्त्रालयमा पठाएको छ ।निर्माण व्यवसायीलाई रु.१ करोड १५ लाख ८६ हजार (१२.१० प्रतिशत) भुक्तानी भई निर्माण कार्य अधुरो रहेको छ । यसैगरी तामाकोशी नदीमा अर्को पुल निर्माण कार्य अर्को

एक निर्माण व्यवसायीसँग २०७५।५।५ सम्म सम्पन्न गर्ने गरी रु.८ करोड ६५ लाख ९ हजारमा २०७३।५।६ मा सम्झौता भएकोमा पुलका दायाँबायाँ पसल कबल, घर टहरा नहटाइएको कारण उल्लेख गरी २०७४ आषाढसम्म रु.३० लाख ५१ हजार (३.५२ प्रतिशत) भुक्तानी भएपछि निर्माण कार्य स्थगित गरेको छ।

निर्माणस्थल, मुआवजा लगायतको समस्या समाधान गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने र सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२५. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । यो वर्ष ७ कार्यालयले पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय गरेकोमा रु.१३ करोड २० लाख १७ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् ।

२५.१ सडक विभागले सम्झौतामा तोकिएको अवधिभन्दा ११२ दिन ढिला सामान आपूर्ति गरेकोमा ४८ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति लिएकोले घटी लिएको रु.४८ लाख ९१ हजार असुल हुनुपर्दछ ।

२५.२ सडक विस्तार आयोजना रानी-विराटनगर-सुनसरीले पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप भएकोमा रु.३ करोड ८६ लाख ८० हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको छैन । उक्त रकम असुल गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

२५.३ सडक डिभिजन कार्यालय, दाङले कटुवा-खोला-तुल्सीपुर चोक सडक विस्तार कार्यमा निर्माण व्यावसायीले ढिलाइ गरेकोले रु.३९ लाख पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेको छ । नियमानुसार १० प्रतिशतले हुने रु.१ करोड ३ लाख २ हजार कट्टा गर्नुपर्नेमा घटी कट्टा गरेको रु.६४ लाख २ हजार असुल गर्नुपर्दछ ।

२५.४ उत्तर दक्षिण (दोभान-ओलाङ्गचुङ्गगोला) सडक योजना, ताप्लेजुङ्गले तमोर नदी माथि ट्रस ब्रिज निर्माण कार्यको म्याद २०७१।१।३ देखि पूर्वनिर्धारित क्षतिपूर्ति लिई काम गराउने गरी म्याद थप गरेकोमा क्षतिपूर्तिबापतको रकम असुल गरेको छैन । अतः पूर्व निर्धारित क्षतिपूर्तिबापतको रु.१ करोड ३ लाख ६० हजार असुल गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

२५.५ सडक डिभिजन कार्यालय, धनकुटाले तमोर नदीमा पुल निर्माण रु.१३ करोड ५९ लाख ४१ हजारमा भएकोमा २०७२।१२।२६ सम्म म्याद थपसमेत गरेको छ । यो वर्ष निर्माण व्यवसायीले काम गरेको छैन । निर्माण व्यवसायीले काममा ढिलाइ गरेकोले रु.१ करोड ३५ लाख ९४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रु.५२ लाख ६१ हजार असुल गरेकोले नपुग रु.८३ लाख ३३ हजार असुल गर्नुपर्दछ ।

२५.६ मदन भण्डारी राजमार्ग योजना कार्यालय, हेटौंडाले वाग्मती पुल निर्माणका निर्माण व्यवसायीसँग रु.२३ करोड ३० लाख ९ हजारको सम्झौता भएकोमा २०७५।६।२७ सम्म (२ वर्ष ३ महिना) म्याद थप भएको र भौतिक प्रगति ६० प्रतिशत रहेको छ । उक्त पुलको डिजाइन समेत निर्माण व्यवसायीबाटै हुने गरी सम्झौता भएकोले डिजाइनको कारण भएको ढिलाइको जिम्मेवारी निर्माण व्यवसायीको रहने देखिन्छ । सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति रु.५८ लाख २५ हजार असुल गर्नुपर्दछ ।

२५.७ लामोसाँघु-तामाकोशी-जिरी सडक योजना, सिन्धुपाल्चोकले मुडे-चरिकोट सडक स्तरोन्नति कार्य २०७४।११।२१ मा काम सम्पन्न गर्ने गरी रु.७९ करोड ८९ लाख ६७ हजारको सम्झौता भएकोमा काम सम्पन्न नभएकोले १४४ दिनको क्षतिपूर्ति लिने गरी २०७६।३।३१ सम्म म्याद थप गरेको छ । सम्झौताबमोजिम १४४ दिनको रु ५ करोड ७५ लाख २६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

२६. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था छ । यो वर्ष २४ कार्यालयले खरिद सम्झौतामा रु.१ अर्ब रु.२४ करोड ५५ लाखको भेरिएसन आदेश जारी गरेको पाइयो । भेरिएसन आदेश सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२६.१ सडक विस्तार आयोजना, सुनसरीले एक निर्माण व्यवसायीसँग ३ कि.मि. सडक निर्माण गर्न सम्झौता भएकोमा रु.२२ करोड २५ लाख ३३ हजार भुक्तानी गरेको छ । भेरिएसनबाट सम्झौता रकम रु.४६ करोड ४ लाख ७५ हजार कायम गरेको देखिन्छ । सिमेन्ट जोडाइमा ढुङ्गाको गाह्रो लगाउने कार्यमा ७ हजार ८७३ घनमिटर थप गरी प्रतिघनमिटर रु.८ हजार ५ सय दर निर्धारण गरेको छ ।

लागत अनुमानभन्दा शुरु सम्झौतामा २६.९६ प्रतिशतले घटेको छ भने उक्त आइटममा ३२.३० प्रतिशतले घटी कबोल गरी प्रतिघनमिटर रु.५ हजार ८०० कबोल गरेको छ । भेरिएसन गर्दा उक्त आइटमको हालको लागत अनुमान प्रतिघनमिटर रु.९ हजार ८४० रहेकोमा शुरु ठेक्कामा घटेको अनुपातमा आधारमा रु.७ हजार १८७ कायम गर्नुपर्नमा रु.८ हजार ५०० कायम गरेबाट रु.१ करोड ९ लाख ११ हजार थप व्ययभार परेको छ ।

२६.२ पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना, पर्वतले २ ठेक्कामा लागत अनुमानको परिमाण भन्दा ढल तथा पर्खाल निर्माण कार्यमा रु.८ करोड ६५ लाख ३१ हजार बढी भुक्तानी भएको छ । प्राविधिक पुष्ट्याइँसहित भेरिएसन आदेश जारी गरेको छैन ।

२६.३ गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुवेसी-रसुवागढी सडक योजनाले एक निर्माण व्यवसायीलाई सम्झौताबमोजिम बिल अफ क्वाण्टिटीमा उल्लिखित परिमाणभन्दा विभिन्न आइटममा भेरिएसन आदेश स्वीकृत नगरी रु. ५ करोड ९५ लाख ६९हजार भुक्तानी गरेको छ ।

२६.४ सडक डिभिजन कार्यालय, बिराटनगरले बक्राहाखोला पुल निर्ममाणको संशोधित ड्र्इङ्ग डिजाइन स्वीकृत गरे तापनि भेरिएसन स्वीकृत नगरी एक निर्माण व्यवसायीलाई थप कामको रु.१ करोड ५६ हजार भुक्तानी गरेको छ ।

प्राविधिक पुष्ट्याइँसहित भेरिएसन जारी गरी निर्माण कार्य गराउनुपर्दछ ।

२७. **मूल्य अभिवृद्धि कर समायोजन** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा असुल गरेको कर अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्ने र नियमावली, २०५३ मा सम्झौताअनुसार भुक्तानी गर्दा ५० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा गर्नुपर्ने र तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । यो वर्ष हुलाकी राजमार्ग योजना कार्यालय, सुनसरी, कालीगण्डकी करीडोर-बेनी जोमसोम खण्ड, सडक डिभिजन कार्यालय, दाङसमेत २९ कार्यालयले ८२ निर्माण व्यवसायी नन्-फाइलर रहेकोमा रु.१२ करोड ६ लाख १३ हजार र रितपूर्वकको कर बीजक पेस नभएकोमा १५ कार्यालयले ४१ निर्माण व्यवसायीलाई रु.३ करोड ५८ लाख ६७ हजार र ३७ कार्यालयले १५७ ठेक्कामा ५० प्रतिशत कट्टा नगरी कर रु.९ करोड ४१ लाख ६६ हजार भुक्तानी भएको मूल्य अभिवृद्धिकर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ ।

२८. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ मा खरिद सम्झौता अन्त्यसम्बन्धी व्यवस्था रहेको छ । हुलाकी राजमार्ग आयोजना निर्देशनालयले एक निर्माण व्यवसायीलाई सम्झौताअनुसार निर्माण कार्य शुरु नगरेकोले खरिद सम्झौताको अन्त्य गरी निर्माण व्यवसायीलाई कालो सूचीमा राखेको छ । खरिद सम्झौताको अन्त्य गर्दा कार्य सम्पादन जमानत रु.१ करोड ८० लाख २२ हजार, अग्रिम पेस्की जमानत रु.१ करोड ५९ लाख, पेस्कीको ब्याज रु.१५ लाख ९० हजार एवं उक्त काम सम्पन्न गर्न लाग्ने थप लागत समेत निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

२९. **भेरिएसन कार्यको बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पूर्ण काम कामदार, उपकरण र निर्माण कार्यसमेतको विमा गराउनुपर्ने व्यवस्था छ । यो वर्ष २४ कार्यालयले १८१ निर्माण व्यवसायीलाई भेरिएसन आदेशबाट रु.१ अर्ब रु.२४ करोड ५५ लाखको थप काम गराएकोमा सो कामको बीमा गरेको छैन । थप कार्यको बीमा नगराउँदा जोखिम बढ्न जाने हुँदा बीमा गर्ने व्यवस्था हुनुपर्दछ ।

३०. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन दिनुपर्ने व्यवस्था छ । यो वर्ष २४ कार्यालयले ३६ निर्माण व्यवसायीलाई नियमावली विपरित रु.६४ करोड ४७ लाख ८१ हजार मूल्य समायोजन भुक्तानी गरेको छ ।

३०.१ महाकाली पुल योजना, महेन्द्रनगरले सम्झौता अनुसार मेसिनरी एण्ड इक्विपमेण्टको मूल्यसूची प्रयोग गर्नुपर्नेमा मोटर भेहिकल एण्ड रिलेटेड प्रोडक्टसको मूल्यसूची प्रयोग गरी मूल्य समायोजन भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.२ करोड २५ लाख ४३ हजार असुल गर्नुपर्दछ ।

३०.२ सडक डिभिजन कार्यालय, धनुषाले ३ निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा मूल्य समायोजन गणना गर्दा मोबिलाइजेसन पेस्कीमा मूल्य समायोजन भुक्तानी गरेको एवं सम्झौतामा नभएको राष्ट्रिय उपभोक्ता मूल्यसूचीबाट मूल्य समायोजन गणना गरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.५४ लाख ९५ हजार असुल गर्नुपर्दछ ।

३०.३ हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरले एक निर्माण व्यवसायीलाई भेरिएसनबाट काम थप गरी नयाँ दररेटमा सम्झौता गरेको छ । भेरिएसनबाट थप भएको काममा नयाँ दरबाट मूल्य समायोजन दिन नमिल्नेमा रु.७१ लाख २० हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

३०.४ नारायणघाट-मुग्लिन सडक आयोजना, चितवनले सडक विभागबाट २०७५।१२।१२ मा जारी भएको परिपत्रमा ठेक्काको म्याद थप गर्दा सुरु सम्झौताको अवधिबाट मूल्य समायोजन सूचक फ्रिज गरी सोअनुसार मूल्य समायोजन पाउने गरी म्याद थप गर्ने उल्लेख भएको छ । एक निर्माण व्यवसायीलाई शुरु सम्झौता अवधिभन्दा पछिको मूल्यसूची प्रयोग गरी मूल्य समायोजन भुक्तानी दिएको कारण बढी भुक्तानी भएको मूल्य समायोजन रु.४ करोड ५० लाख ३९ हजार असुल गर्नुपर्दछ ।

३०.५ पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना, पर्वतले बुर्तिबाङ-पातिहाल्ने सडक स्तरोन्नति कार्यको लागि एक संयुक्त उपक्रमसँग भएको रु.३५ करोड ६२ लाख ९७ हजारको सम्झौतामा अपरिवर्तनीय आइटमको ०.१५, श्रमको ०.१५, सामग्री ०.४० र उपकरणको ०.३० भार उल्लेख भएकोमा क्रमशः ०.१५, ०.२०, ०.३५ र ०.३० भार राखी मूल्य समायोजन गणना गरेको कारण बढी भुक्तानी भएको रु.१७ लाख २७ हजार असुल हुनुपर्दछ ।

३०.६ नेपाल राष्ट्र बैङ्कले सन् २०१७।१८ मा होलसेल प्राइस इन्डेक्सलाई मेसिनरी एण्ड इक्विपमेण्ट र मोटर भेहिकल्स एण्ड रिलेटेड प्रोडक्ट गरी छुट्याइएको छ । सडक डिभिजन, काठमाडौंले एक ठेक्का सम्झौतामा नेपाल राष्ट्र बैङ्कद्वारा प्रकाशित मेसिनरी एण्ड इक्विपमेण्टको मूल्यसूची प्रयोग गरी मूल्य समायोजन गणना गर्ने उल्लेख भए तापनि मोटर भेहिकल्स एण्ड रिलेटेड प्रोडक्टको इन्डेक्स प्रयोग गरी मूल्य समायोजन भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु २७ लाख ३७ हजार असुल हुनुपर्दछ ।

३०.७ गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुवेसी-रसुवागढी सडक योजनाले एक निर्माण व्यवसायीसँग २०७५।४।२१ भित्र काम सम्पन्न गर्नेगरी सझौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्दा सोही मितिको मूल्यसूची अनुसार भुक्तानी गर्नुपर्नेमा पछिल्लो अवधिको मूल्यसूचीअनुसार भुक्तानी दिएको कारण बढी भुक्तानी गरेको रु.५७ लाख २६ हजार असुल गर्नुपर्दछ ।

३०.८ सडक डिभिजन कार्यालय, विराटनगरले चतरा-वराहक्षेत्र सडक कालोपत्रे गर्न निर्माण व्यवसायीलाई आठौं बिलसम्म रु.१ करोड ६ हजार मूल्य समायोजन भुक्तानी गर्दा फरक मूल्य सूची प्रयोग गरी बढी भुक्तानी दिएको रु. ३१ लाख १६ हजार र डुम्रहा शेरखोला पुल निर्माणका एक निर्माण व्यवसायीलाई शुरु अवधिभन्दा पछिको मूल्यसूची अनुसार गणना  गरेकोले बढी भुक्तानी भएको रु.१८ लाख ७५ हजार समेत रु.४९ लाख ९३ हजार असुल गर्नुपर्दछ ।

३०.९ मदन मण्डारी राजमार्ग आयोजना कार्यालय, उदयपुरले एक निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण र कार्य सम्पादन जमानी जस्ता जनरल आइटममा दिएको मूल्य समायोजन दिन नमिल्नेमा भुक्तानी दिएकोले रु.३७ लाख ६ हजार असुल गर्नुपर्दछ ।

३१. **पेस्कीमा मूल्यसमायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)(क) मा मूल्य समायोजनको सूत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गरी भुक्तानी गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा मोबिलाइजेसन पेस्की कट्टा नगरी २८ कार्यालयले १२० सम्झौतामा रु.६ करोड ८५ लाख ३९ हजार मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३१.१ सडक डिभिजन कार्यालय, बुटवल र निर्माण व्यवसायीबीच भएको खरिद सम्झौताको विशेष शर्तमा पेस्की रकम घटाई कायम हुने बिल रकममा मूल्य समायोजन दिने व्यवस्था भए तापनि पेस्की रकम नघटाई मूल्य समायोजन भुक्तानी दिएकोले ३१ ठेक्कामा बढी भुक्तानी भएको रु १ करोड ९० लाख ४ हजार असुल हुनुपर्दछ ।

३१.२ एघार किलो छेपेटार सडक योजना, गोरखाले सम्झौताको शर्तमा पेस्की रकम कटाई मूल्य समायोजन दिने व्यवस्था गरेकोमा ३ खरिद सम्झौताका निर्माण व्यवसायीलाई पेस्की रकममा समेत रु.३७ लाख ४३ हजार मूल्य समायोजन भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

३१.३ सडक डिभिजन कार्यालय, दाङले ५ निर्माण व्यवसायीलाई दिएको पेस्की रु.१ करोड ३९ लाख ७४ हजारमा मूल्य समायोजन दिन नमिल्नेमा समेत भुक्तानी दिएकोले रु.१५ लाख २३ हजार असुल गर्नुपर्दछ ।

३१.४ गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेंसी-रसुवागढी सडक योजनाले एक निर्माण व्यवसायीसँग गरेको सम्झौतामा मोबिलाइजेसन पेस्की कटाई बाँकी हुने बिल रकममा मूल्य समायोजन दिने प्रावधान रहेकोमा मोबिलाइजेसन पेस्की रु.६८ लाखमा समेत मूल्य समायोजन भुक्तानी गरेकोले बढी भुक्तानी रु.११ लाख ५४ हजार असुल गर्नुपर्दछ ।

३२. **निर्देशनको पालना -** सडक विभागले २०७०।४।२ मा मोबिलाइजेशन पेस्की कटाएपछि बाँकी बिल रकममा मूल्य समायोजन दिने गरी ठेक्का सम्झौता गर्न निर्देशन गरेको छ । उक्त निर्देशन पालना नगरी पेस्कीमा समेत मूल्य समायोजन दिनेगरी सम्झौता गरेको कारण ९ कार्यालयले ४६ निर्माण व्यवसायीलाई दिएको पेश्की रु.८८ करोड १५ लाख ६७ हजारमा रु.१४ करोड १ लाख ४९ हजार मूल्य समायोजन भुक्तानी दिई थप व्ययभार पारेको छ ।ः

३२.१ व्यापारिक मार्ग विस्तार आयोजना, बुटवलले पेस्की रकम समेतमा मूल्य समायोजन पाउने व्यवस्था गरी ४ निर्माण व्यवसायीलाई रु.६ करोड १३ लाख २२ हजार मूल्य समायोजन भुक्तानी दिएको छ ।

३२.२ सडक डिभिजन कार्यालय, धनुषाले विभागीय निर्देशन पालना नगरी २०७४।७५ को ठेक्कामा पेस्की नकटाई मूल्य समायोजन गर्ने व्यवस्था राखी ६ निर्माण व्यवसायीलाई रु.१ करोड ३० लाख ८९ हजार मूल्य समायोजन भुक्तानी गरेको छ ।

३२.३ मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय, दैलेखले २०७१।७२ र २०७२।७३ मा पेस्की नकटाई मूल्य समायोजन दिनेगरी ठेक्का सम्झौता गरेको कारण ७ ठेक्काको पेस्की रु. १३ करोड ५० लाख ६ हजारमा मूल्य समायोजन रु.१ करोड ७९ लाख १४ हजार भुक्तानी गरेको छ ।

३२.४ पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना, पाँचथरले १२ निर्माण व्यवसायीलाई पेस्की रु.२० करोड १२ लाख २१ हजारको समेत रु.३ करोड १३ लाख ८० हजार मूल्य समायोजन भुक्तानी गरेको छ।

३२.५ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना, काभ्रेपलान्चोकले ८ निर्माण व्यवसायीलाई पेस्की रु.९ करोड २७ लाख ८ हजारको मूल्य समायोजन रु. १ करोड २५ लाख ३० हजार भुक्तानी गरेको छ । विभागीय निर्देशन पालना नगरी थप व्ययभार पार्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३३. **जमानतको म्याद** - सार्वजनिक खरिद नियमावली, २०६४ मा पेस्की जमानतको म्याद पेस्की फछ्र्यौट गर्ने अबधिभन्दा कम्तीमा १ महिना बढी अबधिको र कार्य सम्पादन जमानतको मान्य अवधि त्रुटि सच्याउने अवधिसम्मको हुनुपर्ने व्यबस्था छ । यो वर्ष ९ कार्यालयका १५ निर्माण व्यवसायीलाई दिएको पेस्की जमानत रु.१७ करोड ६९ लाख २६ हजारको र कार्यसम्पादन जमानत रु.३ करोड ३९ लाख ३६ हजारको म्याद समाप्त भएको छ ।

३३.१ सडक डिभिजन कार्यालय, पाल्पाले कालीगण्डकी नदी पुल निर्माण गर्न निर्माण व्यवसायीलाई दिएको पेस्की रु.१ करोड ८६ लाख ५८ हजारको बैंक जमानतको म्याद २०७४।८।९ मा समाप्त भएकोले पेस्की रकम जोखिममा परेको छ ।

३३.२ सोही कार्यालयले माडीफाँटमा रिङरोड निर्माण गर्न निर्माण व्यवसायीलाई दिएको पेस्की रु.८१ लाख बाँकी रहेकोमा बैंक जमानतको म्याद रु.५० लाखको २०७४।४।६ र ४० लाखको २०७५।८।२७ मा समाप्त भएकोले पेस्की रकम जोखिममा परेको छ ।

३३.३ हुलाकी राजमार्ग योजना कार्यालय, पर्साले ४ निर्माण व्यवसायीलाई दिएको पेस्की रु ३ करोड ७० लाख ३२ हजार र कार्य सम्पादन जमानत रु.२ करोड ३१ लाख ८ हजारको म्याद समाप्त भएकोले जोखिममा परेको छ ।

३३.४ सडक डिभिजन कार्यालय, काठमाडौंले २१ निर्माण व्यवसायीलाई दिएको पेस्की रु.२ करोड ८० लाख ७४ हजारको जमानतको म्याद समाप्त भएको छ ।

पेस्की तथा कार्यसम्पादन जमानतको म्याद थप नगरी जोखिममा पार्नेलाई जिम्मेवार बनाई जमानतको म्याद थप गर्नुपर्दछ ।

३४. **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप गर्न सकिने व्यवस्था छ । सडक डिभिजन, पाल्पाले कालीगण्डकी नदीमा पुल निर्माण कार्य २०७१।३।२५ सम्म सम्पन्न गर्न रु.१२ करोड ४७ लाख ८८ हजारको सम्झौता गरेकोमा २०७२।७।२५ सम्म म्याद थप भएको छ । यसैगरी सोही नदीमा अर्को एक पुल निर्माण कार्य २०७१।३।२५ सम्म सम्पन्न गर्न रु.१५ करोड ६८ लाख १३ हजारमा सम्झौता गरेकोमा २०७२।३।२५ सम्म म्याद थप गरेको छ । सम्झौताको म्याद थप अवधिसम्म क्रमशः रु.३ करोड ८४ लाख ७४ हजार र रु.६ करोड १२ लाख ८० हजार भुक्तानी भएको छ । म्याद समाप्त भएको ४ वर्ष बितिसक्दा समेत म्याद थप नभएको तथा ठेक्का अन्त्यलगायतका कारबाही नगरेको उपयुक्त देखिएन ।

३५. **एज बिल्ट नक्सा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एज बिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा निश्चित रकमको भुक्तानी रोक्का गर्नुपर्ने व्यवस्था छ । सडक डिभिजन कार्यालय काठमाडौं, कन्चनपुर, सुर्खेतलगायत १० कार्यालयले एज बिल्ट

नक्सा पेस नगरेको अवस्थामा ३४ निर्माण व्यवसायीलाई रु.६० लाख रोक्का नगरी भुक्तानी भएको छ । एज बिल्ट नक्सा पेस नगर्नेबाट उक्त रकम असुल गर्नुपर्दछ ।

३६. **प्रतिफलविहीन खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम ठेक्का व्यवस्थापन गर्दा निर्माणस्थलको यकिन गरी सम्झौतामा चेनेज नम्बरसमेत खुलाउनुपर्दछ । सडक डिभिजन, धनकुटाले पाख्रीबासस्थित ७ कि.मि. सडक स्तरोन्नति गर्न रु.२ करोड ९८ लाख ९९ हजारको ठेक्का गरी रु.२ करोड ८१ लाख ३८ हजार भुक्तानी दिएपछि यस खण्डलाई समेत चौडा पारी पाख्रीवास-मुगा-भोजपुर-घोडेटार सडक स्तरोन्नति गर्न रु.४२ करोड ७८ हजारको अर्को ठेक्का सम्झौता गरी मोबिलाइजेसन पेस्की दिएको छ । उक्त सडक चौडा पार्दा अघिल्लो ठेक्काबाट काम प्रतिफलविहिन हुन गएको छ । यस सम्बन्धमा योजना, कार्यक्रम र बजेट एकैसाथ तर्जुमा गरी समन्वयात्मक रुपले निर्माण गरिने कार्यालयको भनाई रहेको छ ।

३७. **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा निर्माण व्यवसायीको बिलबाट कट्टा गरेको रिटेन्सन मनी आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेको प्रमाण पेस गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष सडक डिभिजन सुर्खेत, कान्ति लोकपथ सडक योजना, काठमाडौं, गाइघाट दिक्तेल सडक योजना समेत १३ कार्यालयले कर विवरण पेस गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण प्राप्त नगरी ४८ निर्माण व्यवसायीलाई रु.४ करोड ९९ लाख २७ हजार धरौटी फिर्ता दिएका छन् । मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेस हुनुपर्दछ ।

३८. **मोबिलाइजेशन पेस्की** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क(४) मा पेस्की प्राप्त गरेको मितिले तीस दिनभित्र निर्माण कार्य प्रारम्भ गरिसक्नुपर्ने र पेस्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा बैङ्क जमानत जफत गरी असुल गर्ने व्यवस्था छ । विभाग र अन्तर्गत ४८ कार्यालयले निर्माण कार्यको लागि विगतवर्ष दिएको रु.१२ अर्ब ६० करोड ९६ लाख बाँकी रहेकोमा यस वर्ष ८० कार्यालयले रु.११ अर्ब ५५ करोड १ लाख पेस्की दिएको छ ।

३८.१ पुष्पलाल (मध्यमहाडी) योजना कार्यालय, पाँचथरले ४ निर्माण व्यवसायीलाई २०७४ आषाढसम्म रु.१ करोड ५५ लाख ३१ हजार पेस्की दिएको छ । निर्माण कार्य शुरु नगरेकोमा पेस्की रकम फिर्ता लिएको छैन ।

३८.२ पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना, पर्वतले बुर्तिबाङ-पातिहाल्ने सडक खण्ड विस्तार कार्यका निर्माण व्यवसायीसँग भएको सम्झौतामा ठेक्का अवधिको ८० प्रतिशत समयसम्म सम्पूर्ण पेस्की कट्टा गर्नुपर्नेमा व्यवस्था छ । सो अवधि समाप्त भैसकेको अवस्थामा पेस्की रु.२ करोड ८१ लाख ९ हजार बाँकी रहेको छ ।

३८.३ सडक डिभिजन कार्यालय, भरतपुरले ठिमुरा पुल निर्माण कार्यका निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार सम्झौता अवधिको ८० प्रतिशत समयावधि अगावै पेस्की कट्टा गरी सक्नुपर्नेमा सम्झौताको म्याद समाप्त भएको अवस्थामा रु.१ करोड ८४ लाख पेस्की बाँकी रहेको छ ।

३८.४ हुलाकी राजमार्ग योजना कार्यालय, पर्साको ९ निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम काम सम्पन्न गर्नुपर्ने अवधि समाप्त भै सक्दा निर्माण कार्य नगरी सम्पर्कविहीन रहेको तथा निर्माणकार्य अधुरो छोडेकोमा पेस्की रु.३ करोड ८१ लाख ८५ हजार बाँकी रहेको छ ।

३८.५ सडक डिभिजन कार्यालय, तनहुँले तिमाङ्ग खोलामा बेलीब्रिज निर्माण गर्ने कार्यको खरिद सम्झौताको म्याद २०७५।३।८ मा समाप्त भएपछि निर्माण व्यवसायीलाई रु.२० लाख पेस्की दिएको छ । नियमावली तथा खरिद सम्झौता बमोजिम ब्याज सहित पेस्की असुल गर्नुपर्दछ ।

३९. **नपाउने/बढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

३९.१ सडक डिभिजन, चितवनले प्रिस्ट्रेस पुल निर्माण कार्यका एक निर्माण व्यवसायीसँग रु.९ करोड २० लाख ७४ हजारमा सम्झौता भएकोमा कामको नापी किताब र बार बेण्डिङ्ग सेड्युलअनुसार पुलको २ स्पानकोलागि फलामे डण्डी २६.३६ मेट्रिकटनको रु.२९ लाख ५२ हजार भुक्तानी गर्नुपर्नेमा ३ स्पानको ५६.०१ मेट्रिकटनको रु.६२ लाख ७३ हजार भुक्तानी गरेकोले बढी बढी भुक्तानी गरेको रु.१ लाख १२ हजारले रु.३७ लाख ५३ हजार असुल गर्नुपर्दछ ।

३९.२ मदन भण्डारी राजमार्ग योजना कार्यालय, उदयपुरले पुल, एप्रोच सडक र नदी नियन्त्रण कार्यको छुट्टाछुट्टै डिजाइन गर्न एक परामर्शदातासँग रु.६ करोड ६० लाखमा सम्झौता गरेकोमा पुलको मात्र डिजाइन प्राप्त गरी पुरै रकम भुक्तानी दिएको छ । डिजाइन तयारी तथा स्वीकृति नगरी नदी नियन्त्रण कार्यको डिजाइनको रु.५५ लाख ६६ हजार र एप्रोच सडकको डिजाइनको रु.३१ लाख १८ हजारसमेत रु.८६ लाख ८४ हजार भुक्तानी दिएको छ ।परामर्शदाताले नगरेको कामको भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

३९.३ पुष्पलाल (मध्यपहाडी) आयोजना कार्यालय, गोरखाले देउडी-सामरी-भञ्याङ्-कटुन्जे सडक निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई चौथो बिलसम्म भुक्तानी गर्दा नापी किताबमा उल्लेख भएकोभन्दा बढी हुनेगरी ग्याबियन बक्समा ढुङ्गा भर्ने कार्यमा रु २८ लाख १४ हजार भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३९.४ सडक डिभिजन, दाङले तुल्सीपुर-पुरुन्धारा-बोटेचौर सडक निर्माण कार्यका निर्माण व्यवसायीलाई गतवर्ष तेस्रो रनिङ बिलसम्म रु.९ लाख ५१ हजार मूल्य समायोजन भुक्तानी भएकोमा यो वर्षसमेत दोहोरो भुक्तानी दिएकोले सो रकम असुल गर्नुपर्दछ ।

३९.५ हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरले एक निर्माण व्यवसायीसँग गरेको सम्झौतामा ल्याब स्थापनाको लागि रु.१५ लाख व्यवस्था गरेको छ । निर्माण व्यवसायीले चौथो रनिङ बिल पेस गर्दा समेत साइटमा ल्याब स्थापना नगरेकोमा ल्याब सञ्चालनको जनशक्ति बापत मूल्य समायोजनसमेत रु.१० लाख ६३ हजार भुक्तानी दिएको छ ।ल्याब स्थापना नगरी भुक्तानी दिएको उक्त रकम असुल गर्नुपर्दछ ।

रीत पुगे नपुगेको चेकजाँच नगरी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

४०. **त्रुटिपूर्ण डिजाइन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क मा त्रुटिपूर्ण डिजाइन गरेको कारण खरिद कार्य प्रभावित भएमा डिजाइन तयार गर्ने, जाँच गर्ने, स्वीकृत गर्ने पदाधिकारीलाई कारबाही हुने उल्लेख छ । परामर्शदाताले डिजाइन तयार गर्दा त्रुटि गरेको कारण निर्माण कार्य प्रभावित भएका व्यहोरा निम्न छन्:

४०.१ पुष्पलाल (मध्यपहाडी) आयोजना, दैलेखले रुकुमको रेलीखोला पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु. ३ करोड ३५ लाख ५९ हजारको कार्य २०७१।३।२४ मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । ओपन फाउण्डेसनको सट्टा पाइल फाउण्डेसन गर्ने गरी डिजाइन परिवर्तन भएको कारण २०७५।१२।३० सम्म म्याद थप भए पनि रु.२ करोड ६८ लाख २३ हजार भुक्तानी भई ७५ प्रतिशत भौतिक प्रगति भएको छ ।

४०.२ पुल योजना पश्चिम सेक्टर नं ३, बाँकेले कर्णाली नदीमा पुल निर्माण गर्न एक निर्माण व्यावसायीसँग रु.३० करोड ७ लाखको सम्झौता भएकोमा म्याद समाप्त भईसक्दा रु.११ करोड २४ लाख १३ हजार भुक्तानी भई भौतिक प्रगति ४२ प्रतिशत गरेको छ । निर्माण व्यवसायीले २०७२।९।२४ मा डिजाइन पेस गरेकोमा २०७४।१०।२३ मा मात्र स्वीकृत भएकोले निर्माण कार्यमा ढिलाइ भएको छ ।

४०.३ सडक डिभिजन, सुर्खेतले भेरी नदीमा ट्रस ब्रिज निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२० करोड ९० लाख ८६ हजारमा सम्झौता गरी रु.२ करोड ९ लाख पेस्की दिएको छ । डिजाइनमा दायाँ एब्यूटमेन्टको फाउण्डेसनमा रक एङ्कर गर्ने भनिएतापनि साइटमा फरक प्रकारको माटो भेटिएकोले संशोधित डिजाइन स्वीकृत गर्न २०७३।११।२० मा विभाग पठाए तापनि संशोधन नभएकोले ८६ प्रतिशत ठेक्का अवधि ब्यतित हुँदा समेत निर्माण कार्य शुरु भएको छैन ।

४०.४ सडक डिभिजन, पाल्पाले कालीगण्डकी नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१२ करोड ४७ लाख ८८ हजारमा २०६८।३।२६ मा सम्झौता गरेकोमा फाउण्डेसनको काम वेल सिङ्किङ प्रविधिबाट गर्न डिजाइन स्वीकृत भएकोमा उक्त प्रविधिबाट निर्माण गर्न नसकिएको भनी ओपन फाउण्डेसनबाट गर्ने गरी डिजाइन परिवर्तन गरेको छ । हाल ओपन फाउण्डेसनबाट पनि निर्माण गर्न नसकिएको व्यहोरा उल्लेख गरी पाइल फाउण्डेसनको लागि डिजाइन संसोधन गर्ने प्रक्रियामा रहेको कारण पुल निर्माण हुन सकेको छैन ।

४०.५ सोही कार्यालयले कालीगण्डकी नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१५ करोड ६८ लाख १३ हजारको सम्झौता गरेकोमा पियर र एब्युटमेन्टको उचाई बढेको उल्लेख गरी संशोधित डिजाइन तथा भेरिएसन स्वीकृत गरी सम्झौता रकम रु.१६ करोड ३१ लाख ३७ हजार कायम गरे पनि वेल सिङ्किङ गर्न नसकिएको कारण देखाई निर्माण कार्य स्थगित रहेको छ ।

४०.६ सडक डिभिजन, दाङले वालिम खोला, करुङ खोला र पत्रेखोला पुल निर्माण गर्न ३ निर्माण व्यवसायीसँग रु.१५ करोड ७८ लाख ४४ हजारमा सम्झौता गरेकोमा पुलको एलाइन्मेण्ट, फाउण्डेसन र सुपरस्ट्रक्चरको डिजाइन परिवर्तनको लागि पेस गरेकोमा निर्णय नभएकोले २ ठेक्काको निर्माण कार्य शुरु भएको छैन भने १ ठेक्कामा रु.१ करोड ७५ लाख ४२ हजारको मात्र कार्य सम्पन्न भई निर्माण कार्य अधुरो रहेको छ ।

४०.७ जनकपुर परिक्रमा व्यापारिक मार्ग विस्तार योजनाले पथरे खोला पुल निर्माण कार्य रु.५ करोड ६ लाख ६० हजारमा सम्पन्न गर्न निर्माण व्यवसायीसँग सम्झौता भएको छ । संशोधित डिजाइन स्वीकृत गर्न विभागमा पेस गरेकोमा निर्णय नभएकोले निर्माण कार्य स्थगित रहेको छ ।

४०.८ मोहना पुल-अत्तरिया सडक योजना, धनगढीले दुई लेन सडकमा मोहना पुल रहेको र सो स्थानमा ६ लेनको व्यापारिक मार्ग निर्माण गर्नेगरी डिजाइन परिवर्तन गरेको छ । उक्त सडकको करिब ४ कि.मि. मा ढल निकास तथा सर्भिस ट्र्याकको व्यवस्था नगरी चार लेनको सडक डिजाइन भेरिएसनबाट रु.१ करोड ७ लाख ८१ हजार थप गरेको छ । त्यस्तै, अत्तरिया खण्डमा ३७७ मिटर सडक निर्माण गर्दा डिजाइन संशोधन नगरी ८ लेनको सडक बनाउन भेरिएसनबाट रु.७१ लाख ९३ हजार थप गरेको छ । स्वीकृत डिजाइन फरक पारी काम गर्नु मनासिब देखिएन ।

४०.९ नारायणघाट मुग्लिन सडक आयोजना, चितवनले जलबीरेमा पुल निर्माण गर्न रु.३ करोड ८४ लाख १७ हजार भुक्तानी भएको छ ।निर्माण व्यवसायीसँग रु.१३ करोड ९४ लाख ७ हजारमा सम्झौता गरेकोमा पुलको बायाँतर्फको एबुटमेन्ट र २ थान पियरको करिब ८० प्रतिशत काम गरेपछि दायाँ तर्फको एबुटमेन्टमा डिजाइन बमोजिम काम गर्न नसकेकोले पुल निर्माण कार्य स्थगित भएको छ ।

४०.१० सडक डिभिजन, काठमाडौंले अनामनगरस्थिति धोवीखोलामा पुल निर्माणका लागि रु.३ करोड २२ लाख ८७ हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा रु १ करोड ९१ लाख ४८ हजार भुक्तानी भई

एबुटमेन्ट क्यापसम्मको निर्माण कार्य सम्पन्न भएको छ । उक्त पुल विद्यमान सडक सतहभन्दा २.५ मिटर अग्लो हुनेहुँदा एबुटमेन्टको उचाई घटाउन र सुपरस्ट्रक्चरको टाइप परिवर्तन गर्न संशोधित डिजाइन स्वीकृतिको लागि विभागमा पेस भएकोमा सुपरस्ट्रक्चरको उचाई २०० देखि ३०० एम एम मात्र घटाउन मिल्ने र एप्रोच रोडको ग्रेड मिलाउन रिटेनिङ्ग पर्खाल र विङ्ग पर्खाललाई परिमार्जन गरी पुरानो डिजाइन अनुसार कार्य सुचारु गर्न निर्देशन भए पनि काम सुचारु गरेको छैन ।

पर्याप्त अध्ययन विश्लेषण नगरी त्रुटिपूर्ण डिजाइन पेस गर्ने परामर्शदाता र जाँच तथा स्वीकृत गर्ने पदाधिकारीलाई ऐन बमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

४१. **प्रतिफलविहीन लगानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा प्रतिफल समेत विचार गरी आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पुल निर्माण कार्य भइसके तापनि पहुँच सडक निर्माण नभएका कारण यातायात सञ्चालन हुन नसकी लगानी प्रतिफलविहीन भएका व्यहोरा निम्न छन्:

४१.१ हुलाकी सडक आयोजना, बाँकेले बगौडा खोला पुल निर्माण गर्न निर्माण व्यावसायीसँग रु.४ करोड १२ लाख ९० हजारमा सम्झौता भएकोमा २०७६।२।३० सम्म रु.३ करोड २ लाख ९८ हजार भुक्तानी भएको छ । खोलाको चौडाइ एक किलोमिटर भन्दा बढी रहेकोमा पुलको लम्बाई ५० मिटर रहेको छ । उक्त पुलको सुपरस्ट्रक्चरसम्म निर्माण भएपनि पुलको दाँयाबायाँको सडक र पुल बिच लामो दूरी रहेको कारण पुलबाट सवारीसाधन आवागमन गर्ने अवस्था छैन ।

४१.२ हुलाकी सडक आयोजना, सुनसरीबाट रु.१ करोड ५५ लाख ९८ हजारको लागतमा महुली पुल सम्पन्न गरी यातायात सञ्चालन भईसकेको अवस्थामा खोलामा बाढी आई पहुँच सडक बगाएको र निर्माण व्यवसायीले थप काम गरी पुल संचालनमा ल्याएको छैन ।

४१.३ सडक डिभिजन कार्यालय, काठमाडौंले स्रोतको सुनिश्चितता नगरी २०६६।६७ देखि २०७३।७४ सम्म वहुवर्षीय ठेक्का सम्झौता भएका १८३ ठेक्का विभागीय निर्णयबाट सुविस्ताको आधारमा अन्त्य गरेको छ । ती ठेक्काको सम्झौता रकम रु.८२ करोड ८० लाख मध्ये २०७५ आषाढसम्म रु ३५ करोड ३ लाख भुक्तानी भएको अवस्थामा ठेक्का अन्त्य गरेको कारण सडकमा भएको लगानी प्रतिफलविहीन हुन गएको छ । उक्त ठेक्कामध्ये ४ निर्माण व्यवसायीसँग रु.१ करोड ५२ लाख ४२ हजार पेस्की बाँकी रहेको छ । बाँकी काम सम्पन्न गर्ने आधार सुनिश्चित नगरी लगानी प्रतिफलविहीन हुनेगरी ठेक्का अन्त गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

४२. **निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१)(ङ) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था रहेको छ भने सडक तथा पुलको स्ट्याण्डर्ड स्पेशीफिकेशन अनुसार निर्माण कार्यको गुणस्तर आश्वस्तता योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।

४२.१ महाकाली पुल आयोजना, महेन्द्रनगरले निर्माणाधीन पुलको प्रिस्ट्रेसिङ मल्टिस्ट्रेन्थ केबुलको परीक्षण गर्ने प्रविधि नेपालमा नरहेको कारण गुणस्तर परीक्षण भएको छैन । प्रिस्ट्रेस बक्स ग्र्डिर प्रविधिमा निर्माण हुने उक्त पुलको क्षमता केबुलको गुणस्तरमा भरपर्ने हुँदा केबुलको गुणस्तर परीक्षण गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४२.२ नारायणघाट मुग्लिन सडक आयोजना, चितवनले निर्माण गरेको नारायणघाट मुग्लिन सडक एलाइनमेन्टको केन्द्रीय रेखा मिलान नभएको, ट्रान्जिसन कर्भ विना सडकको होरिजेन्टल एलाइनमेन्ट डिजाइन गरेको, छोटो घुम्तीमा सेट ब्याक दूरी मापदण्डअनुसार नभएका जस्ता कारण उक्त सडक अन्तर्राष्ट्रिय मापदण्डअनुसार रहेको आश्वस्त हुने स्थिति छैन ।

४२.३ सडक डिभिजन, मकवानपुरले २ नम्बर पुलमा पानीको बहाव नियन्त्रण गर्न प्लम कंक्रिट संरचना तथा लामो ग्याबियन पर्खाल निर्माण गरी नदी नियन्त्रणको रु.९३ लाख ६३ हजार भुक्तानी दिएको छ । नदीको बहावले रु.२१ लाख ६१ हजारको प्लम कंक्रिट संरचना क्षतिग्रस्त बनाएको देखिँदा गुणस्तर कायम भएको देखिएन । निर्माण व्यवसायीबाट पुनःनिर्माण गराउनुपर्दछ ।

४२.४ काठमाडौं दिगो शहरी यातायात आयोजनाबाट सडक डिभिजन, काठमाडौंमा हस्तान्तरण भएका टेकु र डल्लुमा २ पुल निर्माण कार्य रु.२२ करोड ६१ लाख ७५ हजारमा सम्पन्न गर्न सम्झौता भएकोमा रु.१३ करोड ९२ लाख ४० हजार (६१.५७ प्रतिशत) भुक्तानी भएको छ । टेकुपुलको तीन स्पानको बीचको ३० मिटर प्रिस्ट्रेस गर्डर बिम निर्माण गर्दा डिजाइन अनुसरण नगरी गर्डर बिम ढलान गरेको, बिममा प्रयोग भएको केबल वायर डिजाइन अनुसारको साइजभन्दा कम साइजको प्रयोग भएको, वायर परीक्षण नै नगरी तन्काएकोले त्रुटि सच्याउन निर्माण व्यवसायीलाई जानकारी गराएकोमा सच्याउनेतर्फ ध्यान नदिएकोले कार्यालयले खरिद सम्झौता अन्त्य गरेको छ । सम्झौता अन्त्य गर्दा कार्य सम्पादन जमानत जफत गरे तापनि सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम यकिन गरी निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल गरेको छैन ।

गुणस्तरयुक्त कार्य भएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ ।

४३. **सडकको रेखाङ्कन -** कालीगण्डकी करिडोरअन्तर्गत राम्दीदेखि दारेपोकसम्म सडक स्तरोन्नति कार्य रु.१ करोड ५० लाख ७५ हजारमा सम्पन्न गर्न निर्माण व्यवसायीसँग सम्झौता भएकोमा रु.९३ लाख २८ हजार भुक्तानी भएको छ । सडकको रेखाङ्कन कालीगण्डकी नदीको बहाव क्षेत्रभित्र पर्न गएकोले सो स्थानको रेखाङ्कन सिद्धगुफा हुँदै लानुपर्नेमा गुफा तथा मन्दिर विस्थापित गर्न नसकेकाे कारण निर्माण कार्य सम्पन्न भएको छैन । सडक रेखाङ्कन समस्या समायोजन गरी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

४४. **डिजाइन स्वीकृतिमा ढिलाइ -** पुल योजना पूर्वी क्षेत्र सेक्टर नं. १, सुनसरीले सुनकोशी नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग गरेको रु.१९ करोड ६० लाखको सम्झौतामा निर्माण व्यवसायीले ६ महिनाभित्र पुलको ड्रइङ्ग, डिजाइन तथा वातावरणीय परीक्षणको प्रतिवेदन पेस गर्ने र विभागले ३ महिनाभित्र स्वीकृत गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले २०७१।२।२१ मा प्रतिवेदन पेस गरेकोमा विभागले ३ वर्ष ३ महिनापछि स्वीकृत गरेको छ ।

सम्झौताको म्याद सकिएको र डिजाइन स्वीकृत भएको ३ वर्ष व्यतित भएपनि रु.७ करोड ५७ लाख १२ हजारको काम गरेको छ । गाईघाट-दिक्तेल सडक योजना, उदयपुरले सोही स्थानमा बेली ब्रिज जडान गर्न र हटाउन २०७२।७३ देखि २०७५।७६ सम्म रु.३ करोड ३ लाख ४४ हजार खर्च गरेको छ । पुल निर्माण कार्यमा भएको ढिलाइका कारण थप व्ययभार पर्न गएकोले पुल निर्माण कार्य यथाशक्य छिटो सम्पन्न गर्नुपर्दछ ।

४५. **नर्म्समा एकरुपता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सबमोजिम गर्नुपर्ने व्यवस्था रहेको र सडक विभागले प्रयोग गरेको नर्म्समा सिमेन्ट बालुवाको जोडाईमा ढुङ्गाको गाह्रो लगाउँदा १५ प्रतिशत जर्ती जाने उल्लेख छ । सिँचाइ विभाग र भवन विभागले प्रयोगमा रहेको नर्म्समा ती कार्यहरुमा १० प्रतिशतमात्र जर्ती जाने उल्लेख छ । यो वर्ष सडक सुधार तथा विकास आयोजना काठमाडौं, मध्यपहाडी लोकमार्ग आयोजनालगायत ८ कार्यालयका १० ठेक्कामा नर्म्स फरक पारी रु.६ करोड ९० लाख १२ हजार बढीको लागत अनुमान स्वीकृत गरी ठेक्का व्यवस्थापन गरेको छ ।

एकै प्रकारको काममा प्रयोग हुने सामानको नर्म्स सरकारी निकायबीच फरक हुनु उपयुक्त देखिएन । अतः नर्म्समा एकरुपता ल्याउनुपर्दछ ।

४६. **वातावरणीय प्रभाव मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४३ मा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी चितवन-नवलपरासी खण्डमा पर्ने नारायणी नदीको गोलाघाटमा रु.३६ करोड ४ लाख ५४ हजारमा पुल निर्माण गर्न सम्झौता गरी एक निर्माण व्यवसायीलाई रु.१ करोड ५९ लाख पेस्की दिएको छ । यस्तै पुल सेक्टर नं.१, सुनसरी र सेक्टर नं. ३, बाँकेका २३ पुलको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत भएको छैन । प्रतिवेदन स्वीकृत नगरी कमला, मरिन, रातु र चिस्यान ४ पुलमा रु.१ अर्ब ७४ करोड ७३ लाख खर्च गरेको छ ।

४७. **पेस्कीमा ब्याज** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११३ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पादन नगरेमा पेस्की फिर्ता लिंदा १० प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सडक डिभिजन सुर्खेत, बुटवल, धनुषा र उपत्यका सडक विस्तार आयोजनासमेत ७ कार्यालयले १५ निर्माण व्यवसायीलाई गएको पेस्की रु.१४ करोड २० लाख ७२ हजार बैङ्क जमानत जफत गरी फछ्र्यौट गरेकोमा रु.२ करोड ८३ लाख ३४ हजार ब्याज असुल गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

४८. **प्रोभिजनल समबाट भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा सम्झौताको शर्त पूरा गरेर मात्र भुक्तानी गर्नुपर्ने, सडक विभागको २०७३।३।५ को परिपत्रमा प्रोभिजनल समबाट खर्च गर्नुअघि अनिवार्यरुपमा लागत अनुमान स्वीकृत गर्नुपर्ने, खर्चको बिल भरपाई पेस गर्नुपर्ने उल्लेख छ । विभागीय परिपत्र पालना नगरी गल्छी त्रिशूली मैलुङ स्याफ्रुवेसी रसुवागढी सडक योजना र नारायणगढ मुग्लिन सडक आयोजनाले प्रोभिजनल समबाट रु.१ करोड २४ लाख भुक्तानी गरेका छन् । परिपत्रको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४९. **क्षतिपूर्ति रकम धरौटीमा राखेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारण समयमा काम सम्पन्न हुन नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ।क्षतिपूर्ति कट्टा गरेको रकम राजस्व खातामा दाखिला गर्नुपर्नेमा सडक डिभिजन दाङ, चौरजहारी र कास्कीले पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेको रु.२ करोड ५३ लाख ४८ हजार धरौटी खातामा राखेका छन् । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

५०. **निर्माणस्थल परिवर्तन** - सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माणस्थलको सुनिश्चित गरी खरिद प्रक्रिया शुरु गर्नुपर्ने व्यवस्था छ । सडक डिभिजन, ललितपुरले ३ निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार सानेपा, च्यासल र सुनाकोठीमा गर्नुपर्ने रु.३ करोड ४६ लाखको सडक निर्माण कार्य स्थानीय अवरोधको कारण देखाई क्रमशः खुमलटार, कुसुन्ती र कृष्णनगर गेटमा गराएको छ । निर्माणस्थलको सुनिस्चतता नगरी ठेक्का लगाएको देखिँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५१. **काम नगरी सम्पन्न** - काठमाडौँ चक्रपथ सुधार आयोजनाअन्तर्गत कोटेश्वर-कलंकी सडक खण्डको १.४४ कि.मि सडकको दुवैपट्टिको सर्विस लेनलगायतका कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.२९ करोड ७७ लाख ८६ हजारको सम्झौता भएकोमा भेरिएसनबाट सम्झौता रकम रु.३४ करोड १७ लाख ७० हजार कायम गरेको छ । निर्माण व्यवसायीले सम्झौताअनुसार सीता पेट्रोल पम्प नजिक सडकमा क्यापिङ्ग लेयरको सबग्रेड तयारी कार्य र बस स्ट्याण्डको कार्य गरेको छैन । निर्माण व्यवसायीलाई मूल्य समायोजनसमेत रु.३७ करोड १७ लाख ७० हजार भुक्तानी गरी ठेक्का अन्त्य गरेको छ । निर्माण कार्य सम्पन्न नहुँदै ठेक्का अन्त्य गराउनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

## पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना

मध्यपहाडी भूभागका जिल्लालाई यातायात सञ्जालमा जोडी सन्तुलित विकास गर्न पाँचथरको चियोभञ्याङ्ग देखि बैतडीको झुलाघाटसम्म १ हजार ८७९ कि.मि. सडक र १२९ पुल निर्माण गर्न यो आयोजना २०६४।६५ मा सुरु भएकोमा २०७९।८० सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको लागत अनुमानमा संशोधन गरी रु. ८४ अर्ब ३३ करोड कायम गरेको छ ।

५२. **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति विवरण तयार गर्ने र २६ मा तालुक कार्यालयले मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । २०७५।७६ सम्म रु.३९ अर्ब ९० करोड ६४ लाख (४७.३२ प्रतिशत) खर्च गरी ३४४ कि.मि. (१८.३० प्रतिशत) कालोपत्रे र ६८ (५२.७१ प्रतिशत) वटा पुल निर्माण सम्पन्न गरेको छ । बाँकी ५८१ कि.मि. सडक र २४ वटा पुल निर्माणाधीन अवस्थामा रहेको छ । लक्ष्य बमोजिम प्रगति न्यून देखिंदा कार्यसम्पन्न गर्न तालुक निकायले विशेष ध्यान दिनुपर्दछ ।

५३. **सडकको मापदण्ड** - सडक मापदण्डअनुसार सडकको केन्द्रविन्दुबाट दायाँबायाँ २५/२५ गरी ५० मिटर सीमा कायम गर्नुपर्नेमा आयोजनाले सडकको सीमा तोकेको छैन । आयोजनाले स्थानीय जग्गाधनीको सहमतिमा सडकको चौडाइ दुई लेन (करिब १० मिटर) कायम गरी निर्माण गर्दै आएको छ ।

कालोपत्रे सडकको चौडाइ ८ मिटर रहेकोमा आयोजना कार्यालय, पर्वतले आयोजनाअन्तर्गत बाग्लुङ्ग उपल्लो चौर, बोक्से, खहरे भीर र बिउँमा औसत ५ मिटरभन्दा कम रहेको देखियो । आयोजनाले सडक सीमा कायम गर्न तालुक निकायमा अनुरोध गरेकोमा निर्णय नभएको जानकारी गराएको छ ।

५४. **विस्तृत आयोजना प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयारी आदि कार्य नगरी ठेक्का व्यवस्थापन गर्न नहुने उल्लेख छ । आयोजनाले एकीकृत प्रतिवेदन तयार नगरी खण्ड/खण्डको आयोजना प्रतिवेदन र वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी निर्माण कार्य शुरु गरेको छ ।

कोशी कोरिडोर (घुर्मी चतरा, काबेली चतरा र लेगुवा चतरा) सडक निर्माण गर्न रु.२४ अर्ब ३७ करोड ५२ लाख लागत लाग्ने अनुमान गरी निर्माण कार्य अगाडि बढाए तापनि विस्तृत आयोजना प्रतिवेदन एवं वातावरणीय अध्ययन प्रतिवेदनको कार्य सम्पन्न गरेको छैन । आयोजनाको डीपीआर तथा वातावरणीय प्रभाव मूल्याङ्कन भएपछि मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

## मदन भण्डारी राजमार्ग आयोजना

झापा जिल्लाको शान्तिनगरदेखि डडेलधुरा जिल्लाको रुपालसम्म पूर्व-पश्चिम राजमार्ग र मध्यपहाडी राजमार्ग बीचमा समानान्तर सडक निर्माण गर्ने उद्देश्यले २०६४।६५ देखि सडक विभागबाट आयोजना सञ्चालन हुँदै आएकोमा मन्त्रिपरिषद्को २०७५।२।६ को निर्णयबाट मदन भण्डारी राजमार्ग योजना निर्देशनालय स्थापना गरी कार्य गर्दै आएको छ ।

५५. **आयोजनाको प्रगति** - निर्देशनालयबाट प्राप्त विवरणअनुसार मातहत ३ योजना कार्यालयबाट सञ्चालित पुल निर्माणको २०७५।७६ सम्मको प्रगति निम्नानुसार रहेको छः

| योजना कार्यालयको नाम | २०७५।७६ सम्मको ठेक्का अवस्था | | सम्पन्न अवस्था | | भौतिक प्रगति (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | पुल (वटा) | सडक (कि.मि) | पुल (वटा) | सडक (कि.मि) | पुल (प्रतिशत) | सडक (प्रतिशत) |
| योजना कार्यालय, गाईघाट | ४६ | १३४.८५० | ३६ | ३५ | ८४ | ५० |
| योजना कार्यालय, हेटौडा | ३३ | ११५.०४१ | १५ | ३८ | ७५ | ५५ |
| योजना कार्यालय, तमघास | ० | ३० | ० | २६ | ० | ९५ |
| | ७९ | २७९.८९१ | ५१ | ९९ | ६३.७५ | ३८.२२ |

योजना कार्यालय, तम्घासले कार्यान्वयन गर्ने गरी ४ बजेट उपशीर्षकमा ४१ कार्यक्रम कार्यान्वयन गर्न पुँजीगत बजेट रु.६२ करोड २८ लाख विनियोजन भएकोमा रु.३४ करोड ७२ लाख (५५.७४ प्रतिशत) खर्च गरेको छ । कुल ४१ कार्यक्रम मध्ये २६ कार्यक्रमको प्रगति शून्य रहेको, २ कार्यक्रमको २५ प्रतिशतभन्दा कम र २ कार्यक्रमको ५० प्रतिशतभन्दा कम प्रगति भएको देखिँदा योजनाले लक्ष्यअनुसार प्रगति हासिल गर्न सकेको देखिएन ।

५६. **एप्रोच सडक -** सडक पुलको डिजाइन स्वीकृत गर्दा पुलको दुवै तर्फको सडकसम्म जोड्न सक्नेगरी पहुँच सडकको लम्बाई निर्धारण गर्नुपर्दछ । योजना कार्यालय, उदयपुरका पुलको डिजाइन गर्ने परामर्शदाताले ४३ पुलको लागि ५.५ कि.मि. एप्रोच सडक निर्माण गर्न रु.९ करोड ९० लाख लागत लाग्ने उल्लेख गरी प्रतिवेदन पेस गरे अनुसार निर्माण व्यवसायीसँग खरिद सम्झौता गरेकोमा एप्रोच सडकको वास्तविक लम्बाई १२.५ कि.मि. रहेको देखिन्छ । थप ७ कि.मि. एप्रोच सडक निर्माण गर्न रु.१२ करोड ६० लाख लाग्ने र सो कार्य भेरिएसनबाट गराउन सकिनेमा सडक विभागले नयाँ ठेक्काबाट गराउन रु.१९ करोड ७७ लाख ५० हजारको लागत अनुमान स्वीकृत गरेको छ । पुलको डिजाइन गर्दा पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण र भेरिएसनबाट निर्माण नगराई नयाँ ठेक्काबाट गराउँदा रु.७ करोड १७ लाख थप लागत पर्न गएको छ । त्रुटिपूर्ण डिजाइन तथा लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

५७. **क्षतिग्रस्त टेवा पर्खाल -** योजना कार्यालय, उदयपुरका एक निर्माण व्यवसायीले निर्माण गरेको रु.४ करोड ५२ लाख ४३ हजार लागतको करीब ६७० मिटर प्लम कंक्रिटको टेवा पर्खाल ढलेको देखियो । सो पर्खालको निर्माण कार्य सम्बन्धित निर्माण व्यवसायीबाटै गराउनुपर्दछ ।

५८. **भोगाधिकार -** नेपाल सरकारको निर्णयअनुसार ३० मिटर सडक सीमाभित्रको सार्वजनिक तथा वन क्षेत्रको जग्गाको भोगाधिकार सडक विभागलाई दिनुपर्ने उल्लेख गरिए पनि हालसम्म जग्गा प्राप्त भएको छैन ।

५९. **सडकको चौडाइ -** योजना कार्यालय, उदयपुरअन्तर्गत चतरादेखि बसाहासम्म ४४ कि.मि. सडकको ८ मिटर र क्यारिज वे ६ मिटर, बसाहादेखि सिन्धुलीको भिमानसम्म १३४ कि.मि. सडकको चौडाइ ११ मिटर र क्यारिज वे ७ मिटर तथा भिमानदेखि सिन्धुली सदरमुकामसम्म १८ कि.मि. सडकको चौडाइ क्यारिज वे ५.५ मिटर रहेको छ । सडकको चौडाइ ११ मिटर हुने गरी डिजाइन स्वीकृत भएकोमा फरक फरक चौडाइको सडक निर्माण गरेको उपयुक्त देखिएन । डिजाइनअनुसार चौडाइ कायम गर्नुपर्दछ।

६०. **त्रुटि सच्याउने अवधि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार त्रुटि सच्याउने अवधिमा गर्नुपर्ने काम निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नुपर्ने व्यवस्था छ । योजना कार्यालय उदयपुर र मकवानपुरले त्रुटि सच्याउनको लागि बिल अफ क्वान्टिटीमा रु.२३ करोड ४९ लाख ९० हजार व्यवस्था गरेको छ । त्रुटि सच्याउने अवधिको काम निर्माण व्यवसायीबाटै गराउनुपर्ने हुँदा थप रकम व्यवस्था गर्न नमिल्ने व्यहोरा गत वर्ष औंल्याएकोमा स्थिति यथावत् रहेको छ ।

## हुलाकी राजमार्ग आयोजना

तराइका २० जिल्ला जोड्ने गरी पूर्व-पश्चिम खण्डको ९७५ कि.मि. र उत्तर-दक्षिण खण्डको करिब ८१७ कि.मि.सहित १ हजार ७९२ कि.मि. सडक र २१९ पुलको निर्माण गर्न र यो आयोजना २०६५।६६ मा शुरु गरी २०७४।७५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा शुरु लागत अनुमान रु.४७ अर्ब २४ करोडबाट रु.६५ अर्ब २० करोड पुऱ्याई २०७९।८० सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । भारतीय सहायताबाट रु.४ अर्ब ३५ करोड ३० लाख र नेपाल सरकारको तर्फबाट रु.२७ अर्ब ५३ करोड ५८ लाख खर्च गरी ३२५ कि.मि.ग्राभेल, २७० कि.मि. कालोपत्रे र ७५ पुल निर्माणाधीन अवस्थामा रहेका छन् ।

६१. **काममा समन्वय -** भारतीय परामर्शदाता कम्पनीबाटै कामको सुपरिवेक्षण हुनेगरी १४ प्याकेज ठेक्कामार्फत ३०५ किलोमिटर सडक निर्माण कार्य भारतीय सहायताबाट भएपनि यी सडकमा पर्ने पुल निर्माण कार्य नेपाल सरकारबाट भएको छ । सडक र पुल निर्माण कार्य तोकिएको अवधिभित्र एकैसाथ पूरा नभएमा आयोजनाको लक्ष्य पूरा नहुने देखिएकोले निर्माण हुने कामको समन्वयमा विशेष ध्यान दिनुपर्दछ ।

६१.१ हुलाकी राजमार्गमा निर्माण गर्नुपर्ने पुलको प्राविधिक अध्ययन कार्य परामर्श सेवाबाट गराई प्रतिवेदन तयार गरी स्वीकृतिका लागि सडक विभाग पुल महाशाखामा पठाएकोमा विभागबाट स्वीकृत भई नसकेकोले २०७६।३।३० सम्म अन्तिम म्याद रहेको पुल निर्माणको कार्य अधुरो रहेको छ ।

## पुल सेक्टर आयोजना

६२. **पुल निर्माणमा स्पष्टता -** डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट हुने पुलहरुको निर्माण गर्न सडक विभाग र अन्तर्गत ४ आयोजना रहेकोमा ११७ पुल निर्माण भइरहेकोमा १८ पुलको निर्माण कार्य सम्पन्न भई ९९ पुल निर्माणाधीन अवस्थामा रहेका छन् ।

डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसन आदेशलगायतका पक्षमा विविधता देखिएको छ । यस विधिबाट गरिने खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

६३. **नर्म्सको स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको नर्म्स मन्त्रिपरिषदबाट स्वीकृत गर्नुपर्ने व्यबस्था छ । सडक विभागले डिजाइन एण्ड बिल्ट २०७१।७२ मा खरिद सम्झौता भएका ६२ पुलको लागतलाई आधार लिई प्रति मिटर औसतमा रु.१० लाख २९ हजार, निर्माण खर्चको ०.३ प्रतिशत गुणस्तर नियन्त्रण, ०.४ प्रतिशत बीमा, एप्रोच सडक कालोपत्रे प्रति कि.मि. रु.१ करोड १४ लाख पर्ने गरी महानिर्देशकबाट २०७२।१०।४ मा अन्तरिम नर्म्स स्वीकृत गरेको पाइयो । उक्त नर्म्समा मुद्रा स्फीति दर १.०४ ले गुणा गरी २०७३।७४ का लागि प्रतिमिटर पुल निर्माण खर्च रु १० लाख ७० हजार तथा प्रतिकिलोमिटर सडक कालोपत्रे गर्न रु. १ करोड १९ लाख लाग्नेगरी नर्म्स कायम गरेको र तत्पश्चात नेपाल राष्ट्र बैङ्कद्वारा प्रकाशित मूल्य वृद्धि सूचकको आधारमा थप गरी नयाँ दर कायम गर्ने गरेको छ । मन्त्रिपरिषदबाट स्वीकृत गर्नुपर्ने नर्म्स महानिर्देशकबाट स्वीकृत भएको छ । यो वर्षसम्म ११७ पुलको लागत अनुमान सोहीबमोजिम तयार गरी कार्यान्वयनमा ल्याएको छ । नियमअनुसार नर्म्स स्वीकृत गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

६४. **डिजाइन एण्ड बिल्ट पुल ठेक्कामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लम सम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न

नसकिने उल्लेख छ । सडक विभागले लमसम प्रकृतिको डिजाइन एण्ड बिल्ट सम्झौता गर्दा मूल्य समायोजन गर्न सकिने प्रावधान राखेको कारण विभिन्न ८ कार्यालयले ७५ ठेक्कामा मूल्य समायोजन बापत यो वर्ष रु.८८ करोड २६ लाख ६१ हजार भुक्तानी दिएको छ ।

सार्वजनिक लेखासमितिले महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी ऐन नियममा नै व्यवस्था गरी डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न २०७६।११।८ मा सुझाउ दिएकोमा प्रतिवेदन अवधिसम्म थप कानुनी व्यवस्था गरेको छैन ।

## काठमाडौं उपत्यका सडक विस्तार आयोजना

काठमाडौं उपत्यकाभित्र यातायात सञ्चालनमा देखिएको समस्या समाधान गर्ने उद्देश्यले २०६३।६४ मा आयोजना स्थापना भएको हो । स्थापनाकालमा सोल्टीमोड-कलंकी-नागढुङ्गा सडक खण्ड विस्तार तथा स्तरोन्नतिको काम गर्दै आएकोमा २०६८।६९ देखि उपत्यकाभित्रको १४ मिटरभन्दा बढी चौडाइका सडक विस्तार एवं सुधार गर्दै आएको छ । आयोजनाले २०७५।७६ सम्म रु.८ अर्ब २९ करोड ९१ लाख खर्च गरेको छ ।

६५. **लागत अनुमानमा त्रुटि -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । आयोजनाले चाबहिल जोरपाटी साँखु सडकअन्तर्गत चेनेज ६ देखि ९ कि.मि.सम्म सडक सुधारको लागत अनुमान तयार गर्दा माटो खन्ने कामको परिमाण १५ हजार ९६० घनमिटर हुनेमा जोडजम्मा फरक पारी ८ लाख ५६ हजार ८५४ घनमिटर कायम गरी रु.६ करोड ८१ लाख १२ हजारले बढी हुनेगरी रु.६२ करोड ९६ लाख ४० हजारको लागत अनुमान स्वीकृत गरेको छ । उक्त ठेक्का रु.४५ करोड ६९ लाख २ हजार (२८ प्रतिशत घटी) मा स्वीकृत भएको देखिन्छ । त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने परामर्शदाता र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

६६. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने र नियमावली, २०६४ को नियम ११९मा मूल्य समायोजन पाउने आधार उल्लेख छ । आयोजनाले ५ ठेक्कामा भेरिएसन जारी गर्दा भेरिएसन भएको आइटममा बढेको रकम कुल सम्झौता रकमको २ प्रतिशत र सो आइटमको २५ प्रतिशतभन्दा बढी भएमा नयाँ दररेट कायम गरी भुक्तानी दिएको छ । निर्माण व्यवसायीसँग भएको वार्तामा थप कामको भुक्तानीमा मूल्य समायोजन पाउने उल्लेख नभएको र आयोजनाले यस्तै प्रकारका अन्य ठेक्कामा भेरिएसन गर्दा थप भएको कार्यमा मूल्य समायोजन नदिएकोले आयोजनाले ५ ठेक्काका निर्माण व्यवसायीलाई नयाँ दररेटको आधारमा दिएको भुक्तानीमा मूल्य समायोजन रु.१ करोड ९२ लाख ३५ हजार असुल हुनुपर्दछ ।

६७. **बढी भुक्तानी -** सडक विभागको स्वीकृत नर्म्समा सब बेस १ घनमिटरको लागि १.२८ घनमिटर लुज ग्राभेल लाग्ने व्यवस्था छ । आयोजनाले साविकको सडकमा परेको खाल्डा, खुल्डी पुर्न बालुवा मिसिएको ग्राभेल प्रयोग गरी भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी दिँदा त्रिपुरेश्वर-कलंकी-नागढुङ्गा सडकका ठेक्कामा लुज ग्राभेल प्रयोग गरी कम्प्याक्सन नगरेको अवस्थामा समेत कम्प्याक्सन सहितको दररेटले भुक्तानी गरेको छ । लुज ग्राभेल प्रयोग गरी खाल्डा खुल्डी पुरेको ग्राभेल सम्याउन मेसिन र कामदारसमेतको रकम डे वर्क्सबाट भुक्तानी भएको अवस्थामा ग्राभेल कम्प्याक्सन बापतको २८ प्रतिशतले निर्माण व्यवसायीलाई भुक्तानी गरेको रु ४८ लाख ९९ हजार सम्बन्धमा छानविन गरी असुल गर्नुपर्दछ ।

६८. **सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सम्झौताबमोजिम काम नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्नसक्ने र सम्झौता अन्त्य भएमा सम्झौताबमोजिम

बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । आयोजनाले वाग्मती पुल निर्माण कार्यका निर्माण व्यवसायीसँग भएको सम्झौतामा ठेक्का अन्त्य भएमा थप काम सम्पन्न गर्न लाग्ने रकमको २५ प्रतिशत असुल गरिने उल्लेख छ ।आयोजनाले रु.२१ करोड ३३ हजारको पुल निर्माण कार्य रु.३ करोड ४६ लाख ७० हजार भुक्तानी भएको अवस्थामा सम्झौता अन्त्य गरेकोले उक्त काम सम्पन्न गर्न लाग्ने थप खर्चको २५ प्रतिशत रकम असुल गरेको छैन । प्रचलित कानुन तथा सम्झौताबमोजिम लाग्ने रकम यकिन गरी असुल गर्नुपर्दछ ।

## आयोजना निर्देशनालय ए.डी.बी

एसियाली बिकास बैङ्कको ऋण सहयोगअन्तर्गत भूकम्पीय आपतकालीन सहयोग आयोजनातर्फ ९९.६५ कि.मि., सासेक रोड कनेक्टिभिटी आयोजनातर्फ १९९.६३ कि.मी र सासेक सडक सुधार आयोजनातर्फ १५४.०९ कि.मि. समेत ४५३.३७ कि.मि. सडकमध्ये सासेक सडक सुधार आयोजनाअन्तर्गतको नारायणघाट बुटवल ११२.९६ कि.मि. सम्झौता यो वर्ष भई सो समेत निर्माण चरणमा रहेको छ । आयोजनाको लागि रु.११ अर्ब ३७ करोड २० लाख विनियोजन भएकोमा रु.४ अर्ब ३७ करोड ७८ लाख ४७ हजार (३८.५० प्रतिशत) खर्च भएको छ ।

६९. **वैदेशिक सहायताको उपयोग -** एसियाली विकास बैङ्कको सहयोगमा आयोजना कार्यान्वयनको लागि निम्नानुसार अमेरिकी डलर २७ करोड ३१ हजार प्राप्त हुने गरी सम्झौता भएकोमा यो वर्षसम्म अमेरिकी डलर ७ करोड ४१ लाख ४७ हजार *(*२७.४५ प्रतिशत*)* उपयोग भएको छः

(अमेरिकी डलर हजारमा)

| आयोजना | शुरु मिति | सम्पन्न हुनुपर्ने मिति | कुल लागत | यो वर्ष सम्मको खर्च | उपयोग प्रतिशत | सहायता |
|---|---|---|---|---|---|---|
| भूकम्पीय आपतकालीन सहयोग आयोजना | २०७५/५/५ | २०७६/९/१५ | २,३३,३० | १,४९,८२ | ६४.२२ | ऋण |
| सासेक सडक सुधार आयोजना | २०७४/१/१६ | २०७९/४/१५ | १८,५६,२४ | १,५१,६८ | ८.१७ | ऋण |
| सासेक रोड कनेक्टिभिटी आयोजना | २०७१/२/१६ | २०७७/३/१६ | ५,४४,८७ | ३,९०,७१ | ७१.७१ | ऋण |
| यातायात आयोजना तयारी सहयोग | २०७१/२/१६ | २०७५/९/१६ | ६५,९० | ४९,२६ | ७४.७५ | अनुदान |
| | | जम्मा | २७,००,३१ | ७,४१,४७ | २७.४५ | |

निर्माण व्यवसायीले कार्यतालिकाबमोजिम कार्य गर्न नसकेको कारण समग्र आयोजनाको भौतिक र वित्तीय प्रगति न्यून रहेको देखिन्छ । आयोजनागत रुपमा हेर्दा सासेक सडक सुधार आयोजनाको भौतिक प्रगति ५३ प्रतिशत देखिएकोले कार्यान्वयनमा थप प्रभावकारिता ल्याउनुपर्दछ ।

## नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना

काठमाडौं उपत्यका प्रवेश गर्ने नौबिसे-काठमाडौं खण्डमा पर्ने सिस्नेखोला देखि काठमाडौंको चन्द्रागिरी नगरपालिका वडा नं ३ जोड्ने २.६८ किलोमिटर सुरुङ मार्ग, पश्चिम तर्फ ५६५ मिटर र पूर्व तर्फ २.३०७ किलोमिटर पहुँच सडक निर्माण गर्ने उद्देश्यले मित्रराष्ट्र जापान सरकारको ऋण सहयोगमा योजना सञ्चालन भएको छ । सुरुङ मार्ग र पहुँच मार्ग निर्माण कार्य ४२ महिनामा सम्पन्न गर्नेगरी जापानी येन १३ अर्ब २९ करोड ८० लाखमा २०७६।६।६ मा सम्झौता भई निर्माण कार्य शुरु भएको छ ।

७०. **नर्म्सको तर्जुमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सुरुङ खन्नेलगायत जमिनमुनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृति गराई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सुरुङ मार्गसम्बन्धी नर्म्स नेपाल सरकारबाट स्वीकृत नभएको अवस्थामा परामर्शदाताले पेस गरेअनुसारको नर्म्स कार्यान्वयनमा ल्याएको छ । आवश्यक नर्म्स स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७१. **प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद कार्य प्रतिस्पर्धी तथा मितव्ययी हुनुपर्दछ । सुरुङ र एप्रोच सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा ४३ फर्मले बोलपत्र खरिद गरेकोमा ६ फर्मले दाखिला गरेको देखिन्छ । बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा ५ फर्मको प्राविधिक प्रस्ताव असफल भई एक मात्र प्रस्ताव स्वीकृत गरेको छ । सो कार्यको लागत अनुमान जापानी येन १३ अर्ब ३१ करोड ३५ लाख रहेकोमा बोलपत्रदाताको कबोल अङ्क जापानी येन १३ अर्ब ९६ करोड ४९ लाख रहेकोमा वार्ताद्धारा घटाई जापानी येन १३ अर्ब २९ करोड ८० लाखमा खरिद सम्झौता गरेको छ । एकमात्र बोलपत्रदाता योग्य रहेको र लागत अनुमानको तुलनामा ०.११६ प्रतिशत घटीको बोलपत्र स्वीकृत भएकोले पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन ।

७२. **अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ९५क(३) मा कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवन निर्सग बापत भएको लाभमा रजिष्ट्रेसनका बखत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । यसैगरी आन्तरिक राजस्व विभागको २०७३।४।९ को परिपत्रमा एकलौटी फर्म, साझेदारी फर्म, कम्पनी, गैरसरकारी संस्था, ट्रष्ट, निजी विद्यालय र विश्वविद्यालयलगायतका निकायले जग्गा वा भवन निसर्ग गर्दा १० प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । आयोजनाले २ संस्थालाई मुआवजा वितरण गर्दा १० प्रतिशतले हुने रु.५६ लाख ६ हजार करकट्टी गर्नुपर्नेमा रु.१५ लाख २७ हजारमात्र कट्टी गरेकोले नपुग रु.४० लाख ७९ हजार असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

## सडक सुधार तथा विकास आयोजना

७३. **ऋण उपयोग क्षेत्र -** एक्जिम बैङ्क भारतसँग सन् २०११ मा भएको सम्झौताअनुसार प्राप्त सहायता पूर्वाधार तर्फका राजमार्ग, एयरपोर्ट, पूल, सिँचाइ, सडक, रेल तथा जलविधुत योजनामा खर्च गर्ने उल्लेख छ । बैङ्कसँग सन् २०१४ मा भएको अर्को सम्झौताअनुसार प्राप्त रकम जलविद्युत, सिँचाइ र पूर्वाधार विकासमा लगानी गर्ने उल्लेख छ । सडक विभागअन्तर्गतका योजनाहरुमा २०७६ असार मसान्तसम्म लाइन अफ क्रेडिट दोस्रोअन्तर्गत अमेरिकी डलर ४८.५०८ मिलियन र लाइन अफ क्रेडिट, तेस्रो अन्तर्गत अमेरिकी डलर २८.३७ डलर खर्च भएको छ ।

७४. **पुरानो ढुङ्गाको प्रयोग -** साविकमा पुरानो ढुङ्गाको पर्खाल एवं ग्याबियन पर्खाल रहेको स्थानमा सो पर्खाल भत्काई पुनः पर्खाल निर्माण गरेकोमा पुरानो पर्खाल भत्काउँदा निस्केको ढुङ्गा प्रयोग हुनेगरी लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तथा सम्झौतामा प्रयोग योग्य ढुङ्गाहरुलाई छुट्याई राख्ने गरी सम्झौता भए पनि उक्त ढुङ्गा पुनः प्रयोग गर्ने व्यवस्था गरेको छैन । यो वर्ष ठेक्का व्यवस्थापन भएका ७ योजनाको लागत अनुमान परीक्षण गर्दा पुरानो ढुङ्गाको पर्खाल भत्काउँदा निस्कने १७ हजार ५८४ घनमिटर ढुङ्गाको मूल्य लागत अनुमान दर अनुसार रु.२ करोड १४ लाख ८० हजार हुने देखिन्छ । उक्त परिमाण पुनः प्रयोग नगरी नयाँ ढुङ्गा प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी ठेक्का सम्झौता गरेकोले निर्माण कार्यको लागत बढ्न गएको छ । मितव्ययी हुनेगरी निर्माण कार्य गर्नुपर्दछ।

७५. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० मा लागत अनुमानसम्बन्धी व्यवस्था रहेको छ । आयोजनाले यो वर्ष खरिद सम्झौता गरेका ११ निर्माण कार्यको लागत अनुमानमा त्रुटि सच्याउने अवधिमा हुने मर्मत कार्य समेत समावेश गरेको छ । त्रुटि सच्याउने अवधिसम्म मर्मत सम्भार गर्ने दायित्व निर्माण व्यवसायीकै हुने अवस्थामा मर्मत कार्यको लागतसमेत समावेश गरी सम्झौता गरेको मनासिब देखिएन । यस प्रकार खरिद सम्झौता गरेकोले ११ योजनाको निर्माण कार्यमा अमेरिकी डलर ३ लाख ७५ हजारले लागत बढेको छ ।

## यातायात व्यवस्था विभाग

विभिन्न प्रकारका सवारी साधनको दर्ता, नवीकरण, खारेजी, सडक इजाजत, सवारीचालक अनुमतिपत्रको व्यवस्थापन गरी यातायात सेवा व्यवस्थित गर्न सर्वसाधारणलाई आवागमन सेवा २०४१ सालमा विभागको स्थापना भएको हो । साविकमा विभाग मातहत संचालनमा रहेका यातायात व्यवस्था कार्यालयहरु प्रदेश सरकारलाई हस्तान्तरण भई विभाग मातहत निकाय १ मात्र सवारी परीक्षण केन्द्र रहेको छ ।

७६. **सेवाप्रवाह -** विभागले सवारी चालक अनुमतिपत्रको रुपमा स्मार्ट कार्ड छपाइ गरी वितरण गर्दै आएको छ । विभागले २०७१ र २०७४ मा रु.४ करोड ७२ लाख ७८ हजारमा पाँच थान स्मार्ट कार्ड प्रिन्टर मेसिन खरिद गरेकोमा मेसिनको पार्टस उपलब्ध हुन नसकेको कारणले मर्मत हुन नसकी प्रयोगमा ल्याएको छैन । विभागले यो वर्ष रु.३६ करोड ३२ लाखको मास प्रिन्टर मेसिन खरिद गर्ने सम्झौताअनुसार प्राप्त मेसिन प्राविधिक जाँचपास गरी स्वीकार गरेको छैन । विभागबाट प्राप्त विवरणअनुसार सवारी चालक परीक्षा उत्तीर्ण गरेका २०७५ पुसदेखि २०७६ माघसम्मका ६ लाख ९९ हजार जनाले स्मार्टकार्ड नपाएकोले सवारी चालक अनुमतिपत्रको सट्टा राजस्व तिरेको रसिदबाट सवारी सञ्चालन गर्नु परेको अवस्था छ । स्रोत साधनको व्यवस्था गरी समयमै सेवा प्रवाह गर्नुपर्दछ ।

७७. **सवारी चाप -** विभागबाट प्राप्त विवरणअनुसार दुई पांग्रे र चार पाँग्रे सवारीसाधन संख्या यो वर्ष थप भएको ३ लाख ४४ हजार २९६ समेत ३५ लाख ६५ हजार ३३८ पुगेको छ । सवारी दर्ता, सडकको चाप, प्रदूषणको स्थिति, प्रति कि.मि. सवारी घनत्व आदिलाई मध्यनजर गरी सडक निर्माण नभएकोले काठमाडौं उपत्यकालगायत देशका प्रमुख शहरमा सवारी चाप अत्यधिक रहेको छ । सवारीको चापअनुसार सडक निर्माण गर्नुपर्दछ ।

७८. **भौतिक सम्पत्तिको संरक्षण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा सरकारी सम्पत्तिको संरक्षण गर्ने व्यवस्था छ । नेपाल सरकारको २०६९।६।७ को निर्णयानुसार साविकको नेपाल यातायात संस्थान, ट्रलीबस सेवा समितिको नाममा रहेको २८ रोपनी ७ आना जग्गाको स्वामित्व यातायात व्यवस्था विभागमा आएको छ । जग्गाको स्वामित्व प्राप्त भएपनि विभाग परिसरमा रहेका बस, ट्रान्सफर्मर, केबुलतार लगायतका जिन्सी सम्पत्ति बेवारिसे अवस्थामा रहेकोले दुरुपयोग तथा नोक्सानी हुने अवस्था देखिन्छ । ती सामानको संरक्षण गर्न उचित व्यवस्था मिलाउनुपर्दछ ।

७९. **ईम्बोस्ड नम्बर प्लेटको कार्यान्वयन -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक खरिद प्रक्रिया मितव्ययी एवं खर्चको अधिकतम प्रतिफल प्राप्त हुने गरी गर्नुपर्ने उल्लेख छ । विभागले सवारी साधनमा इम्वोस्ड नम्बरप्लेट लगाउने कार्य गर्न एक सप्लायर्ससँग ३० मे. २०१६ मा अमेरिकी डलर ४ करोड ३७ लाख ८८ हजारको खरिद सम्झौता गरेकोमा सम्झौतामा ५ वर्षमा २५ लाख पूर्ण सुरक्षित इम्बोस्ड नम्बर प्लेट आपूर्ति गरी पर्सनलाइज गर्ने र उपत्यकाभित्र ५, वाहिर ५ गरी १० ठाउँमा रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन गेट राख्नुपर्ने उल्लेख छ । अंग्रेजी भाषामा इम्बोस्ड नम्बर राख्ने कार्य प्रचलित कानुनबमोजिम नभएको कारण देखाई परेको रिट उपर सर्वोच्च अदालतबाट २०७४ मा सो कार्य तत्काल नगर्नु नगराउनु भन्ने आदेश भई उक्त कार्य रोकेकोमा २०७६।८।२७ मा रिट खारेज गरे तापनि इम्बोस्ड नम्बर प्लेट छाप्ने कार्य सुरु भएको छैन । सम्झौताको शर्तमा ५ वर्ष व्यतीत हुँदा सम्झौताबमोजिमको रकम भुक्तानी गर्नुपर्ने शर्त राखेका कारण काम पूरा नभए पनि सम्झौताअनुसार पूरै रकम भुक्तानी गर्नुपर्ने अवस्था सिर्जना भएको छ । सम्झौताबमोजिमको कार्य तोकिएको अवधि र सम्झौता रकमबाटै सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

८०. **पञ्जीकरण -** यातायात तथा सवारी व्यवस्था ऐन, २०४९ को दफा ९३ मा यातायात सेवाको नाम विभागमा पंजिकृत नगरी सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्न नहुने व्यवस्था छ । हाल

उपत्यकामा सञ्चालन भइरहेका पठाओ र टुटल जस्ता यातायात सेवा विभागमा पञ्जीकृत नगरी सञ्चालन भएको देखियो । यस्ता सवारीसाधन पञ्जीकृत गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८१. **लेखापरीक्षण** - आर्थिक कार्यविधि ऐनमा जिम्मेवार व्यक्तिले लेखा र सम्बन्धित कागजात तोकिएको लेखापरीक्षक समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । विभागले सफ्टवेयर निर्माण तथा खरिद कार्यको लागि एसियाली विकास बैङ्कबाट सोझै भुक्तानी मार्फत रु.१ करोड ५९ लाख ८२ हजार खर्च देखाएकोमा सोको लेखापरीक्षण गराएको छैन ।

## रेल विभाग

रेल विभाग र मातहत आयोजनाबाट मेची महाकाली विद्युतीय रेल मार्ग, केरुङ-काठमाडौं, काठमाडौं-वीरगन्ज, काठमाडौं-पोखरा रेल मार्ग, मोनोरेल, मेट्रो रेल, भारतीय सिमानासँग जोड्ने रेल मार्ग सम्बन्धी कार्य अगाडि बढाइएको छ ।

८२. **आयोजना लागतमा वृद्धि** - एक परामर्शदाताले २०६५ सालमा पेस गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनमा १ हजार ३१७ कि.मि. रेलमार्ग निर्माण गर्न रु.६ खर्ब ५४ अर्ब १४ करोड लागत लाग्ने उल्लेख छ । विभागबाट २०७५।७६ मा नियुक्त परामर्शदाताले पेस गरेको प्रतिवेदनअनुसार १ हजार ४ कि मी रेलमार्ग निर्माण, सोमा पर्ने जग्गा अधिग्रहण, फिजिकल कन्टिन्जेन्सी र मूल्य समायोजनसमेत रु.९ खर्ब ५५ अर्ब २२ करोड लागत लाग्ने उल्लेख छ । निर्माण कार्यमा ढिलाइ हुँदा लागतमा अत्यधिक वृद्धि हुने देखिन्छ ।

८३. **रेलमार्गको मापदण्ड** - आयोजनाले निर्माण गर्ने मेची-महाकाली रेलमार्ग, काठमाडौं-वीरगन्ज रेलमार्ग, केरुङ्ग-काठमाडौं रेलमार्ग तथा भारतीय सिमानामा निर्माण हुने रेलमार्ग अन्तराष्ट्रिय रेलमार्गकै सञ्जालभित्र पर्ने हुँदा अन्तराष्ट्रिय रेलमार्गसँग तालमेल हुने गरी स्ट्याण्डर्ड गेजमा रेलमार्ग निर्माण गर्नुपर्दछ । नेपाल र भारत सरकारबीच सन् २०१० मा भएको सहमति अनुसार पूर्व-पश्चिम विद्युतीय रेलमार्ग स्ट्याण्डर्ड गेज (रेलमार्गको चौडाइ १.४३५ मिटर, स्पिड प्रतिघण्टा २०० कि.मि.) मा निर्माण गरिरहेको र भारत सरकारको सहयोगमा निर्माण भइरहेको जयनगर-बिजलपुरा, बिजलपुरा-बर्दिवास, जोगबनी-विराटनगर, नौतनवा-भैरहवा, कोहपुल-नेपालगन्ज रोड र न्यू जलपाईगुडी काँकडभिट्टा पानीटंकीसमेत १०३ कि.मि. रेलमार्ग ब्रोडगेज (चौडाइ १.६७६ मिटर, स्पिड प्रतिघण्टा १६० कि.मि.) मा निर्माण भई फरक/फरक गेजमा रेलमार्ग निर्माण भइरहेको छ । यस सम्बन्धमा एकरुपता कायम गर्न मन्त्रालयसँग छलफल भइरहेको विभागले जनाएको छ ।

८४. **कार्यक्रम बेगर सोझै खरिद** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यक्रम स्वीकृत गर्नुपर्ने, नियम ३५ मा कार्यक्रम स्वीकृत बजेट र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र खर्च गर्न आदेश दिनुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाखभन्दा बढी लागत अनुमानको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ ।

मेची महाकाली रेलमार्गमा पर्ने पुल निर्माण कार्यको खरिद सम्झौताको प्रोभिजनल सममा रहेको रु.९ करोड ९० लाखबाट हाइड्रोलिक बोर पाइल मेसिन सोझै खरिद गर्न महानिर्देशकबाट निर्माण व्यवसायीलाई आदेश दिएको देखियो । रु.९ करोड ८८ लाख ७१ हजारको लागत अनुमान स्वीकृत गरेको उक्त मेसिन खरिद गर्न मन्त्रालयबाट कार्यक्रम स्वीकृत गरेको छैन भने पुल निर्माणको बजेटबाट मेसिन खरिद गरेको छ । ऐन नियमको पालना गरी मेशीन खरिद गर्नुपर्दछ ।

८५. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ । एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको म्याद थप गर्दा थप आर्थिक

भार नपर्ने गरी निर्णय भएको छ । सोअनुसार सम्झौताको सुरु अवधि २०७५।३।२१ को मूल्यसूचीअनुसार मूल्य समायोजन दिनुपर्नेमा थप अवधिको मूल्यसूची अनुसार गणना गरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.३४ लाख २२ हजार असुल गर्नुपर्दछ ।

८६. **दोहोरो मूल्यसमायोजन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा भुक्तानी दिनुपूर्व रीत पुगे नपुगेको चेक जाँच गर्नुपर्ने व्यवस्था छ । आयोजनाले एक निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २१ औं बिलको रु.२ करोड १८ लाख ८१ हजार भुक्तानी गर्दा अघिल्लो बिलबाट बढी भुक्तानी भएको रु.१ करोड १० लाख ४३ हजार घटाई हिसाब मिलान गरेको छ । सो अनुसार १९ औं बिलको खुद भुक्तानी रु.१ करोड ८ लाख ३८ हजारमा मात्र मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा पूरै बिल रकमको आधारमा भुक्तानी गरेकाले दोहोरो मूल्य समायोजन भुक्तानी गरेको रु.३३ लाख ३७ हजार असुल गर्नुपर्दछ ।

८७. **समस्याग्रस्त ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम काम नगरेमा सार्वजनिक निकायले सम्झौता अन्त गर्न सक्ने व्यवस्था छ । सिमरा बर्दिवास खण्डमा रेल्वे ट्र्याक निर्माणकार्य २०७१।८।२० सम्म रु. ९ करोड ७४ लाख सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा २०७३।६।२० सम्म रु.४ करोड १८ लाख ६४ हजारको कार्य गरेको छ । तत्पश्चात निर्माण कार्य स्थगित गरेको छ । निर्माण व्यवसायीलाई दिएको पेस्की रु.१ करोड ८४ लाख ४० हजार बाँकी रहेको छ । सम्झौता अनुसार निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियम र सम्झौताअनुसार कारबाही गर्नुपर्दछ ।

८८. **निर्माणस्थलको व्यवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने उल्लेख छ । रेल, मेट्रो रेल, आयोजनाले सिमरा (बर्दिवास खण्डमा रेल्वे ट्र्याक बेड निर्माण कार्य रु.९ करोड ४२ लाख ६१ हजारमा सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २०७१।८।१६ मा सम्पन्न गर्ने गरी २०७०।८।१७ मा खरिद सम्झौता भएकोमा घर टहरा र जग्गा विवादको कारण देखाई २०७६।१।३० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले रु.६ करोड ९ लाख ७४ हजारको कार्य गरेको छ । शुरु सम्झौता अवधिको ५०० प्रतिशत अवधि थप गर्दा समेत ६५ प्रतिशतमात्र प्रगति देखिँदा सार्वजनिक खरिद ऐन नियम तथा खरिद सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

# अन्य संस्था

## सडक बोर्ड नेपाल

नेपालमा रहेका सडकहरुको मर्मत सम्भार गराउने, मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनीकरण गर्ने तथा मर्मत संभार कार्यलाई पारदर्शी एवं प्रभावकारी बनाउने, तोकिएको सडकहरुमा चल्ने सवारीसाधनको इन्धनमा मर्मत संभार दस्तुर लगाई सङ्कलन गर्ने लगायतका कार्य गर्न सडक बोर्ड ऐन, २०५८ अनुसार २०५९ मा बोर्डको स्थापना भएको हो ।

८९. **बजेट तथा कार्यक्रम कार्यान्वयन -** बोर्डको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६० को नियम ८ अनुसार बोर्डले रु.७ अर्ब ८१ करोड २६ लाखको बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । स्वीकृत कार्यक्रममध्ये खरिद डाटा बैङ्क र इन्भेन्ट्रीसम्बन्धी कार्य तथा सफ्टवेयर निर्माण, विद्युतीय टोल प्लाजा निर्माण लगायत रु.२७ करोड ५० लाखको कार्य भएको छैन । आकस्मिक अवस्थामा बोर्डबाट निर्णय

गरी खर्च गर्न सक्ने गरी रु.८ करोड अबण्डामा रकम राखी बजेट स्वीकृत भएको पाइयो । स्वीकृत कार्यक्रम कार्यान्वयन नगर्ने र अवण्डा बजेट स्वीकृत गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९०. **सडक दस्तुर :** सडक बोर्ड ऐन, २०५८ को दफा ६ मा सडक दस्तुर एवं शुल्क असुल गर्नुपर्ने व्यवस्था छ । यसवर्ष रु.१५ करोड ७७ लाख ८ हजार सडक दस्तुर सङ्कलन भएकोमा सबै लोकमार्गहरुमा दस्तुर सङ्कलनको व्यवस्था हुन सकेको छैन । तोकिएका सबै सडकमा दस्तुर सङ्कलन विगत ३ वर्षमा सङ्कलित सडक दस्तुरको विवरण निम्नानुसार छः

(रु. हजारमा)

| सडकको नाम /आर्थिक वर्ष | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|
| नौबिसे-मुग्लिग सडक खण्ड | ४,०३,८५ | ४,३१,९२ | ६,०९,५४ |
| हेटौडा-नारायणगढ सडक खण्ड | २,२९,७९ | २,७१,६९ | ५,१०,७२ |
| नारायणगढ-बुटवल सडक खण्ड | २,९०,७१ | ३,०८,३८ | ३,५९,५६ |
| भैरहवा-भूमही सडक खण्ड | २९,२९ | ५६,०८ | ९७,२६ |
| **जम्मा** | **९,५३,६४** | **१०,६८,०७** | **१५,७७,०८** |

भैरहवा-भुमही सडक खण्डमा सडक दस्तुर सङ्कलन गर्न विगतमा लगाएको ठेक्काको अवधि समाप्त भई नयाँ ठेक्काका लागि २ पटक सूचना प्रकाशन गर्दा समेत बोलपत्र स्वीकृत नभएकोले २०७६।२।७ देखि आषाढ मसान्तसम्म सडक डिभिजन कार्यालय, बुटवलबाट दस्तुर सङ्कलनको कार्य भएको छ । सडक दस्तुर सङ्कलन गर्ने निर्णय भएका ७ सडक खण्डमा दस्तुर सङ्कलन गरेको पाइएन ।

९१. **दस्तुर परिवर्तन -** सडक बोर्ड ऐन, २०५८ को दफा ६ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सडक दस्तुर लगाउन सक्ने उल्लेख छ । नेपाल राजपत्रमा २०७६।१।२ मा सूचना प्रकाशित गरी साविक ४ र थप ३ सडकमा सडक दस्तुर सङ्कलन गर्ने उल्लेख भएकोमा साविकमा ठेक्का भई कार्यान्वयनमा रहेका नौबिसे-मुग्लिङ र हेटौंडा-नारायणगढ खण्डमा २०७६।३।१७ देखि र नारायणगढ-बुटवल खण्डमा २०७६।३।२४ देखि मात्र नयाँदर लागू गरेको कारण बोर्डले रु.७ करोड ४७ लाख ४५ हजार आम्दानी गुमाएको छ । समयमा निर्णय नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

९२. **असुली तथा हर्जना -** बोर्डले सडक दस्तुर असुल गर्न संकलकसँग गरेको सम्झौतामा ७ दिनभित्र दस्तुर बोर्डमा बुझाउनुपर्ने र नबुझाएमा प्रतिदिन ०.०५ प्रतिशतका दरले हर्जाना असुल गर्नुपर्ने व्यवस्था रहेको छ । बुटवल नारायणगढ सडक खण्डमा सडक दस्तुर सङ्कलन गर्न एक कम्पनीसँग यो वर्ष रु.७ करोड ७८ लाख ८३ हजारको सम्झौता भएकोमा रु.२ करोड ६९ लाख २४ हजारमात्र दाखिला गरेकोले बाँकी रु.५ करोड ९ लाख ५९ हजारमा सम्झौताअनुसारको जरिवानासहित असुल गर्नुपर्दछ ।

९३. **कार्य सम्पादन -** सडक बोर्ड ऐन, २०५८ को दफा ५ मा बोर्डले सडकको मर्मत सम्भार गराउने, सडक उपयोग दस्तुर असुल गर्ने उल्लेख भएकोमा पर्याप्त जनशक्ति नभएको कारण देखाई सडकको पुनर्निर्माण, पुनर्स्थापना, स्तरवृद्धि र नेपालभित्र प्रवेश गर्ने सवारीसाधनमा तोकिएको दस्तुर उठाउने कार्य आंशिकरुपमा कार्यान्वयन गरेको छ । यो वर्षसम्म बोर्डमा रु. ५ अर्ब ७२ करोड ६९ लाख मौज्दात रहेको छ । सडक मर्मत कार्यमा खर्च नगरेको र मौज्दात राखी रु.३० करोड ९२ लाख ७० हजार ब्याज आम्दानी गरेको छ । सडक मर्मतको लागि प्राप्त रकम प्रभावकारी उपयोग नहुँदा सडकको गुणस्तरमा सुधार हुन सकेको छैन । मौज्दात रकमको प्रभावकारी उपयोग गर्नुपर्दछ ।

९४. **पेस्की -** बोर्डको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६० को नियम ३७ मा सडक बोर्डबाट निकासा प्राप्त गर्ने निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र फरफारक गर्नुपर्ने व्यवस्था रहेको छ ।

बोर्डबाट तत्कालीन जिल्ला विकास समितिहरुलाई दिएको पेस्की रु.११ करोड २० लाख ८७ हजार फिर्ता गर्न ती समितिलाई पत्राचार गरे तापनि फिर्ता भएको देखिएन । उक्त रकम फिर्ता हुनुपर्दछ ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, रकमान्तर एवं स्रोतान्तर, स्रोत सुनिश्चितता, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टिन्जेन्सी खर्च, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, आइटम भेरिएसन, नर्म्स, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, डिजाइन एण्ड बिल्ट ठेक्कामा मूल्य समायोजन, अधुरा आयोजना, त्रुटिपूर्ण डिजाइनलगायतका व्यहोराहरु समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
    - सरकारी कार्यालयतर्फ १०४ निकायमा रु.१५ अर्ब २४ करोड ८२ लाख १२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५३ निकायले रु.५५ करोड १० लाख ८ हजार फछ्र्यौट गरेकोले रु.१४ अर्ब ६९ करोड ७२ लाख ४ हजार बाँकी रहेको छ । सोमध्ये रु.११ अर्ब ५५ करोड १ लाख १६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
    - अन्य संस्था १ तर्फ रु. ६ करोड ४४ लाख ६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ लाख १५ हजार फछ्र्यौट गरेकोले रु.६ करोड ३९ लाख ९१ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा महिला, बालबालिका तथा जेष्ठ नागरिकका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने, अनाथ बालबालिका, असहाय महिला, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्तको संरक्षण गर्ने, समाज कल्याण परिषद र सरकारी एवं गैरसरकारी संघ संस्थाद्वारा सञ्चालित कार्यक्रमको मूल्याङ्कन तथा गैरसरकारी संस्थाको समन्वय, परिचालन र अनुगमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सगठित संस्थासमेत ७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत ५ सरकारी कर्यालयको निम्नानुसार रु.७० करोड ५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ५ | ४३६७ | ४ | १७ | ४ | ६२ | ३ | २५५९ | ५ | ७००५ |

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष २ संस्थाको रु.५४ करोड २३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **चौधौं योजना कार्यान्वयन -** योजनामा ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय नीति तर्जुमा र समय सापेक्ष ऐन कानुनको परिमार्जन गर्ने, ज्येष्ठ नागरिकको लागि प्रदान गरिने सेवा सुविधाको मापदण्ड निर्धारण गरी सुविधा उपलब्ध गराउने र प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधासम्पन्न वृद्धाश्रम सञ्चालन गर्ने उल्लेख गरेकोमा मन्त्रालयको वार्षिक कार्यक्रममा ती विषय समावेश गरेको देखिएन । आवधिक योजनाअनुसार बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य २०३० को बुँदा नं. ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरुको सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरे तापनि सोअनुसार कार्यक्रम तर्जुमा गरेको छैन । दिगो विकासका केही लक्ष्य र उपलब्धि स्थिति देहायबमोजिम छः

| क्र.सं. | परिमाणात्मक लक्ष्य र सूचकहरु | सन् २०१५ को स्थिति | सन् २०१९ को स्थिति | सन् २०३० सम्मको लक्ष्य |
|---|---|---|---|---|
| १ | समान कामका लागि ज्याला/पारिश्रमिक (महिला र पुरुषबीचको समानतामूलक ज्यालाको अनुपात) | ०.६२ | ०.७२ | ०.९२ |
| २ | लौङ्गिक असमानताका सूचकहरु | ०.४९ | ०.३८ | ०.०५ |
| ३ | लैङ्गिक सशक्तीकरण मापन | ०.७५ | ०६ | ०.६९ |
| ४ | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | ०.९३ | ०.९५ | १ |
| ५ | महिलाले घरायसी काममा खर्चेको औषत समय/घण्टामा | १४ | ११.८७ | ६ |
| ६ | महिलाहरुको सम्पत्ति माथिको स्वामित्व | २६ | २९.७ | ४० |
| ७ | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत | १९.६ | ४०.५ | ९८ |

दिगो विकास लक्ष्य हासिल गर्न कार्ययोजनासहितको कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको प्रभावकारिता बढाउनुपर्ने देखिन्छ ।

५. **अनुगमन -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको समन्वय र परिचालन गरी गैरसरकारी संघ, संस्थाद्वारा कार्यान्वयन गरिएका कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले २०७५।७६ मा विभिन्न ३१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सम्झौता गरेको, ती संस्थाहरुबाट वार्षिक न्यूनतम अमेरिकी डलर ९९ लाख ७०

हजारको कार्यक्रम सञ्चालन गर्ने तथा १ वर्षदेखि ५ वर्षभित्र खर्च गर्ने व्यवस्था छ । सम्झौताको शर्त अनुसार मन्त्रालयले कार्यक्रम अनुगमन गरेको प्रतिवेदन पेस भएन । प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत सञ्चालन हुने कार्यक्रमको अनुगमन गरी कार्यक्रमको प्रभाव मापन गर्नुपर्दछ ।

६. **अनुदान -** मन्त्रालयबाट स्वीकृत संस्थालाई दिइने अनुदानसम्बन्धी निर्देशिका, २०७३ अनुसार मन्त्रालयले संस्थाहरुलाई अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयले अनुदान दिएका विभिन्न गैरसरकारी संस्थामध्ये ७ गैरसरकारी संस्थालाई रु.२ करोड ५ लाख अनुदान वितरण गरेकोमा सम्झौताअनुसार अनुदान रकम खर्च गरेको बिल भरपाई, लेखापरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन मन्त्रालयमा पेस नगरेको र खर्च हुन बाँकी रकम मन्त्रालयमा फिर्ता गरेको छैन । अनुदान रकमको उपयोग सम्बन्धमा मन्त्रालयले सबै संस्थाको अनुगमन गरी प्रतिवेदन समेत तयार गरेको देखिएन । उपर्युक्त स्थितिमा अनुदान रकम उपयोगको स्थिति मूल्याङ्कन गर्न सकिएन ।

७. **पुनर्स्थापना केन्द्र -** मानव बेचविखनबाट पीडित/प्रभावितहरुको लागि विभिन्न १० जिल्लामा पुनर्स्थापना केन्द्र विस्तार गर्न रु.१ करोड बजेट विनियोजन भएकोमा पुनर्स्थापन केन्द्र विस्तारको कार्य नगरी सचिवस्तरीय निर्णयबाट पुनर्स्थापन कोषमा ट्रान्सफर गरेको छ । तोकिएका जिल्लाहरुमा पुनर्स्थापन केन्द्र स्थापना नगरी कोषमै रकम निष्क्रिय राखेको छ । कोषमा ट्रान्सफर गरेको रकम संघीय सञ्चितकोषमा दाखिला हुनुपर्दछ ।

८. **सचेतनामूलक सामाग्री -** लैंगिक हिंसा अन्त्य गर्ने उद्देश्यले सचेतनामूलक सामग्री छपाइ तथा प्रकाशन गर्न रु.१ करोडको कार्यक्रम स्वीकृत भएकोमा विभिन्न चार प्रकारका पुस्तक/ब्रोसर तथा प्रश्नोत्तर संगालो ४६ हजार थान छपाइ गर्न मुद्रण विभागसँग लागत अनुमान माग गरेको देखियो । उक्त कार्यक्रममा रकम बचत हुने अवस्था भएपछि मन्त्रालयले पुनः १ लाख ६० हजार थान पुस्तक छपाइ गर्न विभागमा अनुरोध गरे तापनि थप पुस्तक छपाइ गर्न नसकिने जानकारी गराएपछि ४६ हजार थान पुस्तक छपाइ गर्न मुद्रण विभागको खातामा रु.१२ लाख ८१ हजार ट्रान्सफर गरिएको छ । मन्त्रालयले छपाइको आवश्यकता पहिचान नै नगरी बजेटलाई आधार मानी पुस्तक छपाइको लागि अनुरोध गरेको देखिन्छ । सामग्री छपाइ पश्चात धेरै पुस्तक भण्डारमा रहेको देखिन्छ भने जिन्सी खातामा उक्त पुस्तक दाखिला गरेको देखिएन । तसर्थ छपाई भएका पुस्तक वितरणको अभिलेख अद्यावधिक गरी आवश्यकताका आधारमा मात्र छपाइ कार्यको व्यवस्था गर्नुपर्दछ ।

९. **प्राविधिक सहायता -** बजेट वक्तव्य २०७५।७६ मा ३ दाताबाट विभिन्न कार्यक्रमको लागि रु.५ करोड ६३ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । प्राविधिक सहायताअन्तर्गत भएको खर्चको विवरण माग गरिएकोमा विगत वर्षदेखि नै उपलब्ध गराएको छैन । प्राविधिक सहायताअन्तर्गत तीन उपशीर्षकमा भएको खर्चको विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

# संगठित संस्था

## समाज कल्याण परिषद्

समाज कल्याण र सामाजिक सेवासँग सम्बन्धित क्रियाकलाप विकाससँग आबद्ध गराउने तथा गैरसरकारी संस्थाको कार्यमा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई समाज कल्याण ऐन, २०४९ अनुसार परिषद्ले कार्य गर्दै आएको छ । परिषद्को आय-व्यय विवरणअनुसार

यो वर्ष रु.७५ करोड ७८ लाख ५१ हजार आयमध्ये रु.३४ करोड ९८ लाख ६५ हजार खर्च भई रु.४० करोड ७९ लाख ८६ हजार मौज्दात रहेको छ ।

१०. **घटी बैङ्क मौज्दात** - परिषद्ले बैङ्क हिसाब विवरण तयार गरी मौज्दात भिडान गर्नुपर्दछ । परिषद्को स्रेस्ताअनुसार आषाढ मसान्तसम्म रु.७ करोड २० लाख १६ हजार मौज्दात रहेकोमा बैङ्क विवरणअनुसार रु.६ करोड ९४ लाख मात्र मौज्दात देखिएकोले बैङ्कमा रु.२६ लाख १६ हजार घटी मौज्दात देखिन्छ । परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५० बमोजिम आवश्यक कारबाही गरी हिसाब मिलान हुनुपर्दछ ।

११. **भाडा निर्धारण** - परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५० को नियम ६२ मा परिषद्को आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा, जमिन, पक्कीघरहरु, मेसिनरी औजारहरुलगायत अचल सम्पत्ति भाडामा लगाउँदा प्रचलित बजारभाउ एवं नेपाल सरकारले तोकेको मापदण्डअनुसार न्यूनतम भाडादर निर्धारण गरी सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था छ । परिषद्ले भृकुटीमण्डप क्षेत्रमा रहेका करिब १९३ रोपनी जग्गा र सोमा निर्मित संरचना भाडामा लगाई यो वर्ष रु.१० करोड १ लाख ४३ हजार आम्दानी गरेको छ । परिषद्को कार्यसञ्चालन समितिले २०७१ श्रावण १ बाट लागू भएको दरअनुसार नै हालसम्म भाडा लिनु समय सापेक्ष छैन । यस सम्बन्धमा सम्बद्ध पदाधिकारीसँग छलफल गर्दा हाल भइरहेको आम्दानीमा १०० प्रतिशत वृद्धि हुने जनाएको छ । भाडा वृद्धि सम्बन्धमा कुनै निर्णय नभएकोले साविककै दरमा भाडा लिनु परेको जवाफ प्राप्त भएको छ । यस सम्बन्धमा परिषद्लाई जिम्मेबार बनाइनुपर्दछ ।

१२. **जग्गा उपयोग** - परिषद्ले आफ्नो भोगचलनमा रहेका जग्गा अधिकतम उपयोगको लागि व्यवस्थित कार्य योजना तयार गरी उपयोग गर्नुपर्नेमा गरेको देखिएन । परिषद्को २०७५।७६ को नीति तथा कार्यक्रममा परिषद्को मुख्य आयस्रोतको रुपमा रहेको भृकुटीमण्डप क्षेत्रको बृहत् भृकुटीमण्डप क्षेत्र व्यवस्थापन समितिको अवधारणाअनुरुपको कारबाही अगाडि बढाई विस्तृत गुरुयोजना बनाई लागू गर्ने उल्लेख भएकोमा सो समेत भएको देखिएन ।

१३. **जग्गाधनी प्रमाणपत्र** - आफ्नो भोगचलनमा रहेका २३६ रोपनी १३ आना २ पैसा जग्गामध्ये भृकुटीमण्डपको २१४ रोपनी १४ आना २ पैसा जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको छैन । भोगचलनमा रहेका जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरी परिषद्को स्वामित्व कायम हुनुपर्दछ ।

१४. **कार्यक्रम स्वीकृति** - समाज कल्याण ऐन, २०४९ को दफा १२ मा नेपालभित्र काम गर्न चाहने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सम्झौता गरी सोअनुसारका क्रियाकलापहरु सञ्चालन गर्नसक्ने व्यवस्था छ । परिषद्ले ४८ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई रु.२९ अर्ब १९ करोड ८२ लाख २२ हजार र ७२० गैरसरकारी संस्थाका १ हजार ६४ परियोजना सञ्चालन गर्न रु.१६ अर्ब ६१ करोड ४८ लाख ८८ हजार समेत रु.४५ अर्ब ८१ करोड ३१ लाख ११ हजार को कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिएको देखियो । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग विकास सहायता नीति, २०७६ ले निर्धारण गरेको राष्ट्रिय प्राथमिकताको क्षेत्रमा ठोस उपलब्धि देखिने गरी परिचालन गर्ने व्यवस्था हुनुपर्दछ ।

१५. **कार्यक्रम अनुमोदन** - समाज कल्याण ऐन, २०४९ को दफा १६ बमोजिम पूर्व स्वीकृति नलिई कार्यक्रम संचालन गरेका ७० गैरसरकारी संस्थामध्ये ४३ गैरसरकारी संघसंस्थाबाट प्राप्त निवेदनका आधारमा रु.१ अर्ब २६ करोड ५१ लाख ९० हजार अनुमोदन प्रक्रियामा राखी सम्बन्धित संस्थालाई सचेत गराई दर्ता नवीकरणका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरेको छ भने बाँकी २७ ले कार्यक्रम अनुमोदनका लागि निवेदनसमेत दिएको देखिएन । परिषद्ले कार्यक्रम स्वीकृत नलिई खर्च गरेमा त्यस्ता संघ संस्थालाई नियमानुसार कारबाही गर्नुपर्दछ ।

१६. **अनुगमन तथा मूल्याङ्कन -** सामाजिक संघ संस्थाको अनुगमन, सुपरिवेक्षण एवं मूल्याङ्कन निर्देशिका, २०७१ मा परिषदमा परियोजना सम्झौता गरी आबद्ध संघ संस्थाले मध्यावधि र अन्तिम मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । परिषद्ले परियोजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा परियोजनाको अन्तिम चरण वा अवधि समाप्त भए पश्चात् मात्र मूल्याङ्कन गरेको देखिन्छ । तोकिएको समयमा मूल्याङ्कन नगर्दा संस्थाको परियोजना अवधि समाप्ति पश्चात् सुझावसहितको मूल्याङ्कन प्रतिवेदन कार्यान्वयन हुन सक्नेमा आश्वस्त हुने अवस्था देखिएन ।

१६.१ एक क्यानेडियन संस्थाको सहयोगमा सञ्चालित नारी जागरण समाजमार्फत नुवाकोट जिल्लामा शेल्टर निर्माण कार्य गर्न रु.२४ करोड ८ लाख ९३ हजारको परियोजना सम्झौता भएकोमा रु.२० करोड ९ लाख ३ हजार मात्र खर्च भएको छ । खर्च हुन नसकेको रु.३ करोड ९९ लाख ९० हजार अन्य कार्यमा स्वीकृति बेगर खर्च गर्न नमिल्ने हुँदा यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६.२ समाज कल्याण परिषदबाट जारी सामाजिक संघ संस्थाहरुको अनुगमन, सुपरिवेक्षण एवं मूल्याङ्कन निर्देशिका, २०७१ मा संस्थाकै खर्चमा अनुगमन गर्ने र फिल्ड अवलोकन भ्रमणमा जाँदा टोलीको खर्च संस्थाले व्यवस्था गर्नुपर्ने तथा खर्च विवरण परिषदमा पेस गर्नुपर्ने व्यवस्था छ । विभिन्न ३१३ संस्थाको अनुगमनमा रु.६ करोड ८८ लाख २४ हजार पारिश्रमिक खर्च लेखेको छ । यातायात, होटेलबास तथा खाना खर्च जस्ता सुविधामा संस्थाबाट खर्च गरेको हिसाब परिषद्ले तयार गरेको छैन । एक परियोजनाको अनुगमन खर्च पारिश्रमिक मात्र औसतमा रु.२ लाख १९ हजार देखिन्छ भने परिषदमा कार्यरत अनुगमन गर्ने ६१ कर्मचारी रहेकोमा प्रति कर्मचारी औसत अनुगमन पारिश्रमिक रु.११ लाख २८ हजार रहेको देखिन्छ । अनुगमन खर्च एकमुष्ट प्रदान नगरी भ्रमण खर्च नियमावली, २०६४ अनुसार भुक्तानी गर्नुपर्दछ ।

१७. **राजस्व छुट -** समाज कल्याण नियमावली, २०४९ मा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाका कार्यालय एवं परियोजनाका लागि भन्सार, कर, अन्य राजस्व र विलम्ब शुल्क छुटका लागि सिफारिस गर्ने र परिषद्को सिफारिसमा आयात इजाजतपत्र वा भन्सार छुट सुविधा प्राप्त सामानको संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको हुने र परिषद्को पूर्व स्वीकृति बेगर सामानहरु बेचबिखन, नामसारी वा दानदातव्य गर्न नपाइने व्यवस्था छ । परिषद्सँग आवद्ध भई कार्यरत ३० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको अनुरोधमा उपकरण, मालसामान, औषधिलगायतका वस्तुहरुमा रु.४० करोड बराबरको भन्सार छुट तथा मूल्य अभिवृद्धि कर छुटको लागि सिफारिस गरेकोमा छुटमा खरिद गरेका सामानको व्यवस्थित अभिलेख राखेको छैन । सोको व्यवस्थित अभिलेख राखी अनुगमन गर्नुपर्दछ ।

## अनुगमन र बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, जग्गा उपयोग, अनुगमन मूल्याङ्कन, राजस्व छुट, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, भाडा असुलीलगायतका विषयहरु गत विगत वर्षका प्रतिवेदनमा औंल्याएकोमा समेत सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ५ निकायमा यो वर्ष रु.१ करोड ७५ लाख ४५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख १ हजार फछ्र्यौट गरेकोले रु.१ करोड ७२ लाख ४४ हजार बाँकी रहेको छ । सोमध्ये रु.५ लाख पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था अन्य संस्था समिति २ तर्फ यो वर्ष रु.७ करोड ११ लाख २३ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले पूरै बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१७ लाख २८ हजार पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा खेलकुदको माध्यमबाट युवा जनशक्तिको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यन्वयन र अनुगमन गरी अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपालको उपयुक्त सहभागिता वृद्धि गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत २ सरकारी कार्यालयको निम्नानुसार रु.२१ करोड ९३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| २ | १९३६ | २ | १६ | २ | १८ | १ | २२३ | २ | २१९३ |

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष २ संस्थाको रु.११ अर्ब ५ करोड २ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **चौधौं योजनाको कार्यान्वयन -** योजना अवधिमा १ हजार ५०० युवालाई सीप तथा नेतृत्व विकास तालिम दिने लक्ष्य रहेकोमा १६० युवालाई त्यस्तो तालिम दिएको र ३९४ युवा उद्यम समूह गठन भएको विवरण प्राप्त भएको छ । खेल पूर्वाधारतर्फ ११ क्रिकेट मैदान निर्माण भएको र हरेक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा खेल मैदान निर्माण गर्ने लक्ष्य रहेकोमा २४० खेल मैदान निर्माणाधीन अवस्थामा रहेका छन् । योजनाको उद्देश्य, लक्ष्यबमोजिम प्रगति हासिल गर्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४. **बजेट वक्तव्यको कार्यान्वयन -** खेलकुद पूर्वाधार निर्माण कार्यक्रम, युवाहरुलाई उद्यमशील बनाई स्थानीय तहमा उत्पादन रोजगारी र आय-आर्जनका अवसर सिर्जना गर्ने, युवा स्वरोजगार कोष र राष्ट्रिय युवा परिषद्को संस्थागत संरचना परिवर्तन गरी रोजगारी सिर्जना गर्ने कार्यक्रमको लागि रु.४ लाख २४ हजार बजेट राखेपनि युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रमसम्बन्धी ऐन नियम तर्जुमा हुन नसकेको, युवा उद्यमशीलता अभिवृद्धिको अभिलेख नरहेको, आय आर्जन तथा रोजगारी सिर्जनाको तथ्याङ्क उपलब्ध नभएको अवस्था छ । बजेट वक्तव्यको कार्यान्वयन प्रभावकारी रुपले गर्नुपर्दछ ।

५. **अनुदान -** मन्त्रालयको स्वीकृत कार्यक्रमअनुसार नेपाल स्काउटलाई ४ कार्यक्रम सञ्चालन गर्न रु.२ करोड ६० लाख निकासा दिएकोमा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन भने अनुदान लिने संस्थाले प्रगति प्रतिवेदन पेस गरेको देखिएन । अनुदान उपयोग भएको सुनिश्चितता हुनुपर्दछ ।

६. **युथ भिजन २०२५ -** युवा विकासको दूरदृष्टि तथा आगामी १० वर्षको लक्ष्य सूचक तय गर्ने, युवा विकासका मूल आधार स्तम्भ निर्माण गरी आगामी १० वर्षका लागि मूल रणनीति तय गर्ने, राष्ट्रिय युवा नीति, २०७२ ले निर्दिष्ट गरेका नीति र कार्यनीतिलाई कार्यान्वयनका लागि मार्ग निर्देशन गर्ने युथभिजन, २०२५ को उद्देश्यसहितको नीति स्वीकृत भई लागु भएको छ । परिषद्को लक्ष्य तथा वार्षिक कार्यक्रम तयार गर्दा प्रत्येक आधार स्तम्भअन्तर्गत सञ्चालन गरिने कार्यक्रमलाई वार्षिक कार्यक्रममा समावेश गरी प्रगति विवरण तयार गरेको छैन । यसले गर्दा युथभिजन, २०२५ तथा युवा नीतिको दीर्घकालीन लक्ष्य

प्राप्ति गर्न तथा युवालाई सबल, सक्षम र व्यक्तित्व विकास गर्न कठिन हुने भएकोले सो आधार स्तम्भसँग सामञ्जस्य हुने गरी परिषद्को वार्षिक कार्यक्रम र लक्ष्य निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **युवा उद्यम कार्यक्रम** - युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ बमोजिम युवा उद्यम कार्यक्रम सञ्चालन गर्न ३२ समूह छनौट गरी आवश्यक पर्ने प्रविधि व्यवस्थापनको लागि बढीमा रु.५ लाखसम्म ऋण उपलब्ध गराउने र सो रकम ४ किस्तामा चार वर्षभित्र फिर्ता गर्नुपर्ने उल्लेख छ । यस कार्यक्रमका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडसँग सम्झौता गरी रु.१ करोड ६० लाख उपलब्ध गराएकोमा सहकारी संघले रु.२९ लाख (१८ प्रतिशत) मात्र ऋण लगानी गरेको छ । लगानी गर्न बाँकी रकम फिर्ता हुनुपर्दछ ।

८. **किस्ता फिर्ता** - युवा परिषद्ले विभिन्न समूहमा ऋण लगानी गरेको रु.१२ करोडमध्ये २०७५।७६ मा १० प्रतिशतले रु.१ करोड २० लाख किस्ता फिर्ता गर्नुपर्नेमा रु.६९ लाख मात्र फिर्ता गरेकोले निर्देशिका अनुसार फिर्ता गर्न बाँकी रु.५१ लाख असुल गर्नुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

## खेलकुद पूर्वाधारको अवस्था

नागरिकहरुलाई स्वस्थ्य तथा तन्दुरुस्त बनाई राष्ट्रको गौरव बढाउन खेलकुद क्षेत्रको महत्व रहेको छ । "सबैका लागि खेलकुद" अभियानलाई सार्थक तुल्याउन खेलकुद पूर्वाधार निर्माण तथा सोको स्तरोन्नति, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन, कुशल खेलाडीहरुको उत्पादन र विकासलाई सरकारी नीति तथा कार्यक्रमहरुमा विशेष प्राथमिकतामा राखिएको छ । खेलकुदका गतिविधिहरुलाई नियमितरुपमा सञ्चालन गर्नका लागि युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत एक स्वायत्त संस्थाको रुपमा राष्ट्रिय खेलकुद परिषद्को व्यवस्था गरिएको छ । खेलकुदको भौतिक पूर्वाधार निर्माण मापदण्ड, निर्माण अवस्था, पर्याप्तता, उपयोग, संरक्षण, तथा पूर्वाधार व्यवस्थापनमा संलग्न निकायहरुको भूमिका लगायतका विषयको अध्ययन विश्लेषण गरी कार्यदक्षता पक्षको मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको हो ।

९. **अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता** - खेलकुद विकासका लागि चौधौं योजनामा समावेश भएको कार्यनीति अनुसार स्थानीय तथा राष्ट्रिय स्तरमा खेलकुदका भौतिक संरचना तथा पूर्वाधारहरु अन्तर्राष्ट्रिय मापदण्डबमोजिम निर्माण गरिने व्यवस्था छ । विभिन्न खेलकुदसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरु जस्तै फुटबल महासंघ (FIFA) ले फुटबल, अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (ICC) ले क्रिकेट, अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघ (IAAF) ले एथलेटिक्स, अन्तर्राष्ट्रिय पौडी महासंघ (FINA) ले पौडी खेलको लागि आवश्यक संरचनाहरुको मापदण्ड तयार गरी अन्तराष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न अनुमति दिने गरेका छन् ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको न्यूनतम मापदण्ड अनुसारको खेल पूर्वाधारको कमीले गर्दा नेपालमा हालसम्म एकमात्र अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता क्रिकेट वल्डकप लिग २ सञ्चालन भएको छ । त्यसैगरी नेपालमा १ निर्माण सम्पन्न तथा २१ निर्माणाधीन फुटबल रङ्गशालामध्ये ७ अन्तर्राष्ट्रियस्तरको, ७ राष्ट्रियस्तरको तथा ८ क्षेत्रीयस्तरको भनिए तापनि कुनै पनि अन्तर्राष्ट्रिय संस्थाहरुबाट मान्यता प्राप्त छैनन् । जसले गर्दा नेपालमा अन्तर्राष्ट्रिय खेल पर्याप्त मात्रामा सञ्चालन गर्न सकिएको छैन । तसर्थ सम्बन्धित मन्त्रालय, परिषद तथा सम्बन्धित संघसंस्थाले अन्तर्राष्ट्रिय मापदण्ड तथा डिजाइन बमोजिम पूर्वाधार निर्माण सम्पन्न गरी सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट मान्यता लिनेतर्फ पहल गर्नुपर्दछ ।

१०. **पूर्वाधार तथा सम्पत्तिको अभिलेख र संरक्षण** - खेलकुद परिषदले खेलकुद पूर्वाधार, जग्गा र सम्पत्तिको दिगो संरक्षणको व्यबस्था गर्नुपर्दछ ।

१०.१ सार्वजनिक स्रोतबाट निर्माण, विकास तथा मर्मत भएका सबै खेलकुद पूर्वाधार, संरचना र सम्पत्तिको चुस्त दुरुस्त अभिलेख अद्यावधिक हुनुपर्दछ । परिषद तथा अन्तर्गतका क्षेत्रीय तथा जिल्ला खेलकुद विकास समितिहरुबाट प्राप्त विवरण अनुसार परिषद, क्षेत्रीय तथा जिल्ला खेलकुद विकास समितिहरुको नाममा दर्ता भएको तथा भोग गर्दै आएको जग्गा करिब ५ हजार ३ सय ५५ रोपनी रहेको देखिन्छ । परिषद तथा अन्तर्गतका जिल्ला खेलकुद विकास समितिको नाममा रहेको कतिपय जग्गा अन्य निकाय।कार्यालयहरुले प्रयोग गर्दै आएको तथा स्थानीय, सुकुम्बासीहरुले अतिक्रमण गरेको छ । परिषदसँग ७७ जिल्लामा रहेका जग्गा तथा उक्त जग्गामा निर्माण भएको खेलकुद संरचना तथा सम्पत्तिको एकीकृत र व्यवस्थित अभिलेख रहेको पाइएन । यसले गर्दा पूर्वाधार तथा सम्पत्तिको अतिक्रमण तथा हिनामिना हुने अवस्था रहेको छ । परिषदको स्वामित्वमा रहेको जग्गा तथा खेलकुद संरचना, परिषद अन्तर्गत दर्ता भएका संघ संस्था, उपलब्ध जनशक्ति, खेलकुद प्रतियोगिता, प्रशिक्षक तथा खेलाडीहरुको क्षेत्रगत विवरण लगायतका विविध आयामका सूचनाहरुलाई सङ्कलन गरी डिजिटलाइज्ड एकीकृत सूचना अभिलेख प्रणाली मार्फत अभिलेख दुरुस्त राख्नुपर्दछ । अतिक्रमित तथा विना स्वीकृति उपयोग भएका सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

१०.२ जनकपुर अञ्चल खेलकुद विकास समितिले साविक पिडारी गा.वि.स वडा नं.१३ हाल जनकपुर उपमहानगरपालिका अन्तर्गत पर्ने विभिन्न कित्ताका ६ बिघा १७ कठ्ठा ६ धुर जग्गा प्रति कठ्ठा रु.४० हजारका दरले खरिद गर्ने निर्णय २०४६।१०।२३ मा गरेबमोजिम एक व्यक्तिसँग सम्झौता गरेको पाइयो । कुल कबोल रकममध्ये राष्ट्रिय खेलकुद परिषदबाट ५० प्रतिशत, जनकपुर चुरोट कारखाना लिमिटेडबाट २५ प्रतिशत तथा तत्कालीन जनकपुर नगर पञ्चायतबाट २५ प्रतिशत व्यहोरी खरिद गरेको सो जग्गा जनकपुर अञ्चल खेलकुद विकास समितिको नाममा हक हस्तान्तरण गर्ने निर्णय गरेको पाइयो । राष्ट्रिय खेलकुद परिषदबाट निजलाई रु.२ लाख ७४ हजार पेश्की भुक्तानी गरेको पाइयो । सो बाहेक अन्य रकम भुक्तानी भए नभएको यकिन गर्न सकिएन । बहुउद्देश्यीय कभर्डहल र फुटबल खेल मैदान निर्माण भएको उक्त जग्गाको स्वामित्व हालसम्म पनि जनकपुर खेलकुद विकास समितिको नाममा कायम भएको छैन । खेलकुद परिषदले आवश्यक प्रक्रिया पुरा गरी जग्गाको स्वामित्व आफ्नो नाममा कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१०.३ क्रिकेट एकेडेमी निर्माण गर्न २०६० मा काठमाण्डौंको मूलपानी गाउँ विकास समिति वडा नं. ८ हाल कागेश्वरी मनोहरा नगरपालिकामा २९४ रोपनी ११ आना सरकारी जग्गा परिषदको नाममा हस्तान्तरण गरिएको थियो । सुकुम्बासी घर परिवार बस्दै आएको उक्त जग्गा प्रति घर परिवार रु.२ लाखका दरले भुक्तानी गरी खाली गराउन २०७२।३।३० मा परिषदको निर्णयबमोजिम १० परिवारलाई नगद भुक्तानी गरेको, एक परिवारलाई सट्टा जग्गा हस्तान्तरण गरिएको र अन्य ४ परिवारलाई भुक्तानी दिन बाँकी रहेको छ । त्यसैगरी गुरुयोजना भित्र पर्ने अन्य १० परिवारको २ रोपनी १४ आना ३ पैसा अनधिकृत जग्गा खरिद बिक्री हुँदै आएको पाइयो । मन्त्रिपरिषदको २०७५ श्रावण २० को निर्णयबमोजिम उक्त १० परिवारलाई राष्ट्रिय खेलकुद परिषदको भोगाधिकार भित्रको जग्गाबाट सट्टा जग्गा उपलब्ध गराइएको छ । सट्टा जग्गा उपलब्ध गराइए तापनि २ घर परिवार हालसम्म पनि गुरुयोजना भित्र पर्ने मैदानको कम्पाउण्ड भित्रै बसोबास गरिरहेको पाइयो । परिषदको भोगाधिकार भित्र रहेको २ सय ९४ रोपनी जग्गा मध्ये अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न १ सय ८४ रोपनी जग्गा बाहेकको ११० रोपनी जग्गामा सुकुम्बासी तथा स्थानीय बासीहरुले आफ्नो घर टहरा निर्माण गरी बस्दै आएका छन् । हाल परिषदले २ सय ९४ रोपनी जग्गालाई घेराबारा गर्ने काम गरिरहेको छ । यसरी सहरी सुकुम्बासीबाट सरकारी सम्पत्तिको अनधिकृत अतिक्रमण तथा दोहन हुँदै आएको देखिन्छ । परिषदले

आफ्नो भोगाधिकार भित्र रहेको जग्गामा बस्दै आएका सुकुम्बासी तथा स्थानीयहरुबाट अतिक्रमित जग्गा खाली गराई दिगो संरक्षणको व्यवस्था गर्नुपर्दछ ।

११. **खेलकुद पूर्वाधार निर्माण** - खेलकुद पूर्वाधार विकासका लागि चौधौं योजना अवधिमा सबै प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न रङ्गशाला, कभर्डहल, खेलग्राम, क्रिकेट मैदान निर्माण गर्ने र प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा खेल मैदान निर्माण गर्ने कार्यक्रम रहेको थियो । साथै उक्त योजनाले क्रिकेट मैदान ११, जिल्ला स्तरीय कभर्डहल ३८, निर्वाचन क्षेत्रस्तरीय खेल मैदान २४० निर्माण गर्ने लक्ष्य राखेको थियो ।

११.१ प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न रङ्गशाला निर्माण गर्ने योजना रहेकोमा योजना अवधिमा प्रदेश १, वाग्मती, गण्डकी, प्रदेश ५, कर्णाली र सुदूरपश्चिम प्रदेशमा फुटबल तथा एथलेटिक्स खेल सञ्चालन गर्न सकिने अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निमार्णको लागि रु.४ अर्ब ४ करोड ३७ लाख १५ हजार लागत अनुमान गरिएकोमा हालसम्म रु.२ अर्ब २९ करोड ५७ लाख खर्च भएको देखिन्छ ।

निर्माणाधीन ६ रङ्गशालामध्ये काठमाडौंस्थित दशरथ रङ्गशालाको निर्माण सम्पन्न भएको, ५ वटा प्रदेशमा निर्माणाधीन अवस्थामा रहेका छन् । प्रदेश नं २ को जनकपुरमा निर्माण गरिने रङ्गशालाको डी.पी.आर. समेत तयार गरिएको छैन । चौधौं योजना अवधि भित्र ७ रङ्गशाला निर्माण गर्ने लक्ष्य राखेकोमा १ मात्र सम्पन्न गरेको छ । पन्ध्रौं योजना शुरु भइसकेको अवस्थामा पनि निर्माणाधीन रहेको उपरोक्त ६ रङ्गशालाको हालसम्मको वित्तीय प्रगति जम्मा ५६ प्रतिशत तथा भौतिक प्रगति न्यून रहेको देखिन्छ ।

११.२ चौधौं योजना अवधिमा मुलुकभरमा ११ र प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न क्रिकेट मैदान निर्माण गर्ने योजना रहेकोमा प्रदेश २, वाग्मती, गण्डकी, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माणको लागि रु.३ अर्ब ९५ करोड ६३ लाख ४९ हजारको लागत अनुमान तयार गरी हालसम्म रु.२५ करोड ७३ लाख ६९ हजार खर्च गरेको छ ।

क्रिकेट मैदान निर्माणका लागि कर्णाली प्रदेशमा प्रारम्भिक कार्य नै शुरु नभएको तथा प्रदेश नं १ को मोरङ्गमा विस्तृत आयोजना प्रतिवेदन तयार हुँदै गरेको अवस्था छ । चौधौं योजना अवधिमा सम्पन्न गर्ने लक्ष्य रहे तापनि योजना कार्यान्वयनको अनुगमन नहुनु, पर्याप्त बजेट व्यवस्था नहुनु लगायतका कारणले गर्दा पन्ध्रौं योजना शुरु भइसक्दा पनि ७ मध्ये ५ प्रदेशमा मात्र निर्माण कार्य शुरु गरिनु, आर्थिक प्रगति ६.५ प्रतिशत तथा भौतिक प्रगति न्यून रहेको देखिन्छ । साथै अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न क्रिकेट मैदान निमार्ण गर्ने उल्लेख भए तापनि त्यसबमोजिमको मैदान निर्माण हुनसकेको छैन । नेपालमा सञ्चालन हुने अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताहरु काठमाडौं उपत्यकाको कीर्तिपुर क्रिकेट मैदानमा सञ्चालन हुने गरे तापनि उक्त मैदानमा फ्लड लाइट, एलाइट फयासिलिटि, डिजिटल स्कोर बोर्ड जस्ता आधारभूत सुविधाको उपलब्धता छैन ।

११.३ चौधौं योजना अवधिमा ३८ जिल्लामा र प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न कभर्डहल निर्माण गर्ने लक्ष्य रहेकोमा प्रदेश नं १, २ र सुदूरपश्चिम प्रदेश बाहेक अन्य चार प्रदेशमा निर्माणाधीन अवस्थामा रहेको छ ।

कभर्डहलमा ओलम्पिक, एसियाली खेलकुद, दक्षिण एसियाली खेलकुद जस्ता अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाइने ब्याडमिन्टन, भलिबल, टेबल टेनिस, मार्शल आर्टश, जुडो, कराँते, तेक्वान्दो, भारत्तोलन लगायतका इन्डोर खेलहरु सञ्चालन एवं अभ्यास हुने गर्दछ । नेपालमा काठमाडौं र कास्की गरी जम्मा २ स्थानमा मात्र अन्तर्राष्ट्रियस्तरको कभर्डहल रहेको छ । प्रदेश नं १, २ तथा सुदूरपश्चिम प्रदेशमा कभर्डहल निर्माणमा ढिलाइ भएको छ भने चौधौं योजना अवधिमा ३८ जिल्लामा कर्भडहल निर्माण

गर्ने योजना रहेकोमा ३५ जिल्लामा मात्र निमार्ण सम्पन्न भएको छ । यस्ले गर्दा जिल्लास्तरमा अन्तराष्ट्रियस्तरमा हुने इन्डोर खेलहरुको अभ्यासमा कठिनाइ भएको छ । भविष्यमा नेपालमा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन गर्न थप अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न कभर्डहल आवश्यक रहेको देखिन्छ । तसर्थ अन्य ५ कभर्डहलको समेत स्तरोन्नति गरी ७ वटै प्रदेशमा अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न बहुउद्देश्यीय कभर्डहल निर्माण गरिनुपर्दछ ।

११.४ चौधौं योजना अवधिमा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा खेल मैदान निर्माण गर्ने लक्ष्य रहेकोमा राष्ट्रिय खेलकुद परिषदबाट प्राप्त विवरण अनुसार हालसम्म कुनै निर्वाचन क्षेत्रमा खेल मैदान निर्माण नभएको अवस्था छ । चौधौं योजना अवधि समाप्त भई पन्ध्रौं योजना शुरु भइसकेकोमा हालसम्म निर्वाचन क्षेत्रमा खेल मैदान निर्माण कार्य अगाडि बढेको छैन ।

११.५ चौधौं योजनामा सबै प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न खेलग्राम निर्माण गर्ने लक्ष्य रहेको साथै स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, २०७५ बमोजिम प्रत्येक स्थानीय तहमा लागत साझेदारीमा दीर्घकालीन महत्वका एक एक खेलग्राम विकास गर्ने योजना रहेको छ । मन्त्रालयले विभिन्न खेलग्रामका नमूना डिजाइन तयार गरी २०७६।११।११ को निर्णयबाट ६० जिल्लाका ८४ स्थानीय तह छनौट गरी खेलग्राम निर्माण गर्ने सम्झौता गरेको छ । तर छनौट भएका पालिकाहरुमा हालसम्म रकम निकासा भएको छैन ।

आवश्यक बजेट, निकायहरुबीच समन्वय, सम्बन्धित निकायहरुबाट प्रभावकारी अनुगमनको कमी जस्ता कारणले चौधौं योजना र राष्ट्रिय खेलकुद नीतिले निर्धारण गरेको खेलकुद पूर्वाधार विकासका कार्यनीतिहरु कार्यान्वयन नभएका, कार्यान्वयन गरिएकाको पनि वित्तीय एवं भौतिक प्रगति न्यून रहेको पाइयो । यसले गर्दा खेल अभ्यास, प्रशिक्षण, प्रतियोगिता आयोजनामा कठिनाइ हुने गरेको छ । युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषदले सम्बन्धित निकायहरुसँग समन्वय गरी आवश्यक बजेट र नियमित अनुगमनको व्यवस्था मिलाई लक्ष्य बमोजिम समयमा खेलकुद पूर्वाधार निर्माण कार्य सम्पन्न गर्ने कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१२. **खेलकुद संरचनाबाट आय** - राष्ट्रिय खेलकुद नीति, २०६७ को कार्यनीति (१९) मा खेलकुद परिषदले नीति, कार्यक्रम बनाई खेलकुद क्षेत्रको व्यवसायिकीकरण गर्ने उल्लेख छ । परिषदबाट निर्माण भएका विभिन्न खेलकुद संरचनाहरुमा परिषदमा दर्ता भएका संघ संस्थाहरुले राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरी प्रवेश शुल्क, विज्ञापन शुल्क, प्रसारण शुल्क लगायतका आम्दानीहरु प्रतियोगिता आयोजना गर्ने संघ संस्थाले उपयोग गर्ने गरेको पाइयो । प्रतियोगिता आयोजनाबाट प्राप्त हुने आम्दानी परिषद र आयोजक संघ संस्थाबीच बाँडफाडँ गर्ने सम्बन्धमा मापदण्ड तथा कार्यविधि तर्जुमा भएको पाइएन । यस अतिरिक्त अन्य सार्वजनिक कार्यक्रम, सभा, सम्मेलन लगायतका कार्यक्रम सञ्चालनको लागि कभर्डहल, मैदान, रङ्गशाला लगायतका संरचना प्रयोग गर्न दिंदा शुल्क निर्धारण गर्ने मापदण्ड तयार गरेको छैन । खेलकुद पूर्वाधार निर्माण, मर्मत तथा सञ्चालनको जिम्मेवारी परिषदमा रहेको तर उक्त पूर्वाधार उपयोग बापत हुने आम्दानी न्यून रहेको छ । उपरोक्त प्राप्त आम्दानीबाट संरचनाहरुको नियमित मर्मत सम्भार लागत पूर्ति हुन समेत कठिनाइ हुने अवस्था रहेकोले सरकारी अनुदानमा भर पर्नुपरेको छ । त्यसैले खेलकुद क्षेत्रको व्यवसायीकरण गरी दिगो सञ्चालनका लागि परिषदमा आवद्ध संघ संस्था तथा अन्य निकाय वा क्षेत्रबाट आयोजना हुने खेलकुद प्रतियोगिता सञ्चालन बापत सो प्रतियोगिताको स्तर, संरचनाको स्तर, प्रतियोगिता सञ्चालन अवधि, खेल संख्या, दर्शक संख्या आदिको आधारमा खेल पूर्वाधार प्रयोग शुल्क निर्धारण एवं बाँडफाँड मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३. **सार्वजनिक निजी साझेदारी** - चौधौं योजनाले अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय स्तरको रङ्गशाला सार्वजनिक निजी साझेदारीमार्फत निर्माण गर्ने कार्यनीति लिएको थियो । राष्ट्रिय खेलकुद नीति, २०६७ मा भौतिक पूर्वाधार सुविधा निर्माणका लागि निजी तथा अन्य क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यनीति रहेको छ । त्यसैगरी युथ भिजन, २०२५ को कार्यान्वयन कार्ययोजनामा खेलकुद पूर्वाधार विकासका लागि सार्वजनिक निजी साझेदारी नीति अवलम्बन गरिने उल्लेख छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा चीनमा एक लाख दर्शक क्षमताको राष्ट्रिय ओलम्पिक रङ्गशाला, सिंगापुरमा ५५ हजार दर्शक क्षमताको स्पोर्टस् हब, बेलायतमा ८० हजार दर्शक क्षमताको ओलम्पिक पार्क, अमेरिकामा ७२ हजार दर्शक क्षमताको सेञ्चुरी लिंकफिल्ड एण्ड इभेण्ट सेन्टर, भारतमा २० हजार दर्शक क्षमताको एरिना रङ्गशाला जस्ता व्यावसायिक विविधीकरण सहितका ठूला बहुखेल रङ्गशाला सार्वजनिक निजी साझेदारी अवधारणामा निर्माण भएको पाइन्छ । नीतिमा उल्लेख भएअनुसार निजी क्षेत्रको लगानीलाई सुरक्षित गर्न संरचना सञ्चालन, शुल्क निर्धारण, पूर्वाधारबाट हुने मुनाफाको वितरण र जग्गा उपलब्धता, मर्मतसम्भार व्यवस्था, कर छुट लगायतका सुविधाका विषयहरु समेटी लगानी आकर्षित गर्ने कार्यक्रम नल्याएको हुँदा नेपालमा हाल सम्म कुनैपनि रङ्गशाला तथा खेलकुद संरचनामा निजी क्षेत्रको साझेदारी रहेको छैन । यसले गर्दा सरकारको सीमित स्रोत माथि खेलकुद बजेटको भारमा कमी नहुनुका साथै खेलकुदको व्यवसायीकरण समेत हुन सकेको छैन । लगानीको सुरक्षा र प्रतिफलको सुनिश्चितता गर्ने कार्यविधि र कार्यक्रम तर्जुमा गरी खेलकुद पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी र साझेदारी आकर्षित गर्नुपर्दछ ।

१४. **संघ संस्थाको अनुगमन** - खेलकुद विकास ऐन, २०४८ को दफा १३ मा खेलकुदसम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानुनबमोजिम दर्ता भएका संस्थाले परिषदमा समेत दर्ता गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १८ मा परिषदले खेलकुदसम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ । परिषदमा कुल २ सय ६ राष्ट्रिय संघसंस्था दर्ता भएकामध्ये २५ खारेज भई हाल १ सय ८१ संघसंस्था कार्यरत छन् । इन्डोर खेलसँग सम्बन्धित १ सय ३५, आउटडोर खेलसँग सम्बन्धित ३९ तथा एसोसिएट खेलसँग सम्बन्धित ९ संघसंस्था रहेका छन् । उक्त १ सय ८१ संघसंस्थामध्ये अन्तर्राष्ट्रिय आवद्धता भएका खेल संघ १ सय ४९ रहेका छन् । अन्तर्राष्ट्रिय आवद्धता भएका खेलसंघहरुलाई राष्ट्रिय खेलकुद परिषद तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट प्रतियोगिता सञ्चालन गर्न, खेलाडी प्रशिक्षण गर्न, पूर्वाधार निर्माण लगायतका शीर्षकमा अनुदान तथा सहयोग रकम उपलब्ध हुने गरेको छ । तर सम्बन्धित संघसंस्थाहरुले प्राप्त अनुदानको उपयोग तोकिएको कार्यमा गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । परिषदले बजेट तथा कार्यक्रम तयार गरी दर्ता भएका संघ संस्थाहरुले परिषदबाट तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त अनुदानको उपयोगको अनुगमन गरी निर्माण गरेका पूर्वाधार, प्रतियोगिता सञ्चालन, प्रदान गर्ने प्रशिक्षण आदिको अद्यावधिक विवरण राख्नु पर्दछ ।

# संगठित संस्था

## युवा तथा साना व्यवसायी स्वरोजगार कोष

बैङ्क, वित्तीय संस्था एवं सहकारी संस्थाबाट विना धितोका परियोजनामा सहुलियत ब्याजदरमा प्रति व्यवसायी बढीमा रु.२ लाखसम्म आवधिक ऋण उपलब्ध गराई युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र व्यावसायिक तथा सीपमूलक तालिमसमेत उपलब्ध गराउने उद्देश्यले २०६५ मा कोषको स्थापना भएको हो ।

१५. **आन्तरिक लेखापरीक्षण** - कोष सञ्चालन नियमावली, २०६५ को नियम २१(२) मा कोषको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था गरेकोमा

सोअनुसार कोषले आन्तरिक लेखापरीक्षण गराएको छैन । नियमानुसार आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

१६. **कर्जा लगानी तथा आम्दानी -** कोषको कुल पुँजी रु.४ अर्ब ७१ करोड ८ लाख रहेकोमा रु.४ अर्ब ८ करोड ७१ लाख स्वरोजगार कर्जा उपलब्ध गराई रु.६२ करोड ३७ लाख मौज्दात रहेको छ । कोषको उद्देश्यअनुरुप स्वरोजगार कार्यक्रममा लगानी गर्नुपर्दछ ।

१७. **लगानी तथा असुली -** युवा तथा साना व्यवसायी स्वरोजगार कोष लगानी निर्देशिका, २०६९ को दफा १२ मा सम्झौताअनुसारको साँवा र ब्याज नियमित रुपमा कोषमा बुझाउनुपर्ने र सोअनुसार नबुझाएमा कोषले सोही निर्देशिकाको दफा १३ को प्रक्रिया अबलम्वन गरी साँवा तथा ब्याज असुल गर्नुपर्ने व्यवस्था छ । कोष स्थापना भएदेखि २०७६ आषाढ मसान्तसम्म कुल ६८ हजार ४३६ व्यवसायीलाई लगानी गरेको रु.८ अर्ब ७९ करोड २८ लाखमध्ये यो वर्षको अन्त्यसम्म रु.४ अर्ब ८ करोड ७१ लाख लगानीको रुपमा बाँकी रहेको छ । विगत ३ वर्षको लगानी तथा असुली स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| क्र.मं. | आर्थिक वर्ष | ऋण लिने (जना) | लगानी रकम | म्याद नाघेको साँवा रकम | कुल असुली रकम | लगानी बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | २०७३।७४ | ७६९५ | १,०९,३६,१५ | ३६,२८,३४ | ४,३०,१८ | २,१५,५४,२८ |
| २ | २०७४।७५ | १००३९ | २,३५,०८,१० | १७,३१,८५ | ६१,८६,२७ | ३,८८,७६,१० |
| ३ | २०७५।७६ | १२८४० | १,५२,१७,०० | १२,७३,१२ | १,३२,२१,८६ | ४,०८,७१,२३ |

कोषले २०७६ आषाढ मसान्तसम्म १ हजार ७४३ संस्थामा लगानी गरेको छ । लगानी फिर्ता नभएको साँवा रु.३५ करोड ३४ लाख ८७ हजारमध्ये १९२ सहकारी संस्थामा म्याद नाघेको साँवा रु १२ करोड ७३ लाख १२ हजार, ब्याज रु.२ करोड १४ लाख ३९ हजार र जरिवाना रु.४१ लाख ३० हजार समेत रु.१५ करोड २८ लाख ८१ हजार असुल हुन बाँकी रहेको छ । उक्त असुल गर्नुपर्ने बाँकी सहकारी संस्थामध्ये ४८ सहकारी संस्थाको लगानी जोखिमपूर्ण देखिएको छ । यस्ता सहकारी संस्थालाई सम्झौताबमोजिम कारबाही गरी असुल गर्नुपर्दछ ।

## राष्ट्रिय खेलकुद परिषद्

१८. **पूर्वाधार निर्माण -** खेलकुदको विकास गर्न खेलकुद पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यो वर्ष खेलकुद पूर्वाधार विकासका लागि रु.३८ करोड ५६ लाख ५ हजार खर्च भएको छ । बेलझुण्डी रंगशाला डिजाइन र निर्माणको लागि रु.२४ करोड २४ लाख ४५ हजारमा सम्झौता भएकोमा परिषदबाट डिजाइन स्वीकृत नभएको, पिसीसी, आरसीसीलगायतका काममा रु.५९ लाख १५ हजार बढी भुक्तानी गरेको, नेपालगन्ज रंगशाला निर्माणअन्तर्गत ग्राभेलमा र निर्माण कार्यमा उचाइ बढाई बढी भुक्तानी गरेको रु.७८ लाख ५३ हजार, नेपालगन्ज पौडी पोखरी निर्माणमा नापी किताबको परिमाणभन्दा बढी भुक्तानी भएको रु.२ करोड ४४ लाख ५२ हजार, शहीद लखनथापा अन्तर्राष्ट्रिय रंगशाला, गुल्मीमा माटो काट्ने पुर्ने, ढुवानी तथा विसर्जनलगायतको काममा बढी भुक्तानी गरेको रु.७४ लाख ७२ हजार, लखनपुर रंगशाला पर्खाल निर्माणको म्याद समाप्त हुँदा समेत कार्य शुरु नगरेकोले नियमानुसार कारबाही गरी फिर्ता गर्नुपर्ने मोबिलाइजेसन पेस्की रु.१० लाख ५० हजार र परफरमेन्स बण्ड रु.२३ लाख ७० हजारसमेत रु.४ करोड ९१ लाख १२ हजार असुल गर्नुपर्दछ ।

१९. **पूर्व निर्धारित क्षतिपूर्ति -** परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ५६(३) बमोजिम निर्माण व्यवसायीले सम्झौतामा उल्लिखित कार्यतालिकाबमोजिम निर्माण कार्य सम्पन्न नगरेको र

सम्झौताको अवधि समाप्त भए पनि म्याद थप नगरेकोले ६ निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति रु.६ करोड १४ लाख असुल गर्नुपर्दछ ।

२०. **कभर्ड हल तथा ढल निर्माण** - उपभोक्ता समितिमार्फत धनगढीमा ढल निर्माणमा रु.१ करोड ३० लाख खर्च भएको छ । उक्त ढलको लागत अनुमान तयार गर्दा ओभरहेड बाहेक लागत अनुमान तयार गर्नुपर्नेमा ओभरहेडसमेत समावेस गरेकोले जनसहभागिता बाहेक रु.१० लाख ३९ हजार बढी भुक्तानी गरेको छ । त्यस्तै उपभोक्ता समितिलाई कभर्ड हल निर्माणअन्तर्गत जमिनभन्दा माथिको पिलर बनाउने कार्य गर्दा एउटै कामको रु.८ लाख ५२ हजार दोहोरो भुक्तानी गरेको छ । नापी किताबमा फिटमा नाँपजाँच गरी मिटरमा भुक्तानी गर्दा कन्भर्जन दर फरक पारी रु.५ लाख ६७ हजार बढी भुक्तानी गरेको छ । भुक्तानी दिन नमिल्ने रकम असुल गर्नुपर्दछ ।

२१. **मूल्य समायोजन** - राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासन नियमावली, २०६२ को नियम ५० मा निर्माण व्यवसायीले कार्यतालिकाबमोजिम काम नगरेको अवस्थामा मूल्य समायोजन दिन नमिल्ने उल्लेख छ । परिषद्ले कार्यतालिकाबमोजिम काम नगरेको अवस्थामा च्यासल रंगशालामा रु.५७ लाख ५१ हजार, नेपालगन्ज पौडी पोखरीमा रु.१४ लाख ५३ हजार र सातदोबाटो पौंडी पोखरी निर्माण गर्दा रु.३९ लाख ६९ हजारसमेत रु.१ करोड ४ लाख ७३ हजार बढी भुक्तानी गरेको मूल्य समायोजन रकम ३ निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

२२. **एसियाली खेलकुद प्रतियोगिता** - इन्डोनेसियाको जाकर्तामा आयोजना भएको १८ औं एसियाली खेलकुदमा नेपालले २९ खेलमा भाग लिएको र सोका लागि १८५ खेलाडीसहित २८५ जना सहभागी भएको देखिन्छ । नेपालले भाग लिएका २९ खेलमध्ये प्याराग्लाइडिङ खेलमा एकमात्र रजत पदक प्राप्त गरेको छ । सो खेलकुदका लागि खेल सामग्री बाहेक रु.५ करोड बजेट विनियोजन भएकोमा सोको मापदण्ड, नर्म्स तथा निर्देशिका स्वीकृत नगरी परिषद्ले हवाई भाडा, भिलेज खर्च, पकेट खर्च, पोशाक खर्च लगायतमा रु.६ करोड २२ लाख ६५ हजार खर्च गरी रु.१ करोड २२ लाख ६५ हजार कार्यक्रम संशोधन नगरी बढी खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२२.१ खेलमा सहभागिता जनाउनेहरुका लागि भिलेज खर्च वापत आयोजक राष्ट्रमा रु.१ करोड ८१ लाख पठाएकोमध्ये बचत रु.३२ लाख २० हजार फिर्ता प्राप्त गरेकोमा सो रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

२२.२ एक आपूर्तकबाट क्रिकेट ब्याट, कुस्ती ब्याट, हर्डल्स प्रोफेसनल बलिङ मेसिनलगायतका खेल सामान खरिद गरी रु.३८ लाख ४८ हजार भुक्तानी गरेको छ । सम्झौताअनुसार खेल अवधि २०७५ भाद्र २ देखि १७ सम्म रहेकोमा २०७५।८।१६ मा खरिद गरी भुक्तानी गर्नुको औचित्य देखिएन । औचित्य पुष्टिसहित सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

२२.३ **आठौं राष्ट्रिय खेलकुद** - आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि स्वीकृत कार्यक्रमअनुसार रु.३८ करोड ८४ लाख ५९ हजार बजेट स्वीकृत भएकोमा रु.४२ करोड १८ लाख ८३ हजार खर्च भएको छ । कार्यक्रम संशोधन नगरी रु.३ करोड ३४ लाख २४ हजार बढी खर्च गरेको, खर्च हुन नसकी बाँकी रहेको रु.२ करोड ९२ लाख १४ हजार सञ्चितकोष दाखिला नभएको, ६ हजार किट्स सेट खरिद गर्न रु.२ करोड ४० लाख ६९ हजारको सम्झौता भएकोमा ९०० थान थप गरी रु.३६ लाख १० हजार थप भुक्तानीसमेत रु.२ करोड ६७ लाख ७९ हजार भुक्तानी गरेकोमा सामानको गुणस्तर परीक्षण नगरेको र वितरणको अभिलेख अद्यावधिक गरेको छैन । विभिन्न सामग्री खरिद गरी रु.१ करोड ७० लाख ३४ हजार खर्च गरेकोमा लागत अनुमान नै तयार नगरी प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको र खरिद गरेका सामानको गुणस्तर परीक्षणसमेत नगराएको तथा विभिन्न प्रतियोगिता सञ्चालन गर्न जिल्ला तथा क्षेत्रीय खेलकुद समितिलाई रु.६ करोड २४ लाख ६० हजार निकासा गरेकोमा सोको अनुगमन नगरेको र सशर्त

अनुदान अन्तर्गतको रकम निकासा दिएकोमा सोको प्रगति विवरण लिई खर्च नभएको रकम संघीय सञ्चितकोषमा दाखिला नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित कानुनको पालना गरी आर्थिक कारोबार सञ्चालन गर्नुपर्दछ ।

२३. **आर्थिक सहायता -** परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ८७ मा परिषद्को नगदी वा जिन्सी आर्थिक सहायता दिँदा रु.२५ हजारसम्म सदस्य सचिवले दिन सक्ने र सो भन्दा बढी भएमा परिषद्को स्वीकृत लिनुपर्ने व्यवस्था छ । यो वर्ष १७ संघ संस्थालाई रु.१५ लाख ८० हजार आर्थिक सहायता दिएको छ । परिषद्को स्वीकृति बेगर आर्थिक सहायता दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिनुका साथै अधिकार क्षेत्रभन्दा बढी आर्थिक सहायता दिने कार्य बन्द गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२४. **कन्टिजेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ मा ४ प्रतिशत कन्टिन्जेन्सी थप गरी खर्च गर्ने व्यवस्था छ । सोअनुरुप कार्यक्रमसँग सम्बन्धित काममा मात्र कन्टिन्जेन्सी खर्च गर्नुपर्नेमा विद्युत महसुलमा रु.१४ लाख ८७ हजार, कार्यालय सामानमा रु.३७ लाख ६१ हजार, तलब भत्ता तथा अतिरिक्त समय भत्तामा रु.१ करोड ८ लाख ६३ हजार, सवारीसाधन भाडामा रु.९ लाख २ हजार र विविध खर्चमा रु.१ लाख ८० हजारसमेत रु.१ करोड ७१ लाख ९४ हजार खर्च गरेको छ । नियम विपरीत खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

## अनुगमन र बेरुजू

- **अनुगमन :** गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम प्रभावकारीरुपले कार्यान्वयन नभएको, प्रगति न्यून रहेको, युवा उद्यम कार्यक्रम अन्तर्गत लगानी न्यून रहेको, क्रिकेट मैदानको निर्माण कार्यमा ढिलाइ भएको लगायतका व्यहोरा उल्लेख भएकोमा सोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति :** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ २ निकायमा रु.५ करोड ५० लाख ७५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ लाख ८६ हजार फछ्र्यौट गरेकोले रु.५ करोड ४५ लाख ८९ हजार बाँकी रहेको छ । सोमध्ये रु.१९ लाख ५५ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था २ तर्फ रु.९० करोड ५५ लाख ९२ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.११ करोड ६४ लाख ३० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# रक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा, सेनाको व्यवस्थापन, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षालगायतको कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ३१४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३०८ सरकारी कार्यालयको निम्नानुसार रु.७० अर्ब २९ करोड ३७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ३०८ | ६८१७६४ | २५८ | ३२७३ | २९२ | १७९०० | ३०८ | ७०२९३७ |

अन्य मन्त्रालयमा बिनियोजन भई यस मन्त्रालयबाट भएको खर्च रु.११ अर्ब ७० करोड लेखापरीक्षण अङ्कमा समावेश छ ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ६ संस्थाको रु.४५ अर्ब ३० करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **नीति कार्यान्वयन -** नेपाल सरकारको २०७५।७६ को नीति तथा कार्यक्रममा प्रतिरक्षा नीति तयार गरी कार्यान्वयनमा ल्याउने, राष्ट्रिय सुरक्षा परिषदको सचिवालयको पुनरावलोकन गरी नयाँ संरचना तयार गर्ने उल्लेख भए पनि कार्यान्वयन गरेको पाइएन । सरोकारवाला निकायहरुसँग समन्वय गरी नीति कार्यान्वयन गर्नुपर्दछ ।

४. **सुरक्षा व्यवस्था -** नेपाली सेनाले विभिन्न जलविद्युत आयोजना, नेपाल राष्ट्र बैङ्क, नेपाल टेलिकम, नेपाल आयल निगम, विमानस्थल, पेन्सन क्याम्पलगायतका निकायको सुरक्षामा ५ हजार २४२ सुरक्षाकर्मी खटाएको छ । ती निकायमध्ये नेपाल राष्ट्र बैङ्कले २०७४।७५ को सुरक्षा व्यवस्था बापत २०७५।४।२८ मा रु.१ करोड ८५ लाख ४ हजार र आर्थिक वर्ष नखुलाई २०७६।६।१ मा रु.१ करोड ८५ लाख ४ हजार संचित कोष दाखिला गरेको छ । नेपाल सरकारको पूर्ण स्वामित्वको नेपाल राष्ट्र बैङ्कबाट सुरक्षा व्यवस्था बापतको रकम दाखिला गरे पनि अन्य निकायबाट दाखिला भएको छैन । नेपाली सेनाबाट सुरक्षा प्रदान गर्दा लिने शुल्क सम्बन्धमा नीतिगत व्यवस्था गर्नुपर्दछ ।

## नेपाली सेना

नेपालको संविधानमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि नेपाली सेनाको एक संगठन रहने र नेपाल सरकारले नेपाली सेनालाई संघीय कानुनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापनलगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने व्यवस्था छ । यो वर्ष नेपाली सेनाको लागि रु.६३ अर्ब ४४ करोड ३४ लाख बजेट विनियोजन भएकोमा अर्थ विविध शीर्षकबाट रु.६ अर्ब १७ करोड ६१ लाखसमेत रु.६९ अर्ब ६१ करोड ९५ लाख खर्च भएको छ ।

## सम्भाररथीको कार्यालय

कार्यालयले नेपाली सेनालाई राशन र औषधि बाहेकका आवश्यक मालसामान, उपकरण, सवारीसाधन र पार्टपुर्जा खरिद गर्दै आएको छ । कार्यालयको लागि यस वर्ष रु.१० अर्ब २८ करोड २४ लाख बजेट विनियोजन भएकोमा रु.१० अर्ब ९ करोड ७० लाख खर्च गरेको छ ।

५. **खरिद व्यवस्थापन -** प्राप्त विवरणअनुसार यो वर्ष भएका खरिद सम्झौता र कार्यान्वयनको अवस्था निम्नानुसार रहेको छः

(रु. हजारमा)

| सि.नं. | विवरण | सम्झौता | | कार्यान्वयन | | पेस्कीमात्र गएको | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | विदेशबाट आयात हुने | ४४ | ७३२५०१० | - | - | ४४ | ५५५५८५५ |
| २ | स्थानीय आपूर्ति | ८७ | १६४९०९५ | ७५ | १२८८५८१ | १२ | ३६०५१४ |
| | **जम्मा** | **१३१** | **८९७४१०५** | **७५** | **१२८८५८१** | **५६** | **५९१६३६९** |

बहुवर्षीय खरिद सम्झौता बाहेक आर्थिक वर्षभित्रै खरिद कार्य सम्पन्न गर्ने गरी सम्झौता कार्यान्वयन गर्नुपर्नेमा १३१ सम्झौतामध्ये ७५ सम्झौता कार्यान्वयन भई ५६ मा पेस्कीमात्र उपलब्ध गराई खरिद कार्य हुन सकेको देखिएन । समयमा खरिद कार्य सम्पन्न नहुँदा कार्यसम्पादनमा प्रभाव पर्न सक्ने भएकोले आर्थिक वर्षभित्रै खरिद कार्य सम्पन्न हुन सक्ने गरी सम्झौता कार्यान्वयन गर्नुपर्दछ ।

६. **अधुरो कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तरबमोजिम भएको हुनुपर्ने उल्लेख छ । वीरेन्द्र अस्पतालमा वैदेशिक सहायताबाट प्राप्त हुने एम.आर.आई. मेसिन सञ्चालनको लागि केसिङ्ग निर्माण, उपकरण जडान तथा विद्युतीकरण कार्यको लागि २०७५।३।२४ मा कार्य सम्पन्न गर्न २०७५।३।२१ मा रु.१ करोड ३५ लाख ६० हजारको सम्झौता गरेको छ । निर्माण व्यवसायीले केसिङ्ग निर्माण कार्य गरे तापनि मेसिन प्राप्त नभएका कारण जडान भएको छैन । निर्माण व्यवसायीलाई कार्य प्रगतिको आधारमा भुक्तानी दिनुपर्नेमा पूरै रकम भुक्तानी गरेकोले जडान खर्च जोखिममा परेको देखिन्छ ।

७. **जिन्सी निरीक्षण प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् एक वर्षमा कम्तीमा एक पटक निरीक्षण गर्नुपर्ने उल्लेख छ । कार्यालयले खरिद गरेको मालसामान जङ्गी असवावखाना, छाउनीमा दाखिला गरी वितरण गर्ने गरेको छ । यो वर्ष रु.८ अर्ब ९७ करोड ४१ लाखको खरिद सम्झौता गरेकोमध्ये रु.१ अर्ब २८ करोड ८६ लाखको जिन्सी मालसामान दाखिला भएको र बाँकी दाखिला हुने क्रममा रहेको छ । प्रति वर्ष अर्बौं मूल्यका मालसामान भण्डारण हुने भए तापनि वर्षौंदेखि जिन्सी निरीक्षण गराएको छैन । यसले गर्दा खरिद गरी भण्डारण गरिएका मालसामानको अवस्थाका बारेमा सुनिश्चित हुन सक्ने आधार भएन । यसमा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

## इञ्जिनियरिङ विभाग

८. **सैनिक मुख्यालय भवन -** सैनिक मुख्यालय भवन निर्माण गर्न निर्माण व्यवसायीसँग २०७५।११।१९ सम्ममा सम्पन्न गर्ने गरी रु.३ अर्ब ९ करोड १४ लाखमा सम्झौता भएको देखियो । उक्त निर्माण कार्यमा सेरेमोनियल हल, छतमा हेली प्याड, अग्नि सुरक्षा, विद्युत, फोहोर प्रशोधनलगायतको कार्य छुटेको भनी १३.०६ प्रतिशतले हुने रु.४० करोड ३८ लाख भेरिएसन स्वीकृत गरी सम्झौता अङ्क रु.३ अर्ब ४९ करोड ५२ लाख पुगेको छ । सो कार्यको अन्तिम बिलसम्म रु.३ अर्ब ४७ करोड ७६ लाख भुक्तानी

भएकोमा दोस्रो भेरिएसनबाट सम्झौता रकम रु.३ अर्ब ३९ करोड ३० लाख २३ हजार कायम भई पहिलो भेरिएसनबाट बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गरेको छ । उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

## काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना

काठमाडौंदेखि ललितपुर, मकवानपुर हुँदै बाराको निजगढ जोड्ने ७६.२ कि.मि.लम्बाइको द्रुतमार्ग ४ वर्षभित्र निर्माण सम्पन्न गर्न मन्त्रिपरिषद्को २०७४।१।२१ को निर्णयअनुसार नेपाली सेनालाई जिम्मा दिइएको छ । आयोजना सञ्चालन कार्यविधि, २०७४ अनुसार आयोजना व्यवस्थापनको लागि रक्षा मन्त्रीको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति र प्रधानसेनापतिले तोकेको रथीको अध्यक्षतामा अधिकार सम्पन्न निर्देशक समिति गठन गरिएको छ । एसियाली विकास बैङ्कद्वारा तयार भएको सम्भाब्यता अध्ययन तथा प्रारम्भिक डिजाइन, २००८ को आधारमा आयोजना नेपाली सेनालाई हस्तान्तरण हुनुपूर्व रु.३ अर्ब ६७ करोड १४ लाख र नेपाली सेनालाई हस्तान्तरण पश्चात रु.१४ अर्ब ७० करोड ८५ लाख समेत रु.१८ अर्ब ३७ करोड ९९ लाख खर्च भएको छ ।

९. **सञ्चालन प्रक्रिया तथा संरचना -** आयोजनाको निर्माण कार्य सञ्चालन गर्न खोकनादेखि निजगढसम्म १० साइट कार्यालय स्थापना गरी विभिन्न व्यवसायी तथा सेवा प्रदायकबाट मेसिनरी उपकरण भाडामासमेत लिई काम गराएको देखिन्छ । द्रुतमार्गको केही चेनेजमा विभिन्न निर्माण व्यवसायीसंग ठेक्का सम्झौता गरी निर्माण कार्य अगाडि बढाएको छ भने केही चेनेजहरुमा सेनाले आफ्नै जनशक्ति तथा उपकरण प्रयोग गरी काम गरिरहेको छ । यस बाहेक विभिन्न विज्ञलाई समेत परामर्शदाताको रुपमा काममा लगाई सेवा लिएको छ ।

१०. **प्रगति -** आयोजनाले उपलव्ध गराएको प्रगति प्रतिवेदनअनुसार निर्माणसँग सम्बन्धित प्रमुख कामहरुमध्ये मुआवजा र क्षतिपूर्ति वितरण ९४ प्रतिशत, रुख कटान १७ हजार ९८० गोटा, ढुङ्गा माटो काट्ने कार्य १ करोड ४१ लाख २३ हजार घन मिटर, ढुङ्गा माटो पुर्ने कार्य १७ लाख ७७ हजार घनमिटर, मेसिनरी स्ट्रक्चरको कार्य ८ हजार ४६६ घनमिटर, टेवा पर्खाल ३ हजार ७७६ वर्गमिटर र पाइप कल्भर्ट ११ गोटा सम्पन्न भएको छ । सडकको कुल लम्बाइ ७६.२ किलोमिटरमध्ये पुल र सुरुङको लम्बाइ घटाउँदा बाँकी रहने ५५.५० किलोमिटरमध्ये २५.४४ किलोमिटरको सबग्रेड फर्मेसन लेभलसम्मको निर्माण शतप्रतिशत, १०.९२ किलोमिटर सडकको निर्माण ८० प्रतिशतभन्दा माथि तथा १६.०९ किलोमिटरको सडक ५० देखि ८० प्रतिशत प्रगति भएको उल्लेख छ । बाँकी ३.०५ किलोमिटर खण्डको सबग्रेडसम्मको निर्माण २०७६।७७ मा सम्पन्न गर्ने लक्ष्य रहेको उल्लेख छ ।

११. **विस्तृत आयोजना प्रतिवेदन -** विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यका लागि रु.२९ करोड ८७ लाख १७ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट एक विदेशी परामर्शदातासँग २०७५।६।१६ मा रु.१० करोड १२ लाख ७९ हजारमा सम्झौता भएकोमा २०७५।१०।१९ को म्यादभित्र कार्य सम्पन्न गरी रु.७ करोड ४५ लाख ९१ हजार भुक्तानी भएको छ ।

परामर्शदाताबाट प्राप्त प्रतिवेदन नेपाल सरकारबाट २०७६।५।१ मा स्वीकृत भएको छ । प्रतिवेदनमा साविकमा सडकको कुल लम्बाइ ७६.२ किलोमिटर हुने अनुमान गरेकोमा ३.७ किलोमिटर घट्न गई ७२.५ किलोमिटर कायम हुने उल्लेख छ । आयोजनाका सुरुङमार्ग र पुलहरु विशेष प्रकारका हुने भएकोले विज्ञतापूर्वक तयार गर्नुपर्ने ई.पी.सी.र डिजाइन एण्ड बिल्ड मोडेलमा गरिने उल्लेख छ । प्रतिवेदनअनुसार कुल लागत कन्टिन्जेन्सी बाहेक रु.१ खर्ब ७५ अर्ब १९ करोड ३६ लाख हुने उल्लेख छ । सडकको प्रस्थानविन्दु खोकना र अन्तिमविन्दु निजगढ हुने, द्रुतमार्गमा पर्ने ८७ पुलको लम्बाइ १०.५९६ किलोमिटर, ३ सुरुङमार्गको लम्बाइ ६.४११५ किलोमिटर, इन्टरचेन्ज तथा टोल प्लाजा ३ स्थानमा, रानीसेरा इलाकामा रेष्ट एरिया रहने र यात्रा समय लगभग १ घण्टा २ मिनेट हुने उल्लेख छ ।

शुरुमा विस्तृत आयोजना प्रतिवेदन तयार नगरी २०७४ श्रावण १ मा निर्माण शुरु गरी ३ वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी तोकिएको थियो । विस्तृत आयोजना प्रतिवेदन स्वीकृति पश्चात ४ वर्ष ६ महिनामा काम सम्पन्न हुने उल्लेख भएअनुसार आयोजना २०८०।८१ मा सम्पन्न हुने उल्लेख छ । राष्ट्रिय गौरवको रुपमा रहेको आयोजनाको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

१२. **ठेक्का व्यवस्थापन** - आयोजनाबाट गत विगत र यो वर्षमा ठेक्का सम्झौता भई काम सम्पन्न भएका र चालू रहेका ठेक्काको अवस्था र देखिएका व्यहोरा देहायअनुसार रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | खरिद सम्झौता संख्या | | | सम्पन्न भएका संख्या | | सम्पन्न हुन बाँकी संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल | निर्माणसम्बन्धी | अन्य | निर्माणसम्बन्धी | अन्य | निर्माणसम्बन्धी | अन्य |
| १ | २०७४।७५ सम्म | ३० | २२ | ८ | - | ८ | २२ | - |
| २ | २०७५।७६ | १७ | १० | ७ | - | ७ | १० | - |
| | **जम्मा** | **४७** | **३२** | **१५** | - | **१५** | **३२** | - |

१२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले निर्माणकार्यको लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सडक निर्माणतर्फ रु.३२ करोड २४ लाख ४ हजार देखि रु.७८ करोड ७५ लाख ६३ हजारसम्मको लागत अनुमान रहेका १० प्याकेजको बोलपत्रमा ११.४९ देखि ३४.९५ प्रतिशतसम्म प्रतिस्पर्धा भएको छ । सम्झौता गर्दा ४ महिना १५ दिनदेखि १ वर्ष ७ दिनसम्मको अवधिमा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा यो वर्ष पेस्की दिने बाहेक कुनै काम नभएकोले काम सम्पन्न गर्ने अवधि १२ महिना अर्थात् २६६ प्रतिशतसम्म थप गरेको देखियो । काम सम्पन्न गर्न लाग्ने अवधि विश्लेषण नै नगरी वर्षान्तमा छोटो अवधि राखी खरिद सम्झौता गर्ने र पटक पटक शुरु म्यादको तीन गुणासम्म थप गर्ने कार्य नियमसम्मत देखिँदैन । अतः लागत अनुमान तयार गर्दा नै आवश्यक अवधि अनुमान गरी खरिद सम्झौता गर्ने र पटक पटक म्याद थप गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२.२ गत वर्ष सडक निर्माण गर्न रु.१ अर्ब ३५ करोड ९९ लाखका २ खरिद सम्झौता गरेकोमा विस्तृत आयोजना प्रतिवेदनअनुसार सुरुङमार्गको निकास विन्दु फेरबदल भएका कारण काम गराउन नमिल्ने भई सम्झौता अन्त्य गरेको छ । विस्तृत आयोजना प्रतिवेदन नै तयार नगरी खरिद सम्झौता गर्दा प्रशासनिक खर्च, श्रम र समय खेर गएको छ । आयोजना प्रतिवेदनको आधारमा निर्माणस्थल निश्चित गरेरमात्र खरिद सम्झौता गर्नुपर्दछ ।

१२.३ सडकको ३८ किलोमिटर खण्डमा सडक निर्माण गर्न रु.९४ करोड १८ लाख ९२ हजारको लागत अनुमान भई बोलपत्रबाट एक निर्माण व्यवसायीसँग २०७५।८।२५ सम्म कार्य सम्पन्न गर्नेगरी रु.९३ करोड ८२ लाख ४ हजारमा खरिद सम्झौता भएको थियो । साविकमा अनुमान गरेको कडा चट्टान भएको माटो काट्ने कार्य परिमाण घट्न गई नरम चट्टान र साधारण माटोको परिमाण बढ्न गएका कारण सम्झौता रकम ३१.९८ प्रतिशत घट्न गई रु.६३ करोड ८१ लाख ९७ हजार कायम गरी २०७६।२।१५ सम्म कार्य सम्पन्न गर्ने गरी भेरिएसन आदेश स्वीकृत गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम २५ प्रतिशतभन्दा माथिको भेरिएसन नेपाल सरकार मन्त्रिपरिषद्ले गर्न सक्नेमा आयोजनाबाटै भेरिएसन आदेश स्वीकृत भएको नियमसम्मत देखिएन । यसमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

उक्त निर्माण व्यवसायीलाई यो वर्षसम्म रु.४७ करोड ३६ लाख ४४ हजार भुक्तानी भएको छ । समयमा काम सम्पन्न गर्न नसकेको भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२)(क) बमोजिम २०७६।६।१७ मा ठेक्का सम्झौता अन्त्य गरी बाँकी पेस्की रु.७ करोड ७१ लाख ८२ हजार बैङ्क जमानत जफत गरी असुल गरेकोमा नियमानुसार १० प्रतिशत ब्याज असुल गरेको छैन ।

१३. **सेनाको जनशक्ति परिचालन -** सडकको कुल लम्बाइमध्ये १८.३१४ किलोमिटर सडक रु.७६ करोड ९४ लाख ४४ हजारको लागतमा नेपाली सेनाकै उपकरण तथा जनशक्ति प्रयोग गरी काम गर्ने निर्णय अनुसार यस वर्षसम्म माटो काट्ने कार्य १३ लाख २७ हजार घन मिटर, माटो पुर्ने कार्य ७ लाख ३ हजार घनमिटर र अनावश्यक माटो ढुङ्गा जम्मा गर्ने कार्य १ लाख १४ हजार घनमिटर गरेको विवरण पेस भएको छ । उक्त क्षेत्रमा पर्ने रुख काट्नको लागि मेसिनरी/उपकरण खरिद, खटिएका सैनिकहरुलाई खाजा खर्च, वन कार्यालयका कर्मचारीलाई दैनिक भ्रमण भत्तासहित हालसम्म रु.४४ लाख खर्च भएको छ । उक्त कार्यहरुको मूल्याङ्कन गरी नापी किताबमा जनाएको छैन ।

द्रुतमार्ग कार्यक्षेत्र बाहिर खोकनादेखि चोभार जलविनायकसम्म १ हजार २२० मिटर लिंक सडक तथा एप्रोच सडकको काम गरेकोमा सोको मूल्याङ्कन गरेको छैन । फिल्डमा खटिएका सेनाको भत्ता बापत रु.७ करोड २३ लाख ३३ हजार खर्च भएको छ । आयोजनामा खटिएका सैनिकलाई भत्ता बाहेक तलब र राशनलगायतको भुक्तानी आयोजना बजेटमा समावेश नभएकोले कुल लागत यकिन गर्न सबै कामको मूल्याङ्कन नापी किताबमा देखाउनुपर्दछ ।

१४. **जग्गा उपयोग -** विस्तृत आयोजना प्रतिवेदन तयार नहुँदै विभिन्न निर्माण कार्यहरु भइरहेको उल्लेख छ । खोकना, बुङ्गमती, डुकुछापलगायत स्थानका जग्गाहरु अधिग्रहणको प्रक्रिया पूरा भई अधिकांश जग्गाधनी प्रमाणपूर्जासमेत नेपाल सरकारमा आइसकेको र केहीको मुआवजा भुक्तानी कार्य बाँकी रहेको छ । ललितपुरको खोकना क्षेत्रमा सिकाली मन्दिर र कोदेशमा पुरातात्विक महत्वको क्षेत्र जोगाउनुपर्ने र ठिँगनमा साविकमा प्रस्तावित १.३७ किलोमिटरको ट्वीन टनेलको सट्टा महादेवडाँडामा ३.३५५, धेद्रेडाँडामा १.६३ र लेनडाँडामा १.४३ किलोमिटरका ३ वटा ट्वीन टनेल प्रस्ताव गरेकोले साविक रेखाङ्कनअनुसार अधिग्रहण गरिएका उल्लिखित स्थानका जग्गा सडक निर्माणको लागि प्रयोगमा नआउने अवस्था छ । विस्तृत आयोजना प्रतिवेदनको नयाँ रेखाङ्कन अनुसार १६६ रोपनी थप जग्गा अधिग्रहण कार्य प्रक्रियामा रहेको छ । सडक निर्माणको लागि अधिग्रहण भएको र हाल आयोजनालाई आवश्यक नभएको जग्गाको संरक्षण र उपयोगको व्यबस्था मिलाउनुपर्दछ ।

१५. **अन्य कार्यालयबाट ठेक्का -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८(१) मा यस नियमावलीबमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त गरेका अधिकारीको अधिकार तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नपाइने उल्लेख छ । यो आयोजना भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको विनियोजित बजेटबाट निर्माण भइरहेको छ । आयोजनालाई अख्तियारी प्राप्त रकमबाट रु.१ करोड ३५ लाख १६ हजारको मेसिनरी औजार, प्रयोगशालाका सामानहरु, रु.२ करोड ४३ लाख ३ हजारको कार, जिप, पिकअप भ्यान र रु.५९ लाख १६ हजारको पानी ट्याङ्कीसमेत रु.४ करोड ३७ लाख ३५ हजारको खरिद कार्य सम्भार रथीको कार्यालयबाट गरी भुक्तानीको लागि आयोजनामा पठाएको छ । द्रुतमार्ग निर्माण नेपाली सेना मातहतको आयोजना नभई व्यवस्थापन जिम्मेवारीमात्र सरेको हुँदा सबै काम अख्तियारीबमोजिम नै जिम्मेवार अधिकारीबाट हुनुपर्ने देखिन्छ ।

## विकास निर्माण निर्देशनालय

१६. **प्रगति स्थिति -** नेपाली सेनाद्वारा निर्माण गरिने भवन, सडकलगायत पूर्वाधार निर्माणका कार्य यस निर्देशनालयबाट हुँदै आएको छ । निर्देशनालयले हालसम्म २७ सडक आयोजनाको ट्र्याक निर्माण गर्ने जिम्मेवारी पाएकोमा गतवर्षसम्म २३ र यो वर्ष जाजरकोट-डोल्पा-दुनै सडकसमेत २४ आयोजना सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरेको छ । निर्देशनालयबाट यो वर्ष सञ्चालनमा रहेका सडक आयोजनाहरुको स्थिति निम्नानुसार छः

| सि. न. | आयोजनाको नाम | आयोजना शुरु वर्ष | सम्पन्न हुने मिति | लम्वाइ कि.मि.) | | लागत अनुमान (रु.लाखमा) | खर्च (रु.लाखमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | सम्पन्न | | गतवर्षसम्म | यो वर्ष | जम्मा |
| | भेरी करिडोर(जाजरकोट—दुनै) | २०६४।६५ | २०७५ मंसिर | ११७.७० | ११७.७० | १४७८६ | १४६७० | ७२२ | १५३९२ |
| | कालीगण्डकी करिडोर<br>• ट्र्याक खोल्ने कार्य<br>• ट्र्याक चौडा गर्ने कार्य | २०६९।७० | २०७७ आषाढ | ७५.३६<br>७५.३६ | ७५.३६<br>७.०० | १७४०० | ११३६५ | ३००० | १४३०० |
| | बेनीघाट—आरुघाट—लार्केभन्ज्याङ्ग | २०७३।७४ | २०७९ | ११८ | २६.०० | ३४७४५ | २७५० | २१५० | ४९०० |
| | कर्णाली करिडोर(खुलालु—सिमिकोट ट्र्याक) | २०६५।६६ | २०७६।७७ | १२३ | १०६.०० | २८४१६ | १०६६३ | ३००० | १३६६३ |
| | **जम्मा** | | | **३१२** | | **३५६६१** | **३९४४८** | **८८७२** | **४८३२५५** |

आयोजनागत विस्तृत ड्रइङ्ग डिजाइन नेपाली सेनालाई हस्तान्तरण नगरेको, आवश्यक बजेट आर्थिक वर्षको शुरुमा विनियोजन नगरी पटक पटक थप गरेको लगायत व्यहोरा विगतमा औंँल्याइएकोमा सुधार भएको छैन ।

# संगठित संस्था तथा समिति

## नेपाली सैनिक कल्याणकारी कोष

१७. **वित्तीय स्थिति -** कोषमा गत वर्षको मौज्दात रु.४१ अर्ब ३० करोड ९ लाख रहेकोमा यो वर्ष रु.१८ अर्ब ४५ करोड २ लाख थप भई रु.५९ अर्ब ७५ करोड ११ लाखमध्ये शान्ति सेना सञ्चालनमा रु.१० अर्ब ७३ करोड ८५ लाख, पुँजीगत तथा पूर्वाधार विकासमा रु.७० करोड ९४ लाख, शिक्षा, स्वास्थ्य, छात्रवृत्ति र अन्य कृयाकलापमा रु.३ अर्ब ७७ करोड ६३ लाखसमेत कुल रु.१५ अर्ब २२ करोड ४१ लाख खर्च गरी रु.४४ अर्ब ५२ करोड ७० लाख बाँकी रहेको छ । उक्त रकममध्ये १३ डिवेञ्चरमा रु.१ अर्ब ४६ करोड ८१ लाख, इमल्सन, पानीलगायत विभिन्न व्यवसायमा रु.५ अर्ब ७० करोड ४२ लाख लगानी गरेको, पेस्की तथा सापटी रु.९२ करोड ७ लाख रहेको र २८ वाणिज्य बैङ्कको २६१ मुद्दती तथा चल्ती खातामा रु.३६ अर्ब ४३ करोड ४० लाख मौज्दात रहेको छ ।

१८. **शोधभर्ना -** सैनिक कल्याणकारी कोष सञ्चालन नियमावली, २०६५ को नियम १८ मा संयुक्त राष्ट्रसंघीय सैनिक खटिए बापत प्राप्त भत्ता, मेसिनरी औजार तथा उपकरणको ह्रास कट्टी बापत शोधभर्ना प्राप्त हुने रकम लगायत अन्य प्राप्त गर्नुपर्ने रकमको अभिलेख शान्तिसेना सञ्चालन निर्देशनालयले तयार गर्ने र सोअनुसार कोषले शोधभर्ना प्राप्त गरी हिसाब व्यवस्थित गर्नुपर्ने उल्लेख छ । कोषमा यो वर्ष रु.१३ अर्ब २६ करोड ८८ लाख शोधभर्ना प्राप्त भएको छ । प्राप्त रकमको मिसनअनुसार अवधि, सैनिक संख्या र प्रयोग भएको सामानको विवरण संलग्न नगरी प्राप्त रकम नै यथार्थ शोधभर्ना रकम मानी लेखाङ्कन गरेको देखियो । मिसनमा खटिएका सैनिक र सामानको प्राप्त हुनुपर्ने तथा प्राप्त भएको रकमको मिसनगत अभिलेख तयार गरी सो अनुसार प्राप्त रकम भिडान गरी यकिन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१९. **पेट्रोल पम्प सञ्चालन -** खैरेनीटार तनहुँ र रामनगर रुपन्देहीमा नेपाली सैनिक कल्याणकारी कोषको लगानीमा दुई पेट्रोल पम्प सञ्चालनमा रहेका छन् । सो बाहेक जङ्गीअड्डा परिसर र राजदल गण, ललितपुरको परिसरमा रहेका दुई पेट्रोल पम्पले वार्षिक रु.४ लाख ८० हजार नेपाली सेनाको कल्याणकारी कोषमा रकम दाखिला गरेको देखिन्छ । सबै पेट्रोल पम्प नेपाली सैनिक कल्याणकारी कोष मातहत सञ्चालनमा ल्याई आय व्ययमा हिसाब समायोजन गर्नुपर्दछ ।

## भेट्रान्स अस्पताल

२०. **भवन निर्माण** - प्रथम विश्वयुद्धमा बहादुरी देखाउने फौजको सम्झनामा वि.सं.१९८२ मा स्थापित त्रिचन्द्र मिलिटरी अस्पतालको साविक भवन संरचना हटाई ६ हजार ५२० वर्गमिटर क्षेत्रफलमा अत्याधुनिक भवन निर्माण कार्य २०७०।७१ देखि शुरु भएको थियो । संशोधित लागत अनुमान रु.२ अर्ब १२ करोड ६५ लाख रहेको उक्त भवन निर्माणमा हालसम्म रु.१ अर्ब ५४ करोड ५९ लाख (७२.७० प्रतिशत) खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

२०.१ भवनको लागि निर्माण सामग्री आपूर्ति, गाह्रो लगाउने, ढलान गर्ने, ढलानको लागि फर्मा आपूर्ति, जनशक्ति आपूर्ति जस्ता कार्यलाई कार्य प्रकृतिअनुसार विभिन्न खरिद सम्झौता गरी कार्य गराउँदै आएको छ । सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न लाग्ने समय सहितको खरिद योजना तथा कार्य तालिका तयार नगरेकोले सम्पन्न हुने अवधि यकिन गर्न सकिएन ।

२०.२ निर्माण सम्पन्न भई भवनको अग्र भागमा डेन्टल अस्पताल सञ्चालन भएको र सो अस्पतालले प्रयोग गरेको अग्रभाग बाहेकको भवनको खाली ठाउँ व्यापारिक प्रयोजनको लागि कल्याणकारी योजना निर्देशनालयले बोलपत्रको माध्यमबाट २०७६।३।२६ मा एक निर्माण व्यवसायीसँग मासिक रु.४ करोड ११ लाख ११ हजारका दरले भाडामा दिने निर्णय गरी २०७६।४।३ मा सम्झौता गर्न पत्र जारी गरेको देखिन्छ । उक्त भाडा रकमबाट उपत्यका बाहिर अस्पताल सञ्चालन गर्ने जानकारी गराएको छ । नेपाली सेनाको नाममा रहेको जग्गामा निर्मित भवन नेपाल सरकारको स्वीकृति लिई तोकिएको प्रयोजनमा उपयोग गर्नुपर्दछ ।

## नेपाली सैनिक विमान चार्टर्ड उडान विकास समिति, गौचर

२१. **चार्टर्ड उडान** - समितिमा रहेका १९ जहाजमध्ये ६ मर्मतको लागि भूमिस्थ रहेका र बाँकी १३ जहाजबाट १ हजार ६८४ घण्टा उडान गरेकोमा चार्टरतर्फ ६०६ घण्टा (३५ प्रतिशत) उडान गरेको छ । हवाइ उडानबाट २०७४।७५ मा रु.२३ करोड ५ लाख ५७ हजार आम्दानी गरेकोमा २०७५।७६ मा रु.१२ करोड ४७ लाख २२ हजार आम्दानी भई गत वर्षको तुलनामा कोषमा आम्दानी घट्न गएको छ । यसले गर्दा सञ्चालन तथा मर्मत खर्चको लागि बार्षिक विनियोजनमा थप व्ययभार पर्न जाने हुँदा आम्दानी बढाउनेतर्फ सम्बन्धित निकायले ध्यान दिन आवश्यक छ ।

२२. **बक्यौता** - समितिबाट प्राप्त विवरणअनुसार १५ निकायबाट चार्टर्ड भाडा रु.१ करोड ७१ लाख ७१ हजार उठ्न बाँकी रहेकोमा लेखापरीक्षण अवधिसम्म रु.९७ लाख ६४ हजार असुल भई ७ निकायबाट रु.७४ लाख ७ हजार असुल गर्न बाँकी रहेकोले बक्यौता रकम असुल गर्नुपर्दछ ।

# अनुगमन र बेरुजू

- **अनुगमन** - विगतका प्रतिवेदनमा स्वयम्भू बारुदखाना, वसुन्धरा क्यान्टिन र सुनाचुरी इमल्सन प्लाण्टले आर्थिक कारोबारको सम्पत्ति तथा दायित्व देखिने गरी लेखा तयार नगरेको, सैनिक कल्याणकारी कोषले सवारीसाधन, उपकरण, भौतिक पूर्वाधार र फर्निचरको मूल्य वासलातमा समावेश नगरेको, स्थपति महानिर्देशनालय (कल्याणकारी कोष) ले खरिद गुरुयोजना तयार नगरेको, सैनिक कल्याणकारी कोषले खरिद गरेको सरकारी जग्गाको विवरण र ती जग्गामा निर्मित भवनलगायत भौतिक संरचनाको अद्यावधिक लगत नराखेको र विकास निर्माण निर्देशनालयले बेसाबुत सामानको लिलाम बिक्री नगरेको लगायतका व्यहोरा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - मन्त्रालय र मातहतका समेत ३६ निकायमा यो वर्ष रु.९ अर्ब २६ करोड २५ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रु.१५ करोड ९५ लाख २९ हजार फछ्र्यौट गरेकोले रु.९ अर्ब १० करोड ३० लाख ४३ हजार बाँकी रहेको छ । सोमध्ये रु.९ अर्ब ९ करोड ९१ लाख ७७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - अन्य संस्था ६ तर्फ यो वर्ष रु.४ करोड ५७ लाख वेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु. ६१ लाख ७९ हजार फछ्र्यौट गरेकोले रु.३ करोड ९५ लाख २१ हजार बाँकी रहेको छ । सोमध्ये रु.२ करोड ९६ लाख ५८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा वन तथा वातावरण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम अनुगमन र मूल्याङ्कन गर्ने राष्ट्रिय वन तथा वनको सर्वेक्षण, वर्गीकरण, नाप, नक्सा र सीमाङ्कन, निजी, सार्वजनिक, सरकारी, धार्मिक, सामुदायिक, साझेदारी, कबुलियती, चक्ला वन, वन्यजन्तु र चराचुरुङ्गी, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा सिकार आरक्ष सीमसार क्षेत्र, योजना तथा कार्यान्वयन, प्राणीउद्यान (चिडियाखाना), हर्वोरियम व्यवस्थापन, वातावरण, जलवायु, कार्बनको सेवा र सञ्चिति, हरितगृह ग्याँसको उत्सर्जनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित सस्थासमेत ६६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ६१ सरकारी कार्यालयहरुको निम्नानुसार रु.११ अर्ब ५५ करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ६१ | ९२९८९ | ४२ | १८५७६ | ४० | ४४८ | २४ | ३५१९ | ६१ | ११५५३२ |

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ५ संस्थाको रु.३ अर्ब ३३ करोड ५२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** राष्ट्रिय योजना आयोगबाट प्रकाशित २०७५।७६ को वार्षिक विकास कार्यक्रममा मन्त्रालयबाट स्वीकृत कार्यक्रममध्ये वनक्षेत्रले ओगटेको क्षेत्र ४४.७४ प्रतिशत र संरक्षित क्षेत्रले ओगटेको क्षेत्र २३.३२ प्रतिशत पुऱ्याउने, वन क्षेत्रबाट अनुमानित राजस्व रु.३ अर्ब प्राप्त गर्ने, १ करोड ५० लाख बिरुवा उत्पादन गर्ने, ४० लाख घनफिट काठको उत्पादन गर्ने मुख्य लक्ष्य भएकोमा क्रमशः वन क्षेत्र ४४.७४ प्रतिशत र संरक्षित क्षेत्र २३.३९ प्रतिशत पुगेको, रु.३ अर्ब ११ करोड राजस्व प्राप्त भएको, २ करोड ५ लाख बिरुवा उत्पादन भएको र ६२ लाख घनफिट काठको उत्पादन भएको देखिएको छ ।

यसैगरी भूकम्पबाट क्षतिग्रस्त ८४ संरचना निर्माण गर्ने लक्ष्य रहेकोमा ५ निर्माण भएको, समुदायमा आधारित ५०० वन व्यवस्थापन समूह गठन तथा वन हस्तान्तरण गर्ने लक्ष्य रहेकोमा २२९ मात्र गठन भएको, ३ हजार हेक्टर वन क्षेत्रको अतिक्रमण हटाउने लक्ष्य रहेकोमा २ हजार ४४ हेक्टर हटाएको, ४०० पानी मुहान पोखरी संरक्षण गर्ने लक्ष्य रहेकोमा २२० को संरक्षण गरेको र १ हजार २० पहिरो व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा २१२ मात्र व्यवस्थापन भएको प्रगति प्रतिवेदनमा उल्लेख छ । तोकिए बमोजिम लक्ष्य हासिल नहुँदा योजनाले निर्धारण गरेको उद्देश्य पूरा हुन नसक्ने देखिँदा लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ ।

४. **योजना कार्यान्वयन -** चौधौं योजना (२०७३।७४-२०७५।७६) मा तोकिएको लक्ष्यमध्ये भूकम्पबाट क्षतिग्रस्त संरचना पुनः निर्माण, जीवको प्रजाति संख्या निर्धारण, वन समूह गठन तथा हस्तान्तरण, वन क्षेत्र अतिक्रमण हटाउने, पहिरो व्यवस्थापन, वृक्षारोपण गरिएको क्षेत्र, समुदायबाट व्यवस्थित गरिएको क्षेत्र र वातावरण प्रभाव मूल्याङ्कनको कार्यमा लक्ष्यअनुसार प्रगति भएको छैन ।

५. **बजेट वक्तव्य** - बजेट वक्तव्य २०७५।७६ मा उल्लेख भएका यस मन्त्रालयबाट सञ्चालन गर्नुपर्ने कार्यक्रममध्ये सम्भाव्य प्रदेशहरुमा सहकारी तथा निजी क्षेत्रको सहभागितामा न्यूनतम एक जडीबुटी प्रशोधन केन्द्र स्थापना र हिमाल तथा हिमतालहरुको आसपासका क्षेत्रको सफाई गर्ने लगायतका कार्यक्रम सञ्चालन गरेको देखिएन ।बजेट वक्तव्यमा तोकिएका निर्दिष्ट कार्यहरु तोकिएकै अवधिमा सम्पन्न गर्न मन्त्रालयले ध्यान दिनुपर्दछ ।

६. **दिगो विकासका लक्ष्य** - संयुक्त राष्ट्रसंघद्वारा निर्धारित दिगो विकासका लक्ष्यहरुमध्ये मन्त्रालयसँग सम्बन्धित ताल, सिमसार, पोखरी संरक्षण, बिरुवा रोपण, चोरी शिकारी नियन्त्रण तथा रुख बिरुवा र जनावरको प्रजाति संरक्षण कार्यमा लक्ष्यअनुसार प्रगति भएको छैन । दिगो विकासका लक्ष्यहरुलाई कार्यक्रममा समाहित गरी कार्य सम्पादन गर्नुपर्दछ ।

७. **संगठन संरचना** - मन्त्रालयले साबिकको कर्मचारी दरबन्दी पुनर्संरचना गरी वन तथा वातावरण मन्त्रालयमा १२९, वन तथा भू-संरक्षण विभागमा ४५६, सशस्त्र वन रक्षक ब्यारेक ५ मा ९३०, राष्ट्रिय निकुञ्ज विभागमा १ हजार ९४४, वनस्पति विभागमा २८८, वातावरण विभागमा ५५ र अन्य ३ निकायमा ९१ समेत ३ हजार ८९३ जनाको दरबन्दी स्वीकृत गरेको छ । मन्त्रालय मातहत १९ निकायमा २३६ जनाको अस्थायी दरबन्दी स्वीकृत गरेको देखिन्छ ।

८. **कार्यक्रम कार्यान्वयन** - संघीयता कार्यान्वयन पश्चात् पनि प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरु संघीय कार्यालयहरुमा राखी कार्यान्वयन गरेकोले कार्यक्रम कार्यान्वयनमा दोहोरोपना हुनगएको छ । राष्ट्रिय योजना आयोगबाट जारी संघ, प्रदेश र स्थानीय तहका आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ मा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरु प्रदेशतहबाट सञ्चालन हुने उल्लेख भएकोमा संघबाट कार्यान्वयन गर्ने गरी बजेट तथा कार्यक्रमको व्यवस्थापन गरेकोमा उक्त कार्यक्रम सञ्चालन गरेको देखिएन । मापदण्डको पालनामा मन्त्रालयले ध्यान दिनुपर्दछ ।

९. **वन अतिक्रमण** - वन ऐन, २०७६ को दफा ४९ मा राष्ट्रिय वनक्षेत्रको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ । अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यान्वयनमा रहेको छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार ९४ हजार २३३ हेक्टर वन र ३ हजार ८७६ हेक्टर जमिन अतिक्रमण भएको मध्ये २०७१।७२ देखि २०७४।७५ सम्म ५ हजार २११ हेक्टर (५.५३ प्रतिशत) वन क्षेत्र अतिक्रमण मुक्त गरेको देखिन्छ । मन्त्रालयले २०७५।७६ मा अतिक्रमित वन हटाउनेतर्फ कुनै काम गरेको देखिएन । वन क्षेत्रमा भएको अतिक्रमण हटाउन प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१०. **नर्म्स** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्सको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन र पहाडी साना किसानको लागि अनुकूलन आयोजनाले यो वर्ष परामर्श सेवामा रु.२५ करोड १७ लाख ४० हजार खर्च लेखेकोमा आवश्यक नर्म्स मन्त्रालयबाट स्वीकृत नभएकोले लागत अनुमान तयार गर्दा पारिश्रमिक लगायत विभिन्न आइमटममा फरक फरक दर राखी तयार गरेकोले एकरुपता भएको देखिएन । परामर्श सेवाको लागत अनुमानमा एकरुपता ल्याउन मन्त्रालयले नर्म्स स्वीकृत गरी लागू गर्नुपर्दछ ।

११. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०५३ को दफा ५ बमोजिम वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्दछ । विभिन्न मितिमा पेस भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमध्ये मन्त्रालयले यो वर्ष ५० प्रतिवेदन स्वीकृत गरेको छ ।

उक्त प्रतिवेदनमध्ये १५ प्रतिवेदनको परीक्षण गर्दा पेस भएको मिति एवं स्वीकृत मिति देहायबमोजिम रहेको छ । मन्त्रालयले चालु आर्थिक वर्षमा १०० वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन डिजिटाइज गर्ने लक्ष्य रहेकोमा ९३ को डिजिटाइज गरेको देखिएको छ ।

| क्र.सं. | आयोजनाको नाम | वातावरणीय प्रभाव मूल्याङ्कन | | |
|---|---|---|---|---|
| | | पेस भएको मिति | स्वीकृत मिति | स्वीकृतिको लागि लागेको दिन |
| १ | नेपाल मेडिकल कलेज, गोकर्णेश्वर | २०७४/७/२७ | २०७५/५/५ | ३०० |
| २ | भ्यू होटल सिद्वार्थ, बाँके | २०७४/१२/७ | २०७५/५/५ | १५० |
| ३ | गछ्याङ्ग खोला लघु जलविद्युत आयोजना, कास्की | २०७४/९/२९ | २०७५/५/६ | २४० |
| ४ | को–अपरेटिभ मार्केट बिल्डिङ्ग, भद्रपुर | २०७४/१२/१५ | २०७५/५/६ | १३५ |
| ५ | सुरी खोला जलविद्युत आयोजनाको लागि ट्रान्समिसन लाइन वितरण आयोजना (३३ के भी), दोलखा | २०७४/६/६ | २०७५/५/६ | ३३० |
| ६ | स्याफ्रुवेसी– हाकुवेसी सडक, रसुवा | २०७४/१०/२५ | २०७५/५/६ | २०० |
| ७ | माथिल्लो सुरी जलविद्युत आयोजना (७ मेगावाट), दोलखा | २०७४/१२/२६ | २०७५/६/११ | १८० |
| ८ | रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन आयोजना, पर्सा र बारा जिल्ला | २०७५/३/१० | २०७५/६/११ | ९० |
| ९ | सूर्यविनायक–धुलिखेल सडक स्तरोन्नति आयोजना, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला | २०७५/३/१७ | २०७५/६/२३ | ९२ |
| १० | जटामसीको सुरक्षित टिपाइ, हुम्ला | २०७४/९/२८ | २०७५/७/६ | २५० |
| ११ | कालिका सामुदायिक वन, चितवन | २०७५/४/१४ | २०७५/७/१३ | ८५ |
| १२ | काठमाण्डु नेसनल मेडिकल कलेज, अनामनगर | २०७४/९/७ | २०७५/८/४ | ३३० |
| १३ | सोल्टी सिटी अपार्टमेण्ट, काठमाडौं – १४ | २०७४/९/२५ | २०७५/८/४ | ३०८ |
| १४ | उत्तर–दक्षिण लोक मार्ग कर्णाली करिडोर, कुवाडी (बाजुरा)– सिमकोट (हुम्ला) | २०७३/५/१४ | २०७५/८/१३ | ७९० |
| १५ | जिङ्क सिटी होटल, ललितपुर | २०७५/३/२२ | २०७५/८/२३ | १२३ |

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न ८५ देखि ७९० दिनसम्म लगाएको देखिन्छ । यो वर्ष ६५ प्रतिवेदन स्वीकृतिको लागि पेस भएकोमा १ मात्र स्वीकृत भएको छ । सडक, सिँचाइ, विद्युत, खानेपानी, भवन निर्माणलगायतका संरचना निर्माण गर्न समयमा वातावरणीय पक्षको मूल्याङ्कन एवं स्वीकृति हुन नसक्दा निर्माण कार्यमा ढिलाई हुन गई योजनाको लागत र समय बढ्ने गरेको देखियो । मन्त्रालयमा प्राप्त प्रस्तावहरुको समयमै मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृत गर्नुपर्दछ ।

## वातावरण विभाग

१२. **वायुको गुणस्तर अवस्था -** नेपाल सरकारले तोकेको मापदण्डअनुसार हावामा पाइने मसिना धूलोका कण पार्टिकुलेट म्याटर (पी.एम.) २.५ को दैनिक मापदण्ड ४० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्नेमा वायु गुणस्तर मापन केन्द्रहरुको सन् २०१७ को तथ्याङ्कअनुसार रत्नपार्कमा ३१८ दिनमध्ये ११९ दिन, पुल्चोक केन्द्रमा २९९ दिनमध्ये ९९ दिन, धुलिखेल केन्द्रमा ३१० दिनमध्ये १५८ दिन, वीरेन्द्र स्कुल भक्तपुरमा ११५ दिनमध्ये ६५ दिन, चितवनको सौराहमा १३० दिनमध्ये ९७ दिन, ललितपुरको भैंसेपाटीमा १२१ मध्ये ७२ दिन र काठमाडौंको शंखपार्कमा १३५ मध्ये १०० दिन धूलोको कण राष्ट्रिय मापदण्ड भन्दा बढेको देखियो । विभागले तत्पश्चात तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन प्रकाशित गरेको

छैन । वायु प्रदूषण नियन्त्रणका लागि मापदण्डअनुसार रणनैतिक योजना र कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण लकडाउन शुरु हुनुभन्दा एक हप्ता अगाडि दैनिक पी.एम.२.५ को औसत ३० देखि ४२ माइक्रोग्राम प्रति घनमिटरसम्म रहेकोमा लकडाउन खुकुलो हुनुभन्दा एक हप्ता अघिको दैनिक पी.एम.२.५ को औसत १५ देखि २५ माइक्रोग्राम प्रति घनमिटरसम्म रहेको देखिन्छ । सडकमा सवारीसाधनको प्रयोग कम हुँदा वायु प्रदूषणमा समेत नियन्त्रण भएको देखिँदा सवारीसाधनको उचित व्यवस्थापन गरी वातावरण सुधारमा ध्यान दिनुपर्दछ ।

१३. **जरिवाना -** विभागले विभिन्न मितिमा उद्योगहरुको वातावरणीय अनुगमन निरीक्षण गर्दा वातावरणीय मापदण्डहरु कार्यान्वयन नगरेका संस्थालाई वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ को उपदफा (२) बमोजिम मन्त्रिस्तरीय निर्णयबाट जरिवाना बापत रु.६ लाख ४५ हजार राजस्व दाखिला गर्न अनुरोध गरेकोमा दाखिला गरेको छैन । उक्त रकम सरकारी बाँकी सरह असुल गर्नुपर्दछ ।

## वन तथा भू-संरक्षण विभाग

१४. **वृक्षारोपण कार्यक्रम -** वन नीति, २०७१ मा वन क्षेत्रलगायत सार्वजनिक तथा निजी जग्गामा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने, पूर्वाधार विकासलाई वातावरण मैत्री बनाउन आवास, सडक तथा नहर क्षेत्रमा अनिवार्य रुपले वृक्षारोपण गर्ने उल्लेख भएकोमा वन क्षेत्र बाहिर आवास, नहर सडक र अतिक्रमण क्षेत्रमा वृक्षारोपण गरेको अभिलेख राखेको छैन । यसैगरी चौधौं योजनाले वृक्षारोपण, वृक्षसुधार र वन विकास कार्यक्रममा नगर र गाउँमा वन स्थापनाको लागि सहयोग, पारिवारिक वन, सार्वजनिक स्थानमा वृक्षारोपण, नर्सरी र वनजन्य उद्यम स्थापनाको लागि प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने उल्लेख भए पनि प्रभावकारी कार्यान्वयन भएको देखिएन । घोषित नीतिको कार्यान्वयन गर्नुपर्दछ ।

१५. **अनुदान वितरण -** वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदानसम्बन्धी कार्यविधि, २०७५ को ५.१ मा अनुदान कार्यक्रमको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । सोअनुसार अनुदान प्राप्त गरेका आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, प्राविधिक तथा आर्थिक पक्ष, कार्यक्रमको प्रभावकारिता लगायतको विषयमा मन्त्रालय एवं विभागबाट अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरी सुधारको लागि सुझाव दिने र अनुदानग्राहीले अनिवार्य रुपमा सोको पालना गर्नुपर्ने उल्लेख छ । विभागले सामुदायिक वन उद्यम विकास अनुदान कार्यक्रमबाट १०१ संस्थालाई रु.१ लाख ९५ हजारदेखि रु.२० लाखसम्म अनुदान बापत रु.६ करोड ५९ लाख ६७ हजार खर्च गरेकोमा कार्यविधि अनुरुप विभाग एवं मन्त्रालयबाट अनुगमन, सुपरिवेक्षण नगरेकोले सम्झौताअनुसार अनुदानको उपयोग भएको आश्वस्त हुने आधार भएन । मन्त्रालय एवं विभागले अनुगमन गरी अनुदानको प्रयोगलाई सुनिश्चित गर्नुपर्दछ ।

१६. **पर्यापर्यटन प्रवर्द्धन अनुदान -** पर्यापर्यटन प्रवर्द्धनका लागि समुदायमा आधारित वन समूह/संस्थालाई अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७६ अनुसार सामुदायिक वनमा पर्यापर्यटन सञ्चालन गरी जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन र स्थानीय तथा राष्ट्रिय समृद्धिमा योगदान पुर्‍याउने लक्ष्यका साथ चौतारी, पदमार्ग स्थापना, बगैंचा, मन्दिर निर्माण जस्ता कार्यहरुको लागि २७ सामुदायिक वन एवं सहकारी संस्थालाई रु.२६ लाख ७६ हजार अनुदान उपलब्ध गराएको छ । यस्ता कार्यक्रम प्रदेश एवं स्थानीय तहले समेत गर्ने भएकोले दोहोरो नहुने व्यवस्था मिलाउनुपर्ने र अनुगमनलाई प्रभावकारी बनाइ अनुदानको उचित प्रयोग गर्नुपर्दछ ।

१७. **रोयल्टी** - वन नियमावली, २०५१ को नियम ४९ मा सरकारी जग्गा अन्य निकायलाई उपयोग गर्न दिएमा रोयल्टी असुल गर्नुपर्ने व्यवस्था छ । विभागबाट लिज एवं भोगाधिकारको लागि १८ हजार ९४० हेक्टर जग्गा ५२३ संघ संस्थालाई २५ देखि ३० वर्षको लागि दिएकोमा ती जग्गाबाट प्राप्त हुनुपर्ने र भएको रोयल्टीको अभिलेख राखेकोले असुल हुनुपर्ने र असुल भएको रोयल्टी रकम यकिन गर्न सकिएन । अभिलेख अद्यावधिक गरी बाँकी रकम असुल गर्नुपर्दछ ।

१८. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार सरकारी कार्यालयबाट ठेक्का वा करारबापत भुक्तानी दिँदा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत कार्यालयले नै कट्टा गरी दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पर्वतीय जलाधारहरुको जलवायुसम्बन्धी समानुकूलन आयोजना अछामले ५ आपूर्तकको ५० प्रतिशत मूल्य अभिवृद्धि कर रु.१७ लाख ३३ हजार र चितवन राष्ट्रिय निकुञ्जले ८ आपूर्तकको मूल्य अभिवृद्धि कर रु.७ लाख ७४ हजार कट्टी नगरी भुक्तानी गरेकोले उक्त रकम राजस्व खातामा दाखिला भएको सुनिश्चित गर्नुपर्दछ ।

१९. **वैदेशिक सहायता** - दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित रेड कार्यान्वयन केन्द्र, पहाडी क्षेत्रको साना किसानका लागि अनुकूलन आयोजना तथा पर्वतीय जलाधार संरक्षण आयोजनामा रु.७ अर्ब ९७ करोड ३१ लाख खर्च गर्ने सम्झौता भएकोमा हालसम्म रु.३ अर्ब ९६ करोड ९ लाख खर्च भएको छ । रेड कार्यान्वयन केन्द्रको ७१.६७ प्रतिशत अवधि समाप्त हुँदा ४७.९० प्रतिशत, पहाडी क्षेत्रको साना किसानको लागि अनुकूलन आयोजनाको ८६.३० प्रतिशत अवधि समाप्त हुँदा २७.४९ प्रतिशत र पर्वतीय जलाधार संरक्षण आयोजनाको ८५.७१ प्रतिशत अवधि समाप्त हुँदा ७७.६९ प्रतिशत वित्तीय प्रगति रहेकोले बाँकी अवधिमा आयोजना सम्पन्न हुने अवस्था देखिँदैन । योजनाअनुसार कार्य प्रगति हासिल गर्न ध्यान दिनुपर्दछ ।

२०. **परामर्श सेवा खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र बाह्य क्षेत्रबाट परामर्श सेवा लिन सकिने व्यवस्था छ । रेड कार्यान्वयन केन्द्र, पहाडी क्षेत्रको साना किसानको लागि अनुकूलन आयोजना तथा पर्वतीय जलाधार संरक्षण आयोजनामा हालसम्म रु.३ अर्ब ९६ करोड ९ लाख खर्च भएको मध्ये परामर्श सेवामा रु.९२ करोड ४२ लाख (२३.३३ प्रतिशत) खर्च भएको देखिन्छ । परामर्श सेवामा ८.७७ देखि ६१.८९ प्रतिशतसम्म खर्च भएको देखिन्छ । सम्झौतामा वन कार्ययोजनाको तयारी एवं नियमित अनुगमनको कार्यसमेत परामर्शदाताबाट गराउनुपर्ने व्यवस्था राखेकोले सरकारी निकायमा कार्यरत जनशक्तिको उपयोग अवस्था न्यून रहेको छ । आयोजनाहरुले परामर्शदाताबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन अवस्थाको अभिलेख राखेको देखिएन । सरकारी निकायमा उपलब्ध जनशक्तिको अधिकार उपयोग गरी परामर्श खर्चमा कमी ल्याउनेतर्फ आयोजनाको सम्झौता गर्दा ध्यान दिनुपर्दछ ।

## रेड कार्यान्वयन केन्द्र

वन क्षेत्रको संरक्षण गरी वायुमण्डलमा रहेको प्रमुख हरितगृह ग्याँस, कार्बनडाइअक्साइड सङ्कलन गरी भण्डारण गर्ने र वनबाट हुने उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने अभिप्रायबाट प्रेरित भई रेड कार्यान्वयन केन्द्रको स्थापना भएको हो ।

२१. **जलवायु परिवर्तन र वन कार्बन व्यापार** - वातावरण संरक्षण ऐन, २०७६ मा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनसम्बन्धी व्यवस्था रहेको छ । नेपाल जलवायु परिवर्तनसम्बधी संयुक्त राष्ट्रसंघीय महासन्धि, क्योटो अभिसन्धि र पेरिस सम्झौताको पक्ष राष्ट्र भएकोले अन्तर्राष्ट्रिय दायित्व राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकताअनुरुप कार्य गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ कार्यान्वयनमा ल्याएको छ ।

केन्द्रले वन विनाश एवं क्षयीकरणका कारण पर्ने प्रभाव घटाई कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चितिमा वृद्धि गर्न रेडप्लस तयारी चरणका क्रियाकलापहरु २०६४ देखि सञ्चालन गरेकोमा वन तथा वातावरण मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको छ । विश्व बैङ्कसमेतको आर्थिक सहयोगमा रेड कार्यान्वयन केन्द्रमार्फत सञ्चालित रेड फरेस्ट्री तथा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तयारी चरणका कार्यको लागि रु.१६ करोड ७८ लाख खर्च भएको छ ।

नेपालको ४४.७४ प्रतिशत भू-भाग वन तथा बुट्यान क्षेत्रले ओगटेको र सोबाट कार्बन सञ्चिति १ अर्ब ५ करोड ५० लाख टन हुन सक्ने भए तापनि सोअनुरुप लाभ प्राप्त गर्न सकेको छैन । रेडप्लसका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गरेको एक दशकभन्दा बढी अवधि भई सक्दा पनि विद्यमान नीति, रणनीति र कानुनी व्यवस्थाबमोजिम कार्बन व्यापार गरी आय आर्जन गर्न सकेको छैन । कार्बनको अन्तर्राष्ट्रिय व्यापार मार्फत लाभ लिई जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

## पहाडी साना किसानका लागि अनुकूलन आयोजना

२२. **उपलब्धि -** यो वर्षसम्म सम्पादन गर्नुपर्ने क्रियाकलापमध्ये मुख्य रुपमा २०० स्थानीय अनुकूलन कार्ययोजना तयारी, सात जिल्लामा जियोग्राफिक इन्फरमेसन सिस्टम (जी.आई.एस.) मा आधारित प्रणाली स्थापना र कार्यक्रममा १ लाख घरधुरी सहभागी गरेको देखिन्छ । स्वीकृत कार्यक्रमका लक्ष्यमध्ये आयोजना सम्पन्न हुन १ वर्ष बाँकी हुँदा जलवायु अनुकूलित खेती अभ्यास तथा जीविकोपार्जन उपायको विविधीकरणमा ५१ प्रतिशत, जलवायु समानुकूलित भू-व्यवस्थापन अभ्यासमा ६० प्रतिशत, जलवायु अनुकूलित घाँस, डाले घाँस रोपणमा २८.८५ प्रतिशत र घरेलु प्रयोजनको लागि नवीकरणीय ऊर्जा प्रविधिमा ४१ प्रतिशतमात्र प्रगति हासिल गरेको छ । लक्ष्यअनुसार प्रगति हासिल गर्न आयोजना कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

२३. **कर दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकासँग खरिद गर्नुपर्ने व्यवस्था छ । आयोजनाले १६ परामर्शदातालाई वार्षिक औसत रु.१४ लाखका दरले रु.२ करोड २४ लाख भुक्तानी गरेकोमा ती परामर्शदाता मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । नियमको व्यवस्था पालना गरी सेवा खरिद गर्नुपर्दछ ।

## वनस्पति विभाग

२४. **सर्शत अनुदान -** महत्वपूर्ण जडीबुटीको दिगो संरक्षण र विकासका लागि कृषक समूह, समितिलाई सहकारी खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आय-आर्जनका अवसरबाट गरिबी न्यूनीकरण र समतामूलक विकास गर्न सघाउ पुऱ्याउन विभागले ४१ संस्थालाई रु.१ लाख ५९ हजारदेखि रु.१५ लाखसम्मको दरले रु.४ करोड २४ लाख १५ हजार अनुदान दिएको छ । यस्तै प्रकृतिको अनुदान प्रदेशस्तरबाट समेत उपलब्ध हुने भएकोले कार्यक्रममा दोहोरोपना हुने स्थिति देखिएको छ । प्रदेश र स्थानीय तहको  समन्वयमा कार्यक्रम दोहोरो नहुने गरी छनौट गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

२५. **गुरुयोजना -** राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२ को दफा ५ मा राष्ट्रिय प्राणी उद्यान सञ्चालन र व्यवस्थापनको लागि आवश्यक नीति, रणनीति, गुरुयोजना, व्यवस्थापन योजना र कार्यान्वयन

गर्ने गराउने उल्लेख छ । चौधौं आवधिक योजना र बजेट वक्तव्यमा सात प्रदेशमा राष्ट्रिय प्राणी उद्यान स्थापना गरिने उल्लेख भएकोमा वाग्मती प्रदेशको भक्तपुर र गण्डकी प्रदेशको तनहुँमा मात्रै उद्यानको कार्यालय स्थापना गरेको छ । निर्देशिकाअनुसार विभागले प्राणी उद्यान र त्यसको पारिस्थितिक प्रणाली, भूमार्गचित्रको अवस्था, वातावरण, विभिन्न प्रकृतिका प्राणीहरु व्यवस्थापनको क्षेत्र, जग्गा प्राप्ति तथा अधिग्रहण, आहार विहार, अस्पतालसम्बन्धी कार्ययोजना, पुनर्स्थापना केन्द्र, समस्याग्रस्त र घाइते वन्यजन्तु व्यवस्थापनसमेत समेटिने गरी गुरुयोजना तयार गर्नुपर्नेमा त्यस्तो गुरुयोजना तयार गरेको पाइएन ।

२६. **संरक्षित क्षेत्र अतिक्रमण -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा कुनै भाग कब्जा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा वनपैदावर हानि नोक्सानी पुऱ्याउन, खनिज पदार्थ निकाल्न नपाइने व्यवस्था छ । प्राप्त विवरण अनुसार २०७५।७६ सम्म संरक्षित क्षेत्रको ४ हजार ४३९ हेक्टर जग्गा अतिक्रमण भएकोमा ५०.५८९ हेक्टर (१.१४ प्रतिशत) मात्र जग्गा संरक्षण गरेको देखिन्छ । अतिक्रमणमा रहेको जग्गा संरक्षणको लागि विभागबाट प्रभावकारी पहल गर्नुपर्ने देखिन्छ ।

२७. **राहत वितरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा सालतमाममा बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण गर्न २० संरक्षित क्षेत्रलाई रु.८ करोड ९० लाख ८५ हजार निकासा दिएकोमा रु.६ करोड ९ लाख १५ हजार वितरण नगरी बाँकी रहेको छ । क्षेत्रीय वन निर्देशकले आफ्नो क्षेत्रभित्र वितरण भएको राहत पाउने व्यक्तिमध्ये कम्तीमा १० प्रतिशतलाई भेटी रकम पाए नपाएको अनुगमन गरी प्रत्येक चौमासिकको १५ गतेभित्र विभागमा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था भएकोमा सोअनुसारको संरचना नै परिवर्तन भएकोले निर्देशिका अनुसार अनुगमन भएको देखिएन । खर्च नभई बाँकी रहेको रकम फिर्ता दाखिला गर्नुपर्दछ ।

२८. **बक्यौता राजस्व -** राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्रका होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० मा २०७३।७४ पछि सबै होटल, लज तथा चिया पसललाई खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी सञ्चालन अनुमति दिने उल्लेख छ । लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पहिलेदेखि सञ्चालनमा रहेका ५५ होटल, लज तथा चिया पसल प्रतिस्पर्धाबाट छनौट नगरेको व्यहोरा विगतको प्रतिवेदनमा उल्लेख भए तापनि सुधार भएको छैन । ती होटल, लज तथा पसल व्यवसायीबाट प्राप्त हुनुपर्ने राजस्व यो वर्षको रु.२३ लाख ३८ हजारसमेत रु.७५ लाख २० हजार असुल गरेको छैन । त्यस्तै सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयले हेलिकोप्टर अवतरण तथा होबरिङ्गबापतको रु.२१ लाख ३३ हजार असुल नगरेकोले सोसमेत असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

२९. **लिजिङ्ग वनको संरक्षण -** मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २२(ख) मा मध्यवर्ती क्षेत्रका धार्मिक निकायले वातावरण प्रतिकूल हुने वा सार्वजनिक हानि नोक्सानी हुने वा भू-क्षय हुन सक्ने गरी काम गर्न नपाउने उल्लेख छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जले एक धार्मिक संस्थालाई ३७ हेक्टर वन क्षेत्र २०६२।९।५ मा १० वर्षको लागि राजस्व नलिने गरी लिजमा उपलव्ध गराएकोमा सम्झौताअनुसार वृक्षारोपण गरेको देखिएन । लिजको म्याद २०७२।१०।५ मा समाप्त भएकोमा हालसम्म फिर्ता लिएको देखिएन । सम्झौताअनुसार वन क्षेत्र फिर्ता लिनुपर्दछ ।

३०. **दस्तुर असुली -** वन नियमावली, २०५१ को अनुसूची २० मा लिजिङ्गबापत प्रति हेक्टर रु.५ हजार दस्तुर लिनुपर्ने र प्रत्येक वर्ष १० प्रतिशत वृद्धि गर्नुपर्ने व्यवस्था छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जले एक कम्पनीलाई चिया बगानको लागि लिजमा दिएको वन क्षेत्रको लिज दस्तुर राजस्व १० प्रतिशत वृद्धिसमेत २०७५।७६ सम्मको रु.९ लाख ७४ हजार असुल गरेको छैन । उक्त कम्पनीसँग भएको

सम्झौताअनुसार लिज अवधि २०७५ वैशाखमा म्याद समाप्त भएकोले लिजमा दिएको वन क्षेत्र फिर्ता गर्नुपर्दछ ।

३१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सार्वजनिक निकायले पाँच लाख रुपैयाँभन्दा बढीको मालसामान सोझै खरिद गर्न नहुने उल्लेख छ । चितवन राष्ट्रिय निकुञ्जले अग्निपथ निर्माण, ताल व्यवस्थापन, कल्भर्ट निर्माणलगायतको निर्माण कार्य १८ निर्माण व्यवसायीबाट पटक पटक सोझै गराई रु.८३ लाख ३५ हजार भुक्तानी गरेकोले नियमको पालना गरेको देखिएन ।नियमावलीअनुसार प्रतिस्पर्धी तवरबाट खरिद गर्नुपर्दछ ।

३२. **शिकार आरक्ष** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम शिकार आरक्ष व्यवस्था गर्न सक्ने तथा वन नियमावली, २०५१ बमोजिम वन्यजन्तु शिकार अनुमतिपत्र र वन्यजन्तु शिकारका लागि नेपाली र विदेशी व्यक्तिलाई बेग्लाबेग्लै दस्तुर तोकी कार्यान्वयन गर्ने व्यवस्था छ । शिकारको लागि खुला गरेको ढोरपाटन शिकार आरक्षबाट २०७३।७४ मा रु.१ करोड ४९ लाख, २०७४।७५ रु.५५ लाख १७ हजार र २०७५।७६ मा रु.२ करोड ७९ लाख ७५ हजार राजस्व प्राप्त भएको छ । वैज्ञानिक विधिबाट जीवजन्तु एवं चराहरुको संख्या अध्ययन गर्ने, पशु अनुपातका आधारमा अनुसन्धान गर्ने, निजी क्षेत्रलाई समेत वन्यजन्तु र पशुपन्छीको संरक्षण, विकास एवं शिकार व्यवस्थापनमा संलग्न गराई पर्यटन उद्योगको विकासमा थप योगदान पुऱ्याउने उल्लेख भएकोमा सोअनुसार कार्य भएको पाइएन । जंगलको अनुपातमा अधिक संख्यामा रहेका जीव र पन्छीहरुको व्यवस्थापन गरी शिकार आरक्ष व्यवस्थापन गर्न वैज्ञानिक सर्वेक्षण कार्यसमेत गर्नुपर्दछ ।

# वातावरणीय लेखापरीक्षण

## काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थाको मूल्याङ्कन

नेपालको संविधानमा स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने मौलिक हक हुने तथा जल, जमिन र जङ्गलको समुचित परिचालन र संरक्षण गर्दै पर्यावरणीय दिगो विकासका सिद्धान्तको अवलम्बन गर्ने नीति रहने उल्लेख छ । वातावरणीय व्यवस्थापनको अवधारणालाई स्थानीय स्तरसम्म पुऱ्याउने, जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरुलाई समाधान गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय कायम गर्ने र वातावरणीय व्यवस्थापनको प्रभावकारी अनुगमन गर्ने लगायतका कार्य सम्पादन गर्न २०६९ मा वातावरण विभागको स्थापना भएको छ । काठमाडौं उपत्यकाको पर्यावरणीय स्थिति र जनस्वास्थ्यमा परेको असरका सम्बन्धमा अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी सुधारका लागि सुझाव दिने उद्देश्यले वातावरणीय लेखापरीक्षण गरिएको हो ।

३३. **वातावरणीय अवस्था** - नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुने उल्लेख छ । इन्भाइरोमेन्टल पर्फर्मेन्स इन्डेक्स (इपीआई) २०१० अनुसार १६३ राष्ट्रमध्ये ६८.२ अङ्क हासिल गरी नेपाल ३८ औं स्थानमा रहेकोमा २०१८ मा १८० राष्ट्रमध्ये ३१.४४ अङ्क प्राप्त गरी १७६ औं स्थानमा पुगेको छ । यसबाट नेपालको वातावरणीय अवस्था वर्षेपिच्छे खस्किँदै गएको देखिन्छ । अव्यवस्थित सहरीकरण, बढ्दो जनसंख्या, प्लाष्टिकजन्य फोहोरमैलाको उत्सर्जन र सवारी प्रदूषणले नेपालको समग्र अवस्थाभन्दा काठमाडौं उपत्यकाको पर्यावरणको अवस्था थप नाजुक रहेको छ । वातावरणको कारण जनस्वास्थ्यमा नकारात्मक असर परेको छ । तसर्थ वातावरणीय चुनौतिलाई सम्बोधन गर्न वातावरण विभागले सम्बन्धित निकायहरुसँग समन्वय गरी वातावरण संरक्षणको कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

३४. **उपत्यकामा प्रदूषण सघनता -** वातावरण विभागले उपत्यकामा प्रदूषण बढाउने गतिविधिहरुलाई पहिचान गरी सम्बन्धित निकायहरुसँगको समन्वयबाट वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गर्नु पर्दछ । विभागले २०१७ मा गरेको एक अध्ययन अनुसार उपत्यकाको वायु प्रदूषणमा पूर्वाधार निर्माण (५४ प्रतिशत), सवारीसाधन (३० प्रतिशत), इँटाभट्टा (९ प्रतिशत), घरभित्रको धुवाँ (५ प्रतिशत), फोहोर जलाउँदा (१ प्रतिशत) र कलकारखाना (१ प्रतिशत) प्रदूषणको कारक रुपमा रहेको देखाएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

३४.१ राष्ट्रिय जनगणना, २०६८ अनुसार उपत्यकाको जनसंख्या २५ लाख र जनसंख्या वृद्धिदर ४.२ प्रतिशत रहेको छ । जसको आधारमा उपत्यकामा २०७८ र २०८८ सम्म क्रमशः करिब ३८ लाख र ५७ लाख जनसंख्या पुग्ने आँकलन गरिएको छ । उपत्यकामा रोजगारीको अवसर, शिक्षा, स्वास्थ्य लगायतका सेवाको उपलब्धता तथा पहुँचका कारण जनसंख्या वृद्धि दर अत्यधिक रहेको छ । तर सो अनुरुप पूर्वाधार तथा अन्य सेवा सुविधा पर्याप्त रहेको देखिँदैन । स्थानीय तहले घोषणा गरेका स्मार्ट सिटी निर्माण कार्यक्रम, काठमाडौं उपत्यका विकास प्राधिकरणले उपत्यका भित्र ४ नयाँ नगर निर्माण कार्यक्रम तथा बाहिरी चक्रपथ निर्माण कार्यक्रमले गति लिन सकेको पाइएन । अव्यवस्थित शहरीकरणको नकारात्मक असर वातावरणमा परेको छ ।

३४.२ पूर्वाधार निर्माणका लागि विभिन्न निकायले तयार गरेका स्पेसिफिकेसन, मापदण्ड, कार्यविधिको पालना नहुँदा प्रदूषण बढ्न गएको छ । उदाहरणको रुपमा सडक तथा पुल निर्माणको स्टाण्डर्ड स्पेसिफिकेसन, २०७० मा क्वारी साइट, निर्माणको फोहोर तथा हानिकारक सामग्री व्यवस्थापन, क्रसिङ साइट, हटमिक्स प्लान्ट र ब्याचिङ्ग प्लान्ट राख्ने स्थान सम्बन्धमा उल्लेख गरेको छ । सो अनुरुप जनघनत्व भएको स्थानमा उक्त प्लान्ट सञ्चालन नगर्ने उल्लेख भए तापनि सोको पालना भएको छैन । निर्माण कार्य गर्दा धूलो उड्न नदिन पानी नछर्कनु, कालोपत्रे गर्नुभन्दा पहिले धूलो ताल्नुको सट्टा उडाउनु, सिमेन्ट, रोडा, वालुवा, इँटा लगायतका सामग्री सडकको किनारामा यत्रतत्र राख्नु, निर्माणबाट निस्किएको फोहोरलाई उचित स्थानमा राखी व्यवस्थापन नगरिनु, निर्माण पश्चात् बाँकी रहेको सामग्री सडक वा सार्वजनिक स्थानमा बेवारिसे रुपमा रहनु जस्ता कारणले प्रदूषण बढेको छ ।

३४.३ काठमाडौं उपत्यकाको वायु प्रदूषणको दोस्रो कारकको रुपमा सवारीसाधन रहेको छ । यातायात व्यवस्था विभागको तथ्याङ्क अनुसार २०७५।७६ को फाल्गुण मसान्तसम्म नेपालभर ३५ लाख ३९ हजार ५१९ सवारीसाधन दर्ता भएकोमा वाग्मती अञ्चलमा मात्र १२ लाख ८१ हजार २३१ दर्ता भएका छन् । यस अञ्चलमा २०७४।७५ मा मात्र १ लाख ५ हजार ८६९ मोटरसाइकल र १४ हजार ४५२ कार, जीप र भ्यान थपिएको देखिन्छ । अन्य अञ्चल कार्यालयमा दर्ता भएका सवारीसाधन समेत उपत्यकामा सञ्चालन हुने हुँदा यस्तो संख्या अझ बढी रहेको छ ।वातावरण विभाग, यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीको संयुक्त प्रयासमा २०७४।८।१३ देखि २०७५।२।२० सम्म उपत्यकामा १ हजार ३७४ सवारीसाधनमा गरिएको सवारी प्रदूषण छड्के चेकजाँचमा ५४ प्रतिशत अफसल भएका र २४ प्रतिशतमा हरियो स्टिकर समेत टाँस नभएको वातावरण विभागले जनाएको छ ।

उपत्यकाभित्र विद्युतीय सवारीसाधनले इन्धनबाट चल्ने सवारीलाई प्रतिस्थापन गर्न सकेको छैन । साविकमा त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्म सञ्चालनमा रहेको ट्रलीबस सेवा बन्द छ भने सफा टेम्पोको संख्या समेत वर्षेनि कम हुँदै गइरहेको छ । सन् २०१७ बाट सवारीसाधनहरुमा यूरो ५ मापदण्ड लागू गर्ने, २०१८ बाट काठमाडौं उपत्यका यातायात व्यवस्थापन प्राधिकरण स्थापना गर्ने कार्ययोजना तयार गरे तापनि कार्यान्वयन गरेको छैन । उपत्यकाको प्रदूषण न्यूनीकरणका लागि नेपाल सरकार मन्त्रिपरिषद्को

२०७६ असार २९ को बैठकबाट ३ सय विद्युतीय बस खरिदका लागि साझा यातायात सहकारी संस्था लिमिटेडलाई रु.३ अर्ब उपलब्ध गराएकोमा उक्त बस खरिद नगरी रकम फिर्ता गरिएको छ ।

३४.४ वातावरण विभागले २०१७ मा गरेको एक अध्ययनअनुसार उपत्यकामा १०७ बुल्स ट्रेन्च, २ हाइब्रिड होफमन र १ भर्टिकल शाफ्ट प्रकारका गरी ११० ईँटाभट्टा सञ्चालनमा छन् । उक्त प्रतिवेदनमा त्यस्ता भट्टामा वार्षिक औसतमा ५६ हजार १०० टन कोइला र ३३० टन अन्य इन्धनको प्रयोग हुने, कम गुणस्तरको कोइला प्रयोग हुने, प्रदूषण कम गर्ने प्रविधि जडान नगरिएका तथा पुरानो प्रविधिका बुल्स ट्रेन्च भट्टाको संख्या बढी हुनाले बढी धुवाँ उत्सर्जन हुने उल्लेख छ । त्यसैगरी विभागले ईँटाभट्टाको लागि तयार गरेको मापदण्ड पालनाको नियमित अनुगमन समेत गर्न सकेको पाइएन । सर्वोच्च अदालतले २०६२ मंसिर २४ मा पर्यटकका लागि बनेका स्थानीय रिसोर्ट र बालबालिका पढ्ने विद्यालय र घनावस्ती क्षेत्र वरपरका ईँटा उद्योगहरु बन्द गर्न लगाउने तथा अन्यत्रका ईँटाभट्टालाई प्रदूषण नियन्त्रण उपकरण जडान गर्न लगाउने आदेश गरे तापनि सोको कार्यान्वयन गरेको पाईएन् ।

अव्यवस्थित बस्ती विकास, सार्वजनिक तथा व्यक्तिगत स्तरमा हुने निर्माण कार्य, बढ्दो सवारीसाधन, ईँटाभट्टा लगायतका क्षेत्रमा विभाग र सम्बन्धित निकायले जारी गरेका मापदण्डको प्रभावकारी पालना नहुनु जस्ता विषय उपत्यकामा प्रदूषण बढाउने कारकका रुपमा रहेका छन् । समुद्र सतहबाट करिब १३ सय मिटर उचाईमा कचौरा आकारमा रहेको उपत्यका चारैतिर अग्ला डाँडाहरुले घेरिएको भौगोलिक बनौटका कारण समेत प्रदूषण निकास हुन समय लाग्ने भएकोले प्रदूषणलाई बढावा दिने उपर्युक्त मानवीय क्रियाकलापलाई नियन्त्रण र निराकरण गर्न सम्बन्धित निकायहरुबाट मापदण्ड पालनाको अनुगमन कार्य प्रभावकारी बनाइनु पर्दछ ।

३५. **उपत्यकामा वायु प्रदूषण -** वातावरण विभागले काठमाडौं उपत्यकाको वायुको गुणस्तर व्यवस्थापन कार्ययोजना, २०१७ तयार गरेको छ । त्यस्तै वातावरण विभागले रत्नपार्क, पुल्चोक, भैसेपाटी, भक्तपुर र शंखपार्कमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरेको छ । उक्त ५ मापन केन्द्रमा सन् २०१९ मा २४ घण्टाको औसतमा मापन गरिएको वायु प्रदूषण विश्व स्वास्थ्य संगठन र मन्त्रालयले २०६९ मा तयार गरेको मापदण्डसँग तुलना गर्दा देहाय बमोजिमको स्थिति देखियो :-

| कण | ईकाई | विश्व स्वास्थ्य संगठनको मापदण्ड | राष्ट्रिय मापदण्ड २०६९ | रत्नपार्क | पुल्चोक | भक्तपुर | शंखपार्क | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|---|
| पीएम १० | µg । m³ | ५० | १२० | १९७.९७ | ९२.८६ | १९४.३८ | ९३.९ | २८५.३७ |
| पीएम २.५ | µg । m³ | २५ | ४० | १४०.१९ | ६८ | ७०.८६ | ८८.१८ | ६२.३४ |
| टी.एस.पी | µg । m³ | - | २३० | ४३७.०६ | २४७.८९ | ८८३.५० | ४४१.७६ | २२६९.५६ |

काठमाडौं उपत्यकाभित्र पीएम १०, पीएम २.५ र टिएसपीको मात्रा विश्व स्वास्थ्य संगठन र वातावरण विभागले तयार गरेको मापदण्ड भन्दा धेरै बढी रहेको छ । सन् २०१९ मा रत्नपार्कमा ३२१ दिन मापन गर्दा पीएम २.५ को मात्रा १४३ दिन, पीएम १० को मात्रा ४५ दिन र टिएसपीको मात्रा ३८ दिन राष्ट्रिय मापदण्ड भन्दा उच्च रहेको पाइयो । कार्बन मोनोअक्साइड, सल्फर डाइअक्साइड, नाइट्रोजन डाइअक्साइड, ओजोन, बेन्जिन, लिड आदि अन्य वायु प्रदूषण मापनका लागि मापदण्ड तयार गरेको भए तापनि नियमित रुपमा मापन गरेको छैन । विभागमा रहेको प्रयोगशालामा यस्ता प्रदूषक मापन गर्ने क्षमता नभएको पाइयो । उल्लिखित कार्ययोजनामा काठमाडौंका अस्पतालसँग समन्वय गरी वायुप्रदुषणका कारण सिर्जित रोगहरुको डाटाबेस तयार गर्ने, प्रत्येक ५।५ वर्षमा विश्व स्वास्थ्य संगठनको मार्गदर्शनसँग मेलखाने गरी वायुको गुणस्तर मापदण्ड तयार गर्ने, एयर क्वालिटी म्यानेजमेन्ट डिसिजन सपोर्ट सिस्टम स्थापना गर्ने लगायतका क्रियाकलाप रहे तापनि सोको कार्यान्वयन भएको पाइएन । वायु

प्रदूषणले खोकी, दम, निमोनिया, छालाको रोग, आँखाको रोग, नाक कान घाँटीको समस्या, स्वासप्रश्वाससम्बन्धी समस्या, दम, टाउको दुख्ने, रिङ्गटा लाग्ने, बेहोस हुने, असन्तुलन हुने, क्यान्सर जस्ता समस्या सिर्जना गर्दछ । नेपाल स्वास्थ अनुसन्धान काउन्सिलले २०१७ मा गरेको एक अध्ययन अनुसार नेपालमा वायु प्रदूषणका कारण लाग्ने रोगका कारण मृत्यु हुनेको संख्या १९९० को तुलनामा बढ्दै गएको देखिन्छ । तसर्थ वातावरण विभागले तयार गरेको काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ को कार्यान्वयन गर्नुका साथै विश्व स्वास्थ्य संगठनसँग मिल्ने मापदण्ड तयार गरी कार्यान्वयनको अनुगमन गर्नु पर्दछ ।

३६. **ध्वनि प्रदूषण -** ध्वनिको मात्रा मापनको लागि वातावरण विभागले मापदण्ड निर्धारण गरेको छ । विभागले सोको मापन नियमित गरेको पाइएन । ध्वनि प्रदूषण कम गर्न उपत्यकामा २०७४ श्रावण १ देखि सवारीसाधनको हर्न निषेध गर्नु बाहेक अन्य उल्लेखनीय प्रयास भएको देखिँदैन । लेखापरीक्षणका क्रममा वातावरण विभागका कर्मचारी र लेखापरीक्षण टोलीले उपत्यकाका देहायका स्थानमा २०७६ फागुन २४ र २५ मा नोइज लेभल मिटरबाट दिउँसो १ बजेदेखि ३ बजेसम्म ध्वनिको मात्रा मापन गरिएको थियो । वातावरण विभागले २०७४ मंसिरमा गरेको मापन र उल्लिखित मापनबाट देखिएको ध्वनीको मात्रा निम्नानुसार रहेको छः

| क्षेत्र | स्थान | मापदण्ड डेसिबल | ध्वनीको मात्रा (Leq) डेसिबल | |
|---|---|---|---|---|
| | | | २०७४ मंसिर | २०७६ फागुन |
| औद्योगिक क्षेत्र | बालाजु, पाटन र भक्तपुर औद्योगिक क्षेत्र | ७५ | ६६.८५-७५.५५ | ६५.००-७५.२० |
| व्यापारिक क्षेत्र | गोंगबु, कोटेश्वर, असन, न्यूरोड गेट, लगनखेल, सूर्यविनायक एवं गट्ठाघर चोक | ६५ | ७४.११-८४.८४ | ६६.५८-८२.३३ |
| आवास क्षेत्र | बोहोराटार, सानेपा हाइट | ५५ | ६१.३३-७०.७७ | ६७.७४-७२.७५ |
| शान्त क्षेत्र | त्रिचन्द्र कलेज, हनुमान ढोका, पाटन अस्पताल परिसर, राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुर गेट, वीर अस्पताल | ५० | ६५.१४-७६.९९ | ५८.६५-७७.४९ |

तीन औद्योगिक क्षेत्रमध्ये दुईमा ध्वनिको मात्रा सीमा भित्र रहेको देखियो भने बालाजु औद्योगिक क्षेत्रको ध्वनीको मात्रा सीमाभन्दा माथि रहेको छ । वातावरण विभागले व्यापारिक क्षेत्रको लागि दिनको समयमा ६५ डेसिवलसम्मको ध्वनीको सीमा निर्धारण गरेकोमा नमुना परीक्षण गरिएका स्थानहरुमा सीमाभन्दा ध्वनीको मात्रा उच्च रहेको पाइयो । यसैगरी सहरी आवास क्षेत्रको ध्वनीको मात्रा समेत सीमाभन्दा बढी रहेको पाइयो । वातावरण विभागले सवै क्षेत्रको लागि दिनमा ५० डेसिवलसम्म ध्वनीको सीमा मापदण्ड कायम गरेकोमा उल्लिखित सवै क्षेत्रहरुमा ध्वनीको मात्रा उच्च रहेको पाइयो । ध्वनि प्रदूषणबाट मानिसहरुको श्रवणशक्ति कमजोर हुँदै जाने, कानमा घण्टी बजे जस्तो आवाज आइरहने, मानसिक रुपमा बेचैनी हुने, ध्यान केन्द्रित गर्न नसक्ने, रक्तचाप बढ्ने, श्वासप्रश्वासको गति बढ्ने लगायतका समस्या देखापर्दछन् । तसर्थ वातावरण विभागले ध्वनीको मात्रा मापदण्ड भित्र राख्न पहल गर्नुपर्दछ ।

३७. **फोहोरमैला व्यवस्थापन -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार फोहोरमैलाको वर्गीकरण गर्ने, फोहोरमैला न्यून हुने गरी कार्य गर्ने, स्थानान्तरण केन्द्र, ल्याण्डफिल साइट, लगायत फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन गर्ने जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था छ । उपत्यकाको फोहोरमैला व्यवस्थापनमा काठमाडौँ महानगरपालिकाले संयोजनकारी भूमिका निर्वाह गरेको छ । काठमाडौं र ललितपुर महानगरपालिकाले गरेको सहरी ठोस फोहोरमैला व्यवस्थापन कार्यलाई अध्ययन गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्ः

३७.१ उपत्यकाका स्थानीय तहले आफ्नो क्षेत्रभित्र उत्पादन हुने फोहोरमैलाको प्रकृति अनुसार जैविक र अजैविक गरी व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाइएन ।

३७.२ वन तथा वातावरण मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरेका कतिपय सूचनाहरुको कार्यान्वयन भएको पाइएन । उदाहरणका लागि २०७२।१।१ देखि २०x३५ इन्च साइज र ४० माइक्रोन मोटाइसम्मका प्लाष्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाइएकोमा कार्यान्वयन नभएको कारण प्लाष्टिकजन्य फोहोर बढेको छ ।

३७.३ फोहोर सङ्कलनका लागि दुवै महानगरपालिकाले घरदैलो, सडक वा बाटोबाट र सडक बढार्ने विधि अपनाएको पाइयो । सडक वा बाटोको किनारामा पर्याप्त मात्रामा व्यवस्था नगरेको, राखिएका डस्टविनबाट फोहोर दैनिकरुपमा सङ्कलन नगरेको, पैदल यात्रु वा अन्यले फोहोर सडक किनारामा फाल्ने गरेको, समयमा नै सङ्कलन नहुँदा दुर्गन्ध फैलिने गरेको छ । बाटो सफा गर्नको लागि काठमाडौं महानगरपालिकामा ४९३ कर्मचारी र ७ ब्रुमर गाडी रहेको छ भने ललितपुर महानगरपालिकामा ८१ सफाइ कर्मचारी र ३ ठूला र १ सानो ब्रुमर गाडी रहे तापनि दक्षतापूर्वक परिचालनको अभावमा महानगरभित्रका अधिकांश सडकमा धुलो यथावत रहेको छ ।

३७.४ काठमाडौं महानगरपालिकाको टेकुस्थित फोहोरमैला स्थानान्तरण केन्द्रमा दैनिक ४५० मेट्रिक टन र ललितपुर महानगरपालिकाको बालकुमारी स्थानान्तरण केन्दमा दैनिक ६५ मेट्रिक टन फोहोरमैला सङ्कलन हुने गरेको छ । उक्त केन्द्रको २०७६ फागुन २६ मा स्थलगत निरीक्षण गर्दा ल्याण्डफिल साइटमा लैजान बाँकी फोहोरलाई खुलारुपमा थुपारेको देखियो । यसले गर्दा दुर्गन्ध फैलने तथा झिंगा, चरा, मुसा, लोखर्के लगायतबाट सङ्क्रमण फैलनसक्ने देखिन्छ । उक्त केन्द्र वाग्मती र विष्णुमती नदीको किनारमा रहेको हुँदा फोहोरबाट निस्केको लिचेट सिधै नदीमा मिसिई पानी प्रदूषित हुने अवस्था देखिएको छ ।

३७.५ फोहोरमैला ढुवानी गर्दा फोहोर नदेखिने, नझर्ने तथा झोल पदार्थ नचुहिने, फोहोरमैलाबाट गन्ध र लिचेट बाहिर ननिस्कने, फोहोरमैला सजिलै राख्न र निकाल्न सकिने ढुवानी साधन प्रयोग गर्नुपर्ने प्रावधान अनुसार दुवै महानगरपालिकाले ढुवानी व्यवस्था गरेको पाइएन । त्यसैगरी फोहोरमैला सङ्कलन र ढुवानी गर्न अत्याधुनिक साधनको प्रयोग नभई अधिकांशत पुराना ट्रक, ट्रिपर प्रयोग भएको पाइयो ।

३७.६ फोहोर मैला व्यवस्थापन ऐनमा फोहोरमैला व्यवस्थापनका लागि स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले स्थानीय तहको अनुमति लिई कार्य गर्नसक्ने व्यवस्था छ । हाल उपत्यका भित्र फोहोरमैला व्यवस्थापनमा ८० भन्दा बढी निजी संस्थाले कार्य गरेको पाइयो । सोमध्ये एक संस्थालाई मात्र काठमाडौं महानगरपालिकाले स्वीकृति दिएको छ भने अन्यले विना अनुमति कार्य गरिरहेका छन् । त्यस्ता संस्थाले सर्वसाधारणसँग लिने शुल्क निर्धारणमा स्थानीय तहसँग समन्वय गरेका छैनन् । यसैगरी त्यस्ता संस्थाले गरेको कार्य व्यावसायिक वा नाफा कमाउने उद्देश्यले भएको सम्बन्धमा स्पष्ट हुने अवस्था देखिँदैन ।

३७.७ उपत्यका भित्रका १८ स्थानीय तह र बनेपा नगरपालिकाको फोहोरमैला विसर्जन नुवाकोटको सिसडोलमा हुने गरेको छ । सन् २००५ मा १ वर्ष ६ महिनाको लागि निर्माण गरिएको यो ल्याण्डफिल्ड साईट हालसम्म सञ्चालनमा रहेको छ । शुरुमा स्यानिटरी ल्याण्डफिल साइटको रुपमा तयार गरिएकोमा हाल ओपन अनकन्ट्रोल डम्पको रुपमा परिणत भएको छ । डम्पिङ पश्चात फोहोरलाई पूर्णरुपमा माटोले नछोपिएको, फोहोरमा पन्छी तथा चौपायाको पहुँच नियन्त्रणका उपाय नअपनाएको, खसी बाख्राहरु फोहोरमा चरिरहेको, डम्पिङ साइटबाट निस्केको लिचेट यत्रतत्र बगेको तथा सँगैको कोल्पुखोलामा मिसिएको अवस्था छ ।

फोहोरको सङ्कलन, वर्गीकरण र ढुवानीमा देखिएका कमजोरी व्यवस्थापन गर्न नसक्दा जनस्वास्थ्य, सहरी सौन्दर्यीकरण र वातावरणमा समेत नकरात्मक असर परेको छ । अतः स्थानीय तहहरुले फोहोरमैलाबाट पर्ने वातावरणीय प्रभाव न्यूनीकरण गर्न ऐनको व्यवस्था बमोजिम फोहोरमैला व्यवस्थापन गर्नुपर्दछ ।

३८. **समन्वय र सहकार्य -** वातावरण व्यवस्थापनमा विभिन्न निकाय तथा संस्थाहरु वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, यातायात व्यवस्था विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज लगायतले कार्य गरिरहेका छन् । तर संलग्न निकाय र संस्थाबीच प्रभावकारी समन्वय नभएकोले एउटा निकायले सम्पादन गर्दा हुने कार्यमा धेरै निकायहरु संलग्न रहेको देखिन्छ । उपत्यका भित्रका सडक छेउ, खोला किनारा तथा मेडियनमा वृक्षारोपण गर्ने कार्यमा वातावरण विभाग, वन विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरणले, चोक तथा बगैंचामा फूल रोप्ने कार्य वनस्पति विभागले, रोपिएका बिरुवाको संरक्षण र पानी राख्ने कार्य सम्बन्धित स्थानीय तहले गरेको पाइयो । त्यसैगरी वातावरणसँग सम्बन्धित विषयमा अध्ययन गर्ने कार्य वातावरण विभाग, त्रिभुवन विश्वविद्यालय अन्तर्गतको राष्ट्रिय वायुमण्डलीय स्रोत तथा वातावरण अनुसन्धान प्रयोगशाला (नारेल), नेपाल स्वास्थ्य अनुसन्धान काउन्सील, गैरसरकारी संस्था लगायतले गरिरहेको देखिन्छ । समन्वय बेगर कार्य गर्दा कार्यक्रमहरु छरिने तथा दोहोरोपना भई लागत बढ्ने र दिगो संरक्षणको जिम्मेवारी नलिने प्रवृत्ति देखिन्छ। तसर्थ वन तथा वातावरण मन्त्रालय तथा मातहतका निकाय र अन्य सम्बन्धित निकायहरुबीच समन्वय गरी एकीकृत रुपमा उपत्यकाको वातावरण सुधार कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

# संगठित संस्था तथा समिति

## राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

३९. **कार्यक्षेत्र -** मन्त्रिपरिषदबाट चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरु योजना, २०७४ स्वीकृत गरी देशको करिब १२.७८ प्रतिशत भूभाग ओगट्ने गरी पूर्वमा इलामदेखि पश्चिम कञ्चनपुरसम्म सबै प्रदेश, ३७ जिल्ला र ३४० स्थानीय तह यसको कार्यक्षेत्रमा समावेश गरेको छ । गुरुयोजनाअनुसार चुरे-तराई मधेश संरक्षणभित्र चुरे पहाड ३४.४६ प्रतिशत, साँघुरा खोंच २.२४ प्रतिशत, भित्री मधेश ८.३६ प्रतिशत, भावर १४.८९ प्रतिशत र तराई मधेश ४०.०५ प्रतिशत रहेको छ ।

४०. **प्रगति -** समितिबाट प्राप्त विवरणअनुसार २०७१।७२ देखि २०७५।७६ सम्म कुल बजेट रु.८ अर्ब, ५४ करोड, ९३ लाख विनियोजन भएकोमा यो वर्षको रु.१ अर्ब ५२ करोड ७० लाखसमेत रु.७ अर्ब ७९ करोड ६६ लाख (९१.२ प्रतिशत) खर्च भएको छ । उक्त खर्च मध्ये स्रोतको संरक्षण तथा व्यवस्थापन क्रियाकलापमा ८१ प्रतिशत, संरक्षण तथा जीविकोपार्जन प्रवर्द्धन तथा क्रियाकलापमा ९ प्रतिशत, अनुसन्धान तथा प्रचार प्रसारमा ३ प्रतिशत तथा चालु एवं अन्य खर्चमा ७ प्रतिशत रहेको छ । समितिबाट भएका मुख्य उपलब्धिमध्ये २४० नर्सरी मर्मत तथा व्यवस्थापन २७ हजार ६१४ रुख प्रजातिको बिरुवा उत्पादन, ७४५ वर्ग कि.मि. गल्छी, पहिरो तथा खहरे रोकथाम, तटबन्ध निर्माण, ३०० हेक्टरमा जडीबुटी रोपण तथा विस्तार, ४१ हेक्टरमा माछापोखरी निर्माणलगायतका कार्य रहेका छन् ।

४१. **सञ्चितको कोष फिर्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमाममा बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । चुरे क्षेत्रमा रहेका ९३ स्थानीय तहको लागि रु.१ अर्ब ४२ करोड २ लाख विनियोजन भएकोमा रु.१ अर्ब ३९ करोड ५७ लाख खर्च भई रु.२ करोड ४६ लाख बाँकी रहेको देखिन्छ । उक्त रकम संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्दछ ।

## राष्ट्रिय प्रकृति संरक्षण कोष

४२. **चिडियाखाना -** वन्यजन्तुहरुको अनुसन्धान, संरक्षण र वन्यजन्तुसम्बन्धी जानकारी दिई मनोरञ्जन दिने उद्देश्यले विक्रम सम्वत् १९८९ मा तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले निजी संस्थाको रुपमा ललितपुरको जावलाखेलमा चिडियाखाना स्थापना गरेकोमा २००७ पश्चात नेपाल सरकारको स्वामित्वमा आएको देखिन्छ । यो संस्था २०५२ देखि राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत सञ्चालित छ । यो वर्ष प्रवेश शुल्क रु.१४ करोड १५ लाखसमेत रु.१६ करोड ३९ लाख आम्दानी र रु.१४ करोड २५ लाख खर्च भएको छ ।

४३. **चिडियाखानामा रहेका जीवजन्तु -** सदर चिडियाखानामा २०७५।७६ मा निम्नानुसार जीवजन्तु रहेका छन्ः

| सि.नं. | वर्गीकरण | अन्तराष्ट्रिय प्रकृति संरक्षण संघ रेडलिस्ट अवस्था २०१८ | | | | | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण अवस्था | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संकटापन्न | संवेदनशील | चासो नभएका | अति संवेदनशील | अति संकटापन्न | संरक्षित | संरक्षण नगरिएको | |
| १ | स्तनधारी | १६ | ४ | २३० | १७ | ० | २५ | २४२ | २६७ |
| २ | सरिसृप | ३ | ४ | १९ | ५ | २ | ५ | २८ | ३३ |
| ३ | माछा | १५ | ६ | ० | ० | ० | ० | २१ | २१ |
| ४ | पन्छी | १ | २७ | ६७८ | १८ | ० | ६ | ७१३ | ७१९ |
| | कुल जम्मा | ३५ | ४१ | ९२७ | ४० | २ | ३६ | १००४ | १०४० |

मन्त्रिपरिषद्को २०५२।९।१३ को निर्णयमा चिडियाखाना व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी ३० वर्षसम्म कोषको हुने र पुनः ३० वर्षको लागि नवीकरण गर्न सकिने उल्लेख छ । कोष र वन तथा भू-संरक्षण मन्त्रालयबीच २०५२।९।१६ मा भएको सम्झौता भएकोमा कोषले चिडियाखाना सञ्चालन सम्बन्धमा कार्यविधि, नियमावली एवं गुरुयोजना तयार गरेको छैन । सम्झौताका शर्तबमोजिम चिडियाखाना व्यवस्थापन हुनुपर्दछ ।

४४. **सार्वजनिक जग्गा प्रयोग -** संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम २१ मा कुनै व्यक्तिले संरक्षण क्षेत्रभित्रको सरकारी स्वामित्वको जग्गामा व्यावसायिक वा अन्य कुनै काम गर्दा अनुमति लिनुपर्ने तथा नियम २२ मा संरक्षण अधिकृतसँग परामर्श लिनुपर्ने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, कास्कीमा सार्वजनिक क्षेत्रमा सञ्चालित ७४ होटल तथा रेष्टुरेण्ट दर्ता प्रक्रियामा रहेको र केही होटल तथा रेष्टुरेण्ट सञ्चालनमा रहेकोमा आयोजनाले होटल व्यवसायीको संख्या र चर्चेको सार्वजनिक जग्गाको विवरण अद्यावधिक गरेको छैन । आयोजनाले सार्वजनिक जग्गाको क्षेत्रफल यकिन गरी संरक्षण क्षेत्र नियमावली एवं वन नियमावली, २०५१ अनुसार रोयल्टी असुल गर्नुपर्दछ ।

४५. **दस्तुर एवं शुल्क -** संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ बमोजिम सङ्कलित सम्पूर्ण दस्तुर संस्थाको नाममा जम्मा गर्नुपर्ने र स्वीकृत कार्ययोजनाबमोजिम सञ्चालन हुने विभिन्न कार्यक्रम तथा प्रशासनिक खर्चको लागि संस्थाले समितिलाई रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । त्यस्तै संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ को २५(१) मा समितिले आफ्नो क्षेत्रको प्राकृतिक स्रोतलगायत अन्य सम्पदाहरुको उपयोग गरेबापत उठाएको दस्तुर तथा शुल्क सोही समितिको आम्दानी हुने उल्लेख भएकोले नियमावली र निर्देशिकामा फरक व्यवस्था रहेको देखियो । नियमावलीको नियम ३० मा समितिले गरेको आम्दानी तथा खर्चको मासिक र वार्षिक विवरण संरक्षण अधिकृतलाई पठाउनुपर्ने र संरक्षण अधिकृतले सम्पूर्ण आम्दानी खर्चको विवरण प्रमुखसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका ५७ समितिले आफ्नो क्षेत्रभित्र आम्दानी गरेको दस्तुर एवं शुल्क र गरेको खर्च

स्वीकृत व्यवस्थापन कार्ययोजनाबमोजिम भए नभएको सम्वन्धमा अनुगमन गरेको देखिएन । नियमावलीअनुसार अम्दानी तथा खर्च गरी सोको पारदर्शिता कायम गर्नुपर्दछ ।

## जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड - २०७२।७३ देखि २०७५।७६

कोरा जडीबुटीको संकलन तथा प्रशोधन, देशको हावापानी सुहाउँदो जडीबुटी खेती, निजी क्षेत्रलाई सहभागी बनाई जडीबुटी खेती तथा प्रशोधन गर्ने उद्देश्य लिई २०३८ सालमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको स्थापना भएको हो। यो वर्ष २०७२।७३ देखि २०७५।७६ सम्मको लेखापरीक्षण सम्पन्न भएको छ। हाल यस कार्यालयमा १६६ कर्मचारी कार्यरत छन्।

४६. **अद्यावधिक विवरण -** कम्पनीसँग वित्तीय विवरणमा उल्लेख भएको पेस्की, सापटी, धरौटी तथा असुल गर्न बाँकी रु.१ करोड २९ लाख ११ हजार र भुक्तानी गर्नुपर्ने रु.१ करोड २ लाख ७१ हजारको विवरण तथा मौज्दातको प्रमाण कागजात नरहेकोले उक्त लिनुपर्ने र तिर्नुपर्ने रकमको यथार्थ स्थिति यकिन गर्न सकिएन।

४७. **घटी जग्गा -** कम्पनीको कोटेश्वरस्थित २०७१।७२ सम्म कायम रहेको २९-२-२-० जग्गा मध्ये सडक विस्तार पश्चात वन तथा भू-संरक्षण मन्त्रालयको २०७१।१।२ को निर्णयअनुसार २५-३-०-१ जग्गा बाँकी रहेको देखिन्छ । सोमध्ये काठमाडौं उपत्यका विकास प्राधिकरणलाई १३-१४-०-० जग्गा बिक्री गरेको पाइयो। पुनः मनोहरा जग्गा एकीकरणलाई ०-१५-०-० दिएको समेत कट्टी गरी कम्पनीको नाममा १०-६-०-१ बाँकी रहनुपर्नेमा लालपुर्जाअनुसार ९-१-०-२ मात्र बाँकी देखिएकोले १-४-३-३ जग्गा घटी भएकोमा छानबिन गरी सम्पत्ति यकिन गर्नुपर्ने देखियो।

४८. **बौद्धिक ज्ञान तथा सम्पत्ति -** कम्पनीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न जडीबुटी उत्पादन गर्ने सूत्र तथा बौद्धिक ज्ञान सम्पत्तिहरु विकास गरेको भए तापनि सोको रीतपूर्वक दर्ता गरी कानुनी अधिकार सिर्जना नगर्नाले रोयल्टीबाट हुने लाभ लिन सकेको देखिएन। यसतर्फ व्यवस्थापनले उचित प्रकृया अगाडि बढाउनुपर्ने देखिन्छ।

४९. **लक्ष्य प्रगति स्थिति -** यस वर्ष कम्पनीले सुगन्धित तेल १५.८ टन उत्पादन गरी लक्ष्यको ६२.३ प्रतिशत र ३३ लाख ३० हजार दुर्बल केयर प्रोडक्ट उत्पादन गरी लक्ष्यको ६६.६ प्रतिशत प्रगति गरेको छ। खरिदतर्फ कोरा जडीबुटी खोटो ३५.३ टन खरिद गरी ७०.६ प्रतिशत, सुगन्धित तेल २.७३ टन, सञ्चो बोतल १६ करोड ४२ लाख थान खरिद गरेको प्रगति विवरणमा उल्लेख गरेको छ। सुगन्धित तेल यस वर्ष रु.३ करोड २७ हजारको बिक्री गरी लक्ष्यको ६० प्रतिशत प्रगति गरेको छ। कम्पनीले लक्ष्यअनुसार प्रगति गर्न उपलव्ध स्रोत र साधनको उच्चतम उपयोग गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन -** विगतका प्रतिवेदनमा वृक्षारोपण संरक्षणको लागि आवश्यक व्यवस्था नगरेको, सामुदायिक वन विकास र संरक्षण कार्यमा भएको खर्चको जिल्लागत एवं केन्द्रीय अभिलेख नराखेको, हस्तान्तरित सामुदायिक वनको नियमित अनुगमन गरी प्रतिवेदन प्रास नगरेको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, वनस्पति ऐन र नियमावली तर्जुमा नगरेको लगायतका व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सोमा सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ ६१ निकायमा रु.२५ करोड ९ लाख ३४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ६१ हजार फछ्र्यौट गरेकोले रु.२५ करोड ६ लाख ७३ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ४५ लाख ८२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - सागठित संस्था, अन्य संस्था र समितितर्फ रु.९ करोड ५० लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फछ्र्यौट नगरेकोले रु.९ करोड ५० लाख ५९ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# शहरी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा, विशिष्ट पदाधिकारीहरुको आवास व्यवस्थापन लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ६५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय :** मन्त्रालय र मातहतका ३७ सरकारी कार्यालयको निम्नानुसार रु.३८ अर्व २५ करोड ९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य कारोबार | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ३७ | ३३८६४३ | ३२ | १५०७० | ३४ | २५५२७ | १८ | ३२६९ | ३७ | ३८२५०९ |

स्वास्थ्य तथा जनसंख्यालगायत ९ मन्त्रालय र १ संवैधानिक निकायमा बजेट विनियोजन भई यस मन्त्रालयले खर्च गरेको रु.७ अर्ब ९३ करोड ८ लाखसमेत लेखापरीक्षण अङ्कमा समावेश छ ।

२. **अन्य संस्था र समिति -** यो वर्ष २८ संस्थाको रु.१६ अर्ब ९५ करोड ९२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **केन्द्रीय आर्थिक विवरण -** यो वर्ष महालेखा नियन्त्रक कार्यालयले प्रदेशमा हस्तान्तरण भएका निकायको अर्थ बजेट रु.२ करोड ९१ लाख, राजस्व रु.२ करोड १ लाख र खानेपानी तथा सरसफाइतर्फका साविक कार्यालयको धरौटी रु.८६ करोड ८७ लाख यस मन्त्रालयको हिसाबमा समावेश गरी बढी आम्दानी खर्च देखाएको छ । महालेखा नियन्त्रक कार्यालयसँग हिसाब मिलान गरी आम्दानी खर्च यथार्थपरक बनाउनुपर्दछ ।

४. **चौधौं योजना कार्यान्वयन -** चौधौं योजनाअन्तर्गत ८० सरकारी कार्यालय, ३ प्रशासनिक प्लाजा र २१ एकीकृत सरकारी कार्यालय भवन निर्माण गर्ने लक्ष्य रहेकोमा ३९ भवन तथा प्लाजा निर्माण गर्ने कार्य शुरु नै भएको छैन । त्यसैगरी ७७ नमूना एकीकृत बस्ती, ८ एकीकृत बस्ती विकास गर्नुपर्नेमा १४ एकीकृत बस्ती निर्माण भई ६३ बस्तीको निर्माण शुरु भएको छैन । एक शहर एक पहिचान अन्तर्गत ७३ एकीकृत शहरी विकास कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा १८ कार्यक्रमको सम्भाव्यता अध्ययन मात्र पूरा भएको छ । स्मार्ट सिटीका रुपमा १३ शहरलाई विकास गर्नुपर्नेमा सम्भाव्यता अध्ययन मात्र गरेको, ३५ बस पार्क निर्माण गर्नुपर्नेमा ३ वटा मात्र निर्माण भएको, ४०० किलोमिटर ढल र ४७७ किलोमिटर सतह नाली निर्माण गर्नुपर्नेमा क्रमशः १५२ र ३६० किलोमिटर निर्माण भएको देखिन्छ । त्यसैगरी प्रस्तावित कार्यक्रमहरुअन्तर्गत प्रधानमन्त्री आवास योजनाअन्तर्गत ३ हजार आवास इकाई, १४ ज्येष्ठ नागरिक आवास, १४ सामुदायिक आवास, ३ खाद्य हरियाली शहरको विकास, देशका १५० स्थानमा स्मार्ट भिलेजको विकास गर्ने कार्य शुरु भएको छैन । योजनाले लक्षित गरेका कार्यक्रम सम्पन्न गर्न कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **बजेट वक्तव्यको कार्यान्वयन -** संघीय संसदमा पेस भएको २०७५।७६ को बजेट वक्तव्यमा गरिबीको रेखामुनि रहेका, भूमिहीन तथा प्रकोप पीडितहरुको लागि आवास निर्माण गर्न अनुदान दिने सुरक्षित आवास

कार्यक्रमअन्तर्गत २ हजार १५३ घरपरिवारलाई प्रथम किस्ता उपलब्ध गराई आवास निर्माण पश्चात् दोस्रो किस्ता भुक्तानी दिनुपर्नेमा आवास निर्माण कार्य अधुरो रहेको वा शुरु नै नभएको कारण दोस्रो किस्ता भुक्तानी दिएको छैन । विकट र उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घरपरिवारलाई एकीकृत बस्तीमा स्थानान्तरण गर्ने लक्ष्य राखिएकोमा कार्यविधि स्वीकृत गर्ने कार्य मात्र गरेको छ । २१ जिल्ला सदरमुकाममा सौन्दर्यीकरण आयोजना सञ्चालन गर्नुपर्नेमा सम्भाव्यता अध्ययनको कार्य भएको, प्रदेश राजधानी र स्थानीय तहका केन्द्रहरुको एकीकृत पूर्वाधार विकास गुरुयोजना तयार गर्ने कार्य नभएको, उपत्यकाका वाग्मती, विष्णुमतीलगायतका नदीहरुमा ढल निर्माण गरी फोहोर मुक्त बनाउने कामको प्रगति भएको छैन ।

प्रदेश र स्थानीय तहको सहकार्यमा सुकुम्वासी आवास समस्याको समाधान गर्ने, स्थानीय तहका केन्द्रको एकीकृत पूर्वाधार विकास गुरुयोजना तयार गर्ने, साझा यातायात सहकारी संस्थाको ललितपुर स्थित जमिनमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने कार्य शुरु भएको देखिएन ।

६. **कर्मचारी दरबन्दी -** मन्त्रालय र मातहत निकायमा स्थायी ९११ र करार ५६९ स्वीकृत दरबन्दी रहेकोमा क्रमशः ६०१ र ६४५ कार्यरत रहेका छन् । स्थायी ३१० दरबन्दी पदपूर्ति हुन बाँकी रहेको र करारमा स्वीकृत दरबन्दीभन्दा बढी ७६ कर्मचारी कार्यरत रहेका छन् । करारतर्फ स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

७. **नक्सा पास -** भवन ऐन, २०५५ को दफा ११ मा नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुनबमोजिम स्वीकृतिका लागि नगरपालिका तथा गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्न शहरी विकास तथा भवन डिभिजन कार्यालयबाट नक्सा तथा डिजाइन स्वीकृत गराउनुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका कार्यालयहरुले निर्माण गरेका सरकारी कार्यालय भवनहरुको उक्त ऐनमा व्यवस्था भएबमोजिम नक्सा तथा डिजाइन स्वीकृत गराएको पाइएन । प्रचलित कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

८. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा ४ प्रतिशत कन्टिजेन्सी खर्च समावेश गर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक संकेत वर्गीकरण र व्याख्या अनुरुप अर्थ मन्त्रालयबाट बजेट विनियोजन हुने इन्धन, सूचना प्रकाशन, दैनिक तथा भम्रण भत्ता, मर्मत, ज्याला लगायतका कार्यमा यो वर्ष १९ कार्यालयले कन्टिजेन्सीबाट रु.३० करोड ९० लाख खर्च गरेका छन् । नियमित बजेट विनियोजन हुने शीर्षकमा कन्टिजेन्सीबाट समेत खर्च गर्ने परिपाटी रहेकोले बजेट नियन्त्रण प्रणाली प्रभावकारी देखिएन ।

९. **गैरसरकारी संस्थाबाट निर्माण कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ । यो वर्ष शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा, धोबीखोला कोरिडोर आयोजना, काठमाडौँ उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, काठमाडौं, भक्तपुर र ललितपुरले नाली निर्माण, सडक स्तरोन्नति, टेवा पर्खाल र पार्क निर्माण जस्ता सार्वजनिक निर्माण कार्य ३७ गैरसरकारी संस्थाबाट सोझै खरिद विधिबाट गराई रु.१६ करोड ३ लाख भुक्तानी गरेको छ । सार्वजनिक निर्माण कार्य कानुनविपरीत गैरसरकारी संस्थाबाट गराई खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

१०. **मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करारअन्तर्गत आपूर्ति

हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका १७ निकायले यो वर्ष १०३ निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई भुक्तानी दिँदा पचास प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.२ करोड १८ लाख कट्टा नगरी भुक्तानी दिएको छ । उक्त रकम राजस्वमा जम्मा भएको सुनिश्चित गर्नुपर्दछ ।

११. **कर समायोजन -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा असुल गरेको मूल्य अभिवृद्धि करको विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत, धनुषा, कास्की, विराटनगर र सघन शहरी तथा भवन निर्माण आयोजना, दाङ, चितवन र झापाले खरिद सम्झौता बमोजिम ६९ निर्माण व्यवसायीलाई कार्यालयमा कर बीजक पेस गरेको आधारमा मूल्य अभिवृद्धि कर रु.३ करोड ५२ लाख भुक्तानी दिएको छ । उक्त रकम भुक्तानी दिने निर्माण व्यवसायी आन्तरिक राजस्व कार्यालयको अभिलेखमा ननफाइलर रहेको देखिँदा मूल्य अभिवृद्धि कर समायोजन गराउनुपर्दछ ।

१२. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ ।

१२.१ संघीय आयोजना कार्यान्वयन इकाई, मोरङ, रुपन्देही, बाँके, संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, बुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाई, अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिले मूल्य समायोजन दर फरक पारेको, भेरिएशन पछिको नयाँ आइटम र प्रोभिजनल सम रकममा समेत मूल्य समायोजन दिएको रु.१ करोड ७६ लाख असुल गर्नुपर्दछ ।

१२.२ सघन शहरी तथा भवन निर्माण आयोजना, झापाले एक निर्माण व्यवसायीले सभाहल निर्माण गर्न रु.३२ करोड १० लाखमा सम्झौता गरी २०७५।७६ सम्म रु.१५ करोड २९ लाख भुक्तानी गरेको छ । खरिद सम्झौताको दफा ४५ अनुसार बोलपत्रसाथ मूल्य समायोजन विवरण पेस गर्दा श्रम, सामग्री र औजारको मूल्य समायोजनको लागि कार्यालयले उपलब्ध गराएको तल्लो र माथिल्लो सीमाभित्र रही निर्माण व्यवसायीले भार उल्लेख गर्नुपर्नेमा श्रमको सीमा ०.१२५(०.१३ भन्दा बढी ०.२२५) र सामग्रीको सीमा ०.६५(०.६९ भन्दा कम ०.६०) पेस गरेको छ । लेखापरीक्षणबाट बोलपत्र साथ रीतपूर्वक पेस नगरेको भारको आधारमा मूल्य समायोजन भुक्तानी दिन नमिल्ने र बोलपत्रमा एक पटक समावेश गरेको भार कार्यालयले परिवर्तन गर्न नमिल्नेमा परिर्वतन गरी मूल्य समायोजन भुक्तानी दिएको रु.८५ लाख ९९ हजार देखिएको छ । सम्झौता र बिल भुक्तानीको आधारमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१२.३ संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत, रुपन्देही, धनुषालगायत ९ कार्यालयले निर्माण व्यवसायीसँग भएको सम्झौतामा मूल्य समायोजनको हिसाब गर्दा पेस्की रकम कट्टा गर्न नपर्ने प्रावधान राखी २८ निर्माण व्यवसायीलाई पेस्की कट्टा नगरी मूल्य समायोजन भुक्तानी दिँदा रु.८ करोड ८ लाख नेपाल सरकारलाई थप व्ययभार परेको छ । थप व्यभार नपर्ने गरी बोलपत्रसम्बन्धी कागजात तथा सम्झौताका शर्त तयार गर्नुपर्दछ ।

१२.४ संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देहीले बोलपत्रदातालाई उपलब्ध गराएको बोलपत्र कागजातमा मूल्य समायोजन लागू नहुने उल्लेख गरेकोमा खरिद सम्झौता गर्दा मूल्य समायोजन दिने व्यवस्था राखी दुई निर्माण व्यवसायीलाई रु.१ करोड ६८ लाख मूल्य समायोजन भुक्तानी दिएको छ । कानुनी व्यवस्था

विपरीत सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई भुक्तानी दिएको मूल्य समायोजन रकम असुल गर्नुपर्दछ ।

१३. **अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ८९ मा उपभोक्ता समितिमार्फत काम गराउँदा पचास लाख रुपौयाँभन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, काठमाडौं र ललितपुरले २३ उपभोक्ता समितिलाई यो वर्ष पचास लाखभन्दा बढीको सम्झौता गरी रु.१७ करोड ३३ लाख भुक्तानी गरेकोमा रु.२६ लाख कर कट्टा नगरेकोले उक्त रकम असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण विभाग

भौतिक सुविधाको व्यवस्था गरी दिगोरुपले शहरको विकास गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले विभागको स्थापना भएको छ ।

१४. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायले आफ्नै जनशक्तिबाट हुने कामका लागि परामर्श सेवा लिन नमिल्नेमा सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार गर्ने कार्यको लागि विभागमा ३२ प्राविधिक कर्मचारीको दरबन्दी रहे तापनि उक्त कार्यका लागि ११४ परामर्शदाता नियुक्त गरी रु.८५ करोड ७० लाखको खरिद सम्झौता गरी काम गराएको छ । जनशक्तिको उपयुक्त व्यवस्थापन गरी परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ ।

१५. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण विभागले रु. ८४ लाख र संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले रु.१६ करोड ७४ लाखका विभिन्न निर्माण कार्य, मर्मत, मेसिनरी औजार, फर्निचर लगायतका सामग्रीहरु रु.५ लाखसम्मका टुक्रा पारी सोझै खरिद गरेको छ । एउटै प्रकृतिका सामान तथा निर्माण कार्य पटक पटक सोझै खरिद गर्ने कार्य नियमसम्मत देखिएन । खरिद कार्यमा प्रचलित नियमको पालना गर्नु पर्दछ ।

१६. **रुग्ण आयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र १२८ मा निर्माण कार्यमा ढिलाइ गर्ने र सम्झौता उल्लङ्घन गर्ने निर्माण व्यवसायीहरुलाई कालो सूचीमा राख्ने, पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, पेस्की र कार्यसम्पादन जमानत प्राप्त गर्ने व्यवस्था छ । विभिन्न जिल्लामा २०६१-६२ देखि यो वर्षसम्म २ हजार ३१ स्वास्थ्य संस्थाका भवन निर्माण गर्ने जिम्मेवारी यस विभागलाई दिएकोमा १ हजार ६८९ भवन निर्माण सम्पन्न भएको उल्लेख छ । निर्माणाधीन ३४२ भवन मध्ये ६४ भवनको निर्माण कार्य रुग्ण अवस्थामा रहेको छ । काममा ढिलाइ गर्ने निर्माण व्यवसायीहरुलाई उपर्युक्त व्यवस्थाबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

१७. **दाखिला -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम शुरु गरी बीचैमा छाडेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जनुसुकै वखत अन्त्य गरी सो काम बापत राखेको पूरै जमानत जफत गरी बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम बोलपत्र दाताबाट असुल गर्नुपर्ने उल्लेख छ । सघन शहरी तथा भवन निर्माण आयोजना, पर्साले ४ स्वास्थ्य संस्था भवन निर्माणका ३ निर्माण व्यवसायीले बीचैमा निर्माण कार्य छोडेकोले निजहरुसँगको खरिद सम्झौता तोडेको छ । ठेक्का तोडेका निर्माण व्यवसायीहरुबाट सम्झौता बमोजिमको बाँकी कार्य गर्न लाग्ने रकम यकिन गरी असुल गर्ने

प्रक्रियामा रहेको कार्यालयले जनाएको छ । निजहरुको कार्य सम्पादन जमानत रु.५१ लाख असुल गरी धरौटी खातामा जम्मा गरेको उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१८. **थप शुल्क** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को अनुसूची १(क) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा परामर्शदाताको पारिश्रमिक, शोधभर्ना हुने खर्च र फुटकर खर्च बाहेक अतिरिक्त कार्यालय व्यवस्थापन शुल्क समावेश गर्न नसकिने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण विभाग, नयाँ शहर आयोजना समन्वय कार्यालय र संघीय आयोजना कार्यान्वयन इकाई बाँकेले योजनाको ड्रइङ्ग, डिजाइन तथा विस्तृत आयोजना प्रतिवेदन तयारीको लागि परामर्शदाताको लागत अनुमान तयार गर्दा १५ प्रतिशतका दरले व्यवस्थापन शुल्क रु.१ करोड ६७ लाख समावेश गरी ठेक्का सम्झौता गरेको छ । नियमविपरीत लागत अनुमान तयार गरेका कारण लागत बढ्ने भएकोले भुक्तानी गर्दा ध्यान दिनुपर्ने देखिएको छ ।

१९. **सुविधासम्बन्धी मापदण्ड** - विशिष्ट व्यक्तिहरुको लागि सेवा सुविधा उपलव्ध गराउँदा सेवा सुविधा एवं सामानहरुको आवश्यक मापदण्ड तोकी सोही अनुरुप उपलव्ध गराउने व्यवस्था गर्नुपर्दछ । यो वर्ष संघीय सचिवालय निर्माण तथा भवन व्यवस्थापन कार्यालयबाट विशिष्ट व्यक्तिहरुका लागि भौतिक सुविधाका सामान खरिद गरी रु.५ करोड ८७ लाख खर्च गरेको छ । विशिष्ट व्यक्तिलाई उपलब्ध गराउने सेवा सुविधाको मापदण्ड तयार गर्नुपर्ने व्यहोरा गत विगत वर्षका प्रतिवेदनमा समेत औँल्याए तापनि त्यस्तो मापदण्ड तर्जुमा गरेको छैन ।

निकायहरुले विशिष्ट पदाधिकारीहरुको लागि फरक फरक ब्राण्ड र गुणस्तरको सामान माग गर्ने साथै सामान प्रयोगको अवस्थासमेत एकरुपता नहुनाले विभिन्न निकायमा रहेका पदाधिकारीहरुको लागि आवश्यकताबमोजिमको सामान खरिद कार्यको लागि सम्बन्धित निकायमा नै बजेट विनियोजन गरी बजेट खर्चलाई मितव्ययी र व्यवस्थित गर्नुपर्दछ ।

२०. **पारिश्रमिक** - मझौला शहर तथा शहरी वातावरणीय सुधार आयोजनाले विभिन्न निर्माण कार्यहरुको परियोजना व्यवस्थापन, डिजाइन र सुरपरभिजन गर्न एक परामर्शदातासँग भएको खरिद सम्झौतामा परामर्शदाताका कर्मचारीको म्यान मन्थ गणना गर्दा कार्यदिन भएमा ३० ले र कार्य घण्टा भएमा १७६ ले भाग गरी गणना गर्नुपर्ने उल्लेख छ । आयोजनाले सार्वजनिक बिदा बाहेक एक महिना भन्दा घटी कार्य गर्ने तीन परामर्शदातालाई खरिद सम्झौतामा उल्लेख भएको भन्दा कम दिन तथा कम घण्टाले दैनिक पारिश्रमिक हिसाब गरी रु.२८ लाख बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२१. **आयोजना सञ्चालन** : शहरी पूर्वाधार लगानी आयोजनाले तराईका ७ नगरपालिकामा निर्माण गरिने भौतिक पूर्वाधारसँग सम्बन्धित निर्माण कार्यको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यमा रु.५ करोड ६ लाख खर्च गरेको छ । एसियन इन्फास्ट्रचर इन्भेष्टमेन्ट बैङ्क र नेपाल सरकारबीच आयोजनाको निर्माण कार्य सम्बन्धी ऋण सम्झौता नभएकाले आयोजना सञ्चालनमा सुनिश्चितता देखिँदैन ।

२२. **जमानत** - सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ११० मा बोलपत्रदाताले कार्यसम्पादन जमानत पेस गर्दा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत र सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सासँग खरिद सम्झौता भएका ६ निर्माण व्यवसायीले राखेको कार्यसम्पादन जमानत रु.५८ लाखको म्याद समाप्त भईसके तापनि नवीकरण नहुँदा निजहरुले सम्पादन गर्नुपर्ने कार्य जोखिममा परेको छ । त्यस्तै सघन शहरी तथा भवन निर्माण आयोजना, पर्साले ३ निर्माण व्यवसायीसँग भएको सम्झौता अन्त्य गरेकोमा कार्यसम्पादन जमानत रु.४० लाख र पेस्की रु.१२ लाखसमेत रु.५२ लाख प्राप्त गरेको छैन । कार्यसम्पादन जमानत नलिने पदाधिकारीलाई कारबाही गर्नुपर्दछ ।

२३. **उपभोक्ता समितिबाट निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ ।

२३.१ संघीय आयोजना कार्यान्वयन इकाई, कैलाली, सुर्खेत र सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा र झापाले सडक निर्माण कार्यमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी बाहेकको एक करोड रुपैंया सम्म लागत अनुमानको काम उपभोक्ता समितिबाट गराउन सकिनेमा २० सडक निर्माण गर्न उपभोक्ता समितिसँग रु.१८ करोड ४८ लाखको सम्झौता गरी रु.१० करोड ६० लाख भुक्तानी दिएको छ । नियमबमोजिम लागत अनुमान तयार गर्दा ती प्रत्येक कार्यको लागत अनुमान एक करोड रुपैयाँभन्दा बढी हुने भएकोले अनियमित रुपले कार्य गराउने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२३.२ सघन शहरी तथा भवन निर्माण आयोजना झापाले उपभोक्ता समिमिमार्फत कमल गाउँपालिका, रंगपुर स.मा.वि सडक स्तरोन्नति गराउँदा उपकरण तथा निर्माण सामग्रीसमेत रु.८३ लाखको कार्य एक निर्माण व्यवसायीबाट गराएको समितिले पेस गरेको बिलबाट देखिएकोले सो उपभोक्ता समितिलाई आवश्यक कारबाही गर्नुपर्दछ ।

२४. **सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को प्रक्रिया पुरा गरेका लाभग्राहीहरुलाई रु.५० हजारको सम्झौतामध्ये प्रथम किस्ताको ६० प्रतिशत अनुदानबाट निर्माण सामग्री खरिद गरेपछि प्राविधिक प्रतिवेदनबमोजिम र अन्तिम किस्ता ४० प्रतिशत उपलब्ध गराइने र किस्ता रकम अन्य प्रयोजनमा खर्च गरेको पाइएमा अनुदान रकम असुल उपर गरिने उल्लेख छ ।

संघीय आयोजना कार्यान्वयन ईकाइ बाँके, कास्की र सघन शहरी तथा भवन निर्माण आयोजना ससरी, चितवन र झापाले २ हजार १५३ लाभग्राहीलाई पहिलो किस्ता रु.४ करोड २६ लाख अनुदान उपलब्ध गराएको छ । पहिलो किस्ताको अनुदान रकमबाट तोकिएकै उद्देश्यमा प्रयोग भएको प्राविधिक प्रतिवेदन पेस नभएको तथा अन्तिम किस्ता भुक्तानी नभएसम्म पहिलो किस्ताको सदुपयोग सम्बन्धमा आश्वस्त हुने आधार भएन । अनुदान उपलब्ध गराएको रकमको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नुपर्दछ ।

२५. **पेस्कीको ब्याज** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमका कार्य सम्झौता अवधिभित्र सम्पादन नगरेको कारण पेस्की फछ्र्यौट हुन नसकेमा बैङ्क जमानत जफत गरी १० प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । संघीय आयोजना कार्यान्वयन इकाई, बाँकि र सघन शहरी तथा भवन निर्माण आयोजना, पर्साले ३ निर्माण व्यवसायीलाई दिएको रु.७ करोड ६१ लाख र बाँकेले बाढी पीडितलाई राहत वितरण गर्न २ कर्मचारीलाई दिएको रु.१२ लाखसमेत रु.७ करोड ७३ लाख पेस्की नगदै दाखिला गरेकोमा नियमानुसार ब्याज रु.१ करोड ६० लाख असुल गरेको छैन । नियमको व्यवस्थाबमोजिम ब्याज असुल गर्नुपर्दछ ।

२६. **दोहोरो ठेक्का** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी निकायबाट गरिएको छैन भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । संघीय आयोजना कार्यान्वयन ईकाई बाँके र सघन शहरी तथा भवन निर्माण आयोजना, पर्साले दुई निर्माण व्यवसायीसँग शहरी क्षेत्रका विभिन्न भित्री सडक कालोपत्रे गर्न रु.९६ करोड ६१ लाखमा ठेक्का सम्झौता गरेको छ । निर्माण सम्झौतामा उल्लिखित सडक खण्डमध्ये रु.२ करोड ७३ लाखको निर्माण कार्य सम्बन्धित स्थानीय तहले सम्पन्न गरिसकेको देखियो । एउटै सडकमा एउटै काम दोहोरो पर्ने गरी दुई निकायबाट ठेक्का सम्झौता भएको सम्बन्धमा छानबिन गरी स्थानीय तहबाट निर्माण कार्य भइसकेको रकम घटाई बाँकी कार्यको मात्र भुक्तानी दिनुपर्दछ ।

२७. **प्रोभिजनल सम** - निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक बिलको आधारमा भुक्तानी दिने उल्लेख छ । संघीय आयोजना कार्यान्वयन इकाई, बाँके, सुर्खेत, रुपन्देही, धनुषा, कास्की, विराटनगर, सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा र नयाँ शहर आयोजना समन्वय कार्यालयले ३४ निर्माण व्यवसायीलाई प्रोभिजनल समबाट रु.१ करोड ३४ लाख भुक्तानी दिँदा सम्बन्धित कार्यमा खर्च भएको बिल भरपाई पेस गरेका छैनन् । बिल भरपाई बेगर भुक्तानी दिएको उक्त रकम असुल गर्नुपर्दछ ।

२८. **सञ्चितकोष दाखिला** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता दाखिला गर्नु पर्ने उल्लेख छ । शहरी विकास तथा भवन निर्माण विभाग र संघीय आयोजना कार्यान्वयन इकाई, धनुषाले विभिन्न कार्यालयको भवन निर्माण कार्यको सुपरभिजन गर्ने कार्यका लागि छुट्याएको कन्टिन्जेन्सी रकम रु.४ करोड ३३ लाख खर्च नभएकोले कार्यसञ्चालन कोषमा मौज्दात राखेको छ । विनियोजित बजेट वर्षान्तसम्म खर्च नभएकोले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२९. **बढी भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजनिक निकायले खरिद सम्झौताको अधीनमा रही बिलको भुक्तानी दिनुपर्ने उल्लेख छ । संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देही, विराटनगर र मझौला शहर तथा शहरी वातावरणीय सुधार आयोजनाले सडक तथा नाला निर्माण कार्यमा स्वीकृत दरभन्दा बढीका दरले भुक्तानी दिएको, सम्झौता बमोजिम बिल अफ क्वान्टिटीमा छुट रकम कट्टा नगरेको, फरक जिम्मेवारी सारेको तथा बढी ब्याज भुक्तानी गरेको, नापी किताबमा उल्लेख भएको परिमाणभन्दा बढी भुक्तानी दिएको र परामर्शदातालाई बिलभन्दा बढी भुक्तानी दिएको रु.७८ लाख असुल गर्नुपर्दछ ।

३०. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी सम्झौता रकममा प्रति दिन ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण विभाग र संघीय आयोजना कार्यान्वयन इकाई, विराटनगरले ६ निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेकोले अधिकतम १० प्रतिशतसम्म पूर्वनिर्धारीत क्षतिपूर्ति लिने निर्णय गरेकोमा रु.३१ लाख असुल गरेको छैन । पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्दछ ।

## काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना

३१. **निर्माण कार्यमा ढिलाइ** - एसियाली विकास बैङ्क र नेपाल सरकारबीच भएको ऋण सम्झौताअनुसार आयोजना निर्माण कार्यको लागि रु.६७ करोड ३३ लाखको लागतमा २०७१।९।३ मा कार्य सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा फिटिङ्स थप गर्नुपरेको, साइटमा फेरबदल भएको, डिजाइनमा परिवर्तन भएको, स्थानीयको मागको सम्बोधन गर्नुपर्ने जस्ता कारण जनाई तेस्रो भेरिएसन आदेशबाट शुरु सम्झौताको ४६.७४ प्रतिशत थप गरी खरिद सम्झौता रु ९८ करोड ८० लाख कायम भएको छ । निर्माण कार्य सम्पन्न गर्ने म्याद २०७६।२।१४ सम्म थप भए तापनि यो वर्षसम्म रु ६७ करोड ६२ लाख भुक्तानी गरी ६८.४४ प्रतिशत प्रगति भएको छ । समयमा निर्माणकार्य सम्पन्न नहुँदा निर्माण कार्य सुपरभिजन परामर्शदताको लागत शुरु सम्झौता रु ३ करोड ४६ लाखमा १४६.५६ प्रतिशत वृद्धि भै रु ८ करोड ४६ लाख पुगेको छ । निर्माण कार्यमा भएको ढिलाईबाट परामर्शदाताको लागत बढ्ने भएकोले आयोजनाले कार्य तालिकाबमोजिम निर्माण कार्य गर्नुपर्दछ ।

३२. **निर्माण कार्यको क्षति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको

दृष्टिकोणले उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग र हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको व्यवस्था गर्नुपर्ने उल्लेख छ । आयोजनाले रु.१ करोड २५ लाख मूल्यका ५ हजार २६१ मिटर खानेपानी पाइपलाइन निर्माण कार्य बनेपा, धुलिखेल, पनौती नगरपालिका र डिभिजन सडक कार्यालयले बाटो विस्तार तथा अन्य विकास निर्माण कार्य गर्दा क्षतिग्रस्त भएकोले नेपाल सरकारलाई थप व्ययभार परेको छ । विकास निर्माणका कार्य गर्दा समन्वय गरी सरकारी निकायले बनाएको संरचना क्षति पुऱ्याउने सम्बन्धित निकायका पदाधिकारीलाई जिम्मेवार बनाई क्षतिग्रस्त खानेपानी पाइपलाइनको निर्माण कार्य गराउनुपर्दछ ।

## वातावरणीय लेखापरीक्षण

## वाग्मती नदी सफाई र सौन्दर्यीकरण

उपत्यकाको बढ्दो जनसंख्या, अनियन्त्रित सहरीकरण, अव्यवस्थित ढल निकास र औद्योगिक एवं गार्हस्थ फोहोरमैला निष्काशनबाट वाग्मती नदीलाई प्रदूषणमुक्त गर्ने कार्यको थालनी २०५१ मा पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति गठन गरी शुरु गरिएको थियो । उक्त समितिलाई २०६५।२।२६ मा "अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति "मा परिणत गरेकोछ । नदी सफाई र सौन्दर्यीकरण सम्बन्धमा सञ्चालित क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन भए नभएको मूल्याङ्कन गर्न वातावरणीय लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३३. **पूर्वाधार निर्माण -** समितिले २०५१ देखि हालसम्म रु.५ अर्ब ८५ करोड ४९ लाख पूर्वाधार निर्माणमा खर्च गरेको छ । ढल निर्माण गरी ढलको फोहर पानीलाई निर्मलीकरण प्रविधिबाट प्रदूषणरहित बनाई वाग्मतीमा छोड्ने नदी तटबन्धसहित करिडोर सडक निर्माण गर्ने जस्ता पूर्वाधार विकासका कार्यहरु निर्धारित समय र लागतभित्र सम्पन्न गर्नुपर्नेमा स्थिति देहायबमोजिम रहेको छः

(खर्च रु. लाखमा)

| विवरण | नदी तटबन्ध निर्माण | | | सडक निर्माण | | | ढल निर्माण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
| कुल लक्ष्य (कि.मि) | ५३.८ | ४४.४१ | ८२.४४ | ३५.७० | १६.४८ | ४६.१६ | ८८.२ | ७४.८ | ८४.० |
| योजना (संख्या) | १४ | ९ | ६४.२९ | ९ | ७ | ७७.७७ | १३ | १० | ७६.९२ |
| हालसम्मको खर्च | ३,७४,१९ | | | ७५,८९ | | | १,३५,४१ | | |

३३.१ समितिले रु.२ अर्ब २८ करोड ७४ लाखको लागतमा ८८.१३ किलोमिटर ढल निर्माण गर्ने लक्ष्य लिएकोमा ७४.८ किलोमिटर निर्माण गरी रु.१ अर्ब ३५ करोड ४१ लाख खर्च गरेको छ । लक्षित अवधिको ४ वर्षपछि ८४.०७ प्रतिशत प्रगति गरेको छ । यस अतिरिक्त काठमाडौं उपत्यका खानेपानी कम्पनी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले भक्तपुर हनुमन्ते नदीको दायाँ बायाँ १६.६२ किलोमिटर ढल प्रणाली निर्माण कार्यमा ४२.३ प्रतिशत, ललितपुर मनोहरा नदीमा ५.५ किलोमिटर ईन्टरसेप्टर निर्माण कार्यमा ४८ प्रतिशत र भक्तपुर खस्याङ्खुसुङ्मा ७.६ किलोमिटर ईन्टरसेप्टर निर्माण कार्यमा ९३ प्रतिशत प्रगति भएको छ । ती कार्यहरु डिसेम्बर २०१९ भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा सम्पन्न भएको छैन । हाल नदीले बहाव परिवर्तन गरेका स्थानहरुमा जग्गा विवाद हुँदा मनोहरा खोलाको पेप्सिकोलादेखि जडीबुटी सम्म ४.१ किलोमिटर, हनुमन्ते नदीको राधेराधे पुलदेखि मनोहरा हनुमन्ते दोभानसम्म ८.४ किलोमिटर र मनोहरा नदीमा दायाँ बाँया करिब १२.५ किलोमिटर ढल निर्माण गर्न नसकेको अवस्था छ । ढल निर्माणमा ढिलाइ हुँदा बस्ति, उधोग, कारखानाको फोहर सिधै नदीमा

निष्कासन हुनाले वाग्मती र सहायक नदीको स्वच्छतामा असर गरेको छ । सहरी विकास मन्त्रालय र समितिले सम्बन्धित निकायसँग समन्वय गरी जग्गा विवाद सुल्झाई ढल निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

३३.२ वाग्मती नदीमा पानीको प्राकृतिक बहाव बढाउन गोकर्णेश्वर नगरपालिका वडा नं १ धापमा ८ लाख ५० हजार घन मिटर क्षमताको २४ मिटर अग्लो धाप बाँध निर्माण गरी वर्षायाममा पानी जम्मा गर्ने र ५०० मिटर तल निर्माण हुने ८० लाख घनमिटर क्षमताको नागमती बाँधमा जम्मा गरी सुख्खा याममा प्रतिसेकेण्ड ४४० लिटर सफा पानी वाग्मती नदीमा बगाउने योजना छ । धाप बाँध निर्माण कार्य २ वर्षभित्र सम्पन्न गर्ने गरी रु.५१ करोड ७ लाखको ठेक्का सम्झौता गरेकोमा ८० प्रतिशत प्रगति गरेको उल्लेख छ । निर्माण व्यवसायीबाट स्रोत परिचालनमा कमी, सम्बन्धित ४ निकायबीच समन्वयमा कठिनाई, डिजाइनमा परिवर्तन आदि कारणले निमार्ण कार्य सम्पन्न गर्न ढिलाइ भएको समितिले जनाएको छ । नागमती बाँधको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन गत विगत वर्ष नै तयार भए तापनि सहरी विकास मन्त्रालयबाट स्वीकृतिमा भएको ढिलाइले ठेक्का प्रक्रिया शुरु हुनसकेको छैन । यसबाट वाग्मती नदीमा स्वच्छ पानीको बहाव बढाई नदीको सौन्दर्य अभिवृद्धि गर्ने कार्यमा ढिलाइ हुनुका साथै निर्माण लागत समेत बढने देखिएको छ । समितिले सम्बन्धित निकायसँग समन्वय गरी तोकिएको समय सिमाभित्र निर्माण कार्य सम्पन्न गर्ने वातावरण मिलाउनुपर्दछ ।

३४. **नदीको बहाव क्षेत्र निर्धारण -** विक्रम सम्वत २०२१ को नापीबाट निर्धारण भएको वाग्मतीको बहाव क्षेत्रमा पटक पटक परिवर्तन हुनगएको छ । नदीको बहाव क्षेत्र परिवर्तन भएकोले तात्कालीन नदीको बहाव क्षेत्र रहेको कतिपय स्थानमा हाल घर बनेको र कतिपय व्यक्तिगत जग्गाबाट हाल नदी बगिरहेको अवस्था छ । समितिले वाग्मती नदीको बहाव परिवर्तनबाट प्राप्त भएको जग्गाको लगतमध्ये गोकर्ण-गुह्येश्वरी सिनामंगल र गोकर्णको ६ सय ९० रोपनी ११ आना जग्गा अधिग्रहण गरेको छ भने गोकर्ण-गुह्येश्वरी खण्डमा १-१५-०-० अधिग्रहण गर्न बाँकी रहेको छ । समितिले नदीको बहाव परिवर्तन भई प्राप्त ६ सय ८ रोपनी १३ आना २ दाम जग्गाको क्षतिपूर्ति बापत रु. ७१ करोड ३४ लाख खर्च लेखेको छ । समितिले क्षतिपूर्ति दिई अधिग्रहण गरेको जग्गाको मात्र लगत राखेको छ भने नदीको बहाव परिवर्तनबाट गुमेको जग्गाको लगत राखेको छैन । लगतको अभावमा नदीको बहाव परिवर्तनबाट प्राप्त जग्गामा व्यक्तिगत घरहरु निर्माण भई बस्ती विकास भएको छ । यसले गर्दा सरकारी सम्पत्ति नोक्सान हुनुको साथै नदी किनारमा करिडोर तथा ढल निर्माण गर्न र हरियाली कायम गर्न अवरोध पुगेको छ । समितिले २०२१ देखि हालसम्म वाग्मती नदी र टुकुचा नदीको बहाव परिवर्तनबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने जग्गा यकिन गरी नदीको बहाव क्षेत्र संरक्षण गर्नुपर्दछ ।

३५. **पानीको स्वच्छता र गुणस्तर -** वाग्मती नदी सुधार कार्ययोजना कार्यान्वयन भएपछि पानीको स्वच्छता र शुद्धता वृद्धि भएको हुनुपर्दछ । समितिले वाग्मती नदीको पानीको गुणस्तर सुधार गर्न ८ प्रकारका मापदण्डको आधारमा परीक्षण गरी तथ्याङ्क राखे गरेको छ । जस अनुसार पानीमा अक्सिजनको अधिकतम मात्रा पिउनका लागि ४ मिलिग्राम प्रतिलिटर, जलचरका लागि ६ मिलिग्राम प्रतिलिटर, कृषि र नुहाउनका लागि १० मिलिग्राम प्रतिलिटर, पानीको धमिलोपना २०-५० एन.टि.यु बीचमा, पानीको घुलनशिल अक्शिजन ५-७ मिलिग्राम प्रतिलिटर, बायोकेमिकल अक्शिजन ७ मिलिग्राम प्रतिलिटर, केमिकल अक्सिजन डिसल्भडको मात्रा १० मिलिग्राम प्रतिलिटरसम्म हुनुपर्ने देखिन्छ ।

वाग्मती नदी तथा यसका सहायक नदीका ९ स्थानमा पानीको नमुना लिई समितिको प्रयोगशालामा परीक्षण गर्दा पानीको गुणस्तर निम्नानुसार रहेको देखिएको छः

| क्र. स | नमूना पानी सङ्कलन स्थल | पानीको धमिलोपना | | पानीको घुलनशिल अक्शिजन मिलिग्राम।लिटर | | केमिकल अक्शिजन डिमाण्ड मिलिग्राम।लिटर | | बायोकेमिकल अक्शिजन मिलिग्राम।लिटर | |
|---|---|---|---|---|---|---|---|---|---|
| | साल | २०७० | २०७५ | २०७० | २०७५ | २०७० | २०७५ | २०७० | २०७५ |
| १ | सुन्दरीजल | ४ | १४ | ९.३२ | ७.३ | ४.३९ | १२ | ३ | ४ |
| २ | गोकर्ण | २८ | १५० | ६.६४ | ५.२ | २५.८२ | ७३ | १७ | ३० |
| ३ | गुह्येश्वरी | ३० | ७६ | ६.५५ | १.६ | ३३.५१ | ४४ | २२ | १८ |
| ४ | आर्यघाट | २५ | ८२ | ७.३४ | १.४ | ३६.२३ | ६२ | २४.४ | २२ |
| ५ | मिनभवन | १४७ | २८० | ०.९१ | ० | २८२.९ | ३१० | १९२.६ | १५० |
| ६ | मनोहरा दोभान | - | ३६६ | - | ० | - | २२४ | - | १२४ |
| ७ | थापाथली | - | ३९२ | - | ० | - | ३६४ | - | २१० |
| ८ | सुन्दरीघाट | - | ४०२ | - | ० | - | ३७६ | - | २६६ |
| ९ | चोभार | - | ३७२ | - | ० | - | ४०० | - | २१३ |

सुन्दरीजलको पानीमा अक्सिजनको घुलनशीलता ६-१० मिलिग्राम प्रतिलिटरको बीचमा छ, जुन विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप भए तापनि पानीको गुणस्तरमा खासै सुधार आएको देखिदैन , अन्य केही प्यारामिटरहरु झन खस्किँदो अवस्थामा रहेका छन् । नदीलाई प्रदुषित गर्ने क्रियाकलापलाई दण्डनीय बनाई वाग्मती नदीसँग आवद्ध सरोकारवालाहरुलाई वाग्मतीको स्वच्छताको अभियान परिचालन गरी विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप नदीको स्वच्छता एवं गुणस्तर कायम गर्नुपर्दछ ।

३६. **सौन्दर्यीकरण -** समिति गठन आदेश, २०७३ को दफा ११ बमोजिम समितिले नदीको सुरक्षा तथा सुन्दरता अभिवृद्धिको लागि नदी किनारामा हरित क्षेत्र निर्माण गर्ने, नदी किनारामा गरिने विकास निर्माण तथा अन्य कामका सम्बन्धमा मापदण्ड तयार गर्ने ,निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरु सम्बन्धित निकायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।

३६.१ विभिन्न संघ संस्था वा स्थानीय समुदायको सहभागिता र लगानीमा वाग्मती नदी किनारमा उद्यान वाटिका निर्माण तथा हरियाली प्रवर्द्धन गर्न २०७६ फागुन मसान्तसम्म ५५ समुदाय एवं संघ सस्थाबाट निवेदन प्राप्त गरेको देखिन्छ । सोमध्ये ३५ संघ संस्थासँग सम्झौता भएकोमा २४ संघ संस्थाले सम्झौता सम्पन्न गरेको, ८ संघ संस्थाले कार्य गरिरहेको, ३ संघ संस्थाले २०७० चैत्रदेखि २०७१ श्रावणसम्म सम्झौता गरेकोमा काम शुरु गरेको पाइएन ।सम्झौता कार्यान्वयन गर्न समितिले कार्यविधि, डिजाईन र मापदण्ड नतोकेको, कामको लागत नखुलाएको, कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, कार्य सम्पन्न पश्चात हस्तान्तरण र संरक्षणको व्यवस्था गरेको देखिएन । समितिबाट नियमित अनुगमन नहुँदा पार्क निर्माण कार्यमा ढिलाइ भएको छ । पार्कको मापदण्ड एवं डिजाईन तयार नगर्दा निर्माण सम्पन्न पार्कहरुमा एकरुपता देखिएको छैन । समितिले पार्क निर्माणको कार्यविधि, मापदण्ड तयार गरी निर्माणमा एकरुपता कायम गर्नुका साथै सम्पन्न पार्क संरक्षण र सञ्चालनको लागि सम्बन्धित निकायलाई हस्तान्तरण गर्नुपर्दछ ।

३६.२ ललितपुरतर्फ वाग्मती नदी किनारको शंखमुल पुलदेखि टेकु दोभानसम्मको १ हजार ५ सय ७६ रोपनी क्षेत्रफलमा युएन पार्क बनाउने कार्यका लागि संयुक्त राष्ट्रसंघ पार्क विकास समिति गठन भई गुरुयोजना तयार गरी कार्य गरिरहेकोमा समिति खारेज भएकोले पार्क निर्माणको दायित्व समेत यस समितिमा सरेको छ ।वाग्मती नदी वरिपरीको सार्वजनिक जग्गाको संरक्षण गर्ने, भूक्षय नियन्त्रण गर्ने, वाग्मती नदीलाई फोहोर मैलाबाट जोगाउने, पार्कभित्र वातावरण मैत्री कार्यक्रमहरु सञ्चालन गरी पार्कलाई वातावरण संरक्षणको नमुनाको रुपमा विकास गर्ने उद्देश्य सहित शुरु भएको पार्क निर्माण कार्य २२ वर्ष बितिसक्दा पनि पुरा हुनसकेको छैन । काठमाण्डौतर्फ उक्त स्थानमा सुकुम्बासी बस्ती रहेको र त्यसलाई विस्थापित गर्न नसक्दा नदी सैन्दर्यीकरणमा असर पर्न गएको छ । गुरुयोजना बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरी दिगो सञ्चालनको व्यवस्था गर्नुपर्दछ ।

३७. **फोहोर पानी प्रशोधन केन्द्र निर्माण-** सन् २०२१ को मध्यसम्ममा काठमाडौं उपत्यकाका झण्डै २३ लाख जनसंख्याबाट उत्पादन हुने दैनिक १३ करोड ८१ लाख लिटर फोहोरपानीको प्रशोधन गरी पुनः नदीमा खसाल्ने लक्ष्य रहेकोमा उपत्यकामा बढ्दो सहरीकरणका कारण सन् २०३० सम्म जनसंख्या करिब ५७ लाख हुने प्रक्षेपणको आधारमा करिब ४९ करोड लिटर प्रतिदिन फोहोर पानी उत्सर्जन हुने अनुमानका साथ नदीको दायाँ बायाँ ढल एवं फोहोरपानी प्रशोधन केन्द्रहरुको निर्माण गरी सञ्चालन गर्ने रणनीति रहेको छ । समितिले सोअनुरुप योजना बनाई कार्य अघि बढाउनसकेको छैन । प्रशोधन केन्द्र निर्माण काठमाडौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालयले गरिरहेको छ । निर्देशनालयले देहायबमोजिम ३ क्षेत्रमा दैनिक १३ करोड ७७ लाख लिटर क्षमताको ढल प्रशोधन केन्द्र निर्माण गरी सञ्चालनमा ल्याउने सम्झौता गरेकोमध्ये गुहेश्वरी ढल प्रशोधन केन्द्रको मात्र ९७.२५ प्रतिशत कार्य सम्पन्न भई सञ्चालनमा ल्याए तापनि अन्य २ क्षेत्रको प्रगति न्यून रहेको छ ।

सल्लाघरी, धोबीखोला तथा कोडकुखोला प्रशोधन केन्द्र र धोबीघाट प्रशोधन केन्द्र निर्माणको म्याद समाप्त हुने अवस्थासम्म प्रगति क्रमशः १७ प्रतिशत र ८ प्रतिशत मात्र हुनुले कार्यसम्पादन दक्षतापूर्ण देखिँदैन । यसबाट समयमा वाग्मती नदीको पानी प्रदुषण घटाई स्वच्छ पानीको बहाव वृद्धि गर्न प्रत्यक्ष्य असर परेको छ । उपत्यकाबाट दैनिक ४९ करोड लिटर फोहोर उत्सर्जन हुनेमा १३ करोड ७७ लाख लिटरको प्रशोधन केन्द्र निर्माणले वाग्मती र यसका सहायक नदीहरुको स्वच्छताको दीगो प्रत्याभूति हुने देखिएन । उपत्यकाको आवश्यकतालाई दृष्टिगत गरी थप प्रशोधन केन्द्रको निर्माण गर्नुपर्दछ ।

३८. **समन्वय -** वाग्मती सभ्यता एकीकृत विकास समितिको गठन आदेश, २०७३ को दफा ५ मा समितिबाट सञ्चालन हुने योजना कार्यान्वयनको लागि सम्बद्ध मन्त्रालय वा निकायसँग समन्वय गर्ने जिम्मेवारी समितिमा रहेको छ । वाग्मती नदीको शुद्धता, स्वच्छता र सौन्दर्यतासँगसम्बन्धी कार्यक्रमहरु सहरी विकास, भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय, सिँचाइ विभाग, काठमाडौ उपत्यका विकास प्राधिकरण, काठमाडौ उपत्यका खानेपानी लिमिटेड, स्थानीय तहहरु र विभिन्न संघ संस्थाबाट समेत कार्यान्वयन हुने गरेको छ । समितिले विभिन्न मन्त्रालय तथा स्थानीय तहसँग समन्वय मिलाउन नसक्दा कार्यक्रम कार्यान्वयमा असर परेको देखिएको छः

३८.१ काठमाडौं उपत्यका खानेपानी लिमिटेडले मनोहरा पुलमा ढल निर्माण कार्य गर्दा सम्बन्धित स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा पर्ने व्यहोरा जनाई काममा अवरोध गरेको पाइयो ।

३८.२ ललितपुर महानगरपालिकाको नख्खु, भैसेपाटी र काठमाडौं महानगरपालिकाको गोकर्ण-गुह्येश्वरी खण्डमा रहेका जग्गा नापी नक्सा तथा मुआब्जा विवादका कारण सौन्दर्यकरण तथा अन्य विकासमा अवरोध भएको छ ।

३८.३ समितिले काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय प्रकृति संरक्षण कोष, खानेपानी तथा ढल निकास विभाग, कृषि विभाग, सडक विभाग, स्थानीय तह लगायत गैरसरकारी संस्थाले वाग्मती नदीको स्वच्छता र सौन्दर्यीकरणमा गरेको कामको वित्तीय एवं भौतिक प्रगतिको विवरण नलिएको कारण प्रगति मूल्याङ्कन गर्न सकिएन ।

३८.४ ललितपुर महानगरपालिकाले वाग्मती नदी स्वच्छ गर्ने दीर्घकालीन कार्य योजना तयार गरी बागमती किनारामा हरियाली प्रवर्द्धन, फोहरमैला नियन्त्रण, बालुवा उत्खननमा रोक ,मापदण्ड विपरीत घर टहरा निर्माण रोक ,ढल प्रशोधन कार्यक्रम सञ्चालन, फोहरमैला व्यवस्थापन सुधार र सम्पदा संरक्षण कार्यक्रम सञ्चालन गरे तापनि समितिलाई जानकारी नदिएकोले गरेको खर्च रकम र भौतिक प्रगति यकिन हुने अवस्था छैन ।

समितिले निर्माण गरेका पूर्वाधारहरु सञ्चालनको लागि सम्बन्धित निकायलाई हस्तान्तरण गर्नु जरुरी छ । पूर्वाधार निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबीच उपयुक्त समन्वय हुन नसकेकोले कार्यक्रम सम्पन्न गर्न ढिलाइ भई उद्देश्य प्राप्तिमा असर पारेको देखिन्छ । तसर्थ समितिले सम्बन्धित निकायबीच समन्वय गरी बाग्मती नदीको शुद्धता, स्वच्छता र सौन्दर्यता कायम गर्न तोकिएका कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

# अन्य संस्था र समिति

## काठमाडौं उपत्यका विकास प्राधिकरण

काठमाडौं उपत्यकामा नगरहरुको पुनः निर्माण, विस्तार र विकासक‍ो साथै योजनाबद्ध रुपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार स्थापना भई सञ्चालन हुँदै आएको छ ।

३९. **ऋण लगानी कोष -** प्राधिकरण ऐन, २०४५ को दफा १२ अनुसार प्राधिकरणले ४ प्रतिशत ब्याजदरमा विभिन्न जग्गा विकास योजना सञ्चालनको लागि रु.९९ करोड र जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्रको जग्गा खरिद गर्न रु.६० करोड ३ लाख ऋण लिएको छ । उक्त ऋणको अवधि समाप्त भइसकेकोमा सोको ब्याज रु.२१ करोड ७१ लाख र किस्तासमेत नेपाल सरकारलाई फिर्ता गरेको देखिएन । सम्झौतानुसार ऋणका किस्ता र ब्याज फिर्ता गर्नुपर्दछ ।

४०. **साँवा ब्याज -** नेपाल सरकारबाट लिएको ऋणबाट २० जग्गा एकीकरण आयोजनामा रु.९९ करोड लगानी गरेकोमा सो को ब्याज रु.२३ करोड १४ लाख उठ्न बाँकी रहेको छ । लगानी रकम असुल गर्दा ब्याज असुल गरी बाँकी रकम साँवाबाट कट्टा गर्नुपर्नेमा ब्याज बाँकी देखाई साँवा रु. १ करोड ३८ लाख घटाएको छ । तोकिएको समयमा साँवा र ब्याज असुल गर्नुपर्दछ ।

४१. **वार्षिक कार्यक्रम -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आफ्नो मन्त्रालय र अन्तर्गतका कार्यालयको कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नुपर्ने र स्वीकृत वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । जिल्ला आयुक्तको कार्यालय, काठमाडौंले निर्देशित जग्गा विकास तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने दुई कार्यक्रममा शुरुमा रु ७ करोडको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा पाँचौँ पटक संशोधन गरी १८४ कार्यक्रममा शुरु विनियोजित बजेटको २० गुणा थप गरी रु १ अर्ब ४५ लाखको कार्यक्रम स्वीकृत गरी रु. ६७ करोड १० लाख खर्च गरेको छ । आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम संशोधन गरी खर्च लेख्ने कार्य उचित देखिएन । प्राधिकरणले स्वीकृत बजेट तथा कार्यक्रम पटक पटक संशोधन गरेकोले शुरु बजेट तथा कार्यक्रम यथार्थपरक बनाउनुपर्दछ ।

४२. **बढी खर्च -** जिल्ला आयुक्तको कार्यालय, काठमाडौं र भक्तपुरले सडक विस्तार कार्यक्रमअन्तर्गतका १५ योजनामा स्वीकृत वार्षिक कार्यक्रममा निर्धारित बजेटभन्दा रु.२ करोड ३ लाख बढी खर्च गरेका छन् । स्वीकृत बजेटको सीमा नाघी खर्च गर्ने पदाधिकारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ बमोजिम कारबाही गर्नुपर्दछ ।

४३. **निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष जिल्ला आयुक्तको कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरले २१४ लाभग्राही संस्थामार्फत् लागत अनुमान दरमा निर्माण कार्य गराई रु.७८ करोड ४५ लाख भुक्तानी दिएको छ । प्रतिस्पर्धात्मक तरिकाले निर्माण कार्य गराउनुपर्दछ ।

४४. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । जिल्ला आयुक्तको कार्यालय ललितपुर र भक्तपुरले ऐनको उक्त व्यवस्था विपरीत समान प्रकृतिको कार्य गर्नका लागि एकमुष्ट लागत अनुमान तयार नगरी रु.५ लाख भन्दा घटीका १३४ टुक्रे लागत अनुमान तयार गरी बाटो विस्तार र सार्वजनिक जग्गा संरक्षण कार्यमा विभिन्न निर्माण व्यवसायीमार्फत् रु.४ करोड ७२ लाख खर्च लेखेको छ । गत वर्षको प्रतिवेदनमा प्रतिस्पर्धा गराउनुपर्ने सुझाव दिएकोमा पुनः एउटै प्रकृतिको कार्य लागत अनुमानकै हाराहारीमा सोझै खरिद गरी खर्च लेख्ने पदाधिकारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ बमोजिम कारबाही गर्नुपर्दछ ।

## अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति

पशुपति क्षेत्रलगायत वाग्मती नदीको वातावरणलाई सुधार गर्ने उद्देश्यले मन्त्रिपरिषद्को निर्णयअनुसार अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन भएको छ । यस कार्यक्रमको लागि रु.१९ अर्ब ४८ करोड ९५ लाख लागत अनुमान तयार भई २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रु.९ अर्ब १४ करोड ४ लाख खर्च भएको छ ।

४५. **कार्यक्रम र प्रगति** - कुल लागतको तुलनामा हालसम्मको वित्तीय प्रगति ४६.९० प्रतिशत र भौतिक प्रगति ४७.८९ प्रतिशत भएको उल्लेख छ । आयोजनाको कुल क्रियाकलापमध्ये बालकुमारी र सुन्दरीघाटमा फोहोर पानी प्रशोधन केन्द्र निर्माण, जैविक विविधता र जलाधारको संरक्षण गर्ने, विकेन्द्रित फोहोर पानी प्रशोधन केन्द्रहरु निर्माण, वर्षादको पानी सङ्कलन पोखरी निर्माण, भूमिगत जल रिचार्ज गर्ने केन्द्र निर्माण, पर्यावरणीय पर्यटन प्रवर्द्धन गर्ने, स्वःशुद्धीकरण प्रक्रियाका लागि संरचना डिजाइन, लागत अनुमान तयारी तथा निर्माण, सांस्कृतिक पर्यटनका लागि पूर्वाधार निर्माण तथा पिकनिक स्पट, गोरेटो बाटो, पार्क निर्माण जस्ता क्रियाकलापको हालसम्म कार्यप्रारम्भ हुन सकेको छैन । विगत २४ वर्षमा ४७.८९ प्रतिशत भौतिक प्रगति भएको अवस्थामा बाँकी ५ वर्षमा ५२.११ प्रतिशत क्रियाकलाप सम्पन्न गरी निर्धारित अवधिमा कार्य सम्पन्न गर्ने अवस्था देखिँदैन । समयमै काम सम्पन्न नहुँदा लागत बढ्ने र अपेक्षित प्रतिफल प्राप्त नहुने देखिएकोले स्पष्ट कार्ययोजना बनाई समयमै कार्य सम्पन्न हुने गरी आयोजना सन्चालन गर्नुपर्दछ ।

४६. **वाग्मती सुधार** - वाग्मती नदीको मुहान संरक्षण, जलाधार क्षेत्र संरक्षण, नदीको वातावरणीय सुधार तथा सौन्दर्यीकरण जस्ता कार्यहरु गर्न एसियाली विकास बैङ्क र नेपाल सरकारबीच ६ मार्च २०१४ मा सम्झौता भई ३१ अगष्ट, २०१९ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा १५ अक्टोबर, २०२० सम्म म्याद थप भएको छ । आयोजनाको सम्झौता अवधि ९७ प्रतिशत समाप्त हुँदासम्म रु.२ अर्ब ४२ करोड ८१ लाख खर्च गरी ४२.८८ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । आयोजनाको कूल क्रियाकलाप मध्ये गौरीघाटमा रेगुलेटर निर्माण, ऐतिहासिक मठ मन्दिर, पाटी पौवा लगायत मर्मत सुधार, टुकुचामा ढल प्रशोधन निर्माण तथा सञ्चालन, थापाथलीदेखि बल्खुसम्मको नदी किनारामा हरियाली क्षेत्र निर्माण, सडक कालो पत्रे तथा सार्वजनिक निर्माणजस्ता क्रियाकलाप हालसम्म प्रारम्भ हुन सकेको छैन । आयोजनाको शुरु समयावधि समाप्त भइसक्दासमेत उल्लिखित क्रियाकलापहरु शुरुवात नै नभएकोले तोकिएको समयावधिभित्र आयोजना सम्पन्न हुने देखिँदैन । तोकिएको समयावधिभित्र योजना बनाई कार्य सम्पन्न गर्नुपर्दछ ।

## नगर विकास समिति

वढ्दो जनसंख्या तथा शहरीकरणको चुनौतीलाई सामना गर्न दिगो तथा योजनाबद्ध रुपमा नगरविकास गर्न नगरविकास सम्बन्धी काम कारबाहीलाई वैज्ञानिक सहज तथा पारदर्शी बनाउन, भइरहेका नगरको पुनः निर्माण विस्तार र विकासको साथै नयाँ नगरको निर्माण गरी नगरवासीलाई आवश्यक सेवा सुविधा पुऱ्याउन नगरविकास ऐन, २०४५ बमोजिम ३३५ नगरविकास समितिहरुको गठन भए तापनि हाल १८ समितिहरु मात्र कार्य सञ्चालनमा रहेका छन् ।

४७. **अतिक्रमण -** नगर विकास समिति ऐन, २०४५ को दफा १० मा समितिको स्वामित्वमा रहेको जग्गा कसैले अतिक्रमण गरेमा तत्काल हटाउन आदेश दिने र नहटाएमा आफैँले हटाई हटाउन लाग्ने खर्च निर्माणकर्ताबाट असुल गर्नुपर्ने व्यवस्था छ । कोहलपुर नगर विकास समितिको स्वामित्वमा रहेको तेश्रो चरणको जग्गा एकीकरण आयोजना ३ख अन्तर्गतको ४ बिघा जग्गा विभिन्न ६१८ घर परिवारले अतिक्रमण गरी घर टहरा बनाई बसेका, कोहलपुर बसपार्क टर्मिनलको उत्तरतर्फको ६ कट्ठा जग्गामा ७० शटर कबल निर्माण गरी व्यापार व्यवसाय गरी बसेकोमा भाडासमेत समितिलाई बुझाएका छैनन् । नगर विकास समिति, लमहीको १ बिघा ४ कट्ठा, नगर विकास समिति, महेन्द्रनगरको ७ बिघा जग्गा विभिन्न व्यक्तिले अतिक्रमण गरेको देखियो । प्रचलित कानुनबमोजिम अतिक्रमित स्थान खाली गराई समितिको घर जग्गालगायतका सम्पत्तिको उचित संरक्षण गर्नुपर्दछ ।

४८. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५ क(६) मा कुनै प्राकृतिक व्यक्ति बाहेक अन्य व्यक्तिको स्वामित्वको जग्गा वा भवन निसर्ग बापत भएको लाभमा मालपोत कार्यालयले रजिष्ट्रेसनका बखत १० प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने उल्लेख छ । नगर विकास समिति, तुल्सीपुर र लमहीले घडेरी बिक्री गरी जग्गा रजिष्ट्रेसन पास गर्दा १० प्रतिशतका दरले पुँजीगत लाभको रु.५९ लाख बुझाएका छैनन् । उक्त कर रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

४९. **भत्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा गराउँदा अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने उल्लेख छ । नगर विकास समिति, कोहलपुर र नेपालगन्जले समितिको निर्णयबमोजिम कर्मचारीलाई शुरु तलब स्केलको ५० प्रतिशतसम्म भत्ता उपलब्ध गराई रु.१९ लाख खर्च लेखेको छ । अर्थ मन्त्रालयको स्वीकृति बेगर थप सुविधा उपलब्ध गराएको नियमसम्मत देखिएन ।

## अनुगमन र बेरुजू

- **अनुगमन -** विगतको प्रतिवेदनमा उल्लेख भएका व्यहोरामध्ये शहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक कर्मचारीको दरबन्दी पुनरावलोकन नभएको, विभागीय जनशक्तिबाट कार्य नगराई परामर्श दाताबाट परामर्श सेवा खरिदको सम्झौता गरेको, बाहिरी चक्रपथ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन, जग्गा एकीकरण र वातावरणीय प्रभाव मूल्याङ्कन तयार नगरेको, विभिन्न आयोजनाका लागि खरिद गरिएका सवारीसाधन मन्त्रालयमा प्रयोग भएको, मन्त्रालयले भुक्तानी गर्नुपर्ने रकम मातहतका निकायबाट खर्च गर्ने गरेको, जिल्ला आयुक्तको कार्यालय, काठमाडौंले खरिद गुरुयोजना बेगर खर्च गरेको, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रले बक्यौता घरभाडा र हर्जनासमेत असुल नगरेको लगायत व्यहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ । विगतका व्यहोरा पुनारावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ३३ निकायमा रु.३ अर्ब ४३ करोड १० लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ करोड ६७ लाख ९१ हजार फछ्र्यौट गरेकोले रु.३ अर्ब ३४ करोड ४२ लाख ६८ हजार बाँकी रहेको छ । सोमध्ये रु.२ अर्ब ३७ करोड ८८ लाख ५६ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - अन्य संस्था र समिति १७ तर्फ रु.४० करोड ९६ लाख ७० हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.२० करोड १८ लाख ८६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा शिक्षा, विज्ञान तथा प्रविधि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा, विज्ञान तथा प्रविधि सम्बन्धी राष्टिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालयहरु, नेपाल शिक्षा सेवाको सञ्चालन लगायत कार्य रहेका छन् । मन्त्रालय मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ४३१ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ९३ सरकारी कार्यालयको निम्नानुसार रु.३० अर्ब १७ करोड ४२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रु. लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ९३ | २८२०३६ | ८८ | ७४९८ | ४९ | १०६१ | ८० | ११९४७ | ९३ | ३०१७४२ |

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ३३८ संस्थाको रु.१ खर्ब ३ अर्ब २६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **लेखापरीक्षण** - मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमबीच प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति सुधार गर्ने उद्देश्यले अमेरिकी डलर ५० लाख २०७७।०९।१६ सम्म सम्पन्न हुने गरी २०७१।१२।१३ मा अनुदान सम्झौता २०७३।७४ मा सोझै भुक्तानी हुने गरी रु.३ करोड विनियोजन भएकोमा रु.१ करोड ७२ लाख ६५ हजार खर्च गरेको, २०७४।७५ मा वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी अमेरिकी डलर २ लाख २० हजार २३२ खर्च गरेको र यो वर्ष रु.२ करोड ५० लाख विनियोजन गरेकोमा सोको वित्तीय विवरण पेस भएन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ अनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

४. **रकमान्तर** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ मा तोकिएको सीमाभित्र रही एक शीर्षकबाट अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयको लागि विनियोजित रकममा ५६ पटक रकमान्तर गरी रु.१६ करोड ७७ लाख थप गरेको र रु.८४ करोड ७० लाख घटाएको छ । खर्च शीर्षक (२२५२२) मा रु.२९ लाख थप गरेकोमा पुनः सो शीर्षकबाट रु.१३ करोड ६ लाख घटाएको छ । एउटै खर्च शीर्षकमा घटाउने, बढाउने गरेकोले बजेट सिद्धान्तअनुकुल मान्न सकिएन ।

५. **वार्षिक प्रगति** - स्वीकृत वार्षिक कार्यक्रम तथा प्रगति विवरणअनुसार सबैका लागि शिक्षा शिशु विकास कार्यक्रममा ६३ प्रतिशत, विद्यालय क्षेत्र विकास कार्यक्रमा ७२ प्रतिशत, शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कार्यक्रममा ६४ प्रतिशत, पढाई सीप प्रवर्द्धन कार्यक्रममा ४७ प्रतिशत, पाठ्यक्रम विकास केन्द्रका कार्यक्रममा ४४ प्रतिशत र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका कार्यक्रममा ५३ प्रतिशतमात्र प्रगति देखिएकोले समयमै कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ ।

६. **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्य २०७५।७६ मा विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराइने, माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गरिने, विद्यमान शिक्षक दरबन्दीको न्यायोचित पुनर्वितरण गरिने, सरकारी र निजी विद्यालयबीचको शैक्षिक विषमता हटाई सार्वजनिक शिक्षाको गुणस्तर बढाउने, उच्च शिक्षालाई प्रतिस्पर्धी गुणस्तरयुक्त बनाउने

लगायतका कार्यक्रम उल्लेख छ । ती कार्यक्रम सञ्चालन गरे तापनि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना दर घटेको र संस्थागत विद्यालयमा बढेको कारण सबैलाई निःशुल्क शिक्षा कार्यक्रममा लक्ष्यअनुरुप प्रगति नदेखिएको, निजी तुलनामा सरकारी विद्यालयको परीक्षाको नतिजा कमजोर रहेको, विद्यार्थी संख्याको अनुपातमा शिक्षकको दरबन्दी मिलान नगरेको लगायतका स्थिति देखिएकोले बजेट वक्तव्यमा अपेक्षा गरे अनुरुप उपलब्धि हासिल भएको देखिएन । बजेट व्यवस्थामा उल्लिखित कार्यक्रमहरु अपेक्षित नतिजा प्राप्त गर्नेगरी सञ्चालन गर्नुपर्दछ ।

७. **चौधौँ योजना कार्यान्वयन -** चौधौँ योजना (२०७३/७४—२०७५/७६) मा शिक्षामा समतामूलक अवसर सुनिश्चित गर्दै सीपयुक्त, समय सान्दर्भिक र गुणस्तरयुक्त बनाउने, सबै तह एवं विषयको शिक्षा र सीपमूलक तालिमको पहुँच अभिवृद्धि गर्ने, शैक्षिक प्रशासनमा निरन्तर सुधार गर्ने लगायतका उद्देश्य रहेको छ । चौधौं योजनाको प्रमुख सूचक र उपलब्धि स्थिति निम्नानुसार रहेको छः

| क्र सं | सूचक | आधार वर्ष २०७२।७३ | २०७५।७६ सम्मको लक्ष्य (प्रतिशत/संख्या) | प्रगति (प्रतिशत/संख्या) |
|---|---|---|---|---|
| १ | प्रौढ साक्षरता दर (१५ देखि ६० वर्षको) | ८० | ८३ | ८२ |
| २ | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | ८८.६ | ९२ | ९० |
| ३ | बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना दर | ६२.४ | ७८ | ६६.९ |
| ४ | आधारभूत तह (कक्षा १-५)को खुद भर्ना दर | ९६.६ | ९८.५ | ९६.५ |
| ५ | आधारभूत तह (कक्षा १-८)को खुद भर्ना दर | ८९.४ | ९४ | ९२.७ |
| ६ | माध्यमिक तह (९-१२) को खुद भर्ना दर | ३७.७ | ४५ | ४६.९ |
| ७ | कक्षा ८ को टिकाउ दर | ६९.७ | ८० | ७७ |
| ८ | कक्षा १० को टिकाउ दर | ३७.९ | ५० | ४८ |
| ९ | विद्यालय छाड्ने दर (कक्षा १-५) | ३.९ | २.५ | ३ |
| १० | विद्यालय छाड्ने दर (कक्षा ६-८) | ४.५ | ३.५ | ३.८ |
| ११ | विद्यालय छाड्ने दर (कक्षा ९—१०) | ४.९ | ३.६ | ४.२ |
| १२ | गुणस्तर प्रमाण प्राप्त क्याम्पस संख्या | १५ | ८० | ३० |
| १३ | नयाँ कक्षा कोठा निर्माण (वटा) | ७६८२४ | १००८२४ | ९८७६५ |
| १४ | पानी र सरसफाई सुविधा सहित शौचालय पुगेको विद्यालय संख्या | १२७०० | १५७०० | १५४०५ |
| १५ | इन्टरनेट सुविधा पुगेको विद्यालय संख्या | १७४८ | ८००० | ६२७२ |
| १६ | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी | - | ३४८९००० | ३०९५२६४ |

उल्लिखित १६ मध्ये १२ सूचकमा न्यून प्रगति देखिएकोले लक्ष्य प्राप्त हुने गरी समयमै कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

८. **दिगो विकासको लक्ष्य तथा उपलब्धि -** दिगो विकासका शिक्षासँग सम्बन्धित दिगो लक्ष्य प्राप्त गर्न राष्ट्रिय फ्रेमवर्क तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको छ । विद्यालय शिक्षामा पहुँच अभिवृद्धि तथा गुणस्तर सुनिश्चित गर्नु, संविधान प्रदत्त शिक्षासम्बन्धी मौलिक हकको कार्यान्वयनमा सहयोगलगायतका विविध उद्देश्य साथ नेपाल सरकार तथा विभिन्न विकास साझेदारको संयुक्त वित्तीय व्यवस्थापनमा २०७३।७४ देखि ७ वर्षे योजनाको प्रारुप तयार गरी विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा छ । प्राप्त विवरण अनुसार २०७३।७४ देखि २०७५।७६ सम्मको ३ वर्षे योजनाको लक्ष्य तथा उपलब्धि स्थिति निम्नानुसार देखिएको छः

| | सूचकहरु | २०७५।७६ सम्मको लक्ष्य | उपलब्धि स्थिति |
|---|---|---|---|
| १ | माध्यमिक शिक्षा (कक्षा १-१२) मा लैङ्गिक सूचकाङ्कका आधारमा भर्ना दर | १ | १.०३ |
| २ | नमूना विद्यालयको संख्या | ३४० | ३२२ |
| ३ | प्राविधिक विषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थीको संख्या | ७२५४० | ७१४४५ |
| ४ | ६ वर्ष माथिको साक्षरता दर | ८५ | ७८ |
| ५ | १५-२४ वर्षको साक्षरता दर | ९२ | ८८.६ |
| ६ | १५ वर्ष माथिको साक्षरता दर | ७० | ७५ |
| ७ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | ४२ | ३९.३ |
| ८ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | १८ | १७.१ |
| ९ | शिक्षामा राष्ट्रिय बजेटको कुल प्रतिशत | १५ | १०.७ |

नमूना विद्यालय संख्या, प्राविधिक विषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थीको संख्या, ६ वर्षमाथिको साक्षरता दर, शिक्षामा महिला शिक्षकको प्रतिशत र शिक्षामा विनियोजन गरेको बजेट प्रतिशत लगायतका लक्ष हासिल हुन सकेको छैन ।

९. **विश्वविद्यालयको लेखा र लेखापरीक्षण -** नेपालमा सञ्चालित ११ विश्वविद्यालयको कानुनमा रहेको लेखा सम्बन्धी व्यवस्थाको अध्ययन गर्दा काठमाडौं विश्वविद्यालयमा लेखासम्बन्धी व्यवस्था उल्लेख नभएको, नेपाल सँस्कृत विश्वविद्यालयमा तोकिएबमोजिम हुने, पूर्वाञ्चल, पोखरा, लुम्बिनी बौद्ध र त्रिभुवन विश्वविद्यालयमा प्रचलित कानुनबमोजिम हुने, राजर्षिजनक, सुदूरपश्चिम, मध्यपश्चिम, खुला र कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नेपाल सरकारले अपनाएको लेखा प्रणालीबमोजिम हुने उल्लेख छ । लेखापरीक्षण सम्बन्धमा पूर्वाञ्चल र काठमाडौं विश्वविद्यालयको लेखापरीक्षण विश्वविद्यालय सभाद्वारा नियुक्त लेखापरीक्षकबाट र अन्य ९ विश्वविद्यालयको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ । विश्वविद्यालयको लेखा र लेखापरीक्षणसम्बन्धी व्यवस्थामा विविधता देखिएकोले एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

१०. **स्थायी नियुक्ति -** मन्त्रिपरिषदबाट २०७४।६।२ मा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको लागि ४४४ र मध्यपश्चिमाञ्चल विश्वविद्यालयको लागि २०३ दरबन्दी स्वीकृत भएकोमा विश्वविद्यालय सेवा आयोगबाट प्रतिस्पर्धाको माध्यमबाट मात्र स्थायी पदपूर्ति गर्ने व्यवस्था मिलाउने निर्णय भए पनि ती विश्वविद्यालयले सेवा आयोग गठन हुनुपूर्व नै स्थायी नियुक्ति गरेका छन् । सेवा आयोग गठन नहुँदै स्थायी नियुक्त गरेकोले आर्थिक व्ययभार बढाएको र प्रतिस्पर्धा सीमित भएका कारण शैक्षिक गुणस्तरमा दीर्घकालीन प्रभाव पर्ने देखिन्छ । यस सम्बन्धमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको छानबिन प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गरेको जानकारी प्राप्त भएको छ ।

११. **छात्रवृत्ति -** निजी लगानीमा सञ्चालन हुने प्राविधिक महाविद्यालय सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ बमोजिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्वदेशी लगानीकर्ताबाट सञ्चालन भएका क्याम्पसहरु तथा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा स्वदेशी तथा विदेशी लगानीकर्ताबाट सञ्चालित शैक्षिक संस्थाले प्रदान गर्नुपर्ने छात्रवृत्तिको अभिलेख, छात्रवृत्ति छनौटका आधार पारदर्शिता तथा अध्ययन पश्चात सरकारी सेवा गर्ने व्यवस्थाको पालनाको अनुगमन गर्नुपर्ने देखियो ।

राष्ट्रिय चिकित्सा ऐन, २०७५ को दफा १७ उपदफा (७) अनुसार महाराजगन्ज चिकित्सा क्याम्पस, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत सार्वजनिक शिक्षण संस्थाले ७५ प्रतिशत छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार यो वर्ष त्रिभुवन

विश्वविद्यालयअन्तर्गत ८८१, काठमाडौं विश्वविद्यालयअन्तर्गत ५५७, नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत ५५, रुस सरकारले ७ र चीन सरकारले १५७ समेत १ हजार ६५७ विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराएको देखिए तापनि अद्यावधिक अभिलेख पेस भएन । छात्रवृत्ति वितरणको अभिलेख भरपर्दो र अद्यावधिक गर्नुपर्ने देखियो ।

भारतीय दूतावासको वेबसाइटमा उल्लेख भएअनुसार प्रत्येक वर्ष ३ हजार नेपालीलाई छात्रवृत्ति उपलब्ध गराएको र दक्षिण कोरिया, जापान, थाइलैण्ड, बंगलादेश, पाकिस्तान, अष्ट्रेलियालगायतका देशले पनि छात्रवृत्ति उपलब्ध गराएको जानकारी मन्त्रालयबाट प्राप्त भएको छ । ती देशले नेपाल सरकारसँग सम्झौता गरी छात्रवृत्ति उपलब्ध गराए तापनि पनि मन्त्रालयले अद्यावधिक अभिलेख राख्नुपर्ने तथा अध्ययन पश्चात सरकारी सेवा गर्ने व्यवस्था मिलाउनुपर्ने देखिएको छ ।

छात्रवृत्ति ऐन, २०२१ को दफा ४ तथा नियमावली, २०६० को नियम (२) मा छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले कबुलियतनामाबमोजिम सरकारी सेवा गर्नुपर्ने अन्यथा बिगो कायम गरी असुल गर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार चिकित्सा शास्त्र, इञ्जिनियरिङ, सूचना प्रविधि, कृषि, वातावरणलगायत ११ विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्न रुसमा ५, चीनमा १०, श्रीलंकामा १, पाकिस्तानमा १ र थाइलैण्डमा १ समेत १८ जना सन् २०१४ देखि २०१८ सम्म अध्ययन गर्न गएको भए पनि अध्ययन पश्चात सरकारी सेवा नगरेको तथा सो बापतको बिगो असुल गरेको छैन । कानुनी प्रावधानको पालना गर्नुपर्दछ ।

१२. **मनसाय पत्र -** निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ मा चिकित्सा विज्ञान, इन्जिनियरिङ कृषि तथा वन, सूचना प्रविधि, लेखा, व्यवस्थापन र मन्त्रालयले तोकेका अन्य विषयमा अनुसूचीमा उल्लिखित मापदण्ड, प्रक्रिया, आधार र शर्तमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न २०७३।७४ मा सूचना प्रकाशन गरेकोमा ८६ नयाँ दर्ता, ८ नवीकरण, ३ सम्झौता, १९ थप विषय, १८ नियमन र ३ नखुलेको समेत १३७ शैक्षिक संस्थाबाट न्यूनतम रु.२ लाखदेखि रु.३० लाखसम्म दस्तुर प्राप्त गरेको छ । तीमध्ये ६७ संस्थालाई मनसायपत्र दिएको र ७० संस्थाको निवेदन उपर कारबाही गरेको देखिएन प्राप्त निवेदनउपर यथासमयमा कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

१३. **सम्बन्धन -** मन्त्रालयबाट मनसायपत्र प्राप्त गरेपछि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ । मनासाय पत्र प्राप्त ६७ शैक्षिक संस्थाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्न सकेका छैनन् । यो वर्ष ६३ हजार २५९ समेत विगत ६ वर्षमा २ लाख ६३ हजार ९८७ विद्यार्थीले निजी खर्चमा विदेशमा गई अध्ययन गर्न नो अब्जेक्सन लेटर लिएका छन् । विदेश अध्ययन गर्न जाने विद्यार्थीले ठूलो धनराशि विदेशी मुद्रा सटही गरेको अवस्था छ । मनसायपत्र प्राप्त गरेका शैक्षिक संस्थालाई सम्बन्धन दिने सम्बन्धमा यथासमयमा निर्णय गर्नुपर्दछ ।

१४. **स्वीकृति र सम्बन्धन -** प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् ऐन, २०४५ को दफा ६ मा निजी एवं गैर सरकारी क्षेत्रमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने व्यवस्था छ । परिषद्ले २०६९।२।२९ मा प्रमाणपत्र/डिप्लोमा तहका कार्यक्रमको सम्बन्धन र स्वीकृतिका लागि प्रस्ताव आह्वान गर्दा स्वास्थ्यतर्फ १ हजार २३ समेत २ हजार ४८६ प्रस्ताव दर्ता भएकोमा २०७३ सालमा स्वास्थ्य बाहेक ९३९ वटा संस्थाको स्थलगत अध्ययन गरेकोमा ती शैक्षिक संस्थालाई सम्बन्धन र स्वीकृति दिएको छैन । स्वास्थ्य शिक्षा बाहेक अन्य कार्यक्रमको लागि निरीक्षण शुल्क बुझाएका संस्थालाई १५ दिनभित्र अद्यावधिक गर्न र कार्यक्रम सञ्चालन गर्न नसक्नेलाई निरीक्षण शुल्क फिर्ता लिन सक्ने गरी २०७६।७।२२ मा सूचना प्रकाशन गरेको छ ।

परिषदमा अन्तिम स्वीकृतिका लागि २०६९ भन्दा अगाडि सिफारिस भएका २९ शैक्षिक संस्थाको सम्बन्धमा राष्ट्रिय चिकित्सा आयोगले २०७६।६।१४ मा प्रक्रिया अगाडि बढाउन निर्देशन दिए पनि स्वीकृति र सम्बन्धन दिएको छैन । यथासमयमा उपयुक्त निर्णय लिनुपर्दछ ।

१५. **प्रतिवेदन** - उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले रु.१ करोड ४४ लाख खर्च गरी तयार गरेको अध्ययन प्रतिवेदन २०७५।९।२२ मा र जनशक्ति प्रक्षेपण तथा मानव संशाधन विकास योजना तर्जुमा कार्यदलले रु.१ करोड १ लाख खर्च गरी तयार गरेको अध्ययन प्रतिवेदन २०७६।३।१६ प्रधानमन्त्रीसमक्ष पेस भएकोमा प्रतिवेदन सार्वजनिक भएको छैन । ती अध्ययन प्रतिवेदन सार्वजनिक गरी सुझावहरु कार्यान्वयन गर्नुपर्दछ ।

१६. **निःशुल्क शिक्षा** - अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने व्यवस्था छ । यो वर्ष राष्ट्रिय परीक्षा बोर्डले रजिष्ट्रेसन, परिक्षा, प्रमाणपत्रलगायत शीर्षकमा विद्यार्थीबाट रु.१ अर्ब १३ करोड ५ लाख ३१ हजार शुल्क असुल गरेको देखियो । निःशुल्क शिक्षा उपलब्ध गराउने कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

१७. **परम्परागत विद्यालयको पूर्वाधार** - शिक्षा नियमावली, २०५९ को नियम ४ मा विद्यालयको पूर्वाधार र आवश्यक शिक्षकको व्यवस्था गर्नुपर्ने उल्लेख छ । वैदिक दर्शनमा आधारित पराम्परागत ३६ माध्यमिक विद्यालय मध्ये १९ मदरसा, १५ गुरुकुल र २ गोन्पा रहेका छन् । ती विद्यालयमा ७० हजार ४५६ विद्यार्थी अध्ययनरत रहेकोमा भौतिक पूर्वाधार, शिक्षकको व्यवस्था एवं सेवा सुविधामा न्यून अनुदान दिइएको छ । सूचना प्रविधिको युगमा समेत संस्कृत भाषाको महत्व रहेको सन्दर्भमा यस प्रकारको शिक्षाको विकास र विस्तारमा सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्दछ ।

१८. **विद्यालयको भौतिक पूर्वाधार** - शिक्षा नियमावली, २०५९ को नियम ४ अनुसार विद्यालय सञ्चालनको लागि भौतिक पूर्वाधारको अवस्था पर्याप्त हुनुपर्दछ । फ्ल्यास प्रतिवेदन, २०७४ अनुसार इन्टरनेट सुविधा पुगेका विद्यालय १३ प्रतिशत आवश्यक कम्प्युटरको व्यवस्था भएको विद्यालय संख्या १२ प्रतिशत, बिजुली सुविधा पुगेका विद्यालय ३५ प्रतिशत, पानीको सुविधा पुगेका विद्यालय ८२ प्रतिशत, प्रयोगयोग्य कक्षा कोठा भएका विद्यालय ७२ प्रतिशत, पक्की भवन भएका ५० प्रतिशत, छात्रामैत्री शौचालय भएका विद्यालय ७१ प्रतिशत र सामान्य शौचालयको प्रबन्ध भएका विद्यालय ८४ प्रतिशत रहेकोले विद्यालय संख्या बढेको भए पनि विद्यालयको भौतिक पूर्वाधारको अवस्था कमजोर देखिन्छ । विद्यालयको पूर्वाधारमा ठूलो लगानीको आवश्यकता रहेको छ ।

१९. **विद्यालय शिक्षक व्यवस्था** - शिक्षा नियमावली, २०५९ को नियम ९२ मा शिक्षक विद्यार्थीको अनुपात र योग्यता समेत तोकेको छ । देशका अधिकांश विद्यालयमा योग्यता प्राप्त विषय शिक्षक ज्यादै न्यून रहेको देखिन्छ । स्वीकृत दरबन्दीको आधारमा शिक्षकहरुको अवस्था देहायनुसार रहेको छः

| क्र सं | तह | आवश्यक शिक्षक | कार्यरत शिक्षक | अपुग हुने शिक्षक | दरबन्दीमा शिक्षक नभएका विद्यालय | दरबन्दीमा १ मात्र शिक्षक भएका विद्यालय | दरबन्दी अनुसार शिक्षक भएका विद्यालय |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत (प्राथमिक) | १०३५०२ | १००६८५ | २८१७ | १४८१ | २४०४ | ५३०८ |
| २ | आधारभूत (निम्न माध्यमिक) | ५०३९१ | २५६८७ | २४७०४ | १०७४ | १३५७ | ५३५७ |
| ३ | माध्यमिक | ४३०१२ | १९५१७ | २३४९५ | ५०७ | २०२१ | २८४७ |

१९.१ उक्त तथ्याङ्क अनुसार प्राथमिक तहमा नपुग शिक्षक २८१७ (२.७२ प्रतिशत), निम्नमाध्यमिक तहमा ४९.०२ प्रतिशत र माध्यमिक तहमा ५४.६२ प्रतिशत शिक्षक अपुग हुने देखिएको छ ।

१९.२ माध्यमिक विद्यालय ६ हजार ५०१ मध्ये ७१ मा विज्ञान, गणित र अंग्रेजी विषयका, १०२ मा गणित र अंग्रेजी विषयका, १०४ मा विज्ञान र अंग्रेजी विषयका मात्र शिक्षक रहेको देखिन्छ । कुल शिक्षक दरबन्दी न्यून हुनुका साथै विषयगत शिक्षकको अवस्था झनै न्यून रहेको छ । यसैगरी १ जना पनि शिक्षक दरबन्दी नभएका प्राथमिक विद्यालय १४८१, निम्न माध्यमिक विद्यालय १०७४ र माध्यमिक विद्यालय ५०७ रहेका छन् । एकजना मात्र शिक्षक दरबन्दी भएका प्राथमिक विद्यालय २ हजार ४०४, नि.मा.वि. १ हजार ३५७ र मा.वि. २ हजार २१ रहेका छन् । दरबन्दी नरहेका विद्यालयले राहत कोटा र स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गरी सञ्चालन गरेको देखिन्छ । शिक्षक दरबन्दी पुनः वितरण सुझाव कार्यदल २०७५ को प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस भए पनि कार्यान्वयन भएको छैन ।

२०. **शिक्षक र विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ मा शिक्षक र विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ ।

| प्रदेश | प्रदेशगत विद्यार्थी र शिक्षकको अनुपात | | | | | |
|---|---|---|---|---|---|---|
| | कक्षा १-५ | | कक्षा ६-८ | | कक्षा ९-१० | |
| | २०७१ | २०७५ | २०७१ | २०७५ | २०७१ | २०७५ |
| प्रदेश नं. १ | १९ | १५ | ३३ | २९ | ३५ | ३५ |
| प्रदेश नं. २ | ५७ | ३७ | ८१ | ६८ | ५१ | ५५ |
| वाग्मती | १७ | १४ | २३ | २६ | ३० | ३२ |
| गण्डकी | १३ | ११ | २६ | २४ | २६ | २८ |
| प्रदेश नं. ५ | २४ | २० | ४० | ३८ | ४० | ४३ |
| कर्णाली | ३१ | २७ | ५५ | ४३ | ५३ | ५६ |
| सुदूरपश्चिम | २५ | २१ | ४२ | ३६ | ४५ | ५० |
| **जम्मा औसत** | २३ | १९ | ३५ | ३४ | ३७ | ४० |

२०.१ फ्ल्यास प्रतिवेदनअनुसार शिक्षक विद्यार्थी अनुपात कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयमा औसतमा हिमालमा २१, पहाडमा २० र तराईमा ३२ रहेको, कक्षा ६ देखि ८ सम्मको विद्यालयमा क्रमशः ४४, ४७ र ६४ रहेको र कक्षा ९ देखि १० सम्म सञ्चालन भएको विद्यालयमा क्रमशः ३३, ३५ र ४९ रहेको छ ।

२०.२ प्रदेशगत विद्यार्थी र शिक्षकको अनुपात सबभन्दा कम गण्डकी प्रदेशमा आधारभूत तहको विद्यालय कक्षा १-५ मा ११, कक्षा ६-८ मा २४ र माध्यमिक तह कक्षा ९-१० मा २८ रहेको छ भने सबभन्दा बढी प्रदेश नं. २ मा क्रमशः ३७, ६८ र ५५ रहेको छ ।

शिक्षक दरबन्दीको पुनर्वितरण सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलले पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ ।

२१. **पूर्व प्राथमिक सहजकर्ता तथा विद्यालय कर्मचारी -** सर्वोच्च अदालतले २०६६।१०।२३ मा पूर्व प्राथमिक तहका बालबालिकालाई अध्यापन गराउन नियुक्त गरिएका सहजकर्ता र विद्यालय कर्मचारीको सेवा सुविधा सम्बन्धी कानुन निर्माण गर्न आदेश दिएकोमा मन्त्रालयले कार्यान्वयन गरेको छैन । पूर्व प्राथमिक तहमा करिब ३८ हजार सहजकर्ता कार्यरत रहेको देखिएको छ भने विद्यालय कर्मचारीको तथ्याङ्क प्राप्त भएन । सहजकर्ता तथा विद्यालय कर्मचारीलाई नेपाल सरकारले तोकेको श्रमिकको न्यूनतम पारिश्रमिकभन्दा पनि न्यून सुविधा दिएको, उत्प्रेरणाको कमी, पेशागत सुरक्षाको अभाव, वृत्ति विकासको न्यून अवसर आदि रहेको जानकारी प्राप्त भएको छ । सर्वोच्च अदालतको आदेशानुसार सेवा सुविधासम्बन्धी कानुनी व्यवस्था गर्नुपर्दछ ।

२२. **उच्च शिक्षा -** हाल देशमा ११ विश्वविद्यालय तथा विश्वविद्यालय सरहका ६ स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् । यसका अतिरिक्त मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, मदन भण्डारी प्राद्यौगिक विश्वविद्यालय र विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयको विस्तृत परियोजना प्रतिवेदन तयार भई विश्वविद्यालयको विधेयक संसदमा दर्ता भएको जानकारी प्राप्त भएको छ ।

सञ्चालनमा रहेका ११ विश्वविद्यालयमा ७९.७ प्रतिशत विद्यार्थीले साधारण विषयहरु अध्ययन गर्दछन् । तीमध्ये व्यवस्थापन ४२.२५, शिक्षामा २४.८३, मानविकी तथा समाजशास्त्रमा १०.७४,

कानुनमा १.७१, संस्कृतमा ०.०८ प्रतिशत र बौद्ध दर्शन अध्ययनमा ०.०५ प्रतिशत विद्यार्थी अध्ययनरत रहेका छन् ।

सबै विश्वविद्यालय र ६ स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्राविधिक विषयमा २०.३ प्रतिशत विद्यार्थी अध्ययनरत छन । तीमध्ये विज्ञान तथा प्रविधितर्फ ९.७८, इञ्जिनिरिङतर्फ ४.६९, चिकित्सा शिक्षातर्फ ५.३४, वन विज्ञानतर्फ ०.३४ र कृषि तथा पशु विज्ञानतर्फ ०.००८ प्रतिशत विद्यार्थी अध्ययनरत छन् । विज्ञानसँग साक्षर संख्या ८ प्रतिशत रहेको र यो संख्या ६० प्रतिशत पुर्‍याए मात्र देशको विकास सम्भव हुने अध्ययन प्रतिवेदनले औँल्याएका छन । माध्यमिक शिक्षा (कक्षा ११-१२) मा विज्ञान र प्रविधि विषय अध्ययन गर्ने विद्यार्थी १५ प्रतिशत रहेकोले विज्ञान विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी संख्या न्यून रहेको देखन्छ ।

उल्लिखित समस्या समाधानको लागि दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्न मन्त्रालयले ध्यान दिनुपर्ने देखिन्छ ।

२३. **शिक्षा क्षेत्रको बजेट -** मन्त्रालयले तयार गरेको प्रतिवेदनमा कुल बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने मान्यता रहेको उल्लेख गरेको छ । आर्थिक वर्ष २०६७।६८ मा शिक्षा क्षेत्रमा १७.१ प्रतिशत विनियोजन भएकोमा २०७२/७३ मा ११.१ र २०७५/७६ मा १०.२ प्रतिशत रहेको छ । घट्दो लगानीबाट शिक्षा क्षेत्रका समस्या समाधान गर्न चुनौतीपूर्ण रहेको देखिएको छ । यो वर्ष विनियोजित बजेटमध्ये शिक्षा तथा मानव स्रोत विकास केन्द्रले चालुतर्फ ४४.३५ प्रतिशत र कार्यक्रमतर्फ ४२ प्रतिशत मात्र खर्च गरेको छ । सशर्त अनुदान निकासा दिएकोमध्ये १० निकायमा रु.५ अर्ब २९ करोड १३ लाख मौज्दात रहेकोले प्राप्त स्रोतको पूर्ण परिचालन हुन नसकेको देखिन्छ ।

२४. **संस्थागत विद्यालय -** शिक्षा नियमावली, २०५९ को नियम १०५ मा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुले नेपाल सरकारले निर्धारण गरे अनुसार सेवा सुविधा पाउने व्यवस्था छ । नेपालमा पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहमा १५ हजार ४६० संस्थागत विद्यालय रहेका छन । ती विद्यालयमा २१ लाख ३१ हजार विद्यार्थी अध्ययनरत छन् भने करिब ९० हजार शिक्षक रहेका छन् । आधारभूत तहमा १३ लाख ६८ हजार ६२० विद्यार्थी अध्ययन गर्दछन् । नेपाल सरकारले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क हुने कानुनी व्यवस्था गरेको छ । संस्थागत विद्यालयमा कार्यरत शिक्षकमध्ये साधन स्रोत न्यून भएका विद्यालयहरुले नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत उपलब्ध नगराएको स्थिति छ । पारिश्रमिक बाहेक अन्य सेवा सुविधा र सेवाको सुरक्षा पनि जोखिमपूर्ण छ । यसतर्फ मन्त्रालयको ध्यान जानुपर्ने देखिन्छ ।

२५. **बढी शुल्क -** मन्त्रिपरिषद्को २०७२।५।३१ को निर्णयानुसार चिकित्साशास्त्रअन्तर्गत स्नातक तह पूरा गर्न मेडिकलतर्फ काठमाडौं उपत्यकाभित्र रु.३६ लाख ५० हजार र उपत्यका बाहिर रु.४० लाख ४२ हजार तथा दन्ततर्फ रु.१८ लाख ३० हजार शुल्क तोकिएको छ । तर पोखराको १, ललितपुरको १ र भरतपुरको १ मेडिकल कलेजले तोकिएकोभन्दा बढी रकम असुल गरेको जानकारी प्राप्त भएको छ । नेपाली सेनाबाट सञ्चालित मेडिकल कलेजले रु.३८ लाख ५० हजार शुल्क लिई भर्ना गरे पनि पुनः रु.४२ लाख ८२ हजार शुल्क लाग्ने उल्लेख गरी थप रकम माग गरेको जानकारी प्राप्त भएको छ । मन्त्रालयले बढी लिएको शुल्क १५ दिनभित्र समायोजन वा फिर्ता नगरेमा प्रमाण सहित जिल्ला प्रशासन कार्यालयमा जान सूचना जारी गरेको देखियो । संस्थागत रुपमा नै बढी शुल्क असुल गरेकोमा व्यक्तिगत रुपले शुल्क फिर्ता गराउन सक्ने अवस्था नदेखिएकोले सरकारकै अग्रसरतामा बढी शुल्क फिर्ता दिलाउनुपर्ने देखियो ।

२६. **गुणस्तर, उपलब्धि र नतिजा -** शिक्षा ऐन, २०२८ को दफा ७ख मा विद्यालयको गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । कुल विद्यालय ३५ हजार ६०१ मध्ये विगत ७ वर्षमा ३ हजार ५९१ माध्यमिक विद्यालयको गुणस्तर परीक्षण गरेको छ । विद्यार्थीको उपलब्धिको परीक्षण प्रतिवेदनमा कक्षा ५ को सिकाइ उद्देश्य हासिल गर्न नसक्ने विद्यार्थीको संख्या ३२ प्रतिशत, न्यूनस्तर हासिल गर्नेको संख्या ४० प्रतिशत र उच्चस्तर भएका ४ प्रतिशत रहेको छ। कक्षा ८ को सिकाइ उपलब्धि अति न्यून र न्यूनस्तर भएका १५ प्रतिशत, सामान्य र मध्यमस्तरसम्म सिकाइस्तर भएका विद्यार्थी संख्या ७० प्रतिशत तथा उत्तम र अति उत्तमस्तर भएका १५ प्रतिशत रहेको पाइयो । त्यस्तै १ हजार ९६९ विद्यालयको गुणस्तर परीक्षण गरेकोमा ३९ प्रतिशतसम्म अङ्क ल्याउनेको संख्या १७ र ४० देखि ६९ प्रतिशतसम्म अङ्क ल्याउने संख्या १ हजार ६४४ (८३.५८ प्रतिशत) र ९० प्रतिशतदेखि माथि ल्याउने १ विद्यालय मात्र देखिएको छ । यसैगरी २६ विद्यालयको गुणस्तर परीक्षण गर्दा ५० प्रतिशतभन्दा कम अङ्क ल्याउने ४, ५० देखि ६५ प्रतिशत अङ्क ल्याउने १०, ६६ देखि ७९ प्रतिशत ल्याउने ८ र ८० देखि ९० सम्म अङ्क ल्याउने २ विद्यालय रहेका छन् ।

विद्यालयको गुणस्तर परीक्षण ज्यादै न्यून संख्यामा गरेको र सिकाई उपलब्धिस्तर कमजोर रहेको देखिन्छ । प्राप्त नतिजा सम्बोधन हुनेगरी सुधार ल्याउन रणनीति, कार्यनीति र कार्यक्रममा पुनरावलोकन हुनुपर्दछ ।

२७. **प्रयोगशाला जोखिम भत्ता -** प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ अनुसार कर्मचारीहरुलाई तलबको २५ प्रतिशत, निवृत्तिभरण तथा उपदानमा २५ प्रतिशत, प्रयोगशालामा काम गरेको कारण बिरामी परेकोमा रु.१० लाखसम्म थप उपचार खर्च पाउने र प्रयोगशालामा काम गर्दा गर्दै दुर्घटनामा परी मृत्यु भएमा निजको परिवारलाई क्षतिपूर्ति बापत एकमुष्ट १० लाख दिने व्यवस्था छ । निर्देशिका स्वीकृत भएको ४ वर्ष व्यतित भइसक्दा पनि विश्वविद्यालय र अन्तर्गत अस्पतालको प्रयोगशालाको पहिचान, अभिलेखीकरण र सुविधा दिएको छैन । निजीस्तरमा सञ्चालन हुने स्वास्थ्य लगायत अन्य प्रयोगशालाको लागि समेत मान्य हुने गरी निर्देशिकालाई परिमार्जनका साथै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखियो ।

२८. **पुस्तकालय -** पुस्तकालयको प्रभावकारी व्यवस्थापन गर्न पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४ र पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ जारी भएको छ । राष्ट्रिय पुस्तकालय, शैक्षिक पुस्तकालय, विशेष पुस्तकालय, सार्वजनिक/सामुदायिक पुस्तकालय, निजी गुठी एवं प्रतिष्ठानबाट सञ्चालित पुस्तकालयसमेत करिब १ हजार पुस्तकालय सञ्चालनमा रहेका छन् । पुस्तकालय सञ्चालनमा रहेका समस्या समाधान गर्न २०७२ सालमा गठित कार्यदलले पेस गरेको प्रतिवेदन हालसम्म सार्वजनिक नभएकोले प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

२९. **शैक्षिक परामर्श सेवा -** शैक्षिक परामर्श तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था अनुसार १ हजार ४७३ शैक्षिक परामर्श सेवा प्रदायक कम्पनी दर्ता भएकोमा संघ र प्रदेशको क्षेत्राधिकार स्पष्टता नभएकोले २०७५।४।१४ को सचिवस्तरीय निर्णयबाट नवीकरण र नयाँ दर्ता स्थगित भएको छ । ४९७ परामर्शदाताले नवीकरणको माग गरेकोमा निवेदन दर्ताको निस्साको आधारमा सेवा सञ्चालन गरेको देखिन्छ । वाग्मती प्रदेशले केही परामर्शदाता दर्ता गरे तापनि हाल दर्ता गर्न रोक लगाएको छ । यस सम्बन्धमा उपयुक्त निर्णय गरी देखिएको अन्यौलताको अन्त्य हुनुपर्दछ ।

३०. **छात्रा शिक्षा कोष -** छात्रा शिक्षा कोष कार्यान्वयन कार्यविधि, २०६२ बमोजिम सामुदायिक विद्यालयका ११/१२ कक्षा र विश्वविद्यालय तहमा अध्ययन गर्ने जेहेन्दार तथा गरीबलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ । यस कोषमा खर्च नगरी हालसम्म रु.४६ करोड ८६ लाख ६९ हजार मौज्दात रहेकोले उद्देश्य बमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्दछ ।

३१. **अनुदान निकासा** - अनुदानसम्बन्धी नीतिबेगर मन्त्रालयले विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, मेडिकल कलेज पूर्वाधार विकास समितिलगायत ९ निकायलाई रु.१५ अर्ब ५५ करोड ८ लाख सशर्त अनुदान उपलब्ध गराएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ बमोजिम अनुदान उपयोगको अनुगमन नभएकोले अनुगमन हुनुपर्दछ ।

विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय परीक्षा बोर्डसमेत ८ निकायमा सशर्त अनुदान स्वरुप निकासा दिएको रु.५ अर्ब २९ करोड १२ लाख ९७ हजार खर्च नभई मौज्दात देखिएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

३२. **पदक खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार मालसामान र ज्यालाको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । शिक्षा दिवस २०७५ मा ३९१ व्यक्तिलाई ५ प्रकारका पदक गत वर्ष खरिद गरेको मूल्यको आधारमा एकमुष्ट लागत अनुमान तयार गरी एक निजी कम्पनीबाट रु.४७ लाख ६० हजारमा खरिद गरेको देखियो । पदकमा प्रयोग हुने सुन, चाँदी आदिको विश्लेषण नगरी तयार गरेको लागत अनुमान यथार्थपरक रहेको सुनिश्चित हुने देखिएन । चाँदीमा सुनको लेपन भएको उक्त पदकमा स्वीकृत स्पेसिफिकेसनअनुसार चाँदी १४ हजार ५१३ ग्रामको रु.९ लाख ६४ हजार र सुन १२४.९७ ग्रामको रु.६ लाख २४ हजारसमेत सामानको मूल्य रु.१५ लाख ८९ हजार हुने देखिएकोले ज्यालामा मात्र रु.३१ लाख ७१ हजार लागत परेको देखिन्छ । उक्त खरिद कार्य यथार्थपरक र मितव्ययी देखिएन ।

३३. **अध्ययन अनुसन्धान** - देशमा हाल ११ विश्वविद्यालय सञ्चालनमा रहेका छन् । विश्वविद्यालयको कार्य क्षेत्रमा अर्थ व्यवस्था, उत्पादन, रोजगार, आय आर्जन, सामाजिक विकास, प्रविधि विकासलगायतका विषयहरुमा विशेष अध्ययन, अनुसन्धान समेत गरी नयाँ ज्ञान, प्रविधि र सीपको विकास गर्नु समेत रहेको छ । सञ्चालनमा रहेका विश्वविद्यालयहरुले राष्ट्रको उन्नति तथा समृद्धिमा सहयोग पुग्ने गरी नयाँ ज्ञान, प्रविधि र सीप विकास हुने गरी अध्ययन अनुसन्धान भएको पाइएन । अतः विश्वविद्यालयहरुले शैक्षिक कार्यक्रमहरुको अलावा अध्ययन अनुसन्धान कार्यमा समेत जोड दिनुपर्ने देखिएको छ ।

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

३४. **प्रगति** - आर्थिक कार्यविधि ऐनमा सम्बन्धित मन्त्री र सचिवले आफ्नो मातहतका आयोजना वा कार्यक्रम तथा बजेट कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा समिक्षा गर्नुपर्ने व्यवस्था छ । केन्द्रको लागि यो वर्ष रु.१ अर्ब ६६ करोड १७ लाख ६२ हजार बजेट व्यवस्था भएकोमा रु.७३ करोड ७० लाख ६१ हजार (४४.३५ प्रतिशत) खर्च भएको छ । सोमध्ये तालिकामा उल्लिखित ३ कार्यक्रममा वित्तीय प्रगति १४.८९ देखि ४२.५७ प्रतिशत औसतमा ४२.३२ प्रतिशत र भौतिक प्रगति ३५ देखि ५३ प्रतिशत भएको देखिन्छ । विद्यालय क्षेत्र विकास कार्यक्रमतर्फ रु.३८.करोड ६ लाख ८२ हजारको १८ क्रियाकलाप सञ्चालन नगरेको, नमूना विद्यालयको गुरुयोजना तयारी गर्न रु.५ करोड व्यवस्था भएकोमा बैठक सञ्चालनमा रु.६ लाख ६३ हजार (१.३३ प्रतिशत) र टेलिसेण्टर भवन निर्माण गर्न रु.१ करोड ५० लाख व्यवस्था भएकोमा परामर्श सेवामा रु.४ लाख ९५ हजार (३.३ प्रतिशत) खर्च गरेको छ । ती कार्यक्रमको प्रगति कम भएको सम्बन्धमा समीक्षा गरेको पाइएन । लक्षित

| कार्यक्रम | बजेट (रु हजारमा) | खर्च (रु हजारमा) | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|
| सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम | ९६९० | १४४३ | १४.८९ | ३५ |
| पढाई सीप प्रवर्धन कार्यक्रम | ५४३५ | १२७६ | २३.४९ | ३६ |
| विद्यालय शिक्षा विकास कार्यक्रम | १४५१६८९ | ६१७९८६ | ४२.५७ | ५३ |
| जम्मा | १४६६८१४ | ६२०७०५ | ४२.३२ | |

कार्यक्रम सञ्चालन नगर्ने सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई लक्ष्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३५. **विद्यालय र विद्यार्थी अनुपात -** यो वर्षको तथ्याङ्कअनुसार पूर्व प्राथमिक, आधारभूत र माध्यमिक विद्यालय ८० हजार ९९१ मध्ये सामुदायिक ७९, संस्थागत १९ र धार्मिक २ प्रतिशत रहेको छ । ती विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या ७९ लाख ७७ हजार २९५ मध्ये सामुदायिक, संस्थागत र धार्मिक विद्यालय क्रमशः ७२, २७ र १ प्रतिशत अध्यनरत रहेका छन् । ती विद्यालयमा अध्ययनरत विद्यार्थी र विद्यालय अनुपात देहायअनुसार छः

| विवरण | विद्यालयको प्रकार | बाल विकास/पूर्व प्राथमिक विद्यालय | आधारभूत विद्यालय (कक्षा १-८) | माध्यमिक विद्यालय (कक्षा ९-१२) | कुल जम्मा |
|---|---|---|---|---|---|
| **विद्यालयको संख्या** | सामुदायिक | २९६४५ | २७६९० | ६५८७ | ६३९२२ |
| | संस्थागत | ५८९६ | ६०३० | ३५३४ | १५४६० |
| | धार्मिक | ४५२ | ११२१ | ३६ | १६०९ |
| | **जम्मा** | **३५९९३** | **३४८४१** | **१०१५७** | **८०९९१** |
| | **सामुदायिकको प्रतिशत** | **८२** | **७९** | **६५** | **७९** |
| | **संस्थागतको प्रतिशत** | **१६** | **१७** | **३५** | **१९** |
| **विद्यार्थी संख्या** | सामुदायिक | ४९८८४९ | ४१२४४७८ | ११५२६७४ | ५७७६००१ |
| | संस्थागत | ४६७४८६ | १३६८६२० | २९४७३२ | २१३०८३८ |
| | धार्मिक | ७५६५ | ६२२८१ | ६१० | ७०४५६ |
| | **जम्मा** | **९७३९००** | **५५५५३७९** | **१४४८०१६** | **७९७७२९५** |
| | **सामुदायिकको प्रतिशत** | **५१** | **७४** | **८०** | **७२** |
| | **संस्थागतको प्रतिशत** | **४८** | **२५** | **२०** | **२७** |
| **प्रति विद्यालय विद्यार्थीको अनुपात** | सामुदायिक | १७ | १४९ | १७५ | ९० |
| | संस्थागत | ७९ | २२७ | ८३ | १३८ |
| | धार्मिक | १७ | ५६ | १७ | ४४ |

सबै तहको धार्मिक विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या प्रति विद्यालय पूर्व प्राथमिकमा १७, आधारभूतमा १४९ र माध्यमिकमा १७५ र औसतमा ९० रहेको छ भने संस्थागत विद्यालयमा क्रमशः ७९, २२७ र ८३ र औसतमा १३८ रहेको छ । पूर्व प्राथमिक र आधारभूत विद्यालयमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम रहेको छ भने माध्यमिक विद्यालयमा संस्थागत विद्यालयमा कम रहेको देखिन्छ । भौगोलिक क्षेत्र र विद्यार्थी संख्याको आधारमा विद्यालयको व्यवस्थापन गर्नुपर्दछ ।

३६. **विद्यार्थी भर्ना -** सबै तहको शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । बजेट बक्तव्यमा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गरी सबै बालबालिकालाई विद्यालय भर्ना गर्न अभियान चलाउने कार्यक्रम रहेको थियो । विगत ५ वर्षको विद्यार्थी भर्नाको तथ्याङ्कअनुसार आधारभूत तहमा वर्षेनि कुल विद्यार्थी भर्ना संख्या घट्दै गएको छ । त्यसैगरी २०७२ को तुलनामा २०७६ मा कुल विद्यार्थी ८.३ प्रतिशत घटेकोमा सामुदायिक विद्यालयमा १८ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा ४३ प्रतिशतले बढेको देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको अनुपात २०७२ मा ८४ र १६ रहेकोमा २०७५ मा घटेर ७५ र २५ प्रतिशत रहेको छ । शैक्षिक गुणस्तरमा सुधार हुन नसकेकोले सामुदायिक

विद्यालयमा विद्यार्थीको आकर्षण घटेको र संस्थागत विद्यालयमा बढेको कारण सबैलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम सफल हुन सकेको छैन ।

३७. **शैक्षिक गुणस्तर -** सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, शिक्षण सामग्री, दिवा खाजा, विद्यार्थीको निरन्तर मूल्याङ्कन, शिक्षक तालिम, पुस्तकालय तथा सूचना प्रविधिको विकासलगायत कार्यक्रममा वर्षेनि बजेट वृद्धि गरी खर्च गरे तापनि राष्ट्रिय परीक्षा बोर्डबाट लिएको कक्षा १०, ११ र १२ को परीक्षाको नतिजाअनुसार संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर निकै कमजोर देखिएको छ । २०७५ मा कक्षा १० (एसईई) परीक्षामा सम्मिलित परीक्षार्थीमध्ये ए प्लस ग्रेड प्राप्त गर्नेको संख्या सामुदायिक विद्यालयको १६ प्रतिशत र संस्थागत विद्यालयको ८४ प्रतिशत रहेको तथा डी ग्रेड प्राप्त गर्नेको संख्या सामुदायिकको ९७ प्रतिशत र संस्थागतको ३ प्रतिशत रहेको छ । त्यस्तै यो वर्ष कक्षा ११ र १२ को कुल परीक्षार्थीमध्ये ए प्लस प्राप्त गर्ने सामुदायिकको क्रमश ९ र १० प्रतिशत र संस्थागत विद्यालयको क्रमश ९० र ९१ प्रतिशत रहेको छ भने डी ग्रेड प्राप्त गर्ने सामुदायिकको क्रमश ८३ र ८४ प्रतिशत तथा संस्थागतको क्रमश १६ र १७ प्रतिशत रहेको छ ।

सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३८. **विपन्न लक्षित छात्रवृत्ति -** छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्ने उद्देश्यले विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ लागु भएको छ । यो वर्ष छात्रवृत्ति वितरण गर्न रु.९८ करोड ५१ लाख ४ हजार बजेट व्यवस्था भएकोमा विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिलाई रु.४८ करोड २७ लाख १२ हजार निकासा दिएको छ ।

३८.१ वित्तीय सहयोग कोष विकास समितिसँग भएको सम्झौतामा खर्च नभई बाँकी रहेको रकम फिर्ता पठाउनुपर्ने उल्लेख छ । केन्द्रले समितिलाई उपलब्ध गराएको रकममध्ये खर्च नभएको रु.२४ करोड ७९ लाख ९२ हजार फिर्ता गरेको छैन ।

३८.२ विपन्न छात्रवृत्तिको लागि यो वर्ष कक्षा ८, १० र ११ मा अध्ययनरत ३ लाख १० हजार ९७६ जनाले आवेदन दिएकोमा ५५ हजार ९४१ छनौट भए पनि १२ हजार ७२५ लाई वितरण गरेको छ । छनौट भएकामध्ये दुर्गम जिल्लाबाट न्यून आवेदन परेको देखिन्छ । भौगोलिक अवस्था, विद्यार्थी संख्या, विपन्न वर्ग पहिचानको आधारमा छात्रवृत्ति वितरण गर्नुपर्दछ ।

३९. **संस्थागत विद्यालयको शुल्क अनुगमन -** संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ मा सम्बन्धित निकायबाट स्वीकृति लिई शुल्क निर्धारण गर्नुपर्ने व्यवस्था छ । संस्थागत विद्यालयले लिएको शुल्क सम्बन्धमा केन्द्र र अन्तर्गत निकायबाट यो वर्ष अनुगमन भएको छैन । संस्थागत विद्यालयले निर्धारण गरेको शुल्क सम्बन्धमा नियमित अनुगमन गरी कानुनविपरीत शुल्क लिने विद्यालयलाई कारबाही गर्नुपर्दछ ।

४०. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । केन्द्रले यो वर्ष ७ परामर्शदाताबाट सेवा प्राप्त गरी रु.४ करोड ६८ लाख १७ हजार भुक्तानी गरेको छ । भूकम्पबाट अति प्रभावित ३१ जिल्ला बाहेकका ४४ जिल्लाको ५०० विद्यालय भवनको मर्मत (रेक्ट्रोफिटिङ्ग) गर्ने कार्यक्रम रहेकोमा यो वर्ष १३६ विद्यालयको डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य ४ परामर्शदाताबाट गराई रु.२ करोड ८६ लाख २६ हजार खर्च गरेको छ । उक्त कार्यको लागि स्वीकृत लागत अनुमानमा पारिश्रमिकमा २६ प्रतिशत, पकेट खर्चमा ५० प्रतिशत, प्रतिवेदन खर्चमा २२ प्रतिशत र व्यवस्थापन खर्चमा २ प्रतिशत रकम समावेश गरेको छ । परामर्शदाताको पारिश्रमिकमा कम र पकेट खर्चमा बढी रकम समावेश गरी तयार गरेको उक्त लागत अनुमान यथार्थपरक देखिँदैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा परामर्श सेवा प्राप्त गर्न खुला रुपमा आशयपत्र माग गर्ने व्यवस्था रहेको छ । यो वर्ष डिस्बर्समेण्ट लिंक्ड इण्डिकेटर (डिएलआई) प्रमाणीकरण र शैक्षिक व्यवस्थापन सूचना प्रणाली (ईएमआईएस) प्रमाणीकरणको लागि रु.२ करोड ५० लाख बजेट व्यवस्था भएको छ । केन्द्रले खुला रुपमा आशय पत्र माग नगरी त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सेरिड र काठमाडौं विश्वविद्यालयबाट सोझै प्रस्ताव माग गरी सेरिडसँग रु.२ करोड ३९ लाख ९८ हजारको सम्झौता गरेकोमा रु.१ करोड ७३ लाख ३८ हजार भुक्तानी भएको छ । परामर्श सेवा खरिदको लागत अनुमान तयार नगरी सोझै खरिद गरेको नियम सम्मत देखिएन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु.१ लाखभन्दा बढीको परामर्श सेवा खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने र आयकर ऐन, २०५८ को दफा ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता नभएको परामर्शदाताबाट सेवा खरिद गरेमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । केन्द्रले मूल्य अभिवृद्धि करमा दर्ता नभएको त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सेरिडबाट सेवा लिई रु.१ करोड ७३ लाख ३८ हजार भुक्तानी गरेको र उक्त भुक्तानीमा अग्रिम कर कट्टीसमेत गरेको छैन ।

४१. **जिन्सी सामानको व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ मा सरकारी सम्पतिको जिम्मा, लगत र संरक्षणसम्बन्धी व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयहरु शिक्षा विकास तथा समन्वय इकाईमा परिणत गरेपछि ५ देखि ९ जनासम्म कर्मचारी दरबन्दी स्वीकृत गरेको छ । साविकको कार्यालयमा जिन्सी सामानहरु बढी मौज्दात रहेको देखिन्छ । उदाहरणका लागि डेस्कटप र ल्यापटप कम्प्युटरहरु दाङमा ४०, बागलुङमा ३२, तनहुँमा ४९, काभ्रेमा ४८, मकवानपुरमा ४९, अर्घाखाँचीमा ४३, सिरहामा ३७, स्याङ्जामा ३०, प्रिण्टरहरु ७ देखि १९ थानसम्म र फर्निचरहरु धेरै संख्यामा मौज्दात देखिन्छ । यसरी कार्यालयमा काम गर्ने कर्मचारीहरु कम रहेको अवस्थामा मालसामानको मौज्दात बढी रहेकोले ती सामानको उचित व्यवस्थापन हुन सकेको छैन ।

उपयोगविहीन अवस्थामा रहेका चालु हालतको जिन्सी सामान अन्य सरकारी निकायमा हस्तान्तरण गर्ने र चालु हालतमा नरहेका सामान लिलाम बिक्री गरी जिन्सी सामानको व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

४२. **भुक्तानीमा कर कट्टी -** आयकर ऐन, २०५८ अनुसार अवकाश भुक्तानीमा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तु र काभ्रेपलाञ्चोकले ११७ जना शिक्षकहरुलाई अवकाश सुविधा भुक्तानी गर्दा रु.१० लाख ५४ हजार कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

## व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

४३. **तालिम सञ्चालन -** दातृ संस्थासँग भएको सम्झौताअनुसार १ लाख १५ हजार युवालाई छोटो अवधिको व्यावसायिक तालिम प्रदान गरी रोजगार गराएको प्रमाणीकरण भएपछि तालिम प्रदायक संस्थाहरुलाई भुक्तानी दिने उल्लेख छ । यो वर्ष २१ हजार २४२ लाई छोटो अवधिको तालिम प्रदान गर्न १६४ संस्थासँग रु.९३ करोड ३१ लख ५८ हजारको सम्झौता भएको छ । यो वर्ष दोस्रो किस्तासम्म भुक्तानी हुने गरी सम्झौता भएकोमा २ संस्थालाई दोस्रो किस्ता भुक्तानी दिएको समेत रु.९ करोड ६१ लख ८ हजार भुक्तानी गरेको छ । गत वर्ष सम्झौता भएका ४ संस्थाको सम्झौता अवधि समाप्त भए तापनि कार्य सम्पन्न गरेका छैनन् । सम्झौताअनुसार तोकिएको अवधिमा कार्य सम्पन्न गर्नुपर्दछ ।

४४. **सेवा प्रदायक संस्था छनौट -** परियोजना कार्यान्वयन निर्देशिकामा दुर्गमका १४ जिल्लामा तालिम सञ्चालन गर्ने संस्थालाई १० प्रतिशत बढी थप प्रोत्साहन खर्च दिने व्यवस्था गरे तापनि यस वर्ष दुर्गम क्षेत्रका ६ जिल्लाका ६४० जनाले मात्र तालिम प्राप्त गरेका छन् । परियोजनाले तालिम सञ्चालन गर्ने जिल्ला तोकी

संस्था छनौट गर्नुपर्नेमा नगरेको कारण दुर्गम स्थानमा लक्ष्यअनुसार तालिम सञ्चालन हुन सकेको छैन । दुर्गम र पहँच नभएका स्थानका युवाहरुलाई लक्षित गरी तालिम प्रदान गर्नुपर्दछ ।

४५. **शैक्षिक संस्थालाई अनुदान -** परियोजना कार्यान्वयन निर्देशिकामा सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था छ । प्राविधिक शिक्षाको गुणस्तर सुधारका लागि आयोजनाले प्रस्ताव आव्हान गरी छनौट भएका ६० शैक्षिक संस्थालाई रु.१ करोड ५० लाखका दरले अनुदान दिने गरी सम्झौता भएको छ । परियोजनाले सम्झौता रकमको १० प्रतिशतले हुने रु.९ करोड उपलब्ध गराएकोमा अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

४६. **नमूना छनौट -** परियोजना कार्यान्वयन मार्गदर्शन र तालिम प्रदायक संस्थासँग भएको सम्झौताअनुसार तालिम प्राप्त गर्ने व्यक्तिले ६ महिना रोजगारी प्राप्त गरेको सुनिश्चित गर्न कम्तीमा ३३ प्रतिशत नमूना छनौट गर्नुपर्ने उल्लेख छ । काठमाडौं उपत्यका बाहिर सञ्चालित तालिम सम्पन्न गर्नेमध्ये ३१.०१ प्रतिशत र उपत्यकाभित्र तालिम सम्पन्न गर्नेमध्ये ३१.६९ प्रतिशतको मात्र नमूना परीक्षण गरेको छ । सम्झौतामा तोकिएको प्रतिशतअनुसार नमूना छनौट गरी रोजगारी तथा आम्दानी प्रमाणीकरण गर्नुपर्दछ ।

४७. **तालिमको प्रभावकारिता -** विश्व बैङ्कसँग भएको सम्झौतामा ५ वर्षको अवधिमा तालिम प्राप्त गरेको कुल संख्यामध्ये ६ महिनाको उपलब्धिमूलक रोजगारी प्राप्त गर्ने संख्या पहिलो र दोस्रो वर्षमा ६५ प्रतिशत र तेस्रो, चौथो र पाँचौ वर्षमा ७० प्रतिशत पुग्ने उल्लेख छ । सम्झौताअनुसार परियोजनाले सीप परीक्षणमा सफल भएकाहरुको मात्र उपलब्धिमूलक रोजगारी प्रमाणीकरण गरी ८ हजार ८ सय २९ जनाको भुक्तानी गर्नुपर्नेमा सीप परीक्षणमा असफल भएकालाई समेत ११ हजार १०६ जनाको लागि रु.२० करोड ८४ लाख भुक्तानी दिएको छ । सीप परीक्षणमा असफल प्रशिक्षार्थीलाई समेत नमूना छनौटमा सहभागी गराएको कारण रु.४ करोड २७ लाख २८ हजार बढी व्ययभार परेको छ । सम्झौतामा भएको व्यवस्था कार्यान्यवन गर्नुपर्दछ ।

४८. **तिन महिने रोजगारी प्रमाणीकरण -** तालिम प्रदायक संस्थासँग भएको सम्झौताअनुसार छोटो अवधिको तालिम तथा सीप परीक्षण सम्पन्न भएपछि ३ महिनाको आम्दानी रुजु गरी तेस्रो किस्ता र ६ महिनाको आम्दानी रुजु गरी चौथो किस्ता भुक्तानी दिने व्यवस्था छ । आम्दानी रुजु वा रोजगारी प्रमाणीकरणको विवरणअनुसार छोटो अवधिको तालिममा सहभागीमध्ये उपलब्धिमूलक अपेक्षित रोजगारी प्राप्त गर्ने संख्या ८ हजार ६१० देखिएकोमा ६ महिना रोजगारी प्राप्त गर्ने सहभागीको प्रमाणीकरणअनुसार तीन महिनाको सो संख्या ११ हजार १०२ रहेको भनी एकै पटक तेस्रो र चौथो किस्ता रु.२० करोड ८४ लाख भुक्तानी गर्दा ६ महिना रोजगार प्राप्त गर्नेको संख्या बढी देखाई रु.१ करोड ६२ लाख थप व्ययभार परेको छ ।

# संगठित संस्था, समिति र अन्य संस्था

## राष्ट्रिय परीक्षा बोर्ड

४९. **कर्मचारी व्यवस्थापन -** शिक्षा ऐन, २०२८ मा कक्षा ९ देखि १२ को परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापनसम्बन्धी कार्य बोर्डबाट हुने उल्लेख छ । एसईईतर्फको परीक्षासम्बन्धी कार्य साविकको परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन भएको छ ।

५०. **बैठक खर्च -** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७५ मा कार्यालय समयभित्र भएका बैठकको भत्ता दिन नमिल्नेमा कार्यालय समयावधिमा नै सम्पन्न गर्न सकिने त्रुटि समाधान, पुनर्योग तथा अभिलेख सच्याउने आदि कार्यका लागि कार्यालय समयभन्दा अघिपछि मासिक २२ पटकसम्म बैठक वसी रु.४३ लाख ८५ हजार बैठक भत्ता खर्च लेखेको छ । समितिले १ वा २ जनाको अभिलेख सच्याउन, एक

विषयको पुनर्योग गर्नको लागि पनि पटक पटक बैठक बसेको, बैठकमा बढी आमन्त्रित संख्या राख्ने गरेको देखिएको छ । बैठक भत्तामा मितव्ययिता कायम गर्नुपर्दछ ।

५१. **अक्षरांकन पद्धतिको नतिजा** - बोर्डले माध्यमिक तहको परीक्षाको नतिजा साविकको अङ्कको आधारमा मूल्याङ्कन गर्ने पद्धतिमा परिवर्तन गरी ई देखि ए प्लससम्म ९ तहमा ग्रेडिङ्ग गरी २०७२ देखि अक्षराङ्कन पद्धति अवलम्बन गरेको छ । अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ ले ४० र सोभन्दा माथि ५० प्रतिशतसम्मको सी ग्रेड (स्वीकारयोग्य) उल्लेख गरेपनि विद्यार्थीलाई अनुत्तीर्ण नगरी सिकाइस्तर प्रमाणित गर्ने उद्देश्य राखेको देखिन्छ । अक्षराङ्कन पद्धतिको नतिजा प्रकाशन शुरु भएपश्चात कक्षा ११ को ३ वर्ष र कक्षा १२ को २ वर्षको नतिजा विश्लेषण गर्दा सी र सी प्लस ग्रेड प्राप्त गर्ने विद्यार्थी ५० प्रतिशतभन्दा बढी रहेको छ । बी प्लसदेखि ए प्लससम्मको ग्रेड प्राप्त गर्ने विद्यार्थी ११ देखि १८ प्रतिशत मात्र रहेको छ । कुल परीक्षार्थीमध्ये सरकारी विद्यालयको परीक्षार्थी क्रमशः ५७ र ५४ प्रतिशत रहेका छन् । २०७४ मा कक्षा ११ को परीक्षा दिने परिक्षार्थीभन्दा २०७५ मा कक्षा १२ को परीक्षामा सहभागी परीक्षार्थी १८.७५ प्रतिशतले घटेको र २०७५ को परीक्षार्थीभन्दा २०७६ को कक्षा १२ को परीक्षार्थी १२.३९ प्रतिशतले घटेको छ । यसरी विद्यार्थीको संख्या घट्नुको कारण पहिचान गरी बीचमा छाड्ने दरमा सुधार गर्नुपर्दछ ।

| तह | कक्षा ११ | | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| वर्ष | २०७४ | २०७५ | २०७६ | २०७५ | २०७६ |
| परिक्षार्थी | ३४७७४८ | ३३२८९१ | ३४९६०३ | २९९५७५ | २९११५३ |
| जिपिए | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत |
| $A^+$ | ०.३३ | ०.३३ | ०.६६ | ०.३९ | १.०५ |
| A | ३.२९ | २.६९ | ३.९४ | ३.७५ | ५.५७ |
| $B^+$ | ७.७३ | ७.३६ | ९.२३ | ९.२३ | १०.६७ |
| B | १३.१३ | १४.६४ | १५.६८ | १९.४८ | १९.४१ |
| $C^+$ | २३.१० | २६.०७ | २४.१० | ३०.१४ | २९.६२ |
| C | ३२.२२ | २७.८१ | २५.६४ | २२.१८ | २१.५१ |
| $D^+$ | १२.०९ | १२.४४ | १२.३१ | ७.५९ | ६.७३ |
| D | १.२८ | २.४४ | २.३४ | १.५० | ०.८७ |
| E | ६.८३ | ६.२१ | ६.११ | ५.७५ | ४.५९ |

५२. **उत्तरपुस्तिका खरिद** - विद्यार्थी संख्याको अनुपातमा उत्तरपुस्तिका खपत हुनुपर्दछ । बोर्डले कक्षा ११ र १२ को परीक्षा सञ्चालनको लागि यथार्थ विद्यार्थी संख्याभन्दा १५ प्रतिशत बढी उतरपुस्तिका खरिद गर्ने निर्णय गरेको छ । यो वर्ष उतरपुस्तिका खरिद, खपत र मौज्दातको स्थिति देहाय अनुसार छ :

| उत्तरपुस्तिका | शुरु मौज्दात थान (हजारमा) | खरिद थान (हजारमा) | जम्मा थान (हजारमा) | खपत थान (हजारमा) | मौज्दात (थान हजारमा) | खरिद परमाणमध्ये मौज्तात प्रतिशत |
|---|---|---|---|---|---|---|
| मुल (१६ पेज) | ९१३ | ७२२९ | ८१४२ | ६४८४ | १६५८ | २२.९४ |
| थप (८ पेज) | ५९८ | ४५५६ | ५१५४ | ३९५६ | ११९८ | २६.२९ |
| जम्मा | **१५११** | **११७८५** | **१३२९६** | **१०४४०** | **२८५६** | **२४.२३** |

५२.१ यो वर्ष प्रदेश परीक्षा व्यवस्थापन कार्यालय काठमाडौंअन्तर्गतका ११ जिल्लाको लागि सोही कार्यालयले र अन्य ११ कार्यालयअन्तर्गतका जिल्लाको लागि आवश्यक उतरपुस्तिका बोर्डले खरिद गरेको छ । बोर्डले यो वर्ष परीक्षा फाराम भर्ने कुल परिक्षार्थी संख्यालाई आधार मानी मूल उतरपुस्तिका ५० लाख ८१ हजार र थप उतरपुस्तिका २७ लाख ४५ हजार थान खरिद गरी रु.३ करोड ४१ लाख ९० हजार खर्च गरेको छ । थप परिमाण आवश्यक पर्नाको आधार बेगर भेरिएसन आदेशबाट १५ प्रतिशत थप गरी रु.५१ लाख २८ हजारको मूल उत्तरपुस्तिका ७ लाख ६२ हजार थान र थप उत्तरपुस्तिका ४ लाख १२ हजार थान खरिद गरेको छ । मूल उत्तरपुस्तिका र थप उत्तरपुस्तिकाको मौज्दात अघिल्लो

वर्षको मौज्दातभन्दा क्रमशः ८१.५५ र १००.२८ प्रतिशत बढी रहेको छ भने खरिदको तुलनामा २२.९४ र २६.२९ प्रतिशत रहेको छ ।

५२.२ बोर्डले यो वर्ष ४९ लाख ७३ हजार थान प्रश्नपत्र छपाइ गरेकोमा मूल पुस्तिका ६४ लाख ८४ हजार थान र थप उतरपुस्तिका ३९ लाख ५६ हजार थान खपत देखाएको छ । प्रश्नपत्रभन्दा मूल उतरपुस्तिका १५ लाख ११ हजार थान (३०.३९ प्रतिशत) बढी खपत देखिएको छ । परीक्षा केन्द्रमा पठाएकोमध्ये खर्च भएको र बाँकी मूल तथा थप उत्तरपुस्तिकाको अभिलेख राखी उत्तरपुस्तिकाको परिमाण यकिन गर्नुपर्दछ ।

५३. **माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) को नतिजा -** कक्षा १० को माध्यमिक शिक्षा (एस.ई.ई.) परीक्षामा सरकारी विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीको नतिजा स्थिति निम्नानुसार छ :

| जीपीए (ग्रेड) | वर्ष २०७४ को नतिजा | | | | | | वर्ष २०७५ को नतिजा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षार्थी संख्या | | | जीपीए अनुपात | नतिजा प्रतिशतमा | | परीक्षार्थी संख्या | | | जीपीए अनुपात | नतिजा प्रतिशतमा | |
| | सरकारी | संस्थागत | कुल जम्मा | | सरकारी | संस्थागत | सामुदायिक | संस्थागत | कुल जम्मा | | सरकारी | संस्थागत |
| ३.६ - ४ | २८१५ | १५८६९ | १८६८४ | ४ | १५ | ८५ | २७९२ | १४७८८ | १७५८० | ४ | १६ | ८४ |
| ३.२ - ३.६ | १०९८६ | ३८५२९ | ४९५१५ | ११ | २२ | ७८ | ११२२३ | ३९९१४ | ५११३७ | ११ | २२ | ७८ |
| २.८ - ३.२ | २६०३० | ३४३५० | ६०३८० | १३ | ४३ | ५७ | २६३६६ | ३७३७५ | ६३७४१ | १४ | ४१ | ५९ |
| २.४ - २.८ | ५७१३५ | १९९७३ | ७७१०८ | १७ | ७४ | २६ | ५३७३० | २२८३४ | ७६५६४ | १७ | ७० | ३० |
| २.० - २.४ | ९८८६९ | ७९४६ | १०६८१५ | २३ | ९३ | ७ | ८७४४२ | १०७६५ | ९८२०७ | २२ | ८९ | ११ |
| १.६ - २.० | ९९८२७ | २७०६ | १०२५३३ | २२ | ९७ | ३ | ९०४४५ | ४८६२ | ९५३०७ | २१ | ९५ | ५ |
| ०.८ - १.६० | ४८०४२ | ६२३ | ४८६६५ | १० | ९९ | १ | ४६६५९ | १६११ | ४८२७० | ११ | ९७ | ३ |
| कुल जम्मा | ३४३७०४ | ११९९९६ | ४६३७०० | १०० | ७४ | २६ | ३१८६५७ | १३२१४९ | ४५०८०६ | १०० | ७१ | २९ |

कुल परीक्षार्थीमध्ये २०७४ मा सरकारीतर्फ ७४ र संस्थागततर्फ २६ प्रतिशत रहेकोमा २०७५ मा क्रमशः ७१ प्रतिशत र २९ प्रतिशत रहेको छ । सरकारी विद्यालयमा परीक्षार्थी घटेको छ भने संस्थागत विद्यालयमा बढेको देखिन्छ । त्यसैगरी २०७५ को कुल परीक्षार्थीमध्ये ए र ए प्लस प्राप्त गर्ने १५ प्रतिशत, बी र बी प्लस प्राप्त गर्ने ३१ प्रतिशत, सी र सी प्लस प्राप्त गर्ने ४१ प्रतिशत र सोभन्दा कम जिपिए प्राप्त गर्ने ११ प्रतिशत रहेको छ । उल्लिखित विवरण अनुसार संस्थागत विद्यालयको तुलनामा सरकारी विद्यालयको नतिजा निकै कमजोर देखिएको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर संस्थागत विद्यालयको तुलनामा न्यून रहेको हुँदा सोको समस्या पहिचान गरी सुधार गर्नुपर्दछ ।

## विश्वविद्यालय अनुदान आयोग

५४. **अनुदान -** आयोगको कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.१ मा आयोगको कोषबाट विश्वविद्यालयलाई तोकिएको आधारमा अनुदान वितरण गर्ने व्यवस्था छ । आयोगले यो वर्ष १३ विश्वविद्यालयलाई रु.११ अर्ब ३७ करोड २ लाख २४ हजार (गत वर्षभन्दा २२.०९ प्रतिशत बढी) अनुदान दिएको छ । यो वर्ष ६ विश्वविद्यालयलाई गतवर्षको तुलनामा ४.९८ देखि ६४.५० प्रतिशतसम्मले वृद्धि गरी अनुदान दिएको छ भने ४ विश्वविद्यालयमा ०.५५ देखि २७ प्रतिशतसम्म घटेको छ । विश्वविद्यालयलाई दिएको अनुदान रकम तोकिएको कार्यमा खर्च भएको सम्बन्धमा प्रगति प्रतिवेदन लिई आयोगबाट अनुगमन गरेको देखिएन । अनुदान गएको रकमको उपयोग सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

५५. **सामुदायिक क्याम्पसलाई अनुदान -** आयोगको कार्य व्यवस्था नियमावली, २०६० मा सम्बन्धन प्राप्त शैक्षिक संस्थालाई अनुदान दिनसक्ने व्यवस्था छ । विगत ३ वर्षमा सम्बन्धन प्राप्त सामुदायिक विद्यालयलाई देहाय अनुसार नियमित तथा पुँजीगत अनुदान निकासा दिएको छः

| आर्थिक वर्ष | नियमित अनुदान | | पुँजीगत अनुदान | | जम्मा |
|---|---|---|---|---|---|
| | क्याम्पस संख्या | अनुदान (रु.हजार) | क्याम्पस संख्या | अनुदान (रु.हजार) | |
| २०७३/७४ | ४७४ | ३२६१२८ | १३५ | ११३३८५ | ४३९५१३ |
| २०७४/७५ | ४७७ | ३१९३९६ | १६८ | १४५५६५ | ४६४९६१ |
| २०७५/७६ | ४५७ | ३७७०८४ | २०१ | १४४९०० | ५२१९८४ |
| गत वर्षभन्दा वृद्धि प्रतिशत | **(४.१९)** | **१८.०६** | **१९.६४** | **(०.४५)** | **१२.२६** |

५५.१ नियमित अनुदान रकम १८.०६ प्रतिशतले बढेकोले क्याम्पस सञ्चालन खर्चमा वृद्धि भएको छ ।

५५.२ आयोगको कार्य व्यवस्था नियमावली, २०६० को नियम ११.१० मा नेपाल सरकारलाई अतिरिक्त आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । आयोगले सामुदायिक क्याम्पसलाई अनुदान दिन जारी निर्देशिकामा नियमित अनुदान न्यूनतम रु.३ लाख ५० हजार र तोकिएका अन्य आधार पूरा गरेमा थप अनुदान दिने व्यवस्था छ । आयोगले नेपाल सरकारको स्वीकृति बेगर अनुदानको सीमा बढाएको कारण रु.७ करोड २६ लाख ३० हजार थप व्ययभार परेको छ ।

| पुँजीगत अनुदानको प्रकार | क्याप्पस संख्या | निकासा रकम (रु हजारमा) |
|---|---|---|
| *भवन निर्माण* | *७३* | *९१२५०* |
| *पुस्तक* | *३२* | *९९५०* |
| *फर्निचर* | *५३* | *२२४५०* |
| *उपकरण* | *४३* | *२१२५०* |
| ***जम्मा*** | ***२०१*** | ***१४४९००*** |

५५.३ आयोगको कार्य व्यवस्था नियमावली, २०६० मा शैक्षिक संस्थाहरुको भौतिक संरचना (सुविधा) निर्माण, पुस्तकालय सुदृढीकरण तथा उपकरण खरिद गर्न आर्थिक सहयोग उपलब्ध गराउन सक्ने व्यवस्था अनुसार पुँजीगत अनुदान रु.१४ करोड ४९ लाख उपलब्ध गराएकोमध्ये पुस्तक, फर्निचर र उपकरण खरिद गर्न २०७६।३।३१ मा रु.४ करोड ४६ लाख ५० हजार निकासा दिएको छ । पुँजीगत अनुदान रकम कार्य प्रगतिको आधारमा निकासा दिने र तोकिएको कार्यमा खर्च भए नभएको यकिन गर्नुपर्दछ ।

५६. **बढी निकासा -** सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसलाई अनुदान दिने निर्देशिका, २०७३ मा विश्वविद्यालयहरुका आंगिक क्याम्पस नभएका जिल्लाका सामुदायिक क्याम्पसलाई न्यूनतम अनुदानमा ३० प्रतिशत थप गर्ने उल्लेख छ । आयोगले नेपाल सँस्कृत विश्वविद्यालयको आंगिक क्याम्पस रहेका अर्घाखाँची, सोलुखुम्बु र तनहुँ जिल्लाका १६ क्याम्पसलाई नपाउने थप अनुदान रु.२१ लाख ६० हजार बढी निकासा दिएको छ ।

त्यस्तै परियोजना कार्यान्वयन निर्देशिका, २०७१ मा सूचना तथा तथ्याङ्कहरु राखी वेभसाइट विकास गर्दा रु.२ लाख र हरेक वर्ष अद्यावधिक गर्दा रु.१ लाख अनुदान दिने व्यवस्था भएकोमा आयोगले यस वर्ष वेभसाइटको विकास गरेका २० क्याम्पसलाई रु.२ लाखका दरले अनुदान दिनुपर्नेमा अद्यावधिक गरेको रु.१ लाखसमेत थपगरी निकासा दिएकोले रु.२० लाख बढी दिएको छ । उक्त बढी निकासा दिएको रकम असुल गर्नुपर्दछ ।

५७. **ब्याज आय -** आयोगको आर्थिक व्यवस्था नियमावली, २०६० मा आर्थिक वर्षको निमित्त स्वीकृत बजेट सोही आर्थिक वर्षमा खर्च गर्नुपर्ने उल्लेख छ । आयोगले प्राप्त गरेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा सञ्चितकोष दाखिला गर्नुपर्नेमा नगरी मुद्दति तथा बचत खातामा राखी रु.१२ करोड ६१ लाख १७ हजार ब्याज आम्दानी गरेको छ । यसरी प्राप्त ब्याज सहितको मौज्दात रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

५८. **वार्षिक प्रतिवेदन अनुदान -** उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन निर्देशिका, २०७१ मा वार्षिक प्रतिवेदन प्रकाशित गर्ने १५० शैक्षिक संस्थालाई परियोजना अवधिभरमा एक पटक रु.५७ हजारका दरले अनुदान दिन रु.८५ लाख ५० हजार बजेट व्यवस्था गरेको देखिन्छ । आयोगले यस वर्ष वार्षिक प्रतिवेदन प्रकाशित गर्ने शैक्षिक संस्थालाई प्रत्येक वर्ष रु.१ लाखका दरले अनुदान दिने गरी उक्त सूचक संशोधन गरेकोले यो वर्षसम्म रु.२ करोड ८८ लाख भुक्तानी गरेको छ । यसरी सूचकलाई परिवर्तन गरी अनुदान दिएका कारण रु.२ करोड २४ लाख १६ हजार थप व्ययभार परेको छ ।

५९. **आयोगको कार्यक्षेत्र** - विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० अनुसार विश्वविद्यालयहरुलाई दिइने अनुदानको समुचित वितरण, विश्वविद्यालयहरुको शैक्षिकस्तर निर्धारण तथा नयाँ विश्वविद्यालय स्थापना सम्बन्धमा परामर्श दिने उद्देश्यले विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको देखिन्छ । नेपालको संविधानले विश्वविद्यालयहरुको स्वीकृति, सञ्चालन, अनुगमन कार्य संघ र प्रदेश सरकार समेतको कार्यक्षेत्रमा रहने व्यवस्था गरेको छ । उक्त आयोग हाल नेपाल सरकारबाट विश्वविद्यालयहरुलाई उपलब्ध गराउने अनुदान वितरण कार्यमा सीमित रहेको देखिन्छ । राज्यको पुनर्संरचनामा भएको परिवर्तित सन्दर्भमा आयोगको उपादेयता सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ ।

## त्रि.वि.उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन कार्यालय

६०. **शैक्षिक स्वायत्तता अनुदान -** उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन निर्देशिका, २०७१ मा प्राज्ञिक स्वायत्ततासम्बन्धी नियम संशोधन गरेबापत त्रिभुवन विश्वविद्यालयलाई रु.३ करोड अनुदान दिने व्यवस्था गरेको छ । यस्तो अनुदान नियम संशोधन भएपछि ५० प्रतिशत र नियम कार्यान्वयन प्रक्रिया शुरु भई प्रगति प्रतिवेदन पेस भएपछि ५० प्रतिशत उपलब्ध गराउने उल्लेख छ । निर्देशिकाअनुसार नियम संशोधन भएपछि निकासा दिनुपर्नेमा नियम संशोधनको लागि विश्वविद्यालय सभामा पेस गरेको आधारमा पूरै अनुदान दिएको छ । विश्वविद्यालयले आवश्यकताअनुसार नियम बनाउन र संशोधन गर्न सक्नेमा सो कार्यको लागि थप अनुदान दिने व्यवस्था औचित्यपूर्ण देखिएन भने निर्देशिकाविपरीत अनुदान दिएको छ । निर्देशिकाविपरीत निकासा दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

६१. **सम्बन्धन अभिलेख -** परिषद्अन्तर्गत ४५ आंगिक शिक्षालय, ३९७ सामुदायिक विद्यालय, ६ साझेदारी शिक्षालय र ४२९ निजी विद्यालयसमेत कुल ८७७ शिक्षण संस्था रहेका छन् । भक्तपुर प्राविधिक तालिम केन्द्र, सेन्ट्रल इन्जिनियरिङ कलेज ललितपुर, गोल्डेन पार्क कलेज विराटनगर र डडेल्धुरा प्यारा मेडिकल क्याम्पसले दर्ता प्रमाणपत्र नवीकरण गराएका छैनन् । २०६८ सालभन्दा अगाडि सम्बन्धन माग भएका २५ प्रस्ताव तथा २०६९ को १ हजार ६९३ प्रस्ताव गत वर्ष नै स्वीकृतिको प्रक्रियामा रहेको उल्लेख गरेकोमा यस वर्ष पनि स्थिति यथावत् छ । परिषद् नियमावली, २०५१ को नियम १९ मा अस्थायी स्वीकृति प्राप्त संस्थालाई २ वर्षभित्र स्थायी स्वीकृति दिन सक्नेमा हालसम्म स्थायी सम्बन्धन दिएको छैन ।

६२. **गुरुयोजना -** परिषद्ले खरिद गुरुयोजना बेगर विगत चार वर्षमा पुँजीगत कार्यमा रु.१ अर्ब ५७ करोड ९ लाख खर्च गरेको छ । सोमध्ये प्राचार्य निवास, शैक्षिक भवन, छात्रावास, शौचालय ब्लक र जग्गा विकास सम्बन्धी कार्यमा रु.१ अर्ब ३ करोड ३८ लाखको कार्य सम्पन्न गरेको छ । परिषद्ले विद्यमान पूर्वाधारको मूल्याङ्कन एवं संरक्षण गरी थप पूर्वाधारको लागि खरिद गुरुयोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

६३. **विशेष छात्रवृत्ति** - चौधौं योजनामा मधेशी, आदिवासी, मुस्लिम समुदायमा प्राविधिक शिक्षा विस्तार गर्ने नीति रहेको छ । विगत ४ वर्षमा विशेष छात्रवृत्ति पाएका २ हजार ५६८ जनामध्ये २०७२।७३ मा १ हजार ३०० (५०.६२ प्रतिशत), २०७३।७४ मा ३९० (१५.१८ प्रतिशत), २०७४।७५ मा ३३६ (१३.०८ प्रतिशत) र २०७५।७६ मा ५४२ (२१.१० प्रतिशत) रहेको छ । यस कार्यक्रममा सहभागी हुने लाभग्राही संख्या न्युन देखिन्छ । लाभग्राही संख्यामध्ये दलितको संख्या ६२ प्रतिशत, लोपोन्मुख जातिको १२ प्रतिशत र विपन्न मुस्लिमको संख्या १३ प्रतिशत देखिएकोले लोपोन्मुख र विपन्न मुस्लिम वर्ग कम लाभान्वित भएको छ । यस वर्ष ५६० लाई विशेष छात्रवृत्ति उपलब्ध गराउने लक्ष्य रहेकोमा ५४२ भर्ना भै ५०१ जना परीक्षामा सहभागी भएको देखिन्छ । यसबाट विशेष छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता घट्दै गएकोतर्फ परिषद्ले ध्यान दिनुपर्दछ ।

६४. **कर्मचारी व्यवस्थापन** - परिषद्को कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६९ अनुसार सदस्य सचिवले कर्मचारीलाई १ वर्षभन्दा बढी नहुने गरी काज खटाउन सक्ने व्यवस्था छ । परिषद् र अन्तर्गतका शिक्षालयमा २१४ पद रिक्त रहेको छ । मातहत कार्यालयमा दरबन्दी राखी ३७ कर्मचारीलाई केन्द्रीय कार्यालयमा काजमा राखेको र केन्द्रीय कार्यालयमा दरबन्दी रहेको १० कर्मचारी अन्य कार्यालयमा काजमा रहेका छन् । परिषद्ले अवधि खुल्ने गरी काजमा खटाएको विवरण राखेको छैन । रिक्त दरबन्दी पदपूर्ति हुनुपर्ने तथा नियमविपरीत काजमा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६५. **लेखापरीक्षण** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा निजी क्षेत्रको समावेशिता विस्तार गर्ने उद्देश्यले ४ अप्रिल २०१६ मा परिषद्, स्वीस सरकार र हेल्भेटासबीच भएको सम्झौतामा डिसेम्बर ३१, २०१९ सम्ममा स्वीस फ्रेङ्क ९.८ मिलियन अनुदान प्राप्त हुने र सहायता रकमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालय वा व्यावसायिक लेखापरीक्षकबाट हुने व्यवस्था छ । गत वर्ष रु.८ करोड ९९ लाख ४० हजार र यस वर्षको रु.१० करोड ६ लाख ७८ हजार खर्च गरेकोमा व्यावसायिक लेखापरीक्षकबाट लेखापरीक्षण गराएको छ ।

६६. **उत्तर पुस्तिका खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायले खरिद गर्नुपूर्व लागत अनुमान तयार गर्नुपर्ने र बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । परीक्षा नियन्त्रण कार्यालयले यस वर्ष १६ पेजको मूल उतरपुस्तिका प्रतिसेट रु.११ का दरले १३ लाख ९ हजार थान जनक शिक्षा सामग्री केन्द्रबाट सोझै खरिद गरी रु.१ करोड ३९ लाख ९९ हजार भुक्तानी गरेको छ । यस्तै प्रकारको उत्तरपुस्तिका जनक शिक्षा सामग्री केन्द्रले राष्ट्रिय परीक्षा बोर्डलाई प्रति थान रु.७।५० को दरले उपलब्ध गराउन सक्ने प्रस्ताव पेस गरेको छ । जनक शिक्षा सामग्री केन्द्रबाट सोझै खरिद गर्दा मूल उत्तरपुस्तिकाको लागि रु.४५ लाख ८२ हजार थप व्ययभार परेको छ । खरिद कार्य गर्दा नियममा भएको व्यवस्थाको पालना गरी मितव्ययी रुपमा खरिद गर्नुपर्दछ ।

६७. **हिनामिना तथा मस्यौट** - आर्थिक कार्यविधि ऐनमा सरकारी नगदी मस्यौट गरेमा सम्बन्धित कार्यालय प्रमुखले प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ । परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावलीमा कुनै किसिमको मस्यौट एवं किर्ते गरी संस्थालाई हानी नोक्सानी भएमा कारबाही गरी सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था रहेको छ । एक सहायक ल्याब प्रशिक्षकले बी.पी. पोलिटेक्निक इन्स्टिच्युट, सपही, धनुषामा कार्यरत रहँदा १० थान चेकमा किर्ते दस्तखत गरी रु.६२ लाख ५७ हजार र परिषद्को प्रदेश नं. २ कार्यालयमा सरुवा भएपछि २०७६ श्रावणसम्म किर्ते दस्तखतबाट रु.१ करोड १५ लाख ४५ हजार मस्यौट गरेको छ । सरकारी रकम किर्ते गरी मस्यौट गरेको सम्बन्धमा कानुनी कारबाही भैरहेको जानकारी प्राप्त भए पनि रकम असुल भएको छैन । कानुनबमोजिम कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

## नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

नेपालमा विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान, प्रवर्द्धन गर्न तथा प्राविधिक क्रियाकलापको लागि उपयुक्त वातावरण सिर्जना गर्न र विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत प्रतिभावान वैज्ञानिक तथा प्राविधिकहरुलाई प्रोत्साहन तथा कदर गर्न स्वशासित संस्थाको रुपमा २०३९ मा यो प्रतिष्ठान स्थापना भएको हो ।

६८. **शैक्षिक क्षेत्र विस्तार** - चालिसौँ प्राज्ञ सभामा उपकुलपतिले पेस गरेको प्रतिवेदनमा देशको विकासको गति तीब्र गर्न उच्च शिक्षा अध्ययन गर्नेमध्ये विज्ञान र प्रविधि विषय अध्ययन गर्ने ६० प्रतिशत हुनुपर्ने उल्लेख छ । हाल उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीमध्ये ८ प्रतिशत मात्र यस विधामा संलग्न रहेको पाइएकोले यस विधातर्फ आकर्षण बढ्ने गरी योजना तयार गर्न सम्बद्ध निकायको ध्यान जानुपर्दछ ।

६९. **भूकम्प पूर्व जानकारी** - चीन सरकारअन्तर्गतको इन्ष्टिच्यूट अफ केयर लाइफ पिपुल्स अफ चाइनासँग भएको सम्झौताबमोजिम जनतालाई मोबाइल, एफ.एम.रेडियो आदिबाट भूकम्पको पूर्वसूचना १२ देखि २२ सेकेण्ड अगावै दिने प्रणाली प्रतिष्ठानको भवनमा जडान भएको, देशका ३२० स्थानमा १५ देखि २० किलोमिटरको दूरीमा संयन्त्र जडान गरी सोबाट भूकम्पको पूर्वसूचना प्राप्त हुने क्षमता रहेकोमा हाल ४० स्थानमा जडान गरी सफल परीक्षण समेत भएको छ । एस.एम.एस.मार्फत प्रत्येक व्यक्तिलाई भूकम्पको पूर्व जानकारी दिने प्रणालीको कार्यान्वयन हुन सकेको छैन । यस्ता विपदको पूर्व सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

## सीप विकास परियोजना

७०. **सीप परीक्षण** - आयोजना अवधिभर कुल ४६ हजार ९७९ ले तालिम लिएकोमा सीप परीक्षणमा ४६ हजार १५१ मा उपस्थित भएकोमध्ये ३४ हजार ३६८ (७४.५१ प्रतिशत) उत्तीर्ण भएको देखिन्छ । सबै प्रशिक्षार्थी तालिममा उत्तीर्ण हुन नसकेको अवस्थाले तालिम प्रदायक संस्थाले उपलब्ध गराएको तालिमको गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिएन ।

७१. **परामर्श सेवा** - परियोजना अवधिभर रोजगारी प्रमाणित, ट्रेसर स्डडी, परियोजना सञ्चालन तथा समग्र मूल्याङ्कन आदि कार्यकोलागि परामर्श सेवा प्राप्त गरी अमेरिकी डलर १५ लाख ४ हजार खर्च गरेको छ । उक्त खर्च परियोजनाको कुल खर्चको ८.४० प्रतिशत रहेको छ । परामर्श सेवा लिएको विषय जटिल प्राविधिक विषय नभई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को जनशक्तिबाट सम्पादन हुन सक्ने परिषद्को जनशक्ति उपयोग नगरी परामर्श सेवामा खर्च गरेको छ ।

## त्रिभुवन विश्वविद्यालय

उच्च शिक्षाको क्षेत्रमा अध्ययन, अध्यापन, अनुसन्धान गरी नयाँ ज्ञान, प्रविधि र सीपको विकास गर्नु उच्च शिक्षा र ज्ञान सहितको जनशक्ति उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समुन्नत समाजको निर्माणमा टेवा पुऱ्याउने उद्देश्यले २०१६ सालमा यस विद्यालयको स्थापना भएको हो । यस अन्तर्गत ५ अध्ययन संस्थान, ४ संकाय, ४ अनुसन्धान केन्द्र, ६२ आंगिक क्याम्पस, ४० केन्द्रीय विभाग, ४ शिक्षण स्कुल तथा १ हजार ६२ सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् ।

७२. **वित्तीय विवरण** - त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा विश्वविद्यालयले सबै आर्थिक कारोबारको केन्द्रीय आर्थिक विवरण तोकिएको समयमा तयार गरी महालेखापरीक्षकसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । विश्वविद्यालयले यो वर्ष एकीकृत केन्द्रीय आर्थिक विवरण तोकिएको समयमा तयार नगरेकोले एकीकृत आम्दानी तथा खर्च र सम्पति तथा दायित्व यकिन गर्न सकिएन । इकाईगतरुपमा प्राप्त वित्तीय विवरणमा भवन, सवारीसाधन, फर्निचर, उपकरण लगायत

पुँजीगत सम्पत्तिको ह्रास कट्टी नगरेको, जग्गाको मूल्याङ्कन नराखेको, धरौटी तथा अन्य दायित्वको एउटै शीर्षक राखेको, वित्तीय विवरणमा तुलनात्मक कारोबार नदेखाएको कारण प्रस्तुत वित्तीय विवरणले समग्र कारोबारको यथार्थ चित्रण गर्दैन ।

७३. **लेखा प्रणाली -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ३७ मा विश्वविद्यालयको लेखा प्रणाली कार्यकारी परिषद्ले तोकेअनुसार हुने र समयानुकूल लेखा प्रणाली र ढाँचामा हेरफेर गर्न सक्ने व्यवस्था छ । विश्वविद्यालयले आन्तरिक आयलाई नन्अपरेटिभ खातामा जम्मा गरी स्वीकृत बजेटअनुसार निकासा लिई खर्च गरेको नदेखिएको, धरौटी कारोबारलाई छुट्टै खाताबाट व्यवस्थापन नगरी दायित्वबाट खर्च लेखेको, अधिकांश इकाईले बैङ्क हिसाब मिलान नगरेको, पुँजीगत सम्पतिको भौतिक परीक्षण नगरेको, आम्दानीको प्रक्षेपण तथा असुलीको मूल्याङ्कन नगरेको, बजेट तथा खर्च र वार्षिक लक्ष्य तथा प्रगतिको समीक्षा नगरेको अवस्था छ । प्रचलित लेखा प्रणाली तथा ढाँचामा सुधार गरी आर्थिक कारोबारलाई पारदर्शी बनाउनुपर्दछ ।

७४. **लेखापरीक्षण** - लेखापरीक्षण ऐन, २०७५ को दफा ३ मा लेखापरीक्षण गराउने जिम्मेवार पदाधिकारीहरुले आय व्ययको लेखा र आर्थिक विवरण पेस गरी अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । विश्वविद्यालय र अन्तर्गतका १३४ मध्ये १२८ इकाईले यो वर्षको र बक्यौतातर्फ ५८ इकाईको २०४ आर्थिक वर्षमध्ये १४ इकाईले २५ आर्थिक वर्षको लेखापरीक्षण गराएका छन् । आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी आर्थिक विवरण पेस नगरेकोले यो वर्षको ६ र बक्यौतातर्फ ४४ निकायको १८५ आर्थिक वर्षको लेखापरीक्षण हुन सकेको छैन । हाल अस्तित्वमा नरहेका तथा स्रेस्ता नष्ट भएको व्यहोरा दर्शाई ११७ आर्थिक वर्षको कारोबारबाट विश्वविद्यालयलाई हानि नोक्सानी तथा आर्थिक हिनामिना हुनेगरी कारोबार नगरेको भनी विश्वविद्यालय सभाले नियमित गरी फरफारक गरेको जानकारी प्राप्त भएको छ । बाँकी निकायको कानुनअनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

७५. **दरबन्दी तथा पदपूर्ति** - विश्वविद्यालयको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० मा विश्वविद्यालयमा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमेजिम हुने उल्लेख छ । त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकाय तथा क्याम्पसमा गत वर्ष विभिन्न तहका शिक्षक ७ हजार ९२० र कर्मचारी ८ हजार ९४ समेत १६ हजार १४ जना कार्यरत रहेकोमा यस वर्ष क्रमशः ७ हजार ९६६ र ७ हजार २३० समेत १५ हजार १९६ कार्यरत रहेको छ । कुल कर्मचारीमध्ये प्रशासनिकतर्फ ३३.८२ प्रतिशत, प्राविधिक तर्फ २२.५२ प्रतिशत र श्रेणीविहीन ४३.६७ प्रतिशत रहेको छ । कुल कर्मचारीमध्ये चालक, सहयोगी जस्ता श्रेणीविहीन कर्मचारी अत्यधिक रहेको देखिन्छ । विश्वविद्यालयमा विगत वर्षको तुलनामा विद्यार्थी संख्या घटेको अवस्था छ । सबै केन्द्रीय निकाय र क्याम्पसमा साविकमा स्वीकृत दरबन्दी समयानुकूल पुनरावलोकन भएको छैन । शिक्षक तथा कर्मचारीको दरबन्दी पुनरावलोकन गर्नुपर्दछ ।

| प्रदेश /क्याम्पस | आंगिक क्याम्पस | सम्बन्धन प्राप्त | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | १२ | १४७ | १५९ |
| प्रदेश नं. २ | ५ | ९५ | १०० |
| वाग्मती | २६ | ४४१ | ४६७ |
| गण्डकी | ७ | ११९ | १२६ |
| प्रदेश नं. ५ | ७ | १४७ | १५४ |
| कर्णाली | २ | ३९ | ४१ |
| सुदूरपश्चिम | ३ | ७४ | ७७ |
| **जम्मा** | **६२** | **१०६२** | **११२४** |

७६. **क्याम्पस सञ्चालन** - विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा उच्च शिक्षासम्बन्धी विभिन्न तहका शैक्षिक कार्यक्रम, अनुसन्धान, परामर्श सेवा तथा अन्य प्राज्ञिक कार्य सञ्चालन गर्न विश्वविद्यालयमा ५ अध्ययन संस्थान र ४ संकायको व्यवस्था रहेको छ । विश्वविद्यालय र अन्तर्गतका आंगिक क्याम्पस सञ्चालन गर्न नेपाल सरकार अनुदान आयोगमार्फत अनुदान दिँदै आएपनि दुर्गम पहाडी क्षेत्रका जिल्लामा आंगिक क्याम्पस स्थापना हुन नसकेको कारण ती स्थानका विद्यार्थी महंगो शुल्क तिरी

निजी र सामुदायिक क्याम्पसमा अध्ययन गर्नुपर्ने अवस्था छ । दुर्गम र आर्थिक रुपमा पिछडिएको स्थानमा उच्च शिक्षाको पहुँच पुऱ्याउनु आवश्यक देखिन्छ ।

७७. **विद्यार्थी भर्ना -** विश्वविद्यालयको आंगिक क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययनरत विद्यार्थी संख्या देहायअनुसार छन्ः

| क सं | अध्ययन संस्थान/ संकाय | २०७४ को विद्यार्थी संख्या | | | २०७५ को विद्यार्थी संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आंगिक क्याम्पस | सम्बन्धन प्राप्त क्याम्पस | जम्मा | आंगिक क्याम्पस | सम्बन्धन प्राप्त क्याम्पस | जम्मा | अनुपात |
| १ | इञ्जिनियरिङ्ग | ६३४३ | ६८६३ | १३२०६ | ६०७८ | ७५०८ | १३५८६ | ३.४६ |
| २ | कृषि र पशु विज्ञान | १२२७ | ५९७ | १८२४ | १२३८ | ७२७ | १९६५ | ०.५० |
| ३ | चिकित्साशास्त्र | २२६४ | ७१३८ | ९४०२ | १४६६ | ३५९८ | ५०६४ | १.२९ |
| ४ | बनविज्ञान | ६९१ | २०९ | ९०० | १३६५ | ४६३ | १८२८ | ०.४७ |
| ५ | विज्ञान तथा प्रविधि | १८५१६ | ३५७७ | २२०९३ | २११३५ | ६४३२ | २७५६७ | ७.०२ |
| | प्राविधिकतर्फ जम्मा | **२९०४१** | **१८३८४** | **४७४२५** | **३१२८२** | **१८७२८** | **५००१०** | **१२.७४** |
| १ | कानुन | ११८४१ | ३७५ | १२२१६ | ९१२४ | ६७१ | ९७९५ | २.५० |
| २ | व्यवस्थापन | ४११७५ | १२४९३८ | १६६११३ | ४२२७४ | १३५२६३ | १७७५३७ | ४५.२४ |
| ३ | शिक्षाशास्त्र | १९२०० | ४९६९५ | ६८८९५ | २३४१५ | ५३५७७ | ७६९९२ | १९.६२ |
| ४ | मानविकी | ३७२६४ | ३५५१४ | ७२७७८ | ४०४१८ | ३७६७८ | ७८०९६ | १९.९० |
| | **साधारणतर्फ जम्मा** | **१०९४८०** | **२१०५२२** | **३२०००२** | **११५२३१** | **२२७१८९** | **३४२४२०** | **८७.२६** |
| | **कुल जम्मा** | **१३८५२१** | **२२८९०६** | **३६७४२७** | **१४६५१३** | **२४५९१७** | **३९२४३०** | **१००** |
| | **अनुपात** | **३८** | **६२** | **१००** | **३७** | **६३** | **१००** | |

कुल विद्यार्थी संख्या २०७४ को तुलनामा २०७५ मा आंगिक क्याम्पसको तुलनामा निजी तथा सामुदायिक क्याम्पसमा बढेको छ भने कुल विद्यार्थीमध्ये प्राविधिकतर्फ १२.७४ र साधारणतर्फ ८७.२६ प्रतिशत रहेका छन् ।

विश्वविद्यालयका शिक्षाशास्त्र, व्यवस्थापन, विज्ञान र मानविकी संकायको २६ केन्द्रीय विभागमा विद्यार्थी संख्या ३ हजार ४२८ र शिक्षकको संख्या ४९९ जना रहेकोले शिक्षक र विद्यार्थीको अनुपात १:७ रहेको छ । यो अनुपात हिन्दी केन्द्रीय विभागमा प्रति शिक्षक विद्यार्थी संख्या २ जना, नेपाली केन्द्रीय विभागमा ३, मनोविज्ञान, मानवशास्त्र, बौद्ध, जैविक केन्द्रीय विभागमा ४ जना रहेको छ । अघिल्लो वर्षको तुलनामा चिकित्साशास्त्र संकायमा ४६ प्रतिशत र कानुन संकायमा २० प्रतिशतले घटेको छ भने अन्य संकायमा ३ देखि १२ प्रतिशतसम्म बढेको देखिन्छ ।

शिक्षक स्थायी ७ हजार ९६६ र अस्थायी १ हजार ३८० समेत ९ हजार ३४६ रहेको र आंगिक क्याम्पसको शिक्षक विद्यार्थी अनुपात २०७४ मा १५ र २०७५ मा १६ रहेको छ । विद्यमान विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी पुनरावलोकन गर्नुपर्दछ ।

७८. **क्षमताभन्दा बढी विद्यार्थी भर्ना -** नेपाल ल क्याम्पसले करिब ९०० विद्यार्थी अध्यापन गराउन सकिने भौतिक क्षमता रहेकोमा शैक्षिक सत्र २०७४ मा स्नातक तहमा १० हजार ९६८ र स्नातकोत्तर तहमा ८५ जना भर्ना गरेको छ ।

७९. **जनशक्ति उत्पादन (ग्राजुएट्स्) -** विश्वविद्यालयबाट विगत ३ वर्षमा देहायअनुसारको जनशक्ति तयार भएको देखिन्छः

| क सं | अध्ययन संस्थान / संकाय | | केन्द्रीय विभाग | कुल ग्राजुयट्स् संख्या | | | २०७३ को भन्दा वृद्धि % | २०७४ को भन्दा वृद्धि % |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७३ | २०७४ | २०७५ | | |
| १ | अध्ययन संस्थान | इञ्जिनियरिङ | | २२०८ | २३९३ | २७६७ | २५.३२ | १५.६३ |
| २ | | कृषि र पशु विज्ञान | | २५८ | ४३१ | ३३० | २७.९१ | (२३.४३) |
| ३ | | वन विज्ञान | १ | २१७ | २४० | २१० | (३.२३) | (१२.५०) |
| ४ | | चिकित्साशास्त्र | १ | १४४७ | २२७० | १८७८ | २९.७९ | (१७.२७) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | विज्ञान तथा प्रविधि | १३ | ३८९५ | ४३५४ | ६०९६ | ५६.५१ | ४०.०१ |
| | | **प्राविधिकतर्फ जम्मा** | **१५** | **८०२५** | **९६८८** | **११२८१** | **४०.५७** | **१६.४४** |
| १ | संकाय | कानुन | १ | ८४७ | ११०८ | १३५० | ५९.३९ | २१.८४ |
| २ | | व्यवस्थापन | २ | २७२७६ | १८१५३ | २२७५७ | (१६.५७) | २५.३६ |
| ३ | | शिक्षाशास्त्र | १ | ३१४०९ | २६३९० | २४७०३ | (२१.३५) | (६.३९) |
| ४ | | मानविकी | २२ | १५८७१ | १३२३६ | १४२२३ | (१०.३८) | ७.४६ |
| | | **साधारणतर्फ जम्मा** | २६ | **७५४०३** | **५८८८७** | **६३०३३** | **(१६.४१)** | **७.०४** |
| | | **कुल जम्मा** | ४१ | **८३४२८** | **६८५७५** | **७४३१४** | **(१०.९२)** | **८.३७** |

उपर्युक्त तालिकाअनुसार जनशक्ति उत्पादन २०७३ को तुलनामा २०७४ को १७.८० प्रतिशत र २०७५ को १०.९२ प्रतिशत घटी रहेको देखिन्छ भने २०७४ को तुलनामा २०७५ मा ८.३७ प्रतिशतले बढी रहेको छ । गत वर्षको तुलनामा यस वर्ष शिक्षाशास्त्रमा ६.३९ प्रतिशत, वन विज्ञानमा १२.५० प्रतिशत, चिकित्साशास्त्रमा १७.२७ प्रतिशत र कृषि तथा पशु विज्ञानमा २३.४३ प्रतिशतले घटेको छ । विश्वविद्यालयलाई नेपाल सरकारबाट गत वर्ष रु.६ अर्ब ७३ करोड र यस वर्ष रु.७ अर्ब ७८ करोड अनुदान दिएको छ । उच्च शिक्षामा सरकारको अनुदान प्रत्येक वर्ष बढेको र विश्वविद्यालयबाट तयार हुने जनशक्ति घट्ने क्रममा रहेको छ ।

८०. **आन्तरिक आय -** विश्वविद्यालय अन्तर्गतका ६२ आंगिक क्याम्पस र अन्य निकायले यो वर्ष आर्जन गरेको आन्तरिक आय रु.२ अर्ब २३ करोड ३६ लाख छ भने खर्च रु.९ अर्ब ४१ करोड ९६ लाख रहेको छ । कुल खर्चको तुलनामा आम्दानी २३.७१ प्रतिशत मात्र रहेको छ । आन्तरिक आय कुल खर्चको तुलनामा २०७१।७२ मा २१.१५ प्रतिशत, २०७२।७३ मा २२.१० प्रतिशत, २०७३।७४ मा १९.५४ प्रतिशत र २०७४।७५ मा २७.९४ प्रतिशत रहेको देखिन्छ ।

क्याम्पसहरुको खर्चमध्ये करिब ७० प्रतिशतसम्म शिक्षक, कर्मचारीको तलब भत्तामा खर्च भएको देखिन्छ । विद्यार्थी संख्या वर्षेनि घटेको, लामो अवधिदेखि शिक्षण शुल्क पुनरावलोकन नगरेको र अन्य आयस्रोतको व्यवस्था गर्न नसकेको कारण आम्दानी बढ्न सकेको छैन । विद्यार्थीको अनुपातमा शिक्षक तथा कर्मचारीको संख्यामा कटौती गरी खर्च नियन्त्रण गर्नुपर्ने र आन्तरिक आय वृद्धि गरी सरकारी अनुदानको निर्भरतालाई घटाउन पहल गर्नुपर्दछ ।

८१. **व्यापारिक भवनको भाडा -** विश्वविद्यालयले त्रिपुरेश्वरस्थित जनप्रशासन क्याम्पस रहेको १० रोपनी १३ आना ३ पैसा क्षेत्रफलको जग्गामा व्यापारिक भवन निर्माण गरी एक व्यवसायीलाई ३२ वर्षको लागि लिजमा दिएको छ । लिज सम्झौतामा प्रत्येक महिनाको घर भाडा महिना सुरु भएको १५ दिनभित्र बुझाई सक्नुपर्ने र समयमा भाडा नबुझाएमा २० प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने व्यवस्था छ । व्यवसायीले २०६१ देखि २०७६ आषाढसम्मको भाडा रु.१ करोड ३७ लाख र बिलम्ब शुल्क रु.९२ लाख १२ हजारसमेत रु.२ करोड २९ लाख १२ हजार बुझाउन बाँकी देखिन्छ । लामो समयदेखि बाँकी रकम नबुझाएकोमा सम्झौताअनुसार कारबाही गरी असुल गरेको छैन । सम्झौता अनुसारको भाडा रकम शुल्कसहित असुल हुनुपर्दछ ।

८२. **बक्यौता भाडा -** विश्व भाषा क्याम्पस, प्रदर्शनीमार्ग र साझा प्रकाशनबीच क्याम्पसको २ हजार ३९३ वर्ग फिट जग्गा भाडामा दिनेगरी सम्झौता भएकोमा उक्त प्रकाशनले भाडा रु.३६ लाख ३३ हजार बुझाएको छैन । सम्झौताको शर्त बमोजिम ब्याजसहित भाडा असुल गर्नुपर्दछ ।

८३. **फार्मको आय -** पक्लिहवा क्याम्पसको स्वामित्वमा रहेको जग्गामध्ये फार्म क्षेत्रमा २७ बिघा ७ कठ्ठा ८ धुर उपयोगमा रहेको छ । यस मध्ये करिब १० बिघा कृषि उत्पादनमा, १० बिघा पशु फार्ममा, ३.५ बिघा कृषि अनुसन्धानमा र ४.५ हेक्टर फलफूल बगैंचाको लागि छुट्याएको छ । कृषि उत्पादनलाई

छुट्याएको क्षेत्रबाट रु.१ लाख १९ हजार आम्दानी गरेको भएपनि पशु फार्मबाट कुनै आम्दानी गरेको देखिएन । पशु फार्मबाट आम्दानी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८४. **संस्थागत शुल्क** - चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालयले ९ मेडिकल कलेजबाट रु.५ करोड ८३ लाख ९९ हजार संस्थागत शुल्क उठाउन बाँकी देखिएकोले अभिलेख अद्यावधिक गरी बाँकी शुल्क असुल गर्नुपर्दछ ।

८५. **अवकाश सुविधा खर्च** - विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद नियमावली, २०५० को नियम ४ अनुसार स्थापना भएको उपदान तथा निवृत्तिभरण कोषमा वर्षान्तमा रु.२५ करोड ५३ लाख मौज्दात छ । यो वर्ष विश्वविद्यालयको आन्तरिक आय रु.२ अर्ब २३ करोड ३६ लाख रहेकोमा उपदान, औषधि उपचार, पेन्सन लगायत अवकाश सुविधामा रु.२ अर्ब ३० करोड १९ लाख खर्च भएको छ । यस्तो खर्च २०७३।७४ मा रु.१ अर्ब ८९ करोड २७ लाख र २०७४।७५ मा रु.२ अर्ब २१ करोड ९० लाख रहेको देखिन्छ । अवकाश सुविधा भुक्तानीको दायित्व वर्षेनि बढ्दै गए पनि अवकाश कोषमा पर्याप्त रकम नभएकोले नेपाल सरकारबाट प्राप्त अनुदानबाट खर्च गर्दै आएको छ । काठमाडौं त्रिपुरेश्वरस्थित व्यापारिक भवनबाट प्राप्त रु.४ करोड ९६ लाख यो कोषमा जम्मा गरेको छ । आंगिक क्याम्पसहरुले आन्तरिक आयको १० प्रतिशत कोषमा पठाउनुपर्ने व्यवस्था भएपनि अधिकांश क्याम्पसहरुले पठाएका छैनन् । अवकाश दायित्व भुक्तानी गर्न पर्याप्त कोषको व्यवस्था गर्नुपर्दछ ।

८६. **अनुसन्धान कोष** - विश्वविद्यालय सभाको निर्णयअनुसार दातृ संस्थाको अनुदान, स्थानीय स्रोतबाट सञ्चालित शैक्षिक कार्यक्रमको आम्दानीको १० प्रतिशत रकम जम्मा गरी अनुसन्धान कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ । कुनै पनि आंगिक क्याम्पसले अनुसन्धान कोष स्थापना गरेको छैन । त्रि.वि. शिक्षण अस्पतालले रु.७२ लाख ९३ हजार अनुसन्धान कोषमा दाखिला गरेको नदेखिएकाले सो रकम दाखिला हुनुपर्दछ ।

८७. **सम्बन्धन तथा नवीकरण** - कार्यकारी परिषद्ले विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३८० बमोजिम अस्थायी र नियम ३८१ बमोजिम स्थायी सम्बन्धन दिनसक्ने व्यवस्था छ । हाल विश्वविद्यालयले सम्बन्धन दिएका सामुदायिक तथा निजी क्याम्पस १ हजार ६२ रहेका छन् । तीमध्ये हालसम्म वीरगन्जको एक मेडिकल कलेजलाई मात्र स्थायी सम्बन्धन दिएको छ भने अन्य क्याम्पसलाई अस्थायी सम्बन्धन मात्र दिएको छ ।

८७.१ अस्थायी सम्बन्धनको अवधि म्याद थपसमेत ४ वर्षभन्दा बढी नहुने कानुनी व्यवस्था प्रतिकूल चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालयले यो वर्षसम्म सम्बन्धन दिएका १५ मध्ये एक कलेजलाई स्थायी सम्बन्धन दिएको र १४ कलेजलाई अस्थायी सम्बन्धनको म्याद थप गरेको देखियो । त्यसैगरी इञ्जिनियरिङ अध्ययन संस्थान, डीनको कार्यालयले २०६७ सम्म १० शैक्षिक संस्थालाई अस्थायी सम्बन्धन दिएकोमा स्थायी सम्बन्धन नदिई अस्थायीको म्याद थप गरेको छ ।

८७.२ शिक्षाशास्त्र डीनको कार्यालयले ५९० क्याम्पसलाई अस्थायी सम्बन्धन दिएकोमा ५३१ ले नवीकरण गराएका छन् । व्यवस्थापन संकाय, डीनको कार्यालयले ७६० क्याम्पसलाई अस्थायी सम्बन्धन दिएकोमा ९० क्याम्पसले नवीकरण गराएका छन् । नियममा अस्थायी सम्बन्धनको नवीकरण गर्ने व्यवस्था छैन ।

८७.३ विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयले १०४ क्याम्पसलाई अस्थायी सम्बन्धन दिएकोमा १४ क्याम्पस सञ्चालनमा नरहेको, ७० क्याम्पस नवीकरण गरी २० क्याम्पस नवीकरण बेगर सञ्चालनमा रहेका छन् । डीन कार्यालयले सम्बन्धन प्राप्त क्याम्पसहरुको अभिलेख अद्यावधिक गरी राखेको छैन ।

अस्थायी सम्बन्धनको अवधि सकिएका क्याम्पसले शैक्षिक कार्यक्रम सञ्चालन गरिरहे पनि अनुगमन गरी कारबाही गरेको छैन । अवधि सकिएका क्याम्पसबाट सम्बन्धन शुल्क समेत नलिएकोले

विश्वविद्यालयको आयमा असर परेको छ । नियमित अनुगमन गरी बाँकी शुल्क असुल गर्ने र सम्बन्धनको अवधि सकिएपनि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थालाई कारबाही गर्नुपर्दछ ।

८८. **धरौटी** - विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा खर्च नभई बाँकी रहेको रकम केन्द्रीय कार्यालयको कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा विश्वविद्यालयका ११२ निकायले धरौटीको छुट्टै खाता नराखी रु.७ अर्ब १२ करोड ८४ लाख १६ हजार धरौटी तथा दायित्व खातामा मौज्दात राखेको देखिन्छ । प्रयोजन समाप्त भएका धरौटी रकम केन्द्रीय खातामा जम्मा गरी धरौटी हिसाब राफसाफ गर्नुपर्दछ ।

८९. **पेस्की** - विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा तोकिएको म्यादभित्र पेस्की फछ्र्यौट नगरेमा कारबाही गरी ब्याजसमेत असुल गर्ने व्यवस्था छ । विश्वविद्यालयको ३७ निकायको पदाधिकारी, कर्मचारी र अन्य संस्थाको नाममा यो वर्षसम्म रु.१ अर्ब ५३ करोड २४ लाख ४६ हजार पेस्की बाँकी रहेको छ । नियमको व्यवस्थाबमोजिम कारबाही गरी पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

९०. **ऋण तथा ब्याज बाँकी** - विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ११८ मा शिक्षक तथा कर्मचारीलाई सामाजिक, धार्मिक कार्य तथा घर जग्गा खरिदको लागि बढीमा १ वर्ष ६ महिनाको तलब ५ प्रतिशत ब्याजमा ऋण दिन सक्ने र उक्त ऋण तोकिएको प्रयोजनमा खर्च नगरेमा १० प्रतिशत ब्याज असुल गर्ने व्यवस्था छ । ऋण सम्झौता गर्दा साँवा तथा ब्याज चुक्ता गर्नुपर्ने अवधि तोकेको छ । प्राप्त विवरणअनुसार २०७५।७६ सम्म ६० इकाईका शिक्षक तथा कर्मचारीले लिएको ऋण तथा सापटी रु.१ करोड ७८ लाख ५४ हजार असुल गर्न बाँकी रहेको छ । नियम तथा सम्झौताअनुसार रकम असुल गर्नुपर्दछ ।

९१. **जग्गाको उपयोग र संरक्षण** - विश्वविद्यालयल र अन्तर्गतका निकायको भौतिक सम्पतिको खोज, सङ्कलन, जगेर्ना र समुचित तवरले अभिलेखीकरण गर्न गठित समितिको प्रतिवेदन अनुसार विश्वविद्यालय र मातहत इकाईमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर जग्गाको पूर्ण स्वामित्व रहेको, ९ लाख ९९ हजार वर्गमिटरको भोगाधिकार रहेको र अन्य ६ लाख ५३ हजारसमेत जम्मा १ करोड ४७ लाख ८९ हजार वर्ग मिटर (१ हजार ४७९ हेक्टर) जग्गा रहेको उल्लेख छ ।

उक्त जग्गामध्ये कतिपय जग्गाको सीमा अतिक्रमण भई कब्जा गरिएका, नियमित रुपमा कुत तथा भाडा नउठेको, भोगचलनमा रहेको जग्गाको स्वामित्व प्राप्त नभएको, विश्वविद्यालयको जग्गामा विभिन्न निकायबाट निर्माण भएका भौतिक संरचनाको हकभोग हस्तान्तरण नभएको, निर्मित संरचनाको स्वामित्व स्पष्ट नभएको, अभिलेख व्यवस्थित नभएको, विभिन्न निकायबिच समन्वय नभएको जस्ता व्यहोरा उल्लेख गरी ती समस्या समाधान गर्न सुझावहरु दिएकोमा सो अनुसार कार्यान्वयन भएको छैन । स्वामित्वमा रहेका जग्गा, भवनलगायतका सम्पत्तिको अभिलेख व्यवस्थित गरी संरक्षण गर्नुपर्दछ ।

९१.१ पाटन संयुक्त क्याम्पसले ४७ रोपनी ६ आना २ पैसा २ दाम जग्गा उपयोग गरेकोमा ३३ रोपनी ८ आना १ दाम क्षेत्रफल जग्गा स्वामित्वमा ल्याएको छैन । त्यस्तै क्याम्पसको स्वामित्वमा रहेको पुल्चोकस्थित १० रोपनी ९ आना २ पैसा जग्गा ३२ वर्षको लागि एक कम्पनीलाई ९ खण्डमा भुक्तानी हुनेगरी रु.१६ करोड ८ लाख १४ हजारमा लिजमा दिएकोमा निर्मित व्यावसायिक भवनको बहाल सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परेकोले भाडा प्राप्त भएको छैन ।

९१.२ काठमाडौंको छाउनीमा रहेको करिब १५ रोपनी जग्गा प्राकृतिक विज्ञान संग्राहलयले भोग चलन गर्दै आएकोमा नामसारी भएको देखिँदैन । उक्त जग्गाको जग्गाधनी पुर्जा लिई संरक्षण गर्नुपर्दछ ।

९१.३ विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा रहेको ११३ रोपनी जग्गा एक विद्यालयलाई १५ वर्षको लागि उपलब्ध गराएको छ । विश्वविद्यालयले जग्गाको भाडा लिने गरेको छैन । सम्झौता अवधि सकिएपछि जग्गा खाली गर्न पटक पटक ताकेता गर्दा पनि विद्यालयले छाडेको छैन ।

९१.४ विश्वविद्यालयको स्वामित्वमा वाग्मती नदी किनारामा रहेको १३ रोपनी जग्गा एक गैरसरकारी (धार्मिक) संस्थाले, विश्वविद्यालय हाताभित्र रहेको ३ रोपनी जग्गा लायन्स क्लबले र १० रोपनी जग्गा नेपाल नेत्रज्योति संघले प्रयोग गरेकोमा कुनै आम्दानी प्राप्त गरेको छैन ।

९१.५ विश्वविद्यालयले केन्द्रीय कार्यालयको हाताभित्र रहेको जग्गा क्रिकेट खेल मैदान सञ्चालन गर्न सम्झौता गरी एक संस्थालाई भाडामा दिएको छ । उक्त जग्गाको भाडा रु.४८ लाख ५५ हजार भाडा प्राप्त भएको छैन । सम्झौताअनुसार उक्त रकम असुल गर्नुपर्दछ ।

९२. **नेटवर्क जडान -** त्रिभुवन विश्वविद्यालयको सूचना प्रविधि केन्द्रमा इन्टरनेट, इन्ट्रानेट र वायरलेस नेटवर्कको लागि आवश्यक उपकरण खरिद तथा जडान गर्न रु.९ करोड ३० लाख ४२ हजारमा एक कम्पनीसँग सम्झौता भएकोमा आपूर्तक कम्पनीले सबै मालसामान आपूर्ति गरी रु.७ करोड ५६ लाख ५९ हजार (सम्झौताको ८१.३२ प्रतिशत) भुक्तानी भएकोमा नेपाल टेलिकमबाट गर्नुपर्ने कार्य नभएकोले उपकरणको जडान कार्य हुन सकेको छैन ।

९३. **भवन निर्माण -** अमृत साइन्स क्याम्पसले भवन निर्माण गर्न प्राप्त गरेको रु.२ करोड उक्त कार्यमा प्रयोग नगरी मुद्दती खातामा राखेको छ । उक्त रकम संघीय सञ्चितकोषमा दाखिला हुनुपर्दछ ।

९४. **बढी भुक्तानी -** पृथ्वीनारायण क्याम्पस, पोखराको नयाँ भवनको तला थप गर्ने कार्यमा निर्माण व्यवसायीले बोलपत्र पेस गर्दा ७.२५ प्रतिशत छुट दिने उल्लेख भएकोमा रु.२ करोड ८६ लाख ६४ हजार भुक्तानी गर्दा छुट रकम रु.१४ लाख ६२ हजार कट्टी नगरी पुरै भुक्तानी गरेको पाइयो । उक्त रकम असुल हुनुपर्दछ ।

९५. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । विभिन्न ३ क्याम्पसको भवन निर्माण कार्य निर्माण व्यवशायीले सम्झौतामा तोकिएको अवधिमा सम्पन्न नगरेको र म्याद थप पनि गरेको नदेखिएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति रु.१ करोड ७२ लाख ९९ हजार असुल गरेको छैन ।

९६. **बजेटभन्दा बढी खर्च -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० मा कार्यकारी परिषद्को स्वीकृति बेगर विनियोजित बजेटभन्दा बढी खर्च गर्न नहुने व्यवस्था छ । यो वर्ष १३ निकायले तलब भत्तासमेतका शीर्षकमा स्वीकृत बजेटभन्दा रु.१२ करोड २१ लाख ६ हजार बढी खर्च गरेका छन् । केन्द्रीय कार्यालयको स्वीकृति बेगर विनियोजित रकमभन्दा बढी खर्च गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९७. **कर दाखिला -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा कर कट्टी दफा ९० अनुसार दाखिला गर्नुपर्ने व्यवस्था छ । विश्वविद्यालयअन्तर्गतका १७ निकायले रु.२६ लाख ८३ हजार कर कट्टा गरेका छैनन् । उक्त रकम सम्बन्धितबाट असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ । त्यस्तै अग्रिम कर कट्टी भएको रकम शंकरदेव क्याम्पसले रु.१९ लाख ५८ हजार र शिक्षण अस्पतालले रु.१५ करोड ४४ लाख ६१ हजार दाखिला नगरी दायित्वमा देखाएकोले उक्त रकम राजस्व खातामा दाखिला हुनुपर्दछ ।

९८. **अध्ययन बिदा -** विश्वविद्यालयको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३० मा स्वेच्छिक कार्यक्रम तथा छात्रवृत्तिमा मनोनीत भएका शिक्षक तथा कर्मचारीले अध्ययन बिदाको अवधिको आधारमा कम्तीमा ३ देखि ५ वर्ष विश्वविद्यालयको सेवामा काम गर्नुपर्नेमा प्राप्त विवरणअनुसार २०७०।७१ देखि यो वर्षसम्म विद्यावारिधि गर्न १६५ समेत जम्मा १८६ जनाले अध्ययन बिदा लिएको देखिएकोमा अध्ययन सम्पन्न गरी हाजिर भएका, बिदा अवधि सकिए पनि हाजिर नभएका र शर्तअनुसार सेवामा कार्यरत रहेकाहरुको अद्यावधिक अभिलेख रहेको देखिएन । अध्ययन बिदामा रहेका शिक्षक तथा कर्मचारीको हालको अवस्था खुल्नेगरी अद्यावधिक अभिलेख राखी नियमको पालना गराउनुपर्दछ ।

## त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल २०७३।७४ देखि २०७५।७६

९९. **पेस्की नभिडेको -** अस्पतालबाट प्राप्त पेस्कीको विस्तृत विवरणअनुसार रु.५७ करोड ६६ लाख पेस्की बाँकी रहेकोमा वासलातको अनुसूचीमा रु.५३ करोड ८१ लाख ४७ हजार देखाएको र पेस्कीको व्यक्तिगत विवरणअनुसार रु.५२ करोड ६८ लाख १८ हजारमात्र देखिएकोले घटी देखाएको रु.१ करोड १३ लाख ३१ हजारको सम्बन्धमा छानबिन गरी पेस्की हिसाब अद्यावधिक गर्नुपर्दछ ।

१००. **घटी बैङ्क मौज्दात -** अस्पतालको बैङ्क नगदी किताबले देखाएको बैङ्क मौज्दात रु.९८ करोड २७ लाख ७५ हजार (मार्गस्थ र नगद रु.३ लाखबाहेक) रहेको छ भने २०७६ आषाढमसान्तको बैङ्क स्टेटमेन्ट अनुसार रु.८१ करोड ८३ लाख ६७ हजार मौज्दात रहेकोले बैङ्कमा घटी देखिएको रु.१६ करोड ४४ लाख ८ हजारको सम्बन्धमा छानबिन गरी बैङ्क जम्मा हुनुपर्दछ ।

१००.१ अस्पतालले ग्लोबल बैङ्क लिमिटेडमा रु.२ करोड ६४ लाख ३८ हजार ऋणात्मक मौज्दात देखाएकोमा बैङ्क विवरण पेस भएन ।

१००.२ नेपाल बैङ्क लिमिटेडमा रहेको ५ खाता, नबिल बैङ्क लिमिटेडमा रहेको एक खाता र हिमालयन बैङ्क लिमिटेडमा रहेको एक खाता (राहत खाता)मा अस्पतालको स्रेस्ता अनुसार रु.१ करोड ६२ लाख २० हजार मौज्दात रहेकोमा बैङ्कमा रु.११ लाख ७० हजार मात्र मौज्दात देखिएको छ । बैङ्कमा घटी मौज्दात देखिएको रु.१ करोड ५० लाख ५० हजारका सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

१०१. **अधुरो भवन -** सुरेश वाग्ले स्मृति क्यान्सर भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.५५ करोड ५१ लाख २९ हजारमा ३ वर्षभित्र सम्पन्न गर्ने गरी २०६८।८।२५ मा सम्झौता भएकोमा २०७७ श्रावण मसान्तभित्र काम सम्पन्न गर्ने शर्तमा ६ पटक म्याद थप भएर पनि निर्माण कार्य अधुरै रहेको छ । उक्त निर्माण कार्यमा रु.३२ करोड ४१ लाख २५ हजार भुक्तानी भएको छ ।

१०१.१ भवन निर्माणको लागि नेपाल सरकारबाट सशर्त अनुदानबापत रु.७३ करोड २५ लाख निकासा प्राप्त भएकोमा रु.३२ करोड ४१ लाख मात्र खर्च भएकोले बाँकी रु.४० करोड ८४ लाख निकासा फिर्ता नगरी मौज्दात राखेको छ ।

१०१.२ त्रि.वि.आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ६७ (क) मा खरिद सम्झौताको २० प्रतिशतमा नबढ्ने गरी बैङ्क जमानत लिई कार्यसञ्चालन पेस्की दिन सकिनेमा निर्माण व्यवसायीबाट प्राप्त बिल नापजाँच गर्न नसकेको भनी खरिद सम्झौता तथा नियमअनुसार बैङ्क जमानतसमेत नलिई निर्माण व्यवसायीलाई २० प्रतिशतभन्दा बढी हुने गरी रु.५ करोड ९ लाख २५ हजार पेस्की दिएको छ । उक्त पेस्की ब्याजसहित असुल गर्नुपर्दछ ।

१०२. **प्रतीतपत्र -** त्रि.वि.आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ३१.१ मा प्रतीतपत्रद्वारा सामान झिकाउँदा सामान प्राप्त भएको मितिले ७ दिनभित्र पेस्की फछ्र्यौट गर्नुपर्ने र

तोकिएको समयभित्र सामान उपलब्ध नगराएमा प्रतितपत्र रद्द गर्ने व्यवस्था भए तापनि अस्पतालले विभिन्न मालसामान खरिद गर्न सन् २०१५ देखि खोलिएको ११ वटा प्रतितपत्र बापत आपूर्तिकर्तालाई रु.२ करोड ६ लाख ४६ हजार पेस्की दिएकोमा हालसम्म मालसामान प्राप्त गरी फछ्र्यौट गरेको छैन ।

त्यस्तै फाइब्रोस्क्यान मेसिन आपूर्ति गर्न एक आपूर्तिकर्तासँग अमेरिकी डलर ३७ हजार ६०० को सम्झौता भई प्रतीतपत्र खोली सामान आयात गरेको छ । सम्झौतामा उल्लेख भएको सामान आपूर्ति भएको सुनिश्चित हुने प्राविधिक प्रतिवेदन बेगर आपूर्तिकर्तालाई रु.४२ लाख २५ हजारको भुक्तानी भएको छ ।

समयमै सामान प्राप्त गरी प्रतीतपत्र राफसाफ गर्नपर्दछ ।

१०३. **भाडा नोक्सानी** - त्रि.वि.शिक्षण अस्पताल मूल गेट अगाडि उत्तरतर्फको करिब १ हजार ३७ वर्गफुटमा जमिनमा रहेका शटरहरु भाडामा लगाए बापत प्रतिमहिना रु.१४ लाख ६४ हजारको दरले भाडा प्राप्त भइरहेकोमा उक्त स्थानमा एक सुपरमार्केट कम्पनीले भवन निर्माण गर्ने उल्लेख गरी भवन भत्काई साइट क्लियरेन्स गरेकोमा कुनै निर्माण कार्य भएको छैन । कार्यालयले भवन बनाउन ताकेता गरेकोमा सुरुवात समेत भएको छैन । नयाँ भवन निर्माणको तयारी नगरी मासिक भाडा आम्दानी भइरहेको भवन भत्काएकोले अस्पतालले यस वर्ष रु.१ करोड ७५ लाख ६९ हजार आम्दानी गुमाएको छ ।

१०४. **विद्युत महसुल खर्च** - अस्पतालमा विद्युतमा सहजीकरण गर्न र खर्चमा न्यूनीकरण गर्नका लागि उर्जा मन्त्रालयले सोलार जडान स्थापना गर्न दिएको अनुदान रु.३ करोड खर्च नभई मौज्दात रहेको छ । अस्पतालले विद्युत महशुल बापत वार्षिक रु.३ करोड ३२ लाख खर्च गरेको देखिन्छ । सोलार जडान गर्नको लागि प्राप्त रकमको सदुपयोग गरी विद्युत महसुल खर्चमा मितव्ययिता ल्याउनुपर्ने देखिन्छ ।

## नेपाल संस्कृत विश्वविद्यालय

संस्कृत भाषा एवं शिक्षाको आधुनिकीकरण र यसको मूल्य मान्यताको जगेर्ना गर्न २०४३ मा यस विश्वविद्यालयको स्थापना भएको हो । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्र, सेवा आयोगको कार्यालय, विद्यापीठ १४, संस्कृत माध्यामिक विद्यालयलगायत २५ कार्यालय रहेका छन् ।

१०५. **जग्गा अतिक्रमण** - विश्वविद्यालय र अन्तर्गत १ हजार ७१८ बिघा १८ कट्टा ५ धुर र १०२ रोपनी ९ आना १२ पैसा १ दाम जग्गा रहेको मध्ये दाङ देउखुरीस्थित १ हजार ६६२ बिघा जग्गामध्ये १२२ बिघावाट न्यून आय भएको, ५०० बिघामा मोही रहेको र केही जग्गा विभिन्न व्यक्तिबाट अतिक्रमण भएको छ । आफ्नो जग्गा हकभोगमा लिई आय आर्जनमा उपयोग गर्नुपर्दछ ।

१०६. **पेस्की** - विश्वविद्यालयको आर्थिक प्रशासनसम्बन्धी नियम, २०६७ को नियम ३३ मा तोकिएको अवधिमा पेस्की फछ्र्यौट नगरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज लिने व्यवस्था छ । यो वर्षसम्म १७ इकाई पदाधिकारी, कर्मचारी र संस्थाको नाममा रु.१ करोड २५ लाख ३ हजार पेस्की बाँकी देखिएको छ । उक्त पेस्कीमध्ये म्याद नाघेको पेस्की ब्याज असुल गरी फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

१०७. **विनियोजनभन्दा बढी खर्च** - विश्वविद्यालयको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६७ को नियम २३(३) मा सम्बन्धित शीर्षकमा स्वीकृत बजेटभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था छ । विभिन्न खर्च शर्षिकमा स्वीकृत बजेट सीमा नघाई रु.१ करोड ६ लाख ९८ हजार खर्च गरेको छ । यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

## पोखरा विश्वविद्यालय

उच्च शिक्षाको पहुँचमा सुधार गर्ने उद्देश्यले २०५४ सालमा पोखरा विश्वविद्यालयको स्थापना भएको हो । विश्वविद्यालयअन्तर्गत ४ संकाय, परीक्षा नियन्त्रण कार्यालय, ४ आङ्गिक र ४ संयुक्त आंगिक क्याम्पस रहेका छन् ।

१०८. **सम्बन्धन -** शिक्षण संस्थाको सम्बन्धनसम्बन्धी नियमावली, २०५६ मा स्नातक तहमा बढीमा ४ वर्षसम्म र स्नाकोत्तर तहमा बढीमा ३ वर्ष सम्मका लागि अस्थायी सम्बन्धन प्रदान गरिने शिक्षण संस्थालाई, अस्थायी सम्बन्धन प्राप्त गरी एक अवधि पूरा गरे पश्चात् स्थायी सम्बन्धन दिनसक्ने व्यवस्था छ । यस विश्व विद्यालयको स्थापनाकाल देखि २०७१।७२ सम्म ५८ शिक्षण संस्थालाई अस्थायी सम्बन्धन प्रदान गरेकोमा अस्थायी सम्बन्धनको नवीकरण नगरेको तथा स्थायी सम्बन्धन प्रदान गरेको छैन । नियम अनुसार नवीकरण गरी अथवा स्यायी सम्बन्धन प्राप्त गरी शिक्षण संस्था सञ्चालन हुनुपर्दछ ।

## लुम्बिनी बौद्ध विश्वविद्यालय

बुद्धको आदर्श, कला, शिक्षा, संस्कृतिको माध्यमबाट विश्वमा शान्ति, बन्धुत्व, मैत्री तथा सद्भाव फैलाउने उद्देश्यले रुपन्देहीको लुम्बिनीमा २०६३ मा लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयमा १६ विधामा अध्ययन हुने गर्दछ । विश्वविद्यालय मातहत एक आंगिक र ८ सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् ।

१०९. **दीर्घकालीन योजना -** विश्वविद्यालयको स्वीकृत दीर्घकालीन योजनाअनुसार १५ वटा भवन निर्माण गर्न रु.४१ करोड ३६ लाख ९७ हजार आवश्यक देखिएकोमध्ये केन्द्रीय कार्यालय, केन्द्रीय क्याम्पस, आवस गृह, शिक्षक आवास, २ वटा छात्र छात्रावास निर्माण भइसकेको छ । केन्द्रीय पुस्तकालय र अनुसन्धान केन्द्र निर्माणाधीन अवस्थामा छन् भने शैक्षिक संकाय भवन, सभाहल, स्टाफ क्वार्टर, गेष्ट हाउस, क्याफ्टेरिया, स्टोर, बैंकिङ काउन्टरसमेत ७ वटा भवन निर्माण शुरु भएको छैन । यी भवन निर्माण गर्न जग्गा प्राप्त गर्न सकेको छैन । यसमा सम्बद्ध निकायको ध्यान जानुपर्दछ ।

११०. **जनशक्ति व्यवस्थापन -** व्यवस्थापन सर्वेक्षणअनुसार विश्वविद्यालयलाई २४४ कर्मचारी आवश्यक पर्ने देखिए तापनि कर्मचारी व्यवस्थापन नहुँदा लेखा, कम्प्युटरलगायतका प्रशासनिक कार्य समयमा नहुने भएकोले आवश्यकताअनुसार कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

कला, विज्ञान चिकित्साशास्त्र, कानुन, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने लगायतका कामको लागि सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ अनुसार स्थापना भई सञ्चालन हुँदै आएको छ । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, सेवा आयोग, परीक्षा नियन्त्रण कार्यालय, संकाय ६, विभाग ६, कार्यक्रम १, केन्द्रीय क्याम्पस र आंगिक क्याम्पस १४ समेत ३१ निकाय रहेका छन् ।

१११. **लेखाप्रणाली -** विश्वविद्यालय ऐन, २०६७ दफा ३३ मा आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली अनुसार राख्नुपर्ने उल्लेख छ । ऐन लागू भएको ९ वर्षसम्म पनि लेखाको ढाँचा नतोकेको, लेखा नीति तयार नगरेको र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरेको छैन । लेखासम्बन्धी निर्देशिका बनाई प्रयोगमा ल्याउनुपर्दछ ।

११२. **पेस्की** - विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ३७ बमोजिम तोकिएको समयमा पेस्की फछ्र्यौट नगरेमा वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत लाग्ने र पेस्की लिने शिक्षक वा कर्मचारीउपर सेवा शर्तसम्बन्धी नियमबमोजिम आवश्यक कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । वित्तीय विवरणमा रु.१ करोड ५१ लाख ९९ हजार पेस्की बाँकी देखिएकोमा कारबाही गरी ब्याजसहित असुल गरी फछ्र्यौट गरेको छैन ।

११३. **कर दाखिला** - आयकर ऐन, २०५८ को दफ़ा ९० मा कट्टी गरेको कर रकम अर्को महिनाभित्र राजस्वमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विश्वविद्यालयले अग्रिम कर, सामाजिक सुरक्षा कर र मूल्य अभिवृद्धि कर राजस्व दाखिला नगरी दायित्वमा देखाएको रु.१६ लाख २९ हजार सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

११४. **स्थिर सम्पत्ति खाता** - विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली, २०६९ बमोजिम स्थिर सम्पतिको विवरण अद्यावधिक गर्नुपर्नेमा स्थिर सम्पति खाता राखेको छैन । स्थिर सम्पत्ति खाता राखी भवन, फर्निचर, सवारीसाधान लगायतका सम्पत्तिको अभिलेख अद्यावधिक गरी भौतिक परीक्षणसमेत गर्नुपर्दछ ।

११५. **बढी खर्च** - विश्वविद्यालयले स्वीकृत बजेटको सीमा नघाई रु.३ करोड ३१ लाख ८० लाख बढी खर्च गरेको छ । उक्त खर्च सभाबाट अनुमोदन हुनुपर्दछ ।

११६. **निष्क्रिय कोष** - विश्वविद्यालय अनुदान आयोगले गतवर्ष उपलब्ध गराएको रु.१२ करोड र आंगिक क्याम्पस नहुँदै आर्जन भएको ब्याजसमेत रु.१२ करोड १८ लाख २६ हजार वर्षान्तसम्म निष्क्रिय रहेको छ । सो रकम संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्दछ ।

त्यस्तै विश्वविद्यालय सभा (सिनेट), २०७३ ले केन्द्रीय पुस्तकालय स्थापना गर्न रु.२६ लाख ४० हजार बजेट गरे तापनि पुस्तकालयको स्थापना नगरी बजेट निष्क्रिय राखेको छ । बजेट उपयोग गरी पुस्तकालय स्थापना हुनुपर्दछ ।

११७. **उपदान तथा निवृत्तिभरण कोष** - विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावली, २०६९ को नियम ५३ मा उपदान तथा निवृत्तिभरण कोषको स्थापना गर्ने व्यवस्था रहे पनि स्थापना गरेको छैन ।

## मध्यपश्चिमाञ्चल विश्वविद्यालय

दुर्गमलगायत सबै क्षेत्रका जनतालाई सुलभ रूपमा उच्च शिक्षाको अवसर उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न र प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न यो विश्वविद्यालयको स्थापना भएको हो । सुर्खेतको वीरेन्द्रनगरमा रहेको यस विश्वविद्यालयअन्तर्गत १६ आंगिक क्याम्पस तथा ७ केद्रिय विभाग सञ्चालनमा रहेका छन् ।

११८. **अन्य भत्ता** - मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३९ मा विश्वविद्यालयले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधा थप गर्नुअघि अर्थमन्त्रालयको स्वीकृत लिनुपर्ने उल्लेख छ । कार्यकारी परिषदले अर्थमन्त्रालयको स्वीकृत नलिई पदाधिकारीलाई विभिन्न प्रकारका सुविधा भुक्तानी दिई यो वर्ष रु.१ करोड ३ लाख १२ हजार खर्च लेखेको छ ।

११९. **पेस्की बाँकी** - विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ३६ मा तोकिएको समयमा पेस्की फछ्र्यौट नगरे १२ प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । वित्तीय विवरण अनुसार रु.२ करोड ४८ लाख ६७ हजार पेस्की बाँकी रहेको छ । म्याद नाघेको पेस्की बाँकी रकममा ब्याज असुल गरी फछ्र्यौट गर्नुपर्दछ ।

१२०. **लेखापरीक्षण** - मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३३ मा महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । विद्यालयले २०७४।७५ मा केन्द्रीय कार्यालयमा निकासा भएको रु.१ करोड १७ लाख २९ हजारको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन ।

## कृषि तथा वन विज्ञान विश्वविद्यालय

कृषि क्षेत्रको सर्वाङ्गीण विकास गर्न र कृषिको आधुनिकीकरण गर्दै ग्रामीण जनसमुदायको सामाजिक तथा आर्थिकस्तर उठाउन कृषि, वन, पशु विज्ञान जस्ता क्षेत्रसँग सम्बन्धित विषयको एकीकृत रूपले अध्ययन, अध्यापन र अनुसन्धान गराई मुलुकभित्रै उच्चस्तरको प्राज्ञिक तथा सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न २०६७ मा यस विश्वविद्यालय स्थापना भएको हो । विश्वविद्यालयअन्तर्गत केन्द्रीय कार्यालय, अनुसन्धान तथा प्रचार निर्देशनालय, परीक्षा नियन्त्रण कार्यालय, विषयगत संकाय ३, सम्बन्धित विषयका क्याम्पस ३ र आंगिक क्याम्पस ६ रहेका छन् ।

१२१. **सम्बन्धन** - कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा १९ मा निजी क्षेत्रका क्याम्पसले विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सञ्चालन हुन चाहेमा सम्बन्धन प्रदान गर्न सक्ने व्यवस्था छ । सम्बन्धन लिन १४ संस्था/कलेजले प्रस्ताव पेस गरेको मध्ये प्राज्ञिक परिषद्ले १० संस्था/कलेजहरुलाई शिफारिस गरेको परिषदबाट कृषि विज्ञानतर्फ ७ कलेजलाई र वन विज्ञानतर्फ कलेजलाई अस्थायी सम्बन्धन प्रदान गरेको छ । सम्बन्धनका लागि आवेदन दिनेमध्ये ८ संस्था/कलेजको सम्बन्धमा निर्णय भएको छैन । सम्बन्धन प्राप्त गर्ने संस्था/कलेजले शैक्षिक कार्यक्रम सञ्चालन नगरेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

१२२. **एकीकृत वित्तीय विवरण** - कृषि तथा वनविज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३३ मा विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नुपर्ने व्यवस्था छ । विश्वविद्यालयले मातहतका निकायको आर्थिक कारोबार समेटी एकीकृत वित्तीय विवरण तयार गरेको छैन ।

१२३. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार आपूर्तिकर्ताको कारणले सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । फर्निचर खरिद कार्यका आपूर्तिकर्ताले म्याद समाप्त भएको २ महिना पछि पहिलो चरणको रु.२ करोड २१ लख १० हजारको फर्निचर आपूर्ति गरेको र १०४ थान फर्निचर आपूर्ति नगरेकोले रु.४० लाख ७१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

## श्री राजर्षि जनक विश्वविद्यालय

१२४. **आंगिक क्याम्पस** - राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ को दफा १४ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका दुई बहुमुखी क्याम्पस यस विश्वविद्यालयलाई हस्तान्तरण गर्ने उल्लेख भएकोमा ती क्याम्पस हस्तान्तरण भएको छैन ।

१२५. **बजेट तथा कार्यक्रम** - राजर्षिजनक विश्वविद्यालय ऐन, २०७४ को दफा ९ अनुसार सभाले आर्थिक वर्षको शुरुमा नै वार्षिक कार्यक्रम स्वीकृत गर्नुपर्नेमा २०७५।१०।६ मा मात्र रु.११ करोड ५४ लाख ८७ हजारको बजेट स्वीकृत गरेको छ । यस वर्ष १६ शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा ४ कार्यक्रम मात्र सञ्चालन भएको छ ।

## जनक शिक्षा सामग्री केन्द्र लिमिटेड - २०७५।७६

नेपाल सरकारको राष्ट्रिय शिक्षा पद्धति योजनाको उद्देश्य परिपूर्तिको निमित्त आवश्यक शैक्षिक सामग्रीहरु, पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका, शैक्षिक नक्सा, चार्ट, फिल्म, आदिको उत्पादन तथा प्रकाशन गरी निर्धारित मूल्यमा उपलब्ध गराउने मुख्य उद्देश्य रहेको यस केन्द्रको स्थापना कम्पनी ऐन, २०२१ अनुसार २०३५ मा भएको हो। यस लिमिटेडको केन्द्र र शाखा कार्यालयहरुसमेतमा ४५७ जना कर्मचारी कार्यरत छन्।

१२६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** केन्द्रको सम्पत्ति रु. ८ अर्ब ६४ करोड ७५ लाख रहेकोमा दायित्व रु. ४ अर्ब ३७ करोड ८२ लाख रही नेटवर्थ रु. ४ अर्ब २६ करोड ९३ लाख रहेको छ। केन्द्रको नाफा गत वर्ष रु. ८ करोड ७० लाख ४२ हजार रहेकोमा यस वर्ष रु. २ करोड ५ लाख रहेको छ।

१२७. **बिक्री आम्दानी -** यस वर्ष केन्द्रको खुद बिक्री रु. १ अर्ब ३ करोड ८७ लाख रहेको छ। यस वर्ष गत वर्षको तुलनामा खुद बिक्री रु. १८ करोड ४७ लाख अर्थात् १५.१० प्रतिशतले कमी भएको छ। गत वर्षको तुलनामा बिक्री कम भएको र नाफा रकम समेत घटेको छ। बिक्री आय बढाउन सेवामा विविधता ल्याउनुपर्दछ।

१२८. **प्राप्त हुनुपर्ने रकम -** साझा प्रकाशनबाट गत विगत वर्षदेखिको प्राप्त हुनुपर्ने रु. ८ करोड १६ लाख ८१ हजार र अन्य निकायबाट प्राप्त हुनुपर्ने रु. ७१ लाख ९३ हजार असुल भएको छैन। उक्त रकम असुल गर्नुपर्दछ।

१२९. **पेस्की फछ्र्यौट -** केन्द्रले विगत लामो समयदेखि आपूर्तकलगायत विविध पार्टीबाट प्राप्त गर्नुपर्ने देखिएको पेस्की रु. ३ करोड ८ लाख असुल तथा फछ्र्यौट गर्न आवश्यक पहल गरेको पाइएन। विभिन्न व्यक्ति तथा संस्थालाई विभिन्न कार्यका लागि उपलब्ध गराएको उक्त पेस्की असुल उपर तथा फछ्यौट गर्नुपर्दछ।

१३०. **कागज खरिद -** यस संस्थाको विगत ३ वर्षको कुल सञ्चालन लागत, कुल कागज उत्पादन पृष्ठ र प्रति पृष्ठ कागज उत्पादन लागत देहाय बमोजिम रहेको छ।

| सि.नं. | विवरण | २०७५।७६ | २०७४।७५ | २०७३।७४ |
|---|---|---|---|---|
| १ | कुल सञ्चालन लागत (रु.दश लाखमा) | ८,८४ | ८,१२ | ६,६७ |
| २ | कुल कागज उत्पादन पृष्ठ संख्या (दश लाखमा) | ३०,९६ | ३३,८६ | २८,०४ |
| ३ | प्रति पृष्ठ कागज उत्पादन लागत (रु. प्रति पृष्ठ) | ०.२९ | ०.२४ | ०.२४ |

केन्द्रको प्रति पृष्ठ कागज उत्पादन लागत गत आर्थिक वर्षमा रु. ०.२४ प्रति पृष्ठ भएकोमा यस आर्थिक वर्ष रकम रु. ०.०५ प्रति पृष्ठले वृद्धि भई रु. ०.२९ प्रति पृष्ठ रहेको पाईयो। यसरी गत वर्षको तुलनामा यस वर्षमा केन्द्रको प्रति पेज कागज उत्पादन लागत २१ प्रतिशतले वृद्धि भएकोले मितव्ययी ढङ्गबाट कागज खरिद कार्य गर्नुपर्दछ।

१३१. **खरिद तथा निर्माण -** केन्द्रले यस वर्षको कुल खरिद रु. ६२ करोड ५७ लाखमध्ये रु. ५९ करोड ८९ लाख बराबरको ९५.७१ प्रतिशतको कागज खरिद गरेको छ। गत वर्ष खरिद रु.६० करोड १५ लाखमध्ये रु. ५७ करोड ८ लाख बराबरको ९४.८९ प्रतिशतको कागज खरिद गरेको देखिन्छ। यसरी खरिद गरेको कागज माध्यमिक तहसम्मको पाठ्यपुस्तक छपाइ गर्न तथा केन्द्र, प्रदेश र स्थानीय तहको निर्वाचनको लागि मतदाता पत्र लगायतमा प्रयोग भएको छ। केन्द्रले समयमा पाठ्यपुस्तक छपाइ गर्न नसकेको, वितरण व्यवस्था प्रभावकारी नभएको तथा समयमा कागज खरिदको टेण्डर गर्न नसकेको लगायतका विषयमा सुधार गर्नुपर्दछ।

## मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति

१३२. **गुरु योजना** - मेडिकल कलेजको न्यूनतम पूर्वाधार निर्माण गर्न रु.८ अर्ब ७४ करोड १२ लाख ४८ हजारको गुरुयोजना कार्यान्वयन गर्न अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको देखिन्छ । गुरु योजनाको काममध्ये पहिलो चरणमा अस्पताल भवन, कलेज भवन, छात्रावास ३, केही आवास गृह, लण्ड्री, मर्चरी, रोड एक्सेसलगायतका कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा रु.२३ करोड १९ लाख लागतको खानेपानी तथा ढल निर्माण लगायतका कार्यको खरिद प्रक्रिया शुरु नभएको तथा दोस्रो चरणको पूरै काम बाँकी रहेकोले तोकिएको समयमा परियोजना सम्पन्न गर्न कठिन देखिन्छ । गुरुयोजनाअनुसार तोकिएको अवधिमा कार्य सम्पन्न हुनुपर्दछ ।

१३३. **निर्माण कार्यको प्रगति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौता गर्दा निर्माण व्यवसायीले कार्यतालिका पेस गर्नुपर्ने र सोही तालिका अनुसार कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । समितिबाट मेडिकल कलेजको पूर्वाधार निर्माण गर्न रु.३ अर्ब ९३ करोड ३५ लाखको ७ खरिद सम्झौता गरेकोमा रु.१ अर्ब ८९ करोड २६ लाख भुक्तानी गरेको छ । ती कार्यहरु सम्पन्न गर्ने म्याद २०७६।२।२४ देखि २०७७।४।१० सम्म रहेकोमा सम्झौता अवधिको तुलनामा भौतिक प्रगति न्यून रहेको छ । निर्माण व्यवसायीले कार्यतालिका बमोजिम निर्माण कार्य नगरेको हुँदा सम्झौता बमोजिम समयमै सम्पन्न गर्न थप पहल गर्नुपर्दछ ।

१३४. **नर्म्सको प्रयोग** - निर्माण सम्बन्धी स्वीकृत नर्म्सअनुसार सिमेण्ट र बालुवाको १:६ र १:४ जोडाइ भएको इटाको गाह्रो लगाउने कार्यमा २२४×१०८×५७ मिलिमीटर साइजको ईँटा ५६० गोटा लाग्ने र ईँटाको साइज, आकार घटी बढी भएमा सोही अनुपातमा ईँटाको परिमाण घटी बढी हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । समितिले यस वर्ष भवन निर्माण कार्यको २ ठेक्का सम्झौता गरेकोमा ईँटाको गाह्रो लगाउने कार्यको लागत अनुमानमा प्रयोग हुने ईँटाको साइज खुलाएको छैन । लेखापरीक्षणको क्रममा अवलोकन गर्दा निर्माणाधीन भवनमा २३०×१०८×६५ मिलिमिटर साइजको ईँटा प्रयोग भइरहेको पाइयो । नर्म्सअनुसार उक्त साइजको ईँटाको गाह्रो लगाउँदा प्रति घनमिटर ४७८ गोटा लाग्ने देखिन्छ । लागत अनुमानमा उल्लिखित ईँटाको परिमाण र निर्माण कार्यमा प्रयोग भएको परिमाणको परीक्षण गर्दा यो वर्ष खरिद सम्झौता भएको कार्यमा ४ लाख १९ हजार ५३१ ईँटा घटी लाग्ने देखिएकोले समितिले रु.५३ लाख ७ हजार बढीको लागत अनुमान स्वीकृत गरेको छ । लागत अनुमान यर्थाथपरक हुने गरी तयार गर्नुपर्दछ ।

१३५. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) बमोजिम नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल भुक्तानी गर्नुपर्नेमा एक निर्माण व्यवसायीलाई नापी विवरणअनुसार फलामे डण्डी ८९ हजार ३०४.६५ के.जी.को भुक्तानी गर्नुपर्नेमा १ लाख १५ हजार के.जी.को भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२९ लाख ५४ हजार असुल गर्नुपर्दछ ।

# अनुगमन र बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको अनुगमन नभएको, विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, मूल उत्तरपुस्तिका बढी छपाइ गरेको, संस्थागत विद्यालयको शुल्क अनुगमन, उत्तरपुस्तिका छपाइमा बढी दायित्व पारेको, त्रिभुवन विश्वविद्यालयका केही निकायको समयमै लेखापरीक्षण नगराएको, विदेशी शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित शिक्षण संस्थाको धरौटी नेपाल सरकारको धरौटी खातामा दाखिला नगरेको लगायतका व्यहोरामा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ ७८ निकायमा रु.२ अर्ब ९८ करोड ७० लाख ८७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ करोड ४० लाख १४ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ९५ करोड ३० लाख ७३ हजार बाँकी रहेको छ । सोमध्ये रु.४ करोड ३६ लाख ४० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था, समिति, बोर्ड ३१६ तर्फ रु.१० अर्ब ३६ करोड ६३ लाख ९८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ करोड ३ लाख ७७ हजार फछ्यौंट गरेकोले रु.१० अर्ब २० करोड ६० लाख २१ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.२३ करोड ७१ लाख ८७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा श्रम तथा रोजगारसम्बन्धी नीति, कानुन योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन, श्रम शक्ति र श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, श्रमसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क र सम्बन्ध, श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध, रोजगार, सेवा तथा श्रमिक आपूर्ति, व्यावसायिक तालिमको सञ्चालन, समन्वय तथा प्रवर्द्धन, श्रमिकहरुको सामाजिक सुरक्षा, विदेशीहरुका लागि श्रम स्वीकृति, श्रम प्रशासन र व्यवस्थापन, रोजगारी सिर्जनासम्बन्धी कार्यमा समन्वय गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत २७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २५ सरकारी कार्यालयको निम्नानुसार रु.९ अर्ब ५९ करोड ८५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु.लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| २५ | ५८५९ | २१ | १३६४ | १३ | २०७३९ | १२ | ६८०२३ | २५ | ९५९८५ |

यस मन्त्रालयमा विनियोजन भई स्थानीयतहबाट खर्च भएको रु.२ अर्ब २५ करोड ९१ लाख र शहरी विकस मन्त्रालय मातहतबाट खर्च भएको रु.९४ लाख ६३ हजार समावेश गरिएको छैन ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष २ संस्थाको रु.९ अर्ब ९७ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** राष्ट्रिय योजना आयोगबाट प्रकाशित २०७५।७६ को विकास सूचकाङ्क नतिजामा यस मन्त्रालयको विभिन्न कार्यको लक्ष्य तोकिएकोमा सो को प्रगति स्थिति देहायबमोजिम छः

| क्र.सं. | विवरण | इकाई | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | रोजगगारमूलक तालिम | संख्या हजारमा | २० | १९ | ९५ |
| २. | सुरक्षित आप्रवासनका लागि सूचना तथा परामर्श केन्द्र स्थापना तथा सञ्चालन | जिल्ला | १२ | ० | ० |
| ३. | द्विपक्षीय श्रम सम्झौता भएका मुलुक | देश | २ | २ | १०० |
| ४. | सीप विकास तालिम केन्द्रहरुको स्तरोन्नति | संख्या | ३ | २ | ६७ |
| ५. | वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुमा सुरक्षित श्रम गृहको विस्तार | संख्या | ५ | ५ | १०० |
| ६. | सामाजिक सुरक्षाकोषमा सहभागिता | संख्या हजारमा | ५० | ३२.५ | ६५ |
| ७. | सामाजिक सुरक्षा कोषबाट सञ्चालन भएका आयोजनाहरु | संख्या | ३ | ० | ० |
| ८. | सबै प्रकारका बालश्रम उन्मूलन | संख्या (लाखमा) | ५ | ० | ० |

यो वर्ष सुरक्षित आप्रावासनका लागि १२ सूचना तथा परामर्श केन्द्र स्थापना तथा सञ्चालन गर्ने लक्ष्य रहेकोमा कुनै पनि सूचना केन्द्रस्थापना नभएको, सामाजिक सुरक्षा कोषबाट ३ आयोजना सञ्चालन गर्ने र सबै प्रकारका बाल श्रम उन्मूलन गर्न ५ लाख बालश्रमिक घटाउने लक्ष्य रहेकोमा प्रगति शून्य छ । त्यस्तै सामाजिक सुरक्षा कोषमा ५० हजार सहभागी गराउने लक्ष्य रहेकोमा ६५ प्रतिशतमात्र प्रगति भएको छ ।

४. **चौधौं योजना -** चौधौं योजना (२०७३।७४-७५।७६) मा यस मन्त्रालयको लागि तोकिएका नतिजाको सूचकहरु र उपलव्धिको अवस्था निम्नानुसार रहेको छः

| नतिजा सूचकहरु | इकाई | आधार वर्ष | लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| रोजगारीको वृद्धिदर | प्रतिशत | २.९ | ३.५ | |
| बेरोजगार दर | प्रतिशत | ३.६ | २ | ११.४ |
| विप्रेषण आय (रु.अर्बमा) | रकम | ६७९ | १२३३ | ७५५ |
| रोजगगारमूलक तालिम | जना (हजारमा) | १७ | ६० | - |
| सीप विकास तालिम केन्द्रहरुको स्तरोन्नति | संख्या | ३ | ७ | - |
| वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुमा सुरक्षित श्रम गृहको विस्तार | संख्या | ५ | १५ | - |
| सामाजिक सुरक्षाकोषमा सहभागीको संख्या | जना (हजारमा) | ७०० | १५० | |
| सामाजिक सुरक्षाकोषमा जम्मा हुने रकम | रु.कारोडमा | १२१० | ४७ | - |
| सामाजिक सुरक्षा कोषबाट सञ्चालन हुने आयोजना | संख्या | - | ९ | ० |
| द्विपक्षीय श्रम सम्झौता हुने मुलुक | देश | ६ | ६ | २ |

रोजगारी वृद्धि दर २.९ बाट ३.५ प्रतिशत पुऱ्याउने, ६० हजार व्यक्तिलाई रोजगारमूलक तालिम, ७ सीप विकास तालिम केन्द्रहरुको स्तरोन्नति, १५ वैदेशिक रोजगारीका गन्तव्य मुलुकमा सुरक्षित श्रम गृहको विस्तार गर्ने उल्लेख भएकोमा सोको प्रगति उल्लेख गरेको छैन । बेरोजगार दर ३.६ प्रतिशतबाट २ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा योजनाको अन्त्यसम्म ११.४ प्रतिशत पुगेको छ । विप्रेषण आय रु.६ अर्ब ७९ करोडबाट रु.१२ अर्ब ३३ करोड पुऱ्याउने लक्ष्य रहेकोमा आर्थिक वर्षको अन्त्यसम्म रु.७ अर्ब ५५ करोड रहेकोले लक्ष्यको तुलनामा १३ प्रतिशतमात्र प्रगति भएको छ । त्यस्तै योजना अवधिमा ६० हजार व्यक्तिलाई रोजगारमूलक तालिम प्रदान गर्ने, ७ सीप विकास केन्द्रको स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा योजना अवधिमा भएको प्रगतिको विवरण प्राप्त भएन ।

५. **बजेट वक्तव्यको कार्यान्वयन -** मन्त्रालय र अन्तर्गत निकायको लागि यो वर्ष रु.४ अर्ब १५ करोड ५० लाख बजेट विनियोजन भएकोमा २ अर्ब ८५ लाख ५४ हजार खर्च भएको छ । आर्थिक वर्ष २०७५।७६ को बजेट वक्तव्यमा रोजगार सूचना केन्द्र स्थापना गर्ने, वैदेशिक रोजगार सेवा प्रदायक कम्पनीहरुलाई आन्तरिक रोजगारी व्यवस्थापनमा समेत परिचालित गर्ने, श्रम क्षेत्रमा आउने विवादलाई तत्काल समाधान गर्न एक अर्धन्यायिक निकाय गठन गर्ने, बाल श्रमलाई पूर्ण रुपमा निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइने, विदेशबाट फर्केका युवाहरुको सिप प्रमाणीकरण गरी रु १० लाख सम्मको ऋण उपलब्ध गराउने व्यवस्था गर्ने, विप्रेषण आय बैकिङ्ग प्रणालीबाट भित्र्याई त्यस्तो रकम उत्पादनमूलक लघु तथा साना उद्योग, पर्यटन, कृषि व्यवसाय र रोजगारीमूलक सेवा क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने उल्लेख भएकोमा उल्लिखित व्यहोरा कार्यान्वयन भएको पाइएन । बजेट वक्तव्यमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

६. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐनमा सबै प्रकारका आय व्ययको लेखा र आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयले स्वीस सहयोगअन्तर्गत सुरक्षित आप्रवासन परियोजनाको लागि अनुदान प्राप्त गर्दा सम्झौताको दफा ११ बमोजिम 'क वर्गको लेखापरीक्षकबाट लेखापरीक्षण गराउने गरी सम्झौता गरेको पाइयो । परियोजनाअन्तर्गत यो वर्ष रु.१० करोड २७ लाख ९३ हजार सोझै भुक्तानी भएको देखिन्छ । नेपालको संविधान र प्रचलित कानुनविपरीत हुने गरी वैदेशिक सहायता ग्रहण गर्न सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सोझै भुक्तानी रकमको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६ को दफा ३५ बमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

७. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** मुलुकभित्र थप रोजगारी सिर्जना गरी क्रमशः नेपालीलाई वैदेशिक रोजगारीमा जान नपर्ने बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम सिर्जना गर्ने र व्यावसायिक कृषि, सिँचाइ, नदी नियन्त्रण, वन पर्यटन र यातायत पूर्वाधार क्षेत्रलाई यस क्षेत्रमा आबद्ध गरिने, तीनै तहका सरकारका सार्वजनिक निर्माणका अन्य क्षेत्रहरुलाई यस कार्यक्रममा आबद्ध गर्ने बजेट वक्तव्यमा उल्लेख भएअनुसार कार्यक्रम सञ्चालन गर्न यस वर्ष रु.३ अर्ब १० करोड बजेट विनियोजन भएकोमा रु.२ अर्ब २८ करोड २५ लाख खर्च भएको भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छः

७.१ यो वर्ष ७५३ स्थानीय तहमा दर्ता भएका १३ लाख ३३ हजार बेरोजगारमध्ये १ लाख ७२ हजार जनालाई १०० दिनको रोजगारी दिएकोले रोजगारी प्राप्त गर्ने संख्या १२.९१ प्रतिशत रहेको छ ।

७.२ प्रत्येक स्थानीय तहमा रोजगारी सिर्जना गर्न न्यूनतम रु.५ लाखदेखि अधिकतम रु.१ करोडसम्म निकासा दिएकोमा स्थानीय तहबाट हालसम्म पनि खर्चको विवरण पेस भएको छैन । स्थानीय तहबाट खर्चको विवरण लिई उपलब्धिको मूल्याङ्कन हुनुपर्दछ ।

७.३ कार्यक्रममा व्यावसायिक कृषि, सिँचाइ, नदी नियन्त्रण, वन पर्यटन र यातायत पूर्वाधार क्षेत्रलाई यस क्षेत्रमा आवद्ध गरिने नीति रहेकोमा पैदल सडक, पर्खाल, खेल मैदान, नाला, पोखरी, सार्वजनिक शौचालय, चौतारा, सिँचाइ कुलो, विद्यालय घेराबारा, मर्मत तथा सम्भार, मोटरबाटो मर्मतलगायतमा खर्च भए तापनि व्यवसायिक कृषितर्फ कुनै कार्य भएको देखिएन । स्थानीय तहलाई निकासा भएको रकमबाट गर्नुपर्ने कार्य नतोकिएकोले स्थानीय तहले आफ्नो आवश्यकताअनुसार कार्य गरेको देखियो । स्थानीय निकायबाट भएका कार्यहरुको मन्त्रालयबाट प्रगति विवरण लिएको देखिएन ।

## श्रम विभाग

८. **सेवा प्रवाह -** प्राप्त प्रगति विवरणअनुसार विभागले यस वर्ष १ हजार ११९ गैरनेपाली नागरिकलाई श्रम स्वीकृति, ,८६२ श्रम स्वीकृति नवीकरण, १ ट्रेड युनियन महासंघ दर्ता, २२ ट्रेड युनियन संघ दर्ता, ४६९ श्रम अडिट, ३८० श्रमिक आपूर्तिकर्ता ईजाजत प्रदान, ९७ श्रमिक आपूर्तिकर्ता कम्पनी निरीक्षण, ४०२ बोयोलर निरीक्षण, ५७५ श्रम विवाद समाधान, ८२७ बालश्रम निरीक्षण, १ हजार ८२ व्यक्तिगत दाबी उजुरी र १९२ सामूहिक दावी उजुरी फछ्र्यौट, ७६२ न्यूनतम पारिश्रमिक निरीक्षणलगायतका सेवा प्रवाह सम्बन्धी काम गरेको छ । रोजगारीको लागि सिफारिस गर्ने, बालश्रम, बोयोलर, प्रतिष्ठानलगायतका संस्थाको निरीक्षण गर्ने, बेरोजगारको तथ्याङ्क सङ्कलन गर्ने, न्यूनतम पारिश्रमिक प्रदान गर्ने, रोजगारीको लागि सिफारिस गर्नेलगायतका कार्यको लक्ष्य किटान गरी कार्य गरेको देखिएन । विभाग र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्यको लक्ष्य किटान गरी सोहीबमोजिम कार्य सम्पादन हुनुपर्दछ ।

## वैदेशिक रोजगार विभाग

९. **वैदेशिक रोजगारी -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ । यस वर्षसम्म संस्थागत रुपमा ११० र व्यक्तिगत रुपमा १७२ देशमा वैदेशिक रोजगारको लागि पठाउन/जान खुल्ला गरेकोमा हाल इराक र लिवियामा रोक्का गरिएको छ । संस्थागत, व्यक्तिगत, वैधानिकीकरण र नवीकरणसमेत २०७३।७४ मा ६ लाख ४२ हजार ८५९, २०७४।७५ मा ६ लाख १२ हजार ६८५ र २०७५।७६ मा ५ लाख ८ हजार ८२८ व्यक्ति रोजगारीका लागि विदेश गएको देखिन्छ । संस्थागततर्फ हालसम्म ४० लाख १५ हजार व्यक्ति रोजगारीका लागि गएकोमा मलेसियामा १३ लाख ९१ हजार, कतारमा १०लाख ६२ हजार, साउदी अरेबियामा ८ लाख ७२ हजार, युनाइटेड अरब

इमिरेट्समा ५ लाख २६ हजार र कुबेतमा १ लाख १ हजार व्यक्ति रोजगारीको लागि गएको देखिन्छ । संस्थागततर्फ ४६ देशमा रोजगारीको लागि गएको भए पनि मलेसिया र कतारले मात्र गन्तव्यको ६० प्रतिशत हिस्सा ओगटेको देखियो ।

वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति प्राप्त देशमध्ये ४६ देशमा रोजगारीमा गएको देखिन्छ । सोमध्ये ९ देशसँग मात्र श्रम सम्झौता भएको छ । अन्य देशसँग सम्झौता गर्न प्रयास गर्नुपर्दछ ।

१०. **कामदारको प्रकृति -** विभागबाट प्राप्त विवरणअनुसार २०७३।७४ देखि २०७५।७६ सम्म वैदेशिक रोजगारीको लागि गएका १७ लाख ३८ हजारमध्ये उच्च दक्षतायुक्त ०.०५ प्रतिशत, पेशाविद् ०.१२ प्रतिशत, अर्धदक्ष १४.९४ प्रतिशत, दक्ष २९.०८ प्रतिशत र अदक्ष कामदार ५५.८२ प्रतिशत रहेका छन् । कामदारको दक्षताको आधारमा पारिश्रमिक निर्धारण हुने भएकोले रोजगारीको मागअनुसार दक्ष जनशक्ति उत्पादन गरी रोजगारमा पठाउनुपर्दछ ।

११. **अनुगमन, उद्धार तथा राहत -** वैदेशिक रोजगारीमा जाने कामदारबाट तोकिएको भन्दा बढी शुल्क लिएको, सम्झौतामा उल्लेख भएको भन्दा फरक काम दिएको, सम्झौतामा उल्लेख भएको भन्दा घटी पारिश्रमिक दिएको, सम्झौतामा खान र बस्नको लागि व्यवस्था भएको भनिएकोमा सोको लागि तलबबाट रकम कट्टा गरेको लगायतबाट ठगी हुने गरेको छ । ठगीको उजुरी सम्बन्धमा विभागले क्षति पूर्तिको कारबाही गर्ने गरेको छ । गत वर्ष वैदेशिक रोजगारीको ठगी उजुरी संख्या ७६९ रहेकोमा यो वर्ष ६४.२३ प्रतिशत वृद्धि भई १२६३ पुगेको छ । गत वर्ष दाबी रकम रु.९ करोड ६४ लाख ५९ हजार रहेकोमा २०७.१० प्रतिशत वृद्धि भई रु.२९ करोड ६३ लाख २० हजार पुगेको छ । यो वर्ष दाबी रकममध्ये रु.९ करोड ५९ लाख ३३ (३२.३७ प्रतिशत) हजार बिगो भराएको छ । त्यस्तै गत वर्ष ७१८ जाहेरी संख्या फरफारक गरेकोमा यो वर्ष ४२९ जाहेरीमात्र फरफारक गरेकोले फरफारक संख्यामा ५९.७४ प्रतिशत घटी देखिएको छ । वैदेशिक रोजगारीको ठगीमा वृद्धि भएकोले नियन्त्रणात्मक उपाय खोजी गर्ने र समयमा जाहेरी फरफारक गर्नुपर्दछ ।

१२. **आय लेखाङ्कन -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२ अनुसार वैदेशिक रोजगारमा गएका तथा फर्की आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणको लागि वैदेशिक रोजगार बोर्ड मातहत रहने गरी वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना भएको छ । उक्त कोषमा अनुमति र नवीकरण दस्तुर, व्यवसायीले राखेको धरौटी र लगानी बापत प्राप्त व्याज र विभाग मातहत कार्यलयले वैदेशिक रोजगारीको लागि अनुमति प्रदान गरे बापत प्राप्त दस्तुर जम्मा हुने गरेको छ । विभिन्न निकायबाट कोष सञ्चालनको लागि खोलिएका बैङ्क खातामा रकम जम्मा गर्ने गरेकोमा अनुमति प्रदान गर्ने निकायले प्राप्त गरेको दस्तुरको हिसाब राख्ने गरेका छैनन् । सेवाग्राहीले तिरेको दस्तुर सम्बन्धित निकायमा लेखा नराखी सेवाग्राहीबाट सोझै कोषका विभिन्न खातामा दाखिला गरेको कारण प्राप्त रकम भिडान गर्ने आधार भएन । प्रत्येक कार्यालयले प्राप्त दस्तुरको लेखा राख्ने, बैङ्क हिसाब भिडान गर्ने र भिडान भएको रकम वैदेशिक रोजगार बोर्डद्वारा सञ्चालित कोषमा ट्रान्सफर गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## वैदेशिक रोजगार बोर्ड

१३. **प्रगति स्थिति -** बोर्डले मृतक, अङ्गभङ्ग तथा बिरामी भएका कामदारका परिवारलाई आर्थिक सहायता, अलपत्र तथा मृतकको शव स्वदेश ल्याउने लगायतका कार्य गरेको भए पनि स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका कामदारको लागि सहयोग केन्द्र सञ्चालन, प्रदेश तहमा श्रम तथा रोजगार कार्यालयभित्र रहने गरी बोर्डको सम्पर्क इकाई स्थापना र सञ्चालन, मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन र एच.आई.भी. तथा यौनजन्य स्वास्थ्य परीक्षण कार्यक्रममा रु.१ करोड ४०

लाख बजेट विनियोजन भएकोमा उल्लिखित कार्यक्रम सञ्चालन भएको देखिएन । बोर्डलाई तोकिएका सबै कार्यहरु सम्पादन हुनुपर्दछ ।

१४. **कोषको परिचालन** - बोर्डले विगत ५ वर्षमा प्रत्येक वर्ष कुल आम्दानीको ८.४४ देखि १०.८८ प्रतिशतसम्म खर्च गरेको छ । गत वर्षको मौज्दातसमेत यो वर्ष रु.६ अर्ब २९ करोड १० लाख ७८ हजार आम्दानी भएकोमा रु.६८ करोड ५० लाख १७ हजार (१०.८८ प्रतिशत) मात्र खर्च भई रु.५ अर्ब ६० करोड ६१ लाख बचत रहेकोले प्राप्त रकमको अधिकतम परिचालन हुन सकेको छैन । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को कारणले वैदेशिक रोजगारबाट फर्किएका नेपाली कामदारहरुको स्वदेशमा रोजगारी प्रवर्द्धन गर्न कोषको परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१५. **कामदारको मृत्यु र अङ्गभङ्ग** - वैदेशिक रोजगारीमा गएका कामदारको सम्बन्धित देशको हावापानी, कामको चाप, व्यक्तिगत बानी व्यहोरा, कामदारबीचको झैझगडालगायतका कारणले मृत्यु तथा अङ्गभङ्ग हुने गरेको र २०७३।७४ मा ७५६ र २०६, २०७४।७५ मा ८२२ र ३६० र २०७५।७६ मा ७५३ र ३३३ कामदारको मृत्यु तथा अङ्गभङ्ग भएकोले सोको न्यूनीकरणका लागि आवश्यक उपायको खोजी गर्न जरुरी देखिन्छ ।

## ई.पी.एस. कोरिया शाखा

१६. **सेवा शुल्क** - शाखाले दक्षिण कोरिया जाने कामदारसँग सेवा शुल्क बापत ४६ अमेरिकी डलर, अभिमुखीकरण तालिम बापत ६३ अमेरिकी डलर र स्वास्थ्य परीक्षण बापत ५४ अमेरिकी डलर लिने गरेको छ । सेवा शुल्कबापत लिएको रकम ई.पी.एस. कोषमा जम्मा गरेको र उक्त कोषमा रु.१९ करोड २ लाख ७९ हजार मौज्दात रहेको छ । अभिमुखीकरण तालिमका लागि तोकिएको रकम व्यावसायिक तथा सीप विकास प्रतिष्ठानले लिने गरेकोमा उक्त रकमबाट गत वर्ष बचत रहेको रकमबाट रु.६ करोड ९० लाख २५ हजार राजस्व खातामा जम्मा भएको छ । स्वास्थ्य परीक्षणको लागि तोकिएको रकम स्वास्थ्य परीक्षण गर्ने संस्थाले लिने भएकोले उक्त रकमबाट भएको खर्च र बचतको अभिलेख कार्यालयमा रहेको छैन । कामदारसँग लिइने विभिन्न सेवा शुल्कको रकम खर्च नभई बचत रहेको देखिएकोले कामदारसँग लिईने शुल्क पुनरावलोकन हुनुपर्दछ ।

१७. **भवन निर्माण** - ललितपुरको भैंसेपाटीमा परीक्षा भवन निर्माण गर्न बिगत वर्षमा निर्माण व्यवसायीसंग रु.१० करोड ५० लाख ४९ हजारको सम्झौता भएकोमा हालसम्म रु.६ करोड २१ लाख ९६ हजार भुक्तानी भएको छ । सात तले भवन निर्माण गर्दा माटो परीक्षण नगराई भवन निर्माण कार्य शुरु गरेको र निर्माण कार्य करिब आधा सम्पन्न भएपश्चात माटो परीक्षण प्रतिवेदनअनुसार ५ तलाभन्दा बढीको भवन बनाउन उपयुक्त नभएकोले संशोधित ड्रइङ्ग डिजाइन स्वीकृतिको प्रक्रियामा रहेको छ । माटो परीक्षण बेगर डिजाइन तयार गर्ने र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

## व्यावसायिक तथा सीप विकास प्रतिष्ठान

१८. **अभिमुखीकरण तालिम** - प्रतिष्ठानले ई.पी.एस भाषा परीक्षामा उत्तीर्ण भएका कोरिया जाने कामदारहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गर्न कामदारबाट प्रति कामदार ६३ अमेरिकी डलरका दरले शुल्क लिई बंगलादेश बैङ्क लिमिटेडमा रहेको प्रतिष्ठानको खातामा जम्मा गरी आवश्यकताअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यसञ्चालन कोष खातामा ट्रान्सफर गरी तालिम सञ्चालन गर्ने गरेको छ । बैङ्क खातामा गत वर्षको बाँकी मौज्दात रु.८ करोड ७१ लाख २० हजार र चालु वर्षको ब्याज प्राप्त रु.११ लाख ९९ हजारसमेत रु.१२ करोड २ लाख ३१ हजारमध्ये तालिम सञ्चालनको लागि रु.२ करोड ५०

लाख को.ले.नि.का. विविध खातामा ट्रन्सफर र रु.६ करोड ९० लाख ७४ हजार बेरुजू खातामा दाखिला गरेकोले रु.२ करोड ६१ लाख ५० हजार बैङ्क मौज्दात देखिएको छ । तालिम सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१८.१ ई.पी.एस. परीक्षा प्रणालीको माध्यमबाट कोरिया जाने श्रमिकहरुलाई अभिमुखीकरण तालिम प्रदान गर्न लिएको शुल्कबाट प्रशिक्षक पारिश्रमिक, कर्मचारीको भत्ता, खाजा, खानालगायतमा यस वर्ष रु.२ करोड ८ लाख ७१ हजार खर्च गरेको छ । कोरिया जाने कामदारसँग लिइने प्रतिव्यक्ति ६३ अमेरिकी डलरबाट कार्यालयले ५० जनाको समूह बनाई तालिम सञ्चालन गर्ने र उक्त रकमबाट प्रशिक्षक पारिश्रमिक, तालिम व्यवस्थापनमा खटिएका कर्मचारीको भत्ता, सहभागी तथा प्रशिक्षकलाई खाजा, खाना मसलन्दलगायतमा खर्च गरेकोमा प्रशिक्षक भत्ताको दर सचिवस्तरीय निर्णयबाट निर्धारण गरेकोमा अन्य खर्चको मापदण्ड तोकी तालिम सञ्चालन कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी तालिम सञ्चालन हुनुपर्दछ ।

१८.२ प्रतिष्ठानले तालिम सञ्चालनको लागि लिएको शुल्कमध्ये खर्च नभई बचत रहको रकम राजस्व खातामा दाखिला गर्ने गरेको देखियो । गत आर्थिक वर्षमा बचत रहेको मध्ये रु.६ करोड ९० लाख ७४ हजार राजस्व खातामा दाखिला गरी रु.२ करोड ६१ लाख ५७ हजार बैङ्कमा मौज्दात रहेको छ । तालिम सञ्चालनको लागि लिएको शुल्क सोही प्रयोजनमा खर्च हुन नसकी मौज्दात रहने गरेको देखिएकोले शुल्कमा पुनरावलोकन हुनुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

## सामाजिक सुरक्षा कार्यक्रमको अवस्था

नेपालमा ज्येष्ठ नागरिक, एकल महिला, विधवा, पूर्ण अशक्त अपाङ्गता भएकालाई सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा कार्यक्रम, निशुल्क औषधि उपचार, निवृत्तिभरण उपदान, सामाजिक सुरक्षा कोष मार्फत योगदानकर्ताहरुलाई औषधि उपचार, दुर्घटना सुरक्षा योजना, बृद्ध अवस्था सुरक्षा योजना, विपन्ना राहत, उद्धार तथा पुनरुथापना, कर्मचारी सञ्चय कोषमार्फत दुर्घटना क्षतिपूर्ति, स्वास्थ्योउपचार, नागरिक लगानी कोष मार्फत पेन्सन योजना र उपदान, वैदेशिक रोजगार बोर्डमार्फत वैदेशिक रोजगारीमा गएकालाई राहत उद्धार लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालनमा रहेका छन । सामाजिक सुरक्षा कार्यक्रमको नीति निर्धारण, लक्षित वर्गको पँहुच, सुविधाको उपयोग, सार्वजनिक स्रोतको वितरण र अभिलेख तथा सूचना व्यवस्थापनको दक्षता मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१९. **एकीकृत कानुनी तथा संगठनात्मक संरचना** - सामाजिक सुरक्षा ऐन तथा २०७५।७६ को बजेट वक्तव्यमा एकीकृत सामाजिक सुरक्षा नीति तर्जुमा गर्ने उल्लेख छ । हाल सामाजिक सुरक्षासँग सम्बन्धित १५ भन्दा धेरै कानून तर्जुमा भई कार्यान्वयनमा रहेका छन् । सोही अनुरुप कार्यान्वयन मापदण्ड तथा प्रक्रियाहरु पनि फरक फरक रहेका छन् । कार्यक्रम कार्यान्वयन व्यवस्थापनको लागि ६ भन्दा बढी संघीय मन्त्रालय, ७ प्रदेश मन्त्रालय, ३ कोष, २ बोर्ड र स्थानीय तह लगायतका दर्जनौ कार्यालय रहेका छन् ।प्रत्येक कार्यक्रमको लागि बेग्लाबेग्लै कानुन, संगठनात्मक संरचना, तथा सूचना प्रणाली आदिको व्यवस्था हुँदा सञ्चालन लागत बढ्ने, कार्यक्रमहरुको तथ्याङ्क सङ्कलन व्यवस्थापनमा एकरुपता र सामञ्जस्यता नआउने, दोहोरोपना रहने, अनुगमन एवं नियमन तथा प्रतिवेदन प्रणाली चुस्त नहुने समस्या विद्यमान छ।तसर्थ एकीकृत कानुनी व्यवस्था गर्दै सबै प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन र व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता ल्याउन विद्यमान निकायहरुलाई गाभी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मातहतमा रहने गरी एकल सामाजिक सुरक्षा केन्द्रको स्थापना गर्नुपर्दछ ।

यसो गरेमा कार्यक्रम अनुसारका विभिन्न व्यवस्थापन सूचना प्रणालीलाई एकीकृत गरी सञ्चालन र व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनमा समेत सहज हुनेछ ।

२०. **जीवनचक्रमा आधारित सामाजिक सुरक्षा** - मानव जीवनचक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । पन्ध्रौं योजनामा सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गर्ने तथा २०७६।७७ को बजेटमा सबै नागरिकलाई गर्भावस्थादेखि बृद्धावस्थासम्मको जीवनचक्रलाई सामाजिक सुरक्षामा आवद्ध गरिने व्यवस्था उल्लेख छ । यसको उद्देश्य गर्भावस्थामा हेरचाह, शिक्षा दिक्षा र तालिमको माध्यमबाट रोजगार हुनसक्ने क्षमताको विकास गर्ने, रोजगारी पश्चात योगदान एवं बीमाको माध्यमबाट स्वास्थ्योउपचार र बृद्धावस्थामा हेरचाहका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । नेपालमा गर्भावस्थादेखि वृद्धावस्थासम्मका लागि विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरुको सञ्चालन गरिए पनि हाल जात, क्षेत्र, वर्ग, उमेरसमुह लक्षित कार्यक्रमहरु सञ्चालनमा जोड दिइएको छ । लक्षित समुहमा समेत जीवनचक्रलाई समेटेर सामाजिक सुरक्षा प्रदान गरेको देखिदैन । सरकारले समय समयमा जारी गर्ने नीतिको आधारमा यस्ता कार्यक्रम सञ्चालन हुने हुँदा लक्षितवर्गहरुले सबै चरणका सामाजिक सुरक्षा प्राप्त गरेका छैनन् । यस्तो लक्षितवर्ग सधै सरकारी सहयोगमा आधारित कार्यक्रममा निर्भर रहनुपर्ने अवस्था रहन्छ । तसर्थ जीवनचक्रका पहिलो दुई चरण गर्भावस्था र बाल्यवस्थाका लागि स्वास्थ्य तथा शिक्षा सबै नागरिकहरुको लागि पहुँचयोग्य र गुणस्तरीय बनाउने गरी सामाजिक सुरक्षाका कार्यक्रमहरुमा पुनरालोकन गरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ ।

२१. **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम विभिन्न ७ वर्गका आर्थिकरुपले विपन्न तथा असहाय व्यक्तिहरुलाई तोकिएबमोजिम मासिक सामाजिक सुरक्षा भत्ता तथा उपचार खर्च उपलब्ध गराउने व्यवस्था रहेको छ ।नेपाल सरकारले २०७५।७६ मा कुल विनियोजित रकमको औसत ३ प्रतिशत रकम रु.३९ अर्ब १७ करोड १८ लाख सामाजिक सुरक्षा भत्तामा खर्च गरेको छ । ऐनको दफा २(घ)मा “आर्थिक रुपले विपन्न” भन्नाले जीवनयापन गर्ने कुनै आधार वा आयस्रोत नभएको नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोके भन्दा न्यून आय भएका व्यक्ति भनिएकोमा हालसम्म त्यस्तो सूचना प्रकाशन गरिएको छैन । अन्य वर्ग।समुहलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आर्थिक विपन्नतालाई आधार लिईएको छैन । सामाजिक सुरक्षा ऐनको दफा १५ मा सामाजिक सुरक्षा भत्ता नपाउने व्यक्तिहरुको आधार सम्बन्धमा उल्लेख भए तापनि नेपाल सरकार बाहेक अन्य देशमा सेवा गरेवापत सरकारी कोषबाट निवृत्तिभरण र उपदान रकम प्राप्त गर्ने व्यक्तिको बारेमा स्पष्ट तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने व्यवस्था नहुँदा त्यस्ता व्यक्तिलाई समेत भत्ता दिने जोखिम रहेको छ । तसर्थ आर्थिक विपन्नता वा आय आर्जनको अवसर नभएका लक्षित वर्गहरुलाई मात्र लाभान्वित हुने अवस्था सृजना गर्नुपर्दछ ।

२२. **निवृत्तिभरण व्यवस्था** - विश्वमा अधिकांश विकसित मुलुकहरुले योगदानमा आधारित निवृत्तिभरण प्रणालीको अवलम्बन गर्ने गरेको र यसलाई असल अभ्यासको रुपमा समेत लिने गरिएको छ । नेपालमा राष्ट्रसेवक कर्मचारीहरुलाई २०७५।७६ मा मात्र निवृत्तिभरण लगायतका अवकाश सुविधामा रु.६७ अर्ब ७१ करोड ५५ लाख खर्च गरेको छ । वार्षिक रुपमा २०।२५ प्रतिशतका दरले बढ्दै गएको यस्तो खर्च नियन्त्रण गर्न २०७६ साउन १ गतेपछि नियुक्त कर्मचारीहरुको निवृत्तिभरण भुक्तानीलाई योगदानमा आधारित निवृत्तिभरण कोष प्रणालीमा ल्याए पनि अन्य सहायता वापतको भुक्तानीलाई प्रणालीमा समेट्न सकिएको अवस्था छैन । निश्चित अवधि सेवा गरे पश्चात उमेर जतिसुकै भएपनि निवृत्तिभरण प्राप्त गर्ने र विदेशमा बसोबास गरेको अवस्थामा समेत निवृत्तिभरण पाउने व्यवस्थाले यस्तो खर्च बढेको छ । निवृत्तिभरण कोष ऐन, २०७५ मा नेपाल सरकारबाट नियुक्त हुने निजामती सेवा, सैनिक सेवा, प्रहरी सेवा,

सशस्त्र प्रहरी सेवा र नेपाल विशेष सेवाका राष्ट्रसेवकहरुको निवृत्तिभरण भुक्तानीलाई योगदानमूलक निवृत्तभरण प्रणालीमा समावेश गरिने उल्लेख छ । विद्यालयका शिक्षक, प्रदेश र स्थानीय तहले नियुक्त गर्ने कर्मचारीहरु तथा विश्वविद्यालयहरुबाट नियुक्त हुने कर्मचारी एवं प्राध्यापकहरुको निवृत्तिभरण सम्बन्धमा ऐनले व्यवस्था गरेको देखिदैन । फलस्वरुप ऐन कार्यान्वयनमा आए पश्चात पनि सरकारको दायित्वमा कमी आउने देखिदैन ।

सबै सरकारी शिक्षक कर्मचारीहरुलाई समेट्ने एकल कोष मार्फत योगदानमा आधारित निवृत्तिभरण योजना सञ्चालनमा ल्याईनुपर्दछ । निवृत्तिभरण बापतको बढ्दो सरकारी दायित्वलाई मनन गर्दै सक्रिय उमेर नाघे पश्चात र स्वदेशमा नै बसोबास रहेको अवस्थामा मात्र निवृत्तिभरण प्रदान गर्ने नीति अंगिकार गर्नुपर्दछ ।

२३. **सामाजिक सुरक्षा कोष** - श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा आएको छ । कोषमा सूचीकृत हुन २०७५ कार्तिक २६ गते पहिलोपटक सूचना प्रकाशन गरेकोमा २०७६ फाल्गुण ३० सम्म ४५ जिल्लाबाट १२ हजार २८७ रोगजारदाताका १ लाख ५२ हजार योगदानकर्तामात्र सूचीकृत भएको देखिन्छ । व्यवसायिक स्थायी लेखानम्बर लिनेको संख्या २०७६ असार मसान्तसम्म ११ लाख ७७ हजार ९०७ लाई आधार मान्दा ११ लाख ६५ हजार ६२० दर्तावाला व्यवसायिक संस्था कोषमा आवद्ध छैनन् भने ३२ जिल्लाका कुनै पनि संस्थालाई कोषमा समेटन सकेको अवस्था छैन । अनौपचारिक क्षेत्रलाई समेत समेट्ने गरी खडा गरेको कोषमा औपचारिक क्षेत्रकै ठुलो संख्याका रोजगारदातालाई समेट्न नसकेको अवस्था छ । सबै प्रकारका कार्यक्रमहरुलाई कोषमा आधारित बनाउने अवसर सहित खडा गरेको भए तापनि हाल गैरसरकारी क्षेत्रको रोजगारीमा रहेकालाई मात्र आवद्ध गरिएको छ । कोषको स्वीकार्यता वृद्धि गर्न सरकारी, गैरसरकारी तथा स्वरोजगारीमा सलग्न भएकालाई समेट्ने एवं सबै प्रकारका सामाजिक सुरक्षा कार्यक्रम कोष मार्फत नै सञ्चालन गर्ने गरी दायरा विस्तार गर्नुपर्दछ ।

२४. **स्वास्थ्य बीमा कार्यक्रम** - स्वास्थ्य बीमा ऐन, २०७४ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनुपर्ने व्यवस्था छ । यस कार्यक्रममा २०७६ माघ ३० सम्म ५१ जिल्लाका ५०४ स्थानीय तहमा यो कार्यक्रम विस्तार भई ७ लाख ७० हजार ७५७ परिवारका २६ लाख ७८ हजार १०३ व्यक्ति आबद्ध भएको देखियो । कार्यक्रम सञ्चालनमा आएको २ वर्ष व्यतीत भैसक्दा पनि सेवा प्रति नागरिकको आर्कषण बढ्न सकेको अवस्था देखिदैन । यस सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन् :

२४.१ स्वास्थ्य बीमा नियमावली, २०७५ मा अति गरिबको परिचयपत्र प्राप्त परिवार, अति अशक्त अपाङ्गता भएका तथा जटिल खालका बिरामीको परिवार र ७० वर्ष माथिका ज्येष्ठ नागरिकको शतप्रतिशत र महिला स्वास्थ्य स्वयंसेविका संलग्न भएको परिवारको ५० प्रतिशत योगदान रकम सरकारले व्यहोर्ने व्यवस्था छ । स्वास्थ्य बीमा कार्यक्रममा २०७६ माघ मसान्तसम्म जम्मा २६ लाख ७८ हजार १०३ व्यक्ति आबद्ध भएकोमा सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक २ लाख ८० हजार ४७१, अति गरिब घर परिवारका ६ लाख ५७ हजार ९७४, महिला स्वास्थ्य स्वयंसेविका १५ हजार ९२२ गरी जम्मा ९ लाख ५४ हजार ३६७ अर्थात् करिब ३६ प्रतिशत बीमितको योगदान रकम सरकारबाट नै व्यहोरिएको देखिन्छ । जसले गर्दा योगदान रकम र सुविधा रकम दुवै सरकारले नै व्यहोर्नुपर्ने भई दोहोरो भुक्तानीको व्ययभार सरकारी कोष माथि परेको देखिन्छ ।

२४.२ स्वास्थ्य बीमा ऐन, २०७४ मा राष्ट्रसेवक मानिने व्यक्ति तथा वैदेशिक रोजगारीमा जाने कामदारको परिवारले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनुपर्ने व्यवस्था छ । २०७६ माघ मसान्तसम्म कुनै पनि

राष्ट्रसेवक तथा प्रतिष्ठानका कर्मचारी यस कार्यक्रममा आवद्ध भएको देखिएन । कार्यक्रम सञ्चालन गर्ने बोर्डकै कर्मचारीहरुले समेत स्वास्थ्य बीमा गरेको देखिदैन । यसले गर्दा राज्यले लिएको बृहत कार्यक्रमको प्रभावकारिता माथि नै प्रश्न उठ्नसक्छ ।

२४.३ स्वास्थ्य बीमा ऐन, २०७४ मा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २०७६ असार मसान्तसम्म कार्यक्रममा आवद्ध बीमितबाट प्राप्त रु.१ अर्ब ६७ करोड १ लाख सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयको ख(६) खातामा जम्मा गरिएको र विनियोजन बजेटबाट रु.२ अर्ब १३ करोड ७ लाख दाबी भुक्तानी भएको देखिन्छ । कोष मार्फत रकम परिचालन नभएको अवस्थामा बीमा प्रिमियमभन्दा क्षतिपूर्तिको रकम रु.१ अर्ब ४० करोड ९७ लाखले बढी देखिएबाट यथास्थितिमा स्वास्थ्य बीमा बोर्डको आम्दानीबाट खर्च धान्न सकिने अवस्था देखिएन र बोर्डले प्राप्त प्रिमियम रकम परिचालन पनि गरेको छैन ।

२४.४ स्वास्थ्य बीमा ऐन, २०७५ मा बीमितले बीमालेख अवधि समाप्त हुनुभन्दा एक महिना अगावै नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । २०७४।७५ को अन्त्यसम्म कुल १२ लाख ७१ हजार ९८९ व्यक्ति स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध रहेकोमा प्राप्त विवरणअनुसार ४२ प्रतिशत बीमितको नवीकरण भएको देखिएन ।

तसर्थ, कार्यक्रमलाई सबै तहका सरकारले प्राथमिकतामा राखी प्रवर्द्धन गर्ने, सेवा प्रदायक संस्थाहरुको संख्या र पहुँच बढाउने, राष्ट्रसेवक कर्मचारीहरुलाई अनिवार्य आवद्ध गराउने, दोहोरो भुक्तानीको व्यवस्थाको विकल्प खोज्ने, अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा स्वास्थ्य बीमा कार्यक्रम दिगोरुपमा सञ्चालन गर्न स्वास्थ्य बीमाको सिद्धान्तको आधारमा सञ्चालन हुने वा अनुदानबाट सञ्चालन हुने निक्र्यौल गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ । ।

२५. **विपन्न नागरिक उपचार** - नेपाल सरकारले तोकिएका अस्पतालहरुमा क्यान्सर, मुटु रोग, टाउको तथा मेरुदण्डको चोटपटक, अल्जाईमर, पार्किन्सन र सिकलसेल एनिमिया जस्ता कडा रोग लागेका विपन्न रोगीहरुको उपचार गराउँदा २०७३।७४ देखि र २०७५।७६ सम्म क्रमशः ३६ हजार, ८२ हजार र ५३ हजार बिरामीको लागि रु.९७ करोड ८१ लाख, रु.२ अर्ब १० करोड ७७ लाख र रु.२ अर्ब ४४ करोड ८८ लाख खर्च भुक्तानी गरेको छ । बिपन्न नागरिकको उपचार भनिए पनि छनौटका आधार वस्तुपरक नभएको, विपन्न परिचयपत्र जारी गर्ने अवधारणा कार्यान्वयन नभैसकेको अवस्थामा स्थानिय तह लगायतले सबै जसो नागरिकलाई सिफारिश गर्ने स्थिति रहेको छ । जसले गर्दा उक्त उपचार कार्यक्रमबाट बिपन्न नागरिक मात्र लाभान्वित भएका छन् भन्नसकिने अवस्था भएन । बिपन्न परिचयपत्रको अवधारणा कार्यान्वयन गर्ने वा सबै नागरिकलाई सो सुविधा उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ ।

२६. **निःशुल्क औषधि वितरण** - स्वास्थ्य क्षेत्रमा हुने नगद तथा वस्तुगत सामाजिक सहायता कार्यक्रम अन्तर्गत सरकारी स्वास्थ्य संस्थाहरुबाट ७० प्रकारका औषधि निःशुल्क वितरण, निःशुल्क खोप, सेवा परिवार नियोजन सेवा आदि रहेका छन् । सरकारले सामाजिक विकासको लागि सबै नागरिकलाई प्रवाह गरिने निःशुल्क स्वास्थ्य सेवाको लागि सरकारी स्वास्थ्य संस्थाहरुमध्ये उपस्वास्थ्य चौकी र स्वास्थ्य चौकीबाट ३८, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८ र २५ शैयासम्मका अस्पतालबाट ७० प्रकारका औषधिहरु निःशुल्क वितरण गर्ने गरेको छ । औषधि खरिदमा २०७५।७६ मा संघीय सरकारबाट रु ३९ करोड ९४ लाख ९४ हजार र ७ प्रदेश सरकारबाट रु ६७ करोड ५८ लाख ९८ हजार खर्च भएको छ । यसको अलावा दातृसंस्था निकाय र स्थानीय तहबाट समेत उल्लेख्य मात्रामा औषधि खरिदको लागि रकम खर्च हुने भए पनि सोको एकीकृत अभिलेख राखेको पाइएन । स्थानीय तह, प्रदेश र संघीय सरकारबाट आफ्नै तवरले औषधि खरिद गरी निःशुल्क वितरण गर्ने गरेकोले औषधिको मौज्दातको अवस्था, शुन्य मौज्दात, अधिक मौज्दात लगायतका बिषयहरु अनुगमन गर्न समेत कठिनाई भएको छ । सूचना प्रवाहको

व्यवस्था मिलाई सबै तहका सरकारहरुबाट खरिद भई निःशुल्क वितरण हुने औषधिको मौज्दात नियमित रुपमा अभिलेखन र अनुगमन गर्ने गरी सूचना प्रणाली सफ्टवेयर तयार गर्नु पर्दछ ।

२७. **छात्रवृत्ति र दिवा खाजा कार्यक्रम** - सामाजिक सुरक्षा अन्तर्गत सबै बालबालिकालाई प्रवाह गरिने निःशुल्क शिक्षाको अतिरिक्त तोकिएका वर्ग लिङग र समुदायका विद्यालय तहका विद्यार्थीलाई विभिन्न किसिमका छात्रवृत्ति, विद्यालय दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, उच्च प्राविधिक शिक्षामा छात्रवृत्ति, शिक्षा तथा क्षेत्रमा हुने नगद तथा वस्तुगत सामाजिक सहायता कार्यक्रम रहेका छन् । विद्यालय तहका विद्यार्थीहरुको लागि विभिन्न छात्रवृत्ति कार्यक्रमको लागि २०७४।७५ र २०७५।७६ मा संघबाट क्रमशः रु.८३ करोड ८९ लाख र रु.५९ करोड ४० लाख घट्दो दरमा खर्च भएको र २०७५।७६ मा ७ वटै प्रदेश सरकारबाट रु.३० करोड २९ लाख ५८ हजार खर्च भएको छ ।

विद्यालय तहका छात्रछात्रालाई विभिन्न १२ प्रकारका छात्रवृत्तिमध्ये द्वन्द्वपीडित, शहीदका छोराछोरी, र विपन्न लक्षित बाहेकका अन्य सबै छात्रवृत्ति स्थानीय तहबाटै वितरण गरिने गरी रकम हस्तान्तरण गर्ने गरिएको छ । कार्यक्रममा भएको खर्च र लाभग्राहीको संख्याको एकीकृत अभिलेख राख्ने गरिएको छैन । त्यस्तैं विद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत २०७५।७६ मा नेपाल सरकारको तर्फबाट लक्षित लाभग्राही ४२ जिल्लाका १० लाख ९४ हजार ३१६ को लागि रु.३ अर्ब ४ करोड ४६ लाख र विश्व खाद्य कार्यक्रमले २०७५।७६ मा ११ जिल्लाका २ लाख १८ हजार विद्यार्थीको लागि सञ्चालन गरेकोमा सोको खर्च र लाभान्वितको अभिलेख राखिएको छैन । विद्यालय तहको शिक्षालाई प्रभावकारी र सबैको लागि पहुँचयोग्य बनाउन सञ्चालन गरिने विद्यालय छात्रवृत्ति तथा दिवा खाजा कार्यक्रमको विस्तृत र एकीकृत अभिलेख राख्ने, त्यस्ता कार्यक्रमबाट हुने सकारात्मक प्रभावको अध्ययन विश्लेषण गर्ने, अनुगमन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२८. **वैदेशिक रोजगारीमा जानेको सामाजिक सुरक्षा** - वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगारीमा रहेकाहरुको कल्याण गर्ने उद्देश्यले वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था छ । उक्त कोषबाट विभिन्न ८ कल्याणकारी कार्यक्रमको लागि २०७३।७४ देखि २०७५।७६ सम्म क्रमशः २ हजार ९ सय, ५ हजार ५ सय र ४ हजार ९ सय वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको लागि क्रमशः रु.२८ करोड ९२ लाख, रु.७१ करोड ५० लाख र रु.६२ करोड ९ लाख खर्च गरेको देखियो । ऐनमा वैदेशिक रोजगारबाट फर्केका कामदारको लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न कोषको प्रयोग गर्न सकिने व्यवस्था भएतापनि यस सम्बन्धमा उल्लेखनीय कार्य भएको देखिदैन । वैदेशिक रोजगारीमा रहेका पीडितको सेवा सुविधा प्रति गुनासो अत्याधिक सुनिने गरेको सन्दर्भमा वैदेशिक रोजगारीलाई सुरक्षित र भरपर्दो बनाउन कोषको प्रभावकारी परिचालन र भविष्यको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२९. **सामाजिक हेरचाह, उद्धार र पुनर्स्थापना** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको उद्धार, पुनरुथापना, आश्रम आदि सम्बन्धी नीति कानुन र मापदण्ड बनाउने, कार्यान्वयन गर्ने, सो व्यक्तिहरुको हकहित संरक्षण गर्ने कार्य महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको रहेको छ । यस मन्त्रालयले महिला ,जेष्ठ नागरिक , बालबालिका र अपाङ्गता भएकाको संरक्षण कार्यक्रमको लागि विगत ३ वर्षमा रु.९३ करोड खर्च भई १६ हजार ६ सय लक्षित व्यक्ति लाभान्वित भएको अवस्थामा प्रति लाभग्राही रु.१८ हजार ६ सय खर्च भएको अवस्था छ । अधिकाँश कार्यक्रमहरु प्रदेश र स्थानीय तहसँगको समन्वय बेगर सञ्चालन हुने गरेको देखियो । यस्तै प्रकृतिका कार्यक्रमहरु स्थानियतह मार्फत समेत सञ्चालित भएकोले दोहोरोपना हुने सम्भावना छ । मन्त्रालयले कुनै कार्ययोजना तयार नगरेको, अन्य सरकारी र गैरसरकारी निकायहरुबाट भए गरेका कार्यको विवरण समेत राखेको पाइएन ।

मन्त्रालयले यस्ता कार्यक्रमहरुको सम्बन्धमा व्यवस्थित कार्ययोजना बनाई तहगत सरकारी, गैरसरकारी निकायहरुको सहयोग र समन्वयमा देशका सबैजसो क्षेत्र समेटिने गरी कार्यक्रम सञ्चालनमा ल्याउने र सोको एकीकृत तथ्यांङ्क व्यवस्थापन गर्नुपर्दछ ।

३०. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - रोजगारीको हकसम्बन्धी ऐन, २०७५ मा प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र रहने र केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउन नसकेमा एक सय दिनको न्यूनतम ज्याला रकमको पचास प्रतिशत रकम निर्वाह भत्ता दिने व्यवस्था छ । सो व्यवस्थाबमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रममा २०७५।७६ मा रु.२ अर्ब २८ करोड ४७ लाख खर्च भएकोमा बेरोजगारको रुपमा सूचीकृत कुल १३ लाख ३३ हजार ५४४ लाई न्यूनतम १ सय दिनको रोजगारी दिनुपर्नेमा १ लाख ७२ हजार २७० लाई औषत १२.८ दिन मात्र रोजगारी उपलब्ध गराएको छ । रोजगारी उपलब्ध गराउन सञ्चालित कार्यक्रम समेत उत्पादनमुलक नभै केबल रोजगारी दिने उद्देश्यले तत्कालको लागि सञ्चालन गरेको पाइयो । यसबाट सार्थक रुपमा गरिबी निवारण र दिगो सामाजिक सुरक्षाको प्रत्याभूति गराउँन सकिदैन । यससम्बन्धी दीर्घकालीन रणनीति तयार समेत गरेको छैन । तसर्थ, संविधानको मर्मअनुसार तोकेबमोजिम सबै नेपालीको रोजगारीको सुनिश्चितता गर्न बेरोजगारहरुको यथार्थ तथ्याङ्क सङ्कलन एवं व्यवस्थापन गरी प्रदेश सरकार तथा स्थानीय तहहरुसँगको सहकार्यमा स्थायी प्रकृतिको रोजगारी सिर्जना गर्ने रणनीतिक योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

३१. **प्रदेश तथा स्थानीय तहसँग सहकार्य** - नेपालको संविधानमा भएको व्यवस्था अनुरुप सामाजिक सुरक्षा कार्यक्रमहरुको कार्यान्वयनमा तीनै तहको सहभागितामा हुनुपर्दछ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को पुनस्र्थापना कोष, बालबालिका सम्बन्धि ऐन, २०७५ को बाल कोष, जनस्वास्थ्य ऐन, २०७५ को स्वास्थ्य कोषमा अन्य रकमका अतिरिक्त सरकारका तीन तहबाट प्राप्त हुने रकम आर्थिक स्रोतको रुपमा रहने कानुनी व्यवस्था भए पनि तहगत सरकारले व्यहोर्ने हिस्सा स्पष्ट उल्लेख छैन । हाल नेपालमा सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरुमा प्रदेश र स्थानीय तहको वित्तीय हिस्सा स्पष्ट नहुँदा संघले नेतृत्व गरेको राष्ट्रिय कार्यक्रमहरुमा प्रदेश र स्थानीय तहले अपनत्व र स्वामित्वबोध नगर्ने तथा खर्च व्यवस्थापनको भार संघमा मात्र पर्ने गरेको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २००८ मा प्रकाशित गरेको प्रतिवेदन अनुसार संघीय शासन व्यवस्था भएका मुलुकहरुमा सामाजिक सुरक्षाको लागि संघीय सरकार र तल्लो तहका सरकारबाट हुने योगदान क्रमशः औसतमा ८०.३ प्रतिशत र १९.७ प्रतिशत व्यहोर्ने गरेको देखिन्छ । तर नेपालको सन्दर्भमा तल्लो तहबाट अति न्यून अर्थात् २०७५।७६ मा रु.१ करोड २० लाखमात्र खर्च गरेको देखिन्छ । कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सरकारको तहगत कार्यक्रममा स्पष्टता नहुँदा आर्थिक सहायता प्रदान, निःशुल्क स्वास्थ्योपचार, जेष्ठ नागरिक हेरचाह, सामाजिक अनुदान, रोजगारीमूलक तालिम जस्ता कार्यक्रममा तीनै तहबाट खर्च हुने गरेकोछ । तसर्थ, अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेतको अनुसरण गर्दै तीनै तहको सहभागितामा समन्वयात्मक ढंगले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३२. **गैरसरकारी संस्थाहरुको सहयोग** - सामाजिक सुरक्षासँग सम्बन्धित सबै कानुन अन्तर्गत स्थापित कोषहरुमा स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरुबाट प्राप्त हुने रकम समेत रहने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवेदन २०१८।१९ अनुसार नेपालमा स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, गरिब, अपाङ्ग, विपन्न समुदायको संरक्षण लगायतको क्षेत्रमा सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमको लागि रु.७ अर्ब ४३ करोड ९८ लाख गैरसरकारी संस्था मार्फत खर्च भएको देखिन्छ । सो मध्ये २२ प्रतिशत सहयोग बजेट बाहिर रहेको छ । गैरसरकारी संस्थाहरुबीच सहकार्य र समन्वय नहुने भएकोले संस्थागत योगदान र कार्यक्रमको मूल्याङ्कन नहुने, कार्यक्रम कार्यान्वयनमा

दोहोरोपना देखिने र स्रोतको महत्तम उपयोग समेत नहुने अवस्था देखिन्छ । उदाहरणको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार भूकम्पपछिको निजी आवास पुनर्निर्माणमा ६ हजार ७४४ घरधनीले नेपाल सरकार र गैरसरकारी संस्था दुवै तर्फबाट रु.५५ करोड ६९ लाख अनुदान लिएको, २९ गैरसरकारी संस्थाले राष्ट्रिय पुनर्निर्माण प्राधिरकणसँग समन्वय समेत नगरी रु.३४ करोड ७३ लाख दोहोरो खर्च गरी कार्यक्रम सञ्चालन गरेको देखियो । तसर्थ गैरसरकारी संस्थाहरुको क्षेत्रगत योगदानको सम्बन्धमा स्पष्ट नीति तय गर्दै सरकारी सयन्त्र मार्फत नै कार्यक्रम सञ्चालन र समन्वय गर्ने एवं एकीकृत सूचना व्यवस्थापनको माध्यमबाट अभिलेख व्यवस्थापन प्रभावकारी र पारदर्शी बनाउनुपर्दछ ।

# अन्य संस्था

## सामाजिक सुरक्षा कोष

३३. **कोष व्यवस्थापन -** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ अनुसार स्थापित यस कोषमा योगदानमा आधारित सामाजिक सुरक्षा बापतको रकम, श्रम सम्बन्धी प्रचलित ऐनअनुसार श्रमिकको पारिश्रमिकबाट कट्टी भएको र रोजगार दाताले सञ्चयकोष बापत थप गरिदिएको रकम, बोनस सम्बन्धी प्रचलित ऐनबमोजिम राष्ट्रियस्तरका कल्याणकारी कोषमा जम्मा भएको र जम्मा हुन आउने रकम, सामाजिक सुरक्षा कर बापत हालसम्म सङ्कलित र भविष्यमा सङ्कलन हुने रकम, श्रमसम्बन्धी प्रचलित ऐनअनुसार रोजगार दाताले उपदान, निवृत्तभरण र अन्य सुविधा बापत श्रमिकलाई उपलब्ध गराउनुपर्ने रकम जम्मा हुने व्यवस्था छ । कोषमा रु.२२ अर्ब १५ करोड ४९ लाख ५१ हजार मौज्दात रहेको छ ।

सेवा निवृत्त सुविधा भुक्तानीको रकमको व्यवस्थापन कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायतका संस्थाले गर्दै आएका छन् । फरक फरक ऐन तथा नियमबाट फरक फरक प्रयोजनका लागि कट्टी भएको रकम सामाजिक सुरक्षा कोषमा जम्मा हुने उल्लेख भएको तर ऐन तथा नियमावलीमा योगदानमा आधारित सामाजिक सुरक्षाकोष सम्बन्धमा मात्र उल्लेख भएकोले कोषको व्यवस्थापनमा अन्योलता देखिएको छ । कोषमा जम्मा हुने सबै प्रकारका रकमको व्यवस्थापन सम्बन्धमा कानुन बाट स्पष्ट हुनुपर्दछ ।

३४. **प्रगति स्थिति -** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका उद्योग, सेवा, व्यवसाय वा कारोबार सञ्चालन गर्ने रोजगारदातालाई ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र र ऐन प्रारम्भ भएपछि सूचीकृत रोजगारदाताले आफूले नियुक्ति गरेको वा रोजगार सम्बन्ध कायम गरेको ३ महिनाभित्र रोजगार व्यक्तिलाई कोषमा सूचीकरण गराइसक्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यक्रम प्रारम्भ गर्न अनलाइन मिडिया, पत्रपत्रिका, टेलिभिजन, रेडियो तथा एफ.एम.लगायतका सञ्चार माध्यमलाई रु.८५ लाख ४३ हजार भुक्तानी भएकोमा २०७६ आषाढ मसान्तसम्म ३ हजार ४३९ रोजगारदाता र २६ हजार १०२ श्रमिक कोषमा सूचीकरण भए तापनि यस आर्थिक वर्षसम्म योगदानमा आधारित सामाजिक सुरक्षा योजना प्रयोजनको लागि उक्त कोषमा रकम जम्मा भएको छैन ।

## राष्ट्रियस्तरको कल्याणकारी कोष

३५. **कोषको उपयोग -** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ प्रारम्भ भएपछि राष्ट्रियस्तरको कल्याणकारीकोषमा जम्मा भएको र जम्मा हुन आउने रकम सामाजिक सुरक्षाकोषमा जम्मा हुने व्यवस्था छ । साविकमा कोषमा जम्मा भएको रकम कार्यालयले मुद्दती खातामा लगानी गर्ने गरेकोमा हाल कार्यालयमा प्राप्त रकम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्ने र सोको लगानी तथा परिचालन सामाजिक सुरक्षा कोषको कार्यालयबाट हुने गरेको छ । रकम प्राप्त गर्ने कार्य राष्ट्रियस्तरको कल्याणकारी

कोषको कार्यालयले गर्ने र सोको व्यवस्थापन तथा परिचालन सामाजिक सुरक्षाकोषको कार्यालयले गर्ने गरेकोले दोहोरो कार्य प्रणालीमा सुधार हुनुपर्दछ ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन** : गत विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, सामाजिक सुरक्षा कोषको रकम उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च गर्नुपर्ने लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** : यो वर्ष मन्त्रालय र मातहतसमेतका सरकारी कार्यालयतर्फ ७ निकायमा रु.३ करोड ८७ लाख ९६ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.२ करोड ८९ लाख ८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

# संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा संस्कृति, पर्यटन तथा हवाइ यातायातको विकाससम्बन्धी नीति, ऐन, नियम योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा, धरोहर, ऐतिहासिक महत्वका दरबार एवं पर्यटनसँग सम्बद्ध संगठित संस्था र समिति, प्रतिष्ठान, कोषसमेतको अनुगमन मूल्याङ्कन गर्ने लगायतको कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सगठित संस्थासमेत ३८ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका १७ सरकारी कार्यालयको निम्नानुसार रु.५ अर्ब १५ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १७ | ३६१०९ | १७ | १११६८ | १५ | ३१३७ | ४ | ११२७ | १७ | ५१५४१ |

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणतर्फको खर्च रु.१ अर्ब २ करोड ५८ लाखसमेत उक्त तालिकामा समावेश छ ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष २१ संस्थाको रु.२ खर्ब ७१ अर्ब ४६ करोडको लेखापरीक्षण गरिएको छ ।

३. **चौधौं योजनाको उपलब्धि -** चौधौं योजना अवधिमा पर्यटक आगमन ३५ लाख पुऱ्याउने लक्ष्य रहेकोमा २८ लाख ५ हजार रहेको, पर्यटकको औसत बसाइ अवधि १५ दिन पुऱ्याउने लक्ष्य रहेकोमा १२.७ दिन औसत बसाइ अवधि रहेको, पर्यटकको सरदर दैनिक खर्च अमेरिकी डलर १०० पुऱ्याउने लक्ष्य रहेकोमा ४८ भएको, थप रोजगारी सिर्जना ४ लाख ९० हजार हुने भनिएकोमा ३ लाख ८८ हजार भएको र कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत रहने लक्ष्य राखेकोमा योजना अवधिको उपलब्धि यकिन हुन सकेको देखिएन । लक्ष्यअनुसार कुनै पनि प्रमुख सूचकाङ्कमा उपलब्धि हासिल भएको देखिएन । लक्ष्यबमोजिम उपलब्धि हासिल गर्ने गरी योजना कार्यान्वयन हुनुपर्दछ ।

४. **इजाजत पत्र नवीकरण -** नागरिक उड्डयनसँग सम्बन्धित संस्थालाई इजाजत दिने सम्बन्धी कार्यविधि, २०६६ मा वायुसेवा सञ्चालक संस्थाले इजाजत लिनुपर्ने, नवीकरण गर्नुपर्ने र अवधि समाप्त भएको एक वर्षभित्र नवीकरण नगराएमा स्वतः इजाजतपत्र खारेज हुने व्यवस्था छ । वायुसेवा सञ्चालन गर्न इजाजत प्राप्त १० कम्पनीले इजाजतपत्र नवीकरण नगरी व्यवसाय सञ्चालन गरेको पाइयो । कानुनबमोजिम नवीकरण नगर्ने वायुसेवाको इजाजतपत्र खारेजीको कारबाही भएको देखिएन ।

५. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले आय व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नेपाल पर्यटन बोर्डलाई २०७४।७५ को लेखापरीक्षण गराउन पटक पटक पत्राचार गरेकोमा लेखापरीक्षण गराएको छैन भने २०७५।७६ को वित्तीय विवरण तथा कारोबारको लेखा पेस नगरेकोले लेखापरीक्षण भएको छैन । स्रेस्ता, कागजात पेस गरी लेखापरीक्षण नगराउने जिम्मेवार पदाधिकारीलाई सोही ऐनको दफा ५७ र लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम कारबाही गरी लेखापरीक्षण गराउनुपर्दछ ।

## पुरातत्व विभाग

६. **सम्पदा पुनःनिर्माण** - विक्रम सम्वत् २०७२ साल वैशाखमा गएको भूकम्पबाट क्षति भएका पुरातात्विक सम्पदा समयमै पुनःनिर्माण गर्ने नीति रहेको छ । भूकम्पबाट क्षति भै पुनःनिर्माण गर्नुपर्ने सम्पदा संख्या ८९१ रहेकोमा ३०० सम्पदा पुनःनिर्माण सम्पन्न भएको छ । लागत अनुमान रु.२ अर्ब ३४ करोड ८४ लाख रहेका पुनः निर्माण गर्नुपर्ने ३५३ सम्पदाको खरिद प्रक्रिया नै शुरु गरेको पाइएन ।

७. **वैदेशिक सहायता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ मा विदेशी संघसंस्था एजेन्सी वा राष्ट्रबाट नगदी वा जिन्सी सहायता प्राप्त गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने, त्यस्तो सहायता बजेटमा समावेश गर्नुपर्ने र नियम ८९ मा आर्थिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ । अन्य विभिन्न निकायबाट पुनःनिर्माण गर्ने प्रतिवद्धता प्राप्तभएका २३१ सम्पदामध्ये ८३ सम्पन्न भएको देखिएको छ । विदेशी सरकार, संघ संस्थाबाट पुनः निर्माण गर्न भएको सम्झौता तथा खर्चको विवरण लेखापरीक्षणमा पेस भएको छैन । सहायता उपलब्ध गराउने सबै निकायबाट प्राप्त रकम र खर्चको लेखापरीक्षण गराउनुपर्दछ ।

८. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी गर्न नहुने व्यवस्था छ । विभागले विभिन्न मन्दिर पुनःनिर्माण तथा मर्मत कार्य गर्न १२२ प्याकेजमा लागत अनुमान तयार गरी रु.१० करोड ८४ लाख ६ हजारको सोझै खरिद गरेको छ । उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

९. **मूल्य समायोजन** - निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताअनुसार निर्माण कार्यको बिल अफ क्वाण्टिटीमा समावेश भएको प्रोभिजनल समबाट भुक्तानी गर्दा खर्चको वास्तविक बिल पेस गरी सोअनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सोअनुसार प्रोभिजनल समबाट भुक्तानी भएको बिल रकममा र भेरिएसनबाट थप नयाँ आइटमका लागि भेरिएसन स्वीकृत अवधिको दररेटमा भुक्तानी भएकोले मूल्य समायोजन दिन मिल्दैन । कंकेश्वरी मन्दिर संरक्षण कार्यका निर्माण व्यवसायीलाई रु.३ करोड ८३ लाख ३८ हजार भुक्तानी गरेकोमध्ये प्रोभिजनल समबाट रु.१ करोड ६३ लाख ३६ हजार र नयाँ आइटमको रु.६ लाख १३ हजारसमेत रु.१ करोड ६९ लाख ४९ हजारको समेत मूल्य समायोजन रु.२६ लाख ६३ हजार भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१०. **निर्माण कार्य स्थगन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा खरिद सम्झौताबमोजिम निर्माण व्यवसायीले निर्माण कार्य शुरु गरेपछि सम्पन्न नभएसम्म निर्माण कार्य चालु राख्नुपर्दछ । पुरातात्विक निर्माण कार्यका ८ निर्माण व्यवसायीसँग रु.२३ करोड ३ लाख ३० हजारको खरिद सम्झौता गरेकोमा गतवर्षसम्म रु.५ करोड ७७ लाख ३० हजार भुक्तानी दिएको र यो वर्ष कुनै कार्य गरेको पाइएन । यसरी निर्माण कार्य सुचारु नराखेको सम्बन्धमा विभागले खरिद सम्झौताबमोजिम कारबाही गरेको पाइएन । सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीलाई नियम १२८ बमोजिम कारबाही गरेको छैन ।

११. **सम्झौताविपरीत भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ्ग बिलको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । विभागले पुरातात्विक सम्पदाहरुको पुनःनिर्माण गर्न निर्माण व्यवसायीहरुसँग गरेको खरिद सम्झौतामा ईंट्टा, काठलगायत आइटममा निश्चित प्रतिशत पुरानै सामग्री प्रयोग गर्ने गरी नयाँ र पुरानो सामग्रीको अलग दररेटसहित सम्झौता भएको छ । रनिङ बिलको भुक्तानी गर्दा पुरानो सामग्रीको दररेट प्रयोग नगरी सबै परिमाणको भुक्तानी नयाँ सामग्रीको दररेटमा गरेकोले ४ निर्माण व्यवसायीलाई रु.५४ लाख ९३ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

१२. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य गर्न सकिने व्यवस्था छ । काठमाडौंको रानीपोखरीस्थित बाल गोपालेश्वर मन्दिर पुनःनिर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ४० लाख ५८ हजारको खरिद सम्झौता भएकोमा रु.६० लाख १ हजार भुक्तानी

दिएको छ । उक्त मन्दिर गुम्बज शैलीमा पुनःनिर्माण गर्न सम्झौता भएकोमा विवाद भै शिखर शैलीमा पुनःनिर्माण गर्न १५.२२ प्रतिशत बढीको भेरिएसन स्वीकृत गरी सम्झौता रकम रु.१ करोड ६१ लाख ९८ हजार कायम गरेपछि मन्त्रिपरिषदबाट उक्त कार्य राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले गर्ने गरी निर्णय भएको छ । सो आधारमा ठेक्का अन्त्य गरेको र ठेक्का अन्त्य भएको ३ महिनापछि निर्माण व्यवसायीले खरिद गरेको काठको मूल्य रु.२९ लाख ५२ हजार प्रोभिजनल समबाट भुक्तानी दिएको छ । ती काठहरु स्थानीय उपभोक्ता समितिलाई जिम्मा दिएकोमा मन्दिर पुनःनिर्माणमा प्रयोग भएको सम्बन्धमा आश्वस्त हुनुपर्दछ ।

१३. **अन्तिम भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौताबमोजिम सम्पन्न भएको कार्य स्वीकार गरेपछि अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख छ । सम्पदा पुनःनिर्माण कार्यको १७ ठेक्कामा रु.१५ करोड ४० लाख ८१ हजारको खरिद सम्झौता भएकोमा रु.११ करोड ६७ लाख १० हजार (न्यूनतम ४६ प्रतिशत देखि अधिकतम ८५ प्रतिशतसम्म र समग्रमा ७६ प्रतिशत) भुक्तानी दिई ठेक्का अन्त्य गरेको देखियो । बिल अफ क्वाण्टिटीमा उल्लिखित परिमाणको कार्य सम्पन्न नगरी अन्तिम बिल पेस गरेअनुसार भुक्तानी भएको छ । खरिद सम्झौताबमोजिमको काम सम्पन्न नगरी ठेक्का फरफारक गरेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

१४. **काठको भुक्तानी** - मन्त्रिपरिषद्को २०७३।५।२६ को निर्णयमा काठमाडौं हनुमानढोकास्थित काष्ठमण्डप लगायत क्षतिग्रस्त पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरुको पुनःनिर्माणका लागि आवश्यक पर्ने ८ लाख क्युबिक फिट सालको काठ टिम्बर कर्पोरेसन अफ नेपालले उपलब्ध गराउने उल्लेख छ । उक्त निर्णय अनुसार विभागले टिम्बर कर्पोरेसनबाट काठको दररेट लिई लागत अनुमान तयार गर्नुपर्ने र आवश्यक काठ कर्पोरेसनसँग माग गर्नुपर्नेमा काठ माग नगरी प्रोभिजनल सममा रहेको रकमबाट वजार मूल्यअनुसार भुक्तानी गरेको छ । यो वर्ष ४ निर्माण व्यवसायीलाई प्रतिस्पर्धा बेगर प्रोभिजनल समबाट साल काठको लागि रु.२ करोड ५९ लाख ९५ हजार भुक्तानी भएकोमा टिम्बर कर्पोरेसनले काठ उपलब्ध गराउन नसकेको प्रमाण पेस भएको छैन । यस सम्बन्धमा आवश्यक कारबाही हुनुपर्दछ ।

## पर्यटन विभाग

१५. **कार्यक्रम कार्यान्वयन** - पर्यटन पूर्वाधार विकास कार्यक्रमअन्तर्गत यो वर्ष ८८ क्रियाकलाप कार्यान्वयन गर्न रु.३२ करोड बजेट व्यवस्था भएकोमा ५७ क्रियाकलाप कार्यान्वयन गरी रु.२२ करोड ९४ लाख ९३ हजार (७१.७२) प्रतिशत खर्च गरेको छ । वार्षिक कार्यक्रमअनुसार ३१ क्रियाकलापको रु.४ करोड ९३ लाखको कार्यक्रम कार्यान्वयन गरेको पाइएन । तीमध्ये गतवर्षबाटै शुरु भएका ३ योजनामा यो वर्ष कुनै काम नभएको र एक योजनाको विस्तृत आयोजना प्रतिवेदन गत वर्ष प्राप्त भए तापनि खरिद प्रक्रिया शुरु गरेको पाइएन । लक्ष्यबमोजिम योजना कार्यान्वयन हुनुपर्दछ ।

१६. **रुग्ण ठेक्का** - सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौताअनुसार सम्झौता अवधिमा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । विभागबाट जनकपुर र सौराहा चितवनमा पर्यटन सूचना केन्द्र भवन निर्माण गर्न खरिद सम्झौता भएका २ ठेक्काका निर्माण व्यवसायीले सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न नगरेको, म्याद थप गर्दा समेत कार्य सम्पन्न नगरी अलपत्र राखेको छ । ती ठेक्काको सम्झौता रकम रु.३ करोड १७ लाख ७९ हजार रहेकोमा गत वर्षसम्म रु.१ करोड ६२ लाख ४७ हजार भुक्तानी भएको छ । यसरी सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीलाई कुनै कारबाही गरेको देखिएन । सम्झौताको शर्तबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ ।

१७. **क्यासिनो रोयल्टी** - क्यासिनो नियमावली, २०७० मा क्यासिनो सञ्चालकले रोयल्टी रकम बुझाउनुपर्ने व्यवस्था छ । क्यासिनो नियमावली, २०७० लागू हुनु अघिबाटै कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराई व्यवसाय

सञ्चालन गरेका ४ क्यासिनोबाट रु.२५ करोड २३ लाख ५६ हजार असुल हुनुपर्नेमा रु.६ करोड ३० लाख मात्र असुल भएकोले बाँकी रु.१८ करोड ९३ लाख ५६ हजार असुल हुनुपर्दछ ।

१८. **नवीकरण दस्तुर -** आर्थिक ऐन, २०७५ को दफा १७(१) र (२) अनुसार आधुनिक मेसिन वा उपकरणको माध्यमबाट खेलाइने खेल (क्यासिनो) को लागि एउटा इजाजतपत्रबाट एक स्थानमा खेल खेलाउन सकिनेमा एक निजी कम्पनीले महेन्द्रनगर, वीरगन्ज, विराटनगर र काठमाडौंसमेत ४ ठाउँमा खेल सञ्चालन गरे तापनि एक स्थानको मात्र नवीकरण दस्तुर दाखिला गरेको छ । एउटा इजाजतबाट कानुनविपरीत ४ स्थानमा खेल सञ्चालन गरेको सम्बन्धमा ऐनको व्यवस्थाबमोजिम कारबाही गरी नवीकरण दस्तुर रु.१ करोड ५० लाख असुल हुनुपर्दछ ।

१९. **फोहोर व्यवस्थापन -** पर्वतारोहण सम्वन्धि नियमावली, २०५९ मा पर्वतारोही दलले सार्वजनिक ठाउँलाई प्रतिकूल असर नपर्ने गरी फोहोर मैला नष्ट गर्ने वा खाडलमा पुर्नुपर्ने र फोहोरमैला व्यवस्थापन गर्न विभागमा धरौटी राख्नुपर्ने व्यवस्था छ । मन्त्रीस्तरीय निर्णयअनुसार सगरमाथा, ल्होत्से र नुप्से हिमशिखरहरुको फोहोरमैला व्यवस्थापन कार्य एक गैरसरकारी संस्थालाई प्रतिस्पर्धा बेगर सोझै दिएको छ । फोहोरमैला व्यवस्थापनको लागि प्राप्त धरौटी अमेरिकी डलर ६ लाख ११ हजार ५०० उक्त संस्थाले फोहोरमैला व्यवस्थापन गरेको पत्रको आधारमा विभागले फिर्ता गरेको छ । उक्त संस्थाले फोहारमैला व्यवस्थापन गर्न सेवाग्राहीबाट लिएको शुल्क सम्बन्धमा विभागले अनुगमन गरेको पाइएन । त्यस्तै नियमावलीमा सम्पर्क अधिकृतले वातावरणीय सरसफाइ तथा फोहोर मैला व्यवस्थापन सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने उल्लेख भए तापनि सम्पर्क अधिकृतले गरेको कामको अनुगमन भएको पाइएन ।

२०. **सम्पर्क अधिकृतको सुविधा -** पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम १० मा ६ हजार ५०० मिटरभन्दा बढी उचाइ भएका हिमाल आरोहण गर्न चाहने आरोहण दलको साथमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिका निजामती कर्मचारी तथा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका राजपत्राङ्कित अधिकृत कर्मचारीलाई सम्पर्क अधिकृतको रुपमा खटाउने व्यवस्थाअनुसार विभागले यो वर्ष ३१५ हिमालआरोहण दलसंग २११ सम्पर्क अधिकृत खटाएको छ । सम्पर्क अधिकृतको रुपमा खटिएका कर्मचारीलाई दैनिक भत्ता, खाने बस्ने व्यवस्था, लत्ता कपडा, आतेजाते खर्चलगायतका सबै सुविधा पर्वतारोही दलबाट उपलब्ध गराउने नियममा व्यवस्था छ । ती कर्मचारी पूर्णरुपमा पर्वतारोही दल (निजी कम्पनी) सँग आश्रित हुनुपर्ने अवस्था रहेकोले यस सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ ।

२१. **सम्पर्क अधिकृतको उपस्थिति -** पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम ९ मा पर्वतारोहण अभियान चालु रहेसम्म सम्पर्क अधिकृत आधार शिविरमा बस्नुपर्ने व्यवस्था छ । सम्पर्क अधिकृतको रुपमा खटिएका कर्मचारी उल्लेखित अवधिसम्म आधार शिविरमा नबसेकोले १३ जनालाई आगामी दिनमा सम्पर्क अधिकृतको जिम्मेवारी नदिने गरी कारबाही गरेको छ । सम्पर्क अधिकृत आधार शिविर पुगेको र आधार शिविर छोडेको मिति तथा अन्य प्रमाणसहितको अभिलेख राखी अनुगमन गर्नुपर्दछ ।

२२. **पर्वतारोही प्रमाणपत्र -** पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम ३३ मा पर्वतारोहण सम्पन्न गरेका पर्वतारोही दलले प्रमाणपत्रको लागि सम्पर्क अधिकृत, पर्वतारोही दलको नेता तथा पर्वतारोहण गरेको प्रमाणित गर्ने कागजातसहित सम्बन्धित ट्रेकिङ्ग एजेन्सीको सिफारिस र पर्वतारोहण गरेको पुष्टि हुने अन्य आवश्यक प्रमाण पेस गर्नुपर्ने उल्लेख छ । हालसम्म उल्लिखित आधारमा पर्वतारोहण सम्पन्न गरेको प्रमाणपत्र दिने गरेको छ । विभागले हिमाल आरोहण सम्पन्न गरेको अवलोकन गर्न सक्ने गरी प्रविधिको प्रयोग गरेको पाइएन । पर्वतारोहण गरेको पुष्टि हुने जी.पी.एस लगायत ट्र्याकिङ्ग प्रणाली जडान गरी सोको आधारमा हिमाल आरोहण गरेको यकिन गरी प्रमाणपत्र दिने व्यवस्था मिलाउनुपर्ने देखिएको छ ।

# संगठित संस्था

## लुम्बिनी विकास कोष

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्तिको मुहान, संसारका बौद्धमार्गी एवं शान्ति प्रेमी मानिसहरुको आस्थाको केन्द्रको रुपमा विकास गर्ने लक्ष्य र आदर्शलाई बढी प्रभावकारी बनाउन, लुम्बिनी विकास योजनालाई बढी समन्वयात्मक र सुचारु रुपले सञ्चालन गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम यस कोष स्थापना भएको छ । लुम्बिनी क्षेत्रको योजनाबद्ध विकासको लागि तयार भएको गुरु योजनाअनुसार ३ वर्गमाइल क्षेत्रलाई पवित्र उद्यान क्षेत्र, बिहार क्षेत्र र नयाँ लुम्बिनी ग्रामको अवधारणाअनुसार योजना सञ्चालन हुँदै आएको छ ।

२३. **गुरुयोजना कार्यान्वयन -** लुम्बिनी क्षेत्रको विकासको लागि सन् १९७८ मा तयार भएको गुरुयोजनाअनुरुप लुम्बिनी क्षेत्रको संरक्षण, संवर्द्धन र भौतिक पूर्वाधार विकाससम्बन्धी कार्य सञ्चालन हुँदै आएको छ । करिब ४० वर्ष अगाडि तयार भएको गुरुयोजनामा उल्लिखित काममध्ये हालसम्म ८२ प्रतिशत काम सम्पन्न भएको कोषको प्रगति प्रतिवेदनमा उल्लेख छ । बृहत् लुम्बिनी गुरुयोजना तयार गर्न यो वर्ष नेपाल सरकारबाट रु.१ करोड प्राप्त भए तापनि गुरुयोजना तयार गरेको पाइएन ।

२४. **वित्तीय प्रतिवेदन -** लुम्बिनी विकास कोष आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५८ को नियम १६ मा कोषको आर्थिक कारोबार वासलात तयार गर्नुपर्ने उल्लेख छ । कोषको विनियम लागू भएको १८ वर्ष भइसके तापनि हालसम्म लेखा नीति तथा ढाँचा स्वीकृत गरी वासलात तयार गरेको छैन ।

२५. **दरबन्दी तथा पदपूर्ति -** कोषमा विभिन्न पद तथा तहका १५९ दरबन्दी स्वीकृत रहेकोमा ७५ जना कार्यरत रहेको देखियो । कोषमा वरिष्ठ प्रशासकीय अधिकृत, वरिष्ठ पुरातत्व अधिकृत, वरिष्ठ लेखा अधिकृत, सिभिल इन्जिनियर, आर्किटेक्ट इन्जिनियरलगायतका मुख्य पद रिक्त रहेको देखिन्छ ।

२५.१ कोषको कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०५८ मा कुनै खास कामको लागि विशेषज्ञ नभएमा वा विज्ञापन गर्दा समेत उपलब्ध नभएमा कोष सञ्चालक समितिको स्वीकृति लिई उपाध्यक्षले बढीमा दुई वर्षको लागि करारमा नियुक्त गर्न सक्ने र नियुक्ति सम्बन्धमा निर्देशिका बनाई लागू गर्नुपर्ने व्यवस्था छ । निर्देशिका नबनाई कम्प्युटर अपरेटर, सुरक्षा अधिकृत, सुरक्षा गार्ड, गाईड, नायब सुब्बा, इन्जिनियर, संग्रहालय अधिकृत, प्लम्बरलगायत ११ पदमा २७ जना करारमा नियुक्ति गरी रु.९८ लाख ४३ हजार तलब भत्ता खर्च लेखेको छ । विनियमविपरीत करारमा कर्मचारी नियुक्ति गरी तलब भत्ता खर्च लेखेको नियमित देखिएन ।

२५.२ विनियममा उपाध्यक्षको स्वीकृति लिई कार्यालय प्रमुखले आवश्यकतानुसार अधिकृत पद बाहेक अन्य रिक्तपदमा बढीमा ३ महिनाको लागि कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा नियुक्त गरी काममा लगाउन सक्ने व्यवस्था भए पनि वर्षौंदेखि दैनिक ज्यालादारीमा १९५ जना नियुक्ति गरी रु.३ करोड ९४ लाख ४६ हजार ज्याला खर्च लेखेको छ ।

२५.३ कोषअन्तर्गत लुम्बिनी परिसर, तिलौराकोट, कुदान, देवदह, रामग्रामलगायतका क्षेत्रको सम्पदाको सुरक्षाको लागि १०२ जना सुरक्षा गार्ड नियुक्ति गरी रु.२ करोड ५० लाख ४६ हजार र कार्यालय सहयोगी, माली, स्विपर तथा वनजंगल, बगैंचामा कार्य गर्न १२३ जना कामदार नियुक्ति गरी रु.२ करोड ५८ लाख ५३ हजार खर्च लेखेको छ । कामको लागि आवश्यक पर्ने सुरक्षा गार्ड तथा कामदार सम्बन्धमा मापदण्ड/नर्म्स तयार गरेको देखिएन ।

कोषले स्वीकृत दरबन्दीबमोजिमको पदमा लामो समयसम्म पदपूर्ति नगरेको, विनियममा उल्लिखित प्रावधानविपरीत करार र ज्यालादारीमा नियुक्ति गरेको छ । कोषको लागि आवश्यक जनशक्तिको सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई दरबन्दीअनुसार पदपूर्तिको व्यवस्था गर्नुपर्दछ ।

२६. **बढी भुक्तानी -** लुम्बिनी परिसरमा निर्माण गरिने सभाहल, विद्युतीकरण तथा टेलिकम्युनिकेसन नेटवर्कको विस्तृत ड्रइङ डिजाइन, लागत अनुमान तथा निर्माण कार्यको सुपरभिजन गर्न नियुक्त परामर्शदातालाई सम्झौतामा समावेश नभएको, सम्झौतामा उल्लिखित अवधिभन्दा बढी अवधिको, काम नगरेको अवधिको, अवधि समाप्त भएपछिको समेत विज्ञ पारिश्रमिकमा रु.१७ लाख ७४ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२७. **मूल्य समायोजन -** निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा उल्लेख भएबमोजिमको मूल्यसूची र सूत्र प्रयोग गरी मूल्य समायोजन भुक्तानी दिने व्यवस्था छ । खरिद सम्झौताअनुसार भेरिएसनबाट थप भएका आइटम र प्रोभिजनल समबाट दिएको भुक्तानीमा मूल्य समायोजन दिन नमिल्नेमा ३ निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको मूल्य समायोजन रु.२० लाख ६६ हजार असुल हुनुपर्दछ ।

२८. **कार्यक्रमविपरीत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५३ मा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेमा जिम्मेवार व्यक्तिबाट असुलउपर गरी विभागीय कारबाही गर्न सकिने उल्लेख छ । मन्त्रालयबाट स्वीकृत कार्यक्रमअनुसार पुँजीगत प्रकृतिको केन्द्रीय नहर मर्मत सम्भार, सरसफाइ साथै ध्यानस्थल निर्माण गर्न र लुम्बिनीलगायत कपिलवस्तु, देवदह र रामग्रामको पुरातात्विक क्षेत्रहरुको सरसफाइ र सुरक्षालगायतका कार्य गर्न रु.१ करोड ५० लाखको बजेट व्यवस्था भएकोमा सरसफाइ ज्याला तथा सुरक्षा गार्डको तलब भत्तालगायत चालु प्रकृतिका काममा रु.१ करोड ४८ लाख १२ हजार खर्च गरेको देखियो । पुँजीगत कार्यमा खर्च गर्न प्राप्त रकम तलब, भत्ता र ज्यालामा खर्च गरेको छ । त्यसैगरी बृहत् लुम्बिनी गुरुयोजना तयार गर्न मन्त्रालयबाट रु.१ करोड प्राप्त भएकोमा गुरुयोजनासंग असम्बन्धित शान्ति सम्मेलन र सडक सर्भे कार्यमा रु.२१ लाख ५६ हजार खर्च गरेको छ । स्वीकृत कार्यक्रमभन्दा फरक कार्यमा गरेको खर्च नियमित नदेखिएकोले ऐनको व्यवस्थाबमोजिम कारबाही हुनुपर्दछ ।

२९. **जग्गा खरिद -** जग्गा खरिद (मुआवजा वितरण) गर्न रु.२ करोड प्राप्त भएकोमा उक्त रकम पेस्कीसमेत नजनाई जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुलाई पठाई खर्च लेखेको छ । सो रकमबाट भएको खर्चको लेखापरीक्षण गराउनुपर्दछ ।

३०. **सरसफाइ खर्च -** कोषमा कार्यरत जनशक्तिले गर्न नसक्ने काम भएमात्र वाह्य जनशक्तिबाट गराउनुपर्दछ । कोषमा सरसफाइ, माली, नर्सरी कामदारसमेत १०६ जनालाई ज्यालादारीमा नियुक्ति गरी रु.१ करोड ८१ लाख ४३ हजार ज्याला भुक्तानी गरेकोमा सो को अतिरिक्त लुम्बिनी परिसरको सरसफाइको लागि निर्माण व्यवसायी, कोष सञ्चालक सदस्य तथा कर्मचारीलाई शोधभर्ना दिई रु.२६ लाख २६ हजार ज्याला खर्च गरेको छ । सरसफाइ कार्यमा करार तथा ज्यालादारी कर्मचारीलाई उपयोग गर्नुपर्दछ ।

३१. **नर्सरी विकास/विस्तार खर्च -** मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रममा विभिन्न बिरुवा तथा फूलहरु उत्पादन गरी नर्सरी विकास र विस्तार गर्न रु.२० लाख बजेट व्यवस्था भएकोमा मल, बीउ, बिरुवा खरिद लगायतका कार्यमा रु.५९ लाख ७५ हजार (विनियोजनको तुलनामा १५९ प्रतिशत बढी) खर्च गरी शतप्रतिशत प्रगति भएको उल्लेख छ । यस्तो खर्च गत वर्ष रु.५३ लाख २८ हजार रहेको देखिन्छ । सोको अतिरिक्त नर्सरी मर्मत सम्भार, वन/बगैंचा हेरचाह मर्मत सम्भार कार्यको लागि ८३ जना कामदारले वर्षभरि काम गरेको ज्याला रु.१ करोड ४६ लाख १० हजार खर्च गरेको देखिन्छ । साविकमा बगैंचा, नर्सरीले ओगटेको क्षेत्रफल र उक्त खर्चबाट विकास, विस्तार भएको थप क्षेत्रफल खुल्ने अभिलेख राखेको छैन । खर्चको उपलब्धि देखिने अभिलेख राखी अनुगमन मूल्याङ्कन हुनुपर्दछ ।

३२. **प्रशासनिक खर्चमा वृद्धि -** कोषको प्रशासनिक खर्च आन्तरिक स्रोतबाट व्यहोर्ने व्यवस्था छ । कोषको प्रशासनिक खर्चअन्तर्गत भाडा, इन्धन, अन्य इन्धन, कार्यालय सामान, अन्य सेवा शुल्क, भ्रमण खर्च, विविध खर्च आदि शीर्षकमा गत वर्ष रु.२ करोड ८३ लाख ७५ हजार खर्च भएकोमा यो वर्ष रु.६ करोड ३१ लाख

९२ हजार (१२२.७० प्रतिशत बढी) खर्च गरेको देखियो । कोषको कार्यक्षेत्र तथा कार्यभार यथावत् रहेको अवस्थामा प्रशासनिक खर्चमा उल्लेख्य वृद्धि भएको छ । सवारी इन्धनलगायत अन्य उपभोग खर्चको मापदण्ड तयार गरी प्रशासनिक खर्चमा भएको वृद्धि नियन्त्रण गर्नुपर्दछ ।

३३. **पसल, चमेना गृह भाडा र पार्किङ्ग शुल्क -** सम्झौतामा उल्लिखित अवधिमा सम्बन्धित पक्षबाट भाडा तथा शुल्क असुल हुनुपर्दछ । नयाँ माला पसल तथा चमेना गृहको भाडा, पुराना माला पसल तथा चमेना गृहको भाडा र पार्किङ्ग शुल्कसमेत रु.२० लाख ३८ हजार सम्झौताअनुसार सम्बन्धित व्यक्ति एवं फर्महरुले नबुझाएकोले सम्झौताबमोजिम ब्याजसहित असुल हुनुपर्दछ ।

३४. **काठ दाउरा लिलाम -** काठ दाउराको लिलाम सकार गर्ने एक सः मिलले रु.४ करोड ७ लाख ३७ हजार बुझाउने, सम्झौता मितिले ९० दिनभित्र काठ, दाउरा उठाई लैजानुपर्ने र विशेष कारण परेको खण्डमा म्याद थप हुने गरी २०७५।७।२७ मा सम्झौता भएको छ । सकारकर्ताले २०७६ आषाढ मसान्तसम्म रु.२ करोड ३४ लाख ३१ हजार दाखिला गर्न बाँकी रहेको देखिन्छ । सम्झौतामा शर्तबमोजिम काठ दाउरा नउठाएमा बैङ्क जमानत जफत गरी एकतर्फी ठेक्का तोड्ने व्यवस्थासमेत रहेकोमा ठेक्का तोड्ने कारबाही गरेको देखिएन भने जमानत रु.३४ लाख ५५ हजारसमेत जफत गरेको छैन । सम्झौताबमोजिम कारबाही गरी जमानत रकम जफत गरी बुझाउन बाँकी रकम ब्याजसहित असुल गर्नुपर्दछ ।

३५. **जग्गा भाडा -** लुम्बिनी परिसरमा रहेका होटल तथा पसल भाडाको दररेट कोषको कार्यकारिणी समितिद्वारा निर्धारण हुँदै आएको छ । लुम्बिनी परिसरमा रहेको २ होटलले २५ हजार ६ सय वर्गमिटरका दरले जग्गा उपयोग गरी होटल सञ्चालन गरेकोमा कार्यकारिणी समितिको २०७५।५।१६ को वैठकले लिज अवधि १५ वर्ष वढाई ती होटलबाट रु.३ लाखका दरले भू-शुल्क लिने उल्लेख गरेकोमा उक्त शुल्क मासिक वा वार्षिक नखुलाए तापनि वार्षिक दर मानी भाडा प्राप्त गरेको छ । पसल तथा होटल भाडामा लगाउँदा खुला प्रतिस्पर्धाको आधारमा गर्नुपर्नेमा सोझै भाडा लगाउन मिल्ने देखिएन ।

३६. **पेस्की बाँकी -** वर्षको अन्त्यमा रु.८ करोड ५३ लाख १० हजार पेस्की बाँकी रहेको मध्ये रु.६३ लाख ८८ हजारको म्याद नाघेको देखिन्छ । उक्त पेस्की २०६७ देखि २०७१ सम्मको रहेको र हाल उक्त पेस्कीबाट काम हुने अवस्था छैन । सोमध्ये गत विगतवर्षमा नै ठेक्का अन्त्य गरेको एक निर्माण व्यवसायीको नाममा मात्र रु.४३ लाख २७ हजार बाँकी रहेको छ । उक्त सबै पेस्की ब्याजसहित असुल गर्नुपर्दछ ।

## पशुपति क्षेत्र विकास कोष

भगवान श्री पशुपतिनाथको मन्दिर र पावन पशुपति क्षेत्र प्राचीन कालदेखि नै विश्वभरका सनातन हिन्दुहरुको श्रद्धा र आस्थाको केन्द्रको रुपमा रहिआएको छ । जयबागेश्वरी, गौरीघाट, चाबहिल, कुटुम्बहाल, सिफल, गौशाला, पिंगलास्थान र श्लेषमान्तक वन आसपासको २६४ हेक्टर क्षेत्रलाई पशुपति क्षेत्रभित्र राखिएको छ । पशुपति क्षेत्रमा साना ठूला विभिन्न शैलीका करिब ५०० को संख्यामा मठ मन्दिर, सत्तल, ढुङ्गेधारा, चैत्य देवालय आदि रहेका छन् । त्यसैगरी यस क्षेत्रमा करिब १ हजार शिवलिङ्ग रहेका छन । उक्त क्षेत्रको सुरक्षा, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न पशुपति क्षेत्र विकास कोषको स्थापना २०४४ मा भएको हो । कोषमा ५३६ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २४२ स्थायी पदपूर्ति भएको र १२० जना करार तथा ज्यालादारीमा कार्यरत रहेको देखिन्छ ।

३७. **वित्तीय स्थिति -** नेपाल सरकारबाट पुँजीगत अनुदान रु.३३ करोड १२ लाख ३७ हजारसमेत रु.९० करोड ३९ लाख ५० हजार आयमध्ये पुँजीगत कार्यमा रु.३४ करोड ८९ लाख ६८ हजारसमेत रु.६४ करोड ७३ लाख १८ हजार खर्च भई रु.२५ करोड ६६ लाख ३२ हजार बचत रहेको छ ।

३८. **वित्तीय विवरण -** कोषले तयार गरेको वासलातमा यो वर्ष भएको पुँजीगत खर्च रु.३१ करोड ८२ लाख ७ हजारलाई पुँजीकृत नगरेको, नगद प्रवाह हिसाब तयार नगरेको र कोष मातहत सञ्चालित वेद विद्याश्रमको सम्पत्ति, दायित्व तथा आय व्यय समावेश नभएको, बजेट र खर्च खुल्ने विस्तृत विवरण तयार नगरेकोले वासलातले आर्थिक कारोबारको यथार्थ स्थिति चित्रण गरेको देखिएन । सम्पूर्ण वित्तीय कारोबार समेट्ने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३९. **लिनुपर्ने हिसाब -** वासलातमा २०५०।५१ देखि लिनुपर्ने हिसाब रु.३ करोड ३१ लाख ७७ हजार देखाएकोमा पेस्की तथा आसामी छुट्याई आर्थिक वर्षगत विवरण तयार नगरेकोले सो विवरण तयार गर्नुपर्दछ । एक लाख रुपैयाँभन्दा बढी लिन बाँकी भएका १५ व्यक्ति/फर्मबाट मात्र रु.२ करोड १२ लाख १८ हजार बाँकी देखिएको छ । एक क्याफेसँग २०७२।४।३२ मा भाडा सम्झौता भएदेखि नै भाडा असुल गरेको देखिएन । उक्त क्याफेसँग रु.५२ लाख ९१ हजार असुल गर्न बाँकी रहेकोले सो रकम असुल हुनुपर्दछ ।

४०. **मुद्दती लगानी तथा बैङ्क मौज्दात -** कोषले ११ बैङ्कका २८ खातामा रु.१ अर्ब १५ करोड २१ लाख मुद्दती हिसाबमा लगानी गरेको र २५ बैङ्कको ९६ खातामा रु.२ अर्ब १५ करोड ६० लाख मौज्दात राखेको छ । उक्त बैङ्क मौज्दात बैङ्कहरुबाट प्रस्ताव लिई बढी ब्याज दिने सुरक्षित बैङ्कमा जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४१. **धरौटी -** कोषले ४६१ व्यक्ति/संस्थालाई तिर्नुपर्ने धरौटी दायित्व रु.१५ करोड ५ लाख ६७ हजार देखाएको छ । उक्त धरौटीमध्ये प्रयोजन समाप्त भएको यकिन गरी सदरस्याहा गर्नेतर्फ कारबाही गर्नुपर्ने देखिएको छ ।

४२. **तिर्न बाँकी हिसाब -** कोषले ६२ व्यक्ति/संस्थालाई रु.९ करोड ८ लाख ५४ हजार तिर्न बाँकी देखाएको छ । तिर्न बाँकी रकमको प्रयोजन र वर्ष खुल्ने विवरण तयार गरेको देखिएन । सोमध्ये एक गुठीलाई मात्र रु.४ करोड ९१ लाख ४४ हजार तिर्न बाँकी देखिन्छ । त्यस सम्बन्धमा छानबिन गरी तिर्नुपर्ने रकम तिर्ने र नपर्ने रकम भए आम्दानी जनाई हिसाब राफसाफ गर्नुपर्दछ ।

४३. **पुनः निर्माणमा अपव्यय -** पशुपति परिसरमा रहेको विश्वरुप मन्दिरको भग्नावशेष हटाई संरक्षण कार्य गर्न र मृगस्थली देखि विश्वरुप मन्दिरसम्म पैदल मार्ग निर्माण गर्न २ प्याकेजमा रु.३ करोड ८८ लाख ५० हजारको सम्झौता भएकोमा रु.१ करोड ६२ लाख ५१ हजार निर्माण व्यवसायीलाई भुक्तानी भएपछि उक्त कार्यमा सिमेन्ट, कंक्रिट प्रयोग गर्न नमिल्ने भनी पुरातत्व विभागको राय तथा सम्पदा अभियन्ताहरुको अवरोधका कारण ठेक्का अन्त्य गरेको देखियो । लागत अनुगमन तयार गर्नुपूर्व पुरातत्व विभागको सहमति नलिएको तथा पर्याप्त अध्ययन छलफल नगरेका कारण पुनः निर्माण कार्य हुन नसकेकोले हालसम्म भएको खर्च उपलब्धीविहीन भएको छ ।

४४. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण अवधि समेट्ने गरी निर्माण कार्य तथा तेस्रो पक्ष बीमा गर्नुपर्ने व्यवस्था छ । सम्पदा पुनःनिर्माण गर्न निर्माण व्यवसायीहरुसँग खरिद सम्झौता भएकोमा सम्झौता अवधि समेट्ने गरी बीमा नगरेको, निर्माण कार्य सम्पन्न भएपछि मात्र बीमा गरेको तथा घटी अवधिको बीमा गरी पूरै भुक्तानी गरेकोले ९ निर्माण व्यवसायीलाई बीमा बापत बढी भुक्तानी दिएको रु.१० लाख ९९ हजार असुल हुनुपर्दछ ।

४५. **मौज्दात फिर्ता -** कोषको आय व्यय विवरण तथा खर्च खाताअनुसार नेपाल सरकारको स्रोतबाट खर्च देखाएको रु.२० करोड १० लाख ६४ हजारमध्ये मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएको (आन्तरिक स्रोतबाट व्यहोर्नुपर्ने) सुन चाँदी खरिद तथा ज्याला खर्च रु.८२ लाख ४ हजार, आन्तरिक स्रोतबाट व्यहोर्ने गरी ठेक्का लगाएको गेट निर्माण खर्च रु.६ लाख ११ हजार र गुरुयोजना खर्चमा समावेश भए तापनि गुरुयोजनासँग असम्बन्धित खर्च रु.३१ लाख ९ हजारसमेत रु.१ करोड १९ लाख २४ हजार घटाउँदा खुद खर्च रु.१८ करोड ९१ लाख ४० हजार हुने देखिएको छ । नेपाल सरकारबाट प्राप्त निकासा रु.३४ करोड ८७ लाखबाट खुद खर्च घटाउँदा बाँकी हुने रु.१५ करोड ९५ लाख ६० हजार सञ्चितकोष

दाखिला हुनुपर्नेमा रु.१५ करोड ६ लाख ५५ हजारमात्र दाखिला गरेकोले नपुग रु.८९ लाख ५ हजार सञ्चितकोष दाखिला हुनुपर्दछ ।

४६. **जग्गा नापजाँच खर्च** - पशुपति क्षेत्रको गुरुयोजना तयार गर्ने सिलसिलामा पशुपति क्षेत्र र गोठाटारमा रहेको जग्गाको विस्तृत भू-उपयोगसहितको डिजिटल नक्सा तयार गर्न नापी विभागले एक प्रमुख नापी अधिकृतलाई कोषसँग समन्वय गरी कार्य गर्न खटाएकोमा निजले कोषसँग सम्झौता गरी पेस्की तथा शोधभर्ना लिई रु.१ करोड २ लाख २० हजार खर्च गरेका छन् ।

प्रमुख नापी अधिकृतले चेनमेन ज्याला रु.३३ लाख ३३ हजार, ज्यालादारीमा नियुक्त इन्जिनियर, अमिन, सर्भेक्षक र खरिदारसमेत ३३ जनाको पारिश्रमिक रु.१४ लाख १४ हजार, ज्यालादारी कर्मचारीको शतप्रतिशत भत्ता रु.१४ लाख ३१ हजार, नापी विभागका स्थायी कर्मचारीलाई शतप्रतिशत भत्ता रु.७ लाख ६० हजार, चेनमेन खाजा खर्च रु.८ लाख २५ हजार, टोटल स्टेसन मेसिन भाडा रु.१५ लाख ७६ हजार र सामान खरिद, इन्धन, गाडी भाडा आदि कार्यको रु.८ लाख ८१ हजारको बिल भरपाई पेस गरेको देखिन्छ । खरिद भएका सामानहरु कोषमा दाखिला भएको देखिएन । कोष र नापी विभागबीच सम्झौता गरी कोषले भुक्तानी गर्ने रकम नापी विभागले राजस्व दाखिला गरी नेपाल सरकारले तोकेको सुविधा लिई नापी विभागका कार्मचारीले काम गर्नुपर्नेमा विभागका कर्मचारीले कोषसँग सम्झौता गरी पेस्की लिई काम गराएको सार्वजनिक खरिद कानुन तथा निजामती सेवा ऐन नियमअनुकूल देखिएन । उक्त खर्चको लागत अनुमान नापी विभागबाट स्वीकृत नभएको, नेपाल सरकारको स्वीकृति बेगर निजामती कर्मचारीलाई प्रोत्साहन भत्ता दिएको, ज्यालादारीमा काम लगाएका व्यक्तिलाई पारिश्रमिकका अतिरिक्त प्रोत्साहन भत्ता र खाजाबापत खर्च लेखेको छ । यस सम्बन्धमा छानबिन गरी कारबाही हुनुपर्दछ ।

## नेपाल नागरिक उड्डयन प्राधिकरण - २०७५।७६

नेपालमा नागरिक उड्डयनको विकास, विस्तार तथा नियमन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाइ सम्पर्कको लागि हवाइ उड्डयन, सञ्चार, पथ प्रदर्शन र हवाइ परिवहन सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार २०५५।९।१६ मा प्राधिकरणको स्थापना भएको हो। प्राधिकरण अन्तर्गत हाल स्थायी, अस्थायी तथा करार गरी कुल ९२९ कर्मचारी कार्यरत छन्।

४७. **सञ्चालन नतिजा** - गत वर्षको नाफा रु. ४ अर्ब ३८ करोड रहेकोमा यस वर्ष रु. ४ अर्ब ३१ करोड रहेको छ र २०७६ आषाढ मसान्तसम्म सञ्चित नाफा रु. १५ अर्ब ५८ करोड पुगेको छ।

४८. **वित्तीय प्रतिवेदन मान** - नेपाल सरकारले सबै संस्थामा नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेकोमा यस प्राधिकरणले समेत सो अनुसार २०७२।७३ देखि नेपाल लेखामानमा आधारित वित्तीय विवरण तयार गर्ने कार्य एक परामर्शदातामार्फत गर्दै आएको छ। त्यस्तै यस वर्ष रु. १९ लाख वित्तीय विवरण तयार गर्न भुक्तानी गरेको छ। यद्यपि संस्थाका सबै सम्पत्ति तथा दायित्वको लेखांकन पूर्ण रुपमा नेपाल वित्तीय लेखामानको आधारमा तयार गरेको छैन। साथै प्रत्येक वर्ष तयार गर्नुपर्ने वित्तीय विवरणको लागि बाह्य परामर्शदाताको सहयोग लिई वर्षेनि ठूलो रकम खर्च गरे तापनि समयमा वित्तीय विवरण तयार नगरेकोले खर्चको उपादेयता देखिएन।

४९. **विमानस्थल निर्माण मापदण्ड** - नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल निर्माण मापदण्ड, २०७३ अनुसार निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दुरी हिमाली र पहाडी क्षेत्रमा कम्तीमा २० नटिकल माइलको हुनुपर्ने उल्लेख छ। विमानस्थल निर्माण गर्दा एक विमानस्थल र अर्को विमानस्थल बीचको दुरी खुलाउने नगरेकोले उक्त नीति कार्यान्वयन भए नभएको यकिन गर्न सकिएन। प्राधिकरणले पुराना विमानस्थल मर्मतका अतिरिक्त हाल नयाँ विमानस्थल निर्माण कार्यलाई पनि तीब्रता दिएको देखिन्छ।

हाल देशभर ५४ वटा विमानस्थल रहेकोमध्ये ३२ वटा सञ्चालनमा रहेको र २२ वटा सञ्चालनमा नरहेको देखिन्छ। सञ्चालनमा रहेका र नरहेका समेत ३९ विमानस्थल पक्की रहेका छन् भने २ विमानस्थल निर्माणाधीन अवस्थामा र १३ विमानस्थल नयाँ निर्माणको लागि प्रस्तावित रहेको देखियो। छोटो छोटो दुरीमा निर्माण सम्पन्न विमानस्थल सडक यातायातको सहजताले पूर्ण क्षमतामा सञ्चालन नहुने संभावना छ । तसर्थ मापदण्डले तोकेअनुसार विमानस्थल निर्माणमा ध्यान दिनुपर्दछ।

५०. **एयरलाइन्स नियमन -** नेपाल नागरिक उड्डयन ऐन, २०५३ तथा नियमावली, २०५८ अनुसार हवाइ उडान अनुमति प्रदान गर्ने, वायुयान दर्ता गर्ने राज्यभित्र उडान गर्न, पाउने अवस्था र उडान तोक्ने, हवाइ उडान सूचना र सचेत गर्ने, हवाइ उडान नियन्त्रण र पथप्रदर्शन सेवालगायतका कार्य नियमन गरी प्राधिकरणले ३४ विमान सेवा कम्पनीलाई ४५ गन्तव्यमा हवाइ सेवा प्रदान गर्ने स्वीकृति दिएको छ । हवाइ सुरक्षण व्यवस्था प्रभावकारी नभएकोले हवाइ सेवा प्रारम्भ भएदेखि हालसम्म ५५ हवाइ दुर्घटनामा ७३८ व्यक्तिको निधन भएको अवस्था छ। हवाइ दुर्घटना सम्बन्धमा विभिन्न छानबिन समितिले दिएका निर्देशनलाई कार्यान्वयन गर्दै हवाइ सुरक्षाको क्षेत्रमा उपयोग गरेको व्यवस्थित अभिलेख देखिएन। हवाइ सेवालाई सुरक्षित र भरपर्दो बनाउन जोड दिनुपर्दछ।

५१. **विमानस्थल सुरक्षा व्यवस्था -** विमानस्थल गैह्र सैनिक हवाइ उडान ऐन, २०१५ को दफा ४२ अनुसार नागरिक उड्डयनको सुरक्षाको सम्बन्धमा विमानस्थलमा निषेधित क्षेत्रको लागि पास जारी गर्ने व्यवस्था छ। त्यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निषेधित क्षेत्र प्रवेश अनुमतिको क्षेत्र पास (व्यवस्थापन कार्यविधि, २०७२) अनुसार प्राधिकरणले भिजिटर्स प्रवेश अनुमतिपत्र, स्टाफ प्रवेश अनुमति पत्र, विदेशी नियोग प्रवेश अनुमतिपत्र, स्पेशल ह्याण्डलिङ्ग प्रवेश अनुमतिपत्र, कामदार प्रवेश अनुमतिपत्र र अन्य कार्यालयको पत्रको आधारमा पास उपलब्ध गराउने गरेको छ। सो अनुसार यो वर्ष करिब ४ हजार पास वितरण भएकोमा विमानस्थलमा हुने अनधिकृत गतिविधिलाई नियन्त्रण गर्दै विमानस्थल सुरक्षा र अन्तर्राष्ट्रिय हवाइ क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्ने गरी कार्य गर्न प्राधिकरण थप जिम्मेवार हुनुपर्दछ।

५२. **असुली -** प्राधिकरणको सेवा शुल्क नियमावली, २०६७ मा सेवा शुल्क, भाडा, रोयल्टी वा अन्य आम्दानी सेवा प्रदायकले समयमै प्राधिकरणलाई बुझाउनु पर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्षसम्म १६८ असामीबाट रु.२ अर्ब ६६ करोड ६४ लाख लिन बाँकी देखिन्छ। उपरोक्त रकममध्ये सञ्चालनमा रहेका २७ अन्तर्राष्ट्रिय हवाइ सेवा प्रदायकबाट रु.१ अर्ब ७ करोड ९८ लाख, आन्तरिक हवाइ सेवा प्रदायक १९ बाट रु.८ करोड २७ लाख उठ्न बाँकी छ। सञ्चालनमा नरहेका २० अन्तर्राष्ट्रिय र १२ राष्ट्रिय हवाइ सेवा कम्पनीको क्रमशः रु.३७ करोड २६ लाख र रु.८ करोड ४३ लाख असुली हुन बाँकी छ। त्यस्तै सरकारी कार्यालयहरुबाट रु.५६ करोड ७८ लाख एवं सञ्चालनमा रहेका व्यवसायीसंग रु.४२ करोड ५८ लाख र सञ्चालनमा नरहेका व्यवसायीसंग रु.१५ करोड ३१ लाख रहेको छ। असुल गर्नुपर्ने रकम समयमै असुल गर्नुपर्दछ।

५३. **पसल कवल भाडा -** प्राधिकरण र एक निजी फर्म बीच २०५६।८।१८ मा अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रथम तल्लाको प्रस्थान कक्षको १० वर्गमिटर र आगमन कक्षको १८ वर्गमिटर क्षेत्रफलमा पसल सञ्चालनका लागि भाडामा दिने सम्झौता भएको देखियो। सम्झौतामा भाडा र कुल बिक्रीमा १५ प्रतिशत रोयल्टी लिने र उक्त रकम पछिल्लो महिनाको ७ गतेभित्र भुक्तानी गर्नुपर्ने उल्लेख छ। सो सम्झौताको अवधि २०६५।२।१४ सम्म रहेकोमा थप ३ वर्षका लागि नवीकरण गरेको देखिन्छ। नवीकरण गर्दाको भाडा रु.१ करोड २७ लाख समेत २०७६ आषाढसम्म असुल गर्न बाँकी भाडा रु.८ करोड ७२ लाख पुगेको छ। कुल बिक्री यकिन गरी सोको १५ प्रतिशत रोयल्टी २०५६ सालदेखि नै असुल गरेको छैन। रोयल्टी तथा करिब ३ वर्षसम्मको बक्यौता भाडा असुल नगरी भाडा सम्झौता नवीकरण गरेको मनासिब देखिएन।

त्यसैगरी प्राधिकरण र एक अर्को निजी फर्मबीच आगमन कक्षमा १८ वर्गमिटर र प्रस्थान कक्षमा १० वर्गमिटर उपयोग गर्ने गरी २०५६।८।१७ मा सम्झौता भएकोमा पटक पटक गरी २०६५।२।१५ सम्म म्याद थप भएको र २०६९।६।१ मा २०६५।२।१५ देखि लागू हुने गरी १० वर्षको लागि म्याद थप गर्ने निर्णय गरेको देखियो। विभिन्न मितिमा क्षेत्रफल थप गर्दै आएको र हाल उक्त फर्मले ओगटेको क्षेत्रफल सम्बन्धमा कार्यालयमा स्पष्ट अभिलेख रहेको छैन। प्राधिकरणले २०७६ आषाढ मसान्तसम्म रु.१ करोड ७८ लाख लिनुपर्ने देखिन्छ। सम्झौता अनुसार भाडा नतिर्नेलाई कारवाही नगरी थप सुविधा दिने गरी म्याद थप गर्ने कार्य मनासिब देखिएन ।

५४. **शुल्कमा छुट -** विमानस्थल सेवाशुल्क नियमावली, २०६७ को नियम २८(४) अनुसार वायुसेवा सञ्चालन संस्थालाई नियमावली बमोजिम लाग्ने शुल्कको बीजक जारी भएको सात दिनभित्र शुल्क भुक्तानी गरेमा ३ प्रतिशतका दरले शुल्कमा छुट दिने उल्लेख छ। तर बीजक जारी भएको ७ दिन नाघिसकेपछि १९१ वटा बीजकको रु.३ करोड ५४ हजार नियम विपरित छुट दिएको पाइयो । म्याद नाघेपछिको छुट दिन नमिल्ने हुँदा आवश्यक छानबिन गरी सो रकम असुल उपर गर्नुपर्दछ।

५५. **होटल सञ्चालन -** प्राधिकरण र एक होटलबीच अन्तर्राष्ट्रिय टर्मिनल भवनको विभिन्न स्थानमा १० वर्षको लागि भाडामा दिने सम्झौता भएको देखियो। उक्त होटलले कुल ९३३ वर्ग मिटर क्षेत्रफलमा व्यवसाय सञ्चालन गर्दै आएको र २०६४ पौष १० सम्म म्याद रहेकोमा विभिन्न कारण देखाई १० वर्षको लागि म्याद थप माग गरेकोमा प्राधिकरणले म्याद थप गर्न अस्वीकार गरेपछि २०७४।८।२८ मा जिल्ला अदालतबाट म्याद थपको अन्तरिम आदेश लिई सेवा सञ्चालन गर्दै आइरहेको छ। १० वर्षको लागि तत्कालीन समयमा रु.१० करोड ७ लाख ६४ हजारमा ठेक्का सम्झौता गरेकोमा हाल प्राधिकरणले विमानस्थल सेवा नियमावली, २०६७ को प्रावधान अनुसार प्रति वर्गमिटर रु.३ हजारका दरले वार्षिक न्यूनतम रु.२ करोड ३५ लाख ११ हजारका दरले बुझाउनुपर्नेमा रु.१ करोड ७६ लाख मात्र बुझाएको देखियो। अन्तरिम आदेशानुसार सेवा सञ्चालन गरेपनि बुझाउनुपर्ने राजस्व नियमावलीले तोकिएको दरमा प्राप्त नहुँदा प्राधिकरणलाई आर्थिक नोक्सानी परेको देखिन्छ। यस वर्षको अन्त्यसम्म उपरोक्त प्रावधान अनुसार रु.२ करोड ८३ लाख ७६ हजार वक्यौता रहेकोले उक्त रकम असुल गर्नुपर्ने देखिन्छ।

५६. **उपयोग शुल्क -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम २५ मा अन्य सेवा शुल्क लिन सक्ने व्यवस्थाअन्तर्गत टर्मिनल उपकरणको साझा उपयोगमा सेवा शुल्क लिने व्यवस्था गरेको छ। उक्त नियमको अनुसूची २२ मा प्राधिकरणले विमानस्थल टर्मिनल उपकरणको साझा उपयोग सेवा उपयोग गरेबापत सम्बन्धित वायुसेवाबाट सोझै वा सेवा प्रदायकमार्फत प्रति यात्रु अमेरिकी डलर १ का दरले शुल्क असुल गर्ने व्यवस्था छ। कार्यालयले विमानस्थल सञ्चालनमा रहेका वायुसेवा प्रदायकहरुलाई उक्त सेवा प्रदान गर्नका लागि एक सेवा प्रदायकसंग २६ अक्टोवर २०१० मा सम्झौता गरेको छ। सम्झौताको बुँदा नम्बर १२.२ मा विमानस्थलमा उक्त सेवा प्रदान गरेबापत प्रस्थान गर्ने प्रत्येक यात्रुबाट कन्सेसन फीबापत मूल्य अभिवृद्धि कर बाहेक अमेरिकी डलर १ असुल गर्ने र सोबाट अमेरिकी डलर ०.३७५ विमानस्थल कार्यालयलाई दिनुपर्ने भन्ने व्यवस्था छ। यसरी विमानस्थल कार्यालयले नियमावलीमा भएको व्यवस्था भन्दा प्रत्येक यात्रुमा अमेरिकी डलर ०.६२५ घटीमा सम्झौता गरी आम्दानी प्राप्त गर्ने गरेको पाइयो। विमानस्थल कार्यालयले नियमावलीमा उल्लेख गरेको रकम प्राप्त गर्नुपर्दछ। साथै सेवा प्रदायकबाट प्राप्त हुनुपर्ने वक्यौता रु.२६ करोड ५० लाख ९० हजार छानबिन गरी असुल गर्नुपर्दछ।

५७. **पोखरा विमानस्थल -** क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पोखराको विमानस्थल निर्माण गर्न नेपाल सरकार र चीन सरकार तथा एक्जीम बैङ्क, चीन बीच २१ मार्च, २०१६ मा सम्झौता भएको देखिन्छ। कुल १ अर्ब ३७ करोड ८७ लाख ४० हजार यूयानको उक्त सम्झौता पश्चात् उक्त रकम नेपाल सरकारले प्राधिकरणलाई ऋण सहायताको रुपमा उपलब्ध गराउने गरी २०७३।२।२३ मा सहायक ऋण सम्झौता भएको देखियो।

विनिमय परिवर्तनबाट हुनसक्ने जोखिम नेपाल सरकारले व्यहोर्ने र वार्षिक ५ प्रतिशतका दरले नेपाल सरकारलाई ब्याज बुझाउनुपर्ने गरी प्राधिकरण र नेपाल सरकार बीच भएको सहायक ऋण सम्झौता अनुसार २०७९ देखि २०९२ आश्विनसम्म सम्पूर्ण रकम युयान १ अर्ब ३७ करोड ८७ लाख ४० हजार र सोको ब्याज सहित भुक्तानी गर्नुपर्ने देखियो। निर्माणधीन विमानस्थलको निर्माण कार्य ११ जुलाई २०१८ देखि सुरु भई हालसम्म ५० प्रतिशत भौतिक प्रगति भएको छ। आगामी १० जुलाई २०२१ सम्म कार्य सम्पन्न गर्नुपर्ने विमानस्थलको व्यवसायिक उडान सुरु गर्न तयार गर्नुपर्ने जनशक्ति र प्राविधिक पक्षबारे समयमानै ध्यान दिई कार्य हुन नसक्दा निर्माण सम्पन्न भए पश्चात् पनि विमानस्थल सञ्चालनमा आउन सक्दैन। तर ऋण तिर्नुपर्ने समयावधि नजिक रहेकोले प्राधिकरणलाई वित्तीय जोखिम रहनसक्ने देखिन्छ। तसर्थ विमानस्थलको भौतिक निर्माणको अलावा अन्य व्यवस्थापकीय तयारी गर्दै समयमानै विमानस्थल निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ।

५८. **गौतम बुद्ध विमानस्थल -** गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको कार्यमध्ये रन-वे, ट्याक्सी-वे, एप्रोन, टर्मिनल भवन, लगायतका मुख्य भौतिक संरचनाको कार्य चीनको एक कन्सट्रक्सन ग्रुपले गर्दै आइरहेको छ। सन् २०१४ नोभेम्बर १३ बाट सुरु भएको यो ठेक्कामा हालसम्म पटक पटक म्याद थप भई ३० डिसेम्बर २०१९ सम्म म्याद थप भएकोमा हालसम्म ८५.५ प्रतिशत कार्य सम्पन्न भएको र थप काम गर्न पुनः २१ मार्च २०२० सम्म म्याद थप भएको देखियो। प्रगति स्थिति हेर्दा थप समयमा समेत विमानस्थलको कार्य पूर्ण हुने देखिएन। समयमानै काम गर्न प्रयास गर्नुपर्ने देखिन्छ।

५९. **निर्माण, सञ्चालन र हस्तान्तरण -** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गोल्डेन गेटको पूर्वतर्फको करिब ५१ रोपनी जग्गामा व्यावसायिक भवन निर्माण गर्न नेपाल सरकार मन्त्रिपरिषद्को २०६७।५।१७ को सैद्धान्तिक सहमति अनुसार एक निर्माण व्यवसायीसँग २१ महिनाभित्र निर्माण कार्यसम्पन्न गर्ने र उक्त भवन ३० वर्षपछि प्राधिकरणलाई फिर्ता गर्ने गरी २०६९।७।२ मा सम्झौता भएको छ। तर निर्माण व्यवसायीले सम्झौतामा नभएको भूमिगत पार्किङ निर्माण गरेको, स्वीकृत डिजाइन अनुसार भवनको उचाई ३७ फिट रहेकोमा ५२ फिट उचाई हुनेगरी संरचना बनाएकोले पर्याप्त मात्रामा सुरक्षाको प्रत्याभूति नरहेको ब्यहोरा प्राधिकरणको २०७४।१२।२ र २०७४।१२।२५ को पत्रमा उल्लेख छ। सम्झौताभन्दा फरक हुने गरी निर्माण कार्य गरेको सम्बन्धमा आवश्यक कारवाही हुनुपर्दछ। निर्माण कार्य सम्पन्न भएपछि निजले प्राधिकरणलाई वार्षिक रु.७८ लाख जग्गा भाडा बुझाउने उल्लेख भए तापनि हालसम्म प्राप्त भएको छैन। नियमित रुपमा उठ्नुपर्ने रु.५ करोड ६२ लाख १५ हजार वक्यौता रहेकोले सो रकम असुल हुनुपर्दछ।

६०. **सवारीसाधन -** हवाइ यातायात क्षमता अभिवृद्धि आयोजना बिल अफ क्वान्टिटीमा राखी एक निर्माण व्यवसायीसँग सम्झौता गरी ११ वटा गाडी र ७ वटा मोटर साईकल खरिद गरी भुक्तानी गरेको देखिन्छ। उक्त सवारी साधन विमानस्थल विस्तार गर्ने कार्यका लागि खरिद भै कार्यसम्पन्न पछि आयोजनालाई हस्तान्तरण गर्नेगरी ठेक्का पट्टा भएकोमा हाल उक्त निर्माण व्यवसायीको ठेक्का रद्द भइसकेको अवस्थामा छ। उक्त सवारी साधन निर्माण व्यवसायीको नाममा नै रहेको छ। सार्वजनिक लेखा समितिले निर्माण कार्यको बिल अफ क्वान्टिटीमा यसरी सवारी साधन नराख्न निर्देशन दिइएकोमा सो पालना भएको देखिएन। खरिद भएको तथा उक्त सवारी साधन प्राधिकरणमा दाखिला नभएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

६१. **भेरिएसन -** जनकपुर एयरपोर्ट निर्माण कार्य गर्न एक परामर्शदाताबाट तयार गरिएको रु.१९ करोड २४ लाख ४८ हजारको लागत अनुमान २०७३।१२।१८ मा महानिर्देशकबाट स्वीकृत गरी निर्माण कार्य तत्काल अगाडि बढाउने निर्णय भएको थियो। तर २०७२।७३ मा सो निर्माण कार्य अगाडि नबढाएकोले २०७४।७५ मा सोही निर्माण कार्य अगाडि बढाउँदा पुनः जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्दा रु.२२ करोड ४० लाख ६२ हजार लाग्ने गरी प्राधिकरणबाट २०७५।१२।१ लागत अनुमान

स्वीकृत गरेको छ। यसरी समयमा ठेक्का नगरी प्राधिकरणलाई रु.३ करोड १६ लाख १६ हजार थप व्ययभार पर्ने गरी ढिला ठेक्का गर्नुको कारण र आधार नखुलाई ढिला ठेक्का गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

६२. **असम्बन्धित खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसंग सम्बन्धित आईटमहरु मात्र समावेश गर्नुपर्ने र २०६९।९।२ पछि ठेक्का सम्झौता गर्दा असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिले निर्देशन दिएको छ। प्राधिकरणले सार्वजनिक लेखा समितिको निर्देशन विपरित लागत अनुमान तयार गर्दा ठूला ठेक्कामा गाडी भाडा, सवारी चालकको पारिश्रमिक, मर्मत, क्वालिटी कन्ट्रोल लगायतका खर्च लगायतका बिल अफ क्वान्टिटीमा समावेश गरेको छ। उपलब्ध विवरणअनुसार ३२ सम्झौतामा घरभाडा तथा फर्निचर व्यवस्थामा मूल्य अभिवृद्धि कर समेत रु.१ करोड ५३ लाख २८ हजार, गाडी भाडामा रु.३ करोड ३२ लाख १६ हजार, ल्यापटप खरिदमा रु.१५ लाख ४८ हजार, मोटरसाईकल खरिदमा रु.६ लाख ७२ हजार, भिडियो क्यामरा खरिद रु.१४ लाख ७० हजार र अन्य घोडा दाना, सर्भेका सामान, जेनेरेटर भाडा आदिमा रु.१ करोड १२ लाख २८ हजारसमेत निर्माण कार्यभन्दा अलग प्रकृतिका आईटम समावेश गरी प्राधिकरणलाई रु.६ करोड ३४ लाख ६२ हजार बढी व्ययभार पारेको देखिन्छ। यसरी बढी व्ययभार पार्ने गरी लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ।

६३. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२)मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौताबमोजिमको काम सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। प्राधिकरणले एक भवन निर्माण गर्ने निर्माण व्यवसायीसँग २०७१।१०।२७ मा रु.७० करोड ५७ लाख ३० हजारमा सम्झौता भई २०७४ माघ मसान्तमा सम्पन्न गर्नुपर्ने उल्लेख छ। निर्माण कार्य सम्झौतामा तोकिएको समयमा सम्पन्न नगरी विभिन्न कारण देखाई २०७६।५।२४ सम्म ३ पटक म्याद थप गरेकोमा इन्टेरियम पेमेन्ट सर्टिफिकेट १ देखि २५ सम्म मूल्य वृद्धिबापत रु.७ करोड ६८ लाख ६९ हजार भुक्तानी दिएको देखियो। सम्झौताको म्याद थप गर्दा ढिलाइको कारण यकिन नगरी मूल्य समायोजन बापत सो रकम भुक्तानी गरेकोले प्राधिकरणलाई थप व्ययभार परेको छ।

६४. **धरौटी -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ४ को उपनियम (घ) मा वायुसेवा कम्पनीले उडान सञ्चालन गर्नु पूर्व रु.३० लाख प्राधिकरणलाई अग्रिम धरौटी बुझाउनुपर्ने, कम्पनीले तिर्नुपर्ने रकम बाँकी हुन आएमा सोही धरौटी रकमबाट कट्टा गर्ने र यसरी कट्टा गरेको रकम उक्त कम्पनीले तुरुन्त पूर्ति गर्नुपर्ने व्यवस्था छ। यस्तै विमान उडानसम्बन्धी निर्देशिका, २०६९ मा अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालक संस्थाबाट प्रत्येक उडानको सिट क्षमताको आधारमा एक महिनाको यात्रुसेवा सुविधा शुल्क र आन्तरिक वायुसेवा सञ्चालक कम्पनीले सिट क्षमताको १५ दिन बराबरको धरौटी राख्नुपर्ने व्यवस्था छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले १२ वायुसेवा कम्पनीबाट नियम बमोजिम राख्नुपर्ने रु.२४ करोड ९६ लाख ४८ हजार धरौटी लिएको पाइएन। नियमावलीले तोकेअनुसार धरौटी लिनुपर्दछ ।

## नेपाल वायुसेवा निगम - २०७५।७६

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी २०१४ सालमा स्थापना भएको यो निगम राष्ट्रिय ध्वजावाहक विमान सेवाको रुपमा रहेको छ। नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गत देशभित्र र बाहिर सुरक्षित, कुशल र किफायती हवाइ यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। सञ्चालक समितिको सामान्य नियन्त्रण र निर्देशनभित्र रही कार्यकारी अध्यक्ष वा महाप्रबन्धकले निगम व्यवस्थापनको जिम्मेवारी सम्हाल्ने व्यवस्था छ। निगमले

हाल १४ विमानबाट २५ आन्तरिक र ९ अन्तर्राष्ट्रिय गन्तव्यमा उडान गरिरहेको छ। सोको अतिरिक्त निगमले चार्टर्ड उडान, कार्गो र ग्राउण्ड ह्याण्डलिङ सेवा समेत प्रदान गर्ने गरेको छ।

६५. **सञ्चालन नतिजा -** निगम गत वर्ष रु.१८ करोड ३ लाख नाफामा रहेकोमा यो वर्ष रु.१ अर्ब ९६ करोड ५३ लाख नोक्सान भएको छ। गत वर्ष नेटवर्थ रु.७ अर्ब १८ करोड ४० लाख रहेकोमा यस वर्ष रु.५ अर्ब ४ करोड ३९ लाख रहेको छ। सञ्चालन आम्दानी गत वर्ष रु.१० अर्ब ७८ करोड २५ लाख रहेकोमा यस वर्ष ४८.९ प्रतिशत बढेर रु.१६ अर्ब ५ करोड ५१ लाख पुगेको छ। सञ्चालन खर्च गत वर्ष रु.१० अर्ब ८ करोड १ लाख रहेकोमा यस वर्ष ४६.२५ प्रतिशतले बढेर रु.१४ अर्ब ७४ करोड २९ लाख पुगेको छ। अन्य आम्दानी गत वर्षभन्दा यस वर्ष १२.८९ प्रतिशतले घटेर रु.३६ करोड ५१ लाख भएको देखिन्छ। वित्तीय खर्च गत वर्षभन्दा यस वर्ष १९९.८४ प्रतिशतले बढेर रु.३ अर्ब ६४ करोड २७ लाख पुगेको छ। यस सम्बन्धी विवरण देहायअनुसार रहेको छः

| क्र.सं. | विवरण | २०७५।७६ (रु. लाख) | २०७४।७५ (रु. लाख) |
|---|---|---|---|
| १. | सञ्चालन आम्दानी (क) | १६,०५,५१ | १०,७८,२५ |
| १.१ | हवाइजहाज सञ्चालन | ११,८९,११ (७४.०५%) | ६,७२,५७ (६२.३८%) |
| १.२ | हवाइजहाज ह्याण्डलिङ्ग सेवा | ४,१६,४० (२५.९५%) | ४,०५,६८ (३७.६२%) |
| २ | सञ्चालन खर्च (ख) | १४,७४,२९ | १०,०८,०१ |
| ३ | सञ्चालन नाफा (क)—(ख) | १,३१,२२ | ७०,२४ |
| ४ | अन्य आम्दानी | ३६,५१ | ४१,९१ |
| ५ | वित्तीय खर्च अघिको कुल नाफा | १,६७,७३ | १,१२,१५ |
| ६ | वित्तीय खर्च | ३,६४,२७ | १,२१,४९ |
| ७ | कर अघिको नाफा (नोक्सान) | (१,९६,५४) | (९,३४) |

निगममा गत वर्षको तुलनामा सञ्चालन आम्दानी बढेको भए तापनि उच्च वित्तीय खर्चले गर्दा खुद नाफा घटेको छ। विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्र (आन्तरिक, बाह्य) अनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरेर रणनीति तय गर्नुपर्नेमा सो अनुसार विश्लेषण गरेको छैन।

६६. **अनुपात विश्लेषण -** निगमको वित्तीय विश्लेषण गर्न महत्वपूर्ण मानिने नगद अनुपात, चालु खर्च अनुपात, ऋण पूँजी अनुपातलगायतका वित्तीय अनुपात विश्लेषण देहायबमोजिम रहेको छः

| सि.नं. | अनुपात | अनुपात आधार | २०७५।७६ | २०७४।७५ |
|---|---|---|---|---|
| १. | खुद नगद अनुपात | नगद रिजर्व/चालु दायित्व | ०.१०:१ | ०.०४:१ |
| २. | लिक्वीडिटी अनुपात | | | |
| | चालु अनुपात | चालु सम्पत्ति /चालु दायित्व | ०.८२:१ | ०.७७:१ |
| | शीघ्र अनुपात | शीघ्र सम्पत्ति /शीघ्र दायित्व | ०.५८:१ | ०.४७:१ |
| ३. | पुँजी संरचना अनुपात | ऋण/पुँजी अनुपात | ७.३५:१ | ४.६:१ |
| ४ | लाभकारी अनुपात | सञ्चालन नाफा/सञ्चालन आम्दानी | ०.०८:१ | ०.०६:१ |

निगमको नगद, चालु सम्पत्ति, दायित्व, पुँजी सँरचना, मुनाफा स्थिति जस्ता प्रमुख सान्दर्भिक अनुपात विश्लेषण गर्दा गत वर्षको तुलनामा चालु दायित्व भुक्तानीको लागि उपलब्ध नगद बढेको, ऋण बढेको, सञ्चालन मुनाफा घटेको स्थिति छ। समग्रमा निगमको वित्तीय अवस्था सन्तोषजनक नरहेको अवस्था छ।

६७. **वित्तीय प्रतिवेदनमान -** सबै सरकारी संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेकोमा निगमले तयार गरेको वित्तीय विवरणमा नेपाल लेखामान अनुसार हवाइजहाजका उपकरणको मुल्याङ्कन तथा वर्गीकरण, टिकट बिक्री, वैदेशिक मुद्रालगायतका कारोबारको अभिलेख आंशिक रुपमा लागू गरेको छ। नेपाल वित्तीय प्रतिवेदनमानमा तोकिएअनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ ।

६८. **असामी र साहु -** निगमले प्राप्त गर्नुपर्ने रकम तथा भुक्तानी गर्नुपर्ने दायित्व समय मै फरफारक गर्नुपर्दछ। असामी तथा प्राप्य रु.१ अर्ब ४४ करोड ६१ लाख ट्राभल एजेन्सीसँग एक वर्षभन्दा पुरानो रु.१७ करोड ६० लाख र अन्यसंग रु. ३ करोड २० लाख रहेकोमा असुल गर्ने कार्य भएको देखिएन। साहु तथा अन्य भुक्तानी दिनुपर्ने रु.५ अर्ब २७ करोडमध्ये अर्थ मन्त्रालयलाई भन्सारबापत रु.१० करोड र अन्य रु.५ करोड समेत रु.१५ करोड भुक्तानी दिन बाँकी देखिएकोमा उक्त रकम तिर्नुपर्ने वा नपर्ने यकिन गरी हिसाब राफसाफ गर्नुपर्दछ।

६९. **रणनीतिक योजना -** निगमको वित्तीय स्थितिलाई सुधार गर्न रणनीतिक योजनाका साथै कार्य नीति समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। विमान सञ्चालनको आयबाट मात्र निगम सञ्चालन हुने अवस्था नरहेकोले एअरक्राफ्ट ह्याण्डलिङ सेवाबाट प्राप्त आय माथिको निर्भरता बढेको छ। नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्क अनुसार ४३ लाख यात्रु विदेश उडेकोमा निगमबाट यो वर्ष ४ हजार उडानबाट करिब ६ लाख अर्थात् १४ प्रतिशत यात्रुलाई मात्र समेटेको देखिन्छ। निगमको सुधारको लागि विमानको प्रकृति र उडानको क्षेत्र अनुसार लागत-लाभ विश्लेषण गरी हवाइ सेवा सञ्चालन गर्ने रणनीतिक योजना अनुरुप कार्य गर्नुपर्दछ।

७०. **नगद प्रवाह स्थिति -** निगमको सञ्चालन, लगानी तथा वित्तीय गतिविधिको तथ्याङ्क विश्लेषण गर्दा सञ्चालन क्रियाकलापबाट नगद प्रवाह गत वर्षभन्दा १६५.३४ प्रतिशतले बढेको देखियो। वर्षान्तमा नगद मौज्दात रु. ८६ करोड ८९ लाख पुगेको, लगानी क्रियाकलापको नगद प्रवाह ऋणात्मक रहेको र वित्तीय गतिविधिमा नगद प्रवाह बढेको छ। यस सम्बन्धी विवरण देहाय अनुसार रहेको छः

(रु. लाख)

| क्र.सं. | आर्थिक वर्ष | २०७५।७६ | २०७४।७५ | प्रतिशत |
|---|---|---|---|---|
| १. | सञ्चालन गतिविधिको खुद नगद प्रवाह | ४,३२,०४ | १,६२,८२ | १६५.३४ |
| २. | लगानी गतिविधिको खुद नगद प्रवाह | (७,८२,६०) | ९,४४,२९ | (१७.१२) |
| ३. | वित्तीय गतिविधिको खुद नगद प्रवाह | ४,१४,५९ | ७,३५,१४ | (४३.६०) |
| ४. | नगदमा कुल वृद्धि (कमी) | ६४,०३ | (४६,३२) | २३८.२१ |
| ५. | शुरु नगद मौज्दात | २२,८६ | ६९,१८ | (६६.९५) |
| ६. | वर्षान्तको खुद नगद मौज्दात | ८६,८९ | २२,८६ | २८०.०८ |

उल्लिखित विवरणबाट निगमको सञ्चालन तथा वित्तीय गतिविधिको नगद प्रवाहमा वृद्धि भए तापनि लगानी गतिविधिको नगद प्रवाहमा कमी आएको देखिन्छ। जहाज खरिदका लागि लिइएको ऋण र सोको ब्याज तोकिएको समयमा भुक्तानी समेत गरेको छैन। तालिका बमोजिम ऋणको साँवा र ब्याज भुक्तानी नगरेकाले निगमको कार्यसम्पादन स्थिति सबल देखिँदैन।

७१. **उडानको लक्ष्य प्रगति -** निगमले आय वृद्धि र साख कायम गरी गुणस्तरीय सेवा दिन निर्धारित उडान तालिका अनुसार विमान उडान गर्नुपर्दछ। यो वर्ष निर्धारित तालिका अनुसार उडान नभई रद्द भएको स्थिति देहायअनुसार छः

| क्षेत्र | उडान हुनुपर्ने संख्या | उडान भएको संख्या | उडान रद्द संख्या | रद्द प्रतिशत | रद्द हुँदाको होटल खर्च (रु. हजारमा) |
|---|---|---|---|---|---|
| अन्तर्राष्ट्रिय | ४,०९८ | ४,०६५ | ३३ | ०.८० | ४,०५,०० |
| आन्तरिक | ५,८७६ | ४,०७५ | १,८०१ | ३१ | |
| **जम्मा** | **९,९७४** | **८,१४०** | **१,८३४** | **१८** | **४,०५,००** |

उपर्युक्त तालिकाअनुसार अन्तर्राष्ट्रिय उडानतर्फ ०.८० प्रतिशत र आन्तरिकतर्फ ३१ प्रतिशत उडान रद्द भै समग्रमा १८ प्रतिशत उडान रद्द भएको देखिन्छ। कमर्सियल विभागको अभिलेख अनुसार विभिन्न ८ अन्तर्राष्ट्रिय स्टेसनमा उडान रद्द भएका कारण स्टपओभर र रि-रुटिङ्ग खर्चबापत रु.४ करोड ५ लाख ३५ हजार खर्च भएकोमध्ये दोहामा रु.१ करोड ७२ लाख, मलेसियामा रु.८३ लाख ६३ हजार, दुबई स्टेसनमा रु.८ लाख खर्च लेखेको देखिन्छ। उडान रद्द हुँदा यात्रुलाई असुविधा हुने, निगमको आम्दानी घट्ने र साखमा गिरावट आउने अवस्था रहन्छ। अतः काबु बाहिरको परिस्थिति बाहेक निर्धारित तालिकाअनुसार उडान गर्नुपर्दछ।

७२. **पदपूर्ति -** नेपाल वायुसेवा निगमका कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियमावली, २०५८ बमोजिम निगमको सञ्चालक समितिले २०७१।११।२० मा निगमको ४ सेवामा २ हजार ३६९ कर्मचारीको दरबन्दी स्वीकृत गरेको छ। यसका अतिरिक्त ग्राउण्ड हेण्डलिङ्ग र ग्राउण्ड सपोर्ट विभागमा ४४३ लोडरको सेवा करारमा लिंदै आएको छ। तर पनि निगमको महत्वपूर्ण विभागहरु कन्टिन्युयिङ्ग एयर वर्दिनेश म्यानेजमेन्ट डिपार्टमेन्ट, इन्जिनियरिङ मेन्टेनन्स डिपार्टमेन्टअन्तर्गत प्राविधिक जनशक्तिको अभाव रहेको देखिन्छ। कर्मचारी दरबन्दी संख्याको पुनरावलोकन गरी प्राविधिक शाखामा यथाशीघ्र कर्मचारी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

७३. **तालिम -** नेपाल वायुसेवा निगमको कर्मचारीहरुको सेवा, शर्तसम्बन्धी विनियमावली, २०५८ को परिच्छेद १३ अन्तर्गत विनियम १५०(१) र २ (क), (ख) अनुसार निगमका ककपिट, क्रु र क्रु बाहेकका अन्य सेवा समूहका कर्मचारीहरुलाई निगमको लगानीमा तालिम प्रदान गर्दा उक्त तालिम लिनुभन्दा अगाडी कर्मचारीले निगमसंग तालिम करार गर्दा हाल व्यवस्था भएको खर्च अमेरिकी डलरमा १ देखि १ हजार, १ हजार देखि २ हजार र २ हजारभन्दा माथि भएको खर्चमा क्रमशः १, २ र ५ वर्षसम्म अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था छ। हालसम्म ५ हजारदेखि ४० हजार अमेरिकी डलर लागत सम्मका तालिम लिएकाले साविक व्यवस्थाअनुसार ५ वर्ष पूरा गर्ने बित्तिकै निगम छोड्ने गरेको पाइयो। तसर्थ यस्तो प्रवृत्ति रोक्न आवश्यक नीतिगत सुधार गर्नुपर्दछ।

७४. **मर्मत सम्भार -** निगमको वायुयान मर्मत सम्भार गर्ने ह्याङगर लगायत भौतिक संरचनासमेत निकै पुरानो र जीर्ण अवस्थामा रहेको देखिन्छ। जिन्सी विवरण अनुसार रु.३ अर्ब ६० करोडको वायुयान पाटपुर्जा तथा अन्य सम्पत्तिमध्ये रु.१ अर्ब ८१ करोडको जिन्सी प्रयोग नभएको अवस्था छ। निगमसंग भएको मर्मत सम्भारको संरचना पुरानो ट्वीनअटरको लागि मात्र उपलब्ध छ। बोईङ्ग, एरबस- ३२०, ३३०, एम.ए. ६०, वाई. १२ ई. जहाजको लागि कुनै पनि मर्मत सम्भारको ह्याङ्गर कम्पोनेन्ट, इक्विप्मेन्ट, स्पेयर पार्टस् र वर्कसपको संरचना निर्माण हुन सकेको छैन। जसका कारण मर्मत सम्भारका लागि विदेशमा पठाउनु पर्दा निगमलाई ठूलो आर्थिक भार परेको देखिन्छ। विभागको कार्यशाला डिभिजनअन्तर्गत भएका १२ शपमध्ये ईन्जिन सप, हाईड्रोलिक शप र अक्सिजन शपमा आवश्यक पर्ने प्राविधिक कर्मचारी छैनन्। धेरै शपहरु निकै जीर्ण र ट्वीनअटर जहाजको लागि मात्रै उपयुक्त भएको देखिन्छ। मर्मतकार्य गर्न आवश्यक पर्ने विज्ञ कर्मचारी नभएको र कर्मचारी अनुपस्थित हुँदा मर्मत कार्य नै रोकिने अवस्था देखिन्छ। निगमको वायुयान सञ्चालनको महत्वपूर्ण हिस्सा कार्यशाला भएकाले उक्त समस्यालाई निराकरण गर्न स्पष्ट योजना तर्जुमा गरी कार्यशालाको प्रभावकारिता र कार्यक्षमतामा वृद्धि गर्नुपर्दछ।

७५. **वायुसेवा सञ्चालन -** नेपाल वायुसेवा निगम आर्थिक विनियमावली, २०६५ को विनियम २३ अनुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने तथा सो प्रतिवेदनको आधारमा आवश्यकता अनुसार मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ। निगमको कर्पोरेट विभागले १४ जनवरी २०१९ मा तयार गरेको विवरण अनुसार निगमको स्वामित्वमा रहेको १४ विमानमध्ये बी ७५७, वाई १२ ई, एम ए ६० र १ डि एच सि गरी ६ जहाज विङ्ग लाईफ एक्स्टेन्सन गर्न बाँकी रहेको, जगेडा ईन्जिन नभएको र एयर वर्दिनेश सर्टिफिकेट बाँकी रहेको जस्ता कारण भएको व्यहोरा उल्लेख गरी हाल विमान सञ्चालनमा नआएको अवस्था छ। जहाजहरुलाई भूमिस्थ गरेर राख्दा एकातर्फ निगमको आन्तरिक उडानतर्फ आम्दानी न्यून रहेको अवस्था र अर्कोतर्फ नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पार्किङ्ग शुल्क भुक्तानी गर्नुपर्ने कारण आर्थिक व्ययभार परेको देखिन्छ।

७६. **वाइड बडी जहाज सञ्चालन -** निगम सञ्चालक समितिले २ वाइड बडी विमान सञ्चालनको व्यावसायिक योजना २०७३।६।८ मा स्वीकृत गरी खरिद गरिएका जहाज निगमको स्वीकृत कार्यक्रमअनुसार जापान, साउदी अरब, चीनको ग्वाङजाउ र दक्षिण कोरियामा २०७५ चैत्र मसान्तसम्म जडान गरिसक्ने लक्ष्य रहेकोमा यस वर्षको अन्त्यसम्म पनि थप सेक्टरमा उडान गरेको छैन । विमानको उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा हाल प्रति दिन ९ घण्टामात्र उडान गरेको छ । यसबाट निगमको व्यावसायिक योजनाअनुसार आय प्राप्त हुन नसकेको, वाइड बडीको पूर्ण क्षमताअनुसार थप उडानका क्षेत्रहरु पहिचान गरी उडान गर्न नसकेको र विमान सञ्चालन तथा व्यवस्थापन कार्य प्रभावकारी रुपमा अगाडि बढाएको देखिँदैन । यसले गर्दा अपेक्षित आय प्राप्त नहुँदा नेपाल सरकार जमानी बसी कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषबाट लिएको ऋणको साँवा, ब्याजको किस्तासमेत भुक्तानी गर्न नसकेको अवस्था छ ।

७७. **एअर बस मर्मत -** नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २१७ अनुसार मर्मत सम्भार गर्ने संस्थाद्वारा जेट विमानको मर्मत सम्भार गराउने व्यवस्था उल्लेख छ। उक्त व्यवस्था अनुसार ए-३२० न्यारो बडी जहाजको सी २ चेकको लागि निगमले सिङ्गापुरको एक इन्जिनियरिङ्ग फर्मसँग २५ जनवरी २०१७ मा सम्झौता गरेको र पुनः एक वर्ष थप गरी सोही फर्मलाई नै सि २ चेक गर्न दिएको छ। उक्त सि २ चेक विधिमा जहाज उत्पादक कम्पनीले उपलब्ध गराएको निर्देशन बाहेकका अन्य थुप्रै मर्मत सम्भार गरेको र ओभर एण्ड एभोव (नन्-रुटिन टास्क) अन्तर्गत इन्भ्वाइस कपीको आधारमा अमेरिकी डलर २६ हजार २८४ भुक्तानी गरेको छ। सम्झौतामा उल्लेख भए भन्दा बढीको कार्य गराई विनिमय दर ११०।- का दरले हुने रु.२८ लाख ९१ हजार खर्च लेखेको देखियो। निगमले सि २ चेकको सम्झौताको शर्त अनुसार कार्य गराउनु पर्दछ।

७८. **सञ्चय कोष ऋण -** कर्मचारी सञ्चय कोष र निगम बीच २०७०।३।४ मा ए-३२० को २ जहाज खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ को सम्झौता अनुसार ए-३३० को २ जहाज खरिद गर्नको लागि रु.११ अर्ब ९९ करोड ६१ लाखको ऋण सम्झौता भएको छ। निगमको वित्तीय विवरणमा २०७६ असार मसान्तसम्मको ब्याज समेत गरी रु.२१ अर्ब ९७ करोड ४६ लाख ऋण बाँकी रहेको देखाएको तर कर्मचारी सञ्चय कोषले चक्रीय कर्जा समेत रु.२३ अर्ब ४० करोड २३ लाख देखाएको हुँदा फरक परेको रु.१ अर्ब ४२ करोड ७७ लाखको सम्बन्धमा छानबिन गरी ऋण हिसाब यकिन गर्नुपर्दछ। निगमले सञ्चय कोषबाट किस्ता भुक्तानी तालिका अनुसार ए-३२० जहाजको लागि १६ किस्तामा भुक्तानी गर्नु पर्नेमा २०७५ पौष मसान्तसम्म भुक्तानी गरेको तर नगद प्रवाहको कमीको कारण देखाई २०७५ चैत्र र २०७६ आषाढको किस्ता भुक्तानी गरेको छैन। ए-३३० जहाजको २०७५ पौष र चैत्र तथा २०७६ आषाढको किस्ता भुक्तानी गरेको देखिएन। यो वर्ष उल्लिखित दुवै जहाजको लागि सम्झौता अनुसार निगमले रु.८ अर्ब १५ करोड ६१ लाख भुक्तानी गर्नुपर्नेमा रु.१ अर्ब ३५ करोड ७६ लाख मात्र भुक्तानी गरेको छ।

७९. **लगानी कोषको ऋण -** वाइड बडी एयरबस ए-३३० खरिद गर्न नेपाल सरकारको रु.१२ अर्बको जमानतमा २०७४।२।२९ मा नागरिक लगानी कोष र निगमको बीच सम्झौता भएको थियो। सम्झौता अनुसार निगमले कोषलाई १५ वर्षभित्र त्रैमासिक रुपमा सम्पूर्ण रकम चुक्ता गर्नुपर्ने व्यवस्था छ। सो अनुसार उक्त कर्जाको २०७५ पौषको किस्ता रु.४० करोड २१ लाख ९७ हजार बुझाउनु पर्नेमा रु.९ करोड ४९ लाख ६४ हजार मात्र बुझाएको र सो पश्चात् कुनै किस्ता बुझाएको देखिएन। निगमको वित्तीय विवरण अनुसार रु.११ अर्ब ९२ करोड ५० लाख साँवा, ब्याज समेत गरी भुक्तानी गर्न बाँकी रहेको छ। निगमले कोषहरुलाई तिर्नु पर्ने रकम यकिन गरी साँवा, ब्याज समयमा नै बुझाई सम्झौताको शर्तको पालना गर्नुपर्ने देखिन्छ।

८०. **ग्राउण्ड ह्याण्डलिङ्ग -** नेपाल वायुसेवा निगमले अन्तर्राष्ट्रिय हवाइ सेवाहरुको समेत नियमित उडान तथा चार्टर्ड उडानको ग्राउण्ड ह्याण्डलिङ्ग कार्य गर्दछ। ग्राउण्ड ह्याण्डलिङ्ग गर्दा सेवा प्रदायकसंग भएको सम्झौता बमोजिम न्यूनतम २ महिनाको बिक्री खाम्ने गरी बैङ्क ग्यारेण्टी राख्नु पर्ने सम्झौता भएकोमा ६ विदेशी एयरलाइनस र १ स्वदेशी एयरलाइन्सले दुई महिनाको भन्दा कम हुने गरी बैङ्क ग्यारेन्टी राखेको पाइएकोले सम्झौताको शर्त पालना भएको पाइएन। अतः २ महिनाको बिक्री खाम्ने गरी रु.११ करोड ५७ लाख ७६ हजार थप बैङ्क ग्यारेण्टी राख्नु पर्दछ।

८१. **जहाज बिक्री -** निगमले सन् १९८८ मा खरिद गरेको बोइङ ७५७ जहाजको इन्जिनको म्याद ३० वर्षको भएको हुँदा २०१९ सम्म बिक्री गरिसक्नु पर्ने देखिन्छ। सोही अनुसार सञ्चालक समितिले २०७५।२।२९ मा लिलामका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो। सो अनुसार मूल्याङ्कनकर्ताबाट अमेरिकी डलर ५२ लाख ९६ हजार ७३० र अन्य बाह्य पार्टपूर्जाहरुको लागि अमेरिकी डलर २३ लाख ८० हजारसमेत अमेरिकी डलर ७६ लाख ७६ हजार ७३० मूल्याङ्कन भएको देखियो। सोही मूल्याङ्कनका आधारमा "जे जस्तो अवस्थामा छ" भन्ने सिद्धान्त अनुरुप बिक्री गर्ने गरी २६ जुन २०१९ मा बोलपत्र आह्वान गर्दा २ वटा बोलपत्र मात्र दर्ता हुन आएकोमा जहाजको अमेरिकी डलर ४२ लाख ५० हजार र पार्टपूर्जाको अमेरिकी डलर ५ लाख मात्र उल्लेख गरी छुट्टाछुट्टै बोलपत्र दर्ता हुन आएको देखियो। मूल्याङ्कनभन्दा निकै न्यून रकमको बोलपत्र प्राप्त हुन आएकोले १४ अगष्ट २०१९ मा निगमको आर्थिक विनियम, २०६५ को नियम २०४(५) बमोजिम अमेरिकी डलर ४२ लाख ५० हजार समितिको निर्णयद्वारा मूल्याङ्कन कायम गरी नेगोसिएसनको माध्यमद्वारा पुनः बोलपत्र गरी बिक्री गर्ने निर्णय गरे तापनि हालसम्म उक्त जहाज बिक्री भएको छैन। समयमा बिक्री गर्न नसक्दा मूल्यमा गिरावट हुन सक्ने हुँदा समयमै सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ।

८२. **पार्किङ्ग शुल्क -** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित नागरिक उड्डयन प्राधिकरणले नेपाल वायुसेवा निगमका दुई विमानहरु ए ३२० र वि ७५७ को ल्यान्डिङ्ग, पार्किङ्ग र नेभिगेसन शुल्क जहाजको तौल अनुसार क्रमशः ७९ र ११० टनका हिसाबले भुक्तानी गरेकोमा ती जहाजको वास्तविक तौल क्रमशः ७७ र १०९ टन मात्र भएकोले बढी भुक्तानी भएको रकम यकिन गरी प्राधिकरणबाट सोधभर्ना लिनुपर्दछ ।

८३. **निर्देशन -** निगमको जहाज खरिद तथा सञ्चालन व्यवस्थापन सम्बन्धमा संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले छानबिन गरी पेस गरेको प्रतिवेदन, २०७६ मा निगमको प्राविधिक क्षमता विस्तार गर्नुपर्ने, उडान सेवा विस्तार गर्न रणनीतिक साझेदारको खोजी गर्ने, भाडादर पुनरावलोकन गर्नुपर्ने, विदेशी र स्वदेशी विमान चालकबीचको असमान पारिश्रमिक नीतिको अन्त्य गर्नुपर्ने, विगतमा भएका विमान खरिदमा अनियमितता गर्नेलाई कारवाही गर्नुपर्ने, निगमले नेपाल सरकारको जमानतमा लिएको ऋणको उचित व्यवस्थापन गर्नुपर्ने लगायतका विषयमा सुधार गर्नुपर्ने भनी दिएको निर्देशन कार्यान्वयन भएको छैन।

८४. **वित्तीय व्यवस्थापन -** निगमको वित्तीय व्यवस्थापन लगायतका क्षेत्रको अवस्था विश्लेषण गर्दा ऋण भुक्तानीको लागि रकमको व्यवस्था तथा ऋण सम्झौताको भुक्तानी तालिकामा कुनै परिवर्तन नभएको, संस्थाको जग्गा

तथा स्रोत र साधनको उच्चतम प्रतिफल लिने गरी कुनै नीतिगत निर्णय नलिएको, उडान तालिका तथा गन्तव्यको बारेमा लागत लाभको विश्लेषण गरी उडानलाई व्यवस्थित नगरेको, स्वदेशी पाइलटबाट जहाज उडान गर्ने व्यवस्था मिलाउन नसकेको, पुँजीको संरचना परिवर्तन नगरेको जस्ता व्यहोरा देखिएको हुँदा निगमलाई सुधारको मार्ग चित्र स्पष्ट गरी सेवा संचालन गर्नुपर्ने देखिन्छ।

## तारागाउँ विकास समिति - २०७४।७५

विकास समिति ऐन, २०१३ बमोजिम २०३४ सालमा तारागाउँ विकास समितिको स्थापना भएको हो। समितिले पर्यटन व्यवसायलाई ग्रामीण क्षेत्रतर्फ विकास विस्तार गरी नेपालमा आउने विदेशी पर्यटकहरुलाई नेपाली कला, संस्कृति र रहनसहनसँग परिचित तुल्याउन नेपाली शैलीका आवास गृह, चमेना गृह र अन्य आवश्यक भवनहरु स्थापना र सञ्चालन गर्ने उद्देश्य लिई स्थापना भएको यस विकास समितिमा ३४ जना कर्मचारी कार्यरत रहेका छन्।

८५. **सञ्चालन आय -** यस समितिको यो वर्ष ककनी, नगरकोट, पोखरामा रहेको होटल भाडा तथा रेस्टुरेन्टबाट समेत यो वर्ष रु. २२ लाख, कुल ब्याज, जग्गा भाडा, लगानी बोनस र अन्य आयसमेत रु. ४ करोड ३८ लाख आय प्राप्त भएकोमा कर्मचारी तलब भत्ता, कार्यक्रम खर्च तथा अन्य खर्च समेत रु. ३ करोड ९२ लाख घटाउँदा रु. ४६ लाख खुद नाफा भएको छ। विगत वर्षको नोक्सानी रु. ४ करोड ६२ लाख कट्टा गर्दा रु. ४ करोड १६ लाख खुद नोक्सानी रहेको देखिन्छ।

८६. **बक्यौता -** विभिन्न ५ व्यापारिक फर्मबाट नयाँ सडक स्थित भवनको पसल भाडा रु. ४४ लाख ७३ हजार असुल गर्न बाँकी रहेको छ। सम्झौता एवं प्रचलित कानुन अनुसार उक्त बक्यौता रकम असुल गर्नुपर्दछ।

८७. **शेयर लगानी -** समितिले आफ्नो स्वामित्वमा रहेको ३०४ रोपनी जग्गामध्ये १५० रोपनी जग्गाको मूल्य रु. १५ करोड र अन्य भौतिक संरचनाको रु. २ करोड समेत रु. १७ करोड तारागाउँ रिजेन्सी होटेल लिमिटेडमा शेयरको रुपमा लगानी गरेको र १५४ रोपनी जग्गा सो होटेललाई भाडामा लगाएको देखिन्छ। शुरुवाती अवस्थामा होटेलको ३९.७७ प्रतिशत शेयर समितिले प्राप्त गरेकोमा हाल १०.११ प्रतिशत कायम भएको छ। समितिको शेयरको हिसाव घटेको विषयमा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएको भए पनि ठोस निर्णय भएको पाइएन। यसमा नेपाल सरकारले आवश्यक निर्णय गर्नुपर्दछ । लगानी भएको २५ वर्षमा यो वर्ष रु. १ करोड २५ लाख २६ हजार नगद लाभांश प्राप्त भएको छ। तर यस अघिको लाभांश प्राप्त भएको छैन।

८८. **जग्गा व्यवस्थापन -** समितिको बौद्ध वडा नं ६ मा कित्ता नम्वर ५० मा ७७.५१ वर्गमिटर, कित्ता नम्वर ५९ मा १४७.०६ वर्गमिटर र कित्ता नम्बर ८६ मा ७२७.३५ वर्गमिटर जग्गा रहेकोमा हालसम्म उक्त जग्गा आफैंले प्रयोग गर्ने वा भाडामा दिने वा अन्य व्यावसायिक प्रयोजनमा प्रयोग गर्नुपर्नेमा सोअनुसार जग्गाको उपयोग गरेको देखिएन।

८९. **वित्तीय प्रतिवेदन मान -** नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाद्वारा जारी निर्देशन अनुसार २०७३।७४ बाट नेपाल सरकारको स्वामित्वमा रहेक संस्थाहरूले नेपाल लेखामान अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल लेखामान २ अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन परल मूल्य वा खुद प्राप्य मूल्यमध्ये कममा मूल्याङ्कन गरी वित्तीय विवरणमा समावेश गरिनुपर्छ। तर समितिले मौज्दातको मूल्याङ्कन गर्दा परल मूल्यको आधारमा गरेको छ र खुद प्राप्य मूल्यलाई आधार मानेको छैन। नेपाल लेखामान अनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ।

९०. **अकुपेन्सी -** समितिअन्तर्गतका रिसोर्टहरुको शाखाअनुसार विश्लेषण गर्दा पोखरा, नगरकोट र ककनीमा क्रमश ८, २ र ४ वटा होटल भएकोमा वार्षिक अकुपेन्सी क्रमश ६१.२, १०.५० र १४.४५ प्रतिशत रहेको छ। ककनीको वार्षिक अकुपेन्सी १.३४ ले घटेको एवं पोखरा रिसोर्ट र नगरकोट रिसोर्टका ११.८५ र ७.९९ ले वृद्धि भएको देखिन्छ। समग्र आर्थिक वर्षको तुलना गर्दा गत वर्ष भन्दा यस वर्षमा रिसोर्टहरुको औसत

अकुपेन्सी ५.९९ प्रतिशतले बढेको छ। सबै होटेल पर्यटकको लागि आकर्षक स्थानमा रहे तापनि प्रभावकारी व्यवस्थापनको कमी, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि नगरिनु, पूर्वाधारमा लगानी नहुनु जस्ता कारणले वार्षिक अकुपेन्सी बढेको छैन ।

## बौद्धनाथ क्षेत्र विकास समिति

९१. **वित्तीय स्थिति** - गत वर्षको जिम्मेवारी रु.७ करोड ८४ लाख ४२ हजारसमेत रु.१६ करोड १८ लाख ३९ हजार आयमध्ये रु.२ करोड ८५ लाख २ हजार खर्च भई रु.१३ करोड ३३ लाख ३७ हजार मौज्दात रहेको छ ।

९२. **कर्मचारी व्यवस्थापन** - समिति सञ्चालनको लागि २३ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा ४५ जना करारमा कार्यरत रहेको पाइयो । स्वीकृत दरबन्दीभन्दा बढी संख्यामा कर्मचारी राखी यो वर्ष रु.४७ लाख तलब खर्च लेखेको नियमित देखिएन । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालय व्यवस्थापनको लागि आवश्यक कर्मचारी पदपूर्ति गर्नुपर्दछ ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत वर्ष लक्ष्यअनुसार आयोजनाहरुको प्रगति नभएको, वैदेशिक सहयोगअन्तर्गत प्राविधिक सहायता तथा अनुदानको लेखापरीक्षण नगराएको, संस्था समितिलाई दिएको अनुदानको अनुगमन नभएको, क्यासिनो इजाजत नवीकरण नगराएको, क्यासिनो रोयल्टी असुली नगरेको, सम्पदा पुनःनिर्माणमा प्रयोग हुने काठ सोझै खरिद गरेको, करारका कर्मचारी नियुक्ति गर्दा नियमको पालना नभएको, मूल्य समायोजन बढी भुक्तानी दिएको, भाडा तथा बहाल असुल नगरेको लगायत व्यहोराहरु औंल्याइएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ७ निकायमा यो वर्ष रु.४४ करोड २६ लाख ६७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४२ लाख २३ हजार फछ्र्यौट गरेकोले रु.४३ करोड ८४ लाख ४४ हजार बाँकी रहेको छ । सोमध्ये रु.१७ करोड ४१ लाख १३ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति १५ तर्फ यो वर्ष रु.२१ करोड ३ लाख ८० हजार बेरुजू देखिएकोमा प्रारम्भ प्रतिवदन उपलब्ध गराएपछि रु.६ लाख ७९ हजार फछ्र्यौट गरेकोले रु.२० करोड ९७ लाख १ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ करोड ६० लाख ८० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरण, फोहोरमैला व्यवस्थापन, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन गर्ने लगायतका कार्यहरू रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १०१ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहत समेत ९७ कार्यालयको निम्नानुसार रु.९ अर्ब ५६ करोड ८९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ९७ | ४९६०१ | ७३ | १२८०३ | ७५ | १४७८८ | ३ | १८४९७ | ९७ | ९५६८९ |

यस मन्त्रालयमा विनियोजन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश र स्थानीय निकायमा निकासा भएको रु.५२ अर्ब १ करोड ७९ लाख लेखापरीक्षण अङ्कमा घटाई अन्य मन्त्रालयबाट प्राप्त रु.२५ लाख ८८ हजार समावेश गरिएको छ ।

२. **संगठित संस्था र अन्य संस्था** - यो वर्ष ४ संस्थाको रु.३ अर्ब ४२ करोड ३७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **प्राविधिक सहायता** - आर्थिक कार्यविधि ऐनमा प्रत्येक कार्यालयले सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष ६ क्रियाकलापका लागि अमेरिकी डलर १ करोड २६ लाख ३८ हजार (रु.१ अर्ब ३८ करोड ९६ लाख) प्राविधिक सहयोग उपलब्ध हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण, भौतिक प्रगति र खर्चको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन ।

४. **सोझै भुक्तानी** - स्थानीय पूर्वाधार विभागअन्तर्गत यो वर्ष सोझै भुक्तानी स्रोतअन्तर्गत विनियोजित बजेट रु.७८ करोड ३५ लाखमध्ये रु. ५७ करोड ३२ लाख र तत्कालीन स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र अन्तर्राष्ट्रिय श्रम संगठनबीच भएको सम्झौताबमोजिम प्राप्त अमेरिकी डलर ८९ लाख २६५ सोझै भुक्तानी खर्च लेखेकोमा लेखापरीक्षण भएको छैन । ऐनबमोजिम सबै कारोबारको लेखापरीक्षण गराउनुपर्दछ ।

५. **केन्द्रीय लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ मा मन्त्रालयले मातहतका निकायको निकासा खर्च समावेश गरी कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा आर्थिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट २०७५।९।६ मा प्राप्त आर्थिक विवरणमा सबै कारोबार समावेश नभएकोले आर्थिक विवरणले यथार्थ अवस्था चित्रण गरेको छैन । यो व्यहोरा गत विगत वर्षसमेत औंल्याइएकोमा सुधार भएको छैन । ऐनको व्यवस्थाबमोजिम सबै कारोबार समावेश गरी समयमै वित्तीय विवरण पेस गर्नुपर्दछ ।

६. **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्ने व्यवस्था छ । मन्त्रालयले पेस गरेको वार्षिक प्रगति विवरणअनुसार देहायका कार्यमा प्रगति न्यून देखिएकोमा सोको समीक्षा गरेको देखिएनः

| विवरण | इकाई | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| कालोपत्र सडक निर्माण | कि.मि. | १२३९ | ६०५ | ४८.८३ |
| खण्डास्मित सडक निर्माण | कि.मि. | ३२८ | २२३ | ६८.९१ |
| सडक पुल आवधिक मर्मत संभार | गोटा | १०२२ | ६८७ | ६७.२३ |
| सडक पुल निर्माण | गोटा | १०३ | ७३ | ७०.८८ |
| सरसफाइ सुविधा पाएका थप ग्रामीण जनसंख्या | लाख | ४ | २ | ५०.०० |

यसैगरी क्षमता विकास, सबैको लागि तालिम कार्यक्रम, वैदेशिक छात्रवृत्ति तालिमसम्बन्धी सफ्टवेयर निर्माण, अभिलेख व्यवस्थापन तथा प्रस्तुतीकरण, सार्वजनिक प्रशासक र कर्मचारीबीच अनुभव साझेदारी कार्यक्रम, सार्वजनिक निकायमा उत्तराधिकारी योजना निर्देशिका तर्जुमा, कर्मचारी छात्रवृत्तिसम्बन्धी अन्तरक्रिया एवं मानव संसाधन विकाससम्बन्धी अध्ययन अनुसन्धान तथा नीति पृष्ठपोषणसमेतका कार्यक्रमको लागि रु.८१ लाख ८५ हजार बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरु सञ्चालन भएको देखिएन । न्यून प्रगति एवं कार्य नभएको सम्बन्धमा कारबाही तथा मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणबाट मन्त्रालयले आगामी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ ।

७. **छात्रवृत्ति** - निजामती कार्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ मा निजामती कर्मचारीका सन्ततिलाई नेपालको शिक्षण संस्थामा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराउन आवश्यक रकमको बजेट विनियोजन गरी उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयले छात्रवृत्ति निर्देशिका, २०७५ तयार गरी सहमतिको लागि अर्थ मन्त्रालय र कानुन तथा संसदीय मामिला मन्त्रालय पठाएकोमा ती मन्त्रालयबाट सहमति नआएकोले निर्देशिका जारी भएको छैन । जसको कारण २०७४।७५ मा रु.१४ करोड ६६ लाख र २०७५।७६ मा रु.१५ करोड ६२ लाख विनियोजन भएकोमा छात्रवृत्ति वितरण भएको देखिएन । निर्देशिका स्वीकृत नहुँदा निजामती कर्मचारीका जेहन्दार सन्ततिले छात्रवृत्ति सुविधा पाउनबाट वञ्चित हुन गएकाले सम्बद्ध पक्षको ध्यान जानुपर्दछ ।

८. **कर्मचारी समायोजन** - सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्न कर्मचारी समायोजन ऐन, २०७५ जारी भएको छ । साविकमा एकीकृत सरकारी सेवा (निजामती सेवा, स्वास्थ्य सेवा र अन्य सेवा) अन्तर्गत १ लाख १५ हजार ६९० दरबन्दी कायम भएकोमा ९९ हजार ५७२ जनशक्ति कार्यरत रहेको उल्लेख छ । नेपाल सरककारले समायोजन प्रयोजनका लागि संघमा ४८ हजार ४०९, सात प्रदेशमा २१ हजार ८९७ र सबै स्थानीय तहमा ६६ हजार ९०८ समेत १ लाख ३७ हजार २१४ दरबन्दी कायम गरेको छ । कूल जनशक्तिमध्ये संघमा ३९ हजार ५३३, सात प्रदेशमा १४ हजार ८६३ र स्थानीय तहमा ४३ हजार ८०६ समेत ९८ हजार २०२ कर्मचारी समायोजन गरेको छ । समायोजनको क्रममा संगठन संरचनामा नपरेका पद तथा अन्य कारणले २ हजार ४४३ कर्मचारी समायोजन हुन नसकी फाजिलमा रहेको देखिन्छ । स्वीकृत दरबन्दीमध्ये संघमा ८१.६६, प्रदेशमा ६७.८७ र स्थानीय तहमा ६५.४७ प्रतिशत कर्मचारी समायोजन भएका छन् ।

९. **वैदेशिक तालिम तथा अध्ययन** - निजामती सेवा ऐन, २०४९ को दफा ४०(ख१) मा मन्त्रालय, आयोजना वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई नेपाल सरकारको नाममा प्राप्त भएका अध्ययन तालिम वा अध्ययन भ्रमणको अवसर समानुपातिक रुपमा बाँडफाँड गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा समिति गठन भएको छ । यस समितिले प्राप्त अवसरलाई समानुपातिक रुपमा बाडँफाँड गरी सोको

जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै सरकारी निकायमा दिनुपर्दछ । हालसम्म नेपाल सरकारलाई अध्ययन, तालिम तथा वैदेशिक भ्रमणको लागि प्राप्त भएको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

१०. **संगठन पुनर्संरचना -** कोभिड-१९ को प्रभावका कारण अर्थतन्त्र तथा सरकारी खर्चमा परेको चापलाई कम गर्न संघ, प्रदेश र स्थानीय तहमा रहने कर्मचारी दरबन्दी तथा कार्यालयहरुको कार्यबोझ र कार्यक्षेत्र मूल्याङ्कन गरी सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदनसमेतलाई ध्यान दिई दोहोरो नपर्ने तथा छरितो हुने गरी संगठन पुनर्संरचना गर्नुपर्दछ ।

११. **अध्ययन बिदा -** निजामती सेवा ऐन, २०४९ को दफा ४०(घ) बमोजिमको कबुलियत गराई नेपाल सरकार सचिवस्तरबाट अध्ययन बिदा स्वीकृत हुने र सोको जानकारी यस मन्त्रालयलाई दिनुपर्दछ । कबुलियत पश्चात् अध्ययन बिदामा बसेपछि कबुलियतनामामा उल्लिखित भएबमोजिमको अवधिभर नेपाल सरकारको सेवा गर्नुपर्दछ । अध्ययन बिदाको अभिलेख अद्यावधिक गरी अध्ययन बिदा पश्चात् तोकिएको अवधि सेवा नगर्नेलाई ऐनबमोजिम कारबाही हुनुपर्दछ ।

## राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम

१२. **लक्ष्य तथा प्रगति -** आयोजना अवधिमा ७९४ कि.मि. सडक स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा ४१९ कि.मि., १ हजार २२ कि.मि.सडक, पुल अद्यावधिक मर्मत गर्नुपर्नेमा ६८७ कि.मि., २३ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा १३ मात्र निर्माण भई २०७५।७६ सम्म क्रमशः ५२.७७, ६७.२२ र ५६.५२ प्रतिशत प्रगति भएको देखिन्छ । आयोजना अवधिमा तोकिएको लक्ष्य प्राप्त भएको छैन । तोकिएको लक्ष्य हासिल हुनेगरी कार्यसम्पादन गर्नुपर्दछ ।

## स्थानीय पूर्वाधार विभाग

१३. **कार्य क्षेत्र र बजेट -** संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँडसम्बन्धी मापदण्ड, २०७६ अनुसार साविकका स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेका सम्पूर्ण कार्य प्रदेश तहबाट सञ्चालन हुने व्यवस्था रहेको छ । विभागले मापदण्ड अनुसार प्रदेश सरकारबाट सञ्चालन हुनुपर्ने ग्रामीण पहुँच कार्यक्रम, पश्चिम नेपाल ग्रामीण खानेपानी परियोजना, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन कार्यक्रम, साना सिंचाइ कार्यक्रम, स्थानीयस्तरका सडक पुल कार्यक्रम (१८ पुल), झोलुङ्गे पुललगायतका कार्यक्रम संघीय सरकारबाट कार्यान्वयन गरेको पाइयो । कार्यालय सञ्चालन एवं कार्यक्रम सञ्चालनको लागि यो वर्ष रु.१ अर्ब ५५ करोड ६० लाख बजेट विनियोजन भएकोमा रु.१ अर्ब २४ करोड ४३ लाख खर्च गरेको देखिन्छ । विभागको उद्देश्य कार्य क्षेत्रबमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१४. **लक्ष्य तथा प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ । विभागले यो वर्ष सञ्चालन गरेका १९ कार्यक्रममध्ये स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम अन्तर्गतका लिखु खोला पुल, कालीगण्डकी पुल, मर्स्याङ्दी पुल, वाग्मती पुल र झनना नदी पुल निर्माणमा शून्य, समावेशी भवन निर्माण कार्यक्रममा २५ प्रतिशतसम्म र बाँकी १३ कार्यक्रममा ७५ प्रतिशतसम्म प्रगति गरेको छ । लक्ष्य अनुसार प्रगति हासिल हुने गरी तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१५. **कार्यक्रम कार्यान्वयन -** कार्यक्रम सञ्चालनको लागि बजेटमा व्यवस्था भएका १४ बजेट उपशीर्षकतर्फ ८० प्रतिशत माथि ४ कार्यक्रम, ६० देखि ८० प्रतिशत भन्दा कम भएका ५ कार्यक्रम, ५० देखि ६० प्रतिशतसम्म १ कार्यक्रम, ३० देखि ५० प्रतिशतसम्म ३ कार्यक्रम र १ कार्यक्रमको २५ प्रतिशतभन्दा घटी प्रगति भएको देखिन्छ । कुल विनियोजित रु.२ अर्ब ८८ करोड ६६ लाख ४५ हजारमध्ये रु.१ अर्ब २३ करोड ३९ लाख ४१ हजार खर्च गरेकोले ४२.७४ प्रतिशत वित्तीय प्रगति भएको छ । बजेटमा रकमको व्यवस्था हुने तर कार्यक्रम समय, कार्यलक्ष्य तथा चौमासिक अपेक्षाअनुरुप खर्च नहुँदा कार्यक्रमतर्फ रु.१ अर्ब ६५ करोड २७ लाख ४ हजार बजेट कार्यान्वयनमा आएको देखिएन । समयमै कार्यक्रम कार्यान्वयन नभएको कारण विभागले खरिद सम्झौता गरी निर्माणको क्रममा रहेका किस्ने र मर्स्याङ्दी नदी पुलको सम्झौता अवधि समाप्त भएकोमा निर्माण कार्य सम्पन्न नभई अधुरो अवस्थामा रहेको देखिन्छ ।

१६. **भवन निर्माण -** समावेशीलगायत नयाँ गठन भएका विभिन्न आयोगको लागि ललितपुरको जावलाखेलमा लागत अनुमान रु.६० करोड ७३ लाख १८ हजार रहेको गणेशमान सिंह समावेशी भवन निर्माण कार्य २०७७।३।१३ सम्म सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २०७४।३।१३ मा रु.४० करोड ६४ लाख ३७ हजारको खरिद सम्झौता भई यो वर्षसम्म रु.४ करोड ६ लाख ५९ हजार भुक्तानी भई १० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । कार्यतालिकाअनुसार कार्य नभएको अवस्थामा समेत यो वर्षसम्म रु.४० लाख ३९ हजार मूल्य समायोजन भुक्तानी गरेको छ ।

## सस्पेन्सन बृज डिभिजन

१७. **अधुरो ठेक्का -** सार्वजनिक खरिद नियमावली, २०६४ मा सम्झौता गर्दा नियम १११ बमोजिम सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने व्यवस्था छ । ठेक्का सम्झौता तथा कार्यतालिकाबमोजिम कार्य हुन नसकेमा नियम १२० बमोजिम म्याद थप गरी सम्झौताबमोजिम कार्य गराउन र सोअनुसार कार्य हुन नसकेमा सोही नियमावलीको नियम १२८ बमोजिम सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था छ । डिभिजनबाट २०७२।७३ सम्म खरिद सम्झौता भएका ३९, २०७३।७४ को ५१, २०७४।७५ को ४७ र २०७५।७६ को ४४ समेत १८१ खरिद सम्झौतामध्ये यस वर्ष ६२ मात्र सम्पन्न भएको छ । रिडी संगम, त्रिवेणी महेशपुर, पाठामारीलगायत विभिन्न १० झोलुङ्गे पुल निर्माण गर्न सम्झौता भएका निर्माण व्यवसायीले कार्यतालिकाबमोजिम प्रगति नगरेको उल्लेख गरी डिभिजनबाट विभिन्न मितिमा लिखित पत्राचार र पत्रिकामा सूचनासमेत प्रकाशन गरे पनि निर्माण कार्य सम्पन्न भएको छैन । यसरी कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई प्रचलित कानुनअनुसारको कारबाही गरी निर्माण कार्य गराउनुपर्दछ ।

## निजामती अस्पताल

१८. **आय-व्यय स्थिति -** यो वर्ष नेपाल सरकारको अनुदान रु.१८ करोड २३ लाख ६४ हजार, अस्पतालको आन्तरिक स्रोतबाट रु.५७ करोड ८८ लाख १५ हजार, विपन्न नागरिक सहायता अनुदान रु.१ करोड ८४ लाख ३१ हजार, विविध आय रु.१८ लाख ७१ हजार र गत वर्षको मौज्दात रु.२८ करोड ८७ लाख २७ हजारसमेत रु.१ अर्ब ७ करोड २ लाख ८ हजार आयमध्ये गत वर्षको चेक भुक्तानी ३२ करोड ७१ लाख १५ हजारसमेत रु.१ अर्ब १३ करोड ५५ लाख ९२ हजार तलब भत्ता, कार्यालय सञ्चालन, औषधि एवं मेडिकल उपकरण खरिदलगायतमा खर्च भई आम्दानीभन्दा रु.६ करोड ५३ लाख

८४ हजार बढी खर्च गरेको छ । बढी खर्च भएको रकम पछिल्लो वर्षको आम्दानीबाट खर्च लेख्ने गरेको छ । आम्दानीभन्दा बढी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

१९. **सेवा प्रवाह** - अस्पतालले यो वर्ष निजामती कर्मचारी तथा तिनका परिवार र सर्वसाधारण व्यक्तिलाई उपचार सेवा उपलब्ध गराएको छ । निजामती कर्मचारीलाई लक्षित गरी स्थापित अस्पतालले निजामती सेवाका कर्मचारीको उपचारमा परेको चापलाई ध्यान दिई सर्वसाधारणको उपचार गर्ने प्रबन्ध मिलाउनुपर्ने देखिन्छ । सिकलसेल एनिमिया, हेपाटोलोजीलगायत सरकारले तोकेका अन्य बिरामीहरुलाई यस वर्ष रु.२ करोड ५१ लाख बराबरको सेवा उपलब्ध गराएको व्यहोरा अस्पतालले जनाएको छ ।

२०. **मेडिकल अडिट** - संक्रमणको जोखिमलाई कम गर्न, सरसफाइमा ध्यान दिन, सेवाको स्तरमा गुणस्तरीयता ल्याउन, कर्मचारीको कार्य सम्पादनस्तरको मूल्याङ्कन गर्न, लागतको विश्लेषण गर्न, उत्पादन सामग्रीको विश्लेषण गर्न मेडिकल अडिट गर्नुपर्दछ । यसले रोगको पहिचान, उपचार प्रक्रिया, शल्यक्रिया, बिरामीको अस्पताल बसाइ सम्बन्धमा देखिएका कमी कमजोरी पहिल्याई सुधार गर्न सहयोग गर्दछ । अस्पतालले मेडिकल अडिटको व्यवस्था गरेको छैन । अस्पतालले पुऱ्याउने सेवा गुणस्तरीय र प्रभावकारी बनाउन मेडिकल अडिट गर्नुपर्दछ ।

## जिल्ला समन्वय समितिहरु

नेपालको संविधानको धारा २२०(८) मा जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्य र जिल्ला सभाका पदाधिकारीहरूले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी अन्य व्यवस्था प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । उल्लिखित व्यवस्थाअनुसार जिल्ला समन्वय समिति प्रदेशअन्तर्गतको कार्यालयमा पर्ने देखिए तापनि कार्यालय प्रमुखलगायतका कर्मचारी एवं बजेट संघबाट उपलब्ध गराई संघीय कार्यालयअन्तर्गत राखेको देखिन्छ ।

२१. **वार्षिक समीक्षा एवं अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला समन्वय समितिको कार्यालयले जिल्लाभित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउन वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको आयोजना गर्नुपर्ने, आफ्नो काम कारबाहीका सम्बन्धमा सम्बन्धित मन्त्रालय र प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । अधिकांश जिल्ला समन्वय समितिहरुले उक्त कार्य गरेको देखिएन । कानुनी व्यवस्थाको कार्यान्वयनको अभावमा विकास निर्माण कार्यको पारदर्शिता र कार्यान्वयनको सुनिश्चितता नहुने भएकोले कानुनमा भएको व्यवस्थाबमोजिम वार्षिक समीक्षा र अनुगमन गर्नुपर्दछ ।

२२. **कोष मौज्दात** - जिल्ला समन्वय समिति कोष सञ्चालन निर्देशिका, २०७५ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।१०।११ को पत्रानुसार कर्मचारी कल्याणकोष बाहेक अन्य खातामा मौज्दात रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ विविध खातामा ट्रान्सफर गरी सोही खाताबाट आम्दानी खर्च गर्ने उल्लेख छ । जिल्ला समन्वय समितिहरुमा विभिन्न कोषमा रु.१२ अर्ब २८ करोड २१ लाख मौज्दात रहेको मध्ये ख-६ खातामा रु.८ अर्ब ३९ करोड ८ लाख र अन्य खाताहरुमा रु.३ अर्ब ८९ करोड १३ लाख रहेको देखिन्छ । उक्त रकम यथाशीघ्र संघीय सञ्चितकोष दाखिला हुनुपर्दछ ।

२३. **पदाधिकारी सुविधा** - जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा प्रदेश कानुनबमोजिम हुने उल्लेख छ । जिल्ला समन्वय समितिको कार्यालय, डोटी, पाल्पा, पर्वत, काठमाडौंलगायत १८ ले प्रदेश कानुनमा उल्लेख नभएको बैठक भत्ता, यातायात खर्च, पोशाक र चाडपर्व खर्चबापत रु.३५ लाख ३१ हजार भुक्तानी गरेका छन् । कानुनविपरीत भुक्तानी दिएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

२४. **मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५८ अनुसार करदाताले तोकिएको समयमै आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर बुझाउनुपर्ने व्यवस्था रहेकोमा जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं, सिन्धुली, महोत्तरी र सप्तरीले समयमै मूल्य अभिवृद्धि कर विवरण नबुझाई नन् फाइलर भएका ५ निर्माण व्यवसायीलाई रु.३१ लाख ५८ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको देखिन्छ । उक्त कर रकम समायोजन भएको सुनिश्चित गर्नुपर्दछ ।

२५. **सार्वजनिक निर्माण -** सार्वजनिक खरिद कानुन र खरिद सम्झौताको कार्यान्वयन गरी सार्वजनिक निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्ः

२५.१ जिल्ला समन्वय समितिको कार्यालय, डोल्पाले दुनै-जुफाल खण्डको रुपागाड खोलामा मोटरेबल पुल निर्माण कार्य १७ महिनाभित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७२।४।११ मा रु.३ करोड १५ लाख ३३ हजारको ठेक्का सम्झौता गरेकोमा २०७४।९।११ सम्म म्याद थप गरेको देखिन्छ । निर्माण व्यवसायीलाई रु.९० लाख ७० हजार भुक्तानी भएको र रु.३६ लाख ८६ हजार मोबिलाइजेसन पेस्की समेत फछ्र्यौट गर्न बाँकी छ । उक्त सम्झौताको म्याद थप नभएको एवं पेस्की जमानतको म्यादसमेत समाप्त भइसकेकोले पेस्की समेत जोखिममा परेको छ । उक्त पुलको पिलर राख्ने कार्य भई सम्झौता अनुसारका बाँकी कार्य अधुरो अवस्थामा रहेको देखिन्छ । सोही कार्यालयले रु.५५ लाख ७८ हजार लागतको त्रिपुराकोट सुलिगाड सडक योजना २०७५।३।२० मा सम्पन्न गर्नेगरी उपभोक्ता समितिसँग सम्झौता भई रु.२९ लाख १७ भुक्तानी भएको छ । उक्त योजनाको म्याद थप नभई अधुरो रहेको छ । सम्झौताअनुसारको निर्माण कार्य सम्पन्न गराई पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

२५.२ जिल्ला समन्वय समितिको कार्यालय, पाल्पाले एक विदेशी राजदूतावासबाट प्राप्त सहयोगबाट लक्ष्मी उच्च माध्यमिक विद्यालयको भवन निर्माण १५ महिनाभित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग ७ सेप्टेम्वर २०१५ मा रु.४ करोड ४६ लाख ८२ हजारको सम्झौता गरी यो वर्षसम्म रु.३ करोड ३१ लाख ४९ हजार भुक्तानी गरेको छ । तेस्रो पटक २०७५।३।३२ सम्म म्याद थप भएकोमा उक्त निर्माण कार्य सम्पन्न भएको छैन । सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२५.३ जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीले एक विदेशी राजदूतावासबाट प्राप्त सहयोगबाट पूर्वी क्षेत्रीय प्रहरी बोर्डिङ स्कुल, धरानको भवन, होस्टेल र खेल मैदान निर्माण कार्य २०७५।३।२७ मा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग २०७३।१२।४ मा रु.३ करोड ३४ लाख २५ हजारमा सम्झौता गरी यो वर्षसम्म रु.१ करोड ६७ लाख ९७ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीलाई प्रदान गरेको रु.४५ लाख मोबिलाइजेसन पेस्की फछ्र्यौट हुन बाँकी रहेकोमा पेस्की जमानतको म्याद समाप्त भएकोले उक्त पेस्की जोखिममा परेको छ । सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२५.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाइको कारणले म्यादभित्र काम सम्पन्न नभएमा पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, बाँकेले विभिन्न ३ निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधिपछि कार्य सम्पन्न भई बिल भुक्तानी गर्दा बिल भुक्तानीको क्रममा म्याद थप वा जरिवानाको कारबाही नगरी भुक्तानी गरेकोले रु.१० लाख पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

२५.५ जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जाले एक विदेशी राजदूतावासको सहयोगमा निर्माण भइरहेको भूतपूर्व सैनिक आवासीय विद्यालय निर्माण गर्ने एक निर्माण व्यवसायीलाई छैठौं बिल भुक्तानी गर्दा पाँचौं बिलसम्म भुक्तानी भएको रु.३ करोड १८ लाख ३७ हजार कट्टा गर्नुपर्नेमा रु.३ करोड ८ लाख २२ हजारमात्र कट्टा गरेकोले बढी भुक्तानी भएको रु.१० लाख १५ हजार असुल गर्नुपर्दछ ।

यसैगरी जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोकले जिल्ला प्राविधिक कार्यालयको भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड २४ लाख ५० हजारको खरिद सम्झौता गरेको छ । निर्माण व्यवसायीले पेस गरेको बोलपत्र कागजातअनुसार ३३ प्रतिशत घटीमा कार्य गर्न स्वीकार गरेकोमा यो वर्ष पहिलो र दोस्रो बिल भुक्तानी गर्दा उक्त छुट कट्टा नगरी पूरै भुक्तानी दिएकोले बढी भुक्तानी हुन गएको रु.१६ लाख ३८ हजार असुल गर्नुपर्दछ । त्यस्तै २०७६।७७ मा तेश्रो र चौथो बिल भुक्तानी गर्दा समेत छुट कट्टा नगरेको रु.१२ लाख ८८ हजारसमेत असुल गर्नुपर्ने देखिन्छ ।

२६. **प्रोत्साहन रकम** - जिल्ला समन्वय समितिको कार्यालय, दाङले जिल्ला अनुगमन तथा समन्वय समितिको बैठकको निर्णयअनुसार विभिन्न मितिमा नदीजन्य पदार्थको अवैध कारोबारमा संलग्न साना ठूला मेसिन, टिपर, ट्याक्टर आदिबाट जरिवाना बापत असुलउपर भएको रकमको २० प्रतिशत प्रोत्साहन बापत रु.१७ लाख ७७ हजार बिल भरपाई बेगर तथा कर कट्टीसमेत नगरी विभिन्न ८ प्रहरी कार्यालयलाई भुक्तानी गरेको छ । यसैगरी जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तुले नदीजन्य पदार्थ चोरी निकासी हुन गएकोमा प्रहरीले समितिमा ल्याएको जरिवानाको २५ प्रतिशतले हुने रु.६ लाख ९७ हजार विभिन्न प्रहरी टोलीलाई प्रोत्साहन उपलब्ध गराएकोमा भुक्तानीमा कर कट्टी गरेको छैन । नियमानुसार कर कट्टी गरी दाखिला गर्नुपर्दछ ।

२७. **बिल भरपाई बेगर खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा जिल्ला समन्वय समितिको कार्यालय, दार्चुला, बाँके, रुपन्देही र झापासमेत ९ ले बिल भरपाईभन्दा रु.१७ लाख ५४ हजार बढी खर्च लेखेको देखियो । सो रकम असुल गर्नुपर्दछ ।

२८. **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० अनुसार इन्धन र विज्ञापन शीर्षकमा पछिल्लो वर्ष भुक्तानी दिने गरी दायित्व सिर्जना गर्न नमिल्नेमा जिल्ला समन्वय समितिको कार्यालय सिरहा र उदयपुरले गत वर्षको इन्धन र विज्ञापन खर्चको बिलको आधारमा क्रमशः रु.६ लाख १५ हजार र रु.७ लाख ५४ हजारसमेत रु.१३ लाख ६९ हजार भुक्तानी गरेका छन् । नियमावली विपरीत खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२९. **सवारीसाधन खरिद** - जिल्ला समन्वय समितिको कार्यालय, बर्दियाले विभिन्न ८ स्थानीय तहबाट रु.७ लाखका दरले रकम प्राप्त गरी रु.५५ लाख ६५ हजारको जिप खरिद गरेकोले उक्त कार्य बजेट सिद्धान्तविपरीत देखिन्छ । यस प्रकारको खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३०. **बक्यौता** - ढुङ्गा, गिट्टी, बालुवा निकासी कर, घर, जग्गा तथा शटर भाडालगायतबाट आन्तरिक आम्दानी प्राप्त गर्ने सिलसिलामा विभिन्न पार्टीसँग भएको सम्झौताअनुसारका रकम समयमै असुल गर्नुपर्नेमा जिल्ला समन्वय समितिको कार्यालय, कैलाली, सुर्खेत, सुनसरी, झापालगायत ७ ले रु.१ करोड ७३ लाख ४५ हजार असुल गरेको नदेखिएकोले सम्झौताबमोजिम हुने ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ ।

३१. **नक्कली भौचर तथा चेक बाउन्स** - बैङ्किङ्ग कसुर सजायसम्बन्धी ऐन, २०६४ को दफा ३(ग) अनुसार आफ्नो खातामा रकम नभएको जानीजानी चेक काटी दिने कार्य बैङ्किङ्ग कसुर भएकोले सोही ऐनका दफा ४ बमोजिम दण्ड सजाय हुने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय सुनसरीले जिल्ला निकासी शुल्क सङ्कलनको लागि एक कन्स्ट्रक्सन कम्पनीलाई २०७५ श्रावण १ देखि प्रतिदिन रु.६१ हजार बुझाउने गरी अस्थायी अभिकर्ता नियुक्त गरेकोमा सो कन्स्ट्रक्सनले २०७५ पौष १० सम्म रु.९८ लाख ८२ हजार वुझाउनुपर्नेमा रु.३३ लाख ५० हजार मात्र बुझाएको कारण पौष ११ देखि नियुक्ति बदर गरेको छ । पुनः २०७५ माघ ६ गते तत्काल रु.१० लाख र २ महिनापछि रु.१० लाखको चेक बुझाउने गरी सोही कन्स्ट्रक्सनलाई नियुक्ति गरेको छ । सो कन्स्ट्रक्सनले पेस गरेको रु.१० लाखको बैङ्क भौचर भिडान गर्न राष्ट्रिय वाणिज्य बैङ्क, इनरुवा शाखासँग सम्पर्क गर्दा रु.१ लाखमात्र दाखिला भएको

जानकारी प्राप्त भएको छ । साथै २ महिनापछि जम्मा हुने गरी खिचेको रु.१० लाखको चेक बाउन्स भएको छ । यसरी नक्कली बैङ्क भौचर पेस गरेको र चेक बाउन्स भएकोमा कुनै कारबाही प्रक्रिया अघि बढाएको छैन ।

उक्त कन्स्ट्रक्सन कम्पनीले २०७५ माघ ६ देखि चैत्र २९ सम्मको पूरै रकम नबुझाएकोले कार्यालयले पुनः नियुक्ति बदर गरेको छ । सो कन्स्ट्रक्सनलाई कर सङ्कलन गर्न नियुक्ति गरेको उल्लिखित अवधिको दिन गन्तीको आधारमा रु.१ करोड ४९ लाख ४५ हजार दाखिला हुनुपर्नेमा रु.६८ लाख ९३ हजार मात्र दाखिला भएकोले बाँकी रु.८० लाख ५२ हजार र सो को ब्याजजसमेत असुल गरी कर सङ्कलन र बाउन्स चेकसम्बन्धी सम्पूर्ण कार्यको छानबिन गर्नुपर्ने देखिन्छ ।

३२. **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम बिक्री गर्नुपर्ने मालसामान छ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए तीन महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । केही जिल्ला समन्वय समितिले जिन्सी निरीक्षण नगराएका, जिन्सी निरीक्षण भएको अधिकांश जिल्ला समन्वय समितिको कार्यालयले प्रतिवेदनअनुसार लिलाम बिक्री तथा मर्मतको कार्य नभएको, अधिकांश जिल्ला समन्वय समितिको कार्यालयमा हालको दरबन्दीको तुलनामा सवारी साधन, फर्निचर, कम्प्युटरलगायतका जिन्सी सामान आवश्यकभन्दा बढी रहेको अवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, दैलेखले साविकको महिला विकास कार्यालयबाट हस्तान्तरण भई आएका ५७ किसिमका जिन्सी सामान आम्दानी नबाँधेको, जिल्ला समन्वय समितिको कार्यालय, रसुवाले मित्रराष्ट्र चीनबाट प्राप्त निर्माण सामग्रीको हस्तान्तरण र दाखिलाको व्यवस्थित अभिलेख नराखेको एवं जिल्ला समन्वय समितिको कार्यालय, भोजपुरमा ८ मोटरसाइकलमध्ये ४ रातो प्लेटमा रहेका, ६ को ब्लु बुक नभएको एवं ३ जिन्सी खातामा दाखिला नभएको लगायतका व्यहोरा देखिएका छन् । जिन्सी व्यवस्थापनमा थप सुधार गर्नुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

## स्थानीय तह सञ्चालन तथा व्यवस्थापन

स्थानीय तहले संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान र सोको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितामूल विकास निर्माण कार्य सञ्चालन गर्ने र स्वामित्व बोध गराउने, स्थानीय सेवाप्रवाह गर्ने, सार्वजनिक जग्गा संरक्षण, स्थानीय विवाद समाधान गर्ने लगायतका कार्य गरेका छन् । उल्लिखित कार्य सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा छनौट गरिएका स्थानीय तहको सञ्चालन र व्यवस्थापन पक्षको कार्यदक्षता मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणका लागि २७ स्थानीय तह छनौट गरिएको भए तापनि सूचना माग गरिएकोमा ८ स्थानीय तहबाट सूचना तथा विवरण उपलब्ध नभएकोले १९ स्थानीय तहबाट प्राप्त सूचना विवरण तथ्याङ्कको आधारमा कार्मयमूलक लेखापरीक्षण गरिएको छ ।

३३. **आवधिक योजना तथा क्षेत्रगत योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २४ मा स्थानीय तहले मध्यकालीन खर्च संरचना तयार गरी आवधिक योजना स्वीकृत गर्नुपर्ने, सो बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रगत योजना तयार गर्नुपर्ने, योजना सञ्चालनपूर्व वातावरणीय पक्षको मूल्याङ्कन विश्लेषण गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा अध्ययन गरिएका १९ स्थानीय तहमध्ये ९ स्थानीय तहले योजना सञ्चालनपूर्व वातावरणीय पक्षको मूल्याङ्कन विश्लेषण नगरेको, ११ स्थानीय तहले आवधिक योजना तयार नगरेको, ५ स्थानीय तहले शिक्षा क्षेत्रको, ६

स्थानीयतहले स्वास्थ्य क्षेत्रको र ६ स्थानीय तहले कृषि तथा पशुपालन क्षेत्रको योजना तयार नगरेको, ४ स्थानीय तहले लैङ्गिक उत्तरदायी बजेटलाई कार्यान्वयनमा नल्याएको, ६ स्थानीय तहले प्रकोप व्यवस्थापन योजना र पूर्वतयारीको व्यवस्था नगरेको, १८ स्थानीयतहले भू-उपयोग योजना तयार नगरेको १९ स्थानीयतहले व्यवस्थित बसोवास एवं सहरीकरणसम्बन्धी रणनीति स्वीकृत गरी कार्यान्वयन गरेको पाइएन । स्थानीय तहको आवधिक योजना एवं विषय क्षेत्रगत विकास योजना तयार गरी लागू गर्नुपर्दछ ।

३४. **दिगो विकास लक्ष्यको स्थानीयकरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा )२ ( प्रकरण )च (मा सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी कार्यक्रम स्थानीय तहले सञ्चालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणका क्रममा विवरण उपलब्ध गराउने १९ मध्ये ९ स्थानीय तहले गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गरेको देखिएन । दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्ने कार्य १८ स्थानीय तहले गरेको पाइएन । स्थानीय तहको प्राथमिकतामा गरिबीको पहिचान तथा न्यूनीकरणसम्बन्धी क्रियाकलाप सञ्चालन नहुँदा गरिबी निवारणको लक्ष्य हासिलमा कठिनाई हुने देखिन्छ । दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी सोही अनुरुप आवधिक योजना तथा कार्यक्रमहरु निर्देशित हुनुपर्नेमा सो अनुसार हुन सकेको देखिँदैन । जसले गर्दा राज्यको दिगो विकास लक्ष्य प्राप्त गर्ने अन्तर्राष्ट्रिय प्रतिवद्धतामा असर पर्ने देखिन्छ । संघ तथा प्रदेश सरकारसँगको सहकार्य तथा समन्वयमा सबै स्थानीय तहहरुले गरिबी न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने तथा दिगो विकासको लक्ष्यलाई स्थायीकरण गर्दै अन्तर्राष्ट्रिय प्रतिवद्धता हासिल गर्न ध्यान दिनुपर्दछ ।

३५. **योजना कार्यान्वयन, अनुगमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को उपदफा )६ र ७ (मा स्थानीय तहले खर्च गर्ने अख्तियारी र कार्यविधि अन्तर्गत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता , कार्यदक्षता, प्रभावकारिता ल्याउने गरी बजेट खर्च गर्ने व्यवस्था छ । स्थानीय तहमा प्राविधिक जनशक्तिको अभाव र स-साना धेरै संख्याका योजना कार्यान्वयनका कारण अनुगमन एवं योजनाको जाँचपास गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्न समस्या परेको देखिन्छ । संघ, प्रदेश र स्थानीय तहमा योजना सञ्चालन सम्बन्धमा स्पष्ट कार्यक्षेत्र निर्धारण नभएका कारण एउटै योजनामा संघ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भै कार्यक्रम कार्यान्वयनमा आएको देखिन्छ । विगतमा संघबाट सञ्चालित योजनाहरु हाल स्थानीय तहमा हस्तान्तरण भएपनि स्थानीय तहले बजेट विनियोजन नगरेका कारण कतिपय योजना अलपत्र अवस्थामा रहेको देखियो । अधिकांश योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेको र श्रममूलक कार्य गराउनुपर्नेमा जटिल प्रकृतिका हेभी उपकरण प्रयोग गर्नुपर्ने कार्य समेत गराएको देखिन्छ । कतिपय योजनामा उपभोक्ता समितिले कानुनी व्यवस्था विपरीत निर्माण व्यवसायी मार्फत काम गराएको पाइयो ।योजना कार्यान्वयनको गुणस्तर सम्बन्धमा स्थानीय जनतामा अन्तरवार्ता तथा प्रश्नावली मार्फत सूचना सङ्कलन गर्दा २३ प्रतिशतले राम्रो, ७ प्रतिशतले नराम्रो र ७० प्रतिशतले मध्यमस्तरको रहेको धारणा राखेका छन् । सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण वा निगरानी सम्बन्धमा सोधिएकोमा ३३ प्रतिशतले स्थानीय तहबाट गर्ने गरेको, ३२ प्रतिशतले पदाधिकारीहरु कहिलेकाहीँ निरीक्षण गर्न आएको, ९ प्रतिशतले निरीक्षण अनुगमन नभएको, ९ प्रतिशतले वडावासी जनतामार्फत निरीक्षण हुने र ५ प्रतिशतले जानकारी नभएको धारणा व्यक्त गरेका छन् । तसर्थ सम्बन्धित स्थानीय तहले सम्बन्धित कानुनको परिपालना गरी योजना कार्यान्वयन, नियमित अनुगमन, निरीक्षण एवं फरफारक गर्नुपर्दछ ।

३६. **राजस्व अनुमान र असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६६ को उपदफा )१ (मा गाउँ।नगरस्थानीय तहमा आयको प्रक्षेपण, सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ । स्थानीय तहको राजस्व अनुमान र असुलीको अवस्था परीक्षण गर्दा २०७४।७५ मा १२ स्थानीय तहले रु.२४ करोड ८७ लाख अनुमान

गरी रु.१८ करोड ७६ लाख असुली गरेको र २०७५।७६ मा रु.२५ करोड ९० लाख अनुमान गरी रु.२६ करोड ६३ लाख असुली गरेकोले अनुमान भन्दा क्रमशः रु.६ करोड ११ लाख )२४.५७ प्रतिशत (घटी र रु.९३ लाख )२.८२ प्रतिशत (बढी असुली भएकोले राजस्व अनुमान यथार्थपरक भएको पाइएन । स्थानीय तहले लगाएको कर, शुल्क सम्बन्धमा सेवाग्राहीलाई सोधिएकोमा ३५ प्रतिशतले अनावश्यक भार बढेको, ६३ प्रतिशतले कर शुल्क ठीकै भएको तर सेवा सुविधा प्रभावकारी हुनुपर्ने र २ प्रतिशतले कर शुल्कनै नलगाएको भन्ने जवाफ दिएका छन् । तसर्थ राजस्व अनुमानलाई यथार्थपरक बनाउनका लागि निश्चित पद्धति र सूत्रमा आधारित रहनुपर्दछ ।

३७. **नागरिक बडापत्र** - सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन, २०६४ तथा नियमावली, २०६५ मा सार्वजनिक निकायहरुले प्रदान गर्ने सेवा सुविधा सम्बन्धमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र तयार गरी सेवाग्राहीको सन्तुष्टि समेत मापन गर्नुपर्ने लगायतका व्यवस्था छन् । विवरण उपलब्ध गराउने १९ मध्ये ३ स्थानीय तहले नागरिक बडापत्र कार्यान्वयनमा नल्याएको, ६ स्थानीय तहले वडास्तरमा नागरिक वडापत्र नै तयार नगरेको र स्थलगत लेखापरीक्षण गरिएका १ स्थानीय तह बाहेक अन्य कुनै पनि स्थानीय तहले क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा ल्याएको पाइएन । त्यसै गरी १८ स्थानीय तहले सेवाप्रवाहलाई व्यवस्थित गर्न टोकन प्रणाली प्रयोगमा नल्याएको र ९ स्थानीय तहले नगर प्रहरी गठन गरेको पाइएन । यस सम्बन्धमा सेवाग्राहीसँग स्थानीय तहले प्रवाह गर्ने सेवाको जानकारी सम्बन्धमा सोधपुछ गर्दा ३२ प्रतिशतले जनप्रतिनिधि, ३४ प्रतिशतले सूचनापाटी वा नागरिक वडापत्र, २२ प्रतिशतले स्थानीय तहका कर्मचारी, ११ प्रतिशतले एजेन्ट मार्फत् जानकारी प्राप्त भएको जनाएका छन् । यसैगरी स्थानीय तहमा काम गर्न लाग्ने समयबारे सेवाग्राहीसँग जानकारी माग गर्दा २५ प्रतिशतले एक घण्टा, २६ प्रतिशतले २ घण्टा, २५ प्रतिशतले १ दिन, १८ प्रतिशतले धेरै दिन लाग्ने र १० प्रतिशतले थाहा छैन भन्ने जवाफ दिएका छन् । स्थानीय तहहरुले सञ्चालन गरेका कार्यक्रम र क्रियाकलाप तथा सेबाप्रबाह पारदर्शी, जवाफदेही बनाउन क्षतिपूर्ति सहित नागरिक बडापत्र तयार गरी सेवाग्राही सन्तुष्टि मापन गर्नुपर्दछ ।

३८. **स्वास्थ्य संस्था नियमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा औषधि पसल सञ्चालन अनुमति, अनुगमन र नियमन सम्बन्धी प्रावधान, जनरल अस्पताल, नर्सिङ्गहोम निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन सम्बन्धी व्यवस्था छ । अध्ययन गरिएका स्थानीय तहले औषधि पसल ,अस्पताल, नर्सिङ्गहोमको दर्ता नवीकरण गर्ने नगरेको, १५ शैया र सोभन्दा कम शैयाका स्वास्थ्य संस्था र औषधि पसल मापदण्ड अनुरुप सञ्चालन भए नभएको अनुगमन एवं नियमन गर्ने गरेको पाइएन । कानुनी व्यवस्था अनुसार संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्था तथा सेवाको नियमन, अनुगमन तथा व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार उचित अनुगमन नियमन नहुँदा जनताले गुणस्तरीय र भरपर्दो सेवा प्राप्त गर्नबाट बञ्चित हुने अवस्था छ । तसर्थ संघ र प्रदेशसँग प्रभावकारी समन्वय र सहकार्य गरी अधिकार क्षेत्र भित्रका स्वास्थ्य संस्थाको नियमन गरी स्वास्थ्य सेवाप्रवाहलाई सहज र सुलभ तुल्याउनुपर्दछ ।

३९. **स्वास्थ्य सेवाप्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी सेवाप्रवाह स्थानीय तहहरुबाट हुने व्यवस्था छ । परीक्षण गरिएका स्थानीय तहले आफ्नो तर्फबाट थप जनशक्ति र स्वास्थ्यकर्मी व्यवस्था नगरेको, १ स्थानीय तहले निःशुल्क औषधि उपलब्ध नगराएको, ७ स्थानीय तहले स्वास्थ्य संस्थाको भवन निर्माण एवं पूर्वाधारमा थप लगानी नगरेको, १५ स्थानीय तहले स्वास्थ्य संस्थामा अन्तरङ्ग लगायतका अन्य सेवाहरुको शुरुवात नगरेको विवरण प्राप्त भएको छ । स्वास्थ्य संस्थाको स्तरअनुसारको निःशुल्क औषधि वितरण सम्बन्धमा सेवाग्राहीलाई सोधिएकोमा निःशुल्क औषधि सबैले पाउँछन भन्नेमा ३७ प्रतिशत ,एक दुई औषधिमात्र निःशुल्क पाइन्छ

भन्नेमा ३८ प्रतिशत ,औषधि नै पाइँदैन भन्नेमा ९ प्रतिशत तथा आफैंले किन्नुपर्छ भन्नेमा १६ प्रतिशतको जवाफ पाइएको छ । यसबाट कतिपय व्यक्तिलाई सरकारी निकायबाट निःशुल्क औषधि पाइन्छ भन्ने जानकारी पनि नभएको देखिन्छ । नेपाल सरकारले अपेक्षा गरे अनुसार स्वास्थ्य संस्थाहरुको पूर्वाधार नरहेको र स्थानीय तहले सीमितमात्रामा लगानी गरेको, उपचारको लागि उपकरण तथा निःशुल्क औषधि पर्याप्तमात्रामा नरहेको देखिन्छ । स्थानीय स्रोत साधनको व्यवस्था गरी आफ्नो अधिकार क्षेत्र अन्तर्गतको आधारभूत स्वास्थ्य सेवाप्रवाह गर्नुपर्दछ ।

४०. **सामाजिक सुरक्षा भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा संघ तथा प्रदेश कानुनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन र ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने प्रावधान रहेको छ । सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया सम्बन्धमा स्थानीय बासिन्दालाई प्रश्न गर्दा ५९ प्रतिशतले बैङ्क मार्फत, १ प्रतिशतले भेला आयोजना गरेर, ४० प्रतिशतले कर्मचारी तथा जनप्रतिनिधि मार्फत नगदै वितरण गरेको भन्ने जवाफ दिएका छन् । सामाजिक सुरक्षा भत्ता पाउने सूचीमा नक्कली तथा दोहोरो लाभग्राही भए नभएको सम्बन्धमा सोधपुछ गर्दा १० प्रतिशतले छन्, ४७ प्रतिशतले छैनन्, १८ प्रतिशतले सुनेको छैन तर होलान् भन्ने जवाफ दिएका छन् भने २६ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिएका छन् । स्थानीय बासिन्दाले समेत सामाजिक सुरक्षा भत्तामा दोहोरो र नक्कली लाभग्राही रहेको आशँका व्यक्त गरेका सन्दर्भमा लाभग्राहीको तथ्याङ्क अद्यावधिक गरी बैङ्किङ्ग माध्यमबाट भत्ता वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

४१. **फोहोरमैला व्यवस्थापन तथा वातावरण अनुकुलन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा स्थानीय स्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने प्रावधान रहेको छ । परीक्षणका लागि छनौट गरिएका १४ स्थानीय तहले फोहोरमैला व्यवस्थापन गर्न निर्देशिका ,योजना एवं कार्ययोजना नबनाएको, १३ स्थानीय तहले ल्याण्डफिल्ड साइट र १३ स्थानीय तहले ढलको व्यवस्था नगरेको, ५ स्थानीय तहले नगर/बजार/बस्तीक्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरेको देखिएन । स्थानीय तहले वन, जङ्गल, वन्यजन्तु चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता व्यवस्थापन गर्ने प्रावधान रहेपनि नमूना छनौटमा परेका स्थानीय तहबाट यस्ता कार्यक्रम सञ्चालन गरेको जानकारी प्राप्त भएन । सञ्चालन भएका केही कार्यक्रम पनि तालिम गोष्ठीमा मात्र सीमित रहेको देखिन्छ ।

जनस्वास्थ्यमा जोखिम कम गर्न तथा वातावरण र सरसफाइलाई उचितस्तरको बनाउन ल्याण्डफिल्ड साइट, ढल, सार्वजनिक शौचालय तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी निर्देशिका, कार्ययोजना तयार नगर्नुले तथा जलवायु अनुकुलन कार्यक्रम सञ्चालन नगर्नुले स्थानीय तहले वातावरण संरक्षणतर्फ उचित ध्यान दिएको देखिएन । अतः स्थानीयस्तरमा वातावरण अनुकुल बनाउनका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी निर्देशिका।कार्ययोजना तर्जुमा गरी नगर, बजारबस्ती क्षेत्रमा ढलको व्यवस्था तथा सार्वजनिक शौचालयको उचित प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

४२. **सार्वजनिक सुनुवाइ** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा )५ (मा हरेक स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । छनौटमा परेका १९ मध्ये १२ स्थानीय तहले अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक सुनुवाइ सम्बन्धी छुट्टै कार्यविधि तयार नगरेको, ७ स्थानीय तहले सार्वजनिक सुनुवाइ वा सामाजिक परीक्षण गरेको देखिएन । स्थानीय तहको वडा तथा टोलमा सार्वजनिक सुनुवाइ भए नभएको सम्बन्धमा स्थानीय वासिन्दालाई सोधिएकोमा सार्वजनिक सुनुवाइ भएको छ भन्नेमा ४० प्रतिशत, छैन भन्नेमा ४२ प्रतिशत र

मलाई थाहा छैन भन्नेमा २८ प्रतिशतको मत रहेको छ । अनुगमन, मूल्याङ्कन सम्बन्धी कार्यविधि नभएको एवं नियमित रुपमा सार्वजनिक सुनुवाइ गर्ने नगरेकोले स्थानीय तहको काम कारबाही पारदर्शी, उत्तरदायी र जवाफदेही नभएको पाईयो । अतःस्थानीय तहहरुले प्रचलित कानुन बमोजिम आफ्ना काम कारबाहीबारेमा नियमित सार्वजनिक सुनुवाइ गर्ने, आयोजनाहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने र सो सम्बन्धी प्रतिवेदन अद्यावधिक गर्नुपर्दछ ।

४३. **समितिको गठन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा गाउँ।नगर सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्नसक्ने व्यवस्था छ । नमूना छनौटमा परेका १९ स्थानीय तहमध्ये ८ स्थानीय तहमा लेखासमिति, ३ स्थानीय तहमा विधायन समिति र ७ स्थानीय तहमा सुशासन समिति गठन भएको देखिएन । गठन भएकोमा पनि समितिहरुले सकृय रुपमा कार्य गरेको पाइएन । स्थानीय तहले समिति गठन नगर्दा स्थानीय कार्यपालिकाले गर्ने कामको नियमन गर्न समस्या हुने भएकाले स्थानीय तहहरुले कानुनमा व्यवस्था गरी विभिन्न समिति गठन गरी स्थानीय तहको काम कारबाहीलाई प्रभावकवारी तुल्याउनुपर्दछ ।

४४. **संस्था र सहकारी दर्ता एवं नियमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले संघ र प्रदेश कानुनको अधिनमा रहेर संघ, संस्था दर्ता तथा नवीकरण गर्नुपर्नेमा ११ स्थानीय तहले संघ, संस्था दर्ता, नवीकरण, खारेजी वा विघटन सम्बन्धी कानुनको अधिकार र प्रावधानको उपयोग गरेको देखिएन । सोही दफामा सहकारी सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, कार्यन्वयन र नियमन गर्ने, आफ्नो क्षेत्रमा सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमती, खारेजी र विघटन गर्ने प्रावधान रहेकोमा अध्ययन गरिएका सबै स्थानीय तहले सहकारी सञ्चालनको मापदण्ड निर्धारण गरेको देखिएन भने ५ स्थानीय तहले सहकारी दर्ता नवीकरणको कार्य गरेको देखिन्छ । कानुनले प्रदान गरेको अधिकार बमोजिम कार्य नगर्दा संघ संस्था नवीकरण नगरी सञ्चालन हुने, सहकारीको नियमन नहुँदा कतिपय बचत तथा सहकारी संस्थाहरु बचत सङ्कलन गरी पलायन भएको अवस्था समेत रहेको छ । कानुन वमोजिम आफ्नो क्षेत्राधिकार भित्र सञ्चालित संघ, संस्था र सहकारीहरुको दर्ता, नवीकरण, खारेजी, विघटन नियमन लगायतका कार्यलाई सुदृढ र प्रभावकारी बनाउनुपर्दछ ।

४५. **सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, ६, ७ र ८ मा स्थानीय तहले स्थानीय तहका वासिन्दालाई प्रवाह गर्नुपर्ने सेवा सम्बन्धमा उल्लेख छ । छनौट भएका स्थानीय तहमा सेवा लिन आएका सर्वसाधारणसँग सेवाप्रवाह लिन स्थानीय तहमा आउँदा कर्मचारीले सेवाग्राहीलाई गर्ने व्यवहार सम्बन्धमा सोधिएकोमा ६३ प्रतिशतले सहयोगी व्यवहार पाएको, १८ प्रतिशतले ढिला सुस्ती हुनेगरेको , १८ प्रतिशतले चिनेजानेको व्यक्तिको पहिला काम हुने गरेको र १ प्रतिशतले मध्यस्थकर्ता मार्फत् मात्र काम हुने गरेको जवाफ दिएका छन् । स्थानीय तहका वडा प्रतिनिधि तथा कर्मचारीहरु खोजेको समयमा कार्यालयमा फेला पर्दछन् कि पर्दैनन् भनी सोधिएकोमा ५१ प्रतिशतले फेला पर्दछन्, १० प्रतिशतले फेला पर्दैनन र ३९ प्रतिशतले आँशिकरुपमा भेटिन्छन् भन्ने जवाफ दिएका छन् । स्थानीय तहले पछिल्लो २ वर्षमा गरेको विकास वा सुधारको क्षेत्रबारे सोधिएकोमा पहिलो सडक, दोस्रो स्वास्थ्य, तेस्रो सामाजिक सुरक्षा र चौथो सिँचाइ र खानेपानी क्षेत्रमा काम भएको जानकारी प्राप्त भयो । उल्लिखित आधारमा स्थानीय तहले प्रवाह गरेको सेवा उपर सेवाग्राहीहरु पूर्णरुपमा सन्तुष्ट भएको देखिँदैन । तसर्थ स्थानीय तहले सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट कमजोरी पहिचान गरी सेवाप्रवाहको अवस्थामा सुधार गरिनुपर्दछ ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, मूल्य समायोजन बढी भुक्तानी गरेको, बीमा नगरेको, सोझै खरिद गरेको, निर्माण कार्यमा समन्वय नगरेको, तेस्रो चौमासिकमा बढी खर्च भएको, खरिद सम्झौता प्रथम चौमासिकमा नभएको, पेस्की फछ्र्यौट नभएको, प्राकृतिक स्रोतको ठेक्का रकम असुली नभएको, बहाल रकम असुली हुन नसकेको, असम्बन्धित काममा भुक्तानी गरेको, बैङ्क समायोजन हिसाब तयार नगरेको, बजेटभन्दा बढी खर्च गरेको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ७० निकायमा यो वर्ष रु.१ अर्ब ५१ करोड ९१ लाख ३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२६ करोड २४ लाख ५६ हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब २५ करोड ६६ लाख ४७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.८९ करोड ३७ लाख १९ हजार पेस्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा सूचना तथा सञ्चारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, प्रेस तथा सूचना र सुरक्षण मुद्रण, हुलाक सेवाको सञ्चालन, प्रवर्द्धन, नियमन तथा नियन्त्रण, फ्रिक्वेन्सी वितरण तथा अनुगमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सगठित संस्थासमेत १०४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ९३ सरकारी कार्यालयको निम्नानुसार रु.१७ अर्ब ७७ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ९३ | ५६१७२ | ८८ | ७२०२३ | ७८ | १६३९ | ५ | ४७९३९ | ९३ | १७७७७३ |

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ११ संस्थाको रु.५२ अर्ब २८ करोड ५० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **चौधौं योजना कार्यान्वयन -** राष्ट्रिय योजना आयोगले स्वीकृत गरेको चौधौ योजना (२०७३।७४-२०७५।७६) मा यस मन्त्रालयका लागि तोकिएका नतिजाका सूचकहरु र उपलब्धिको अवस्था निम्नानुसार रहेको छः

| नतिजा सूचक | एकाई | लक्ष्य | प्रगति |
|---|---|---|---|
| टेलिफोन घनत्व | प्रतिशत | ११७ | १३९.३२ |
| इन्टरनेट ग्राहक घनत्व | प्रतिशत | ६५ | ६३.३१ |
| आधारभूत टेलिफोन (PSTN) ग्राहक | लाखमा | १० | ६.७७ |
| मोबाइल टेलिफोन ग्राहक | लाखमा | ३१० | ३९९.८८ |
| इन्टरनेट ग्राहक | लाखमा | १५५ | १८६.८५ |
| रेडियो नेपालको प्रसारण | प्रतिशत | १०० | ८६ |
| वैदेशिक डाँक सेवा (EMS) | देश | ५० | ३९ |

३.१ काठमाडौं, भक्तपुर र ललितपुरलाई एकै हुलाक क्षेत्र मानी उपत्यकाका हुलाक सेवालाई गोश्वारा हुलाकमार्फत सञ्चालन गर्ने तथा सुरक्षण मुद्रणसम्बन्धी कानुनी र संस्थागत आधार तयार गरी राहदानी, अन्तःशुल्क स्टीकर, ऋणपत्र, चेकबुकलगायतका सामग्रीहरूको मुद्रण गरिने उल्लेख भएकोमा सोसम्बन्धी कार्य भएका छैनन् ।

३.२ प्रसारण प्रविधिमा विविधता कायम गरी इन्टरनेट प्रोटोकल टेलिभिजन, मल्टीच्यानल मल्टीप्वाइन्ट वितरण सेवा तथा भू-उपग्रह प्रविधिको प्रयोग गरिने उल्लेख भएकोमा प्रगति भएको छैन ।

आवधिक योजनाको उद्देश्य तथा लक्ष्यअनुसार प्रगति हासिल गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४. **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्य २०७५।७६ मा उल्लिखित कार्यक्रमहरुको कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः

४.१ नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकृत गरी सार्वजनिक प्रसारण संस्थाको रुपमा सञ्चालन गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन ।

४.२ मुद्रण विभाग र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण कम्पनीमा रुपान्तरण गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन ।

४.३ हुलाक सेवालाई प्रतिस्पर्धी, व्यावसायिक र विश्वसनीय बनाउन आवश्यक सुधार कार्य अघि बढाउने र हुलाक बचत बैङ्कलाई खारेज गरी सञ्चित रकम वाणिज्य बैङ्कहरुमा खातासहित हस्तान्तरण गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको छैन ।

बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ

५. **उपलब्धि** - मन्त्रालयले तयार गरेको प्रतिवेदनअनुसार रेडियो नेपालको प्रसारण पहुँच ८६ प्रतिशत जनसंख्यामा पुगेको र अनलाइनमार्फत संसारभर २४ सै घण्टा प्रसारण भइरहेको, काठमाडौं उपत्यकामा ई-टिकेटिङ व्यवस्थासहित चलचित्र वितरण र प्रदर्शनमा बक्स अफिस प्रणाली लागू भएको, हुलाक सेवातर्फ सबै हुलाक वस्तुको ट्र्याकिङ व्यवस्थाको लागि ७५ जिल्लामा पोष्टल इन्टर्नल ट्र्याकिङ सिस्टमको अनलाइन ट्र्याकिङ प्रणाली लागू भएको र नेपाल सरकारको केन्द्रीय इमेल प्रणाली सञ्चालानार्थ सूचना प्रविधिको पूर्वाधार जडान गरी सञ्चालनमा ल्याएको जस्ता उपलब्धि हासिल भएको देखिन्छ ।

६. **योजना, नीति र बजेट कार्यान्वयन** - आवधिक योजना र बजेट वक्तव्यमा मध्यपहाडी र हुलाकी राजमार्गमा अप्टिकल फाइबर सञ्जाल विस्तारगरी ७२ जिल्ला सदरमुकाममा तीव्र गतिको ब्रोडब्याण्ड इन्टरनेट सुविधा पुऱ्याउन नेपाल टेलिकमलगायत ३ दूरसञ्चार सेवाप्रदायकसँग यो वर्षभित्र कार्य सम्पन्न गर्न सम्झौता भएकोमा नेपाल टेलिकमसँगको सम्झौताअनुसारका पाँचथरको चिवाभञ्ज्याङदेखि गोरखाको आरुघाट खण्डको कार्य २०७६ जेष्ठमा शिलान्यास गरे तापनि भौतिक प्रगति हुन सकेको छैन । बाँकी दुई सेवा प्रदायकसँगको खरिद सम्झौता अन्त्य गरेको छ । ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडब्याण्ड एक्सेस कनेक्टिभिटीमार्फत सामुदायिक क्याम्पस, उच्च माध्यमिक र माध्यमिक विद्यालय, स्थानीय तह र वडास्तर एवं स्वास्थ्य चौकीहरुमा निःशुल्क इन्टरनेटको सुविधा पुऱ्याउने लक्ष्य तय गरेकोमा यो वर्षसम्म तोकिएका सबै स्थानमा उक्त सेवा पुगेको छैन । त्यस्तै सुरक्षण मुद्रणसम्बन्धी कार्य हुन सकेको छैन । आवधिक योजना तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्दछ ।

७. **ब्रोडब्याण्ड नीति** - नेपालमा ब्रोडब्याण्ड पूर्वाधार एवं सेवाको विकास, विस्तार र प्रवर्द्धन सुनिश्चित गरी दिगो, समतामूलक र समाबेशी विकास हासिल गर्न ब्रोडब्याण्ड नीति, २०७१ कार्यान्वयनमा ल्याएको छ । उक्त नीतिअनुसार सन् २०१८ सम्म नेपालको ४५ प्रतिशत घरधुरीमा ब्रोडब्याण्ड पहुँच सुनिश्चित गर्ने, शहरी ब्रोडब्याण्ड उपभोक्तालाई बहुसेवा प्रदायकहरुमार्फत छनौटका अवसर सुनिश्चित गर्ने, सम्पूर्ण जिल्ला सदरमुकाममा अप्टिकल फाइबर सञ्जाल विस्तार गर्न साबिकका १ हजार ५०० गाउँ विकास समितिलाई ब्रोडब्याण्ड पूर्वाधार र सेवायुक्त विद्युतीय गाउँ विकास समितिकोरुपमा विकास गर्ने र वर्ल्ड रेडियो कम्युनिकेसन कन्फरेन्सद्वारा इन्टरनेसनल मोबाइल टेलिकम्युनिकेसन तथा इन्टरनेसनल मोबाइल टेलिकम्युनिकेसन एडभान्स्ड प्रविधि प्रयोजनका लागि पहिचान गरिएका फ्रिक्वेन्सी ब्याण्ड्स ताररहित सेवा प्राथमिकताकासाथ उपलब्ध गराउने लक्ष्य राखेकोमा मन्त्रालयले प्रगति विवरण तयार नगरेकोले उपलब्धि यकिन गर्न सकिएन । नीति कार्यान्वयनको कार्ययोजना बनाई ब्रोडब्याण्ड सेवा उपलब्धता सुनिश्चित गर्नुपर्दछ ।

८. **फ्रिक्वेन्सी पुनर्वितरण** - दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी ( बाँडफाँड तथा मूल्यसम्बन्धी ) नीति, २०७३ को बुँदा ४(ग) अनुसार फ्रिक्वेन्सी ब्याण्डहरु बढाबढ् गरी वितरण गर्ने, प्रयोगमा रहेका ब्याण्डहरुमा

भएको अतिरिक्त फ्रिक्वेन्सीसमेत पुनर्वितरण गर्नुपर्ने नीति लागू भएकोमा नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी वितरणसम्बन्धी नियमावलीको मस्यौदा तयार गरेतापनि स्वीकृत भएको छैन । फ्रिक्वेन्सी वितरणसम्बन्धी नियमावली स्वीकृत नहुँदै प्रयोगमा नआएका फ्रिक्वेन्सी ब्याण्डहरुमध्ये ९ सय, १८ सय र २१ सय मेगाहर्ज ब्याण्डको फ्रिक्वेन्सी लिलामसम्बन्धी सूचना प्रकाशित गरी १८ सय मेगाहर्ज ब्याण्डको बढाबढ् गरी वितरण भएको छ । आठ सय मेगाहर्ज ब्याण्डको फ्रिक्वेन्सी न्यूनतम शुल्क बुझाउने गरी नेपाल टेलिकमलाई उपलब्ध गराएको छ । तर २३ सय मेगाहर्ज ब्याण्डको बाँकी ७० मेगाहर्ज फ्रिक्वेन्सीका सम्बन्धमा हालसम्म कारबाही अगाडि बढाएको छैन । जसले गर्दा वार्षिकरुपमा उक्त ब्याण्डबाट असुल हुनुपर्ने न्यूनतम राजस्व रु.४३ करोड गुमेको छ । प्रयोगमा आइरहेका ब्याण्डका अतिरिक्त फ्रिक्वेन्सीको पुनर्वितरण गरी राजस्व प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९. **न्यूनतम फ्रिक्वेन्सी दस्तुर** - दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०६९ को बुँदा ११ अनुसार जिएसएम मोबाइल सेवाको निमित्त छुट्याएको न्यूनतम फ्रिक्वेन्सी दस्तुर एकमुष्टरुपमा सो सेवा प्रदायकको वार्षिक कुल आम्दानीको ०.४ प्रतिशत कायम गरिने व्यवस्था भएतापनि यो वर्ष नेपाल टेलिकमबाट न्यूनतम फ्रिक्वेन्सी दस्तुर रु. ३ करोड ६७ लाख २९ हजार घटी असुल गरेको छ । सार्वजनिक लेखा समितिबाट अब आइन्दा कुल आम्दानी सम्बन्धमा स्पष्ट आधार तयार गरी सङ्कलन गर्न निर्देशन दिने निर्णय भएपनि सोको आधार तयार भएको छैन । तसर्थ घटी असुल भएको दस्तुर सोही नीतिको बुँदा १६ बमोजिम प्रत्येक महिना २ प्रतिशतका दरले थप दस्तुरसमेत लगाई असुल गर्नुपर्दछ ।

१०. **फ्रिक्वेन्सी दस्तुर असुली** - दूरसञ्चार रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०६९ को बुँदा १६ अनुसार दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष नियमितरुपमा बुझाउनुपर्ने, प्रत्येक सेवा प्रदायकले माइक्रोवेभ फ्रिक्वेन्सी र न्यूनतम फ्रिक्वेन्सीको दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसीबाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षको निमित्त सो आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतका दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ । यो वर्ष ३ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर दाखिला नगरेकोले फ्रिक्वेन्सी दस्तुर र थप दस्तुरसमेत रु.९१ करोड ७६ लाख ५५ हजार असुल गर्नुपर्दछ ।

११. **दूरसञ्चार रोयल्टी** - दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रुपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । विभिन्न ६ सेवा प्रदायकले रु.४ करोड ४ लाख ३६ हजार र १७ सेवा प्रदायकले ग्राहकसँग उठाएको रोयल्टीयोग्य आम्दानी रु.८ करोड ४ लाख ७३ हजारसमेत रु. १२ करोड ९ लाख ९ हजार दाखिला गरेका छैनन् । नियमावलीको व्यवस्थाअनुसार सेवा प्रदायकसँग रोयल्टी रकम असुल गर्नुपर्दछ ।

१२. **रोयल्टी तथा फ्रिक्वेन्सी** - एक दूरसञ्चार सेवा प्रदायकले अनुमतिपत्रको शर्तबमोजिम रोयल्टीबापत रु.१ अर्ब ६३ करोड ३५ लाख २ हजार बुझाउन बाँकी रहेकोमा नेपाल सरकारबाट २०६९।६।१४ मा ८ किस्तामा तिर्ने गरी किस्ता निर्धारण गरे तापनि २०७४ र २०७५ आश्विनसम्म बुझाउनुपर्ने दुई किस्ताको रु.४० करोड ७३ लाख ७६ हजार आर्थिक वर्षको अन्तसम्म दाखिला गरेको छैन । बुझाउन बाँकी रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुरको किस्ता ब्याजसहित असुल गर्नुपर्दछ ।

१३. **प्रसारण रोयल्टी** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र नेपाल सरकारलाई बुझाउनु पर्ने र तोकिएको अवधिभित्र नबुझाएमा सो

अवधिपछि प्रत्येक महिनाको लागि दश प्रतिशतले थप दस्तुर लाग्ने व्यवस्था छ । जिल्ला हुलाक कार्यालय सुनसरीअन्तर्गतको एक प्रसारण संस्थाले २०६९।७० देखि २०७४।७५ सम्मको कुल आम्दानी रु.११ करोड ४६ लाख ८९ हजारको दुई प्रतिशतका दरले हुने प्रसारण शुल्क रु.२२ लाख ९४ हजार बुझाउनुपर्नेमा रु.२ लाख ५६ हजारमात्र बुझाएकोले नपुग रु.२० लाख ३८ हजार रोयल्टी रकम र सोमा लाग्ने थप दस्तुरसमेत असुल गर्नुपर्दछ ।

१४. **सञ्चिति -** दूरसञ्चार ऐन, २०५३ को दफा ४५(३) मा नेपाल दूरसञ्चार प्राधिकरणलाई प्राप्त रकमले कार्य सञ्चालन गर्न नपुग भएमा नेपाल सरकारसँग माग गर्न सक्ने र सरकारले उपलब्ध गराएको रकम बढी भएमा फिर्ता गर्नुपर्ने उल्लेख छ । प्राधिकरणको गत वर्षसम्मको सञ्चिति रु.३२ अर्ब ७१ करोड ३१ लाख रहेकोमा यो वर्ष रु.३३ अर्ब २२ करोड ६४ लाख पुगेको छ । उक्त सञ्चितिमध्ये ग्रामीण दूरसञ्चार विकास कोषको रु.२१ अर्ब ९८ करोड ९० लाखबाहेक रु.११ अर्ब २३ करोड ७४ लाख सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१५. **सशर्त अनुदान -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) बमोजिम सालबसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रम र आयोजनाका लागि दिएको निकासाको अध्ययन अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष ७ संस्थालाई भवन निर्माण, समावेशी प्रकाशन, डिजिटल अर्काईभिङ्गजस्ता कार्य गर्न रु.३५ करोड ४३ लाख सशर्त अनुदान दिएकोमा अनुदानबाट भएको खर्च र उपलब्धिको अनुगमन गरेको छैन । सशर्त अनुदान रकम सम्बन्धित काममा उपयोग गरेको सुनिश्चित हुनुपर्दछ ।

१६. **सासेक सूचनामार्ग आयोजना -** दक्षिण एसियाका बंगलादेश, भुटान, भारत र नेपालबीच आईसीटी कनेक्टिभिटीमा तीव्रता ल्याउने उद्देश्यले सञ्चालित यो आयोजना सम्पन्न भएको छ । सम्पन्न आयोजना सञ्चालन सम्बन्धमा मन्त्रालय र नेपाल दूरसञ्चार कम्पनीबीच ११ नोभेम्बर २०११ मा भएको समझदारीअनुसार आयोजना सञ्चालन गर्ने जिम्मेवारी नेपाल दूरसञ्चार कम्पनीको हुने र उक्त कम्पनीले आयोजनामा भएको कुल खर्चको ७० प्रतिशतले हुने रु.३५ करोड २० लाख ४८ हजार नेपाल सरकारलाई बुझाउनुपर्ने देखिन्छ । आयोजना सम्पन्न भएको ३ वर्ष बितिसक्दा पनि समझदारी कार्यान्वयन भएको छैन । पूर्वाधार तयार भएको अवस्थामा सेवा सञ्चालनका लागि भएको समझदारी कार्यान्वयन गरी नेपाल सरकारलाई प्राप्त हुनुपर्ने राजस्व उक्त कम्पनीबाट असुल गर्नुपर्दछ ।

## हुलाक सेवा विभाग

१७. **इजाजत -** हुलाक ऐन, २०१९ को दफा ३ मा नेपाल सरकारले व्यक्ति वा संस्थालाई हुलाक सेवा सञ्चालन गर्न इजाजत दिने प्रयोजनको लागि शर्त तोक्नुपर्ने व्यवस्था छ । निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्न इजाजतपत्र नदिए पनि २०७६ असार मसान्तसम्म स्वदेशतर्फ २६ मेल तथा कुरियरलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरी कार्गो र कुरियर सञ्चालन गर्न सहमति दिएको छ । वैदेशिक हुलाक सेवा सञ्चालन गर्न दिएको अनुमतिको अभिलेख प्राप्त भएन । इजाजतपत्रको अभिलेख बेगर स्वदेशी र वैदेशिक संस्थाबाट प्राप्त हुने इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी यकिन हुने अवस्था देखिएन । विभागले ऐनको प्रावधानअनुसार हुलाक सेवा सञ्चालनको इजाजत दिने व्यवस्था कार्यान्वयन गर्नुपर्ने भनी गत वर्षको प्रतिवेदनमा औंल्याउँदासमेत स्थिति यथावत् छ । ऐनमा उल्लिखित प्रावधानको कार्यान्वयन गरी अभिलेख व्यवस्थापन तथा अनुगमनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१८. **हुलाक सेवा सञ्चालन -** सूचना तथा सञ्चारको क्षेत्रमा भएको प्रविधिको विकास तथा निजी क्षेत्रले समेत चिठीपत्र, पार्सल तथा कुरियर सेवा सञ्चालन गरेकोले सरकारी हुलाक सेवाको कार्यक्षेत्र साँघुरिँदै गएको छ । स्वदेशतर्फ सन् २०१६ मा साधारण, रजिष्ट्री, बीमा, पार्सल, बुकपोष्टलगायत ३ करोड ४५ लाख ५१

हजार वटा सेवा आदान प्रदान भएकोमा सन् २०१७ मा ३ करोड ३४ लाख ५१ हजार र सन् २०१८ मा २ करोड ५३ लाख ३४ हजार भै अघिल्लो वर्षको तुलनामा ८१ लाख १७ हजारले घटेको छ । यसरी विगत वर्षको तुलनामा क्रमशः हुलाकको काम घट्दै गएको देखिएको छ । हुलाकको काममा भएको परिवर्तनलाई मध्यनजर राखी हुलाक सेवाको पुनः संरचना गर्नुपर्ने सुझाव विगत वर्षदेखि दिँदै आए तापनि स्थिति यथावत् छ ।

१९. **टर्मिनल ड्यूज -** विभाग र विश्व हुलाक संघबीचको सम्झौताअनुसार विभिन्न मुलुकबाट लिनुदिनु पर्ने रकमको हिसाब वर्ष व्यतीत भएको छ महिनाभित्र गरिसक्नु पर्ने व्यवस्था छ । विभागले लिनुदिनु पर्ने हिसाब तोकिएको अवधिभित्र फरफारक गरेको छैन । विभागले सन् २०१६ देखिकै एक्सप्रेस मेल, पार्सल तथा अन्य चिठीपत्रको प्राप्त हुनुपर्ने रकमको अन्तर्राष्ट्रिय डाँक लेखा हिसाब अद्यावधिक नगरेकोले लिनुदिनु पर्ने हिसाब यकिन भएको छैन । समयमा हिसाब अद्यावधिक नगर्दा सरकारलाई प्राप्त हुनुपर्ने राजस्व गुम्ने अवस्था देखिएको छ । तोकिएको प्रक्रिया अपनाई समयमा हिसाब राफसाफ गर्नुपर्दछ ।

२०. **चिठीपत्र व्यवस्थापन -** विश्व हुलाक संघको पत्रमन्जुषा निर्देशिका, २०१३ अनुसार एयर कन्भेयन्स ड्यूमा हवाई ढुवानी भाडा नागरिक उड्डयन कर्पोरेशनको हवाई सेवा वित्तीय तथ्याङ्कमा उल्लिखित दूरी र पत्र तथा पार्सलको तौललाई निर्धारित एसडिआरको दरले गणना गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । विभागले गोश्वारा हुलाक कार्यालयबाट विभिन्न मुलुकमा पठाइएका पत्र तथा पार्सलको डेलिभरी बिल, तौलको विवरण तथा मासिक विवरणसमेतको अभिलेख राखी सोको आधारमा एयर कन्भेयन्स ड्यूजको भुक्तानी गर्नुपर्नेमा सम्बन्धित हवाई कम्पनीको तौल, दूरी र रुट नखुलेको एकमुष्ट इन्भ्वाइसको आधारमा यो वर्ष रु.५ करोड १ लाख ५८ हजार भुक्तानी दिएको छ । विश्व हुलाक संघले तोकेको अभिलेख अद्यावधिक गरी हवाई ढुवानी भाडा भुक्तानी गर्नुपर्दछ ।

२१. **हुलाक बचत बैङ्क -** गोश्वारा र जिल्ला हुलाक कार्यालयसमेत ६८ कार्यालयले हुलाक बचत बैङ्कको कारोबार गरी बचत बैङ्क सञ्चालन गरेका छन् । यो वर्षको अन्त्यमा बचत बैङ्कमा रु.१ अर्ब ३९ करोड ७३ लाख मौज्दात रहेको छ । हुलाक बचत बैङ्कको हिसाब पूर्णरुपमा सफ्टवेयरमा नरहेको, कारोबारको परिमाण प्रत्येक वर्ष वृद्धि हुँदै गएको, केही जिल्लामा कार्यरत कर्मचारीबाट रकमको अपचलन भएको, लगानी गर्न मन्त्रालयले रोक लगाएकोले जाजरकोटलगायतका जिल्लामा आर्जित ब्याजभन्दा बढी ब्याज भुक्तानी गर्दा घाटा व्यहोर्नु परेकोजस्ता कारणले बचत बैङ्क प्रभावकारी भएका छैनन् । प्रविधि र बैंकिङ प्रणालीको विकास एवं विस्तार हुँदै गएको सन्दर्भमा बचत रकमको परिचालन सुरक्षित तवरबाट गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी बचत बैङ्कको पुनरावलोकन गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा उल्लेख भए तापनि स्थिति यथावत छ । त्यसैगरी हुलाक बचत बैङ्कलाई खारेज गरी सञ्चित रकम वाणिज्य बैङ्कहरुमा खातासहित हस्तान्तरण गर्ने यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएकोमा कार्यान्वयन भएको छैन ।

२२. **हुलाक बचत बैङ्कको ऋण -** हुलाक बचत बैङ्क कार्यसञ्चालन निर्देशिका, २०७३ को बुँदा २९ मा ऋणी कर्मचारीको बचत बैङ्कबाट ऋण सुविधा लिन नपाउने कार्यालयमा सरुवा भएमा निजले तिर्न बाँकी रहेको सम्पूर्ण साँवा तथा ब्याज रकम असुल गरेरमात्र रमाना दिनुपर्ने र कुनै कारणवश ऋणी कर्मचारीलाई रमाना दिएको वा निजले रमाना लिई अन्यत्र गएको पाइएमा त्यस्तो कर्मचारी र रमाना दिने कर्मचारीलाई निजको प्रचलित सेवा सुविधासम्बन्धी कानुनबमोजिम विभागीय कारबाही गरिने व्यवस्था छ । केन्द्रीय धनादेश कार्यालयले यससम्बन्धी विवरण तयार नगरेकोले ऋण सुविधा नपाउने कार्यालयमा सरुवा भई गएका कर्मचारीहरुबाट असुलहुन बाँकी ऋण जोखिममा परेको सम्बन्धमा यकिन हुन सकेन । केन्द्रीय निकायबाट ऋण लगानी तथा असुलीको अनुगमन हुनुपर्दछ ।

२३. **लेखापरीक्षण** - हुलाक बचत बैङ्क कार्यसञ्चालन निर्देशिका, २०७३ को बुँदा ५६ मा बचत बैङ्कको कारोबारको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । हुलाक बचत बैङ्क सञ्चालन भएका गोश्वारा हुलाक कार्यालय, जिल्ला हुलाक कार्यालय, उदयपुर र रौतहट तथा इलाका हुलाक कार्यालय, शिवनगर रौतहटसमेत ४ कार्यालयले लेखापरीक्षण गराएका छैनन् । नियमअनुसार लेखापरीक्षण गराई बचत बैङ्कको कारोबार अद्यावधिक गर्नुपर्दछ ।

## मुद्रण विभाग

२४. **कागजातको मूल्य र छपाइ महसुल** - मन्त्रिपरिषद्को २०३९।१०।२९ को निर्णयअनुसार नाफा नलिई लागत मूल्य उठ्ने हिसाबले कार्यालय प्रमुखले प्रत्येक वर्षका लागि छपाइ दस्तुर कायम गर्न पाउने निर्णय भए तापनि २०६९।४।१ देखि मुद्रण विभागले छपाइ तथा बाइण्डिङ महसुल संशोधन नगरेकोले यो वर्ष १० कार्यालयको छपाइसम्बन्धी कार्य गर्न रु.५१ लाख ८ हजारको कागज खर्च भएकोमा छपाइ महसुल रु.२० लाख ६४ हजारमात्र आम्दानी भएको देखिँदा रु.३० लाख ४४ हजार घाटा भएको छ । समय सापेक्षरुपमा छपाइ दस्तुर पुनरावलोकन हुनुपर्दछ ।

## सूचना तथा प्रसारण विभाग

२५. **प्रसारण तथा वितरण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । नियमावलीअनुसार कुल आम्दानी भन्नाले ऋण वा सापटी लिएको रकमबाहेक प्रसारण संस्थालाई प्राप्त हुने जुनसुकै आयलाई जनाउने उल्लेख छ । यो वर्ष ३ वटा प्रसारण संस्थाले रु.२२ लाख ३१ हजार प्रसारण शुल्क घटी दाखिला गरेकोले असुल गर्नुपर्दछ ।

२६. **पत्रकार वृत्ति कोष** - पत्रकार वृत्ति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं. ११ मा कोषको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था भएतापनि सो कोषको रु.५ करोड ३२ लाख ७५ हजारको लेखापरीक्षण गराएको छैन ।

## राष्ट्रिय सूचना प्रविधि केन्द्र

२७. **नेसनल पेमेन्ट गेट वे सिस्टम** - विद्युतीय माध्यमबाट सरकारी कारोबार गर्ने पूर्वाधार तयारीको लागि नेसनल पेमेन्ट गेट वे सिस्टमको आपूर्ति, ढुवानी तथा जडान गर्न एक विदेशी परामर्शदातासँग रु. २४ करोड २७ लाख ८१ हजारको सम्झौता भई यो वर्षसम्म रु. २३ करोड ८० लाख २० हजार भुक्तानी भएको छ । सम्झौताअनुसार एक वर्षको पूरक सेवाको कार्य र जडानपछिको तालिमको कार्य सम्पन्न नभएकोले सो गेट वे सिस्टम कार्यान्वयनमा आएको छैन । समयमा काम सम्पन्नगरी प्रयोगमा नल्याउँदा सरकारी लगानी प्रयोगविहीन अवस्थामा रहेको, परामर्शदाताको खर्चमा वृद्धि हुने स्थिति रहेको र नेपाल क्लियरिङ हाउस लिमिटेडलाई सेवा शुल्क भुक्तानी गर्नु परेकोले सरकारलाई थप व्ययभार परेको देखिएको छ । पेमेन्ट गेट वे सिस्टम कार्यान्वयनका लागि तालुक निकायबाटसमेत आवश्यक कारबाही गरी शीघ्र सञ्चालनमा ल्याउनुपर्दछ ।

२८. **कोर राउटर खरिद** - सिंहदरबार परिसरमा रहेका ४ राउटर विगतमा विश्व बैङ्कको सहयोगमा जडान भई सञ्चालनमा रहेकोमा २ वटा बिग्रिएको र २ वटाले काम गरिरहेको अवस्थामा ती राउटर विस्थापित गरी

४ कोर राउटर खरिद गरी रु.४ करोड ९५ लाख खर्च लेखेको छ । प्रयोगमा रहेका २ राउटर पुनः प्रयोजनमा ल्याउने वा लिलाम गर्ने सम्बन्धमा उचित निर्णय गर्नुपर्दछ ।

## सुरक्षण मुद्रण केन्द्र

२९. **खरिद गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालनहुने योजना वा आयोजनाको खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ । केन्द्रको स्थापना २०७३ सालमा भई हालसम्म रु.३५ करोड ५५ लाख ६४ हजार खर्च भइसके पनि खरिद गुरुयोजना स्वीकृत भएको छैन ।

३०. **सुरक्षण मुद्रण कारखाना** - कारखाना स्थापनाका लागि काभ्रेको पनौतीस्थित सूचना प्रविधि पार्कको जग्गामा कारखानाको भवन निर्माणको लागि ड्रइङ डिजाईन तयार गर्ने र निर्माण कार्य सम्पन्न गरी आवश्यक पर्ने भवन, छपाइ मेसिन, इलेक्ट्रोमेकानिकल सामग्रीलगायतको कार्य एकैसाथ सञ्चालन गर्नुपर्नेमा कारखाना भवनको निर्माण नभएको, इलेक्ट्रोमेकानिकल पूर्वाधारसम्बन्धी सामान खरिद नभएको, सुरक्षण छपाइ मेसिनको खरिदसम्बन्धी निर्णय नभएको र सञ्चालन गर्ने जनशक्तिको व्यवस्था नभएको अवस्थामा रु.१ करोड १४ लाख ७५ हजार मूल्यको प्लटर, हेभी ड्यूटी मल्टी फङ्सनल प्रिन्टरलगायतका मेसिनरी उपकरण खरिद गरी मौज्दातमा राखेको छ । इलेक्ट्रोमेकानिकलको खरिद सम्झौतामा उक्त कार्य सम्पन्न भएपछि सम्बन्धित कर्मचारीलाई तालिम दिने उल्लेख भएकोमा कर्मचारीको व्यवस्थापन नभएकोले तालिम दिने काम भएको छैन ।

३१. **इलेक्ट्रोमेकानिकल पूर्वाधार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढीको खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले इलेक्ट्रोमेकानिकल इन्फ्रास्ट्रक्चर कार्यको लागि रु.४९ करोड ९८ लाखको लागत अनुमान स्वीकृत गरी राष्ट्रिय बोलपत्र आह्वान गर्दा प्राप्त भएका २ बोलपत्रमध्ये एक बोलपत्रदाताको प्राविधिक प्रस्ताव असफल भएकोले अर्को बोलपत्रदाताको कबोल अङ्क रु.४८ करोड ९८ लाखको प्रस्ताव स्वीकृत भएको छ ।

इलेक्ट्रोमेकानिकल कार्यको खरिद सम्झौतामा काम सम्पन्न भएको मितिदेखि लागू हुने गरी ५ वर्षसम्म त्रुटि सच्याउने अवधि रहने र स्काडा सफ्टवेयरको लाइसेन्सको अवधि २० वर्षको हुने उल्लेख छ । इलेक्ट्रोमेकानिकल इन्फ्रास्ट्रक्चरको कार्य २०७६।७७ को पहिलो चौमासिकमा सम्पन्न भए तापनि सुरक्षण मुद्रण कारखाना भवनको निर्माण नभएको र छपाइ मेसिन खरिदको टुङ्गो नभएकोले इलेक्ट्रोमेकानिकल इन्फ्रास्ट्रक्चरको त्रुटि सच्याउने अवधि र सफ्टवेयर लाइसेन्सको अवधि समाप्त भइसकेको छ । योजनाबद्ध खरिद कार्य नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

# संगठित संस्था तथा समिति

## रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)

विक्रम सम्वत् २००७ सालदेखि नेपाल सरकारको प्रसार विभागको रुपमा सञ्चालन हुँदै आएको रेडियो नेपाललाई विकास समिति ऐन, २०१३ बमोजिम २०४१ भाद्रदेखि रेडियो प्रसार सेवा विकास समितिमा रुपान्तरण गरी राज्यले अवलम्बन गरेको नीति कार्यक्रम र जनसरोकारका विषयहरु आमजनतासमक्ष प्रसारणमार्फत सेवा पुऱ्याउँदै आएको छ ।

३२. **बक्यौता -** रेडियो प्रसार सेवा विकास समितिको व्यापार निर्देशिका, २०६९ को बुँदा नं. १३ मा सम्झौताको नवीकरण वा नयाँ सम्झौता गर्नुअघि बक्यौता चुक्ता गरिसक्नुपर्ने व्यवस्था छ । समितिको अभिलेखअनुसार २०४७।४८ देखि एजेन्सीतर्फ ३४ फर्म र सरकारीतर्फ ४६ कार्यालयको रु.१ करोड २२ लाख ५५ हजार उठ्न बाँकी रहेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३३. **फिर्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभै बाँकी रहन आएको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट स्वीकृत कार्यक्रम र अख्तियारीअनुसार सशर्त अनुदानबापत रु.६५ लाख निकासा भएकोमा रु.३५ लाख ५१ हजार खर्च भई रु.२९ लाख ४९ हजार बाँकी रहेको देखिन्छ । उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

३४. **जग्गा भाडा -** सार्वजनिक संस्थान तथा सरकारी स्वामित्व भएका समिति, बोर्ड, कम्पनी तथा संस्थाको नाममा रहेको घरजग्गा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७४ को बुँदा ९ मा प्रतिष्ठानको सम्पत्ति सामान्यतः लिजमा दिन नपाइने, लिजमा दिनुपर्ने भएमा बढीमा ३० वर्षसम्मको लागि अर्थ मन्त्रालयको सहमतिमा मन्त्रिपरिषदबाट निर्णय गरी लिजमा दिन सकिने व्यवस्था छ । तर उक्त प्रक्रिया पूरा नगरी कार्यकारी निर्देशकको निर्णयअनुसार खुमलटार ट्रान्समिटिङ स्टेसनको ४२ रोपनी जग्गा प्रतिरोपनी रु.४१ हजार ५१ का दरले मासिक भाडा रु.१७ लाख २४ हजार बुझाउने गरी ३० वर्षको लागि सम्झौता गरेको छ । सम्झौताको शर्तमा जग्गा भाडा लिनेले ६ महिनाको भाडा अग्रिम बुझाउनुपर्ने उल्लेख भए तापनि रकम दाखिला नगरी रु.१ करोड ३ लाख ४४ हजारको बैङ्क जमानत पेस गरेको छ । सो बाहेक सम्झौताबमोजिमको भाडा रु.१ करोड ३७ लाख ९३ हजार असुल गरेको छैन । उक्त दुवै रकम असुल गर्नुपर्दछ ।

## नेपाल दूरसञ्चार प्राधिकरण

दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली, २०५४ बमोजिम दूरसञ्चार क्षेत्रको नियमनकारी स्वायत्त निकायको रुपमा नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रसमेतको सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरणमा यस क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले २०५४ फागुन २० मा यस प्राधिकरणको स्थापना भएको हो ।

३५. **मोबाइल सेवा नवीकरण -** दूरसञ्चार ऐन, २०५३ को दफा २५ तथा नियमावली, २०५४ को नियम १२ मा अनुमति प्राप्त व्यक्तिले नवीकरण गर्न अवधि समाप्त हुनुभन्दा ३ महिना अगावै आफूले कबोल गरेको नवीकरण दस्तुर संलग्न गरी निवेदन दिने व्यवस्था छ । दूरसञ्चार सेवा प्रदान गर्न योग्य देखिएमा प्राधिकरणले सबैभन्दा बढी रकम बुझाउन कबोल गर्नेलाई अनुमतिपत्र दिनुपर्ने उल्लेख छ । प्रतिस्पर्धाबाट छानिएको निजी क्षेत्रको मोबाइल सेवा प्रदायकले नवीकरण दस्तुर रु.२० अर्ब बुझाउन कबोल गरेअनुसार मोबाइल सेवा सञ्चालनको अनुमतिपत्र प्रदान गरेको छ । नेपाल टेलिकमले समेत उक्त नवीकरण दस्तुर तथा रोयल्टी बुझाउने शर्तमा मोबाइल सेवाको अनुमतिपत्र प्राप्त गरेको छ । नियमावलीको व्यवस्थाअनुसार अनुमतिपत्र दस्तुर, पहिलो पटकको नवीकरण दस्तुर र रोयल्टीको समग्र रकमको आधारमा बढी कबोल गर्नेलाई अनुमतिपत्र दिएकोले पहिलोपटक नवीकरण गर्न प्रतिस्पर्धात्मक विधि तय गरेपश्चात प्रत्येक पटकको नवीकरणका लागि सोही दस्तुर कायम हुनुपर्ने देखिन्छ । नवीकरण दस्तुर किस्ताबन्दीको रुपमा लिने गरिएकोमा ऐनअनुसार एकै फटक एकमुष्ट लिनुपर्ने देखिन्छ । नियमअनुसार उक्त रकम एकमुष्ट असुल गर्नुपर्दछ ।

३६. **ग्रामीण दूरसञ्चार विकास शुल्क -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक वर्ष सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार विकास कोषमा

जम्मा गर्नुपर्ने व्यवस्था छ । अनुमतिपत्र प्राप्त गरेका ७ संस्थाले २०७५।७६ सम्म दाखिला गर्नुपर्ने शुल्क रु.४ करोड १० लाख ११ हजार दाखिला गरेका छैनन् । विनियमावलीको प्रावधानअनुसार जरिबानासमेत लगाई असुल गर्नुपर्दछ ।

३७. **युनिफाईड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०७३ (संशोधनसहित) ले आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरको सम्बन्धमा व्यवस्था गरेको छ । अनुमतिपत्र प्राप्त गरेको दश वर्षको निमित्त सेवा प्रदायकले अनुमतिपत्रप्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । अनुमतिपत्र नवीकरणको लागि रु.२० अर्ब १३ करोड २७ लाख ५० हजार दाखिला गरेपश्चात नवीकरण गरिने उल्लेख छ । यस प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले उक्त नीतिमा उल्लेख भएबमोजिम २०७५।७६ सम्म दाखिला गर्नुपर्ने नवीकरण शुल्क रु.१ अर्ब ६० करोड दाखिला गरेका छैनन् । नीतिमा उल्लेख भएको प्रावधानअनुसार नवीकरण शुल्क असुल गर्नुपर्दछ ।

३८. **योजना सञ्चालन -** सामुदायिक विद्यालयमा सूचना प्रविधि ल्याबसम्बन्धी कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरी सञ्चालन गर्नुपर्दछ । प्राधिकरणले उक्त मन्त्रालयसँग समन्वयन गरी डिजिटल नेपालको अवधारणालाई कार्यान्वयन गर्न प्रत्येक प्रदेशका २ जिल्लाका प्राथमिक विद्यालयमा कम्प्युटर, प्रिन्टर, यू.पी.एस र सोलार पावरको आपूर्ति, ढुवानी र जडान गर्ने कार्यको लागि एक आपूर्तिकर्तासँग रु.१६ करोड ९० लाख ५९ हजारको सम्झौता गरी ६ महिनाभित्र कार्य सम्पन्न गर्ने उल्लेख छ । आपूर्तिकर्तालाई मोबिलाइजेसन पेस्की रु.३ करोड ३८ लाख १२ हजारका अतिरिक्त रु.२ करोड २१ लाख भुक्तानी गरेको छ । सम्झौता गरेको १४ महिनासम्म पनि उक्त मन्त्रालयले विद्यालयको नामावली उपलब्ध नगराएको र शुरु सम्झौतामा संशोधन गरी विद्युत सेवा नपुगेका सातै प्रदेशका ४४ माध्यमिक विद्यालयमा सोलार पावर जडान गर्ने तथा सातै प्रदेशका ६९२ माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गर्न कम्प्युटर र प्रिन्टर उपलब्ध गराउने प्रावधान राखेको छ । सम्झौतामा ६ महिनाभित्र काम सम्पन्न गर्ने उल्लेख भए तापनि सम्झौताको म्यादभित्र कुनै प्रगति भएको छैन । यसरी योजना सञ्चालन अवस्था अलपत्र भएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३९. **लागत अनुमान र कबोल अङ्क -** नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ । प्राधिकरणले बिल्ड ब्रोडब्याण्ड नेटवर्क एण्ड प्रोभाइड इन्टरनेट एक्सेस कनेक्टिभिटी सर्भिसेजअन्तर्गत यो वर्ष पाँचथर, तनहुँ र बाग्लुङ्लगायतका १४ जिल्लाको ३ प्याकेजको लागत अनुमान रु.१ अर्ब ३ करोड ६० लाख तयार गरी बोलपत्रको माध्यमबाट रु.४३ करोड १३ लाख २८ हजारमा सम्झौता गरको छ । लागत अनुमानको तुलनामा ४६.३० देखि ६८.०७ प्रतिशतसम्म घटीमा सम्झौता भएको छ । लागत अनुमान यथार्थपरक नभएका कारण लागत अनुमान र कबोल अङ्कमा ठूलो अन्तर देखिएको छ ।

४०. **अप्टिकल फाइबर -** ग्रामीण दूरसञ्चार विकास कोषको परिचालन गरी मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम, नगरपालिका, उत्तर दक्षिण जोड्ने राजमार्ग र पूर्व पश्चिम राजमार्गमा अप्टिकल फाइबर निर्माण गर्न र राष्ट्रिय सूचना महामार्ग बनाउन ३ खण्डमा विभाजन गरेको छ । प्रदेश नं. १, २ र वाग्मती प्रदेशको एक खण्ड, गण्डकी प्रदेश र प्रदेश नं. ५ को एक खण्ड र कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशको एक खण्डसमेत ३ खण्डको लागि ३ सेवा प्रदायकसँग रु.९ अर्ब ८८ करोड ९४ लाखको सम्झौता भएको छ । खरिद सम्झौताअनुसार उक्त कार्य २ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा कुनै पनि प्रगति भएको छैन ।

४०.१ मध्यपहाडी लोकमार्ग अन्तर्गत पाँचथर जिल्लाको चिवा भञ्ज्याङदेखि गोरखाको आरुघाटसम्म प्रदेश नं. १, २ र वाग्मती प्रदेशको केही भागमा पर्ने २ हजार १७९ किलोमिटर राजमार्गमा अप्टिकल फाइबरको

सञ्जाल निर्माण गर्न नेपाल टेलिकमसँग रु ४ अर्ब ८७ करोडको सम्झौता भएको छ । नेपाल सरकार (मन्त्रीस्तर) को निर्णयबाट टेलिकमसँग २०७३।६।१२ मा सोझै खरिद विधिअनुसार सम्झौता गरेको छ । उक्त टेलिकमलाई मोबिलाइजेसन पेस्की रु.६१ करोड ५५ करोड १२ हजार उपलब्ध गराए तापनि २०७६ आषाढ मसान्तसम्म शिलान्यासबाहेक अन्य काम नगरेको अवस्थामा २०७७ असार मसान्तसम्म म्याद थप भएको छ । सम्झौताअनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ ।

४०.२ गोरखा जिल्लाको आरुघाटदेखि गण्डकी प्रदेश र प्रदेश नं. ५ मा पर्ने खण्डमा २ हजार ११७ किलोमिटर अप्टिकल फाइबर सञ्जाल निर्माण गर्न एक सेवा प्रदायकसँग रु २ अर्ब १ करोडको काम २४ महिनाभित्र सम्पन्न गर्ने गरी २०७४।१।२५ मा सम्झौता भएको छ । सम्झौताअनुसार पहिलो चरणमा मध्यपहाडी लोकमार्ग तथा पहाडी जिल्लामा पर्ने ३० प्रतिशत सडक १२ महिनाभित्र र दोस्रो चरणमा पहाडी, हिमाली तथा तराईका जिल्लामा पर्ने ७० प्रतिशत सडकको काम १२ महिनाभित्र सम्पन्न गर्ने उल्लेख छ । उक्त सेवा प्रदायकले तालिकाअनुसार काम नगरी भौतिक प्रगति शून्य रहेको र २ वर्ष म्याद थप माग गरेकोमा प्राधिकरणले म्याद थप नगरी खरिद सम्झौता अन्त्य गरेको छ । खरिद सम्झौता अन्त्य गरेपछि कार्य सम्पादन जमानत रु.१० करोड ५ लाख र मोबिलाइजेसन पेस्की बापतको बैङ्क जमानत रु.४० करोड २० लाख जफत गर्नुपर्नेमा हालसम्म जफत गरेको छैन । कार्यसम्पादन एवं पेस्की जमानत जफत गरी पेस्की रकममा नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली २०७३ को विनियम १२५ (६) बमोजिम वार्षिक १० प्रतिशतका दरले लाग्ने ब्याज र निर्माण कार्य सम्पन्नगर्न लाग्ने थप लागतसमेत असुल हुनपर्दछ ।

४०.३ कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकामसम्म २ हजार ५१२ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्यका लागि २०७४।४।३ मा एक सेवा प्रदायकसँग रु. ३ अर्ब ९४ लाखमा सम्झौता भएको छ । सम्झौताअनुसार सेवा प्रदायकले २ वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्य नगरेको कारण प्राधिकरणले सम्झौता अन्त्य गरेको छ । सम्झौता अन्त्य गरी सेवा प्रदायकको कार्य सम्पादन जमानत र पेस्की जमानतको रु.७५ करोड २३ लाख ५० हजार जफत गरी आम्दानी बाँधेको भए पनि नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली २०७३ को विनियम १२५ (६) बमोजिम मोबिलाइजेसन पेस्कीमा ब्याज असुल नगरेकोले असुल गर्नुपर्ने र निर्माण कार्य सम्पन्नगर्न लाग्ने थप लागतसमेत असुल हुनपर्दछ ।

४१. **परामर्श सेवामा कन्टिन्जेन्सी -** नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ को विनियम १६ मा परामर्श सेवाको लागत अनुमानको ढाँचा तोकिएको छ । उक्त ढाँचाभन्दा फरक हुने गरी लागत अनुमान तयार गर्न मिल्दैन । उक्त ढाँचाअनुसार कन्टिन्जेन्सीबापतको रकम समावेश गरी लागत अनुमान तयार गर्न नमिल्नेमा ९ परामर्श सेवा खरिदको लागि रु.७ करोड ४ लाख ५० हजारको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी बापत रु.५६ लाख ६८ हजार थप गरेकोले उक्त लागत अनुमान उचित देखिएन । विनियमावलीको प्रावधान विपरीत लागत अनुमान तयार गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४२. **मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग मा ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्तिबापतको कर भुक्तानी गर्दा कर रकमको ५० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ठेक्का तथा करारको लागि रु.१८ करोड ९२ लाख ५२ हजार भुक्तानी गर्दा रु.२ करोड १७ लाख ७२ हजार मूल्य अभिवृद्धि करको ५० प्रतिशतले हुने रु.१ करोड ८ लाख ८६ हजार कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम राजस्व खातामा दाखिला भएको सुनिश्चित गर्नुपर्दछ ।

४३. **अन्य प्रयोजनमा खर्च -** आर्थिक कार्यविधि ऐनअनुसार तोकिएको कामबाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुलउपर गरी विभागीय कारबाहीसमेत गर्न सकिने

व्यवस्था छ । प्राधिकरणले स्वीकृत वार्षिक कार्यक्रमबेगर मन्त्रालयले विशेष परिस्थितिको कारण शीघ्ररुपमा काम गर्न लेखेको पत्रको आधारमा प्रतिस्पर्धा नगराई मन्त्रालयमा सभाकक्ष हल निर्माण तथा फर्निचर र उपकरण खरिद बापत रु.१ करोड २४ लाख ३९ हजार भुक्तानी गरी खर्च लेखेको छ । यस प्रकारको कार्यमा नियन्त्रणका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही हुनुपर्दछ ।

४४. **ब्रोडब्याण्ड एक्सेस नेटवर्क परियोजना -** प्राधिकरणले शैक्षिक संस्था, स्वास्थ्य संस्था र सबै स्थानीय तहमा इन्टरनेट सेवा पुऱ्याउने नीतिअनुरुप ब्रोडब्याण्ड एक्सेस नेटवर्क परियोजना सञ्चालन गर्दै आएको छ । यो परियोजनाअन्तर्गत उपरोक्त संस्थाहरुमा इन्टरनेट सेवा पुऱ्याउन योजना सञ्चालन भै केही योजना सम्पन्न भएका छन् । भूकम्पबाट अतिप्रभावित ११ जिल्लाका १ हजार ९९५ स्थानमा रु.६५ करोड ३० लाख लागतमा जडान कार्य सम्पन्न भएको प्राधिकरणले जनाएको छ । अन्य योजनाहरु सम्पन्न भएका छैनन् । सम्झौताको अवधिभित्र काम सम्पन्न नगर्ने, तोकिएबमोजिमको क्षमताको सेवा उपलब्ध नगराउने, गुणस्तरहीन सेवा दिनेजस्ता कारणले सेवाग्राही मर्कामा परेको व्यहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा सो सम्बन्धी सुधारको विवरण तयार गरेको छैन । सेवा प्रदायकले तोकिएबमोजिमको इन्टरनेट सेवा पुऱ्याए नपुऱ्याएको बारेमा नियमित अनुगमन हुनुपर्दछ ।

४५. **दूरसञ्चारसम्बन्धी पूर्वाधारहरुको सहप्रयोग -** दूरसञ्चार पूर्वाधारमा भइरहेको अनावश्यक दोहोरो लगानीलाई न्यून गरी दूरसञ्चार सेवा सस्तो बनाउन, दूरसञ्चार पूर्वाधार छिटो छरितोरुपमा विस्तार गरी सेवा सर्वसुलभ बनाउन र वातावरणीय संरक्षण र सौन्दर्यका लागि दूरसञ्चारका पूर्वाधारको निर्माण तथा प्रयोगलाई व्यवस्थित गर्न दूरसञ्चार पूर्वाधारको सहप्रयोगसम्बन्धी व्यवस्था लागू गर्न नेपाल दूरसञ्चार प्राधिकरणले पूर्वाधार सहप्रयोगसम्बन्धी निर्देशिकालाई २०७२ देखि नै लागू गरेको भए तापनि यसलाई हालसम्म पनि कार्यान्वयनमा ल्याएको छैन । दूरसञ्चारसम्बन्धी पूर्वाधारहरुको सहप्रयोग गर्न सकिएमा दूरसञ्चार पूर्वाधारहरुमा हुने लगानीको दोहोरोपनलाई रोक्न सकिने, शहरको सुन्दरता तथा जोखिममा कमी हुने र नियमितरुपमा हुने सञ्चालन खर्चको कटौती गर्न सकिने भएकाले निर्देशिका कार्यान्वयन गराउनेतर्फ प्राधिकरणको पहल हुनुपर्दछ ।

## गोरखापत्र संस्थान - २०७४।७५

गोरखापत्र संस्थान ऐन, २०१९ अनुसार पत्रपत्रिका प्रकाशन गर्ने उद्देश्यले २०२० मा यो संस्थानको स्थापना भएको हो। यो वर्ष २०७३।७४ र २०७४।७५ को लेखापरीक्षण भएको छ। वित्तीय विवरण पेश नभएकोले २०७५।७६ को लेखापरीक्षण सम्पन्न हुन सकेन। संस्थानमा ४७२ कर्मचारी कार्यरत छन्।

४६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** संस्थानको शेयर पुँजी रु.१ करोड १५ लाख, सञ्चित नोक्सानी रु.४ करोड ७८ लाख र जम्मा दायित्व तथा व्यवस्था रु.१३ करोड ६० लाख रहेको छ। स्थिर सम्पत्ति रु.९ करोड २१ लाख र चालु सम्पत्ति रु.५३ करोड ४५ लाखसमेत जम्मा सम्पत्ति रु.६२ करोड ६६ लाख रहेको छ। गत वर्ष रु.७ करोड ७७ लाख नाफा भएकोमा यस वर्ष रु.२० करोड नोक्सानी भएको छ। संस्थानको नेटवर्थ २०७३।७४ मा रु.२४ करोड ७८ लाख रहेकोमा यस वर्ष रु.४ करोड ७८ लाख छ।

४७. **खरिद प्रक्रिया -** संस्थानले सी टु पी प्लेट तथा केमिकल्स खरिद गर्न २०७५।२।११ मा पुनः बोलपत्र आह्वान गरी एक आपूर्तकमार्फत् रु.२० लाख ४ हजारमा खरिद गरेको छ। संस्थानले आह्वान गरेको पहिलो बोलपत्रमा एक बोलपत्रदाताले मात्र बोलपत्र पेश गरेको र उक्त बोलपत्रमा प्लेट र केमिकलको अंकित मूल्य बजार मूल्यभन्दा बढी देखिएकोले उक्त बोलपत्र प्रक्रिया रद्द गरी पुनः बोलपत्र आह्वान

गरिएको छ । पुन: बोलपत्रमा शुरुको बोलपत्रको भन्दा बढी दरमा खरिद गरेको छ । उक्त आपूर्तिकर्ताले राखेको धरौटी रकम रु. २ लाख ११ हजारको लेखा समेत राखेको छैन।

४८. **दीर्घकालीन ऋण -** संस्थानले नेपाल सरकारसँगको सम्झौताबमोजिम भाखा नाघेको सावाँ तथा ब्याज भुक्तानी गरेको छैन। सम्झौता अनुसार पहिला लिएको ऋण रु.५ करोडको भाका नाघेको सावाँ तथा व्याज रु.३ करोड २० लाख ७४ हजार तथा पछिल्लो पटकको ऋण रु.२ करोडको भाका नाघेको सावाँ तथा ब्याज रु.१ करोड १५ लाख ४६ हजार गरी रु.४ करोड ३६ लाख २० हजार तिर्नुपर्ने दायित्व रहे तापनि सो रकम हालसम्म भुक्तानी गरेको देखिँदैन।

४९. **खरिद कार्य -** संस्थानको आर्थिक विनियमावली, २०६५ मा संस्थानले खरिद गुरुयोजना, वार्षिक खरिद योजना तयार गर्ने, मौजुदा सूची दर्ता गर्ने, सोको कागजातको अभिलेख राख्ने, सूचीकृत फर्म/संस्थासँग खरिद कार्य गर्नुपर्ने बोलपत्रदातालाई बीजक संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ। तर संस्थानले यो वर्ष रु.६ करोड ७६ लाखको खरिद गर्दा खरिद गुरु योजना नबनाएको, मौजुदा सूची अद्यावधिक नगरेको र सूचीकृत संस्थाको अभिलेख नराखेको हुँदा खरिद कार्य व्यवस्थित देखिएन ।

## आर्थिक वर्ष २०७३।७४

५०. **शंकास्पद असामीको व्यवस्था -** वित्तीय विवरण अनुसार विविध असामीअन्तर्गत लिनुपर्ने हिसाब रु.२८ करोड २८ लाख २७ हजार रहेकोमा शंकास्पद असामीको लागि व्यवस्था रु.७९ लाख ७ हजार घटाउँदा खुद असामी रु.२७ करोड ४९ लाख रहेको देखिन्छ। विगत लामो समयदेखिका कतिपय लिनुपर्ने संस्थाहरु हाल विघटन भई सकेका, अस्तित्वमा नरहेका निकायसमेत भएकोले उठ्न बाँकी रकम असुल हुने सम्भावना ज्यादै न्यून देखिन्छ। आवश्यक प्रकृया पुरा गरी असामी हिसाब राफसाफ गर्नुपर्दछ।

५१. **जगेडा तथा कोष -** गत वर्ष साधारण जगेडा रु.६६ लाख १४ हजार रहेकोमा यस वर्षको शुरुको मौज्दातमा रु.८७ लाख ८२ हजार देखाएको छ। शुरु मौज्दातमा रु.२१ लाख ६८ हजार फरक पर्नुको कारण स्पष्ट गरेको छैन। संस्थानले दायित्व शीर्षकमा लेखांकन गर्नुपर्ने उपदानको रकम, ह्रास कट्टी, कोष व्यवस्था, क्षेत्रीय प्रकाशन अनुदान जस्ता रकमगत विगत वर्षदेखि नै साधारण जगेडा तथा कोषअन्तर्गत देखाएको छ। उल्लिखित रकमहरु दायित्वतर्फ लेखाङ्कन गर्दा संस्थानको नेटवर्थ ऋणात्मक हुने देखिन्छ। नेपाल वित्तीय लेखामान अनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ।

## राष्ट्रिय समाचार समिति - २०७५।७६

देशभर सञ्चालित पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन र विद्युतीय अनलाईन जस्ता आमसञ्चार माध्यमबाट समाचार सम्प्रेषण गर्न यस समितिको स्थापना २०१८ मा भएको हो। समितिबाट स्वदेश तथा विदेशका महत्वपूर्ण समाचार संकलन तथा सम्पादन गरी फोटो, अडियो, आलेख र आर्थिक समाचार समेत सम्प्रेषण गर्दै आएको छ। समिति र सोअन्तर्गत रहेका १७ कार्यालयमा १५८ कर्मचारी कार्यरत छन्।

५२. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** समितिको पुँजी तथा लगानी रु.४ करोड ३ लाख सञ्चित जगेडा तथा अन्य कोष रु.८ करोड ३७ लाख र अन्य दायित्व रु.८६ लाख समेत कुल दायित्व रु.१३ करोड २६ लाख रहेको छ। त्यस्तै सम्पत्तितर्फ स्थिर सम्पत्ति रु.२ करोड ८८ लाख, मौज्दात रु.८ करोड ३५ लाख र असामी रु.७८ लाख लगायत अन्य सम्पत्ति रु.१ करोड २५ लाख समेत जम्मा सम्पत्ति रु.१३ करोड २६ लाख रहेको छ।

५३. **जग्गाको स्वामित्व -** नेपालभरि विभिन्न २० स्थानमा समितिको जग्गा रहेकोमा राजविराज, बुटवल र धनगढीमा रहेको जग्गाधनी पुर्जा समितिको नाममा रहेको देखिएन। उल्लिखित जग्गा समितिको स्वामित्वमा ल्याउनु पर्दछ ।

५४. **उपदान खर्च -** समितिले कर्मचारीहरुको उपदान, औषधी उपचार र बिदा बापत यस वर्षको अन्तसम्ममा रु.३० करोड ९३ लाख दायित्व सिर्जना भएको रकम वित्तीय विवरणमा व्यवस्था गर्नुपर्नेमा लेखा सम्बन्धी टिप्पणीमा मात्र उल्लेख गर्ने गरेको पाइयो। नेपाल वित्तीयमान प्रतिवेदन अनुसार सबै किसिमका दायित्वको वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

## नेपाल टेलिभिजन - २०७५।७६

सञ्चार क्षेत्रमा टेलिभिजनको माध्यमबाट सूचना प्रवाह गर्ने, श्रव्य दृश्यमाध्यममार्फत समस्त देश तथा विदेशमा रहेका नेपाली जनताहरु, नेपाली भाषी तथा नेपाली भाषा प्रेमीहरुलाई जनचेतनामूलक सूचना, समाचार तथा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले सञ्चार संस्था ऐन, २०२८, अन्तर्गत २०४१ मा नेपाल टेलिभिजनको स्थापना भएको हो।

५५. **सञ्चालन नतिजा -** संस्थाको गत वर्षको रु.११ करोड २६ लाख नोक्सानी रहेकोमा यस वर्ष रु.१५ करोड २७ लाख नोक्सानी भएको छ। यसरी टेलिभिजनको गत वर्ष नेटवर्थ रु.१ अर्ब ७९ करोड ९४ लाख ऋणात्मक रहेकोमा यस वर्ष रु.२४ करोडको पुँजी थप पश्चात् रु.१ अर्ब ८८ करोड १७ लाख ऋणात्मक पुगेको छ।

५६. **आम्दानी र चालु खर्चको अनुपात -** संस्थानको यस वर्षको मुख्य आम्दानीमा विज्ञापन शुल्क, प्रायोजित शुल्क, उत्पादन शुल्क, प्रत्यक्ष प्रसारण, समय बिक्रीलगायतबाट कुल आम्दानी रु.३७ करोड ४ लाख रहेको देखिन्छ। तर गत वर्ष सोही शीर्षकबाट रु.३८ करोड ५२ लाख आम्दानी भएकोमा यो वर्ष गत वर्षभन्दा रु.१ करोड ४८ लाख घटी आम्दानी भएको छ। संस्थानमा कार्यरत कर्मचारीको तलब भत्ता लगायतका शीर्षकमा रु.२९ करोड ४७ लाख खर्च भएको हुँदा यस्तो खर्च प्रत्यक्ष आम्दानीको ७९.५६ प्रतिशत रहेको छ। गत वर्ष कर्मचारीको तलब भत्ता लगायतका शीर्षकमा रु.२९ करोड ७३ लाख खर्च भएको र प्रशासनिक खर्च बढ्दो क्रममा रहेको तर आम्दानी घटेको हुँदा टेलिभिजनको खर्च व्यवस्थापनमा उचित ध्यान दिन सकेको देखिएन। प्रशासनिक खर्चमा नियन्त्रण हुनुपर्दछ।

५७. **वित्तीय प्रतिवेदनमान -** सबै सार्वजनिक संस्थानमा नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्ने व्यवस्था गरे तापनि यस संस्थानले उक्त प्रतिवेदन मानका सबै प्रावधानको पालना गरी वित्तीय विवरणहरु तयार गरेको छैन। लेखानीति सम्बन्धी प्रर्याप्त जानकारी एवं खुलासाहरु नगरेको, जिन्सीको मूल्याङ्कन खुद प्राप्य मूल्य र लागतमध्ये घटी रकममा गर्नुपर्नेमा सो नगरेको, विगत वर्षका केही कारोबारहरुलाई सम्बन्धित वर्षमा समायोजन नगरी यो वर्षको कारोबार सरह प्रस्तुत गरेको, समायोजन गर्न नमिल्ने कार्य पहिचान गरी खुलासा नगरेको, आयकर ऐन २०५८ बमोजिम आयकर दायित्व गणना नगरेको, नेपाल लेखामान १६ अनुसार स्थिर सम्पत्तिको मूल्याङ्कन, पुनःमूल्याङ्कन तथा मूल्यमा क्षय गणना तथा ह्रास कट्टी नगरेको लगायतका व्यहोरा देखिएको छ। वित्तीय प्रतिवेदन मानको प्रयोग पूर्णरुपमा हुनुपर्दछ।

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड - २०७५।७६

साविकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएकोमा २०६१ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई सेवा उपलब्ध गराउँदै आएको छ। नेपाल सरकारको ९१.४९ प्रतिशत, नागरिक लगानी कोषको ०.०३ प्रतिशत तथा सर्वसाधरणको ८.४८ प्रतिशत शेयर स्वामित्व रहेको छ। यो

वर्षसम्ममा आधारभूत टेलिफोन, जि.एस.एम., सि.डि.एम.ए. समेत भ्वाइस सेवाको हकमा कुल ग्राहक २ करोड २७ लाख र भ्वाइस सेवाको बजार हिस्सा ५४.८३ प्रतिशत रहेको छ। त्यसैगरी इन्टरनेट सेवाको हकमा ग्राहक संख्या १ करोड ३७ लाख र बजार हिस्सा ४८.४१ प्रतिशत रहेको देखिन्छ। यस कम्पनीले १६२ ग्राहक सेवा केन्द्र तथा ४ हजार १७९ जना कर्मचारीबाट सेवा प्रवाह गर्दै आएको छ।

५८. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कम्पनीको शेयर पुँजी रु.१५ अर्ब र जगेडा कोष रु.७६ अर्ब ९१ करोड १४ लाख समेत कुल पुँजी रु.९१ अर्ब ९१ करोड १४ लाख रहेको छ। चालु दायित्व तथा व्यवस्था रु.२१ अर्ब ७३ करोड ६६ लाख रहेको छ। कम्पनीको कुल आम्दानी गत वर्ष रु.४५ अर्ब २७ करोड रहेकोमा यो वर्ष ३.१६ प्रतिशतले कमी आई रु.४३ अर्ब ८४ करोड रहन गएको छ। कम्पनीको आम्दानीमा कमी हुनुमा अन्तर्राष्ट्रिय कल आम्दानीमा कमी हुनु, ल्याण्ड लाइन, सीडिएमए तथा एडीएसएल आम्दानीमा कमी हुनु तथा कम्पनीले अपेक्षाकृत रुपमा एफटिटिएच सेवा र मोबाइल डाटाको आम्दानीमा वृद्धि गर्न नसक्नु मुख्य कारण रहेका छन्। यसका साथै कम्पनीको नाफा गत वर्ष रु.१७ अर्ब ४८ करोड ३८ लाख रहेकोमा यो वर्ष ४४.१९ प्रतिशतले कमी आई रु.९ अर्ब ७५ करोड ७५ लाख रहेको छ। कम्पनीको आय घट्नु, लाइसेन्स नवीकरण शुल्क वापत रु.४ अर्ब र अतिरिक्त आयकर खर्च रु.१ अर्ब भुक्तानी गर्नुपरेको जस्ता कारणले मुनाफा घटेको देखिन्छ। व्यावसायिक रणनीति तर्जुमा गर्दै कम्पनीले समग्र आम्दानी तथा मुनाफा वृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

५९. **वित्तीय अनुपात विश्लेषण -** नेपाल सरकारको निर्णय अनुसार २०७१ देखि २०७६ बैशाखसम्मको जिएसएम सेवाको लाइसेन्स नवीकरण शुल्क वापत कम्पनीले रु.२० अर्ब भुक्तानी गर्नुपर्ने दायित्व रहेकोमा यस वर्ष रु.४ अर्ब भुक्तानी गरी रु.१६ अर्ब बाँकी रहेको देखिन्छ। कम्पनीले जिएसएम सेवाको लाइसेन्स नवीकरण शुल्कका सम्बन्धमा नेपाल सरकारको निर्णयको अभावमा विगतका वित्तीय विवरणहरुमा खर्च जनाउन नसकेको हुँदा यस आर्थिक वर्षमा विगत वर्षको खर्चको रुपमा इक्विटीमा भएको परिवर्तन विवरणमा रु.१६ अर्ब ५७ करोड समायोजन गरेका कारणले यस वर्ष कम्पनीको जगेडा कोषमा उक्त रकम कमी हुन गएको र कम्पनीको दायित्व समेत वृद्धि हुन गएको छ। कम्पनीसँग बैंक मौज्दात, मुद्दती निक्षेप तथा बण्डहरुमा लगानीको रुपमा २०७५ असार मसान्तमा रु.७३ अर्ब ५२ करोड कोष मौज्दात रहेकोमा २०७६ असारमसान्तमा रु.७२ अर्ब ५९ करोड रहेको छ। कम्पनीको प्रमुख अनुपातहरुको स्थिति देहायअनुसार रहेको छः

| क्र.सं. | अनुपात | आधार | २०७२।७३ | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|---|---|---|
| १ | खुद नाफा | प्रतिशत | ३०.६५ | ३४.४७ | ३८.६२ | २२.२६ |
| २ | इक्विटीमा लाभ | प्रतिशत | १६.२६ | १६.८३ | १७.५४ | १०.६२ |
| ३ | सञ्चालन मार्जिन | प्रतिशत | ५२.१० | ५७.७७ | ५८.९६ | ४७.३६ |
| ४ | प्रति शेयर आम्दानी | रु | ९०.३६ | १०२.४९ | ११६.५६ | ६५.०५ |
| ५ | शेयर मूल्य आम्दानी अनुपात | अनुपात | ७.६२ | ६.६० | ६.१९ | १०.६५ |
| ६ | कर्मचारी संख्या | संख्या | ४,१४८ | ४,१५७ | ४,२२० | ४,१७९ |
| ७ | खुद नाफा अनुपात | प्रतिशत | ३०.६४ | ३४.४७ | ३८.६२ | २२.२६ |
| ८ | चालु अनुपात | गुणा | ३.८८ | ४.२२ | ४.११ | ३.०४ |
| ९ | सरकारी कोषमा योगदान | रु अर्बमा | २३.१० | २५.७५ | ३०.०६ | ३३.३१ |

अनुपात विश्लेषण गर्दा गत वर्षको तुलनामा खुद नाफामा गिरावट भएको कारणले प्रति शेयर आम्दानीमा प्रतिकूल प्रभाव परेको छ।

६०. **औसत राजस्वमा गिरावट -** कम्पनीको गत वर्षभन्दा यस वर्ष प्रयोगकर्ता औसत आम्दानीमा गिरावट आएको छ। प्रविधिको विकाससंगै डाटा सेवा प्रयोग गर्ने ग्राहकको संख्या बढ्दै गएकाले ग्राहकलाई तीव्र गतिको डाटा सेवा उपलब्ध गराउन अन्य सेवा प्रदायकले जोड दिने गरेका छन्। फोरजी/एलटीई र

एफटीटीएच सेवा विस्तारमा भएको ढिलाइका कारणले ग्राहकको माग अनुसार इन्टरनेट सहितको सेवा प्रदान गर्न नसक्दा कम्पनीको प्रति ग्राहक आम्दानी घट्दै गएको देखिन्छ। कम्पनीले प्रदान गरेका विभिन्न सेवाका प्रति ग्राहक आम्दानी निम्नानुसार छ:

| सि.नं. | सेवा | यस वर्ष कुल आम्दानी रु. लाखमा | कुल ग्राहक संख्या हजारमा | औसत प्रति हजार ग्राहक आम्दानी २०७५।७६ | औसत प्रति हजार ग्राहक आम्दानी २०७४।७५ | थप/घट |
|---|---|---|---|---|---|---|
| १. | पी.एस.टी.एन | २६१९९ | ६७७ | ३८६९.२५ | ४३८८.७२ | -१२% |
| २. | जी.एस.एम | २४५१४२ | २०२३८ | १२११.२६ | १३९५.८९ | -१३% |
| ३. | सी.डी.एम.ए | ६७३९ | १७७९ | ३७८.६६ | ५३५.८६ | -२९% |
| ४. | ए.डी.एस.एल | १०२९९ | २१९ | ४६९१.९४ | ७३२८.५५ | -३६% |
| ५. | एफ.टी.टी.एच | ३२८ | ४८ | ६८१३.५७ | १०९४२.६४ | -३८% |
| ६. | लिज लाइन | २२३९ | २ | ९४७३८.१८ | ७६६०८.६९ | २४% |
| ७. | वाइम्याक्स | २४२ | १८ | १३३३.०२ | २४९८.५५ | -४७% |

कम्पनीले नयाँ प्रविधिको प्रयोग र समयमै योजना कार्यान्वयन गरेर ग्राहकको चाहना र माग अनुसारको सेवा विस्तार गरी आम्दानी वृद्धि गर्नुपर्ने देखिन्छ।

६१. **लगानी** - कम्पनीको प्रबन्धपत्रमा ऋण लगानी सम्बन्धी कुनै व्यवस्था छैन। कम्पनीले अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा ६ प्रतिशत शेयर लगानी रहेको छ, जसलाई सहवित्तीय कर्जा लगानीअन्तर्गत प्रोजेक्ट सम्पत्तिको धितोमा २०६७।६८ देखि ऋण लगानी गर्दै आएको छ । कम्पनीले २०७६ असार मसान्तमा रु.९ अर्ब ५८ करोड ९६ हजार सावाँ तथा ब्याज असुल गर्न बाँकी रहेको छ।

६२. **अचल सम्पत्ति र बीमा** - कम्पनीले विभिन्न संघ संस्थाहरुको नाममा दर्ता रहेको तर भोग चलन गर्दै आएको २३८ स्थानमा रहेको ४ लाख ८२ हजार ५५० वर्ग मीटर जग्गा तथा विभिन्न स्थानमा कम्पनीको नाममा दर्ता नभएको जग्गामा बनाइएको घरटहराको रु.१७ करोड ७० लाख ९७ हजारलाई कम्पनीको अचल सम्पत्तिमा देखाएको छ। कम्पनीको अचल सम्पत्तिको भौतिक परीक्षण नगरिएको जग्गा र सवारी साधन बाहेक रु.२१ अर्ब ३३ करोडको अचल सम्पत्ति रहेकोमा रु.८ अर्ब २१ करोड सम्पत्तिको मात्र आगलागी र भूकम्प जोखिम बीमा गरेको पाइयो। अन्य सम्पत्तिको बीमा गराएको छैन ।

६३. **जोखिम व्यवस्थापन** - कम्पनीको डाटा, सूचना प्रविधिलगायतको जोखिम व्यवस्थापनका लागि पर्याप्त पहल भएको देखिएन। साथै टेलिकम मुख्य उपकरण तथा ती उपरकणहरु रहेका भवनहरुको सुरक्षाको उचित प्रबन्ध गरेको पाइएन। कम्पनीले दूरसञ्चार उपकरणहरुको भौतिक सुरक्षाका अलावा सफ्टवेयर तथा डाटा सेक्युरिटीको सुरक्षाको समेत उचित प्रवन्ध गर्नुपर्दछ।

६४. **कोष व्यवस्थापन** - कम्पनीको २०७६ असार मसान्तमा रु.७४ अर्बभन्दा बढी बैङ्क मौज्दात, मुद्दती निक्षेप तथा शेयर लगानी रहेकोमा लगानी नीतिको अभाव रहेको, कोष व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई लगानीका लागि वैकल्पिक उपायहरुको अवलम्बन गर्नुपर्ने देखिन्छ।

६५. **वाइम्याक्स योजना** - नेपाल जस्तो विकट भौगोलिक अवस्था रहेको देशमा वायरलेस प्रविधिमा उच्च गतिको डाटा प्रयोगका लागि वाइम्याक्स सेवा शुरु गर्न २०६८।११।३ आपूर्तिकर्तासंग सम्झौता भई अमेरिकी डलर १ करोड २५ लाख ८६ हजार मूल्यका उपकरणहरु खरिद गरेकोमा, स्पष्ट व्यापारिक योजना तथा रणनीतिको अभाव, सहरी क्षेत्रमा अन्य प्रविधिको प्रयोगजस्ता कारणले गर्दा गत वर्षभन्दा यस वर्ष करिब २६ प्रतिशतले ग्राहक संख्यामा र आम्दानीमा करिब ४७ प्रतिशतले कमी हुन गएकाले लगानीको सही सदुपयोग हुन सकेको छैन।

६६. **सी.डी.एम.ए. योजना -** कम्पनीले सी.डी.एम.ए. प्रविधिमा समेत ठूलो लगानी गरेकोमा जिएसएम नेटवर्क विस्तारका कारण यस सेवा बन्द हुने स्थितिमा रहेको, ४४ प्रतिशत प्रयोगकर्ता मात्र हाल प्रयोगमा रहेको, यस योजनाबाट प्राप्त हुने आम्दानीबाट उक्त सेवा प्रदान गर्नको लागि लाग्ने खर्च समेत धान्न नसक्ने अवस्था रहेको र यसको लागि प्रयोग हुने श्रोत साधनबाट अन्य महत्वपूर्ण सेवा जस्तै जि.एस.एम., ए.डि.एस.एल. आदिमा प्रभाव पर्न गर्न गएको देखिन्छ।

६७. **एफ.टी.टी.एच.सेवा -** कम्पनीले असीमित डाटा ट्रान्सफर क्षमता भएको फाइबरमा आधारित प्रविधि (एफ.टी. टी.एच.) विस्तार गर्ने कार्य २०६७।६८ बाट शुरु गरेकोमा हालसम्म पनि उल्लेख्य प्रगति हुन सकेको छैन। उक्त सेवाको ग्राहक संख्या २०७६ असार मसान्तसम्म १ लाख बनाउने लक्ष्यमध्ये ४ हजार ८२४ मात्र ग्राहक रहेको देखिन्छ। हालको परिवर्तित अवस्थामा डाटा, टेलिफोन तथा इन्टरनेट टेलिभिजन जस्ता सेवा एउटै सेवा प्रदायकबाट दिई ग्राहकको सन्तुष्टि वृद्धि गर्नुपर्ने अवस्थामा एफ.टि.टि.एच. सेवा विस्तारमा भएको ढिलाइले कम्पनीको सेवा विस्तार तथा प्रभावकारितामा असर पर्न गई आम्दानीमा समेत ह्रास भएको देखिन्छ।

६८. **ब्याण्डविथ खरिद/प्रयोग -** कम्पनीले दूरसञ्चार सेवा प्रदान गर्नको लागि आवश्यक ब्याण्डविथ विदेशी सेवा प्रदायक कम्पनीहरुबाट खरिद गरेको छ। इन्टरनेट ब्याण्डविथ शुल्क वापत ३ विदेशी सेवा प्रदायक कम्पनीलाई यस वर्ष रु.१ अर्ब ३५ करोड २६ हजार भुक्तानी भएकोमा खरिद क्षमताको अत्यन्त कम मात्र उपयोग भइरहेको देखिन्छ। त्यस्तै स्याटलाइट ब्याण्डविथ ३ विदेशी सेवा प्रदायक कम्पनीहरुबाट खरिद गरी प्रयोग गरिरहेकोमा सेवा शुल्क अन्य निजी सेवा प्रदायकहरुले भुक्तानी गरेको भन्दा बढी देखिएकाले सुधार गर्नुपर्ने र टेलिकमले फाइबर, माइक्रोवेभ जस्ता वैकल्पिक उपायहरुको अवलम्वन गरी स्याटलाइट ब्याण्डविथको उपयोग कम गर्नुपर्ने तथा स्याटलाइट ब्याण्डविथको लागि हुने वैदेशिक मुद्राको भुक्तानी न्यून गर्न देशमा आफ्नै स्याटलाइट राख्ने कार्यलाई तीव्रता दिई कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

६९. **नेटवर्क अनुकूलता तथा एक्सचेन्जहरुको ट्राफिक व्यवस्थापन -** कम्पनीले देशको १६ स्थानमा एकीकृत सम्भार युनिट राख्ने व्यवस्था गरे तापनि आवश्यक उर्जा, ब्याकअप ब्याट्री, सवारी साधन र टुल्स उपलब्ध नभएका कारण रिपिटर टावरमा समस्या आउनु र बाह्य कम्पनीसँग पर्याप्त समन्वय नहुनु जस्ता कारणले उक्त युनिटबाट उपकरण मर्मत सम्भार र कार्य समयमा हुने गरेको छैन। यसबाट ग्राहक सेवा तथा आम्दानीमा नकारात्मक असर पर्न गएको छ। तसर्थ कम्पनीले यथाशीघ्र नेटवर्कको अप्टिमाईजेशन, मर्मत सम्भार नीतिमा सुधार गरी आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यस्तै, ग्रामीण क्षेत्रमा रहेका बेस स्टेशनको अत्यन्त न्यून उपयोग भएको देखिएकाले बेस स्टेसन तथा अन्य उपकरणहरुको अत्युत्तम उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ।

७०. **अन्तर्राष्ट्रिय कल ट्राफिक -** टेलिकमको आम्दानीमा विगतमा अन्तर्राष्ट्रिय कल आम्दानीको ठूलो हिस्सा रहेकोमा हाल उक्त आम्दानी क्रमशः घट्दै गएको छ। यसरी अन्तर्राष्ट्रिय कल आम्दानीमा भएको कमीलाई पुरा गर्न नयाँ व्यापार रणनीति बनाई लागू गर्नुपर्ने अवस्था रहेको छ। यसका साथै नेपालबाट बाहिर जाने अन्तर्राष्ट्रिय कलका लागि न्यूनतम मूल्यको क्यारियर मार्फत पठाउने व्यवस्थाका लागि एलसिआर सिस्टम जडान गर्नुपर्ने देखिन्छ।

७१. **क्षमता अभिवृद्धि योजना -** नेपाल दूरसञ्चार कम्पनी लिमिटेड एक बहुसेवा प्रदायक कम्पनी रहेकोले यसले जिएसएम, सीडिएमए, एफटिटिएच, पिएसटिएन, र वाइम्याक्स जस्ता सेवाहरु प्रदान गर्दै आएको छ। विद्यमान तीब्र प्रतिस्पर्धात्मक बजारको अवस्थामा कम्पनीले आफ्नो सेवाहरुलाई नयाँ प्रविधिमा स्तरोन्नति गरी ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्न ताररहित सेवातर्फ मुलुकभर फोरजी/एलटिई सेवा यथाशक्य छिटो सञ्चालन गर्नुपर्ने, भ्यालु एडेड सेवाहरु सञ्चालन गर्ने र वायरलाइन ब्रोडब्याण्ड सेवाको क्षमता, गुणस्तर र बजार विस्तारलाई तीव्रता प्रदान गर्ने तथा ग्राहकको डाटा सम्बन्धी आवश्यकता पुरा गर्न एफटिटिएच

सेवालाई पनि यथासशीघ्र विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ। जिएसएम र सीडिएमए सेवा अन्तर्गत टुजी, थ्रीजी, फोरजी सेवामा सीडिएमसए सेवाको फेज आउट गर्ने निर्णय बाहेक अन्य पुराना पुस्ताका प्रविधिको समयसापेक्ष फेज आउट सम्बन्धी योजनाहरु कार्यान्वयनमा ल्याएको छैन। सुधारका कार्यलाई तत्काल अगाडि बढाउनुपर्ने देखिन्छ।

७२. **व्यावसायिक रणनीति** - प्रविधिमा भैरहेको विकास, विद्यमान तीव्र प्रतिस्पर्धात्मक बजार, ग्राहकको आवश्यकता तथा कम्पनीको व्यावसायिक लक्ष्य अनुसार आवश्यक मध्यम तथा दीर्घकालीन व्यावसायिक रणनीतिको अभाव रहेको देखिन्छ। प्रविधिमा समयानुकूल लगानी हुन नसक्नु, समयानुकूल सेवा तथा वस्तु विस्तार नहुनु, गुणस्तरीय सेवा देशभरि पुऱ्याउन नसक्नु जस्ता कारणले कम्पनीको प्रगति तथा वित्तीय अवस्थामा असर पर्न गएको देखिन्छ।

७३. **सेवा प्रवाह** - कम्पनीको संगठनात्मक संरचनालाई आधुनिकीकरण गरी सुधार गर्नुपर्ने, उच्च व्यवस्थापनलगायत प्रमुख विभाग शाखाहरुमा लामो समयसम्म खाली रहेका, सेवा/कार्य (जस्तैः- फोरजी/एलटीई) अनुसार कर्मचारी आवश्यकता पहिचान तथा परिचालन हुन नसकेको, कर्मचारीलाई जिम्मेवारी तथा उत्प्रेरित गर्ने संयन्त्र विकास तथा कार्यान्वयनमा ढिलाइ भएको, उत्तराधिकार योजनाको अभाव रहेको, परिवर्तन व्यवस्थापनको गतिविधिहरु नगण्य रहेको तथा कम्पनीमा खरिद गरिएका तथा प्रयोगमा आएका सफ्टवेयर तथा प्रविधिलाई पूर्ण रुपमा लागू गर्न नसकेको देखियो। उल्लिखित व्यवस्थामा सुधार गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ ।

## प्रेस काउन्सिल नेपाल - २०७५।७६

स्वस्थ पत्रकारिताको विकासका लागि सार्वजनिक नैतिकता र नागरिकहरुको मर्यादा कायम राख्ने, प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादा कायम राख्ने लगायतका उद्देश्यले प्रेस काउन्सिल ऐन, २०४८ अनुसार यो काउन्सिल स्थापना भएको हो।

७४. **सञ्चालन नतिजा** - काउन्सिलको गत वर्षको आम्दानी रु. ६ करोड ४५ लाख आम्दानी भएकोमा यो वर्ष रु. ५ करोड ९० लाख भएको छ। गतको तुलनामा यो वर्ष रु. ५५ लाख घटी आम्दानी भएको छ।

७५. **पत्रकार कल्याण कोष** - यस कल्याण कोषबाट काउन्सिलले अक्षय कोष मुद्दती खाता खोली सोबाट आर्जित व्याज आम्दानीबाट बिरामी पत्रकारलाई औषधि उपचार सुविधा प्रदान गर्दै आएको छ। यो वर्ष बैंकबाट आर्जित ब्याज र विविध आम्दानी समेत रु. ४ लाख ४५ हजार, गत वर्षको मौज्दात रु. ५२ लाख २८ हजार र आन्तरिक स्रोतबाट प्राप्त रु. ५० लाख समेत जम्मा रु. १ करोड ६ लाख ७३ हजार मौज्दात देखिएकोमा यो वर्ष ३६ पत्रकारलाई रु. ३ लाख ७७ हजार वित्तीय सहयोग प्रदान गरेको छ। पत्रकारको औषधि उपचार खर्चमा सहयोग गर्न कोषलाई थप व्यवस्थित र मजबुत बनाउनुपर्दछ।

७६. **मिडिया विकास कोष** - मोफसलका ९ सञ्चार माध्यमलाई पत्रपत्रिका छपाइको लागि अफसेट प्रेस खरिद तथा रेडियो, टेलिभिजन सञ्चालनमा लिएको ऋणमा व्याज अनुदान रु.६ लाख ४४ हजार उपलब्ध गराएको देखियो। यसरी ब्याज अनुदान उपलब्ध गराएका सञ्चार माध्यमहरू सञ्चालनमा आए, नआएको अनुगमन गरी सोको अद्यावधिक अभिलेख राख्नुपर्दछ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रयोग हुन बाँकी फ्रिक्वेन्सी बाँडफाँड र वितरण नगरेको, फ्रिक्वेन्सी नीतिले तोकेबमोजिमको फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी

असुल गरेको, हुलाक टिकटको मौज्दात बढी राखेको, एनालग प्रणालीलाई पूर्णरुपमा डिजिटल प्रविधिमा परिवर्तन नगरेको, पत्रकार कल्याणकोषको रकम प्रयोग नगरी प्रत्येक वर्ष मौज्दात जिम्मेवारीमात्र सार्ने गरेको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- बेरुजू स्थिति - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
    - सरकारी कार्यालयतर्फ ५१ निकायमा रु.१ अर्ब ३९ करोड ५८ लाख ४८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायले रु. १ करोड ४० लाख ५५ हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब ३८ करोड १७ लाख ९३ हजार बाँकी रहेको छ । सोमध्ये रु.४ करोड २३ लाख ६७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
    - संगठित संस्था तथा अन्य संस्थातर्फ रु.२ करोड ३५ लाख ३१ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले रु.२ करोड ३५ लाख ३१ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवालाई प्रयोगमा ल्याउने वातावरण प्रत्याभूति गराउने, एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानीजस्ता चिकित्सा प्रणालीसम्बन्धी प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनः स्थापना, अनुसन्धान तथा विकास गर्ने, नर्सिङ होम, निजी तथा सामुदायिक अस्पतालको नियमन गर्ने, औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारणलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहतका सरकारी तथा संगठित संस्था समेत ४३ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका १६ कार्यालयको निम्नानुसार रु.१९ अर्ब ६३ करोड ७६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु. लाखमा)

| विनियोजन | | राजस्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| १६ | १८९४७९ | १५ | २५१० | १६ | ९६७ | ९ | ३४२० | १६ | १९६३७६ |

उक्त लेखापरीक्षण अङ्कमा यस मन्त्रालयमा विनियोजन भएको मध्ये शहरी विकास मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायबाट भएको निकासा खर्च समावेश छैन ।

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष २७ अस्पताल तथा संगठित संस्थाको रु.५० अर्ब ९७ करोड ९१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **शोधभर्ना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ मा वैदेशिक सहायता शोधभर्ना लिने व्यवस्था छ । मन्त्रालयले पेस गरेको केन्द्रीय आर्थिक विवरणअनुसार अनुदान रु.६ करोड ८१ लाख र ऋण रु.४५ करोड ५५ लाखसमेत रु.५२ करोड ३६ लाख शोधभर्ना हुन बाँकी रहेको देखिन्छ । उक्त रकम शोधभर्ना लिई शोधभर्ना हिसाब समायोजन गर्नुपर्दछ ।

४. **प्राविधिक सहायता -** बजेट वक्तव्य २०७५।७६ मा ५ दाताबाट ३३ कार्यक्रमको लागि अमेरिकी डलर ६ करोड ७७ लाख ४२ हजारको हुने रु.७ अर्ब ४४ करोड ८९ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । प्राविधिक सहायताअन्तर्गत भएको खर्चको विवरण उपलब्ध गराएको छैन । प्राविधिक सहायताअन्तर्गत भएको खर्चको विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

५. **सोझै भुक्तानी -** मन्त्रालयलाई यो वर्ष जर्मनी सरकार सहयोगअन्तर्गतको के.एफ.डब्लु. सोझै भुक्तानी अनुदानतर्फ रु.१ अर्ब बजेट व्यवस्था भएकोमा रु.९ करोड ९२ लाख ६२ हजार अर्थात् ९.९३ प्रतिशतमात्र खर्च भएको छ । मन्त्रालयले दातासँगको उक्त रकम ३ निर्माण व्यवसायीलाई स्वास्थ्य संस्थाको भवन निर्माण बापत भुक्तानी गरेको जनाए तापनि खर्चको स्रेस्ता लेखापरीक्षणको क्रममा पेस गरेको छैन । सो खर्चको लेखापरीक्षण गराउनुपर्दछ ।

६. **गैरबजेटरी सहयोग -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ मा वैदेशिक सहायता बापत कुनै किसिमको सहायता प्राप्त गर्दा वार्षिक कार्यक्रम वा बजेटमा प्रतिविम्बित गरी आम्दानी खर्च गर्नुपर्ने व्यवस्था छ । भूकम्पबाट क्षति भएको भवन निर्माणको लागि जापान सहयोग नियोगसँग २०१६ फेब्रुअरी १७ मा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल र वीर अस्पतालको पुनर्निर्माण गर्न जापानी येन २ अर्ब १० करोड ८८ लाख (ने.रु.२ अर्ब २ करोड ८६ लाख) को टर्नकी सम्झौता भई निर्माणसम्बन्धी कार्य

सम्पन्न गरी भवन हस्तान्तरण समेत भएकोमा वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरेको पाइएन । नियमको व्यवस्था पालना गर्नुपर्दछ ।

७. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐनमा सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्नेमा राष्ट्रिय क्षयरोग केन्द्र, इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा र राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रअन्तर्गतका कार्यक्रमका लागि यो वर्ष वस्तुगत सहायतासमेत रु.९३ करोड ३७ लाख सरकारी संयन्त्रभन्दा बाहिरको सेभ द चिल्ड्रेनमार्फत खर्च भएको छ । उक्त खर्चको स्रेस्ता लेखापरीक्षणका लागि पेस भएको छैन । त्यस्तै स्वास्थ्य सेवा विभागले वस्तुगत सहायतातर्फ प्राप्त रु.१ अर्ब ९ करोड ३५ लाखको लेखापरीक्षण गराएको छैन । ऐनको व्यवस्थाअनुसार सबै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनुपर्दछ ।

८. **केन्द्रीय आर्थिक विवरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७(क) अनुसार मन्त्रालयले केन्द्रीय लेखा राख्ने र मातहतका निकाय समेतको आर्थिक कारोबार सहितको केन्द्रीय विवरण पेस गर्नुपर्ने व्यवस्था भए तापनि प्राप्त केन्द्रीय आर्थिक विवरणमा सबै कारोबार समावेश गरेको देखिएन । मन्त्रालय र मातहत निकायले प्राप्त वस्तुगत सहायताको विवरण र बीमा बोर्डको कार्यसञ्चालन कोषको रकम केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको छैन । स्वास्थ्य निकायअन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यसम्बन्धी समग्र कार्यको लागि उपलब्ध गराएको रकमको एकीकृत अभिलेख राखेको देखिएन । नियमानुसार सबै आर्थिक कारोबारहरु केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्दछ । यस सम्बन्धमा एकीकृत खर्चको आर्थिक विवरण पेस गरिने जवाफ प्राप्त भएको छ ।

## • नीति कार्यान्वयन तथा उपलब्धि

९. **नीति कार्यान्वयन -** राष्ट्रिय स्वास्थ्य नीति, २०७१ अनुसार गुणस्तरीय एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउने उल्लेख छ । नीतिअनुसार ७० प्रकारका औषधि निःशुल्क वितरण गर्ने कार्यक्रम सञ्चालन भए तापनि अधिकांश स्वास्थ्य संस्थामा सबै प्रकारका औषधिको उपलब्धता नभएकोले स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । सर्वसुलभ एवं प्रभावकारी रुपमा स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गर्ने नीति रहेकोमा अधिकांश स्वास्थ्य संस्थामा चिकित्सक, पारामेडिक्स, नर्सलगायतका पद रिक्त रहेकोले र दुर्गम स्थानमा विशेषज्ञ चिकित्सक नबस्ने कारणले स्वास्थ्य सेवामा प्रभाव परेको छ । भूगोल र जनसंख्याको अनुपातमा तोकिएबमोजिम स्वास्थ्य संस्थाको व्यवस्था गर्ने नीति पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । औषधिको उत्पादनमा देशलाई आत्मनिर्भर बनाउने उल्लेख भए तापनि यो वर्ष रु.२७ अर्ब ३३ करोडको औषधि आयात भएकोले यसमा आत्मनिर्भर हुन सकेको देखिएन । स्वास्थ्यका लागि गरिने कुल लागतको ५५ प्रतिशत व्यक्तिहरुको निजी खर्च हुने गरेकोमा सो प्रतिशत क्रमशः घटाइने नीति भएकोमा खर्च प्रतिशत घटेको देखिँदैन । स्वास्थ्यसँग सम्बन्धित घोषित नीतिको प्रभावकारी कार्यान्वयन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

१०. **क्षेत्रगत लक्ष्य -** चौधौँ योजना (२०७३।७४-२०७५।७६) मा स्वास्थ्य क्षेत्रमा तोकिएका सूचकहरुको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

| सूचकहरु | इकाई | आधार वर्ष २०७२।७३ को स्थिति | २०७५।७६ को | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २५८ | १४५ | २३९ |
| ५ वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३८ | ३० | ३९ |
| नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २३ | २० | २१ |
| कुल प्रजनन् दर | जना | २.३ | २.१ | २.३ |
| ५ वर्षमुनिका बालबालिकामा भएको पुड्कोपना | प्रतिशत | ३७ | ३२ | ३६ |
| पहिचान भएका क्षयरोगीमध्ये उपचारको सफलता | प्रतिशत | ९० | ९० | ९१.७ |
| ५ वर्षमुनिका कम तौल भएका बालबालिकाहरुको संख्या | प्रतिशत | २९ | २७ | २७ |
| परिवार नियोजनको आधुनिक साधन प्रयोग दर | प्रतिशत | ४९.६ | ६० | ४३ |
| स्वास्थ्य संस्थामा प्रसूति सेवाको उपभोग | प्रतिशत | ५५ | ७० | ६३.२ |
| स्वास्थ्यकर्मीद्वारा प्रसूति सेवा प्राप्त गर्ने | प्रतिशत | ५० | ७० | ५९.६ |
| चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला | प्रतिशत | ५९ | ६५ | ५६.२ |
| भिटामिन "ए" प्राप्त गर्ने सुत्केरी महिला | प्रतिशत | ५३ | ७० | ६४.५ |
| डी.पी.टी. हेप. खोप तेस्रो प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९२ | ९३ | ८६.४ |
| दादुरा खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | ८८.२ | ९० | ७२.८ |
| औलो रोग पत्ता लागेको बिरामी संख्या | जना | १३५२ | १००० | १०६५ |
| वार्षिक नयाँ एच.आई.भी. संक्रमित | जना | १४८० | १२०० | २३६० |
| गर्भवती महिलामध्ये पी.एम.टी.सी.टी. सेवा पाएका गर्भवती महिला प्रतिशत | प्रतिशत | ३० | ४० | ६१ |
| निःशुल्क औषधिको उपलव्धता प्रकार | संख्या | ७० | ७० | ७० |
| सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य बीमा) विस्तार | जिल्ला | ३ | ७५ | ४६ |

स्वास्थ्य क्षेत्रका माथि उल्लिखित १९ परिमाणात्मक लक्ष्यमध्ये योजनाको अन्त्यसम्म अधिकांश लक्ष्यमा आंशिक सुधार भएको देखिन्छ । मातृ मृत्युदर, नवजात शिशु मृत्यदुर, ५ वर्षमुनिका बालबालिकामा भएको पुड्कोपना, स्वास्थ्य संस्थामा प्रसूति सेवाको उपभोग लगायत विभिन्न ८ क्षेत्रमा सुधार देखिए तापनि लक्ष्य हासिल हुन सकेको देखिएन । त्यसैगरी ५ वर्षमुनिको बाल मृत्युदर, परिवार नियोजनको आधुनिक साधन प्रयोग दर, दादुरा खोप प्राप्त गर्ने बालबालिकालगायत विभिन्न ७ क्षेत्रमा लक्ष्यअनुसार प्रगति हुन सकेको छैन । औलो तथा एड्स संक्रमितको संख्या बढेकोले प्रवर्द्धनात्मक कार्यक्रम प्रभावकारी भएको देखिँदैन । तोकिएको लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

११. **दिगो विकास -** सबै उमेर समूहका व्यक्तिको स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकासको लक्ष्यअन्तर्गत सन् २०३० सम्म मातृमृत्यु अनुपात प्रति १ लाखमा ७० भन्दा कम गर्ने उल्लेख गरेकोमा २०७५।७६ मा २३९ रहेको, नवजात शिशु मृत्यु प्रतिहजार जीवित जन्ममा १२ र ५ वर्षमुनिका बालमृत्यु २५ मा सीमित गर्ने उल्लेख भएकोमा २०७५।७६ सम्म क्रमशः २१ र ३९ रहेको छ । नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट सन् २०३० सम्म एक तिहाइले कम गर्ने गन्तव्य तोकिएकोमा सो सम्बन्धी सूचकाङ्क उपलब्ध नभएको तथा सडक दुर्घटनाबाट हुने मृत्यु र घाइतेको संख्यालाई २०३० सम्म आधा घटाउन ७ वटै प्रदेशमा ट्रमा सेन्टर स्थापना गर्ने कार्यक्रम रहेकोमा स्थापना कार्य अगाडि बढ्न सकेको छैन । प्राप्त तथ्याङ्कअनुसार सडक दुर्घटना विगत ६ वर्षमा ८२.१७ प्रतिशतले वृद्धि भएको, स्वास्थ्य बीमा कार्यक्रम २०७२।७३ देखि शुरु भई २०७५।७६ सम्म १६ लाख ८६ हजार २२९ मात्र सहभागी भएको, एच.आई.भी. संक्रमित र क्षयरोगका बिरामीको तुलनामा वृद्धि भई क्रमशः ३५ हजार ६२ र ३२ हजार ४७४ पुगेको छ । यस

अवस्थाले दिगो विकास लक्ष्यले तोकेको सूचक हासिल गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि सबै तहका स्वास्थ्य निकायबीच समन्वय, आवधिक मूल्याङ्कन तथा प्रभावकारी नियमन आवश्यक देखिन्छ ।

## • बजेट तथा कार्यक्रम कार्यान्वयन

१२. **बजेट वक्तव्य कार्यान्वयन -** आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा मुलुकभर विस्तार गर्ने उल्लेख भएकोमा ४६ जिल्लामा मात्र लागू भएको, स्थानीय तहको लागत सहभागितामा दुई वर्षभित्र सबै वडाहरुमा एक/एक स्वास्थ्य संस्था स्थापना गर्ने उल्लेख भएकोमा निर्माण कार्यले गति लिन नसकेको, वीर अस्पतालको दुवाकोट स्थित परियोजनालाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सेवा प्रदान गर्न बोलपत्र प्रक्रिया शुरु गर्ने उल्लेख भएकोमा सो सम्बन्धी गुरुयोजना तयार नभएको, उच्च प्रविधियुक्त रोग निदान केन्द्रको आधुनिक प्रयोगशाला र मृगौला उपचार केन्द्र काठमाडौँमा स्थापना गर्ने कार्यको लागि स्थान छनौट नभएको, निजी क्षेत्रका मेडिकल कलेजको सहकार्यमा दुर्गम क्षेत्रमा विशेषज्ञसहितको घुम्ती अस्पताल सेवा सञ्चालन गर्ने उल्लेख भएकोमा निजी मेडिकल कलेज सहभागी नभएको, सबै स्थानीय तहमा कम्तीमा एक चिकित्सकको सेवा सुनिश्चित गर्ने कार्य नभएको तथा आधारभूत औषधिहरुमा आत्मनिर्भर हुन औषधि उत्पादनको क्षमता विस्तार गर्ने, औषधिको कुल खरिदमध्ये ५० प्रतिशत राष्ट्रिय उत्पादनको औषधि खरिद गर्ने उल्लेख भए तापनि औषधिको आयात गत वर्षको तुलनामा बढेको अवस्था छ । बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्न स्पष्ट सञ्चालन योजना तयार गर्नुपर्दछ ।

१३. **बजेट अबण्डा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयको नाममा रु.६ अर्ब ३९ करोड ४७ लाख एकमुष्ट बजेट समावेश गरेको देखियो । यसरी शुरु बजेटमा रकम समावेश गर्दा केही शीर्षकमा कार्यक्रम र केही शीर्षकमा स्वास्थ्य संस्थाको नाम (१०२ कार्यक्रम तथा संस्था) समेत उल्लेख गरेको छ । उक्त शीर्षकमा रकमान्तरपछि कायम भएको बजेट रु.६ अर्ब ७५ करोड ९९ लाखमध्ये अर्थ मन्त्रालयमार्फत प्रदेश सरकार र स्थानीय तहलाई तलव भत्ता तथा आमा सुरक्षा कार्यक्रममा रु.३ अर्ब ७८ करोड ६० लाख वित्तीय हस्तान्तरण भएको उल्लेख छ । शुरु कार्यक्रम २०७६।३।३१ सम्म २६ औं पटक संशोधन गरी मन्त्रालयको नाममा रु.२ अर्ब ९७ करोड ३९ लाख खुद बजेट कायम गरेकोमध्ये रु.२ अर्ब ५६ करोड ९४ लाखमात्र निकासा खर्च भएको छ । प्रदेश तथा स्थानीय तहको बजेट सम्बन्धित निकायको नाममा समावेश नगरी अबण्डा रुपमा मन्त्रालयको उपशीर्षकमा समावेश गर्नु उपयुक्त देखिँदैन ।

त्यसैगरी बजेट तर्जुमा गर्दा आफ्नै बजेट उपशीर्षक नम्बर भएका संघअन्तर्गत रहेका स्वास्थ्य निकायहरु जस्तै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय ट्रमा सेन्टरलगायतलाई दिने रकमसमेत उक्त शीर्षकमा समावेश गरेको देखियो । मन्त्रालयको नाममा अबण्डा प्रकृतिको रकम समावेश गरी बजेट तर्जुमा गर्ने र पटक पटक कार्यक्रम संशोधन गरी अख्तियारी दिने कार्यमा सुधार गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ ।

१४. **कार्यक्रम संशोधन तथा रकमान्तर -** मन्त्रालयले अनुगमन, मूल्याङ्कन तथा योजना खर्च शीर्षकको शुरु कार्यक्रममा स्वास्थ्य चौकी नभएका वडाहरुमा स्थानीय तहसँग सहकार्य गरी प्राथमिक स्वास्थ्य चौकी निर्माणमा रु.४ अर्ब बजेट समावेश गरेकोमा १ हजार २०० वडामा भवन निर्माणको लागि रु.३ अर्ब १० करोड २५ लाख र तलब, भत्ताको लागि प्रत्येक वडामा रु.५ लाखका दरले रु.६० करोड समेत रु.३ अर्ब ७० करोड २५ लाख वित्तीय हस्तान्तरण गरेको र अस्पतालको अनिवार्य दायित्व रु.२९ करोड ७५ लाख भुक्तानी गर्न २०७६।१।४ मा कार्यक्रम संशोधन गरेको छ । त्यसैगरी मुख्य राजमार्गमा ट्रमा

युनिट विस्तार गर्न रु.१ करोड ५० लाख शुरु बजेटसहितको कार्यक्रम रहेकोमा २०७६।३।२६ मा रकमान्तर गरी नेत्रज्योति संघलाई भवन निर्माण गर्न पुँजीगत अनुदान रु.१ करोड र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पुँजीगत अनुदान रु.५० लाखको अख्तियारी दिएको छ । राष्ट्रिय स्वास्थ्य नीति र दिगो विकासको लक्ष्य प्राप्त गर्न तय भएको बजेट र कार्यक्रम संशोधन गरी वर्षान्तमा रकमान्तर गर्दा लक्षित उद्देश्य हासिल हुन नसक्ने भएकोले यसप्रकारको कार्यमा नियन्त्रण गरी आर्थिक अनुशासनको पालना गर्नुपर्दछ ।

१५. **पेट सीटी स्क्यान मेसिन** - क्यान्सर रोगको निदानसम्बन्धी पेट सीटी स्क्यान मेसिन खरिद तथा आधुनिक प्रयोगशाला र मृगौला उपचार केन्द्र स्थापना गर्न रु.४३ करोडको बजेट विनियोजन गरेकोमा कार्यक्रम संशोधन तथा रकमान्तर गरी विभिन्न ६ निकायलाई भवन निर्माण गर्न रु.१७ करोड ५० लाख, वीर अस्पताललाई प्रयोगशाला सुदृढीकरण गर्न रु.१ करोड ५० लाख, भरतपुर क्यान्सर अस्पताल र कोशी अञ्चल अस्पताललाई औजार उपकरण खरिद गर्न रु.२।२ करोड समेत रु.४ करोड र स्वास्थ्य सेवा विभागलाई पेट सीटी स्क्यान मेसिन खरिद तयारी लगायत औजार उपकरण खरिद गर्न रु.२० करोडको अख्तियारी दिएको देखियो । पेट सीटी स्क्यान मेसिन खरिद गर्न छुट्याएको बजेटमध्ये स्वास्थ्य सेवा विभागले रु.८ करोड २८ लाख ३६ हजार मूल्यको सीटी स्क्यान मेसिन खरिद गरी गजेन्द्र नारायण सिंह अस्पताल, राजविराजलाई उपलब्ध गराए तापनि २०७६।११।१९ सम्म सञ्चालनमा आएको छैन । मन्त्रालयले ९ महिनासम्म मेसिन खरिदसम्बन्धी कुनै निर्णय नगरी विनियोजित बजेट निष्क्रिय राखे र तेस्रो चौमासिकमा शुरु कार्यक्रमको मर्म विपरीत सीटी स्क्यानलगायतका उपकरण/औजार खरिद गर्न कार्यक्रम संशोधन गर्नु उचित देखिँदैन । विनियोजित बजेट तोकिएको कार्यमा उपयोग गरी स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गराउनुपर्दछ ।

१६. **कार्यक्रम कार्यान्वयन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ बमोजिम स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्दछ । मन्त्रालयले यो वर्ष ट्रमा सेन्टर स्थापना लगायत बजेटमा समावेश गरेका २५ कार्यक्रममा छुट्याएको बजेट रु.१० करोड ४५ लाख र विभिन्न जिल्लामा १२ स्वास्थ्य चौकी निर्माण गर्न बजेट व्यवस्था गरेको रु.१ अर्ब खर्च गरेको छैन । स्वास्थ्य सेवा विभागले ६४ कार्यक्रमको लागि विनियोजन गरेको रु.३७ करोड ३६ लाखको कार्यक्रम सञ्चालन नगरी शून्य प्रगति देखाएको छ । वार्षिक लक्ष्यमा कार्यक्रम समावेश गर्ने तर कार्यान्वयन नगर्ने अवस्थाले स्वास्थ्य सेवा प्रवाहमा सुधार तथा दिगो लक्ष्य प्राप्त हुन सक्दैन । स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन हुन नसक्नुको कारण पहिचान गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७. **स्वास्थ्य कर कोष** : सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने नियमावली, २०६८ मा सुर्तीजन्य पदार्थको अन्तःशुल्कबाट उठेको रकमको २५ प्रतिशत स्वास्थ्य कर कोषमा जम्मा गरिने व्यवस्था छ । उक्त कोषमा २०७२।७३ देखि २०७५।७६ सम्मको सूर्तीजन्य पदार्थको अन्तःशुल्क रु.४९ अर्ब २९ करोडको २५ प्रतिशतका दरले रु.१२ अर्ब ३२ करोड कोषमा प्राप्त हुनुपर्नेमा रु.१ अर्ब ८५ करोड ३२ लाख मात्र प्राप्त भएको देखिएकोले विगत ४ वर्षमा रु.१० अर्ब ४७ करोड न्यून प्राप्त भएको छ । कोषमा न्यून रकम प्राप्त भएका कारण कोषबाट बाँडफाँड गरिने निकायमा समेत रकम न्यून हुन गएको छ ।

१८. **वैदेशिक सहयोग** : आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा २७(२) मा वैदेशिक सहायतालाई वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने प्रावधान छ । राष्ट्रिय क्षयरोग केन्द्र, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र अन्तर्गत सन् २०१७ मा अमेरिकी डलर १ करोड ८० लाख २३ हजार बजेटमा समावेश गर्ने गरी र २ करोड ५० लाख ९ हजार प्राविधिक सहायताको रुपमा सेभ द चिल्ड्रेनले प्रयोग गर्ने गरी अमेरिकी डलर ४ करोड ३० लाख ३२ हजारको सम्झौता भएको पाइयो । यस सम्बन्धमा अर्थ मन्त्रालयको २०७५।२।२१ को पत्रमा स्वास्थ्य तथा

जनसंख्या मन्त्रालय प्रमुख प्रासिकर्ताको लागि योग्य हुन नसकेकोले सेभ द चिल्ड्रेनमार्फत कार्यान्वयन गर्ने विकल्प अवलम्बन गर्ने गरी सम्झौता भएको पाइयो । यसरी वैदेशिक सहायता प्राप्त गर्ने मुलुकको संयन्त्र मार्फत परिचालन एवं संघीय सञ्चित कोषमा जम्मा नगरी ग्लोबल फण्डबाट प्राप्त हुने रु.४ अर्ब ७३ करोड ९ लाख ३८ हजार सरकारी संयन्त्रभन्दा बाहिरबाट खर्च गरेको छ । राष्ट्रिय क्षयरोग केन्द्र, इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा र राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र अन्तर्गतका कार्यक्रमका लागि १९ जुलाई २०१८ मा पुनः भएको नयाँ त्रिपक्षीय सम्झौतामा समेत सेभ द चिल्ड्रेन इन्टरनेशनललाई प्रमुख प्रासिकर्ताको रुपमा लिई सोमार्फत सन् २०२१ सम्म रु.३ अर्ब ३८ करोड २१ लाख ५० हजारको सम्झौता भएको छ । वैदेशिक सहायताको कार्यान्वयन सरकारी निकायबाट गराउनुपर्दछ ।

## ● जनशक्ति व्यवस्थापन

१९. **संगठन, व्यवस्थापन -** नेपालको संविधानको अनुसूची ५, ६, ७ र ८ मा संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्यसम्बन्धी अधिकार तोकिएको छ । अनुसूचीमा स्वास्थ्यसम्बन्धी नीति, मापदण्ड, गुणस्तर, नियमन लगायतका अधिकार संघअन्तर्गत, स्वास्थ्य सेवा प्रदेशअन्तर्गत, औषधि तथा विषादीसम्बन्धी संघ र प्रदेशको साझा अधिकार र आधारभूत स्वास्थ्य स्थानीय तहको अधिकारअन्तर्गत रहने उल्लेख छ । संघअन्तर्गत ४३ निकाय, प्रदेशअन्तर्गत २२९ निकाय र स्थानीय तहअन्तर्गत ४ हजार ३९२ निकायसमेत कुल ४ हजार ६६४ निकाय रहने व्यवस्था गरेको देखियो ।

संघअन्तर्गत मन्त्रालय मातहत ३ विभाग र औषधि व्यवस्था विभाग मातहत ४ कार्यालय रहे तापनि अन्य विभाग मातहत कुनै कार्यालय रहेको देखिँदैन । स्वास्थ्य सेवा विभागको मुख्य कार्य मन्त्रालयलाई सहजीकरण गर्ने रहेको र विभागअन्तर्गत कुनै पनि कार्यालय नरहेकोले प्रशासनिक सरलता, लागत, लाभ र सेवा प्रवाहमा गुणस्तर वृद्धि हुने गरी संगठनको कार्य विभाजन हुनुपर्दछ । यस सम्बन्धमा मन्त्रालयबाट समीक्षा भइरहेको जवाफ प्राप्त भएको छ ।

२०. **कर्मचारी समायोजन -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाटै सम्पन्न गर्ने अख्तियारी प्राप्त भएबमोजिम मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहअन्तर्गत ३१ हजार ६५१ दरबन्दीमध्ये २६ हजार ७१७ जनाको समायोजन गरेको र ३६२ कर्मचारी फाजिलमा रहेको देखिन्छ । यस वर्ष समायोजन कार्यको लागि कार्यालय व्यवस्थापन लगायतका कार्यमा रु.१ करोड ७ लाख खर्च भएको छ । समायोजनको क्रममा कतिपय निकायमा दरबन्दीभन्दा बढी तथा कतिपय निकायमा दरबन्दीभन्दा न्यून कर्मचारी समायोजन भएको र समायोजन गरिएका कतिपय कर्मचारी कार्यस्थलमा उपस्थित नभएकोले सेवा प्रवाहमा असर नपर्ने गरी समायोजन कार्य प्रभावकारी बनाउनुपर्दछ ।

## ● अनुदानको उपयोग

२१. **अनुदान -** यो वर्ष मन्त्रालयले ८ सामुदायिक संस्थालाई रु.१६ करोड २८ लाख ३० हजार अनुदान उपलब्ध गराएकोमा निम्नानुसार देखिएको छः

२१.१ सामुदायिक अस्पतालहरुलाई अनुदान दिनेसम्बन्धी निर्देशिका, २०७३ मा अनुदान प्राप्त गर्नसक्ने सामुदायिक अस्पतालको छनौट गर्दा राष्ट्रियस्तरको दैनिक पत्रिका एवं मन्त्रालयको वेभ साइटमा सूचना प्रकाशित गर्नुपर्ने वार्षिक कार्यक्रममा समावेश गरी बजेट माग्नुपर्ने व्यवस्था भए तापनि सो प्रक्रिया पूरा नगरी मन्त्रालयले ५ सामुदायिक अस्पताल तथा स्वास्थ्य संस्थालाई भवन निर्माण र उपकरण खरिदको

लागि रु.१२ करोड ९९ लाख ३० हजार अनुदान वर्षान्त (२०७६।३।२९ देखि २०७६।३।३१) मा उपलब्ध गराएको छ ।

सोही निर्देशिकामा अनुदान प्राप्त गर्नेले चौमासिक अवधि समाप्त भएको १५ दिनभित्र र आर्थिक वर्ष समाप्त भएको ९० दिनभित्र भौतिक प्रगति पठाउनुपर्ने व्यवस्था गरेकोमा यो वर्ष कुनै प्रगति विवरण पेस गरेको देखिएन । निर्देशिकामा अनुदान प्राप्त गर्ने सामुदायिक अस्पतालहरुले तोकिएको विभिन्न शर्तहरु पालना गरे नगरेको मन्त्रालयले अनुगमन गर्नुपर्ने उल्लेख गरे तापनि अनुगमन गरेको देखिएन । निर्देशिकामा उल्लेख भएको प्रक्रिया पालना गरी अनुदान दिने प्रावधानको पालना गर्नुपर्दछ ।

२१.२ मन्त्रालयले वार्षिक कार्यक्रममा समावेश विभिन्न ३ स्वास्थ्य संस्थालाई रु.३ करोड २९ लाख अनुदान उपलब्ध गराएकोमा निर्देशिकाको व्यवस्थाअनुसार प्रगति प्रतिवेदन पेस गरेको देखिएन । निर्देशिकामा तोकिए अनुसारको कार्य सम्पन्न भएको सुनिश्चित हुनुपर्दछ । यस सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस गर्ने प्रतिक्रिया प्राप्त भएको छ ।

- **स्वास्थ्य संस्था नियमन**

२२. **सञ्चालन अनुमति -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मा अनुमति नलिई स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने उल्लेख छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्वास्थ्य संस्था सञ्चालन अनुमतिको लागि १४ संस्था (मेडिकल कलेज, अस्पताल) ले ७ हजार ४६१ शय्याको स्वास्थ्य संस्था सञ्चालन गर्न निवेदन दिएकोमा सो निवेदन उपर कारबाही गरेको देखिएन ।

सञ्चालन अनुमति प्राप्त नभए तापनि स्वास्थ्य संस्था सञ्चालन भइरहेको छ । सञ्चालन अनुमति माग गरेको १० वर्षसम्म निर्णयविहीन अवस्था रहनु उचित होइन । यस सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गर्नुपर्दछ ।

२३. **अनुमति दस्तुर -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० (दोस्रो संशोधन २०७३) को दफा ८ को उपदफा ६ मा निर्देशिका प्रारम्भ हुनुभन्दा अगाडि अनुमतिको लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले प्रतिशय्या रु.४ हजारको अतिरिक्त पाँच गुणा बढी दस्तुर र नयाँ अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले माथि उल्लेख भएबमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि सञ्चालन अनुमति दिन सकिने व्यवस्था छ । यो वर्ष काठमाडौँस्थित एक मेडिकल कलेज र विराटनगरस्थित एक निजी अस्पताललाई सञ्चालन अनुमति दिएकोमा सो दस्तुरलाई ५ वर्षको दस्तुर मानी औसतमा २ वर्षको गणना गरेको र तोकिएबमोजिमको दस्तुरमा पाँच तथा तीन गुणा थप गरी रु.१ करोड ४० लाख दस्तुर असुल गनुपर्नेमा रु.३१ लाख २० हजार मात्र असुल गरेको पाइयो । छुट भएको दस्तुर रु.१ करोड ८ लाख ८० हजार असुल गर्नुपर्दछ ।

२४. **अनुमति र मापदण्ड -** काठमाडौंस्थित एक मेडिकल कलेजले ७५० शय्याको अस्पताल सञ्चालन गर्न २०७३।९।१८ मा निवेदन दिएकोमा निरीक्षण गर्न गठित अनुगमन टोलीले दिएको प्रतिवेदनमा आकस्मिक शय्या क्षमता कुल शय्या संख्याको १० प्रतिशतभन्दा कम रहेको, आकस्मिक उपचार कक्षमा ३६ शय्या भएतापनि १८ मात्र भेन्टिलेटर भएको, एम.आर.आई. मेसिन कम्तीमा ०.५-१.५ टेस्लाको हुनुपर्नेमा ०.३ टेस्लाको मात्र सञ्चालनमा रहेको, मेमोग्राफी युनिट सञ्चालनमा नरहेको, आफ्नै स्वामित्वको फार्मेसी सञ्चालन नभएको, मापदण्डअनुसार ४५० शय्या क्षमताको अस्पताल सञ्चालन हुन सक्ने देखिएकोमा ६२० शय्या सञ्चालनमा रहेको लगायतका व्यहोरा उल्लेख गरेको छ । उपर्युक्त प्रतिवेदनमा उल्लेख भएका अधिकांश सुझावहरु कार्यान्वयन गरेको व्यहोरा जनाई २०७६।३।२९ को सचिवस्तरीय

निर्णयबाट अनुमति दिएको छ । मापदण्डका सबै प्रावधान पूरा नगरेको अवस्थामा अनुमति दिनु उपयुक्त देखिँदैन ।

२५. **अनुमति नवीकरण -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १२ मा नवीकरणको लागि निवेदन पेस नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुने व्यवस्था छ । सञ्चालन अनुमति नवीकरण बेगर स्वास्थ्य संस्था सञ्चालन गर्न मिल्दैन । स्वास्थ्य सेवा विभागले नियमन गर्ने २०० शय्यासम्मका निजी अस्पताल ८९ मध्ये २१ संस्थाले अनुमति नवीकरण नगराए पनि सञ्चालनमा रहेका छन् । नवीकरण नगरी सञ्चालन गर्ने स्वास्थ्य संस्थालाई कारबाही गर्नुपर्दछ ।

२६. **निजी अस्पताल अनुगमन -** मापदण्डअनुसार स्वास्थ्य संस्था सञ्चालन नगरेमा २०० शय्यासम्मको संस्थालाई प्रदान गर्ने सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न विभागले आदेश दिनसक्ने व्यवस्था छ । उपलब्ध विवरणअनुसार ८६ अस्पतालको अनुगमन गर्दा अधिकांश अस्पतालको भौतिक संरचना कमजोर रहेको, आवासीय तथा व्यापारिक प्रयोजनका लागि बनेका ठाउँमा अस्पताल सञ्चालन गरेको, औजार उपकरण मापदण्डअनुसार व्यवस्थापन नभएको, अधिकांश अस्पतालका जनशक्ति पूर्णकालीन नरहेको, प्रयोगशाला मापदण्ड अनुसार नभएको तथा उपकरणको कमी रहेको, निःशुल्क शय्या छुट्याई गरीब तथा असहाय वर्गको उपचार आंशिकमात्र गरेको, जेष्ठ नागरिक उपचार कक्ष नरहेको, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, सघन उपचार कक्षमा भेन्टिलेटर तथा नर्सिङ कर्मचारी तोकिएको अनुपातभन्दा घटी राखेको व्यहोरा स्वास्थ्य सेवा विभागको अनुगमन प्रतिवेदनबाट देखिएको छ । मापदण्डअनुसार सञ्चालन नभएका स्वास्थ्य संस्थाका सम्बन्धमा कारबाही गर्नुपर्दछ ।

२७. **सेवा शुल्क निर्धारण -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिकाको दफा ३० मा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको गुणस्तरको आधारमा लिनसक्ने सेवा शुल्कसम्बन्धी मापदण्ड निर्धारण गर्न ९ सदस्यीय सेवा शुल्क निर्धारण समिति रहने व्यवस्था छ । स्वास्थ्य संस्थाले लिने शुल्कमा विविधता रहेकोले निजी क्षेत्रका स्वास्थ्य संस्थाको सेवा शुल्कको मापदण्ड निर्धारण गर्नुपर्दछ ।

२८. **राजस्व छुट सिफारिस -** स्वास्थ्य संस्थाले पैठारी गर्ने स्वास्थ्य उपकरण एम्बुलेन्स, शववाहनको लागि राजस्व छुटको सिफारिस मन्त्रालयबाट हुने गरेको देखियो । मन्त्रालयले यो वर्ष रु.११ अर्ब ७० करोड २३ लाख मूल्यको ३४८ एम्बुलेन्स लगायत स्वास्थ्यसँग सम्बन्धित सामग्री तथा उपकरणमा राजस्व छुटको सिफारिस गरेको छ । सामग्रीको प्रयोग लक्षित वर्ग, समूहको हितमा प्रयोग भए नभएको बारे कुनै अनुगमन गरेको छैन । राजस्व छुट पाउने र नपाउने स्वास्थ्य संस्थाको सेवा शुल्क सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन । राजस्व छुट प्राप्त गर्ने स्वास्थ्य निकायबाट सहुलियतपूर्ण मूल्य निर्धारण भएको यकिन गर्ने अवस्था छैन । राजस्व छुट प्राप्त गर्ने स्वास्थ्य संस्थाको अनुगमन गर्ने र राजस्व छुटबाट सेवाग्राहीले तिर्ने शुल्कमा समेत सहुलियत हुने व्यवस्था हुनुपर्दछ ।

२९. **सेवाको पहुँच -** अस्पतालको सेवा प्रभावकारी हुन बिरामीलाई समयमै सेवा उपलब्ध हुनुपर्दछ । राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले तत्कालीन अवस्थामा स्वास्थ्यका लागि खर्च गरिने कुल लागतको ५५ प्रतिशत रकम व्यक्तिको निजी खर्च हुने गरेकोमा सो प्रतिशतलाई क्रमशः घटाउँदै लैजाने र त्यसका लागि नियमित रुपले अनुगमन तथा मूल्याङ्कन गरिने उल्लेख छ । शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा १२८ जनाले डाइलाइसिस सेवा नपाएको, कान्ति बाल अस्पतालमा शल्यचिकित्सा गर्न ६५२ जना १४ महिनासम्म प्रतीक्षा सूचीमा बस्नु परेको, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विभिन्न प्रकारका शल्यक्रिया गर्न १ महिनादेखि ५ महिनासम्म, वीर अस्पतालमा नप्रोलिथोटोमी गर्न १० महिना तथा न्यूरो सम्बन्धी शल्यक्रिया गर्न ३ महिना, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा पाठेघर तथा आङ्ग खस्ने बिरामीको उपचार गर्न ३ महिनासम्म प्रतीक्षा गर्नुपर्ने अवस्थाले सेवामा सहज पहुँच भएको देखिएन ।

उपचारको लागि लामो समय प्रतीक्षा गर्नुपर्ने कारण बिरामीको स्वास्थ्य जोखिम पर्ने र निजी अस्पतालमा जान बाध्य हुनुपर्ने अवस्था छ ।

उपर्युक्त अवस्थाले बिरामीको स्वास्थ्य उपचारको लागतमा कमी हुने स्थिति देखिँदैन । अस्पतालहरुले शल्यचिकित्सासम्बन्धी दैनिक, मासिक र क्षेत्रगत तालिका तयार गरी उपलब्ध स्रोतको अत्युत्तम उपयोग गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा अपेक्षित सुधार भएको छैन । नागरिकको मौलिकहकको रुपमा रहेको स्वास्थ्य सेवालाई सुनिश्चित गर्न स्वास्थ्य सेवा प्रवाहमा गुणात्मक सुधार गर्नुपर्ने देखिन्छ । सेवा प्रवाहमा सुधार गरी सहज पहुँचको व्यवस्था गर्नुपर्ने र अनुगमनसमेत प्रभावकारी हुनुपर्दछ ।

३०. **नियमन -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० ले स्वास्थ्य संस्थाहरुको नियमन गर्न मन्त्रालय र मातहका कार्यालयलाई तोकेको भए तापनि प्रभावकारी नियमन हुन नसक्दा अस्पतालको स्थापना, सञ्चालन, शुल्क निर्धारण तथा सेवा प्रवाहमा कमी कमजोरी देखिएको छ । यसैगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमतिमा सञ्चालनमा रहेका मेडिकल कलेज र छुट्टै ऐनअन्तर्गत गठित प्रतिष्ठानले समेत स्वास्थ्य सेवा प्रवाह गरिरहेका तथा कतिपय मेडिकल कलेज तथा अस्पताल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अनुमति नलिई सञ्चालनमा रहेकाले यिनीहरुको नियमन हुन सकेको छैन । मुलुक संघीय स्वरुपमा गए पश्चात अस्पतालहरु समेत संघ, प्रदेश र स्थानीय तह मातहत रहने गरी सञ्चालन भइरहेका छन् ।

स्वास्थ्य सेवा जस्तो संवेदनशील विषयमा नियमन कार्य प्रभावकारी नहुँदा सेवाको गुणस्तर, लागत र पहुँच अपेक्षा गरेअनुरुप सबल देखिँदैन । त्यसैगरी स्वास्थ्यसंग सम्बन्धित खाद्यवस्तुको नियमनसमेत प्रभावकारी नभएको अवस्था छ । उक्त दुवै विषय अन्तरसम्बन्धित भएकोमा नियमन कार्य दुई अलग निकाय औषधि व्यवस्था विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट हुने गरेकोले प्रभावकारी हुन सकेको छैन । मानव स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित भएकोले नियमन कार्यलाई प्रभावकारी बनाउन स्वतन्त्र र अधिकार सम्पन्न औषधि तथा खाद्य पदार्थसम्बन्धी एक नियमनकारी निकायको व्यवस्था गरिनुपर्दछ ।

- **स्वास्थ्य सेवा प्रवाह**

३१. **सेवाको गुणस्तर -** अस्पतालको सेवा प्रभावकारी हुन भौतिक अवस्था, जनशक्ति तथा उपकरणको उचित व्यवस्थापन हुनुपर्दछ । स्वास्थ्य संस्थाहरुमा आवश्यक पूर्वाधारको स्थिति देहायअनुसार छः

३१.१ शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालको लागि नयाँ अस्पताल भवन निर्माण गर्न रु.५६ करोड ९८ लाखको लागत अनुमानसहितको गुरुयोजना तयारी गरी मन्त्रालयमा पठाएकोमा उक्त गुरुयोजना स्वीकृत भएको छैन । अस्पताल भवन निर्माणको लागि बजेट विनियोजन भएकोमा गुरुयोजना स्वीकृत नभएका कारण २०७३।७४ देखि नै बजेट खर्च भएको छैन । लेखापरीक्षणको क्रममा ३०० शय्याको सरुवारोग अस्पताल शहरी क्षेत्रभन्दा बाहिर निर्माण गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति प्राप्त भएको जानकारी दिए तापनि सोसम्बन्धी कुनै निर्णय भएको देखिएन । प्रत्येक वर्ष सरुवा रोगको बिरामी बढ्दै गएको तथा हाल महामारीको रुपमा विश्वभर फैलिएको सार्स, कोरोना जस्ता विभिन्न प्रकारका भाइरसको संक्रमणबाट सुरक्षित रहन अस्पतालको क्षमता अति न्यून रहेकोले तत्कालै गुरुयोजना स्वीकृत गरी अस्पताल निर्माण गर्नुपर्ने देखिन्छ ।

३१.२ उच्च संक्रमणजन्य रोगको उपचार हेपाफिल्टर (वार्डलाई आइसोलेटेड गर्ने मेसिन) सहितको सुरक्षित आइसोलेसन कक्षबाट गरिनुपर्दछ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले आइसोलेसन तथा आईसीयू वार्डका उपकरण, आईसीयू भेन्टिलेटर मेसिन खरिद गरेको भए तापनि आइसोलेसन कक्ष

सञ्चालन गरेको देखिएन । संक्रमणजन्य रोगको उपचार सम्बन्धमा मन्त्रालय र मातहतका कार्यालयले विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डअनुसार आइसोलेसन कक्ष निर्माण गरी सञ्चालन गर्नुपर्ने देखिएको छ ।

३१.३ कान्ति बाल अस्पतालमा ५२ शय्याको आईसीयू भए तापनि ३१ मात्र सञ्चालनमा ल्याएको देखियो । शय्याको अभावका कारण यो वर्ष १ हजार २१३ जनालाई अन्य सरकारी तथा निजी अस्पतालमा रेफर गरेको देखिँदा सेवा प्राप्तिमा कठिनाइ भइरहेको छ ।

३१.४ बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा रु.९ करोड ७१ हजार मूल्यका विभिन्न मेसिनरी/उपकरण मर्मत नभएको तथा गुणस्तरहीन भएकोले प्रयोगमा आउन नसकेको, रु.२३ लाख ८४ हजार मूल्यका ५ थान भेन्टिलेटर गुणस्तरको कारणले उपयोगमा नआएको, सोमध्ये रु.६२ लाख ५६ हजार मा खरिद भएका इ.एन्.टी. अपरेटिङ्ग माइक्रोस्कोप हालसम्म प्रयोगमा नआएको तथा रु.९६ लाख २७ हजार मूल्यका ८ डाइलाइसिस मेसिन स्थान अभावका कारण जडान गरी प्रयोगमा ल्याएको छैन ।

३१.५ नारायणी अस्पताल, वीरगन्जमा रु.५ करोड ४४ लाख मूल्यको सीटी स्क्यान मेसिन तथा अटोमेटिक एनालाइजर मेसिन मर्मत सम्भार नगरेको हुँदा चालु अवस्थामा रहेको छैन । अस्पतालमा रहेका ११ डाइलोसिस मेसिनमध्ये स्थान अभावका कारण ६ वटामात्र सञ्चालनमा रहेको देखियो । अस्पतालका मेसिन/उपकरण मर्मत नभएको कारण बिरामी सेवा लिनबाट बञ्चित भएको अवस्था छ ।

३१.६ नारायणी अस्पताल, वीरगन्जको फार्मेसी अवलोकन गर्दा एमोक्सिसिलिन २५० एम.जी.लगायत १२६ प्रकारका औषधिको मौज्दात शून्य रहेको छ । अस्पतालमा अत्यावश्यक हुने औषधिको मौज्दात शून्य रहेको स्थितिले औषधि व्यवस्थापन पक्ष कमजोर रहेको देखिन्छ । उपर्युक्त स्थितिले सर्वसाधारणलाई सहुलियत मूल्यमा औषधि उपलब्ध गराउने नीति कार्यान्वयन हुन सकेको देखिएन ।

३१.७ औषधिको परिमाण न्यूनतम, औसत र आकस्मिक विन्दु तोकी अस्पतालले औषधि व्यवस्थापन गर्नुपर्दछ । नारायणी अस्पताललगायत अन्य ७ स्वास्थ्य संस्थामा रु.३१ लाख ६४ हजार मूल्यका औषधि तथा औषधिजन्य सामग्रीको म्याद समाप्त भएको देखिन्छ ।

३१.८ भेरी अस्पताल, नेपालगन्जमा ४ डाइलाइसिस मेसिन रहेकोमा २ मात्र सञ्चालनमा रहेका छन् । अस्पतालमा बिरामीको चापअनुसार न्यूनतम ५ मेसिन हुनुपर्ने उल्लेख भएकोमा कम भई सेवा उपलब्ध हुन सकेको छैन । मेडिकल उपकरणसहितको सीसीयू कक्ष भए तापनि जनशक्तिको अभावमा सञ्चालन हुन सकेको छैन । अस्पतालमा ६५ जना चिकित्सकको दरबन्दी भएकोमा ३३ जनाको पदपूर्ति भई नेफ्रोलोजिष्टलगायत ३२ पद रिक्त रहेकोले यो वर्ष ६६१ जना बिरामीलाई अन्यत्र रेफर गर्नु परेको अवस्था छ ।

३१.९ भेरी अस्पताल, नेपालगन्जमा औषधि तथा औषधिजन्य सामग्रीको २०७६ आषाढको मौज्दात परीक्षण गर्दा १२ प्रकारका अत्यावश्यक औषधि तथा औषधिजन्य सामग्रीको शून्य मौज्दात रहेको, फार्मेसीतर्फ रु.८ लाख २ हजार मूल्यका औषधिको म्याद समाप्त भएको, इन्क्युबेटर, एक्सरे मेसिन, भेन्टिलेटरलगायत ७ प्रकारका उपकरण ठेक्का सम्झौताअनुसार मर्मत नगरी प्रयोगविहीन अवस्थामा रहेको, रु.६१ लाख १२ हजार मूल्यका मेसिनरी उपकरण मर्मत नभएकोले बेचालु अवस्थामा रहेको छ ।

३१.१० भरतपुर अस्पतालमा ५०० एम्.एल्. साइजका १६ हजार ८९३ बोटल रेन्जर ल्याक्टेट इन्जेक्सन विगत दुई वर्षदेखि गुणस्तरहीन अवस्थामा रहेकोमा आपूतर्कलाई फिर्ता गरेको छैन । स्वास्थ्य सेवा विभागले खरिद गरी आपूर्ति गरेको गुणस्तर बेगरको उक्त औषधि प्रतिस्थापन वा सोको मूल्य असुल गरेको छैन ।

३१.११ शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा रु.१ करोड २४ लाख १६ हजार मूल्यका ६ प्रकारका उपकरण र परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा रु.२५ लाख १६ हजार मूल्यका १३ प्रकारका उपचारसम्बन्धी उपकरण मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन् ।

३१.१२ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नाक, कान, घाँटी, छाला वा चर्मरोग तथा नशारोगसम्बन्धी विशेषज्ञ चिकित्सकको दरबन्दी रहे तापनि पदपूर्ति नहुँदा बिरामीले अन्यत्र जानुपर्ने बाध्यता रहेको छ । यस्तै यस वर्ष नाक, कान, घाँटी सेवाको लागि ईएनटी माइक्रोस्कोप मेसिन रु.२२ लाख ६८ हजार तथा ईएनटी ट्रिटमेन्ट युनिट रु.११ लाख ९९ हजारसमेत रु.३४ लाख ६७ हजारमा खरिद गरेकोमा विशेषज्ञ डाक्टरको अभावका कारण मेसिन उपयोग हुन सकेको छैन । त्यसैगरी प्रतिष्ठानमा हर्मनल टेष्टको लागि आवश्यक ल्याब टेक्नोलोजिष्टलगायतका जनशक्ति मौजुदा रहेको अवस्थामा सीएलआईए मेसिनको अभावमा बिरामीलाई सेवा उपलब्ध हुन सकेको छैन ।

जनशक्ति, उपकरण तथा औषधिको उचित व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाहमा ध्यान दिनुपर्दछ ।

३२. **न्यूनतम सेवा मापदण्ड** - गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाले न्यूनतम सेवा मापदण्ड पूरा गरेको हुनुपर्दछ । अस्पतालले पालना गर्ने न्यूनतम सेवा मापदण्ड, २०७५ मा स्वीकृत भएको छ । सो मापदण्डको पालना भए नभएको मापन गर्ने कार्य स्वास्थ्य सेवा विभागलाई तोकिएको छ ।स्वास्थ्य सेवा विभागबाट सरकारी अस्पतालको न्यूनतम सेवा मापदण्डबमोजिम सञ्चालन भए नभएको मापन गर्ने र मापन गर्दा व्यवस्थापन तथा क्लिनिकल सेवाको अङ्कभार न्यूनतम ६७ नल्याउनेलाई सुधार गर्न निर्देशन दिने उल्लेख छ । विभागले यो वर्ष प्राइमरी तह ५० शय्यासम्मको ८३ सरकारी अस्पतालको न्यूनतम सेवा मापन गर्दा २७ अस्पतालले न्यूनतम औसत अङ्कसम्म प्राप्त गरेका छैनन् । उपर्युक्त अवस्थाले सरकारी अस्पतालको गुणस्तर कमजोर रहेको देखिन्छ । न्यूनतम सेवा मापदण्ड पूरा हुने गरी अस्पतालमा उपकरण, जनशक्ति, पूर्वाधार तथा औषधिको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

३३. **रिएजेन्ट तथा केमिकल्स** - प्रयोगशालामा उपयोग हुने केमिकल्स तथा रिएजेन्टलगायतका वस्तु तोकिएको परिमाणबमोजिम अधिकतम उपयोग हुने गरी प्रयोगशालामा प्रयोग हुने सामग्रीको खेर जाने दर तोकी उपलब्धिको नर्म्स स्वीकृत गर्नुपर्दछ । यो वर्ष परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले केमिकल्स रिएजेन्टमा रु.२ करोड ३४ लाख ३६ हजार खर्च गरेकोमा केमिकल्स खपतको विवरण परीक्षण गर्दा आइरन परीक्षणमा ५० प्रतिशतसम्म, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले रु.९ करोड ५ लाख खर्च गरेकोमा फेरिटिन परीक्षणमा ३८ प्रतिशतसम्म र बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले केमिकल्स तथा रिएजेन्टमा रु.१० करोड ३५ लाख खर्च गरेकोमा एच.सी.भी. परीक्षणमा ६२ प्रतिशतसम्म केमिकल्स नोक्सान भएको देखियो । उपर्युक्त स्थितिले केमिकल्स तथा रिएजेन्टको खपत नियन्त्रण प्रणालीलाई भरपर्दो बनाई खेर जाने दर तथा लागतलाई नियन्त्रण गर्नुपर्दछ ।

३४. **निःशुल्क औषधिको सूची** - अत्यावश्यक प्राथमिक सेवा गुणस्तरीय एवं प्रभावकारी रुपमा उपलब्ध गराउन २०६४।६५ देखि स्वास्थ्य सेवा विभागले ७० प्रकारका औषधि निःशुल्क वितरणको कार्यक्रम शुरु गरेको छ । त्यसरी उपलब्ध गराएको औषधि गुणस्तरीय हुनुपर्दछ । औषधिको गुणस्तर र त्यसको असर सम्बन्धमा स्वास्थ्य विज्ञसँग छलफल गर्दा हाल वितरण हुने औषधिभन्दा सुरक्षित र प्रभावकारी औषधि बजारमा उपलब्ध भएकोले सूचीमा परिमार्जन गर्नुपर्ने राय समेत प्राप्त भएकोले उक्त सूची परिमार्जन गरी गुणस्तरीय औषधिको आपूर्ति तथा वितरण गर्नुपर्दछ ।

३५. **फार्मेसी सञ्चालन :** स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्न र दक्ष जनशक्तिमार्फत अस्पतालबाट फार्मेसी सञ्चालन गरी बिरामी एवं सेवाग्राहीलाई सुलभ तथा गुणस्तरीय सेवा पुर्‍याउन फार्मेसी सेवा निर्देशिका, २०७२ लागू भएको छ । फार्मेसी सेवा सञ्चालन गरेका अस्पतालमा सबै प्रकारका औषधि नभएको, नाफा नोक्सान देखिने गरी वित्तीय विवरण तयार नगरेको, प्रत्येक महिनाको बिक्रीको १० प्रतिशत र वर्षान्तमा नाफाको ९० प्रतिशत अस्पतालको मूल खातामा जम्मा नगरेको, अन्तिम मौज्दातको भौतिक निरीक्षण गरी यकिन नगरेको, औषधिको मागअनुसार फार्मेसीमा औषधि उपलब्ध नभएको, समयमा औषधि खरिद नभएको, व्यापारिक नामबाट औषधि सिफारिस भएको, फार्मेसीको लागि दक्ष जनशक्ति व्यवस्थापन नभएको, वार्षिक प्रतिवेदन मन्त्रालयमा नपठाएको, मन्त्रालयबाट अनुगमन नभएको जस्ता अवस्था देखिएका छन् । निर्देशिकाको प्रावधानअनुसार फार्मेसी सञ्चालन गरी सेवा प्रवाह प्रभावकारी गराउनुपर्दछ ।

- **राजस्व तथा भुक्तानी**

३६. **मूल्य अभिवृद्धिकर -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करारअन्तर्गतको रकम आपूर्तकलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बापतको ५० प्रतिशत रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रकम मात्र निजलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नियमको उक्त व्यवस्था विपरीत शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालगायत ८ निकायले रु.७८ लाख ६७ हजार रकम आपूर्तकलाई नै भुक्तानी गरेको देखियो । उक्त रकम राजस्वमा दाखिला हुनुपर्दछ ।

३७. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको ढिलाइका कारण खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । यो वर्ष शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भरतपुर अस्पताल लगायत ९ निकायबाट रु.२९ लाख ४६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् । उक्त रकम सम्झौताको शर्तबमोजिम असुल गर्नुपर्दछ ।

३८. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताललगायत १० निकायले रु.२५ लाख ४९ हजार पारिश्रमिक भुक्तानीमा कर कट्टी गरेका छैनन् । उक्त रकम असुल गर्नुपर्दछ ।

३९. **बढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यो वर्ष शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, कोशी अस्पताल, भरतपुर अस्पताललगायत १४ निकायले दोहोरो तलब, बिलभन्दा बढी भुक्तानी, दोहोरो भुक्तानी समेत रु.३४ लाख ५९ हजार बढी भुक्तानी गरेका छन् । नियम विपरीत बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

४०. **सञ्चितकोष दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षको अन्तिममा खर्च नभई बाँकी रहेको रकम सञ्चितकोष फिर्ता गर्नुपर्ने उल्लेख छ । यो वर्ष चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल), रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र लगायत ६ निकायले आर्थिक वर्षको अन्तिममा खर्च नभई बाँकी रहेको रु.१० करोड ३० लाख ३५ हजार सञ्चितकोष फिर्ता नगरेकोले उक्त रकम राजस्व दाखिला गर्नुपर्दछ ।

४१. **उठ्न बाँकी भाडा -** सम्झौताबमोजिमको भाडा तोकिएको म्यादभित्र असुल गर्नुपर्दछ । यो वर्ष राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल लगायत ९ निकायले पसल, कबलको भाडा रु.१ करोड ९ लाख ३४ हजार सम्झौताअनुसार असुल गरेका छैनन् । उक्त रकम सम्झौताका शर्तअनुसार असुल गर्नुपर्दछ ।

४२. **विगतको भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा चालु वर्षको बजेटले नखाम्ने गरी आगामी वर्ष भुक्तानी दिनुपर्ने भए भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई आगामी वर्षको वार्षिक कार्यक्रममा समावेश गराउनुपर्ने व्यवस्था छ । यो वर्ष शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भेरी अस्पताललगायत ४ निकायले विगतको भुक्तानी दिन बाँकी रु.१९ करोड ६५ लाख वार्षिक बजेट तथा कार्यक्रम समावेश नगरी भुक्तानी गरेका छन् । वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र दायित्व भुक्तानी गर्नुपर्दछ ।

## स्वास्थ्य सेवा विभाग

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नीति निर्माणलगायतका कार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पोषण, विस्तारित खोप, उपकरणहरु, परिवार नियोजनसम्बन्धी औषधि एवं साधनहरुको वितरणमा स्वास्थ्य संस्थालाई सहयोग र सहजीकरण गर्न विभागको स्थापना भएको छ ।

४३. **सहायताको उपयोग -** विभागमा यो वर्ष वैदेशिक सहायताबाट सञ्चालन गर्न १४१ कार्यक्रमको लागि रु.२ अर्ब २१ करोड ३ लाख बजेट विनियोजन भएमध्ये रु.१ अर्ब ६१ करोड ६५ लाख (७३.१३ प्रतिशत) मात्र खर्च भएको छ । परिवार कल्याण (बाल स्वास्थ्य) महाशाखाको लागि यो वर्ष वैदेशिक सहायतातर्फको विनियोजन रु.१ अर्ब ५३ करोड ६२ लाखमध्ये रु.१ अर्ब १७ करोड १७ लाख ६१ हजार (७६.२८ प्रतिशत) खर्च भएको छ जसमा वस्तुगत सहायतातर्फको खर्च ९१.१० प्रतिशत रहेको छ । वस्तुगत सहायता बाहेकका नगद शोधभर्ना हुने, सोझै भुक्तानी अनुदानतर्फ रु.३३ करोड ५९ लाख विनियोजनबाट रु.७ करोड ८३ लाख ११ हजार (२३.३१ प्रतिशत) मात्र खर्च भएको छ । स्वीकृत बजेट तथा कार्यक्रम सञ्चालन नगर्दा वैदेशिक सहयोग उपयोगक्षमता कमजोर रहेको देखियो । उपलब्ध स्रोत उपयोग नहुने कारण पहिचान गरी उपयोगमा प्रभावकारिता ल्याउनुपर्दछ ।

४४. **औषधि मौज्दात -** विभागले निःशुल्क उपलब्ध हुने औषधि तथा खोपको अभाव हुन नदिन सरकारी संस्थाको स्तर तथा औषधिको उपयोगअनुसार औसत औषधि मौज्दात र आकस्मिक माग विन्दु तोकेको छ । विभागले अवलम्बन गरेको आपूर्ति व्यवस्थापन सूचना प्रणालीअनुसार कर्णाली र सुदुरपश्चिम बाहेकको औषधि मौज्दातसम्बन्धी प्रतिवेदनअनुसार नोभेम्बर २०१९ मा ओखलढुङ्गा, नवलपरासी पूर्व, रुकुम पूर्वमा सबै प्रकारका औषधि मौज्दात शून्य रहेको देखिन्छ । अन्य २४ जिल्लामा १० देखि १९ प्रकारका औषधिको मौज्दात शून्य रहेको, १४ जिल्लामा सबै प्रकारका खोप शून्य रहेको देखिन्छ । निःशुल्क उपचारका लागि आवश्यक औषधि मौज्दात शून्य तथा न्यून हुँदा सेवा प्रवाहमा असर परेको छ औषधि तथा खोपको आपूर्ति व्यवस्थापनलाई चुस्त दुरुस्त गर्नुपर्दछ ।

४५. **स्थायी बन्ध्याकरण -** यो वर्ष ७७ जिल्लामा ४३ हजार २०० महिला तथा पुरुषको स्थायी बन्ध्याकरण गर्ने लक्ष्य राखी रु.७ करोड ७८ लाख ३ हजार विनियोजन भई ५ संस्थासंग ५१ जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न सम्झौता गरेको छ । सम्झौता भएकामध्ये २ संस्थाले पाल्पा, स्याङ्जा, धनुषा र सिराहा जिल्लामा कार्यक्रम नै सञ्चालन गरेका छैनन् । अन्य ३ संस्थाले ४० जिल्लामा ३ हजार ६२ जनाको बन्ध्याकरण गरी रु.५३ लाख ७५ हजार खर्च गरेकोले कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति ७ प्रतिशतमात्र रहेको छ । वार्षिक लक्ष्यअनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४६. **कार्यक्रमभन्दा फरक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा मन्त्रालयको स्वीकृतिमा कार्यक्रम संशोधन गर्ने व्यवस्था छ । विभिन्न प्रकारका खोपको खरिद सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्

४६.१ विभागले यो वर्ष सह-वित्तीय व्यवस्थाअन्तर्गत डीपीटी हेप भ्याक्सिन, पीसीभी तथा दादुरा रुवेला भ्याक्सिनको लागि रु.९ करोड रकम व्यवस्था गरेकोमा रकम अपर्याप्त भएको भनी जे.ई भ्याक्सिन खरिद, दादुरा रुवेला भ्याक्सिन खरिद तथा कोल्डचेन सामग्री समेतबाट रु.२ करोड ३० लाख ४ हजार विभागीय निर्णयबाट भुक्तानी गरेको छ । स्वीकृत कार्यक्रम बेगर अन्य कार्यक्रममा खर्च गर्दा कार्यक्रम संशोधन गरेको छैन ।

४६.२ यो वर्ष १ वर्षभित्रका बालबालिकामा हुनसक्ने पखाला रोग नियन्त्रणका लागि रोटा भ्याक्सिन १ मात्रा डोजको कार्यक्रम लागू गर्ने गरी गाभी (Gavi, The Vaccine Alliance) बाट वस्तुगत सहायताअन्तर्गत १२ करोड ७९ हजार भायलको लागि रु.२८ करोड ८८ लाख र नेपाल सरकारको स्रोतबाट ३४ करोड ५१ लाख ७ हजार भायलको लागि रु.६ करोड समेत रु.३४ करोड ८८ लाख बजेट व्यवस्था गरे तापनि कार्यक्रम सञ्चालन गरेको छैन । गाभी फण्डबाट प्राप्त हुने वस्तुगत अनुदान रु.२८ करोड २८ लाख ३५ हजार र नेपाल सरकारको स्रोतबाट रु.५ करोड ८५ लाख ४ हजारसमेत रु.३४ करोड १३ लाख ३९ हजार नियमित दिइने खोपहरु डीपीटी, हेप, पीसीभी दादुरा रुवेला खोपमा खर्च गरेको छ । कार्यक्रम संशोधन नगरी खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

४७. **आवश्यकता बेगर खरिद -** आवश्यकताको पहिचान गर्दा यस अघि भएका खरिद सम्झौता, पाइप लाइनमा रहेका ठेक्का, मौज्दातको खपत हुने प्रवृतिलाई विश्लेषण गर्नुपर्दछ । विभागले ९ करोड ५० लाख गोटा आइरन चक्की रु.३ करोड ५१ लाख ५० हजारको लागतमा ६ मेडिकल स्टोरमा आपूर्ति गर्न एक आपूर्तकसँग खरिद सम्झौता गरेको छ । त्रैमासिक पाइप लाइन प्रतिवेदनअनुसार २८.३ महिनालाई पुग्ने मौज्दात भए पनि खरिद सम्झौता गरेको छ । उक्त औषधिको वर्षान्तको मौज्दातले २२.६ महिनालाई पुग्ने देखिएको छ । खरिद तथा आपूर्ति गर्दा मौज्दातको अवस्था बिचार गरी खरिद कार्य गर्नुपर्दछ ।

४८. **ढुवानी -** पोषिलो पीठो ६ लाख ७४ हजार किलोग्राम रु.६ करोड ४३ लाख ९ हजारको लागतमा खरिद गर्न एक आर्पूतकसँग भएको सम्झौतामा आपूर्तकले ८० हजार किलोग्राम केन्द्रीय मेडिकल स्टोर पथलैयामा र ५ लाख ९४ हजार किलोग्राम क्षेत्रीय मेडिकल स्टोर, नेपालगन्जमा आपूर्ति गर्ने उल्लेख छ । आपूर्तकले सम्झौताअनुसार क्षेत्रीय मेडिकल स्टोर, नेपालगन्जमा आपूर्ति नगरी केन्द्रीय मेडिकल स्टोर, पथलैयामा आपूर्ति गरेकोमा पूरै रकम भुक्तानी गरेको छ । आपूर्तकले क्षेत्रीय मेडिकल स्टोर, नेपालगन्जमा आपूर्ति नगर्दा पथलैयादेखि नेपालगन्जसम्म विभागले अर्को ढुवानीकर्तामार्फत प्रतिकेजी १० का दरले ढुवानी गराई रु.५९ लाख ३५ हजार भुक्तानी गरेको छ । सम्झौतामा तोकिएको स्थानमा आपूर्ति नगरी अन्यत्र आपूर्ति गरेकोले भुक्तानी गरेको रु.५९ लाख ३५ हजार सम्बन्धित आर्पूतकबाट असुल गर्नुपर्दछ ।

४९. **ढुवानी भाडा -** औषधि तथा औषधिजन्य सामग्री आपूर्ति गर्न व्यवस्थापन महाशाखा र दुई ढुवानीकर्ताबीच सम्झौता भएको देखियो । ढुवानी रकम भुक्तानीसम्बन्धी कागजात परीक्षण गर्दा हुम्ला र मुगु जिल्लामा सामान पुऱ्याउन चलानी भएकोमा जुम्लाको गोठीज्यूला गोदाममा सामान पुऱ्याएको, डोल्पा पुऱ्याउनुपर्ने सामान रुकुमको राडिज्यूलाको गोदामसम्म मात्र आपूर्ति गरेको देखियो । तोकिएको स्थानमा सामान आपूर्ति नगरे तापनि जुम्ला पुऱ्याएको सामानको हुम्ला र रुकुम पुऱ्याएको सामान डोल्पाको दररेटले भुक्तानी भएको छ । सम्झौताअनुसार तोकिएको स्थानमा सामान नपुऱ्याई अन्यत्र दाखिला गरी बढी भुक्तानी भएको रु.२५ लाख ८० हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

५०. **मर्मत सम्भार ठेक्का -** विभागबाट २०७३।७४ मा देशका ७७ जिल्लामा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाका मेडिकल उपकरण तथा मेसिनरी औजारहरु ४ वर्षसम्म मर्मत तथा सम्भार गर्न ३ सेवा प्रदायकसँग रु.४७ करोड ४८ लाखको सम्झौता भई यो वर्ष रु.८ करोड १० लाख ७६ हजारसमेत रु.१८ करोड १६ लाख भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

५०.१ सम्झौतामा विभिन्न जिल्लामा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाका मेडिकल उपकरण तथा मेसिनरी औजार मर्मत सम्भार कार्य क्याटेगोरी १ अन्तर्गत २४ घण्टाभित्र र क्याटेगोरी २ अन्तर्गत वर्षको २ पटक मर्मत गर्नुपर्ने व्यवस्था छ । प्रथम पटकको मर्मत कार्य गरे बापत ३ सेवा प्रदायकलाई लटअनुसार यो वर्ष रु.८ करोड १० लाख ७६ हजार भुक्तानी दिएको छ । पहिलो वर्षमा नै बी.ओ.क्यू. मा तोकिएका परिमाणभन्दा बढी परिमाणमा भुक्तानी दिएको पाइयो । ठेक्का सम्झौता पूर्व उपकरणको विवरण लिई मर्मत विवरण तयार गरी ठेक्का भएकोले सो उपकरण मर्मत गरी भुक्तानी दिनुपर्ने देखिन्छ । उल्लिखित विवरणमा नपरेका उपकरण मर्मत गरेको भनी मर्मत संख्या बढाई भुक्तानी दिन मिल्दैन । पहिलो वर्ष नै सम्झौता परिमाणभन्दा बढी भुक्तानी भएकोमा यथार्थ हिसाब राखेको पाइएन ।

५०.२ आर्थिक वर्ष २०७३।७४ देखि सबै अस्पतालका उपकरण नियमित रुपमा मर्मत गरी सञ्चालन हुने व्यवस्था मिलाउने उद्देश्यले ठेक्का गरेको देखिन्छ । सम्झौताअनुसार सबै उपकरणको मर्मत सम्भार सोही सेवा प्रदायकले गर्नुपर्ने र अस्पताल तथा स्वास्थ्य संस्थाको तर्फबाट छुट्टै मर्मत खर्च नहुनुपर्नेमा भरतपुर अस्पतालले मेसिनरी मर्मतमा रु.७० लाख ७३ हजार अन्य सेवा प्रदायकबाट मर्मत गराई भुक्तानी गरेको छ । सेवा प्रदायकले मर्मत गर्नुपर्ने उपकरण अस्पतालहरुले समेत मर्मत गर्ने भएकोले यसरी मर्मत गर्दा दोहोरो खर्च हुने देखिन्छ ।

५१. **विपन्न नागरिक औषधि उपचार कोष -** विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७३ अनुसार मृगौला प्रत्यारोपणका लागि रु.४ लाख, मृगौलारोग क्रस म्याचिङ्गमा रु.५० हजार र प्रत्यारोपण पश्चात् औषधि खर्च रु.१ लाख, क्यान्सर, मुटुरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, अल्जाइमर्स, पार्किन्सन्स् र सिकलसेल एनिमिया रोगका लागि प्रतिव्यक्ति अधिकतम रु.१ लाख उपचार रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । विपन्न नागरिक औषधि उपचार बापत २०७३।७४ मा ४४ स्वास्थ्य संस्थालाई रु.९७ करोड ८१ लाख २५ हजार, २०७४।७५ मा ६९ स्वास्थ्य संस्थालाई रु.२ अर्ब १० करोड ७७ लाख, २०७५।७६ मा ७१ स्वास्थ्य संस्थालाई रु.२ अर्ब ४४ करोड २८ लाख ५७ हजार शोधभर्ना भुक्तानी गरेको पाइयो । शोधभर्ना लिने स्वास्थ्य संस्थाको अनुगमन गरी खर्चको यथार्थता सुनिश्चित गर्नुपर्दछ ।

५२. **खोपको उपयोग -** विभागले निःशुल्क रुपमा बालबालिकाहरुलाई उपलब्ध गराउँदै आएको खोप बढी मात्रामा खेर जाने गरेको पाइएको छ । खोप उपयोगसम्बन्धमा ८ प्रकारका खोपको खेर गएको प्रतिशत परीक्षण गर्दा डी.पी.टी. खोप न्यूनतम २२.४९ प्रतिशत र टी.डी. खोप अधिकतम ९०.१७ प्रतिशतसम्म खेर गएको देखिन्छ । बहुडोजका खोपहरु खोलेपछि निश्चित अवधिमा उपयोग नभए स्वतः खेर जाने हुँदा खेर जाने दर बढिरहेकोले खोप लगाउने तालिकाको उचित व्यवस्थापन गर्नुपर्दछ ।

५३. **सह-वित्तीयकरण -** मन्त्रालय तथा गाभी फण्डलगायतको सह-वित्तीय व्यवस्थाअन्तर्गत गाभी फण्डबाट प्राप्त हुने रकमबाट खरिद गर्नुपर्ने औषधिको रकम युनिसेफलाई भुक्तानी दिई सोमार्फत खरिद गर्ने गरेको छ । यो वर्ष सोही व्यवस्थाअन्तर्गत युनिसेफलाई पेस्की जनाई रु.११ करोड ३० लाख ३ हजार भुक्तानी गरेकोमा सो पेश्की फछ्र्यौट भएको छैन । बजेटबाट खर्च हुने रकमको खरिद कार्य दातृ निकायबाट गराउने कार्य उपयुक्त देखिँदैन ।

५४. **कोष परिचालन -** खोप ऐन, २०७२ को दफा २१ ले खोप कार्यक्रमको विकास गर्न कोषको व्यवस्था गरेको छ । सो कोषमा रु.१३ करोड २८ लाख ३ हजार बाँकी रहेकोमा कोष सञ्चालनसम्बन्धी कार्यविधि तयार गरेको छैन । कोषमा जम्मा भएको रकम हालसम्म उपयोगमा ल्याएको देखिएन । कार्यविधि बेगर कोष खडा गर्दा रकम निष्क्रिय रहेको छ । उक्त कोषबाट परिचालन नहुने भए सञ्चितकोषमा फिर्ता हुनुपर्दछ ।

## औषधि व्यवस्था विभाग

५५. **औषधि पसल अनुगमन -** औषधि ऐन, २०३५ र नियमावली, २०३८ मा विभागले अनुज्ञापत्र दिने, नवीकरण गर्ने तथा नियमित रुपमा औषधि पसलको अनुगमन गर्नुपर्ने, अनुगमनबाट देखिएका कमजोरी सुधार गर्न सचेत गराउने, निलम्बन गर्ने, मुद्दा चलाउने जस्ता कार्यको माध्यमबाट नियमन गर्ने व्यवस्था छ । विभागले यो वर्षसम्ममा दर्ता भएका ३ हजार ३५१ थोक बिक्रेता, २० हजार २३२ खुद्रा बिक्रेता र १९७ स्वदेशी उद्योग तथा ४२४ औषधि आयातकर्तामध्ये ३ हजार ४०४ औषधी बिक्रेता र ८७ स्वदेशी उद्योगको अनुगमन तथा निरीक्षण गरेको छ । यसका अतिरिक्त १ हजार १८ औषधिको नमूना परीक्षण, ३० उद्योगको प्रयोगशाला परीक्षण तथा २३ विदेशी औषधि आयात गर्ने फर्मको अनुगमन गरेको देखिन्छ । अनुगमनबाट ९९ औषधि पसललाई निलम्बन गरेको, ७८ बन्द गराएको र २५ उपर मुद्दा दायर गरेको विवरण प्राप्त भएको छ । दर्ता भएको तुलनामा न्यून संख्यामा अनुगमन भएकोले अनुगमन कार्य थप प्रभावकारी रुपले सञ्चालन गर्नुपर्दछ ।

५६. **औषधिको परीक्षण -** औषधि ऐन, २०३५ को दफा २४ मा औषधिको नमूना जाँच गर्नुपर्ने व्यवस्था छ । औषधिको गुणस्तर कायम राख्न औषधि व्यवस्था विभागले यो वर्ष १ हजार १८ नमूना परीक्षण गरेकोमा १११ अर्थात् १०.९ प्रतिशत औषधिमा कैफियत देखिएको छ । मापदण्ड बेगरका सबै १११ प्रकारका औषधि बजारबाट फिर्ता गर्न निर्देशन दिने निर्णय गरेको पाइयो । उक्त औषधि बजारबाट फिर्ता र उत्पादन रोक्का गरे नगरेको सम्बन्धमा पुनः अनुगमन गरी कारबाही हुने प्रतिक्रिया प्राप्त भएको छ । उपर्युक्त स्थितिले औषधिको गुणस्तरमा आश्वस्त हुने अवस्था देखिएन । औषधिको गुणस्तर परीक्षणको दायरा बढाई गुणस्तर तथा अनुगमन कार्य प्रभावकारी गराउनुपर्दछ ।

## राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

प्रयोगशालाले गत वर्ष ६६ हजार ४८१ जनाको विभिन्न प्रकारका परीक्षण गरेकोमा यो वर्ष १ लाख ९ हजार १४३ जनाको थाइराइड, लिपिड प्रोफाइल, युरिक एसिड लगायतको रक्त परीक्षण सेवा उपलब्ध गराएको छ ।

५७. **पूर्वाधार, जनशक्ति र सेवा प्रवाह -** प्रयोगशालाको सेवा प्रभावकारी बनाउन भौतिक पूर्वाधार, उपकरण र जनशक्ति व्यवस्थापन प्रभावकारी हुनुपर्दछ । प्रयोगशालामा पर्याप्त भवन तथा स्थानको अभाव रहेको, एउटै कोठामा धेरै बिरामीको नमूना सङ्कलन गर्नुपर्ने अवस्था रहेको तथा नमूना उपलब्ध गराउन एउटै कोठामा ८/१० जनासम्म बिरामीले प्रतीक्षा गर्नुपर्ने अवस्था रहेको विवरण प्राप्त भएको छ । प्रयोगशालामा दैनिक औसत ३६६ भन्दा बढी बिरामी सेवा लिन आउने गरेकोमा जनशक्ति अभावले समयमा सेवा प्राप्त गर्न नसकी ३ देखि ४ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था रहेको छ ।

त्यस्तै, प्रयोगशालामा विभिन्न पदमा ६४ जनाको दरबन्दी स्वीकृत भएकोमा माइक्रोबायोलोजिष्ट ११ औं तहलगायत १९ जना प्राविधिकको पदपूर्ति भएको छैन । कोभिड १९ जस्तो महामारीको अवस्थामा प्रयोगशाला परीक्षण गर्न हालको पूर्वाधार र जनशक्ति पर्याप्त नभएका कारण सेवा प्रवाहमा ढिलाइ भएको अवस्था छ । देशको एकमात्र केन्द्रीय प्रयोगशालामा आवश्यक भवन, स्थान, उपकरण

तथा जनशक्तिको अभावका कारण मानव अङ्ग प्रत्यारोपण गर्दा गरिने एच.एल.ए. टाइपिङ टेष्ट, बाथ रोग पत्ता लगाउन गरिने एच.एल.बी.२७ टेष्ट, बाथ रोगको अवस्था थाहा पाउन गरिने एन्टी सीसीपी टेष्ट, कुकुरमा लाग्ने फित्ते जुका मानिसको शरीरमा पुगेको पत्ता लगाउन गरिने इकाइनोकोसिस एन्टिबडी टेष्ट, मानव जिन र क्रोमोजोमको अवस्था थाहा पाउन गरिने मोलिकुलर टेष्टलगायतका ३५ भन्दा बढी प्रकारका परीक्षण सेवाहरु उपलब्ध हुन नसक्दा निजी प्रयोगशाला तथा बाह्य मुलुकसम्म पुगेर परीक्षण गराउनुपर्ने अवस्था रहेको छ । बिरामीको मागअनुसारको प्रभावकारी सेवा प्रदान गर्न नसकेकोले आवश्यकताअनुसार प्रयोगशाला भवन तथा पर्याप्त दक्ष जनशक्तिको व्यवस्था मिलाई बिरामीलाई समयमै जोखिमरहित ढङ्गले गुणस्तरीय सेवा प्रदान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## राष्ट्रिय क्षयरोग केन्द्र

५८. **क्षयरोगसम्बन्धी सूचकाङ्क -** विगत तीन वर्षको क्षयरोगसम्बन्धी सूचकाङ्कको स्थिति निम्नानुसार छः

(संख्यामा)

| क्रियाकलाप | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|
| क्षयरोगी पहिचान | ३१५३३ | १९२३६ | ३२४७४ |
| क्षयरोगबाट मृत्यु | ४०९ | ६४२ | १००० |
| औषधि प्रतिरोधी क्षयरोगी | ८६८ | २४७ | ४२० |
| बाल क्षयरोगी पहिचान | १७८५ | ९४२ | १७८६ |
| उपचार प्राप्त गर्ने | ३१९७० | १९२३६ | ३२४७४ |
| निको भएका क्षयरोगी | २८९०९ | १७७७१ | २९५५१ |

गत वर्ष क्षयरोगी पहिचान १९ हजार २३६ भएकोमा यो वर्ष सो संख्या बढेर ३२ हजार ४७४ भएको देखिन्छ । गत वर्ष ६४२ क्षयरोगीको मृत्यु भएकोमा यो वर्ष एक हजार पुगेको छ । गत वर्षको तुलनामा क्षयरोगी र मृत्यु संख्या बढ्दै गएकोले प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ ।

## राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र

५९. **सेवा प्रवाह -** राष्ट्रिय एच.आई.भी. रणनीति योजनामा सन् २०२० सम्ममा एच.आई.भी. संक्रमित व्यक्तिहरुमध्ये ९० प्रतिशतले एच.आई.भी. परीक्षण गरी जानकारी पाउने र त्यसरी जानकारी प्राप्तमध्ये ९० प्रतिशतले ए.आर.भी. औषधि उपचार प्राप्त गर्ने र ए.आर.भी.मा भएकामध्ये कम्तीमा ९० प्रतिशत एच.आई.भी. संक्रमितको शरीरमा रहेको भाइरस (एच.आई.भी.) को भार कम गर्ने उल्लेख छ । साथै सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने दिगो विकासको लक्ष्य रहेको छ । विगत तीन वर्षको एच.आई.भी. एड्ससम्बन्धी केही सूचक तथा तथ्याङ्क निम्नानुसार छन्ः

| क्र.सं. | विवरण | २०७३।७४ | २०७४।७५ | २०७५।७६ |
|---|---|---|---|---|
| १ | एच.आई.भी. एड्स संक्रमित | ३२८६१ | ३१०२० | ३५०६२ |
| २ | संक्रमितमध्ये पुरुष | २०२९७ | १९०२० | २१७१९ |
| ३ | संक्रमितमध्ये महिला | १२५६४ | १२००० | १३३४३ |
| ४ | संक्रमित बालकालिका (कूल संक्रमितमध्ये) | ११८४ | ११९२ | १२९९ |
| ५ | नयाँ एच.आई.भी.संक्रमण | ९४२ | ८३५ | २२९८ |
| ६ | एड्सको कारण मृत्यु हुनेको संख्या | १७५१ | १३०६ | ८९५ |

यो वर्ष एच.आई.भी. एड्स तथा यौनरोग नियन्त्रण गर्न रु.९७ करोड ९२ लाख बजेट विनियोजन भएकोमा रु.९७ करोड ६१ लाख (९९.६८ प्रतिशत) खर्च भएको छ । वस्तुगत अनुदान रु.२६ करोड

१५ लाखमध्ये रु.१८ करोड ३५ लाख (७०.१७ प्रतिशत) र दाताको संयुक्त कोष (ग्लोबल फण्ड) को रु.५२ करोड ७० लाखमध्ये रु.४२ करोड ४४ लाख (८०.५३ प्रतिशत) खर्च भएको देखिँदा वैदेशिक स्रोतको पूर्ण उपयोग हुन सकेको देखिएन । उपलब्ध तथ्याङ्कअनुसार २०६६ मा एच.आई.भी. संक्रमित संख्या ३ हजार ९ सय ६८ भएकोमा १० वर्षमा यो संख्या ८.८४ गुणाले वृद्धि भई ३५ हजार ६२ पुगेकोले एच.आई.भी. संक्रमण नियन्त्रण हुन सकेको देखिँदैन । उपर्युक्त स्थितिले सन् २०३० सम्म एच.आई.भी. एड्स रोगको महामारी अन्त्य गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा कठिनाइ हुने देखिँदा प्रवर्द्धनात्मक कार्यक्रममा थप प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

६०. **औषधिको म्याद -** कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनअनुसार ५० प्रकारका औषधि तथा औषधिजन्य पदार्थहरु ३ लाख ३३ हजार ६ सय ६९ ट्याब्लेट, ४ हजार ५ सय बोतल, १ हजार ३ सय ३६ भायल, १२ जार, ७ लाख ५१ हजार ९७ टेष्ट किट, १ सय २३ एम्पुल, २५ हजार ४ सय ६८ कार्ड र १६ ट्युब सामानहरु प्रयोग गर्न नमिल्ने एवं म्याद समाप्त भएको देखियो । आवश्यकताको पहिचान बेगर औषधि खरिद गर्दा उक्त परिमाणको औषधि खेर गएको देखिन्छ । औषधि एवं औषधिजन्य सामग्रीको आवश्यकता पहिचान गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६१. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ताले तोकिएको समयमा मालसामान आपूर्ति नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिने व्यवस्था छ । केन्द्रले एन्टी रेटे भाइरल औषधि खरिदका लागि एक आपूर्तकसँग रु.४ करोड ९८ लाख ७५ हजारको सम्झौता गरेकोमा आपूर्ति भएका औषधि विश्व स्वास्थ्य संगठनको मापदण्डअनुरुप नभएको कारण केन्द्रले स्वीकार नगरी फिर्ता गरेको देखिन्छ । सम्झौताको शर्तअनुसार विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसारको औषधि समयमै आपूर्ति नगरेकोले रु.२२ लाख ४४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा सो नलिने गरी म्याद थप गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

# कार्यमूलक लेखापरीक्षण

## स्वास्थ्य सेवाको नियमन

नेपाली जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याई स्वस्थ समाजको विकास गर्नु दिगो विकास लक्ष्यको उद्देश्य रहेको छ । उक्त उद्देश्य हासिल गर्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य जनताको आधारभूत अधिकार हो भन्ने विश्वव्यापी घोषणा अनुरुप आर्थिक सामाजिक रुपले पिछडिएका वर्गलाई प्राथमिकता दिई "सबैका लागि स्वास्थ्य" अवधारणा कार्यान्वयन गर्न प्रतिबद्ध हुने, आल्मा आटा घोषणा, १९७८ बमोजिम जनतालाई निरोधात्मक, उपचारात्मक, प्रर्वद्धनात्मक र पुनःस्थापनात्मक सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ । सरकारी, निजी र गैरसरकारी स्वास्थ्य संस्था तथा अस्पतालहरुको स्थापना, सञ्चालन, नवीकरण, स्तरोन्नतिको नियमन गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्दछ । स्वास्थ्य संस्थाहरुको नियमन व्यवस्था अध्ययन विश्लेषण र मूल्याँकन गरी सुझाव प्रस्तुत गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको हो ।

६२. **न्यूनतम सेवा मापदण्ड -** सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड, २०७५ ले तोकेको न्यूनतम मापदण्ड पुरा गरी अस्पताल सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले सामान्य व्यवस्थापनसम्बन्धी सूचकहरुलाई २० प्रतिशत, उपचार व्यवस्थापनसम्बन्धी सूचकहरुलाई ६० प्रतिशत, सपोर्ट सेवासम्बन्धी सूचकहरुलाई २० प्रतिशत अङ्कभार दिई न्यूनतम सेवा मापदण्डको मूल्याङ्कन गर्ने गरेको छ। न्यूनतम सेवा मापदण्ड पुरा गर्न कम्तीमा ८० प्रतिशत अङ्क ल्याउनुपर्ने र प्राप्त अङ्कको आधारमा जिल्लातहका अस्पतालहरुलाई मन्त्रालयले प्रत्येक वर्ष रु.२४ लाखदेखि रु.४० लाख र एन.एस.आई संस्थाले रु.५ लाख अनुदान प्रदान गर्ने गरेको छ । मन्त्रालयले गरेको पहिलो चरणको मूल्याङ्कनमा ८३

अस्पतालले ४८ प्रतिशत अङ्क पाएकोमा दोस्रो र तेस्रो चरणको मूल्याङ्कन स्थितिमा सुधार देखिएको थियो । तेस्रो चरणको मूल्याङ्कनमा ६७ अस्पतालले ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेका थिए भने १६ जिल्ला अस्पतालले जनस्वास्थ्य प्रति प्रतिवद्धता, योजनावद्ध सुधार, साधन स्रोतको व्यवस्थापन, सुधारको अठोट आदि क्षेत्रमा भएका कमजोरीले गर्दा ६० प्रतिशतभन्दा कम अङ्क ल्याएका थिए । प्रभावकारी नियमन हुन नसकेको कारण मापदण्ड पुरा नगरेका अस्पतालबाट स्वास्थ्य सेवा प्रदान भइरहेको स्थिति छ । मन्त्रालय र विभागले प्रभावकारी रुपमा नियमन गरी न्यूनतम सेवा मापदण्ड पुरा गर्न लगाउनुपर्दछ ।

६३. **स्वास्थ्य संस्थाको दर्ता र नवीकरण -** स्वास्थ्य संस्थाहरुको दर्ता, नवीकरण तथा स्तरोन्नतिको लागि सम्बन्धित स्वास्थ्य संस्थाहरुले गर्ने सेवा सञ्चालन, सेवाको गुणस्तर ,भौतिक पूर्वाधारको अवस्था मापदण्ड अनुरुप भए नभएको सुनिश्चित गर्न मन्त्रालयले अनुगमन गर्ने व्यवस्था छ। विगत ३ वर्षमा २२ निजी स्वास्थ्य संस्थाले नवीकरण तथा स्तरोन्नतिको लागि निवेदन दिएकोमा अस्पतालको क्षेत्रफल मापदण्डबमोजिम नरहेको, विशेषज्ञ डाक्टरहरु कमी रहेको, शैयाबीचको दुरी कम रहेको, प्रयोगशाला स्वीकृति वीना सञ्चालन गरेको, असहायलाई निःशुल्क उपचार र भौतिक पूर्वाधार समेत कमी रहेको अवस्था सुधार गर्ने शर्तमा ८ स्वास्थ्य संस्थालाई नवीकरण गरेको पाइयो । बाँकी मापदण्ड नपुगेका १४ अस्पताल नवीकरण नभएको अवस्थामा समेत सञ्चालन भइरहेका छन् । त्यसैगरी विभागको नियमन क्षेत्र अन्तर्गतका १३६ अस्पतालमध्ये २०७५ आषाढसम्म १४ अस्पतालको सञ्चालन अनुमतिको म्याद समाप्त भएको देखिएकोमा निर्धारित मापदण्ड पुरा हुन नसकी नवीकरण नभएकोमा पनि सेवा सञ्चालन गरिरहेका छन् । शर्त सहित नवीकरण गरिएका अस्पताल तथा स्वास्थ्य संस्थाबाट शर्त कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरेको छैन भने नवीकरण नगरी सञ्चालन गर्ने स्वास्थ्य संस्थाहरुलाई कारबाही गरेको छैन । यसले गर्दा स्वास्थ्य सेवाको गुणस्तरमा असर पर्ने भएकोले मन्त्रालय र विभागबाट अनुगमन गरी गुणस्तर कायम गराउनुपर्दछ ।

६४. **गैरसरकारी संस्थामार्फत स्वास्थ्य सेवा सञ्चालन -** स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा ५ बमोजिम सम्बन्धित निकायबाट अनुमति लिएर मात्र स्वास्थ्य सेवा सञ्चालन गर्नुपर्ने व्यवस्था छ । समाज कल्याण परिषदमा आवद्ध भई स्वास्थ्य तथा जनसंख्था मन्त्रालयसँग समझदारीपत्रमा हस्ताक्षर गरी १५ गैरसरकारी संस्थाले स्वास्थ्य संस्था सञ्चालन गरेको र २०७२ सालको भूकम्प पश्चात ४६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले मन्त्रालयसँग समझदारी पत्रबमोजिम सेवा सञ्चालन गरेकोमा उक्त संस्थाहरुले समझदारीबमोजिम कार्य गरे नगरेको सम्बन्धमा मन्त्रालयसँग कुनै अभिलेख रहेको छैन । यसरी स्थापना भई सञ्चालित स्वास्थ्य संस्थाहरुको निर्देशिकाबमोजिमको मापदण्ड पालना स्थिति तथा सेवाप्रवाह सम्बन्धमा अनुगमन नगर्ने परिपाटीले लक्षित उद्देश्यबमोजिम नतिजा प्राप्त भएको छ भन्न सकिने स्थिति छैन । अतः गैरसरकारी संस्था मार्फत् सञ्चालित स्वास्थ्य सेवालाई मन्त्रालयबाट अनुगमन गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

६५. **स्वास्थ्य सेवा मापदण्डको पालना -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० ले स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा पालना गर्नुपर्ने स्वास्थ्य सेवाका मापदण्डहरुका सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ । मापदण्ड पालनाको सम्बन्धमा मन्त्रालय तथा विभागको अनुगमन प्रतिवेदनबाट देहायबमोजिम देखिएको छः

६५.१ स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६(१३) बमोजिम अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनुपर्ने, आफ्नो जग्गा नभएको हकमा कम्तीमा १५ वर्षका लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउनसक्ने र २५ शैयाभन्दा माथि क्षमता विस्तार गर्दा वा ५० शैयाभन्दा माथिको अस्पताल सञ्चालन गर्नुपर्ने अवस्थामा आफ्नै स्वामित्वको भवन हुनुपर्ने व्यवस्था छ । निर्देशिकाको दफा १६(१४) मा

अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाईन भवन ऐन, २०५५ बमोजिम स्वीकृत भएको हुनुपर्ने, नेपाल सरकारले अस्पतालको सम्बन्धमा छुट्टै मापदण्ड तोकेको भएमा सोहीबमोजिम र उपत्यकाको हकमा काठमाडौं उपत्यका विकास प्राधिकरणबाट अस्पताल भवन निर्माणसम्बन्धी योजना स्वीकृत भएको हुनुपर्ने, सर्वसाधारणको जानकारीका लागि विपद् व्यवस्थापन योजना तयार गर्नुपर्ने, अस्पतालको कुल निर्माण क्षेत्रफल प्रति शैया ५५ वर्गमिटर हुनुपर्ने तथा भवन निर्माण स्वीकृति लिँदा अस्पताल सेवा सञ्चालनका लागि भनी स्पष्ट खुलेको हुनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा स्वास्थ्य सेवा विभागको कार्यक्षेत्र अन्तर्गतका ९४ अस्पतालको भौतिक पूर्वाधारको अवस्था अध्ययन तथा परीक्षण गर्दा ३८ अस्पताल मात्र अस्पताल प्रयोजनका लागि बनेको वा बन्दै गरेको भवनमा सञ्चालनमा रहेको पाईयो भने ३७ अस्पताल आवासीय भवनमा ,१० अस्पताल व्यावसायिक भवनमा र ९ अस्पतालका भवन प्रबलीकरण गर्नुपर्ने अवस्थामा रहेको देखियो । यसबाट अधिकांश अस्पतालले पूर्वाधारसम्बन्धी मापदण्डहरु पालना गरेको देखिएन यस सम्बन्धमा मन्त्रालय र विभागबाट कुनै कारबाही भएको छैन ।

६५.२ स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६(२) अनुसार दश प्रतिशत शैया आकस्मिक कक्षको लागि छुट्याउनुपर्ने तथा निश्चित उपकरण र पूर्वाधार समेत निर्माण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र विभागबाट सञ्चालन अनुमति प्रदान तथा स्तरोन्नति गर्दा कुल ५७५ शैयाको चितवन मेडिकल कलेज, ४०० शैयाको लुम्बिनी मेडिकल कलेज, ३०० शैयाको बि.एण्ड सी. झापा, ४५० शैयाको नेपाल मेडिकल कलेज, ३०० शैयाको आश्विन मेडिकल कलेज, १०० शैयाको किष्ट मेडिकल कलेज लगायतका अस्पतालहरुमा कुल शैयाको १० प्रतिशत शैया आकस्मिक कक्षको लागि व्यवस्था गरेको पाईएन । आकस्मिक कक्षमा बेड तथा आई.सी.यू.मा भेन्टिलेटर ,सिटी स्क्यान लगायतका आवश्यक उपकरण मापदण्डबमोजिम नरहेको र शैयाको अनुपातमा जनशक्ति नरहेको व्यहोरा देखिएकोमा पनि स्वास्थ्य संस्था स्थापना, स्तरोन्नति र नवीकरण गरी सञ्चालन अनुमति प्रदान गर्ने गरेको पाईयो ।

६५.३ स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा २० ले शिक्षण अस्पतालको हकमा नेपाल मेडिकल काउन्सिलले तोकेको मापदण्डबमोजिम अस्पतालमा रहने प्रयोगशाला तथा उपकरणको मापदण्ड निर्धारण गरेको छ । मन्त्रालय र विभागले शिक्षण अस्पताल र अस्पतालहरुको प्रयोगशाला अनुगमन गर्दा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट स्वीकृति नलिएको, मर्करीयुक्त उपकरणको प्रयोग नगरी डिजिटल उपकरण प्रयोग गरेको, प्रयोगशाला सेवाहरुमा गुणस्तर नियन्त्रण प्रणाली नदेखिएको, प्रयोगशालामा शाखा विभाजन र औजार उपकरण तथा जनशक्ति मापदण्डबमोजिम नरहेको ,प्रयोगशालाजन्य फोहोरमैलाको मापदण्डअनुसार व्यवस्थापन गरेको नदेखिएको अवस्थामा पनि मन्त्रालय र विभागबाट नयाँ अनुमति तथा स्तरोन्नतिको लागि स्वीकृति दिएको पाईयो । यसले गर्दा प्रयोगशालाको नतिजा सही नआउने र बिरामीको उपचारमा समेत असर गर्ने सम्भावना रहन्छ ।

६५.४ स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १९ मा शिक्षण अस्पतालको हकमा नेपाल मेडिकल काउन्सिलले तोकेको मापदण्डबमोजिम र बाँकीका हकमा अस्पतालको शैया क्षमताको आधारमा जनशक्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र विभागले अनुगमन गरेका अस्पतालहरुमा विशेषज्ञ डाक्टरहरुको कमी रहेको, स्वीकृत शैयाको अनुपातमा सबैखाले चिकित्सक, नर्सिङ स्टाफहरु, स्वास्थ्यकर्मीहरु नरहेको, आईसीयूमा शैयाको अनुपातमा न्यून दरबन्दी रहेको देखिएको छ । मापदण्डबमोजिम जनशक्ति नभएको अवस्थामा पनि नयाँ सञ्चालन तथा थप स्तरोन्नतिको अनुमति प्रदान गरेको देखियो । साथै एउटै विशेषज्ञ डाक्टरको नाम विभिन्न अस्पतालमा राखी सेवा सञ्चालन गरिएको पाइयो । यसबाट बिरामीको सेवाभन्दा पनि स्वास्थ्य सेवाको व्यापारमा बढी केन्द्रित भएको देखिएको छ ।

६५.५ स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० अनुसार अस्पतालमा आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गर्नुपर्ने र ज्येष्ठ नागरिकका लागि शैया व्यवस्थापन गर्नुपर्ने मापदण्ड तोकेका र सोको मासिक प्रतिवेदन जिल्ला जनस्वास्थ्य कार्यालयमा नियमित रुपमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालय र विभागले अनुगमन गरेको ८ अस्पतालमा निःशुल्क उपचार र ज्येष्ठ नागरिकहरुको लागि शैया छुट्याउने व्यवस्था गरेको पाइएन । यसबाट निजी अस्पतालहरुले समाजिक दायित्वको पालना गरेको देखिएन ।

स्वास्थ्य संस्थाहरुले मापदण्ड पालना नगरेको अनुगमनबाट देखिँदा पनि मन्त्रालय तथा विभागबाट त्यस्ता स्वास्थ्य संस्थाहरुको स्थापना तथा स्तरोन्नति र नवीकरण गरी सञ्चालन अनुमति प्रदान गरेको कारण अस्पतालहरुको सेवाबाट सर्वसाधरणले उचित स्वास्थ्य सेवा नपाउने स्थिति रहेको छ । मन्त्रालय तथा विभागले मापदण्ड पुरा गरेका अस्पताल तथा स्वास्थ्य संस्थाको मात्र नवीकरण वा स्तरोन्नति गर्नुपर्दछ ।

६६. **सेवा शुल्क निर्धारण -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा ३० अनुसार सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण समितिले शुल्क निर्धारण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र विभागको नियमन क्षेत्रभित्र रहेका अस्पतालहरुले उपलब्ध गराउने सेवा शुल्क सम्बन्धमा अनुगमन भएको देखिएन भने मन्त्रालयको शुल्क निर्धारण समितिले मापदण्ड समेत निर्धारण गरेको देखिएन । विभागबाट प्राप्त विवरणअनुसार १० अस्पतालको आईसीयू, जनरल बेड, एक्स रे, भिडियो एक्सरे लगायतको शुल्क विश्लेषण गर्दा निकै अन्तर देखिएको छः

सरकारी अस्पतालमा रु.१ हजारदेखि रु.३ हजारसम्म शुल्क रहेको आई.सी.यू. सेवाको शुल्क निजी अस्पतालमा रु.२ हजार ५०० देखि रु.१० हजारसम्म रहेको देखियो । त्यसैगरी सामान्य बेड शुल्क रु.२०० देखि रु.५००, एक्सरे रु.२७६ देखि रु.७००, भिडियो एक्सरे रु.५०० देखि रु.१ हजार २५०, ब्लड सी.बी.सी. रु.२०० देखि रु.६०० सम्म, ब्लड सुगर रु.६० देखि रु.१०० सम्म, आर.एफ.टी. रु.६०० देखि रु.१ हजार ३६० सम्म, टी.एप.टी. रु.१ हजार २०० देखि रु.१ हजार ८०० सम्म, ब्लड कल्चर रु.३०० देखि रु.९५० सम्म र पिसाब जाँच रु.६० देखि रु.१७० सम्म रहेको पाइयो ।

अस्पतालको मुख्य सेवाहरुको शुल्क विश्लेषण गर्दा समान पूर्वाधारभएको आई.सी.यू. तथा एउटै किट प्रयोग हुने प्रयोगशाला जाँचको सेवा शुल्कमा १०० प्रतिशतदेखि ५०० प्रतिशतसम्मको फरक देखियो । निर्देशिकाबमोजिम समितिबाट शुल्क निर्धारणमा एकरुपता कायम नगरिँदा निजी स्वास्थ्य संस्था तथा अस्पतालहरुले मनोमानी रुपमा शुल्क निर्धारण गरी असुल गर्ने गरेको देखिन्छ । यसबाट शुलभ स्वास्थ्य सेवा सर्वसाधरणको पहुँचभन्दा टाढा हुने स्थिति बनेको छ । "सबैका लागि स्वास्थ्य"अवधारणा कार्यान्वयन गर्न शुल्क निर्धारण समितिले अस्पतालको वर्गीकरण वा स्तरबमोजिम स्वास्थ्य सेवा शुल्क निर्धारण गरी एकरुपता कायम गर्नुका साथै अस्पतालहरुले लिने शुल्कको नियमित अनुगमन गर्नुपर्दछ ।

६७. **नियमन र समन्वय संयन्त्र-** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं.६.४ मा स्वास्थ्य प्रणालीलाई संघीय संरचनाअनुरुप पुनर्संरचना, सुधार एवं विकास विस्तार गरी समन्वय तथा नियमन गरिने उल्लेख छ । सोअनुसार २५ शैयासम्मको अस्पतालको नियमन सम्बन्धित स्थानीय तहबाट, ५० शैयासम्मको अस्पताल प्रदेशस्तरबाट, २०० सम्मको अस्पताल स्वास्थ्य सेवा विभागबाट र २०० शैयाभन्दा माथिको अस्पताल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हुनुपर्ने व्यवस्था छ । वर्तमानमा प्रदेश तथा स्थानीय तहसँग

स्वास्थ्य सम्पर्क इकाईको रुपमा कार्य गर्न मन्त्रालयमा प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा रहेको छ । सो शाखाले प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक समन्वय, सहजीकरण तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको तथा स्थानीय तहका प्रतिनिधि, सात सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयमा वार्षिक समीक्षा, चौमासिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रम गरेको देखियो । मन्त्रालयबाट नियमनको स्पष्ट कार्ययोजना सहित प्रदेश र स्थानीय तह समेतको एकीकृत नियमन मापदण्ड कार्यविधि र संयन्त्र स्थापना गरी प्रभावकारी अनुगमन, नियन्त्रण र नियमन भएको देखिएन । यसबाट स्वास्थ्य सेवाप्रवाहको गुणस्तर मापन तथा स्तरीय उपचार विधि मार्फत सेवाप्रवाह हुन नसकेको अवस्था छ । अतः सेवाप्रवाहको प्रभावकारिता अभिवृद्धिको लागि परिवर्तित संरचनाबमोजिम संघ, प्रदेश र स्थानीय तहबाट स्वास्थ्य संस्थाको नियमन गर्न एकीकृत नियमन मापदण्ड, कार्यविधि र संयन्त्रको व्यवस्था गर्नुपर्दछ ।

## स्वास्थ्य सेवा प्रवाहमा बिरामी हेरचाह गुणस्तर

नेपालको संविधानले राज्यका विभिन्न नीति तथा कार्यक्रमले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने लक्ष्य राखेको छ । त्यसैगरी दिगो विकास लक्ष्य, २०३० को तेस्रो लक्ष्यमा स्वस्थ्य जीवन र जीवनयापनलाई लिइएको छ । यसमा राज्यको तर्फबाट उपलब्ध गुणस्तरीय स्वास्थ्य सेवाको अहम भूमिका रहेको हुन्छ । स्वास्थ्य सेवा प्रदान गर्दा बिरामी हेरचाहको गुणस्तर (क्वालिटी अफ केयर) सम्बन्धमा विश्व स्वास्थ्य संगठन र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मापदण्ड निर्धारण गरिएको छ । बिरामी हेरचाहको गुणस्तर अवधारणा अनुसार अस्पतालले बिरामीको सुरक्षित तवरले बिरामीमैत्री भएर हेरचाह गरी जोखिम एवं हानि न्यूनीकरण तथा मेडिकल त्रुटी रोकथाम गर्नु र सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्नु रहेको छ । बिरामी हेरचाहको गुणस्तरसम्बन्धमा प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको हो ।

६८. **सेवाको गुणस्तर -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ७ मा नेपाल सरकारले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । अस्पतालको गुणस्तरीय सेवासम्बन्धमा अस्पतालको नियमित अनुगमन गरिनुपर्ने ,भर्ना भएका बिरामीहरुमध्ये पुरा निको भई डिस्चार्ज हुनेको अनुपात बढी र मृत्यु हुने बिरामीको अनुपात कम हुनुपर्ने, चिकित्सकको स्वीकृति बेगर अस्पताल छोडेर जाने बिरामीको अनुपात न्यून हुनुपर्ने र रिफरल केशहरु न्यून रहनुपर्नेसम्बन्धमा मूल्याङ्कन गर्दा देहायबमोजिम रहेको पाइयोः

६८.१ विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार प्रत्येक अस्पतालले दैनिकरुपमा परीक्षण सूची बनाएर डिस्चार्ज हुने बिरामी सहित प्रत्येक वार्डको बेडको स्थिति, सघन उपचार इकाईहरुको अवस्था, आकस्मिक कक्ष, मेसिन तथा उपकरणहरुको स्थिति, अत्यावश्यक औषधिको स्टक,अक्सिजन ,चिकित्सक, सामानहरुको निर्मलीकरण, प्याथोलोजी ल्याब र रेडियोलोजी इकाईहरुको स्थिति अनुगमन गरी आगामी २४ घण्टासम्मको लागि अस्पतालको व्यवस्थापन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा ४ अस्पतालको परीक्षण गर्दा कान्ति बाल तथा वीर अस्पतालले बिहान दैनिक अनुगमन गर्ने गरे तापनि परीक्षण सूची प्रयोग गरेको पाइएन । एक निजी अस्पतालले दैनिक बिहान खाली बेड र खाली हुने बेड, औषधिको उपलब्धता, मेसिनको अवस्था तथा सफाइ आदि अनुगमन गरी त्यसको अभिलेख राखी सबै वार्डमा जानकारी समेत दिने गरेको पाइयो । यद्यपी मापदण्ड अनुसार परीक्षण सूची अनुरुप अनुगमन गरेको छैन । अर्को निजी अस्पतालमा दैनिक अनुगमन गर्नुका अतिरिक्त प्रत्येक सोमबार रणनैतिक कमिटीको सदस्यसहित प्रशासनिक निरीक्षण समेत हुने गरे तापनि मापदण्ड अनुसार अनुगमन परीक्षण सूची तयार गरेको देखिएन । यसरी सरकारी तथा निजी अस्पतालको अनुगमन व्यवस्था विश्व स्वास्थ्य संगठनको व्यवस्था

अनुसार पर्याप्त नदेखिएकोले अनुगमन परीक्षण सूचीको आधारमा आ-आफ्नो अस्पतालमा भएका सेवाहरुको दैनिक अनुगमन गरी अस्पताल व्यवस्थापन हुनुपर्दछ ।

६८.२ अध्ययन गरिएका ४ अस्पतालमा भर्ना भएका बिरामीमध्ये २०७२/७३ देखि २०७५/७६ सम्ममा औषत ३.१२७ प्रतिशत बिरामीको मृत्यु भएको छ । मृत्यु हुनेमा भर्ना भएको ४८ घण्टा भित्र मृत्यु हुनेको संख्या धेरै रहेको छ । कुल भर्नामध्ये ४ अस्पतालको औषतलाई हेर्दा मृत्यु हुनेको अनुपात सबभन्दा कम कान्ति बाल अस्पतालको रहेको देखिन्छ । अस्पतालमा हुने मृत्यु दर भर्ना हुने बिरामीको प्रकृति, अवस्था र उपचारको गुणस्तरमा निर्भर रहन्छ । बिरामीको प्रकृति र अवस्थामा अस्पतालको नियन्त्रण हुँदैन । तथापि अस्पतालको सेवा गुणस्तर खास गरिकन सघन उपचार सेवा तथा सर्जरी वार्ड र आकस्मिक वार्डको सेवामा सुधार गर्दै बिरामीको अनुपातमा चिकित्सक तथा नर्सको व्यवस्था र हेरचाहको गुणस्तर विश्व स्वास्थ्य संगठन र नेपाल सरकारबाट जारी मापदण्ड अनुरुपको बनाई मृत्युदरलाई न्यून गर्नुपर्दछ ।

६९. **सङ्क्रमण रोकथाम तथा नियन्त्रण-** नेपालमा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा ४(ख) अनुसार स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डबमोजिम सङ्क्रमण नियन्त्रणको व्यवस्था हुनुपर्ने र सोको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ । विश्व स्वास्थ्य संगठनको स्वास्थ्य संस्थामा संक्रमण नियन्त्रणसम्बन्धी गाइडलाइन अनुसार अस्पतालमा सृजना हुनसक्ने संक्रमण सम्पर्कबाट, ड्रपलेटबाट, हावाजन्य, ओसारपसारका साधन र भेक्टरजन्य कारणबाट हुने जनाएको छ । यस्तो सङ्क्रमणबाट बच्न र नियन्त्रण गर्न विश्व स्वास्थ्य संगठनले साबुन पानीले हात धोई हातलाई निसङ्क्रमित गर्ने, व्यक्तिगत सुरक्षा उपकरणको उपयुक्त प्रयोग, फोहोर मैला व्यवस्थापन तथा सफाइ र आगन्तुकहरुलाई अभिमुखीकरण गर्नुपर्ने उपायहरु सुझाएको छ । उक्त मापदण्ड अनुसार प्रत्येक अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रण कमिटी गठन गरी दिग्दर्शन, सङ्क्रमण नियन्त्रण फ्रेमवर्क ,परीक्षण सूची, फोकल पर्सन तोकी दैनिक अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

नेपाल सरकारले सबैप्रकारका अस्पताल तथा स्वास्थ्य संस्थाको लागि अस्पतालजन्य सङ्क्रमण नियन्त्रण फ्रेमवर्क तथा गाइडलाइन तयार गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन । लेखापरीक्षणका क्रममा अनुगमन गरिएका ४ अस्पतालमा निजी क्षेत्रका २ अस्पतालमध्ये एक निजी अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा सो प्रचलन स्थापित गरे तापनि समष्टिगत रुपमा मृत्यु दर १२.६१ प्रतिशत रहेको, आइ.सी.यू.को बसाइको अवधि लामो रहेको र यसरी बस्नेहरुमा निमोनिया, रगत र पिसाबजन्य सङ्क्रमण देखिएकोले अस्पतालजन्य सङ्क्रमण न्यून रहेको भन्न मिल्ने अवस्था छैन । तसर्थ अस्पतालबाट सृजना हुनसक्ने सम्भाव्य सङ्क्रमणबाट बिरामीलाई सुरक्षित गर्नु अस्पतालको प्रमुख दायित्व भएकोले मन्त्रालयले सङ्क्रमण रोकथाम तथा नियन्त्रणको दिग्दर्शन यथाशीघ्र तयार गरी सोको कार्यान्वयन र अनुगमन गर्नुपर्दछ ।

७०. **अस्पताल सृजित सङ्क्रमण मूल्याङ्कन -** अस्पताल सृजित सङ्क्रमण नियन्त्रण तथा जोखिम न्यूनीकरणका लागि स्वच्छ खानेपानी आपूर्ति, उपयुक्त सफाइ, बेडबीचको दुरी, हात धुने सुविधा, आईसोलेसन कोठा तथा अति जोखिम क्षेत्र जस्तै शल्यक्रिया कक्ष, प्रत्यारोपण, सघन उपचार कक्षमा पर्याप्त भेन्टिलेशन, हावाजन्य, बूँदजन्य, सम्पर्कजन्य आइसोलेसन तथा सुरक्षात्मक वातावरण, अति जोखिममा रहेको बिरामीको लागि आगन्तुकको चाप नियन्त्रणको नियम तथा मापदण्ड तथा बिरामीको लागि छुट्टै यातायातको व्यवस्था, फङ्गल जीवाणुबाट जोगाउने उपायहरु, किरा लामखुट्टे, भुसुना, झिङ्गा, साङलो तथा अन्य भेक्टरबाट बचाउको उपायहरु, फोहरमैलाको उपयुक्त व्यवस्थापन, हातधोइ सकेपछि पुछनकोलागि व्यवस्था, पुनरप्रयोग नगर्ने रुमाल, ड्रायर वा पुनःप्रयोग गर्ने गरी सिङ्गल टावेल लगायतका १० सूचकमा पर्याप्तताको

लागि ५ अङ्क, ठीकैको लागि ३ अङ्क, र कमको लागि १ अङ्क निर्धारण गरी ५० पूर्णाङ्कको आधारमा विश्लेषण गर्दा कुल ५० अङ्कमा एक निजी अस्पतालले ४२ र अर्को निजी अस्पतालले ३६ प्राप्त गरेका छन् भने वीर अस्पताल र कान्ति बाल अस्पतालले क्रमशः २४ र २२ अङ्क प्राप्त गरेको देखिँदा सङ्क्रमण नियन्त्रणको लागि न्यूनतम आवश्यकताहरुको मापदण्डको व्यवस्थापनमा निजी क्षेत्रका अस्पतालको अवस्थाभन्दा सरकारी अस्पतालको अवस्था अझै कमजोर देखियो । यसले गर्दा सरकारी अस्पतालहरुमा अस्पताल सृजित सङ्क्रमणबाट बिरामीहरु सङ्क्रमित हुनसक्ने बढी सम्भावना रहने र बिरामीको बसाइ, उपचार खर्च र अस्पतालको मृत्यु दर बढी हुनजाने स्थिति देखाउँदछ । तसर्थ मन्त्रालयबाट अस्पतालमा सङ्क्रमण नियन्त्रणको लागि न्यूनतम मापदण्ड व्यवस्था गर्नमा प्रभावकारी भूमिका निर्वाह भएको नदेखिएकोले समय सीमा सहितको निर्देशन जारी गरी कार्यान्वयनको अनुगमन गरी सुधार गर्नुपर्दछ ।

७१. **हात धुने वा निसङ्क्रमण गर्ने प्रचलन-** विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार बिरामी जाँच्न वा उपचार गर्नु पूर्व साबुन पानीले हात धोएर वा ह्याण्ड स्यानीटाइजरले हातलाई निर्मलीकरण गरी सर्जिकल पञ्जाको प्रयोग गर्ने र पञ्जाको प्रयोग गरी फुकाल्दा पुनः साबुन पानीले हात धुनु पर्दछ । नेपाल सरकारले २०१५ मा गरेको नेपाल स्वास्थ्य सर्वेक्षणले नेपालका स्वास्थ्य सेवाप्रदान गर्ने संस्थाहरु मध्ये औसतमा ७९.८ प्रतिशत संस्थामा मात्र कुनै प्रकारको निर्मलीकरण उपकरण रहेको तथ्य औंल्याएको छ । सर्वेक्षणले निरन्तर पानी आउने धारा, साबुनको उपलब्धता तथा स्यानीटाइजर समेत राष्ट्रियस्तरका सबै अस्पतालमा उपलब्ध नभएको र ७५.४ प्रतिशत अस्पतालमा मात्र साबुन तथा निरन्तर पानी आउने धारा भएको उल्लेख गरेको छ । कैयौं जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य हेरचाह केन्द्र, स्वास्थ्य चौकीले बाल्टिनमा पानी ल्याएर हातधुने गरेको समेत उल्लेख गरेका छन् । यस्तो स्थितिमा अस्पतालबाट सृजित सङ्क्रमण नियन्त्रण गर्नमा मन्त्रालयको व्यवस्थापनले उपयुक्त ध्यान पुर्याउन नसकेको स्पष्ट हुन्छ । यसबाट उपचार गराउने बिरामी सङ्क्रमित हुनसक्ने सम्भावना उच्च रहेको छ ।

७२. **फोहोरमैला व्यवस्थापन -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६(१)को (छ) अनुसार जोखिमपूर्ण फोहोर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था साथै फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली २०७० बमोजिम फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार मिलाउनुपर्ने व्यवस्था छ । साथै फोहरमैला व्यवस्थापनको लागि विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार कुहिने, नकुहिने सामान्य, जोखिमयुक्त, जोखिमयुक्त रासायनिक र जोखिमयुक्त रेडियोधर्मी फोहोरको लागि क्रमशः हरियो, नीलो, रातो, पहेंलो र कालो रंगको बाकसमा राख्ने व्यवस्था गर्नुपर्दछ ।

७२.१ लेखापरीक्षणका क्रममा अवलोकन गरिएका ४ अस्पतालको ५ सूचक अनुसार फोहर फाल्ने तथा बिर्सजनको लेखाजोखा गर्दा दुई निजी अस्पताल, वीर अस्पताल र कान्ति बाल अस्पतालको औसत सन्तष्टि अङ्क कुल ५ पूर्णाङ्कमा क्रमशः ४.६, ३.६, ३.२ र ३.२ रहेको छ । कान्ति तथा वीर अस्पतालले रातो बाकसमा सर्जिकल पञ्जाहरु तथा अन्य बायो मेडिकल फोहर राख्ने गरे तापनि रासायनिक प्रक्रिया गरी १ प्रतिशत हाइड्रोक्लोराइड पानीमा डुबाएर राख्नुपर्नेमा राखेको पाइएन । यस सन्दर्भमा कान्ति बाल अस्पतालले ६ महिनादेखि हाइड्रोक्लोराइड माग गरेकोमा उपलब्ध हुन नसकेको, वीर अस्पतालले कहिलेकाहीँ स्टक नहुँदा त्यसै राख्नुपरेको बताएका छन् । साथै रातो रंगको बाकसमा ढक्कन हुनुपर्नेमा नभएको, वार्डहरुमा रहेको बक्साहरुमा तोकेबमोजिम फोहर फ्याक्ने नगरेको र समयमा फोहर नउठाइएको स्थिति पाइयो ।

७२.२ स्यानीटरी इकाईको स्थापना कान्ति बाल अस्पताल र वीर अस्पतालमा रहेको, निजी अस्पतालहरुमा नभएको देखियो । जोखिमयुक्त फोहोरको गहन अनुगमन एक निजी अस्पतालमा भएको, वीर र अर्को निजी अस्पतालमा केही हदसम्ममात्र रहेको छ भने कान्तिबाल अस्पतालमा हुने गरेको छैन । जोखिमयुक्त

फोहोर भण्डारणका लागि छुट्टै कोठाको व्यवस्था वीर अस्पतालमा रहेको, कान्ति र एक निजी अस्पतालमा रहेको पाइएन । फोहरको व्यवस्थापन, सफाइ, सङ्कलन तथा ट्रान्सफरमा संग्लन कर्मचारीहरुले पिपिई अनिवार्य रुपमा लगाउने व्यवस्था कान्ति बाल अस्पतालमा नभएको, २ निजी अस्पतालमा केहीहदसम्म रहेको देखियो । यसरी स्वमूल्याङ्कनको आधारमा कान्ति बाल अस्पताल फोहरमैला व्यवस्थापन ज्यादै कमजोर रहेको देखिन्छ ।

७२.३ अवलोकन गरिएका ४ अस्पतालले सङ्क्रमणयुक्त फोहरहरु बिसर्जन गर्दा तिखा धारिला फोहोर कान्ति, वीर र एक निजी अस्पतालले अटोक्लाभ गरी स्टोरमा दिएपछि फोहोर बिर्सजनकर्ताले लिएर जाने गरेको तथा अर्को निजी अस्पतालमा अटोक्लाभ गरी टुक्रापारी गहिरो खाल्डोमा गाड्ने गरेको पाइयो । मानव शरिरका भागहरु किमोथेरापीका अवशेष वा प्रयोग गर्ने समय नाघेको, प्रयोगशालाको विषादीयुक्त केमिकल, कान्ति बाल अस्पतालमा वार्डमा नै छुट्याई खाल्डोमा गाड्ने गरेको, एक निजी अस्पतालमा इन्सिनिरेट गर्ने गरेको देखिन्छ । क्लोरिनेटेड प्लाष्टिक, अस्थिर विषाक्त फोहर, रगत, शरीरको पिप, खकार ,जमेको रगत , वीर्य जस्ता सङ्क्रमित गैर प्लाष्टिक वस्तुहरु, उत्सजर्न तथा प्रयोगशालाका फोहरहरु कान्तिबाल अस्पतालमा तरल पदार्थ ढलमा जाने गरी विसर्जन गर्ने र अन्य गाडने गरेको, वीर अस्पतालमा ट्रिटमेण्ट प्लाण्ट नभएको हुँदा तरल पदार्थ ढलमा पठाउने र ठोस पदार्थ प्लासेन्टा खाल्डोमा गाड्ने गरेको साथै स्टार अस्पतालमा १ प्रतिशत हाइड्रोक्लोराइडमा डुबाएर प्लासेन्टा खाल्डो गाड्ने गरेको पाइयो ।

यसबाट सङ्क्रमित फोहरको विसर्जन गर्ने विधिमा पनि विविधता रहेको छ । तसर्थ, नेपाल सरकारले विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप तयार पारेको स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनसम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७६ प्रत्येक स्वास्थ्य सेवाप्रदायक संस्था तथा शिक्षण अस्पतालहरुमा कार्यान्वयनमा ल्याउन समय सीमा सहित नेपाल सरकारले निर्देशन जारी गरी कार्यान्वयनमा ल्याउने र न्यूनतम मापदण्ड पनि पुरा नगर्ने संस्थालाई कारबाही गर्नुपर्दछ ।

७३. **आकस्मिक सेवा -** नेपाल सरकारले २०७०।९।२१ मा स्वीकृत गरेको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका अनुसार कुल शैया क्षमताको कम्तीमा दश प्रतिशत आकस्मिक कक्षको लागि शैया व्यवस्था गर्नुपर्दछ । आकस्मिक कक्षमा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला ,ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरुमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (ह्विलचेर , ट्रली ,स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्ने व्यवस्था छ । आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनुपर्नेछ ।

लेखापरीक्षणको क्रममा अस्पतालहरुको आकस्मिक सेवा प्राप्त गर्ने बिरामी संख्या अध्ययन गर्दा २०७५।७६ मा वीर अस्पतालमा ५६ हजार ८४०, एक निजी अस्पतालमा ७ हजार ७२७, कान्ति बालमा ५५ हजार ५१४ र अर्को निजी अस्पतालमा ३ हजार ९५४ बिरामीले सेवा लिएको पाइयो । यसबाट आकस्मिक सेवाको चाप निजी अस्पतालमा भन्दा सरकारी अस्पतालमा धेरै रहेको देखिन्छ । वीर तथा कान्ती बाल अस्पतालमा आकस्मिक बार्डको २५-३० प्रतिशत केश पेन्डीङ्ग रहन्छ । वार्डमा पनि प्राय बेड खाली हुंदैन । सरकारी अस्पतालहरुमा बिरामीको चाप बढी रहेको कारण एउटा बेडबाट अर्को बेडको दूरी कायम राख्न नसकिएको तथा अन्य पूर्वाधार समेत कमजोर रहेको देखिन्छ । आकस्मिक कक्षको ल्याब सेवा र रेडियोलोजीको सुविधा भए तापनि मेसिन बिग्रेको अवस्थामा रेफर गर्नुपर्ने अवस्था छ । विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार आकस्मिक केशहरुको अनुगमन परीक्षण सूची सहित प्रत्येक घण्टाको स्थिति अनुसार बिरामीको अनुगमन गरी सो अनुरुपको व्यवस्थापन प्रायः कुनै पनि अस्पतालले गरेको पाइएन । स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिकामा उल्लिखित सूचकहरुको आधारमा आकस्मिक सेवाको न्यूनतम आवश्यकताहरु मूल्याङ्कन गरिएकोमा चार

अस्पतालमध्ये एक निजी अस्पतालले शतप्रतिशत, अर्को निजी अस्पतालले ८३.३३, कान्ति बाल अस्पतालले ४१.६७ र वीर अस्पतालले ३३.३३ प्रतिशत अङ्क प्राप्त गरेको देखियो ।

उपर्युक्त अवस्थालाई निराकरण गर्न हाल प्रायजसो राष्ट्रिय स्तरका सरकारी अस्पतालहरुमा आकस्मिक सेवामा बिरामीको बढी चाप हुने भएको यसको पूर्वाधार तथा स्तरको क्षमता बढाउन पहल गर्नुपर्दछ । सरकारी अस्पताल व्यवस्थापनले आकस्मिक सेवा कक्षको लागि राति को समय समेत डेडिकेटेड चिकित्सकको व्यवस्था गर्नुपर्दछ । निजी अस्पतालहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आकस्मिक सेवामा गरिबहरुलाई विशेष राहत वा छुट दिने व्यवस्था गर्नुपर्दछ ।

७४. **सर्जिकल चेक लिष्टको प्रयोग-** विश्व स्वास्थ्य संगठनले चिकित्सकहरुबाट अप्रेशन गर्दा जोखिम कम गरी बिरामीको सुरक्षा सुचिश्चित गर्न ३ चरण साइन इन, टाईम आउट, तथा साइन आउटका आधारमा चेकलिष्ट तयार गरेको छ । साइन इनमा अपरेशन गर्ने बिरामीको पहिचान, प्रकृया र सहमति, स्थानमा चिन्ह लगाउने (दायाँबायाँ आदि), नाडीको चाल स्वास प्रश्वासको जोखिम आँकलन, एनेस्थेसिया र संयोजकसँग छलफल ,रगत आपूर्ति, एलर्जीको जानकारी, सम्पूर्ण सुरक्षा उपकरण र आकस्मिक औषधिको जाँच लगायतका कार्य पर्दछन । त्यसैगरी टाईम आउट चरणमा अपरेशन पूर्व सम्पूर्ण टोली सदस्यहरु बसेर तयारी, छलफल तथा आवश्यक सामग्रीहरु यकिन गर्ने, सर्जिकल अनुकुलता प्रतिकुलता, अप्रेशनको अवधि ,आवश्यक औषधि, तस्वीरको उपयुक्त ढङ्गले ब्यवस्थापन गर्ने कार्य हुन्छन् भने साईन आउट चरण घाउचिरेको स्थान बन्द गर्ने अप्रेशन सम्पादन तथा अभिलेखन ,उपकरण, औजार स्पञ्ज, स्वाव तथा सुईहरु गणना पूर्ण भए नभएको जाँच गर्ने र छानबिन गर्ने अपरेशन पश्चातका जोखिमको पहिचान लगायतका कार्य पर्दछन ।

लेखापरीक्षणमा उक्त चेकलिष्टको प्रयोगसम्बन्धमा परीक्षण गर्दा ४ अस्पतालले उक्त परीक्षण सूची प्रयोगमा ल्याएको धारणा व्यक्त गरे तापनि वीर अस्पतालले यो परीक्षण सूची तयार गरेको पाइएन । कान्तिबाल र एक निजी अस्पतालले यो परीक्षण सूची तयार गरी कार्यान्वयनमा ल्याएकोमा अर्को निजी अस्पतालले तयार गरे तापनि कार्यान्वयनमा ल्याएको पाइएन । सर्जिकल चेकलिष्टको चरण बारेमा जानकारी लिन स्वास्थ्यकर्मीसँगको सोधनीमा एक निजी अस्पतालबाट मात्र सही उत्तर पाइयो । कुल १५ प्रश्नहरुको उत्तर सही वा गलतको विकल्प माग गरिएकोमा एक निजी अस्पतालले १० अङ्क, कान्ति, वीर र अर्को निजी अस्पतालले ९।९ अङ्क प्राप्त गरेका छन् । स्वास्थयकर्मीमध्ये औसतमा ६१ प्रतिशतले मात्र ठीक उत्तर दिएका छन् । यसबाट अस्पतालहरु पूर्वतयारी वा परीक्षण सूची कार्यान्वयन चरणमा सबभन्दा कमजोर रहेका छन् । तसर्थ, मापदण्डबमोजिमको सर्जिकल चेकलिष्टको प्रयोग सम्बन्धमा सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई जानकारी गराई अपरेशनको कार्यसम्पादनमा दक्षता तथा प्रभावकारिता अभिवृद्धि गरिनुपर्दछ ।

# संगठित संस्था, अन्य संस्था र समिति

## स्वास्थ्य बीमा बोर्ड

स्वास्थ्य उपचारको क्रममा भइरहेको व्यक्तिगत खर्चलाई व्यवस्थित गर्दै सबै नेपाली नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न २०७१ देखि सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति गठन भई कार्य गर्दै आएकोमा बीमा ऐन, २०७४ बमोजिम स्वास्थ्य बीमा बोर्डको नामबाट कार्य हुँदै आएको छ ।

७५. **कार्यक्रम सञ्चालन -** नेपाल सरकारको यो वर्षको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा मुलुकभर स्वास्थ्य बीमा विस्तार गर्ने उल्लेख छ । यो वर्ष ७७ जिल्लामा सेवा विस्तार गर्ने लक्ष्य राखी रु.६ अर्ब बजेट विनियोजन भएकोमा ४६ जिल्लामा लागू भई ३१ जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न नसकी रु.३ अर्ब ३७ करोड रकमान्तरबाट बजेट घटाएको छ । स्वीकृत वार्षिक कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन हुन नसकेकोले लक्ष्य हासिल गर्न बाधा हुनेदेखिन्छ ।

७६. **दिगोपना -** नागरिकको स्वास्थ्य बीमालाई सुनिश्चित गर्दै सबै नेपालीलाई स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था गर्ने नीतिअनुरुप यो कार्यक्रम शुरु भएको छ । सर्वसाधारणको योगदानमा आधारित यो कार्यक्रमको दिगोपनाका लागि सरकारले जोखिम पहिचान गरी निराकरणका उपाय अपनाएको देखिएन । सहभागीबाट बीमा शुल्क लिई लगानी गरी आय आर्जन गर्ने र सर्वसुलभ पहुँच हुने गरी जुनसुकै अस्पतालमा उपचार गराए पनि शोधभर्ना हुने व्यवस्था मिलाएको देखिन्छ । बीमा योजनामा यो वर्षसम्म कार्यक्रममा निरन्तर रहने १६ लाख ८६ हजार सहभागीबाट रु.१ अर्ब ३९ करोड ८० लाख २० हजार बीमा शुल्क प्राप्त भएकोमा २२ हजार २२८ जनाले स्वास्थ्य सेवा लिँदा रु.२ अर्ब १३ करोड ६ लाख ९० हजार शोधभर्ना भुक्तानी गर्नुपरेको छ । सेवाग्राहीबाट लिएको बीमा शुल्कले उपचार खर्च धान्न सकेको देखिएन । सङ्कलित बीमा शुल्क र सेवाग्राहीलाई दिएको रकम बीच ठूलो अन्तर रहकोले दिगो रुपमा कार्यक्रम सञ्चालन पक्ष विचारणीय रहेको छ ।

७७. **बीमामा सहभागिता -** राष्ट्रिय जनगणना, २०६८ अनुसार कार्यक्रम कार्यान्वयन भएका ४६ जिल्लाको जनसंख्या १ करोड ५० लाख ४५ हजार ९२९ रहेकोमा कार्यक्रममा १६ लाख ८६ हजार २२९ अर्थात् ११ प्रतिशतमात्र सहभागी भएको देखियो । कुल जनसंख्याको ८९ प्रतिशत हिस्सा सहभागी नभएकोले सेवाको गुणस्तर सुनिश्चित गरी चेतनामूलक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिएको छ ।

कतिपय सेवा प्रदायक संस्थाले सेवा नदिएको, अनावश्यक झमेला हुने गरेको र सहज सेवा लिन नसकेको लगायतका बीमितको गुनासो समेत रहेको देखिन्छ । कार्यक्रमलाई प्रभावकारी बनाउन सेवाग्राहीलाई सेवा उपलब्ध भए नभएको सम्बन्धमा बोर्डले अनुगमन गरी तत्काल गुनासो सम्बोधन गर्ने, कार्यक्रमको महत्वका बारेमा प्रचार गर्ने कार्य मार्फत सहभागिता वृद्धि गर्नुपर्ने देखिन्छ ।

७८. **सेवाको निरन्तरता -** स्वास्थ्य बीमा कार्यक्रममा गत वर्ष १५ लाख ५० हजार ६८२ जना आवद्ध भएकामध्ये १० लाख ५१ हजार ५२१ जनाले मात्र यो वर्ष कार्यक्रमलाई निरन्तरता दिएकोले गत वर्षको तुलनामा ३२.१८ प्रतिशत घटेको देखिन्छ । यसबाट कार्यक्रममा सहभागिताको आकर्षण बढ्न सकेको देखिँदैन । बीमा कार्यक्रमको नवीकरण गर्ने र यो वर्ष थप बीमित ६ लाख ३४ हजार ७०८ समेत कुल सहभागी संख्या १६ लाख ८६ हजार २२९ मात्र रहेकोले स्वास्थ्य बीमा गर्दा सेवाको गुणस्तर, सेवामा पहुँच र लागतमा मितव्ययिता ल्याई देखिएका कमी कमजोरी सुधार गरी दिगोपनामा ध्यान दिनुपर्दछ ।

७९. **बीमा आवद्धता -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ३ मा राष्ट्रसेवक, वृद्धाश्रम, अनाथालय, सुधार गृह, संरक्षण गृहलगायतका संस्थाहरुमा आश्रित सबैलाई तथा ७० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई कार्यक्रममा आवद्ध गर्नुपर्ने व्यवस्था छ । नियमावलीको व्यवस्थाअनुसार सबै राष्ट्रसेवक कर्मचारी तथा संस्थामा रहने व्यक्ति कार्यक्रममा आवद्ध भएको देखिँदैन । स्वास्थ्य बीमा कार्यक्रममा सबै लक्षित वर्ग आबद्ध गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

८०. **कार्यक्रममा दोहोरोपना -** नेपाल सरकारले सर्वसाधारण तथा लक्षित वर्गलाई आधारभूत स्वास्थ्य सेवा अन्तर्गत ७० प्रकारका निःशुल्क औषधि, आमा सुरक्षा, महिलाको आङ खसेको र ७५ वर्ष पूरा भएका जेष्ठ नागरिकलाई निःशुल्क उपचार तथा मृगौला, क्यान्सर रोग लगायत ८ प्रकारका कडारोगको सहुलियत

दरमा विभिन्न स्वास्थ्य संस्थाबाट उपचार सेवा उपलब्ध गराउँदै आएको छ । यसैगरी स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध विपन्न परिवारको बीमा शुल्क भुक्तानीको सुविधा दिई कार्यक्रममा आवद्ध परिवारले रु.१ लाखसम्मको उपचार खर्च बीमा कार्यक्रममार्फत समेत दिने गरेको छ । बीमा कार्यक्रम लागू भएका जिल्लामा समेत निःशुल्क स्वास्थ्य सेवालाई निरन्तरता दिइरहँदा कार्यक्रममा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ ।

८१. **कोषको परिचालन -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २७ मा कोष रहने व्यवस्था छ । ऐनको दफा २८ वमोजिम बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट व्यहोरिने उल्लेख छ । बोर्डले सङ्कलित रकम खर्च गर्ने कार्यविधि तयार गरेको छैन । यो वर्षसम्म बीमा प्रिमियम बापत सङ्कलन गरेको रु.१ अर्ब ३९ करोड ८० लाख लगानी तथा खर्च नगरी विविध खातामा निष्क्रिय राखी बोर्डको सम्पूर्ण खर्च नेपाल सरकारबाट उपलब्ध भएको अनुदानबाट व्यहोरिएको छ । प्रदेश तथा स्थानीय तहको योगदानसम्बन्धी नीति तय भएको छैन । कानूनको व्यवस्थाअनुसार नेपाल सरकार प्रतिको निर्भरता कम गरी आत्मनिर्भरतातर्फ उन्मुख हुने गरी उपलब्ध स्रोतको परिचालन गर्नुपर्दछ ।

## चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

नेपालको पहिलो अस्पताल वीर अस्पताललाई वि.सं. २०६३ सालमा विशेष ऐनअन्तर्गत चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान संरचनाभित्र संस्थागत गरिएको छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अन्तर्गत हाल वीर अस्पताल, नर्सिङ क्याम्पस, इमर्जेन्सी तथा ट्रमा सेन्टर सञ्चालनमा रहेका छन् । अस्पतालले देशको स्वास्थ्य सेवा प्रवाहमा विशेषज्ञ स्वास्थ्य उपचार सेवा, असहाय तथा विपन्न वर्ग लगायत सर्वसाधारणलाई चिकित्सा सेवा पुऱ्याउँदै आएको छ । सोको अतिरिक्त प्रतिष्ठानले चिकित्सा विज्ञान र नर्सिङ्ग विषयको उच्चस्तरको जनशक्ति उत्पादन गर्दै आएको देखिन्छ । यो वर्ष अस्पतालले ४ लाख २३ हजार ५७ बिरामीलाई स्वास्थ्य उपचार सेवा दिएको छ ।

८२. **सेवा प्रवाह -** अस्पतालले उपचारको लागि आउने सेवाग्राहीलाई उपलब्ध सबै प्रकारका सेवा समयमै दिई अस्पताललाई प्रभावकारी तथा दक्ष रुपमा सञ्चालन गर्नुपर्दछ । अस्पतालले यो वर्ष बहिरङ्गतर्फ ३ लाख ७८ हजार ५१८, आकस्मिकतर्फ ४४ हजार ५३९ र भर्ना भएका १३ हजार १६८ बिरामीलाई उपचार सेवा दिएको छ । अस्पतालको स्वीकृत दरबन्दी १ हजार २३७ मध्ये १ हजार २४ मात्र पदपूर्ति भएको देखियो । चिकित्सकतर्फ २२० दरबन्दीमध्ये १७७ को मात्र पदपूर्ति भएको छ । अस्पतालले २७ जना चिकित्सकलाई अन्यत्रबाट काजमा ल्याएको छ । अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य स्वीकृत भएको छैन । अस्पताललाई अत्यावश्यक भई खरिद भएको सिमुलेटर मेसिन २ वर्षसम्म जडान भएको छैन । मर्मत गर्नुपर्ने उपकरणहरु ९ महिनासम्म मर्मत नगरेको अवस्था छ । अस्पतालमा कार्यरत २६ चिकित्सकको २०७५ श्रावण महिनाको विद्युतीय हाजिर परीक्षण गर्दा महिनामा ९३ देखि १४३ घण्टासम्म मात्र उपस्थित भएको देखियो ।

अस्पतालमा उपचारसम्बन्धी उपकरण दुरुस्त नहुने, बिरामीको चापको कारण सामान्य उपचारको लागि ३।४ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने, एम.आर.आई. तथा सीटी स्क्यानको सेवा समयमै उपलब्ध नहुने अवस्था विद्यमान रहेका छन् । त्यसैगरी सेवा लिने बिरामीको तुलनामा आई.सी.यू. शय्या न्यून भएका कारण अन्यत्र रेफर गर्नुपर्ने स्थिति रहेको छ । उपकरणहरु र आवश्यक चिकित्सकको अभावमा न्यूरो, हाडजोर्नी जस्ता शल्यक्रियाको लागि बिरामीले ३ महिनासम्म प्रतीक्षा गर्नुपर्ने अवस्थाले सेवा प्रभावकारी हुन सकेको देखिएन । सामान्यदेखि जटिल प्रकारका उपचार गर्दै आएको र प्रत्येक वर्ष बिरामीको चाप समेत बढ्दै गएकोले सेवा प्रवाहको गुणस्तर सुधार गर्न ध्यान दिनुपर्दछ ।

८३. **भौतिक अवस्था -** अस्पतालले हाल महाबौद्धस्थित ३ भवनबाट सेवा उपलब्ध गराउँदै आएको छ । प्रत्येक वर्ष बिरामीको संख्या बढ्दै गएकोले हालको भौतिक पूर्वाधार अपुग रहेको अवस्था छ ।

अस्पतालले २०७६।४।२३ मा सम्पन्न हुने गरी रु.२ अर्ब २६ करोड ३९ लाख लागतमा सर्जिकल भवन निर्माण गर्न निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन सकेको छैन ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको टर्न-की सम्झौताअनुसार निर्माण सम्पन्न भएको भवन हस्तान्तरण भएको छ । सो भवनमा नेफ्रोलोजी, ग्याष्ट्रोलोजी र कार्डियोग्राफी वार्डका लागि ९९ शय्या सञ्चालन गर्ने लक्ष्य रहेकोमा हाल ग्याष्ट्रोलोजी वार्डमात्र सञ्चालन गरेको पाइयो । उक्त वार्डमा इण्डोस्कोपी, क्रोनोस्कोपी जस्ता सेवाका लागि अत्यावश्यक उपकरणको अभावले बिरामीले एक महिनासम्म उपचारको लागि प्रतीक्षा गर्नु परेको देखिन्छ । नेफ्रोलोजी तथा कार्डियोग्राफी सेवा सञ्चालन नभएका कारण निर्मित भवनबाट लक्ष्यअनुरुपको सेवा उपलब्ध हुन सकेको छैन ।

सेवा प्रवाहलाई प्रभावकारी बनाउन निर्माण कार्य सम्पन्न र आवश्यक उपकरणको व्यवस्था गरी निर्मित संरचनाको उपयोग गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

८४. **आकस्मिक सेवा -** स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०७० मा अस्पतालमा कुल शय्याको न्यूनतम १० प्रतिशत शय्या आकस्मिक सेवाको लागि हुनपर्ने उल्लेख छ । अस्पतालमा हाल ४६० शय्या रहेको आधारमा आकस्मिक सेवाको लागि न्यूनतम ४६ शय्याका हुनुपर्नेमा ४३ शय्या मात्र सञ्चालनमा रहेको छ । बिरामीलाई आकस्मिक सेवा दिने अवस्थाअनुसार शय्याहरुलाई वर्गीकरण गरेको पाइएन । लेखापरीक्षणको क्रममा निरीक्षण गर्दा एउटा शय्यामा २, ३ जना बिरामी राखी उपचार गरेको देखियो । आकस्मिक सेवाको लागि आउने बिरामीको लागि आईसियू शय्या नभएको कारण अन्यत्र रेफर गर्ने गरेको छ । हाल उपलब्ध आकस्मिक कक्षका शय्या अपर्याप्त भएको देखिँदा मापदण्डले तोकेबमोजिम आवश्यक शय्याको व्यवस्था गरी सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिन्छ ।

८५. **सी.टी. सिमुलेटर र टोमो थेरापी मेसिन खरिद -** अस्पतालले क्यान्सर रोगको उपचारको लागि सी.टी. सिमुलेटर र टोमोथेरापी मेसिन दुई आपूर्तकसँग २ वर्ष अगाडि रु.४७ करोड ९० लाख ६० हजारमा खरिद गरेको देखिन्छ । साविकमा क्यान्सर उपचारको लागि प्रयोग गरिएको कोबाल्ट ६० रेडियो एक्टिभ सोर्सको सुरक्षित व्यवस्थापन नभएको कारण खरिद भएको उपकरण राख्ने बंकर खाली नभई जडान हुन नसकेकोले सशस्त्र प्रहरी बल, हल्चोकमा राखेको अवस्था छ । मेसिन प्राप्त भएको २ वर्ष ९ महिना व्यतित हुँदा समेत जडान नहुँदा क्यान्सर बिरामीको उपचार सेवा प्रभावित भएको छ ।

८६. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । अस्पतालले औषधि तथा औषधिजन्य सामग्री, निर्माण तथा मर्मत सम्भार कार्यको लागि गरेका ९८ खरिद सम्झौतामा तोकिएको म्यादभन्दा ७ देखि ३३५ दिन ढिलाइ गरी कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्यगर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट रु.४५ लाख ७४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

८७. **दरबन्दीभन्दा बढी कर्मचारी -** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६४ मा सभाले स्वीकृत गरेको दरबन्दीभित्र रही प्रतिष्ठानको आन्तरिक आम्दानीबाट खर्च लेख्ने गरी आवश्यक कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था छ । सभाले मेडिकल अफिसर, नर्स, पारामेडिक्स तथा प्रशासनिक पदमा १७८ कर्मचारी रहने गरी दरबन्दी स्वीकृत गरेकोमा कार्यकारी परिषद्को निर्णय बमोजिम २७५ कर्मचारी नियुक्ति गरी दरबन्दीभन्दा ९७ बढी कर्मचारीको तलब भत्ता लगायत अस्पताल सुविधासमेतमा रु.३ करोड ८२ लाख ११ हजार खर्च लेखेको छ । स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी भर्ना गरेबाट सञ्चालन खर्च

वृद्धि भई नेपाल सरकार माथि व्ययभार बढ्न गएको छ । अस्पताललाई व्ययभार पर्ने गरी दरबन्दीभन्दा बढी कर्मचारी भर्ना गर्ने पदाधिकारी जिम्मेवार हुनुपर्दछ ।

८८. **उपचार खर्च** - निजामती सेवा नियमावली, २०५० र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा निजामती कर्मचारीले पाएको उपचार खर्चको अभिलेख राख्न निजामती किताबखानामा पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष  निजामती तथा स्वास्थ्य सेवातर्फका विभिन्न ४९० जना कर्मचारीलाई उपचार खर्च बापत रु.१ करोड ४१ लाख ६३ हजार भुक्तानी गरेको देखियो । अस्पतालले उपचार खर्चको अभिलेख राखेको छैन भने अभिलेखको लागि निजामती कितावखानामा समेत पठाएको देखिएन । अभिलेखको अभावमा अस्पतालबाट निजामती तथा स्वास्थ्य सेवाका कर्मचारीहरु सेवा निवृत्त हुँदा नियमावलीले व्यवस्था अनुसार पूरै उपचार खर्च भुक्तानी गर्नाले दोहोरो उपचार खर्च भुक्तानी हुने गरेको छ । प्रतिष्ठानले गरेको उपचार खर्चको अभिलेख निजामती किताबखानामा पठाउनुपर्दछ ।

८९. **अनुदानबाट सेवा सुविधा** - चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान नियमावली, २०६४ मा नेपाल सरकारको स्वीकृति बेगर अस्पताल विकास समितिमा आवश्यक कर्मचारीहरु स्थायी, अस्थायी वा करारमा भर्ना गरेमा अस्पतालको आफ्नै स्रोतबाट व्यहोर्नुपर्ने व्यवस्था छ । समितिले नियुक्त गरेका कर्मचारीको पारिश्रमिक एवं अन्य सुविधा नियम विपरीत नेपाल सरकारको अनुदानबाट रु.१४ करोड १० लाख २२ हजार खर्च लेखेको छ । नियमावली विपरीत खर्च लेख्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

९०. **जग्गाको संरक्षण** - अस्पतालको स्वामित्वमा अस्पताल परिसरमा ४६ रोपनी १४ आना तथा भक्तपुरस्थित दुवाकोटमा ५७० रोपनी जग्गा रहेको देखियो । जग्गाका अलावा अस्पताल स्थापनाकालदेखि तत्कालीन सरकार तथा दाताबाट काठमाडौँ, ललितपुर, भक्तपुर र पर्सालगायतका जिल्लामा अस्पतालको नाममा गुठी जग्गा रहेकोले खोजी गरी आफ्नो नाममा हक कायम गर्न गुठी संस्थान तथा उपत्यकाका मालपोत कार्यालयलाई पत्राचार गरेकोमा सम्बन्धित निकायले अस्पताललाई कुनै जानकारी गराएको पाइएन । अस्पतालले आफ्नो जग्गा खोजविन गरी आफ्नो स्वामित्वमा ल्याई सोको संरक्षण गर्नुपर्दछ ।

## राष्ट्रिय ट्रमा सेन्टर (२०७४।७५ र २०७५।७६)

९१. **सेवा प्रवाह** - सेन्टरले अर्थोपेडिक्स, न्यूरो, बर्न प्लास्ट, सी.टी.भी.एस. र पोष्ट अपरेसनसमेत ४ वार्डबाट सेवा सञ्चालन गर्दै आएको छ । सेन्टरमा २०० शय्या सञ्चालनमा रहेकोमा आईसीयू कक्षमा ११ र इमरजेन्सी सेवाको लागि ३२ शय्या रहेका छन् । गत वर्ष बहिरङ्ग सेवा लिनेको संख्या ७५ हजार १३३ रहेकोमा यो वर्ष ७९ हजार २३९ रहेको छ । गत वर्ष १६ हजार ४४१ जनाले आकस्मिक सेवा लिएकोमा यो वर्ष १८ हजार २६३ जनाले सो सेवा लिएको देखियो । भर्ना भई उपचार गराउनेको संख्या गत वर्ष ३ हजार ८६१ रहेकोमा यो वर्ष ४ हजार २४ जना पुगेको छ । त्यसैगरी गत वर्ष ४ हजार ९२१ जनाको जटिल शल्यक्रिया भएकोमा यो वर्ष ५ हजार २ जनाको शल्यक्रिया भएको छ । उपर्युक्त तथ्याङ्कले प्रत्येक वर्ष सेवा लिनेको संख्या बढ्दै गएको छ । सेन्टरको लागि विभिन्न पदमा २६२ जनाको दरबन्दी स्वीकृत भएकोमा १९४ पदपूर्ति भई ६८ जना रिक्त रहेको छ । रिक्त पदमध्ये चिकित्सकतर्फ २३ र नर्सिङ्गतर्फ ३६ पदपूर्ति हुन बाँकी रहेकोले सेवा प्रवाहमा असर परेको छ । सेवाग्राहीको अनुपातअनुसार समग्र व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

९२. **उपकरण मर्मत** - अस्पतालले सेवा प्रवाहलाई निर्वाध रुपमा निरन्तरता दिन जनशक्ति, मेसिन उपकरण लगायतका स्रोतको उचित व्यवस्थापन गर्नुपर्दछ । सेन्टरमा सीटी स्क्यान मेसिनको ट्यूबको कार्यक्षमता समाप्त भई २०७५।६।२३ देखि २०७६।३।१२ सम्म १० महिना सेवा अवरुद्ध भएको छ । सेन्टरले ७५ प्रतिशत खपत क्षमता समाप्ति पश्चात् प्रतिस्थापन गर्ने व्यवस्था नगरेको कारण सेन्टरबाट

पाउने उक्त सेवा बिरामीले अन्यत्र गई महंगो शुल्कमा लिनु परेको अवस्था छ । मेसिन उपकरण समयमै मर्मत गरी सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिन्छ ।

९३. **खरिद व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.२० लाखभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । केन्द्रले सर्जिकल, औषधि, मेसिनरी औजार, फर्निचरलगायतका सामान २०७४।७५मा रु.२४ करोड ६५ लाख २३ हजारको खरिद गरेकोमध्ये रु.२ करोड ८० लाख १ हजारको मात्र बोलपत्रबाट र रु.२१ करोड ८५ लाख २२ हजार सोझै खरिद गरेको देखियो । त्यसैगरी २०७५।७६ मा भएको खरिद रु.८ करोड १९ लाख ४६ हजारमध्ये रु.६ करोड ४४ लाख १९ हजारको खरिद कार्य सोझै खरिद विधिको आधारमा खरिद गरेको छ । यस्तो खरिद कार्यमा गत वर्षको तुलनामा सुधार भएको देखिए तापनि प्रचलित कानूनको पालना गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

९४. **उपचार खर्च** - निजामती सेवा नियमावली, २०५० को नियम ९४ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ९१ मा निजामती कर्मचारीले पाएको उपचार खर्चको अभिलेख राख्न निजामती किताबखानामा पठाउनुपर्ने व्यवस्था छ । केन्द्रका कर्मचारीलाई २०७४।७५ मा रु.६३ लाख ६८ हजार र २०७५।७६ मा रु.६० लाख १७ हजार समेत जम्मा रु.१ करोड २३ लाख ८५ हजार उपचार खर्च भुक्तानी दिएको देखियो । अस्पतालले नियमको व्यवस्थाअनुसार उपचार खर्चको अभिलेख निजामती किताबखानामा पठाएको देखिएन । प्रचलित नियमावलीको पालना गरी उपचार खर्चको अभिलेख राख्नुपर्दछ ।

## बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान (२०७५।७६)

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजाने, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्यसम्बन्धी उच्चस्तरिय अध्ययन र अनुसन्धानकालागि आवश्यक जनशक्ति तयार गर्ने जस्ता कार्यका लागि बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार यस प्रतिष्ठानको स्थापना भई सञ्चालन हुँदै आएको छ ।

९५. **आय व्यय** - प्रतिष्ठानले यो वर्ष नेपाल सरकारले उपलब्ध गराएको अनुदान रु.५८ करोड ६७ लाखसमेत रु.२ अर्ब ८० करोड ६६ लाख १७ हजार आम्दानी गरेको देखिन्छ । यस वर्षको कुल खर्च रकम रु.२ अर्ब २२ करोड २ लाख २८ हजारमध्ये रु.१ अर्ब ३७ करोड ३१ लाख (६२ प्रतिशत) तलब भत्ता तथा ज्यालामा खर्च भएको छ । आम्दानीका क्षेत्र विस्तार तथा अनावश्यक खर्चमा नियन्त्रण गरी आत्मनिर्भर हुनुपर्दछ ।

९६. **स्वीकृत बजेट र खर्च** - बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ बमोजिम सञ्चालक परिषद्ले स्वीकृत गरेको बजेटको सीमाभित्र रही खर्च गर्नुपर्दछ । प्रतिष्ठानको २०७५।७६ को वार्षिक कार्यक्रममा स्वीकृत बजेट रु.१ अर्ब २४ करोड ७४ लाख भएकोमा रु.१ अर्ब ३५ करोड ४० लाख ७९ हजार खर्च गरेकोले अधिकार प्राप्त अधिकारीबाट रकमान्तर नगरी रु.१० करोड ६६ लाख ८० हजार बढी खर्च गरेको छ । स्वीकृत बजेटभन्दा बढी खर्च गर्दा आर्थिक अनुशासन कायम नहुने भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

९७. **कोष** - बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा १४ बमोजिम प्रतिष्ठानलाई प्राप्त सबै प्रकारको रकम मूल कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानमा विभिन्न ७ कोषमा गत वर्षको समेत जम्मा आम्दानी रु.६ करोड ५२ लाख ९ हजारमध्ये रु.५ करोड ७६ लाख ५० हजार खर्च भए

पनि मूल कोषमा जम्मा गरेको पाइएन । प्राप्त रकम आर्थिक विवरणमा समावेश नहुँदा प्रतिष्ठानको आयव्यय विवरणले यथार्थ चित्रण गरेको छैन ।

९८. **विद्यार्थी भर्ना र अध्ययन -** प्रतिष्ठानअन्तर्गत सन् २०१६, २०१७ र २०१८ मा विभिन्न ११ क्षेत्रमा क्रमशः ३५५, ३४० र ३५१ विद्यार्थी भर्ना गरी अध्यापन गराएको छ । सन् २०१६ को तुलनामा सन् २०१८ मा एम.बी.बी.एस.तर्फ ११२ सिट संख्याबाट १००, बी.डी.एस.तर्फ ५९ सिटबाट ५०, बी.एस्सी नर्सिङतर्फ ३० सिटबाट २७ कायम भई विद्यार्थी भर्ना संख्या घटेको देखिन्छ । अस्पतालको भौतिक पूर्वाधार पर्याप्त भएको, बिरामीको चाप अत्यधिक रहेको तथा जनशक्तिको अवस्था हेर्दा विद्यार्थी भर्नाको कोटा घट्नुपर्ने आधार देखिएन ।

९९. **सेवा प्रवाह -** बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान मुलुकको पूर्वी क्षेत्रका १६ जिल्लाको रेफरल सेन्टरको रुपमा रहेको छ । प्रतिष्ठानबाट २०७४।७५ मा ७ लाख २७ हजार र २०७५।७६ मा ८ लाख १४ हजारलाई अन्तरङ्ग तथा बहिरङ्ग सेवा प्रदान गरेको देखिन्छ । एम.आर.आई. मेसिन, आइ.सी.यू बेडलगायतका समस्याले भर्ना भइसकेका १ सय ३ बिरामीलाई अन्यत्र रेफर गरेको पाइयो । पूर्वी क्षेत्रको रेफरल अस्पतालको रुपमा रहेको प्रतिष्ठानले उपकरण तथा दक्ष जनशक्तिको अभावमा बिरामी रेफर गर्नु उपयुक्त भएन । अप्रेसन थिएटर, दक्ष जनशक्ति र उपकरणलगायतको कारण देखाई शल्यचिकित्सा समेत समयमा उपलब्ध नभई नाक, कान, घाँटी, न्यूरो सर्जरी, डेण्टल सर्जरी र ग्याष्टोलोजीमा १ महिना, जनरल सर्जरीमा सामान्यतः १.५ महिना, स्त्री तथा प्रसूतिमा २ महिना, आर्थोपेडिक विभागमा ३ महिना र पेडियाट्रिकमा ५ महिना शल्यक्रियाको निमित्त बिरामीले प्रतीक्षा गर्नुपरेको देखियो । यसरी लामो समयसम्म प्रतीक्षा गर्नुपर्ने अवस्थाको अन्त्य गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१००. **जनशक्ति -** प्रतिष्ठानमा स्वीकृत दरबन्दी ३ हजार २२६ रहेकोमा १ हजार ७७२ मात्र पदपूर्ति भएको छ । सोमध्ये चिकित्सकको दरबन्दी ७६८ भएकोमा ३०२, नर्सको दरबन्दी ९५८ भएकोमा ६५२ र प्यारामेडिक्सतर्फ दरबन्दी २३० भएकोमा १४४ पदपूर्ति भई कुल दरबन्दीको ५७ प्रतिशत पदपूर्ति भएको देखिन्छ । स्वीकृत दरबन्दी पूर्ण रुपमा पदपूर्ति नभएकोले बिरामीलाई अन्यत्र रेफर गर्नु परेको कारण सेवा प्रवाहमा असर परेको छ । प्रतिष्ठानको जनशक्ति सम्बन्धमा व्यवस्थापन तथा सर्वेक्षण गरी रिक्त पदको पदपूर्ति गरी सेवाको गुणस्तरमा सुधार गर्नुपर्दछ ।

१०१. **जग्गा संरक्षण -** बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को परिच्छेद १५ मा जिन्सी सम्पत्तिको लेखा र जिम्मा संरक्षण गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानको नाममा धरान उपमहानगरपालिका (घोपा क्याम्पमा) २८२-९-३ बिघा, सोही उपमहानगरपालिका छाताचोकमा १-४-१३.१ बिघा, सुन्दरहरैचा मोरङमा १४-१०-१३.५ बिघा र बाँसबारी काठमाडौंमा ३-१५-२ रोपनी जग्गा रहेको देखिन्छ ।उक्त जग्गामध्ये घोपा क्याम्पमा प्रतिष्ठान सञ्चालनमा रहेको, काठमाडौंमा सम्पर्क कार्यालय सञ्चालन भएको धरान छाताचौकमा रहेको जग्गामा सार्वजनिक सवारी पार्किङ्ग तथा अतिक्रमण गरी घर टहरा बनाएको देखिन्छ । त्यस्तै मोरङको सुन्दरहरैचामा रहेको जग्गामा एक औषधि उद्योग, पोखरी तथा खेत रहेको देखिन्छ । स्थलगत निरीक्षणको क्रममा औषधि उद्योगको भवन निर्माण अधुरो रही जीर्ण बन्दै गएको छ ।

१०२. **लगानी -** प्रतिष्ठानको वासलातअनुसार रु.४ करोड ४० लाख एक औषधि उद्योगमा लगानी भएको देखिन्छ । उक्त लगानीबाट प्रतिष्ठानलाई हालसम्म कुनै प्रतिफल प्राप्त भएको छैन । प्रतिष्ठानको स्वामित्वमा सुन्दरहरैंचा नगरपालिकामा रहेको ९ बिघा १० कट्ठा १३.५ धुर जग्गामा एक निजी फर्मास्यूटिकल्सले भवनलगायतको संरचना निर्माण गर्ने र फर्मास्यूटिकल्समा प्रतिष्ठानको शेयर रहने उल्लेख छ । लेखापरीक्षणको क्रममा २०७६।८।६ मा स्थलगत अवलोकन गर्दा भवन निर्माण कार्य अधुरो

अवस्थामा रहेको देखियो । लगानी गरेको रु.४ करोड ४० लाखको सेयर प्रमाणपत्र लिएको देखिएन । लगानी सम्बन्धमा प्रतिष्ठानको शेयर यकिन गरी लगानी उपयोग र जग्गाको संरक्षण गर्नुपर्ने देखिन्छ ।

१०३. **खर्च तथा रकम दाखिला -** रकम खर्च तथा आम्दानी गर्दा सोको लेखाङ्कन हुनुपर्दछ । प्रतिष्ठानले एन.आई.सी. एसिया बैङ्कको खाताबाट २०७४।७५ मा रु.५ लाख ५० हजार चेकबाट खर्च लेखी बैङ्कबाट भुक्तानी भएकोमा २०७५।६।२५ मा जम्मा गरेको देखिए तापनि सो चेकको खर्च तथा बैङ्क दाखिला दुवैको लेखाङ्कन गरेको छैन । अनधिकृत रुपमा चेक काटी बैङ्कबाट भुक्तानीसमेत भएको र पछिल्लो आर्थिक वर्षमा बैङ्क दाखिला भएको सम्बन्धमा छानविन हुनुपर्दछ ।

१०४. **भवन निर्माण -** प्रतिष्ठानको हाताभित्र ४०० शय्याको प्रसूति तथा शिशु स्याहार उपचार केन्द्र भवन र पोष्ट ग्राजुएट छात्रावास निर्माण गर्न रु.२ अर्ब ३३ करोड २२ लाख ९५ हजारको लागत अनुमान तयार गरी निर्माण व्यवसायीको पूर्व योग्यता निर्धारण गर्न २०७२।३।१ मा सूचना प्रकाशन गरी खरिद कारबाही प्रारम्भ गरेकामा उक्त प्रक्रिया रद्द गरी साविकको होस्टेल निर्माण कार्य हटाई रु.२ अर्ब १८ करोड ४५ लाख ९६ हजारको लागत अनुमान स्वीकृत गरी २०७३।२।१४ मा पुनः बोलपत्र आव्हान गरी तीन वर्षभित्र निर्माण गर्ने गरी निर्माण व्यवसायीसँग २०७३।३।२८ मा रु.२ अर्ब १७ करोड ९८ लाखको सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई २०७४।७।२७ मा चौथो रनिङ बिलसम्म रु.४५ करोड १७ लाख ८९ हजार भुक्तानी भएको छ । प्रतिष्ठानको सहकुलपति (स्वास्थ्य मन्त्री) को २०७४।८।८ को निर्णयले भवन निर्माण कार्य स्थगित रहेको छ । निर्माण व्यवसायीले ८ औँ रनिङ बिलसम्म रु.६८ करोड २९ लाख २० हजारको बिल पेस गरेको छ । समयमा भुक्तानी नगरेका कारण २०७५।२।४ सम्ममा रु.१ करोड ९९ लाख ८५ हजार व्याज दाबी गरेको अवस्था छ । उपयुक्त कारण बेगर निर्माण कार्य बन्द गराउने पदाधिकारीलाई जिम्मेवार बनाई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१०५. **विद्युत महसुल दाखिला -** प्राध्यापक, चिकित्सक, नर्स तथा अन्य व्यक्ति/संस्थालाई आवास क्षेत्रमा उपलब्ध गराएको विद्युत महसुल प्रत्येक महिना मिटर रिडिङको बिलअनुसार सफ्टवेयरबाट हिसाब राखी असुल गर्ने व्यवस्था रहेको छ । प्रतिष्ठानले २०७६ असार मसान्तसम्म रु.२ करोड ७ लाख ५७ हजार विद्युत महसुल कर्मचारीहरु तथा अन्य व्यक्ति/संस्थाबाट असुल गर्नुपर्नेमा रु.१ करोड ५० लाख ६५ हजार असुल भई रु.५५ लाख ९२ हजार असुल हुन बाँकी रहेको देखिन्छ । यस सम्बन्धमा उठ्न बाँकी रकम छानबिन गरी असुल गर्नुपर्दछ ।

१०६. **पदाधिकारी नियुक्ति -** बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को परिचछेद-४ दफा ११ मा पदाधिकारी नियुक्तिसम्वन्धी व्यवस्था छ । यस प्रतिष्ठानमा २०७६।३।२६ गतेदेखि उपकुलपति पद रिक्त भई कार्यवाहक उपकुलपतिवाट प्रतिष्ठानको कार्य सञ्चालन हुँदै आएकोमा ९ महिना पश्चात २०७६।१२।२७ मा नियुक्ति भएको छ । ऐनको व्यवस्थाअनुसार रजिष्ट्रारलगायतका विभिन्न पदाधिकारी उपकुलपतिको सिफारिसमा सहकुलपतिले नियुक्ति गर्ने प्रावधान भए तापनि विगत ९ महिना देखि पदाधिकारी रिक्त रहनु उपयुक्त होइन ।

## बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान (२०७४।७५)

१०७. **वित्तीय जवाफदेहिता -** बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ मा स्वीकृत बजेट सञ्चालन गर्ने सम्पूर्ण अभिभारा उपकुलपतिको हुने, उपकुलपतिको सामान्य निर्देशनमा प्रतिष्ठानको सामान्य र आर्थिक प्रशासन, जिन्सी सम्पत्तिको रेखदेख तथा नियन्त्रण गर्ने र लेखापरीक्षण गराउने काम कर्तव्य रजिष्ट्रारको हुने, रजिष्ट्रारले प्रतिष्ठानको आय–व्यय प्रतिवेदन तयार गरी प्रत्येक ३ महिनामा समितिमा पेस गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बार्षिक आय/व्यय विवरण र वासलात तयार गरी समितिमा पेस गर्नुपर्ने र समितिले छलफल गरी परिषदमा पेस गर्नुपर्ने उल्लेख छ । सम्बन्धित

पदाधिकारीले नियमावलीमा उल्लिखित व्यवस्था पालना नगरेको कारण २०७४।७५ को आर्थिक विवरण लेखापरीक्षणको क्रममा उपलब्ध नगराई २०७६।१।३ मा मात्र पेस गरेकोले लेखापरीक्षण सम्पन्न गर्न ढिलाइ हुन गएको छ । उपयुक्त स्थितिले कानुनअनुसार जिम्मेवारी र जवाफदेहिता पालना गरेको पाइएन । कानुनले तोकेको वित्तीय जवाफदेहिताको परिपालना गरिनुपर्दछ ।

१०८. **वित्तीय प्रतिवेदन तयारी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा रु.२० लाखभन्दा बढीको परामर्श सेवा खुल्ला आशयपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले नेपाल वित्तीय प्रतिवेदनमानबमोजिमको लेखा ढाँचा तयार गर्न एक परामर्शदातालाई २०७२।७३ सम्म रु.२४ लाख ८६ हजार भुक्तानी दिएको छ । उक्त कार्यको लागि पुनः २०७२।७३ मा सोही परामर्शदातासँग रु.६७ लाख ८० हजारको सोझै सम्झौता गरी यो वर्षसम्म रु.६१ लाख २ हजार र २०७४।७५ मा कर्मचारीको दायित्व मूल्याङ्कन गरे बापत रु.५ लाख ९७ हजारसमेत हालसम्म रु.९१ लाख ८५ हजार भुक्तानी दिए तापनि लेखा ढाँचा तयार भएको छैन । एकै प्रकृतिको कार्य एउटै परामर्शदातासँग पटक पटक सम्झौता गरी सोझै खरिद गर्ने कार्य नियम विपरीत देखिन्छ ।यस सम्वन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

१०९. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । प्रतिष्ठानले एक आपूर्तकसँग ट्रान्स-इको फागल-इको कार्डियोग्राफी मेसिन खरिद गर्न अमेरिकी डलर १ लाख ६९ हजार ४३० मा सम्झौता गरेको छ । उक्त मेसिन प्रतीतपत्र खोलेको १४ जून २०१७ देखि १२० दिनभित्र आपूर्ति गर्नुपर्नेमा १८३ दिन ढिलो गरी २० मार्च २०१८ मा आपूर्ति गरेको देखियो । नियमावलीबमोजिम पूर्व निर्धारित क्षतिपूर्ति रु.१५ लाख ९० हजार असुल गर्नुपर्दछ ।

११०. **सशर्त अनुदानको उपयोग** - नेपाल सरकारबाट कार्डियोलोजी र क्यान्सर भवन निर्माण गर्न २०७४।७५ मा निकासा भई खर्च नभएको सशर्त अनुदानतर्फको रु.१४ करोड, २०७३।७४ मा एम.आर.आई. मेसिन खरिद गर्न निकासा भए तापनि मेसिन खरिद नगरी प्रतिष्ठानको खातामा रहेको रु.१६ करोड ५० लाख ३ हजार र अन्य कार्यको समेत रु.३८ करोड ५० लाख ३ हजार सशर्त अनुदान उपयोग नगरेकोले उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

१११. **सेवा प्रवाह** - यो वर्ष अन्तरङ्ग तथा बहिरङ्गतर्फ २ लाख ६९ हजार ९७९ जना, आकस्मिकतर्फ ३९ हजार ७२८ जना, जटिल शल्यक्रियातर्फ ३ हजार ८४५ जनालाई सेवा उपलब्ध गराएको छ । प्रतिष्ठानमा हाल ३७७ शय्या सञ्चालनमा ल्याए तापनि प्रत्येक दिन बिरामीको चाप बढेकोले उक्त शय्या पर्याप्त नभएको अवस्था छ । अस्पतालको लागि नेपाल सरकारले स्वीकृत गरेको ५०० शय्या स्थान अभावको कारण सञ्चालनमा ल्याउन नसक्दा सेवा प्रवाहमा असर परेको छ ।

प्रतिष्ठानले एकै दिनमा १ हजार ५०० जनासम्म बिरामीको उपचार गर्नु परेकोले परीक्षणको लागि आउने बिरामी बाहिरै उभिनुपर्ने, बढी समयसम्म प्रतीक्षा गर्नुपर्ने, आगन्तुकलाई बस्ने ठाँउको अभाव, शल्यक्रियाको लागि बिरामीले ४ देखि ६ महिनासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ । लामो समय शल्यचिकित्साको लागि प्रतीक्षा गर्नुपर्ने स्थिति रहेकोले बिरामीले अन्य अस्पतालबाट सेवा लिन बाध्य हुनु परेको लगायतका समस्या देखिएको छ । अस्पतालले सेवालाई थप व्यवस्थित गर्न चिकित्सकलगायत पर्याप्त पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

११२. **जनशक्ति -** प्रतिष्ठानको स्वीकृत दरबन्दीअनुसार चिकित्सक, नर्स, पारामेडिक्स तथा अन्यसमेत ३०० कर्मचारीको दरबन्दी रहेको छ । स्वीकृत दरबन्दीमध्ये २७५ पदपूर्ति भई २५ पद रिक्त रहेको छ । बिरामीको चाप अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ ।

११३. **म्याद थप -** प्रतिष्ठानले प्रसूति भवन निर्माण गर्न निर्माण व्यवसायीसँग गरेको रु.३२ करोड २३ लाख ८४ हजारको सम्झौताको अवधि सिनेटले २०७६।९।३० सम्म थप गरेको छ । उक्त कार्यको बोलपत्र मन्त्रालयबाट स्वीकृत भएकोले म्याद थपसमेत मन्त्रालयबाट हुनुपर्दछ ।

११४. **स्वास्थ्य बीमा :** यो वर्ष स्वास्थ्य बीमा बापत राष्ट्रिय बीमा बोर्डसमक्ष रु.१७ करोड दाबी गरेकोमा रु.६ करोड ६४ लाख ८३ हजार शोधभर्ना लिन बाँकी देखिन्छ । खर्च रकम शोधभर्ना लिन बाँकी रहँदा प्रतिष्ठानको वित्तीय व्यवस्थापनलगायत खरिद कार्यमा समेत असर गर्ने हुँदा समयमै शोधभर्ना लिनुपर्दछ ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ

११५. **वित्तीय स्थिति -** यो वर्ष प्रतिष्ठानको कुल आय रु.७ करोड ७८ लाख ९९ हजारमध्ये नेपाल सरकारको अनुदान रु.३ करोड २८ लाख ८७ हजार र आन्तरिकलगायतका विविध आय रु.४ करोड ५० लाख १२ हजार रहेको छ । यो वर्ष कुल खर्च रु.७ करोड ३६ लाख ९३ हजारमध्ये कर्मचारीको तलव भत्तामा रु.१ करोड १४ लाख १८ हजार खर्च भएको देखिन्छ ।

११६. **सेवा प्रवाह -** प्रतिष्ठानले यो वर्ष शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा कुनै निर्णय गरेको छैन । स्वास्थ्य सेवाअन्तर्गत गत वर्ष ८० हजार ५० जनालाई बहिरङ्ग सेवा, ३४ हजार २९ जनालाई आकस्मिक सेवा र ९ हजार १३० जनालाई अस्पतालमा भर्ना गरी सेवा उपलब्ध गराएकोमा यो वर्ष उक्त संख्या घटेर क्रमशः ७३ हजार ८४५, २६ हजार २८७ र ८ हजार ८७५ रहेको देखियो । प्रतिष्ठानमा ११३ शय्या रहेकोमा लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा प्रसूति वार्ड, मेडिसिन वार्ड र पेडियाट्रिक वार्डमा बिरामी रहेको देखिएन । त्यसैगरी प्रतिष्ठानको लागि आवश्यक पर्ने जनशक्ति सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षणसमेत गरेको देखिएन । प्रतिष्ठानको उद्देश्यबमोजिम स्पष्ट नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नुपर्दछ ।

११७. **उपकरणको उपयोग -** प्रतिष्ठानले आवश्यकताअनुसार उपकरण खरिद गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ । यो वर्ष प्रतिष्ठानले अटोमोटेड टिस्यू प्रोसेसरलगायत ११ किसिमका उपकरण रु.२ करोड ५१ लाख ७१ हजारमा खरिद गरी भण्डारण गरेको तथा रु.४९ लाख ५० हजारको मर्चरी (शव राख्ने फ्रिज) खरिद गरेकोमा प्रयोमा नल्याएको अवस्था छ भने स्वास्थ्य सेवा विभागबाट प्राप्त रु.३८ लाख मूल्यको एक्सरे मेसिन गत वर्षदेखि मर्मतको अभावले उपयोग हुन सकेको छैन । खरिद तथा प्राप्त भएका उपकरण उपयोगमा नै नल्याई वारेण्टी अवधि समाप्त हुने तथा सेवा प्रवाहमा असर पर्ने भएकाले प्रतिष्ठान जिम्मेवार हुनुपर्दछ ।

११८. **परामर्श सेवा -** प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३.७ बमोजिम परामर्श सेवाको लागत अनुमान तयारी गरी खरिद गर्नुपर्नेमा लागत अनुमान तयार नगरी प्रतिष्ठानको गुरुयोजना तयार गर्ने, अस्पताल तथा अन्य पूर्वाधार निर्माणको लागि परामर्श सेवाका लागि एक परामर्शदातासँग २०७५।४।१७ मा लमसम खरिद सम्झौता गरेको छ । खरिद सम्झौतामा परामर्शदाताले सेवा प्रदान गरे बापत पाउने रकम उल्लेख गरेको पाइएन । सम्झौताको शर्त नं.३९.१ मा डिजाइन चरणको परामर्श शुल्क गुरुयोजनाको लागत अनुमानको २.७५ प्रतिशत र निर्माण कार्यको सुपरिवेक्षण चरणको परामर्श शुल्क लागत अनुमानको ०.७५ प्रतिशत हुने व्यवस्था गरेको छ । यस किसिमको व्यवस्थाले परामर्शदाताले निर्माण कार्यको लागत अनुमान बढी देखाउने जोखिम रहेको देखिन्छ । परामर्शदाताले

अस्पतालका विभिन्न ब्लकको जीर्णोद्धार कार्यको लागत अनुमान रु.१२ करोड २७ लाख ९१ हजार र शिक्षण अस्पताल बिल्डिङ तथा पे-ब्याक बिल्डिङको ५ लाख २७ हजार ७८६ वर्गफिटको प्रति वर्गफुट रु.६ हजार ५०० का दरले हुने लागत अनुमान रु.३ अर्ब ४३ करोड ६ लाख ९ हजार उल्लेख गरी सोको २.७५ प्रतिशतले हुने रकमको ४० प्रतिशतले हुने रु.३ करोड ७७ लाख ३७ हजार परामर्श शुल्क दाबी गरेकोमा रु.१ करोड ५२ लाख ७८ हजार भुक्तानी भएको छ ।

अस्पतालको लागि जग्गा उपलब्ध हुने क्रममा नै रहेको, ठूलो भवन संरचना प्रस्ताव गरेको, वातावरणीय प्रभाव मूल्याङ्कन नभएको र भौगोलिक तथा माटो परीक्षणसमेत नगरी तयार गरेको डिजाइन कार्यान्वयनयोग्य नहुन सक्ने देखिन्छ । यसका अतिरिक्त परामर्शदाताले विस्तृत लागत अनुमान तयार नगरी ड्रइङको आधारमा क्षेत्रफल निकाली प्रतिवर्गफुट दर आफैंले तोकी भुक्तानी दाबी गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ मा परामर्शदाताले सम्झौता गरेको ३० दिनभित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निर्शत भुक्तानी हुने पेशागत दायित्व बीमा पेस गर्नुपर्ने र म्यादभित्र पेशागत दायित्व बीमा पेस नगरेमा सम्झौता अन्त्य गरी कालोसूचीमा राख्न सिफारिस गर्ने व्यवस्था छ । उक्त परामर्शदाताले सम्झौता भएको १ वर्षपछि सन् २०१९ सेप्टेम्बर १९ देखि २०२० सेप्टेम्बर २० सम्मको रु.५० लाखको मात्र पेशागत दायित्व बीमा गरेको देखिन्छ ।

उपर्युक्त परामर्शसेवा खरिद कार्य सार्वजनिक खरिद ऐन तथा प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली अनुकूल नदेखिँदा यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

## परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल

११९. **वित्तीय स्थिति** - यो वर्ष अस्पतालको कुल आय रु.८४ करोड ५५ लाख ६९ हजारमध्ये नेपाल सरकारको अनुदान रु.४६ करोड १ लाख ३५ हजार र अस्पतालको आन्तरिक आय रु.३८ करोड ५४ लाख ३४ हजार रहेको छ । कुल खर्च रु.७९ करोड ३१ लाख २७ हजारमध्ये रु.२२ करोड ७२ लाख ५१ हजार कर्मचारीको तलव भत्तामा मात्र खर्च भएको छ ।

१२०. **जनशक्ति** - अस्पतालको स्वीकृत दरबन्दी ६४८ रहेकोमा ५६१ जनाको पदपूर्ति भई ८७ पद रिक्त रहेको देखियो । स्वीकृत दरबन्दीमध्ये नेपाल सरकारतर्फ १४ चिकित्सक तथा ८ नर्सिङ पद रिक्त रहेको छ । विकास समितितर्फ ३५ चिकित्सकको स्थायी दरबन्दी रहेकोमा २ जना मात्र स्थायी पदपूर्ति भई बाँकी करार सेवाबाट पदपूर्ति गरेको देखिन्छ । अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकताअनुसारको पदपूर्ति गर्नुपर्ने र सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिन्छ ।

१२१. **प्रसूति सेवा** - अस्पतालले यो वर्ष २२ हजार १४७ जनालाई प्रसूति सेवा उपलब्ध गराएको छ । विश्व स्वास्थ्य संगठनले सकारात्मक रुपमा प्रसूतिको सेवा अनुभव हुने गरी सेवा दिन र मातृ तथा शिशुको स्वास्थ्यमा सुधार गरी समृद्ध स्वास्थ्य जीवनस्तरको लागि सेवा उपलब्ध गराउँदा विभिन्न ५६ विषय कार्यान्वयन गर्नुपर्ने व्यहोरा औंल्याएको छ । अस्पतालले आफ्नो सेवाको स्तर मापन गर्न सेवाग्राही सन्तुष्टि सम्बन्धमा सर्वेक्षण गरेको देखिँदैन । अस्पतालमा प्रसूति सेवा लिन आउनेलाई विश्व स्वास्थ्य संगठनको सुझावमा उल्लेख गरिएका विषयको पालना गरी गराई गुनासो नआउने गरी सेवा उपलब्ध गराउन सकेमा प्रसूतिसम्बन्धी सकारात्मक भावना सिर्जना हुने तथा मातृशिशुको स्वास्थ्यमा सुधार भई समृद्ध स्वास्थ्य जीवनस्तरको अपेक्षित नतिजा प्राप्त हुन सक्दछ ।

१२२. **प्रसूति तथा सिजरिन** - विश्व स्वास्थ्य संगठनको अध्ययनले सिजरिन सेक्सनबाट प्रसूति गराउँदा मातृशिशुको मृत्युदरमा १० प्रतिशतसम्म कमी ल्याउन सकिने भए तापनि सोभन्दा बढी मातृशिशुको मृत्यु दरमा कमी ल्याउनेसँग सम्बन्धित नभएको र १० देखि १५ प्रतिशतसम्मको दरलाई आइडल रेट हुने

देखाएको छ । त्यसैगरी उक्त विधिबाट प्रसूति सेवा दिँदा आमा र बच्चामा अल्पकालीन तथा दीर्घकालीन असर पर्नेतर्फ समेत औंल्याएको छ । अस्पतालले उपलब्ध गराएको तथ्याङ्कअनुसार उक्त विधिबाट प्रसूति सेवा उपलब्ध गराएको तीन वर्षको स्थिति देहायअनुसार छः

| विवरण | २०७३।७४ | प्रतिशत | २०७४।७५ | प्रतिशत | २०७५।७६ | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा प्रसूति सेवा | १८९२७ | - | २०६८० | - | २२१४७ | |
| सामान्य प्रसूति | ११६९१ | ६१.७६ | १२३५३ | ५९.७३ | १२४४५ | ५६.१९ |
| असामान्य प्रसूति | ७२३६ | ३८.२४ | ८३२७ | ४०.२७ | ९७०२ | ४३.८१ |
| लोयर सेक्सन सिजरिन सेक्सन | ५१८७ | २७.४० | ६०८२ | २९.४१ | ७३१८ | ३३.०४ |

उपर्युक्त तथ्याङ्कबाट विगत वर्षभन्दा यो वर्ष सामान्य रुपमा प्रसूति हुनेको प्रतिशत घटेको र असामान्य प्रसूति हुनेको प्रतिशत बढ्दै गएको छ । यसैगरी सिजरिन सेक्सनअनुसार प्रसूति गराउनेको अनुपात गत वर्षभन्दा ४ प्रतिशत र २०७२।७३ को तुलनामा ८.०४ प्रतिशत बढेकोले विश्व स्वास्थ्य संगठनले उल्लेख गरेको दरभन्दा यो वर्ष १८.०४ प्रतिशत बढी देखिएको छ ।

१२३. **औषधि मौज्दात** - आमा सुरक्षासम्बन्धी औषधि तथा औषधिजन्य सामग्रीको न्यूनतम मौज्दात राखी सेवाग्राहीलाई सहज उपलब्ध हुने गरी मौज्दात व्यवस्थापन गर्नुपर्दछ । अस्पतालले तयार गरेको औषधि तथा औषधिजन्य सामग्रीको न्यूनतम मौज्दात परीक्षण गर्दा डोपोनाइनलगायत १७ प्रकारका औषधितथा औषधिजन्य सामग्रीको मौज्दात शून्य रहेको देखिन्छ । त्यसैगरी एमिमाइड लगायत विभिन्न १० प्रकारका औषधिको मौज्दात तोकिएको न्यूनतम मौज्दातभन्दा कम रहेको देखियो । शून्य मौज्दात रहेको अवस्थाले बिरामीले तोकिएको समयमा सेवा नपाएको अवस्था छ । अत्यावश्यक औषधिको न्यूनतम मौज्दात राखी सेवालाई प्रभावकारी र गुनासोरहित बनाउनु पर्दछ ।

१२४. **मेसिन उपकरण** - अस्पतालको सेवा प्रभावकारी हुन आवश्यक उपकरण दुरुस्त अवस्थामा रहनुपर्दछ । यो वर्ष अस्पतालले एम.आर.आई. मेसिनको अभावमा ४ हजार २ सय बिरामीलाई अन्यत्र रेफर गर्नु परेको उल्लेख छ । हाल अस्पतालमा कम क्षमताको एक मात्र अल्ट्रासाउण्ड मेसिन रहेकोले रोगको निदान गर्न कठिनाई भइरहेको, बिरामीले ३।४ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने, धेरै संख्याको स्क्यान गर्दा नतिजा फरक पर्नसक्ने लगायतका अवस्था रहेको देखियो । आवश्यक मेसिन तथा जनशक्तिको अभावले प्रतिदिन ५० जनासम्म बिरामीलाई सेवा उपलब्ध हुन सकेको छैन । उक्त परीक्षणको लागि अस्पतालले रु.१ हजार शुल्क लिने गरेकोमा निजी क्षेत्रका अस्पतालमा उक्त शुल्क रु.३ हजार लाग्ने गरेको देखिन्छ । अस्पतालले आवश्यक मेसिन उपकरण व्यवस्थापन गरी सेवालाई थप सुधार गर्नुपर्ने देखिन्छ ।

१२५. **औषधिको उपलब्धता** - बिरामी एवं सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पुर्‍याउन अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ जारी भएको छ । अस्पतालले उपलब्ध गराएको विवरणअनुसार इथोफिलाइन, सालबुटामोललगायतका विभिन्न औषधि माग हुने गरेकोमा अस्पतालको फार्मेसीबाट उपलब्ध हुन सकेको छैन । मागबमोजिमका औषधिको अभावले सेवा सुलभ नहुने हुँदा आवश्यक व्यवस्थापन गरी प्रभावकारी रुपमा फार्मेसी सेवा सञ्चालन गर्नुपर्दछ ।

१२६. **रकम ट्रान्सफर** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को बुँदा नं. १५ मा अस्पताल फार्मेसीको अलग्गै खाता हुने र फार्मेसीमा काम गर्ने कर्मचारीको तलब भत्ता तथा फार्मेसी सञ्चालनसम्बन्धी कार्य बाहेक उक्त खाताबाट अन्य प्रयोजनमा खर्च गर्न नमिल्ने उल्लेख छ । यस वर्ष फार्मेसी आयबाट एकमुष्ठ रु.५० लाख अस्पताल विकास समितिको खातामा ट्रान्सफर गरी खर्च गरेको देखियो । फार्मेसीमा काम गर्ने कर्मचारीको तलब भत्तामा यस वर्ष रु.२४ लाख ९४ हजार मात्र खर्च भएकोले बढी ट्रान्सफर गरी गरेको खर्च रु.२५ लाख ६ हजार फार्मेसी खातामा फिर्ता गर्नुपर्दछ ।

## भरतपुर अस्पताल, चितवन

सर्वसुलभ रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापित यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, ए.आर.टी., पी.एम.टी.सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजन लगायत विभिन्न सेवामार्फत यो वर्ष २ लाख ८० हजार २३३ जनालाई सेवा प्रदान गरेको छ ।

१२७. **वित्तीय स्थिति -** यो वर्ष अस्पतालको कुल आय रु.९५ करोड १४ लाख ४१ हजारमध्ये नेपाल सरकारको अनुदान रु.३० करोड ९५ लाख १० हजार, भाडा, शुल्क तथा फार्मेसी आय रु.६३ करोड ४ लाख ३४ हजार र विविध आय रु.१ करोड १४ लाख ९७ हजार रहेको देखिन्छ । यो वर्षको कुल खर्च रु.८३ करोड ३ लाख ८१ हजारमध्ये कर्मचारीको तलब भत्ता तथा सुविधामा रु.१६ करोड ९० लाख ५८ हजार रहेको छ ।

१२८. **गुरुयोजना कार्यान्वयन -** अस्पतालले उपलब्ध गराएको विवरणअनुसार स्वास्थ्य मन्त्रालयबाट स्वीकृत गुरुयोजनाअनुसार १ हजार शय्याको शैक्षिक प्रतिष्ठान, इमर्जेन्सी भवन, मेटरनीटी, पेडियाट्रिक, क्यान्सर, साइक्याट्रिक ब्लक, कर्मचारी आवास भवन निर्माण गर्ने उल्लेख भएकोमा उक्त कार्य आरम्भ भएको देखिएन । प्रत्येक वर्ष बिरामीको चाप बढ्दै गएको देखिँदा गुरुयोजना बमोजिमका कार्यहरुको थालनी गर्नुपर्ने देखिएको छ ।

१२९. **उपकरण मर्मत -** स्वास्थ्य सेवा विभागले देशका विभिन्न अस्पतालमा रहेका उपकरण मर्मत गर्न एकीकृत मर्मत सम्झौता गरेको छ । यस अस्पतालमा सम्झौताअनुसार विभिन्न २०५ उपकरण मर्मत गर्नुपर्ने उल्लेख छ । मर्मत गर्नुपर्ने स्टिकर लगाएका विभिन्न ७२ प्रकारका उपकरण बेचालु रहे तापनि मर्मत भएको देखिएन । आइसीयूमा रहेको एक्सरे मेसिन गत वर्षदेखि नै बिग्रेकोमा मर्मत गरेको छैन । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा स्वास्थ्य सेवा विभागबाट प्राप्त डाइलाइसिस मेसिन २ थान चालु अवस्थामा रहेको छैन । यसबाट डाइलाइसिस लगायत विभिन्न सेवा प्रवाहमा असर परेको छ । सेवालाई प्रभावकारी बनाउन अस्पतालका प्लाण्ट तथा उपकरण दुरुस्त राख्नुपर्दछ ।

१३०. **जग्गा लिज -** सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नुपर्ने उल्लेख छ । कार्यनीतिमा लिज रकम निर्धारण गर्दा मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनका लागि तोकेको चालु वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने र न्यूनतम वार्षिक लिज रकमको प्रतिशतसमेत तोकेको छ ।

अस्पतालले वार्षिक रु.९ लाख लिने गरी २०५०।४।२४ मा ४९ वर्षको लागि ९ बिघा जग्गा एक मेडिकल कलेजलाई लिजमा उपलब्ध गराएको देखियो । मालपोत कार्यालय, चितवनको मूल्याङ्कनअनुसार उक्त स्थानको जग्गाको मूल्य २०७५।७६ को न्यूनतम मूल्य प्रतिकठ्ठा रु.५७ लाख ४० हजारले रु.१ अर्ब ३ करोड ३२ लाख हुन आउँछ । मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रयोजनको लागि जारी भएको सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ को अनुसूची १(३)ङ बमोजिम लिजमा परिणत भए उक्त मूल्यको १ प्रतिशतले हुने रु.१ करोड ३ लाख ३२ हजार एक वर्षको मात्र लिज शुल्क प्राप्त हुने अवस्था छ । अस्पतालले रु.९ लाखमात्र लिज रकम लिने गरी सम्झौता गरेकोले रु.९४ लाख ३२ हजार गुमेको अवस्था छ ।

त्यस्तै नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पताललाई ४ बिघा जग्गा भोगाधिकारमा दिएकोमा लिजमा परिणत भएको देखिएन । अस्पतालको मुख्य प्रवेशद्वारको दायाँतर्फ १ कठ्ठाभन्दा बढी जग्गामा नेपाल रेडक्रस सोसाइटीले २ तले भवन निर्माण गरी सो संस्थाको कार्यालय तथा ब्लड बैङ्क सेवा सञ्चालन गरेकोमा जग्गा भाडा वा लिजमा दिएको सम्बन्धमा अस्पतालसँग कुनै प्रमाण र सम्झौतालगायतका अभिलेख रहेको देखिएन ।

यस सम्बन्धमा सम्बन्धित निकायले सरकारी जग्गा दर्ता तथा लिजमा गराउने कार्यनीति, २०७१ बमोजिम सम्झौता परिमार्जन र संशोधन गरी न्यूनतम लिज रकम असुल गर्नुपर्ने र आफ्नो स्वामित्वको जग्गा कानुनको रीत पुऱ्याई अत्युत्तम ढङ्गले उपयोग गर्नुपर्दछ ।

१३१. **सम्झौता कार्यान्वयन -** अस्पताल सञ्चालक समितिले एक कलेजसँग भएका सम्झौता समझदारी सम्बन्धमा रायसहितको प्रतिवेदन पेस गर्न समिति गठन गरेको देखियो । समितिले दिएको प्रतिवेदनमा कलेज सञ्चालन शुरु भएको ५ वर्षभित्र स्वास्थ्य मन्त्रालयले तोकेको स्थानमा ५०० शय्याको अस्पताल निर्माण गर्ने, सञ्चालनको १० वर्षपछि ट्यूसन, ल्याब र अन्य डाइग्नोस्टिक फेसिलिटिबाट प्राप्त आम्दानीको १० प्रतिशत रकम अलग्गै खातामा जम्मा गरी यसको सञ्चालन शिक्षा मन्त्रालयको निर्णयबमोजिम कलेज तथा अस्पतालको विकासमा लगाउने, स्पेसलाइज्ड ट्रमा सेन्टर सञ्चालन गर्नुपर्ने, अस्पतालको क्षमता ५०० शय्या पुऱ्याउनुपर्ने, पोष्टमर्टम भवन कलेजले आफ्नै खर्चमा निर्माण गर्ने, ९ बिघा जग्गाको भाडा पुनरावलोकन गर्नुपर्ने, समयमा दाखिला नगरे जरिवानाको व्यवस्था हुनुपर्ने विषयसमेत उल्लेख छ । सम्झौताका मुख्य शर्तहरु पालना नभएको, पटक पटक थप सम्झौता हुने गरेकोले त्यसबाट परेको असर सम्बन्धमा सम्बन्धित पक्ष जिम्मेवार हुनुपर्ने र सम्झौताका शर्तहरु तोकिएबमोजिम कार्यान्वयन गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याए तापनि सुधार भएको छैन ।

१३२. **घटी शुल्क -** नेपाल सरकारको २०५३।३।१४ को निर्णयानुसार एक निजी कलेजलाई क्लिनिकल फिल्ड प्रयोग गर्न दिए बापत मासिक रु.१ लाखले वार्षिक रु.१२ लाख लिने उल्लेख छ । नेपाल सरकारको निर्णयमा सो शुल्कमा प्रत्येक वर्ष १० प्रतिशत वृद्धि हुने उल्लेख छ । वार्षिक वृद्धिदर अनुसार यो वर्ष रु.९७ लाख ६८ हजार असुल गर्नुपर्नेमा रु.३७ लाख ४० हजार मात्र असुल गरेकोले बाँकी रु.६० लाख २८ हजार असुल गर्नुपर्दछ ।

१३३. **लागत सहभागिता -** भवन निर्माण गुरुयोजना स्वास्थ्य मन्त्रालयबाट स्वीकृत गर्दा अनुमानित लागत रु.३१ करोडमध्ये २० प्रतिशत अस्पताल विकास समिति र ८० प्रतिशत नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । भवन निर्माण कार्य शुरु भई रु.११ करोड ५८ लाख ९ हजार भुक्तानी गर्दा स्वीकृत गुरुयोजनाअनुसार २० प्रतिशत रकम अस्पताल विकास समितिले नव्यहोरी नेपाल सरकारको स्रोतबाट मात्र भुक्तानी गरेको छ । उपर्युक्त प्रावधानअनुसार २० प्रतिशतले हुने रु.२ करोड ३१ लाख ६२ हजार समितिबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

## शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर

१३४. **वित्तीय स्थिति -** यो वर्ष अस्पतालको कुल आय रु.५६ करोड ३७ लाख ४८ हजारमध्ये नेपाल सरकारको अनुदान रु.१९ करोड २८ लाख १४ हजार, विपन्न कोषबाट शोधभर्ना प्राप्त रु.२५ करोड ५ लाख ७६ हजार र आन्तरिकलगायत विविध आय रु.१२ करोड ३ लाख ५८ हजार रहेको छ । यो वर्षको कुल खर्च रु.५५ करोड २६ लाख २९ हजारमध्ये कर्मचारी तलव भत्तामा रु.१० करोड ९० लाख ९३ हजार खर्च भएको देखिन्छ ।

१३५. **उपलब्धि** - केन्द्रले २०६९।१२।१६ देखि मृगौला प्रत्यारोपण कार्य शुरु गरेकोमा २०७६ आषाढ मसान्तसम्म ६४६ जनाको प्रत्यारोपण गरेको छ । यो वर्ष १७५ जनाको मृगौला प्रत्यारोपण, १२ जनाको कलेजो प्रत्यारोपण, ५२ जनाको मुटुको शल्यक्रिया र ५०० जनाको डाइलाइसिस गर्ने लक्ष्य राखेकोमा १७९ जनाको मृगौला प्रत्यारोपण गरी लक्ष्यभन्दा बढी उपलब्धि हासिल गरेको छ । कलेजो प्रत्यारोपण १ जना, मुटुको शल्यक्रिया ७ जना र डाइलाइसिस सेवा औसतमा १८२ जनाको मात्र भएकोले लक्ष्यअनुसार उपलब्धि हासिल हुन सकेको छैन ।

१३६. **डायलाइसिस** - केन्द्रले यो वर्ष ५०० जनालाई डायलाइसिस सेवा उपलब्ध गराउने लक्ष्य राखेकोमा बढीमा २०७५ श्रावण महिनामा २१२ र घटीमा आषाढ महिनामा १५४ जनाको डायलाइसिस गराई वर्षभरिमा औसतमा १८२ जनाको डायलाइसिस गरेको छ । गत वर्ष ४५ हेमोडायलाइसिस मेसिनबाट २९ हजार २८० पटक डायलाइसिस सेवा उपलब्ध हुन सकेकोमा यो वर्ष २४ हजार २८ पटक डायलाइसिस भएको छ । केन्द्रमा २०७६ आषाढ मसान्तसम्म ७२ मेसिनमध्ये ३३ मेसिन मात्र सञ्चालनमा रहेको देखियो । सञ्चालनमा नआएका मेसिनमध्ये ३९ को सञ्चालन आयुसमेत समाप्त भएको र १० मेसिन मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन् । डायलाइसिसको माग बढी भए तापनि गत वर्षको तुलना ५ हजार २५२ पटक घटी भएको देखिँदा सेवा प्रवाहमा ह्रास आएको छ । उक्त सेवा राज्यले निःशुल्क उपलब्ध गराउने घोषित नीति अन्तर्गतको सेवा पर्याप्त शय्या, जनशक्ति तथा पूर्वाधारको अभावले अपेक्षा गरेअनुरुप उपलब्ध हुन सकेको छैन । पूर्वाधारको उचित व्यवस्थापन गरी घोषित नीतिअनुरुप सेवा उपलब्ध गराउनुपर्दछ

१३७. **सेवाको उपलब्धता** - यो वर्ष ३० हजार सेसन (पटक) डायलाइसिस गर्ने लक्ष्य रहेकोमा २४ हजार २८ सेसनमात्र सञ्चालन भएको देखियो । प्राप्त विवरणअनुसार औसतमा १८२ जनाको मात्र डायलाइसिस हुन सकेको छ । यो वर्ष सो संख्याको अतिरिक्त थप १२८ जना डायलाइसिस गर्नुपर्ने बिरामीलाई मेसिन तथा स्थान अभावका कारण सेवा उपलब्ध हुन नसकी प्रतीक्षा सूचीमा राखेको पाइयो । उपर्युक्त स्थितिले केन्द्रमा सेवा लिन आएका ४२ प्रतिशत बिरामीले सेवा प्राप्त गर्न सकेको देखिँदैन । बिरामी चाप अनुसार स्थान तथा मेसिनको अभावले उपर्युक्त स्थिति देखा परेको हुँदा तालुक निकायले समेत आवश्यक व्यवस्था गर्न ध्यान दिनुपर्दछ ।

१३८. **मृगौला प्रत्यारोपणको प्रतीक्षा** - केन्द्रले यो वर्ष १७९ जनाको मृगौला प्रत्यारोपण गरेको देखिन्छ । नियमित मृगौला प्रत्यारोपणको लागि २०७६ आषाढसम्म ४४ जना र २०७६ कार्तिक ५ सम्म ८९ जना तथा पियर एक्सचेन्जअन्तर्गत २०७६ आषाढसम्म १३४ जना र २०७६ कार्तिक ५ सम्म १४५ जनालाई सेवा उपलब्धगराउन नसकी प्रतीक्षामा रहेको देखियो । प्रत्यारोपणको लागि ३ महिनासम्म समय लाग्ने केन्द्रले जनाएको छ । मृगौला प्रदान गर्ने दाता (Brain Death Donor) को अभावका कारण मृगौला लिन २०७६ आषाढ मसान्तसम्म ५४९ जनाले निवेदन दिएकोमा २०७६ कार्तिक ५ सम्म बढेर ५६३ पुगेको छ । मृगौला प्रत्यारोपण गर्नुपर्ने बिरामीको संख्या प्रत्येक दिन बढ्दै गएको अवस्था छ । मृगौलाका बिरामीको संख्या बढ्दै गएको अवस्थामा निदान, रोकथाम तथा उपचारको कार्य प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने स्थिति रहेको छ ।

१३९. **उपकरणको उपयोग** - अस्पतालको सेवा प्रभावकारी हुन तोकिएबमोजिमका सेवा उपलब्ध भएको हुनुपर्दछ । केन्द्रले हप्तामा एक जनाको मुटुको शल्यक्रिया गर्ने सेवा उपलब्ध गराउने लक्ष्य राखी इसीएमओ, हर्ट लङ्ग मेसिनलगायत रु.२ करोड ६९ लाख १३ हजार मूल्यका उपकरण जडान गरी मौजुदा अवस्थामा रहेको पाइयो । केन्द्रले गत वर्षसम्म १३ जना र यो वर्ष ७ समेत २० जनालाई उक्त सेवा उपलब्ध गराएको देखिन्छ । यो वर्ष मुटु शल्यक्रियासम्बन्धी विवरण परीक्षण गर्दा २०७५ माघ १० पश्चात उक्त सेवा सञ्चालन हुन सकेको छैन । उपचारसम्बन्धी उपकरण खरिद तथा जडान भई मौजुदा अवस्थामा

रहने तर तत्सम्बन्धी सेवा सुलभ रुपमा उपलब्ध नहुनो अवस्था लागत, लाभ र सेवाको दृष्टिकोणले उचित होइन । वार्षिक लक्ष्यअनुसार उपलब्ध स्रोतको उपयोग गरी सेवा प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

१४०. **केन्द्रको भवन -** जिल्ला अस्पताल, भक्तपुरले उपलब्ध गराएको भवनबाट प्रत्यारोपण केन्द्रले १०० शय्याबाट सेवा सञ्चालन गर्दै आएको छ । केन्द्रको स्वामित्वमा कुनै भवन र जग्गा रहेको छैन । स्थान अभावको कारण डायलाइसिस मेसिन थप गरी सेवा उपलब्ध गराउने अवस्था देखिँदैन । केन्द्रको आफ्नै भवन निर्माण गर्न ड्रइङ डिजाइन, भवन निर्माण र निर्मित हुने भवनमा उपकरण जडानको लागि गत वर्ष विनियोजित रु.३ करोड २५ लाखको कार्यक्रम सञ्चालन हुन नसकी फ्रिज भएको छ । प्रत्येक वर्ष मृगौलासम्बन्धी बिरामीको संख्या वृद्धि हुँदै गएकोले केन्द्रले आफ्नै भवन निर्माण गर्ने वा अन्य वैकल्पिक व्यवस्था गरी सेवालाई सर्वसुलभ गराउनेतर्फ दीर्घकालीन नीति तर्जुमा गर्नुपर्ने र यस सम्बन्धमा तालुक निकायसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न जरुरी छ ।

## शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

नेपालमा दिन प्रतिदिन वृद्धि हुँदै गइरहेको मुटुरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीहरुको पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा स्वदेशमै उपलब्ध गराई हृदयरोगीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन र हृदयरोगसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने मूल उद्देश्यले यस केन्द्रको स्थापना भएको हो । केन्द्रले यो वर्ष १ लाख ६४ हजार २७३ जनालाई बहिरङ्ग सेवा उपलब्ध गराएको छ ।

१४१. **वित्तीय स्थिति -** यो वर्ष केन्द्रको कुल आय रु.२ अर्ब ११ करोड ३२ लाख ५९ हजारमध्ये नेपाल सरकारको अनुदान रु.६३ करोड ५५ लाख र केन्द्रको आय रु.१ अर्ब ४७ करोड ७७ लाख ५९ हजार रहेको छ । कुल खर्च रु.२ अर्ब २४ करोड १४ लाख ६७ हजारमध्ये तलव भत्तामा रु.३२ करोड ३८ लाख १८ हजार भएको छ ।

१४२. **विस्तारित स्वास्थ्य सेवाबाट आय -** केन्द्रमा गत वर्ष विस्तारित स्वास्थ्य सेवा (पेइङ्ग क्लिनिक) बाट रु.१६ करोड ५१ लाख १८ हजार प्राप्तिमध्ये चिकित्सक लगायतका कर्मचारीलाई वितरण पश्चात् रु.९ करोड २५ लाख ८२ हजार केन्द्रले आम्दानी देखाएकोमा यो वर्ष रु.१४ करोड ७८ लाख ४९ हजार प्राप्त गरी वितरण पश्चात् रु.८ करोड ३१ लाख ३७ हजार केन्द्रको आम्दानी देखाएको छ । गत वर्षको तुलनामा कुल प्राप्ति रु.१ करोड७२ लाख ६९ हजार अर्थात् १०.४६ प्रतिशत र अस्पतालको आम्दानीमा रु.९४ लाख ४५ हजार अर्थात् १०.२० प्रतिशतले घटेको अवस्था छ । यो वर्षको आय अनुमान गर्दा रु.१० करोड ८० लाख पेइङ क्लिनिकबाट आय प्राप्त हुने अनुमान गरेकोमा अनुमानित आयभन्दा रु.२ करोड ४८ लाख ६३ हजार अर्थात् २३.०२ प्रतिशतले घटी प्राप्त भएको देखियो । गत वर्ष र अनुमानित आयको तुलनामा आम्दानी घटेको कारण पहिचान गरी सुधार गर्नुपर्ने देखिन्छ ।

१४३. **सेवा प्रवाह -** यो वर्ष केन्द्रले १५ वर्षमुनिका बालबालिका ८८६ जना र ७५ वर्षमाथिका जेष्ठ नागरिक ७१५ जना मुटुरोगीलाई निःशुल्क उपचार सेवा प्रदान गरेको छ । बाथ मुटुरोगीहरुको निःशुल्क भल्भरिङ्ग तथा शल्यक्रिया ६४० जना, साँघुरिएको भल्व खोल्ने निःशुल्क उपचार ३९० जना, बहिरङ्ग सेवा १ लाख ६४ हजार २७३ जना, मुटुको शल्यक्रिया १ हजार ७८१ जना, एन्जियोग्राफी ४ हजार ५३० जना लगायतलाई मुटु रोगसम्बन्धी विभिन्न सेवा उपलब्ध गराएको छ । केन्द्रको आकस्मिक कक्षमा हाल ३४ शय्या सञ्चालनमा रहेको छ । प्रत्येक दिन बिरामीको चाप बढेकोले उक्त शय्या पर्याप्त नभएको अवस्था छ । त्यसतर्फ केन्द्रले आवश्यक ध्यान दिनुपर्ने देखिएको छ ।

१४४. **जनशक्ति -** केन्द्रको लागि ६०८ जनाको दरबन्दी स्वीकृत भएकोमा २०२ जना स्थायी र २८० जना करारबाट पदपूर्ति गरी १२६ जना रिक्त रहेको देखियो । रिक्त पदमध्ये सर्जरी ११, कार्डियोलोजी ९, नर्सिङ्ग २५, प्याथोलोजी १० लगायत १०० प्राविधिक पद रहेका छन् । सेवा प्रवाहमा असर नपर्ने गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

१४५. **कार्डिक एम.आर.आई -** मुटुको वास्तविक अवस्था थाहा पाउन रेडियो वेभ, म्याग्नेट र कम्प्युटरको प्रयोगबाट गरिने एक्स-रेको लागि आवश्यक पर्ने कार्डिक एम.आर.आई. मेसिनको अभावमा सोअनुसारको सेवा उपलब्ध हुन सकेको छैन । मुटुको उपचारमा वर्षौं अगाडिदेखि प्रयोगमा आएको कार्डिक एम.आर.आई. मेसिन नेपालमा मुटुरोगीको उपचार गर्ने एकमात्र सरकारी अस्पतालमा नहुँदा मुटुरोगीलाई अत्याधुनिक प्रविधिबाट सेवा उपलब्ध हुन सकेको छैन । केन्द्रले यो वर्ष करिब ६०० बिरामीलाई उक्त मेसिनको अभावमा सो प्रविधिबाट सेवा उपलब्ध गराउन नसकेको जानकारी गराएको छ । मुटुरोगीको उपचारमा अत्याधुनिक प्रविधिको उपयोग गरी गुणस्तरीय सेवा प्रवाहमा थप सुधार गर्नुपर्ने देखिन्छ ।

१४६. **बाल मुटुरोगको उपचार -** यो वर्ष बाल मुटुरोग उपचारमा ओ.पी.डी.तर्फ ११ हजार २९४ जना, मुटुको प्वाल टाल्ने उपचार २९५ जना तथा मुटुको शल्यक्रियातर्फ ५४० जना बालबालिकाको उपचार भएको देखिन्छ । बाल मुटुरोगी बिरामीको अधिक चाप रहेको तथा जन्मजात मुटुरोगी बालबालिकाको वृद्धि भएकोले हाल केन्द्रले बाल मुटुरोगीको लागि १२ शय्या मात्र सञ्चालनमा ल्याए तापनि उक्त शय्या संख्या पर्याप्त रहेको देखिएन । केन्द्रले बालबालिकाको लागि छुट्टै उपचार कक्ष, अपरेसन थिएटर तथा क्याथ ल्याब भवनको निर्माण गरी आवश्यक व्यवस्था गरेमा सेवा प्रवाहमा थप सुधार हुने देखिन्छ ।

१४७. **जनशक्ति उत्पादन -** यो केन्द्र मुटुरोगीको उपचारमा केन्द्रित अस्पताल भए तापनि शैक्षिक कार्यक्रम सञ्चालन नगर्ने हुँदा मुटुरोगको उपचारमा आवश्यक दक्ष जनशक्ति उत्पादन हुनसकेको छैन । हाल मुटुरोगसम्बन्धी उच्च अध्ययनको लागि वैदेशिक अध्ययनमा नै भर पर्नुपर्ने अवस्था विद्यमान छ । देशमा अन्यत्र मुटुरोगसम्बन्धी अध्यापन हुने छुट्टै शैक्षिक संस्थासमेत नभएको अवस्थामा दीर्घकालीन नीति तयार गरी केन्द्रको क्षेत्र विस्तार भएमा दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने देखिन्छ ।

## बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरुको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन राष्ट्रिय प्रेषण अस्पतालको रुपमा बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत स्थापना भई सेवा सञ्चालन हुँदै आएको छ । यो वर्ष अस्पतालले १ लाख ४२ हजार ३७७ जनालाई सेवा उपलब्ध गराएको छ ।

१४८. **वित्तीय अवस्था -** यो वर्ष अस्पतालको आन्तरिक आय (ब्याज, शुल्क र विविध) रु.३२ करोड ९ लाख ५५ हजार रहेकोमा तलब र भत्तामा मात्र रु.३२ करोड ७२ लाख २७ हजार खर्च भएको अवस्था छ । तलब भत्तामा मात्र आन्तरिक आयभन्दा रु.६२ लाख ७२ हजार बढी खर्च भएको छ । नेपाल सरकारबाट स्वास्थ्य कर कोष र अनुदान बापत यो वर्ष रु.५८ करोड ६० लाख प्राप्त भएको देखिन्छ । उपर्युक्त स्थितिले अस्पतालको वित्तीय अवस्था सबल देखिएन ।

१४९. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष १ लाख ४२ हजार ३७७ जनालाई बहिरङ्ग सेवा उपलब्ध गराएकोमा ८ हजार ३३१ जना बिरामी भर्ना गरी उपचार गरेको छ । त्यसैगरी रेडियोलोजी सेवा ४२ हजार ७४९ पटक, केमोथेरापी ३१ हजार १८२ पटक, रेडियोथेरापी ३१ हजार ६३४ पटक उपलब्ध गराएको देखियो । सोका अतिरिक्त ३ हजार ४६३ पटक शल्यचिकित्सा सेवालगायत विभिन्न प्रयोगशाला

परीक्षण गरी सेवा उपलब्ध गराएको पाइयो । यो वर्ष अस्पतालले ५ हजार ३७८ नयाँ क्यान्सर रोगीको पहिचान समेत गरेको छ ।

१५०. **रेडियोथेरापी सेवा** - अस्पतालले २०७५।७६ मा ३१ हजार ६३४ जनालाई रेडियोथेरापी सेवा उपलब्ध गराएको छ । रेडियोथेरापी गर्न प्रतीक्षा गर्नुपर्ने विवरण माग गरी विश्लेषण गर्दा गतवर्ष ३ महिनासम्म प्रतीक्षा गर्नु परेकोमा यो वर्ष ४५ दिनसम्म प्रतीक्षा गर्नु परेको देखिन्छ । अस्पतालले उपकरण र जनशक्तिको अभावका कारण ढिलाइ हुने गरेको उल्लेख गरे तापनि जनगुनासोलाई सम्बोधन हुने गरी सेवा प्रवाह छिटो, छरितो र गुणस्तरीय बनाउन थप ध्यान दिनुपर्दछ ।

१५१. **जनशक्ति व्यवस्थापन** - अस्पतालमा ८५४ जनाको दरबन्दी स्वीकृत भएकोमध्ये ७२० पदपूर्ति भई १३३ पद रिक्त रहेका छन् । रिक्त पदमा १०१ जनालाई अस्थायी तथा करारमा नियुक्ति गरे तापनि ३२ पारामेडिक्स पद रिक्त रहेको देखियो । अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ को नियम ११५ बमोजिम कार्यालय समय बाहिर स्वीकृति लिई काम गर्न सक्ने व्यवस्थाअनुसार चिकित्सकलाई स्वीकृति दिने गरेको पाइयो । रेडियोथेरापी सेवाको लागि ४५ दिनसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था रहेको छ । स्वीकृत दरबन्दीअनुसारको पदपूर्ति नहुँदा र बाहिर काम गर्न स्वीकृति दिँदा सेवा प्रवाहमा असर परेको छ । दरबन्दीअनुसार पदपूर्ति गरी बाहिर काम गर्न स्वीकृति दिने प्रावधानमा पुनरावलोकन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

१५२. **भौतिक पूर्वाधार** - अस्पतालको स्वामित्वमा ७५ बिघा १० कट्ठा २ धुर जग्गा रहेको छ । अस्पताल परिसरमा बहिरङ्ग, अन्तरङ्ग, चिकित्सकलगायतको आवासको लागि ९८ भवन रहेका छन् । अस्पतालमा मर्मत हुन नसक्ने उपकरणको विसर्जन गर्ने सम्बन्धमा उपयुक्त निर्णय हुन सकेको छैन । बिरामी कुरुवा घरको उचित संरक्षण हुन नसक्दा जीर्ण हुँदै गएको अवस्था छ । मूलतः क्यान्सर रोगको उपचार गर्ने उक्त अस्पतालमा रोग निदानको लागि पेट सीटी स्क्यान मेसिनको व्यवस्था हुन सकेको छैन । आवश्यक पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नुपर्दछ ।

१५३. **आवास सुविधा** - अस्पताल हाताभित्र चिकित्सक, प्राविधिकलगायतका कर्मचारीहरुले आवास भवनको उपयोग गरेकोमा अस्पतालको कर्मचारी प्रशासन नियमावली, २०६६ को दफा १०१(२) बमोजिम आवास सुविधा उपयोग गर्ने कर्मचारीबाट निजको शुरु तलबमानको ३ देखि ५ प्रतिशतका दरले हुने रकम असुल गरी अस्पतालको खातामा जम्मा गर्नुपर्नेमा सोअनुसार रकम असुल गरेको देखिएन । आवास सुविधा प्राप्त गरेका विभिन्न २४७ जना कर्मचारीबाट यो वर्ष मात्र मासिक तलबको न्यूनतम ३ प्रतिशतले गणना गर्दा रु.३८ लाख २० हजार अस्पतालको मर्मत सम्भार खातामा आम्दानी हुनुपर्ने देखिन्छ । अस्पताल हातामा रहेको भवनहरु मर्मत सम्भारको अभावमा जीर्ण हुँदै गएको छ । तोकिएबमोजिम न्यूनतम शुल्क असुल गरी मर्मत सम्भार कार्यमा उपयोग गर्नुपर्दछ ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन** : गत विगतका प्रतिवेदनमा खरिद योजनाअनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्य सञ्चालन कोष र विविध खातातर्फको आय व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, बिल भरपाईभन्दा बढी भुक्तानी गरेको, सोझै खरिद गरेको, भुक्तानीमा कर कट्टी नगरेको, पारिश्रमिक कर कट्टी नभएको, मन्त्रालयबाट छनौट भई छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीले सम्झौताबमोजिम कार्य गरे

नगरेकोमा अद्यावधिक लगत नराखेको लगायतका व्यहोरा औंल्याइएकोमा कतिपय अस्पताल तथा स्वास्थ्य सं्स्थाले सुधार गरेका छैनन् । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १५ निकायमा रु.१ अर्ब ३९ करोड ४१ लाख १९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १२ निकायले रु.७ करोड २३ लाख ५३ हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब ३२ करोड १७ लाख ६६ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.९४ करोड ६० लाख ६६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था र समिति २७ तर्फ रु.४ अर्ब ४३ करोड ४६ लाख १२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रु.१ अर्ब ९८ करोड ९२लाख ३७ हजार फछ्र्यौट गरेकोले रु.२ अर्ब ४४ करोड ५३ लाख ७५ हजार बाँकी रहेको छ । सोमध्ये रु.२१ करोड ४८ लाख ९६ हजार पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

# राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७४ बमोजिम राष्ट्रको तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासको लागि दूरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्न र त्यसको कार्यन्वयनमा सहजीकरण एवं अनुगमन तथा मूल्याङ्कन गरी संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति, योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरणका लागि आयोगले कार्य गरिरहेको छ ।

१. **सरकारी कार्यालय** - राष्ट्रिय योजना आयोग र मातहतका सरकारी कार्यालयको निम्नानुसार रु.५६ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रु.लाखमा)

| विनियोजन | | राजश्व | | धरौटी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम |
| ३५ | ५४८३ | ८ | १६ | ४ | ८९ | १ | ३१ | ३५ | ५६१९ |

२. **चौधौं योजनाको उपलब्धि** - चौधौं योजना अवधि (२०७३।७४-२०७५।७६) मा केही सूचकमा आशातीत सुधार आएको छ यद्यपि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन ।सूचकाङ्क तथा उपलब्धिको स्थिति निम्नानुसार छः

| क्र.सं. | सूचक | आधार वर्ष (२०७२।७३) | २०७५।७६ सम्मको लक्ष्य | २०७५।७६ सम्मको प्रगति |
|---|---|---|---|---|
| १ | वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत) | ०.८ | ७.२ | ६.९ |
| २ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | १.३ | ४.७ | ४.२ |
| ३ | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ०.६ | ८.४ | ८.० |
| ४ | वार्षिक औसत मुद्रास्फीति (प्रतिशत) | ९.५ | ७.५ | ४.६ |
| ५ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (रु. हजारमा) | ७९.४ | ११६.५ | ११७.५ |
| ६ | गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत) | २१.६ | १७ | १८.७ |
| ७ | मानव विकास सूचकाङ्क | ०.५४ | ०.५७ | ०.५७९ |
| ८ | लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.५६ | ०.५८ | ०.५६८ |
| ९ | अपेक्षित आयु (जन्मेको समयमा, वर्ष) | ६९ | ७२ | ६९.७ |
| १० | खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत) | ८३.६ | ९० | ८९ |
| ११ | माध्यमिक तहमा खुद भर्नादर (प्रतिशत) | ३७.७ | ४५ | ४६ |
| १२ | १५-२४ वर्ष उमेर समूहको साक्षरता दर | ८८.६ | ९२ | ९२ |
| १३ | विद्युत उत्पादन (जडित क्षमता, मेगावाट) | ८५१ | २३०१ | १२५० |
| १४ | विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत) | ७४ | ८७ | ८८ |
| १५ | सिँचाइ (हेक्टर लाखमा) | १३.९ | १५.२ | १४.७ |
| १६ | इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्या (प्रतिशत) | ४४.४ | ६५ | ६५.९ |

माथिको तालिकाअनुसार वार्षिक औसत आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर र गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर क्रमशः ७.२ प्रतिशत, ४.७ प्रतिशत र ८.४ प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः ६.९ प्रतिशत, ४.२ प्रतिशत र ८ प्रतिशत, गरिबीको रेखामुनिको जनसंख्या १७ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा १८.७ प्रतिशत, लैङ्गिक सशक्तीकरण सूचकाङ्क ०.५८ पुर्‍याउने लक्ष्य राखेकोमा ०.५६८, अपेक्षित आयु ७२ वर्ष पुर्‍याउने लक्ष्य रहेकोमा ६९.७, खानेपानी सेवा पुगेको जनसंख्या ९० प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा ८९ प्रतिशत, विद्युत उत्पादन २ हजार ३०१ मेगावाट

जडित क्षमता पुऱ्याउने लक्ष्य रहेकोमा १ हजार २५० मेगावाट र सिँचाइ सुविधा १५.२ लाख हेक्टरमा पुऱ्याउने लक्ष्य रहेकोमा १४.७ लाख हेक्टरमा सिँचाइ सुविधा पुगेको छ ।

३. **अनुगमन तथा मूल्याङ्कन -** आयोगको २०७५।७६ को वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख भएअनुसार आयोगबाट राष्ट्रिय गौरवका २२ आयोजनामध्ये मेलम्ची खानेपानी, सिक्टा सिँचाइ, भेरी बबई डाईभर्सन, माथिल्लो तामाकोशी, गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी विकास र उत्तर-दक्षिण कर्णाली लोकमार्गसमेत ८ आयोजनाको मात्र आयोगबाट स्थलगत अवलोकन भएको देखियो । आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरुको सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा छलफल गरी आयोगको नेतृत्वमा सबै आयोजनाको स्थलगत अवलोकन गर्नुपर्ने व्यवस्था छ । आयोगबाट सबै आयोजनाको अनुगमन नभएको र अनुगमन भएका आयोजनाको समस्या र समस्या समाधानका लागि दिएको अधिकांश सुझाव कार्यान्वयन भएको देखिएन् । फलस्वरुप ती आयोजनाको प्रगतिमा सुधार हुन सकेको छैन ।

४. **अध्ययन, अनुसन्धान र अन्वेषण -** आयोगको वार्षिक प्रतिवेदनमा नेपाल र सार्क मुलुकहरुमा राष्ट्रिय नीति र विकास आयोजना, चौधौं योजनाको मध्यावधि समीक्षा, नेपाल मानव विकास प्रतिवेदनको प्रारम्भिक प्रतिवेदन, योजना विकास, प्रारम्भिक बालविकासको राष्ट्रिय रणनीति (२०१९-२०३०) लगायतका विषयमा आयोगबाट अध्ययन, अनुसन्धान तथा अन्वेषण गरेको उल्लेख छ । आयोगको चालु वर्षको कर्मचारी दरबन्दी तालिकाअनुसार १२ कार्यकारी निर्देशक र २६ योजना अधिकृतसहित कुल १०५ दरबन्दी रहेकोमा अनुसन्धानसम्बन्धी कार्य परामर्शदाताबाट मात्र गराउँदा आयोगको विद्यमान जनशक्तिको उपयोग हुन नसकेको अवस्था छ । राष्ट्रिय विकासको लागि नीति, योजना तथा कार्यक्रम तर्जुमाका विषयमा अनुसन्धान गर्ने कार्यले प्राथमिकता पाएको देखिएन । तसर्थ आयोगको विद्यमान जनशक्तिको उपयोग गर्दै अध्ययन अनुसन्धानका कार्यहरुमा जोड दिनुपर्दछ ।

५. **प्राथमिकता प्राप्त आयोजना -** विभिन्न संघीय मन्त्रालय तथा निकायबाट २०७५।७६ मा ३५८ आयोजना कार्यान्वयन भएको मध्ये २२ राष्ट्रिय गौरवका आयोजना, २४० पहिलो प्राथमिकता प्राप्त र ९६ दोस्रो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन भएको देखिन्छ ।राष्ट्रिय गौरव र पहिलो प्राथमिकतामा रहेका २६२ आयोजनामध्ये यो वर्ष वार्षिक ८० प्रतिशतभन्दा बढी प्रगति हुने आयोजना १६२, ५० देखि ७९ प्रतिशतसम्म प्रगति हुने ६४, ५० प्रतिशतभन्दा कम प्रगति हुने २१ र प्रगति नखुलेका आयोजना १५ रहेका छन् । प्राथमिकता प्राप्त कतिपय आयोजनाको समेत न्यून प्रगति रहेको र कुनै पनि आयोजना निर्धारित समयमा सम्पन्न नभएको अवस्थाले आयोजना अनुगमन मूल्याङ्कन सन्दर्भमा आयोगको भूमिका प्रभावकारी बनाउनुपर्दछ ।

# कार्यमूलक तथा विशेष लेखापरीक्षण

## आयोजना व्यवस्थापन

सरकारको नीति तथा कार्यक्रम वा निकायको उद्देश्य प्राप्तिका लागि आयोजना कार्यान्वयन गरिन्छ । आर्थिक वृद्धि, सामाजिक आर्थिक रुपान्तरण तथा क्षेत्रगत राष्ट्रिय लक्ष्य प्राप्ति आयोजनाको कुशल व्यवस्थापनमा निर्भर रहन्छ । अधिकांश मन्त्रालय र मातहतका निकायबाट ठूलो लगानीमा आयोजना सञ्चालनमा रहेका छन् । पूर्वाधार निर्माणमा आयोजना व्यवस्थापनको अध्ययन र विश्लेषण गरी कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने उद्देश्यले आयोजना व्यवस्थापनको कार्यमूलक लेखापरीक्षण गरिएको हो ।

६. **समय र लागत वृद्धि** - आयोजना तोकिएको समय र लागतमा सम्पन्न गरी लगानीको प्रभावकारिता बढाउनु पर्दछ । तर राष्ट्रिय गौरवलगायत अधिकांश आयोजनामा समय तथा लागत वृद्धि भएको देखिन्छ । उदाहरणको लागि मेलम्ची खानेपानी आयोजनाको २२ वर्ष व्यतीत हुँदा लागतमा ४८ प्रतिशत, बबई सिँचाइ आयोजनाको ३२ वर्ष व्यतीत हुँदा लागतमा ५६१ प्रतिशत, सिक्टा सिँचाइ आयोजनाको १७ वर्ष व्यतीत भएकोमा लागतमा ९५ प्रतिशत, रानीजमरा कुलेरिया सिँचाई आयोजनाको ११ वर्ष व्यतीत हुँदा १२४ प्रतिशतले वृद्धि भएको अवस्था छ । यसबाट आयोजना सम्पन्न गर्न लाग्ने समय र लागत अत्यधिक वृद्धि भएको स्थिति देखिन्छ । त्यसैगरी २०७५।७६ मा २१ मन्त्रालय तथा निकायअन्तर्गत २६२ पहिलो प्राथमिकताका आयोजना कार्यान्वियन भएकोमा ६४ आयोजनाको ८० प्रतिशतभन्दा कम, २१ आयोजनाको ५० प्रतिशतभन्दा कम र १५ आयोजनाको प्रगति नै नखुलेको अवस्था छ । यसबाट प्राथमिकता प्राप्त आयोजनाहरुसमेतमा ढिलाइ भई लागत बढ्ने स्थिति रहेको छ । आयोजनाको छनौट र प्राथमिकीकरणमा समस्या, जग्गा प्राप्तिमा कठिनाइ, विस्तृत आयोजना प्रतिवेदन वेगर निर्माण कार्य शुरु गर्ने, वन क्षेत्रमा कार्य गर्न स्वीकृति प्राप्तिमा ढिलाइ, अन्तर निकाय समन्वयको अभाव र कार्यान्वयन मोडालिटीबारे अस्पष्टता लगायतका समस्याका कारण शुरु निर्धारित समय र लागतमा सम्पन्न भएको देखिदैन । तसर्थ कार्यान्वयन गर्न सकिने संख्यामा मात्र पहिलो प्राथमिकता तथा गौरवका आयोजनाका रुपमा आयोजना छनौट गर्ने, आयोजना तयारी चरणका कार्यहरु सम्पन्न गरी आयोजना कार्यान्वयन गर्ने, कार्यान्वयन कार्यतालिका तयार गरी सो अनुरुप अनुगमन गरी समयमा सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **वातावरणीय पक्ष** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ (क) मा आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराएर मात्र आयोजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाले रेगुलेटिङ बाँधको तथा लुम्बिनी विकास आयोजनाले समग्र वातावरणीय प्रभाव मूल्याङ्कन गराएको छैन । यस्ता प्रतिवदेन स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयबाट बबई सिँचाइ आयोजनाको १ वर्ष ९ महिना, भेरी बबई बहुउद्देश्यीय आयोजनाको करिब २ वर्ष, उत्तर दक्षिण कोशी सडक योजनाको करिब ९ वर्ष, सिक्टा सिँचाइ आयोजनाको करिब १ वर्ष, बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको ७ महिना, बड्कापथ सिँचाइ आयोजनाको १ वर्ष ३ महिना सम्म समय लागेको देखिन्छ । त्यस्तै हुलाकी सडकअन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज भित्र निर्माण हुने सडकको सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले करिब १० वर्षसम्म स्वीकृति प्रदान नगर्दा निर्माणको खरिद सम्झौता भए तापनि हालसम्म उक्त खण्डमा सडक र पुल निर्माण हुनसकेको छैन । आयोजनाका स्वीकृति पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन नगरी खरिद सम्झौता गर्ने प्रवृत्तिले आयोजना कार्यान्वयनमा समस्या आएको देखिन्छ । यसले गर्दा तोकिएको समयमा आयोजना सम्पन्न भएका छैनन् । अतः आयोजनाले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको स्वीकृति पश्चात् मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

८. **डिजाइन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा त्रुटिपूर्ण डिजाइन गरेको कारण खरिद कार्य प्रभावित भएमा डिजाइन तयार गर्ने, जाँच गर्ने, स्वीकृत गर्ने पदाधिकारी कारबाहीको भागिदार हुनुपर्ने उल्लेख छ । त्रुटिपूर्ण डिजाइन गरेको अवस्था देहायबमोजिम छः

८.१ वाग्मती सिँचाइ आयोजनाको पश्चिमी मूल नहरको चेनेज १+३५० किलोमिटरमा ड्रेन साइफनमा परिवर्तन गर्ने सेटलिङ्गवेसिनको लम्बाई र चौडाई बढाउने र फ्लसिङ च्यानलको लम्बाई घटाई शुरुको डिजाइनमा परिर्वतन भएको छ ।

८.२ हुलाकी लोकमार्ग, पर्सा अन्तर्गत कलैया-मलंगवा खण्डमा पर्ने वागमती नदीमा ६३४ मिटर लामो पुलको पिलरको उचाई नपुग देखिएकोले पुनः डिजाइनको प्रक्रियामा रहँदा २०७०।८।२८ देखि निर्माण कार्य अवरुद्ध रहेको छ ।

८.३ सडक डिभिजन कार्यालय, काठमाडौं १ अन्तर्गत धोवीखोलामा पुल निर्माण कार्य रु.१ करोड ३० लाख ९० हजारमा सम्झौता गरेकोमा सब स्ट्रक्चरको निर्माण भई रु.८४ लाख ८३ हजार भुक्तानी भएपछि पुलको डिजाइन उपयुक्त नभएकोले निर्माण कार्य स्थगित छ ।

८.४ सडक डिभिजन कार्यालय, तुम्लिङटारले अरुण नदीको लम्सुवाघाटमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१३ करोड ५ लाख ४१ हजारमा खरिद सम्झौता गरेकोमा निर्माणस्थलअनुसार २४७ मिटरको पुल आवश्यक पर्नेमा १६५ मिटरको निर्माण गर्नेगरी डिजाइन स्वीकृत भएकाले निर्माण कार्य अवरुद्ध भएको छ ।

८.५ सडक डिभिजन कार्यालय, काठमाडौं १ अन्तर्गत बौद्ध-ताम्रगंगा सडकस्थित वागमती नदीमा रु.२ करोड २६ लाख ६८ हजारमा निर्माण भएको पुल सडकको सतहभन्दा धेरै उचाईमा रहेकोले सञ्चालनमा ल्याउन रु.२ करोड ८ लाख ३५ हजारको एप्रोच सडक निर्माणको खरिद सम्झौता गर्नुपरेको छ ।

८.६ सडक डिभिजन कार्यालय, जनकपुरले बिगी र जुगा खोलामा पुल निर्माण गर्न रु.२४ करोड १७ लाख २ हजारमा खरिद सम्झौता गर्दा फाउण्डेसन र सब स्ट्रक्चरको मात्र डिजाइन स्वीकृत गरी सुपर स्ट्रक्चरको डिजाइन स्वीकृत नगरेको कारण पुल निर्माण कार्यमा ढिलाइ हुन गएको देखिन्छ । यसैगरी बिगी खोला पुलको बायाँ एबुटमेन्टभन्दा करिब ६० मिटर पर तटबन्ध निर्माण भइरहेको कारण नदीको बहाव र पुल निर्माण कार्य फरक-फरक धारमा रहेको पाइयो ।

८.७ सडक डिभिजन कार्यालय पाल्पाबाट कालीगण्डकी नदीमा चापाकोट निर्दिमघाट पुल रु.१४ करोड १० लाखको लागतमा निर्माण शुरु भएकोमा वेल फाउन्डेशनको सट्टा पाइल फाउन्डेशन कायम गर्ने गरी डिजाइन परिवर्तन गरेको पाइयो ।

८.८ सुनसरी मोरङ पुल निर्माण आयोजना अन्तर्गत निर्माणाधीन सिंगीयाही खोला पुलको सवस्ट्रक्चर निर्माण उपयुक्त नभएको कारण २०६४।६५ देखि निर्माण कार्य रोकिईरहेको छ ।

सम्बन्धित निकाय र परामर्शदाताबाट पर्याप्त अध्ययन र स्थलगत अवलोकन बेगर ड्रइङ डिजाइन तयार गरी पुनः डिजाइनमा परिवर्तन गर्नुपर्दा समय र लागत वृद्धि भएको देखिन्छ । अतः निर्माण स्थलको पर्याप्त अध्ययन गरी डिजाइन तयार गर्नुपर्दछ ।

९. **खरिद सम्झौता तथा मोडालिटी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ ले निर्माण कार्यमा दश प्रकारका खरिद सम्झौता गर्नसक्ने उल्लेख छ । खरिद विधि र मोडालिटीका सम्बन्धमा देखिएका व्यहोरा देहायानुसार छन्:

९.१ वार्षिकरुपमा सञ्चालित योजनाको अध्ययन गर्दा टुक्रे आयोजनाको संख्या उच्च रहेको देखिन्छ । आयोजनाको लागि आवश्यक पर्ने पूर्वतयारी बेगर केन्द्रबाट स-साना योजना छनौट गरी कार्यान्वयन गर्दा स्रोतको समूचित उपयोग नभएको, पर्याप्त अनुगमन मूल्याङ्कन नहुँदा गुणस्तर पक्ष कमजोर रहेको, योजनाबाट आशातित लाभ लिन नसकेको अवस्था छ ।

९.२ डिजाइन तयार गर्ने, आयोजना कार्यान्वयन गर्ने र निर्माण गर्ने पक्ष फरक फरक रहँदा आयोजनाको कार्यान्वयन चरणमा समस्या देखिएको हो । एकपक्षले अर्कोपक्षको त्रुटि देखाउँदै जिम्मेवारी पन्छाउने प्रवृत्ति छ । यद्यपि विश्वव्यापीरुपमा उत्तम मानिएको आयोजनाको डिजाइनदेखि हस्तान्तरणसम्म निर्माण

व्यवसायी जिम्मेवार रहने इपीसीएफ (Engineering, Procurement, Construction and Financing) विधि अनुसरण गरेको पाइँदैन । विश्वका असल अभ्यासको अनुसरण भएको देखिँदैन ।

९.३ पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा निजी क्षेत्र समेतको लगानीको माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । विगतका आवधिक योजनामा जस्तै पन्ध्रौं योजनामा समेत सार्वजनिक तथा निजी क्षेत्रको सहकार्य, साझेदारी र सहभागिताका आधारमा लगानी जुटाई थप स्रोत व्यवस्थापन गर्ने उल्लेख छ । यद्यपि सोअनुरुप आयोजना सञ्चालन गर्न सकेको छैन ।

९.४ बुढीगण्डकी जलविद्युत आयोजना कम्पनी मोडेलमार्फत विकास तथा निर्माण गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले २०७४।१।७ मा निर्णय गरेकोमा पुनः २०७४।२।२१ मा चीनको एक कम्पनीसँग इन्जिनियरिङ, प्रोक्योरमेन्ट, कन्स्ट्रक्सन एण्ड फाइनान्सिङ मोडेलमा निर्माण गर्न समझदारीपत्र भएको देखिन्छ । उक्त समझदारीपत्रलाई नेपाल सरकारको २०७४।८।८ को निर्णयले खारेज गरेकोमा सोही कम्पनीले सोही मोडेलमा आयोजना विकास गर्न २०७५।३।३१ मा पुनः इच्छा व्यक्त गरेअनुरुप नेपाल सरकारबाट २०७५।६।५ मा विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम उक्त मोडेलमा आयोजना विकास तथा निर्माण गर्ने निर्णय गरेको देखिन्छ । मोडालिटी समयमा यकिन गर्न नसक्दा निर्माणमा ढिलाइ हुन गएको छ ।

९.५ काठमाडौं तराई मधेश फास्ट ट्र्याक आयोजना सार्वजनिक निजी साझेदारी निर्माण गर्ने उल्लेख भए तापनि सरकारी लगानीमा नेपाली सेनाको व्यवस्थापनमा निर्माण कार्य भईरहेको छ । निर्माण मोडालिटीको अन्यौलतामा आयोजनाका ४ वर्ष व्यतीत भएको देखिन्छ ।

९.६ काठमाडौं-कुलेखानी-हेटौंडा शुरुङमार्ग परियोजना निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम रु.३४ अर्ब ८८ करोडको लागतमा ३० वर्षसम्म सञ्चालन गर्न एक कम्पनीसँग २०७०।१।३१ मा सम्झौता गरेको देखिन्छ । कम्पनीले कार्य शुरु गरेको छैन भने सेयरबापत सर्वसाधारणबाट सङ्कलन गरेको रकमको उपयोग भएको छैन ।

१०. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्नसक्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

१०.१ राष्ट्रिय गौरवका आयोजनामा १० प्रतिशतभन्दा बढी भेरिएसन भएका ठेक्काको अध्ययन गर्दा खरिद सम्झौता गर्दाको बखत नै पूर्वानुमान गर्न सकिने कार्यमा नै अधिकांश भेरिएसन भएको पाइयो ।

१०.२ नारायणगढ-मुग्लिङ सडक आयोजनाका ३ कार्यको शुरु सम्झौता रु.२ अर्ब ८८ करोड ७० लाख रहेकोमा रु.३१ करोड ५२ लाख भेरियसन भएकोमध्ये रु.२३ करोड ८४ लाखको पूर्वानुमान गर्नसकिने भेरिएसन छ ।

१०.३ व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले पाँच ठेक्काको रु.१ अर्ब ५७ करोड ६७ लाखको खरिद सम्झौता गरेकोमा भेरिएसन आदेशबाट ११.४० प्रतिशतले वृद्धि गरी सम्झौता रु.१ अर्ब ७७ करोड ९८ लाख पुगेको छ । पूर्वानुमान गर्नसकिने खालका मेसिनरी वाल, ब्रिक वाल, आर.सि.सि. कंक्रिट र फलामे डण्डीको कार्यमा परिमाण थप गरेको छ ।

१०.४ सिक्टा सिँचाइ आयोजनाको हेडवर्क्समा गेट, हाइड्रो मेकानिकल लगायतका कार्य गर्न रु.९६ करोड ६१ लाखमा सम्झौता गरेको छ । डिजाइन एण्ड बिल्ट खरिद विधि अपनाइएको यस कार्यमा २०७२।७३ मा रु.१४ करोड ३१ लाखको भेरिएसन स्वीकृत भएको पाइयो । डिजाइन एण्ड बिल्ट अवधारणाअन्तर्गत निर्माण व्यवसायीबाट ड्रइङ्ग गराई सोको स्वीकृति पश्चात निर्माण कार्य हुने हुँदा निर्माण गर्दाका जोखिम निर्माण व्यवसायीले व्यहोर्नुपर्नेमा भेरिएसन गरी लागत थप गरेको देखिन्छ ।

१०.५ दोस्रो साना सहरी खानेपानी आयोजना व्यवस्थापन कार्यालय संखुवासभाले रु.३४ करोड ८४ लाखको खरिद सम्झौता गरेकोमा एलाइन्मेन्ट परिवर्तन र प्राविधिक त्रुटिका कारण शुरुको डिजाइनअनुसार पाइपको लम्बाई तथा प्रेसर रेटिङ्ग नमिलेको, पहुँच मार्ग निर्माण र फिटिङ्गको सामान छुट भएको देखाई १४.९७ प्रतिशतले वृद्धि हुने गरी भेरिएसन स्वीकृत गरेको छ । यस कार्यको लागत अनुमान, डिजाइन र ड्रइङ्ग तयार परामर्शदाताले गरेकोमा सोको पर्याप्त जाँच नगरी स्वीकृत गर्दा भेरिएसन गर्नु परेको छ ।

१०.६ धरान उप-महानगरपालिकाबाट खानेपानी व्यवस्थाको लागि रु.१ अर्ब ३१ करोड ६२ लाखमा सम्झौता भएकोमा पाईप लाइन, एभिआर खरिद, अस्फाल्ट कालोपत्रे, पावर केबुल लगायतका कार्यमा १९ प्रतिशतले बढी भेरिएसन भएको छ ।

१०.७ बिराटनगर महानगरपालिकाले पूर्वाधार निर्माणसम्बन्धी कार्यको लागि रु.२ अर्ब ३९ करोड १३ लाखमा सम्झौता गरेकोमा पुराना खानेपानी लाइनको रिलोकेशन, विद्युत पोलहरुको पुनःस्थापना, ढल निर्माणमा ईटाको बदला आर.सी.सी.ढल निर्माण जस्ता कारण देखाई २३.६३ प्रतिशतले बढी भेरिएसन आदेश जारी गरेको छ ।

पूर्वानुमान गर्नसक्ने कार्य समेत लागत अनुमानमा समावेस नगर्ने, पर्याप्त अध्ययन नगरी ड्रइङ्ग डिजाइन र लागत अनुमान तयार गर्ने कारणले गर्दा भेरीयसन गर्नुपरेको देखिन्छ । भेरिएसन आदेश स्वीकृत गर्दा प्राविधिक पुष्ट्याई नगर्ने तथा विल अफ क्वाण्टीटीमा बढी दररेट भएको आइटम परिमाण थप गरी घटी दररेट गरेका आइटमको परिमाण कम वा हटाई भेरिएसन गर्ने, सम्झौता रकममा वृद्धि हुने गरी भेरिएसन गर्ने, ड्रइङ्ग, डिजाइन परिवर्तन नभएकोमा समेत धेरै परिमाण थपघट हुने गरी भेरिएसन आदेश जारी गरेको देखिन्छ । यसले गर्दा आयोजनाको लागत र समय वृद्धि हुने गरेको छ । अतः आयोजनाको ड्रइङ्ग डिजाइन तथा लागत अनुमान तयार गर्दा पर्याप्त अध्ययन गरी तयार गर्ने तथा भेरिएसन जारी गर्दा त्यसको प्राविधिक पुष्ट्याई गर्नुपर्दछ ।

११. **अधुरा।रुग्ण आयोजना -** निर्माण व्यवसायीले तोकिएको म्यादभित्र कार्यतालिकाबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ । तर तोकिएको समयावधि भित्र कार्यसम्पन्न नभई आयोजनाहरु रुग्ण तथा अधुरो रहेको देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको एक अध्ययनअनुसार विभिन्न ८ विभाग तथा निकायअन्तर्गत २०७६ पौषसम्म रु.८६ अर्ब ४४ करोड सम्झौता रकमका १ हजार २०२ आयोजना अधुरो रहेको उल्लेख छ । जसमा सबैभन्दा धेरै सडक विभागअन्तर्गत ७०१ ठेक्का अधुरो रहेको देखिन्छ । सबै संघीय मन्त्रालय तथा प्रदेश र स्थानीय तहको समग्र विवरण तयार गर्दा यस्तो संख्या अझ बढ्ने निश्चित छ । खानेपानी तथा ढल निकास विभागअन्तर्गत २०७४।७५ सम्म सञ्चालित ३ हजार ८३५ क्रमागत आयोजनामध्ये ३ हजार ४२२ (८९.२२ प्रतिशत) अधुरा रहेको देखिन्छ । सडक विभाग अन्तर्गत २०७५।७६ सम्ममा रु.११ खर्ब १ अर्ब ३५ करोड ८५ लाख रकमको ३ हजार ८६० खरिद सम्झौताको रहेकोमा रु ३५ अर्ब ५० करोड २१ लाख सम्झौता रकम भएका ८०७ योजना अधुरो रहेका छन । निर्माण कार्यको पर्याप्त अनुगमन नहुनु र जिम्मेवारी पूरा नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौताका शर्त अनुरुप कारबाही नगर्नु आदि कारणले निर्माण अधुरा वा रुग्ण भएका छन् ।

यसरी निर्माण कार्य अधुरो रहँदा आयोजनाबाट लगानी खेर जाने स्थिति छ । अतः निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई जिम्मेवार बनाई अधुरा निर्माण कार्य पुरा गर्नुपर्दछ ।

१२. **आयोजनाको उपादेयता -** आयोजना सम्पन्न भएपश्चात सोको निरन्तर सञ्चालन व्यवस्था गर्नुपर्दछ । तर आयोजनाको दीगो सञ्चालन नभई लगानीबाट प्रतिफल प्राप्त नभएको केही व्यहोरा निम्नानुसार छन्:

१२.१ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ अन्तर्गत मिलनचोक गुणस्तर खानेपानी आयोजना निर्माण गर्न निर्माण व्यवसायी र उपभोक्ता समितिसँग सम्झौता गरी २०७४।७५ सम्म रु.१ करोड ५३ लाख भुक्तानी भएकोमा हाल आयोजना सञ्चालनमा रहेको छैन । त्यसैगरी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सिन्धुलीले निर्माण गरेका पिपलमाडी खानेपानी आयोजना र झाँगाझोली रातामाटा खानेपानी आयोजनाको मुहान सुकेका कारण योजना सम्पन्न नभई निर्माण कार्य स्थगित रहँदा खर्च भएको रु.३ करोड २४ लाख उपलब्धिविहीन भएको छ ।

१२.२ सहरी विकास मन्त्रालयले सहरी गरीब र न्यून आयवर्गका लागि संयुक्त आवास निर्माण कार्यक्रम अन्तर्गत प्रथम चरणमा १२७ परिवार र दोस्रो चरणमा १०० परिवारको लागि काठमाडौंको इचंगु नारायणमा रु.१२ करोड २७ लाखको लागतमा २०७३।७४ मा निर्माण सम्पन्न गरेको आवास हालसम्म प्रयोगविहीन अवस्थामा छ ।

१२.३ निर्माण भएका सिँचाइ आयोजनाहरुले आयोजनाको कमान्ड क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउन सकेको देखिएन । सिँचाइ विभागको एक प्रतिवेदनअनुसार ३१ सिँचाइ प्रणालीबाट ३ लाख २६ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइ प्रणाली सञ्चालनमा रहेकोमा आषाढदेखि कार्तिकसम्म २ लाख ९६ हजार, मंसिरदेखि फागुनसम्म २ लाख र चैत्रदेखि जेष्ठसम्म ५४ हजार हेक्टर सिँचाइ सुविधा उपलब्ध गराएको उल्लेख छ । सुनसरी मोरङ सिँचाइ आयोजनाको ७५ प्रतिशत, वाग्मती सिँचाइ आयोजनामा ७१ प्रतिशत, कमला सिँचाइ प्रणालीमा ६० प्रतिशत, नारायणी सिँचाइ प्रणालीमा ३६ प्रतिशत र महाकाली सिँचाइ प्रणालीमा १९ प्रतिशत कमाण्डक्षेत्र सिञ्चित हुन नसकेको अवस्था देखिन्छ । निर्माण भएका आयोजनाबाट लक्ष्य अनुरुप कार्य हुनसकेको देखिँदैन ।

१२.४ प्रगन्ना सिँचाइ आयोजना निर्माण सम्पन्न भएकोमा कमाण्ड क्षेत्र ५ हजार ८०० हेक्टरमध्ये ६७२ हेक्टर कमाण्ड क्षेत्र भएको १४ किलोमिटर लामो नारायणपुर शाखा नहरको लागि समेत इन्टेक, मूल नहर र संरचनाहरु उक्त समयमै निर्माण गरिए पनि शुरुदेखि नै सो नहरबाट सिँचाइ भएको छैन ।

१२.५ हुलाकी सडक आयोजना योजना कार्यालय इटहरीले रु.३३ करोडको लागतमा मेची नदीमा पुल निर्माण सम्पन्न गरेको भएपनि नेपाल र भारतसीमातर्फ २ किलोमिटर एप्रोच सडक निर्माण नभएकाले पुलको उपयोग हुनसकेको छैन ।

१२.६ सुनसरी मोरङ सिँचाइ आयोजनाको रामगञ्ज शाखा नहर प्रणालीमा एक स्टिल उद्योगले नहर अतिक्रमण गरी उद्योग स्थापना गरेको, एक पोल्ट्री फर्मले नयाँपट्टी शाखा नहरको बेतौना उपशाखा नहरमा अतिक्रमण गरी कम्पाउण्डवाल बनाएको पाइयो ।

१२.७ कन्काई सिँचाइ आयोजनाले मूल नहरमा २०० मिटर र शाखा नहरको २०० मिटरमा अतिक्रमण भएको उल्लेख गरेको छ । यसरी अतिक्रमण नहटाएको कारणले नहर पुरिनुका साथै अतिक्रमण बढ्दै गई केही वर्षपश्चात नहर सञ्चालन गर्न नसक्ने स्थिति रहन्छ ।

## दिगो विकास लक्ष्य (२०१५-२०३०)

विश्वका १९३ राष्ट्रका राष्ट्र तथा सरकार प्रमुख सहभागी सन् २०१५ सेप्टेम्बरको संयुक्त राष्ट्र संघको महासभाले सन् २०३० सम्म दिगो विकासका लागि १७ प्रमुख लक्ष्य हासिल गर्ने दिगो विकासको एजेन्डा २०३० लाई अनुमोदन गरेको छ । नेपाल पनि सो एजेण्डाको अनुमोदनकर्ता रहेको छ । आर्थिक, सामाजिक र वातावरणीय आयाम समेटिएका दिगो विकासका लक्ष्यका विश्वव्यापी १६९ परिमाणात्मक गन्तव्य र २३४ सूचक रहेका छन् । नेपालले आफ्नो परिवेश अनुसार विश्वव्यापी लक्ष्य-१४ बाहेक १६ प्रमुख लक्ष्यका १५९ गन्तव्यका लागि २४५ अतिरिक्त सूचक थप गरी ४७९ सूचक तय गरेको छ ।

दिगो विकासका लक्ष्यहरु हासिल गर्ने १५ वर्षे अवधिमध्ये १० वर्ष बाँकी रहेको छ । एक तिहाइ समय व्यतीत भइसकेको अवस्थामा ती लक्ष्यहरुको कार्यान्वयन ,समीक्षा र अनुगमन तथा मूल्याङ्कनका लागि गर्नुपर्ने तयारी तथा लक्ष्य प्राप्तिका लागि अनुकूल नीति ,कार्यक्रम ,संरचना ,स्रोत साधन ,समन्वय ,सुशासन र दिगो विकास लक्ष्य कार्यान्वयन प्रक्रियामा संलग्न सबै पक्षको सहभागितामा लक्ष्यहरुको कार्यान्वयन अवस्था मूल्याङ्कन गर्ने उद्देश्यले विशेष लेखापरीक्षण गरिएको हो ।

१३. **संस्थागत संरचना र विधि** -संघीय सरकार ,प्रदेश सरकार र स्थानीय तहहरुमा दिगो विकास लक्ष्य कार्यान्वयन गर्न उपयुक्त संरचना तथा निर्धारित लक्ष्यलाई बजेट र कार्यक्रममा रुपान्तरित गर्न, स्रोत व्यवस्थापन ,परिचालन र उपलब्धिको मूल्याङ्कन तथा आवधिक समीक्षा गर्ने पद्धतिको व्यवस्था हुनुपर्दछ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रधानमन्त्रीको संयोजकत्वमा राष्ट्रिय निर्देशन समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यान्वयन तथा समन्वय समिति र आयोगका सदस्यहरुको अध्यक्षतामा ९ विषयगत समिति गठन भए तापनि सो अनुरुप प्रदेश सरकार र स्थानीय तहहरुमा समन्वय गर्न समिति गठन भएको छैन । संघीय र प्रदेश सरकारका विषयगत मन्त्रालयहरुका साथै स्थानीय तहहरुमा दिगो विकासका लक्ष्य र गन्तव्यलाई बजेट र कार्यक्रममा रुपान्तरण गर्ने ,नक्साङ्कन गर्ने, बजेट कोडिङ्ग गर्ने, स्रोत परिचालन र व्यवस्थापन गर्ने ,प्राप्त हुने उपलब्धिलाई मापन र मूल्याङ्कन गर्न आवश्यक संरचनागत व्यवस्था हुन सकेको छैन । संस्थागत संयन्त्रको अभावमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि नीतिगत एकरुपता, लक्ष्य केन्द्रित योजना तथा बजेटको तर्जुमा र सोको कार्यान्वयन र अनुगमनमा सामञ्जस्यता नरहने अवस्था रहन्छ । दिगो विकास लक्ष्य कार्यान्वयन ,समन्वय र अनुगमन तथा मूल्याङ्कन गर्नका लागि संघीय र प्रदेश सरकारका विषयगत मन्त्रालयमा र ७५३ स्थानीय तहमा उपयुक्त विधि र संरचना स्थापना गरी प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

१४. **प्रदेश र स्थानीय तहको आबद्धता** -दिगो विकास लक्ष्यहरुको कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको छ भने आम नागरिकसँग स्थानीय तह झनै नजिक रहेको छ । यस तहले स्थानीय समुदायको सहभागिता रहने र नेपालको संविधानले कृषि ,शिक्षा ,स्वास्थ्य ,सफा पानी र सरसफाई ,लैङ्गिक समानता ,स्थानीय आर्थिक विकास ,वन ,भूमिसुधार ,सहकारी जस्ता क्षेत्रमा कार्य गर्ने जिम्मेवारी दिएको हुँदा दिगो विकासका लक्ष्यहरु गरिबीको अन्त्य ,शून्य भोकमरी ,आरोग्य र कल्याण , गुणस्तरीय शिक्षा ,लैङ्गिक समानता ,सफा पानी तथा सरसफाई ,असमानताको न्यूनीकरण गर्न प्रदेश र स्थानीय तहको भूमिका अपरिहार्य छ । दिगो विकास लक्ष्यहरुलाई आन्तरिकीकरण गर्ने सन्दर्भमा गण्डकी र प्रदेश ५ लगायतका केही प्रदेशले आधार रेखा सूचकाङ्क तयार गरी परिमाणात्मक लक्ष्यहरु निर्धारण गरेका छन् । तर स्थानीय तहमा सोको शुरुवात हुन सकेको छैन । दिगो विकासका लक्ष्यहरुलाई प्रदेश र स्थानीय तहहरुले आ-आफ्ना नीति ,कार्यक्रम र बजेटमा आबद्ध नगरेसम्म लक्ष्य प्राप्त हुने अपेक्षा गर्न सकिँदैन । संघबाट हस्तान्तरण गरिने सशर्त अनुदान लगायतका रकमलाई दिगो विकास लक्ष्यहरुसँग आबद्ध गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने पद्धति अवलम्बन गर्नुपर्दछ । प्रदेश

र स्थानीय तहहरुबाट आवधिक एवं वार्षिक विकास योजना तर्जुमा ,खर्च र स्रोत साधनको अनुमान , कार्यान्वयन क्षमता वृद्धि ,आम नागरिक ,गैर सरकारी संस्था ,सहकारी लगायत सबै पक्षको सहभागिता रहने गरी दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी सो को कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्नका लागि तीन वटै तहका सरकारले कार्य गर्नुपर्दछ ।

१५. **दिगो विकासका लक्ष्यहरुको प्रगति** -सन् २०३० सम्मका लागि राखिएका उपलब्धि सूचक अङ्कहरुलाई प्रयोग गरेर २०३० सम्मकै लागि २०१९ ,२०२२ र २०२५ को निम्ति इन्ट्रापोलेट प्रक्षेपण गरी परिमाणात्मक लक्ष्य तय गरे अनुसार प्रगति गरेमा २०३० सम्म दिगो विकास लक्ष्य हासिल हुने आधार बन्दछ । परिमाणात्मक लक्ष्यहरुको २०१९ सम्म हासिल गरेको प्रगति उपलब्ध गराउन अनुरोध गरेकोमा राष्ट्रिय योजना आयोगले मस्यौदा प्रतिवेदनसम्म तयार गरेको जानकारी प्राप्त भएकोले प्रगति अवस्थाको विश्लेषण गर्न सकिएन। तथापि राष्ट्रिय लेखा ,आर्थिक सर्वेक्षण ,सरकारी विभिन्न सर्भेक्षण प्रतिवेदन ,संयुक्त राष्ट्रसंघीय निकायहरु ,विश्व बैङ्क तथा विकास साझेदारका प्रतिवेदन अनुसार २०१९ सम्म दिगो विकास लक्ष्यहरुका केही परिमाणात्मक लक्ष्यहरुमा कम प्रगति भएको छ ।

निरपेक्ष गरीबीको दर र बहुआयामिक गरीबीको दरमा विगत वर्षहरुमा कमी भए तापनि २०१९मा प्रतिदिन अमेरिकी डलर १.२५ भन्दा कम आर्जन गर्ने जनसंख्या १७ प्रतिशतको सीमामा राख्ने लक्ष्य रहेकोमा १८.७ प्रतिशत, प्रतिदिन अमेरिकी डलर १.९० आर्जन गर्ने जनसंख्या २८.५ प्रतिशतमा झार्ने लक्ष्यमध्ये १५ प्रतिशत, सामाजिक सुरक्षामा खर्च २३.७ प्रतिशतको लक्ष्य मध्ये १७ प्रतिशत र २०१९ को विश्व खाद्य सुरक्षा सूचकाङ्कमा ५७ अङ्क लक्ष्य रहेकमा ४६ अङ्क मात्र प्राप्त गरेको स्थिति छ । खास गरी गरीब र सीमान्त वर्गमा खाद्य सुरक्षा प्रदान गर्न चुनौती रहेको स्थिति छ ।स्वास्थ्य सेवामा ३० मिटरको दूरीमा पहुँच ६९.३ प्रतिशतलाई पुर्‍याउनुपर्नेमा ४९.३ प्रतिशतलाई मात्र पुगेकोले स्वास्थ्य सेवा पहुँचमा अपेक्षित सुधार हुन सकेको छैन । मातृ मृत्युदर प्रतिलाखमा १२५ मा झार्ने लक्ष्य रहे पनि २३९ नै रहेकोले लक्षित सीमामा ल्याउन सकेको छैन । माध्यमिक शिक्षामा भर्नादर ७२ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा ७१.४ प्रतिशत प्रगति भए तापनि कक्षा ५ को गणित, नेपाली र अंग्रेजीमा सिकाइ उपलब्धि क्रमशः ५५,६६ र ५७ प्रतिशत हासिल गर्ने लक्ष्यको ३५, ३४ र ४१ प्रतिशत मात्र हासिल भएको छ । त्यस्तै गरी लैङ्गिक असमानता घटाउने सूचकाङ्क पनि २०१९ सम्म ०.३६ राख्ने भनिएकोमा ०.४७ रहेको, नवीकरणीय ऊर्जातर्फ जलविद्युतको जडित क्षमता २३०१ मेगावाट पुर्‍याउने लक्ष्यमध्ये १२५० मेगावाट जडान भएको, कुल अन्तिम ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा २२.१ पुर्‍याउने लक्ष्य रहेकोमा ५ प्रतिशत पुगेको । उद्योगको उत्पादकत्व र कुल गार्हस्थ उत्पादनमा यसको हिस्सा अपेक्षित हुन सकेको छैन । दिगो रोजगारीको दर सृजना गर्न चुनौती रहेको छ । जिनी गुणाङ्क २०१९ सम्म ०.४ कायम गर्ने लक्ष्यमा ०.३२ रहेको, सूचक १.२२ को लक्ष्य रहेकोमा १.३४ हासिल रहेको हुँदा निम्न वर्गमा आयको असमानता अपेक्षित घटन नसकेको अवस्था छ । यस कारण सन् २०२२ को लक्ष्य प्राप्त गर्न थप प्रयासको गर्नुपर्ने देखिएको छ । विकास प्रक्रियामा कोही नछुटुन् भन्ने मर्मलाई नेपालको संविधान र पन्ध्रौं योजनाले अंगीकार गरे अनुरुप अनुकूल कानुन, नीति, योजना, स्रोतको प्रबन्ध र कार्यक्रम कार्यान्वयनका लागि जवाफदेहिता, संस्थागत व्यवस्था, सबै पक्षको सहभागिता र साझेदारी, संघ, प्रदेश र स्थानीय सरकारमा सहकार्य र समन्वयका साथ वातावरणीय पक्षलाई ध्यान दिई आर्थिक, सामाजिक र पूर्वाधारका लक्षित दिगो विकास लक्ष्यमा निर्दिष्ट कार्य गर्न तदारुकता अपनाउनुपर्दछ ।

१६. **वित्तीय स्रोत** -दिगो विकासका लक्ष्य प्राप्त गर्न पहिचान, लागत र वित्त आपूर्ति रणनीति विषयक प्रतिवेदन अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपालले वार्षिक रु.२० खर्व २५ अर्ब लगानी गर्नुपर्ने अनुमान गरेको छ । उक्त लगानी अनुमानमध्ये सार्वजनिक क्षेत्रतर्फ रु.२ खरब १८ अरब र निजी क्षेत्रतर्फ रु.३ खरब ६७ अरबसमेत वार्षिक रु.५ खर्व ८५ अर्ब नपुग हुने अनुमान गरेको छ । सो आकलन सरकारले

कुल गार्हस्थ उत्पादनको २७ प्रतिशत राजस्व प्राप्त गर्ने आधारमा गरेको देखिन्छ । तर गत २ वर्षको तथ्याङ्क हेर्दा राजस्व सङ्कलन सो अनुमानभन्दा कम रहेकोले वित्तीय स्रोतको अभाव झनै बढ्ने देखिन्छ । लगानीको लागि नपुग स्रोतमध्ये खानेपानी र सरसफाइ ,ऊर्जा ,यातायात ,औद्योगिक र शहरी पूर्वाधारमा ५९ प्रतिशत र सामाजिक क्षेत्रतर्फ गरीबी ,स्वास्थ्य ,शिक्षा र लैङ्गिक समानतातर्फ ३१ प्रतिशत स्रोतको अभाव रहने र समष्टिमा कुल गार्हस्थ्य उत्पादनको वार्षिक १२.८ प्रतिशत स्रोतको कमी हुने प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय योजना आयोगको प्रतिवेदन र आर्थिक सर्वेक्षणअनुसार राष्ट्रिय गौरवका आयोजनाको न्यून प्रगति , न्यून पुँजी निर्माण ,बहुआयामिक गरीबीको विद्यमानता ,कठिन भौगोलिक क्षेत्र र पूर्वाधारमा उच्च लागतका कारण दिगो विकास लक्ष्यहरुको कार्यान्वयनका लागि ठुलो लगानी आवश्यक रहेको छ । खासगरी गरीबीको अन्त्य र पूर्वाधार विकासका लागि सार्वजनिक क्षेत्रबाट लगानी गर्न स्रोतको अपुग उच्च रहने देखिन्छ ।

व्यापक लागत सहभागिता जुटाउने सम्बन्धमा  प्रतिवेदनमा दिइएका सुझाउ अनुसार वित्तीय स्रोत वृद्धिका लागि राजस्वका दायरा विस्तार गरी थप राजस्व सङ्कलन गर्ने विशेष प्रयास गर्नुपर्दछ । दिगो विकास लक्ष्यहरु हासिल गर्न वैदेशिक सहायता अपरिहार्य छ । आन्तरिक आयको उल्लेखनीय हिस्सा चालु खर्च, ऋण र सोको ब्याज भुक्तानीका लागि खर्चिनुपर्ने हुँदा सहुलियत ऋणको लागि प्रयास गर्नुका साथै बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा ऋणको उपयोग गर्नुपर्ने र ऋणको तुलनामा अनुदानको हिस्सा बढी प्राप्त गर्ने तर्फ अग्रसर हुनुपर्दछ ।

१७. **सूचना र तथ्याङ्कको उपलब्धता** -दिगो विकास लक्ष्यको तीव्र कार्यान्वयन गर्न प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ। सोका लागि भरपर्दो खण्डीकृत तथ्याङ्क समयमै उपलब्ध हुनुपर्दछ। दिगो विकास लक्ष्यः अवस्था र भावी मार्गचित्रमा ४७९ सूचकको सूचनाका स्रोतहरु, सूचनाका खण्डीकरणका तहहरु, प्रतिवेदन गरिरहने समय र जिम्मेवार निकायहरु उल्लेख गरेको छ । यस सन्दर्भमा १५९ गन्तव्यको अनुगमन गर्न तय गरिएका ४७९ सूचकमध्ये करिव २५० भन्दा कम सूचकको लागि आवश्यक तथ्याङ्क मात्र हाल राष्ट्रियस्तरमा उपलब्ध हुन सक्ने व्यहोरा दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत र वित्त आपूर्ति रणनीतिसम्बन्धी प्रतिवेदनमा उल्लेख छ । कतिपय मध्यकालीन गन्तव्य तथा सूचकका लागि लक्ष्य र सोको आधार अङ्क उल्लेख गरेको देखिएन । विशेषगरी प्रदेश तथा स्थानीय तह र निजी तथा सहकारी क्षेत्रले गर्ने कार्यहरुको सम्बन्धमा यस किसिमको अवस्था रहेको देखिन्छ । तथ्याङ्क र सूचनाको स्रोतमा जनगणना ,कृषि गणना ,श्रमशक्ति सर्वेक्षण ,घरपरिवार बजेट सर्वेक्षण १० वर्षको अन्तरालमा हुने गरेको छ । यसबाट निर्धारित लक्ष्य मापनको समयमा तथ्याङ्क र सूचना प्राप्त नहुने स्थिति रहेको छ ।

संघ र प्रदेशका विषयगत मन्त्रालयबाट व्यवस्थापन सूचना प्रणालीमार्फत दिगो विकास लक्ष्य सम्बन्धी सूचना प्राप्त गरी सूचनाको एकीकृत अभिलेख ,सोको प्रशोधन र यथार्थताको परीक्षण गर्ने संयोजनकारी निकाय रहेको छैन। स्थानीय तहबाट सूचना र तथ्याङ्क उपलब्ध हुने व्यवस्था भएको छैन । साथै तीन तहका सरकारबाट सञ्चालित योजना तथा कार्यक्रमबाट अन्तर सम्बन्धित लक्ष्यमा पुग्ने योगदानको गणना गर्ने विधि र प्रक्रियासमेत तय हुन सकेको छैन । जसले गर्दा सङ्कलन र सम्प्रेषण गरिएका तथ्याङ्कहरु भरपर्दो नहुने अवस्था छ । दिगो विकास लक्ष्यमा भएका प्रगतिको अनुगमन र मूल्याङ्कन गर्न सबै सूचकहरुको सूचना तथा तथ्याङ्क समयमै उपलब्ध हुने व्यवस्थाका लागि उपयुक्त संरचनागत व्यवस्था तथा प्रणाली विकास गर्न र उपलब्ध सूचना, तथ्याङ्कको संयोजन गर्ने जिम्मवारी केन्द्रीय तथ्याङ्क विभाग रहने व्यवस्था गर्नुपर्दछ । साथै अन्तरसम्बन्धित लक्ष्यको मूल्याङ्कन गर्ने उपयुक्त विधि र प्रक्रिया निर्धारण हुनु आवश्यक देखिन्छ ।

१८. **सुशासन** -दिगो विकास लक्ष्य हासिल गर्नका लागि तीन वटै तहका सरकारमा सार्वजनिक निकायमा वित्त र शासकीय सुशासन हुनु जरुरी छ । दिगो विकास लक्ष्य-१६ को शान्ति ,न्याय र सशक्त संस्था कायम गर्ने लक्ष्य हासिल बेगर अन्य लक्ष्यहरु सफलतापुर्वक हासिल गर्न सकिँदैन । राष्ट्रिय योजना आयोगको प्रतिवेदन र सार्वजनिक निकायको लेखापरीक्षण प्रतिवेदनले पनि आर्थिक ,सामाजिक र भौतिक पूर्वाधारका आयोजना सञ्चालन गर्दा ठेक्का र करारमा रहेका समस्याको समयमै निरुपण नहुनु, आयोजना कार्यान्वयन गर्ने पद्धति नै यकिन नहुनु ,पर्याप्त तयारी बेगर आयोजना छनौट हुनु ,नियमनकारी निकायहरु प्रभाबकारी नुहुन लगायतका कमजोरी औंल्याएको छ । आर्थिक वर्ष २०७५।७६ सम्म तीन तहका सरकारी निकायको रु.३ खर्ब ५१ अर्ब ७८ करोड बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । यसबाट विकास निर्माण र सेवा प्रवाहमा बढी बजेट खर्च गर्ने निकायमा वित्तीय जवाफदेहिता सुधार गर्नुपर्ने देखिन्छ।

त्यस्तै सेवा प्रवाह चुस्त दुरुस्त नरहनु र अन्तर सरकारी निकाय बीच प्रभावकारी समन्वय नरहेको कारण लाभको न्यायोचित वितरणमा समस्या रहेको स्थिती छ । वित्त क्षेत्रमा सुधारका कार्यक्रम लागु भएतापनि अझै आर्थिक अनुशासन, योजना र बजेट कार्यान्वयन प्रणाली कमजोर रहेको पन्ध्रौं योजनामा उल्लेख छ ।साथै दिगो विकास लक्ष्यको राष्ट्रिय समीक्षा प्रतिवेदन अनुसार २०१९ मा भ्रष्टाचारको लागि असल शासनमा सूचक )ऋणात्मक २.५ देखि २.५ सम्म (शून्यमा झार्ने लक्ष्य रहेकोमा ऋणात्मक ०.८२ अङ्क हासिल रहेको स्थिति छ।

सुशासनका लागि शान्ति सुरक्षासम्बन्धी विविध पक्षको गुणात्मक सुधार गर्नुपर्ने ,तीन वटै तहका सार्वजनिक निकायको क्षमता वृद्धि गर्न संस्थागत ,शासकीय एवं प्रशासनिक सुधार गर्नुपर्ने ,संघीयता कार्यान्वयनका लागि संघ ,प्रदेश र स्थानीय तहका सरकारबीच अन्तरसम्बन्ध समन्वय गर्न ,सेवा प्रवाह सम्बन्धी नीति ,कानुन तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने र बजेट कार्यान्वयन प्रति जिम्मेवार बनाउनुपर्ने आवश्यकता रहेको छ ।

## अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा सोझै खरिद, पुस्तकालय व्यवस्थापन, नयाँ नेपाल निर्माण कोषको आवश्यकता र औचित्यमा पुनरावलोकन, खर्चको गर्ने अवधि र क्षमतामा सुधार, परामर्श खर्चको उपादेयता, अनुगमन तथा मूल्याङ्कन कार्यको प्रभावकारिता सम्बन्धमा सुझाव दिइएकोमा सोबमोजिम सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - आयोग र मातहतसमेत ३ निकायमा यो वर्ष रु.१ करोड १ लाख १४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ७६ हजार फछ्र्यौट गरेकोले रु.९८ लाख ३८ हजार बाँकी रहेको छ । सोमध्ये रु.२० लाख ९ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

# सूचना प्रविधि लेखापरीक्षण

नेपाल सरकारले प्रयोगमा ल्याएको सूचना प्रविधि प्रणालीमध्ये यो वर्ष छनौट गरी आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणाली (Integrated Tax System, ITS), यातायात व्यवस्था विभागको विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणाली (Electronic Driving License and Vehicle Registration System, EDLVRS) र कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी रजिष्ट्रेसन, कम्पनी प्रशासन र सेवा प्रवाहसँग सम्बन्धित सूचना तथा सञ्चार प्रविधि प्रणाली (ICT System) को मूल्याङ्कन गर्न सूचना प्रविधि लेखापरीक्षाण गरिएको हो। सूचना प्रविधि लेखापरीक्षणको प्रमुख उद्देश्य सूचना प्रविधि पूर्वाधार तथा नियन्त्रण वातावरणको परीक्षण मूल्याङ्कन गर्नु रहेको छ ।

१. **व्यावसायिक आवश्यकता पहिचान -** सफ्टवेयर प्रणालीको विकास तथा सञ्चालन सम्बन्धमा आवश्यकताको पहिचान र विश्लेषण गरी कार्यक्षेत्र समेट्नुपर्ने, नवीनतम सुधार कार्यहरु अबलम्बन गर्नुपर्ने, सुधार कार्यको विधि र प्रक्रिया निर्धारण गरी नियमित अनुगमन गर्नुपर्छ ।

१.१ आन्तरिक राजस्व विभागले प्रयोग गरेको सूचना प्रविधि प्रणालीको कार्यसम्पादन मूल्याङ्कन गर्ने मापदण्ड तयार नगरेको, निर्देशक समिति गठन नभएको, सूचना प्रविधिको पहिचान, उपयोग तथा उपलब्धि विश्लेषण नभएको स्थिति रहेको छ ।

१.२ यातायात व्यवस्था विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयले व्यावसायिक एवं सूचना प्रविधिसँग सम्बन्धित आवश्यकताहरुको पहिचान नगरेको, सूचना तथा सञ्चार प्रविधि निर्देशक समिति गठन नभएको, सूचना प्रविधि प्रणालीबाट प्रवाह गरिने सेवाहरुको कार्यसम्पादनको अवस्था अनुगमन गरी प्रतिवेदन पेस गर्ने गरेको पाइएन ।

अतः प्रणाली सञ्चालन गर्नुपूर्व आवश्यकता विश्लेषण गरी प्रणाली सञ्चालनमा अनुगमन गरी व्यावसायिक लक्ष्य प्राप्तिको सुनिश्चितता कायम गर्नुपर्दछ ।

२. **सूचना प्रविधि रणनीति -** विभाग एवं कार्यालयले आफ्नो व्यावसायिक उद्देश्यलाई सूचना प्रविधिको माध्यमबाट पूरा गर्नको लागि आवश्यक पर्ने हार्डवेयर, सफ्टवेयर, नेटवर्कलगायतका पूर्वाधारको बारेमा स्पष्ट उल्लेख हुनेगरी सूचना प्रविधि रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२.१ आन्तरिक राजस्व विभागले सन २०१८-१९ देखि २०२२-२३ सम्मको लागि ५ वर्षे दोस्रो रणनीतिक योजना तयार गरेको भए तापनि सूचना प्रविधि नीति सम्बन्धमा स्पष्ट गरेको पाइएन। जोखिम व्यवस्थापन सम्बन्धमा पहिचान गरिएका जोखिमहरु जस्तै प्रणाली तथा डाटाको कमजोर ब्याकअप, नियमित मर्मत सम्भार, आवधिक लेखापरीक्षण तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप उच्चस्तरको सुरक्षा सञ्जाल स्थापना जस्ता विषयमा कार्यनीति तय गरेको देखिएन ।

२.२ यातायात व्यवस्था विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयले सूचना प्रविधि रणनीति तर्जुमा गरी लागू गरेको पाइएन । यातायात व्यवस्था विभागसँग भएको छलफल अनुसार EDLVRS को कार्यान्वयनका लागि आयोजना कार्यान्वयन एकाइ (PIU) गठन भए पनि हाल निष्क्रिय रहेको पाइयो। कम्पनी रजिष्ट्रारको कार्यालयमा रणनीतिक योजनाको मस्यौदा तयार भए तापनि मस्यौदालाई अन्तिमरुप दिई अनुमोदन गरिएको छैन।

अतः प्रणालीसँग सम्बन्धित सबै किसिमका साधन स्रोतहरुको अधिकतम उपयोग तथा जोखिम व्यवस्थापनका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ ।

३. **प्रविधि प्रयोग नीति र कार्यविधि -** सूचना प्रविधिको माध्यमबाट सेवा सुविधा प्रदान गर्नको लागि आवश्यक पर्ने नीति तथा कार्यविधिहरु लागू गर्नुपर्दछ । सूचना प्रविधि नीतिअन्तर्गत सूचना प्रविधि सुरक्षण, विपद् व्यवस्थापन नीति, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, ब्याकअप, रिमोट पहुँच (Remote Access) आपतकालीन

उद्धार (Incident Response), सूचना प्रविधिसम्बन्धी तालिम लगायतका नीति तथा योजनाहरु पर्छन् । विभाग एवं कार्यालयमा सूचना प्रविधि महाशाखा/शाखा रहेको र माथि उल्लिखित विषयसँग सम्बन्धित केही कार्यक्रमहरु सञ्चालन गरिए तापनि व्यावसायिक उद्देश्य अनुरुप प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्न आवश्यक नीति, योजना तथा कार्यविधिहरु तर्जुमा गरी लागू गरिएको छैन। अतः सूचना प्रविधिको माध्यमबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ।

४. **मानव संसाधन विकास -** सार्वजनिक निकायको व्यावसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने सूचना प्रविधिसँग सम्बन्धित जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.१ प्रविधिमा काम गर्ने स्थायी कर्मचारीको निरन्तरता, दक्ष एवं अनुभवी कर्मचारीको उपलब्धता तथा प्रविधिमा काम गर्ने जनशक्तिको क्षमता विकासको लागि उच्चस्तरीय तालिम एवं अभिमुखीकरण योजना समावेश भएको देखिएन । सूचना प्रविधिको भूमिका र जिम्मेवारीलाई उच्च प्राथमिकतामा राखी प्रमुख सूचना प्रविधि अधिकृतको नेतृत्वमा पर्याप्त दक्ष जनशक्ति सहितको सूचना प्रविधि निर्देशनालय वा महाशाखाको गठन गरी प्रविधिको सुरक्षित प्रयोगको लागि जिम्मेवार र उत्तरदायी बनाउनुपर्छ।

४.२ यातायात व्यवस्था विभाग एवं कम्पनी रजिष्ट्रारको कार्यालयमा जनशक्ति विकास तथा तालिम अभिमुखीकरण कार्यक्रमको लागि योजना तर्जुमा नभएको, व्यावसायिक ज्ञान भएको जनशक्ति टिकाइराख्ने योजना नभएको, प्रणालीमा काम गर्ने कर्मचारीहरुको स्पष्ट कार्य विभाजन नगरिएको तथा पर्याप्त तालिम तथा प्रशिक्षण दिने नगरेको, आउटसोर्सिङ गर्न आवश्यक नीति नबनाइएको, कम्प्युटर प्रणालीको विकास र सञ्चालनका लागि बाह्य सेवाप्रदायक वा परामर्शदातासँग निर्भर रहेको अवस्था भएकोले जनशक्ति विकास तथा उपयोग नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.३ आन्तरिक राजस्व विभागमा सूचना प्रविधिसम्बन्धीको दरबन्दी १५ मध्ये १० रिक्त रहेको, कम्पनी रजिष्ट्रारको कार्यालयमा सूचना प्रविधि निर्देशकसहित ३ दरबन्दी रिक्त रहेको, सूचना प्रविधिका कार्य ३ बाह्य सेवा प्रदायकबाट आउट सोर्सिङ्ग गरी गरिएको देखियो ।

५. **समस्या तथा दुर्घटना व्यवस्थापन -** समय समयमा आउनसक्ने प्रविधिजन्य दुर्घटना तथा समस्याहरुको न्यूनीकरणको लागि दक्ष कर्मचारी तथा प्रयोगकर्ताहरुलाई विभिन्न माध्यम जस्तैः अनलाइन शिक्षा, सूचना प्रविधिको प्रयोगसँग सम्बन्धित जिज्ञासाहरुको प्रश्नोत्तर संगालो आदिबाट प्रशिक्षण गर्नुपर्छ । सेवाग्राही एवं करदाताले उठाएका विषय तथा सुरक्षासँग सम्बन्धित अन्य विषयहरुको रिपोर्टिङ गर्न समस्याको वास्तविक कारण पहिचान गर्न र स्थायी समाधान खोज्न दक्ष प्राविधिकहरु भएको संयन्त्र गठन गर्नुपर्छ।

५.१ आन्तरिक राजस्व विभागले अन्तिम प्रयोगकर्ता (End User) लाई करदाता पोर्टलमा रिपोर्टिङ गर्न टोल फ्री नं, हन्टिङ लाईन पृष्ठपोषण फाराम, कल सेन्टर नम्बर, विभागको हेल्पडेस्क प्रयोगमा ल्याएको छ । विभागको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्यसञ्चालन कार्यविधिहरु २०१४ मा बनाए तापनि तत्पश्चात अद्यावधिक गरेको छैन। कल सेन्टर व्यवस्थापन गर्न एमयू सफ्टवेयर प्रयोग गरिए तापनि हाल सञ्चालनमा नरहेको र त्रुटिहरुको अभिलेख राख्ने गरेको पाइएन।

५.२ यातायात व्यवस्था विभागमा समस्या वा जिज्ञासा पठाउने आधिकारिक इमेलको व्यवस्था गरिएको छ । हेल्लो फेसबुक पेजमार्फत सर्वसाधारणले उजुरी वा सुझाव दिन सक्छन् । हटलाइन मार्फत सामान्यतया सवारी चालक अनुमतिपत्र सम्बन्धमा सोधखोज गर्न सकिन्छ । जटिल समस्याको हकमा बाह्य सेवाप्रदायकलाई ईमेलमार्फत सूचित गरिन्छ । प्रयोगकर्ता र सर्वसाधारणको गुनासो सुन्न र समाधान गर्नका लागि सेवाग्राही सहायता कक्ष स्थापना गरेको पाइएन।

५.३ कम्पनी रजिष्ट्रारको कार्यालयमा त्रुटिहरुको अभिलेख राखे गरे तापनि अभिलेखको निश्चित ढाँचा निर्धारण गरेको पाइएन। सूचना प्रविधिजन्य दुर्घटना तथा समस्या सम्बन्धी विवरण दर्ता गर्न नागरिकले कार्यालयको सूचना प्रविधि हेल्पडेस्कमा दर्ता गर्ने वा टेलिफोन गर्ने वा इमेल पठाउने व्यवस्था छ। सूचना प्रविधि हेल्पडेस्कले अनलाइन प्रविष्टि गरी घटनाहरुको अभिलेख Google.Docs मा राखे गरेको भए तापनि के कस्ता घटना कसले, कुन समयमा समाधान गरेको भन्ने अभिलेख राखे गरेको पाइएन। अतः सूचना प्रविधिजन्य दुर्घटनाको प्रभावकारी रुपमा व्यवस्थापन गर्नको लागि स्पष्ट कार्यविधि (Problem Management Procedure) तयार गरी लागू गर्नुपर्छ। प्रयोगकर्तालाई प्रणाली, डाटा तथा सूचनाको सुरक्षा सम्बन्धी विषयहरुको बारेमा माथि उल्लेख गरिएबमोजिम विभिन्न माध्यमबाट सचेत गराउनुपर्छ।

६. **प्रकोप पुनःस्थापना योजना -** सूचना प्रणाली सञ्चालनका लागि सेटअप गरिएका सर्भर, डाटा स्टोरेज, नेटवर्क लगायतका उपकरण राखिएको डाटा सेन्टरमा कुनै पनि बेला भूकम्प, बाढी जस्ता ठूला प्रकोपहरुबाट डाटा, सूचना लगायत सम्पूर्ण प्रणालीको सुरक्षा व्यवस्था मिलाउन प्रकोप पुनःस्थापना योजना आवश्यक पर्दछ । आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय तथा यातायात व्यवस्था विभागको डाटा स्टोरेज तथा वैकल्पिक डाटा सेन्टर सरकारी एकीकृत डाटा केन्द्र (GIDC) मा राखेको भए तापनि डाटा सुरक्षा योजना नभएको GIDC को विपद् व्यवस्थापन केन्द्रको रुपमा रहेको हेटौंडाको डाटा सेन्टरमा समेत वैकल्पिक ब्याकअप राखिएको छैन। प्रकोप पुनःस्थापना योजनाको अभावमा नियमित कार्यमा अवरोध हुनसक्ने, प्रणाली एवं डाटामा क्षति हुनसक्ने, समयमै पुनःस्थापनामा नभई महत्वपूर्ण डाटा नष्ट हुने र सार्वजनिक निकायले प्रवाह गर्ने सेवा अवरुद्ध हुनसक्छ। अतः प्रणालीको जोखिम न्यूनीकरणका लागि नीति/प्रकोप पुनःस्थापना योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ।

७. **परिवर्तन व्यवस्थापन -** सूचना प्रविधि प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्कलगायतका उपकरणहरुको मर्मत सम्भार तथा प्रणालीको व्यवस्थापन एवं सञ्चालनको लागि अपनाईएका विधि, प्रक्रिया एवं प्रविधिको माध्यमबाट प्रदान गरिने सेवा सुविधाहरुमा कुनै किसिमको सुधार वा परिमार्जन गर्नुपरेमा औपचारिक संयन्त्र बनाउनुपर्दछ । प्रणालीमा गर्नुपर्ने सुधार एवं परिवर्तन व्यवस्थापनका लागि कुनै मापदण्ड वा लिखित प्रक्रियाहरु निर्धारण नगरी तत्कालको आवश्यकता सम्बोधन गर्ने गरेको पाइयो । फलस्वरुप प्रणालीमा अनधिकृत परिवर्तनहरु हुन सक्ने, सफ्टवेयर प्रणालीमा गरिएका सुधारका कार्यहरु (Update /Upgrade) को राम्रोसँग परीक्षण (Test) नहुने तथा प्रणाली सञ्चालनमा विभिन्न किसिमका त्रुटि एवं समस्याहरु देखापर्न सक्ने भएकोले सूचना प्रविधि प्रणालीमा गर्नुपर्ने सुधार एवं परिवर्तनको लागि गरिने सम्पूर्ण कार्यहरुको लागि निश्चित विधि र प्रक्रियाहरु तर्जुमा गरी लागू गर्नुपर्दछ ।

८. **डाटा तथा सूचनाको सुरक्षा -** सार्वजनिक निकायहरुमा डाटा एवं सूचनाको सुरक्षासम्बन्धी जोखिमहरुको मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्र हुनुपर्दछ । विभाग एवं कार्यालयमा सूचना सुरक्षा सम्बन्धी जोखिम मूल्याङ्कन गर्ने छुट्टै संयन्त्र नभएको, सुरक्षा प्याच व्यवस्था नभएको, सूचना सुरक्षा नीति तर्जुमा नगरेको तथा सूचना सुरक्षाको लागि कर्मचारीहरुको भूमिका र जिम्मेवारी तोकिएको पाइएन। गोप्य राख्नुपर्ने सूचनाको संरक्षण गर्न आवश्यक नीति, नियम तर्जुमा गरिएको छैन भने गोपनीयताको स्तरअनुसार तथ्याङ्कको वर्गीकरण गरिएको छैन। सेवा प्रदायकसँग गोपनियता सम्बन्धी सम्झौता समेत गरिएको छैन। अतः महत्वपूर्ण र संवेदनशील डाटा एवं सूचनाहरु नष्ट वा दुरुपयोग हुन सक्ने भएकोले सूचना सुरक्षा नीति तयार गरी कर्मचारीलाई जिम्मेवारी तोकिनुपर्दछ। डाटा एवं सूचनाको संवेदनशीलता र गोपनीयतालाईलाई विचार गरी सेवाप्रदायकसँग संवेदनशील सूचना अनन्त कालसम्म सुरक्षित राख्नुपर्ने शर्तहरु लागू गरिनुपर्दछ ।

९. **फायरवाल -** सफ्टवेयर प्रणालीको सुरक्षाको लागि सर्भरमा हुनसक्ने अनधिकृत प्रवेश (Intrusion) लाई पत्ता लगाई फिल्टर गर्ने हार्डवेयर वा सफ्टवेयरमा आधारित फायरवालको प्रयोग गर्नुपर्छ। प्रणालीमा प्रयोग गरेको फायरवाल सम्बन्धमा देहाय बमोजिम देखिएको छः

९.१ आन्तरिक राजस्व विभागमा हाल दुईवटा (Juniper SRX firewall (IRD-WALL) – JunOS 12.1 X44-D30.4 र SRX (IRD-SRX-WALL 2) – JUNOS 12.1X44-D35.5) फायरवाल प्रयोगमा रहेका छन् । फायरवाल प्रयोग गरिए तापनि यसले कस्तो कस्तो नेटवर्क ट्राफिकलाई नियन्त्रण गर्ने भन्ने सम्बन्धमा नीति बनाइएको छैन। Intrusion Detection System लाई फायरवालमा सक्रिय गरिएको छैन।

९.२ यातायात व्यवस्था विभागमा DAX फायरवाल प्रयोग गरेको पाइयो। एक सेवाप्रदायकसँग भएको सम्झौताको शर्त अनुसार १८ महिनासम्म फायरवाल निगरानी गर्न सेवा प्रदायक नै जिम्मेवार बनाए तापनि सो अवधि पछिको लागि फायरवाल निगरानीको व्यवस्था गरिएको छैन। सम्झौतामा Secure Socket Layer को प्रयोग गर्नुपर्ने प्रावधान रहेको भए तापनि सर्भर, HTTP प्रोटोकलमा चलिरहेको हुनाले सुरक्षित नरहेको पाइयो। कुनै पनि कम्प्यूटरबाट टीम भियुअरमार्फत रिमोट पहुँच दिने गरेको पाइयो। सर्भरमा एन्टिभाइरस जडान गरिएको छैन । असुरक्षित प्रोटोकल (TELNET) सार्वजनिक नेटवर्क (Public Network) मा चलिरहेकोले सुरक्षा व्यवस्था मिलाउनुपर्दछ।

९.३ कम्पनी रजिष्ट्रारको कार्यालयले Sonicos Enhanced 5.7.0.2480, Firmware version को फायरवाल प्रयोग गरेको छ । तर फायरवाल नीति वा कार्यविधि छैन। प्रणालीमा कुनै किसिमको गलत प्रवेश (Intrusion) पत्ता लगाउने प्रणाली फायरवालमा सक्रिय गराइएको छैन। फायरवाल सम्बन्धी उपयुक्त नीति र प्रयोग नहुँदा रोक्न सकिने Malicious Attacks बाट पनि नेटवर्कलाई बचाउन नसकिने र प्रणालीमा क्षति हुने देखिएको छ ।अतः प्रणाली र डाटा सर्भरको पहुँचलाई नियन्त्रण गर्न तथा केन्द्रीय रुपमा प्रयोगकर्ताहरुको व्यवस्थापन गर्न Authentication, Authorization and Accounting (AAA) सर्भरबाट फायरवाललाई प्रमाणित गरी Configure गरिनुपर्दछ ।

१०. **भौतिक तथा प्रविधि सुरक्षा -** प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्क, डाटा, लिखित दस्तावेज आदिकोसंरक्षणका लागि वातानुकूलित सुरक्षित भौतिक पूर्वाधार हुनुपर्ने, आगो, बाढी, भूकम्प, विस्फोट, हुलदङ्गा र प्राकृतिक वा मानवीय कारणले हुनसक्ने दुर्घटनाबाट क्षति हुन नदिन भौतिक नियन्त्रण एवं सुरक्षाको राम्रो व्यवस्था गरिनुपर्छ। आन्तरिक राजस्व कार्यालय, यातायात व्यवस्था विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयको डाटा सेन्टरको स्थलगत निरीक्षण गर्दा डाटा सेन्टर वातानुकूलित नभएको, छतको उचाइ पर्याप्त नभएकाले ताप फैलावट नभएको, रातको समयमा डाटा सेन्टरको रेखदेखका निमित्त डाटा सेन्टरको प्रवेश कार्ड इलेक्ट्रिसियनलाई हस्तान्तरण गर्ने गरेको, केबल ट्याग नगरिएको, सर्भर राखिएको सतह माथि नउठाएको पाइयो। जीआईडीसीको डाटा सेन्टरको स्थलगत अवलोकन गर्दा तापक्रम २०-२४ डिग्री हुनुपर्नेमा २६ डिग्री सेल्सियस भएको, प्लाष्टिक, अन्य प्रज्वलनशील वस्तुहरु डाटा सेन्टर कोठामा रहेको, वातावरण अनुकूलन सुविधा स्वचालित नभई म्यानुअल्ली सञ्चालन भएको, उपकरणका तारहरु अव्यवस्थित रहेको र लेबल नगरिएको तथा कोठाको भित्ता ओसिलो समेत रहेको पाइयो। हार्डवेयरहरु पुनः जडान गर्दा वा लिलामी गर्दा डाटा सुरक्षित रुपमा मेटाइएको कुरा सुनिश्चित गर्न कुनै प्रक्रिया निर्धारण नगरिएको, डाटा सेन्टरको परीक्षण नियमित रुपमा नगरिएको तथा कर्मचारीको ड्युटी रोस्टर समेत राखिएको छैन । अतः गोप्य तथ्याङ्क प्रदर्शन गर्ने टर्मिनलहरु तथा स्क्रिन अनधिकृत व्यक्तिहरुको पहुँच नहुने गरी राख्नुपर्छ। डाटा सेन्टरमा वातावरणीय नियन्त्रणहरुलाई सुदृढ पार्नुपर्छ।

११. **पहुँच नियन्त्रण -** प्रयोगकर्ताको जिम्मेवारी अनुसार प्रणालीमा पहुँच सुनिश्चित गर्नका लागि स्पष्ट नीति हुनुपर्छ। नयाँ कर्मचारी नियुक्ति वा पदस्थापन हुँदा शुरुमै अभिलेख राख्ने, स्वीकृत गर्ने र प्रणालीमा पहुँच दिने र अवकाश हुने कर्मचारीहरुको पहुँच अधिकार पुनःसक्रिय गर्न नमिल्ने गरी निष्क्रिय गर्नुपर्छ । उल्लिखित निकायहरुमा सूचना प्रविधि पहुँच नीति वा प्रक्रियाको अभिलेख राखिएको छैन।

११.१ एकीकृत कर प्रणालीमा कर अधिकृत बाहेक भन्सार विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखा परीक्षकको कार्यालय, राजस्व सूचना व्यवस्थापन प्रणाली, राजस्व अनुसन्धान विभाग, नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, राष्ट्रिय सूचना प्रविधि केन्द्र, वाणिज्य बैङ्कहरुलाई निश्चित डाटा एवं सूचना हेर्ने अनुमति दिइएको छ। प्रणालीमा लग इन गर्न पासवर्ड आवश्यक हुन्छ तर दुई फ्याक्टर प्रमाणीकरण अनिवार्य छैन।

११.२ यातायात व्यवस्था विभागमा नयाँ कर्मचारी नियुक्ति वा पदस्थापन हुँदा शुरुमै अभिलेख राख्ने, स्वीकृत गर्ने र प्रणालीमा पहुँच दिने र अवकाश हुने कर्मचारीहरुको पहुँच अधिकार पुनःसक्रिय गर्न नमिल्ने गरी निष्क्रिय गर्नुपर्नेमा विभागबाट अन्यत्र सरुवा भएका एक कर्मचारीको प्रणाली पहुँच यथावत रहेको पाइयो।व्यावसायिक प्रक्रियाको स्वामित्व कार्यालयमै रहनुपर्नेमा सफ्टवेयरको सोर्सकोड विभागमा प्राप्त नभएको तथा सफ्टवेयर विकासकर्तासँगै नै रहेको पाइयो।

११.३ कम्पनी रजिष्ट्रारको कार्यालयमा नयाँ कर्मचारी पदस्थापन भएपछि कार्यालय प्रमुखले निजलाई प्रणालीमा आवश्यक पहुँच दिन मौखिक निर्देशन दिने गरेको पाइयो । पहुँच नियन्त्रण नीति नहुँदा अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुने तथा आधिकारिक व्यक्तिलाई पनि आवश्यकता भन्दा बढी पहुँच भई सूचना तथ्याङ्क अनधिकृत प्रयोग हुनसक्ने तर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

१२. **पासवर्ड -** प्रणाली प्रशासक (System Administrator) र सामान्य प्रयोगकर्ताहरुको लागि पासवर्ड नीति तयार गरी सुरक्षित पासवर्ड अभ्यासबारे सबै प्रयोगकर्तालाई जानकारी गराउनुपर्छ। सफ्टवेयर, सर्भर र डाटामा सबै अधिकार सहितको पहुँच (System Administrator Access) को लागि टोकन वा स्मार्ट कार्ड जस्ता बहु-प्रमाणीकरण (Multifactor Authentication, MFA) प्रयोग गर्नुपर्दछ । पासवर्ड सेट गर्दा सजिला अक्षरहरु र चलन चल्तीमा प्रयोग भैरहने नाम तथा शब्दहरु राखिनु हुँदैन। लेखापरीक्षणको क्रममा अवलोकन गर्दा विभाग एवं कार्यालयमा पासवर्ड सम्बन्धी नीति लागू नगरेकोले नयाँ प्रयोगकर्ता सेटअप गर्दा प्रयोगकर्ताले राख्नुपर्ने पासवर्ड कमजोर हुँदा पनि प्रणालीले स्वीकार गर्ने अवस्था रहेको पाइयो। प्रयोगकर्ताले पहिलो पटक प्रणालीमा लग ईन गर्दा पासवर्ड परिवर्तनलाई अनिवार्य गरिएको छैन। विशेषाधिकार प्राप्त प्रयोगकर्तालाई MFA अनिवार्य गरिएको छैन। सुरक्षित पासवर्ड अभ्यासको अभावले अनधिकृत पहुँच र प्रणाली एवं डाटाको असुरक्षा हुन जान्छ। अतः अन्तर्राष्ट्रिय असल अभ्यास अनुसरण गर्ने पासवर्ड नीति अवलम्बन गर्नुपर्दछ ।

१३. **इनपुट तथा त्रुटि व्यवस्थापन -** प्रणालीको इनपुट तथा त्रुटि व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

१३.१ एकीकृत कर प्रणालीमा करदाताले कागजातहरु इलेक्ट्रोनिक रुपमा अपलोड गर्ने व्यवस्था गरिएको छैन । कर प्रणालीमा आय विवरणको अनुसूची १३ नभरे वा आंशिक भरे पनि आय विवरण भिडान हुन्छ । करदाताले विगत वर्ष र यस वर्षका विभिन्न कागजातमा फरक फरक तथ्याङ्क पेस गरे पनि प्रणालीले पहिचान गर्दैन । अनुगमनका लागि आवश्यक न्यूनतम कागजातहरु पेस गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको छैन। कागजात पेस नगरेको र इलेक्ट्रोनिक रुपमा अपलोड गर्ने सुविधा पनि नभएको अवस्थामा पेस भएको कागजातको भिडान (Trail) नहुन सक्छ । कर योग्य आय निर्धारण गर्दा गत वर्ष जिम्मेवारी सारेको व्यवसायको नोक्सानीको जाँच हुने ब्यवस्था छैन । यसबाट गलत नतिजा निस्कने, कर निर्धारणमा समस्या हुने तथा करदाताको अनुगमन गर्न र करदाता बीचका कारोबार एक आपसमा भिडान गर्न समस्या पर्ने देखिन्छ ।

१३.२ यातायात व्यवस्था विभागको एप्लिकेशन आईडी विशेष प्रकारको भए तापनि एउटै एप्लिकेसनबाट धेरै प्रकारका प्रविष्टि गरिएका छन्। पहिले नै प्रणालीमा लग इन गरेका प्रयोगकर्ताले अर्को कम्प्यूटरबाट प्रणालीमा पुनः लगइन गर्दा सो प्रयोगकर्ताको अघिको लगइन निष्क्रिय हुँदैन। नागरिकता लगायत विशेष परिचय पत्रको आधारमा जाँचपश्चात मात्र दर्ता गर्न अनुमति दिनुपर्नेमा एउटा आवेदकले एकै समयमा दुई पटक प्रणालीमा दर्ता गरेको देखियो । वैधानिकीकरण जाँचहरु उचित रुपमा कन्फिगर )Configure( गरिएको छैन। उदाहरणका लागि एक व्यक्तिको इजाजत पत्र २०६१।६।१२ मा जारी भएकोमा लाइसेन्स नवीकरणमा २०६०।५।२४ मा भएको देखिएको छ ।

१३.३ कम्पनी रजिष्ट्रारको कार्यालयको वेबसाइटले सेवाग्राहीलाई अनलाइन कम्पनी दर्ता र वार्षिक कागजातहरु पठाउन सहयोग गरेको कारण आन्तरिक रुपमा गर्नुपर्ने तथ्याङ्क प्रविष्टिको कार्यलाई कम गर्न सहयोग पुगको

छ । डिजिटाइज्ड गरिएका दस्तावेज विद्युतीय स्वरुपमा रहे तापनि भौतिक प्रतिहरु (Hard Copy) पनि सम्बन्धित फाइलमा प्रिन्ट गरेर राख्ने गरिएकोले तथ्याङ्कको दोहोरो भण्डारण भएको देखिन्छ।

अतः प्रणालीको वैधानिकता जाँच तथा इनपुट तथा त्रुटि व्यवस्थापन गरी प्रणालीको विश्वसनीयता बढाउनुपर्दछ । इनपुटमा नियन्त्रणको लागि सेसन लग आउट उचित रुपले गरिएको हुनुपर्दछ। म्यानुअल इन्ट्री न्यूनीकरण गर्ने जस्ता प्रविधिको प्रयोग गर्नुपर्दछ ।

१४. **प्रशोधन -** व्यावसायिक नीति ,नियम र विधि प्रक्रियाको पालना हुने गरी सफ्टवेयर एप्लिकेशनले डाटाको प्रशोधन गर्नुपर्दछ । एप्लिकेशनले प्रशोधनका क्रममा असामान्य समाप्ति (Process Termination) भएको खण्डमा प्रणालीबाटै तथ्याङ्क वा प्रक्रिया पुनः प्राप्ति र पुनः पेस गर्ने व्यवस्था अद्यावधिक गरी डाटाको पूर्णता, सत्यता, वैधता र विश्वसनीयता चेकजाँच गर्नुपर्दछ ।

१४.१ आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीमा कतिपय कानुनी ब्यवस्थाहरु सिस्टममा समावेश गरिएका छैनन् । जस्तैः करदाताले ढिला विवरण बुझाएको अवस्थामा आयकर ऐन, २०५८ को दफा ११७, ११८ र ११९ बमोजिमको शुल्क र व्याज स्वतः गणना नहुने र करदाताद्वारा प्रविष्टि गरिएका रकमको भिडान नहुने अवस्था छ । कर निर्धारण भैसकेपछि स्वचालितरुपमा आफैं वक्यौता कायम हुने र राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मार्फत कर चुक्ता गरेपछि बक्यौता घटदै जाने विशेषता सिस्टममा छैन। एकीकृत कर प्रणाली र वक्यौताको सफ्टवेयर बेग्ला बेग्लै रहेको र ईन्टरफेस समेत नहुँदा यस्तो स्थिति देखिएको छ । राजस्वसँग सम्बन्धित आवश्यक सबै म.ले.प. फारम सिस्टममा राखिएका छैनन् । करदाताको कर परीक्षण प्रतिवेदन सिस्टममा अपलोड गरिँदैन जसले गर्दा कुन करदाताको कहिले कर परीक्षण भयो यकिन गर्न र छुटेकालाई छनौट गर्न समस्या पर्ने देखिन्छ । प्रणालीमा कम्प्युटर बिल, संशोधित विवरण र अनलाइन खरिदको भ्याट फिर्ता दाबी गर्ने मोड्युलहरु रहेका छैनन् । व्यावसायिक आवश्यकता पुरा नहुदाँ सिस्टमले प्रभावकारी सेवा प्रदान गर्न सक्दैन। प्रयोगकर्ताहरुका लागि अनलाईन इनपुट प्रणाली असहज हुँदा रजिष्ट्रेसन कार्य निरुत्साहित हुनजान्छ।

१४.२ यातायात व्यवस्थापन कार्यविधि निर्देशिकाको खण्ड १२.१३ मा एक पटक प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीले लिखित परीक्षा उत्तीर्ण भएको ९० दिनभित्र पुनः दुई पटक तोकिएको दस्तुर तिरी प्रयोगात्मक परीक्षा दिन पाउने उल्लेख छ। तर प्रणालीले सो समयावधि प्रयोगकर्ताले दर्ता गरेको मितिदेखि गणना गर्दछ। इजाजतपत्र ५ वर्षसम्म नवीकरण नगरिएमा प्रणालीले स्वतः सो इजाजतपत्र रद्द गर्नुपर्ने भए तापनि प्रणालीमा सो सम्बन्धी कुनै व्यवस्था रहेको देखिएन। सफ्टवेयरमा अंकगणितीय त्रुटि समेत देखिएको छ। उदाहरणका लागि सफ्टवेयरले २*५०० लाई ५०० देखाएको थियो भने नयाँ दर्ता श्रेणी 'ए' मा गरिएको भए तापनि रसिद र बिलमा श्रेणी 'बी' देखियो। गलत डाटा प्रशोधनले प्रणालीको विश्वसनीयता घटाउँछ।

अत :प्रणालीको इनपुट तथा आउटपुट र प्रशोधन प्रणाली विश्वसनीय बनाउनुपर्दछ ।

१५. **नतिजा -** प्रणालीबाट प्राप्त हुने नतिजा (Output) पूर्ण, दोहोरोपना नभएको र सही हुनुपरछ। नतिजाको लागि जिम्मेवार कर्मचारीले नतिजाको पूर्णता सुनिश्चित गर्नुपर्छ। एक वित्तीय प्रणालीबाट अर्को वित्तीय प्रणालीमा डाटा पोष्ट गर्दा दोस्रोको इनपुट डाटा पहिलेको डाटासँग मिल्नुपर्छ। प्रणाली प्रणालीका बीचमा तथ्याङ्क आदान प्रदान हुँदा मिलान नभएका तथ्याङ्कलाई पहिचान गरी सुधार गर्नुपर्छ।

१५.१ आन्तरिक राजस्व विभागको सूचना प्रविधि प्रणालीका केही प्रतिवेदन असंगत छन् । उदाहरणका लागिः करदातालाई डेबिट रिपोर्ट र नन् फाइलर दुवै सूची देखाइएको तथा नतिजाको मिलान नगरिएको, अनलाइन कम्प्युटर प्रणालीबाट प्राप्त हुने तथ्याङ्क राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) सँग भिडान नभएको, सफ्टवेयरबाट राजस्व सङ्कलन बक्यौता लगायतका तथ्याङ्कको आधारमा स्वचालित तवरले वित्तीय विवरण तयार हुने व्यवस्था छैन ।

१५.२ EDLVRS मा सुपर प्रशासक (Super Admin) ले युजर, लग इन (User Login) आदिको अडिट ट्रेल हेर्ने व्यवस्था एप्लिकेशनमा नभएको, एप्लिकेसनको सर्च अप्सनमा नाम वा मापदण्ड धेरैसँग मेल खाए पनि केबल १० रेकर्डहरु मात्र देखाउने र अन्य मेल खाने रेकर्डहरु नदेखाउने तथा एउटै तथ्याङ्कलाई समेत दोहोरो देखाउने गरेको पाइयो । उदाहरणको लागि कुनै आवेदक परीक्षा उत्तीर्ण भएमा उसको नाम ट्रायल परीक्षाको तालिका र लिखित परीक्षाको तालिकामा पनि दोहोरो देखाउने गरेको पाइयो। अनलाइन सफ्टवेयर र राजस्व व्यवस्थापन सूचना प्रणाली बीच हिसाब मिलान गरेको पाइएन। परीक्षाको विवरणमा एउटै व्यक्ति विभिन्न मितिमा दुई पटक पास भएको देखिन्छ। साथै एउटै परीक्षार्थीले विभिन्न कार्यालयमा एउटै समयमा आवेदन गर्दा पनि प्रणालीले रिजेक्ट नगर्ने अवस्था छ ।

१५.३ कम्पनी रजिष्ट्रेसन प्रणालीमा हिसाब मिलानको सुविधासमेत दिनुपर्नेमा दिन सकेको छैन। उदाहरणको लागि, कार्यालयको कम्प्युटर प्रणालीबाट उपलब्ध विवरण र RIMS को तथ्याङ्क फरक रहेको देखिन्छ । आ.व . २०७५।७६ मा RIMS अनुसार रु.७७ करोड १८ लाख र कार्यालयको प्रणालीअनुसार रु.७८ करोड ३५ लाख राजस्व सङ्कलन भएको देखिन्छ। कार्यालयको प्रणालीमा शुल्क वा जरिवाना प्रविष्टि (Entry) भएपछि रेकर्ड बन्नुपर्नेमा RIMS बाट बैङ्कमा रकम जम्मा भएपछि मात्र प्रविष्टि हुने भएकोले हिसाब मिलान नहुने स्थिति छ ।

अतः कम्प्युटर प्रणाली र राजस्व सूचना व्यवस्थापन प्रणालीले सङ्कलन गरेको डाटाको दैनिक रुपमा हिसाब मिलान गरी प्रणालीबाट उपलब्ध हुने प्रतिवेदनको विश्वसनीयता कायम हुने गरी प्रणालीमा थप सुधार गर्नुपर्छ ।

१६. **स्वतन्त्र मूल्याङ्कनः** एकीकृत कर प्रणालीको तेस्रो पक्षद्वारा सूचना प्रविधि लेखापरीक्षण गराई १ डिसेम्बर २०१६ मा प्रतिवेदन प्राप्त गरेको पाइयो। प्राप्त प्रतिवेदनमा उल्लेख गरिएका विभिन्न नीति तथा कार्यविधिको तर्जुमा, प्रणालीको सुरक्षा परीक्षण, प्रणालीमा सुधार वा परिमार्जन गर्दा प्रयोगकर्ता स्वीकार्यता परीक्षण, कर्मचारीहरुको स्पष्ट कार्यविभाजन, एन्टी मालवेयर सेटअप, सफ्टवेयर निर्माण, परीक्षण र सञ्चालन छुट्टाछुट्टै वातावरणमा गर्ने, प्रणालीमा रहेका सुरक्षा सम्बन्धी जोखिमहरुको पहिचान र व्यवस्थापनको लागि सुरक्षा प्याचहरुको प्रयोग, व्याकअप प्रणालीमा सुधार, अडिट ट्रायल तथा ईभेन्ट लगईन लगायतका सुझावहरु कार्यान्वयन गरिएका छैनन् । लेखापरीक्षण सुझावको कार्यान्वयन नगर्दा प्रणालीमा भएका जोखिम एवं कमी कमजोरीहरु सुधार नभई ठूलो क्षति हुनसक्ने भएकोले उल्लिखित सुझाव तथा सिफारिसहरु समयमै कार्यान्वयन गरिनुपर्छ ।

१७. **भल्नरेबिलिटी मूल्याङ्कन र पेनिट्रेसन परीक्षण (VAPT)** - सार्वजनिक निकायले नेटवर्क र प्रणालीको VAPT नियमित रुपमा गर्नुपर्छ। VAPT मार्फत् पहिचान भएका जोखिम र कमजोरीहरु कम गर्न र समाधान गर्न सुधारात्मक कदम चालिनुपर्नेमा सोअनुसार गरेको पाइएन। EDLVRS र कम्पनी रजिष्ट्रेसन प्रणालीको सूचना प्रविधि विभागद्वारा भलनरेबिलीटी परीक्षण गराइएको भए तापनि सोको प्रतिवेदन पेस नभएकोले सो सम्बन्धमा आश्वस्त हुने आधार भएन। यसको अभावमा सबै सुरक्षा जोखिमहरु पत्ता लगाउन सम्भव नहुने र सुरक्षा जोखिम आउनुभन्दा अगावै निरोधात्मक उपायहरु अवलम्बन गर्ने स्थिति देखिएन।अतः आवधिकरुपमा VAPT गरी जोखिम पहिचान गरी व्यवस्थापन वा न्यूनीकरण गर्नुपर्छ।

१८. **प्रयोगकर्ता स्वीकृति परीक्षणः** सार्वजनिक निकायले सबै नयाँ कम्प्युटर प्रणालीहरुको स्वीकृति अघि प्रयोगकर्ता स्वीकृति परीक्षण (User Acceptance Test -UAT) गराउनुपर्छ र यस परीक्षणमा अन्तिम प्रयोगकर्ताको सक्रिय सहभागिता हुनुपर्छ। विभाग एवं कार्यालयको सफ्टवेयर स्वीकृत हुनुभन्दा पहिले प्रयोगकर्ता स्वीकृति जाँच गराएको पाइएन । यसको अभावमा लागू गरिएको प्रणालीले प्रयोगकर्ता तथा सेवाग्राहीका आवश्यकता पूरा भएको सम्बन्धमा विश्वसनीयता र सुरक्षित नियन्त्रण वातावरण समेत कायम नहुने देखिन्छ । अतः सफ्टवेयर परिवर्तन र स्तरोन्नतिका लागि UAT गरिनुपर्दछ।

## खण्ड - २

# प्रदेश मन्त्रालय तथा निकाय

# प्रदेश मन्त्रालय तथा निकाय

१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ । संविधानको धारा ५७ मा उल्लेख भएबमोजिम प्रदेशको अधिकार अनुसूची ६ मा उल्लिखित प्रदेश प्रहरी प्रशासन, घरजग्गा रजिष्ट्रेसन, विद्युत, सिँचाइ, खानेपानी, कृषि तथा पशु विकास, खानी अन्वेषणलगायत २१ विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ ।

यसका अतिरिक्त संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार तथा अनुसूची ९ मा संघ प्रदेश र स्थानीय तहको साझा अधिकारसम्बन्धी व्यवस्था रहेको छ । संविधानको धारा ५९ मा प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ । यसैगरी धारा ६० मा राजस्व सङ्कलन र बाँडफाँडसम्बन्धी व्यवस्था छ । उक्त संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकार गठन भई सञ्चालन हुँदै आएको छ ।

नेपालको संविधानको धारा २९४ मा महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्नसक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उक्त संवैधानिक तथा कानुनी व्यवस्था अनुसार सबै प्रदेश सरकार र मातहत कार्यालयको २०७५।७६ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण योजना तथा कार्यक्रम स्वीकृत गरी लेखा उत्तरदायी अधिकृतलाई कार्यतालिकाको जानकारी गराइएको थियो । स्थलगत रुपमा लेखापरीक्षण टोली खटाई प्रदेश तहको लेखापरीक्षण सम्पन्न गरिएको छ । स्थलगत रुपमा जारी लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासमेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

२. **प्रदेशको गठन -** संविधानको धारा ५६(३) अनुसार अनुसूची ४ मा उल्लेख भए अनुसार ७ प्रदेश रहने व्यवस्था छ । प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन निम्नानुसार छः

| क्र.सं. | विवरण | इकाई | नेपाल | प्रदेश १ | प्रदेश २ | वाग्मती | गण्डकी | प्रदेश ५ | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कुल क्षेत्रफल | वर्ग कि.मि. | १४७५१६ | २५९०५ | ९६६१ | २०३०० | २१५०४ | २२२८८ | २७९८४ | १९८७४ |
| २. | जिल्ला | संख्या | ७७ | १४ | ८ | १३ | ११ | १२ | १० | ९ |
| ३. | संघीय निर्वाचन क्षेत्र | संख्या | १६५ | २८ | ३२ | ३३ | १८ | २६ | १२ | १६ |
| ४. | प्रादेशिक निर्वाचन क्षेत्र | संख्या | ३३० | ५६ | ६४ | ६६ | ३६ | ५२ | २४ | ३२ |
| ५. | गाउँपालिका | संख्या | ४६० | ८८ | ५९ | ७४ | ५८ | ७३ | ५४ | ५४ |
| ६. | नगरपालिका | संख्या | २७६ | ४६ | ७३ | ४१ | २६ | ३२ | २५ | ३३ |
| ७. | उपमहानगरपालिका | संख्या | ११ | २ | ३ | १ | ० | ४ | ० | १ |
| ८. | महानगरपालिका | संख्या | ६ | १ | १ | ३ | १ | ० | ० | ० |
| ९. | जनसंख्या (२०६८) | हजारमा | २६४९४ | ४५३४ | ५४०४ | ५५२९ | २४१४ | ४८९१ | ११६९ | २५५३ |

३. **प्रदेशको कार्य सञ्चालन -** संविधानको भाग १३ मा प्रदेशको कार्यकारिणी अधिकार मन्त्रिपरिषदमा निहित हुने, संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषदमा रहने व्यवस्था छ । त्यसैगरी भाग १४ मा प्रदेशको व्यवस्थापिकासम्बन्धी व्यवस्था र भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधिअन्तर्गत प्रदेश सभाको

व्यवस्थापकीय अधिकार, प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने, फिर्ता लिने, प्रमाणीकरण गर्ने, अध्यादेश एवं विधेयकमा प्रमाणीकरणसम्बन्धी व्यवस्था रहेको छ ।

४. **प्रदेश आर्थिक कार्यप्रणाली** - संविधानको भाग १६ मा प्रदेश आर्थिक कार्य प्रणालीअन्तर्गत कानुनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने, प्रदेश सञ्चित कोष, उक्त कोषबाट व्यय र उक्त कोषमाथि व्ययभार हुने रकम, राजस्व र व्ययको अनुमान, प्रदेश विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च एवं प्रदेश आकस्मिक कोषसम्बन्धी व्यवस्था छ । त्यसैगरी प्रदेश ऐनबमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य व्यवस्था प्रदेश ऐनबमोजिम हुने उल्लेख छ ।

५. **प्रदेश सञ्चित कोष** - संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चितकोषमा आम्दानी बाँधिने व्यवस्था छ । यो वर्ष प्रदेश सरकारबाट प्राप्त सञ्चितकोषको विवरणअनुसार प्रदेश नं १ को रु.२१ अर्ब २० करोड २९ लाख प्रदेश नं २ को रु.१५ अर्ब ९ करोड २४ लाख, वाग्मती प्रदेशको रु.२० अर्ब ६५ करोड २७ लाख, गण्डकी प्रदेशको रु.१३ अर्ब ९२ करोड ८० लाख, प्रदेश नं ५ को रु.१७ अर्ब ३ करोड ४१ लाख, कर्णाली प्रदेशको रु.१० अर्ब १ करोड ६३ लाख र सुदूरपश्चिम प्रदेशको रु.१४ अर्ब १६ करोड ३४ लाख प्राप्ती तथा भुक्तानी भएको छ ।

६. **सरकारी कार्यालयको लेखापरीक्षण** - नेपालको संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष ७ प्रदेश मातहतका कार्यालय ९९८ को रु.१ खर्ब ८९ अर्ब २५ करोड ४३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । यससम्बन्धी विवरण अनुसूची २ मा संलग्न छ ।

७. **अन्य संस्था तथा समितिको लेखापरीक्षण** - नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सरकार मातहत ८१ अन्य संस्था तथा समितिको रु.६ अर्ब ६२ करोड ३७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । यससम्बन्धी विवरण अनुसूची ४ मा संलग्न छ ।

८. **लेखापरीक्षण बक्यौता** - नेपालको संविधान तथा प्रचलित कानुनअनुसार सबै सरकारी कार्यालय, अन्य संस्था तथा समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार प्रदेश नं. २ र गण्डकी प्रदेश सरकार मातहतको २ निकायको २०७५।७६ को लेखापरीक्षण नगराएकोले रु.१ अर्ब ५ करोड ८५ लाख लेखापरीक्षण बक्यौता रहेको छ । यससम्बन्धी विवरण अनुसूची ३ मा छ ।

९. **पेस्की बाँकी** - प्रचलित कानुनअनुसार कार्यक्रम सञ्चालन तथा निर्माणतर्फको कार्यपरिचालन र संस्थागत एवं कर्मचारी पेस्की निर्धारित समयभित्र फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितिको २०७६ आषाढसम्म फछ्र्यौट हुन बाँकी रहेको पेस्की रु.४ अर्ब १० करोड ७४ लाख रहेको छ ।

१०. **असुली** - गत विगत वर्षको बेरुजू सम्परीक्षण तथा चालु वर्षको लेखापरीक्षणको क्रममा प्रदेश सरकार मातहतका निकायबाट रु.६ करोड ४६ लाख असुली भएको छ । यससम्बन्धी विवरण अनुसूची ९ मा संलग्न छ ।

११. **अग्रिम कर** - प्रदेश सरकार मातहतका १२३ निकायले २०७५।७६ मा भुक्तानीको स्रोतमा कट्टा गर्नुपर्ने अग्रिम कर कट्टा नगरेकोले रु.५ करोड २२ लाख असुल गर्नुपर्ने देखिएको छ । यससम्बन्धी विवरण अनुसूची १२ मा संलग्न छ ।

१२. **कानुन निर्माण** - संविधानको धारा ५७ मा प्रदेशको अधिकार संविधान र प्रदेश कानुनबमोजिम, साझा अधिकार संविधान, संघीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ । साझा अधिकारको कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनुपर्ने व्यवस्था छ । प्रदेशको अधिकार प्रयोगको लागि पारित ऐन र पारित हुन बाँकी कानुनको विवरण निम्नानुसार रहेको देखिन्छः

| प्रदेश | मस्यौदा संख्या | पारित संख्या | प्रक्रियामा रहेका संख्या |
|---|---|---|---|
| १ | ३७ | २९ | ८ |
| २ | ४१ | २२ | १९ |
| वाग्मती प्रदेश | ४७ | ४६ | १ |
| गण्डकी | २२ | १९ | ३ |
| ५ | ४३ | ४१ | २ |
| कर्णाली | ३७ | २९ | ८ |
| सुदूरपश्चिम | २७ | २७ | ० |
| **जम्मा** | **२५४** | **२१३** | **४१** |

उल्लिखित तालिकाअनुसार प्रदेश संसदको प्रथम अधिवेशनदेखि २०७५।७६ सम्म २५४ ऐनको मस्यौदा तयार गरेकोमा २१३ ऐन प्रदेश सभाबाट पारित गरी लागू भएको तथा ४१ विधेयक प्रक्रियामा रहेको देखिन्छ । सेवा प्रवाह तथा कार्यसञ्चालनका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

१३. **संगठन र कर्मचारी व्यवस्थापन -** संविधानको धारा ३०२ मा प्रदेश सरकारी सेवाहरुको गठन र सञ्चालन सम्बन्धी व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले प्रदेश सरकारका लागि २१ हजार ८९७ दरबन्दी स्वीकृत गरेकोमा १४ हजार ८६३ मात्र समायोजन भएको देखिन्छ । यससम्बन्धी प्रदेशगत विवरण निम्नानुसार रहेको छः

| प्रदेश नं. | मन्त्रालय र निकाय संख्या | कुल दरबन्दी संख्या | समायोजन संख्या |
|---|---|---|---|
| १ | १८४ | ३७६८ | २५४५ |
| २ | ११६ | ३२४८ | १८३३ |
| वाग्मती | १८२ | ३७१७ | ३०९८ |
| गण्डकी | १४० | २६१८ | १८७५ |
| ५ | १३९ | ३९३२ | २६२५ |
| कर्णाली | १२४ | २३५४ | १३९६ |
| सुदूरपश्चिम | ११५ | २२६० | १४९१ |
| **जम्मा** | **१०००** | **२१८९७** | **१४८६३** |

*द्रष्टव्यः लेखापरीक्षणको क्रममा प्राप्त विवरणमा सामान्य फरक देखिएको छ ।*

संविधानको अनुसूची ६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा प्रदेश तहमा समेत कृषि, घरेलु, स्वास्थ्य, सडक, शहरी विकास लगायतका कार्यालयहरु स्थापना भएको देखिन्छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि प्रदेश तहमा एवं संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरु समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ । प्रदेश सरकारअन्तर्गतका कामको आवश्यकताको आधारमा मात्र कार्यालय स्थापना हुनुपर्दछ ।

१४. **नीति तर्जुमा -** कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग, वर्गीकरण तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति, प्रादेशिक यातायात व्यवस्था नीति, विपद् व्यवस्थापन नीति, सडक सुरक्षा नीति, प्रादेशिक जलस्रोत, विद्युत, सहरी विकास तथा आवास, पुनर्वास तथा पुनः स्थापना नीति महिला तथा बालबालिकाको संविधान प्रदत्त हक अधिकारको रक्षाका लागि आवश्यक नीति तर्जुमा, सामाजिक जागरण, सामाजिक विभेदको अन्त्य, अपाङ्गता, एकल महिला, वृद्ध वृद्धा, उच्च शिक्षा तथा शैक्षिक परामर्श सेवाको मापदण्ड, स्वास्थ्य बीमा, औषधि व्यवस्थापन, सुर्ती मदिरा लागू पदार्थको मापदण्ड, प्रदेश स्तरका शिक्षक व्यवस्थापन मापदण्ड तर्जुमा पर्यटन, संस्कृति, धार्मिक रीतिरिवाज, मठ मन्दिर संरक्षणका लागि आवश्यक नीति तर्जुमा गर्ने, प्रदेशको ऐतिहासिकताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक जागरणका कार्यक्रम तर्जुमा गर्ने उल्लेख भएकोमा ती नीतिहरु तर्जुमा भइसकेको देखिएन ।

१५. **कार्यक्रम तर्जुमा** - प्रदेशको दिगो विकासमा वन, खानी अन्वेषण, व्यापार वाणिज्य बजार व्यवस्थापन, जैविक विविधतालगायतका क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण, वनसम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फँडानी, विपद् जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दिगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्ने, प्रदेशभित्र खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरुलाई अगाडि बढाई औद्योगिक क्षेत्र र सीपमूलक रोजगारी प्रवर्द्धन गर्ने, यसैगरी व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण गर्ने तथा प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । प्रदेशले वन तथा वातावरण, खानी अन्वेषण, व्यापार बजार व्यवस्थापन, जैविक विविधतालगातका क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६. **मध्यकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । आम्दानी र खर्च प्रक्षेपण गरे तापनि कार्यक्रमको लागत र समय खुलाई प्राथमिकीकरण गरेको पाइएन । आवधिक योजना स्वीकृत गरी मध्यमकालीन खर्चको संरचना तयार गर्नुपर्दछ । बजेट तर्जुमा गर्दा दिगो विकासका सूचकसँग समन्वय गरिनुपर्दछ ।

१७. **स्रोत अनुमान र खर्च सीमा** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्तावित बजेटको पुष्ट्याइँका लागि प्रस्तावित योजना, कार्यक्रमलगायतका विवरण खुल्ने गरी तयार गर्नुपर्नेमा प्रस्तावित बजेटको पुष्ट्याइँ नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । बजेटको मार्गदर्शन र सीमा यथार्थपरक तथा पुष्ट्याइँपरक हुनुपर्ने देखिन्छ । साथै बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्यसँग आबद्धसमेत गर्नुपर्दछ ।

१८. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नुपर्ने व्यवस्था छ । प्रदेशका लेखा उत्तरदायी अधिकृतहरुले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागू गरेको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९. **बजेट तथा नीतिगत कार्यक्रम** - सबै प्रदेश सरकारबाट संसदमा आय-व्ययको अनुमानसहित बजेट प्रस्तुत हुँदा वार्षिक नीति तथा कार्यक्रमसँग आबद्ध गरे तापनि कार्यक्रमबमोजिम बजेटको कार्यान्वयन पक्ष कमजोर रहेको, योजना संशोधन गरेको, अपेक्षित प्रगति हासिल नभएको, लागत र प्रतिफलबीच समन्वय नरहेको, बजेटमा उल्लेख गरे तापनि कार्यक्रममा समावेश नगरेको, कार्यान्वयन गर्न नसकी बजेट समर्पण

गरेको लगायतका व्यहोरा लेखापरीक्षणमा देखिएको छ । वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित योजना तथा कार्यक्रमलाई बजेटमा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२०. **आयोजनाको स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा नियमावलीहरुमा रु.१० लाखभन्दा बढी रकमको विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत भएको हुनुपर्ने र स्वीकृत आयोजनाको विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था भए तापनि सोअनुसार कार्यान्वयन भएको देखिएन । ऐन नियमबमोजिम योजना छनौट तथा बजेट व्यवस्था गर्नुपर्दछ ।

२१. **प्रतिवेदन प्रणाली** - बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने, वित्तीय प्रतिवेदन तयार गर्ने र व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने, प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेको पाइएन । प्रदेशको समष्टिगत कार्य सम्पादन देखिने प्रदेशगत प्रतिवेदन प्रणाली विकास गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२२. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश मन्त्रालयहरुले विनियोजन, राजस्व, धरौटी, सम्पत्ति र दायित्वको विवरण मातहत कार्यालयबाट लिई वार्षिक वित्तीय विवरण तयार गरी असोज मसान्तसम्म प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई पठाउनुपर्नेमा पठाएको देखिएन । वार्षिक एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ ।

२३. **बजेट तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७५।७६ को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छः

(रु.लाखमा)

| प्रदेश नं. | वार्षिक बजेट | चालु खर्च | पुँजीगत खर्च | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३८४९२५ | ९७६४३ | ११४३८७ | २१२०३० | ५५.०८ |
| २ | २९७८६९ | ६६२७५ | ८४६४९ | १५०९२४ | ५०.६६ |
| वाग्मती | ३४६३२९ | ११०९८३ | ९५५४४ | २०६५२७ | ५९.६३ |
| गण्डकी | २४०२३३ | ५२११० | ८७१७० | १३९२८० | ५७.९७ |
| ५ | २५३७१२ | ६८६१३ | १०१७२८ | १७०३४१ | ६७.१३ |
| कर्णाली | २८२८२८ | ४६०११ | ५४१५२ | १००१६३ | ३५.४१ |
| सुदूरपश्चिम | २५०६५६ | ६९३०८ | ७२३२६ | १४१६३४ | ५६.५१ |
| **जम्मा** | **२०५६५५२** | **५१०९४३** | **६०९९५६** | **११२०८९९** | **५४.५०** |

प्रदेशगत रुपमा खर्च औसतमा ५४.५० प्रतिशत र सबभन्दा बढी प्रदेश नं ५ को ६७.१३ प्रतिशत तथा सबभन्दा कम कर्णाली प्रदेशको ३५.४१ प्रतिशत रहेको छ ।

२४. **समानीकरण अनुदान** - संघको स्रोतबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र आषाढ मसान्तमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाइसक्नुपर्ने प्रदेश लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी रहेकोमा मन्त्रालयहरुले उक्त हिसाब २०७६ कार्तिक मसान्तसम्म पनि बुझाएको देखिएन । यसरी हिसाब नबुझाउँदा संघबाट प्राप्त वित्तीय समानीकरण अनुदानमध्ये खर्च नभएको रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्न नपाइने उल्लेख भएकोमा सोको कार्यान्वयन नभएको अवस्था छ । तोकेको समयभित्र खर्च रकमको विवरण बुझाउनेतर्फ सम्बन्धित निकाय उत्तरदायी हुनुपर्दछ ।

२५. **समपूरक अनुदान -** संघीय सरकारले प्रदेश नं.२ सरकारलाई उपलब्ध गराएको समपूरक अनुदान रु.२९ करोड ३३ लाख ३३ हजारमध्ये रु.१२ करोड ९६ लाख ३० हजार खर्च भएकोमा उक्त खर्च पूरै समपूरक अनुदानबाट गरेकोले ५० प्रतिशतले हुने रु.६ करोड ४८ लाख १५ हजार प्रदेश सञ्चितकोषबाट फिर्ता गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने देखिन्छ । प्रदेश नं ५ मा रु.३८ करोड ५२ लाख १४ हजार समपूरक अनुदानमध्ये रु.५ करोड १७ लाख ६६ हजारमात्र खर्च भएको छ । यसैगरी वाग्मती प्रदेश अन्तर्गत १३ जिल्लाका सडक आयोजनाको लागि प्रदेश सरकारको अनुदान ६० प्रतिशत र संघीय सरकारको ४० प्रतिशतसमेत रु.१ अर्ब ५० करोड बजेट व्यवस्था भएकोमा कार्यान्वयन नभएकाले संघीय सरकारबाट प्राप्त रु.६० करोड फिर्ता भएको छ । कर्णाली प्रदेशले ७८ स्थानीय तहलाई दिएको समपूरक अनुदान रु.४२ करोड ५३ लाख २४ हजारमध्ये खर्च नभई बाँकी देखिएको रु.१ करोड ९६ लाख फिर्ता गरेको छैन । सुदूरपश्चिम प्रदेशले समपूरक अनुदान रु.१५ अर्ब १९ करोड १६ लाख विनियोजन गरेकोमा रु.९ अर्ब ७१ करोड १७ लाख खर्च गरेको छ । लक्षित कार्यक्रम कार्यान्वयन गरी समपूरक अनुदान उपयोग गर्नेतर्फ मन्त्रालयहरु क्रियाशील हुनुपर्ने देखिएको छ ।

२६. **आषाढ महिनाको खर्च -** आर्थिक मामिला तथा योजना मन्त्रालयबाट कार्यक्रम र परियोजनाअनुसार बजेट विनियोजन गरी चौमासिक रुपमा खर्च गर्ने गरी कार्यक्रम र बजेट स्वीकृत गरेको भए तापनि अधिकांश बजेट आषाढ महिनामा खर्च भएको अबस्था छ । मन्त्रालयहरुबाट प्राप्त खर्चको विश्लेषण गर्दा ७ प्रदेश सरकारको कुल खर्च रु.१ खर्ब १२ अर्ब ८ करोड ९९ लाखमध्ये आषाढ महिनामा रु.६१ अर्ब २ करोड ४८ लाख (५४.४४ प्रतिशत) खर्च भएको स्थिति छ । आर्थिक वर्षको अन्ततिर अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित आयोजनाको गुणस्तर कायम हुन नसक्ने स्थिति रहन्छ । स्वीकृत कार्यक्रमअनुसार चौमासिक रुपमा कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

२७. **भुक्तानी बाँकी -** प्रदेश आर्थिक कार्यविधि ऐनअनुसार अगामी वर्षमा दायित्व सिर्जना हुनेगरी खर्च गर्न नहुने व्यवस्था छ । प्रदेश नं.१ को भौतिक पूर्वाधार विकास मन्त्रालयले रु.१ करोड ९६ लाख २४ हजार र प्रदेश नं.५ ले रु.३ करोड २६ लाख ९ हजार भुक्तानी गर्न बाँकी देखाएको छ । प्रदेश नं.२ मन्त्रिपरिषद्को २०७६।४।९ को बैठकबाट २०७५।७६ मा प्रदेशका विभिन्न कार्यक्रम तथा विकास निर्माण कार्यक्रमको भुक्तानी नभएको सम्बन्धमा भौतिक पूर्वाधार मन्त्रालयका सचिवको संयोजकत्वमा त्यस्ता कार्यक्रमहरुको छानबिन गरी स्तर मूल्याङ्कन तथा कार्य सम्पादनको आधारमा भुक्तानी गर्न ८ सदस्यीय सिफारिस समिति गठन भएको देखिन्छ । समितिमा प्राप्त भएका भुक्तानी छुट बाँकीको विवरणमा उल्लिखित योजनामध्ये भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत रु.३८ करोड ८१ लाख ९९ हजार, सामाजिक विकास मन्त्रालय र मन्त्रालयले पूर्वाधार कार्यालयमा दिएको अख्तियारी समेतको रु.३१ करोड ५८ लाख ४५ हजार, निर्वाचन क्षेत्र विकासतर्फको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.१० करोड ३७ लाख ५७ हजार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत रु.१ करोड ५२ लाख ७ हजार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रु.१७ करोड ६६ लाख ५९ हजारसमेत रु.९९ करोड ९६ लाख ६८ हजार भुक्तानी गर्न बाँकी देखाएको छ ।

चालु बजेटले नखाम्ने, कार्य सम्पन्न नगरी बाँकी देखाउने तथा बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नमिल्ने सिद्धान्त र नियम विपरीत अत्यधिक रकम भुक्तानी बाँकीमा देखाउनु उपयुक्त देखिँदैन । बजेटभन्दा बढी दायित्व सिर्जना गरी भुक्तानी बाँकी देखाउने स्थितिमा नियन्त्रण गर्नुपर्दछ ।

२८. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयको हुने व्यवस्था छ । त्यस्तै प्रदेश विनियोजन ऐन, २०७५ अनुसार १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकबाट अर्को एक वा एकभन्दा बढी शीर्षकमा

रकम सार्न तथा निकासा र खर्च जनाउन सक्ने व्यवस्था छ । रकमान्तर सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

२८.१. प्रदेश नं.१, आर्थिक मामिला तथा योजना मन्त्रालयमा अर्थ बजेटको भैपरी शीर्षकमा रु.४३ करोड ३३ लाख ४५ हजार रहेकोमा रु १ अर्ब ११ करोड ७० लाख बढी रकम रकमान्तर गरेको देखियो । त्यस्तै ५ मन्त्रालय तथा निकायमा १० प्रतिशतभन्दा बढी रु.१ अर्ब ३७ करोड ५८ लाख १५ हजार रकमान्तर गरेको देखियो ।

२८.२. प्रदेश नं.२ आर्थिक मामिला तथा योजना मन्त्रालयको कुल बजेट रु.२९ अर्ब ७८ करोड ६९ लाखमध्ये २०७६ आषाढमा रु.३९ करोड ११ लाख ८३ हजार विभिन्न कार्यक्रममा रकमान्तर गरेको छ ।

२८.३. वाग्मती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले पुँजीगत बजेट शीर्षकमा ५२ पटकसम्म संशोधन गरी रु.२ अर्ब ३३ करोड २८ लाख १९ हजार रकमान्तर गरी अख्तियारी दिएको देखियो । यसरी अख्तियारी दिएकोमध्ये आषाढ १५ गते पश्चातको मात्र रु.३७ करोड ३८ लाख ६२ हजार रहेको छ ।

२८.४. गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले यो वर्ष रु.१४ करोड ६५ लाख ३७ हजार रकमान्तर गरेको छ । सोमध्ये रु.१ करोड ९८ लाख अन्तिम चौमासिकमा रकमान्तर गरेको छ ।

२८.५. प्रदेश नं.५ आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तरको अभिलेख राखेको छैन भने अन्य मन्त्रालयबाट प्राप्त विवरणअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयमा रु.१ अर्ब ४२ करोड ९९ लाख ९६ हजार (२३.६७ प्रतिशत), प्रदेश व्यवस्थापिका सचिवालयमा पुँजीगततर्फ रु.५ करोड ९१ लाख ९३ हजार (११८.३८ प्रतिशत) र आर्थिक मामिला तथा योजना मन्त्रालयमा चालु खर्च स्थानीय तह वित्तीय हस्तान्तरणसमेतमा रु.३४ करोड १९ लाख ९२ हजार (२१.६४ प्रतिशत) रकमान्तर गरेको देखियो ।

२८.६. कर्णाली प्रदेशले कुल बजेट रु.२८ अर्ब २८ करोड २८ लाखमध्ये रु.८६ करोड ११ लाख रकमान्तर गरेको छ ।

२८.७. सुदूरपश्चिम प्रदेशले कुल बजेट रु.२५ अर्ब ६ करोड ५६ लाख १४ हजारमध्येबाट रु.७१ करोड ५३ लाख ३८ हजार विभिन्न शीर्षकमा रकमान्तर गरेको छ ।

ऐनको सीमाभित्र रही रकमान्तर गर्ने, अभिलेख राख्ने आदि कार्य व्यवस्थित गर्नुपर्दछ ।

२९. **प्रदेश स्रोतगत खर्च -** प्रदेश सरकारहरुले २०७५।७६ मा रु.१ खर्ब १२ अर्ब ८ करोड ६५ लाख खर्च गरेकोमा स्रोतगत रुपमा प्रदेश सरकारको खर्च रु.३९ अर्ब ९६ करोड ८९ लाख (३५.६५ प्रतिशत) रहेको छ ।

(खर्च रु लाखमा)

| प्रदेश | प्रदेश सरकारको कुल खर्च | प्रदेशको आन्तिरक आयबाट खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | २१२०३० | १०२५६८ | ४८.३७ |
| २ | १५०९२४ | ४४३४० | २९.३७ |
| वाग्मती | **२०६५२७** | ८४६७४ | ४०.९९ |
| गण्डकी | १३९२८० | ३९९४८ | २८.६८ |
| ५ | १७०३४१ | **५५७६९** | ३२.७३ |
| कर्णाली | १००१६३ | ३५८७४ | ३५.८१ |
| सुदूरपश्चिम | १४१६३४ | ४४५१६ | ३१.४३ |
| **जम्मा** | **११२०८९९** | **४०७६८९** | **३६.३७** |

प्रदेश सरकारहरुले यस वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ३६.३७ प्रतिशत र संघीय सरकारको स्रोतबाट ६३.६३ प्रतिशत खर्च गरेका छन् । आन्तरिक स्रोतअन्तर्गत सबैभन्दा घटी कर्णाली प्रदेश र सबैभन्दा बढी प्रदेश नं.१ ले खर्च गरेको छ । बजेटमा स्रोतगत रुपमा रकमको व्यवस्था गरे तापनि सो अनुरुप कार्यक्रम कार्यान्वयन नहुँदा अनुमानित बजेटमध्ये रु.९३ अर्ब ५६ करोड ५४ लाख खर्च भएको पाइएन । वार्षिक बजेट यथार्थमा आधारित रही निर्माण गर्नुपर्दछ ।

३०. **राजस्व -** प्रदेश सरकारहरुले २०७५।७६ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँडबाट प्राप्त हुने राजस्व र बेरुजूसमेत रु.७० अर्ब ८२ करोड ८६ लाख प्राप्त गरेको देखिन्छ । उक्त राजस्वमध्ये प्रदेश नं.१ अन्तर्गत बाँडफाँड हुने राजस्व रु.१ अर्ब ५१ करोड १७ लाख रहेको र सोमध्ये वन रोयल्टी बाँडफाँडबाट रु.७३ करोड २१ लाख २७ हजार प्राप्त हुन बाँकी देखाएको छ । प्रदेश २ ले बाँडफाँडबाट प्राप्त हुने रु.३९ लाख ६९ हजार वैंक दाखिला गर्न बाँकी देखाएको छ । गण्डकी प्रदेशले राजस्व सूचना प्रणालीमा बैङ्कद्वारा सङ्कलित रकमको आधारमा आर्थिक विवरण तयार गरेको छ । प्रदेश नं.५ ले रु.७८ करोड ६८ लाख प्रदेश सञ्चितकोषमा आय देखाए तापनि राजस्व सूचना प्रणालीमा प्रविष्ट गरेको छैन । सुदूरपश्चिम प्रदेशले वन रोयल्टी सङ्कलन गरेको रु.२३ करोड ८० लाख ४७ हजार प्रदेश सञ्चितकोषमा दाखिला हुन बाँकी देखाएको छ । प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रअनुसार अनुमान बमोजिमको असुली न्यून रहेको छ । राजस्वको आधार विस्तार गर्दै आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ ।

३१. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँड गर्नुपर्ने सवारीसाधनको दर्ता नवीकरणबाट सङ्कलन हुने तथा वन रोयल्टीबाट प्राप्त हुने रकमको ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारहरुले पेस गरेका आर्थिक विवरणअनुसार ऐनबमोजिम विभाज्य कोषमा रु.११ अर्ब ११ करोड ३१ लाख ८ हजार देखिएको छ । उक्त रकममध्ये प्रदेश नं.१ ले सवारीसाधन कर रु.३ करोड ६९ लाख ७३ हजार र प्रदेश नं.२ ले रु.१२ करोड ८४ लाख ३३ हजार बाँडफाँड गरेका छैनन् । गण्डकी प्रदेशले खानी तथा जलविद्युत रोयल्टीबापतको रु.२८ करोड ५८ लाख ८९ हजार राजस्व सूचना प्रणालीमा नदेखाए तापनि कोषको आर्थिक विवरणमा समावेश गरेको छ । प्रदेश नं.५ ले सङ्कलित रकममध्ये रु.१५ करोड ९५ लाख ७० हजार २०७६।७७ मा मात्र बाँडफाँड गरी प्रदेश तथा स्थानीय सञ्चितकोषमा दाखिला गरेको छ । कर्णाली प्रदेशले सवारीसाधन कर रु.८ करोड ४० लाख २३ हजार सङ्कलन गरेकोमा बाँडफाँड गरेको छैन । सुदूरपश्चिम प्रदेशले वन रोयल्टी सङ्कलनमा रु.२३ करोड ८० लाख ४७ हजार र सवारी साधन कर रु.१ करोड ५१ लाख ७० हजार बाँडफाँड गर्न बाँकी देखाएको छ । प्राप्त रकम समयमै बाँडफाँड गरी विभाज्य कोषको रकम सञ्चितकोषमा दाखिला गर्नुपर्दछ । साथै स्थानीय सञ्चितकोषमा बाँडफाँड गरी पठाउनुपर्ने रकमसमेत विभाजन गरी पठाउनुपर्दछ ।

३२. **सशर्त अनुदानको अनुगमन -** सशर्त अनुदान कार्यक्रमअन्तर्गत विभिन्न संस्थालाई भवन निर्माण, पार्क निर्माण, सालिक निर्माण, संग्रहालय भवन निर्माण, संस्थाको पूर्वाधार निर्माण जस्ता कार्यक्रमको लागि प्रदेश नं.१ आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.७ करोड १० लाख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ८ सरकारी तथा गैरसरकारी निकायलाई रु.४ करोड ४५ लाख र ३ स्थानीय निकायलाई रु.५० लाखका दरले रु.१ करोड ५० लाखसमेत रु.१३ करोड ५ लाख सशर्त अनुदान उपलब्ध गराएको छ । सम्बन्धित मन्त्रालयले अनुदान उपयोग सम्बन्धमा प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरेको र अनुगमनसमेत गरेको देखिएन । अनुदानको उपयोगको अनुगमन गरी सम्बन्धित काममा उपयोग भएको सुनिश्चित हुनुपर्दछ ।

३३. **विभिन्न निकायबाट अनुदान -** प्रदेश नं.१ अन्तर्गत गिरिजाप्रसाद कोइराला फाउण्डेशनलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रु.४० लाख र स्वास्थ्य कार्यालय विराटनगरबाट रु.२० लाखसमेत रु.६० लाख अनुदान दिएको छ । मदन भण्डारी प्रतिष्ठान, उर्लाबारीलाई उद्योग वन तथा वातावरण मन्त्रालयबाट रु.१ करोड, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रु.२ करोड, संस्कृति पर्यटन तथा नागरिक उडययन मन्त्रालयको संघीय बजेटबाट रु.५ करोडसमेत रु.८ करोड निकासा दिएको छ । सुखानी शहादत स्थल संरक्षण र शहिद स्मृति उद्यान गुरुयोजनाका लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट रु.१ करोड ३० लाख र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रु.४० लाखसमेत रु.१ करोड ७० लाख अनुदान दिएको छ । एउटै संस्थालाई विभिन्न निकायबाट सशर्त अनुदान दिएकोमा खर्चका बिल भरपाई पेस गर्न लगाउने र अनुगमन गर्ने गरेको देखिएन । अनुदान रकमको उद्देश्यमूलक उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

३४. **अनुदान वितरण -** वाग्मती प्रदेशअन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीले एक ऋण सहकारी संस्थालाई पानी प्रशोधन उद्योग स्थापना गर्न रु.१९ लाख २७ हजार र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तथा मातहत निकायबाट कृषि उपकरण, मेसिनरी औजार खरिद तथा पूर्वाधार निर्माणलगायतका कार्यका लागि निजी व्यवसायीसमेतलाई रु.७७ करोड ७३ लाख ६६ हजार अनुदान वितरण गरेको छ । अनुदानसम्बन्धी मापदण्ड तथा कार्यविधि तर्जुमा नगरी नाफामूलक संस्थालाई उद्योग, व्यवसाय सञ्चालन गर्न रकम उपलब्ध गराएकोले त्यसबाट सरकारलाई प्राप्त हुने प्रतिफल तथा सेवा सम्बन्धमा स्पष्ट छैन । मापदण्ड तर्जुमा गरी आयोजना वा उद्योगमा लगानीबाट कम्पनीको शेयर स्वामित्वसमेत प्राप्त हुने गरी दीर्घकालीन प्रतिफलसमेतको विचार गरी लगानी गर्नुपर्ने देखिन्छ ।

३५. **संघीय कार्यालयलाई निकासा -** संविधान तथा अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ मा प्रदेश मन्त्रालयहरुले संघीय कार्यालयलाई बजेट अख्तियारी प्रदान गर्ने कानुनी व्यवस्था नभए तापनि प्रदेश मन्त्रालयले संघीय कार्यालयलाई खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गरेको छ । प्रदेश सरकारको बजेटबाट संघीय कार्यालयलाई अख्तियारी दिएको बिवरण देहायबमोजिम छः

३५.१. प्रदेश नं.१ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यस वर्ष संघीय सरकारअन्तर्गतका प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, कारागार कार्यालय, सशस्त्र प्रहरी बल, इलाका प्रशासन कार्यालयमा रु.३७ करोड ५० लाख र प्रदेश नं २ ले भवन निर्माणको लागि रु.१५ करोड ७८ लाख प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी दिएको छ । प्रदेश नं.५ ले रु.३ करोड ४९ लाख र सुदूरपश्चिम प्रदेशले ९ प्रहरी कार्यालयलाई रु.३ करोड ३२ लाख ९१ हजारको ९ थान सवारीसाधन खरिद गरी हस्तान्तरण गरेको छ । कर्णाली प्रदेशका ३ निकायले खानेपानी आयोजना, सडक निर्माण जस्ता पूर्वाधारको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न परामर्श सेवा खर्चको लागि रु.१६ करोड निकासा दिएको छ । नेपाल सरकारसंगको समन्वय नगरी संघीय कार्यालयहरुलाई बजेट उपलब्ध गराउनु उपयुक्त देखिएन ।

३५.२. वाग्मती प्रदेशले संघीय कार्यालयलाई बजेट निकासा तथा अख्तियारी दिने प्रक्रिया स्वीकृत नभएका कारण शिक्षा निर्देशनालयमार्फत संघीय सरकारअन्तर्गतका जिल्ला शिक्षा समन्वय इकाईको फ्रिज नहुने ख ६ खातामा रु.२७ करोड १८ लाख २० हजार र सामाजिक विकास मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतका मध्यक्षेत्र कार्यालयलाई रु.४२ करोड ३० लाख ७० हजार निकासा दिएको छ । प्रदेश सरकारले संघीय कार्यालयलाई निकासा दिने सम्बन्धमा कानुनी व्यवस्था गर्नुपर्दछ । साथै अनुदान दिएको रकमबाट परिषद्ले सम्बन्धन प्राप्त गरेका प्राविधिक शिक्षालयहरुलाई सीपसम्बन्धी पुनः अनुदान दिएकोमा प्रवाहित अनुदानको अनुगमनलाई समेत प्रभावकारी तुल्याउनुपर्दछ ।

३५.३. प्रदेश नं.५ आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २०७६।१।२६ को सचिवस्तरको निर्णयअनुसार जिल्ला प्रहरी कार्यालय, रुपन्देहीलगायत संघीय सरकारअन्तर्गतका १३ कार्यालयलाई सी.सी.टी.भी. जडान

गर्न रु.३ करोड बजेट खर्च गर्ने अख्तियारी दिएकोमा रु.२ करोड ५९ लाख ९३ हजार खर्च भएको देखिन्छ ।

३६. **कार्यक्रमगत कृषि अनुदान -** यो वर्ष सात प्रदेशका भूमि व्यवस्था, कृषि वन मन्त्रालय र मातहतका निकायबाट कृषि तथा पशुपन्छी फार्मको पूर्वाधार सुदृढीकरण, मेसिनरी औजार, हाट बजार, सेड तथा भवन निर्माण, बजारीकरण, ट्रयाक्टर खरिद, मिल्क क्यान, चिलिङ्ग भ्याट कन्टेनरलगायत कार्यमा लागत साझेदारीको आधारमा रु.३ अर्ब ८९ करोड ९१ लाख कार्यक्रमगत कृषि अनुदान उपलब्ध गराएका छन् । उक्त अनुदान प्रदेशगत रुपमा प्रदेश नं.१ ले करु.३५ करोड ४४ लाख, प्रदेश नं.२ ले रु.१ अर्ब ४ करोड १२ लाख, वाग्मती प्रदेशले रु.७७ करोड ७३ लाख, गण्डकी प्रदेशले रु.३६ करोड ३४ लाख, प्रदेश नं.५ ले रु.२७ करोड ९० लाख, कर्णाली प्रदेशले रु.७५ करोड र सुदूरपश्चिम प्रदेशले रु.३३ करोड ३८ लाख उपलब्ध गराएका छन् । उक्त अनुदानबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि तथा प्रभाव मूल्याङ्कन गरेको देखिएन ।

३७. **होमस्टे अनुदान -** गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत ११ जिल्ला वन कार्यालयले २७४ होमस्टेलाई होमस्टे पूर्वाधार विकास सञ्चालन, व्यवस्थापन एवं पर्यटन प्रवर्द्धनका लागि रु.२७ करोड ८९ लाख २८ हजार अनुदान उपलब्ध गराएका छन् । होमस्टे अनुदान कार्यविधिको कानुनी आधार नभएको, निजी तथा समूहमा दर्ता भएका होमस्टेलाई अनुदान दिएको, अनुदान रकमबाट स्वागतद्वार, दृश्यावलोकन टावरसमेतमा खर्च गरेको, न्यूनतम मापदण्ड पूरा नगरेका होमस्टेलाई अनुदान दिएको, फर्निचर, कुर्सीलगायतका सामान खरिद गरेको जस्ता व्यहोरा देखिएकोले होमस्टे सञ्चालन र व्यवस्थापनसम्बन्धी कानुनी आधार र मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।

३८. **बढी भुक्तानी -** गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यस वर्ष ७५९ वडामा कृषि उपज सङ्कलन केन्द्र, ८५ स्थानीय तहमा कृषि हाटबजार, ११ जिल्लामा कोल्ड स्टोर स्थापना गर्ने लगायतका कार्यमा लागत साझेदारीअन्तर्गत रु.३६ करोड ३४ लाख १८ हजार अनुदान दिएको छ । लागत साझेदारीमा कोल्ड स्टोर कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ९ मा अनुदान प्राप्त गर्ने व्यक्ति, संस्थाले कम्तीमा २० वर्षसम्म अविछिन्न रुपमा सम्झौताबमोजिमको कोल्ड स्टोर सञ्चालन गर्नुपर्ने व्यवस्था भए पनि १० वर्ष सञ्चालन गर्ने गरी २६ साझेदारसँग रु.१० करोड ९ लाखको अनुदान सम्झौता गरेको छ । भूमिव्यवस्था तथा कृषि मन्त्रालयले धौलागिरि एकीकृत कृषि फार्म, पर्वत कुश्मालाई रु.१ करोड उपलब्ध गराएकोमा कृषि ज्ञान केन्द्र पर्वतबाट समेत सोही फर्मलाई अनुदान दिएको, म्याग्दीको एक एग्रो ग्रुपलाई पोखरा बुढी बजारमा १ हजार ५०० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माण गर्न रु.२ करोड ५० लाख अनुदान दिने निर्णय भएकोमा ५०० मे.टन क्षमताको मात्र कोल्ड स्टोर निर्माण गरेको अवस्थामा आनुपातिक रुपमा रु.७९ लाख ६२ हजार भुक्तानी दिनुपर्नेमा रु.२ करोड ३८ लाख ८६ हजार भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१ करोड ५९ लाख २४ हजार सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

३९. **मागभन्दा बढी अनुदान -** गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले साझेदारीमा कोल्ड स्टोर सञ्चालन कार्यविधि, २०७५ को अनुसूची-३ मा प्रस्तावित आयोजनाको कुल खर्चअन्तर्गत अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकमसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । एक अनुदानग्राहीले कोल्डस्टोर निर्माण गर्न पेस गरेको प्रस्तावनाको आधारमा अनुदान दिने निर्णय गरेकोमा उक्त निर्णयविपरीत प्रस्तावनामा माग गरिएभन्दा बढी रु.१५ लाख ३२ हजार भुक्तानी दिएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

४०. **दोहोरो अनुदान -** गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कास्कीका एक कुखुरा फार्मका सञ्चालकलाई फार्म सञ्चालन गर्नको लागि आर्थिक वर्षको अन्त्यमा अनुदान रकमको शतप्रतिशतले

हुने रु.१ करोड पेस्की दिएको पाइयो । उल्लिखित सञ्चालकले सन् २०१२ जून २२ मा व्यावसायिक कृषि व्यापार आयोजना काठमाडौंबाट एक पोल्ट्री फर्मको नाममा समेत रु.३९ लाख ७५ हजार अनुदान लिएको र उक्त फर्म हाल अलग नामबाट सञ्चालन भएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएको छ । एउटै व्यक्तिले दुईवटा फर्म दर्ता गरी विभिन्न निकायबाट अनुदान लिएकोले एउटै व्यक्ति पटक पटक लाभान्वित हुने अवस्था देखियो । दोहोरो नपर्ने गरी उद्देश्यमूलक अनुदान उपलब्ध गराउने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

४१. **वातावरणमैत्री नमूना कृषि गाउँ अनुदान** - गण्डकी प्रदेश मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं ७(१) मा सम्भाव्य र आवश्यक क्षेत्रहरुमा सहकारी संस्थाबाट वातावरणमैत्री नमूना कृषि गाउँ स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले स्थापित संस्थालाई अनुदान दिन कम्तीमा ३५ दिनको म्याद दिई राष्ट्रिय पत्रिकामार्फत प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । सूचना प्रकाशन नगरी वातावरणमैत्री नमूना कृषि गाउँ छनौट गरेर ११ जिल्लामा १५ कृषि उत्पादक सहकारी संस्था र २१ कृषि समूहबीच रु.८ करोड ९६ लाख ६८ हजारको सम्झौता गरी रु.८ करोड ५८ लाख २१ हजार खर्च लेखेको छ । कार्यविधिको पालना नगरी अनुदान उपलब्ध गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४२. **पकेट क्षेत्र अनुदान** - गण्डकी प्रदेश पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा ७ (१) मा पकेट क्षेत्र छनौट गर्दा प्रस्तावित पकेट क्षेत्रको माटोको उर्वरा शक्तिको परीक्षण गर्नुपर्ने व्यवस्था छ । सोअनुसार नगरी कृषि ज्ञान केन्द्र, पर्वतले यो वर्ष प्रदेश सरकारको कार्यक्रमअन्तर्गत १० पकेट क्षेत्र सञ्चालन गर्न रु.५५ लाख ७२ हजार अनुदान दिएको छ भने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत ५८ पकेट क्षेत्रको लागि रु.२ करोड ६ लाख ६४ हजार अनुदान प्रदान गरेको छ । कृषि ज्ञान केन्द्र, स्याङ्जाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअन्तर्गत १७ नयाँ पकेट क्षेत्र सञ्चालन गर्न रु.१ करोड २ लाख १० हजार अनुदान दिएको छ । पकेट क्षेत्र सञ्चालनको उद्देश्य अनुरुप उत्पादन हुने सक्ने खाद्यान्न तथा बालीहरु उपयुक्त भए नभएको निर्क्योल गरी उत्पादकत्वमा वृद्धि गर्न माटो परीक्षण गरी उपयुक्त बाली लगाउनुपर्ने भए तापनि माटो परीक्षण नगरी ठूलो मात्रामा अनुदान उपलब्ध गराउनु नियमसम्मत देखिएन ।

४३. **बीमा** - कृषि, पशुपन्छी तथा मत्स्य नमूना (मोडेल) फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा अनुदान प्राप्त गर्ने संस्था वा कृषकले बीमा गर्नुपर्ने उल्लेख छ । मोडेल फार्म सञ्चालन गर्न यस वर्ष कृषि ज्ञान केन्द्र स्याङ्जाले २४ कृषकलाई रु.९५ लाख ५५ हजार अनुदान दिएको देखिन्छ । कार्यविधिमा अनिवार्य रुपले बीमा गर्नुपर्ने उल्लेख गरेकोमा अधिकांशले बीमा गर्ने प्रतिबद्धता जनाए तापनि बीमा गराएको देखिएन ।

४४. **प्रोत्साहन भत्ता** - प्रदेश सभा सचिवालयमा खटिई कामकाज गर्ने कर्मचारीको लागि कामको प्रकृतिअनुरुप प्रदेश नं.२ का सभामुखको अध्यक्षतामा २०७५।३।१३ मा बसेको सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको बैठकले प्रदेश कार्यसञ्चालन नियमावली, २०७५ को नियम २०१ को उपनियम (१) बमोजिम तलबको ८० प्रतिशतसम्म कार्यसम्पादनको आधारमा प्रोत्साहन भत्ता, खाजा खाना खर्च प्रतिदिन रु.२५० र सार्वजनिक बिदाको दिन रु.८०० र बजेट विशेष भत्ता वर्षमा १ पटक १ महिनाको तलब र मर्यादापालक तथा पदाधिकारीहरुको सुरक्षाकर्मीको लागि ३५ प्रतिशत भत्ता दिने निर्णयअनुसार यो वर्ष सचिवालयले कर्मचारी प्रोत्साहन भत्ता रु.१ करोड २३ लाख ९३ हजार र खाजा खाना खर्च, बजेट विशेष भत्ता र अतिरिक्त समय काम गरेको भत्ता रु.१ करोड ४३ लाख ७५ हजार खर्च लेखेको छ । प्रोत्साहन र खाजाखानाको दोहोरो भत्ता भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४५. **प्रोत्साहन सुविधा -** प्रदेश नं १ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितासम्बन्धी निर्देशिका, २०७५ मा अतिरिक्त समय कार्य गराउँदा लागेको खर्च र प्रगति विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । प्रदेश सभा सचिवालयले स्थायी तथा सेवा करारका कर्मचारी, मर्यादापालक एवं सुरक्षाकर्मीलाई खानाखाजा खर्चबापत रु.१ करोड ६ लाख १३ हजार भुक्तानी गरेको छ । उक्त खर्चबाट भएको कामको उपलब्धि देखिने गरी प्रगति विवरण तयार गरेको देखिएन ।

४६. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक एवं नगदबाट विभिन्न सुविधा प्राप्त गर्ने व्यक्तिले आर्थिक ऐन, २०७५ अनुसार २०७५।७६ को लागि तोकिएको छुट हुने रकम समायोजन पश्चात् करयोग्य आयमा लाग्ने कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था बमोजिम सेवा सुविधा, पारिश्रमिक एवं प्रोत्साहन लगायतको आयलाई निर्धारण योग्य कुल आयमा समावेश नगरेकोले प्रदेश नं.२ प्रदेश सभा सचिवालयले रु.९६ लाख ३१ हजार र कर्णाली प्रदेश सभा सचिवालयले रु.१४ लाख ६७ हजार पारिश्रमिक कर असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

४७. **आर्थिक सहायता** - प्रदेश नं २ मन्त्रिपरिषद्को विभिन्न मितिको बैठकबाट विभिन्न संघ संस्थालाई सभा सम्मेलन, उत्सव, प्रर्दशन, मेला, खेल, महाधिवेशन, सम्मेलन, प्रकाशन, प्रतियोगिता, लगायत कार्यक्रम गर्न २६ संस्थालाई रु.७२ लाख ७३ हजार आर्थिक सहायता प्रदान गरको छ । यस्तो सहायता उपलब्धिमूलक नहुने, अनुदान प्राप्त गर्ने संस्थाको खर्चको पारदर्शिता नहुने तथा सहायता रकम सम्बन्धित प्रयोजनमा खर्च भए नभएको अनुगमनसमेत नभएको अवस्था छ । आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्दछ ।

४८. **"म अघि बढ्छु" कार्यक्रम -** प्रदेश नं.१, आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट "मन्त्रालयले आजका किशोर किशोरी देशका कर्णाधार, यिनीहरुको समक्षता नै समुन्नतिको आधार" भन्ने नाराका साथ म अघि बढ्छु सचेतना कार्यक्रम सञ्चालन गरी उक्त कार्यक्रममा रु.२ करोड ५० लाख विनियोजन भएकोमध्ये रु.१ करोड ११ लाख ८५ हजार खर्च भएको छ । कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने १३-१९ वर्ष उमेर समूहका किशोर किशोरीहरुलाई लागू औषध कुलतबाट मुक्त राख्ने लक्ष्य रहेको छ । मन्त्रालयबाट प्रकाशित बुलेटिनमा यस्ता दुर्व्यसनी १० प्रतिशत रहेको उल्लेख छ ।

४९. **छात्रवृत्ति** - प्रदेश नं.१ सामाजिक विकास मन्त्रालयको बजेट वक्तव्यमा गरीबका छोराछोरीलाई एम.बी.बी.एस अध्ययन गर्न विना धितो सुलभ रुपमा ऋण उपलब्ध गराउन जनता चिकित्सा शिक्षा कोष स्थापना गरिने उल्लेख छ । मन्त्रालयले एम.बी.बी.एस्. अध्ययनका लागि आवेदन दिएका ८ जनालाई प्रतिव्यक्ति रु.१० लाखका दरले रु.८० लाख अनुदान दिएको छ । ऋण उपलब्ध गराउने नीति रहेकोमा मन्त्रालयले अनुदान दिएको देखियो । अनुदान प्राप्त गर्ने विद्यार्थी मानवीय सूचकाङ्कमा गरीब, पिछडिएका परिवारका, सरकारी विद्यालयमा अध्ययन गरेको सुनिश्चित हुने सम्बन्धित स्थानीय तहको सिफारिस, अन्य प्रमाण एवं उल्लिखित विद्यार्थीहरुले सम्बन्धित कलेजहरुबाट अन्य छात्रवृत्ति नपाएको प्रमाण पेस गरेको देखिएन ।

५०. **विवाह पञ्चमी** - प्रदेश नं.२ को मन्त्रिपरिषद्को निर्णयबमोजिम २०७५ सालको विवाह पञ्चमीको व्यवस्थापनको लागि जानकी मन्दिर विवाह पञ्चमी व्यवस्थापन समितिलाई मुख्यमन्त्री राहत कोषबाट रु.५० लाख अनुदान र समारोहमा आएका पाहुनाको सेवा, सत्कार, भोज, भण्डारालगायतका कार्यक्रम गर्न रु.७३ लाख ८ हजार भुक्तानी दिएको छ । प्रदेश नं.२ को विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ७ मा कोषको रकम विपद् बाहेक अन्य काममा प्रयोग हुन नसक्नेमा राहत कोषबाट उक्त काममा खर्च गरेको कानुन अनुकूल देखिएन ।

५१. **मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान** - छोरीलाई विद्यालय पठाई उनीहरुको वैयक्तिक विकास सशक्तीकरणको माध्यमबाट विभेदमुक्त समाजको निर्माण र रुपान्तरणको लागि स्वीकृत मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियान सञ्चालन निर्देशिका, २०७५ मा शिक्षा बीमा, लैङ्गिक हिंसा, साइकल वितरण, जनचेतानमूलक कार्यक्रम, अभिभावकत्व ग्रहण, दिवा खाजा, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । यो वर्ष छात्रामैत्री शौचालय, छोरी शिक्षा बीमा, छात्रा लोकसेवा तयारी कक्षा, छात्रा स्यानेटरी प्याड वितरण र साइकल वितरण कार्यक्रम सञ्चालन गरेको छ । छात्रा साइकल १४ हजार थान खरिद गरी २ आपूर्तिकर्तालाई रु.९ करोड ८४ लाख १८ हजार भुक्तानी दिएको छ । साइकल वितरण र मौज्दातको अभिलेख उपलब्ध नगराएकोले कार्यक्रमको प्रभावकारिता यकिन हुन सकेन ।

५२. **मुख्यमन्त्री स्वच्छता अभियान** - प्रदेश नं.२को मुख्यमन्त्री स्वच्छता अभियान कोष स्थापना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ अनुसार सरकारी कार्यालय, बाटोघाटो, धार्मिक स्थल, विद्यालय, पोखरी, इनारलगायत सार्वजनिक स्थल तथा निजी स्थानहरुमा समेत सरसफाई र स्वच्छताको स्तर बढाई प्रदेशमा स्वच्छता कायम गर्नु यस अभियानको उद्देश्य रहेको छ । यस वर्ष प्रदेशभित्रका सार्वजनिक स्थल, मठमन्दिर मस्जिदको संरचना तथा उत्थान, पोखरी सौन्दर्यकरण तथा पर्यावरण कार्यक्रम, सुख्खाग्रस्त क्षेत्रमा इनार खन्ने कार्यक्रम र जिल्ला प्रशासन कार्यालयको संरचनागत सुधारलगायतका कार्यक्रम गरेको छ । कार्यालयले जानकी मन्दिर परिसर स्तरोन्नोतिमा रु.७ करोड २१ लाख ५४ हजार, वीरगन्जस्थित नगवा पोखरी सौन्दर्यकरणको रु.९ करोड ९८ लाख १५ हजार, पर्साको मुरली पोखरी सौन्दर्यकरण कार्यमा रु.७ करोड ९८ लाख ७० हजार, छिपरमाई पोखरी परिसर स्तरोन्नोति कार्यमा रु.८ करोड ३८ लाख ३६ हजार र जिल्ला प्रशासन कार्यालय परिसर स्तरोन्नोति कार्यमा रु.४८ लाख ६५ हजारको कुल लागत अनुमान स्वीकृत गरी यो वर्ष रु.१ करोड १४ लाख ५३ हजारको खर्च गरेको छ । निर्माण व्यवसायीलाई रु.५ करोड ३ लाख ८५ हजार पेस्की दिएकोमा फछ्र्यौट भएको छैन । समयमा कार्य सम्पन्न गर्नुपर्दछ ।

५३. **उपभोक्ता समितिमार्फत कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा रु.१ करोडसम्म लागत अनुमान भएका कार्य गराउन सकिने व्यवस्था विपरीत प्रदेश नं १ को भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत २ निकायले एक खानेपानी योजनामा रु.५ करोड ४२ लाख २४ हजारको काम ४ उपभोक्ता समितिबाट र उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजनाले रु.९ करोड ४२ लाख ८५ हजारको काम १० उपभोक्ता समितिबाट, प्रदेश नं.५ भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पाले रु.८२ करोड ५९ लाख ६८ हजारका आयोजना २५ उपभोक्ता समितिबाट कार्य गराएको छ । एक करोडभन्दा बढी लागत अनुमान भएको योजनाको काम बोलपत्र मार्फत गराउनुपर्नेमा उपभोक्ता समितिमार्फत गराएको नियमसम्मत देखिएन ।

यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिको कार्य उपभोक्ता मार्फत गराउन नहुने उल्लेख छ । प्रदेश नं.१ भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत ३ निकायले रु.३३ करोड १८ लाख १९ हजार र गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका ४ कार्यालयले रु.१५ करोड २१ लाख ३८ हजारका जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराएका छन् । भौतिक पूर्वाधार संरचना निर्माण कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट प्रतिस्पर्धा गराउनुपर्नेमा उपभोक्ता समितिमार्फत गरेको नियमसम्मत देखिएन ।

५४. **उपभोक्ता समिति तोकेर निकासा** - कार्यक्रम र अख्तियारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्यविधिसमेतको आधारमा सार्वजनिक खरिद ऐन तथा नियमबमोजिम प्रस्ताव आह्वान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता

गरी कार्य गराउनुपर्ने व्यवस्था छ । वाग्मती प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि ज्ञान केन्द्र, चितवनलाई यो वर्ष साना कृषि सडक निर्माण तथा मर्मत कार्यक्रममा १४ उपभोक्ता समितिकोको नाम किटान गरी रु.४ करोड ५५ लाख ४० हजारको अख्तियारी तथा निकासा दिएको छ । तालुक मन्त्रालयले नै प्रस्ताव छनौट गरी भुक्तानी प्रयोजनको लागि मात्र कार्यविधि र अख्तियारी पठाएकोले कानुनी प्रावधान तथा प्रक्रियाको पालना भएको देखिएन ।

५५. **उपभोक्तामार्फत खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन, सिन्धुपाल्चोकले सम्बन्धित खानेपानी योजनाको लागि आवश्यक एच.डी.पी.पाइप, पी.पी.आर.पाइप, जी.आई.पाइप ४३ पटकमा रु.१ करोड ५७ लाख ६९ हजार, फिटिङ्गस् २७ पटकमा रु.१ करोड ४२ लाख २३ हजार र ट्रान्सफरमर रु.६८ लाख २३ हजार समेत रु.३ करोड ६८ लाख १५ हजारका मालसामान उपभोक्ता समितिबाट खरिद गरी आपूर्तकलाई भुक्तानी दिन अनुरोध गरेको आधारमा कार्यालयले आपूर्तकलाई भुक्तानी दिएको देखियो । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५६. **लागत सहभागिता** - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वाग्मती प्रदेशबाट स्वीकृत साना कृषि सडक निर्माण मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद-४ को बुँदा ९ मा साना कृषि सडक निर्माण तथा मर्मतमा साझेदार संस्थाले १० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ । उक्त प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले लाभग्राही समितिबाट लागत सहभागिता नगराउने निर्णय गरी ९७ उपभोक्ता समितिलाई रु.२८ करोड २५ लाख ८५ हजार भुक्तानी गरेकोले लागत सहभागिताको अंश रु.२ करोड ८३ लाख प्रदेश सरकारलाई थप व्ययभार परेको छ । प्रदेश सरकारअन्तर्गत सञ्चालित कुनै योजनामा लागत सहभागिता गराउने र कुनैमा नगराउने अवस्था देखिएको छ ।

५७. **विद्यालय अनुदान** - वाग्मती प्रदेश सामाजिक विकास मन्त्रालयले विभिन्न विद्यालय तथा सामुदायिक क्याम्पसको नाम नै उल्लेख गरी शिक्षा निर्देशनालयलाई अख्तियारी दिएको छ । उक्त निर्देशनालयले रु.८१ करोड २० लाख अनुदान दिएकोमा विद्यालय तथा क्याम्पस छनौटको आधार पेस भएन । मन्त्रालयले बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता प्रोत्साहन, प्रयोगशाला व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्था, भवन निर्माण जस्ता अनुदान प्राप्त संस्थाको कामको प्रगति र उद्देश्यमूलक उपयोगको सुनिश्चितता हुने गरी अभिलेख व्यवस्थित गरेको समेत देखिएन । अतः अनुदान व्यवस्थित गर्न अनुदान दिने आधार तय गर्नुपर्ने र अनुदान वितरणको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्दछ ।

५८. **विद्यालय भवन निर्माण अभियान** - बाग्मती प्रदेश सामाजिक विकास मन्त्रालय कार्यसञ्चालन निर्देशिकामा सामुदायिक विद्यालय भवन निर्माण कार्यको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट आयोजना सञ्चालन गर्ने प्रस्ताव माग गर्ने र प्रस्ताव स्वीकृत भएका विद्यालयसँग सम्झौता गरी अनुदान दिने उल्लेख छ । यो वर्ष कार्यसञ्चालन निर्देशिकामा सामुदायिक विद्यालयको नाम उल्लेख गरी ३८ सामुदायिक विद्यालयलाई रु.२० लाखको दरले रु.७ करोड ७५ लाख ८७ हजार अनुदान दिएको छ । निर्मित भवन तथा संरचनाहरु भवन संहिताको मापदण्ड अनुरुप गुणस्तरयुक्त भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

५९. **विद्यालय प्रयोगशाला अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहमा रहेको छ । प्रदेश नं.१ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशअन्तर्गका २९ विद्यालयलाई मन्त्रीस्तरीय निर्णयबाट नमूना विज्ञान प्रयोगशाला प्रवर्द्धन सहयोग कार्यक्रमअन्तर्गत प्रति विद्यालय रु.९ देखि १० लाखका दरले २९

विद्यालयलाई रु.२ करोड ७४ लाख ६७ हजार निकासा गरेको छ । यसैगरी सामाजिक विकास मन्त्रालयबाट समेत यस वर्ष विभिन्न विद्यालयलाई विज्ञान प्रयोगशालाका लागि रु.८ करोड ९० लाख ५० हजार खर्च गरेको छ । स्थानीय तहको क्षेत्राधिकार अन्तर्गतका विद्यालयलाई समन्वय बेगर प्रदेशका अलग अलग मन्त्रालय र स्थानीय तहसमेतबाट समान कार्यका लागि अनुदान दिँदा दोहोरो खर्च हुन जाने देखिन्छ । तसर्थ विद्यालयलाई अनुदान दिँदा निकायगत समन्वय गरी एकै निकायबाट दिनु उपयुक्त हुने देखिन्छ ।

६०. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धाको आधारमा खरिद कार्य गर्नुपर्नेमा यो वर्ष फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टरलगायतका सामग्री प्रतिस्पर्धा बेगर पटक पटक सोझै खरिद गरी प्रदेश नं.१ ले रु.८ करोड १६ लाख ८६ हजार, प्रदेश नं.२ ले रु.२५ करोड ७९ लाख ६ हजार, वाग्मती प्रदेशले रु.१७ करोड ४७ लाख १० हजार, गण्डकी प्रदेशले रु.१ करोड ५३ लाख ३ हजार, प्रदेश नं.५ ले रु.२ करोड ३ लाख ८२ हजार, कर्णाली प्रदेशले रु.८ करोड ६९ लाख र सुदुरपश्चिम प्रदेशले रु.४ करोड ४७ लाख ९९ हजारसमेत रु.६८. करोड १६ लाख ८६ हजार भुक्तानी गरेका छन् । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली, २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी प्रक्रियासमेत अवलम्बन गरेको देखिएन । सार्वजनिक खरिद ऐन तथा नियमको व्यवस्था पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

६१. **मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ । प्रदेश नं.१ को खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाँचथरले पोलिथिन तथा जी.आई. पाइप रु.४ करोड ८१ लाख ३० हजार र फिटिङ्स रु.१० करोड ८२ लाख १८ हजारसहित रु.१५ करोड ६३ लाख ४८ हजारको खरिद गरी मौज्दात राखेको पाइयो । त्यस्तै सुदूरपश्चिम प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलाली, बैतडी, डँडेल्धुरा र डोटीले आर्थिक वर्षको अन्तमा रु.३७ करोड ५७ लाख ०७ हजार बराबरको पाइप तथा फिटिङ्गस सामान मौज्दात रहने गरी खरिद गरेका छन् । आयोजनाको प्रगति र आवश्यकताको आधारमा खरिद गनुपर्नेमा बजेटको आधारमा खरिद गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६२. **न्यून प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फसमेत मध्यनजर गर्दै मिलोमतो भएको पुष्टि भएमा ऐनको प्रावधानअनुरुप बोलपत्र रद्द गर्न सक्ने व्यवस्था छ ।

६२.१. पूर्वाधार विकास कार्यालय, पाँचथरले यो वर्ष सडक मर्मत सुधार, नयाँ ट्र्याक खोल्ने तथा सडक कालोपत्रे लगायतका कामको लागि ५ प्याकेजको लागत अनुमान रु.२ अर्ब ६६ करोड ६९ लाख ९९ हजारको भएकोमा अन्तिम मितिमा १ मात्र बोलपत्र बाँकी राखी अन्य बोलपत्र फिर्ता भएको र लागत अनुमानकै हाराहारीमा रु.२ अर्ब ६३ करोड ९१ लाख ६० हजारको ठेक्का सम्झौता गरेको छ ।

६२.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाँचथरले यो वर्ष १०९ ठेक्काको लागत अनुमान रु.८४ करोड ८६ लाख ६६ हजार रहेकोमा रु.८४ करोड ५६ लाख ४६ हजार (लागत अनुमानको तुलनामा ०.००४ प्रतिशतदेखि १.०८ प्रतिशत र औसतमा ०.३६ प्रतिशतसम्म घटी) मा ठेक्का सम्झौता गरेको छ । कार्यालयबाट स्वीकृत भएका अन्य ठेक्कामा लागत अनुमानको ४९.७२ प्रतिशतसम्म घटीमा सम्झौता भई कार्य सम्पन्न भएको देखिन्छ ।

६२.३. पूर्वाधार विकास कार्यालय, गुल्मीले ५६ ठेक्काको लागत अनुमान रु.११ करोड ४३ लाख २४ हजार रहेकोमा रु.११ करोड ४३ लाख २४ हजार ( लागत अनुमानको ०.८९ प्रतिशत घटी) मा ठेक्का सम्झौता भएको देखियो ।

६२.४. पूर्वाधार विकास कार्यालय, दाङका ९७ ठेक्कामा लागत अनुमान रु.७१ करोड ९० लाख ९५ हजार रहेकोमा रु ५० करोड ७५ लाख ४७ हजार (औसत २९.४२ प्रतिशत घटी) मा ठेक्का सम्झौता भएको मध्ये ११ ठेक्कामा औसतमा १.६५ प्रतिशत घटीमा सम्झौता भएको छ ।

सार्वजनिक खरिद ऐन नियमबमोजिम खरिद कार्यमा प्रतिस्पर्धा कायम हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

६३. **नर्म्स** - प्रदेश नं.५ को भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, रुपन्देहीले स्थानीय विकास पूर्वाधार विभाग (डोलिडार) को नर्म्समा १ घनमिटर ग्राभेलिङ्ग (सब बेस) कार्य गर्न १.१० घनमिटर ग्राभेल लाग्ने उल्लेख भएकोमा सडक विभागको प्रतिघनमिटर ग्राभेल गर्न १.२८ घनमिटरको नर्म्स प्रयोग गरी प्रतिघनमिटर ०.१८ बढी परिमाणमा ग्राभेल खपत देखाई ४ ठेक्कामा रु.४८ लाख ६० हजार बढीको लागत अनुमान स्वीकृत गरी ठेक्का बन्दोबस्त भएको छ । स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्दछ ।

६४. **पूर्वनिर्धारित क्षतिपूर्ति** - डिभिजन सडक कार्यालय, रुकुम (पश्चिम) बाट ठेक्का सम्झौता भई कार्यान्वयनमा आएका ठेक्का सम्झौतामध्ये २१ ठेक्का निर्माण व्यवसायीबाट म्यादभित्र सम्पन्न नगरेको र म्याद थप पनि नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.२ करोड ७२ लाख १३ हजार असुल गर्नुपर्ने देखिन्छ ।

६५. **सवारीसाधन खरिद** - सवारीसाधन खरिद सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

६५.१. प्रदेश नं.१ अन्तर्गत ८ मन्त्रालय तथा निकायले रु.४२ करोड ६० लाख ९३ हजारको सवारीसाधन खरिद गरेका छन् । प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, र मितव्ययितासम्बन्धी निर्देशिका, २०७५ अनुसार मुख्यमन्त्री वा समानस्तरका पदाधिकारीलाई रु.१ करोडसम्मको र सभामुख, मन्त्री तथा प्रमुख सचिवलाई रु.७५ लाखसम्मको सवारीसाधन उपलब्ध गराउने मापदण्डविपरीत आन्तरिक मामला तथा कानुन मन्त्रालयले प्रति थान रु.१ करोड ७९ लाख ५० हजार र रु.२ करोड ७ लाख ५० हजार पर्ने सवारीसाधन खरिद गरेको छ ।

६५.२. प्रदेश नं.२ अन्तर्गतका १८ निकायले ३५ सवारीसाधन तथा मोटरसाइकल खरिद गरी रु.२८ करोड ९८ लाख २५ हजार खर्च गरेको पाइयो ।

६५.३. वाग्मती प्रदेशअन्तर्गत मुख्यमन्त्रीको कार्यालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसमेतले रु.१० करोड ९३ लाख ४४ हजारको सवारीसाधन खरिद गरेको देखिन्छ । स्वीकृत मापदण्डअनुसार महाशाखा/प्रमुख कार्यालय प्रमुखलाई बढीमा ३० लाख रुपैयाँसम्मको कार वा जिप उपलब्ध गराउने व्यवस्था भए तापनि रु.८६ लाख ७१ हजारका २ सवारीसाधन खरिद गरेको छ । प्रदेश सभा सचिवालयले बजेट अनुमान रु.३ करोड गरेकोमा रु.६ करोड २७ लाख २९ हजारको १० जिप र १७ मोटरसाइकल खरिद गरेको छ ।

६५.४. गण्डकी प्रदेशअन्तर्गत प्रदेश सभा सचिवालय, मुख्य मन्त्रीको कार्यालय, अर्थ मन्त्रालयलगायतका निकायले रु.१५ करोड ७४ लाख ६८ हजारको ३५ सवारीसाधन खरिद गरेको देखिन्छ ।

६५.५. प्रदेश नं.५ सरकारले सवारीसाधन खरिदमा रु.३५ करोड ६६ लाख ३५ हजार, मर्मतमा रु.३ करोड ४३ लाख २ हजार र इन्धनमा रु.३ करोड ७२ लाख २७ हजार खर्च गरेको छ ।

६५.६. कर्णाली प्रदेश सरकारले आन्तरिक स्रोतबाट रु.१४ करोड ८५ लाख मूल्यका सवारीसाधन खरिद गर्ने गरी बजेट व्यवस्था गरे पनि बजेट पूर्वानुमान गर्दा उल्लेख नगरेको स्रोतबाट रकमान्तर गरी रु.३४ करोड ५ लाख ४१ हजार मूल्यका सवारीसाधन खरिद गरेको देखियो ।

६५.७. सुदूरपश्चिम प्रदेशले ९ प्रदेश प्रहरी कार्यालयका लागि रु.३ करोड ३२ लाख ९१ हजारमा ९ थान पिक अप गाडी खरिद गरी भुक्तानी गरेको छ । ती प्रहरी कार्यालय संघीय बजेटबाट सञ्चालन भएका र प्रदेश मन्त्रालयलाई हस्तान्तरण नहुँदै सवारीसाधन खरिद गर्न बजेट व्यवस्था गरी खर्च गरेको छ ।

मापदण्ड प्रतिकूल तथा आवश्यकताभन्दा बढी सवारीसाधन खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६६. **परामर्शसेवा खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बीस लाख रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न सकिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

६६.१. प्रदेश नं.१ को भौतिक पूर्वाधार विकास मन्त्रालय तथा अन्तर्गतका ३ निकायले सडक, पुल, भ्यू टावर, सिँचाइ कुलोलगायतका निर्माण कार्यको सर्भे, ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्ने कार्य २४ परामर्शदाताबाट गराई रु.९ करोड ३२ लाख ९६ हजार भुक्तानी गरेको देखिन्छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले वृत्तचित्र, पर्यटन पूर्वाधार गुरुयोजना निर्माण, सम्भाव्यता अध्ययन, पर्यटकीय तथ्याङ्क अद्यावधिक गर्ने सफ्टवेयर तथा मोबाइल एप निर्माण, केबलकार सम्भाव्यता अध्ययन, जलमार्ग सम्भाव्यता, जस्ता कामको डिटेल डिजाइन, अध्ययन जस्ता परामर्शको लागि रु.२० लाखमा नबढ्ने गरी ४८ वटा लागत अनुमान तयार गरी रु.४ करोड ९५ लाख १७ हजार भुक्तानी गरेको छ ।

६६.२. प्रदेश नं.२ को भौतिक पूर्वाधार विकास मन्त्रालयले यो वर्ष १५८ र यातायात पूर्वाधार निर्देशनालयले २७ स्थानको विस्तृत परियोजना प्रतिवेदन तयार गरेबापत परामर्शदातालाई रु.११ करोड ७५ लाख ९९ हजार भुक्तानी गरेको छ ।

६६.३. वाग्मती प्रदेश भौतिक योजना मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतका ५ निकायले सडक खानेपानी, कागज उद्योग स्थापना, जुस उद्योग, काष्ठहस्तकला उद्यमजस्ता विभिन्न क्षेत्रको अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरी रु.२६ करोड ७६ लाख ४० हजार भुक्तानी गरेको छ ।

६६.४. गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका ५ निकायले औद्योगिक क्षेत्र स्थापना, केबलकार सञ्चालन, पर्यटन क्षेत्रलगायत सम्भाव्यता अध्ययन गर्न रु.९ करोड ४७ लाख ८६ हजार खर्च गरेको छ ।

६६.५. प्रदेश नं ५ अन्तगर्त भौतिक पूर्वाधार, कृषि वन, उधोग वन तथा पर्यटन मन्त्रालय र मातहत निकायले सडक सम्भाव्यता अध्ययन डी.पी.आर. तयारीलगायतका कार्यमा रु.१० करोड ३४ लाख परामर्श खर्च गरेको देखन्छ ।

६६.६. कर्णाली प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत ३ निकायले सडक, खानेपानीलगायतको विस्तृत आयोजना प्रतिवेदन तयार गरेबापत रु.७ करोड २७ लाख ९५ हजार खर्च लेखेको छ । पूर्वाधार विकास कार्यालय, जुम्लाले प्रदेश राजधानी जोड्ने सडक तथा रणनीतिक सडकको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न २८ परामर्शदातासंग कुल रु.१ करोड ३८ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय, सुर्खेतले विभिन्न परामर्शदातासँग दरभाउपत्र लिई कुल रु.५ करोड २० लाख ३६ हजारको सम्झौता गरी कार्य गरेको देखियो ।

६६.७. सुदूरपश्चिम प्रदेशले पुँजीगत अनुसन्धान तथा परामर्शमा रु.३३ करोड ७२ लाख ४ हजार खर्च गरेको छ ।

वार्षिक कार्यक्रम स्वीकृत भएपछि उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट परामर्शदाता छनौट गर्नुपर्नेमा बोलपत्रको सीमाभन्दा घटीको स-साना प्याकेजको लागत अनुमान तयार गरी सोझै खरिद

कार्य गरेको छ । यस्ता प्रतिवेदनको अभिलेखसमेत राखेको छैन । प्रचलित ऐन नियमअनुसार परामर्श सेवा खरिद गरी खर्चको सार्थकता कायम गरिनुपर्दछ ।

६७. **आपतकालीन कार्यसञ्चालन केन्द्र** - प्रदेश नं.१, आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट १३७ स्थानीय तहमा आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनको लागि प्रदेश सरकारबाट निर्माण हुने विपद व्यवस्थापनसम्बन्धी पोर्टल तथा मोबाइल एप्लिकेसन उपलब्ध गराई प्रत्येक स्थानीय तहको लागि १ थान डेक्सटप कम्प्युटर, १ थान प्रिन्टर र १ थान मोबाइल सेट रु.१ करोड १७ लाख ६६ हजारमा खरिद गरी हस्तान्तरण गरेको छ । लेखापरीक्षणको सिलसिलामा मोरङका १३ स्थानीय तहको निरीक्षण गर्दा हस्तान्तरित यी सामानहरु विपद्सम्बन्धी काममा प्रयोग गरेको देखिएन् । उक्त खर्चको उपादेयता सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको पनि पाइएन । उद्देश्यअनुसार सम्पत्तिको उपयोग हुनुपर्दछ ।

## लेखापरीक्षण बेरुजू

- **यो वर्षको बेरुजू** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७५।७६ को लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(रु. लाखमा)

| प्रदेश नं. | लेखापरीक्षण गरिएको कार्यालय संख्या | लेखापरीक्षण रकम | पेस्कीसमेत बेरुजू रकम | बेरुजूमध्ये पेस्की रकम | लेखापरीक्षण रकमको तुलनामा बेरुजू प्रतिशत | पेस्कीबाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २०० | ३४६६४९ | १६७३९ | ९०४४ | ४.८२ | २.२१ |
| २ | १२६ | २५७३१४ | १८२५४ | ५५२७ | ७.०९ | ४.९४ |
| वाग्मती | १९१ | ३९४७५४ | ९८७३ | ४७६६ | २.५० | १.२९ |
| गण्डकी | १४९ | २३८९२७ | १६४४७ | ११२४३ | ६.८८ | ४.७० |
| ५ | १५३ | ३०२८३८ | ९४६८ | ३२२४ | ३.१३ | २.०६ |
| कर्णाली | १३४ | १९००४९ | ५१७० | २२९३ | २.७२ | १.५१ |
| सुदूरपश्चिम | १२७ | २२८२४९ | ८८२९ | ३९०१ | ३.८७ | २.१६ |
| **जम्मा** | **१०८०** | **१९५८७८०** | **८४७८०** | **३९९९८** | **४.३३** | **२.०४** |

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजू प्रदेश नं. २ को ७.०९ प्रतिशत र सबैभन्दा कम बेरुजू वाग्मती प्रदेशको २.५० प्रतिशत रहेको छ ।

- **अद्यावधिक बेरुजू** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रु.१९ करोड ५१ लाख रहेकोमा सम्परीक्षणबाट रु.९ लाख फछ्र्यौट भएको र यो वर्ष रु.८ अर्ब ४७ करोड ८० लाख थप भई अद्यावधिक बेरुजू रु.८ अर्ब ६७ करोड २२ लाख रहेको छ । सो रकममा रु.४ अर्ब १० करोड ७४ लाख पेस्की रहेको छ । यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. लाखमा)

| प्रदेश नं. | गत वर्षसम्मको बाँकी | सम्परीक्षणबाट फछ्र्यौट | बाँकी बेरुजू | यो वर्षको थप बेरुजू | दोस्रो प्रतिवेदनसम्मको बाँकी | बेरुजू बाँकीमध्ये पेस्की |
|---|---|---|---|---|---|---|
| १ | २२३ | २ | २२१ | १६७३९ | १६९६० | ९०४४ |
| २ | १६४६ | ० | १६४६ | १८२५४ | १९९०० | ६५९८ |
| वाग्मती | १० | ० | १० | ९८७३ | ९८८३ | ४७६६ |
| गण्डकी | ५ | ४ | १ | १६४४७ | १६४४८ | ११२४४ |
| ५ | ५ | ० | ५ | ९४६८ | ९४७३ | ३२२८ |
| कर्णाली | २ | ० | २ | ५१७० | ५१७२ | २२९३ |
| सुदूरपश्चिम | ६० | ३ | ५७ | ८८२९ | ८८८६ | ३९०१ |
| **जम्मा** | **१९५१** | **९** | **१९४२** | **८४७८०** | **८६७२२** | **४१०७४** |

# खण्ड - ३

# स्थानीय तह

# स्थानीय तह

नेपालको संविधान जारी भएपछि जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको निर्वाचन भई आवश्यक कर्मचारीको व्यवस्थापन, कानुन निर्माण र कार्यान्वयनका कार्यहरू भइरहेका छन् । सबै स्थानीय तहले संविधानबमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान र सो स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवाप्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने आफूबाट सम्पादन भएका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने, आर्थिक सुशासन व्यवस्थापन गर्ने लगायतका कार्यहरु सम्पादन गरेका छन् ।

१. **संवैधानिक र कानुनी व्यवस्था -** संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ ।

२. **काम, कर्तव्य र अधिकार -** स्थानीय तहको अधिकार संविधानको अनुसूची-८ मा उल्लेख छ । स्थानीय तहको अधिकारमा नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरुको व्यवस्थापन लगायतका विषय रहेका छन् । सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्न सक्ने व्यवस्था छ ।

३. **संरचना -** कुल ७५३ स्थानीय तहमध्ये प्रदेश नं.१ मा १३७, प्रदेश नं.२ मा १३६, वाग्मती प्रदेशमा ११९, गण्डकी प्रदेशमा ८५, प्रदेश नं.५ मा १०९, कर्णाली प्रदेशमा ७९ र सुदूरपश्चिम प्रदेशमा ८८ रहेका छन् । गाउँपालिकामा कम्तीमा ५ र बढीमा १५ वडा तथा नगरपालिकामा कम्तीमा ९ र बढीमा ३५ वडा रहने गरी स्थानीय तहको गठन हुने व्यवस्था छ । स्थानीय तहको संख्या सीमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनौटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन् ।

४. **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानुनहरु उपलब्ध गराएको र अन्य आवश्यक कानुनहरु निर्माणको क्रममा रहेको देखिन्छ ।स्थानीय तहको लागि ४० भन्दा बढी कानुन आवश्यक पर्ने अवस्था रहेको छ । यो वर्षसम्म २१८ स्थानीय तहबाट ३ हजार ९८४ कानुन निर्माण भएको आधारबाट

औषतमा १८ ऐन, कानुन, कार्यविधि र नियमावली तर्जुमा गरेको अवस्था देखिन्छ । आवश्यकता अनुसार कानुनहरु नवनेको सन्दर्भमा स्थानीय तहको कार्यसम्पादन, सेवाप्रबाहमा प्रभावकारिता ल्याउन आवश्यक कानुन निर्माणमा स्थानीयतहहरु थप सक्रिय हुनुपर्ने जरुरी देखिएकोछ ।

५. **आर्थिक कार्यप्रणाली -** संविधानको धारा २२८ देखि २३० सम्म स्थानीय तहको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था छ । कानुनबमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, पुँजी र श्रमबजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउनुपर्ने व्यवस्था छ । स्थानीय तहमा एक स्थानीय सञ्चितकोष रहने, सो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण रकम र आन्तरिक रुपमा उठाएको राजस्व तथा अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने र स्थानीय कानुनबमोजिम खर्च गर्ने उल्लेख छ । स्थानीय तहले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कानुनबमोजिम गाउँ सभा वा नगर सभाले पारित गर्नुपर्ने र राजस्व तथा व्ययको अनुमान पेस गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्ने उल्लेख छ । राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न स्थानीय तहहरुले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन बनाएका छैनन् । वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता पर्वद्धन हुने गरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ ।

६. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय तहको कार्य सञ्चालनभित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्ने, विषयगत क्षेत्र तोकिएको छ । सो कार्य सम्पादन गर्न स्थानीय तहको लागि ६६ हजार ९०८ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७६।३।३१ सम्म ४३ हजार ८०६ जनाको समायोजन भएको अवस्था छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवाप्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पूर्ति नहुँदा कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

७. **वार्षिक योजना तथा बजेट तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । स्थानीय तहहरुले बजेटको पूर्व तयारी, सीमा, विषयगत क्षेत्र, स्रोत अनुमान र आयोजना प्राथमिकीकरणका आधारमा बजेट तर्जुमा गर्दा प्राथमिकताक्रम निर्धारण गरेको र बजेट तर्जुमा गर्नुपूर्व भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधारलगायतका क्षेत्रको यथार्थ स्थिति देखिने स्थानीय तहको प्रोफाइल तयार गरी सार्वजनिक गरेको देखिंदैन । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीयको सहभागिता सुनिश्चित हुने गरी योजना तर्जुमा प्रणाली सुदृढ हुन सकेको छैन ।

त्यस्तै आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ । सो समितिले ऐनको दफा ६७ बमोजिम आगामी वर्षको बजेट, कार्यक्रम, सीमा, छनौट लगायतको प्रक्रियालाई सभामा पेस गरी योजना तर्जुमा प्रक्रियाको कार्यान्वयन भएको छैन । सो अनुरुपको प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

८. **स्रोतको अनुमान तथा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको अनुमान

कार्यपालिकाबाट स्वीकृत गरी प्रत्येक वर्षको आषाढ १० भित्र सभामा पेस गरी सोही महिनाको अन्तसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष संघ तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक स्रोततर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै स्रोतगत खर्च देखिने गरी बजेट तयार गरेको देखिएन । राजस्व बाँडफाँड, वित्तीय समानीकरण र आन्तरिक स्रोत सबै रकमलाई एउटै बास्केटमा राखी बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पुँजीगत प्रकृतिको कार्यमा खर्च गरेको छ । स्थानीयतहहरुले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ ।

९. **मध्यमकालीन खर्च संरचना** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहहरुले सो बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले तयार गर्नुपर्दछ ।

१०. **बजेट पारित** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण आषाढ १० भित्र सभामा पेस गर्नुपर्ने व्यवस्था छ । साथै दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १०५ स्थानीय तहले निर्धारित समयमा बजेट पारित नगरेकोले कानुनको पालना गर्नुपर्ने देखिन्छ ।

११. **विनियोजनभन्दा बढी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । गाउँ/नगर सभाले विनियोजन गरेको भन्दा ६८ स्थानीय तहले रु ४० करोड ९० लाख ७२ हजार बढी खर्च गरेका छन । निर्धारित बजेटको सीमा नाघि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १०७ स्थानीय तहले रु.४ अर्ब ४९ करोड ७४ लाख ९० हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डामा रकम विनियोजन गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **अनुदान** - यो वर्ष संघीय सरकारबाट स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रु.८५ अर्ब २८ करोड १९ लाख, सशर्त अनुदान रु.१ खर्ब २० अर्ब ७१ करोड ७५ लाख, समपूरक अनुदान रु.२ अर्ब ९० करोड ७२ लाख र विशेष अनुदान रु.१ अर्ब ८० करोड ८७ लाखसमेत रु.२ खर्ब १० अर्ब ७१ करोड ५३ लाख हस्तान्तरण भएको छ । प्रदेश सरकारबाट यो वर्ष स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान रु.४ अर्ब ४२ करोड १ लाख, सशर्त अनुदान रु.७ अर्ब ९९ करोड ४३ लाख,

समपूरक अनुदान रु.१ अर्ब ८६ करोड २३ लाख र विशेष अनुदान रु.९४ करोड ४७ लाख समेत रु.१५ अर्ब २२ करोड १४ लाख हस्तान्तरण गरेको समेत स्थानीय तहलाई संघ र प्रदेशबाट कुल रु.२ खर्ब २५ अर्ब ९३ करोड ६७ लाख अनुदान उपलब्ध गराएको छ ।

१४. **प्रदेश सरकार र स्थानीय सरकारबीचको सम्बन्ध -** संवैधानिक व्यवस्थाअनुसार तीन तहबीचको सम्बन्ध समन्वय, सह-अस्तित्व र सहकारिताको सिद्धान्तमा आधारित हुने र संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय गर्न संघीय संसदले आवश्यक कानुन बनाउने व्यवस्था छ । यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ मा प्रदेश र स्थानीय तहबीच समन्वय गर्न एक समन्वय परिषदको व्यवस्था छ । गण्डकी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशले सशर्त अनुदान, प्रदेश नं १ तथा २ ले समपुरक अनुदान, र प्रदेश नं १, २, ५ तथा कर्णालीले विशेष अनुदानको रकम स्थानीय तहलाई हस्तान्तरण गरेका छैनन । त्यस्तै स्थानीय तहमा प्राकृतिक स्रोतको बिक्रीबाट रकम सङ्कलन भएकोमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम विभाज्य रकम प्रदेश सरकारमा हस्तान्तरण नगरेको अवस्था छ । विकास निर्माणमा सन्तुलन कायम गर्न उक्त परिषदमार्फत् प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ ।

१५. **राजस्व परिचालन -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको केन्द्रीय विवरणअनुसार स्थानीय तहले यो वर्ष संघीय राजस्व बाँडफाँडबाट रु.४४ अर्ब १८ करोड २३ लाख १० हजार, प्रदेश राजस्व बाँडफाँडबाट रु.४ अर्ब ५९ करोड ६१ लाख ८ हजार र आन्तरिक राजस्व आय रु.२६ अर्ब ७३ करोड ३२ लाख ४३ हजार समेत रु.७५ अर्ब ५१ करोड १६ लाख ६१ हजार राजस्व परिचालन गरेका छन् । स्थानीय तहको लेखापरीक्षणबाट गत वर्षको मौज्दात रु.४१ अर्ब २४ करोड ७२ लाख ९० हजार देखिएकोमा उक्त कार्यालयले पेस गरेको एकीकृत हिसाबमा रु.२५ अर्ब ६७ करोड ६९ लाख ९१ हजार रहेको छ । फरक परेको रु.१५ अर्ब ५७ करोड २ लाख ९९ हजार सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

१६. **वैदेशिक सहायता र शोधभर्ना -** यो वर्ष नेपाल सरकारले दाताको संयुक्त कोष, अमेरिकी सहयोग नियोग लगायतबाट प्राप्त सहायतामध्ये शोधभर्ना हुने अनुदान रु.४ अर्ब ४८ करोड ११ लाख र विद्यालय क्षेत्र विकास योजनातर्फको ऋण रु.४ अर्ब १८ करोड ८२ लाखसमेत रु.८ अर्ब ६६ करोड ९१ लाख स्थानीय तहहरुलाई उपलब्ध गराएको छ । उक्त अनुदान तथा ऋण रकमबाट खर्च गरेपछि दाताको शर्तअनुसार प्रगति विवरण एवं शोधभर्ना माग गर्नुपर्नेमा सो रकमलाई सिधै सरकारी स्रोतको रुपमा खर्च लेखाङ्कन गरेको छ । दातालाई खर्चको विवरण उपलब्ध गराई शोधभर्ना माग नगरेको कारणले सो रकम नेपाल सरकारको स्रोतमा व्ययभार परेको छ । कार्य प्रगतीको आधारमा शोधभर्ना माग गरी दाताको रकम खर्च हुनेगरी खर्च लेखाङ्कन पद्धतिमा तत्काल सुधार गर्नुपर्दछ ।

१७. **आर्थिक कारोबार र लेखापरीक्षण -** कुल ७५३ स्थानीय तहमध्ये यो वर्ष ७४३ स्थानीय तहको रु.७ खर्ब ३८ अर्ब २३ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । प्रदेशगत स्थानीय तहको विस्तृत विवरण अनुसूची-१४ मा छ ।

यस्तै गत वर्ष २०७४।७५ को ४ स्थानीय तहको रु.२ अर्ब ४२ करोड ४८ लाखको लेखापरीक्षण यो वर्ष सम्पन्न भएको छ । सोसमेत यो वर्ष रु.७ खर्ब ४० अर्ब ६५ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

१८. **समग्र आय व्यय -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको केन्द्रीय विवरणअनुसार यो वर्ष स्थानीय तहले संघ र प्रदेशबाट हस्तान्तरण गरेको अनुदान रु.२ खर्ब २५ अर्ब ९३ करोड ६७ लाख, संघीय राजस्व बाँडफाँडबाट रु.४४ अर्ब १८ करोड २३ लाख, प्रदेश राजस्व बाँडफाँडबाट रु.४ अर्ब ५९ करोड ६१ लाख, आन्तरिक राजस्व आय रु.२६ अर्ब ७३ करोड ३२ लाख र गत वर्षको मौज्दात रु.४१ अर्ब

२४ करोड ७३ लाख समेत रु.३ खर्ब ४२ अर्ब ६९ करोड ५६ लाख आय प्राप्त गरेको मध्ये रु.२ खर्ब ६९ अर्ब ४ करोड ३० लाख खर्च गरी रु.७३ अर्ब ६५ करोड २६ लाख मौज्दात रहेको छ । लेखापरीक्षणको लागि ७४३ स्थानीय तहहरुले पेस गरेको वित्तीय विवरणको एकीकृत तथ्याङ्कअनुसार मौज्दात रु ६७ अर्ब २२ करोड ८५ लाख देखिएकोले उक्त दुई विवरणबीच रु.६ अर्ब ४२ करोड ४१ लाख फरक परेकोछ । एकीकृत हिसाब अद्यावधिक बनाउनुपर्दछ ।

१९. **जिम्मेवारी भिडान र मौज्दात -** स्थानीयतहहरुले सञ्चितकोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र खर्च स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्नेमा ९६ स्थानीय तहको रु.८६ करोड २ लाख २४ हजारको जिम्मेवारी भिडान भएको छैन । बैङ्क हिसाब मिलान विवरण तयार गरी बैङ्क मौज्दात यकिन हुन नसकी आम्दानीभन्दा बढी खर्च हुन गएको लगायत कारणले बैङ्क मौज्दत फरक परेको देखिन्छ ।

त्यस्तै १७ स्थानीय तहमा स्रेस्ताले देखाएको मौज्दातभन्दा बैङ्कमा रु.३ करोड ९८ लाख ९४ हजार घटी मौज्दात देखिएको छ । बैङ्क मौज्दात घटी भएको सम्बन्धमा छानबिन गरी न्यून भएको रकम यर्थाथता यकिन गरी असुल गर्नुपर्दछ ।

२०. **फिर्ता गर्नुपर्ने अनुदान -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष स्थानीय तहहरुलाई प्राप्त भएको अनुदान र खर्चको विवरण निम्नानुसार छः

(रु. लाखमा)

| प्रदेश नं | सशर्त अनुदान | | समपुरक अनुदान | | विशेष अनुदान | |
|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश |
| १ | २२२९०७ | ३१५३१ | ४७६० | - | २३४३ | - |
| २ | १७९५४७ | १३२८ | ३२०३ | - | २५९७ | - |
| वाग्मती | २१७११२ | ३७१४२ | ५१९८ | ८७५९ | २१४० | ६५०० |
| गण्डकी | १५४०७२ | - | २८४१ | १९० | ८१६ | ३२९ |
| ५ | १८५४२४ | ९९४१ | ६६०४ | ३८५२ | ३६४२ | - |
| कर्णाली | १११३७६ | - | १६१५ | ४२५३ | १४९२ | - |
| सुदूरपश्चिम | १३६७३५ | - | ४८५० | १५६९ | ५०५७ | २६१८ |
| **कुल अनुदान** | **१२०७१७३** | **७९९४२** | **२९०७१** | **१८६२३** | **१८०८७** | **९४४७** |
| **कुल खर्च** | **१०९२०६५** | **५४३५३** | **१९६६२** | **७३२०** | **१९६२३** | **६०८२** |
| **बाँकी** | **११५१०८** | **२५५८९** | **९४१०** | **११३०३** | **-१५३६** | **३३६५** |

संघीय तथा प्रदेश सरकारले जुन कामको लागि अनुदान दिएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्दछ । संघीय सरकारबाट प्राप्त अनुदानमध्ये बचत भएको रु.१२ अर्ब २९ करोड ८१ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदानमध्ये बचत भएको रु.४ अर्ब २ करोड ५७ लाख समेत रु.१६ अर्ब ३२ करोड ३९ लाख सम्बन्धित सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२१. **पेस्की -** स्थानीय तहले आर्थिक कार्यविधि कानुन नबनाएसम्मको लागि पेक्की फछ्र्यौट कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको व्यवस्थाअनुसार पेस्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिनेदिने दुवैको कर्तव्य हुने उल्लेख छ । स्थानीय तहले यो वर्ष दिएको पेस्कीमध्ये वर्षान्तसम्म फछ्र्यौट नभएको रु.८ अर्ब ७२ करोड १३ लाख रहेको छ । उक्त पेस्कीमध्ये म्याद नाघेको पेस्की करिब ५४ प्रतिशत रहेकोछ । त्यसैगरी रु.१ करोडभन्दा बढी पेस्की रहेका १९१ स्थानीय तहको मात्र रु.६ अर्ब ५४ करोड ५४ लाख रहेको छ । प्रदेश नं २ अन्तर्गतका स्थानीय

तहमा सबैभन्दा बढी रू.२ अर्ब २८ करोड पेस्की रहेको छ । यस्तो पेस्की रकम समयमा फछ्र्यौट गरी आर्थिक अनुशासन पालना गर्नुपर्दछ ।

२२. **धरौटी मौज्दात** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७ मा प्रयोजन समाप्त भएको धरौटी फिर्ता वा सदरस्याहा गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको एकीकृत आर्थिक विवरणअनुसार स्थानीय तहहरुको गत वर्षको धरौटी मौज्दात रु.१ अर्ब ९६ करोड ७७ लाख ८० हजार र यो वर्ष प्राप्त रु.३ अर्ब ४४ करोड १८ लाख ८५ हजारमध्ये फिर्ता गरेको रु.२ अर्ब १७ करोड १७ लाख ७० हजार घटाउदा रू.३ अर्ब २३ करोड ७९ लाख मौज्दात रहेको देखिन्छ । प्रयोजन समाप्त भएको धरौटी रकम यकिन गरी सदरस्याहा गर्नुपर्दछ ।

२३. **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम चौमासिक कार्य लक्ष्य तथा बजेटबमोजिम तोकिएको अवधिमा कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण सम्पन्न भएका ७४३ मध्ये ४६९ स्थानीय तहले पुँजीगत खर्च तेस्रो चौमासिकमा रु.७८ अर्ब ६७ करोड ६६ लाख र ४३३ स्थानीय तहले आषाढ महिनामा मात्र रु.४४ अर्ब ६७ करोड ६४ लाख खर्च गरेका छन् । वर्षान्तमा काम गराउँदा कामको गुणस्तर र दीगोपनामा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२४. **लेखा ढाँचाको प्रयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोबारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसार प्रतिवेदन गर्नुपर्दछ । स्थानीय तहहरुले महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सूत्र) सफ्टवेयरको प्रयोग गरी आय र खर्च सम्बन्धमा स्वीकृत फारामहरु प्रयोगमा ल्याई, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोबारको लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गर्नुपर्नेमा ४१८ स्थानीय तहले सूत्र सफ्टवेयर प्रयोग नगरेको, आय र खर्चको संकेत नम्बरहरु प्रयोगमा नल्याएको तथा सबै स्थानीय तहले नेप्सासअनुसार आर्थिक विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचा प्रयोग गरी खर्चको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

२५. **आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । यो वर्ष ३८६ स्थानीयतहले आन्तरिक लेखापरीक्षण नगराएको, केही स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने निकासाको मात्र लेखापरीक्षण गराएको तर समानीकरण अनुदान र आन्तरिक स्रोततर्फको रकमबाट भएको सबै खर्चको लेखापरीक्षण नगराएको, आन्तरिक लेखापरीक्षक नियुक्ति भएका स्थानीय तहले समयमा लेखापरीक्षण नगराएको कारणले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी भएको छैन । अधिकांश स्थानीय तहले कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको अवस्था छ । स्थानीय तहले जोखिम क्षेत्रको पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र आन्तरिक लेखापरीक्षण सम्बन्धमा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनुपर्दछ ।

२६. **सार्वजनिक सुनुवाइ एवं परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । अधिकांश स्थानीय तहमा उपभोक्ता समितिमार्फत्

सञ्चालित योजनामा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नभएकोले पारदर्शीता र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्न सकिएन । ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

२७. **बेरुजू फछ्र्यौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा स्थानीय तहको बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । स्थानीय तहहरुले बेरुजू फछ्र्यौट गर्ने गराउने प्रक्रियालाई व्यवस्थित गराउने कानुनको तर्जुमा गरेका छैनन् । बजेट बिनियोजन, स्वीकृति, खर्च प्रतिवेदन र बेरुजू फछ्र्यौटको व्यवस्था एउटै पदाधिकारीबाट सम्पादन हुँदा स्वार्थ बाझिने अवस्था आउन नदिने कानुनी तथा संस्थागत व्यवस्था मिलाउनुपर्दछ ।

२८. **अन्तिम लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने व्यवस्था छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन गाउँ सभा वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ । सोअनुसार नभएका व्यहोरा निम्नानुसार छन्ः

२८.१. आर्थिक वर्ष २०७५।७६ मा लेखापरीक्षण गराउनुपर्ने स्थानीय तहमध्ये सिरहाको भगवानपुर र नवराजपुर गाउँपालिका, धनुषाको जनकपुर उप-महानगरपालिका, सर्लाहीको वलरा र कविलासी नगरपालिका तथा वसवरिया गाउँपालिका, रौतहटको फतुवा विजयपुर नगरपालिका, पर्साको ठोरी र जिराभवानी गाउँपालिका र रामेछापको लिखु तामाकोशी गाउँपालिकासमेत १० स्थानीय तहले लेखापरीक्षण गराएका छैनन् ।

२८.२. आर्थिक वर्ष २०७४।७५ मा स्रेस्ता पेस नगरी सर्लाही, महोत्तरी, धनुषा र बझाङका ६ स्थानीय तहको लेखापरीक्षण बक्यौता रहन गएकोमा यो वर्ष ४ ले लेखापरीक्षण गराएका छन् भने सर्लाहीको वलरा नगरपालिका र महोत्तरीको सम्सी गाउँपालिकाले यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन् ।

२८.३. महोत्तरी जिल्लाका स्थानीय तह गौशाला, पिपरा, सम्सी र लोहारपट्टीलाई २०७३।७४ को स्रेस्ता पेस गरी लेखापरीक्षण गराउन अनुरोध गरिएकोमा यो वर्ष पनि लेखापरीक्षणका लागि स्रेस्ता पेस भएन ।

ती स्थानीय तहले लेखापरीक्षण गराउने जिम्मेवारी, उत्तरदायित्व तथा जवाफदेहिता लिएको पाइएन । ऐनको व्यवस्था बमोजिम समयमा वित्तीय विवरण तयार गरी पेस नगर्ने, स्रेस्ता कागजात उपलब्ध गराई लेखापरीक्षण नगराउने तथा जिम्मेवारी, जवाफदेहिता नलिने स्थानीय तहलाई अनुदान रोक्का गर्नेसमेत कारबाही गरी लेखापरीक्षण गराउने व्यवस्था हुनुपर्दछ ।

२९. **सेवा प्रवाह** - स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइलगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजनासमेत बनाउन नसकेको स्थिति छ । गाउँ/नगर सभाबाट धेरै संख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन् । स्थानीय तह आफैंले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत् गराउने कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन ।

३०. **वातावरणीय प्रभाव -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने, ढुङ्गा गिट्टी बालुवालगायतको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहको क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोके पनि यो वर्ष विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण कार्यमा आवश्यकताअनुसार बजेट एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सोअनुसार नगरेको, वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको, ढल निर्माणको एकीकृत बहुवर्षे योजना नबनाएको अवस्था छ । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

३१. **सवारी पार्किङ्ग -** महानगर तथा नगरोन्मुख शहरहरुमा भएको बढ्दो शहरीकरण र जनसंख्याको चापको कारण सवारीसाधनको आवागमन अत्याधिक वृद्धि भएको अवस्था छ । आवागमन तथा पार्किङ्ग गर्ने स्थानको अभावमा अनिश्चित पार्किङ्ग गर्ने प्रक्रियाले सवारी आवागमन तथा पैदल यात्रामा अवरोध पुगेको स्थिति छ । सवारी पार्किङ्गलाई व्यवस्थित बनाउन नगरपालिकाहरुले विकल्पको पहिचान गर्नुपर्दछ भने पसलहरु सञ्चालन गर्न अनाधिकृत रुपमा सडक पेटीमा व्यापार गर्ने अवस्थालाई नियन्त्रण गरी आवागमनमा सुधार ल्याइनुपर्दछ ।

३२. **स्वास्थ्य नीति तथा मापदण्ड -** स्वास्थ्य सेवा ३ वटै सरकारको साझा सूचीमा रहेकोमा संघ तथा प्रदेशले सोसम्बन्धी संघ संस्थाको गुणस्तर, दर्ता, सञ्चालन, अनुमति, नवीकरण, नियन्त्रणसम्बन्धी मापदण्ड बनाए पनि स्थानीय तहहरुले सञ्चालन गर्ने स्वास्थ संस्था तथा सेवासम्बन्धी मापदण्ड, कानुन तयार गरेको देखिएन । त्यस्तै औषधि बफर स्टक, स्वास्थ्य बीमा, औषधि पसलको अनुगमन, सूर्ती, मदिरा, लागू औषधलगायतका विषयको मापदण्ड/नीति तर्जुमासम्बन्धी कार्यहरु गरेका छैनन् । स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन यससम्बन्धी नीति तथा मापदण्ड निर्धारण गरिनुपर्दछ ।

३३. **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिमा परेको उजुरीहरुको प्रकृतिअनुसार ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी उजुरी १ हजार ५७३ समेत १६ हजार ९९७ उजुरीमध्ये २८६ स्थानीय तहले १० हजार ३७९ फछ्र्यौट गरी ६ हजार ६१८ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३४. **विविध कोष सञ्चालन -** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिकाको दफा ५.९ मा नगरपालिकाले ग-५ समूहको विशेष कोष खाता खोल्न सक्ने र कोष परिचालनलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत विवरणअनुसार स्थानीय तहहरुमा सञ्चालित ३७ कोषमा गत वर्षसम्मको मौज्दात रू.१ अर्ब ७० करोड ९५ लाख र यो वर्ष प्राप्त रू.३ अर्ब ३६ करोड ७७ लाखमध्ये रू.२ अर्ब २७ करोड ५१ लाख खर्च भई रू.२ अर्ब ८० करोड २१ लाख मौज्दात रहेको छ । मापदण्डबेगर कोषहरुमा रकम ट्रान्सफर गरी खर्च देखाउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३५. **बक्यौता रकम असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । स्थानीय तहहरुले उठ्नुपर्ने रकमको लगत तयार गरेको छैन । लेखापरीक्षणबाट सङ्कलित विवरण

अनुसार १३३ स्थानीय तहबाट रु.९३ करोड ७ लाख ५ हजार असुल गर्न बाँकी रहेको छ । उठ्न बाँकी राजस्वको लगत तयार गरी असुल गर्नुपर्ने र प्राप्त हुन बाँकी रकमलाई वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३६. **आन्तरिक आय व्यवस्थापन** - स्थानीय तहहरुको बजेटमा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीसम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँडको लागि कार्यविधि बनाउने र कानुनबमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, नुन, स्लेट जस्ता खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन् र सोसम्बन्धी रोयल्टी सङ्कलनलाई कार्यविधि बनाई व्यवस्थित गरिने उल्लेख छ । तर स्थानीय तहहरुले कार्यविधि बनाई प्रतिस्पर्धात्मक तवरले राजस्व सङ्कलन गर्ने गरेका छैनन् । स्थानीय तहमा ठूला योजनाहरु सञ्चालन तथा प्राकृतिक स्रोत साधन उत्खनन् र निकासी गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरिने उल्लेख गरेपनि सोअनुसार नगरी आयोजनाहरु सञ्चालन गरेको देखिएको छ ।

३७. **विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर र बहत्तर सङ्कलनबाट उठेको शुल्कमध्ये ६० प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चितकोषमा राखी ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले विभाज्य कोषमा रहेको बाँडफाँड गर्नुपर्ने रकमको हिसाब राखेका छैनन् । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत विवरणअनुसार स्थानीय तहहरुले प्राप्त गरेको ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर र बहत्तर सङ्कलनबाट उठेको शुल्क रु.३ अर्ब २९ करोड २६ लाखमध्ये रु.५९ करोड ३५ लाख बाँडफाँड गरेको र रु.२ अर्ब ६९ करोड ९१ लाख स्थानीय सञ्चितकोषमा राखेको देखियो । उक्त आम्दानीको ४० प्रतिशत रकम हिसाब गरी सम्बन्धित प्रदेश सञ्चितकोष दाखिला गर्नुपर्ने देखिन्छ । सो को अतिरिक्त विज्ञापन, मनोरञ्जन कर असुलीको यथार्थ अभिलेख नहुँदा विभाज्यकोषको बारेमा यकिन हुन सकेन । अभिलेख प्रणाली व्यवस्थित गरी विभाज्यकोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

३८. **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखाला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ४२० स्थानीय तहले नियमानुसार आयकर र बहाल कर रु.११ करोड ४५ लाख ४७ हजार कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्दछ ।

३९. **रीतपूर्वकको कर बीजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रीतपूर्कको कर बीजकबेगर सामान खरिद गरी २२१ स्थानीय तहले रु.१७ करोड ८६ लाख ३ हजार खर्च लेखेका छन् । त्यस्तै १३० स्थानीय तहले मूल्य अभिवृद्धि करमा नन्-फाइलर रहेकालाई रु.१२ करोड ४ लाख ७२ हजार भुक्तानी गरेका छन् । कानुनको पालना नगरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४०. **मूल्य अभिवृद्धि कर** - स्थानीय तहहरुले प्रकृतिक स्रोतको उपयोगको लागि ठेक्का व्यवस्थापन गर्दा बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा १५४ स्थानीय तहले रु.२६ करोड ६४ लाख २ हजार असुल गरेका छैनन् । मूल्य अभिवृद्धि कर रकम असुल गरी दाखिला हुनुपर्दछ ।

संघीय सरकारको आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्थाअनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करारअन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । ठेक्का करारको भुक्तानीमा ४०८ स्थानीयतहले मूल्य अभिवृद्धि करको ५० प्रतिशतले हुने रु.३६ करोड

९१ लाख ७२ हजार राजस्व दाखिला नगरी सम्बन्धित फर्मलाई भुक्तानी दिएको छ । उक्त मूल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ ।

४१. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधानसहित दर्ता नभएमा संस्थालाई कानुनी मान्यता दिन मिल्ने देखिँदैन । यो वर्ष विभिन्न निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

४२. **जटिल संरचना निर्माण** - उपभोक्ता समितिले जिम्मा लिएको काममा ठूला भारी मेसिन उपकरण प्रयोग गर्नु परेमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले गरेका निर्माण कार्यमा पूर्व स्वीकृतिबेगर भारी मेसिन प्रयोग गरी १४४ स्थानीय तहले रु.१ अर्ब ४६ करोड १८ लाख ९२ हजार खर्च गरेका छन् । कानुनको व्यवस्थाबमोजिम कार्य नगर्ने नगराउने सम्बन्धित कर्मचारी तथा उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ ।

४३. **सीमा भन्दा बढीको काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराउन सकिने व्यवस्था भएकोमा ४० स्थानीय तहले रु.१ करोडभन्दा बढी लागत भएका योजनाहरुको निर्माण कार्य उपभोक्तामार्फत् गराई रु.८६ करोड ९८ लाख २२ हजार खर्च गरेका छन् । नियमको व्यवस्थाविपरीत खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

४४. **उपभोक्ता योगदान** - उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लागत अनुमानमा उल्लिखित रकममध्ये जनसहभागिताको अंश खुलाई उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ ।उपभोक्ता समितिमार्फत् काम गराई ३८ स्थानीय तहले रु.२३ करोड ६० लाख ५१ हजारको कार्यमा जनसहभागिता नजुटाई खर्च लेखेका छन् । त्यस्तै २०२ स्थानीय तहले रु.१४ करोड ९४ लाख ३८ हजार उपभोक्ता अंश कट्टी नगरी उपभोक्ता समितिलाई भुक्तानी दिएका छन । उक्त रकम असुल गर्नुपर्दछ ।

४५. **ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । उपभोक्ता समितिलाई ३४ स्थानीय तहले ओभरहेड र मूल्य अभिवृद्धि कर रु.१ करोड ५० लाख ६५ हजारसमेत भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

४६. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी समावेश गर्ने व्यवस्था रहेको छ ।सार्वजनिक निर्माण कार्यको बजेटबाट दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाइकल मर्मत, कार्यालय तथा स्टेशनरी छपाइ, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा १५९ स्थानीय तहले रु.४० करोड ६९ लाख २८ हजार कन्टिन्जेन्सी खर्च गरेका छन् । कन्टिन्जेन्सी खर्चको कार्यविधि तर्जुमा गरी खर्च गर्नुपर्दछ ।

४७. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई २०९ स्थानीय तहले सार्वजनिक निर्माणसम्बन्धी तोकिएको नर्म्सभन्दा बढी लागत अनुमान स्वीकृत गरी रु.१८ करोड ९० लाख २७ हजार बढी भुक्तानी भएको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

४८. **पदाधिकारी सुविधा -** सम्बन्धित प्रदेशसभाद्वारा पारित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफ्नो पदको काम कारबाही शुरु गरेको मितिदेखि अनुसूची-१ मा उल्लेख भएबमोजिमको रकम मासिक सुविधाबापत पाउने व्यवस्था रहेको छ । उक्त व्यवस्थाअनुसार अनुसूची-१ मा मासिक पारिश्रमिकलगायतका सुविधा पाउने देखिँदैन । यो वर्ष ५७६ स्थानीय तहले प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरुलाई पारिश्रमिकमा रु.४ अर्ब २९ करोड ६७ लाख ७० हजार भुक्तानी गरेका छन् । सम्मानित सर्वोच्च अदालतको २०७६/७/१ को फैसलामा प्रदेश सभाहरुले स्थानीय तहका पदाधिकारीहरुको पारीश्रमिक, सुविधा सम्बन्धमा बनाएको कानुन नेपालको संविधानको धारा २२० (८) र धारा २२७ सँग बाझिएको उल्लेख छ । यस सम्बन्धमा सर्वोच्च अदालतको उक्त फैसला अनुसरण हुनुपर्दछ ।

उक्त ऐनमा तोकिएकोभन्दा २९३ स्थानीय तहले बढी पारिश्रमिक, पर्व खर्च, सञ्चार खर्च, पोशाक एवं अन्य सुविधाबापत रु.२४ करोड ७१ लाख २१ हजार भुक्तानी दिएका छन् । ऐन, नियममा व्यवस्था नगरेको उक्त सुविधाबापतको रकम असुल गर्नुपर्दछ ।

४९. **बैठक भत्ता -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ४ अनुसार पदाधिकारी र सभाका सदस्यले अनुसूचीमा उल्लेख भएबमोजिमका न्यायिक समिति, विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यले मात्र बैठक भत्ता पाउने व्यवस्था छ । प्रदेश ऐनमा व्यवस्था नभएका र ऐनले नतोकेको अवस्थामा वडा, कार्यपालिका, गाउँ/नगर सभालगायतका बैठकमा ४४५ स्थानीय तहले रु.६० करोड ६७ लाख ५४ हजार भत्ता खर्च लेखेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा दिन मिल्ने देखिँदैन ।

५०. **स्वकीय सचिव र सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐनहरुमा पदाधिकारीहरुको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन । यो वर्ष १४० स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्ति गरी रु.५ करोड ६१ लाख ४८ हजार पारिश्रमिक भुक्तानी गरेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा खर्च लेख्नु कानुनसम्मत देखिएन ।

५१. **निवृत्तिभरण -** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तिभरण वा यस ऐनबमोजिमको मासिक सुविधामध्ये एउटा मात्र पाउने व्यवस्था छ । यो वर्ष २९ स्थानीय तहले निवृत्तभरण पाउने ब्यक्ति स्थानीय तहको पदाधिकारीमा निर्वाचित भएको अवस्थामा त्यस्ता पदाधिकारीलाई रु.१ करोड ५ लाख ७५ हजार पारिश्रमिक भुक्तानी गरेका छन् । यसप्रकार दोहोरो रुपमा भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । साथै अन्य स्थानीय तहमा समेत यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा गराई दोहोरो नहुने गरी खर्च लेख्नुपर्दछ ।

५२. **वैदेशिक भ्रमण** - दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्दछ । यो वर्ष १६ स्थानीय तहका पदाधिकारी वैदेशिक भ्रमण गरी रु.३२ लाख ९८ हजार दैनिक

भ्रमण भत्ता भुक्तानी भएको छ । प्रचलित नियमअनुसार स्वीकृत नलिई गरिएको भ्रमण खर्च नियमसम्मत देखिएन ।

५३. **प्रोत्साहन सुविधा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ अनुसार स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । स्थानीय तहहरुले परिषद्, सभा, बोर्ड, बैठक आदिबाट कर्मचारीले पाइरहेको सुविधाका अतिरिक्त सञ्चार सुविधा, खाजा खर्च, मासिक भत्ता, सभा भत्ता, अतिरिक्त समय भत्ता, प्रोत्साहन भत्तालगायतका सुविधाबापत खर्च लेखेकोमा मापदण्ड तथा सूचकसमेत बनाएका छैनन् । यो वर्ष २५२ स्थानीय तहले संघीय कानुनले तोकेको पारिश्रमिकका अतिरिक्त प्रोत्साहनबापत रु.३७ करोड ८६ लाख १० हजार भुक्तानी गरेका छन् ।

कर्मचारीहरुको सेवा सुविधाका सम्बन्धमा स्थानीय तहले सघीय कानुनसँग बाझिने गरी कर्मचारीहरुलाई १० देखि १०० प्रतिशतसम्म प्रोत्साहन, इन्धन, सञ्चार, फिल्ड, अतिरिक्त समय लगायतका भत्ता दिने तथा पदाधिकारीहरु स्वयंले निर्णय गरी पोशाक भत्ता, सञ्चार भत्ता, इन्धन भत्ता आदि लिने गरेकोले स्थानीय तहको सेवा सुविधामा विविधता देखिएको छ । मापदण्ड बेगर स्थानीय तहबाटै निर्णय गरी अतिरिक्त सुविधा उपलब्ध गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

५४. **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १३२ स्थानीय तहले कर्मचारी कल्याण कोषमा रु.२८ करोड ९५ लाख २४ हजार ट्रान्सफर गरेका छन् । ऐनमा व्यवस्था नगरी संघ, प्रदेशको अनुदानबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

५५. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको उपदफा ८ मा कार्यालय सहयोगी, नगर प्रहरी, सवारीचालक, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली बगैंचा, सरसफाई जस्ता पदमा स्थायी पदपूर्ति नगरी सार्वजनिक खरिद ऐनबमोजिम प्रतिस्पर्धाको आधारमा करारमा भर्ना गर्नुपर्ने व्यवस्था छ । सिधै करारमा कर्मचारी भर्ना गरी १४३ स्थानीय तहले रु.६८ करोड २२ लाख ८२ हजार तलब खर्च लेखेका छन । स्वीकृत दरबन्दी बेगर करारमा कर्मचारी नियुक्त गरी तलब भत्ता भुक्तानी गर्ने कार्य अनियमित देखिन्छ ।

५६. **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । यो वर्ष ३१२ स्थानीय तहले रु.३१ करोड १९ लाख ७ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५७. **शैक्षिक तथ्याङ्क र शिक्षक व्यवस्थापन मापदण्ड -** संघ तथा प्रदेश सरकारले शैक्षिक तथ्याङ्क सङ्कलन कार्य प्रभावकारी रुपमा नगरेको तथा शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड तयार नगरेकोले स्थानीय तहको शिक्षक व्यवस्थापनमा विविधता देखिएको छ । पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात न्यून भई विद्यालयहरु एक अर्कोमा गाभी सञ्चालन गर्नुपर्नेमा विद्यार्थी नै नभएको अवस्थामा समेत शिक्षकहरुलाई तलब भत्तालगायत सञ्चालन खर्च निकासा दिनु परिरहेको छ । तराईका जिल्लाहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या न्यून भई राहत, स्वयंसेवक तथा निजी स्रोतका शिक्षकहरुद्वारा अध्यापन

गराउनुपर्ने अवस्था रहेको छ । शिक्षक व्यवस्थापन मापदण्डतथा कानुनी व्यवस्थाअनुसार शिक्षक दरबन्दी समायोजन गर्नुपर्दछ ।

५८. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताबापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकको नाममा यो वर्ष ११८ स्थानीय तहले रु.७१ करोड २१ लाख ५५ हजार तलब भत्ता भुक्तानी गरेको अनियमित देखिन्छ ।

५९. **बढी निकासा -** स्थानीयतहहरुले शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी शिक्षकहरुको तलब निकासा दिएको देखिएको छ ।रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च लेख्नुपर्नेमा २२२ स्थानीय तहले पहिले नै निकासा दिएकोमा पुनः दोहोरो निकासा दिएको र दरबन्दीभन्दा बढी शिक्षकको तलबभत्ता निकासा दिई यो वर्ष रु.१० करोड ७ लाख ७२ हजार बढी निकासा दिएको र ६९ स्थानीयतहले अवकाश भएका शिक्षकको तलबमा रु.१ करोड १४ लाख ११ हजारसमेत रु.११ करोड २१ लाख ८३ हजार बढी खर्च लेखेका छन् । बढी निकासा दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

६०. **सामाजिक सुरक्षा कार्यक्रम -** नेपाल सरकारले ज्येष्ठ नागरिक, विधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिबासी जनजातिसमेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । यो वर्ष सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत सबै स्थानीय तहहलाई रु.३९ अर्ब १५ करोड ४४ लाख ३९ हजार निकासा गरेको छ ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा लाभग्राहीको लगत अध्यावधिक गरी बैङ्कमार्फत् भत्ता वितरण गर्ने, नियमित रुपमा अनुगमन गर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि गरी लाभग्राहीको विवरण अधावधिक गर्ने जिम्मेवारी सबै स्थानीय तहको हुने व्यवस्था छ । तर २२९ स्थानीय तहले एउटै नागरिकता नम्बर र जन्म मिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचयपत्र जारी गरेर रकम दोहोरो भुक्तानी दिएको र मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरेको कारण यो वर्ष रु.४ करोड २१ लाख ८७ हजार बढी खर्च गरेका छन् । उक्त रकम असुल गर्नुपर्दछ ।

६१. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली २०६४ मा रु.५ लाखदेखि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ४५२ स्थानीय तहले विभिन्न वस्तु तथा सेवा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.२ अर्ब ६१ करोड २७ लाख ७३ हजार खर्च लेखेका छन् । ऐन नियमअनुसार प्रतिस्पर्धा हुनेगरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

६२. **परामर्शसेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकायले तयार पारेको नर्म्सलाई आधार बनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ ।लागत अनुमान तयार नगरी तथा प्रतिस्पर्धा बेगर २६३ स्थानीय तहले यो वर्ष रु. ८३ करोड २६ लाख ८० हजारको परामर्श सेवा सोझै खरिद गरेका छन । जसमध्ये १५२ स्थानीय तहले विस्तृत आयोजना प्रतिवेदन तयार गरेको उल्लेख गरी रु. ४२ करोड ३७ लाख १५ हजार खर्च लेखेका छन् । सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने भएमा मात्र प्रतिस्पर्धाको आधारमा परामर्श सेवा खरिद गर्नुपर्दछ ।

६३. **सवारीसाधन खरिद** - अर्थ मन्त्रालयद्वारा जारी निर्देशिका, २०७४ मा नेपाल सरकारबाट उपलब्ध गराएको बजेटबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारीसाधन खरिद गर्न नपाइने व्यवस्था छ । यो वर्ष २९२ स्थानीय तहले रु.१ अर्ब ८७ करोड ८ लाख ८२ हजारको सवारीसाधन खरिद गरेका छन् । सवारीसाधन खरिद नगरेका स्थानीय तहले सवारीसाधन भाडामा लिई प्रयोग गरेको देखिन्छ । केही स्थानीय तहले आन्तरिक आयबाट सवारीसाधन खरिद गरे तापनि अधिकांशले वित्तीय समानीकरण अनुदान रकमबाट खरिद गरेकोले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने रकम सुविधा तथा उपभोगसम्बन्धी कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६४. **बेरुजू असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको र बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष बढी भुक्तानी गरेको, अग्रिम कर कट्टी नगरेको, संघीय सञ्चितकोष दाखिला नगरेको व्यहोरा लेखापरीक्षणको क्रममा औंल्याएपछि ३८९ स्थानीय तह ले रु.१ अर्ब २३ करोड ९० लाख ७२ हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि १८५ स्थानीय तहले रु.५० करोड ७१ लाख ३ हजारसमेत रु.१ अर्ब ७४ करोड ६१ लाख ७५ हजार असुली तथा दाखिला गरेका छन् । विगत वर्षको बेरुजू संपरीक्षणको क्रममा समेत रु.३३ करोड ६ लाख ३ हजार असुल भएको छ । अन्तिम लेखापरीक्षणमा सबै कारोबारको परीक्षण नगरी नमूना छनौटको आधारमा केही कारोबारको परीक्षण गर्ने बिद्यमान व्यवस्था रहेको हुँदा यसप्रकार बढी भुक्तानीलाई न्यूनीकरण गर्न आन्तरिक लेखापरीक्षणमा प्रभावकारिता ल्याउनुपर्दछ ।

६५. **अनुदान** - स्थानीय तहहरुले अनुदान नीतिबेगर कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपुँजी तथा अनुदान उपलब्ध गराएका छन् ।यो वर्ष ११० स्थानीय तहले अनुदान वितरणमा रु.४८ करोड ७८ लाख खर्च गरेका छन् । वितरण गरेको अनुदानमा लक्षितवर्गको पहुँच र सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा उपलब्धिको मूल्याङ्कन गरेको छैन । अनुदान वितरणमा तीनवटै तहका सरकारको बीच समन्वय गरी दोहोरो नपर्ने गरी अनुदान खर्च व्यवस्थित गरी अनुदानको पूर्ण सदुपयोग भएको सुनिश्चित गर्न प्रभावकारी अनुगमन व्यवस्था मिलाउनुपर्दछ ।

नाफा कमाउने उद्देश्यले स्थापित सहकारी संस्थालाई ६९ स्थानीय तहले कार्यालय व्यवस्थापन लगायतका कामको लागि रु.१८ करोड ४८ लाख ९३ हजार अनुदान उपलब्ध गराएका छन् । नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गरी सञ्चालन गर्नुपर्नेमा सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको नियमसम्मत देखिएन ।

६६. **सूचना प्रविधि** - स्थानीय निकायहरुलाई नेपाल सरकारबाट २०७६।२।१९ मा म.ले.प.फाराम नं.२७२ अनुसारको ढाँचामा वित्तीय विवरण तयार गरी खर्चको विवरण, लेखा नीति, लेखा टिप्पणी, बजेट तुलना आदि विवरणहरु तयार पार्न परिपत्र भएको देखिन्छ । नेपाल सार्वजनिक क्षेत्र लेखा प्रतिवेदनमान (नेप्सास) लाई समेट्ने गरी सफ्टवेयरको विकास गरेको छैन । स्थानीय तहको सञ्चितकोष व्यवस्थापन प्रणाली (सूत्र) सफ्टवेयरले वित्तीय प्रतिवेदन तयार गर्ने देखिएन । नियन्त्रणका अन्य औजारहरु जस्तै स्थिर सम्पत्ति नियन्त्रण रजिस्टर, जिन्सी मौज्दात रजिस्टर, बैङ्क हिसाब मिलान, नक्सा पास र सम्पत्ति कर उठ्नुपर्ने प्रतिवेदनलाई यो सफ्टवेयरमा समावेश गरेको देखिँदैन । साथै सेवाग्राहीबाट लिनुपर्ने राजस्व गणना गर्ने, राजस्व नतिर्नेको विवरण जारी गर्ने, राजस्व आम्दानी अशुल्ने कार्यमा सहयोग गर्ने र सेवाग्राहीले सूचना प्रविधि प्रयोग गरी कर तथा राजस्व भुक्तान गर्ने सुविधा रहेको देखिएन ।

एसियाली विकास बैङ्कको सहयोगमा अन्तर्राष्ट्रिय कम्पनीद्वारा नगर प्रशासन तथा राजस्वसम्बन्धी एकीकृत सफ्टवेयर १३ सेप्टेम्बर २०१७ मा काठमाडौं महानगरपालिकालाई हस्तान्तरण भएको छ ।

यो सफ्टवेयर प्रयोग गर्न महानगरपालिकाका करिब १७० जना कर्मचारीले तालिम लिएको र ४ हजार जना सेवाग्राहीलाई यो प्रविधिमार्फत् सेवा दिएको देखिन्छ । महानगरपालिकाले लागू गरेपछि अन्य स्थानीय तहमा क्रमशः लागू गर्ने उल्लेख भएको भनिएको यो सफ्टवेयर कार्यन्वयनमा निरन्तरता नदिई २०७५।७६ को सुरुमै महानगरपालिकाले अर्को कम्पनीसँग छुट्टै सफ्टवेयर सञ्चालन सम्झौता गरेको छ । पछिल्लो सफ्टवेयर समेत प्रयोगमा ल्याइएको देखिएन ।

६७. **पुँजीगत बजेटबाट चालु प्रकृतिको खर्च गरेको** - स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने योजना छनौट गरी ती योजना कार्यान्वयन गर्न पुँजीगत शीर्षकमा बजेट व्यवस्थापन गर्नुपर्दछ । पुँजी निर्माणमा सहयोग नरहने तथा उत्पादनमा वृद्धि नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा पुँजीगत शीर्षकमा विनियोजन गरी चालु प्रकृतिका कार्यमा १०२ स्थानीय तहले रु.२८ करोड ३२ लाख २५ हजार खर्च गरेका छन् ।

यसैगरी ७४ स्थानीय तहले विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई भुक्तानी दिई रु.१७ करोड ५६ लाख ८८ हजार खर्च गरेका छन । पर्व, जात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यवस्था नभकोले यस्ता अनुत्पादक तथा वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ ।

६८. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च गर्दा मितव्ययिता अवलम्बन गर्नुपर्नेमा २०४ स्थानीय तहले रु.४० करोड ४९ लाख ३३ हजार खर्च गरेका छन् । त्यस्तै ७५ स्थानीय तहले वडा सदस्य लगायतको जनप्रतिनिधि र कर्मचारीहरुको अवलोकन भ्रमणमा रु.५ करोड ४० लाख ३७ हजार खर्च गरेकोमा उक्त खर्चको उपलब्धि मूल्याङ्कन गरेको पाईएन् । विकास निर्माण तथा सेवा प्रवाहमा सहयोग नहुने प्रकृतिको कार्यमा सार्वजनिक स्रोतको प्रयोग गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६९. **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहहरुले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, नागरिकको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिई योजनाहरुको सूची तयार गरेको पाइएन ।

७०. **अधुरा आयोजना** - योजनाहरुको भौतिक र वित्तीय पक्षको समीक्षा गरी कम प्रगति हुनुका कारणहरु पहिचान गरी सुधार गर्नुपर्दछ । विभिन्न ७६ स्थानीय तहले १ हजार १८४ योजना कार्यान्वयन नगरी आगामी वर्षलाई जिम्मेवारी सारेका छन । ती योजनामा सम्झौताअनुसार रु.६४ करोड २७ लाख ४४ हजार भुक्तानी गर्न बाँकी छ । समयमै योजना सम्पन्न गर्नेगरी बजेट सुनिश्चितता हुनुपर्दछ ।

७१. **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन नगरेको, अग्रिम कर कट्टा नगरेको, बढी भुक्तानी भएको, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर बीजक, सवारीसाधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । उल्लिखित व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

७२. **लेखापरीक्षण रकम र बेरुजू -** स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छः

(रु. लाखमा)

| प्रदेश नं. | लेखापरीक्षण गरिएको स्थानीय तह संख्या | लेखापरीक्षण रकम | पेस्की समेत बेरुजू रकम | बेरुजूमध्ये पेस्की रकम | ले प को तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १३७ | १३६००९३ | ४९००७ | ७८९८ | ३.६० | ३.०२ |
| २ | १२७ | ११३९८६५ | १०५८४२ | २७३६४ | ९.२९ | ६.८८ |
| वाग्मती | ११८ | १५६३३५६ | ७४६२७ | १५०७७ | ४.७७ | ३.८१ |
| गण्डकी | ८५ | ८०६४५८ | २८३९८ | ६१३६ | ३.५२ | २.७६ |
| ५ | १०९ | ११७५९०६ | ५०४५६ | ९२९७ | ४.२९ | ३.५० |
| कर्णाली | ७९ | ५६४८२० | ३००१७ | ६३०७ | ५.३१ | ४.२० |
| सुदूरपश्चिम | ८८ | ७७१८०३ | ३६४८७० | ७४५३ | ४.७३ | ३.७६ |
| **जम्मा** | **७४३** | **७३८२३००** | **३७४८१८** | **७९५३२** | **५.०८** | **३.९९** |

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४३ स्थानीय तहको रु.७ खर्ब ३८ अर्ब २३ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट रु.४१ अर्ब ९९ करोड ९५ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ अर्ब ५१ करोड ७८ लाख फछ्र्यौट गरेकोले रु.३७ अर्ब ४८ करोड १७ लाख फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ अर्ब १६ करोड ९९ लाख, नियमित गर्नुपर्ने रु.२४ अर्ब ३६ करोड ७७ लाख र पेस्की रु.७ अर्ब ९५ करोड ३२ लाख बाँकी छ । त्यसैगरी ४ स्थानीय तहको २०७४।७५ को रु २ अर्ब ४२ करोड ४८ लाखको लेखापरीक्षणबाट रु ५३ करोड ३७ लाख बेरुजू कायम भएको छ ।

गत वर्ष सम्पन्न ७४७ स्थानीय तहको कूल बेरुजू रु.३५ अर्ब ९९ करोड २४ लाख रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.४ अर्ब ३० करोड ९५ लाख फछ्र्यौट भई बाँकी रहेको रु.३१ अर्ब ६८ करोड २९ लाखमा यो वर्ष ७४३ स्थानीय तहको रु.३७ अर्ब ४८ करोड १८ लाख, ४ स्थानीय तहको बक्यौता लेखापरीक्षणबाट रु ५३ करोड ३७ लाख र गत बिगतको संपरीक्षणबाट कायम रु ११ करोड २५ लाख थपसमेत रु.६९ अर्ब ८१ करोड ९ लाख अद्यावधिक बेरुजू रहेको छ ।

## महानगरपालिकाहरु

७३. **आर्थिक कारोबार** - महानगरपालिकाहरुको यो वर्षको सञ्चालन आय, आर्थिक कारोबार र जिम्मेवारीको अवस्था देहायअनुसार छ :

(रु. लाखमा)

| सि नं | महानगरपालिका | आय | | | | व्यय | | | | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्षको जिम्मेवारी | अनुदान | अन्य | जम्मा | चालु खर्च | पुँजीगत खर्च | अन्य खर्च | जम्मा | |
| १ | विराटनगर | ३६७७ | ९२११ | २८१९४ | ४१०८२ | १०२६५ | ७७३२ | १८५४६ | ३६५४३ | ४५३९ |
| २ | वीरगंज | ७८०४ | २७०८१ | ८६८० | ४३५६५ | ११३८० | २१४२२ | १४७४ | ३४२७६ | ९२८९ |
| ३ | काठमाडौं | ३०६२९ | २११५० | ७५२८८ | १२७०६७ | १८२५४ | २०७३२ | १६६०७ | ५५५९४ | ७१४७३ |
| ४ | ललितपुर | ८२४९ | २४३२९ | १२०९९ | ४४६७७ | १०६९५ | १४५४० | १२३१ | २६४६७ | १८२११ |
| ५ | भरतपुर | ४६८९ | १४३९८ | २३२९९ | ४२३८६ | १६४८२ | १२३९६ | ४०९ | २९२८६ | १३१०० |
| ६ | पोखरा | १६१२ | २०७२१ | २३९३० | ४६२६३ | १९७२८ | १९१६६ | ५६३८ | ४४५३२ | १७३१ |
| | **जम्मा** | **५६६६०** | **११६८९०** | **१७१४९०** | **३४५०४०** | **८६८०४** | **९५९८८** | **४३९०५** | **२२६६९७** | **११८३४३** |

७४. **दीर्घकालीन नीति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा आवधिक योजनाको लक्ष्य निर्धारण गरी सो अनुसार प्राथमिकताको आधारमा स्वीकृत आयोजना र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ ।

७४.१. काठमाडौं महानगरपालिकाको ५ वर्षीय योजना (२०७०-७४) मा काठमाडौंलाई सुन्दर र सांस्कृतिक शहरको रुपमा समेट्ने दीर्घकालीन सोच समावेश भएको थियो । यो कार्यको लागि ५ वर्षको अवधिभित्र पूर्वाधार विकासमा रु.३६ अर्ब ३० करोड, सामाजिक विकासमा रु.२ अर्ब ४३ करोड, वातावरण संरक्षण तथा दीगो विकासमा रु.२ अर्ब १७ करोड, यातायात व्यवसायमा ९० करोडलगायत करिब ४० अर्ब ९० करोड स्रोत आवश्यक पर्ने आँकलन भएकोमा सोको बजेट व्यवस्था, खर्च व्यवस्थापन र स्थिति मूल्याङ्कनको कार्य भएको छैन । महानगरले योजना आयोग गठन गरी २०७५।७६ मा पदाधिकारी एवं कर्मचारीको सुविधा तथा प्रशासनिक खर्चसमेत रु.२ करोड २१ लाख खर्च गरेको छ । तर उक्त आयोगले साविकको आवधिक योजनाको समीक्षा गर्ने र नयाँ दीर्घकालीन योजना बनाई स्रोतको आँकलन र विकासको मापन जस्ता कार्य गरेको देखिएन । उक्त आयोगको कार्य सम्पादन प्रभावकारी नदेखिएकोले आवधिक योजना तर्जुमा, तर्जुमा भएको योजनाअनुसार वार्षिक बजेट व्यवस्थापन र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नु जरुरी छ ।

७४.२. भरतपुर महानगरपालिकाले यो वर्ष सञ्चालन गरेका १ हजार ५ आयोजना सरोकारवालाबाट माग भई प्राथमिकताको चरणमा छनौट भएको यकिन हुने आधार देखिएन । दीर्घकालीन योजना तयार गरी बजेट व्यवस्थापन नगरेको, आवधिक योजना अवधिको लागि आन्तरिक स्रोतको सङ्कलन, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकमबाट नपुग हुने स्रोतको खोजी गरी पूर्वाधार निर्माण एवं सेवा प्रवाहमा स्रोतको अभाव हुन नदिने गरी बजेट व्यवस्थापन गरेको देखिएन । प्राथमिकताको आधारमा आयोजना सञ्चालन तथा बजेट व्यवस्थापन गर्नुपर्दछ ।

७५. **नीति कार्यान्वयनको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषय तथा क्षेत्रमा आवश्यक पर्ने नीति, कानुन, मापदण्डको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।

७५.१. काठमाडौं महानगरपालिकालाई सांस्कृतिक जीवन्त शहरका रुपमा अगाडि बढाई विश्वमा महानगरको गौरवलाई जीवन्त राख्ने, विकासको क्रममा पछाडि परेका समुदायलाई प्राथमिकतामा राख्दै पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गीकार गरी भ्रष्टाचारमुक्त, विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिने नीति रहेकोमा आधुनिक प्रविधि र मौलिक पहिचानद्वारा उक्त आधुनिक विकासको खाका कोर्ने, स्मार्ट करदाता कार्ड, कार्यालय व्यवस्थापन सर्भे, सेवासँग करको आवद्धता गर्ने गरी सम्पत्ति कर, बहाल कर व्यवसाय कर लागू गर्ने लगायतका योजना घोषणा भएपनि कार्यान्वयन अपेक्षाअनुरुप भएको देखिएन ।

७५.२. सोही महानगरपालिकाले कार्यालय भवन निर्माणको लागि २०७४।७५ मा रु.२० करोड र २०७५।७६ मा रु.४० करोड विनियोजन गरेपनि भवन निर्माण कार्य सुरु भएको देखिएन । कार्यालय सञ्चालनको लागि घर भाडामा वार्षिक रु.२ करोड १२ लाख ३७ हजार खर्च गरेकोछ ।

७५.३. विद्युत, टेलिफोन, केबल तारहरुलाई भूमिगत रुपमा व्यवस्थापन गरी शहरी सौन्दर्यीकरण अभिवृद्धि गर्ने कार्यको अध्ययन एवं कार्यान्वयन प्रारम्भ गर्ने कार्यको लागि काठमाडौं महानगरपालिकाले रु.१० करोड विनियोजन गरी उक्त कार्य नेपाल विधुत प्राधिकरणमार्फत् भई रहेको छ । त्यस्तै महानगरपालिकाभित्रका सडक विस्तार तथा पूर्वाधार विकास कार्यक्रममा महानगरपालिका, सडक विभाग, उपत्यका सडक विस्तार आयोजनालगायतका संस्था संलग्न भएको देखिन्छ । खुला स्थान व्यवस्थापन गर्ने एवं सडक निर्माण तथा

स्तरोन्नति गर्ने कार्यमा दोहोरो नपर्ने गरी समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेमा एकै स्थानमा ठेक्का पट्टा हुँदा काम घटेको, साइट परिवर्तन गरेको, भेरियसन अर्डर जारी गर्नुपरेको अवस्था रहेकोछ ।तसर्थ एउटै कामको दोहोरो भुक्तानी हुने जोखिमलाई निराकरण गर्नेगरी योजना तर्जुमा र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

७५.४. पोखरा महानगरपालिकाले यो वर्ष अधिकार सम्पन्न युटिलिटी सर्भिस अथोरिटी गठन गरी सञ्चालनमा ल्याउने, मेट्रो एफ.एम.सञ्चालन, महानगर मुखपत्र निश्कासन, साप्ताहिक हाटबजारको व्यवस्था र ५ स्थानमा आधुनिक सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन गर्ने निर्णय गरेकोमा कार्यान्वयन भएको देखिएन । दीर्घकालीन नीतिमा र्‍याफ्टिङ, सिटी केबलकार, ट्राम, मेट्रोरेल, मोनोरेल, पोखरा लुम्बिनी फाष्ट ट्र्याक जस्ता गौरवपूर्ण पूर्वाधारको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेकोमा कार्यान्वयन शुरु गरेको छैन । नीति तथा कार्यक्रमबमोजिम कार्यान्वयन प्रक्रियालाई प्राथमिकतामा राख्नुपर्दछ ।

७५.५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषय तथा क्षेत्रमा आवश्यक पर्ने नीति, कानुन, मापदण्डको निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था छ । वीरगन्ज महानगरपालिका क्षेत्रभित्रका विभिन्न सडकहरु ८ देखि १५ मिटरसम्म चौडाई कायम गर्ने निर्णय भएकोमा कार्यान्वयन भएको छैन ।

७५.६. विराटनगर महानगरपालिकाले विनियोजित बजेट प्रचलित कानुनको अधीनमा रही योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा रु.३४ करोड ४६ लाख ४७ हजार सञ्चितकोषमा राखेको छ ।घोषित नीति अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ ।

७६. **बक्यौता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छः

७६.१. काठमाडौं महानगरपालिकाले उठ्नुपर्ने रकमको लगत तयार गरेको छैन । उठ्नुपर्ने राजस्वको लगत तयार गरी प्राप्त भएको रकमको आय लेखाङ्कन गर्नुपर्ने तथा प्राप्त हुन बाँकी आयलाई वित्तीय विवरणमा देखाउनुपर्दछ ।महानगरपालिका र एक निजी कम्पनीबीच ४ स्थानमा आकाशे पुल निर्माण गरी सोको व्यवस्थापन गर्ने र सो कार्य गरे बापत महानगरपालिकालाई बार्षिक रु.२२ लाख रोयल्टी बुझाउने गरी २०६७।५।१ मा सम्झौता भएको छ । आकाशे पुल निर्माण गरी गँगबुस्थित नयाँ बसपार्कबाट उक्त कम्पनीले व्यवस्थापन एवं आय आर्जनको गरेको र कलंकीमा निर्माण भएको पुल भत्काएको छ । त्यस कम्पनीले सम्झौता अनुसार २०७५ आषाढ मसान्त सम्मको रु.१ करोड २२ लाख र शुल्क नबुझाएकोले छानबिन गरी असुल गर्नुपर्दछ ।

७६.२. पोखरा महानगरपालिकाले आन्तरिक आयतर्फ ५५ व्यवसायीबाट असुल गर्नुपर्ने सटरभाडा रु.१ करोड ९७ लाख २३ हजार असुल गरेको छैन । वीरगन्ज महानगरपालिकाको राजस्व बक्यौता रु.४ करोड ७६ लाख १२ हजार एवं ठेक्काको किस्ता बक्यौता रु.८ करोड ५९ लाख ७६ हजार, विराटनगर महानगरपालिकाले ३ व्यावसायीसँग रु.१ करोड ४४ लाख ५५ हजार र भरतपुर महानगरपालिकाको ६९ लाख १६ हजार बक्यौता रहेको छ । उठ्नुपर्ने राजस्वको लगत तयार गर्नुपर्ने, प्राप्त र बाँकीको अभिलेख तयार गरी आय लेखाङ्कन गरेर वित्तीय विवरणमा खुलासा गरी समयमै असुल गर्नुपर्दछ ।

७७. **सम्पत्ति तथा घर जग्गा कर** - यो वर्ष काठमाडौं महानगरपालिकाले सम्पत्तिकरबाट रु.१ अर्ब ६८ करोड प्राप्त गर्न प्रक्षेपण गरेकोमा रु.६८ करोड ६० लाख आम्दानी गरेकोछ । सम्पत्तिकर बुझाएको निस्सा आवश्यक परेका करदाताबाट मात्र घरजग्गा कर लिएको पाइयो । वडास्तरमा घरजग्गा कर सङ्कलन गर्ने गरे तापनि घर जग्गाको अभिलेख राखी बार्षिक आय प्रक्षेपण गरेको देखिएन । घरजग्गा कर भुक्तानी

गर्ने करदाताको विवरण तयार गरी घरजग्गा करको बक्यौता रकमको गणना गरेको देखिएन । लेखारीक्षणको क्रममा छनौटमा परेका ६७ करदाताबाट मात्र घर जग्गामा तिर्नुपर्ने बिभिन्न वर्षको सम्पत्तिकर रु.५५ करोड २७ लाख ३१ हजार उठाएको छैन । ललितपुर महानगरपालिकाले २५ करदाताबाट सम्पत्तिकर रु.११ करोड ७४ लाख ७६ हजार र पोखरा महानगरपालिकाले ७ करदाताबाट सम्पत्तिकर रु.९ करोड ९८ लाख १७ हजार असुल गरेका छैनन् । आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण घर र जग्गासहितको घरजग्गा एवं सम्पत्ति कर बापत प्राप्त हुनुपर्ने प्राप्त र बाँकी रकमको गणना गरी अद्यावधिक गर्ने, घरजग्गा कर भुक्तानीको लागि ताकेता, अनुगमन, तथा स्वतः कर, बक्यौता रकम गणना गर्न सक्ने सफ्टवेयर प्रयोगमा ल्याउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७८. **घरजग्गा बहाल र व्यवसाय कर -** काठमाडौं महानगरपालिकाले बहालकरबाट बार्षिक रु.१ अर्ब ३७ करोड ७७ लाख र व्यवसाय कर रु.३४ करोड ५१ लाख ७६ हजार प्राप्त हुने अनुमान गरेकोमा क्रमश : ६६ र ६८ प्रतिशत असुल भएको देखिन्छ । लेखापरीक्षणको क्रममा छनौटमा परेका ५० करदाताबाट मात्र बिभिन्न वर्षको घर बहाल कर रु.४ करोड ७५ लाख ३२ हजार र १० करदाताबाट मात्र बिभिन्न वर्षको व्यवसायकर रु.१ करोड ९ लाख २६ हजार असुल गर्न बाकी रहेको छ । महानगरपालिकामा कर बुझाएको निस्सा आवश्यक परेको करदाताबाट मात्र बहाल र व्यवसाय कर प्राप्त भएको छ ।

काठमाडौं महानगरपालिकास्थित पुरानो बसपार्कमा काठमाडौं भ्यू टावर निर्माण गर्न एक निर्माण व्यवसायीलाई २०७१।११।२० मा महानगरपालिकाले स्वीकति दिएको छ । टावरको भूईको क्षेत्रफल ११ हजार ८९० वर्ग मिटर रहेको र सो कार्यको लागि निर्माण व्यवसायीले २०१३ जुनमा ३ वर्ष म्याद भएको रु.१ करोड ८५ लाखको कार्य सम्पादन जमानत पेस गरेकोमा सोको म्याद सकिएपछि नवीकरण गरेको छैन । सम्झौताको ३.१३(२) अनुसार उक्त जग्गा ३० वर्ष लिजमा लिएको र भाडा बापत प्रत्येक वर्ष रु.७० लाखको दरले २०७१ देखि २०७५ असाढ मसान्त सम्मको भाडा रु.३ करोड ५० लाख असुल गर्नुपर्नेमा रु.९८ लाख मात्र असुल गरेकोले बाँकी रु.२ करोड ५२ लाख ब्याजसहित असुल गर्नुपर्दछ ।

आफ्नो क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय तथा सेवाको अनुगमन गरी अद्यावधिक लगत राखी प्राप्त हुनुपर्ने, प्राप्त भएको र बाँकी कर रकमको विवरण राख्नु पर्दछ । स्वतः कर, बक्यौता गणना गर्ने सफ्टवेयरको प्रयोग गर्ने गराउनेतर्फ सक्रियता बढाउनु जरुरी छ ।

७९. **मनोरञ्जन कर -** प्रदेश ३ को आर्थिक ऐन, २०७५ को दफा ४ मा चलचित्र प्रदर्शन गर्न दर्शकहरुबाट प्रति टिकटको ५ प्रतिशतले मनोरञ्जन कर असुल गरी त्यस्तो करको ३ प्रतिशत स्थानीय सञ्चित कोष र २ प्रतिशत प्रदेश सञ्चितकोषमा दाखिला गर्ने व्यवस्था छ । काठमाडौं महानगरपालिका क्षेत्रमा सञ्चालित १६चलचित्र हलले २०७५।७६ मा चलचित्र शुल्क दाखिला गरेका छैनन् । लेखापरीक्षणको क्रममा छनौटमा परेका चलचित्र हलहरुबाट रु.६ करोड ५० लाख ७७ हजार र ललितपुर महानगरक्षेत्रका ३ चलचित्र हलबाट रु.२ करोड ९ लाख २९ हजार मनोरञ्जन कर असुल गर्नुपर्ने देखिएको छ । प्रचलित कानुन अनुसार लाग्ने ब्याज समेत हिसाब गरी असुल गर्नुपर्ने र आफ्नो क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

८०. **पार्किङ्ग आय -** पोखरा महानगरपालिकाले २०७३।७४ र २०७४।७५ मा पार्किङ शुल्क असुल गर्न रु.२ करोड ८८ लाखको सम्झौता भएकोमा २०७५।७६ उक्त रकमलाई बढाई रु.७ करोड ५७ लाख १२ हजार न्यूनतम अङ्क कायम गरी बोलपत्र आह्वान गर्दा बोलपत्र पर्न नआएकोले न्यूनतम अङ्क रु.५ करोड २९ लाख ९८ हजार कायम गरी पुनः बोलपत्र आह्वान गरेकोछ । दोस्रो पटक पनि बोलपत्र पेश

नभएकोले गत वर्षको राजस्व रकममा २० प्रतिशत वृद्धि गरी तेस्रो पटक बोलपत्र माग गरेकोमा बढी कबोल गर्नेले रु.३ करोड ७४ लाख १ हजार कवुल गरेकोमा बोलपत्र फिर्ता लिएको, दोस्रो रु.३ करोड ६० लाख कबुल गर्नेको गत वर्षको शुल्क बुझाउन बाँकी रहेकोले निजको प्रस्ताव अस्वीकृत भएको र तेस्रो रु.३ करोड ५४ लाख १ हजार कबुल गर्नेले रकम बुझाउन नसकेको भनी बोलपत्र रद्द गरी चौथो पटक रु.३ करोड ६ लाख २० हजार न्यूनत्तम अङ्क कायम गरी सूचना प्रकाशन गरेको छ । यसरी समयमा पार्किङ्ग ठेक्का व्यवस्थापन नगर्दा यो वर्ष न्यूनतम पनि रु.३ करोड ६ लाख २० हजार आय गुमेको छ । उपयुक्त आधारबेगर गत वर्षको कबोल अङ्कमा १६३ प्रतिशत वृद्धि गरी लागत अनुमान स्वीकृत गरेकोले सम्झौता हुन नसकेको देखिन्छ । उपयुक्त आधारबेगर बढी रकमको लागत अनुमान स्वीकृत गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

८१. **सवारी व्यवस्थापन शुल्क -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सवारीसाधन प्रवेश शुल्क संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ प्रतिकूल हुने गरी असुल नगर्न पत्राचार गरे पनि वीरगन्ज महानगरपालिकाले हाल प्रचलित ऐनको प्रतिकूल भएको सवारी करसमेत यो वर्ष रु.६१ लाख २४ हजार असुल गरेको देखिन्छ ।कानुन बमोजिम मात्र राजस्व संकलन गर्नुपर्दछ ।

८२. **जग्गाको लगत, संरक्षण -** स्थानीय क्षेत्रभित्र रहेको पर्ती, ऐलानी र सार्वजनिक जग्गाको लगत राखी संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहको रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

८२.१. काठमाडौं महानगरपालिकामा यस्ता जग्गाको लगत अद्यावधिक गर्ने कार्य हालसम्म हुन सकेको छैन । सार्वजनिक जग्गा छानबिन गरी अद्यावधिक गर्ने र नेपाल सरकारबाट विगत वर्षमा गठन भएको एक आयोगबाट छानबिन गरी दिएका प्रतिवेदन महानगरपालिकामा प्राप्त भएपनि कार्यान्वयन भएको छैन । महानगरपालिकामा रहेका सार्वजनिक जग्गामध्ये बाटो प्रयोजनको लागि छुट्याएको बाहेक पनि ८८२ कित्ताको २ हजार ५४८ रोपनी ७ आना १ पैसा जग्गा संरक्षण नभएको अवस्था छ । सार्वजनिक जग्गाको खोजी गरी लगत अद्यावधिक गर्ने, संरक्षण गर्ने र प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ ।

८२.२. काठमाडौं महानगरपालिका वडा नं.५ कालोपुलको २३ रोपनी जग्गालाई २०२१ सालको नापीको फिल्ड बुकमा धोवीखोला जनाएकोमा जग्गाको फिल्ड बुक सच्याई ओखलढुङ्गाका एक व्यक्ति मोही बनी जग्गा दर्ताको प्रक्रिया अगाडी बढेको देखियो । साविक फिल्ड बुकमा धोवीखोला जनिएको जग्गामा उपत्यका शहरी विकास प्राधिकरणले विस्तृत आयोजना प्रतिवेदन तयार गरी पार्क निर्माण गर्न महानगरपालिकाले रु.९० लाख विनियोजन गरी निर्माण कार्य अगाडी बढेको अवस्थामा सर्वोच्च अदालतको २०७२।११।९ को निर्णयबाट मोहीको नाउँमा जग्गाधनी प्रमाण पुर्जा लिनको लागि सर्जमिनको रोहवरमा बसिदिनु भन्ने आदेशको आधारमा निर्माण कार्य स्थगित रहेको छ । सम्पत्ति कर उठाउन महानगरपालिकाले कायम गरेको न्यूनतम मूल्याङ्कनअनुसार रु ८० करोड ९६ लाख मूल्य पर्ने सरकारी जग्गा संरक्षणको लागि यथोचित कदम चाल्नु पर्दछ ।

काठमाडौं महानगरपालिका वडा नं.६ को सिट नं. १०२-१०२७-१४ को कित्ता नं. ४ सँग जोडिएको सरकारी जग्गा २ रोपनी ८ आना जग्गामा एक सेकुवा कर्नरले संरचना निर्माण गरी अतिक्रमण गरेको छ । सम्पत्ती कर उठाउन महानगरपालिकाले कायम गरेको न्यूनतम मूल्याङ्कनको आधारमा करिव रु.९ करोड पर्ने सो जग्गाको अतिक्रमण हटाई संरक्षण गर्नुपर्दछ ।

८२.३. मनहरा जग्गा एकीकरण आयोजनाले ल्याण्ड पुलिङ प्रयोजनको लागि अधिग्रहण गरेको जग्गामध्ये २०२१ सालमा खोला रहेको मध्यपुर थिमी नगरपालिका वड २ मा रहेको ४५ रोपनी जग्गा हाल मनहरा नदीले धार परिवर्तन गरेको कारणले विभिन्न व्यक्तिले दर्ता गरेको देखियो । हाल नदी बगेको जग्गाको लालपुर्जा

विभिन्न व्यक्तिसँग रहेको र साविकमा नदी बगेको जग्गा हाल व्यक्तिको नाममा दर्ता भएकोले ल्याण्ड पुलिङ गरेको जग्गामध्ये साविकको जग्गाधनीहरुलाई निश्चित प्रतिशत ल्याण्ड पुलिङ खर्च कट्टा गरी फिर्ता गर्नुपर्ने अवस्था सिर्जना भएको छ । साविकमा नदी बगेको जग्गाहरु व्यक्तिको नाममा नामसारी भएको ४५ रोपनी जग्गाको न्यूनतम मूल्य आयोजनाको न्यूनतम मूल्याँकनको आधारमा रु.२ अर्ब ८८ करोड बराबरको रकम र सोही आयोजनाको अर्को ९ रोपनी आयोजनाको न्यूनतम मूल्याङ्कनको आधारमा रु.५७ करोड ६० लाख पर्ने जग्गाको सम्बन्धमा छानबिन गरी संरक्षण गर्नुपर्ने देखियो ।

८२.४. पाटन संयुक्त क्याम्पस र एक कंम्पनीबिच २०५७।१२।३ मा भएको सम्झौतामा घर बहाल कर भुक्तानी गरेको रकम लिजको बहालमा कट्टा गर्ने उल्लेख भए तापनि अन्य कर कम्पनीले नै बुझाउने उल्लेख छ । उक्त कम्पनीको स्वामित्व २०६९।१।१८ मा प्रा.लि.मा परिणत भए पश्चात् साविक कम्पनीको कर दायित्वसमेत सोही प्रा लि मा सरेको छ । उक्त कम्पनीले सम्झौता अनुसार कर नबुझाएको र सम्झौता अवधि बाँकी रहेको अवस्थामा २०७२।१२।१० मा दोस्रो सम्झौता गरेको देखियो । दोस्रो सम्झौताको दफा २ मा अघिल्लो सम्झौतामा सारभूत परिवर्तन नहुने उल्लेख छ । तर सो व्यवस्था उल्लङ्घन गरी दोस्रो सम्झौताको दफा १२ मा कर तथा शुल्कको व्यवस्थामा परिवर्तन गरी घर जग्गा कर तिर्नुपर्ने अवस्था आएमा क्याम्पसलाई तिर्नुपर्ने बहाल रकमबाट कट्टा गरी बुझाउनुपर्ने व्यवस्था थप गरेको छ । ललितपुर महानगरपालिकाले २०७५।७६ सम्मको घर जग्गा कर निर्धारण गरी क्याम्पसलाई जानकारी गराएको देखियो । घर जग्गाकर र निर्धारण हुन बाँकी करसमेत रु.८ करोड ७ लाख ६८ हजार दायित्व थप हुने गरी सम्झौताको शुरु व्यबस्था प्रतिकूल दोस्रो सम्झौता गरेकोले सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई सो रकम असुल गर्नुपर्दछ । यस प्रकारको दायित्व क्याम्पसलाई आगामी २५ वर्षसम्म रहने अवस्था सिर्जना भएकोले छानबिन गरी कारबाही गर्नुपर्दछ ।

८२.५. भरतपुर महानगरपालिकाले कार्यान्वयन समिति गठन गरी २०७६ वैशाख मसान्तसम्म विभिन्न वडामा ६६ बिघा २ कठ्ठा १ धुर जग्गा संरक्षण गरेको प्रतिवेदन तयार गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा फिल्ड अवलोकन गर्दा सार्वजनिक जग्गा, खेतीपाती भएको जग्गा, माछा पोखरी लगायत जग्गा तारबार लगाई संरक्षण गरेको देखियो । ती जग्गाबाट महानगरपालिकाले आम्दानी प्राप्त गरेको छैन । त्यस्तै चित्रवन रंगशालाको मुख्य गेट अगाडी रहेको ७ कठ्ठा १३ धुर सार्वजनिक जग्गामा निजी क्षेत्रबाट भईरहेको प्लटीङले सडक बनाएको देखियो । त्यसैगरी वडा नं.२० मा १५७ बिगाहा सार्वजनिक जग्गा भएको उल्लेख गरे पनि सोबाट आय आर्जन गर्न र अतिक्रमण रोक्न ठोस कदम चालेको देखिएन । सार्वजनिक जग्गाको संरक्षण गरी महानगरपालिकाले आय आर्जन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८३. **फोहोर व्यवस्थापन आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम महानगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेबापत सेवा शुल्क उठाउने व्यवस्था छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ मा स्थानीय निकायको अनुमति नलिई फोहोरमैला व्यवस्थापन कार्य गर्न नहुने र दफा १५ को उपदफा (१) बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिने र उपदफा २ (क) मा फोहोर व्यवस्थापक छनौट गर्दा स्थानीय निकायलाई बुझाउने रकम यकिन गर्नुपर्ने व्यवस्था छ ।तत्सम्बन्धी प्रमुख व्यहोरा देहायअनुसार छन्ः

८३.१. काठमाडौ महानगरपालिकाले फोहोरमैला व्यवस्थापन गर्न निजी क्षेत्रलाई सम्झौता नगरी जिम्मेवारी दिएको छ । निजी क्षेत्रको फोहोरमैला व्यवस्थापन संघ (स्वमान) सँग आबद्ध विभिन्न संस्थाले महानगरपालिकासँग सम्झौता नगरी फोहोर व्यवस्थापन गर्ने तथा सेवा शुल्क उठाउने गरेको पाइयो । ती

संस्थाले महानगरपालिकालाई सिस्डोल ल्याण्ड फिल्ड साइटमा फोहोर विसर्जन कार्यमा प्रयोग भएको सवारीसाधनको शुल्क भुक्तानी गर्ने बाहेक अन्यकुनै शुल्क तिर्ने गरेको पाइएन ।

८३.२. पोखरा महानगरपालिकाले निजी क्षेत्रसँग साझदारी कायम गरी सम्झौता गर्दा २० प्रतिशतसम्म शुल्क लिएको छ । महानगरपालिकाको अभिलेख अनुसार नक्सा पास भएका १ लाख ४२ हजार ३७० घर रहेकोले प्रति घर न्यूनतम रु.३५० का दरले गणना गर्दा रु.४९ करोड ८३ लाख आयहुने देखिन्छ । औद्योगिक र व्यापारिक क्षेत्र थप गर्दा उक्त रकम अझै बढ्ने देखिन्छ । महानगरपालिकाले प्रतिघरधुरी शुल्क निर्धारण नगर्दा महानगरवासीले निजी क्षेत्रले तोकेअनुसार शुल्क तिर्नुपर्ने अवस्था देखियो । महानगरपालिकाले उपयुक्त नियम बनाई राजस्व असुल गरी फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । .

८३.३. विराटनगर महानगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन गर्न तत्कालिन विराटनगर उपमहानगरपालिका र एक निजि कम्पनी बीच २०७३।१।१२ मा ५ वर्षको सम्झौता भएको र सम्झौतामा महानगरपालिकाले रु.१ करोड ३६ लाख ८५ हजार र २२ कुचिकार समेत उपलब्ध गराउने उल्लेख छ । महानगरपालिकाले दिने शुल्कको अतिरिक्त उक्त कम्पनीले सर्वसाधारणको घर पसल आदिबाट न्यूनतम रु.१०० देखि अधिकतम रु. १० हजार सम्म सेवा शुल्क मासिक रुपमा असुल गर्न पाउनेसमेत सम्झौतामा उल्लेख छ । अन्य महानगरपालिकाले सेवा शुल्कको २० प्रतिशत महानगरपालिकालाई बुझाउने गरी सम्झौता गरेको देखिन्छ भने यस महानगरपालिकाले सेवा शुल्क आम्दानी दोस्रो पक्षले मात्र लिनेगरी सम्झौता गरेको उपयुक्त देखिएन । यस्तो सम्झौता पुनरावलोकन हुनुपर्दछ ।

८४. **बैठक भत्ता -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ४ अनुसार पदाधिकारी र सभाका सदस्यले न्यायिक समिति वा कुनै पनि समितिको बैठकमा भाग लिए बापत अनुसूचीमा उल्लेख भएबमोजिमको बैठक भत्ता पाउने व्यवस्था छ । मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सदस्यले मात्र भत्ता पाउने व्यवस्था रहेकोमा सो बाहेकका पदाधिकारीलाई समेत वडा बैठक, कार्यपालिका बैठक, विशेष बैठक, सभा बैठक लगायतका बैठकको भत्ता भुक्तानी दिई वीरगन्ज महानगरपालिकाले खर्च लेखेको रु.१ करोड १६ लाख ३१ हजार कानुनसम्मत् देखिएन ।

८५. **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । वीरगन्ज महानगरपालिकाले आर्थिक सहायता रु.१ करोड ३२ लाख ४५ हजार खर्च गरेको छ । यस अतिरिक्त विभिन्न वडा कार्यालयले वडा सञ्चालन खर्चबाट समेत विभिन्न संघ, संस्थालाई निवेदनको आधारमा सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड र सिमा सम्बन्धी कार्यविधि तयार गरेको छैन । विकास निर्माणका लागि प्राप्त रकमलाई नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

८६. **प्रोत्साहन सुविधा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७०।३।१९ मा जारी गरेको परिपत्रबमोजिम स्थानीय तहका कर्मचारीको सुविधा नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । पोखरा महानगरपालिकाले पटक पटक निर्णय गरी अतिरिक्त सुविधा रु १ करोड ९८ लाख २२ हजार खर्च लेखेको छ । ऐन नियमले तोकेकोभन्दा बढी सुविधा दिने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

यस्तै वीरगन्ज महानगरपालिकाले नियम बमोजिम एक महिनाको चाडपर्वको अतिरिक्त तिहार खर्च रु.१ करोड ६ लाख ६९ हजार भुक्तानी गरेको छ । चाडपर्व खर्च दोहोरो भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

८७. **इन्धन खर्च** - अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका, २०७३ सवारीसाधन सुविधा पाउने पदाधिकारीलाई इन्धन सुविधा उपलब्ध गराउने उल्लेख छ । महानगरपालिकाहरुले कार्यालयमा रहेका सवारी साधनको लागि पाउने इन्धन सुविधा सम्बन्धमा मापदण्ड बनाएक छैनन् । पोखरा नगरपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलबाट चल्ने सवारीसाधनको अभिलेख नराखी इन्धन सुविधा उपलब्ध गराएको र सवारी लकबुक राख्ने व्यवस्था समेत नगरी यस वर्षमा सवारी इन्धनमा रु.१ करोड २३ लाख ५५ हजार खर्च भएको छ । भरतपुर महानगरपालिकाले विनियोजन रकमबाट समेत इन्धन खर्च रु.१ करोड ९ लाख ७७ हजार लेखेकोमा सोको आतिरिक्त कन्टेन्जेन्सी र अन्य कार्यक्रमा समेत इन्धन खर्च लेखेको र अतिथिलाई समेत इन्धन उपलब्ध गराएको देखिएकोले इन्धन खर्चमा मितव्ययिता कायम गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८८. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष वीरगन्ज महानगरपालिकाले रु.७७ लाख ९६ हजार विविध खर्च गरेकोले विविध खर्च मितव्ययी हुनुपर्ने देखिएको छ । ललितपुर महानगरपालिकाले १३९ पदाधिकारीलाई रु १ करोड १ लाख ८१ हजार खाजा भत्ता उपलब्ध गराएको पाइयो । नियममा व्यवस्था नभएको खाजा भत्ता खर्च लेखेको कानुनसम्मत् देखिएन ।

८९. **नर्म्स भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकाले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक विभागबाट २०७३ मा जारी भएको सार्वजिनक निर्माणसम्बन्धी नर्म्समा सडक निर्माणमा प्रयोग हुने ट्याक कोटको लागि ०.४ देखि ०.६ के.जी. प्रतिवर्गमिटर बिटुमिन लाग्ने उल्लेख छ । जसको औसत लिँदा ०.५ के.जी प्रति वर्ग मी.हुने देखिन्छ । काठमाडौं महानगरपालिकाले सडक मर्मत तथा विस्तार कार्य गराउँदा प्रतिवर्गमिटर ०.८५ के.जी.को दरले भुक्तानी दिएको छ । यसरी तोकिएको नर्म्सभन्दा बढी प्रयोग हुने गरी लागत अनुमान स्वीकृत गरी भुक्तानी गरेबाट रु.१ करोड १४ लाख व्ययभार परेको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

९०. **भेरिएसन -** विराटनगर महानगरपालिकाले पूर्वाधार निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७०।८।१७ मा सम्झौता गरेको देखियो । उक्त परियोजना २०७३।२।१२ सम्म सम्पन्न गर्ने गरी प्रोभिजनल सम बाहेक रु.२ अर्ब ३९ करोड १३ लाखको सम्झौता गरेकोमा ४ पटक भेरिएसन गरी सम्झौता रकम रु.२ अर्ब ९५ करोड ६३ लाख कायम भएको देखिन्छ । पुराना खानेपानी लाइनको रिलोकेशनका साथै नयाँ खानेपानी पाईप लाइन विस्तार, विद्युतका पोलहरुको पुनः स्थापना, ढल निर्माणको लागि इँटाको बदला आर.सी.सी ढलको लागि अतिरिक्त उपकरण आवश्यक परेको कारण देखाई शुरु सम्झौतामा समावेश नभएका रु.६८ करोड ३३ लाखको नयाँ आइटमको काम थप गरेको छ । नयाँ आइटमको काम साविककै निर्माण व्यवसायीसँग वार्ताद्वारा दररेट निर्धारण गरी गराउनुपर्ने बाध्यताले गर्दा पर्याप्त प्रतिस्पर्धा हुने अवस्था रहँदैन । पटक पटक डिजाइन संसोधन गरी भेरिएसन गर्नेलाई जिम्म्वार बनाउनुपर्दछ । ।

९१. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५मा मूल्य समायोजन गर्नसक्ने व्यवस्था छ ।यस्तै खरिद सम्झौताको शर्तभन्दा बढी हुने गरी मूल्य समायोजन भुक्तानी दिन मिल्दैन । विराटनगर महानगरपालिकाले एक परामर्सदातालाई मूल्य समायोजन रु.१७ करोड १ लाख २० हजार भुक्तानी दिएको छ । सम्झौता अनुसार दशौं रनिङ बीलसम्म रु.१५ करोड ८५ लाख २८ हजार मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा रु.१ करोड १५ लाख ९२ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

वीरगन्ज महानगरपालिकाले नर्सिङ्ग विद्यालय निर्माण कार्य निश्चित बजेट सम्झौताको आधारमा निर्माण गर्नेगरी एक निर्माण व्यवसायीसँग रु.६ करोडको खरिद सम्झौता गरेको छ । सम्झौतामा ड्रइङ्ग, डिजाइन अनुसार निर्माण गर्ने र कामको प्रगतिको आधारमा निश्चित प्रतिशत भुक्तानी दिने उल्लेख छ । एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्रयाक्ट) वा निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नमिल्नेमा मूल्य समायोजन रु.५९ लाख ८२ हजार भुक्तानी दिएकोछ । ऐन बिपरीत भुक्तानी दिएको उक्त रकम असुल गर्नुपर्दछ ।

९२. **अधुरा आयोजना -** काठमाडौं महानगरपालिकाले २०७५।७६ सम्मका २३९ योजना सम्पन्न नगरेकोले ती योजनामा रु.१ अर्ब ८६ करोड ५९ लाख १८ हजार आगामी वर्ष भुक्तानी गर्नेगरी जिम्मेवारी सारेको छ । ललितपुर महानगरपालिकाले २०७४।७५ को रु.५४ करोड ६१ लाख ३७ हजार र २०७५।७६ को रु.८९ करोड १९ लाख ४८ हजारका योजनाहरु आगामी वर्षकोलागि जिम्मेवारी सारेको देखियो । यस प्रकारको दायित्व बिगत वर्षदेखि नै जिम्मेवारी सार्दै आएको छ । खरिद सम्झौता अनुसार समयमै सम्पन्न नगरी अधुरो रहन गएको कार्य कानुनसम्मत देखिएन ।

९३. **बढी निकासा -** वीरगन्ज महानगरपालिकाले आफ्नो कार्यक्षेत्रका विद्यालयलाई निकासा दिनुपर्ने सबै रकम निकासा दिइसकेको अवस्थामा पुनः १५ विद्यालयलाई एकमुष्ट अनुदान निकासा दिएको रु.४६ लाख ७ हजार, बुक कर्नर व्यवस्थापन गर्न बिद्यार्थी संख्याको आधारमा गणना गरी निकासा दिई सकेको अवस्थामा पुनः सोही संख्यालाई आधार बनाई सोही कामको लागि काठमाणडौंको एक निजी कम्पनीलाई विद्यालयको सिफारिसको आधारमा भुक्तानी दिएको देखिएकोले एउटै कामको लागि दुई पटक निकासा भएको रु.१३ लाख र अवकाश भइसकेका शिक्षकलाई अवकाश पछिसमेत भुक्तानी दिएको तलब रु.१६ लाख १२ हजार समेत रु ७५ लाख १९ हजार असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्दछ ।.

९४. **दर्ता नभएका फर्मसँग खरिद -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । ललितपुर महानगरपालिका अन्तर्गतका उपभोक्ता समितिहरुले ढुङ्गा, गिट्टी जस्ता मूल्य अभिवृद्धि कर लाग्ने सामग्री खरिद गर्दा रु.२० हजार भन्दा घटीको धेरै बिलबाट खरिद गरेको पाइयो । लेखापरीक्षणको क्रममा छनौटमा परेका फाइलहरुको परीक्षणबाट रु.१० करोड ३७ लाख १८ हजारको सामाग्री खरिद गर्दा रु.२० हजारभन्दा घटिका बिलबाट खरिद गरेकोले मूल्य अभिवृद्धि कर रु.१ करोड ३४ लाख ८३ हजार असुल हुन सकेको छैन । रकम यकिन गरी असुल गर्नुपर्दछ ।

९५. **मूल्य अभिवृद्धि कर कट्टी -** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्थाअनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करारअन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । विराटनगर महानगरपालिकाले राजस्व शीर्षकमा दाखिला हुनुपर्ने रु.२ करोड ८५ लाख ९६ हजार सम्बन्धित फर्मलाई नै भुक्तानी दिएकोले उक्त मूल्य अभिवृद्धि कर राजस्व दाखिला भएको सुनिश्चित गर्नुपर्दछ ।

९६. **खर्च पुष्ट्याइँ** -पोखरा महानगरपालिकाले विभिन्न ४५ बटा कारोबारको रु.१ करोड ६४ लाख ७५ हजार खर्च लेखेकोमा उक्त खर्चको गोश्वारा भौचर लगायतका खर्च पुष्ट्याइँ हुने प्रमाण पेस नगरेकोले खर्चको यथार्थता यकिन भएन । ती खर्चका प्रमाण पेस हुनुपर्दछ ।

९७. **दीर्घकालीन ऋण -** काठमाडौ महानगरपालिकामा एसियाली विकास बैङ्कबाट प्राप्त दीर्घकालीन ऋण गत वर्षसम्म रु.४९ करोड १६ लाख १२ हजार रहेकोमा यस वर्ष थपघट भएको छैन । वीरगन्ज महानगरपालिकाले यस वर्ष नगर विकास कोषबाट भवन निर्माणको लागि लिएको ऋणको व्याज रु.३ करोड ३० लाख ८६ हजार, पोखरा महानगरपालिकाले लिएको ऋणको व्याज रु.८३ लाख ९९ हजार

र भरतपुर महानगरपालिकाले यो वर्ष आन्तरिक ऋणको व्याज रु.७४ लाख ९९ हजार खर्च लेखेको छ । तिर्नुपर्ने ऋण दायित्वको लेखाङ्कन, भुक्तानीको समय तालिका, साँवा ब्याज, ऋण रकमको अवस्था सम्बन्धी लेखानीतिमा खुलासा गरी सञ्चित कोषको आय-व्ययमा देखाउनुको साथै ऋण दायित्वको अभिलेख व्यवस्थित राख्नुपर्दछ ।

९८. **मुद्दती निक्षेप -** काठमाडौं महानगरपालिकामा बचत रकममध्ये २०७५।१०।२ मा रु.१ अर्ब एक निजी बैङ्कको १ वर्षे मुद्दतीमा राखेको र थप रु.१ अर्ब ४० करोड मुद्दतीमा राख्ने निर्णय गरे तापनि कार्यान्वयन भएको छैन । विकास निर्माण र सेवा प्रवाहको लागि प्राप्त स्रोतको प्रभावकारी परिचालन गर्नुपर्दछ । बचत रकम मुद्दती निक्षेपमा लगानी गर्ने सम्बन्धमा स्रोत परिचालन नीति तर्जुमा गरी सो कार्यान्वयन गर्नुपर्दछ ।

९९. **लेखापरीक्षण रकम र बेरुजू** - महानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छः

(रु लाखमा)

| सि.नं. | महानगरपालिका | लेखापरीक्षण रकम | यो वर्षको बेरुजू | बेरुजूमध्ये पेस्की रकम | हालसम्मको बाँकी बेरुजू | यो वर्षको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विराटनगर | ७३९४९ | १४७४ | ५८० | ७१५५ | १.९९ |
| २ | वीरगन्ज | ७००३७ | ६९५८ | २४५० | १३७३० | ९.९३ |
| ३ | काठमाडौं | १५२०३२ | १४३९४ | ११६२ | २८७३९ | ९.४७ |
| ४ | ललितपुर | ६२८९५ | ८८२५ | ४४२६ | १५३६२ | १४.०३ |
| ५ | भरतपुर | ६६९८४ | २२४५ | ७५१ | ९७०६ | ३.३५ |
| ६ | पोखरा | ८९१८२ | ६२४७ | २२०० | १२६५८ | ७.०० |
| | **जम्मा** | **५१५०७९** | **४०१४३** | **११६६९** | **८७३५०** | **७.७९** |

## उप-महानगरपालिकाहरु

१००. **आर्थिक कारोबार -** उप-महानगरपालिकाहरुको गत वर्षको जिम्मेवारी यो वर्षको आय, चालु पुँजीगत तथा अन्य खर्च र मौज्दात अवस्था देहायअनुसार छः

(रु लाखमा)

| सि नं | उप महानगरपालिका | आय | | | | व्यय | | | | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्षको जिम्मेवारी | अनुदान | अन्य | जम्मा | चालु खर्च | पुँजीगत खर्च | अन्य खर्च | जम्मा | |
| १ | धरान | १९६१ | १३४९१ | ४२०१ | १९६५३ | ७४५१ | ५८४८ | ३६७७ | १६९७६ | २६७८ |
| २ | इटहरी | १५४८ | ९३५८ | ४९१७ | १५८२३ | ५२९९ | ४३६९ | २९२५ | १२५९३ | ३२३० |
| ३ | कलैया | ८९२ | ६७४३ | ४५५४ | १२१८९ | ६३१२ | ३७२१ | ५४० | १०५७३ | १६१७ |
| ४ | जीतपुर सिमरा | २४८९ | ६३२२ | ५६३५ | १४४४६ | ५४९३ | ३६६० | ५०७ | ९६६० | ४७८५ |
| ५ | हेटौंडा | ३१६० | ११५४६ | ८०३१ | २२७३६ | ९७०७ | ४४२३ | १६९१ | १५८२१ | ६९१४ |
| ६ | बुटवल | ५१२ | ८६८८ | ७५०४ | १६७०५ | ८२८६ | १६२४ | ३४३१ | १३३४१ | ३३६४ |
| ७ | घोराही | ९४१ | ८३७५ | ७६८२ | १६९९८ | ० | ० | १४५८६ | १४५८६ | २४१३ |
| ८ | तुलसीपुर | ४८३ | ७५९४ | ६११४ | १४१९१ | ८३३० | ४६९० | ३२९ | १३३४९ | ८४२ |
| ९ | नेपालगन्ज | २६५४ | ७०६८ | २०३८३ | ३०१०५ | ७०८७ | ६००६ | ११९१३ | २५००६ | ५०९९ |
| १० | धनगढी | १८८० | १४२७० | १४६९ | १७६१९ | १२६२ | १५०९५ | ३६८ | १६७२५ | ८९५ |
| | **जम्मा** | **१६५२०** | **९३४५५** | **७०४९०** | **१८०४६५** | **५९२२७** | **४९४३६** | **३९९६७** | **१४८६३०** | **३१८३७** |

जनकपुर उप-महानगरपालिकाले लेखापरीक्षण नगराएकोले तथ्याङ्क तालिकामा समावेश गरिएको छैन । त्यस्तै घोराही उप-महानगरपालिकाले चालू र पुँजीगत खर्च छुटयाई आय व्यय विवरण नबनाएकोले चालु र पुँजीगत खर्च यकिन भएको छैन ।

१०१. **प्रोत्साहन सुविधा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ अनुसार स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । बुटवल उप-महानगरपालिकाले यो वर्ष २४७ कर्मचारीलाई खाइपाई आएको तलबको १५ देखि २२ प्रतिशतसम्म रु.१ करोड ७ लाख ५५ हजार र धनगढी उपमहानगरले सुरु तलब स्केलको १५ प्रतिशत प्रोत्साहन भत्ता रु.९३ लाख ९५ हजार खर्च लेखेको छ । ऐन नियममा व्यवस्था नभएको अतिरिक्त सुविधा स्थानीय तह स्वयंले निर्णय गरी उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०२. **अवकास कोष -** प्रत्येक कर्मचारीको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्नेमा धनगढी उप-महानगरपालिकाले रु.१ करोड ५० लाख एकमुष्ट अवकाश कोषमा जम्मा गरेको छ । संघीय सरकारले दिएको अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१०३. **बैठक भत्ता -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ४ अनुसार पदाधिकारी र सभाका सदस्यले न्यायिक समीति वा कुनै पनि समितिको बैठकमा भाग लिए बापत अनुसूचीमा उल्लेख भएबमोजिमको बैठक भत्ताबापतको रकम पाउने व्यवस्था छ । ऐन नियममा व्यवस्था नभएको वडा बैठक, कार्यपालिका बैठक, विशेष बैठक, सभा बैठक लगायतका बैठकको बैठक भत्ता घोराही उप-उप-महानगरपालिकाले रु.२८ लाख ५० हजार, तुल्सीपुर उप-उप-महानगरपालिकाले रु.१ करोड ८० लाख ७ हजार, हेटौंडा उप-महानगरले रु.५३ लाख ५६ हजार र धनगढी उप-महानगरले रु.४२ लाख ४८ हजार भुक्तानी गरेको छ । पदाधिकारीको सेवा सुविधामा उल्लेख नभएको सुविधा खर्च लेख्न मिल्ने देखिँदैन ।

१०४. **बजार अनुगमन** - बजार अनुगमनलाई प्रभावकारी बनाउने उद्देश्यले उप महानगरपालिका आफैंले खाद्य परीक्षण प्रयोगशालाको स्थापना गरिने बजेट वक्तव्यमा उल्लेख छ । हेटौंडा उप-महानगरपालिकाले अनुगमन गरी खाद्य परीक्षण प्रयोगशालामा परीक्षण गर्दा एक घीउ र एक डेरी उद्योगद्वारा उत्पादित घीउ मापदण्डअनुसार नभएकोले जफत गरेको र सुकेको वोडीमा विषादी मिसाएकोले जफत गरेको देखियो । सार्वजनिक स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने गरी खाद्यान्नमा हुने मिसावट नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

१०५. **बढी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही गर्नुपर्ने व्यवस्था छ । कलैया उप-महानगरपालिकाले विविधमा रु.१ करोड ८८ लाख ९९ हजार विनियोजन गरी खर्च गरेको पाइयो । विविध खर्च अधिक भएकाले यस्तो खर्च मितव्ययी हुनुपर्दछ ।

१०६. **बढी भुक्तानी** - घोराही उप-महानगरपालिकाले वडा नं.१ र २ मा पर्ने खोलामा कृतिम (ड्याम) जलाशय निर्माण खर्च गर्दा उपभोक्ता समितिलाई निर्माण कार्यको लागि स्वीकृत विभागीय नर्म्स र जिल्ला दररेट अनुसार रु.२९५।- ले भुक्तानी गर्नुपर्नेमा रु.३९८।- ले भुक्तानी गरी २४ हजार ५३३ घनमिटरको रु.२५ लाख २७ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१०७. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्नसक्ने व्यवस्था छ । इटहरी उप-महानगरपालिकाले तलब, भवन निर्माण, मेसिनरी औजार लगयतका पुँजीगत उपशीर्षकबाट रु.७८ लाख ३४ हजार रकमान्तर गरी घटाएर बैठक भत्ता, भ्रमण खर्च, सवारीसाधन मर्मत, विविध खर्चमा बढाएको देखियो । चालु खर्चमा मितव्ययिता ल्याउन यस प्रकारको रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१०८. **राजस्व बक्यौता** - आय ठेक्कामा सम्झौताको शर्तबमोजिम प्राप्त गर्नुपर्ने रकम असुल गरी सञ्चितकोषमा दाखिला गर्नुपर्नेमा कलैया उप-महानगरपालिकाले २०६९।७० देखि २०७४।७५ सम्म आय ठेक्का सम्झौता गरेका ९ पोखरीको रु.७० लाख ६० हजार र २०६४।६५ देखि २०७५।७६ सम्मको हाटबजार, सवारी करलगायतको ५ ठेक्कामा रु.१ करोड २४ लाख ५१ हजार, जीतपुर सिमरा उप-महानगरपालिकाले पटके सवारी करतर्फ रु. १७ लाख ७६ हजार, पार्किङ्ग शुल्क रु.५ लाख र मिनाहा दिन नमिल्ने हाटबजार शुल्क रु.३ लाख ९९ हजार समेत रु.२६ लाख ७५ हजार र हेटौंडा उप-महानगरपालिकाले ६ करदाताबाट सम्पत्ति कर रु.१ करोड ७९ लाख ४८ हजार असुल गर्न बाँकी देखिन्छ । उठ्न बाँकी उक्त रकम सम्झौताको शर्त बमोजिम असुल गरी स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

१०९. **मूल्य अभिवृद्धि कर** - स्थानीय तहहरुले आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा जीतपुर सिमरा उप-महानगरपालिकाले एक व्यवसायीसँग रु.८१ लाख ५१ हजार र हेटौंडा उप-महानगरपालिकाले एक व्यवसायीसँग रु.३२ लाख ३६ हजार असुल गरेका छैनन् । धनगढी उपमहानगरपालिकाले रु.१७ करोड ७९ हजारको आय ठेक्काबाट प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर ठेक्का सकारकर्ताले नै आन्तरिक राजस्व कार्यालयमा बुझाउने शर्तमा ठेक्का सम्झौता गरेको छ । ठेक्का सकारकर्ताले आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर रु.२ करोड २१ लाख १० हजार दाखिला नगरेकाले असुल गरी दाखिला गर्नुपर्दछ ।

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्थाअनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । उक्त व्यवस्था अनुसार ५० प्रतिशत संवन्धित राजस्व शीर्षकमा दाखिला नगरी पुरै मूल्य अभिवृद्धी कर सम्बन्धित फर्मलाई नै भुक्तानी दिएको छ । यस्तो कर नेपालगंज उपमहानगरले रु.३१ लाख ५५ हजार र बूटवल उपमहानगरले रु.४६ लाख ८७ हजार भुक्तानी दिएकोले मूल्य अभिवृद्धि कर दाखिला भएको सुनिश्चित हुनुपर्दछ ।

११०. **उपभोक्ता योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिबाट कुनै निर्माण कार्य गराउँदा जनसहभागिताको अंश भुक्तानीमा कट्टा गर्नुपर्ने व्यवस्था छ । जीतपुर सिमरा उपमहानगरपालिकाले जनसहभागिताको अंश २० प्रतिशत तोकेकोमा प्रदेश सरकारबाट प्राप्त रु.२ करोडको काम उपभोक्ता समिति मार्फत् गर्दा लागत सहभागिता अनिवार्य नगरी पुरै भुक्तानी दिएको कारण रु.३८ लाख बढी व्ययभार परेको देखियो ।

तुल्सीपुर उप-महानगरपालिकाले ६ वटा वडाका योजनामा १५ प्रतिशत र अन्य वडामा २५ प्रतिशत जनसहभागिता अंश कायम गर्ने गरी निर्णय गरेकोमा ११ योजना सम्पन्न गर्दा निर्णयमा उल्लेख गरेभन्दा कम योगदान रहने गरी उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी गरेको कारण बढी भुक्तानी भएको रु.१६ लाख ४४ हजार उपभोक्ता समितिबाट असुल गर्नुपर्ने देखिन्छ ।

१११. **मूल्य समायोजन** - बुटवल उप-महानगरपालिकाले मुख्य प्रशासनिक कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.४३ करोड ५३ लाख ५० हजारमा सम्झौता गरेकोमा निर्माण सामग्रीको मूल्य १० प्रतिशतले घटबढ नभएको अवस्थामा मूल्य समायोजन नदिने उल्लेख छ ।सम्झौतामा उल्लिखित शुत्र प्रयोग नगरी फरक सूत्र प्रयोग गरेकोले रु ६९ लाख ६७ हजार बढी मूल्य समायोजन दिएको रकम असुल हुनुपर्दछ

११२. **गैरसरकारी संस्थाबाट कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने र दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट प्रतिस्पर्धा गरी सार्वजनिक सूचना दिई न्यूनतम कबोल गर्नेको प्राविधिक योग्यताको आधारमा काम दिनुपर्ने व्यवस्था छ । कलैया उप-महानगरपालिकाले रु.६७ लाख २ हजार र जीतपुर सिमरा उप-महानगरपालिकाले २५ संस्थासँग रु.६५ लाख ४४ हजारको कार्य प्रतिस्पर्धाबिगर नियमावलीको प्रक्रिया पूरा नगरी गैरसरकारी संस्थामार्फत् गराएको छ । कानुनबमोजिमको प्रक्रिया पूरा गरी कार्य गराउनुपर्दछ ।

११३. **शिक्षकको तलब निकासा** - स्वीकृत दरबन्दीमा नरहेका र विद्यालयले निजी स्रोतबाट खर्च बेहोर्ने गरी राखेको शिक्षकको पारिश्रमिक स्थानीय तहबाट निकासा गर्न नमिल्नेमा दरबन्दी बेगरका निजी स्रोतका शिक्षकका लागि घोराही उप-महानगरपालिकाले रु.३० लाख ४० हजार र बुटवल उप-महानगरपालिकाले रु ३८ लाख ४० हजार निकासा दिएको देखियो । निजी शिक्षकको तलब भत्ता खर्चका लागि दिएको निकासा सम्बन्धित विद्यालयहरुबाट असुल हुनुपर्दछ ।

११४. **सामाजिक सुरक्षा कार्यक्रम** - घोराही उप-महानगरपालिकाले २०७४।७५ मा १४ बैङ्कमार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.१९ करोड ८५ लाख ९३ हजार निकासा दिएकोमा रु.१६ करोड २५ लाख ९९ हजार वितरण गरेकोले बाँकी रहेको रु.३ करोड ५९ लाख ९४ हजार फिर्ता गर्नुपर्नेमा रु.१ करोड ३७ लाख ८१ हजार मात्र फिर्ता गरेकोले बैङ्कबाट रु.२ करोड २२ लाख १३ हजार असुल गर्नुपर्ने देखिएको छ ।

११५. **नगर वस** - विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा अनुदान दिने क्षेत्र तथा विषयबारे उल्लेख छ । नेपालगंज उप-महानगरपालिकाले संघीय सरकारको विशेष अनुदानबाट रु.३ करोड ४७ लाख ३ हजार मूल्यका ४१ सिटे ४ र ३६ सिटे ३ वस खरिद गरी वसको सिट कभर सजावट, बडिहुट जस्ता कार्यमा रु.११ लाख ८ हजार खर्च गरेको समेत रु.३ करोड ५८ लाख ११ हजारका वस नगर क्षेत्रमा सञ्चालन गरेको देखियो । विशेष अनुदान सम्बन्धी कार्यविधिमा वस खरिद गरी सञ्चालन गर्ने व्यवस्था छैन । अनुदान सम्बन्धी कार्यविधि भन्दा फरक हुनेगरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११६. **लेखापरीक्षण रकम र बेरुजू** - उप-महानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छः

(रु लाखमा)

| सि.नं. | उपमहानरपालिका | लेखापरीक्षण रकम | यो वर्षको बेरुजू | बेरुजूमध्ये पेस्की रकम | हालसम्मको बाँकी बेरुजू | बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | धरान | ३४६६८ | ४१० | १४३ | १६९० | १.१८ |
| २ | इटहरी | २६८६९ | ४९३ | ९० | ३८६३ | १.८४ |
| ३ | कलैया | २१८६९ | ६३१ | २३३ | १७८६ | २.८९ |
| ४ | जीतपुर सिमरा | २१६१७ | ६८५ | ३०८ | १८१७ | ३.१७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हेटौँडा | ३५३९८ | १०४९ | ३०८ | १४३९ | २.९६ |
| ६ | बुटवल | २९५३३ | ९१६ | ३३३ | ११४९ | ३.१० |
| ७ | घोराही | ३०६४३ | १४६३ | ३१८ | २५९५ | ४.७७ |
| ८ | तुलसीपुर | २७०५७ | २०९० | १४९ | २७११ | ७.७२ |
| ९ | नेपालगंज | ५२४५७ | १३८० | ४११ | ४८३४ | २.६३ |
| १० | धनगढी | ३२४६३ | १५४४ | ८३६ | १९८३ | ४.७६ |
| | **जम्मा** | **३१२५७४** | **१०६६१** | **३१२८** | **२३८६७** | **३.४१** |

जनकपुर उप-महानगरपालिकाले यो वर्षको लेखापरीक्षण नगराएकोले गत वर्षको बेरुजू रु.४५ करोड २२ लाख तालिकामा समावेश गरिएको छैन ।

## नगरपालिकाहरु

११७. **आर्थिक कारोबार -** देशभरिका २७६ मध्ये २७३ नगरपालिकाहरुको गत वर्षको मौज्दात रु.२० अर्ब ७९ करोड ७९ लाखमा यो वर्ष संघ तथा प्रदेशबाट प्राप्त अनुदान रु.१ खर्ब ३२ अर्ब ९४ करोड १५ लाख तथा अन्य आय रु.४१ अर्ब २९  करोड ५१ लाखसमेत रु.१ खर्ब ९५ अर्ब ३ करोड ४४ लाख आम्दानी गरी चालु खर्च रु.८५ अर्ब १२ करोड ७ लाख, पुँजीगत खर्च रु.५८ अर्ब २१ करोड ६० लाख र अन्य रु.२१ अर्ब १२ करोड ९१ लाख  समेत रु.१ खर्ब ६४ अर्ब ६ करोड ५९ लाख खर्च गरी रु.३० अर्ब ५६ करोड ८६ लाख आगामी वर्षको लागि जिम्मेवारी सारेका छन् । यस सम्वन्धि कारोबारको लेखापरीक्षण सम्पन्न गरी अन्तिम प्रतिवेदन सम्बन्धित नगरपालिकालाई जारी गरिएको छ ।

११८. **बजेट तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । गोदावरी नगरपालिकाको २०७५।३।१० गतेको नगर सभाबाट रु.७८ करोड २२ लाख १५ हजारको वार्षिक बजेट पारित भएकोमा रु.१७ करोड ७७ लाख ६१ हजारको स्रोत खुलाएको छैन । राजस्व वृद्धि गरी वा प्रदेश वा संघीय सरकारबाट थप बजेट माग गरी उक्त खर्चको स्रोत पूर्ति गर्ने उल्लेख छ । आम्दानीको स्रोत यकिन नगरी बजेट तयार गर्नु उपयुक्त देखिएन ।

सोही ऐनमा स्थानीय तहले पूरक बजेट ल्याउँदा स्थानीय कानुनबमोजिम हुने व्यवस्था छ । स्थानीय तहको कार्यपालिकाले स्वीकृत गरेको पूरक बजेट तथा पुरक कार्यक्रम नगरसभाबाट स्वीकृत गर्नुपर्नेमा चन्दननाथ नगरपालिका जुम्लाले पूरक बजेटमार्फत् मानवीय सहयोग तथा राहत लगायतका ३६ कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गरी रु.१ करोड ४५ लाख ६७ हजार खर्च लेखेको छ । नगर सभाको स्वीकृतिबेगर गरेको खर्च नियमित देखिएन ।

११९. **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा योजना तथा कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन गर्ने व्यवस्था छ । कार्यक्रम तथा योजना उल्लेख नगरी अबण्डा बजेट राख्न मिल्दैन । नवलपरासीको सुनवल नगरपालिकाले रु.७ करोड १६ लाख ५१ हजार, कपिलबस्तुको कृष्णनगर नगरपालिकाले रु.३ करोड ४८ लाख १६ हजार, रुपन्देहीको तिलोत्तमा नगरपालिकाले रु.१ करोड ४५ लाख अबण्डा बजेट राखी नगरपालिकाका प्रमुख तथा उप प्रमुखको निर्णयबाट विभिन्न कार्यक्रममा बजेट बाँडफाँड गरी खर्च गरेको देखियो । गोलबजार नगरपालिका सिरहाले सभाबाट बजेट पारित गर्दा नगरप्रमुखले रु.८० लाख, उपप्रमुखले रु.४० लाख र प्रत्येक वडा अध्यक्षले रु.१० लाखका योजना

छनौट गर्न सक्ने गरी रु.२ करोड २० लाख विनियोजन गरेको छ । सभामा कार्यक्रम तथा योजना खुलाई बजेट विनियोजन नगरी खर्च लेखेको नियमसम्मत देखिएन ।

योजना र कार्यक्रम उल्लेख नगरी नगरस्तरिय मर्मत सम्भार उल्लेख गरेर एकमुष्ट बजेट राखी कागेश्वरी मनहरा नगरपालिकाले रु.३३ करोड ३१ लाख ६२ हजार, गोर्खा नगरपालिकाले रु.२ करोड ३८ लाख ३१ हजार, मध्यपुर थिमी नगरपालिकाले रु.४० करोड ५ लाख ५० हजार खर्च गरेका छन् । यसरी अवण्डामा बजेट राखी खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने र वित्तीय अनुशासन कायम नहुने हुँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२०. **सञ्चित कोष -** बजेट र कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्नेमा गल्याङ्ग नगरपालिका स्याङ्जाले आयभन्दा बढी खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा रु.१९ लाख ८२ हजार मौज्दात रहेकोमा संघ तथा प्रदेशलाई फिर्ता एवं कोष हिसाब मिलान गर्दा सञ्चितकोष रु.३ करोड ७८ लाख ५१ हजार ऋणात्मक रहेको छ । ढोरपाटन नगरपालिका बाग्लुङ्गको स्रेस्ता अनुसार रु.३० लाख ४१ हजार मौज्दात रहेकोमा बैङ्क स्टेटमेण्ट पेस नगरेकोले यथार्थ मौज्दात यकिन हुन सकेन । सशर्त अनुदानतर्फको रु.८० लाख २० हजार संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रकम घटाउँदा बैङ्क मौज्दात रु.४९ लाख ७९ हजार ऋणात्मक हुने देखिन्छ । स्वीकृत कार्यक्रमभन्दा बढी खर्च गर्ने कार्यमा पूर्णरुपमा नियन्त्रण गरिनुपर्दछ ।

फलेबास नगरपालिका पर्वतको एकीकृत आर्थिक विवरणअनुसार आन्तरीक आय रु.९२ लाख ७५ हजार देखिएकोमा स्रेस्ताअनुसार रु.१ करोड ८ लाख ६ हजार देखिएकोले रु.८ लाख १० हजार फरक परेकोछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२ करोड २ लाख ९४ हजार मौज्दात रहेकोमा कोष तथा लेखा नियन्त्रकको कार्यालयमा पठाएको प्राप्ति र भुक्तानीको विवरणमा रु.१ करोड ४२ लाख ९१ हजार देखिँदा रु.६० लाख ३ हजार फरक परेको देखिन्छ । यसरी फरक परेको सम्बन्धमा छानबिन गरी मौज्दात यकिन गर्नुपर्दछ ।

१२१. **फिर्ता गर्नुपर्ने अनुदान -** संघीय सरकारबाट सःशर्त अनुदान बापत प्राप्त भएको रकम खर्च नभई बाँकी रहेमा सो रकम आर्थिक वर्षको अन्त्यमा संघीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ । धनकुटा नगरपालिकाले रु.४ करोड ७८ लाख ९९ हजार, कपिलवस्तुको कृष्णनगर नगरपालिकाले रु.१ करोड ६६ लाख ६७ हजार र गल्याङ नगरपालिका, स्याङजाले रु १ करोड ३२ लाख ६१ हजार खर्च नभई बाँकी रहेको रकम फिर्ता गरेको देखिएन । उक्त रकम संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्दछ ।

१२१.१.बारा जिल्लाका ४ नगरपालिकाले रु. ५ करोड ३९ लाख ५२ हजार, धनुषाका ५ नगरपालिकाले रु. १ करोड ३५ लाख ४७ हजार, महोत्तरीका ३ नगरपालिकाले रु. १३ करोड ८५ लाख ४८ हजार, सिरहाका ४ नगरपालिकाले रु. ६ करोड ७५ लाख ४८ हजार, सप्तरीका ८ नगरपालिकाले रु. ५ करोड ५३ लाख ६७ हजार समेत रु. ३२ करोड ८९ लाख ६२ हजार प्रदेश तथा संघीय सञ्चित कोष दाखिला गरेका छैनन् । उक्त रकम संघीय तथा प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

१२१.२.कर्णाली प्रदेशका ६ नगरपालिकाले रु.८० लाख ९५ हजार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त अनुदान निकासा फिर्ता गरेका छैनन् । खैरहनी नगरपालिकाले दमकल खरिदको लागि एक आपूर्तकसँग सम्झौता गरेकोमा खर्च हुन नसकेको जनाई रु.४५ लाख २७ हजार २०७६।३।३१ मा धरौटी खातामा जम्मा गरेको देखियो । फ्रिज हुनुपर्ने उक्त रकम धरौटी खातामा जम्मा गरेको नियमित देखिएन ।

१२२. **लेखापरीक्षण -** स्रेस्ता पेस गरी लेखापरीक्षण गराउनुपर्नेमा संभुनाथ नगरपालिका सप्तरीले कठैना प्रहरी चौकीको भवन निर्माण कार्यको रु.१४ लाख ५० हजार तथा तराई मधेश समृद्धि कार्यक्रमको रु.९६

लाख ७४ हजार, कंचनरुप नगरपालिकाले विपद् व्यवस्थापन कोष सहित ४ कोषको रु.३५ लाख ४९ हजार समेत रु.१ करोड ४६ लाख ७३ हजारको लेखापरीक्षण गराएका छैनन् । स्रेस्ता पेस नगर्ने जिम्मेवार पदाधिकारीलाई कारबाहीसमेत गरिनुपर्दछ ।

१२३. **विविध कोष सञ्चालन र परिचालन -** पालुङ्गटार नगरपालिका गोरखाले मापदण्डबेगर ५ विशेष कोषमा रु.१ करोड ८५ लाख ५३ हजार जम्मा गरेको, सूर्य बिनायक नगरपालिका भक्तपुरले मर्मत सम्भार र विपद् व्यवस्थापन कोषमा रु.३ करोड जम्मा गरेको, सुर्योदय नगरपालिकाले रु.१ करोड १४ लाख ९८ हजार मौज्दात राखेको छ । खर्च गर्ने कार्यविधिको अभावमा विशेष कोषको रकम उपयोग भएको छैन । खर्च गर्ने कार्यविधि एवं मापदण्ड बेगर कोषहरुमा रकम ट्रान्सफर गरी खर्च देखाउन मिल्दैन ।

महाकाली नगरपालिका दार्चुलाले नगरसभाबाट पारित १२ कोषका लागि रु.२४ लाख २० हजार बजेट व्यवस्था गरेकोमा ८ कोषमा रु.१ करोड ४८ लाख १८ हजार जम्मा गरेको छ । सभाबाट पारित भएको बजेटभन्दा रु.१ करोड २३ लाख ९८ हजार बढी रकम विभिन्न कोषमा जम्मा गरेको र विकास निर्माण तथा सेवा प्रबाहको लागि निकासा भएको रकमबाट विशेष कोषमा रकम जम्मा गर्न मिल्ने देखिएन । कोष स्थापना एवं सञ्चालन गर्नुपर्ने भएमा कानुनमा व्यवस्था हुनुपर्ने, नेपाल सकारबाट प्राप्त अनुदान रकम विशेष कोषमा जम्मा गर्न नमिल्ने हुँदा उक्त रकम सञ्चितकोष फिर्ता हुनुपर्दछ ।

१२३.१.**आय व्यवस्थापन -** प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँडको लागि कार्यविधि बनाउने र कानुनबमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, नुन, स्लेट जस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन् र सो सम्बन्धी रोयल्टी सङ्कलनलाई कार्यविधि बनाई व्यवस्थित गरिने व्यहोरा स्थानीय तहहरुले बजेटमा उल्लेख गरेकोमा सो अनुसार कार्यविधि बनाई प्रतिस्पर्धात्मक तरिकाले राजस्व सङ्कलन गरेको छैन ।

१२३.२.दमक नगरपालिकाबाट रतुवा र मावा खोलामा निर्माण व्यवसायीले बढी उत्खनन् गरेको परिमाणको कबोल गरेको दरमा हिसाब गरी हुन आउने रु.७३ लाख ३५ हजार मूल्य अभिवृद्धि कर बाहेक असुल गर्न पत्राचार गरे तापनि सो रकम असुल भएको देखिएन । सो रकम असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने देखियो ।

१२३.३.दुधौली नगरपालिका, सिन्धुलीले कमला नदीको खोरखोलादेखि डकाहा बजारसम्म स्थानीय बासिन्दाको अवरोधका कारण नदीजन्य पदार्थ सङ्कलन गर्न नसक्ने भएकाले बाँकी किस्ता मिनाहाका लागि नगर प्रमुख समक्ष निवेदन पेस गरेकोमा २०७६।२।३१ को बैठकले नगरसभाबाट समर्थन हुने गरी ठेक्का रद्द गर्ने तथा बैङ्क ग्यारेन्टी फुकुवा गर्ने निर्णय गरेको पाइयो । व्यवसायीले २०७५।११।२८ सम्म नदीजन्य पदार्थ सङ्कलन गरेको अवस्थामा दामासाहीले रकम असुल गर्नुपर्नेमा कार्यालयले सम्झौताको शर्त विपरीत ठेकेदारलाई फाइदा पुग्नेगरी रु.१ करोड ७७ लाख १९ हजार मिनाहा गर्ने निर्णय गरेको औचित्यपूर्ण देखिएन ।

१२३.४.कोल्हवी नगरपालिका बाराले आर्थिक वर्षको शुरु दखिनै ठेक्का लगाउनुपर्नेमा २०७५ कार्तिकदेखि २०७६ आषाढसम्म ९ महिनाको लागि सूचना प्रकाशन गरेको छ । निजगढ र कोल्हवी २ स्थानीय तहको स्रोत विवादका कारण ३ महिना र प्रशासनिक प्रक्रियाले थप ३ महिना समेतगर्दा २०७५ माघ ७ गतेदेखि २०७६ आषाढ सम्म करिब ६ महिनाको लागिमात्र ठेक्का लगाएको देखिन्छ । पालिकाको ठेक्का सकार गर्नेको कबुल अङ्क रु.७ करोड ९१ लाख भएको र सम्झौता गर्न नआएपछि निजलाई कालोसूचीमा राख्ने काम गर्नुपर्नेमा गरेको छैन । दोस्रो बढीवालाको कबोल अङ्क रु.६ करोड ९१ लाख मूल्य अभिवृद्धिकर बाहेक भएकोले १७७ दिनको रु.४ करोड ४५ लाख ८१ हजार बुझाउने गरी सम्झौता गर्नुपर्नेमा रु.३

करोड ९४ लाख ८ हजारको सम्झौता गरेकोले मूल्य अभिवृद्धि कर रु.६ लाख ७२ हजारसहित घटी रकम रु.५८ लाख ४५ हजार निर्णयकर्तालाई समेत जवाफदेही बनाई असुल गर्नुपर्दछ ।

१२३.५.निजगढ नगरपालिका बाराले लालबकैया खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा निकासीका लागि एक निर्माण सेवासँग २०७५।६।१७ मा रु.७ करोड ७७ लाख ७८ हजारको सम्झौता गरेको छ । कार्यपालिकाको २०७६।३।२१ को बैठकबाट निज ठेकेदारसँग २०७५।६।१ देखि लागू हुने गरी सम्झौता गर्नुपर्नेमा २०७५।६।१७ मा मात्र सम्झौता भएको कारण ठेकेदारले १७ दिन काम गर्न नपाएको र सोबापत हुने रु.३९ लाख ६७ हजार मिनाहा गरी फिर्ता दिने निर्णय गरेको पाइयो । सम्झौता ढिला गरी गर्नुको कारण उल्लेख छैन । ठेकेदारले सम्झौतामा तोकेको परिमाणमा उत्खनन् गरी निकासी बिक्री गर्न नसकेको भनी माग गरेको सम्बन्धमा यकिन नगरी मिनाहा दिई हाल फिर्ता दिएको रु.३५ लाख असुल गर्नुपर्दछ ।

१२३.६.पाँचखाल नगरपालिका काभ्रेले नदिजन्य सामग्री बिक्री एवं निकासीको लागि रु.२ करोड २७ लाख ३ हजार न्यूनतम अङ्क कायम गरी ठेक्का बन्दोबस्त गर्दा एक निर्माण सेवाको मूल्य अभिवृद्धि करसहितको रु.२ करोड ५८ लाख ८१ हजार स्वीकृत गरी २०७५।६।२४ मा सम्झौता भएको देखिन्छ । सम्झौताका बखत निर्माण व्यवसायीले रु.६४ लाख ७० हजार दाखिला गरेको, तत्पश्चात् कुनै रकम दाखिला गरेको छैन । कार्यालयले २०७६।४।२८ मा कृषि विकास बैङ्कलाई रु.६४ लाख ७० हजारको र सेन्चुरी कमर्शियल बैङ्क लिमिटेडलाई रकम उल्लेख नगरी जमानतको म्याद थप गरिदिनुहुन पत्र लेखेकोमा कृषि विकास बैङ्कले जमानतको म्याद समाप्त भइसकेको जानकारी गराएको पाइयो । दुबै बैङ्कको जमानतको म्याद थप नभएको एवं निर्माण व्यवसायीले रकम दाखिलासमेत नगरेकोले मूल्य अभिवृद्धि कर रु.२९ लाख ७७ हजार तथा बाँकी किस्ता रु.१ करोड ६४ लाख ३३ हजार असुल गर्नुपर्दछ ।

१२३.७.दक्षिणकाली नगरपालिकाले वाग्मती नदीको २०० मिटर आसपासको क्षेत्रको स्वीकृत खहरेमा थुप्रिएका वालुवा तथा सडक बाटो पूर्वाधार उपयोग गर्न मूल्य अभिवृद्धि करबाहेक रु.२ लाख ५० हजार को लागत अनुमान तयार गरेर सूचना प्रकाशन गर्दा सबैभन्दा बढी कबुल गर्ने एक कन्स्ट्रक्सन कम्पनीले मूल्य अभिवृद्धि कर बाहेक रु.३ करोड ६० लाख को रकम बुझाउने गरी २०७५।७।७ मा सम्झौता गरेको छ । सो सम्झौता बमोजिम कम्पनीले रु.२ करोड ७७ लाख ५३ हजार जम्मा गरे तापनि प्रथम किस्ताको बाँकी रु.८२ लाख ४७ हजार सुद समेत रु.९० लाख ७२ हजार असुल गर्नुपर्दछ । वस्तुपरक तवरले लागत अनुमान तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१२३.८.बर्दिबास नगरपालिका महोत्तरीले नदीजन्य पदार्थ सङ्कलन तथा बिक्री वितरणसम्बन्धी आय ठेक्कामा प्रथम कबोलवाला सम्झौता गर्न नआई दोस्रोसँग र दोस्रोले पनि सम्झौता नगरी तेस्रोसँग सम्झौता गरेकोले प्रथम कबोल अङ्कभन्दा रु.२ करोड ८१ लाख २८ हजार घटीमा ठेक्का लगाएको छ । त्यस्तै गौशाला नगरपालिकाले नदीजन्य पदार्थ र हाट बजार सम्बन्धी आय ठेक्कामा प्रथम तथा दोस्रोले कबोल गरेको रकमको बैंक जमानत पेस नगरेको जनाई तेस्रोसँग सम्झौता गरेकोले प्रथम कबोल अङ्कभन्दा रु.६० लाख ५२ हजार घटीमा ठेक्का लगाएको छ । घटी आय प्राप्त हुने गरी सम्झौता गर्नु उपयुक्त देखिएन ।

१२४. **विभाज्य कोष -** प्रदेशहरुको आन्तरिक आय व्यवस्थापन गर्न बनेको कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर र बहत्तर सङ्कलनबाट उठेको शुल्कमध्ये ६० प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाँड गर्नुपर्ने गरी विभाज्यकोषको हिसाब राखेका छैनन् । सो को अतिरिक्त विज्ञापन कर, मनोरञ्जन कर असुलीको अभिलेख नहुँदा

बिभाज्यकोषको यथार्थता यकिन हुन सकेन । अभिलेख व्यवस्थित गरी विभाज्यकोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

१२४.१.नदी किनारको ढुङ्गा, गिट्टी, बालुवाको २०७६ असार मसान्तसम्म उठेको कर रकमबाट पनौती नगरपालिका, काभ्रेले रु.८ करोड ६० लाख ६६ हजार, बर्दिबास नगरपालिकाले रु ३ करोड ५९ लाख १ हजार, कमलामाइ नगरपालिका सिन्धुलीले रु.६१ लाख १६ हजार, विदुर नगरपालिका नुवाकोटले रु.४५ लाख ६९ हजार पठाउन बाँकी रहेको छ । तिलोत्तमा नगरपालिका रुपन्देहीले र सुनवल नगरपालिका नवलपरासीले नदीजन्य पदार्थको आम्दानीको दुई प्रतिशतले हुने रु.३१ लाख १५ हजार जिल्ला समन्वय समितिलाई र बाँकी रकमलाई शतप्रतिशत मानी प्रदेश सञ्चितकोषमा ४० प्रतिशतले हुने रकम रु.६ करोड १० लाख ४७ हजार प्रदेश सरकारलाई पठाउन बाँकी छ ।

१२४.२.सुदूर पश्चिम प्रदेशको भजनी नगरपालिका, कैलालीले यस वर्ष प्राकृतिक स्रोत तथा अन्य दस्तुरको रुपमा रु.१ करोड ७१ लाख ११ हजार प्राप्त गरेकोमा ४० प्रतिशतले रु.६८ लाख ४४ हजार, कृष्णपुर नगरपालिका कञ्चनपुरले रु.२ करोड २९ लाख ५१ हजार प्राप्त गरेकोमा ४० प्रतिशतले रु.९१ लाख ८० हजार, प्रदेश २ अन्तर्गतका बर्दिबास नगरपालिकाले रु.३ करोड ५९ लाख १ हजार, गणेशमान चारनाथ नगरपालिकाले रु.७५ लाख ५९ हजार, मिथिला नगरपालिकाले रु.९८ लाख समेत रु.५ करोड ३२ लाख ६९ हजार प्रदेश विभाज्य कोषमा पठाएको देखिएन । स्थानीय विभाज्य कोषमा रहेको उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१२५. **घटी दरमा कर संकलन** - गण्डकी प्रदेश आर्थिक ऐन, २०७५ को अनुसूची-६ मा रोडा, ढुङ्गा, गिट्टीलगायतका सामग्री निकासीमा प्रति क्यू.फिट रु.४।- को दरले कर सङ्कलन गर्ने उल्लेख छ । बाग्लुङ नगरपालिकाले यस वर्ष ४ फर्मबाट नदीजन्य पदार्थ बिक्रीबापत रु.४९ लाख १५ हजारको सम्झौता गरी रु.४६ लाख १५ हजार सङ्कलन गरेको छ । तर प्रति क्यू. फिट रु.२।५० को दरले सङ्कलन गरेकोले रु.२७ लाख ६९ हजार रकम कम आय प्राप्त भएको छ । त्यस्तै कुश्मा नगरपालिकाले एक निर्माण सेवासँग नदीजन्य पदार्थ बिक्रीबापत मूल्य अभिवृद्धि करबाहेक रु.८५ लाख ५५ हजारको सम्झौता गरी सोहीअनुसार कर सङ्कलन गर्दा रु.५१ लाख ३३ हजार रकम कम आय प्राप्त भएको छ । घटी दररेट राखी कर सङ्कलन गर्दा मध्यनेपाल नगरपालिका लमजुङले रु.२२ लाख २० हजार घटी कर उठाएको देखियो । आर्थिक ऐनमा तोकिएको दरबाट कर असुल गर्नुपर्दछ ।

पचरौता नगरपालिका, बाराले भिखना माछा पोखरी २०७१।९।६ देखि ५ वर्षको लागि रु.१ करोड ५१ लाखको ठेक्का लगाएकोमा बक्यौता नतिरेको कारणले उक्त ठेक्का २०७५।४।१७ मा रद्ध गरेको छ । यसरी सम्झौता बमोजिम रकम नतिर्दा कारबाही गर्नुपर्नेमा नगरपालिकाले ठेकेदारलाई रु.६० लाख ४० हजार आर्थिक दायित्व कम पर्ने गरी उन्मुक्ति दिएको देखियो । उक्त पोखरी ५ वर्ष अगाडि नै रु.१ करोड ५१ लाखमा ठेक्का लागिसकेको अवस्थामा आय अनुमान संशोधन गरी वोलपत्र गर्नुपर्नेमा सो नगरी सूचना प्रकाशन गर्दा न्यूनतम कबोल अङ्कमा कुनै बोलपत्र पर्न नआएको कारण जनाई पूर्व ठेक्का रकमभन्दा रु.६५ लाख घटीमा कबोल गरेको रु.७५ लाखको ठेक्का २०७६।३।१२ मा स्वीकृत गरेको औचित्यपूर्ण देखिएन ।

१२६. **धरौटी जमानत** - रौतहट जिल्ला अन्तर्गत फतुवा विजयपुर र गुजरा नगरपालिकाको सीमामा रहेको लालबकैया नदीबाट रु.२ करोड ८९ लाखको प्रकृतिक स्रोत सङ्कलनको बिक्रीमा छनौट भएको व्यवसायीले सम्झौता गर्न नआएको कारण उल्लेख गरी जम्मा गरेको बिडबण्डबापतको धरौटी रु.२८ लाख ९० हजार अमानतबाट कार्य गर्ने गरी निणर्य भएको जनाई उक्त रकम फिर्ता दिएको छ । सम्झौता गर्न नआएको कारण ठेक्का रद्द गर्दा जमानत जफत नगरेको कानुनसम्मत देखिएन ।

१२७. **राजस्व दाखिला -** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७६ बमोजिम तोकिएको समयमा राजस्व दाखिला नगरेमा बढीमा २५ प्रतिशतसम्म जरिवाना लाग्ने व्यवस्था छ । कृष्णपुर र पुनर्वास नगरपालिकामा राजस्व सङ्कलनकर्ताले सम्झौताअनुसार समयमै राजस्व नबुझाएको कारण क्रमशः रु.१९ लाख ८३ हजार र रु.१ लाख ७ हजारसमेत रु.२० लाख ९० हजार जरिवाना असुल गर्नुपर्ने देखिएको छ । भीमदत्त नगरपालिका, कञ्चनपुरले नदीजन्य पदार्थ उपयोग गरेबापत एक कम्पनीले उठाएको ४ लाख ६ हजार ७१८ घनमिटर निर्माण सामाग्रीको मूल्य अभिबृद्धि कर बाहेक रु.३ करोड ५ लाख ४ हजार नगरपालिकालाई बुझाउनुपर्नेमा रु.१५ लाख मात्र बुझाएकोले नपुग रु.२ करोड ९० लाख ४ हजार असुल उपर गर्नुपर्दछ ।

१२७.१.कर्णाली प्रदेशका ११ नगरपालिकाले प्राप्त गरेको आय रु.३५ लाख १५ हजारलाई सञ्चितकोषमा दाखिला गरेको देखिएन । छायाँनाथ रारा नगरपालिकाले वर्षभरिमा रु.५४ लाख ५७ हजार आन्तरिक आम्दानी प्राप्त गरेको विवरण पेस गरेकोमध्ये मालपोत कार्यालय मुगुबाट रु.२४ लाख ४५ हजार यस वर्ष प्राप्त भएको रकम बाहेकको रु.३० लाख ११ हजार दाखिला नगरेकाले सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्दछ ।

१२७.२.इनरुवा नगरपालिकाका, सुनसरीका विभिन्न ७ कर्मचारीले उठाएको राजस्वमध्ये रु.१६ लाख ३५ हजार बैङ्क दाखिला गरेको छैन । भंगहा नगरपालिकाले वडा कार्यालय तथा नगरपालिकाबाट प्राप्त गरेको सेवा शुल्क तथा राजस्व कर्मचारीहरुको जिम्मा रहेको रु १७ लाख ८६ हजार बैङ्क दाखिला गरेको देखिएन । कोल्हवी नगरपालिका, बाराले आम्दानी रसिदबाट विभिन्न ५ जना व्यक्तिहरुले असुल गरेको रु.३९ लाख २२ हजार दाखिला नगरेकोले जरिवाना समेत लगाई दाखिला गर्नुपर्दछ ।

१२८. **राजस्व बक्यौता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

१२८.१.कोल्हवी नगरपालिका, बाराले एक व्यवसायीसँग रु २ करोड १९ लाख ३१ हजार, महाकाली नगरपालिका कञ्चनपुरले एक जे.भी.सँग महाकाली नदीबाट ढुङ्गा, बालुवा, गिट्टी, प्रयोगबापत रु.९९ लाख २२ हजार रोयल्टी असुल गरेको छैन । यसैगरी दुधौली नगरपालिका, सिन्धुलीले आय ठेक्काको रु.५६ लाख ४ हजार, मेलाम्ची नगरपालिका, सिन्धुपाल्चोकले रु.१ करोड १ लाख १६ हजार, मन्थली नगरपालिका, रामेछापले रु.५७ लाख ८४ हजार, लाहान नगरपालिकाले २०७५।७६ को रु.१ करोड ८९ लाख र विगत ३६ वर्षदेखिको ठेक्काको रु. १ करोड ४८ लाख समेत रु.३ करोड ३७ लाख, धनगढीमाई नगरपालिका सिरहाले ४ आय ठेक्काको रु.१ करोड ६ लाख, गोलबजार नगरपालिकाले २३ ठेक्काको रु.५५ लाख ४७ हजार बक्यौता असुल गरेका छैनन् । उठ्न बाँकी रकम कारबाही गरी असुल गरिनुपर्दछ ।

१२८.२.नगराईन नगरपालिका, धनुषाले २० माछापोखरी ठेक्काको विगत ७ वर्ष देखिको रु. ६१ लाख ३७ हजार र यस वर्षको रु. ३० लाख ७६ हजार, सबैला नगरपालिकाले यो वर्ष सम्मको ४ पोखरीको आय रु. ७५ लाख २ हजार, विदेह नगरपालिकाले १६ माछापोखरी ठेक्का बापत रु.३७ लाख ५० हजार र पचरौता नगरपालिका बाराले ३ पोखरीको रु.७८ लाख ३ हजार सम्झौताबमोजिम रकम असुल गरेका छैनन् । सम्झौताको शर्त बमोजिम जरिवाना सहित उक्त रकम असुल गर्नुपर्दछ ।

१२९. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । धुनीबेंशी नगरपालिका, धादिङले रु.४० लाख ८९ हजार, मन्थली नगरपालिका रामेछापले रु.१० लाख ५८ हजार संघीय सञ्चित कोषमा दाखिला गरेका छैनन् । बुगंल नगरपालिका, बझाङले

२०७६।२।२० सम्म बैङ्क नगदी किताबमा विभिन्न स्रोतबाट कट्टी गरेको कर रु.५५ लाख १ हजार संघीय सञ्चित कोषमा दाखिला गरेको छैन । कर रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

१२९.१. कर्णाली प्रदेशका ४ नगरपालिकाका पदाधिकारीलाई २०७५।७६ मा भुक्तानी गरेको रकममा पारिश्रमिक कर कट्टा नगरेको रु.१० लाख २५ हजार र ११ नगरपालिकाले नियमानुसार कट्टी नगरेको आयकर र बहाल कर रु.२४ लाख ८७ हजार असुल गर्नुपर्दछ । रौतहटका १२ नगरपालिकाले पदाधिकारीलाई २ वर्षको सुविधा एकमुष्ट खर्च लेख्दा कट्टा गर्नु पर्ने रु.३१ लाख ३० हजार पारिश्रमिक कर असुल गरेको पाइएन । विगतको सुविधा नगद प्राप्त गर्दा प्राप्त भएकै बखतको आय मानी कर असुल गर्नुपर्दछ ।

१२९.२. सामग्रीको बीजक जारी गरी रु.३ करोड ७१ लाख १३ हजार बराबरको भुक्तानी गर्दा सामग्रीको मूल्य र ढुवानी खर्चको अलग अलग विवरण नराखेको, केहीले २.५ प्रतिशत तथा केहिले १.५ प्रतिशत र केहीले करनै कट्टी नगरेकोले भाडा रकम यकिन गरी नवलपरासीको ३ नगरपालिकाले रु.१४ लाख २७ हजार, रुपन्देहीका ३ नगरपालिकाले रु.११ लाख १६ हजारसमेत रु.२५ लाख ४३ हजार भाडा कर असुल गर्नुपर्दछ ।

१३०. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्ः

१३०.१. स्थानीय तहहरुले आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा असुल गरेका छैनन् । दमक नगरपालिकाले ३ व्यवसायीसँग १ करोड १० लाख ७९ हजार, निजगढ नगरपालिकाले रु.१ करोड १ लाख १ हजार, शंखरापुर नगरपालिकाले रु.७५ लाख ७ हजार, बिदुर नगरपालिका नुवाकोटले एक व्यवसायीसँग रु.५२ लाख ६६ हजार, नमोबुद्ध नगरपालिका, काभ्रेले रु.३७ लाख ८६ हजार, मेलम्ची नगरपालिकाले ३ व्यवसायीसँग रु.९४ लाख ४२ हजार, मोरङ्गको बेलबारी, उर्लाबारी र सुन्दरहरैंचा नगरपालिकाले रु.१ करोड ९५ लाख ५० हजार र निजगढ नगरपालिकाले रु.१ करोड १ लाख ११ हजार, चारनाथ गणेशमान नगरपालिका धनुषाले रु.३४ लाख ८० हजार मंगाह र गौशाला नगरपालिका महोत्तरीले रु. २३ लाख ३६ हजार असुल गरेका छैनन् । मूल्य अभिवृद्धि कर रकम असुल गरी दाखिला हुनुपर्दछ ।

१३०.२. गोदावरी नगरपालिका, कैलालीले यो वर्ष नदीजन्य पदार्थ सङ्कलन गर्ने कार्यको लागि २ ठेक्का र कृष्णपुर नगरपालिका कञ्चनपुरले एक ठेक्काको मूल्य अभिवृद्धि कर जोडी हुन आउने रकम नगरपालिकालाई बुझाउने गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा ठेकेदारले नै मूल्य अभिवृद्धि कर बुझाउने गरी ठेक्का सम्झौता गरेको र नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर समेत आन्तरिक राजस्व कार्यालयमा जम्मा गर्नुपर्नेमा नगरेकोले दुबै नगरपालिकाको ठेक्कामा मूल्य अभिवृद्धि कर रु.१ करोड ९९ लाख १६ हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

१३१. **दर्ता भएका फर्मसँग खरिद** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।

१३१.१. खोलाको ग्राभेल, बालुवा, ढुङ्गा सप्लाइबापत कार्यालयबाट दर विश्लेषण गर्दा मूल्य अभिवृद्धि करसमेत समावेश गरी दर निर्धारण गरेकोमा मोरङका ६ नगरपालिकाले नदीजन्य सामग्री खरिद गर्दा रु २० हजारभन्दा घटीका बिलबाट भुक्तानी गरेकोले सोको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम रु.१ करोड ६ लाख ९७ हजार सङ्कलन भएको छैन । शिखर र दिपायल सिलगढी नगरपालिका डोटीका ३२ उपभोक्ता समितिले मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यवसायीले जारी गरेको सादा बिलबाट एक्साभेटर तथा डोजरको भाडा भुक्तानी दिंदा छुट भएको कर रु.१६ लाख १० हजार असुल गर्नुपर्दछ ।

१३१.२.कर्णाली प्रदेशका नगरपालिका १३ ले रु.३५ लाख ६३ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा कर बीजक नम्वर केरमेट गरी, मिति उल्लेख नभएको कर बीजक जारी गरेको अवस्था देखिएको छ । यसरी रीतपूर्वकको कर बिजक बिना भुक्तानी भएको मूल्यअभिबृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कारोबार अङ्क समेत खुल्ने गरी समायोजन भएको प्रमाण पेस हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१३२. **उपभोक्ताको काम व्यवसायीबाट** - सर्भे तथा डिजाइन नगरी विदुर नगरपालिका, नुवाकोटले २ स्थानमा डीप बोरिङ्ग कार्य सञ्चालन गर्ने कार्यको लागि रु ५२ लाख ७६ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग रु.४९ लाख ८० हजार व्यहोर्ने गरी सम्झौता गरेको र उपभोक्ताले एक निर्माण कम्पनीलाई ठेक्का दिई काम गराएको देखियो । सो कार्यको निर्माण सम्पन्न हुदाको नापी रु.४२ लाख ६० हजारमा उपभोक्ता समितिलाई रु.३४ लाख ४४ हजार भुक्तानी दिएकोमा उपभोक्ता समितिले प्रतिमिटर रु.१० हजारका दरले ६६ मिटर र ४२ मिटरका २ डीप बोरिङ कार्यको लागि रु.११ लाख ९८ हजार निर्माण व्यवसायीलाई भुक्तानी दिएको देखियो ।

सन्धीखर्क नगरपालिका अर्घाखाँचीले ८ आयोजनामा रु.२१ लाख ५६ हजारको कार्य उपभोक्ता समितिमार्फत् गराएकोमा निर्माण व्यवसायीको मूल्य अभिवृद्धि कर बीजक राखी भुक्तानी लिएको देखियो। उपभोक्ता समितिले कार्यालय र निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

१३३. **गैर सरकारी संस्थामार्फत् कार्य** - सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८ मा मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नु पर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराएर समेत खरिद गर्न सकिने उल्लेख छ । चौरजहारी नगरपालिकाले रु.५ करोड ३१ लाख ८७ हजारको विभिन्न निर्माण कार्य ९६ प्याकेजमा विभिन्न सहकारी संस्थालाई उपभोक्ता समिति सरह मान्यता दिई प्रतिस्पर्धाबेगर काम गराएको छ । यसैगरी नागार्जुन नगरपालिकाले कानुनी प्रक्रिया र विधि अवलम्बन नगरी गैरसरकारी संस्थासँग सिधै ९१ पटक सम्झौता गरी रु.१ करोड ९४ लाख ४९ हजारको तालिम, अभिमुखीकरण र जनचेतनासम्बन्धी कार्य गराएकोमा अनुगमनसमेत नगरी भुक्तानी गरेको देखियो ।

धनुषा जिल्लाका मिथिला, कमला र चारनाथ गणेशमान नगरपालिकाले ७० गैर सरकारी संस्थाबाट कार्य गराउँदा नर्म्स तथा लागत अनुमान बेगर सोझै प्रस्तावको आधारमा भुक्तानी गर्दा नर्मस तथा मापदण्ड बेगर रु. ५१ लाख ५४ हजार बढी भुक्तानी दिएका छन् । शहिद नगर, धनुषा धाम, नगराईन, सबैला, सिराहा, हनुमाननगर र सुरुङ्गा नगरपालिकाले प्रतिशस्पर्धा बेगर विभिन्न गैर सरकारी संस्थाबाट रु. ३ करोड २ लाख ३९ हजारको कार्य गराएका छन् । रौतहटका कटहरिया, राजदेवी, राजपुर, इशनाथ, गढीमाई, बोधिमाई समेत १२ नगरपालिकाले प्रतिस्पर्धा र प्राविधिक योग्यता विना रु.११ करोड ८ लाख २८ हजार कार्यक्रम गैर सरकारी संस्थामार्फत गरी खर्च गरेको छ । प्राविधिक क्षमता, प्रतिस्पर्धा र पारदर्शीताको कार्यविधि अपनाई खर्च गर्नुपर्दछ ।

१३४. **बैठक भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ अनुसार पदाधिकारी र सभाका सदस्यले न्यायिक समिति, वा कुनै पनि समितिको बैठकमा भाग लिए बापत अनुसूचीमा उल्लेख भएबमोजिमको बैठक भत्ता बापतको रकम मात्र पाउने व्यवस्था छ । कानुनमा व्यवस्था नभएकोमा रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाले रु.२८ लाख ८ हजार, देवदह नगरपालिकाले रु.२५ लाख ९२ हजार, नवलपरासीको रामग्राम नगरपालिकाले रु.१३ लाख ७७ हजार प्रत्येक महिना ३ पटक बैठक बसेको कागजात पेस गरी वडा समितिको बैठकमा रु.१ हजारका दरले बैठक भत्ता रु.८७ लाख ५३ हजार खर्च लेखेको कानुनसम्मत् देखिएन । नगरपालिकाले तोकिएको सेवा

सुविधाका अतिरिक्त नगर सभा तथा गाउँ सभाबाट निर्णण गराई मोरङका ५ नगरपालिकाले नपाउने पारिश्रमिक रु.१ करोड ७१ लाख ४१ हजार भुक्तानी लिएको देखियो उक्त रकम असुल हुनुपर्दछ ।

कर्णाली प्रदेशका २० नगरपालिकाले रु.५ करोड ८० लाख ३७ हजार विभिन्न वडामा प्रति महिना ३ पटक बैठक बसेको भनी भत्ता वितरण गरी खर्च लेखेको पाइयो ।हरिवन नगरपालिका, सर्लाहीले पदाधिकारी बैठक भत्ता बापत रु.३८ लाख ६५ हजार, इलाम र धनकुटा ५ नगरपालिकाले रु.९३ लाख ५७ हजार र मोरङका ७ नगरपालिकाले ऐनमा व्यवस्था भएभन्दा रु.६३ लाख २५ हजार बढी भत्ता खर्च लेखेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा भुक्तानी नियमसम्मत देखिएन ।

१३५. **पदाधिकारी थप सुविधा -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनहरुमा निर्धारण गरेको बाहेक अन्य सुविधा भुक्तानी गर्न मिल्दैन । यो वर्ष कर्णाली प्रदेशका नगरपालिका ६ ले पोशाक भत्ता बापत रु.१९ लाख ५० हजार, रास्कोट नगरपालिकाले पदाधिकारीको बीमा बापत रु.७ लाख ३५ हजार र लालबन्दी नगरपालिकाले रु.५ लाख ७० हजार, हरिवन नगरपालिका, सर्लाहीले जनप्रतिनिधको बीमा बापत रु.६ लाख २३ हजार, दुहबी नगरपालिकाले रु.६ लाख २० हजार तथा मोरङका ३ नगरपालिकाले १२ लाख ५३ हजार पदाधिकारीलाई पोशाक भत्ता खर्च लेखेका छन् । मन्थली नगरपालिकाले सबै निर्बाचित पदाधिकारीलाई पोशाक र पर्व खर्च रु.१६ लाख ९३ हजार र गौशाला नगरपालिकाले पदाधिकारीहरुलाई पर्व खर्च बापत रु ८ लाख ७ हजार भुक्तानी गरेको देखियो । मध्यनेपाल नगरपालिका, लमजुङ्गले नगर प्रमुखको आवास सुविधा भनी मासिक रु.१५ हजारका दरले र मन्थली नगरपालिकाले प्रमुखलाई रु.१४ हजार र उप-प्रमुखलाई रु ८ हजार ५०० मासिक घरभाडा प्रदान गरेको छ।  ऐनमा व्यवस्था नभएको सुविधा खर्च लेखेको नियमसम्मत देखिएन ।

नगरपालिकाका सदस्यहरुले रु.१० हजारमा नबढ्ने गरी बजेटको सीमाभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको चाडबाड खर्च पाउनेमा बेलबारी र पथरी नगरपालिकाले तोकेभन्दा बढी खर्च लेखेको रु.४ लाख ४८ हजार असुल हुनपर्ने देखिन्छ ।

१३६. **स्वकीय सचिव र सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐनहरुमा पदाधिकारीहरुको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन ।

१३६.१. बर्दियाका बाह्रबर्दिया, मधुवन नगरपालिकाले प्रेस सल्लाहकार र कानुनी सल्लाहकार नियुक्ति गरी रु.१५ लाख ५ हजार, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ्ग राजनैतिक सल्लाहकारको रुपमा क्रमशः रा.प.द्वितीय र तृतीय श्रेणी सरहको पारीश्रमिक पाउने गरी नियुक्त गरी रु.८ लाख १ हजार, बेलवारी नगरपालिकाले नगर प्रमुखलाई एक जना निजी सचिवको अलावा ५ व्यक्तिहरुलाई विभिन्न सल्लाहकार नियुक्त गरी नगरपालिकालाई रु.१३ लाख थप आर्थिक व्ययभार पर्ने गरी खर्च लेखेको देखियो । यस्ता खर्च यथाशीघ्र नियन्त्रण गरिनुपर्दछ ।

१३६.२. कर्णाली प्रदेशका ५ नगरपालिकाले कानुनीआधार बेगर सल्लाहकार, स्वकीय सचिव र भान्से नियुक्त गरी रु.३४ लाख ८३ हजार पारिश्रमिक र चाडपर्ब खर्च भुक्तानी गरेका छन् । यसैगरी महागढीमाई नगरपालिका बाराले रु.७ लाख २ हजार, विदेह नगरपालिका धनुषाले रु.१० लाख ९८ हजार, महोत्तरीका बर्दिबास, गौशाला र रामगोपालपुर नगरपालिकाले रु.२० लाख ८० हजार, सप्तरीका राजविराज, कंचनरुप, बोदेबर्साइन, खडक र सुरुङ्गा नगरपालिकाले रु.३५ लाख ११ हजार र सिराहाका सिरहा, मिर्चैया तथा धनगढीमाई नगरपालिकाले रु.१० लाख ३ हजार समेत रु.८३ लाख ९४ हजार ऐनमा व्यवस्था नभएको सल्लाहाकार सुविधा बापतको पारीश्रमिक खर्च लेखेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा खर्च लेखेको नियमसम्मत देखिएन ।

१३७. **दोहोरो सुविधा** - सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका व्यक्ति स्थानीय तहमा निर्वाचित भएमा निवृत्तिभरण र स्थानीय तहको सुविधामध्ये एक सुविधा मात्र प्राप्त गर्ने व्यवस्था छ । यस प्रकार निवृत्तिभरण पाइरहेका मध्यपुर थिमी नगरपालिकाले ३ जनप्रतिनिधिको सुविधा रु.६ लाख १२ हजार, मन्थली नगरपालिकाले ५ जनप्रतिनिधिको सुविधा रु.७ लाख २० हजार, माडी नगरपालिका, चितवनले ६ जनप्रतिनिधिको सुविधा रु.२१ लाख ९ हजार, मैलौली नगरपालिका, बैतडीले २ प्रतिनिधिकोको रु.५ लाख ५१ हजार, बाग्लुङ्ग नगरपालिकाले २ जनप्रतिनिधिको सुविधा रु.४ लाख ३९ हजार भुक्तानी गरेको छ । यसैगरी दैलेखको नारायण,चामुण्डा विन्द्रासैनी र मुगुको छायाँनाथ रारा नगरपालिकाले रु.१३ लाख ४६ हजार भुक्तानी गरेका छन् । निवृत्तिभरण पाएको व्यक्तिले दोहोरो सुविधा लिएकोले उक्त रकम असुल गर्नुपर्दछ । साथै अन्य स्थानीय तहमा समेत यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा गराई दोहोरो सुविधा असुल गर्नु पर्दछ ।

१३८. **प्रोत्साहन सुविधा** - स्थानीय तहका कर्मचारीको तलब भत्ता सम्बन्धमा प्रदेश सरकारले छुट्टै व्यवस्था नगरेको अवस्थामा गल्याङ्ग नगरपालिका स्याङ्जाले कार्यरत विभिन्न कर्मचारीलाई तलबको अतिरिक्त प्रोत्साहन भत्ता बापत रु.३४ लाख १५ हजार र वालिङ्ग नगरपालिका स्याङ्जाले रु.२७ लाख र गोदावरी नगरपालिका कैलालीले रु.९३ लाख ५४ हजार खर्च लेखेका छन । बुंगल नगरपालिका बझाङ्गले २०७५।९।२७ को निर्णयानुसार ५ जना प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन बापत प्रतिमहिना १७ दिन बराबरको दैनिक भ्रमण भत्ता रु.१० लाख ५४ हजार खर्च भुक्तानी दिएको छ ।

भक्तपुर नगरपालिकामा कार्यरत ४४८ कर्मचारीलाई पोशाक खर्च बापत एक महिनाको तलब बराबरको रकम रु.८० लाख २४ हजार खर्च लेखेको छ । यसरी संघीय निजामती कर्मचारी सेवा ऐन अनुसार पोशाक रु.४४ लाख ८० हजार मात्र हुनेमा सोभन्दा फरक हुने गरी बढी पोशाक खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

१३९. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । सिद्धार्थनगर नगरपालिका भैरहवाले एकमुष्ट रु.१ करोड १६ लाख, सूर्य विनायक नगरपालिकाले एकमुष्ट रु.६० लाख र गोदावरी नगरपालिकाले एकमुष्ठ रु.३५ लाख कोषमा जम्मा गरेको छ । ऐनको व्यवस्था विपरीत एकमुष्ठ रुपमा रकम जम्मा गर्न मिल्ने नदेखिएकाले उक्त रकम स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१४०. **अनुगमन तथा भ्रमण खर्च** - पदाधिकारी तथा कर्मचारीले विभिन्न योजनाहरुको अनुगमन र निरीक्षण गरेको उल्लेख गरी सिरहाका ३ नगरपालिकाले रु. ३० लाख ५० हजार भत्ता भुक्तानी गरेका छन् । गोरखा नगरपालिकाको २०७६ आषाढ महिनाको अनुगमन खर्च परीक्षण गर्दा अनुगमनको लागि गठन भएको समितिका सदस्य संख्याभन्दा बढी व्यक्तिले अनुगमन गरेको उल्लेख गरी रु.११ लाख ६१ हजार भत्ता प्रदान गरेको छ । त्यस्तै पाटन नगरपालिकाले वर्षभरिको पदाधिकारी तथा कर्मचारीको भ्रमण आदेश र भ्रमण सङ्कलन गरी विभिन्न समयको दैनिक भ्रमण भत्ता स्वरुप रु.१२ लाख २७ हजार खर्च लेखेको छ । एउटै कार्यक्रममा पटक पटक अनुगमन गरेको र प्रतिवेदनसमेत पेस नभएकोले सो खर्च नियमसम्मत देखिएन ।

१४१. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन ।

१४१.१.त्रिवेणी नगरपालिका, बाजुराले सवारी दुर्घटनामा निधन भएका वडा अध्यक्षका परिवारलाई राहत स्वरुप रु.१० लाख र सोही सवारी दुर्घटनामा निधन भएका अन्य ४ जनालाई जनही रु.१ लाखका दरले ४

लाख, नगर प्रमुखलाई पटक पटक गरी औषधि उपचारमा रु.४ लाख २२ हजार, विदेशमा चिकित्सा विज्ञान तथा र नेपालमा नै ईञ्जिनियरिङ्ग अध्ययन गर्न ३ जनालाई रु.३ लाख, एक महिलालाई बच्चाको भरण पोषणको लागि रु.२ लाख ५० हजार लगायत ५२ जनालाई रु.५ हजारदेखि १० लाखसम्म राहतमा रु.३४ लाख ४२ खर्च लेखेको छ । कर्णाली प्रदेशका १३ नगरपालिकाले आर्थिक सहायता तथा राहत र विपद् व्यवस्थापन बापत रु.१ करोड १६ लाख ४८ हजार खर्च लेखेको छ । आन्तरिक स्रोत न्यून भएको अवस्थामा प्रदेश तथा संघीय अनुदानबाट व्यहोरिने खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१४१.२.बुढानीलकण्ठ नगरपालिकाले योवर्ष चालु खर्च शीर्षकबाट रु.२० लाख १८ हजार र पुँजीगत शीर्षकबाट रु.४९ लाख ३६ हजार समेत जम्मा रु.६९ लाख ५३ हजार, पनौती नगरपालिका काभ्रेले वडाबाट रु.३ लाख १७ हजार समेत जम्मा रु.२९ लाख ३५ हजार, नमोबुद्ध नगरपालिका काभ्रेले रु.३३ लाख ५८ हजार आर्थिक सहायता र सहयोग स्वरुप उपलब्ध गराई भुक्तानी खर्च लेखेको छ । मोरङका ५ नगरपालिकाले रु.१ करोड २३ लाख ६३ हजार, रौटहटका ४ नगरपालिकालले रु.४८ लाख ८४ हजार विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता वितरण गरेको पाइयो । त्यस्तै धनकुटा नगरपालिकाले रु.१५ लाख १ हजार, गौशाला नगरपालिकाले बापत रु. १४ लाख ६७ हजार आर्थिक सहायता वितरण गरेको छ । स्थानीय तहले विकास निर्माणको लागि प्राप्त अनुदान रकम नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको मनासिव देखिएन ।

१४२. **निजी स्रोतका शिक्षकको तलब भत्ता** - कर्णाली प्रदेशका १४ नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताको लागि रु.८ करोड ३७ लाख २८ हजार निकासा गरेका छन् । लालबन्दी नगरपालिका सर्लाहीले २४ विद्यालयलाई निजी स्रोतमा रहेका शिक्षकको पारिश्रमिक बापत रु.३९ लाख भुक्तानी खर्च लेखेको छ ।

अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाले रु.३५ लाख ६२ हजार नवलपरासीको रामग्राम नगरपालिकाले रु.२६ लाख विभिन्न विद्यालयहरुमा निजी स्रोतका शिक्षकहरु नियुक्ति गरी वित्तीय समानीकरण अनुदान शीर्षकबाट खर्च लेखेका छन् ।यसैगरी महागढीमाई नगरपालिका बाराले रु.८ लाख, चारनाथ गणेशमान नगरपालिका धनुषाले रु.११ लाख ८० हजार, गौशाला र रामगोपालपुर नगरपालिका महोत्तरीले रु.१ करोड ८ लाख ८२ हजार खर्च लेखेकोका छन् । सम्बन्धित नगरपालिकाहरुले मातहतका विद्यालयहरुमा शिक्षक दरबन्दी यकिन गरी संघीय कार्यक्रमसँग दोहोरो नपर्ने गरी पदपूर्ति गर्नुपर्दछ ।

१४३. **विद्यालय भवन निर्माण** - आर्थिक वर्ष २०७४।७५ मा विद्यालय भवन निर्माण सुरु भै सम्पन्न हुन बाँकी रहेका ४ कोठे भवनको २०७५।७६ मा निर्माण सम्पन्न गर्न थप १८ लाखका दरले रकम उपलब्ध गराउँदा पहिलो वर्ष भएको कार्यको मूल्याङ्कन गरी पहिलो किस्ता ३० प्रतिशत कार्तिक मसान्तसम्म, फिनिसिङ बाहेकको काम सम्पन्न गरेपश्चात् दोस्रो किस्ता ५० प्रतिशत र कार्यसम्पन्न पश्चात बाँकी २० प्रतिशत रकम निकासा गराउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिकामा उल्लेख छ । फलेबास नगरपालिकाले २०७६।३।३१ मा ८ विद्यालयलाई रु.७८ लाख ९१ हजार निकासा दिएकोमा किस्ताबन्दीमा रकम उपलब्ध नगराई एकमुष्ट निकासा खर्च लेखेको, कुश्मा नगरपालिकाले रु.९८ लाख ४० हजार खर्च लेखी विद्यालयको खाता रोक्का राखेकोछ । लालबन्दी नगरपालिकाले १२ वटा वद्यालयलाई रु.५७ लाख ११ हजार, बर्दिबास नगरपालिका महोत्तरीले विद्यालयलाई विशेष अनुदान बापत लागत अनुमान तयारी र सम्झौताबेगर १६ विद्यालयलाई रु.८ लाखका दरले रु.१ करोड २८ लाख र ३२ विद्यालयलाई रु.४ लाख ९७ हजारका दरले रु.१ करोड ५९ लाख तथा विद्यालयहरुलाई

विभिन्न थप कार्यहरु गर्न रु.८ करोड ७४ समेत रु.११ करोड ६१ लाख २०७६।३।३१ मा विशेष अनुदानको रकम निकासा गरी विद्यालयको खाता समेत रोक्का राखेको छ ।

त्यस्तै विदुर नगरपालिका नुवाकोटले एक नमूना विद्यालय निर्माणको लागि रु.१ करोड ४७ लाख बजेट खर्च देखाइ बैङ्कमा रोक्का राखेको छ । लेखापरीक्षण अवधिसम्म निर्माण कार्य नभएको र विद्यालय खातामा रोक्का राखेको सम्बन्धमा निकासा दिने निकाय तथा पदाधिकारीलाई जवाफदेही बनाई खर्च नभएको रकम निकासा फिर्ता गर्नुपर्दछ ।

१४४. **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पहिले नै निकासा दिएकोमा जाँच नगरी दोहोरो निकासा दिने, पुनः थप निकासा गरी बढी निकासा दिएको पाइएको छ ।

१४४.१.खैरहनी नगरपालिका चितवनले एक विद्यालयलाई बढी निकासा दिएको रु.४१ लाख २१ हजार र अतिरिक्त भत्ता बापतको रु.२ लाख ७२ हजार समेत रु.४३ लाख ९३ हजार लेखापरीक्षणको क्रममा असुल भई संघीय सञ्चितकोषमा तथा सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिला भएको छ । शिक्षक दरवन्दी तथा विद्यार्थी संख्याको आधारमा बढी नहुने गरी विद्यालय खातामा रकम निकासा दिनुपर्नेमा महोत्तरीको गौशाला नगरपालिकाले ७ विद्यालयलाई रु.२० लाख ८६ हजार, सिरहा र सप्तरीका ६ नगरपालिकाले ७ विद्यालयलाई रु. ४ लाख ४८ हजार बाराको सिम्रौनगढ नगरपालिकाले १० विद्यालयलाई रु.१२ लाख, धनुषाका कमला र चारनाथ गणेशमान नगरपालिकाले ३८ विद्यालयलाई रु.९ लाख ७२ हजारसमेत रु.४७ लाख ६ हजार, बरहथवा नगरपालिका सर्लाहीले रु.५३ लाख ८८ हजार बढी निकासा गरेका छन् । बढी निकासा गरेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१४४.२.कर्णाली प्रदेशका ९ नगरपालिकाले विद्यालयहरुलाई दिनुपर्नेभन्दा रु.२५ लाख ७० हजार बढी निकासा दिएका छन् । निकासा प्रक्रियामा संलग्न र जाँच नगरी बढी निकासा दिनेलाई कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

१४५. **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको मूल अभिलेख र भरपाई परीक्षण गर्दा लगतमा नाम नभएको, मूल लगतमा संख्या नभिडेको, ५ वर्ष उमेर पुगिसकेका दलित बालबालिकाको नाममा भत्ता वितरण भएको, अभिलेखसँग भिडान गर्न नसकिने गरी भरपाई प्राप्त भएको, दोहोरो भुक्तानी भएको र सामाजिक सुरक्षातर्फ लगत नभएका, मृत्यु भइसकेका, बसाइँ सरेका, पेस्की लगी वर्षान्तमा खर्च नभई बाँकी रहेको, बढी भुक्तानी भएको समेत कर्णाली प्रदेशका ८ नगरपालिकाले रु.१० लाख ८४ हजार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ । पुतलीबजार नगरपालिकाको कार्यक्षेत्रमा पर्ने ९ वटा बैङ्कहरुले लाभग्राहीको खातामा जम्मा गरेर बाँकी रहेको रु.५६ लाख ४९ हजार र विदुर नगरपालिका अन्तर्गत ४ बैङ्कमा बाँकी रहेको रु.५१ लाख ८ हजार फिर्ता नगरेको, धनुषाको कमला, चारनाथ गणेशमान र मिथिला नगरपालिकाले रु. ५९ लाख ५३ हजार फिर्ता गर्नुपर्नेमा नगरेकोले संघीय सञ्चितकोषमा दाखिला गर्नु पर्दछ। व्यवस्थापन सूचना प्रणालीमा तथ्याङ्क अद्यावधिक तथा बैङ्कमार्फत् कारोबार नगरी नगद वितरण गर्ने प्रक्रिया नियन्त्रण गर्नु पर्दछ ।

सिराहाको सिरहा र लाहान नगरपालिकाको रु.१३ करोड २२ लाख ४ हजार, सप्तरीका ४ नगरपालिकाको रु.७ करोड ४६ लाख ९९ हजार पेस्की फछ्र्यौट नभई बाँकी रहेको छ । नमोबुद्ध नगरपालिका काभ्रेले यो वर्ष जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा कार्यक्रमको लागि ४ वटा बैङ्क शाखाहरु मार्फत् जम्मा रु.५ करोड ६४ लाख २८ हजार खर्च जनाएकोमा लाभग्राहीको नाममा बैङ्कमा छुट्टै विशेष खाता नखोली निजहरुको बैङ्कमा रहेको अन्य बचत खातामा रकम पठाएको छ । बैङ्कले उक्त स्टेटमेण्ट सेवाग्राहीको गोपनियताको हकका कारण उपलब्ध गराउन नसक्ने जवाफ दिएको जनाएको छ । पनौती

नगरपालिका काभ्रेले विगत २०७३।७४ सम्म बैकिङ्ग प्रणली मार्फत् वितरण गर्दै आएकोमा २०७४।७५ देखि १२ वटै वडा कार्यालय मार्फत् नगदै भुक्तानी गर्ने गरेको छ ।यस्तो कार्यमा नियन्त्रण गरी बैङ्कमार्फत् गर्नुपर्दछ ।

१४६. **विधुर भत्ता** - मैलौली नगरपालिका, बैतडीले संघीय सरकारले गरेको मापदण्डभन्दा फरक रुपमा ६०-७० वर्षबीचका एकल पुरुष (विधुर) को लागि सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरेको छ । यस निर्णय अन्तर्गत यो वर्ष रु.१५ लाख बजेट व्यवस्था भएकोमा रु.१२ लाख ८० हजार खर्च गरेको छ । फुङलिङ नगरपालिकाले समानीकरण अनुदानबाट ६० वर्ष नाघेका एकल पुरुषलाई रु.१ हजारका दरले मासिक भत्ता रु.६ लाख उपलब्ध गराएको छ । उक्त खर्च र कार्यक्रम संघीय सरकारले घोषणा गरेको नीतिभन्दा फरक रहेको छ ।

१४७. **विविध खर्च** - प्रदेश नं. २ को स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा बनेको ऐनको दफा ३ अनुसूची-१ मा पदाधिकारीलाई खाजा भत्ता उपलब्ध गराउने व्यवस्था रहेको देखिँदैन । रौटहटका ३ नगरपालिकाले यसका लागि रु.९७ लाख ३५ हजार विनियोजन गरी खर्च गरेको पाइयो ।रामगोपालपुर नगरपालिकाले विविध शीर्षकमा रु ६३ लाख बजेट राखी यस वर्ष खाजा, खाना, गाडी भाडा, अत्तिरिक्त समय भत्ता आदिमा रु. ५३ लाख ३९ हजार खर्च लेखेको छ । नगरपालिकाले विभिन्न कार्यक्रम र अतिथिहरुको लागि खर्च भएको भनी कार्यक्रम, सहभागी र खर्चको नर्म्स विपरित होटलको बिल संलग्न गरी खाजा, खाना खर्चमा रु.२० लाख ३३ हजार खर्च गरेको देखियो । त्यस्तै मनरासिसवा नगरपालिकाले रु ४५ लाख खर्च गरेको देखियो । यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१४८. **दोहोरो भुक्तानी** - साँफेबगर नगरपालिका, अछामले आन्तरिक स्रोतबाट तलब व्यहोरिने करारका कर्मचारीहरुको श्रावण महिनादेखि आश्विन महिनासम्मको तलब तथा चाडपर्व खर्चसमेत रु.१७ लाख ७८ हजार भुक्तानी गरेकोमा पुनः २०७५।९।२० बाट बिभिन्न तहका ३६ जना कर्मचारीको श्रावण महिनादेखि आश्विन महिनासम्मको तलब तथा चाडपर्व खर्च लेख्दा रु.१७ लाख ७८ हजार दोहोरो खर्च लेखेको देखिँदा उक्त रकम असुल हुनुपर्दछ ।

भजनी नगरपालिका, कैलालीले राष्ट्रति चुरे तराई मधेस कार्यक्रम अन्तर्गत एक सडक योजना ७५० मिटर नाला निर्माणमा ढुङ्गा सोलिङ्गको कार्य ६७९ घ.मी.को रु.८ हजार ३६९ का दरले हुने कूल रकमको रु.५६ लाख ९१ हजार भुक्तानी गर्दा अघिल्लो बिलबाट भुक्तानी भएको २९७ घ.मी. को रु.२४ लाख ८६ हजार नघटाई पुरै भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको रु.२४ लाख ८६ हजार असुल हुनुपर्दछ ।

१४९. **नगरेको कामको भुक्तानी** - कमलबजार नगरपालिका, अछामले खानेपानी योजनाको कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा पाइप लाइनको काम बाँकी रहेको भनी प्राविधकबाट प्रमाणित भएको छ । कार्यसम्पन्न प्रतिवेदनमा उल्लिखित पूरै कार्य गरेको भनी रु.३६ लाख ८ हजार भुक्तानी गरेकोले संलग्नलाई जिम्मेवार बनाई सो रकम असुल हुनुपर्दछ ।

१५०. **बढी भुक्तानी** - सार्वजनिक निकायले नियम अनुसार पाउने रकम भन्दा बढी भुक्तानी दिनु हुँदैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१५०.१.जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गरी भुक्तानी गर्नुपर्नेमा नगराईन नगरपालिका धनुषाले जिल्ला स्थित निर्माण दररेट भन्दा बढी दरले लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत् कार्य गराउँदा पिसिसि, आरसिसि लगायतका कार्य आइटममा ३४ उपभोक्ता समितिलाई दिनुपर्ने भन्दा रु. ५१

लाख ४४ हजार बढी भुक्तानी दिएको छ । त्यस्तै उपभोक्ता समितिलाई भुक्तानी गर्दा दररेटमा ओभरहेड समावेश गरी महागढीमाई नगरपालिका बाराले रु.१० लाख ५५ हजार भुक्तानी गरेको छ । दररेट फरक पारी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

१५०.२.कन्चनपुर जिल्लाका पुनर्वास, शुक्लाफाँटा र बेलौरी नगरपालिकाले उपभोक्तालाई ग्राभेल खरिद गरिएको परिमाण मात्र बिलमा चढाई सोही आधारमा ठेक्का बिल र कार्यसम्पन्न तयार गरी सम्झौताअनुसारको अनुपातमा रकम भुक्तानी दिनुपर्नेमा लागत अनुमानको आधारमा बिल एवं कार्यसम्पन्न प्रतिवेदन तयार गरी १०९ उपभोक्तालाई रकम भुक्तानी गर्दा रु १ करोड ११ लाख ६५ हजार समेत बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

१५०.३.गौरीगंगा नगरपालिका, कैलालीले लिक्मा नदी तटबन्ध निर्माण उपभोक्ता समितिसँग तटबन्धको कार्य सञ्चालन गर्न नगरपालिकाको तर्फबाट रु.६० लाख अनुदान उपलब्ध गराउने सम्झौता अनुसार रु.५६ लाख ७८ हजार भुक्तानी भएको छ ।उपभोक्ता समितिसँगको कार्यमा लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, श्रमदानको अंश कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने तथा उपभोक्तासँग सम्झौता भएको कामको परिमाण तथा दररेटमा भेरिएशन गर्न नसकिने व्यवस्था विपरीत स्वीकृत दररेट फरक पारी बढी दरमा विभिन्न साइजका जालीको कामको भुक्तानी भएको, साथै दर विश्लेषणमा लाग्ने मूल्य अभिवृद्धि कर रकम समावेश गरी सकेको अवस्थामा पुन बिलको जोडमा थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर जोडी भुक्तानी भएको रु.२१ लाख २७ हजार असुल हुनुपर्दछ ।

१५०.४.बाजुरा जिल्लाका ४ नगरपालिकाले ग्यावियन,मेसिनरी वाल, सिँचाइ कुलो आदिको निर्माणमा नर्म्सभन्दा बढी दरले ४० उपभोक्ता समितिलाई रु.४० लाख ५६ हजार भुक्तानी दिएकोले सम्बन्धित उपभोक्ताबाट असुल गरिनुपर्दछ । कोल्हवी नगरपालिका बाराले उपभोक्ता समितिसँग गरेको सम्झौता बमोजिमको कार्य परिमाण बराबरमात्र भुक्तानी दिनुपर्नेमा सोभन्दा बढी परिमाणको रु.४४ लाख २० हजार भुक्तानी दिएकोले सो रकम असुल गर्नुपर्दछ ।

१५०.५.नगरपालिका क्षेत्रमा नगरको विकास निर्माणको काममा खोलाको ग्राभेल खरिद गर्नु नपर्ने व्यवस्था भएपनि लेटाङ्ग नगरपालिका, मोरङले लागत अनुमानमा ग्राभेल खरिदको रकम समेत समावेश गरी दर निर्धारण गरेको छ । अतः खरिद गर्नु नपर्ने ग्रावेलको मूल्य समेत समावेश गरी तयार गरेको दरले रु.३१ लख ९ हजार भुक्तानी गरेको देखिएकोले ग्रावेलको मूल्य असुल गर्नुपर्दछ ।

१५०.६.कल्याणपुर नगरपालिका र सुखीपुर नगरपालिका सिरहाले कार्य सम्पन्न प्रतिवेदनले खपत देखाएको फलामे डण्डी भन्दा खरिद बीजकले देखाएको फलामे डण्डीको बिल राखी २३ उपभोक्ता समितिलाई रु.३८ लाख १ हजार बढी भुक्तानी दिएको देखिँदा उक्त रकम असुल गरिनु पर्दछ ।

१५०.७.निर्माण तथा सामग्रीको मूल्य जिल्ला दररेट तथा निर्माणसम्बन्धी नर्म्सको आधारमा भुक्तानी गर्नुपर्नेमा लमही नगरपालिकाले उपभोक्ता समितिलाई रु.२० लाख ६७ हजार बढी भुक्तानी गरेको छ ।

१५०.८.छायाँनाथ रारा नगरपालिका मुगुले अदालत चोकदेखि हाइवेसम्म आर.सी.सी. सडक र सिँढी निर्माण कार्यको लागि २०७४।१२।१६ मा उपभोक्ता समितिसँग रु.७८ लाख ९५ हजार लागत अनुमानमा रु.६२ लाख व्यहोर्ने गरी सम्झौता भएकोमा यस वर्ष सम्पन्न भएको छ । उपभोक्ता समितिले पेस गरेको नापी किताब, उपभोक्ता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदनमा ६९० वटा सिँढी तयार भएको उल्लेख गरी भुक्तानी भएको छ । आर.सी.सी. र सिंढी निर्माण अदालत चोकदेखि जिल्ला प्रशासन गेटसम्म कार्य भएको र सिँढीको संख्या १२० मात्र रहेकोले विभिन्न आइटममा बढी भुक्तानी भएको रु.२२ लाख ६ हजार असुल गर्नुपर्दछ ।

१५०.९.शुक्लाफाँटा नगरपालिकाले उपभोक्ता समितिलाई तटबन्ध निर्माण गरेबापत रकम उपलब्ध गराएकोमा उपभोक्ताले रकम भुक्तानीको लागि पेस गरेको बिल भर्पाई परीक्षण गर्दा तटबन्धमा प्रयोग हुने ढुङ्गाको परिमाण खरिद गरे भन्दा बढी राखी भुक्तानी दिएको देखियो । १२ उपभोक्ताले बढी ढुङ्गा खरिद एवं प्रयोग गरेको, देखाई बढी भुक्तानी भएको रु.२५ लाख ४७ हजार रकममा उपभोक्ताको अंश कट्टा गरी असुल उपर गर्नुपर्दछ ।

१५१. **अनुपातिक कट्टी -** उपभोक्तालाई निर्माण कार्यको रकम भुक्तानी गर्दा उपभोक्ता समितिसँग भएको सम्झौताको आधारमा दामासाहीले भुक्तानी गरेको हुनुपर्दछ । कपिलवस्तु, रुपन्देही, नवलपरासी र अर्घाखाँची जिल्लाका ३ सहित ७ नगरपालिकाहरुले अनुपातिक रुपमा कट्टी नगरी उपभोक्ता समितिलाई रु.३७ लाख बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

१५२. **कार्यालय भवन -** बेलौरी नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माण गर्न एक निर्माण सेवासँग २०७३।१।६ मा रु.२ करोड ५२ लाख ४४ हजारमा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको थियो । निर्माण व्यवसायीलाई चौथो रनिङ्ग बिलसम्म रु.२ करोड ३५ लाख ३ हजारको बिल पेस भएकोमा चौथो बिलबाट कारण उल्लेख नगरी एकमुष्ट रु.२३ लाख ७१ हजार कट्टा गरी रु.२ करोड ११ लाख ३२ हजार भुक्तानी दिएको देखिन्छ । निर्माण कार्यको म्याद २०७६।३।१० सम्म थप भएको देखियो । म्याद समाप्त भएपछि म्याद थप विना चौथो रनिङ्ग बिलबाट रु.७९ लाख १० हजार भुक्तानी दिएको नियमसम्मत देखिएन ।

चौथो रनिङ्ग बिलसम्म नापी किताबअनुसार रु.२ करोड ३५ लाख ३ हजारको काम भएको उल्लेख छ । लेखापरीक्षणको क्रममा कार्यालयका इन्जिनियरसहित भौतिक निरिक्षण गर्दा बिलमा उल्लेख भएको काम र वास्तविक कामबीच फरक देखिएकोले पुनः कामको वास्तविक परिमाण यकिन गर्न अनुरोध गर्दा २०७६।११।७ सम्म मूल्य अभिवृद्धि करसहित रु.१ करोड ८१ लाख ८ हजारको मात्र काम भएको कार्यालयबाट प्रमाणित भएबाट रु.२ करोड ११ लाख ३२ हजार भुक्तानी भइसकेकोले रु.३० लाख २४ हजार बढी भुक्तानी देखिएको छ । अतः नापी गर्ने प्राविधिक कर्मचारी, इन्जिनियर र कार्यालय प्रमुख समेतलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१५३. **अनुदान** - स्थानीय तहहरुले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपुँजी तथा अनुदान उपलब्ध गराएका छन् । अनुदान सम्बन्धमा प्रत्येक तहले अनुदान नीति तय गरेका छैनन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः

१५३.१.गल्याङ नगरपालिका, स्याङ्गजाले विभिन्न व्यक्तिलाई पशु तथा कृषि अनुदानका लागि रु.२ करोड २२ लाख ६० हजार अनुदान उपलब्ध गराएको छ । उक्त कार्यमा लागत साझेदारी अपनाएको छैन । खरिद भएका सम्पत्तिको अपनत्व, लागत साझेदारी र दूधको मूल्य निर्धारण समेत नगरेको अवस्थामा ती संस्थाबाट उपभोक्ता प्रतिको जवाफदेहिता मूल्याङ्कन गर्न सूचक तयार गर्नुपर्दछ ।

१५३.२.विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा न्यून साक्षरता भएको ठाउँमा शैक्षिक कार्यक्रम, स्वास्थ्य सेवा, खानेपानी आपूर्ति, खाद्यान्न उत्पादन न्यून भएको क्षेत्रमा खाद्य सुरक्षा क्षेत्रमा खर्च गरिने उल्लेख छ । गल्याङ नगरपालिका, स्याङ्जाले कार्यविधिमा नसमेटिएको अदुवा खरिद गरी वितरण प्रयोजनमा रु.२ करोड ४९ लाख ४० हजार खर्च गरेकोछ । विशेष अनुदानको कार्यविधिभन्दा पृथक कार्यक्रम सञ्चालन गरी खर्च गरेको उचित देखिएन ।

अदुवाको बीउ कृषि तथा पशुपंछी विकास मन्त्रालयले प्रति के.जी. रु.१०० तोकेकोमा नगर प्रमुखले प्रति केजी रु.१६५ कायम गरी बोलपत्र आव्हान गरेकोमा सोही दरमा एक ट्रेडर्स प्रा.लि.को एक

मात्र प्रस्ताव परी १ लाख ३० हजार के.जी.को रु.२ करोड ११ लाख ५९ हजार भुक्तानी भएको देखियो ।लागत अनुमानलाई वस्तुनिष्ठ बनाई खरिदमा मितव्ययिता कायम हुन सक्ने अवस्थामा ध्यान नदिई खरिद गर्नु उचित देखिएन । खरिद गरिएका अदुवा एकै व्यक्तिलाई २५०० के.जी.सम्म वितरण गरेको, वितरणको अभिलेखमा केहीको नाम उल्लेख भए तापनि वुझेको भर्पाइ नभएको, भरपाईको जोडजम्मा नगरेको तथा अदुवा रोप्ने मौसम समाप्त भएपछि २०७६ असाढ १५ मा थप १० हजार के.जी. खरिद गरेको, वितरण गरेको अदुवाबाट अपेक्षित प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गरेको छैन । वितरण भएको अनुदान सदुपयोग भएको संबन्धमा यकिन हुनुपर्दछ ।

१५३.३.लालबन्दी नगरपालिकाले एक बचत तथा ऋण सहकारी संस्थालाई खाद्य भण्डार निर्माण गर्न रु.१ करोड ४३ हजार अनुदान स्वरुप खर्च लेखेको छ । नाफामूलक निजी संस्थालाई दिएको अनुदान फिर्ता गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१५३.४.कृषि ज्ञान केन्द्र, सिन्धुली र श्री नमूना कृषि सहकारी संस्था लिमिटेडबीच सम्झौता भई कृषि औजार, उपकरण खरिद गर्नको लागि रु.१ करोड बजेटमध्ये ३० प्रतिशत लागत सहकारीले व्यहोर्नुपर्ने उल्लेख छ । उक्त लागत सहभागिता अन्तर्गत सहकारीले व्यहोर्नुपर्ने रु.३० लाख दुधौली नगरपालिका, सिन्धुलीले उक्त सहकारीलाई उपलब्ध गराएकोछ । नाफामूलक सहकारी संस्था र कुनै अर्को सार्वजनिक निकायबीच भएको सम्झौताबमोजिम उक्त सहकारी संस्थाले व्यहोर्नुपर्ने लागत सहभागिताको रकम नगरपालिकाले व्यहोरेको औचित्यपूर्ण देखिएन । कृषि औजार, उपकरण आपूर्तिको लागि ज्ञान केन्द्रले आव्हान गरेको बोलपत्र रद्द भई उक्त कार्यक्रम सञ्चालन नभएकोले भुक्तानी रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१५३.५.रौतहटको कटहरिया नगरपालिकाले एक प्रतिष्ठानलाई धुवाँमुक्त चुलो वितरण गर्न रु.७५ लाख र मौलापुर नगरपालिकाले सोही प्रतिष्ठानलाई भवन र पर्खाल निर्माण गर्न रु.१ करोड १० लाख समेत रु.१ करोड ८५ लाख सिधै अनुदान निकासा दिएको पाइयो । त्यसै गरी कटहरियाले सीता जयन्ती मनाउन रु.१० लाख अर्को एक प्रतिष्ठानलाई भुक्तानी दिएको छ । त्यस्तै गरी मौलापुर नगरपालिकाले एक गैह्र सरकारी संस्थालाई जग्गा खरिद गर्न रु.१ करोड १७ लाख ५० हजार अनुदान निकासा दिएको पाइयो । नागरिकको सेवा सुविधाको लागि खर्च गर्नुपर्ने बजेट गैरसरकारी संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१५४. **सफ्टवेयर खर्च** - कारोबारको अभिलेखको लागि आवश्यकता तथा उपयोगिता आउने दीगो, भरपर्दो र लामो समय सम्म प्रयोगमा ल्याउन सकिने सफ्टवेयर खरिद गर्नुपर्नेमा आवश्यकता बेगर धनुषाका हंसपुर र सबैला नगरपालिकाले रु.१ करोड ५८ लाख ८१ हजार, सिरहा जिल्लाका मिर्चैया, लाहान, गोलबाजार र धनगढीमाई नगरपालिकाले रु. ३९ लाख ७९ हजार तथा सप्तरीका राजविराज, कंचनरुप, शम्भुनाथ, हनुमाननगर र सुरुङ्गा नगरपालिकाले रु. ४४ लाख ६ हजार सफ्टवेयर खरिद तथा जडानमा खर्च गरेका छन् । रामगोपालपुर नगरपालिकाले सफ्टवेयर तथा गुरुयोजना तयारी बापत रु.६१लाख ८१ हजार खर्च गरको छ । खरिद गरेका सफ्टवेयरको उपयोग र दिगोपना उपर विश्लेषण हुनुपर्ने देखिन्छ ।

१५५. **साइकल खरिद** - विद्यार्थीहरुलाई लक्षित गरी क्षिरेश्वरनाथ नगरपालिका र मिथिला विहारी नगरपालिका धनुषाले ६८५ साइकल आपूर्ति बापत आपूर्तक लाई रु.४८ लाख २ हजार भुक्तानी गरेका छन् । यस्तो साइकल वितरणसम्बन्धी कार्य प्रदेश नं २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कार्यक्रम सञ्चालन गरी यो वर्ष १४ हजार साइकल खरिद गरेको अवस्था छ । खरिद भएका साइकल वितरणमा दोहोरो नपर्ने गरी तथा कार्यक्रम सञ्चालन गर्दा समन्वय समेत हुने गरी साइकल खरिदको योजना तथा

कार्यक्रम छनौट गर्नुपर्नेमा गरेको देखिएन । मिथिला बिहारी नगरपालिकाले खरिद गरेका साइकल लेखापरीक्षण अवधि २०७६।११।१५ सम्म वितरण नगरी मौज्दातमा राखेको छ ।

१५६. **लगानी सम्मेलन** - चन्दननाथ नगरपालिकाको आयोजनामा लगानी सम्मेलन आयोजना गर्ने निर्णय भई २०७५।७६ को नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा लगानी सम्मेलन गर्नका लागि रु.२० लाख बजेट विनियोजन भई सो लगानी सम्मेलन २०७५।५।२९ मा गर्ने निर्णय भएको देखियो । लगानी सम्मेलन आयोजनाको तयारी गर्न बैठक भत्ता, मसलन्द, भ्रमण खर्च, प्रोमो निर्माण, फ्लेक्स छपाइ, ट्रेकिङ्ग रुट म्याप लगायतका कार्यमा रु.१५ लाख ६२ हजार खर्च गरेको भए तापनि लगानी सम्मेलन आयोजना नभएकोले खर्चको प्रभावकारिता देखिएन ।

१५७. **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - बुढानीलकण्ठ नगरपालिका सभाले आपतकालीन पुँजीगत निर्माण सुधार कार्यका लागि प्रति वडा रु.१२ लाखसम्मका दरले खर्च गर्नेगरी रकम विनियोजन गरेकोमा १३ वडाले रु.१ करोड २४ लाख ७७ हजार खर्च गरेको देखियो । यसरी खर्च लेख्दा केही रकम पुँजीगत निर्माण मै खर्च भए तापनि सो रकमबाट चिया, खाजा, लगायतको विविध खर्च, दैनिक भ्रमण खर्च, आर्थिक सहयोग वितरण, शुभकामना विज्ञापन खर्च, आदिमा रु.६५ लाख ८८ हजार, भीमेश्वर नगरपालिका दोलखाले रु.३१ लाख ४० हजार, नमोबुद्ध नगरपालिका काभ्रेले रु.८२ लाख २३ हजार उपभोग, सञ्चालन तथा वितरण प्रकृतिका काममा खर्चहरु गरेको देखियो । पुँजीगत बजेटबाट चालु प्रकृतिको काममा खर्च गर्ने परीपाटी नियन्त्रण हुनुपर्दछ ।

शारदा, बागचौर, भेरी र चन्दननाथ नगरपालिकाले सभाबाट पारित गरी रु.१ करोड १४ लाख ५३ हजार चालु खर्च पुँजीगत बजेटमा समावेश गरी वितरणमुखी कार्यक्रममा खर्च लेखेको देखियो । वितरणमुखी कार्यक्रममा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

१५८. **अनुत्पादक एवं वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम अनुत्पादक र वितरणमुखी खर्चलाई नियन्त्रण गरी आय-व्यय सम्बन्धी कारोबारको लेखा जिम्मेवारीपूर्वक राख्नुपर्ने व्यवस्था छ । भीमेश्वर नगरपालिका दोलखाले रु.१९ लाख ६८ हजार, बनेपा नगरपालिका काभ्रेले रु.२० लाख १ हजार, पनौती नगरपालिका काभ्रेले रु.४३ लाख ८८ हजार समेत खेलकुद तथा क्लबहरुलाई सहयोग, ट्र्याकसूट वितरण जस्ता वितरणमूखी कार्यमा खर्च गरेको देखियो । नवलपारासीको बर्दघाट नगरपालिकाले रु.३८ लाख ५८ हजार, रुपन्देहीको देवदह नगरपालिकाले रु.३७ लाख ४५ हजार, अर्घाखाँचीको भूमिकास्थानले रु.३१ लाख १६ हजारको सामग्री खरिद गरी वितरण गरेका छन् । ।

गल्याङ नगरपालिकाले यो वर्ष ११ वटा वडामा वन्यजन्तुबाट बाली संरक्षण कार्य गरेको उल्लेख गरी २२ हेरालुको ६ महिनाको रु.१४ लाख ८५ हजार हेरालु खर्च लेखेको छ । फलेवास नगरपालिका पर्वतले क्लिन फलेवास तथा ग्रीन फलेवास कार्यक्रम सञ्चालन गरी रु.१५ लाख २७ हजार खर्च लेखेको छ । नगरस्तरीय कार्यक्रमबाट अतिथि, यातायात, साउण्ड सिस्टम, अनुगमन, व्यानर छपाइलगायतका चालु प्रकृतिका कार्यमा खर्च भएको देखिन्छ । अनुत्पादक र वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

१५९. **महोत्सव** - विकासात्मक क्रियाकलापमा खर्च गर्न ध्यान दिनुपर्नेमा प्यारागलाइडिङसम्बन्धी अन्तर्राष्ट्रिय महोत्सव सञ्चालन भएकोमा उक्त कार्यक्रमको लागि भिरकोट नगरपालिका स्याङ्जाले रु.४१ लाख, वालिङ नगरपालिका स्याङ्जाले रु.१० लाख खर्च गरेको देखियो ।लाहान नगरपालिकाको आयोजानामा सञ्चालन भएको बृहत महोत्सवमा नगरपालिकाको तर्फबाट रु.१५ लाखको बजेट विनियोजन गरी एक प्रवर्द्धक कम्पनीसँग रु.३२ लाख ३५ हजारमा सम्झौता गरी उक्त कम्पनिलाई रु.३० लाख ११ हजार भुक्तानी गरेको छ । यसका अलावा आयोजना सञ्चालनमा मूल समिति, उपसमिति समेत गठन गरी विभिन्न कर्मचारी, संस्था र पदाधिकारीलाई रु.९१ लाख ४१ हजार समपुरक कोषबाट पेस्की दिएकोमा

खर्च गरी कार्यक्रम सम्पन्न भएको १० महिना व्यतित हुँदा समेत फछ्यौंट गरेको छैन भने बाँकी रकम स्थानीय सञ्चित कोषमा दाखिला गरेको छैन । कम्पनीको प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन नगरेको, पेस्की फछ्यौंट नगरेको र बजेट भन्दा बढी खर्च गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१६०. **पार्श्वचित्र** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाखभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । लम्कीचुहा नगरपालिका कैलालीको पार्श्वचित्र निर्माण गर्ने कार्य गर्न एक फर्मसँग २०७५।११।१० मा सोझै वार्ताद्वारा सम्झौता गरी नियम विपरीत रु.२४ लाख ७५ हजारको कार्य गराएको छ । पार्श्वचित्र निर्माण गर्ने कार्यको आवश्यकता पहिचान र कार्यपालिका तथा नगर सभाको स्वीकृति लिएको छैन । परामर्शदातासँग कुनै ग्यारेन्टी विना रु.१४ लाख ८५ हजार पेस्की दिएकोमा आर्थिक वर्षभित्र कार्य सम्पन्न गरी प्रतिवेदन नदिएकोले यस्तो खर्चको औचित्य देखिएन ।

१६१. **अन्य निकायको खर्च** - सुन्दरहरैचा नगरकार्यपालिकाले नगरपालिकामा रहेका विभिन्न सुरक्षा निकाहरुलाई विभिन्न सुविधा उपलब्ध गराएको देखियो । यी सुरक्षा निकायहरु संघीय बजेट तथा नीति अन्तर्गत सञ्चालित हुने व्यबस्था रहेको छ । तर नगरपालिकाले विराटचोक प्रहरी कार्यालयलाई मासिक १४० लिटर इन्धन र चौमासिक रु.१० हजार मर्मत खर्च, गछिया प्रहरी चौकीको मासिक १४० लिटर इन्धन र चौमासिक रु.१० हजार मर्मत खर्च, ईलाका प्रहरी चौकी वेलबारीको बार्षिक सवारीसाधन मर्मतका लागि रु.१ लाख ५० हजार र मासिक १०० लिटर इन्धन, प्रहरी कार्यालय हरैचाको बार्षिक सवारीसाधन मर्मतका लागि रु.१ लाख र मासिक ५० लिटर इन्धन, ट्राफिक प्रहरी कार्यालयको मासिक ३० लिटर इन्धन र चौमासिक मर्मत रु.७ हजार, सशस्त्र प्रहरी वल लभ्मीमार्गका लागि मासिक ५० लि. इन्धन र बार्षिक मर्मत रु.५० हजार, सशस्त्र प्रहरी वल सलकपुरको मासिक ५० लिटर इन्धन र बार्षिक मर्मत रु.५० हजार, ट्राफिक प्रहरी कार्यालय विराटचोकको घरभाडा मासिक ९ हजार, प्रहरी चौकी गछिया र सशस्त्र प्रहरी वल सलकपुरको बार्षिक सवारीसाधन मर्मत रु.१ लाख लगायतका सुविधा उपलब्ध गराएको पाइयो ।

हरिवन नगरपालिका, सर्लाहीले प्रहरी कार्यालयहरु र सशस्त्र प्रहरी बल नेपालको सी.सी.टी.भी. जडानमा रु.५ लाख ९ हजार खर्च लेखेको छ । बेनी नगरपालिकाले बेनी अस्पतालको सेवा सुदृढीकरण गर्नको लागि अस्पताल विकास समितिलाई रु.३५ लाख र माल सामान खरिदका लागि रु.३ लाख १५ हजार उपलब्ध गराएको छ । सो अस्पताल नगरपालिका अन्तर्गत नभई स्वायत्त संस्था भएकाले यस्तो रकम दिने प्रणालीमा नियन्त्रण हुनुपर्दछ ।

१६२. **योजना छनौट** - रुपन्देही, नवलपरासी र अर्घाखाँची जिल्लाका १० स्थानीयतहले सडक, सिँचाइ, भवन लगायतका ५ लाखभन्दा कमका ३०१६ वटा योजना छनौट एवं कार्यान्वयन गरी रु.१ अर्ब ११ करोड ८५ लाख ७४ हजार खर्च गरेको छ । अर्घाखाँचीको भूमिकास्थान नगरपालिका ले २०७५ फाल्गुणमा रु.३ करोड २६ लाख ५६ हजार, शीतगंगा नगरपालिकाले २०७५ पौषमा रु.२ करोड ३७ लाख २८ हजार, नवलपरसीको प्रतापपुर नगरपालिकाले २०७६ जेष्ठमा रु.५ करोड ३९ लाख ८४ हजार, रुपन्देही रोहिणी नगरपालिकाले २०७५ चैत्रमा रु.१ करोड ६९ लाख ७१ हजारका विभिन्न योजनाहरुमा खर्च गरेको देखियो । योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी टुक्रे योजनामा खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

१६३. **अधुरा आयोजना** - कमला नगरपालिका, धनुषाले २०७५ माघ महिनामा बजेट वाँडफाँड र स्वीकृति गरेका कारण छनौट गरेका ४० योजना अन्तर्गत भवन निर्माण, मर्मत, सडकग्राभेल, पिसीसी लगायत कार्य

सम्पन्न हुन नसकी रु.६ करोड ९७ लाख ३७ हजारको कार्य आगामी वर्षलाई जिम्मेवारी सारेको छ । मिथिला बिहारी नगरपालिकाले २०७४।७५ र २०७५।७६ का ८५ योजनाको रु. १८ करोड ७६ लाख ७९ हजारको कार्यक्रम सञ्चालन नगरी बाँकीमा राखेको छ । ढिलो बजेट स्वीकृति र सम्झौताका कारण योजना सम्पन्न हुन नसकी निर्मित संरचनाबाट प्रतिफल प्राप्त हुन सकेको छैन।

१६४. **नगर उद्यान निर्माण** - लम्कीचुहा नगरपालिका कैलालीले गौरवको आयोजनाको रुपमा मोहनलाल सामुदायिक नगर उद्यान निर्माण कार्यका लागि रु.१ करोड ५० लाख बजेट विनियोजन गरेको छ । निर्माण कार्यको प्रारम्भ गर्नुभन्दा अगावै सो उद्यान निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन एवं गुरुयोजना तयार गरेको छैन । एक परामर्शदातालाई सर्भे बापत रु.९ लाख ८१ हजार भुक्तानी भए पनि प्रतिवेदन प्राप्त भएको छैन । विस्तृत आयोजना प्रतिवेदन प्राप्त नहुँदै वडा नं.२ र ५ मा पर्ने एउटै सामुदायिक वन क्षेत्रभित्र दुई उपभोक्ता समिति मार्फत् रु.१ करोड ३३ लाखको घेरा पर्खाल निर्माण कार्य गराएको छ । लागत अनुमानमा उपभोक्ता समितिको योगदानको अंश नखुलाएको र कति क्षेत्रफल कुन उपभोक्ता समितिभित्र पर्ने सोको विस्तृत विवरण संलग्न छैन । साथै २०७५।७६ मा डिभिजन वन कार्यालय, पहलमानपुर कैलालीले समेत नगर उद्यान निर्माणको लागि रु.१४ लाख ४० हजार खर्च गरेकोमा नगरपालिकाले एउटै ठाउँमा विभिन्न वर्ष र विभिन्न स्रोतबाट कार्यक्षेत्र नछुट्याई  कार्य गरेकोले निर्माण कार्यमा दोहोरोपनाको अवस्था देखिन्छ । उद्यानको उचाई ३.७५ फिट मात्र राखेको कारण नगर उद्यानको घेरा पर्खाल निर्माणबाट सो उद्यान सुरक्षा हुनेमा विश्वस्त हुन नसकिएकोले यो वर्षको खर्च रु.१ करोड १८ लाख ७५ हजारको प्रभावकारिता यकिन गर्नुपर्दछ ।

१६५. **परामर्श सेवा** - कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने परामर्शसेवाको कार्य सार्वजनिक खरिद नियमावली, नियम १२ अनुसार लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट गराउनु पर्दछ । जिन्सी व्यवस्थापन, राजस्व सङ्कलन, सडक गुरु योजना, कार्यालय भवनको तथा सडक निर्माण कार्यको ड्रइङ्क डिजाइन, खेल मैदान, तालिम लगायत खरिदको लागि लागत अनुमान तयार नगरी विना प्रतिस्पर्धा परामर्श सेवा लिएको देखिएको छ ।

१६५.१.नवलपरासीको रामग्राम नगरपालिकाले रु.२७ लाख ७२ हजार र रुपन्देहीको तिलोत्तमा सहित ४ नगरपालिकाले रु. ८४ लाख २० हजारको परामर्श सेवा खरिद सोझै विधिबाट देखिन्छ । सफ्टवेयर, ड्रइङ्ग डिजाइन, तालिम लगायत परामर्श सेवा खरिद बापत भुक्तानी दिएकोमा सफ्टवेयरहरु कार्यालयको प्रयोगमा ल्याएको समेत देखिएन । कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा मात्र बाह्य परामर्शदाताबाट काम गराउनु पर्नेमा यसवर्ष इलाम र धनकुटाका ३ नगरपालिकाले डी.पि.आर, वातावरणीय प्रभाव मूल्याङ्कन, सम्भाव्यता अध्ययन सफ्टवेयर तथा सुपरभिजन कार्य बाह्य परामर्शदाताबाट गराई रु.१ करोड ३ लाख ३३ हजार खर्च भुक्तानी गरेको छ ।हरिवन नगरपालिका, सर्लाहीले कर्मचारीको कार्य विवरण बनाउने कार्य समेत एक परामर्शदाताबाट गराई रु.४ लाख ९७ हजार खर्च गरेको छ । विद्यमान जनशक्तिबाट नगराई परामर्शदाता नियुक्त गरी कार्य गराएबाट योजनाको लागतमा वृद्धि हुन जानुको साथै परामर्श खर्चको औचित्य पुष्टि हुने देखिँदैन ।

१६५.२.मोरङका ५ नगरपालिकाले यस वर्ष परामर्शमा २ करोड ७५ लाख ८३ हजार  खर्च गरेक छन् । कार्यालयमा इन्जिनियर लगायत अन्य कर्मचारी मौजुदा रहेको अवस्थामा उक्त योजनाहरुको विस्तृत सर्भेक्षण बाह्य परामर्शदाताबाट गराउनु पर्नाको कारण उल्लेख गरेको छैन । डिटेल डिजाईन तथा लागत अनुमान भएको योजनाको निर्माण कार्य कहिले थालनी हुने सोको बजेट सुनिश्चितता भएको देखिँदैन । गढीमाई नगरपालिका रौतहटले कार्यालयमा कार्यरत एक ईन्जिनियरको स्वामीत्वमा रहेको फर्मबाट सडक निर्माणसँग सम्वन्धित लागत अनुमान, सर्भेक्षण र परियोजना विस्तृत प्रतिवेदन तयार गरेबापत रु.१७ लाख

४२ हजार भुक्तानी गरेको छ । स्वार्थ बाझिने गरी ईन्जिनियरको स्वामित्व रहेको फर्मबाट कार्य गराउनु उपयुक्त देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१६५.३.रामेछाप नगरपालिकाको रिङ्गरोड ५० कि.मिको डि.पि.आर तयार गर्न आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी छनौट भएको एक परामर्शदातासँग ७८ कि.मि.को सम्झौता गरी प्रति कि.मी. ६२ हजार १५० ले रु.४८ लाख ५० हजार भुक्तानी भएको छ । कुल ९७ कि.मी. चक्रपथ निर्माण हुने र प्रति कि.मी. निर्माण लागत रु.३ करोड ५५ लाख ७१ हजार लाग्ने अन्तिम प्रतिवेदनमा उल्लेख छ । डि.पि.आर अनुसारको कार्य गर्न रु.३ अर्ब ४५ करोड ४ लाख स्रोत आवश्यक पर्ने देखियो । यस प्रकार अस्वाभाविक लागत लाग्ने चक्रपथ निर्माण लाभ लागतको दृष्टिले कार्यान्वयनमा आउन सक्ने अवस्थामा नरहँदा डि.पि.आर खर्च अनुत्पादक हुने देखियो । यस्तो अनुत्पादक र प्रतिफलविहीन कार्यमा खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

१६६. **लगानी** - भिरकोट नगरपालिका स्याङजाले एक सहकारी संस्था लिमिटेडको प्रतिकिस्ता रु.१००।- को दरको शेयर खरिद गरी रु.२० लाख र बरथवा नगरपालिका सर्लाहीले रु ४० लाख खर्च लेखेको छ । महालक्ष्मी नगरपालिकाले एक यातायात सेवा प्रा.लि.बाट काठमाडौंदेखि ललितपुरको लुभु लामाटारसम्म सञ्चालन गरेको यातायात बस सेवाको शेयर खरिद गरेको भनी रु.१५ लाख भुक्तानी गरेकोमा शेयर खरिदको अभिलेख व्यवस्थित गरी आय-व्ययमा लगानीको रुपमा प्रस्तुत गर्नुपर्नेमा खर्च लेखेको उपयुक्त देखिएन । लागत लाभको विश्लेषण नगर्ने, लाभको हिस्सेदारीलाई सम्झौतामा उल्लेख नगर्ने, शयर प्रमाण पत्र नलिने, लगानी सम्बन्धमा स्थानीय मापदण्ड, नीति र कानुन नबनाउने कार्यमा सुधार हुनुपर्दछ ।

१६७. **क्षति** - मंगलसेन नगरपालिका अछामको गत आर्थिक वर्ष रु.१ करोड २० लाखमा खरिद गरेको ३३०० को एस.यू.भी. फोर्ड सवारीसाधन कार्यालय परिसरमा राखेको अवस्थामा आगजनी भई क्षति भएको देखियो । कार्यालयमा सुरक्षाको पर्याप्त व्यवस्था नभएको, कार्यालयको गेट लगायतका नियन्त्रण संरचना नभएको, सवारी चालक लगायतका सम्बन्धित पदाधिकारीले समेत सवारीसाधनको सुरक्षा व्यवस्थामा पर्याप्त ध्यान दिन नसकेको कारण उक्त सवारीसाधन खरिद गरेको १ वर्ष नपुग्दै रु.२ लाख ४५ हजारको एसेसरिज समेत रु.१ करोड २२ लाख ४५ हजारको क्षति भएको अवस्था देखियो ।

यो वर्ष २०७ आषाढ २६ देखि ३० सम्मको अविरल वर्षाक कारण प्रदेश २ अन्तर्गत मिथिला नगरपालिकाको चुरेक्षेत्र लगायत आसपासको क्षेत्रमा रु.५ करोड ४८ लाख भन्दा बढीका २२ ठेक्का तथा उपभोक्ता समितिबाट निर्माण भएका स्पर, पोखरी, वेस स्कोर, ग्याबियन कार्यमा वर्षाले पूर्ण वा आंशिक क्षति गरेको छ । ठेक्का र उपभोक्ता समितिबाट सम्पादन भएको निर्माण कार्यको त्रुटी सच्याउने अवधिलाई ध्यान दिई संरचनाको पूनः निर्माण, मर्मत तथा सुधार गरिनु पर्दछ ।

१६८. **प्रमाण बेगरको खर्च** - रौतहतका गढीमाई, ईशनाथ, राजदेवी र चन्द्रपुर समेत ७ पालिकाले रु.२ करोड ७१ लाख २४ हजारको कार्पेट, मसलन्द, पुस्तक, फर्निचर, स्टेशनरी, विद्युतीकरण सामग्री जस्ता सामान जिन्सी खातामा नै अभिलेख नगरी भुक्तानी गरेका छन् । खरिद गरेको सामानको जिन्सी अभिलेख अद्यावधिक गरी उपयोग हुनुपर्दछ ।

१६९. **कार्यक्रम खर्च** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ पत्रअनुसार सशर्त अनुदानमा प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । परशुराम नगरपालिकाले मुक्त हलिया पुनर्स्थापना कार्यक्रम अन्तर्गत रु.१ करोड ५७ लाख सशर्त अनुदान प्राप्त गरेकोमा उक्त रकम खर्च नगरी मूल कोषमा सारेर खर्च जनाएको छ । कार्यक्रममा खर्च नभएको रकम केन्द्रिय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

भीमदत्त नगरपालिकाले एसियाली विकास बैङ्कको लागत सहयोगमा सञ्चालन हुने ३२ करोड लागतका साना शहरी आयोजनाको लागि लाभग्राही उपभोक्ताहरुबाट लागत सहभागिताको अशं रु.१ करोड ३३ लाख नगरपालिकाले सापटी दिएको छ । नगर कार्यपालिकाको २०७५।९।१ मा बसेको बैठकको निर्णयले वडा नं.६,८,१० का लाभग्राहीले आफ्नो अशं जम्मा गर्न नसकेको कारण पछि फिर्ता हुने गरी उपभोक्ता समितिलाई उपलब्ध गराउएको छ । विना सम्झौता सापटी दिएको रकम यथासिध्र फिर्ता गर्नुपर्दछ ।

१७०. **शीत भण्डार निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा १ करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने, साठी लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको कार्यमा उपभोक्ता समितिले गर्नुपर्ने योग्दान उल्लेख गर्नुपर्ने व्यवस्था छ । गोदावरी नगरपालिका कैलालीले अत्तरियामा रु.१ करोड १ लाख ८० हजारको शित भण्डार तयार गर्न कृषि बजार व्यवस्थापन समितिसँग सम्झौता गरी कार्य गराएकोछ । नगरपालिकाको २०७५।७६ को कार्यक्रममा सो शित भण्डारको लागि बजेट विनियोजन नभएको र शीत भण्डारले चर्चेको जग्गा नगरपालिकाको स्वामित्वमा नरहेको अवस्थामा लगानी गरेको छ । उपभोक्ता समितिले कुनै पनि अंश नव्यहोरेको र सबै रकम बराबरको सामान एक बिक्रेतासँग २०७६।३।१२ मा खरिद गरेको बिल राखी निर्माण कार्य बाँकी रहेको अवस्थामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु.१ करोड १ लाख ८० हजार भुक्तानी गरेको छ । निर्माण नहुदै कार्य सम्पन्न देखाउने कार्य अनियमीत देखिन्छ ।

१७१. **लेखापरीक्षण रकम र बेरुजू** - यो वर्ष लेखापरीक्षण गरीएका २७३ नगरपालिकाको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छः

(रु. लाखमा)

| प्रदेश नं. | नगरपालिका संख्या | लेखापरीक्षण रकम | बेरुजू रकम | बेरुजूमध्ये पेस्की | बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ४६ | ६०५१३८ | २३५२१ | ३४८२ | ३.८९ | ३.३१ |
| २ | ७० | ७१७८८७ | ६६७३२ | १८५३२ | ९.३० | ६.७१ |
| वाग्मती | ४१ | ६६५१९६ | २५६७१ | ५५९७ | ३.८६ | ३.०२ |
| गण्डकी | २६ | ३३२६६४ | १००६४ | २२९९ | ३.०३ | ३.३३ |
| ५ | ३२ | ४५१५६० | १८३६९ | ३७४६ | ४.०७ | ३.२४ |
| कर्णाली | २५ | २४१६६२ | १३०१५ | २४१७ | ५.३९ | ४.३९ |
| सुदूरपश्चिम | ३३ | ३७२९१८ | १६५७० | ३७३० | ४.४४ | ३.४४ |
| **जम्मा** | **२७३** | **३३८७०२५** | **१७३९४२** | **३९८०३** | **५.१४** | **३.९६** |

## गाउँपालिकाहरु

१७२. **आर्थिक कारोबार** - देशभरि जम्मा ४६० गाउँपालिका रहेकोमा यो वर्ष ४५४ गाउँपालिकाको लेखापरीक्षण सम्पन्न गरीएको छ । गतवर्षको मौज्दात रु.१८ अर्ब ११ करोड ७७ लाखमा यो वर्ष संघ तथा प्रदेशको समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान रु.१ खर्ब २८ अर्ब १७ करोड २ लाख तथा अन्य आय रु.३१ अर्ब ८८ करोड २४ लाख समेत रु.१ खर्ब ७८ अर्ब १७ करोड ३ लाख आम्दानी गरी चालुतर्फ रु.७८ अर्ब १९ करोड १० लाख, पुँजीगत तर्फ रु.१७ अर्ब ६ करोड ३ लाख र अन्यखर्च रु.२२ अर्ब ४५ करोड ८५ लाख समेत रु.१ खर्ब ५६ अर्ब ७० करोड ९८ लाख खर्च गरी रु.२१ अर्ब ४६ करोड ५ लाख आगामी वर्षको लागि जिम्मेवारी सारेका छन । यस सम्वन्धि कारोबारको लेखापरीक्षण सम्पन्न गरी अन्तिम प्रतिवेदन सम्बन्धित गाउँपालिकालाई जारी गरिएको छ ।

१७३. **कर्मचारी व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकाले कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका दैनिक कार्यसञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग करार गरी लिन सक्ने व्यवस्था छ । सेवा प्रवाहको लागि आवश्यक भएको उल्लेख गरी अधिकांश गाउँपालिकाहरुले विभिन्न मितिमा सम्झौता गरी ईन्जिनियरसमेत विभिन्न दर्जाका कर्मचारीहरु निवेदनको भरमा सिधै करारमा नयुक्ती गरी काममा लगाएका छन । यसरी काममा लगाएका कर्मचारी मध्ये दाङ्गका ९ गाउँपालिकाले तलब भत्तामा रु.६ करोड ५९ लाख २८ हजार, पाल्पाका ७ गाउँपालिकाले रु.४ करोड ९७ लाख ९१ हजार खर्च लेखेको उल्लेखनीय रहेको देखियो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा नगरी सेवा करार सेवामा लिने कार्य नियमसम्मत देखिएन ।

१७४. **अबण्डा बजेट** - गाउँसभामा कार्यक्रम तथा बजेट पेस गरी स्वीकृत गराई खर्च गर्नुपर्नेमा अर्घाखाँचीका २ गाउँपालिकाले रु.८१ लाख, नवलपरासीका २ गाउँपालकाले रु.१ करोड १२ लाख १० हजार, कपिलबस्तुका २ गाउँपालिकाले रु.३ करोड ३० लाख १५ हजार बजेट विभिन्न मितिमा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षको निर्णयबाट कार्यक्रममा बाँडफाँड गरी खर्च गरेको छ ।त्यसैगरी गोकुलगँगा गाउँपालिका रामेछापले रु.७ करोड २२ लाख ३८ हजार, दोरम्बा गाउँपालिका रामेछापले रु.२ करोड, अबण्डा राखी विभिन्न शीर्षकमा उक्त रकम खर्च गरेको छ । चम्पादेवी गाउँपालिका ओखलढुङ्गाले भैपरी आउने शीर्षकमा रु.१ करोड ३५ लाख र विपद् व्यवस्थापनमा रु.२५ लाख बजेट छुट्याएकोमा रु.१ करोड ४६ लाख खर्च गरेको देखियो । कर्णाली प्रदेशका नरहरिनाथ, सिंजा, गुठीचौर, कनकासुन्दरी, तातोपानी र गुराँस गाउँपालिकाले रु.७ करोड ४७ लाख २० हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डामा रकम विनियोजन गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१७५. **फिर्ता गर्नुपर्ने अनुदान** - अर्घाखाँचीको पाणिनी गाउँपालिकाले रु.२७ लाख ५४ हजार, रुपन्देहीको मायादेवी गाउँपालिकाले रु.१ करोड ६४ लाख ३६ हजार, नवलपरासीको पाल्हीनन्दन गाउँपालिकाले रु.१ करोड ४ लाख ३१ हजार, रुपन्देहीको कोटहीमाई गाउँपालिकाले रु.३ करोड १५ लाख १८ हजार खर्च नभई बाँकी रहेको रकम फिर्ता गरेको देखिएन । फिर्ता गर्न बाँकी रकम संघीय सञ्चितकोषमा दाखिला गर्नु पर्दछ ।

१७५.१.तादी गाउँपालिका नुवाकोटको यो वर्ष संघीय सशर्त अनुदान रु.१२ करोड ४६ लाख ६९ हजारमध्ये ६ विषयगत कार्यक्रममा रु.९ करोड ८९ लाख ९० हजार खर्च भएकोले रु.२ करोड ५६ लाख ७९ हजार कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेमा २०७६।४।१५ मा रु.६५ लाख मात्र जम्मा गरेकोले रु.१ करोड ९१ लाख ७९ हजार फिर्ता गर्नुपर्दछ । फेदीखोला गाउँपालिका स्याङ्जाले खर्च नभई बाँकी रहेकोमध्ये रु.२ लाख १७ हजार मात्र प्रदेशलाई फिर्ता गरी रु.४१ लाख ३३ हजार स्थानीय सञ्चित कोषमा नै राखेको देखियो । कर्णाली प्रदेशका गाउँपालिका १३ ले रु.४ करोड २६ लाख ५७ हजार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त अनुदान निकासा फिर्ता गरेका छैनन् । महोत्तरीका एकडारा गाउँपालिकाले सशर्त अनुदानमा निकासा भई बाँकी रहेको रु ४ करोड २२ लाख ४० हजार र सोनमा गाउँपालिकाले रु ५ करोड ५५ लाख ८४ हजार पालिकामानै राखेका छन । सो रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१७५.२.स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदान आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम केन्द्रिय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा खाडादेबी गाउँपालिका रामेछापले रु.४ करोड ५९ लाख १० हजार

स्थानीय सञ्चित कोषमा जम्मा गरेको, राक्सिराङ गाउँपालिका मकवानपुरले यो वर्ष रु.५ करोड प्रदेश विशेष अनुदान प्राप्त गरेकोमा खर्च नभई बाँकी रु.१ करोड ६२ लाख ५० हजार प्रदेश सञ्चित कोषमा दाखिला नगरी स्थानीय कोषमा राखेको देखिन्छ । प्रदेश नं.३ आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७६।३।३१ को निर्णयानुसार विशेष अनुदानको म्याद थप गरी आगामी वर्षको प्रथम चौमासिकभित्र खर्च गर्नका लागि स्वीकृत प्रदान गरेको छ । कानुन अनुसार फिर्ता गर्नुपर्ने रकम मन्त्रालयको निणर्यले खर्च गर्न स्वीकृति दिन मिल्ने देखिँदैन ।

१७६. **आन्तरिक आय व्यवस्थापन** - सुनकोशी गाउँपालिका सिन्धुलीले सुनकोशी नदी किनारको ढुङ्गा, गिट्टी, बालुवाको लागि २ प्याकेजमा रु. ६ करोड ९६ लाख ८४ हजार र रु. १ करोड ८१ लाख १३ हजारमा ठेक्का लगाएको छ । दुवै ठेक्काको मूल्य अभिवृद्धिकर रु.१ करोड ८० लाख ६२ हजार असुल भएको छैन । समयमै बैङ्क जमानत जफत गरी रकम असुल गर्नुपर्नेमा बैङ्क जमानतको म्याद समाप्त हुँदासम्म कार्यालयले पहल नगर्दा दहत्तर बहत्तर बापत असुल हुनुपर्ने रकम असुल गर्न सकेको देखिएन । वाग्मती गाउँपालिका मकवानपुरले यो वर्ष नदीजन्य पदार्थ बिक्री गरी रु.९० लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा मूल्य अभिवृद्धिकर समेत रु.६५ लाख सङ्कलन गरेको उल्लेख छ । नदीजन्य पदार्थको प्रतिस्पर्धात्मक तरिकाले ठेक्का व्यवस्थापन नगरी मौखिक सहमतिको आधारमा एक कन्सट्रक्सनबाट रु.५० लाख र अर्को एक कन्सट्रक्सनबाट रु.१५ लाख सङ्कलन गरेको छ । कन्सट्रक्सन कम्पनीलेनै खोलामा क्रशर राखी गिट्टी तथा बालुवा उत्पादन तथा ढुवानी गरिरहेको देखिन्छ । वातावरणीय परीक्षण र प्रतिस्पर्धा बेगर परिमाण समेत उल्लेख नगरी नदीजन्य पदार्थ निकासीको अनुमति दिएकोले प्राप्त हुनुपर्ने आम्दानी यथार्थ रहेको यकिन गर्ने अवस्था छैन ।

बेथानचोक गाउँपालिका, काभ्रेले प्राकृतिक खानीजन्य बालुवा, गिट्टी, ढुङ्गा आदिको निकासी तथा बिक्री सम्बन्धी २ ठेक्कामा क्रमशः ११ र १२ बोलपत्र बिक्री भएकोमा क्रमशः १ र २ वटा प्रस्ताव दर्ता भई २.१४ र ०.३२ प्रतिशत बढीमा रु.२ करोड ५६ लाख र रु.३ करोड १३ लाख कबोल अङ्कमा सम्झौता गरेको छ । पर्याप्त प्रतिस्पर्धाको लागि विद्युतीय बोलपत्र प्रणालीलाई अवलम्बन गर्नुपर्दछ ।

१७७. **विभाज्य कोष** - नदी किनारको ढुङ्गा, गिट्टी, बालुवाको २०७६ असार मसान्तसम्म उठेको रकमबाट सुनकोशी गाउँपालिका सिन्धुलीले रु.६ करोड ५२ लाख ९५ हजारको ४० प्रतिशतले हुने रु.२ करोड ६१ लाख १८ हजारमध्ये रु.१ करोड १३ लाख २० हजार २०७६।३।३१ मा प्रदेश सञ्चित कोषमा पठाएको छ भने बाँकी रु.१ करोड ४७ लाख ८९ हजार प्रदेश सञ्चित कोष पठाउन बाँकी देखिन्छ । त्यस्तै गजुरी गाउँपालिकाले रु.४ करोड १६ लाख ८० हजार, गल्छी गाउँपालिकाले रु.७१ लाख ७७ हजार, बेथानचोक गाउँपालिका काभ्रेले रु.१ करोड ९९ लाख ५४ हजार, भुम्लु गाउँपालिकाले रु.९८ लाख ३३ हजार, तेमाल गाउँपालिकाले रु.६१ लाख ८६ हजार पठाउन बाँकी रहेकोछ । स्थानीय विभाज्य कोषमा रहेको उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्दछ ।

१७८. **राजस्व बक्यौता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकम असुली गर्ने व्यवस्था छ । गजुरी गाउँपालिकाले रु.३ करोड ७६ लाख ७० हजार, भूम्लू गाउँपालिका काभ्रेले रु.२ करोड ८ लाख ४३ हजार, तेमाल गाउँपालिका काभ्रेले रु.१ करोड ९९ लाख २३ हजार, खाँडादेवी गाउँपालिका रामेछापले रु.९३ लाख ८४ हजार, बेनीघाट गाउँपालिकाले रु.६५ लाख १ हजार बक्यौता असुल गरेका छैनन् । उठ्न बाँकी रकम असुल गरिनुपर्दछ ।

१७९. **भुक्तानीमा कर** - कर्णाली प्रदेशका गाउँपालिका १९ का पदाधिकारीलाई २०७५।७६ मा भुक्तानी गरेको रकममा पारिश्रमिक कर कट्टा गरेको नदेखिएको पारिश्रमिक कर रु.२७ लाख ७२ हजार र ३४

गाउँपालिकाले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर र बहाल कर रु.३६ लाख ९० हजार कट्टी नगरेकोले उक्त कर असुल गर्नुपर्दछ । महोत्तरी गाउँपालिकाले रु ३३ लाख ५६ हजार र एकडारा गाउँपालिकाले भुक्तानीमा कट्टा गरेको अग्रिम कर रु ३४ लाख ७७ हजार राजस्व दाखिला नगरी गाउँपालिकाकै खातामा राखेको छ । गोकुलगंगा गाउँपालिका रामेछापले आपूर्तकहरुबाट कट्टी गरेको अग्रिम कर रु.८६ लाख ५८ हजार संघीय सञ्चित कोषमा दाखिला गरेका छैन ।

उपभोक्ता समितिले पेस गरेको बिल भरपाई विश्लेषण गर्दा निर्माण कार्यको लागि आवश्यक सामग्री बिक्री गर्ने आपूर्तकहरुको बिल भुक्तानी गर्दा मूल्य अभिबृद्धि करमा दर्ता नभएको तथा एउटै योजनामा लाखौंको सामान बिक्री गर्दा आपूर्तिकर्ताले बिल टुक्रयाई रु.२० हजारभन्दा कमको बिल पेस गरेको छ । कृषि कार्य प्रयोजनको लागि आयात भएको ट्र्याक्टरबाट ढुवानी गरेको ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा लगायतका निर्माण सामग्रीको बीजक जारी गरी सुस्ता गाउँपालिकाले रु.११ लाख ५६ हजार, प्रतापुर गाउँपालिकाले रु.७ लाख ३९ हजार, रुपन्देहीका रोहिणी गाउँपालिकाले रु.४ लाख ६७ हजार समेत रु ४३ लाख १३ हजार भाडा कर असुल हुनुपर्दछ ।

१८०. **दाखिला गर्नुपर्ने रकम -** अग्रिम कर कट्टी रकम  समय भित्रै सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्‍दछ । अग्रिम तथा बहाल कर बरियारपट्टी गाउपालिका सिरहाले रु.४५ लाख १४ हजार र तिलाठी कोइलाडी गाउपालिका, सप्तरीले रु.१६ लाख २ हजार सम्वन्धित खातामा दाखिला गरेका छैनन् ।

स्थानीय तहहरुले आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुल गरी दाखिला गर्नु पर्दछ । थाक्रे गाउँपालिका धादिङ्गले रु.१ करोड १५ लाख ११ हजार, भूम्लू गाउँपालिका काभ्रेले रु.१ करोड २० लाख ६ हजार, इन्द्रावती गाउँपालिकाले रु.८३ लाख ३ हजार, बेनीघाट गाउँपालिकाले रु.३९ लाख १३ हजार र दोलखाको तामाकोशी गाउँपालिकाले एक ठेक्कामा रु.३९ लाख र रामी सुनारी गाउपालिका बाँकि ले रु १ करोड २३ लाख २२ हजार असुल गरेको छैन । उक्त रकम असुल गरी सम्वन्धित खातामा दाखिला हुनू पर्दछ ।

१८१. **दर्ता नभएका फर्मसँग खरिद -** आन्तरिक राजस्व विभागको २०६५।७।१० को परिपत्रमा मूल्यअभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कर्णाली प्रदेशका गाउँपालिका १७ ले रु.१ करोड २० लाख ९५ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा कर बीजक नम्बर केरमेट गरेको, मिति उल्लेख नभएको कर बीजक जारी गरेको अवस्था देखिएको छ । जदाहा गाउँपालिका मोरगंले सो कानुनको पालना नगरी विभिन्न मितिमा १५७ पटक एक निर्माण सेवाबाट निर्माण सामग्री लगायतका सामानहरु रु.१ करोड ३ लाख ९२ हजारको खरिद गर्दा रु.११ लाख ९६ हजार मूल्य अभिवृद्धि कर सङ्कलन नभएको र हरिहरपुर गाउँपालिका सिन्धुलीले सडक निर्माणको लागि उपभोक्ता समितिले १३ निर्माण कम्पनीहरुको हेभी इक्विपमेण्ट प्रयोग गरेकोमा मूल्य अभिवृद्धि कर बिजक जारी नगरी साधारण बिल जारी गरेकोले सोबाट छुटेको मूल्य अभिवृद्धि कर रु.१५ लाख ९९ हजार असुल गर्नुपर्दछ ।

बडिकेदार गाउँपालिका, डोटीको एक निर्माण सेवाले १६ उपभोक्ता समितिसँग सम्झौता गरी गाउँपालिकाकै हेभी उपकरण प्रयोग गरी सडक निर्माण गरेबापत रु.१ करोड ३६ लाख ८४ हजार उपभोक्ता समितिबाट भुक्तानी लिएकोमा कर बीजक जारी नगरी सादा बिलबाट भुक्तानी लिएकोले रु.१५ लाख ७४ हजार मूल्य अभिवृद्धि कर असुल भएको छैन । अन्य ६ गाउँपालिकाका ९९ उपभोक्ता समितिले सडक निर्माणमा विभिन्न कम्पनीको एक्साभेटर/ डोजर प्रयोग गरे बापत मूल्य अभिवृद्धि कर बीजक नलिई भरपाईको आधारमा रकम बुझेकोले थप छानबिन गरी मूल्य अभिवृद्धि कर रु.६२ लाख

६६ हजार असुल गर्नुपर्दछ । यसरी मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने फर्मले दर्ता नभई भरपाईको आधारमा रकम बुझी लिएकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर असुल नभएको अवस्था देखिन्छ ।

१८२. **बढी मूल्य अभिवृद्धि कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माणको काम दिंदा लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । विभिन्न सडक निर्माण कार्य उपभोक्ता समिति मार्फत् काम गराउँदा माहाँकाल गाउँपालिका ललितपुरले १०५ उपभोक्ता समितिलाई रु.३४ लाख ४३ हजार र बाग्मती गाउँपालिका ललितपपुरले ८२ उपभोक्ता समितिलाई रु.६२ लाख ९४ हजार भुक्तानी दिन नमिल्ने मूल्य अभिबृद्धि कर भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

१८२.१. आर्थिक ऐन, २०७६ ले सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानी गर्दा मु.अ.कर रकमको ५० प्रतिशत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कर्णाली प्रदेशका गांउपालिका २७ ले ५० प्रतिशत मूल्य अभिवृद्धि कर रु.२ करोड ६५ लाख, ५ नम्वर प्रदेशका दाङ, नवलपरासी, रुपन्देही, अर्घाखाँची, कपिलवस्तु र गुल्मी जिल्लाका १६ गाउँपालिकाहरुले ५० प्रतिशतले हुने रु. १ करोड २४ लाख १९ हजार, इलाम र धनकुटाका ९ गाउपालिकाले रु.१ करोड ७ लाख ६५ हजार कट्टी गरी सम्बन्धित राजस्व खातामा दाखिला गरेको देखिएन । फर्मलाई भुक्तानी दिएको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ ।

१८३. **उपभोक्ता समितिबाट सीमाभन्दा बढीको काम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउन सकिने उल्लेख छ । नौगाड गाउँपालिका दार्चुलाले होपरी तपोवन कृषि सडक उपभोक्ता समितिलाई रु.१ करोड १० लाख ४१ हजारको लागत अनुमान तयार गरी रु.१ करोड ८ लाख १८ हजार भुक्तानी गरेको छ । वरेङ गाउँपालिका वागलुङले स्थानीय विकास पुर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत कुल रु १ करोड ४७ लाख ३० हजार लागत अनुमानको काम उपभोक्ता समितिबाट गरी रु.१ करोड २९ लाख २६ हजार भुक्तानी गरेको छ । पलाता र शुभकालिका गाउँपालिकाले रु.९ करोड ६३ लाख ९ हजारको ८ आयोजना र गुठीचौर गाउँपालिकाले रु.२ करोड ५७ लाख ९९ हजारको विद्यालय भवन निर्माण गर्ने कार्य उपभोक्ता समितिमार्फत् गराएको छ । नियमले तोकेको सिमा भन्दा बढीको कार्य उपभोक्ताबाट गराउन मिल्दैन ।

चम्पादेवी गाउँपालिका ओखलढुङ्गाले रु.१ करोड ३५ लाखको भाँगेदेखि दुम्से खोला घोराखोरीसम्मको सडक निर्माण कार्य टुक्रा बनाई दुई वटा उपभोक्ता समितिबाट गराएको, बारदशी गाउँपालिका, झापाले रु.२ करोड ५६ लाख लागतअनुमान भएका जटिल प्राविधिक पक्ष समावेश भएको २ मोटरेवल पुल निर्माण कार्य समेत उपभोक्ता समितिलाई दिएको देखिन्छ ।

१८४. **संस्थामार्फत् निर्माण कार्य** - बाफिकोट गाउंपालिकाले रु.३२ लाख ८७ हजारको र सानी भेरी गांउपालिकाले रु.१ करोड ३५ लाख ६१ हजारको बिभिन्न निर्माण कार्य सहकारी संस्थामार्फत् सिधै गराएको छ । सहकारी संस्थालाई सिधै काम दिने कानुनी व्यवस्था छैन ।

मोरङका ५ गाउपालिकाले यस वर्ष रु.२ करोड ५७ लाख ९८ हजार तालिम गोष्ठी जस्ता कार्य गैर सरकारी संस्था मार्फत् गराई खर्च गरेका छन । तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपक्षित प्रतिफल प्राप्त गर्न सकेको देखिएन । प्राविधिक क्षमता, प्रतिष्पर्धा र पारदर्शीताको कार्यविधि अपनाई खर्च गर्नुपर्दछ ।

१८५. **बैठक भत्ता -** प्रदेश ऐनमा व्यवस्था भएकोमा बाहेक अन्य सुविधा लिन मिल्ने देखिँदैन। गाउँपालिकाहरुले ऐन निमयले नतोकेको अवस्थामा समेत वडा, कार्यपालिका, सभा लगायतका बैठकको भत्ता खर्च लेखेको छ ।रुपन्देहीको समरीमाई गाउँपालिकाले रु.११ लाख ११ हजार, गुल्मीको कालीगण्डकी गाउँपालिकाले रु.७ लाख ५४ हजार, दाङ्गका १० गाउँपालिकाले रु.३२ लाख ३९ हजार, पाल्पाका ५ गाउँपालिकाले रु.१३ लाख ५७ हजार, नवलपरासीका ४ गाउँपालिकाले रु.२७ लाख ६४ हजार वैठक भत्ता लगायत सञ्चार, यातायात, चाडपर्व खर्च, इन्धन, पोषाक सुविधा आदीमा खर्च लेखेको देखियो ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत ४ जिल्लाका १९ गाउंपालिकाले पदाधिकारीको बैठक भत्ता, दशै खर्च, स्वकीय सचिवको खर्च, उपचार खर्च लगायत रु.४ करोड १ लाख ५६ हजार खर्च गरेको, कर्णाली प्रदेशका ३३ गाउँपालिकाले मासिक वडा वैठक भत्ता रु.५ करोड ७ लाख ३४ हजार, इलाम र धनकुटाका ८ गाउपालिकाले रु.९३ लाख ५७ हजार र मोरङका ४ गाउपालिकाले रु.२२ लाख ५५ हजार ऐनमा व्यवस्था भएको भन्दा बढी बैठक भत्ता खर्च लेखेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा भुक्तानी गर्नु नियमसम्मत देखिएन ।

१८६. **पदाधिकारी थप सुविधा -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनहरुमा निर्धारण गरेको बाहेक अन्य सुविधा भुक्तानी गर्न मिल्दैन ।

१८६.१.गुल्मीको कालीगण्डकी गाउँपालिकाले रु.७ लाख ६४ हजार, छिपहरमाई गाउँपालिका पर्साले चाडबाड तथा मेला खर्च बापत रु.६ लाख ३९ हजार, नवलपरासीका ४ गाउपालिकाले रु.२७ लाख ६४ हजार, सञ्चार, यातायात, चाडपर्व खर्च, इन्धन, पोशाक सुविधामा खर्च लेखेको छ । मोरङका २ गाउपालिकाले कानुनले नपाउने पारिश्रमिक रु.६० लाख २ हजार भुक्तानी दिएको छ ।

१८६.२.बर्जु गाउँपालिका सुनसरीले गाउँपालिकाका ३४ पदाधिकारीको सावधिक जीवन बीमा प्रिमियम रु.३४ लाख ९७ हजार र सोमा लागेको जरिवाना रु.२ लाख ७७ हजार, पोशाक बापत ३४ जना पदाधिकारीको लागि रु.५ लाख १० हजार, औषधि उपचार खर्च रु.४ लाख ७५ हजार समेत रु.४७ लाख ५९ हजार नपाउने सुविधा खर्च लेखेको छ । साथै ऐनले व्यवस्था गरेको अनुगमन तथा भ्रमण खर्च मासिक रुपमा भुक्तानी गरी सकेपछि ३४ पदाधिकारीहरुलाई थप मासिक रुपमा भ्रमण खर्च रु.१९ लाख ९१ हजार खर्च भुक्तानी दिएको पाइयो ।कानुनमा तोकिएको सुविधाभन्दा बढी भुक्तानी दिन मिल्ने देखिदैन ।

१८६.३.बर्दियाको वढैताल गाउँपालिका, दाङ्गको शान्तिनगर र वगलाचुली, पाल्पाको रिब्दीकोट गाउँपालिकाले प्रेस सल्लाहकार र कानुनी सल्लाहकार नियुक्ति गरी रु.१० लाख २५ हजार खर्च लेखेको देखियो । कर्णाली प्रदेशका गाउँपालिका ११ ले कानुनीआधार बेगर सल्लाहकार, स्वकीय सचिव र भान्से नियुक्ति गरी रु.२६ लाख ३ हजार पारिश्रमिक र चाडपर्ब खर्च भुक्तानी गरेका छन् ।

१८६.४.कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारी वा सदस्यलाई पोशाक भत्ता दिने व्यवस्था छैन । विभिन्न ११ गाउँपालिकाले रु.३३ लाख ८७ हजार ऐन विपरीत पोशाक भत्ता भुक्तानी दिएको छ । कास्कीको माछापूच्छ्रे गाउपालिकाले पदाधिकारीको बिमा बापत रु ५ लाख १ हजार खर्च गरेका छन् । यसैगरी मोरङका ५ स्थानीय तहले रु.२० लाख ६७ हजार पदाधिकारीलाई पोसाक भत्ता र फाकफोकथुम गाउँपालिका ओखलढुङ्गाले पोशाक तथा चाडपर्व खर्च रु.२३ लाख ६० हजार भुक्तानी गरेको कानुनसम्मत् देखिएन ।

१८६.५.कार्यालयमा सवारीसाधन भएको अवस्थामा सवारी चालक राखि तलब भत्ता रकम खर्च लेख्न मिल्नेमा बराहपोखरी गाउँपालिका, खोटाङ्गले सवारीसाधन नभएको अवस्थामा ३ जना सवारी चालक करारमा राखी वार्षिक रु.५ लाख ७६ हजार खर्च गरेको देखियो । यस सम्बन्धमा छलफल गर्दा अध्यक्ष एवं उपाध्यक्ष

तथा प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने मोटरसाइकल चलाउन सवारी चालक राखिएको कार्यालयको भनाई छ । मोटरसाइकल चलाउन सवारी चालक नियुक्ति गर्न मिल्दैन ।

१८७. **बजेट बक्तव्यको पारिश्रमिक -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने व्यवस्था गरेको छैन । जानकी गाउँपालिका कैलालीको २०७५।३।३२ को निर्णयले बजेट तयारी तथा बक्तव्य बापत गाउँपालिका उपाध्यक्षलाई रु.१ लाख उपलब्ध गराउने निर्णय गरेको छ ।यसैगरी बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरे बापत जुम्लाको पातारासी गाउँपालिकाकी उपाध्यक्षलाई रु.५० हजार, सिन्जा गाउँपालिकाको अध्यक्षलाई रु.२ लाख, तातोपानी गाउँपालिकाकी उपाध्यक्षलाई रु.९५ हजार र ,दैलेखको भैरबी, गुराँस र डुङ्गेश्वर गाउँपालिकाकी उपाध्यक्षलाई क्रमशः रु.१ लाख, ५० हजार र २५ हजार खर्च लेखेको देखियो । प्रदेशसभाले स्वीकृत गरेको ऐनमा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरे बापत पारिश्रमिक पाउने व्यवस्था गरेको नदेखिएकोले सो रकम असुल हुनुपर्दछ ।

१८८. **प्रोत्साहन सुविधा -** कर्मचारीहरुको सेवा सुविधाका सम्बन्धमा स्थानीय तहले सघीय कानुनसँग बाझिने गरी कर्मचारीहरुलाई १० देखि १०० प्रतिशतसम्म प्रोत्ःाहन भत्ता, इन्धन भत्ता, सञ्चार भत्ता, फिल्ड भत्ता, परिषद् भत्ता, खाना भत्ता, अतिरिक्त समय भत्ता, यातायात भत्तासमेत विभिन्न किसिमका भत्ता दिने तथा पदाधिकारीहरु स्वयमंले निर्णय गरी पोशाक भत्ता, सञ्चार भत्ता, इन्धन भत्ता आदि लिने गरेकोले स्थानीय तहको सेवा सुविधामा विविधता देखिएको छ । हिमाली जिल्लाका निजामती कर्मचारीलाई प्रत्येक वर्ष लुगा भत्ता रु.१५ हजारका दरले प्रदान हुदै आएकोमा चंखेली, ताजाकोट, पलाता, सोरु र मुगुमकार्मारोङ गाउँपालिकाले कर्मचारी र शिक्षकलाई २० हजारका दरले लुगा भत्ता प्रदान गरेकोले बढी भुक्तानी भएको रु.१६ लाख ४० हजार असुल गर्नुपर्दछ ।

१८९. **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च र अनुगमन खर्च गर्दा आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । उमाकुण्ड गाउँपालिका रामेछापले यो वर्ष आन्तरिक आय रु.१८ लाख ३२ हजार रहेकोमा ५० जना जनप्रतिनिधि र कर्मचारीले ११ दिन अवलोकन भ्रमण खर्च रु.२७ लाख, ज्वालामूखी गाउँपालिका धादिङ्गले रु.१२ लाख खर्च लेखेको छ । सूर्यगढी गाउँपालिका नुवाकोटले पदाधिकारीहरु विभिन्न मितिमा योजना अनुगममा गएको भनी कन्टिजेन्सी रकमबाट एकमुष्ट रु.१५ लाख २४ हजार अनुगमन खर्च भनी भुक्तानी लिएको देखिन्छ ।

मोरङका ३ गाउँपालिकाले ऐनमा व्यवस्था नभएको अवस्थामा विभिन्न पदाधिकारीलाई रु.२९ लाख ४४ हजार तथा कर्मचारीलाई रु.२४ लाख ९२ हजारसमेत जम्मा रु.५४ लाख ३७ हजार योजना अनुगमन भत्ता भुक्तानी गरेको पाइयो । डोटिका ७ गाउँपालिकाका पदाधिकारीहरुलाई रु.९३ लाख २१ हजार भ्रमण खर्च लेखेको सम्बन्धमा खर्चको उपलब्धि मूल्याङ्कन गर्न सकिएन ।

१९०. **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नहुने र आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बूंदा ३.४ मा स्थानीय तहले संघको अनुदानबाट प्राप्त रकम कुनैपनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । यो वर्ष कर्णाली २४ प्रदेशका गाउँपालिकाले आर्थिक सहायता तथा राहत र विपद् व्यवस्थापन बापत रु.२ करोड ८९ लाख ४७ हजार खर्च लेखेको छ । ताप्लेजुङ्गको फःालेलुङ्ग गाउपालिकाले रु.१९ लाख ६१ हजार विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता वितरण गरेको पाइयो । स्थानीय तहले आवश्यकता पहिचान गरी

नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमूखी कार्यमा खर्च गरेको ऐन तथा निर्देशीका विपरीत देखिन्छ ।

१९१. **अनुदानबाट शिक्षक तलब** - कर्णाली प्रदेशका १९ गाउँपालिकाले रु.१५ करोड ५ लाख ५६ हजार, बाग्लुङ्गको निशिखोला गाउँपालिकाले रु.१ करोड ३० लाख ६९ हजार, तमानखोला गाउँपालिकाले रु.९२ लाख ७९ हजार वित्तीय समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताको लागि निकासा गरेका छन् । स्थानीय निकायहरुले मातहतका विद्यालयहरुमा सःशर्त अनुदानको बजेटबाट शिक्षकको तलब भता निकासा गरेकोमा पुनः दाङ्गका ७, रुपन्देहीका ६, पाल्पाका २, अर्घाखाँचीका २, नवलपरासीका ३ गाउपालिकाले विभिन्न विद्यालयहरुमा निजि स्रोतका शिक्षकहरु नियुक्ति गरी वित्तीय समानीकरण अनुदान शीर्षकबाट रु.१३ करोड ९२ लाख ९३ हजार खर्च लेखेका छन् । राक्सिराग गाउँपालिका मकवानपुरले २१ विद्यालयलाई वित्तीय समानीकरणबाट शिक्षकको तलबमा रु.३६ लाख ८० हजार निकासा दिएको देखियो । विद्यालय सञ्चालनको लागि सःशर्त अनुदान रकम निकासा दिने व्यवस्था रहेकोमा वित्तीय समानीकरण अनुदानबाट निकासा दिएकोले उक्त रकम स्थानीय सञ्चितकोष फिर्ता हुनुपर्दछ ।

१९२. **खाता रोक्का** - विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणको लागि पहिलो किस्ता ३० प्रतिशत कार्तिक मसान्तसम्म, फिनिसिङ बाहेकको काम सम्पन्न गरेपश्चात् दोस्रो किस्ता ५० प्रतिशत र कार्यसम्पन्न पश्चात बाँकी २० प्रतिशत रकम निकासा दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिकामा उल्लेख छ । इन्द्रावती गाउँपालिकाले विद्यालयलाई एकमुष्ट रु.१ करोड ५० लाख निकासा दिई विद्यालयको खाता रोक्का राखेकोछ । किस्पाङ गाउँपालिका, नुवाकोटले एक विद्यालयलाई प्रथम किस्ता रु.३९ लाख २० हजार पेस्की उपलब्ध गराएकोमा २०७६।३।३० मा प्रथम किस्ता पेस्की फछ्यौट गरी पुनः पेस्की दिएको रु.६९ लाख ४१ हजार समेत रु.१ करोड ५० लाख निकासा दिई खाता रोक्का राख्न बैङ्कलाई पत्र लेखेकोमा २०७६।४।२३ मा रु.२८ लाख ८६ हजार फुकुवा गरी बाँकी बैङ्कमा रोक्का राखेको देखिन्छ । खर्च नभएको रकम संघीय सञ्चितकोष फिर्ता गर्नुपर्दछ ।

१९३. **बढी निकासा** - शिक्षक एवं विद्यार्थि दरवन्दी अनुसार पाउने रकम मात्र निकासा दिनु पर्दछ ।डिलासैन गाउँपालिकाले अवकाश भए पश्चात् पनि तलब निकासा दिएकोले बढी निकासा भएको रु.५ लाख १ हजार, जदाहा गाउँपालिका ओखलढुङ्गाले बाल विकास शिक्षिका तथा कर्मचारीहरुलाई नियममा व्यवस्था नभएको पोशाक भत्ता रु.५ लाख १५ हजार र बारदशी गाउँपालिकाले रु.५ लाख २२ हजार निकासा गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

भोक्राहा नरसिंह गाउँपालिका सुनसरीले एक मदर्शालाई दोस्रो चौमासिक तलब भत्ता निकासा गर्दा रु.२ लाख ९१ हजार निकासा दिनुपर्नेमा रु.२९ लाख ९१ हजार निकासा दिएको देखिएकोले बढी निकासा दिएको रु.२७ लाख, जगरनाथपुर गाउँपालिका पर्साले बढी निकाशा गरेको रु २५ लाख ६ हजार, कर्णाली प्रदेशका १३ गाउँपलिकाले विद्यालयलाई दिनुपर्नेभन्दा बढी निकासा दिएको रु. ५२ लाख ३९ हजार, पिपरा गाउँपालिकाले ६ वटा विद्यालयहरुलाई रु.११ लाख ६३ हजार बढी निकासा गरेको देखियो । बढी निकासा दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१९४. **सामाजिक सुरक्षा कार्यक्रम** - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको मूल अभिलेख र भरपाई परीक्षण गर्दा लगतमा नाम नभएको, मूल लगतमा संख्या नभिडेको, ५ वर्ष उमेर पुगिसकेका दलित बालबालिकाको नाममा भत्ता वितरण भएको, दोहोरो भुक्तानी भएको र सामाजिक सुरक्षा कार्यक्रममार्फत् लगत नभएका, मृत्यु भइसकेकासमेतलाई कर्णाली प्रदेशका गाउँपालिका १९ ले रु.७० लाख ७१ हजार बढी भुक्तानी

गरेका छन् । यसैगरी भुम्लु गाउँपालिका काभ्रेले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा ४१ लाभग्राहीलाई दोहोरो खर्च लखेको रु.५ लाख २८ हजार र वाग्मती गाउँपालिका मकवानपुरले दोहोरो खर्च लखेको रु.६ लाख २८ हजार असुल गर्नुपर्दछ ।

भत्ता वितरण गर्दा बैङ्क मार्फत् गर्नुपर्नेमा गण्डकी गाउँपालिका गोर्खाले जनप्रतिनिधिलाई रु.१ करोड ४० लाख ४५ हजार पेस्की दिएकोमा भत्ता वितरण गरी पेश्की फछ्र्यौट गरेको छैन । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीको नाम थर केन्द्रिय सूचना प्रणालीमा सामावेश गरी खर्च लेख्नुपर्नेमा म्यागङ गाउँपालिका, नुवाकोटले ३५७ लाभग्राहीको नाम हातले थपगरी प्रथम किस्ता बापतको रु.२२ लाख ६ हजार वितरण गरेको सम्बन्धमा छानिबन गरी यकिन गर्नुपर्दछ ।

१९५. **गाडी भाडा** - अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बूँदा नं. १० ले पानी, बिजुली, सञ्चार महशुल, इन्धन, भाडा लगायतका सरकारी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख गरेको छ । गलजोर गाउँपालिका सिन्धुलीले एक स्करपियो जीप मासिक रु.१ लाख ४४ हजारका दरले वर्षभरि भाडामा लिई रु.१७ लाख २८ हजार खर्च लेखेको र विभिन्न योजना अनुगमनको लागि गाडी भाडामा लिई रु.१० लाख ९३ हजार समेत जम्मा रु.२८ लाख २१ हजार खर्च लेखेकामा अनुगमन गरिएका योजनाहरुको नाम समेत खुलाएको छैन । सवारीसाधन खरिद गर्न पुग्न रकम भाडामा खर्च लेखेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

पञ्चकन्या गाउँपालिकाले १० महिनाको भाडा १४ लाख, सूर्यगढी गाउपालिका बेलकोटगढी गाउँपालिका र तारकेश्वर गाउँपालिका नुवाकोटले प्रतिमहिना रु.१ लाख ५० हजारका दरले वार्षिक रु.१८ लाखका दरले रु.५४ लाख खर्च गरी एक-एक गोटा सवारीसाधन भाडामा लिई खर्च लेखेका छन् । सवारीसाधन खरिद गर्न पुग्ने रकम भाडामा लिई खर्च गरेको मितव्ययी देखिएन ।

१९६. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।बाजुरा जिल्लाका हिमाली, जगन्नाथ र स्वामी कार्तिक खापर गाउँपालिकाले ग्याबियन, मेसिनरी वाल, सिचाई कुलो आदिको निर्माणमा नर्म्समा उल्लेख भएको भन्दा बढी दरले ३० उपभोक्ता समितिलाई रु. ३८ लाख ५३ हजार भुक्तानी दिएको र कर्णाली प्रदेशका १२ गाउँपालिकाले विभिन्न योजनामा रु.८५ लाख ९० हजार स्वीकृत दररेटभन्दा बढी भुक्तानी गरेका छन् । पाँच पोखरी थाङपाल गाउँपालिका सिन्धुपाल्चोकले सडक निर्माण कार्यको एक निर्माण व्यवसायीलाई प्रथम रनिङ बिलको भुक्तानी दिँदा नापी कितावमा जम्मा ३५० घनमिटर ग्याबियन बक्स भरेको उल्लेख भएकोमा ६३० घनमिटरको भुक्तानी गरेकोले बढी भुक्तानी रु.११ लाख ७ हजार असुल गर्नुपर्दछ । साथै आयोजना संचालनमा स्वीकृत जिल्ला दररेट तथा नर्म्स अनुसार भुक्तानी गर्नुपर्दछ ।

तेमाल गाउपालिका काभ्रेले माटो काट्ने कामको दररेट निर्धारण समितिले तोकेको दरभन्दा बढी दरमा लागत अनुमान तयार गरी २३ उपभोक्ता समितिलाई सोही दररेटअनुसार भुक्तानी गरेकोले रु.२५ लाख ८२ हजार र जनकनन्दिनी गाउँपालिकाले कार्यपालिकाको निर्णयबाट छुट्टै दर विश्लेषण गरी पिसिसी, फर्मवर्क तथा इट्टाको कार्यमा नर्मस भन्दा बढी दरले लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत् कार्य गराउदाँ रु.१ करोड ३३ लाख ४९ हजार बढी भुक्तानी दिएको छ । बढी भुक्तानी दिएको उक्त रकम असुल हुनू पर्दछ ।

१९७. **दोहोरो भुक्तानी** -गढी गाउँपालिका सुनसरीले इनरुवा दक्षिणकाली सडकमा कालोपत्रे गर्न एक निर्माण सेवासँग रु.५७ लाख ३६ हजारमा सम्झौता गरेको छ । प्रथम बीलबाट २०७६।२।१७ मा रु.१६

लाख ३ हजार भुक्तानी भएकोमा २०७६।३।१७ मा पुनः प्रथम बिल भनी अघिल्लो भुक्तानी समेत समावेश गरी रु.३१ लाख भुक्तानी गरेकोले दोहोरो भुक्तानी दिएको रु.१६ लाख ३ हजार असुल गर्नु पर्दछ ।

१९८. **दररेट फरक पारी बढी भुक्तानी -** कन्चनपुर जिल्लाका वेलडाडी र लालझाडी दुई गाउँपालिकाले ५१ उपभोक्तालाई सडक निर्माणको रकम भुक्तानी गर्दा उपभोक्ता समितिले पेस गरेको बिलमा उल्लिखित ग्राभेल खरिद परिमाण अनुसार भुक्तानी दिनुपर्नेमा बढी परिमाण नापजाँच गरी भुक्तानी दिएको कारण रु. १ करोड ९० हजार बढी भुक्तानी भएको छ । खनियाबास गाउँपालिका धादिङ्गले एक सडकको अन्तिम बिल रु.३३ लाख ५९ हजार भुक्तानी गर्दा नापी विवरणअनुसार माटो कटिङ्ग ३ हजार ५६२ घनमिटरमध्ये कडा चट्टान १ हजार ९५ घनमिटर, मध्यम चट्टान २९६ घनमिटर र मिक्स माटो २ हजार १७० घनमिटर उल्लेख गरेको छ । सोअनुसार नापी किताबमा कडा चट्टान १ हजार ९५ घनमिटरको सट्टा ३ हजार ५६२ घनमिटर उल्लेख गरी बढी भुक्तानी दिएको रु.२० लाख ३५ हजार असुल गर्नुपर्दछ । यसैगरी सम्सी गाउँपालिका महोतरीले डोलिडारको नर्म्स र जिल्ला दररेटलाई आधार बनाई लागत अनुमान तयार गर्नुपर्नेमा बढी दर रेट राखी रु १६ लाख ४७ हजार भुक्तानी गरको रकम असुल गर्नुपर्दछ ।

१९९. **आनुपातिक कट्टी -** कपिलवस्तु, रुपन्देही, नवलपरासी, गुल्मी र दाङ जिल्लाका १० गाउपालिकाले सम्झौताअनुसार उपभोक्ता समितिको अंश कट्टी नगरी उपभोक्ता समितिलाई रु.४६ लाख १९ हजार बढी भुक्तानी दिएको र डोटीका ५ गाउँपालिकाले ८८ उपभोक्ता समितिलाई सम्झौताअनुसार २० प्रतिशत रकम कट्टी गरी भुक्तानी दिनुपर्नेमा कट्टा नगरी बढी भुक्तानी भएको रु.१ करोड ६५ लाख ९ हजार असुल उपर गर्नुपर्दछ ।

२००. **कृषि तथा पशु सेवामा अनुदान -** सुनकोशी गाउपालिका, सिन्धुलीले निजी तथा नाफामूलक निजी कम्पनीलाई पानी प्रसोधन मेसिन खरिदमा रु.२४ लाख ८८ हजार तथा सेलर मिल सञ्चालनका लागि एक सहकारी संस्थालाई रु.२५ लाख अनुदान दिएको छ ।बिरुवा गाउँपालिका स्याङ्जाले यो वर्ष पशुपालन तथा नमूना कृषिका १५ कार्यक्रममा रु.७९ लाख ५८ हजार र तामाकोशी गाउँपालिका दोलखाले गाई, भैसी, बाख्रा तथा बंगुर पालन कार्यक्रममा रु.४६ लाख ८० हजार अनुदान उपलब्ध गराएकोमा सम्बन्धित किसानले अधिकतम प्रतिफल प्राप्त गर्ने गरी उपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरेको छैन । रकम उपलब्ध गराउने नीति, मापदण्ड, कार्यविधि र लाभग्राही छनौटको आधार नखुलाई रकम उपलब्ध गराएको उचित देखिएन । अनुदान रकम सदुपयोग भएको सुनिश्चित हुनुपर्दछ ।

२०१. **पुँजीगतबाट चालु प्रकृतिका खर्च -** पञ्चेश्वर गाउँपालिकाले पुँजीगततर्फ विनियोजित रु.५० लाखलाई चालु खर्चतर्फ बाँडफाँड गरी रु.३३ लाख ७४ हजार जग्गा भाडा, कर्मचारी व्यवस्थापन, ढुवानी, कार्य सञ्चालन, अनुगमन तथा विविधमा बजेट शीर्षकमा खर्च गरेको छ । कर्णाली प्रदेशका गाउँपालिका ११ ले रु.३ करोड १३ लाख ३८ हजार पुँजीगत बजेटमा विनियोजन गरी चालु प्रकृतिको वितरणमूखी कार्यक्रममा खर्च लेखेको छ ।

खानीखोला गाउँपालिका काभ्रेले यो वर्ष पुँजीगत शीर्षकमा विनियोजन भएको बजेटबाट मसलन्द, दैनिक भ्रमण भत्ता, इन्धन शिक्षकको तलब लगायतमा रु.१ करोड ६ लाख ८ हजार खर्च गरेको छ । सभाले बजेट स्वीकृत गर्दा चालु प्रकृतिका खर्चहरु समेत पुँजीगत बजेट शीर्षकमा समावेश गरी बजेट स्वीकृत गरेको कार्य बजेटको सिद्धान्त, खर्च रकमको बर्गीकरण र व्याख्या विपरीत देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२०२. **अनुत्पादक एवं वितरणमूखी खर्च -** बिगु गाउँपालिका दोलखाले रु.२९ लाख २ हजार, कालिङ्गचोक गाउँपालिका दोलखाले रु.२२ लाख ६ हजार, वेथानचोक गाउँपालिका काभ्रेले रु.१५ लाख ६४ हजार, खानीखोला गाउँपालिका काभ्रेले रु.२३ लाख १७ हजार, बकैया गाउँपालिका मकवानपुरले रु.३७ लाख ९४ हजार, कैलाश गाउँपालिका मकवानपुरले रु.२२ लाख ३० हजार खेलकुद तथा क्लबहरुलाई सहयोग, ट्रयाकसुट वितरण, सम्मान आदि जस्ता वितरणमूखी प्रकृतिका कार्यमा खर्च गरेको देखियो । डोल्पाको जगदुल्ला गाउँपालिकाले वेरोजगारको सूची तयार नगरी किराना पसल, फेन्सी स्टोर्स, होटल, लज तथा रेष्टुरेन्ट सञ्चालनलगायतका ५८ व्यवसायी छनौट गरी रु.९९ हजार ६६२ का दरले रु.५७ लाख ८० हजार अनुदान दिएको छ । ती समूह एवं व्यवसायीको अनुगमन प्रतिवेदन पेस नभएकोले तोकिएको प्रयोजनमा रकम खर्च भएको सुनिश्चित हुन सकेन ।

नवलपारासीको पाल्हीनन्दन गाउँपालिकाले रु.७३ लाख १० हजार, प्रतापपुर गाउँपालिकाले रु.४७ लाख ९२ हजार, सुस्ता गाउँपालिकाले रु.४३ लाख १२ हजार, रुपन्देहीको रोहीणी गाउँपालिकाले रु.६२ लाख ९८ हजार, अर्घाखाँचीको मालारानी गाउँपालिकाले रु.२६ लाख ७० हजार, रुपन्देहीको समरीमाई गाउँपालिकाले रु. ४३ लाख २५ हजारको सामग्री खरिद गरी वितरण गरेको देखिन्छ । सम्सी गाउँपालिकाले पदाधिकारी, कर्मचारी र विद्यार्थीलाई वितरण गर्न यस वर्ष ४०६ ब्याग खरिद गरी रु ९ लाख १७ हजार खर्च गरेको देखियो । गाउँपालिकाको पूर्वाधार विकासको लागि खर्च गर्नुपर्ने बजेटबाट विवरणमुखी  कार्यमा खर्च गरेको औचित्यपूर्ण देखिँदैन । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२०३. **विकास स्वयंसेवा कार्यक्रम -** महाशिला गाउँपालिका पर्वतले विकास स्वयंसेवा कार्यक्रमको लागि रु.२ करोड ५० लाख विनियोजन गरी रु.२३ लाख ४२ हजार अन्तरक्रिया तथा तालिम, रु.९० लाख ८० हजार स्वयंसेवकको पारिश्रमिक समेत रु.१ करोड ३४ लाख २८ हजार खर्च गरेको छ । सडक मर्मत कार्यकर्ता, गाउँ रक्षक लगायतका स्वयसेबक कर्मचारी राखेको उल्लेख गरेपनि स्वयंसेवकले सम्पादन गरेको कार्यको अभिलेख राखेको छैन । रोजगारमूलक दीर्घकालीन लाभ प्राप्त गर्ने क्षेत्र तथा योजना छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा अल्पकालीन रोजगारको कार्यक्रम सञ्चालन गरेको छ । यस्ता कार्यक्रम सञ्चालन गरी ठुलो रकम खर्च गर्नु उचित देखिएन ।

२०४. **चलचित्र -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले वीस लाखभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । जोरायल गाउँपालिका डोटीले गाउँपालिकामा छायाँकन गरेको व्यवसायिक चलचित्र "साङ्लो" निर्माण गर्ने एक फिल्म निर्मातालाई खाना तथा यातायात सहयोग भनी रु.१० लाख दिने निर्णय गरेको छ । उक्त निर्माणले  रकम भुक्तानीको माग गरेकोमा कार्यालयको लेखा र कार्यालय प्रमुखले भुक्तानी दिन नमिल्ने राय दिएकोमा गाउँपालिका अध्यक्षका निर्णयबाट भुक्तानी दिएको छ । व्यवसायिक प्रयोजनको लागि फिल्म निर्माण गर्ने कम्पनीलाई भुक्तानी दिएको नियमित देखिएन ।

२०५. **एफ.एम.सञ्चालन -** कालिकोटको शुभकालिका गाउँपालिकाले शुभकालिका एफ.एम. सञ्चालनको स्पष्ट कार्यविधि तयार नगरी रु.१९ लाख ७९ हजारको सामग्री सोझै खरिद गरेको छ । मुडकेचुला गाउँपालिकाले एफ.एम सञ्चालनका लागि रु.१९ लाख ३९ हजारको लागतअनुमान तयार गरी सिलबन्दी रु.१९ लाख ३० हजार खर्च गरेकोमा उक्त एफ.एम एक दिनमात्र सञ्चालन भई हाल बन्द भएकाले सो खर्चको उपादेयता देखिएन । गाउँपालिकाले एफ.एम. सञ्चालनको दीर्घकालीन रणनीति एवं व्यवसायिक कार्ययोजना तयार गर्नुपर्दछ ।

२०६. **कार्यक्षेत्र बाहिरको खर्च -** कार्यालयबाट स्वीकृत योजना तथा कार्यक्रम अनुसार खर्चको भुक्तानी गर्नुपर्दछ ।

२०६.१.मनाङ्ग निस्याङ्ग गाउँपालिका, मनाङ्गले यो वर्ष २ प्रहरी चौकी निर्माण गरी रु.५ लाख ४७ हजार र चामे गाउँपालिकाले २ प्रहरी चौकी मर्मतमा रु.८ लाख ४० हजार भुक्तानी गरेको छ । अन्य कार्यालयको खर्च भुक्तानी गरेको उपयुक्त देखिएन ।

२०६.२.तिनपाटन गाउँपालिका सिन्धुलीले लाम्पनटार क्याम्पसको लागि स्वीकृत पुस्तकालय भवनको कूल लागत अनुमान रु.३१ लाख २७ हजारमध्ये प्रदेश सामाजिक विकास मन्त्रालयले रु.२० लाख र बाँकी गाउँपालिकाले व्यहोर्ने उल्लेख छ । प्रदेश सरकारले व्यहोर्ने उल्लेख भएको रु.२० लाखसमेत गाउँपालिकाले खर्च गरेकाेले उक्त रकम प्रदेश मन्त्रालयबाट शोधभर्ना प्राप्त गर्नुपर्दछ ।

२०६.३.तमानखोला गाउँपालिका बाग्लुङले वडिगाड महोत्सवमा रु.१ लाख, गल्कोट महोत्सवमा रु.१ लाख तथा उत्तरगंगा क्याम्पस वुर्तिवाङलाई रु.११ लाख समेत रु.१३ लाख भुक्तानी दिएको देखियो । रसुवाको गोसाइ कूण्ड गाउपालिकाले काठमाडौंमा दर्ता रहेको एक गैरसरकारी संस्थाको जग्गाको पूर्बाधार निर्माणको लागि रु १० लाख अनुदान दिएकोछ । कार्यक्षेत्रभन्दा वाहिरको कार्यक्रमको लागि रकम खर्च गर्नु नियमित देखिएन ।

२०६.४.जिल्ला समन्वय समितिको कार्यालयले स्थानीय यातायात पूर्वाधार कार्यक्रम अन्तर्गतको एक ठेक्काको अन्तिम रनिङ बिलका रु.११ लाख ४६ हजार भुक्तानी दिन आलीताल गाउँपालिका डडेलधुरालाई र अर्को एक ठेक्काको दोस्रो रनिङ बिलको रु.१२ लाख १ हजार भुक्तानी दिन गन्यापधुरा गाउँपालिका डडेलधुरालाई सिफारिस गरे अनुसार भुक्तानी गरेको देखियो । अधुरा योजनाहरु विधिवत रुपमा स्थानीय तहलाई हस्तान्तरण समेत नगरेको अवस्थामा भुक्तानी दिन बाँकी दायित्वको भुक्तानी स्थानीय तहबाट गर्नु अनियमित देखिन्छ ।

२०७. **विद्युतीकरण खर्च -** विद्युतीकरण कार्यमा अर्घाखाँचीको २ गाउँपालिकाले रु.१ करोड ३१ लाख ९२ हजार, रोल्पाको त्रिबेणी गाउँपालिका कार्यालयले रु.२ करोड ६५ लाख ८८ हजार, नवलपरासीको ३ गाउँपालिकाले रु. ६६ लाख ६९ हजार, गुम्मीका ३ गाउँपालिकाले रु.६४ लाख ३४ हजार सहित रु.५ करोड २८ लाख ८३ हजार खर्च गरेको छ । नेपाल विद्युत प्राधिकरणको कार्यक्षेत्रभित्र लगानी गरेकोमा उक्त लगानीबाट नागरिकले थप सेवा सुविधा प्राप्त गरेको देखिएन भने कार्यालयले रोयल्टी समेत प्राप्त गर्ने गरेको छैन । गण्डकी गाउँपालिका गोर्खाले संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरणको अनुदान रकमबाट रु.२ करोड ४७ लाख ३५ हजार विद्युत सम्बन्धी काममा खर्च गरेको छ । नेपाल विद्युत प्राधिकरण नेपाल सरकारको स्वामीत्वमा रहेको संस्था भएको र विद्युत उपभोग गरे बापत नागरिकले विद्युत प्राधिकरणलाई महसुल भुक्तानी गर्नेे भएकोले यो कार्य विद्युत प्राधिकरणबाटै हुनुपर्नेमा स्थानीय विकास निर्माणको लागि प्राप्त रकमबाट खर्च गरेको औचित्यपूर्ण देखिएन ।

मेरिङदेन गाउँपालिका ताप्लेजुङले विद्युतीकरणको लागि ४ सहकारी गठन गरी उपभोक्ताले व्यहोर्नुपर्ने रु.१ करोड ४२ लाख ३९ हजार गाउँपालिकाले सहकारी संस्थामा जम्मा गरेको देखियो । ती सहकारी संस्थासँग बिद्युतीकरणको लागि गाउँपालिकाले गरेको सम्झौतामा गाउँपालिकालाई प्राप्त हुने आम्दानीको सम्बन्धमा उल्लेख गरेको देखिएन । बित्तीय समानीकरण अनुदानबाट नाफामूलक सहकारी संस्थामा लगानी गरेको उपयुक्त देखिएन ।

२०८. **परामर्श सेवा -** कार्यालयमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको गराई परामर्श सेवा प्राप्त गर्नुपर्दछ । नवलपरासीका ३, रुपन्देहीका ३, दाङको १ गाउपालिकाले रु.२ करोड ४१ लाख ९२ हजारको परामर्श सेवाको काम सिधै गराएको देखिन्छ । सफ्टवेयर, ड्रइङ्ग डिजाइन, तालिम लगायत परामर्श सेवा खरिद भुक्तानी दिएकोमा सफ्टवेयरहरु

कार्यालयको प्रयोगमा ल्याएको समेत देखिएन । यसैगरी इलाम र धनकुटाका ८ गाउपालिकाले विस्तृत आयोजना प्रतिवेदन, वातावरण मूल्याङ्कन, सम्भाव्यता अध्ययन, सफ्टवेयर तथा सुपरभिजन कार्य बाह्य परामर्शदाताबाट गराई रु.३ करोड ९ लाख ९८ हजार भुक्तानी गरेका छन् । हरिवन नगरपालिका सर्लाहीले कर्मचारीको कार्य विवरण बनाउने कार्य समेत एक कन्सल्टेन्सीबाट गराई रु.४ लाख ९७ हजार खर्च गरेको छ ।

२०८.१.मोरङका ४ गाउँपालिकाले विभिन्न योजनाहरुको विस्तृत सर्भेक्षण कार्य बाह्य परामर्शदाताबाट गराई परामर्श सेवामा रु.२ करोड ७४ लाख २ हजार खर्च गरेको छ ।

२०८.२.मनाङ्गको निसाग गाउँपालिकाले विभिन्न योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न ३ वटा परामर्श सेवा प्राप्त गरी रु.२४ लाख ९३ हजार भुक्तानी गरेको देखियो । कार्यालयमा पेस भएको आयोजना प्रतिवेदनअनुसार एक मुख्य भवन, १० वटा शाखा र अध्यक्षको आवास भवन लगायतका संरचना तयारगर्न रु.८२ करोड ३४ लाख ४० हजार लागत अनुमान रहेको छ ।

महाशीला गाउँपालिका पर्वतको आन्तरिक आय वार्षिक रु.३१ लाख रहेको छ । महाशीला पार्कको मुख्य संरचनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी परामर्शदातालाई रु.२ लाख ९५ हजार भुक्तानी दिएको छ । परामर्शदाताले रु.६९ करोड ४१ लाख ४८ हजारको लागत अनुमान पेस गरेको छ । उक्त निर्माण कार्यको स्रोत सुनिश्चित गरेको छैन ।

२०९. **खर्च पुष्ट्याइँ** - सरकारी खर्चमा कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्नुपर्ने र खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।

२०९.१.खप्तड छेडेदह गाउँपालिका बाजुराले उपभोक्ता समितिबाट एक वर्ष अगाडि सम्पन्न भएका योजनाको मर्मत सम्भार गर्न अर्को उपभोक्ता समितिसँग सम्झौता गरी रु.१ करोड ३१ लाख खर्च लेखेको, रु.१३ लाखको जग्गा खरिद गरेको, लागत लाभ विश्लेषण नगरी तथा शेयर स्वामित्व प्राप्त नगरी लघु जलविद्युतमा रु.२९ लाख खर्च लेखेको, बोलपत्रमा प्रतिस्पर्धा न्यून भई रु.८० लाख बढी व्ययभार पारेको, जन प्रतिनिधिलाई नियम विपरीत रु.३ लाख दशै खर्च भुक्तानी दिएको, पाठ्यपुस्तक अनुदानमा बिलभरपाई संलग्न नराखी रु.२३ लाख खर्च लेखेको छ । यस्ता अनियमित खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२०९.२.नवलपरासीको एक गाउँपालिकाले साढे पाँच तलाको मूख्य प्रशासनिक भवन निर्माण गर्न रु. १२ करोड ६३ लाखको लागत अनुमान सहित विस्तृत आयोजना प्रतिवेदन तयार गरेकोमा भवनको तला घटाई ४ तला मात्र निर्माण गर्न रु. ८ करोड ४५ लाखको लागत अनुमान स्वीकृत गरेको छ । बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसँग रु. ७ करोड ४९ लाख ८४ हजारमा सम्झौता गरेकोमा पुनः ५ तलाको भवन निर्माण गर्ने निर्णय गरी दोस्रो पटक भेरिएसन गरी सम्झौता रकम रु. ८ करोड ६१ लाख ७२ हजार कायम गरेको छ । यसरी भवनको तला संख्या सम्बन्धमा पटक पटक फरक निर्णय गरेको कारण भेरिएसन गर्नुपरेको देखियो । यसरी विस्तृत आयोजना प्रतिवेदन अनुसार बोलपत्र नगरी भेरिएसन मार्फत् काम थप गरेको उपयुक्त देखिएन ।

२०९.३.डोटी जिल्लाको ५ गाउँपालिकाका २१ उपभोक्ताले सडक निर्माणको रकम भुक्तानी गर्दा लगबुकमा डोजर र एक्साभेटर प्रयोग गरेको समय (घण्टा) अनुसार खपत हुने अधिकतम इन्धनको परीमाणभन्दा बढी परिमाण डिजेल खरिदको बिल बढी भुक्तानी दिएको रु.६६ लाख ८६ हजार असुल गर्नुपर्दछ ।

२१०. **मुक्त हलिया पुनरस्थापना कार्यक्रम** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ पत्रानुसार सशर्त अनुदानमा प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । अजयमेयरु गाउँपालिका डडेलधुराले मुक्त हलिया पुनरुस्थापना कार्यक्रम

प्राप्त गरेको रु.१ करोड २३ लाख निर्धारित कार्यक्रममा खर्च नगरी स्थानीय सञ्चितकोषमा सारेको, आलीताल गाउँपालिका डडेलधुराले मुक्त हलिया पुनर्स्थापना कार्यक्रम रु.६२ लाख २९ हजारमध्ये रु.२ लाख भुक्तानी गरी बाँकी रु.६० लाख २९ हजार स्थानीय सञ्चितकोषमा सारेको छ । कार्यक्रममा खर्च नभएको रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

२११. **लेखापरीक्षण रकम र बेरुजू -** गाउँपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छ :

(रु लाखमा)

| प्रदेश नं. | लेखापरीक्षण गरिएको गाउँपालिका | लेखापरीक्षण रकम | पेस्की समेत बेरुजू रकम | बेरुजूमध्ये पेस्की रकम | ले प को तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ८८ | ६१९४७० | २३१०८ | ३६०४ | ३.७३ | ३.१५ |
| २ | ५४ | ३०८४५५ | ३०८३६ | ५८४१ | १०.०१ | ८.१० |
| वाग्मती | ७३ | ५८०८५० | २२४४४ | २८३४ | ३.८६ | ३.३८ |
| गण्डकी | ५८ | ३८४६११ | १२०८८ | १५३७ | ३.१४ | २.७४ |
| ५ | ७३ | ५८४६५७ | २६२३९ | ४३४१ | ४.४९ | ३.७५ |
| कर्णाली | ५४ | ३२३१५८ | १७००३ | ३८९० | ५.२६ | ४.०६ |
| सुदूरपश्चिम | ५४ | ३६६४२१ | १८३५६ | २८८७ | ५.०१ | ४.२२ |
| **जम्मा** | **४५४** | **३१६७६२३** | **१५००७३** | **२४९३३** | **४.७४** | **३.९५** |

# परिच्छेद - ४

# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** - नेपालको संविधानको धारा २४१ मा संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी ४ हजार १०८ निकायमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । यो वर्षको लेखापरीक्षणबाट रु १ खर्ब ५२ अर्ब २७ करोड ९ लाख बेरुजू देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम २०७५।७६ को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएको ३५ दिनभित्र रु.१९ अर्ब २७ करोड ५० लाख फछ्र्यौट गरेकोले देहायबमोजिम रु.१ खर्ब ३२ अर्ब ९९ करोड ५९ लाख फछ्र्यौट हुन बाँकी रहेको छः

## लेखापरीक्षण प्रतिवेदन र बेरुजू स्थिति

(रकम रु. लाखमा)

| विवरण/इकाई | प्रारम्भिक प्रतिवेदन | | प्रतिक्रियाबाट फछ्र्यौट | | यस वर्षको फछ्र्यौट हुन बाँकी | |
|---|---|---|---|---|---|---|
| | दफा | रकम | दफा | रकम | दफा | रकम |
| संघीय सरकारी कार्यालयहरु | २०९९१ | ७९५५०६ | ७६७ | ८४८९९ | २०२२४ | ७१०६०७ |
| प्रदेश सरकारी कार्यालयहरु | १२०४३ | १२२६६५ | ४१९ | ४०६८१ | ११६२४ | ८१९८४ |
| स्थानीय तह | ६३९५२ | ४२६४५७ | २२६७ | ४५१७८ | ६१६८५ | ३८१२७९ |
| अन्य संस्था समिति (प्रदेशसमेत) | ९१४८ | १७८०८१ | १६७ | २१९९२ | ८९८१ | १५६०८९ |
| **जम्मा** | **१०६१३४** | **१५२२७०९** | **३६२०** | **१९२७५०** | **१०२५१४** | **१३२९९५९** |

त्यस्तै छनौट गरिएका ११ विषयमा कार्यमूलक लेखापरीक्षण, २ विषयमा वातावरणीय लेखापरीक्षण, दिगो विकास लक्ष्यको विशेष लेखापरीक्षण र ३ विषयमा सूचना प्रविधि लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन जारी गरिएको छ । संस्थान, समिति तथा अन्य संस्थातर्फ ६७० आय वर्षको लेखापरीक्षण गरी सञ्चालन नतिजासहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । स्थानीय तहतर्फ ७५३ मध्ये यो वर्ष ७४३ र बक्यौतातर्फ ४ स्थानीय तहको लेखापरीक्षण गरी उपलब्ध गराएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रिया/जवाफ/प्रमाणको आधारमा अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

२. **बेरुजूको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३८ को उपदफा (१) मा बेरुजूको लगत कार्यालयस्तरमा राख्नुपर्ने तथा उपदफा (२) मा बेरुजूको केन्द्रीय लगत केन्द्रीयस्तरका निकायले राख्नुपर्ने व्यवस्था छ । त्यस्तै उपदफा (४) मा फछ्र्यौट वा फरफारक भएको बेरुजूको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । बेरुजूको लगत तथा अभिलेख सम्बन्धमा ऐनमा भएको व्यवस्थाअनुसार केन्द्रीयस्तर र कार्य सञ्चालनस्तरमा सम्बन्धित निकायले अभिलेख अद्यावधिक नभएका कारण बेरुजू फछ्र्यौट तथा सम्परीक्षणको कार्य प्रभावकारी हुनसकेको छैन । ऐनबमोजिम सम्बन्धित निकायले बेरुजूको अद्यावधिक लगत राख्नुपर्ने देखिन्छ ।

३. **बेरुजू फछ्र्यौट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजूका सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी वा गराई वा असुल उपर गरी र लेखाउत्तरदायी अधिकृतले जाँचबुझ गराई बेरुजू फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यसरी बेरुजू फछ्र्यौट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गर्नुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजू फछ्र्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

**बेरुजू फछ्र्यौट तथा सम्परीक्षणको विवरण**

(रु. लाखमा)

| विवरण | विगतको बेरुजू | समायोजनबाट थप (घट) | फछ्र्यौट तथा सम्परीक्षण | विगतको खुद बाँकी | चालु वर्षको थप बेरुजू | अद्यावधिक बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|
| संघीय सरकारी कार्यालय | २८६००१३ | ० | ८३४८२९ | २०२५१८४ | ७१०६०७ | २७३५७९१ |
| संगठित संस्था, समिति, अन्य संस्था | ५५२८७७ | -३०० | ४३३१८ | ५०९२५९ | १५६०८९ | ६६५३४८ |
| प्रदेश तह | १९५१ | ० | ९ | १९४२ | ८१९८४ | ८३९२६ |
| स्थानीय तह | ३५९९२४ | -३५९ | ४२७३६ | ३१६८२९ | ३८१२७९ | ६९८१०८ |
| **जम्मा** | **३७७४७६५** | **-६५९** | **९२०८९२** | **२८५३२१४** | **१३२९९५९** | **४१८३१७३** |

३.१. महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन २०७५ सम्म बाँकी रहेको कूल बेरुजू रु ३ खर्ब ७७ अर्ब ४७ करोड ६५ लाखमध्ये रु.९२ अर्ब ८ करोड ९२ लाख (२४.४० प्रतिशत) फछ्र्यौट गरेको विवरण प्राप्त भएको छ । उक्त फछ्र्यौटमध्ये असुल भएको रु.३ अर्ब ६४ करोड ३३ लाख (३.९६ प्रतिशत), नियमित वा प्रमाण पेश भएको रु.५२ अर्ब ४९ करोड २३ लाख (५७.०० प्रतिशत) र पेस्की फछ्र्यौट रु.३५ अर्ब ९५ करोड ३६ लाख (३९.०४ प्रतिशत) रहेको छ ।

३.२. विगतदेखिको रु.३ खर्ब ७७ अर्ब ४७ करोड ६५ लाख बेरुजू कायम रहेकोमा चालु वर्ष रु.९२ अर्ब ८ करोड ९२ लाख समायोजन तथा फछ्र्यौट र सम्परीक्षण भई रु.२ खर्ब ८५ अर्ब ३२ करोड १४ लाख खुद बाँकी रहेकोमा चालु वर्ष रु.१ खर्ब ३२ अर्ब ९९ करोड ५९ लाख थप भई अद्यावधिक बाँकी रु.४ खर्ब १८ अर्ब ३१ करोड ७३ लाख कायम भएको छ । चालु वर्ष संघीय सरकारतर्फ फछ्र्यौट र सम्परीक्षण भएको भन्दा घटी बेरुजू थप भएको छ भने प्रदेश र स्थानीय तहमा फछ्र्यौटभन्दा थपिएको बेरुजू बढी छ ।

३.३. मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा २०५९।६० सम्मको बेरुजू लगत रहेकोमध्ये रु.८ करोड ५४ लाख फछ्र्यौट भएको जानकारी प्राप्त भएको छ ।

४. **वार्षिक प्रतिवेदनमा छलफल** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजूको सम्बन्धमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधिसभामा पेश गरेको सुझाव स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर छलफल हुने व्यवस्थाअनुरुप यो वर्ष सर्वोच्च अदालत, संघीय संसद सचिवालय, आयोग तथा १४ मन्त्रालयसँग सम्बन्धित विभिन्न वर्षका वार्षिक प्रतिवेदनमा समावेश भएको व्यहोरामा छलफल तथा निर्णय भएको छ ।

४.१. सार्वजनिक लेखा समितिमा वार्षिक प्रतिवेदनउपर छलफल गरी बेरुजू लगत कट्टा गर्न दिएको निर्देशन अनुसार अर्थ मन्त्रालयको रु.९ अर्ब ५४ करोड ३४ लाख, परराष्ट्र मन्त्रालयको रु.३१ करोड ३२ लाख, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रु.४४ करोडसमेत ८ निकायको रु. १० अर्ब ४७ करोड ५४ लाख बेरुजू फछ्र्यौटको सम्परीक्षण गरी लेखाउत्तरदायी अधिकृतलाई जानकारी पठाइएको छ ।

४.२. सार्वजनिक लेखा समितिको निर्देशनअनुसार संगठित संस्थाहरुले आगामी तीन महिनाभित्र लेखापरीक्षण गर्न गराउन र सोको प्रगति मासिकरुपमा समितिमा पेश गर्ने, बेरुजू फछ्र्यौटमा तदारुकतासाथ कार्ययोजना बनाई कार्य सम्पन्न गर्ने, समयमै सम्परीक्षण गराई फरफारक गर्ने र आर्थिक प्रशासन सञ्चालन गर्दा बेरुजू कायम नहुनेतर्फ ध्यान नदिई बेरुजू बढिरहेको र बेरुजू फछ्र्यौटमा समेत उदासिनता देखिएको अवस्थामा सम्बन्धित पदाधिकारी वा कर्मचारीको अभिलेख राखी सरुवा, पदस्थापना वा वृत्ति विकासका अवसर प्रदान गर्दा सोको आधार बनाउने, दण्ड र पुरस्कारको व्यवस्था गरी न्यूनीकरण तथा भएको बेरुजू फछ्र्यौट गर्ने गराउने निर्णय कार्यान्वयन भएको छ ।

४.३. सार्वजनिक लेखा समितिमा छलफल हुन बाँकी रहेका प्रतिवेदनहरुको समेत छलफल गरी निर्णय भएमा वित्तीय सुशासन कायम गर्न सघाउ पुग्ने देखिन्छ ।

४.४. प्रदेश सभा सञ्चालन नियमावलीअनुसार सातै प्रदेशमा सार्वजनिक लेखा समिति गठन भएको छ । नियमावलीअनुसार महालेखापरीक्षकबाट प्रदेश प्रमुखसमक्ष पेस भएको प्रदेशको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने र प्रदेश सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्थाअनुसार प्रदेश नं.१ को वार्षिक प्रतिवेदनउपर छलफल भएको छ । प्रदेश नं.२ र गण्डकी प्रदेशका सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको पदाधिकारीबीच प्रतिवेदनउपर छलफल गर्ने प्रक्रिया विधिमा छलफल भएको छ । प्रदेश सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर समयमा छलफल तथा निर्णय गरी सम्बन्धित निकायलाई निर्देशन दिनुपर्ने देखिएको छ ।

५. **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका प्रयास** - लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनबाट वित्तीय जवाफदेहिता अभिवृद्धि भई वित्तीय सुशासन कायम गर्न सघाउ पुग्दछ । प्रचलित कानुनअनुसार लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रालय, सचिवालय तथा केन्द्रीय निकाय एवं लेखाउत्तरदायी अधिकृत, जिम्मेवार पदाधिकारी एवं सम्बन्धित कार्यालयमा रहेको छ ।

५.१. वित्तीय सुशासन कायम गर्न संघीय संसदले लेखापरीक्षण ऐन, २०७५, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ पारित गरेको छ ।

५.२. महालेखापरीक्षकको कार्यालयको आयोजनामा २०७६ मंसिर र पौष महिनामा संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षणसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था तथा प्रतिवेदन प्रणालीलगायत वित्तीय अनुशासनका विविध पक्षमा महालेखापरीक्षकको उपस्थितिमा प्रदेश तहसम्म लेखापरीक्षण तथा बेरुजू फछ्र्यौट सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम भएको छ ।

५.३. वित्तीय अनुशासन, लेखापरीक्षण, बेरुजूलगायतका विषयमा संसदीय समितिहरुले अन्तरक्रिया, छलफल, गोष्ठी आदि कार्यक्रमको आयोजना गरेको, बेरुजू फछ्र्यौट मूल्याङ्कन तथा अनुगमन समितिले नियमितरुपमा बेरुजू फछ्र्यौटको अनुगमन गरेको छ ।

५.४. बेरुजू फछ्र्यौट तथा सम्परीक्षण प्रक्रिया सरलीकरण गर्ने सम्बन्धमा स्थलगतरुपमा बेरुजू सम्परीक्षण गर्न लेखापरीक्षण टोली प्रमुखलाई अधिकार प्रत्यायोजन गरिएको, सम्परीक्षणका लागि अनुरोध भएको १५ दिनभित्र प्रक्रिया टुंग्याउन निर्देशन दिएको र लेखापरीक्षणको क्रममा विगत वर्षको बेरुजू फछ्र्यौटको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

५.५. लेखापरीक्षण, प्रतिवेदन व्यवस्था, बेरुजू फछ्र्यौट र सम्परीक्षणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहको स्थलगत लेखापरीक्षण गर्ने, लेखापरीक्षणको सुरु र अन्त्यमा अनिवार्यरुपमा प्रवेश र बहिर्गमन बैठक आयोजना गर्ने, बेरुजू फछ्र्यौट र सम्परीक्षणलाई लेखापरीक्षणसँग आबद्ध गर्ने, लेखापरीक्षणसँग सम्बन्धित सूचना, विवरण र तथ्याङ्क आदान प्रदान गर्न सूचना सञ्चार व्यवस्था मिलाइएको छ ।

६. **स्थानीय तहको बेरुजू फछ्र्यौट व्यवस्था -** स्थानीय तहको बेरुजूसम्बन्धमा नीति, ऐन नियम तर्जुमा गर्ने, गराउने तथा बेरुजू नियमित एवं फछ्र्यौट गर्ने एउटै निकाय भएकोले बेरुजू फछ्र्यौटसम्बन्धमा स्वार्थ बाझिने अवस्थातर्फ विशेष ध्यान दिनुपर्दछ । यसको लागि लेखापरीक्षण ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनमा आवश्यक परिमार्जन गरिनुपर्ने देखिन्छ ।

७. **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन र अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० मा असुल गर्नुपर्ने तथा तिर्नु बुझाउनुपर्ने भनी औंल्याइएको बाहेक अन्य बेरुजूको हकमा लेखाउत्तरदायी अधिकृतले प्रमाणको आधारमा बेरुजू नियमित गरी फछ्र्यौट गर्नुपर्ने र सोबमोजिम फछ्र्यौट भएको बेरुजूको लगत कट्टा गर्न सात दिनभित्र महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्ने र कार्यालयले सोको लगत कट्टा गरी सात दिनभित्र लेखाउत्तरदायी अधिकृतलाई जानकारी दिनुपर्ने व्यवस्था छ । प्रचलित कानुनअनुसार बेरुजूको लगत सम्बन्धित निकायमा रहने र महालेखापरीक्षकको कार्यालयमा बेरुजू लगत नरहने तर कट्टा गरी जानकारी दिनुपर्ने व्यवस्था एकआपसमा सामञ्जस्यता नभएकोले यसमा परिमार्जन तथा सुधार हुनुपर्ने देखिन्छ ।

८. **प्रतिवेदन कार्यान्वयन सम्बन्धमा गर्नुपर्ने सुधार -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० (३) तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०० बमोजिम लेखाउत्तरदायी अधिकृतले बेरुजू नियमित गर्नसक्ने व्यवस्था छ । बेरुजू नियमित गर्दा सो सम्बन्धमा सुधार भए नभएको छानबिन गरी सरकारी हानि नोक्सानी नभएको यकिन गर्नुपर्ने र पटक पटक नियमित गरेको व्यहोरा पुनः दोहोरिएमा कारबाही गर्ने व्यवस्था हुनुपर्दछ । आर्थिक कार्यविधि ऐनअनुसार कारोबार गर्ने, प्रतिवेदन गर्ने व्यवस्थाको कार्यान्वयन गरी बेरुजू नै नआउने, बेरुजू देखिएको रकम ऐनको व्यवस्थाअनुसार ३५ दिनभित्र फछ्र्यौट गर्ने तथा १ वर्षभित्र असुलउपर, नियमित वा पेस्की फछ्र्यौट गरी गराई बेरुजू राफसाफ गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको सम्वद्ध निकायमा लेखापरीक्षणका सुझाव कार्यान्वयन, सार्वजनिक लेखा समितिमा भएका निर्णय तथा निर्देशन र बेरुजू फछ्र्यौट कार्यान्वयनको अनुगमनलाई थप प्रभावकारी बनाउन सकेमा वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद - ५

# भविष्यमा गर्नुपर्ने सुधार

वित्तीय जिम्मेवारी, जवाफदेहिता र पारदर्शिताका माध्यमबाट वित्तीय अनुशासन कायम भई समग्र वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । यसका लागि बजेट तर्जुमा, निकासा, खर्च प्रणाली, प्रतिवेदन, लेखापरीक्षण एवं अनुगमन र मूल्यांकन पक्षमा निरन्तर सुधारको आवस्यकता रहन्छ । संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा तथा लेखापरीक्षण, अन्तर्राष्ट्रिय असल अभ्यासको प्रयोग, सूचना प्रविधिको उपयोग, अभिलेख तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा भविष्यमा गर्नुपर्ने सुधारका विषयलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

१. **बजेट अनुशासन —**बजेट अनुशासन कायम गर्न बजेट निर्माण, कार्यान्वयन एवं नियन्त्रणसँग सम्बन्धित क्रियाकलापमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

१.१. बजेट तर्जुमा प्रक्रियामा पारदर्शिता प्रवर्द्धन गर्न सांसद, संसदीय समिति, सरोकारवालाबीच हुने पूर्व बजेट छलफल नतिजामूलक बनाउनुपर्दछ । बजेट तर्जुमा, मध्यावधि समीक्षा तथा बजेट कार्यान्वयन सम्बन्धी पृष्ठपोषणलाई अगामी बजेट तर्जुमा गर्दा उपयोग गर्नुपर्दछ ।

१.२. सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, ड्रइङ डिजाइन भइसकेका प्राथमिकता प्राप्त आयोजनालाई तोकिएको समयमा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्दछ ।

१.३. वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाको लागि सहायता प्राप्तिको सुनिश्चितता भएपछि मात्र बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१.४. दिगो विकास लक्ष्यका सूचकाङ्कका आधारमा बजेटको विश्लेषण गर्नुपर्दछ । दिगो विकास लक्ष्य अनुसारको संकेत राखी बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्दछ ।

१.५. मध्यमकालीन खर्च संरचनाको दृष्टिकोणबाट वार्षिक बजेट बनाई आवधिक योजना, बजेट र कार्यक्रमबीच तालमेल कायम गर्न आधारभूत खर्च एवं लाइन आईटमको लेखाजोखा, कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गरी बजेट तयार गर्ने व्यवस्था गरिनुपर्दछ।

१.६. राष्ट्रिय बजेट प्रणाली बाहिर रहने गरी विभिन्न कोष खडा गरी संसदीय निगरानी बेगर खर्च गर्ने कार्यलाई निरुत्साहित गरी बजेट प्रणालीबाट नै खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

१.७. बजेटमा समावेश नभएका सेवा र कार्यमा बजेट पारित भएपश्चात गैरबजेटरी रकम उपलव्ध गराउने तथा अबण्डामा बजेट राखी पछि बाँडफाँड गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । शीर्षक तोकेर सीमा नलाग्ने व्यवस्था राख्ने परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

२. **वैदेशिक सहायता —** अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६ अनुसार वैदेशिक सहायतालाई राष्ट्रिय बजेट र प्रतिवेदन प्रणालीभित्र ल्याउने तथा नतिजामा आधारित बनाउने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छ :

२.१. मागमा आधारित दृष्टिकोण र राष्ट्रिय प्राथमिकताका आधारमा विकास आयोजनाको संचालन र व्यवस्थापनमा ध्यान दिनुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि, भौतिक र मानवीय पूँजी निर्माण तथा दिगोपनालाई आधार बनाई मुलुकलाई क्रमशः आत्मनिर्भर बनाउन योगदान गर्ने राष्ट्रिय परियोजना बैंकमा समावेश आयोजनाहरूमा विदेशी सहायता लिनुपर्दछ।

२.२. सहायता व्यवस्थापन सूचना प्रणालीको पूर्ण उपयोग गर्दै गुणस्तरीय तथ्यांकको निर्माण र उपयोगमा ध्यान दिनुपर्दछ ।

२.३. विकास साझेदारबाट हुने सहायताको प्रतिबद्धता र कार्यान्वयन व्यवस्थाकाबीच ठूलो अन्तर देखिएकाले प्रतिबद्धता अनुसार विकास सहायता प्राप्त गर्न क्रियाशील हुनुपर्दछ ।

२.४. विकास साझेदारबाट परियोजना कार्यान्वयन, संचालन र व्यवस्थापनमा अनावश्यक शर्त राख्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । आयोजना र कार्यक्रममा आधारित सहयोगभन्दा बजेट सहयोगमा प्राप्त हुने वैदेशिक सहयोगमा जोड दिनुपर्दछ ।

२.५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत् परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी र जवाफदेही बनाउन प्रभावकारी अनुगमन संयन्त्रको विकास गरी सरकारी संरचना मार्फत परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.६. नेपालको विकास सहायता परिचालन क्षमता कमजोर भएका कारण विकास निर्माण तथा सेवा प्रवाह प्रभावकारी हुन नसकेकोले यसमा संलग्न पदाधिकारीको क्षमता विकास गरी स्रोत र साधनको अधिकतम् परिचालन गर्नुपर्दछ ।

२.७. वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने अनुदान गुमाउनु परेको विद्यमान अवस्थामा सुधार हुनुपर्दछ । प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिबेदन गर्ने गरी सोधभर्ना माग गर्ने उपयुक्त ब्यवस्था मिलाउनुपर्दछ ।

३. **राजस्व प्रशासनमा सुधार -** राजस्व असुली प्रत्येक वर्ष वृद्धि हुँदै गएको भए तापनि राजस्वको महत्वपूर्ण हिस्सा आयातबाट प्राप्त हुने राजस्वले ओगटेको छ । राजस्वका प्रमुख श्रोतहरु आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, अन्तशुल्क लगायत गैरकर राजस्व सम्वन्धमा गर्नुपर्ने सुधारहरु देहायवमोजिम रहेका छन् :

३.१. आयात वृद्धिबाट वैदेशिक मुद्रा बाहिरिने र व्यापार घाटा वृद्धि हुनेहुँदा राज्यले लिने आयात प्रतिस्थापनको नीतिसँगै आयातबाट प्राप्त राजस्वमा आउनसक्ने कमीबाट कुल राजस्वमा कमी हुन नदिन आन्तरिक राजस्वका क्षेत्रहरुमा बढी ध्यान दिनुपर्दछ ।

३.२. कुल गार्हस्थ्य उत्पादनको गणनामा नवीनतम व्यवसाय, सूचना प्रविधि, शैक्षिक परामर्शलगायतका क्षेत्र नसमेटिएकोले कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क यथार्थपरक हुन नसकेको स्थितिमा राजस्व प्रक्षेपण यथार्थ नरहने अवस्था देखिएको छ । तसर्थ कुल गार्हस्थ्य उत्पादन निर्धारणको आधार पुनरावलोकन हुनुपर्दछ ।

३.३. राजस्व प्रक्षेपण गर्दा विगतका राजस्व असुलीको आधारमा निश्चित बढोत्तरी गर्ने प्रक्रियामा सुधार गरी राजस्व प्रक्षेपणका आधारहरु वैज्ञानिक एवं वस्तुपरक बनाई यथार्थमा उठन सक्ने राजस्वको आङ्कलन गर्ने प्रणालीको विकास गरिनुपर्दछ ।

३.४. करदाता र कर प्रशासन दुवै पक्षमा इमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्न राजस्व चुहावट गर्ने र कर कानुनको पालना नगर्नेलाई कारवाही गर्ने कार्य प्रभावकारी हुनुपर्दछ । बिल बिजक जारी नगर्ने प्रबृत्तिलाई नियन्त्रण गर्न बजार अनुगमनमा क्रियाशीलता बढाई बीजक जारी नगर्नेलाई कारोबार स्थलमा नै विशेष जरिवाना गर्ने कार्य हुनुपर्दछ ।

३.५. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदानप्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्ने देखिएको छ ।

३.६. न्यून बीजकीकरण वा न्यून मूल्याङ्कन गर्ने विद्यमान अवस्थामा नियन्त्रण गर्न सबै नियमनकारी निकायबीच सूचना आदानप्रदान गरी प्राप्त सूचनालाई राजस्व रकम निर्धारण तथा अनुगमनमा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३.७. विशेष ऐन, नियम, आदेश वा ऋण अनुदान सहायता संझौता अन्तर्गत राजश्व छुट दिएकोमा तोकिएको शर्त अनुसार सदुपयोग भएको सुनिश्चित हुन प्रभावकारी अनुगमन गर्नुपर्दछ । यसरी छुट दिँदा राजस्वमा पर्न गएको प्रभाव सम्वन्धमा अध्ययन गरी पुनरावलोकन गर्नुपर्दछ ।

३.८. आर्थिक ऐनको द्रष्टब्य लगायतबाट दिएको राजस्व छुटबाट गुमेको राजस्वको रकमगत प्रतिवेदन वार्षिक बजेटसँगै संसदमा पेश गर्ने अन्तर्राष्ट्रिय अभ्यासको अनुसरण गर्नुपर्दछ ।

३.९. कुल राजस्वमा गैरकर राजस्वको योगदान बिगतको तुलनामा घटेको सन्दर्भमा गैरकर राजस्वलाई लागत प्रभावी बनाई सेवाप्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई मध्यनजर राखी यसका दरहरुलाई समयानुकूल पुनरावलोकन गर्नुपर्दछ ।

३.१०. सरकारको नीतिगत व्यवस्था अनुसार कर र गैरकर राजस्वका क्षेत्र तथा दरहरूको पुनरावलोकन, एकीकृत कर संहिता तर्जुमा तथा कार्यान्वयन, विगतदेखि प्रस्तावित केन्द्रीय राजस्व बोर्ड गठन गर्ने लगायत राजस्व प्रशासनको सङ्गठन संरचना पुनरावलोकन गर्नुपर्दछ ।

३.११. राजस्व चुहावटका जोखिम क्षेत्रहरूको पहिचान गरी जोखिम सूचकहरू परिमार्जन, राष्ट्रिय कराधारको संरक्षणको लागि उच्च कर नियोजन र करछली नियन्त्रण गर्न करदाता शिक्षा तथा कर चेतनाका कार्यक्रम संचालित राजस्व सङ्कलनमा विद्युतीय भुक्तानी प्रणालीको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

३.१२. सामाजिक संजाल, सोसियल मिडिया, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाईन व्यवसाय लगायत विद्युतीय कारोबारमा नेपालको कराधार संरक्षण गर्न नेपालबाट उत्पत्ति भएको कारोबारमा कर लिन कानुनी व्यवस्था मिलाई अन्तर्राष्ट्रियस्तरमा समन्वय गरी कार्यान्वयन गर्नुपर्दछ ।

३.१३. स्थायी संस्थापन, मूल्य हस्तान्तरण, ठेक्का वा करार, दोहोरो कर मुक्ति सम्झौता र कर मुक्तिको योजना लगायतका विषयमा थप स्पष्टता ल्याउने गरी निर्देशिका बनाई कर चुहावटको जोखिमलाई न्यूनीकरण गर्नुपर्दछ ।

३.१४. कर निर्धारणपश्चात् लामो समय बक्यौता रहँदा र विवाद सिर्जना भई मुद्दा मामिला हुँदा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ । विवादलाई समयमा नै निरुपण गर्ने एवं विवाद सिर्जना हुने विषयहरुलाई कानुनी रुपमा स्पष्ट गर्ने र सबै कानुनी उपाय अवलम्बन गरी राजस्व वक्यौता असुली गर्नुपर्दछ । बक्यौता नतिर्नेहरुलाई पछिल्ला वर्षमा छुट सुविधा दिई कर परिपालना नगर्नेहरुलाई प्रश्रय दिने परिपाटीले ईमान्दार करदाता निरुत्साहित हुने भएकाले यस्तो व्यवस्था उपर ध्यानाकर्षण हुन जरुरी छ ।

३.१५. कर परीक्षण गरी संशोधित कर निर्धारण पश्चात् बिबाद हुने अवस्थाले कर परीक्षणको गुणस्तरमा असर परेको छ । कर परीक्षणको गुणस्तर अभिवृद्धि गर्न कर प्रशासनमा सेवा प्रवेशको योग्यतामा व्यवस्थापन, अर्थशास्त्र र लेखाजस्ता विषय अनिवार्य अध्ययन गरेको हुनुपर्ने व्यवस्था गरिनुपर्दछ । राजस्व प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास, जोखिम सूचकको आधारमा समकक्षी पुनरावलोकन हुने पद्धतिको अवलम्बन एवं अनुगमन गरी सही कर निर्धारण (Right Taxation) को अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३.१६. कर लेखापरीक्षकले न्यूनतम रुपमा भिडान गर्नुपर्ने, यकिन गर्नुपर्ने र प्रमाणित गर्नुपर्ने विषय नतोकेकोले लेखापरीक्षकद्वारा प्रमाणित लेखा सम्बन्धमा बेमेल भई संशोधित कर निर्धारण गर्नुपर्ने अवस्था रहेको छ । कानुनी रुपमा नै कर लेखापरीक्षकले न्युनतमरुपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी पेशागत दायित्व पालना नगर्ने कर लेखापरीक्षकलाई जिम्मेवार बनाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।

३.१७. आन्तरिक राजस्वको सूचना प्रविधि प्रणालीमा सुधार गरी आर्थिक विवरण स्वचालितरुपमा तयार हुने र बक्यौता असुली लगायतका विवरणहरु स्वचालितरुपमा भिडान हुने, करपरीक्षण प्रतिबेदनको अपलोड हुने, सूचना प्रविधिमा आधारित एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीलाई एक आपसमा आबद्ध गरिनुपर्दछ ।

३.१८. कुल करदाताको २ प्रतिशतभन्दा कम विवरणको मात्र कर परीक्षण भएको अवस्था छ । कर परीक्षणबाट हुने कर निर्धारण समेतलाई मध्यनजर राख्दै जोखिमयुक्त करदाता छानेर कर परीक्षण गर्ने परीपाटीलाई बढावा दिनुपर्दछ । साथै अनुसन्धान एवं कर विवरणको नियमित अनुगमन गरी जोखिम पत्ता लगाउन कर परीक्षणमा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग गर्नुपर्दछ ।

४. **आयोजना व्यवस्थापन —** आयोजना व्यवस्थापनमा सम्भाव्यता अध्ययन, बिस्तृत सर्बेक्षण, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन लगायत विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहाय बमोजिम सुधार गर्नुपर्दछ :

४.१. ठुलो लगानी आवश्यक पर्ने राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारण गर्ने मापदण्ड तयार गरी सम्बन्धित निकायको कार्यान्वयन क्षमता समेतका आधारमा तोक्ने र पर्याप्त बजेट विनियोजन गरेर छिटो कार्य सम्पन्न गरी प्रतिफल प्राप्त गर्ने व्यवस्था गर्नुपर्दछ । राष्ट्रिय गौरवका योजना कार्यान्वयनका लागि उपयुक्त कार्यान्वयन र अनुगमन संयन्त्रसहितको छुट्टै ऐनको निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

४.२. प्रत्येक मन्त्रालय तथा विभागले सम्भाव्यता अध्ययनबाट उपुयक्त सम्भाव्य देखिएका आयोजना बैंक तयार गरी विस्तृत प्राथमिकताको आधारमा बजेट विनियोजन तथा कार्यान्वयन गरिनुपर्दछ । वातावरणीय प्रभाव अध्ययन नगरी निर्माणस्थलको छनौट गर्ने, रुख कटान, मुआब्जा वितरण र जग्गा प्राप्ति, विद्युत पोलहरु सार्ने जस्ता कामहरु टुङ्गो नलगाई खरिद कार्य अगाडि बनाउने एवं आयोजना कार्यान्वयन गर्न उपलब्ध गराउनुपर्ने सेवा सुविधाको व्यवस्था नगरी ठेक्का व्यवस्थापन गर्ने कार्य रोकिनु पर्दछ ।

४.३. खुद वर्तमान मूल्य, लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत पूर्ति हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना छनौट तथा कार्यान्वयन गर्ने र आयोजना सम्पन्न भएपछि ती प्रतिफल दरहरुको अवस्था मूल्याङ्कन एवं अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।

४.४. विस्तृत अध्ययन नगरी त्रुटिपूर्ण ड्रइङ्ग, डिजाइन र लागत अनुमानको तर्जुमा तथा स्वीकृति गर्ने कर्मचारी र परामर्शदातालाई जिम्मेवार बनाउने कानुनी व्यवस्था गर्नुपर्दछ ।

४.५. आयोजनाको वर्गीकरण गरी संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा पर्ने आयोजनाहरु दोहोरोपना, खप्टने र टुक्रिने अवस्थाको अन्त्य गर्दै आयोजनाको लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४.६. आयोजना कार्यान्वयनको लागि अन्तरसम्बन्धित रहेका सडक, विद्युत, टेलिफोन, सिचाँई, खानेपानी, वनसँग सम्बन्धित निकायहरुबीच समन्वयका आधारमा कार्य सञ्चालन गर्नुपर्दछ ।

४.७. निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन उपकरणहरु, निर्माण सामग्रीको उपलब्धता र निर्माण व्यवसायीको क्षमता र व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण र सरकारी, निजी तथा व्यापारिक क्षेत्रको आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

४.८. कार्यालय संचालनका लागि आवश्यक पर्ने प्रशासनिक बजेट चालू बजेटमा विनियोजन गरी निर्माण कार्यको कन्टिन्जेन्सीबाट प्रशासनिक खर्च गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ ।

४.९. परामर्शसेवामा अत्यधिक खर्च भईरहेको परिप्रेक्षमा आयोजनाको ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता कार्य विभागीय जनशक्तिबाट गराई वाह्य परामर्शदाताबाट गराउने परिपाटीको अन्त्य गरिनुपर्दछ ।

४.१०. विकास आयोजनाहरुमा कार्य सम्पादन करार गरी आयोजना अवधिमा आयोजना प्रमुख सरुवा नगर्ने नीति अवलम्वन गर्दै कार्य सम्पादनलाई वृत्ति विकाससँग आवद्ध गर्नुपर्दछ ।आयोजना व्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि गर्न सर्टिफिकेशन कोर्सहरु सञ्चालन गर्नुपर्दछ । आयोजनास्थलमा आयोजनाको लागत अनुमान, ठेक्का रकम, डिजाइन गर्ने, ठेक्का स्वीकृत गर्ने र अनुगमन गर्ने पदाधिकारी र निर्माण व्यवसायीको विवरण स्पष्ट खुलाई राखिनु पर्दछ ।

४.११. बजेट अपर्याप्त भई सम्पन्न नभएका आयोजनाहरुको विश्लेषण गरी त्यस्ता आयोजनाहरु सम्पन्न नभएसम्म सोही प्रकारका नयाँ आयोजनाहरु शुरु नगर्ने नीति लिनुपर्दछ ।

४.१२. आयोजनाको अनुगमन र मूल्याङ्कन कार्य आयोजना कार्यालय, मन्त्रालय स्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले अनुगमन मुल्याङ्कन सम्बन्धी आधुनिक विधिहरु प्रयोगमा ल्याई प्रभावकारी बनाइनुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनासँग सम्बन्धित सूचनाहरुलाई ब्यबस्थित गर्न एवं प्रगतिको अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५. **सार्वजनिक खरिद व्यवस्थापन** — खरिद योजना, ठेक्का व्यवस्थापन, कार्यान्वयन, कार्यतालिकाको परिपालना, म्याद थप, भेरिएशन, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, मर्मत सम्भार लगायतका विषयहरुमा देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

५.१. निर्माण व्यवसायीको स्वामित्वमा रहेका उपकरण तथा औजार, चालु पूँजी, दक्ष जनशक्ति, अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा निर्माण व्यवसायीले गर्नसक्ने कामको अधिकतम परिमाण निर्धारण गरी सो भन्दा बढी ठेक्का सम्झौता नगर्ने नीति लिनुपर्दछ ।

५.२. निर्माण व्यवसायीको संयुक्त उपक्रमका प्रत्येक फर्महरुलाई काम प्रति जवाफदेही बनाउने एवं काम सम्पन्न नगर्ने संयुक्त उपक्रमका सबै साझेदारको अनुगमन गरी नाम सार्वजनिक गर्ने व्यवस्था हुनुपर्दछ ।

५.३. सार्वजनिक खरिद नियमावलीमा उपभोक्ता समिति मार्फत गराउन सकिने कामको सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा उपभोक्ता समितिलाई प्रतिस्पर्धात्मक खरिद कार्यको विकल्पको रुपमा प्रयोग गरेको पाइन्छ । यसउपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ । मेशिन प्रयोग गर्नुनपर्ने श्रममूलक काममा मात्र उपभोक्ता समितिलाई सीमित गर्नुपर्दछ । उपभोक्ता समितिहरुले सरकारी कोषबाट भुक्तानी लिने गरेको तर तिनीहरुको खर्चको पारदर्शिता र लेखापरीक्षण सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुन समेत जरुरी देखिएको छ ।

५.४. सार्वजनिक निकायमा दरबन्दी अनुसारका जनशक्ति भएपनि बाह्य परामर्श सेवा लिने र स्वदेशमा उपलब्ध दक्ष जनशक्तिको उपयोग गरी विदेशी परामर्शदाताको सेवा लिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५.५. सार्वजनिक खरिद ऐन अनुसार खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी सीमित प्रतिस्पर्धा तथा प्रतिस्पर्धा नगराई खरिद गर्ने, विशेष परिस्थिति उल्लेख गरी वा विदेशी सरकार वा सरकारको स्वामित्वमा स्थापित निकायमार्फत सोझै खरिद गर्ने परिपाटीलाई नियन्त्रण गरिनुपर्दछ।

५.६. सबै सरकारी कार्यालयमा विद्युतीय प्रणालीबाट बोलपत्र पेसगर्ने व्यवस्था अनिवार्यरुपमा लागू गर्ने र दातृ निकाय तथा राष्ट्रबाट गरिने खरिदमा समेत विद्युतिय खरिद प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ । ठेक्काको कार्यान्वयन र भुक्तानी लगायतका सबै क्रियाकलापहरु बिद्युतिय खरिद प्रणालीमार्फत हुने व्यवस्था मिलाउनु पर्दछ ।

५.७. खरिद व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ र विद्युतीय खरिद प्रणाली लगायत समग्र खरिदमा संलग्न कर्मचारी एवं अन्य सम्बन्धितको क्षमता विकास गर्नुपर्दछ ।

५.८. निर्माणकार्यको खरिदमा संलग्न निकायले अलग अलग दरका नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने गरेकोले पुनरावलोकन गरी एकरुपता कायम गर्नुपर्ने देखिन्छ । डिजाइन र निर्माण प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।निर्माण कार्यको गुणस्तर सुनिस्चित गर्न प्रयोगशालाको व्यवस्था गरिनुपर्दछ ।

५.९. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद प्रणालीको चरणहरू र कार्यप्रकृया व्यवस्थित गर्न निर्देशिका जारी गर्नुपर्दछ। उक्त निर्देशिकामा खरिदका नबीनतम मोडालिटीहरु जस्तै सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बूट), इन्जिनियरिङ्ग प्रोक्योरमेण्ट कन्ट्र्याक्ट एवं सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आव्हान एवं मूल्याङ्कन प्रकृया समेत समाबेश गरिनुपर्दछ ।

५.१०. स्पेसिफिकेसन तथा बोलपत्र मूल्याङ्कनका आधार तय गर्दा प्रतिस्पर्धा सीमित र केही निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने गरी बोलपत्र तयार गरेको पाइएमा कागजात तयार गर्ने पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ ।

५.११. बोलपत्र मुल्याङ्कनमा घटीवालाको बोलपत्र स्वीकृत गर्नुपर्ने व्यवस्थाले कामको गुणस्तरमा समस्या देखिएको एवं ठेक्का अधुरो छाडने प्रबृति बढदै गएकोले सोलाई निराकरण गर्न न्यूनतम र अधिकतम कबोल गर्नेको बोलपत्रलाई हटाई बाँकी बोलपत्रको कबोल अङ्कलाई औसत गर्दा हुने रकमसंग नजिक कबोल अङ्क रहेको बोलपत्र स्वीकृत गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

५.१२. विद्यमान खरिद प्रक्रियामा हुने ढिलाइलाई न्यून गर्न जेष्ठ १५ देखि श्रावण १ सम्मको समयमा खरिद पुर्बका क्रियाकलापहरु जस्तै मानव संसाधनको तयारी, कार्यस्थल तयारी, बोलपत्र कागजात, सूचना प्रकाशन जस्ता आन्तरिक तयारीका कार्यहरू गरिनुपर्दछ । कार्यस्थलसँग सम्बन्धित पूर्वतयारीका कार्य पुरा नभई ठेक्का गर्ने परिपाटीलाई पुर्णरुपमा रोक लगाउनुपर्दछ ।

५.१३. ठेक्का सम्पन्न भएपश्चात (त्रुटि सच्याउने अवधि पछि) पनि आवश्यकता हेरी निश्चत अवधिसम्मको मर्मत सम्भार अवधि तोकी सोही निमार्ण व्यवसायीको जिम्मा दिने गरी सम्झौतामा व्यवस्था गरिनुपर्छ ।

५.१४. बोलपत्र वा प्रस्ताव मूल्याङ्कनको छनौट भएका आपूर्तिकर्ताहरूको सूचीकृत मूल्यमा देशभरका सबै कार्यालयहरूले संरचनात्मक करार सम्झौता गरी तोकिएको मूल्यमा खरिद गर्ने व्यवस्था गर्नुपर्दछ।

५.१५. विशेष परिस्थितिमा खरिद कार्य गर्न तथा आपतकालीन राहत वितरणको लागि आवश्यक सामग्री खरिद गर्न खरिद सम्बन्धी छुट्टै कार्यविधि तयार गर्नुपर्दछ ।

५.१६. सार्वजनिक खरिद नियमावलीका प्रावधानहरु र सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका बोलपत्र सम्बन्धी कागजातहरु प्रदेश र स्थानीय तहलगायतका निकायले लागू गर्नुपर्दछ ।

६. **खर्च कटौती एवं व्यवस्थापन —** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहाय बमोजिम गर्नुपर्ने देखिन्छ :

६.१. राजस्व असुलीको तुलनामा चालू खर्च अद्यावधिक हुने गरेको देखिएकोले सुधारको लागि संस्थागत तथा संगठनात्मक संरचनामा सुधार गरी खर्च कटौती गर्नुपर्ने, चालू खर्च राजस्वको सीमाभित्र रहनुपर्ने तथा निश्चित विधि र मापदण्डका आधारमा चालु खर्च प्रक्षेपण गर्ने व्यवस्था गर्नुपर्दछ ।

६.२. एउटै प्रयोजनको लागि संघ, प्रदेश सरकार र स्थानीय तहमा कार्य विभाजनमा अस्पष्टता र दोहोरोपन नियन्त्रण गर्न तथा खर्चमा मितव्ययिता ल्याउन हालका मन्त्रालय, निकाय, कार्यालय, बोर्ड, समितिको संख्यालाई पुनरावलोकन गर्नुपर्ने तथा प्रदेश र स्थानीय तहलाई तोकिएको कामको लागि संघीय सरकारको संरचना स्थापना गर्ने कार्य रोकिनु पर्दछ ।

६.३. संविधानमा उल्लेखित साझा अधिकारका विषयहरु हस्तान्तरण गर्नुपर्ने कार्यक्रमहरु समेत संघ र प्रदेशले राख्ने गर्दा कार्यक्रम, विनियोजन र खर्चमा दोहोरोपन देखिएकोले त्यस्ता कार्यक्रम तोकीएको स्थानीय तहबाट मात्र संचालन गर्नुपर्दछ ।

६.४. अनुत्पादक खर्च नियन्त्रण गर्न परिवर्तित परिस्थितिमा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ लाई परिमार्जन गरी कडाइका साथ लागु गर्न उच्च पदस्थ पदाधिकारीहरु आफै मितव्ययी, मर्यादित र उदाहरणीय रुपमा प्रस्तुत हुने, विविध खर्च नियन्त्रण गर्ने, बैठक सभा सम्मेलन भेला वार्षिकोत्सब, विदेश भ्रमण लगायतमा हुने फजूल खर्च नियन्त्रण हुनुपर्दछ ।

६.५. सार्वजनिक प्रशासनका सेवाहरू प्रवाह गर्दा मितव्ययी बनाउन आवश्यक पर्ने मापदण्ड, मानक, प्रक्रियाको प्रत्येक चरणमा आवश्यक पर्ने खर्चको सीमा, राजनैतिक नियुक्ति भएका व्यक्तिहरूलाई दिइने सुविधा निजी सचिवालयमा दिइने कर्मचारीको संख्या, तह, सुविधा जस्ता विषयहरूमा पनि स्पष्ट मापदण्ड बनाउन जरूरी छ।

६.६. संघीयता कार्यान्वयन भैसकेको परिप्रेक्षयमा अधिकार क्षेत्र र यथार्थ कार्यबोझ विश्लेषण गरी कर्मचारी दरबन्दी पुनरावलोकन गरिनुपर्दछ । मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्य गर्न कोष, परिषद, आयोग, बोर्डहरू गठन गरिएकाले औचित्य र सान्दर्भिकताको आधारमा त्यस्ता निकायहरू खारेज गर्ने, दोहोरोपन आउने देखिएमा गाभ्ने, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र अनुसार स्थानान्तरण गर्ने वा पुनः संरचना गरी खर्च कटौती गरिनुपर्दछ।

६.७. सरकारी कार्यालय वा कर्मचारीले प्रयोग गर्ने भबन, अफिस कोठा, फर्निचर, उपकरण तथा सवारी साधन सम्बन्धमा कार्यालयको आबश्यकता, कर्मचारी संख्या, कर्मचारीको स्तर समेतलाई मध्यनजर गर्दै मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र बढि भएमा अन्य निकायमा हस्तान्तरण गरिनुपर्दछ । निश्चित अवधिको लागि सवारी साधन खरिदमा रोक लगाउनुपर्दछ ।

६.८. समान प्रकृतिका कार्यलाई एकद्वार प्रणालीबाट संचालन गरी खर्चको दोहोरोपना हटाउने र समन्वय प्रणाली सुदृढ गरी विनियोजन कुशलता वृद्धि गर्नु पर्दछ ।

६.९. महंगो सबारी साधन खरिद गर्ने, सरकारी सवारी साधनहरु रातो प्लेटमा राख्ने र मर्मत गरी प्रयोग गर्न सकिने सवारी साधन मर्मत नगरी नयाँ खरिद गर्ने व्यवस्था अन्त्य हुनुपर्दछ ।

६.१०. सरकारी भवनहरु निर्माण गर्दा एउटै भवनमा धेरै कार्यालय रहन सक्ने गरी निर्माण गरेर बिजुली, पानी, मर्मत संभार, इन्टरनेट, सुरक्षासँग सम्बन्धित खर्चहरु घटाउने नीति अवलम्बन गर्नुपर्दछ ।

६.११. योगदानमा आधारित निबृत्तिभरण प्रणाली निजामती, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, नेपाली सेनाको लागि कार्यान्वयनमा ल्याएकोमा समान प्रकृतिका सरकारी कोषबाट तलब खर्च व्यहोर्ने विद्यालय र विश्व विद्यालयका शिक्षकहरू तथा स्थानिय तहका कर्मचारीहरुको लागि समेत लागू गर्नुपर्दछ।

६.१२. पटक पटक रकमान्तर गरी ठूलो रकम निकासा दिने, बजेट खर्च हुन नसक्ने अवस्थामा खर्चको आकार मात्र बढाउन विविध खातामा राख्ने वा संघसंस्थाको खातामा ट्रान्सफर गरी बजेट सिद्धान्त विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६.१३. सार्वजनिक संस्थानहरुको आवश्यकता र औचित्य विश्लेषण गरी अनावश्यक संस्थानहरु गाभ्ने वा खारेज गर्ने वा पुनर्संरचना गरिनुपर्दछ ।

६.१४. विश्वव्यापी रुपमा फैलिएको कोभिड - १९ को महामारीको कारणले मुलुकको अर्थतन्त्र र सरकारी राजस्व आम्दानीमा ठूलो असर परेको छ । यस संवेदनशील अवस्थालाई मध्यनजर गरी खर्च कटौती गर्न संविधानको मर्म र भावनालाई असर नपर्ने गरी संवैधानिक तथा सरकारी निकायहरुको पुनर्संरचना गरिनुपर्दछ ।

७. **सामाजिक सुरक्षा तथा अनुदान -** लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप विभिन्न वर्ग, उमेर, समुह, जातजाती, उपेक्षीत उत्पीडितलाई राज्यले सुरक्षा प्रदान गर्ने र निश्चित पेशा व्यवसाय उद्योगलाई प्रोत्साहन गर्न अनुदान दिने परिपाटीलाई व्यवस्थित गर्न निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छ :

७.१. सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन सामाजिक सुरक्षासम्बन्धी एकीकृत नीति तयार गरी सबै नेपालीले जीवन निर्वाहका लागि आवश्यक रकम पाउने सुनिश्चिततासहितको योजना लागु गर्न आवश्यक देखिन्छ।

७.२. सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम बीस भन्दा बढी निकाय/संस्थाबाट सञ्चालित छन् । तसर्थ सामाजिक सुरक्षामा केन्द्रित रहने गरी एक सामाजिक सुरक्षा समन्वय ईकाइ स्थापना गरी सो मातहत सम्पूर्ण सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७.३. सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूको तथ्याङ्क ब्यबस्थित र अध्यावधिक गरि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको लगत कट्टा गर्ने पद्धतिलाई विश्वसनीय बनाउनु पर्दछ । लाभान्वित वर्गको पहिचान प्रणाली लागू गरिनुपर्दछ।

७.४. सरकारी अनुदान मुख्यतया उद्यमशीलता र पूर्वाधार विकास, क्षमता विकास, व्यवसायीकरण आधुनिकीकरण र मूल्य श्रृङ्खला प्रवर्द्धनमा दिइने नीति लिइनु पर्दछ। उत्पादन र उत्पादकत्व अभिवृद्धिमा आधारित भई नतिजा मूल्याङ्कन पश्चात मात्र अनुदान दिने व्यवस्था गरिनुपर्दछ। संघ, प्रदेश र स्थानीयतहबाट समान प्रकृतिको अनुदान प्रदान गर्ने व्यवस्था पुनराबलोकन गरिनुपर्दछ ।

७.५. संघ, प्रदेश र स्थानीय तहका बहु निकाय मार्फत् अनुदान र आर्थिक सहायता वितरण हुँदा दोहोरोपना र लक्षित उद्देश्यको लागि प्रयोग भएको सुनिश्चित गर्न कठिन छ। यस सम्बन्धमा स्पष्ट कार्यक्षेत्र निर्धारण गरी अनुदान र आर्थिक सहायतासम्बन्धी ऐन तर्जुमा गरी लागू गर्नुपर्दछ ।आर्थिक सहायता तथा अनुदानको विवरणलाई सार्वजनिक गर्नुपर्दछ ।

७.६. नेपाल सरकारबाट आर्थिक सहायता वितरणमा वस्तुनिष्ठ मापदण्ड तयार भएको छैन। नगद तथा वस्तुगत अनुदान उपलब्ध गराउने सम्बन्धमा मापदण्ड तयार गर्नुपर्दछ । यसका लागि मानव विकास सूचकाङ्क, विकासका सूचक, लैङ्गिक विभेदको सूचक, असमानता सूचक, क्षेत्रफल पूर्वाधारको अवस्था र लाभग्राहीको प्रतिशत जस्ता सूचकाङ्क प्रयोग गरिनुपर्दछ। अनुदान उपलब्ध गराउँदा पुँजी निर्माण हुने, सार्वजनिक सम्पत्ति सिर्जना हुने, लक्षित वर्ग र क्षेत्रका जनताको आर्थिक तथा सामाजिक उत्थान हुने तर्फ विशेष ध्यान दिनुपर्दछ।

७.७. अनुदानबाट उत्पादन र उत्पादकत्वमा योगदान पुगेको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्दछ ।

८. **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण —** संघ, प्रदेश र स्थानीयतह तथा अन्य सार्वजनिक निकाय समेतको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणमा देहाय बमोजिमका सुधार गर्नुपर्ने देखिन्छ :

८.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खर्च भएर नजाने पुँजीगत सम्पत्तिको संघ, प्रदेश र स्थानीय तथा अन्य सार्वजनिक निकायको एकीकृत र जिल्लागत विवरणको अभिलेख अद्यावधिक गर्ने, सोको समुचित संरक्षण र उपयोग गर्ने एवं मर्मत सम्भारका साथै पुराना मालसामानको लिलाम बिक्री सम्बन्धी कारबाही हुनुपर्दछ ।

८.२. संघीयता कार्यान्वयनसँगै खारेज भएका जिल्लास्तरीय कार्यालय तथा साविकका गाउँ विकास समिति तथा नगरपालिकाको स्वामित्वमा रहेका जग्गा जमिन, भवन, फर्निचर, कम्प्युटर तथा अन्य उपकरणहरु सम्बन्धित प्रदेश कार्यालय तथा स्थानीय तहमा हस्तान्तरण गरी उपयोग गर्नुपर्दछ ।

८.३. स्थानीय तहबाट हुने नदीजन्य तथा खानीजन्य पदार्थहरुको उत्खनन्, संकलन तथा निकासी सम्बन्धी काम कारबाहीको अनुगमनका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गरी प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहनलाई नियन्त्रण गर्नुपर्दछ ।

८.४. सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन् लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।

८.५. विभिन्न सरकारी र सार्वजनिक निकाय एवं विश्वविद्यालयहरुको स्वामित्वमा रहेका प्रयोगविहीन जग्गाको अभिलेख, संरक्षण तथा समुचित उपयोग गरी आयमूलक कार्यमा लगाइनु पर्दछ ।

८.६. अतिक्रमणमा परेका सरकारी तथा सार्वजनिक र गुठी जग्गाहरुबाट अतिक्रमण हटाई त्यसको संरक्षण गर्दै सम्बन्धित निकायको अधीन र उपयोगमा ल्याउनुपर्दछ ।

८.७. पुरातात्विक महत्वका सम्पदा तथा संग्रहालयहरुमा रहेका बहुमूल्य वस्तुको अभिलेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्दछ । सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थल लगायतमा दर्शनार्थीबाट चढाइने भेटीघाटी व्यवस्थापन, त्यसको अभिलेख र संरक्षणको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ ।

८.८. नेपाल ट्रष्टको कार्यालयको नाममा रहेका भवन, जग्गा लगायतका चल, अचल सम्पत्तिको संरक्षणको उचित प्रबन्ध गरी उत्पादनशील कार्यमा उपयोगमा ल्याइनुपर्दछ ।

९. **सेवा प्रवाह —** सबै सार्वजनिक निकायले सेवाग्राहीका माग र उपलब्ध सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

९.१. संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाह र उक्त सेवा प्रवाह गर्न सक्ने क्षमता समेतको स्थिति विश्लेषण गरी दोहोरोपन नहुने गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणका माध्यमबाट आवश्यक जनशक्ति तथा स्रोत साधनको व्यवस्थापन गर्नुपर्दछ ।

९.२. सार्वजनिक निकायहरुको सेवालाई विद्युतीय तथा मोबाईल गभरनेन्ससँग आबद्ध गरी सेवा प्रवाह समय, दुरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

९.३. सूचना प्रविधिको पहुँच नभएको र बढी सेवाग्राहीको उपस्थिति हुने स्थानमा सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन, गुनासो सुनुवाइको व्यवस्था र हेल्पडेस्क प्रणाली लगायत उपयुक्त सेवा प्रवाह विधि कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९.४. सार्वजनिक निकायहरुले गरिरहेका सेवा प्रवाहलाई आधारभूत र गैर आधारभूत सेवामा छुट्याई आधारभूत कार्य जस्तैः नागरिकता, जग्गाधनी प्रमाणपुर्जा, राहदानी जस्ता संवेदनशील सेवाहरु सरकारी निकायले प्रदान गर्ने र गैर आधारभूत कार्यहरु जस्तैः युटिलिटी भुक्तानी जस्ता सेवाहरु बाह्य सेवा प्रदायकलाई जिम्मा दिई उक्त सेवाप्रवाहको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

९.५. सेवा प्रवाहसम्बन्धी सम्बद्ध कानुन, कार्यविधि, प्रकृया एवं फारामहरुमा सुधार गर्दै सेवाग्राहीले प्रयोग गर्ने फारामहरु सर्वसाधारणले बुझ्नेखालको बनाउनुपर्छ। संलग्न गर्नुपर्ने काजगातको संख्या घटाउने तर्फ आवश्यक कदम चाल्नुपर्दछ।

९.६. संघ, प्रदेश र स्थानीय तहमा निजी तथा सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने अस्पताल, क्लिनिक तथा अन्य संस्थाहरुको सेवा संचालन मापदण्ड र शुल्कको निर्धारण गरी अधिकार क्षेत्र अनुसार नियमित अनुगमन तथा नियमनका लागि स्वतन्त्र र प्रभावकारी नियमनकारी निकायको स्थापना र संचालन गर्नुपर्दछ ।

९.७. सार्वजनिक तथा निजी क्षेत्रबाट संचालित शैक्षिक क्रियाकलाप र त्यसको गुणस्तर, निजी विद्यालयको शुल्क निर्धारण र संकलन लगायतका विषयमा संघ, प्रदेश र स्थानीय तह समेतबाट प्रभावकारी अनुगमन संयन्त्रको व्यवस्था हुनुपर्दछ ।

९.८. सेवाग्राहीको बढी चाप रहने मालपोत, नापी, वैदेशिक रोजगार, यातायात व्यवस्था, राहदानी, अध्यागमन लगायतका कार्यालयले प्रदान गर्ने सेवामा सेवाप्रवाह गर्ने कार्यविधि र प्रक्रियामा सरलीकरण गरी सूचना प्रविधि प्रणालीमा आधारित बनाउनु पर्दछ ।

९.९. क्षतिपूर्ति सहितको नागरिक बडापत्र राखी सो बमोजिम सार्वजनिक निकायले सेवाप्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।सार्वजनिक सुनुवाइ र सेवाग्राही सेवा सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझावहरू लागू गर्ने संस्थागत व्यवस्था गरिनु पर्दछ ।

९.१०. बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभाव, कालो बजारी लगायतका समस्या रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

९.११. सार्वजनिक सेवा प्रवाहमा नागरिकको विवरण सरकारका सबै निकायमा दिनु पर्ने झन्झटिलो ब्यवस्था अन्त्य गरी एउटा निकायमा रहेका नागरिकको विवरणहरु अर्को निकायले प्रयोग गर्ने गरी छिटोभन्दा छिटो सबै नागिरकलाई राष्ट्रिय परिचयपत्र बितरण गर्नुपर्नछ ।

१०. **सूचना प्रविधिको उपयोग** - संघ, प्रदेश र स्थानीय तहका अधिकांश निकायमा सूचना प्रविधि प्रणालीको प्रयोग भैरहेको सन्दर्भमा यस प्रविधि मार्फत सेवा प्रवाह, सूचना संकलन, आदान प्रदान, पारदर्शिता र अनुगमन लगायतका विषयलाई समय र लागत प्रभावी बनाउन देहाय बमोजिमका सुधारहरु गर्नुपर्ने देखिन्छ :

१०.१. सरकारी निकायहरुबाट खरिद वा विकास गरी सञ्चालनमा ल्याइएका सूचना प्रविधि प्रणालीलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र कम खर्चिलो बनाउनको लागि स्थापित मापदण्ड बमोजिम सफ्टवेयर वा हार्डवेयरको खरिद वा विकास गरी पूर्णरुपमा उपयोग नगर्ने प्रवृत्तिलाई निषेध गरी प्रविधिमा भएको लगानीलाई पारदर्शि बनाई खरिद एवं विकास गरिएका सफ्टवेयरको पूर्णरुपमा उपयोग हुनुपर्दछ।

१०.२. व्यवस्थापकीय कामको लागि सबै निकायले प्रयोग गर्न मिल्ने एकै प्रकृतिका सफ्टवेयर जस्तैः वेबसाईट, ईमेल, व्यवस्थापन सूचना प्रणाली, जिन्सी व्यवस्थापन, विद्युतीय हाजिरी, दर्ता चलानी व्यवस्थापन प्रणाली, लेखाप्रणाली, स्थानीयतहको कर संकलन तथा निर्धारण प्रणाली सफ्टवेयर आदि वर्षेनि ठूलो संख्या बेग्ला बेग्लै खरिद हुने गरेकोले दोहोरोपना भई ठूलो बजेट खेर गैरहेको छ। यस्ता सफ्टवेयरहरु एकीकृतरुपमा बिकास एवं खरिद गरी प्रयोग गर्ने व्यवस्था मिलाई मितब्ययिता कायम गर्नुपर्दछ ।

१०.३. विभिन्न सरकारी निकायवाट विकास गरिएका सबै सफ्टवेयर, लाईसेन्स सफ्टवेयर, मोबाईल एप्सको अनिवार्य रुपमा सरकारी सूचना प्रविधि आर्किटेक्चरमा तयार गरी दर्ता गर्ने र सफ्टवेयर रिपोजिटरी बनाउनु अत्यावश्यक छ। सरकारी निकायहरुले खरिद वा विकास गरी सञ्चालनमा ल्याएका सफ्टवेयरहरु अनिवार्यरुपमा सरकारले तोकेको निकायमा दर्ता गरेर मात्र चलाउन पाईने कानुनी व्यवस्था मिलाउनुपर्दछ।

१०.४. सिंहदरवारस्थित सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास गर्नको लागि अनिवार्यरुपमा डाटा सेन्टर परीक्षण गराई सबै सरकारी निकायका सूचना प्रविधि प्रणाली तथा सूचना एवं तथ्यांकहरु यसै डाटा सेन्टरमा राखि सञ्चालन गर्नुपर्दछ। सबै सरकारी निकायले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्य प्राविधिक एवं सुरक्षाको दृष्टिकोणले समेत चुनौतीपूर्ण रहेकोले ठूलो बजेट तथा जनशक्ति खर्च हुने अवस्थामा सुधार गर्नुपर्दछ ।

१०.५. विद्युतीय कारोबार संचालनका लागि ई कमर्शलाई व्यवस्थित गर्न कानूनी व्यवस्था हुनुपर्दछ ।साथै विद्युतीय हस्ताक्षर सम्बन्धी व्यवस्थाको शीघ्र कार्यान्वयन गर्नुपर्दछ ।

१०.६. नियमनकारी तथा अन्तरसम्बन्धित निकायको कार्य सम्पादनमा सहयोग पुग्ने महत्वपूर्ण सूचनाहरु आदानप्रदान र उपयोग गर्ने पद्धतिको विकास गरी कार्यसम्पादन क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।

११. **संस्थान व्यवस्थापन** - संगठित संस्थाको समग्र वित्तीय व्यवस्थापनसंग सम्बन्धित देहायका विषयमा सुधार गर्नुपर्ने देखिन्छ :

११.१. संगठित सार्वजनिक संस्थाको स्थापनाको उद्येश्य अनुरुप सञ्चालन भएनभएको सम्बन्धमा मूल्याङ्कन गरी ती संस्थाको आवश्यकता र योगदान अनुरुप खारेज गर्ने, मर्ज गर्ने, सञ्चालनको प्रारुप परिवर्तन गर्ने लगायतका विकल्पबारे सोच्नु पर्दछ ।

११.२. सार्वजनिक संगठित संस्थाले स्वीकृत नेपाल वित्तीय प्रतिवेदनमानअनुरुप वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ । तोकिए बमोजिम समयमै वित्तीय विवरण तयार नगर्ने तथा लेखापरीक्षण नगराउने सार्वजनिक संगठित संस्थाका जिम्मेवार पदाधिकारी र शासकीय भूमिकामा रहेका पदाधिकारीलाई अभिलेख राखी आगामी दिनमा जिम्मेवारी नदिने व्यवस्था मिलाउनु पर्दछ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु कार्यान्वयन गर्नुपर्दछ ।

११.३. संगठित संस्थामा सरकारले गरेको शेयर तथा ऋण लगानी, व्याज तथा लाभांश प्राप्तिको लेखांकनलाई सम्बन्धित संस्थासंग नियमित भिडान गरी अद्यावधिक गर्नु पर्दछ ।वित्तीय योजना तयार गरी नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज चुक्ता गर्दै जानुपर्ने देखिन्छ ।

११.४. संगठित संस्थामा नेपाल सरकारले शेयर लगानी गर्दा संस्थाको जारी पूँजी अनुसार नेपाल सरकारको हिस्सामा लगानी गर्ने एवं शेयर संरचना परिवर्तन गरी सरकारी हिस्सा न्यून गर्ने उपर छानबीन गरी कारबाही गर्नु पर्दछ ।

११.५. बन्द, विघटित र खारेज भएका सार्वजनिक संस्थानहरूको सम्पत्तिको लगत यकिन गरी संस्थानका जग्गा, भवन एवं अन्य उपकरण र पूर्वाधारहरू प्रयोगमा ल्याउन सरकारी स्तरमै एउटा सम्पत्ति व्यवस्थापन

संयन्त्र स्थापना गर्नुपर्ने देखिन्छ। संस्थान बन्द वा खारेज हुँदा कै बखत कार्यरत कर्मचारीलाई अवकाश दिई पछिसम्म प्रशासनिक खर्च ब्यहोर्नुपर्ने बाध्यताको अन्त्य गरिनु पर्दछ।

११.६. संस्थान लगायत अन्य सार्वजनिक निकायहरूमा पदाधिकारी, उच्च व्यवस्थापक कार्यकारीहरुले पाउने सुविधाहरू निकाय पिच्छे फरक-फरक रहेकोले त्यस्ता सुविधाहरूमा एकरूपता कायम गर्न सुविधा सम्बन्धि निश्चित मापदण्ड तयार गरी औचित्यका आधारमा मात्र सुविधा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ । मानव संशाधन सम्बन्धमा अध्ययन गरी संस्थानहरुमा आवश्यक मात्र दरबन्दी व्यवस्था गर्नुपर्दछ ।

११.७. संस्थाहरुको सञ्चालक समितिमा व्यावसायिक दक्षता भएका विशेषज्ञलाई जिम्मेवारी दिने र ती संस्थाका कार्यकारी प्रमुखको नियुक्तिमा व्यावसायिक कार्य योजनाको आधारमा मात्र नियुक्ति गरी सो अनुसार भए नभएको समय समयमा मापन गरी निरन्तरता दिने नदिने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली —** सार्वजनिक निकायको लेखाङ्कन तथा वित्तीय प्रतिवेदन प्रणालीमा समय सापेक्ष सुधार गरी सार्वजनिक कोषको यथार्थता, पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न देहायका विषयमा सुधार गर्नु आवश्यक देखिन्छ :

१२.१. सबै तहका सरकारी निकायहरुले सार्वजनिक क्षेत्रको लागि नेपाल सरकारबाट अपनाईएको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को आधारमा महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्दछ । यस प्रयोजनका लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

१२.२. तीनवटै तहका सरकारको एकीकृत आय व्यय विवरण संघीय अर्थ मन्त्रालयले तयार गर्ने परिपाटी स्थापित गरिनुपर्दछ ।

१२.३. नेपाल सरकारले अवलम्बन गरेको विद्यमान सार्वजनिक क्षेत्र लेखामान अन्तर्राष्ट्रियरुपमा परिमार्जन भई सकेकोले नेपाल सरकारले पनि सोही अनुसार अध्यावधिक गर्नु पर्ने देखिन्छ । नेपाल सरकारको लेखा प्रणाली नगद आधारबाट प्रोदभावी आधारमा रुपान्तरण गर्ने कार्य योजना तयार गर्नु पर्दछ ।

१२.४. सरकारका विभिन्न निकायले आफ्नो वित्तीय कार्यसम्पादन र प्रतिवेदन प्रणालीमा सहजता ल्याउन छुट्टाछुट्टै सूचना प्रविधिसम्बन्धी प्रणालीहरु कार्यान्वयनमा ल्याएका छन् । त्यस्ता सूचना प्रविधि प्रणाली लागू गर्नुपूर्व महालेखापरीक्षकको स्वीकृति लिने व्यवस्था गर्नु पर्दछ । साथै त्यस्ता सूचना प्रविधिमा आधारित प्रणालीहरुलाई एकीकृत गर्ने वा कम्तीमा एक आपसमा अन्तर्सम्बन्ध कायम गर्ने व्यवस्था गर्नु पर्दछ ।

१२.५. सरकारी कार्यालयको लेखाङ्कनका लागि प्रयोगमा रहेको कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई पूर्ण कार्यान्वयनमा ल्याई लेखाका आधारभूत विवरण स्वचालित रुपमा तयार हुने तथा सबै लेखासम्बन्धी कागजात सूचना प्रविधि सफ्टवेयरमा अपलोड हुने व्यवस्था समेत मिलाउनुपर्दछ । यस प्रणालीको अतिरिक्त प्रदेश तथा स्थानीय तहको कारोबार समेतलाई समेट्ने एकीकृत प्रतिवेदनको सफ्टवेयर लागू गरी वित्तीय प्रतिवेदन प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१२.६. बहुवर्षीय आयोजना व्यवस्थापन तथा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिवद्धताको लेखा राख्ने व्यवस्था गर्नु पर्दछ । साथै सरकार जमानत बसेको ऋणको समेत लेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।कार्य संचालनस्तरको कारोबारको विवरण केन्द्रीय हिसावमा स्वत : प्राप्त हुने सूचना प्रविधि प्रयोग गर्नुपर्दछ ।

१२.७. स्थानीयतह लगायत सबै तहका सरकारवाट आम्दानी र खर्चको लेखाङ्कन गर्दा स्वीकृत एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या प्रयोग गर्नुपर्दछ । व्ययको हकमा सरकारको कार्यात्मक वर्गीकरण सहितको एकीकृत वित्तीय विवरण तयार हुने व्यवस्था मिलाउनु पर्दछ ।

१२.८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँड हुने राजस्वका लागि खडा गरिएको विभाज्य कोषमा वर्षान्तमा रकम मौज्दात नरहने गरी बाँडफाँड हुने व्यवस्था मिलाउनु पर्दछ ।

१२.९. नेपालमा सार्वजनिक क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सार्वजनिक वित्त व्यवस्थापन विज्ञ प्रमाणीकरण गर्ने तथा लेखा जनशक्तिको क्षमता अभिबृद्धि गर्न लेखा प्राविधिकको कोर्स सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ । निजामती सेवाका लेखा समुहमा लेखा बिषय अध्ययन गरेको योग्यता भएकालाई मात्र सेवा प्रवेश गराउने व्यवस्था मिलाउनु पर्दछ ।

१२.१०.वित्तिय हस्तान्तरणले खर्चको प्रयोगस्थल निर्धारण गर्दछ। वित्तीय हस्तान्तरण अन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन हुने तर खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएपछि अनुदान निकासा दिने सरकारको संचित कोषमा फिर्ता हुने वा सम्बन्धित तहको संचित कोषमा बचत हुने भएकाले राजश्व र खर्च रकम यथार्थपरक नहुने अवस्था छ । तीन तहका सरकारबीच वित्तीय हस्तान्तरणबाट हुनसक्ने आम्दानी खर्चको दोहोरो लेखाङ्कन हटाउन तथा समग्र सरकारको आम्दानी र खर्चको तथ्याङ्क तयार पार्न आवश्यक छ। दोहोरो लेखाङ्कनलाई घटाउने उपयुक्त विकल्प प्रयोगमा ल्याउनुपर्दछ ।

१२.११.स्थानीय र प्रदेश तहमा गरिएको वित्तीय हस्तान्तरणलाई संघको सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा गणना गरेकोले यसलाई परिमार्जन गरिनुपर्दछ । साथै बोर्ड, समिति लगायतलाई दिएको चालुप्रकृतिको अनुदानबाट पूँजीगत प्रकृतिको खर्च हुने र पूँजिगत प्रकृतिको अनुदानबाट चालुप्रकृतिको खर्च हुने अवस्थालाई निराकरण गर्न समायोजनको उपयुक्त व्यवस्था गरिनुपर्दछ ।

१२.१२.अर्थमन्त्रीले पेश गरेको विनियोजन विधेयक संसदबाट स्विकृति प्राप्त भएपछि कार्यान्वयनमा आउँछ । विश्वमा धेरै देशहरुमा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने विवरणहरु अर्थमन्त्रीवाट प्रमाणित गर्ने व्यवस्था रहेको देखिन्छ । वित्तीय विवरण प्रमाणित गर्ने सम्बन्धमा निर्दिष्ट कानुनी व्यवस्था गरी वित्तीय विवरणहरु अर्थमन्त्रीवाट प्रमाणित हुनुपर्दछ । साथै महालेखा नियन्त्रक कार्यालय लगायतका निकायले महालेखापरीक्षकबाट प्रमाणित बित्तिय विवरणहरुलाई नै आधिकारीक मानी प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१३. **आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षण —** सार्वजनिक स्रोत साधनको अधिकतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण बनाई आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन एवं आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन देहायका विषयमा सुधार गर्नुपर्ने देखिन्छ :

१३.१. सबै तहका सरकारका नीतिगत तहमा रहने पदाधिकारी तथा प्रशासनिक पदाधिकारीहरुका लागि समग्रमा प्रचलित ऐन कानुनमा उल्लेख भएका आचरणगत व्यवस्थाका अतिरिक्त आफ्नो कार्यालयको प्रकृति अनुरुपको आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१३.२. सवै तहका सार्वजनिक निकाय र संगठित संस्थाहरुले संस्था सञ्चालनको उद्देश्य, कानुनको परिपालना र प्रतिवेदन सम्वन्धी उद्देश्यहरु प्राप्त गर्ने क्रममा आईपर्न सक्ने जोखिमको पहिचान गर्ने, आँकलन गर्ने, तिनको विश्लेषण गरी प्राथमिकताको आधारमा ती विषयलाई व्यवस्थापन गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्दछ ।

१३.३. निकायको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको निरन्तर तथा आवधिक अनुगमन मूल्याङ्कन गर्ने र प्राप्त पृष्ठपोषणको आधारमा जिम्मेवार व्यक्तिलाई क्षमता अभिवृद्धिको व्यवस्था गर्नुका साथै आवश्यकता अनुसार दण्ड तथा पुरस्कार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

१३.४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनु पर्दछ । साथै अन्तर्राष्ट्रिय असल अभ्यास समेत विचार गरी यस किसिमको समितिमा कार्यसंचालन तहका पदाधिकारीको सट्टा निकायको शासकीय जिम्मेवारीको भूमिकामा रहने उच्च पदाधिकारीहरु रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

१३.५. आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्ने, लेखापरीक्षणका मानदण्ड र निर्देशिकाको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने, कर्मचारीको क्षमता विकास गर्ने, लेखापरीक्षण कार्यको अनुगमन निरीक्षण एवं सुपरीवेक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरु आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिमा छलफल गरी समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१३.६. विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्था लगायत सार्वजनिक संस्थामा आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षण स्वतन्त्र एवं गुणस्तरीय रुपमा समयमा सम्पन्न गर्न आवश्यक सुधार गर्नुपर्दछ ।

१३.७. आन्तरिक लेखापरीक्षण कार्य कारोवारगत लेखाको जांचमा मात्र सिमित नरही निकायको जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र शासकीय प्रवन्धका विषयहरुको मूल्यांकन समेत गर्ने गरी सुधार गर्नुपर्ने र अन्तिम लेखापरीक्षणलाई कार्यमूलक लगायत विशेष लेखापरीक्षणमा केन्द्रित गर्नुपर्ने देखिन्छ ।

१३.८. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका व्यहोराहरु जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नु पर्दछ ।

१३.९. नेपाल सरकारको लेखा राख्ने र आन्तरिक लेखापरीक्षणको कार्य महालेखा नियन्त्रक कार्यालयबाट भई रहेकोमा लेखा राख्ने कार्य र आन्तरिक लेखापरीक्षण कार्य गर्न अलग अलग विभाग गठन हुनुपर्दछ ।लेखा समुहका कर्मचारीबाट नै लेखा राख्ने र आन्तरिक लेखापरीक्षणको कार्य हुदै आएकोमा एक अर्काको स्वार्थको विवाद हुने, सक्षमता र स्वतन्त्रताको हिसाबले उपयुक्त नदेखिएकोले आन्तरिक लेखापरीक्षकको बेग्लै समूह गठन गरिनुपर्दछ ।

१४. **नियमन व्यवस्था** - खुला बजार सिद्धान्तमा सरकारले प्रतिष्पर्धी वातावरण सिर्जना गर्न कानूनी, पूर्वाधार, व्यवसायिक वातावरण तयार गर्ने र निजी क्षेत्रले व्यावसायिक कार्य गर्दछन् । यस्ता व्यावसायिक कार्यको सरकारले कानुनद्वारा व्यवस्था गरि नियमन गर्नु पर्दछ ।नियमन सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छ :

१४.१. स्वास्थ संस्था तथा औषधि तथा खाद्य सामग्रीको नियमन विभिन्न निकायबाट गरिँदा प्रभावकारी नभएको सन्दर्भमा सबै स्वास्थ्य संस्थाको नियमन र अनुगमन कार्यलाई प्रभावकारी वनाउन ऐनद्वारा स्वतन्त्र र अधिकार सम्पन्न नियमनकारी निकायको व्यवस्था गरिनुपर्दछ । साथै खाद्य तथा औषधि एकआपसमा विषय अन्तरसम्बन्धित भएको र मानव स्वास्थ्यमा असर पार्ने महत्वपूर्ण विषय भएकोले नियमन गर्न अधिकार सम्पन्न खाद्य तथा औषधि नियमन प्राधिकरण खडा गर्ने व्यवस्था हुनुपर्दछ ।

१४.२. अर्थतन्त्रको आकारको बढोत्तरी, प्रविधिमा आएको विकास तथा विदेशी प्रविधि नेपालमा भित्रिने वातावरण अनुसार नियमनको कानूनी पर्याप्तता, क्षमता विकास र कार्यान्वयन गर्नु पर्दछ ।

१४.३. नियमनकारी निकायले गर्ने नियमन पनि प्रभावकारी नभएको अबस्था छ । नियमनकारी निकायले कानुनमा भएको अधिकार योजनाबद्ध तवरले उपयोग गरी प्रभावकारी तवरले नियमन एवं दिएका निर्देशनको कार्यान्वयन हुनुपर्दछ ।वित्तीय कारोवार गर्ने अन्य निकाय जस्तै नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष लगायतका विभिन्न कोषहरुको नियमन गर्ने नियमनकारी निकाय नभएको सन्दर्भमा यस्ता गैरबैंकिङ्ग संस्थाको नियमन गर्ने निकाय स्थापना गरिनुपर्दछ ।

१४.४. नियमन सम्बन्धमा व्यवस्थापकीय निगरानीलाई प्रभावकारी बनाउन संसदीय समितिले दिएका निर्देशनहरु सरकारले कार्यान्वयन गर्नुपर्दछ ।

१४.५. सरकारी नियमनकारी निकायहरुको अनुसन्धान गर्ने क्षमता अभिवृद्धि गरिनुपर्दछ । वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित विषयमा नियमनकारी निकायबीच सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

१५. **अन्तिम लेखापरीक्षण —** लेखापरीक्षणको प्रभाब अभिवृद्धि गर्दै सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धन गर्न अन्तिम लेखापरीक्षणमा देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

१५.१. लेखापरीक्षणको प्रभावकारिता बढाई कार्य वातावरणमा सुधार ल्याउन आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था मिलाई यस्ता पूर्वाधारलाई सूचना प्रविधिमैत्री बनाउनुपर्दछ ।

१५.२. सूचना प्रविधिको उच्चतम प्रयोग गरी कार्यस्थलमै जानु पर्ने अवस्थामा सुधार गर्दै दूर लेखापरीक्षण (रिमोट अडिट) कार्यान्वयन गर्नुपर्ने अवस्था छ । सूचना प्रविधि प्रयोगबाट लेखापरीक्षण गर्ने विधि अवलम्बन गरी लेखापरीक्षण प्रक्रिया सरल, मितव्ययी र छरितो बनाउने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१५.३. सामयिक लेखापरीक्षण, विधि विज्ञान लेखापरीक्षण, आपतकालीन अवस्था तथा विपद् व्यवस्थापन तयारी, उद्धार तथा प्रतिकार्य र प्रतिलाभ, वातावरणीय, दिगो विकास लगायत अन्य समसामयिक र नवविकसित घटनाहरुको विशेष लेखापरीक्षण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । जोखिममा आधारित लेखापरीक्षणको अबधारणाको प्रभाबकारी कार्यान्वयन गर्ने, कार्यमूलक लेखापरीक्षणको दायरा विस्तार गर्ने र परिपालना बेग्लै लेखापरीक्षण गरी प्रतिबेदन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५.४. महालेखापरीक्षकको कार्यालयबाट गरिने कार्यमूलक तथा विशेष लेखापरीक्षण तथा अन्य कार्यमा नागरिक समाज र सरोकारवालाको संलग्नतालाई लेखापरीक्षणको सबै प्रक्रियामा अभ्यास गर्दै लेखापरीक्षणको प्रभाव बढाउनु पर्दछ । नागरिक तथा नागरिक समाजका संस्थाबीच सूचना आदान प्रदान गर्न मोबाईल एप्लिकेशन डिजाईन गरी प्रयोगमा ल्याउनु पर्दछ ।

१५.५. लेखापरीक्षणमा प्राविधिक विशेषज्ञहरुको संलग्नता बढाउने तथा निर्माण कार्यको गुणस्तर जाँच गर्न कार्यालयको आफ्नै ल्याबको व्यवस्था गर्ने तर्फ विचार गर्नु पर्दछ ।

१५.६. लेखापरीक्षणको गुणस्तर लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको पेसागत ज्ञान, सीप र अनुभवमा भर पर्ने भएकोले कर्मचारी क्षमता विकास कार्यलाई उच्च महत्व दिँदै आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका लागि लेखापरीक्षण उत्कृष्टता केन्द्रको स्थापना गर्नुपर्ने देखिन्छ ।

१५.७. विद्यमान संघीय संरचना अनुरुप प्रदेश तहसम्म कार्यालयको भौगोलिक उपस्थितिको लागि कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्नुपर्ने देखिन्छ ।

१५.८. लेखापरीक्षण सम्बन्धी मूल कानुनको रुपमा रहेको लेखापरीक्षण ऐन, २०७५ को दफा ३, लेखापरीक्षण भित्र "सम्परीक्षण" कार्य समेत रहेको र लेखापरीक्षणको अभिन्न अंगको रुपमा रहेकोले सम्परीक्षण सम्वन्धी कार्यलाई व्यवस्थित, तथ्यपरक तथा मर्यादित बनाउन लेखापरीक्षण नियमावली बनाई सम्परीक्षण कार्यलाई व्यवस्थित बनाउनु जरुरी छ ।

१५.९. वित्तीय विवरण तथा लेखा समयमा उपलब्ध नगराउने, लेखासँग सम्बन्धित कागजात पेश नगर्ने, तत्सम्बन्धी सूचना उपलब्ध नगराउने, तोकिएको ढाँचामा लेखा नराखे र लेखापरीक्षण नगराउनेलाई लेखापरीक्षण ऐन बमोजिम कारबाही गर्ने व्यवस्थाको परिपालना हुनुपर्दछ ।

१६. **लेखापरीक्षणको स्वतन्त्रता एबं सरोकारवासँगको सम्बन्ध -** अन्तिम लेखापरीक्षण गर्ने संस्थाको स्वतन्त्रता र सो निकायको अन्य सरोकारवाला निकायसंगको सम्बन्ध सम्बन्धमा देहायको सुधार गर्नु आवश्यक छ :

१६.१. सार्वजनिक प्रशासनमा दक्षता, उतरदायित्व, प्रभावकारिता र पारदर्शिता प्रवर्द्धनका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्र

संघको महासभाले पारित गरेका प्रस्तावहरुले सम्बोधन गरे बमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक र कार्यात्मक स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन उपलब्ध हुने अवस्था सिर्जना गर्नुपर्दछ ।

१६.२. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनका महत्वपूर्ण विषयका सम्बन्धमा सार्वजनिक लेखा समितिमा पूर्व छलफल गर्ने, समन्वय गर्ने, सहकार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।

१६.३. सार्वजनिक लेखा समितिले गरेका निर्णय तथा निर्देशनको अभिलेख तयार गर्ने र कार्यान्वयन सम्बन्धमा आवधिक रुपमा सम्बन्धित मन्त्रालय/निकायबाट प्रतिवेदन लिने व्यवस्था गरी अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ । यस्ता निर्णय तथा निर्देशनको डिजिटलाईजेशन गर्नु आवश्यक छ ।

१६.४. लेखापरीक्षण ऐन, २०७५ को दफा ४ ले महालेखापरीक्षकलाई लेखापरीक्षण गर्नुपर्ने इकाइ तथा कारोबार छनौट गरी केही प्रतिशत मात्र परीक्षण गर्नेगरी लेखापरीक्षणको तरिका, क्षेत्र तोकी अन्तिम लेखापरीक्षण गर्ने अधिकार प्रदान गरेको छ । लेखापरीक्षण मानदण्ड, निर्देशिका तथा सिद्धान्त अनुरुप कारोबारको नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्ने प्रचलन रहेको छ । अन्तर्राष्ट्रीय मान्यता अनुसार लेखापरीक्षणले एक निश्चितस्तरसम्मको आश्वस्तता प्रदान गर्ने, वित्तीय विवरण तथा कारोबारमा सम्बन्धित व्यवस्थापन पक्षको जिम्मेवारी हुने र सो उपर परीक्षण गरी प्रतिवेदन जारी गर्ने जिम्मेवारी लेखापरीक्षकको हुने व्यवस्था छ । उक्त मान्यताअनुरुप आत्मसात गर्दै लेखापरीक्षण ऐनको दफा १६ मा महालेखापरीक्षकद्वारा जारी मानदण्ड, नीति, निर्देशन, निर्देशिका तथा लेखापरीक्षण योजनाबमोजिम सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको क्षति वा त्रुटिको लागि महालेखापरीक्षकको कार्यालयका कर्मचारी व्यक्तिगतरुपमा जिम्मेवार नहुने व्यवस्था छ ।लेखापरीक्षण मानदण्ड, निर्देशिकाको आधारमा लेखापरीक्षण गर्दा पहिचान हुन नसकेका त्रुटि वा कमजोरीका विषयमा लेखापरीक्षण ऐन, २०७५ को दफा १४ बमोजिम समकक्षी पुनरावलोकन बाहेक लेखापरीक्षणको पुनरावलोकन गर्न नसिकने व्यवस्था रहेको सम्बन्धमा सरोकारवाला निकायले आत्मसात गर्नुपर्दछ ।

१६.५. सरकारी निकायले लेखापरीक्षण सन्दर्भमा सूचनाको पहुँच सम्बन्धी महालेखापरीक्षकको अधिकार बमोजिम माग भएका सूचना समयमा नै उपलब्ध गराउने र लेखापरीक्षणको समयमा उपस्थित भई छलफल अन्तरक्रियामा भाग लिई बेरुजू हुन नदिने र भएमा पनि तोकिएको समयमा फछ्र्यौट गरी आर्थिक अनुशासन कायम गर्न सहयोग गर्नु पर्दछ ।

१७. **संघीयता कार्यान्वयन -** संघीयताको मर्म अनुरुप कानुन निर्माण, संगठन संरचना, जनशक्ति व्यवस्थापन समेतका आधारमा संघ प्रदेश र स्थानीयतहबाट विकास निर्माण श्रोत परिचालन र सेवा प्रवाह गर्न देहायबमोजिमको सुधार गर्नुपर्ने देखिन्छ :

१७.१. नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका संघ प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूची अनुसारका कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७.२. संघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ अनुसार संघ प्रदेश तथा स्थानीय तहबाट आयोजना कार्यक्रम विभाजन तथा कार्यान्वयन हुनु पर्दछ । स्रोत अनुमान बेगर अगामी वर्षका लागि दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१७.३. प्रदेश सरकार तथा स्थानीय तहले ठूलो रकम खर्च गरी तयार गरेका विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी कार्यान्वयनमा ल्याउनु पर्दछ । साथै संघबाट अध्ययन गरी तयार गरिएका प्रतिवेदनहरु प्रदेश तथा स्थानियतहमा हस्तान्तरण गरी दोहोरो अध्ययन नहुने व्यवस्था मिलाउनुपर्दछ ।

१७.४. प्रदेश सरकार र स्थानीय तहको राजश्वको आधार कम भई संघीय बजेटमा निर्भर रहेकाले राजश्वको आधार बढाउनु पर्ने देखिन्छ । राजश्व बाँडफाँड चालु वर्षको असुलीको आधारमा गर्दा प्रदेश सरकार तथा स्थानीय तहले पाउने रकम निश्चित हुन नसकी प्रदेश सरकार र स्थानीय तहको बजेट अनुमान यथार्थपरक हुन नसकेकोले गत वर्षको यथार्थ असुलीको आधारमा अनुमानित राजस्व बाँडफाँड र अनुदानको सीमा उपलब्ध गराई बजेट निर्माण प्रकृयालाई सहजीकरण गरिनुपर्दछ ।

१७.५. जिल्ला समन्वय समितिले स्थानीय तहबाट प्रदान गर्ने सेवाको गुणस्तर, सेवाशुल्क, सेवाप्रवाहको प्रक्रिया सम्बन्धमा गर्ने अनुगमन प्रभावकारी बनाउनु पर्दछ ।

१७.६. साझा अधिकार अन्तरगत संकलन भएको राजस्व बिभाज्यकोषमा जम्मा हुनुपर्नेमा सञ्चितकोषमा जम्मा गर्ने गरेको समेत देखिएको छ । अतः यस्तो राजस्व विभाज्य कोषमा दाखिला गरी बाँडफाँड गर्नुपर्दछ ।

१७.७. संघ, प्रदेश तथा स्थानियतहले सार्वजनिक वित्तीय उत्तरदायित्व सूचकहरूको आधारमा नियमितरुपमा सार्वजनिक वित्तीय व्यवस्थापनको जवाफदेहिताको स्वःमूल्याङ्कन गर्ने एवं तीन वटै तहका सरकारको एकिकृत वित्तीय व्यवस्थापन रणनीति प्रणाली तयार गर्नुपर्दछ ।

१७.८. स्थानीय तहका पदाधिकारीले पाउने सुविधा, आर्थिक सहायता वितरण, सवारी साधन खरिदको लागि राष्ट्रियरुपमा नै मापदण्ड तोकी खर्च नियन्त्रण एवं एकरुपता कायम हुनु पर्दछ । त्यस्तै प्रदेश सरकार तथा स्थानीय तह स्वयंले निर्णय गरी अतिरिक्त सुविधा दिने गरेकोले ती कर्मचारीको सेवाका शर्त एवं पाउने सुविधाका सम्बन्धमा कानूनी व्यवस्था हुनु पर्दछ ।

१८. **प्रदेशतहको वित्तीय व्यवस्थापन —** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार एवं स्रोत साधनको उपयोगलाई प्रभावकारी बनाउन देहाय बमोजिम सुधार गर्नुपर्दछ :

१८.१. नेपालको संविधानको धारा ५७(६) बमोजिम प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने तथा संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था रहेकोमा लेखापरीक्षणका क्रममा कतिपय प्रदेश कानुनहरु संघीय कानुनसँग बाझिएको पाइएको छ । अतः प्रदेश कानुनहरु निर्माण गर्दा संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ ।

१८.२. प्रदेशले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी आवधिक योजना, दीर्घकालीन रणनीति, मध्यमकालीन खर्च संरचना तयार गर्ने र सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्ने व्यवस्था मिलाउने, खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने र मितव्ययीता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्नुपर्दछ ।

१८.३. बजेट कार्यान्वयन र प्रतिवेदन कार्यको शुद्धता, नियमितता, सामयिकता र प्रभावकारिताको लागि राजस्व, बजेट तर्जुमा, अख्तियारी प्रदान, खर्च व्यवस्थापन, निकासा, भुक्तानी, लेखांकन र प्रतिवेदन तयार लगायत समग्र वित्तीय व्यवस्थापनसँग सम्बन्धित कार्यहरुलाई सूचना प्रविधि प्रणालीसँग आबद्ध गराउनु पर्दछ ।

१८.४. परियोजना बैंक तयार गरी प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा प्रवाहित गर्नुपर्ने, खरिद कारबाहीलाई प्रतिस्पर्धी एवं मितव्ययी बनाई बजेट कार्यान्वयन, त्रिवर्षीय खर्च प्रक्षेपणको आधारमा बजेट विनियोजन गरी विकास आयोजना सञ्चालन गर्ने, विकास निर्माण र सेवा प्रवाहमा अनुगमन गर्न प्रभावकारी अनुगमन संयन्त्रको विकास गर्नुपर्दछ । बजेट कार्यान्वयनको लेखांकन र प्रतिवेदन सूचना प्रविधिमा आधारित बनाउनु पर्दछ ।

१८.५. प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्दै आन्तरिक लेखापरीक्षण कार्य विश्वसनीय, भरपर्दो र गुणस्तरीय

बनाउन आवश्यक कानूनी, नीतिगत तथा प्रशासकीय व्यवस्थामा सुधार गर्नुपर्दछ । सबै प्रदेशले कारोबार संचालनको लागि आर्थिक कार्यविधि नियमावली तयार गर्नु पर्दछ ।

१८.६. प्रदेश सरकार मातहतका कार्यालयका स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनु पर्दछ ।एकिकृत कार्यालयको अवधारणा अनुसार कार्यालय स्थापना गरी कार्यसम्पादन गर्नुपर्दछ ।

१९. **स्थानीय तहको वित्तीय व्यवस्थापन –** स्थानीय तहको वित्तीय व्यवस्थापन तथा स्रोत साधनको उपयोगलाई प्रभावकारी बनाउन देहाय बमोजिम सुधार गर्नुपर्दछ :

१९.१. स्थानीय तहले स्थानीय आवस्यकता मध्यनजर गरी आवधिक योजना तर्जुमा गर्ने, सहभागितात्मक तवरले योजना छनौट एवं बजेट निर्माण गर्ने, योजना कार्यान्वयन अनुगमन लगायतका विषयलाई थप व्यवस्थित, प्रभावकारी तथा वैज्ञानिक बनाउने र योजना प्रकृयालाई दक्ष एवं क्षमतायुक्त बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१९.२. बजेट विनियोजन गर्ने तर सो पालना नगरी कार्यक्रम सञ्चालन एवं खर्च गर्दै जाने र खर्च भए अनुसारको रकमलाई बजेट कायम गरी गाँउ/ नगर सभाबाट अनुमोदन गर्ने परिपाटी बजेट सिद्धान्त बिपरित देखिएकोले यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

१९.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा स्थानीय सरकार संचालन ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी कार्यालयको कामलाई मितव्ययी र प्रभावकारी बनाउनु पर्दछ ।

१९.४. स्थानीय सरकार संचालनका सन्दर्भमा आर्थिक कार्यविधि ऐन लगायत अन्य आवश्यक स्थानीय कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । स्थानियतहले सार्वजनिक खरिद सम्बन्धी कानुन र कार्यविधि तयार गर्दा सार्वजनिक खरिद ऐनको व्यवस्थासंग नबाझिने गरी तयार गर्नुपर्दछ ।

१९.५. स्थानियतह पिच्छे फरक फरक प्रकृतिको कर लगाईएको र अधिकार क्षेत्र बाहिर कर लगाएको कारण बिबाद सृजना भएको तथ्यलाई विचार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित क्षेत्रमा राजस्व संकलन गर्ने राष्ट्रिय मापदण्ड तयार गरी सबै स्थानीय तहले एकरुपता कायम हुने गरी आन्तरिक आय संकलनलाई व्यवस्थित, प्रभावकारी र विश्वसनीय बनाउनु पर्दछ ।

१९.६. स्थानीय तहको संचालन सम्बन्धमा स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरी आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य, शिक्षा, कृषि, पशु लगायतका क्षेत्रगत विषयका सेवा प्रवाहलाई श्रम, समय र लागतप्रभावी बनाउने उपाय अवलम्बन गर्नुपर्दछ ।

१९.७. दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी स्थानिय तहको सन्दर्भमा आबधिकरुपमा हासिल गर्नुपर्ने मध्यकालिन लक्ष्य सुचकहरु निर्धारण सो अनुसार समग्र योजना प्रकृया निर्देशित हुनुपर्दछ ।

१९.८. स्थानीय तहबाट निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत हुने गरेको अवस्था छ । उपभोक्ता समितिबाट भएको कार्य, त्यसको गुणस्तर तथा लागत सहभागिता सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

१९.९. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम स्थानिय तहले आफ्नो आय ब्ययको चौमासिक विवरण प्रदेशमा पठाउने व्यवस्था कडाईका साथ पालन गरिनुपर्दछ । सबै स्थानियतहले सब-नेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेशन प्रयोगमा ल्याउनुपर्दछ ।

१९.१०.स्थानीय तहको आन्तरिक लेखापरीक्षण व्यवस्थालाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, विश्वसनीय र प्रभावकारी बनाउन सबै स्थानीय तहको लेखापरीक्षण गर्न प्रदेश वा जिल्ला तहमा आन्तरिक लेखापरीक्षण निकायको व्यवस्था हुनुपर्दछ ।

१९.११.स्थानीय तहमा महालेखापरीक्षकको कार्यालयबाट जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँ सभा वा नगरसभामा पेश गरी छलफल हुने व्यवस्था रहेको छ । पदाधिकारी तथा सदस्यबाट सम्पादन भएको कार्यउपर बेरुजू उठेको अबस्थामा सभाबाट फछ्यौंट गर्दा स्वार्थ बाझिने व्यवहार हुने भएकोले यसमा नीतिगत र कानुनी सुधार गर्नुपर्दछ ।

१९.१२.स्थानीय तहको आन्तरिक आयको तुलनामा प्रशासनिक खर्च अत्यधिक देखिन्छ । त्यसमा पनि पदाधिकारी र कर्मचारीका सुबिधा सबारी साधन, ईन्धन, बैठक भत्ता, अनुगमन लगायतमा बढि खर्च हुने गरेको छ । वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदानको रकम प्रशासनिक लगायतका प्रयोजनमा बढी खर्च गर्नु परेको अवस्थालाई नियन्त्रण गर्न वित्तीय हस्तान्तरण रकमको उद्देश्यमूलक प्रयोग गरी प्रशासनिक खर्चको सीमा निर्धारण गरिनुपर्दछ ।

उपर्युक्त बमोजिम नीतिगत, कानुनी, व्यवस्थापकीय, प्रक्रियागत, प्रणालीगत, सुधार कार्य हुनसकेमा आर्थिक अनुशासन कायम भई वित्तीय सुशासन कायम हुने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद - ६

# कार्यालय गतिविधि

१. **महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेस –** सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष नेपालको संविधानको धारा २४१ अनुसार संघ, प्रदेश, स्थानीय तह लगायत तोकिएका अन्य निकायको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी संविधानको धारा २९४(१) बमोजिम २०७५ चैत्र २९ मा महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन, २०७५ पेस गरियो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले संघ, प्रदेश र स्थानीय तहसमेत सबै निकायको लेखापरीक्षण सम्पन्न गरी समयमै प्रतिवेदन पेस गरेकोमा धन्यवाद दिँदै लेखापरीक्षणका नतिजाले समग्र मुलुकी प्रशासनको अवस्थाबारे जानकारी प्राप्त भई सुधारका कार्यलाई मार्गनिर्देश गर्न सहयोग पुग्ने बताउनुभयो । त्यस क्रममा उहाँले प्रतिवेदनमा औंल्याइएका विषयहरुलाई सम्बन्धित निकायले गम्भीरतापूर्वक लिई कार्यान्वयनमा लैजानुपर्ने बताउनुभएको थियो ।

संविधानको धारा २९४(३) अनुसार प्रदेश सरकारको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्नसक्ने व्यवस्थाअनुसार प्रदेशगत रुपमा तयार पारेको वार्षिक प्रतिवेदन सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष महालेखापरीक्षकको प्रतिनिधिबाट पेस गरिएको थियो भने लेखापरीक्षण ऐन, २०७५ को दफा २० बमोजिम सबै स्थानीय तहलाई अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गरिएको थियो ।

२. **संगठन संरचना र दरबन्दी -** महालेखापरीक्षकको स्थानीय तहसम्म पहुँच वृद्धिका लागि ७ वटा प्रादेशिक कार्यालय स्थापनाका निमित्त ४ उप-महालेखापरीक्ष, १८ नायब महालेखपरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी र अन्य कर्मचारीसहित ६४३ जनाको संगठन संरचना स्वीकृतिका लागि २०७६।११।२९ मा नेपाल सरकारसमक्ष पेस गरिएको छ ।

३. **लेखा ढाँचा र फाराम -** संघ, प्रदेश र स्थानीयतहमा लागू हुने विद्यमान लेखा र प्रतिवेदन ढाँचामा परिवर्तन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरुप संशोधन, परिमार्जन र थपसमेत गरी नेपालको संविधानको धारा २४१(४) एवं लेखापरीक्षण ऐन, २०७५ को दफा २३ बमोजिम महालेखा नियन्त्रक कार्यालयले पेस गरेका १४१ लेखा ढाँचा २०७६ ज्येष्ठ १९ मा महालेखापरीक्षकबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

४. **वार्षिकोत्सव समारोह सम्पन्न -** महालेखापरीक्षकको कार्यालयको ६१ औं वार्षिकोत्सव २०७६ आषाढ १५ गते प्रतिनिधि सभाका तत्कालीन सम्माननीय सभामुख श्री कृष्णबहादुर महराको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त समारोहमा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरू, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । सो अवसरमा तत्कालीन सम्माननीय सभामुखले महालेखापरीक्षकबाट सार्वजनिक स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियाको निगरानी गर्ने तथा मुलुकमा वित्तीय अनुशासन कायम गर्ने गराउने कार्यमा पुऱ्याइरहेको योगदानको चर्चा गर्नुभएको थियो । सो अवसरमा महालेखापरीक्षकले संवैधानिक जिम्मेवारी निर्वाह गर्दै सरोकारवाला पक्षहरुसँगको सहभागितात्मक अवधारणाका आधारमा लेखापरीक्षण कार्यलाई प्रभावकारी र नतिजामुखी बनाई कार्य सम्पादन गरिने बताउनुभयो ।

५. **वार्षिक लेखापरीक्षण योजना तर्जुमा र कार्यान्वयन –** संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य निकायको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षणका लागि माननीय

महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण योजना, २०७६ स्वीकृत भई श्रावण १ गतेदेखि कार्यान्वयनमा आएको छ । उक्त योजनाअनुसार तोकिएका निकायहरुको जोखिममा आधारित लेखापरीक्षण योजना तयार गरी २०७६ श्रावणदेखि २०७६ फागुन मसान्तसम्ममा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । २०७६ चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने कार्ययोजना रहेकोमा विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस महामारीका कारण वार्षिक प्रतिवेदन पेस गर्ने कार्य २०७७ आषाढ मसान्तमा पुगेको छ ।

लेखापरीक्षण योजना तर्जुमा र कार्यान्वयनका क्रममा सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानन्यायधीश, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, संघीय सरकारका पदाधिकारीहरु, लेखापरीक्षण सल्लाहकार समिति, प्राविधिक विशेषज्ञलगायतका पदाधिकारीहरुसँग लेखापरीक्षणका विविध पक्षबारे छलफल गरी प्राप्त सुझावलाई समेत समावेश गरिएको थियो । यसबाट लेखापरीक्षण कार्यान्वयनमा सहजता भई समयमै लेखापरीक्षण कार्य सम्पन्न गर्न सहयोग पुगेको छ ।

६. **अन्तरक्रिया तथा छलफल कार्यक्रम -** महालेखापरीक्षकको कार्यालयको आयोजनामा २०७६ मंसिर र पौष महिनामा संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था तथा प्रतिवेदन प्रणालीलगायतका विषयमा प्रदेश नं. १, २, बाग्मती, गण्डकी र प्रदेश नं ५ अन्तर्गतका ६ जिल्लामा २३ अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रदेशका माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्रीसहित प्रदेशका मन्त्रीहरु, प्रदेश प्रमुख सचिव, प्रदेश सचिवहरुलगायत संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा लेखापरीक्षणका विविध विषयमा सहभागीकातर्फबाट राखिएका जिज्ञासा एवं गुनासाहरुको सम्बोधन गरिएको थियो ।

७. **लेखापरीक्षण सल्लाहकार समिति -** लेखापरीक्षणको विश्वसनीयता र गुणस्तर अभिवृद्धि गर्दै यसका कानुनी, प्रक्रियागत तथा व्यावहारिक पक्षमा सुधार गर्ने तथा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका १६ व्यक्ति सम्मिलित लेखापरीक्षण सल्लाहकार समिति गठन भएको छ । यस अवधिमा समितिको बैठक २ पटक बसी संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण विधि, पद्धति र लेखापरीक्षणमा ध्यान पुऱ्याउनुपर्ने प्रमुख विषय तथा प्रतिवेदनको प्रभावकारी कार्यान्वयन सम्बन्धमा महालेखापरीक्षकलाई महत्वपूर्ण राय सुझाव प्राप्त भएको छ ।

८. **संस्थागत सम्बन्ध तथा सञ्चार** - लेखापरीक्षण नतिजाको प्रभाव वृद्धि गर्दै प्रतिवेदन कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सरोकारवालासँगको सम्बन्ध महत्वपूर्ण रहन्छ । यस तथ्यलाई मध्यनजर गरी संघीय संसद, संसदीय समिति, संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी, सार्वजनिक संस्थानका पदाधिकारी, निजी क्षेत्र, सञ्चार माध्यम तथा अन्य सरोकारवालासँग निरन्तर छलफल, अन्तरक्रिया र कार्यगत समन्वय गरिएको छ । यसका अलावा कार्यालयको सूचना प्रवाह तथा सञ्चारलाई प्रभावकारी बनाउन नियमितरुपमा प्रेस विज्ञप्ति जारी गर्ने, लेखापरीक्षण बुलेटिन र लेखापरीक्षण पत्रिका प्रकाशित गर्ने, कार्यालयको वेभसाइटबाट निरन्तर सूचना प्रवाहित गर्ने र सर्वसाधारणबाट माग भै आएका सूचनाहरु प्रवाह गर्ने गरिएको छ ।

९. **निर्देशिका अद्यावधिक -** स्थानीय तहको लेखापरीक्षण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन साविकका स्थानीयतहको लेखापरीक्षणसम्बन्धी निर्देशिका र बेरुजू वर्गीकरण निर्देशिकालाई अद्यावधिक गरिएको छ ।

१०. **दिगो विकास लक्ष्यको लेखापरीक्षण** - दिगो विकास लक्ष्यको कार्यान्वयन र प्रतिवेदनका विषयमा राष्ट्रिय योजना आयोगसँग परामर्श तथा छलफल गरिनुका साथै आयोग र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनसँगको समन्वयमा लक्ष्यको कार्यान्वयन स्थितिबारे लेखापरीक्षण कार्य प्रारम्भ गरिएको छ ।

११. **संसदीय समितिहरुसँगको सम्बन्ध -** सार्वजनिक लेखापरीक्षणका विविध पक्षमा गुणात्मक सुधारका लागि संघीय संसदको सार्वजनिक लेखा समिति, अर्थ समिति, दिगो विकास तथा सुशासन समिति, प्रदेश सभाका सार्वजनिक लेखा समितिहरुसँग निरन्तर छलफल, सम्पर्क र अन्तरक्रिया गरिएको छ । लेखापरीक्षणको क्रममा संसदीय समितिहरुले विभिन्न विषयउपर अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्ष समेतलाई आधारभूत सामग्रीका रुपमा लिइएको छ । महालेखापरीक्षकको प्रतिवेदनमाथि संघ र प्रदेश अन्तर्गतका सार्वजनिक लेखा समिति तथा नगर/गाउँ सभामा हुने छलफललाई प्रभावकारी बनाई प्रतिवेदन कार्यान्वयनका सम्बन्धमा समन्वयात्मक ढङ्गले कार्य गरिनेछ ।

१२. **भवन निर्माण** - सम्माननीय राष्ट्रपतिबाट २०७४ मंसिर १८ गते शिलान्यास भएको काठमाडौं अनामनगरस्थित कार्यालय भवनको बाहिरी संरचना निर्माण कार्य सम्पन्न भई भित्री संरचना निर्माणको कार्यसमेत अन्तिम चरणमा पुगेको छ ।

१३. **लेखापरीक्षणमा नागरिक सहभागिता** - महालेखापरीक्षकको कार्यगत स्वतन्त्रता र स्वायत्ततामा असर नपर्ने गरी कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको छ । सहभागितात्मक लेखापरीक्षण कार्यलाई गुणस्तरीय बनाउन प्रदेशगत रुपमा नागरिक समाजका संस्थासँग आबद्ध २६६ व्यक्तिलाई कार्यमूलक लेखापरीक्षणसम्बन्धी तालिम प्रदान गरिएको थियो ।

१४. **संस्थागत सुदृढीकरण -** लेखापरीक्षणको क्षेत्रमा सहयोग गर्ने तथा महालेखापरीक्षकको कार्ययोजना (२०७४–२०८०) कार्यान्वयनका लागि बहुदाताकोषको सहयोगमा रु.४० करोड खर्च गर्ने गरी महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना २०७५ आषाढ १३ देखि कार्यान्वयनमा आएको छ । उक्त आयोजनाबाट लेखापरीक्षण मानदण्डमा समसामयिक सुधार गर्ने, लेखापरीक्षणलाई थप प्रभावकारी र गुणस्तरीय बनाउने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधिमा आधारित विद्युतीय लेखापरीक्षण सफ्टवेयर विकास गरी लेखापरीक्षणलाई कागजरहित बनाउने, लेखापरीक्षणमा नागरिक सहभागिता अभिवृद्धि गर्नेलगायतका कार्य सम्पादन हुँदै आएको छ ।

१५. **जनशक्ति विकास तथा क्षमता अभिवृद्धि -** जनशक्ति विकास तथा कर्मचारी क्षमता अभिवृद्धिका लागि आन्तरिक, स्वदेशी तथा वैदेशिक कार्यक्रममा कर्मचारीको सहभागिता गराउने कार्यलाई निरन्तरता दिइएको छ । यस वर्ष कार्यालयका ९२ कर्मचारीले स्वदेशी तथा ४२ कर्मचारीले वैदेशिक तालिम तथा क्षमता विकाससम्बन्धी कार्यक्रममा सहभागिता जनाएका छन् ।

१६. **पदपूर्ति** - यस वर्ष कार्यालयको रिक्त दरबन्दीमध्ये नायब महालेखापरीक्षक ७, निर्देशक १२, लेखापरीक्षण अधिकारी ६५, लेखापरीक्षण अधीक्षक ४५ र लेखापरीक्षण निरीक्षक ३ जनासमेत १३२ जना कर्मचारी लोक सेवा आयोगको सिफारिसमा बढुवा तथा पदपूर्ति गरिएको छ ।

१७. **भर्चुअल बैठक -** विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ महामारीका कारण सिर्जित बन्दाबन्दी अवधिमा महालेखापरीक्षकको उपस्थितिमा प्रतिवेदन तयारीलगायत विविध विषयसँग सम्बन्धित विभिन्न ३५ पटक भर्चुअल बैठक सम्पन्न भएका छन् । उक्त बैठकमा कार्यालयका पदाधिकारी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल लेखामान बोर्ड, लेखा र वित्तीय क्षेत्रका विज्ञलगायत विभिन्न संघ संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । साथै, सो अवधिमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन (इण्टोसाई), अन्य क्षेत्रीय संगठनहरुद्वारा आयोजित भर्चुअल बैठकहरुमा समेत कार्यालयका पदाधिकारीहरुले सहभागिता जनाउनुभएको थियो ।

१८. **प्राविधिक समिति -** महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश गर्न उपयुक्त हुने नीतिगत सुधारका क्षेत्रबारे अध्ययन गरी सुझाव पेस गर्न ६ सदस्यीय प्राविधिक समिति गठन गरिएको थियो ।उक्त समितिले संघीय संरचनामा वित्त व्यवस्थापन र सार्वजनिक क्षेत्र वित्तीय प्रतिवेदन प्रणाली, सार्वजनिक संस्थानहरुको संचालन र व्यवस्थापन, नियमनकारी निकायहरुको नियमन प्रभावकारिता, कोभिड-१९ महामारीबाट पर्ने सामाजिक, मानवीय तथा आर्थिक प्रभाव र समग्र नीतिगत विषयमा गर्नुपर्ने सुधारका विषयमा सुझावसहितको प्रतिवेदन प्राप्त भएको छ ।

१९. **विभूषण र पुरस्कार -** नेपाल सरकारले संविधान दिवसका अवसरमा एक उप-महालेखापरीक्षकलाई सुप्रबल जनसेवा श्री (तृतीय श्रेणी) र एक निर्देशकलाई प्रबल जनसेवा श्री (चतुर्थ श्रेणी) पदक तथा निजामती सेवा दिवस, २०७६ को अवसरमा एक नायब महालेखापरीक्षकलाई उत्कृष्ट निजामती सेवा पुरस्कार प्रदान गरेको छ । त्यसैगरी कार्यालयको ६१ औं वार्षिकोत्सवको अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्ने ७ कर्मचारीलाई सम्माननीय सभामुखबाट पुरस्कृत एवं सम्मानित गरिएको छ ।

२०. **अन्तर्राष्ट्रिय सम्बन्ध -** सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरुप बनाउन अन्य मुलुकको अभ्यासबारे जानकारी लिने तथा कार्यालयले गरेका कामहरु अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने नीति कार्यालयले अवलम्बन गरेको छ । यस सम्बन्धमा यस प्रतिवेदन अवधिमा भएका प्रमुख गतिविधिहरु देहायबमोजिम छन्ः

२०.१ रुसको राजधानी मस्कोमा २०१९ सेप्टेम्बरमा भएको इण्टोसाईको तेइसौं महाधिवेशनमा महालेखापरीक्षकको नेतृत्वको तीन सदस्यीय टोलीको सहभागिता रहेको थियो । प्रत्येक तीन वर्षमा हुने यस महाधिवेशनमा दिगो विकास लक्ष्य कार्यान्वयनमा इण्टोसाईको भूमिका, लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग लगायतका विषयमा छलफल गर्दै १० बुँदे मस्को घोषणापत्र जारी गर्दै सम्पन्न भएको थियो । उक्त अवसरमा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा आपसी सहयोग गर्ने सम्बन्धमा पाकिस्तानको सर्वोच्च लेखापरीक्षण संस्था र नेपालका महालेखापरीक्षकको कार्यालयबीच समझदारीपत्रमा हस्ताक्षरसमेत भएको थियो ।

२०.२ सामाजिक तथा आर्थिक क्रियाकलापका लागि संयुक्त राष्ट्रसंघीय विभाग र इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई.) ले संयुक्तरुपमा जुलाई २०१९ मा संयुक्त राष्ट्रसंघ मुख्यालय न्युयोर्कमा आयोजना गरेको दिगो विकास लक्ष्य कार्यान्वयन र सर्वोच्च लेखापरीक्षण सस्थाले खेल्न सक्ने फरक भूमिका विषयक कार्यक्रममा महालेखापरीक्षकको नेतृत्वको तीन सदस्यीय टोलीले भाग लिएको थियो । उक्त कार्यक्रममा सर्वोच्च लेखापरीक्षण संस्थाको नेतृत्व र सरोकारवालाबीच दिगो विकास लक्ष्य कार्यान्वयनको विषयमा छलफल तथा लेखापरीक्षणसम्बन्धी अभ्यास र अनुभवको आदान प्रदान भएको थियो ।

२०.३ जुलाई २०१९ मा कुवेतमा भएको एसियाली सर्वोच्च लेखापरीक्षण संस्था (एसोसाई) को ५४ औं गभर्निङ्ग बोर्डको बैठकमा उप-महालेखापरीक्षकको नेतृत्वको दुई सदस्यीय टोलीको सहभागिता रहेको थियो । सो बैठकमा एसोसाईको रणनीतिक योजना, बजेट, वार्षिक कार्यक्रम तथा क्षमता अभिवृद्धि कार्यक्रम सम्बन्धमा छलफल भएको थियो । उक्त बैठकमा एसोसाईका १२ सञ्चालक सदस्य, सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरु र अन्य विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरुले सहभागिता जनाएका थिए । नेपाल सन् २०१८ देखि २०२१ सम्मको लागि एसोसाईको गभर्निङ्ग बोर्डको सदस्यको रुपमा सन् २०१८ मा भएको एसोसाईको चौधौं सभाबाट दोस्रो कार्यकालका लागि निर्वाचित भएको हो ।

२०.४ नेपालका महालेखापरीक्षकको निमन्त्रणामा सन् २०१९ को जुलाईमा स्टेट अडिट कमिसन, थाइल्याण्डका कमिस्नरको नेतृत्वमा ६ सदस्यीय टोलीबाट नेपालको भ्रमण भएको थियो। उक्त भ्रमणको अवसरमा सार्वजनिक क्षेत्रको लेखापरीक्षणलाई थप सबल बनाउनका लागि आपसी सहयोग बढाउने सहमति भई समझदारीपत्र तयार गरिएको छ । उक्त समझदारी गर्ने सम्बन्धमा कार्यालयले नेपाल सरकारको सहमति प्राप्त गरिसकेको छ । यसैगरी सन् २०२० को जनवरीमा भुटानका महालेखापरीक्षकको नेतृत्वमा ६ सदस्यीय टोलीबाट नेपालको भ्रमण गरिएको थियो । उक्त अवसरमा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा एक आपसमा ज्ञान, सीपको आदान-प्रदान गर्ने गरी आपसी सहयोग बढाउने विषयमा छलफल भएको थियो ।

२०.५ विश्व बैङ्क समूहका उपाध्यक्ष तथा महालेखापरीक्षकको नेपाल भ्रमणको अवसरमा सार्वजनिक वित्तीय प्रशासन, आर्थिक अनुशासन, जिम्मेवारी र जवाफदेहिताको विषयमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सो अवसरमा उहाँले नेपालको महालेखापरीक्षकको कार्यालयले सुशासन र पारदर्शिताको पक्षमा गरेका कामको उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा द्विपक्षीय हित र चासोको विषयमा साझेदारी गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

२०.६ यस कार्यालयले आई.डी.आई. तथा एसियाली सर्वोच्च लेखापरीक्षण संगठनबाट सञ्चालित विभिन्न क्षमता अभिवृद्धि कार्यक्रममा कर्मचारीलाई सहभागी गराएको छ । ती संस्थाहरुले आयोजना गरेका कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुलाई उक्त संस्थाहरुको अनुरोधमा स्रोत व्यक्तिको रुपमा समेत पठाउने गरिएको छ । एसोसाई कार्यालयले सन् २०१९ को लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा गुणस्तर आश्वस्तता विषयक सेमिनार काठमाडौंमा आयोजना गरेको थियो । उक्त सेमिनारमा एसिया क्षेत्रका २४ सर्वोच्च लेखापरीक्षण संस्थाका २७ जनाको सहभागिता रहेको थियो । कार्यालयका एक निर्देशकले उक्त सेमिनारमा विषय विज्ञको रुपमा योगदान गर्नु भएको थियो ।

२०.७ महालेखापरीक्षकको कार्यालय र अन्तर्राष्ट्रिय बजेट साझेदारी संस्थाको संयुक्त आयोजनामा २०१९ डिसेम्बरमा लेखापरीक्षण जवाफदेहितासम्बन्धी कार्यशाला गोष्ठी नेपालमा आयोजना गरिएको थियो । उक्त कार्यशालामा ७ सर्वोच्च लेखापरीक्षण संस्था र १३ नागरिक संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सो अवसरमा सहभागीहरुले विभिन्न देशमा लेखापरीक्षणबाट देखिएका व्यहोराहरु सुधार गर्न गरिएका प्रयासहरु बारेमा भएका असल अभ्यासहरु प्रस्तुत गरेका थिए ।

२०.८ दक्षिण एसियाली सहयोग संगठन (सार्क) को काठमाडौंस्थित सचिवालय र बंगलादेश, श्रीलंका र पाकिस्तानमा रहेका केन्द्रहरुको लेखापरीक्षण गर्ने संयुक्त टोलीमा यस कार्यालयका २ जना कर्मचारीलाई सहभागी गराइएको थियो ।

२०.९ इण्टोसाईको लेखापरीक्षण मानक विकास तथा परिमार्जनसम्बन्धी कार्य गर्ने फोरम फर इण्टोसाई प्रोफेसनल प्रोनाउन्समेन्ट नामक संस्थामा यस कार्यालयको प्रतिनिधित्व रहेको छ । त्यसै गरी एसोसाईको अनुसन्धान परियोजनामा समेत यस कार्यालयको सहभागिता रहेको छ ।

२०.१० आई.डी.आई., एसोसाई तथा यसको वातावरणीय कार्यसमूह, चीन, थाइल्याण्ड, फिलिपिन्स, इण्डोनेसियालगायतका मित्रराष्ट्रहरुका सर्वोच्च लेखापरीक्षण संस्थाले आयोजना गरेका विभिन्न तालिम, गोष्ठी, सेमिनार तथा अध्ययन कार्यक्रममा यस कार्यालयका कर्मचारीहरुलाई सहभागी गराइएको छ ।

# लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण

(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय/निकाय/कार्यालयको नाम | कार्यालय संख्या | बेरुजु भएका कार्यालय संख्या | बेरुजु रकम |
|---|---|---|---|---|
| **१** | **राष्ट्रपतिको कार्यालय** | **१** | **१** | **०** |
| .१ | राष्ट्रपतिको कार्यालय | १ | १ | ० |
| **२** | **उपराष्ट्रपतिको कार्यालय** | **१** | **१** | **०** |
| .१ | उपराष्ट्रपतिको कार्यालय | १ | १ | ० |
| **३** | **संघिय संसद** | **१** | **१** | **१५५५** |
| .१ | संघीय संसद सचिवालय | १ | १ | १५५५ |
| **४** | **सर्वोच्च अदालत** | **१०६** | **६९** | **१६५३७९** |
| .१ | सर्वोच्च अदालत | १ | १ | ७६४९ |
| .२ | उच्च अदालत | १८ | १२ | ४५१० |
| .३ | जिल्ला अदालत | ७७ | ५० | १५३१९३ |
| .४ | राजस्व न्यायधिकरण | ४ | २ | ११ |
| .५ | प्रशासकीय अदालत | १ | ० | ० |
| .६ | श्रम अदालत | १ | १ | ० |
| .७ | विशेष अदालत | १ | १ | ० |
| .८ | राष्ट्रिय न्यायिक प्रशिक्षण प्रतिष्ठान | १ | ० | ० |
| .९ | फैसला कार्यान्वयन निर्देशनालय | १ | १ | ० |
| .१० | मेलमिलाप परिषद् | १ | १ | १६ |
| **५** | **अख्तियार दुरुपयोग अनुसन्धान आयोग** | **९** | **६** | **२५७२९** |
| .१ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १ | १ | ० |
| .२ | क्षेत्रीय कार्यालयहरु | ८ | ५ | २५७२९ |
| **६** | **महालेखा परीक्षकको कार्यालय** | **१** | **१** | **०** |
| .१ | महालेखा परीक्षकको कार्यालय | १ | १ | ० |
| **७** | **लोक सेवा आयोग** | **१६** | **५** | **२७४** |
| .१ | केन्द्रीय कार्यालय | १ | १ | ० |
| .२ | क्षेत्रीय कार्यालय | ५ | १ | ० |
| .३ | अञ्चल कार्यालय | ९ | ३ | २७४ |
| .४ | उपत्यका दरखास्त संकलन केन्द्र | १ | ० | ० |
| **८** | **निर्वाचन आयोग** | **७८** | **२६** | **४७५१** |
| .१ | निर्वाचन आयोग | १ | १ | ० |
| .२ | जिल्ला निर्वाचन कार्यालयहरु | ७७ | २५ | ४७५१ |
| | **महान्यायाधिवक्ताको कार्यालय** | **९७** | **३६** | **४६१९८** |
| .१ | महान्यायाधिवक्ताको कार्यालय | १ | १ | ४८ |
| .२ | उच्च सरकारी वकील कार्यालय | १८ | ४ | १०९०० |
| .३ | जिल्ला सरकारी वकील कार्यालय | ७७ | ३० | ३५२५० |
| | विशेष सरकारी वकील कार्यालय | १ | १ | ० |

| | | | | |
|---|---|---|---|---|
| .४ | | | | |
| **१०** | **न्यायपरिषद्** | **१** | **१** | **३** |
| ०.१ | न्यायपरिषद् | १ | १ | ३ |
| **११** | **प्रदेश प्रमुखको कार्यालय** | **७** | **४** | **७१८** |
| १.१ | प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं. १ | १ | १ | ० |
| १.२ | प्रदेश प्रमुखको कार्यालय,, प्रदेश नं. २ | १ | १ | ३६६ |
| १.३ | प्रदेश प्रमुखको कार्यालय, वागमती प्रदेश | १ | ० | ० |
| १.४ | प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश | १ | ० | ० |
| १.५ | प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं. ५ | १ | ० | ० |
| १.६ | प्रदेश प्रमुखको कार्यालय, कर्णाली प्रदेश | १ | १ | ३५२ |
| १.७ | प्रदेश प्रमुखको कार्यालय, सुदुर पश्चिम प्रदेश | १ | १ | ० |
| **१२** | **राष्ट्रिय मानव अधिकार आयोग** | **१०** | **२** | **०** |
| २.१ | **केन्द्रीय कार्यालय** | १ | १ | ० |
| २.२ | क्षेत्रीय कार्यालय | ४ | १ | ० |
| २.३ | उप—क्षेत्रीय कार्यालय | ५ | ० | ० |
| **१३** | **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग** | **१** | **१** | **०** |
| ३.१ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | १ | १ | ० |
| **१४.** | **राष्ट्रिय महिला आयोग** | **१** | **१** | **२८३** |
| ४.१ | राष्ट्रिय महिला आयोग | १ | १ | २८३ |
| **१५.** | **राष्ट्रिय दलित आयोग** | **१** | **१** | **३** |
| ५.१ | राष्ट्रिय दलित आयोग | १ | १ | ३ |
| **१६.** | **राष्ट्रिय समावेशी आयोग** | **१** | **१** | **०** |
| ६.१ | राष्ट्रिय समावेशी आयोग | १ | १ | ० |
| **१७.** | **आदीवासी जनजाती आयोग** | **१** | **१** | **३१९** |
| ७.१ | आदीवासी जनजाती आयोग | १ | १ | ३१९ |
| **१८.** | **मधेशी आयोग** | **१** | **१** | **०** |
| ८.१ | मधेशी आयोग | १ | १ | ० |
| **१९.** | थारु आयोग | **१** | **१** | **०** |
| ९.१ | थारु आयोग | १ | १ | ० |
| **२०.** | मुस्लिम आयोग | **१** | **१** | **२१** |
| ०.१ | मुस्लिम आयोग | १ | १ | २१ |
| **२१** | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **१७९** | **९७** | **४९०२५८६** |
| १.१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | ० |
| १.२ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १ | १ | ० |
| १.३ | राष्ट्रिय सतर्कता केन्द्र | १ | १ | ३० |
| १.४ | गरिबी निवारण कोष | १ | १ | १०३९३ |
| १.५ | लगानी वोर्डको कार्यालय | १ | १ | ० |
| १.६ | क्षेत्रीय प्रशासन कार्यालयहरु | ५ | ४ | १४७२ |
| १.७ | नीति अनुसन्धान प्रतिष्ठान | १ | ० | ० |
| १.८ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अन्तर्गतका कार्यालयहरु | ७५ | ७४ | ४८७८६८६ |
| १.९ | राजस्व अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयहरु | ६ | ४ | ११३५ |

| | | | | |
|---|---|---|---|---|
| १.१० | सम्पत्ती शुद्धिकरण विभाग | १ | १ | ० |
| १.११ | राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयहरु | ८६ | ९ | १०८७० |
| **२२** | **अर्थ मन्त्रालय** | **१८७** | **१०४** | **१९०६६७९३** |
| २.१ | मन्त्रालय | १ | १ | १२२३७६५ |
| २.२ | महालेखा नियन्त्रक कार्यालय | १ | १ | ६६२ |
| २.३ | विभागहरु | २ | २ | २४९०९१ |
| २.४ | ऋण असुली न्यायाधिकरण | १ | १ | १६२६ |
| २.५ | ऋण असुली र  पुनरावेदन न्यायाधिकरण | १ | ० | ० |
| २.६ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | १ | ० | ० |
| २.७ | निवृत्तीभरण व्यवस्थापन कार्यालय | १ | १ | ३७२ |
| २.८ | कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय | १ | १ | ० |
| २.९ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | १ | १ | ९३८६ |
| २.१० | कोष तथा लेखा नियन्त्रक कार्यालय र भुक्तानी केन्द्रहरु | ८१ | २० | २३५७२ |
| २.११ | आन्तरिक राजस्व कार्यालय तथा कर दाता सेवा कार्यालयहरु | ५९ | ५० | १५३५४२३६ |
| २.१२ | भन्सार कार्यालय | ३६ | २५ | २२०४०८३ |
| २.१३ | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वको सचिवालय | १ | १ | ० |
| **२३** | **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय** | **३६** | **१२** | **२१८०२८** |
| ३.१ | मन्त्रालय | १ | १ | ७५२९२ |
| ३.२ | विभाग | ४ | ४ | ७२५७२ |
| ३.३ | गुणस्तर कार्यालयहरु | ११ | १ | ३७५५ |
| ३.४ | पेट्रोलियम अन्वेषण परियोजना | १ | ० | ० |
| ३.५ | राष्ट्रिय लघु घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | १ | ० | ० |
| ३.६ | भुकम्प मापन केन्द्र सुर्खेत | १ | ० | ० |
| ३.७ | घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र | १ | ० | ० |
| ३.८ | कम्पनी रजिष्टरको कार्यालय | ३ | १ | २३७५९ |
| ३.९ | केन्द्रीय कारागार कारखाना | १ | ० | ० |
| ३.१० | विशेष आर्थिक क्षेत्र प्राधिकरण | १ | १ | ३५२१२ |
| ३.११ | ट्याक्सी टेम्पो इकाई | १ | ० | ० |
| ३.१२ | ग्रामिण उद्यम तथा विप्रेषण आयोजना | १ | १ | ४९८५ |
| ३.१३ | वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | ५ | १ | ८ |
| ३.१४ | व्यापार तथा निकासी प्रवद्र्यन केन्द्रहरु | ३ | २ | २४४५ |
| ३.१५ | नेपाल भारत क्षेत्रीय व्यापार आयोजना | १ | ० | ० |
| **२४** | **ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय** | **७७** | **५५** | **२१४३४६०** |
| ४.१ | मन्त्रालय | १ | १ | ४२५२ |
| ४.२ | विभागहरु | ३ | ३ | १८४७५९ |
| ४.३ | सिंचाइ व्यवस्थापन डिभिजन | ७ | ६ | ४०४११ |
| ४.४ | यान्त्रिक  व्यवस्थापन डिभिजन कार्यालयहरु | ३ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ४.५ | भूमिगत जलस्रोत विकास समिति र शाखा कार्यालयहरु | १० | १ | ६२ |
| ४.६ | सिचाई विभाग अन्तगतका योजना र कार्यक्रम | ३३ | ३० | १५९१९४५ |
| ४.७ | जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालयहरु | ६ | ६ | १४१०५१ |
| ४.८ | सम्पर्क सह भू—आर्जन कार्यालय | १ | ० | ० |
| ४.९ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १ | १ | ५४३७ |
| ४.१० | जलविद्युत आयोजनाहरु | ३ | ३ | १२६६० |
| ४.११ | विद्युत नियमन आयोग | १ | ० | ० |
| ४.१२ | बैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र | १ | १ | १५८६३३ |
| ४.१३ | जल तथा ऊर्जा आयोगको सचिवालय | १ | १ | ४०७६ |
| ४.१४ | हावापानी तथा वेशिन कार्यालयहरु | ६ | २ | १७४ |
| **२५** | **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय** | **१२** | **७** | **१२०** |
| ५.१ | मन्त्रालय | १ | १ | ० |
| ४.२ | न्याय सेवा तालिम केन्द्र | १ | १ | ० |
| ४.३ | नेपाल कानून आयोग | १ | १ | ० |
| ४.४ | बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | १ | १ | ० |
| ४.५ | सत्य निरुपण तथा मेल मिलाप आयोग र मातहतका कार्यालयहरु | ८ | ३ | १२० |
| **२६** | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** | **२२३** | **१०३** | **१२५०८१७** |
| ६.१ | मन्त्रालय | १ | १ | ३२९१०९ |
| ६.२ | विभाग | ३ | ३ | ४९७७३२ |
| ६.३ | व्यावसायिक कृषि तथा व्यापार आयोजना | १ | १ | २१५० |
| ६.४ | उच्चमूल्य कृषि वस्तु विकास आयोजना | १ | १ | ९२८३ |
| ६.५ | राष्ट्रिय किसान आयोग | १ | १ | ९६१ |
| ६.६ | बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र | १ | १ | ० |
| ६.७ | कृषि सूचना तथा प्रशिक्षण केन्द्र | १ | १ | ६०८ |
| ६.८ | सार्क आर. एस .यु. | १ | १ | ० |
| ६.९ | खाद्य तथा पोषण सुरक्षा आयोजना | २ | २ | १०६६१ |
| ६.१० | किसानका लागि उन्नत विउ वीजन कार्यक्रम | १ | १ | १२०३२० |
| ६.११ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | १ | १ | १२० |
| ६.१२ | साना तथा मझ्यौला कृषक आयस्तर वृद्धि आयोजना | १ | १ | ४१ |
| ६.१३ | क्वारेन्टाइन कार्यालयहरु | २४ | ७ | ७९७ |
| ६.१४ | रानी जमरा कुलरिया सिँचाई आयोजना | १ | १ | ३२०८ |
| ६.१५ | जोन कार्यालयहरु | ८२ | ४० | २६०३५ |
| ६.१६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | १ | १ | ११९८७० |
| ६.१७ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | १ | १ | ५७७५ |
| ६.१८ | केन्द्रहरु | २८ | १४ | ६४३३ |
| ६.१९ | खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयहरु | ३० | ५ | २०३८ |
| | खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरु | १२ | ४ | १९३ |

| | | | | |
|---|---|---|---|---|
| ६.२० | | | | |
| ६.२१ | कृषि विकास फार्महरु | २ | ० | ० |
| ६.२२ | विकेन्द्रीकरण आयोजना सहयोग ईकाईहरु | ४ | ३ | ३१२ |
| ६.२३ | व्यावसायिक कृषि तथा व्यापार आयोजना, आयोजना कार्यान्वयन सहयोग समूहको कार्यालयहरु | ४ | ० | ० |
| ६.२४ | प्रयोगशालाहरु | १४ | ७ | ४९५४२ |
| ६.२५ | पशु प्रजनन् कार्यालय | ३ | ३ | २९६१९ |
| ६.२६ | नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना | १ | १ | ३६०१० |
| ६.२७ | उच्च पहाड कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार आयोजना | १ | १ | ० |
| **२७** | **गृह मन्त्रालय** | **८१९** | **१७४** | **१३४४७९४** |
| ७.१ | मन्त्रालय | १ | १ | ९२५२ |
| ७.२ | प्रहरी प्रधान कार्यालय र अन्तगंतका कार्यालय | ४५३ | ७२ | १०८१०२६ |
| ७.३ | सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गतका कार्यालय | ११० | १६ | ६२००८ |
| ७.४ | जिल्ला प्रशासन कार्यालय | ७७ | ४७ | १३८३२३ |
| ७.५ | कारागार विभाग र अन्तर्गत कार्यालय | ७७ | २३ | २३४०७ |
| ७.६ | अध्यागमन विभाग र अन्तर्गत कार्यालय | १४ | ५ | १९६०५ |
| ७.७ | राष्ट्रिय पञ्जिकरण विभाग | १ | १ | ९६८ |
| ७.८ | इलाका प्रशासन कार्यालय | ७२ | ७ | १००८९ |
| ७.९ | सीमा प्रशासन कार्यालय | ७ | ० | ० |
| ७.१० | जुद्ध बारुण यन्त्र | १ | १ | ८२ |
| ७.११ | लागू औषध नियन्त्रण कायंक्रम | १ | ० | ० |
| ७.१२ | प्रहरी किताबखाना | १ | ० | ० |
| ७.१३ | समरजंग कम्पनी | १ | ० | ० |
| ७.१४ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र | १ | १ | ३४ |
| ७.१५ | एकिकृत सेवा केन्द्र | २ | ० | ० |
| **२८** | **परराष्ट्र मन्त्रालय** | **४३** | **४३** | **९९००२** |
| ८.१ | मन्त्रालय तथा सम्पर्क कार्यालय | २ | २ | २२२१४ |
| ८.२ | विभाग | २ | २ | २४१० |
| ८.३ | स्थायी नियोग र नेपाली राजदूतावासहरु | ३८ | ३८ | ७४२७७ |
| ८.४ | सीमा नापी टोली | १ | १ | १०१ |
| **२९** | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | **१७** | **७** | **४३८४४४** |
| ९.१ | मन्त्रालय | १ | १ | २९४१ |
| ९.२ | विभाग | २ | २ | ४२६९७५ |
| ९.३ | राष्ट्रिय अभिलेखालय | १ | ० | ० |
| ९.४ | संग्रहालयहरु | ६ | १ | २१८ |
| ९.५ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय | ३ | ० | ० |
| ९.६ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | १ | १ | १७५३ |
| ९.७ | भाषा आयोग | १ | १ | ६५१० |

| | | | | |
|---|---|---|---|---|
| ९.८ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | १ | ० | ० |
| ९.९ | नेपाल प्रतिलिपि अधिकार रजिष्टरको कार्यालय | १ | १ | ४७ |
| **३०** | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय** | **२७०** | **१४९** | **२६३९८२८** |
| ०.१ | मन्त्रालय | १ | १ | २६४६३ |
| ०.२ | विभाग | ३ | ३ | ३७८६४ |
| ०.३ | भूमि सुधार तथा मालपोत कार्यालय | २१ | २१ | १०८५२०० |
| ०.४ | मालपोत कार्यालय | १०७ | ८० | १४८२८८१ |
| ०.५ | नापी कार्यालय | १२९ | ३९ | ६६५१ |
| ०.६ | विशेष नापी कार्यालय | ५ | २ | ० |
| ०.७ | डिजिटल नापी कार्यालय | १ | ० | ० |
| ०.८ | प्रशिक्षण केन्द्र | २ | २ | ७६९ |
| ०.९ | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय | १ | १ | ० |
| **३१** | **भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय** | **१२१** | **१०४** | **१४६९७२०४** |
| १.१ | मन्त्रालय | १ | १ | ९६ |
| १.२ | विभाग | ३ | ३ | ३६१५७४ |
| १.३ | संघीय सडक अनुगमन तथा सुपरिवेक्षण कार्यालय | ४ | १ | १६६१५ |
| १.४ | डिभिजन सडक कार्यालयहरु | ३३ | ३२ | २२४७०५५ |
| १.५ | हेभी इक्विपमेन्ट डिभिजन र यान्त्रिक कायालयहरु | १४ | ६ | ४१ |
| १.६ | गुणस्तर अनुसन्धान तथा विकास केन्द्र | १ | १ | ८६८६ |
| १.७ | सवारी परीक्षण कार्यालय | १ | १ | १०२५ |
| १.८ | सडक आयोजनाहरु | ६३ | ५८ | १२०६२०६९ |
| १.९ | नेपाल पानी जहाज कार्यालय | १ | १ | ४३ |
| **३२** | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** | **५** | **५** | **१७२४४** |
| २.१ | मन्त्रालय | १ | १ | १५०१० |
| २.२ | महिला विभाग | १ | १ | ९६ |
| २.३ | पशुपति बृद्धा आश्रम | १ | १ | १३११ |
| २.४ | केन्द्रीय बाल कल्याण समिति | १ | १ | ३२७ |
| २.५ | बाल न्याय समन्वय समिति सचिवालय | १ | १ | ५०० |
| **३३** | युवा तथा खेलकुद मन्त्रालय | २ | २ | **५४५८९** |
| ३.१ | मन्त्रालय | १ | १ | ३०१९६ |
| ३.२ | राष्ट्रिय युवा परिषद् | १ | १ | २४३९३ |
| **३४** | **रक्षा मन्त्रालय** | **३०८** | **३६** | **९१०३०४३** |
| ४.१ | मन्त्रालय | १ | १ | ० |
| ४.२ | सुरक्षा परिषद् | १ | ० | ० |
| ४.३ | विभाग | ३ | २ | ८८३११३९ |
| ४.४ | महानिर्देशनालय | ५ | ३ | ६४६२२ |
| ४.५ | निर्देशनालय | १२ | ७ | ० |
| | पृतना | ८ | ३ | ४४०९८ |

| | | | | |
|---|---|---|---|---|
| ४.६ | | | | |
| ४.७ | महाशाखा | ४ | ० | ० |
| ४.८ | बाहिनी | २५ | २ | ० |
| ४.९ | गण | ११४ | ७ | १८३८ |
| ४.१० | गुल्म | ६२ | २ | ० |
| ४.११ | स्थपति कारखाना र व्याट्रीहरु | ९ | ० | ० |
| ४.१२ | शिक्षालय तथा तालिम केन्द्रहरु | २९ | ३ | ० |
| ४.१३ | अन्य कार्यालय | ३२ | ५ | १५९४८४ |
| ४.१४ | अस्पतालहरु | ३ | १ | १८६२ |
| **३५** | **वन तथा वातावरण मन्त्रालय** | **५९** | **३२** | **२५०६७३** |
| ५.१ | मन्त्रालय | १ | १ | १०४४४६ |
| ५.२ | विभाग | ४ | ४ | ७१२९७ |
| ५.३ | केन्द्रीयस्तरका आयोजना | ३ | ३ | १०३९३ |
| ५.४ | आयोजना कार्यालयहरु | ७ | १ | १४१ |
| ५.५ | तालिम केन्दहरु | २ | २ | ३६६ |
| ५.६ | वनस्पति विभाग अन्तर्गतका जिल्ला कार्यालयहरु | ७ | ० | ० |
| ५.७ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्यालयहरु | २२ | १७ | ६३०५२ |
| ५.८ | वन तथा भूसंरक्षण विभाग अन्र्तगतका कार्यालयहरु | ८ | २ | ३७८ |
| ५.९ | भू तथा जलाधार संरक्षण कार्यालयहरु | ५ | २ | ६०० |
| **३६** | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | **९३** | **७८** | **२९५३०७३** |
| ६.१ | मन्त्रालय | १ | १ | २४९३८८८ |
| ६.२ | शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र | १ | १ | २७९३९२ |
| ६.३ | शिक्षा विकास निर्देशनालय | १ | ० | ० |
| ६.४ | शिक्षा विकास तथा समन्वय इकाइं | ७७ | ६७ | १०६१७१ |
| ६.५ | पाठ्यक्रम विकास केन्द्र | १ | १ | १८७५ |
| ६.६ | शिक्षा सेवा आयोग | १ | १ | ७७२९ |
| ६.७ | विद्यालय शिक्षक किताबखाना | १ | १ | ५९ |
| ६.८ | केशर पुस्तकालय | १ | १ | १२२० |
| ६.९ | राष्ट्रिय पुस्तकालय | १ | १ | ० |
| ६.१० | शिक्षाको लागि खाद्य कायंक्रम परियोजर्ना | १ | १ | २४३ |
| ६.११ | शैक्षिक तालिम केन्द्रहरु | ४ | ० | ० |
| ६.१२ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १ | १ | २३५ |
| ६.१३ | व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना | १ | १ | ६२११२ |
| ६.१४ | चिकित्सा शिक्षा आयोग | १ | १ | १४९ |
| **३७** | **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** | **२५** | **७** | **३८७९६** |
| ७.१ | मन्त्रालय | १ | १ | २६६९ |
| ७.२ | विभागहरु | २ | १ | १०४६ |

| | | | | |
|---|---|---|---|---|
| ७.३ | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र | ३ | १ | २१७७ |
| ७.४ | श्रम कार्यालयहरु | ११ | ० | ० |
| ७.५ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी आयोजना | १ | १ | ४६२ |
| ७.६ | वैदेशिक रोजगार न्यायाधीकरण | १ | १ | २२५ |
| ७.७ | वैदेशिक रोजगार प्रवर्धन बोडं | १ | १ | २०९८७ |
| ७.८ | बैदेशिक रोजगार शाखा कार्यालयहरु | ५ | १ | ११२३० |
| **३८** | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** | **९३** | **५१** | **१३८१७९३** |
| ८.१ | मन्त्रालय | १ | १ | १२९५९१७ |
| ८.२ | विभाग | ४ | ४ | ९३९१ |
| ८.३ | हुलाक निर्देशनालय | ४ | ३ | ८५ |
| ८.४ | गोश्वारा हुलाक कार्यालय | १ | १ | ४७२४ |
| ८.५ | जिल्ला हुलाक कार्यालय | ७० | ३३ | ८३०४ |
| ८.६ | सञ्चार केन्द्र | ५ | २ | १६७३ |
| ८.७ | नेपाल फिलाटेलिक हुलाक टिकट व्यवस्थापन कार्यालय | १ | १ | ८४ |
| ८.८ | केन्द्रीय धनादेश कार्यालय | १ | १ | ० |
| ८.९ | हुलाक प्रशिक्षण केन्द्र | १ | १ | ० |
| ८.१० | सुरक्षण मुद्रण केन्द्र | १ | १ | ४१९७० |
| ८.११ | राष्टि्य सूचना आयोग | १ | १ | ० |
| ८.१२ | न्यूनतम पारिश्रमिक निधांरण समिति | १ | ० | ० |
| ८.१३ | प्रमाणिकरण नियन्त्रकको कार्यालय | १ | १ | ० |
| ८.१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १ | १ | १९६४५ |
| **३९** | **सहरी विकास मन्त्रालय** | **३७** | **३३** | **३३४४२६८** |
| ९.१ | मन्त्रालय | १ | १ | १६८ |
| ९.२ | शहरी विकास तथा भवन निमांण विभाग | १ | १ | ४३१५४२ |
| ९.३ | संघिय सचिवालय निमांण तथा व्यवस्थापन कार्यालय | १ | १ | ४३७३ |
| ९.४ | मझ्यौला एकिक.त शहरी बातावरणीय सुधार आयोजना | १ | १ | २०४७०० |
| ९.५ | क्षेत्रिय शहरी विकास आयोजना | १ | ० | ० |
